# परिच्छेद : एक
# परिचय

## १.१ अनुसन्धान परिचय

"नेपालमा राजनीतिक सङ्कट (वि.सं. २०४६-२०५९): प्रजातन्त्रमाथिको चुनौती" विषयमा शोध अनुसन्धानको आवश्यकता २०५९ असोज १८ गतेको घटनाले ल्याएको हो । नेपालको छ दशक लामो राजनीतिक इतिहास केलाउँदा प्रजातन्त्रको प्राप्ति त पटक पटक भएको छ तर, यसले कहिल्यै सोझो बाटो हिँड्न पाएको छैन । सदैव यसमाथि प्रहार मात्र भएको छ । प्रजातन्त्रले स्थायित्व लिन नै सकेको छैन । २०१७ सालमा प्रजातन्त्रको विरुद्धमा षडयन्त्र भए जस्तै २०५९ असोज १८ ले पनि के देखाएको छ भने प्रजातन्त्रको 'तेस्रो लहर'[१] ले ल्याएको उपलब्धिको वेवास्ता गर्दै फेरि यो कतै प्रजातन्त्रको 'विपरीत लहर' मा उभिन पुगेको त होइन ? यदि यस्तै हो भने २०६२/०६३ को विराट जनआन्दोलनपछि प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रले सहज सङ्क्रमण पार गर्न नसक्ने त होइन ? नेपाली राजनीति, खास गरेर प्रजातान्त्रिक राज्यव्यवस्थाका वारेमा चिन्तन गर्नेहरूका लागि यी र यस्ता प्रश्नहरू वारम्वार आउने गर्दछन् ।

२०४६ सालमा सम्पन्न आन्दोलन र प्रजातन्त्रको पुनस्थापनासँगै प्राप्त भएका उपलब्धिहरूले संस्थागत निरन्तरता पाउन त सकेनन् नै, कतै २०६२/०६३ को जनआन्दोलनका उपलब्धिहरूलाई पनि संस्थागत सुदृढीकरण गर्न कठिन हुने त होइन ? किनकि देशको स्थायित्व पर्दापछाडि देख्ने सोचाइ आज पनि परम्परागत नेपाली समाजमा रहेको छ । लामो समयदेखि नेपाली जनतामा जव जव देशमा सङ्कट आइपर्दछ त्यस अवस्थामा राजाको मुख ताक्ने बानी परेको थियो । संसदको सर्वोच्चता, मानव अधिकार, विधिको शासन जस्ता विषयमा प्रजातन्त्र पुनः प्राप्तिपछि जति नै जोड दिइए तापनि निरंकुश शासनमा बस्ने वानी बसेकाहरूलाई खुल्ला शासन व्यवस्था कतिपय स्थानमा पच्न सकेको पनि छैन । वितेका १२/१५ वर्षमा जनआन्दोलनले ल्याएका उपलब्धिहरूमा फेरि ०१७ सालको झैं झट्का लागिरहेको छ । नागरिक

---

१ अमेरिकी राजनीतिशास्त्री सेमुएल हन्टिङ्गटनका अनुसार प्रजातन्त्रको पहिलो लहर सन् १८२० को दशकमा अमेरिका, बेलायत जस्ता देशहरूमा जनताको प्रतिनिधित्व र मताधिकार विस्तारसँगै आएको थियो । त्यो १९२६ सम्म चल्यो । दोस्रो लहर दोस्रो विश्वयुद्धको समाप्तिपछि सुरु भयो र १९६२ सम्म रह्यो । तेस्रो लहर सन् १९७० को दशकको मध्यतिर स्पेन, ग्रीस पोर्चुगाल हुँदै पूर्वी एशियाका देशहरूमा प्रजातन्त्रको बहालीसँगै सुरु भयो । यी प्रत्येक लहरसँगै, 'विपरीत लहर' को पनि उनले उल्लेख गरेका छन् । यसले पूर्वी युरोप, एशिया, अफ्रिकालगायत विश्वव्यापी रुपमा प्रभाव पारेको छ । सेमुएल हन्टिङ्गटन, ***द थर्ड वेभ डेमोक्राटाइजेसन् इन द लेट ट्रवान्टी सेन्चुरी*** (नोरम्यानः (युएसए), द युनिभर्सिटी अफ ओक्लाहोमा प्रेस, १९९१) । (न्यू दिल्ली : आदर्श वुक्स सन् २०१०) ।

जीवनमा सेनाको हस्तक्षेप बढ्दै गएको छ । ०५९ असोज १८ पछि सेनाको वरिपरि राजनीति केन्द्रित रहँदा संविधानले देशभित्रको द्वन्द्वलाई निकास दिन सकेन ।

यसले गर्दा प्रजातन्त्रका अनुयायीहरूमा विधिको शासनको सट्टा व्यक्तिको शासन आउने त हैन भनी प्रजातन्त्रको अनिश्चिततामा फेरि एक पटक प्रश्न चिन्ह लागेको छ ? यहाँ विचारणीय पक्ष के छ भने ०४६ सालको आन्दोलनपछि राजनीतिक दलहरूको तथा राजाको सहमति र सहभागितामा बनेको र 'उत्कृष्ट संविधान' समेत भनिएको २०४७ सालको संविधानले किन काम गर्न सकेन ? संविधानले आपद र विपदमा जनताको मद्दत गर्दैन, संविधानमा राजाले आफ्नो स्थान खोज्दा देशभित्र ठूलो अस्थिरताको उदय हुन्छ, संविधान मान्दा मान्दै पनि जनता देशभित्रै आन्तरिक शरणार्थी बन्नु पर्ने अवस्था हुन्छ, संविधानमा गरिएको शासन व्यवस्थाभन्दा वाहिर गएर अध्यादेशहरूबाट शासन गर्नु पर्ने अवस्था आउँछ, संविधानले आफ्नै देशभित्रका विविध जाति, भाषा, समुदाय, लिंग र वर्गका आकांक्षालाई सम्बोधन गर्न सक्तैन र उनीहरूलाई राष्ट्रिय राजनीतिमा सहभागी गराउन सक्दैन भने अस्थिरता कतै प्रजातान्त्रिक मानिएको त्यही संविधानमा नै त छैन भन्ने प्रश्न समेत उठ्न सक्छ ।

यसरी प्रजातन्त्रको पुनः प्राप्तिपछि पनि तिनको समस्यालाई राष्ट्रको मूल कानूनले सम्वोधन गर्न नसकेकै कारण नेपाली समाज हरक्षेत्रमा आन्दोलित र अस्थिर वन्दै गएको पाइन्छ । राज्यले नियम कानूनमा समानता उल्लेख गर्दैमा त्यो केवल कागजी मात्र हुँदो रहेछ । त्यसैले आज कतिपय जनजातिहरूले सरकारमा सहभागी हुन नपाएकै कारण राज्य पुनःसंरचनाको वहस छेडिरहेका छन् । कृष्ण खनालका अनुसार-

> 'एकीकरणदेखि नै नेपालमा राजाको प्रत्यक्ष हुकुममा आधारित भएर केन्द्रिकृत भारदारी शासन रहिआयो । नातागोता, पहुँच, चाकरी र भारदारी परम्पराका भरमा केही उच्च जातका घरानिया बाहुन, क्षेत्री, ठकुरी र नेवारहरूको वर्चस्व एवं एकाध जनजातिको पहुँच भएको राज्य सत्ताको संरचना निर्माण भयो ।[२]

चार जात छत्तीस वर्ण भएको वहुजातीय राष्ट्रमा सबैलाई समेट्ने राज्य संरचना अढाइ सय वर्ष जति अघिदेखि नै हुन सकेन । केही सीमित वर्ग र जातिले मात्र यस देशको शासन र स्रोतमा हाली मुहाली गरेको पाइन्छ । नागरिक नागरिकबीच भेदभावको अन्त्य प्रजातन्त्र पुनः प्राप्तिपछि पनि हुन सकेको छैन ।

अहिले नेपाल पनि सांघुरिंदै गएको विश्वग्रामको एक सदस्य वनेको छ । असंलग्न अभियानदेखि विश्व व्यापार संगठनसम्मको सदस्य भएकै कारण विश्वमामिलाबाट यो देश अहिले

[२] कृष्ण खनाल, ***राज्यको पुनर्संरचना–एक प्रस्ताव,*** (ललितपुर : नेपाल समसामयिक अध्ययन केन्द्र, २०६१), पृ. ६ ।

अलग्गिएर एक्लै बस्न सक्ने अवस्थामा छैन । संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रमध्येको एक नेपाललाई पनि प्रजातन्त्रको तेस्रो लहरले ठूलै प्रभाव छोडेको छ । कतिपय प्रजातन्त्रको तेस्रो लहरमा उभिएका कमजोर आर्थिक अवस्थाका देशहरूको स्थिति प्रजातन्त्र गुम्ने अवस्थामा पुगेको देखिन्छ । २०४६ पछि नेपालको प्रजातन्त्रले २०१७ सालको झैं 'कू' देख्न नपरे पनि २०४६ देखि २०५८ सम्म बाह्र बर्षमा बाह्र पटक २००७ सालपछिकै जस्तो सरकार गठन र विघटन दोहोरिन थाल्यो । माओवादी सशस्त्र विद्रोहका कारण राज्यका सबै संयन्त्रहरू कमजोर बन्दै गए त्यसले राजालाई सक्रिय बनाउन मद्दत पुऱ्यायो । राजा पनि यो वा त्यो निहुंमा संविधानभित्र आफ्नो सक्रिय भूमिका खोजिरहेका थिए ।

प्रजातन्त्रमा सङ्कट माओवादी सशस्त्र विद्रोहका कारण २०५२ सालबाटै आएको थियो कि राजा शासनमा प्रत्यक्ष सहभागी हुन थालेका कारण ०५९ असोज १८ बाट आएको हो ? यो पनि एक मूल प्रश्न भएको छ । प्रजातन्त्र प्राप्तिको लगत्तै देशमा एक पछि अर्को सङ्कट देखिएर कतै प्रजातन्त्र नै सङ्कटको पोको हो कि भनेर प्रजातन्त्रप्रति नै नकारात्मक सोचाई नेपालको राजनीतिक वृत्तमा पनि  देखिन थाल्यो ।

प्रजातन्त्र आफैंले कहिल्यै पनि सङ्कट ल्याउन सक्तैन । बरु यसको सही व्यवस्थापन नहुनाले नै चुनौतीहरू आइरहेका हुन्छन । वितेका बाह्र–तेऱ्ह वर्ष वास्तवमा नेपालका लागि प्रजातन्त्र प्राप्त गर्न सकेर पनि एक किसिमको राजनीतिक रूपमा उपलब्धिहीन दशक हुन पुगेको छ । त्यसैले नेपालको राजनीतिक घटनाक्रमलाई प्रजातन्त्रको प्राप्तिसंग सीमित विश्लेषण गरेर मात्र समस्या समाधान गर्न सकिंदैन ।

त्यसरी समाधान हुने भए २००७ सालदेखि नै प्रजातान्त्रिक सरकारको वर्चस्व कायम हुनुपर्ने तर किन हुन सकेन ? किन नेपालमा प्रजातन्त्र प्राप्तिपछि पनि छ महिना वर्ष दिन टिक्न नपाउंदै निर्वाचित दल एक पछि अर्को गर्दै सरकारबाट अलग्गिनु पर्ने अवस्था आउँछ ? विगत पांच दशकको अनुभवमा २०१५ सालको पहिलो आम निर्वाचन र २०४७ को संविधान पछि ०५९ असोज १८ अगाडिसम्म भएका तीन ठूला आम निर्वाचनबाहेक अन्य सबै अवस्थाले नेपालको राजनीतिमा सदैव राजा सक्रिय देखिइरहे । राजालाई सक्रिय बन्न संसद विरोधी खेमाबाट दवाव पर्दछ । उनको नियन्त्रणमा सेना भएकाले संविधान र संसदलाई उनले वारम्वार वेवास्ता गर्दै अगाडि बढिरहेको पाइन्छ ।

छोटो अवधिमै नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले देशभित्रै समानान्तर सेना र संयन्त्रसहित सशस्त्र विद्रोहको विस्तार गर्न सक्यो । यस्तो अवस्थामा मतपत्रको मान्यता धेरै टाढा हुन पुग्यो । निर्वाचित संस्थाहरूलाई बाह्र–तेह्र वर्षपछि नै फेरी उही परम्परागत शक्तिले विघटनको स्थितिमा पुऱ्याएर प्रजातन्त्रलाई फेरि जनताका प्रतिनिधिहरूले चलाउन सक्षम छैनन

भन्ने देखाउने प्रयास भयो । प्रजातन्त्र प्राप्तिपछि देशमा स्थायित्वको सट्टा राजनीतिक ध्रुवीकरण पनि बढ्दै गयो । संसदवादीहरू र माओवादीका बीच आपसी सहयोग र नयाँ एजेण्डा निर्माणको अवस्थामा पुगे । राजावादीहरूको सक्रिय राजतन्त्रको समर्थनमा हुने वहस निरर्थक हुने अवस्था भयो । यस अघि कहिल्यै नदेखिएको द्वन्द्वमा नेपाली समाज फस्दै गएको छ ।

जव जव नेपालमा प्रजातन्त्रले संस्थागत विकासको रूप लिन खोज्दछ त्यहीँबाट यसको विरुद्धमा आन्तरिक र वाह्य क्षेत्रहरूबाट चर्का आवाजहरू पनि उठ्ने गर्दछन । स्वयं राजा र उनको राजपरिषद्समेत दलका विरुद्धमा खनिएको हुन्छ । परिणाम, दलहरूलाई हरेक प्रजातान्त्रिक अभ्यासमा विग्रही भएको देखाइन्छ । संसद र संविधान गतिरोधको अवस्थामा राखिन्छ । संविधान कार्यान्वयनमा आउन सक्दैन्, न त संसदलाई नै चल्न दिइन्छ ।

प्रजातान्त्रिक संरचनाहरूलाई भताभुङ्ग बनाउन परम्परागत रूपमा अढाईसय वर्ष शासन गर्ने सेना भएको राजतन्त्र हो वा हिंसात्मक आन्दोलनमा उभिएको माओवादी सशस्त्र विद्रोह छुट्टै अध्ययनको विषय हुन सक्छ । तर अझै यसको विस्तृत अध्ययन र अनुसन्धान भैसकेको छैन । सङ्कट जहिले पनि उस्तै छ । यसको न प्रकृति फेरिएको छ, न प्रवृत्ति नै ।

यसतर्फ देखा परेको सङ्कटबारे राम्रोसँग अनुसन्धान र विश्लेषण भएको छैन । राजावादी, संसदवादी र माओवादीमध्ये संसदवादीलाई छोडेर बाँकी दुईको अस्तित्व यही संविधानभित्र कसरी समायोजन गर्ने भन्ने कुराको टुंगो नलाग्दै २०६२-०६३ को विराट जनआन्दोलन भयो । राजसंस्था समाप्त भयो । नेपालमा गत ६ दशकको राजनीतिलाई हेर्ने हो भने नेपाली जनता पटक पटक आन्दोलन गर्न र चालु व्यवस्था फ्याक्न सफल भएका छन् । तर आन्दोलनपछि प्रजातन्त्रको व्यवस्थापन भने वारम्बार सङ्कटग्रस्त रह्यो र अन्ततः अर्को आन्दोलनमा पुग्ने अवस्थामा किन आउँछ ? एउटा गम्भीर विश्लेषणको विषय भएको छ । प्रजातन्त्रलाई आफ्नो देशमा संस्थागत गर्न खोज्ने नेताहरू प्रायः सत्ताबाट छोटो अवधिमा नै अलग्गिन वाध्य भएका छन् । उदारीकरणको असफलतालाई लिएर अमेरिकी राजनीतिशास्त्री हन्टिङ्गटनको भनाइ नेपालका सन्दर्भमा पनि सान्दर्भिक पाइन्छ । उनी लेख्छन् :

> तेस्रो लहरको एक गम्भीर समस्या उदार सुधारकहरूको भूमिका र उदारीकरण भएको अधिनायकवादी राजनीतिक पद्धतिको स्थायित्वसित सम्बन्धित थियो । परिवर्तन विरोधी नेताहरूको ठाउँ लिने उदारवादी सुधारकहरू प्रायः सत्तामा छोटो अवधिसम्म बस्ने परिवर्तनका व्यक्तित्वहरू बन्न पुगे ।[३]

---

[३] (सेमुएल हन्टिङ्गटन), ***पूर्ववत् टिप्पणी*** नं. १, पृ. १३१ ।

वास्तवमा प्रजातन्त्रको स्थायित्वका लागि आर्थिक विकास र राजनीतिक नेतृत्व पूर्ण रूपमा सक्षम भइदिएको भए नेपालमा अस्थिरता र सङ्कट यसरी बढ्न सक्ने थिएन ।

अहिलेको विश्वमा गरिब राष्ट्रहरू नै बढी द्वन्द्वको मारमा पर्दै गएका छन् । नेपालले प्रजातन्त्र पुनः प्राप्ति पछि पनि गरिबीको स्थिति सुल्झाउनमा भन्दा आफ्नो सीमित साधन र स्रोत सैन्य क्षेत्रमा लगाउनु पर्‍यो । हातहतियारको खरिद बिक्रिमा देशको स्रोतहरू दुरूपयोग हुन जानाले यस अवधिमा गरिबी घट्न सकेन तर, मुलुकका लागि ०४६ सालपछिको प्रजातान्त्रिक काल कुनै अर्थमा पनि खेर गएको अवधि थिएन । यो जनता अधिकार सम्पन्न र केही मात्रामा भएपनि साधन सम्पन्न भएको अवधि थियो ।

राष्ट्रिय राजनीतिको मूल एजेण्डा सत्ता संघर्ष होइन आर्थिक विकास हुनुपर्दछ । प्रजातन्त्रको अभावमा र जन अधिकार खोसिँदा मूल एजेण्डा प्रजातन्त्र प्राप्ति हुनु स्वभाविकै हो । दुर्भाग्यवस देशमा प्रजातान्त्रिक सरकार रहँदा पनि आर्थिक विकासको मुद्दामा भन्दा राजनीतिक लडाईं र सत्ताको खेलमा धेरै समय र उर्जा खर्च भयो ।[४] यसले के देखाएको छ भने प्रजातन्त्र गरिवहरूका लागि सजिलो पहुंच हुन सकेन । म.ले.प.को वार्षिक प्रतिवेदन २०६५ अनुसार– वैदेशिक ऋृण तर्फ २ खर्व १३ अर्व ७७ करोड १२ लाख ४१ ह्जार, आन्तरिक ऋृण तर्फ १ खर्व ४ अर्व ५ करोड ९६ लाख ३० हजार समेत रु. ३ खर्व १७ अर्व, ८३ करोड ८ लाख ७१ ह्जार मुलुकको ऋृण रहेको छ ।[५]

यसरी मुलुकको ऋृण तीन खर्व नाघिसकेको छ । कूल वजेटको करिव एक चौथाई जति हिस्सा त ऋृण तिर्नमै जाने भएको छ । नेपालीहरूलाई ऋृणबाट मुक्त बनाउन प्रजातान्त्रिक सरकारहरूले के कस्ता काम गरे त ? त्यसैले प्रजातन्त्र गरिवहरूका लागि सजिलो पहुंच वन्न सकेको छैन । तर उनीहरूका लागि प्रजातन्त्र आवश्यक वनेको छ । किनकि आर्थिक आवश्यकता भएको जनताले नै राजनीतिक आवाजको माग गर्न सक्दछन् ।

आर्थिक विकासले प्रजातन्त्रलाई सम्भव वनाउंछ । राजनीतिक नेतृत्वले यसलाई वास्तविक वनाउँछ । प्रजातन्त्र स्थायित्व हुनका लागि अर्थ व्यवस्थामा सुधार हुनु जरुरी छ । नेपालले विगतको लगभग डेढ दशक अवधिमा जनता बलियो बनाउने अर्थव्यवस्था प्राप्त गर्न सकेन । ०५९ असोज १८ देखि राजा सर्वोपरि भूमिकामा सक्रिय बन्दै गए । उनले आफ्नो भूमिकालाई आफैंले यसरी परिभाषित गर्ने प्रयत्न गरे :

---

४ राम शरण महत, ***ईन डिफेन्स अफ डेमोक्रेसी*** (प्रजातन्त्रको प्रतिरक्षाबारे), (न्यू दिल्ली : एड्रोइट पब्लिसर्श, सन् २००५), पृ. ३९८ ।

५ ***म.ले.प. वार्षिक प्रतिवेदन २०६५*** (सार संक्षेप), (काठमाडौं : महालेखा परीक्षकको कार्यालय, २०६५), पृ. २१ ।

राजाले संवैधानिक राजाका रूपमा जनताको हितका लागि सुझाव वा सचेत गराउने वा आफू सूचित भएर मात्र बस्ने हो भन्ने सोच राजनीतिक दलहरूको छ । तर अर्कोतिर वास्तविकता के हो भने नेपालका जनता आफ्ना राजा हेर्न चाहन्छन् । राजाबाट सुन्न चाहन्छन् । अब राजाहरू देखिने तर नसुनिने दिनहरू सकिए । हामी एक्काइसौं शताब्दीमा छौं ।[६]

नेपालको ५ दशक लामो राजनीतिक इतिहास केलाउँदा राजा, आगो, र पानी देखि टाडै बस्नुपर्छ भनेर सिकाइएको छ । माथिकाले जे भन्छन् त्यो शिरोधार्य गर्ने र निरकुंश शासकलाई वल पुऱ्याउने भाग्यवादी संस्कारमा जनतालाई राखिएको छ । जनताको यही 'शान्त संस्कृति'का कारण पटक पटकको परिवर्तनपछि पनि प्रजातन्त्रको संस्थागत विकास हुन सकेन । नेपालको विकासमा भाग्यवादले पारेको प्रभावलाई मानवशास्त्री डोरबहादुर विष्टले यस प्रकार टिप्पणी गरेका छन्–

भाग्यवादमा हुर्किएकाहरू वर्तमानमा खुसी र सफल हुनुमा पूर्व जन्मको फललाई मान्दछन् । भावीले वच्चा जन्मीएको छैंठीमा जे लेख्नेछन् भाग्यमा लेखिएको ती कुराहरूलाई कसैले पनि वदल्न सक्दैन । लेखेको मात्र पाइन्छ देखेको पाईंदैन भनेर व्यक्तिलाई वाह्य शक्तिको विरुद्धमा जान नदिने र व्यक्तिलाई वाह्य सर्वोच्चतालाई स्वीकार्नुपर्छ भन्ने मान्यतामा परम्परागत नेपाली समाज रहेको छ ।[७]

नेपालीहरूको यही शान्त संस्कृतिको फाइदा राज्य संचालकहरूले शताब्दीयौंदेखि लिँदै आएका छन् । सुरुमा समान व्यवहार नगर्नाले राज्यको शासनदेखि साधनसम्म केही निश्चित व्यक्तिका हातमा केन्द्रित भयो । प्रजातन्त्र पुनः प्राप्तिपछिको खुला समाजमा आइपुग्दा तिनले एकै पटक 'प्यान्डोराको वाकस' खोले । त्यसको दुसपरिणामस्वरूप अहिले राज्यले थाम्नै नसक्ने मागहरू आइरहेका छन् । त्यही नै विद्रोहको कारण वन्न पुगेको छ । यसले नेपाली समाजमा एक ठूलो तरंग ल्याइरहेको छ । विद्रोह प्रजातन्त्र पुनः प्राप्तिपछि मात्र आएको होइन । राज्यले यसलाई निकै अगाडिदेखि नै नसुल्टाएको समस्या अहिले बल्झिन पुगेको मात्र हो । नेपालको राजनीतिक घटनाक्रम र विकासलाई सरसर्ती हेर्दा पनि यो कुरा स्पष्ट हुन्छ ।

नेपाल एकीकरणको अभियानमा भन्दा पनि प्रजातन्त्र पुनः प्राप्तिपछिको यो १२/१३ वर्षको अवधिमा बढी मानिस मरेर जाँदा पनि राज्यले यस द्वन्दलाई व्यवस्थापन गर्न सकेन । प्रतिभावान र दृढ नेताहरू पाखापर्ने कारणले गर्दा विभिन्न समयका घटनाहरूले प्रजातन्त्रमाथि घात प्रतिघात र अन्तरघात पटक पटक भइरहेको देखाएका छन् । २००७ सालपछि प्रजातन्त्रको अभ्यासका विभिन्न प्रयास र प्रयोगलाई यहाँ सङ्क्षेपमा उल्लेख गर्नु सान्दर्भिक हुनेछ ।

---

६ ***कान्तिपुर,*** (काठमाडौं : कान्तिपुर पव्लिकेशन्स, २०६० माघ १३) ।

७ डोर बहादुर विष्ट, ***फटालिज्म एण्ड डेभलोपमेण्टः नेपाल्स स्ट्रगल फर मोडर्नाइजेशन,*** (हैदरावाद : ओरीयण्ट लङ्गम्यान, २००१), पृ. ७७ ।

### १.१.१ नेपालको अन्तरिम शासन विधान २००७

वि.सं २००७ सालमा जव नेपालमा पहिलो पटक प्रजातन्त्रको स्थापना गरियो त्यस समय शासन कस्तो संचालन गर्ने विषयमा राजा त्रिभुवनले शाही घोषणाको एक अंशमा "वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधान" अनुसारको साशन संचालन गर्ने भनी नेपाली जनतालाई आश्वासन दिएका थिए ।[८] सोहीअनुसार नेपालको अन्तरिम शासन विधान २००७ को प्रस्तावनामा भनिएको छ ।

> श्री ५ महाराजाधिराजबाट संवत् २००७ साल फागुन ७ गतेको घोषणाद्वारा अवदेखि हाम्रा प्रजाको शासन उनीहरू आफैंले रोजेको विधानपरिषद्ले बनाएको प्रजातन्त्रात्मक विधानअनुसार हुनुपर्छ भन्ने इच्छा र दृढ संकल्प प्रकट गरिबक्सेको र उक्त विधान तयार नभएसम्म मौसूफलाई शासनकालमा सहायता र सल्लाह दिन एक मन्त्रिमण्डल स्थापित हुनुपर्छ भन्ने इच्छा र दृढ संकल्प त्यही घोषणाद्वारा प्रकट गरिबक्सेको ।[९]

नयाँ सविधान नवनाउन्जेलसम्मका लागि नेपालको अन्तरिम शासन विधान २००७ मा जारी भएको उक्त संविधानले महत्वपूर्ण राजनीतिक निर्णयमा राजा र मन्त्रिमण्डल दुवैको सामूहिक जिम्मेवारी (King-in-council) को व्यवस्था गरेको थियो । २००७ साल चैत्र १७ गते मन्त्रिमण्डलले अन्तरिम शासन विधानलाई अनुमोदन गरी राजाद्वारा त्यसलाई मञ्जूरी दिइएको पाइन्छ ।

> राजाले यसलाई अनुमोदन गर्नुको कारणमा अन्तरिम संविधानले उनलाई राज्यको मामिलामा सर्वोच्च बनाएको थियो । नेपाली कांग्रेसले राजाको संवैधानिक नेतृत्वलाई समर्थन गर्नुको कारण अन्तरिम संविधानको कार्यसम्पादन गर्न नियुक्त प्रधानमन्त्री मोहन शम्शेरमा पहिलेको अत्यधिक प्रभाव वढनसक्ला भन्ने रहेको थियो ।[१०]

२००७ साल चैत्र १९ गते जारी त्यो संविधान लगभग ८ वर्षभन्दा वढी समयसम्म अस्तित्वमा रहेको थियो । २०१६ सालसम्म आइपुग्दा त्यस संविधानमा छैंटौं संशोधन भइसकेको थियो । नेपाल अन्तरिम शासन विधानको प्रयोग गर्दा थुप्रै मन्त्रिमण्डलहरूको गठन र विघटन भयो । जति जति अन्तरिम शासन विधानमा संशोधन गर्ने गरिन्थ्यो त्यति त्यति प्रजातन्त्र भन्दा राजाको निरंकुशता बढ्दै गएको पाइन्छ । समीक्षकहरूको भनाइमा, ०७ साल फागुन ७ गते राजाले जनतासँग गरेको प्रतिवद्धता अनुसार सम्पूर्ण जनताहरूलाई शक्तिशाली बनाइने छ भन्ने

---

[८] गृष्मबहादुर देबकोटा, ***नेपालको राजनीतिक दर्पण भाग–१,*** (तृ.सं.) (काठमाडौं : ध्रुवबहादुर देवकोटा), २०५८, पृ. ९६ ।

[९] नेपाल वार एशोसिएसन, ***संक्षिप्त संविधान संग्रह,*** (काठमाडौंः, २०४७), पृ. १ ।

[१०] अनिरुद्ध गुप्ता, ***पोलिटिक्स ईन नेपाल १९५०–६०,*** (दिल्लीः कलिङ्गा पब्लिकेशन्स, १९९३), पृ. ५७ ।

उनको भावना विपरीत अन्तरिम संविधानका संशोधनहरूले राजाको हातमा सम्पूर्ण अधिकार दिएर उनैलाई शक्तिशाली बनाउनमा नेपालीको कुनै हात रहेनछ, भारतको पो हात रहेछ भन्ने कुरा यस भनाइले पुष्टि गर्दछ :

> राजा त्रिभुवन र नेपाली कांग्रेसका नेताहरू स्वदेश फर्कनु भन्दा केही पहिले भारतमा त्यहाँका संविधानविद्हरूबाट अंग्रेजीमा नेपालको अन्तरिम शासन विधानको मसौदा तयार पारिएको थियो । [११]

यसैगरी २००७ सालको क्रान्ति र समझदारी विपरीत राजाको प्रत्यक्ष शासन पनि पटक पटक चल्यो । राजा एक्लैले अन्तरिम संविधानमा संशोधन गर्न थाले । यस अघिसम्म संविधान सभाको वकालत गर्ने राजा ०१० साल माघ ७ गतेमा आइपुग्दा सबै क्षेत्रमा आफ्नो सर्वोच्च अधिकार स्थापित गर्न सक्ने भइसकेको पाइन्छ ।

उनी संविधानभन्दा माथि भएकै कारण संविधानलाई संशोधन गर्न सक्षमसमेत थिए । श्री ५ सहितको मन्त्रिमण्डल अर्थात् 'किंग ईन काउन्सिल' को अवधारणाले राजा मन्त्रिमण्डलको सल्लाहले मात्र कार्य गर्नु पर्नेमा राजाले प्रायः एक्लै आफ्नो विशेष अधिकार प्रयोग गरेको पाइन्छ । राजा त्रिभुवनको मृत्युपछि राजा महेन्द्रले संविधानसभाको चुनाव अस्वीकार गरी नयां संविधान दिन राजी भएको पाइन्छ ।

यसबाट हामी के देख्छौं भने ०७ सालपछि देशभित्र जति पनि प्रजातान्त्रिक संस्थाहरूको विकास भयो त्यसले राजाको परम्परागत अधिकारहरूलाई नियन्त्रण गर्न सकेन । यसै गरी नागरिकलाई दिइने प्रजातान्त्रिक अधिकारहरू पनि हरेक पटकको संशोधनमा घट्दै गएको देखिन्छ ।

### १.१.२ नेपाल अधिराज्यको संविधान २०१५

वि.सं २०१४ साल माघ १९ को शाही घोषणाले संविधान मस्यौदा समिति गठन गर्‍यो । पटक पटकको सरकार गठन र विघटनले प्रजातन्त्र प्राप्तिको ७ वर्ष देशभित्र हुन सक्ने र हुनुपर्ने कामहरू भएनन् भन्ने राजाको शाही घोषणामा उल्लेख भएको थियो । अर्कोतिर २०१५ साल फागुन १ गते जारी भएको नेपाल अधिराज्यको संविधानलाई जति प्रजातान्त्रिक मानिए पनि राजालाई संविधानअन्तर्गत राख्न सकिएको थिएन । उक्त संविधानको प्रस्तावनामा भनिएको थियोः

[११] पुरुषोत्तम बस्नेत, ***नेपाली कांग्रेसको इतिहासको प्रारुप (भाग–१),*** (प्र.सं.), (प्रकाशकः लेखक स्वयं), २०६६, पृ. ३२२ ।

आर्य संस्कृतिका अनुयायी हिन्दू धर्मावलम्बी सुप्रसिद्ध श्री ५ वडा महाराजा पृथ्वीनारायण शाहका वंशज परम पूज्य राष्ट्रपिता श्री ५ महाराजाधिराज त्रिभुवन वीरविक्रम शाहदेवबाट प्यारा प्रजाको अधिकार र हितका निमित्त एक महान् क्रान्तिको नेतृत्व गरिबक्सी संसारको इतिहासमा अमर होइवक्सेको मौसूफ बुबाज्यूबाट नेपालमा प्रजातन्त्र फलाउन प्रजाहरूलाई मौलिक हक प्रदान गर्ने उत्कट अभिलाषा

राखिबक्सेको, र प्रजालाई सर्वतोमुखी प्रगति गर्न तथा आफ्नो व्यक्तित्वको उच्चतम विकास गर्न समर्थ तुल्याउन र सदा प्रजाको इच्छाको कदर गरी चल्ने एक कुशल तथा संवैधानिक राजतन्त्रात्मक ढंगको सरकारको व्यवस्थाबाट राजनीतिक स्थिरता ल्याई राजनीतिक, सामाजिक र आर्थिक न्याय तथा राष्ट्रको एकता कायम गर्न हामीबाट पनि दृढ संकल्प गरिबक्सेकोले, सार्वभौम सत्ता सम्पन्न नेपाल अधिराज्यको निमित्त एक संविधान वनाई जारी गर्न बाञ्छनीय भएकोले हाम्रा महान तथा आदरणीय पूर्वजहरूका पालादेखि चलिआएको हाम्रा मुलुकको परम्परा र प्रथाअनुसार हामीमा नै निहित रहेको यस नेपाल अधिराज्यको राजकीय सत्ता र अन्तर्निहित शाही विशेषाधिकार प्रयोग गरिबक्सी हामी श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान नामक मूल कानून बनाई जारी गरिबक्सेका छौं ।[१२]

यस संविधानमा एकातिर राजा विश्व समुदाय समक्ष राजसंस्थालाई लोकप्रिय देखाउन 'संवैधानिक राजतन्त्र'को घोषणा गरी बेलायती मोडलको प्रजातन्त्र स्थापना गर्न खोजेको देखिन्छ । अर्कोतिर यस संविधानमा राजाले प्रशस्त मात्रामा तजविजी अधिकार आफूसँग राखेको देखिन्छ । जुन संविधानले स्वविवेकी अधिकार वढी मात्रामा राजालाई दिएको हुन्छ त्यस संविधानले जहिले पनि दुर्घटना निम्त्याइरहेको हुन्छ । यो संविधान अन्य प्रजातान्त्रिक मुलुकमा झैं संविधान सभाबाट बन्न पाएन । दलहरू पनि संविधान सभाका लागि निर्वाचन गर्नुको साटो अन्ततः आम निर्वाचन यथाशीघ्र गर्न केन्द्रित भए । राजाबाट प्रदान गरिएको यस संविधानले सेनाको एउटा साधारण अफिसर र जवानलाई कमिशन प्रदान गर्न पनि उनैको स्वीकृति आवश्यक पर्ने अनिवार्यता गरिएको थियो ।

### १.१.३ प्रजातन्त्रका विरुद्धमा ०१७ सालको कदम

आफैंले दिएको संविधान अन्तर्गत पनि मुलुकको शासन अगाडि बढाउन नेपालको राजसंस्था तयार भएन । फलतः निर्वाचित सरकारको १८ महिना पनि नबित्दै राजा महेन्द्रले निर्वाचित सरकार र संसद दुवै भंग गरे । यस प्रकार शासन गर्ने अधिकार र सार्वभौमसत्तालाई नारायणहिटीमै राख्ने उनको मनसाय प्रष्ट देखियो । नेपाली राजनीतिका अध्येता अनिरुद्ध गुप्ताले यसप्रकार टिप्पणी गरेका छन् :

राजाको २०१७ साल पुस (डिसेम्वर १९६०) को कदमले मुलुकलाई प्रजातान्त्रिक कदमबाट निकै पछाडि धकेलेको छ । यही कदमबाटै राजाको प्रगतीशिल र लोकप्रिय भूमीका समाप्त हुन

---

[१२] नेपाल वार एसोसिएसन, ***पूर्ववत्*** नं. ९, पृ. ९ ।

गै अहिले राजा महेन्द्र त्यस्ताका पक्षमा उभिएका छन जो शोषक छन् जुन नेपाली समाजका सेवक होइनन् ।[१३]

प्रजातन्त्र विरुद्ध राजाको त्यस कदमलाई राजनीतिक दलहरूले तत्कालै आलोचना र विरोध गरे पनि सुरुमा देशभित्र चौतर्फी आलोचना गर्न सकिने अवस्था थिएन । शाही घोषणापछि "प्रजातन्त्र पद्धति अनुसार छानिएका प्रतिनिधहरूद्वारा जनता र सरकारका बीचमा भएको भ्रमात्मक वातावरण राम्रोसँग सुल्झाई राष्ट्रको हित र विकास गर्ने पूरा कोसिस हुनेछ भन्ने सबैले आशा एवं विश्वास राखेका थिए ।" तर ठीक त्यसको उल्टो उनले निर्दलीय पञ्चायत पद्धतिका नाममा मुलुकको निरङ्कुश राजतन्त्रको शासनलाई अगाडि वढाए । [१४]

त्यस समय राजा महेन्द्रबाट नेपाली कांग्रेस जस्तो वृहत जनाधार भएको दललाई समेत घुमाउरो पारामा "अराष्ट्रिय तत्व" को आरोप लगाई आम चुनावबाट विजयी बनेको उक्त पार्टीलाई अस्थिरता फैलाएको आक्षेप लगाइएको थियो । त्यति मात्र हैन राजा स्वयं पनि त्यस समय कति शक्तिशाली थिए र उनी संविधानभित्र वस्न वाध्य थिएनन् भन्ने कुरा २०१७ साल पुष १ गतेको शाही घोषणाले देखाएको छ । उनले त्यस समय पनि निर्वाचित जनप्रतिनिधिलाई आफ्नो ईशारामा डोर्‍याउन खोजेको देखिन्छ । आफूले मात्र देशलाई एकताको सूत्रमा राख्न सक्ने, राष्ट्रियता र सार्वभौमिकतालाई बचाउन सक्ने, देशमा अमन चयन कायम राख्न सक्ने र देशलाई विग्रँदो स्थितिबाट वचाउने जिम्मेवारी समेत आफ्नै मात्र भएको ठान्ने र राजनीतिक दललाई कुनै भूमिका दिन नखोज्ने राजा महेन्द्रले अन्तमा जनताको हितका नाममा संविधानको धारा ५५ को आडमा संकटकालीन अधिकार प्रयोग गरी मन्त्रिमण्डल र संसदका दुवै सदनहरूसमेत विघटन गरेका थिए । साथै उनले मुलुकको शासनभार पनि आफैंले ग्रहण गरेको देखिन्छ । यद्यपि मुलुकमा संकटकालको अवस्था विद्यमान थिएन र धारा ५५ को आशय उक्त संवैधानिक व्यवस्थाकै अन्त्यका लागि थिएन ।

१० भाग भएको उल्लिखित संविधानभित्र राजाले कतिपय धाराहरू निलम्बन गरेका थिए । मेकियाभेली र कौटिल्यको दर्शन बुझेका राजा महेन्द्रले जनतालाई दिएको अधिकार लामो समय खोस्नु ठिक छैन भन्ने महसूस गरी लगभग एक वर्षपछि अर्थात् वि.सं.२०१८ साल मार्ग २५ गते निलम्बित केही धाराहरू पुनः फुकुवा गरेका थिए । यसबाट नेपाली जनताले के बुझेका छन् भने नेपालमा राजा प्रजातन्त्रको संस्थागत विकासमा भन्दा सक्रिय राजतन्त्रको विकासमा लागेका थिए। राजासँग सैन्यशक्ति समेत भएकै कारण उनी संविधानभित्र कहिल्यै बाँधिएनन् ।

---

[१३] गुप्ता, ***पूर्ववत्*** नं.१०, पृ. २७२ ।

[१४] टोपबहादुर सिंह, ***नेपालको संविधान र संवैधानिक कानून,*** (काठमाडौं : कानूनी पाठ्य पुस्तक प्रकाशन समिति, २०४१), पृ. ७३५ ।

नेपालको राजतन्त्र मौका पाउने वित्तिकै जनअधिकारको कटौतीमा लागिहाल्छ भन्ने प्रमाण यी घटनाहरूले पुष्टि गर्दछन् ।

### १.१.४ नेपालको संविधान २०१९

राजा महेन्द्रबाट २०१७ साल पौष १ गतेदेखि नेपालको संविधान जारी नभएसम्मको अवधिमा शासन संचालन गर्न नेपाल विशेष व्यवस्था ऐन, २०१७ जारी भएको थियो । संवैधानिक शून्यता नदेखियोस भनेर यो विशेष व्यवस्था ऐन नेपाल अधिराज्यको संविधान धारा ५५ लाई टेकी निर्माण गरिएको थियो । वि.सं २०१९ साल वैशाख २६ गते गठित आयोगले तयार गरेको पंचायती संविधान नेपालमा वि.सं २०१९ पौष १ गतेदेखि लागु भएको थियो । यस संविधानलाई कार्यान्वयन गर्न राजाले ०१९ पौष १ गते को घोषणाबाट नेपाल अधिराज्यको संविधानलाई प्रतिसंहरण गरी नेपालको संविधान दिंदा ०१७ को विशेष ऐन खारेज गरेको पाइन्छ । यस संविधानमा विगत ३० वर्षमा ३ पटक संशोधन भएको थियो । संविधानको पहिलो संशोधनपछि मात्र दलविहीन 'पञ्चायत प्रणाली' उल्लेख भएको देखिन्छ । अन्यथा २०१९ को संविधानको मूल प्रस्तावनामा पञ्चायत प्रणाली मात्र उल्लेख छ 'दलविहीन' शब्द थिएन । जनताहरू निरीह र कमजोर भएको अवस्थामा संविधान कडा वनाउँदै लगिएको थियो ।

आफू अस्तित्वमा रहुन्जेल यसले राजनीतिक दलहरूलाई सदैव प्रतिवन्ध लगाइरहेको थियो । यो संविधान वेलायती मोडलको वेष्टमिनिष्टर शैलीको नभएर पाकिस्तान र इण्डोनेशियाको जस्तो 'गाइडेड' अर्थात् 'निर्देशित' थियो । निर्देशनको लगाम राजाको हातमा थियो । संविधानमा शक्तिसम्पन्न राजा जनता समक्ष उत्तरदायी हुनुपर्ने आवश्यकता नै थिएन । निर्वाचनबाट जनादेश प्राप्त सरकार र प्रतिपक्षको अभावमा यस संविधानले राजालाई खेल्ने ठूलो ठाउं दिएको थियो । राज्यका तीनै अंगको शक्ति राजामा थियो । राजामा संविधानभन्दा बाहिरको अधिकारसमेत थियो । राजाको भूमिका सर्वोच्च थियो । आवश्यकतानुसार त्यसको प्रयोग पनि राजाले गर्दथे ।

यस्तो अवस्था प्रजातन्त्रका प्रति जनताको चाहनामा भने विराम लागेको थिएन । दलहरू खास गरेर नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीले प्रजातन्त्र र दलीय स्वतन्त्रताका पक्षमा आफ्ना आन्दोलनहरू सञ्चालन गरिरहे । प्रायः विद्यार्थीहरू यसको अग्रपङ्तिमा हुन्थे । विद्यार्थी आन्दोलनको वढ्दो दवावमा महेन्द्रपछि २०२८ सालमा गद्दीमा वसेका राजा वीरेन्द्रले पंचायती संविधान लागू भएको डेढ दशक जति पछि पंचायतमा आएको चुनौती सामना गर्न २०३६ सालमा देशमा जनमत संग्रहको घोषणा गरेका थिए ।

### १.१.५ जनमत संग्रहको घोषणा २०३६

वि.सं ०३६ जेष्ठ १० मा राजा वीरेन्द्रबाट वहुदलीय व्यवस्था वा पंचायती व्यवस्था यी दुईमध्ये एकमा विकल्प चुन्न अवसर दिइएको थियो । यस अनुसार ०३७ साल बैशाख २० मा देशभर जनमत संग्रहको आयोजना गरियो । १९ वर्षे पंचायती व्यवस्थाको अनुभवका वावजुद नेपाली जनताले बहुदलीय व्यवस्थाको पक्षमा ४५ प्रतिशत मत खसाले । साम, दाम, दण्ड, भेद जस्ता रणनीति अख्तियार गरेको पंचायतका पक्षमा ५५ प्रतिशतमात्र मत खसेको थियो । जनताद्वारा जनमतमा मत प्रदान गर्नका लागि आयु घटाउने माग राखिएको थियो । १८ वर्षदेखि २१ वर्षसम्मका युवा जसको कारण जनमतसंग्रहको घोषणा गर्नु परेको थियो पंचायती सरकारले त्यस्तालाई मत प्रदान गर्नबाट वंञ्चित राख्यो । अर्कोतिर पंचायत सरकारले जनमतमा आफ्नो पक्षलाई प्रभाव पार्न सरकारी साधनको दुरूपयोग गर्दै राजाको नामसमेत प्रयोग गरेको थियो । पंचायत व्यवस्थाका पक्षमा मत प्राप्त गर्नका लागि सार्वजनिक कोषको दुरूपयोग गरियो । बढी मात्रामा वन जंगलको विनाश गरियो ।

त्यति मात्र हैन जनमत अगाडि नै राजा वीरेन्द्रबाट भविष्यमा बनाइने संविधानको प्रारूप उल्लेख समेत गरिदिनाले जनतामा जता भोट हाले पनि जनमत संग्रहपछि गरिने राजनीतिक सुधारले आशा र भ्रम उत्पन्न गरेको थियो । विज्ञहरू जनमत व्यर्थ हुने आशंकासमेत गर्दै थिए । यस परम्पराले नेपालको राजनीतिमा पंचायती व्यवस्था अव फिलिपिन्सको मार्कोस मोडेल पो हुने हो कि भन्ने संका प्रतिपक्षीहरूमा रह्यो । तथापि राजनीतिक दलका नेताहरूले निष्पक्ष जनमत संग्रहका लागि यथेष्ट दवाव दिन सकेनन् ।

त्यसपछिका दिनमा जनताले राष्ट्रको राजनीतिक परिवर्तनमा सहभागीता देखाउन छाडेका थिए । ०३७ साल पौष १ गते संविधानको तेस्रो संशोधन हुँदा समेत राजाले आफूलाई निर्वाचित प्रधानमन्त्रीको वर्खास्ती र राष्ट्रिय पंचायतका अध्यक्षलाई हटाउने अधिकार राखी आफ्नो शक्ति यथावत् रहेका र उनी जनतासमक्ष उत्तरदायी छैनन् भन्ने निरंकुशताको छनक दिएको पाइन्छ । त्यति मात्र हैन, उनले देशको दैनिक प्रशासनमा समेत प्रत्यक्ष हस्तक्षेप जारी राखेका थिए । तेस्रो संशोधनले वालिग मतका आधारमा राष्ट्रिय पञ्चायत अर्थात् व्यवस्थापिका सदस्यको निर्वाचन, व्यवस्थापिकावाट ६० प्रतिशत बहुमतका आधारमा प्रधानमन्त्रीको चयन र अविश्वासको प्रस्ताव गर्न सकिने जस्ता केही उदार प्रावधानहरू राखेको भए पनि राजनीतिक

दलहरू त्यसमा सहभागी भएनन् । खास गरेर नेपाली कांग्रेसले "संविधानमा अल्पमतको कदर नगरिएको" भनेर चुनाव वहिष्कार गऱ्यो ।[१५] अन्य दलहरू चुनावमा सहभागी भएनन् ।

त्यहीँबाट जनताहरूले समाजमा नयाँ कुरा लागू गर्न शान्तिपूर्ण र प्रजातान्त्रिक तरिका अपनाएर हुन नसक्ने ठानी त्यसको १० वर्षपछि व्यवस्थाकै विरुद्धमा चालिएको आन्दोलनले देशलाई पुनः विश्वको एक प्रजातान्त्रिक राष्ट्रहरूको पङ्क्तिमा खडा गरिदियो ।

यसरी तीन दशक लामो निर्दलीय पंचायती व्यवस्थाले पनि नेपालमा राजनीतिक स्थिरता दिन सकेन । राजा देशको राजनीतिमा सक्रिय भएकै कारण पंचायती व्यवस्थाले पनि विगत तीन दशकमा थुप्रै आन्तरिक र वाह्य चुनौतीहरूको सामना गर्नु पऱ्यो । नेपाली राष्ट्रवादको पुरानो परिभाषा 'एउटै राजा एउटै देश, एउटै भाषा एउटै भेष' को पंचायती नारा कसैलाई पनि पचेन । नेपालको संविधानमा प्रतिपक्ष विनाको निर्दलीय पंचायतको परिकल्पनाले त्यस व्यवस्थालाई सुरुदेखि नै चुनौतीहरू दिँदै आएको थियो । यसका साथै नेपालको संविधानमा हिन्दू राज्य उल्लेख गर्नाले नेपालभित्र रहेका अन्य संस्कृति र धर्म बोकेका जातिहरूको विरोध सुरुदेखि नै रहँदै आएको थियो ।

## १.१.६ जन आन्दोलन २०४६

पंचायती व्यवस्थामा सदैव जुटाउने र फुटाउने खेल भइरहन्थ्यो । नेपाली कांग्रेस र कम्युनिष्टलाई सत्ताले सदैव फुट गराउने रणनीतिमात्र अख्तियार गर्दथ्यो । विभाजन गरी शासन गर्ने रणनीति सदैव टिक्न भने सकेन । ३० वर्षसम्म पंचायतले खेलेको यस खेलमा राजाको पनि भूमिका थिएन भनेर कसैले भन्न सक्दैन । पंचायतको विरुद्धमा प्रतिबन्धित दलहरू ओर्लिसकेका थिए । २०४६ साल कार्तिक २०, २१ र २२ गते बसेको नेपाली कांग्रेस केन्द्रीय कार्य समितिको बैठकले 'दलविहीन पञ्चायती व्यवस्थाको अन्त्य, बहुदलको स्थापना र अन्तरिम सरकारको मातहतमा आमचुनाव सम्पन्न होस्' भन्ने माग राख्नुका साथै 'संवैधानिक राजतन्त्र' लाई मात्र समर्थन गर्न सक्ने आफ्नो दृष्टिकोण सार्वजनिक गरिसकेको थियो ।[१६]

नेपाली राजनीतिको मियो बनेको नेपाली कांग्रेस र सात साम्यवादी घटकहरूको 'संयुक्त वाम मोर्चा' लगायत अन्य विभिन्न पेशागत संगठनहरू र मानवअधिकारवादी संस्थाहरूको अथक प्रयासबाट लगभग ४९ दिनपछि वि.सं २०४६ सालको जन आन्दोलन टुंगिएको थियो । यहीँबाट

---

[१५] ढुण्डिराज शास्त्री, (सं.), ***नेपाली कांग्रेस र यसका दृष्टिकोणहरू,*** (काठमाडौं : नेपाली कांग्रेस केन्द्रीय कार्यालय, २०५२), पृ. ६ ।

[१६] ***पूर्ववत्*** नं. १५,पृ. ७ ।

नेपालको राजनीतिमा दरवार, वामपन्थी र कांग्रेस त्रिशक्तिको अभ्युदय भयो । यिनै त्रिशक्तिको संझौताबाट नै देशभित्र नेपाल अधिराज्यको संविधान २०४७ आयो । तर नेपालमा माओवादी, राजनीतिक दलहरू र दरवारको त्रिकोणात्मक शक्ति छ भन्ने विचार गलत हो भन्ने राजा ज्ञानेन्द्रको छ ।[१७] यस विषयमा विस्तृत अनुसन्धान समेत यस शोधको आवश्यकता बनेको छ ।

## १.१.७ नेपाल अधिराज्यको संविधान २०४७

०४६ सालको जनआन्दोलन सफल हुनुमा प्रजातन्त्रप्रति नेपाली जनताको ठूलो त्याग थियो । स्वतन्त्रता र प्रजातान्त्रिक शासन समुन्नत नेपालको चाहना बनेको थियो । प्रतिपक्षविनाको पंचायती व्यवस्थाले मुलुकमा निरंकुश स्वेच्छाचारिताको विकास गरिरहेको थियो । जनआन्दोलन कुनै एउटा कारणवाट मात्रै सफलताको उचाइमा पुगेको थिएन् । जनआन्दोलनको परिणाम नेपाल अधिराज्यको संविधान, ०४७ निर्माण भएको थियो । अन्तर्राष्ट्रिय रूपमा नेपालको आन्दोलन उत्तिकै महत्वपूर्ण पक्ष थियो । यस आन्दोलनमा ग्रामीण क्षेत्रले भन्दा शहरी क्षेत्रले तीव्र गति लिएको थियो । आन्दोलनपछि कस्तो सरकार वनाउने भनी तत्कालका लागि खाका बनाइए पनि दीर्घकालको प्रजातन्त्रतर्फ तिनको ध्यान पुगेन । त्यसको परिणामस्वरूप बाह्र तेह्र बर्षमै देशको हरक्षेत्रमा संकटहरू देखा पर्न थाले ।

जनआन्दोलनको लगत्तै पछि तत्कालीन 'संयुक्त जन आन्दोलन' लगायत केही वाम घटकले संविधान सभाको माग उठाएको भए तापनि नेपाली काँग्रेस र संयुक्त वाम मोर्चाका नेताहरू कोही पनि संविधान सभाको विवादमा अल्झिन चाहेनन् र प्रजातन्त्र पुनः प्राप्तिपछि सुरुको अवस्थामा उनीहरूले संविधान निर्माण र सरकार संचालनमा कुनै अवरोध पनि ल्याएनन्। प्रतिबन्धित अवस्थामा रहेका दलहरूलाई त्यस समय कसरी हुन्छ खुल्ला वातावरणमा आएर आफ्नो पहिचान कायम गरी सरकारमा जानु थियो । सोही कारण दलहरूले नेपालको राज्यसंरचनामा लामो समय शासन गर्ने राजसंस्थाको विषयमा केही वोलेनन । दलहरू राजसंस्थाप्रति ज्यादै उदार भइदिए । राजालाई संविधानमा त राखे तर राजाले आफ्नो भूमिका खोजिरहे ।

संविधान निर्माणको प्रसँगमा नेपाल मार्क्सिस्ट लेनिनिष्ट पार्टीका कृष्णदास श्रेष्ठले प्रेस विज्ञप्ति मार्फत "राजा, कांग्रेस र संयुक्त वाम मोर्चाद्वारा तयार गरिएको संविधानबाट

---

[१७] "गणतन्त्रका नारा दलहरूको दबाव रणनीतिः श्री ५", *कान्तिपुर,* १३ माघ, २०६० ।

जनआन्दोलनको मर्म र जनताको भावनालाई समेट्न नसकिएको" भन्ने कुरा उल्लेख गरेका थिए ।[१८]

यसैगरी ०४७ को संविधानप्रति कम्युनिष्ट लिगले पनि असन्तोष व्यक्त गरेको थियो । राजाको सट्टामा जनताको प्रतिनिधि बसेर संविधान निर्माण गरी घोषणा गर्नु पर्नेमा त्यस्तो नभएकाले अप्रजातान्त्रिक संविधानको विरुद्धमा अर्को आन्दोलन घोषणा गरी उत्तम संविधान निर्माणका लागि माग गरिएको थियो ।

त्यस्तै गरी कार्तिक २३ मा दिइएको 'संविधान धोका हो' भन्दै तत्कालीन नेकपा (मसाल) का महासचिव मोहन विक्रम सिंहले संविधान सभाविना जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउन नसकिने भएकाले जनतामा सार्वभौम अधिकार दिलाउनका लागि उनको दलले घोषित संविधान अन्तर्गत हुने चुनावलाई वहिष्कार गर्ने भनी कार्तिक २६ (नोभेम्वर १२) कै दि राइजींङ्ग नेपालमा उल्लेख भएको पाइन्छ ।

यसैगरी विभिन्न १५ जनजाति संगठनहरूको १ मार्ग (नोभेम्वर १७, १९९०) मा काठमाडौंमा आयोजित विशाल भेलाले संविधानलाई 'एउटा धर्म र भाषालाई मान्यता दिई अरु भाषा र धर्मलाई वेवास्ता गरेकोमा' त्यसको आलोचना गरिएको थियो । आलोचनाकै क्रममा संयुक्त वाम मोर्चाको प्रमुख घटक एवं संविधानका एक मस्यौदाकार समेत रहेको तत्कालीन नेकपा (माले) ले त्यस संविधानप्रति "आलोचनात्मक समर्थन" मात्र जनाएको थियो ।

यसबाट के देखिन्छ भने वढी प्रजातान्त्रिक मानिएको संवैधानिक विकासको क्रममा पांचौं दस्तावेजका रूपमा आएको नेपाल अधिराज्यको संविधान, २०४७ मा सुरुवातबाटै विवाद जन्मिएको थियो । यो संविधान पनि अस्थिरता निम्त्याउने कारण पो थियो कि भन्ने विषयमा पनि अध्ययन र अनुसन्धान आवश्यक भएको छ । यो संविधानको प्रस्तावनाको अन्त्यमा भनिएको छ,

> नेपाली जनताको इच्छानुसार यो संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्यको राजकीय सत्ता र सार्वभौम अधिकार यसै संविधान वमोजिम प्रयोग हुने गरी हामीबाट प्रयोग भइआएको राजकीयसत्ताको प्रयोग गरिबक्सी मन्त्रिपरिषद्को सल्लाह र सम्मतिअनुसार हामी श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट यो नेपाल अधिराज्यको संविधानको घोषणा गरी लागू गरिबक्सेका छौं ।[१९]

---

[१८] ***राईजिङ्ग नेपाल,*** कार्तिक २६, २०४७ (नोभेम्वर, १२, १९९०) ।

[१९] श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालय, कानून किताब व्यवस्था समिति, ***नेपाल अधिराज्यको संविधान, २०४७*** (काठमाडौं : २०४७), पृ. २ ।

यसवाट प्रश्न उठ्छ कि यस संविधानलाई राजाले खारेज गर्ने अधिकार संधैका लागि त्यागे कि त्यागेनन् ? किनकि जन आन्दोलनपछि बनेको पहिलो संविधानलाई खारेज गर्ने वा प्रतिसंहरण गर्ने संवैधानिक अधिकारमा नेपाल अधिराज्यको संविधान २०४७ मौन बसेको अवस्थाले पनि नेपालमा राजनैतिक संकट उब्जाइएको हुन सक्छ । हृषीकेश शाहका अनुसार दिनेले लिन पनि सक्ने हुनाले यो संविधान खारेज गर्न सक्ने अधिकार राजामा अन्तर्निहत छ ।[२०] शायद् यसैकारणले होला माओवादी विद्रोहको निकासका लागि संसदवादी दलहरू संविधानसभा र नयाँ संविधानका पक्षमा देखिएनन् ।

प्रतिसंहरणको वैधानिक अधिकार कसैसँग नभएको अवस्थाको फाइदा राजा आफैले वर्तमान संविधानको खारेजीको भूमिका खेली नयाँ संविधान वनाउने वा यही ०४७ कै संविधानलाई संशोधन गर्ने या संविधान सभा र त्यसको विकल्पमा राजाबाट जनमत नै भए पनि त्यहाँ राजाले आफ्नो तजविजी अधिकार थुप्रै खेलाउन पाउने अवस्था थियो । अर्कोतिर यो संविधानको खारेजीमा लागेकाहरू निःसर्त संविधानसभा भन्दा तल जान नसक्ने भनिरहेका थिए । यस किसिमको अस्थिरताको स्थिति देशभित्र देखापरेको थियो ।

## १.१.८ शाही कदम असोज १८,२०५९ प्रजातन्त्रमाथिको चुनौती

प्रजातान्त्रिक तवरले नियुक्त प्रधानमन्त्री शेरबहादुर देउवाले २०५९ साल कार्तिक २७ गते प्रतिनिधि सभा सदस्यका लागि देशमा आमचुनाव गराउने पूर्वघोषणा अनुसार शान्ति सुरक्षाको स्थिति खराव भएकाले चुनाव गराउन नसक्ने भएपछि संविधानको धारा १२७ प्रयोग गरी २०६० साल मंसिर ३ गतेका लागि तय गरिएको आमनिर्वाचन सार्न राजाबाट घोषणा हुनका लागि ०५९ साल असोज १७ गते सिफारिस गर्दा उल्टो राजाको ०५९ असोज १८ को घोषणाले निर्धारित मितिमा चुनाव गराउन नसक्ने प्रधानमन्त्रीलाई ‘असक्षम’ को आरोप लगाई पदबाट हटायो ।

निर्वाचन स्थगित गरी मन्त्रिपरिषद्को कार्यकारी अधिकार आफैंमा राखेर २०४७ को संविधानको गलत व्याख्या गरी राजाले मुलुकको शासनभार स्वयं ग्रहण गरी सक्रिय भूमिका खेल्न थाले । यहीँबाट संविधानवादी शक्तिहरूबीचको राजनीति गतिरोध सुरु भएको देखिन्छ । प्रारम्भमा संवैधानिक गतिरोधका रूपमा लिइएको यो घट्ना अन्ततः राजा र संसदवादी दलहरूबीच अभेद्य द्वन्द्वका रूपमा विकसित भयो । राजाका विरुद्ध संसदवादी दलहरू नेकपा ( माओवादी) निकट भए । प्रजातन्त्रको दोस्रो आभाससँग जोडिएको संकटले निकास नपाउँदै ०४७

[२०] हृषीकेश शाह,“नेपालमा संसदीय राजतन्त्र खतरा र सम्भावनाहरू”, ***नेपालको संवैधानिक तथा संसदीय अभ्यास पत्रिका,*** वर्ष १, अंक १, २०५०, पृ. १७।

सालको संवैधानिक व्यवस्था पनि समाप्त भयो । जनआन्दोलन २०६२/०६३ पछिको राजनीतिक संक्रमणले कस्तो गति लिन्छ, त्यो यस शोधको क्षेत्र होइन, हेर्न बाँकी नै छ ।

## १.२ समस्याको पहिचान

नेपालले जहिलेसुकै पनि प्रजातन्त्र प्राप्त गर्ने वित्तिकै लामो समयसम्म राजनीतिक स्थायित्व दिन सकेको कुनै नजिर वनाउन सकेको छैन । ०७ सालमा पतन भएको निरंकुश राणा साशन लगत्तै देशमा प्रजातन्त्र आयो । प्रजातन्त्रको अभ्यास गरेको एक दशक नपुग्दै २०१७ साल पुस १ गते जनतालाई दिइएको प्रजातन्त्र निरंकुश तन्त्रमा परिणत हुन पुग्यो ।

३० वर्षको अथक संघर्षपछि प्राप्त भएको वहुदलीय प्रजातन्त्र ०४६ मा आइपुग्दा पनि राजा आफ्नै हात बलियो बनाउन मात्र लागे । देशको सम्पूर्ण राजकीय सत्ता राजाकै हातमा रह्यो । यसमाथि ०५९ असोज १८ गतेको घटनाले के देखाउँछ भने नेपालमा प्रजातन्त्रलाई ०७ साल देखिका प्रत्येक राजाले आफ्नो इच्छामा सीमित राख्न चाहे । राजा वीरेन्द्रको वंश विनाश पछि नेपालको राजसंस्था कमजोर बन्दै गयो । कमजोर राजतन्त्रबाट प्रजातन्त्र पनि कमजोर बन्दछ भन्ने कुरा त्यसपछिको घटनाले देखाएको छ । राजतन्त्र संविधानभित्र छैन भन्ने कुरा त श्री ५ बाट नेपाल अधिराज्यको संविधान घोषणा गरी लागू भएकै दिनदेखि विवाद उठेको थियो । संविधानको अभ्यासका क्रममा संसदीय प्रक्रिया र राजाका बीच द्वन्द्व बढ्न थाल्यो । दरवार हत्याकाण्डपछि यो द्वन्द्व अरु चर्कियो । यो कुरा नेपाली राजनीतिलाई नजिकवाट अवलोकन गर्ने एक विद्वान्ले यस प्रकार उल्लेख गरेका छन् :

> २०५८ साल जेठ १९ गते (जुन १, २००१) को राजदरवार हत्याकाण्ड पछि जनताको राजसंस्थाप्रति नै विश्वास टुटेको छ । राजसंस्थाको छवि पहिलेकै स्थितिमा ल्याउन अहिले ज्यादै कठिन भएको छ । राजाले देउवालाई तोकिएको समयमा आम निर्वाचन गराउन नसकेकोमा असक्षमताको आरोप लगाई वर्खास्त गरेका थिए । त्यसको लगत्तै उनले एक हप्तापछि नै राजनीतिक दलको परामर्शविना राजावादी लोकेन्द्र वहादुर चन्दलाई प्रधानमन्त्रीको पदमा नियुक्त गरे । सुरुमा ९ सदस्यीय मन्त्रिमण्डल मंसिर ९ (नोभेम्वर १८) सम्म पुग्दा २२ सदस्य पुग्यो । राजाले चालेका यी दुवै कदम असंवैधानिक थिए । यसले जनतामाथि रहेको सार्वभौमिकतालाई राजाले चुनौती दिएको थियो । अधिकांश राजनीतिक दलहरूले राजाको यस कदमलाई प्रजातन्त्रको अस्तित्वमाथि सङ्कट आईपरेको धारणा व्यक्त गरे । सर्वसाधारणले भने त्यस समय राजा, माओवादी, र दलका नेताहरूलाई देशको सङ्कटका लागि जिम्मेवार ठहऱ्याए । नेपालमा अहिले पनि ३ शक्तिको वर्चस्व रहेको छ । माओवादी, मुख्य राजनीतिक दल र सेनासहितको राजा ।
>
> राजाले संसदको विघटन गरेपछि निर्वाचन समयमा सम्पन्न हुन सकेन । उनले संविधानको धारा १२७ प्रयोग गरेपछि संसदको पुनर्स्थापना पनि टऱ्यो । निर्वाचन पनि परसम्म सर्ने भयो । राजाको यी सबै कदमहरू असंबैधानिक थिए । यसबाट भविष्यले के पुष्टि गर्दछ भने राजाले चालेको यस कदमबाट माओवादी विद्रोहको अन्त्य भई प्रजातन्त्रको स्थापना हुने छ,

जुन राजा ज्ञानेन्द्रले वचन दिएका थिए । अन्यथा त्यहाँ अर्को शाही 'कू' हुनेछ जुन यस अघि उनका पिता राजा महेन्द्रबाट २०१७ साल पौष (सन् १९६०) को डीसेम्बर मा भएको थियो ।[२१]

यी र यस्ता विवादहरू केलाउने काम यस शोध अनुसन्धानले गरेको छ । देशभित्रको राजनीतिक, आर्थिक, सामाजिक समस्याले भयावह रूप लिंदै गएको छ । यिनै समस्याका कारणले यो शोध आवश्यक भएको छ ।

माओवादी समस्या, दलहरूका आन्तरिक विभाजनदेखि तीन पटकसम्मको आमनिर्वाचनले पनि देशमा स्थिरता दिन सकेन । प्रजातान्त्रिक देशमा निर्वाचनको घोषणा गर्दा शान्तिसुरक्षा भंग भयो र ? जनतामा निहित रहेको सार्वभौमसत्ता यति सजिलै अतिक्रमण हुन पुग्यो । सार्वभौमसत्ताको पनि टुंगो लाग्न सकेन । सामाजिक परिवर्तन र रूपान्तरणका पक्षमा राजनीतिक दलहरूले आफूलाई उभ्याउन सकेनन् । दलहरू आफूलाई शक्तिशाली बनाउने होडमा जनताहरू कमजोर बन्दै गए ।

## १.३ शोध कार्यको उद्देश्य

प्रजातन्त्र आएर पनि निरन्तरता प्राप्त गर्न नसकेको प्रस्तुत पृष्ठभूमिमा ०४६ सालको पुनःस्थापित प्रजातन्त्र तुलनात्मक रूपमा लामो अवधिसम्म कायम रहन गएपनि यो ज्यादै सङ्कटपूर्ण अवस्थावाट गुज्रनपुग्यो । उपर्युक्त पृष्ठभूमिमा यो शोध कार्य "नेपालमा राजनीतिक सङ्कटः प्रजातन्त्रमाथिको चुनौती" विषयलाई शोध अनुसन्धानको क्रममा निम्नलिखित उद्देश्य हासिल गर्ने रहेको छ :

१) नेपालमा प्रजातन्त्रले निरन्तरता प्राप्त गर्न नसक्नुको मूल कारण पहिचान गर्ने ।

२) लामो समय द्वन्द्वको अवस्था कायम हुनुको कारण पहिचान गर्ने ।

३) संविधानभित्रको पद्धतीय व्यवहार र अन्तरविरोधहरू पहिचान गर्ने ।

४) ०४७ सालमा वनेको नेपाल अधिराज्यको संविधानले अस्थिरता किन वढायो त्यसको पहिचान गर्ने ।

५) जनआन्दोलनपछि पनि समाजको बनोटको राज्यसंरचनामा प्रतिविम्वन हुन नसक्नुमा कारण पहिचान गर्ने ।

६) ०४७ सालको संविधानपछि राजतन्त्रको भूमिका पहिचान गर्ने ।

७) माओवादी समस्याको पहिचान गर्ने ।

[२१] कार्ल हाइन्ज क्रामर, नेपाल ईन २००२ :ईमर्जेन्सी एण्ड रिसरेक्सन अफ रोयल पावर, ***एशियन सर्भे,*** क्यालिफोर्नियाः यूनिभर्सिटी अफ क्यालिफोर्निया, (भोलूम XLIII, नं.१ (जनवरी/फेब्रुअरी २००३), पृ.२१३-२१४ ।

८) उपर्युक्त पहिचानका आधारमा नेपालमा राजनीतिक सङ्कट तथा प्रजातन्त्रमाथि चुनौतीको विश्लेषण तथा विवेचना गर्ने ।

## १.४ प्राक्कल्पना

यस शोध अनुसन्धानमा माथिका उद्देश्य प्राप्तिका लागि निम्न अनुसारको प्राक्कल्पना तयार गरिएको छ :

(१) २०४६ सालको जनआन्दोलनपछि पनि नेपालमा प्रजातन्त्रको संस्थागत विकास हुन सकेन ।

(२) बहुदलीय व्यवस्थाको पुनर्वहालीपछि पनि नेपालमा राजनैतिक र संवैधानिक सङ्कट कायमै रह्यो ।

(३) राजनैतिक दलहरूबीच भएको प्रजातन्त्रका आधारभूत कुराहरूमा न्यूनतम सहमति र तदनुकूल राजनीतिक व्यवहार कायम हुन नसकेकाले मुलुकमा प्रजातन्त्रले कुनै गति लिन सकेन ।

(४) संवैधानिक भनिएको राजतन्त्रमा संविधानभन्दा माथि बस्ने आकांक्षा रह्यो ।

(५) संसद छिटो छिटो विघटन भैरहने र माओवादीले जनयुद्ध तीब्र बनाउँदै लग्नाले मुलुकमा अस्थिरता बढ्न गयो ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपालको समसामयिक राजनीतिका बारेमा अनुसन्धानमूलक पुस्तक, लेख, रचनाहरू प्रकाशन हुन थालेको धेरै भएको छैन । यो क्रम सन् १९६० को दशकदेखि अर्थात् २०१७ सालपछि मात्र सुरुभएको पाइन्छ । यसबाट अनुसन्धानात्मक लेखनको विषय पनि प्रजातन्त्रसँग जोडिएको स्पष्ट देख्न सकिन्छ । २००७ सालमा नेपालमा पहिलो पटक प्रजातन्त्रको स्थापनापछि विद्वान्हरू यसतर्फ रुचि राख्न थाले । अनिरुद्ध गुप्ताको *पोलिटिक्स ईन नेपाल* (१९६४) प्रकाशित भयो । पछिल्लो वर्ष अर्थात् सन् १९६६ मा भुवनलाल जोशी र लियो ई. रोजको *"डेमोक्र्याटिक इन्नोभेसन्स ईन नेपाल"* प्रकाशित भयो । त्यसै गरी भोला चटर्जीले २००७ सालको क्रान्तिलाई केन्द्रमा राखी लेखेको *रिसेन्ट नेपालीज पोलिटिक्स्* सन् १९६७ मा प्रकाशित भयो । पञ्चायत कालमा केन्द्रित भएर नेपालको राजनीतिमा खासै अनुसन्धान भएको पाइन्न । लोकराज बराल र ऋषिकेश शाहका पुस्तकहरूले त्यस बेलाको नेपाली राजनीतिलाई राम्रोसँग विश्लेषण गरेका छन् । सन् १९९० पछि नेपाली राजनीतिमा लेख्ने क्रम व्यापक बढेको छ ।

प्रस्तुत शोधकार्यको मूल विषय “नेपालमा राजनीतिक सङ्कटः प्रजातन्त्र माथिको चुनौती” *डेमोक्र्याटिक इनोभेसन्स* (वि.सं. २०४६/२०५९) लाई व्यवस्थित रूपमा बुझ्न र विश्लेषण गर्नका लागि यस विषयमा लेखिएका सैद्धान्तिक अवधारणा, अन्य देशहरूको अभ्यास र प्रयोग तथा नेपालकै विषयमा लेखिएका स्वदेश वा विदेशबाट प्रकाशित कृतिहरूको समीक्षा गर्नु आवश्यक हुन्छ । यहाँ मैले हालसम्म उपलब्ध भएका त्यस्ता केही कृतिहरूको समीक्षा गर्ने प्रयास गरेको छु ।

ती कृतिहरूलाई यहाँ दुई समूहमा वर्गीकरण गरिएको छ । पहिलो समूहमा प्रजातन्त्रको आधारभूत सिद्धान्त र मान्यताका रूपमा जनताका राजनीतिक अधिकार, निर्वाचन व्यवस्था, उत्तरदायी सरकार, शासनमा शासितको सम्मति, विधिको शासन, अल्पमतको मान्यता जस्ता विषयमा केन्द्रित पूर्वकार्यहरू समावेश गरिएको छ । दोस्रो समूहमा २००७ सालपछि नेपाली राजनीतिको विभिन्न चरणमा भएका अभ्यास र प्रयोगलाई केन्द्रित गरी लेखिएका कृतिहरू समावेश गरिएका छन् ।

### १.५.१ सैद्धान्तिक स्थापना तथा अवधारणात्मक पक्ष

प्रायः सबै कृतिहरूमा लेखकले आफ्नो विषयवस्तुको सैद्धान्तिक एवं अवधारणात्मक पक्षलाई कुनै न कुनै रूपमा समेटेको पाइन्छ तापनि प्रजातन्त्रको आधारभूत सिद्धान्त, मान्यता र अवधारणालाई प्रष्ट्याउन मैले तीनवटा कृतिलाई यस समीक्षामा समेटेको छु । ती यस प्रकार छन्–

(क) रवर्ट डाहल, *अन डेमोक्र्यासी,* (नयाँ दिल्लीः एफिलिएटेड इष्ट वेष्ट प्रेस, सन् २००१) ।

(ख) सेमुएल पी.हन्टिङ्टन, *द क्ल्यास अफ सिभिलाइजेसन एण्ड द रिमेकिङ अफ वर्ल्ड अर्डर* (नर्मन्ः द युनिभर्सिटी अफ अक्लोहमा प्रेस, १९९१) ।

(ग) सेमुएल पी.हन्टिङ्टन, *द थर्ड वेभ डेमोक्राटाइजेसन इन द लेट ट्वान्टीथ सेन्चुरी* (नोरम्यानः द युनिभर्सिटी अफ अक्लोहमा प्रेस, १९९१) ।

माथिका तीनैवटा पुस्तकमा लेखकहरूले प्रजातन्त्रको सैद्धान्तिक पक्ष तथा यसको अभ्यासका चुनौतीहरू खास गरेर १९९० पछिको परिवर्तित विश्व सन्दर्भमा गहन विश्लेषण गरेका छन् । डाहलको *अन डेमोक्र्यासी* र हन्टिङ्टनको *थर्ड वेभ* नेपालीमा पनि अनूदित भएका छन् । मैले आफ्नो शोध कार्यमा अंग्रेजी र नेपाली दुवै भाषाका पुस्तकको प्रयोग गरेको छु । हटिङ्टनको अर्को कृति *क्ल्यास अफ सिभिलाइजेसन* चाहिँ नयाँदिल्लीबाट पेङ्गुइनले सन् १९९७ मा प्रकाशित गरेको संस्करणलाई प्रयोग गरेको छु ।

*अन डेमोक्रेसी* (प्रजातन्त्रका बारेमा) रबर्ट ए. डाहलद्वारा लेखिएको हो । त्यो नयाँ दिल्लीको एफिलिएटेड इष्ट वेष्ट प्रेस (ईडब्लूपी) वाट सन् २००१ मा पहिलो संस्करणका रूपमा प्रकाशित भएको हो । यस पुस्तकमा १५ वटा शीर्षक सूचि, अनुसूचि, संकेत, विस्तारित अध्ययन, धन्यवाद-ज्ञापन आदि सहित कूल पृष्ट २१७ रहेका छन् ।

डाहलले यसमा प्रजातन्त्र बारे आधारभूत विश्लेषण गरेका छन् । यसमा उनले प्रजातन्त्र के हो, यो किन महत्वपूर्ण छ, यसले कसरी काम गर्छ र यसले भविष्यमा के कस्ता चुनौतीहरूको सामना गर्नुपर्ला जस्ता विषयहरूमा प्रकाश पारेका छन् ।

लेखकले प्रजातन्त्रको अभावमा शासन व्यवस्थाले आफ्नो वैधता गुमाउँदै गएको प्रमाणस्वरूप सोभियत संघको विखण्डनलाई लिएका छन् । लामो समयदेखि प्रजातन्त्र स्थापित भएका देशमा पनि त्यहाँ कहिलेकाहीं नागरिकहरूमा प्रजातन्त्रप्रति विश्वास गुम्न सक्दछ । प्रजातन्त्रलाई एक पटक वा सदाका लागि आविष्कार गरियो भनेर मान्न सकिन्न् । प्रजातन्त्र स्टीम इन्जिन आविष्कार भएजस्तो हैन् । विभिन्न समयको ऐतिहासिक प्रयोगले के देखाएको छ भने सरकार जहिले पनि जनताको इच्छामा टिक्छ । राजतन्त्रका लागि पार्लियामेण्ट नमिल्ने हुन सक्छ । केन्द्रीकृत राजतन्त्रको उदयसंगै लामो समयपछि प्रजातान्त्रीकरणमा बल मिलेको पाइन्छ । निरंकुशताको वहिष्कार हुन गई अधिकार र स्वतन्त्रता लगायत समानता र मानवताको विकासभई प्रजातन्त्रले परिणाम र लाभहरू देखाउने गर्दछ ।

आधुनिक प्रतिनिधिमूलक प्रजातान्त्रिक शासन व्यवस्था भएको देशले एक आपसमा युद्ध नगर्ने र अलोकतान्त्रिक मुलुकभन्दा आफूलाई सम्पन्न वनाउन खोज्ने हुनाले त्यस्ता देशमा समावेशी चरित्र रहेको हुन्छ । त्यस्ता मुलुकमा सेना र प्रहरीमाथि निर्वाचित पदाधिकारीको नियन्त्रण, आधुनिक वजार अर्थतन्त्र, प्रजातान्त्रिक आस्था र राजनीतिक संस्कृतिको विकास गरिएको हुनुपर्दछ । प्रजातन्त्र जनताको शासन भएकै कारण यसले जनतालाई सुखमय र सम्पन्न वनाउनेमा प्रत्याभूति दिंदैन तर त्यसको प्राप्तिका लागि अग्रसर रहन जोड दिइरहन्छ । प्रजातन्त्रमा वरावर निर्वाचन हुन सकेन भने नागरिकहरूले आफ्नो निर्वाचित प्रतिनिधिमाथि नियन्त्रण गुमाउन पुग्दछ । यसरी प्रजातन्त्रले सरकारका अधिकारहरू सीमित गरी सेना तथा प्रहरी बलमाथि प्रजातान्त्रिक तरिकाबाट निर्वाचित पदाधिकारीको पूर्ण नियन्त्रण नभएसम्म प्रजातान्त्रिक संस्था विकसित हुने सम्भावना प्राय रहन्न भनी प्रजातान्त्रिक सिद्धान्तका प्रमुख अमेरिकी अध्येता डाहलले विश्लेषण गरेका छन् । डहालको यस कृतिले प्रजातन्त्रका विविध पक्षलाई सिद्धान्त र प्रयोग दुवै सन्दर्भमा वुझ्न र यस शोधका निम्ति कतिपय धारणा वनाउन अनि तिनलाई स्थिर राख्न सहयोग मिलेको छ ।

*द क्ल्यास अफ सिभिलाइजेसन*मा हन्टिङ्गटनले शीतयुद्धको समाप्तिपछि प्रजातन्त्र र त्यसमाथि आइपरेको सङ्कटलाई लिएर परम्परागत प्रजातन्त्रको परिभाषाभन्दा अगाडि वढेर गरेको व्याख्या नेपालका सन्दर्भमा पनि सामयिक छ । उनका अनुसार शीत युद्धपछिको विश्व राजनीति बहुध्रुवीय र बहुसभ्यतात्मक (multipolar, multicivilizational) बन्न पुगेको छ ।

सन् १९८० को अन्ततिर कम्युनिष्ट विश्व पतन हुँदै गयो । त्यसलाई शीतयुद्धको अन्त्य मानिन्छ । शीतयुद्धपछिको विश्व राजनीतिक विचारधारा, राजनीति र आर्थिक आधारमा भन्दा सांस्कृतिक रूपले विभाजित भएको निष्कर्ष लेखकको छ । मानिसहरू अहिले आ-आफ्नो वंश, धर्म, भाषा, इतिहास, मूल्य, परम्परा र संस्थासँग नजिकिन थालेका छन् । नभन्दै नेपालमा पनि प्रजातन्त्र पुनः प्राप्तिपछि जनजाति, भाषा, संस्कृति, लैङ्गिक समानता जस्ता विषयमा प्रशस्त आवाज उठेका छन् । सबैले आफ्नो पहिचान खोज्न थालेका छन् ।

लेखक भन्दछन्–वर्तमान, नयाँ विश्व संरचनामा खतरनाक द्वन्द्वहरू धनी र गरिव, आर्थिक रूपमा परिभाषित सामाजिक वर्गका आधारमा हुने छैन । द्वन्द्वको सुरुवात विभिन्न जातीय संस्कृतिहरूको सभ्यताका बीचमा हुने छ । राष्ट्रहरूले सहयोग पुऱ्याउँदा विचारधारा, राजनीति र आर्थिक शक्तिलाई नहेरी रक्त सम्बन्धलाई हेर्न थाल्नेछन् । यस किसिमको “सांस्कृतिक द्वन्द्व” इतिहासमा यस अघि कहिल्यै देखिएको थिएन ।

उनका अनुसार विश्व शान्तिका लागि सभ्यताको द्वन्द्व सबैभन्दा ठूलो चुनौती बनेको छ । सभ्यतामा आधारित भएको अन्तराष्ट्रिय व्यवस्थाले निश्चयनै विश्व युद्धबाट जोगाउने छ । यिनै कुराहरूलाई विस्तृत व्याख्या गर्न लेखकले पुस्तकको विभाजन पाँच भागमा गरेका छन् । उनले शीतयुद्धपछिको विश्व राजनीति विविध सभ्यताबीच ध्रुवीकृत बन्दै गएको यथार्थलाई प्रमाणसहित पुष्टि गरेका छन् । शीत युद्धको समाप्तिपछि जनताहरू राष्ट्रवादभन्दा बढी मुलुकभित्रका जाति, भाषा, धर्म आदिका आधारमा गोलबन्द हुँदै गएको देखिन्छ । आफ्नै देशभित्र विदेशी सांस्कृतिक पहिचान दिन खोजेको उदाहरणमा लेखकले साराजेभोमा साउदी अरब र टर्कीको झण्डा प्रदर्शनको घटनालाई लिएका छन् (पृ. १९) । यसले के देखाएको छ भने नागरिकहरू राष्ट्रभन्दा अगाडि वढेर कसरी आफ्नो वंश र जातिप्रति सांस्कृतिक सद्भाव राख्न पुग्छ भन्ने देखाएको छ । बढ्दो पश्चिमी सभ्यतासँगै एशियन र इस्लाम संस्कृतिको प्रभाव जस्ता विषयमा शीतयुद्धपछिको विश्वलाई सांस्कृतिक आधारमा लेखकले प्रस्तुत गरेका छन् । त्यसले के देखाउँछ भने मानवअधिकार र उदार प्रजातन्त्रलाई अन्य संस्कृतिका राष्ट्रहरूले पनि छोड्न सकेका छैनन् । हरेक घटनाहरूलाई नियाल्दा लेखकले विश्व राजनीतिको केन्द्र दक्षिणतर्फ अगाडि बढेको पाएका छन् । तर पनि सात दक्षिण एशियाली राष्ट्रहरू जसलाई लेखकले हिन्दू, मुस्लिम र वुद्धिष्ट

राष्ट्रका रूपमा उल्लेख गरी क्षेत्रीय द्वन्द्वले कालान्तरमा विश्वव्यापी सुरक्षामा प्रभाव पार्न सक्ने उल्लेख गरेका छन् ।

हन्टिङ्गटनकै अर्को कृति *तेस्रो लहरमा* प्रजातन्त्रमा व्यक्तिगत स्वतन्त्रता, आन्तरिक स्थायित्व, अन्तराष्ट्रिय शान्ति जस्ता सकारात्मक पक्षलाई लेखकले औंल्याएका छन् । यसै क्रममा लेखकले सन् १९७४ देखि १९९० का बीचमा देखिएको प्रजातन्त्रको लहर कसरी विकसित भयो भन्ने देखाउन खोजेको पाइन्छ । यस अघि प्रजातन्त्रको पहिलो तर लामो लहर सन् १८२८ देखि १९२६ को अवधि लाई लेखकले लिएका छन् । प्रजातन्त्रको पहिलो लहरको जरो अमेरिकी र फ्रान्सिसी क्रान्ति थिए । पहिलो लहरबाटै विश्वमा बालिग मताधिकार र निर्वाचनद्वारा चुनिएको जनप्रतिनिधिले शासन गर्ने परम्पराको विकास भएको हो ।

त्यस्तै प्रजातन्त्रको दोस्रो तर छोटो लहर दोस्रो विश्वयुद्धसँगै सुरु भयो । सन् १९४३ देखि ६२ को यस अवधिमा पश्चिम जर्मनी, इटाली, अष्ट्रिया, जापान, कोरियामा प्रजातान्त्रिक संस्था सुरु भए भने रुसको विरोधले चेक र हङ्गेरीमा प्रजातन्त्र खत्तम भयो । यसै अवधिमा भारत, वर्मा, इण्डोनेसिया लगायत एशिया र अफ्रिकाका कतिपय देशहरूमा स्वतन्त्रता प्राप्ति सँगै प्रजातन्त्र स्थापना भयो । तर सन् १९६० को दशकको प्रारम्भसँगै विपरीत लहर पनि सुरु भयो ।

प्रजातन्त्रको तेस्रो लहर सन् १९७४ मा स्पेन, ग्रीसमा प्रजातन्त्रको पुनःस्थापनादेखिको अवधिलाई लेखकले लिएका छन् । सन् १९७४ मा सुरु भएको तेस्रो लहरमा नेपाललाई पनि लेखकले समेट्न पुगेका छन् । लगभग १५ वर्षपछि मेक्सिको, सोभियत संघ, दक्षिण अफ्रिका, ताइवान, पनामा आदि समेत यसमा समावेश भएको पाइन्छ । प्रजातन्त्रको लहरमा उभिन पुगेको राष्ट्रको तालिकामा यसरी लेखकले विभिन्न देशलाई उल्लेख गर्न पुगेका छन् । यहीँबाट अधिकांश देशहरूमा अधिनायकवादको स्थानमा निर्वाचित प्रजातान्त्रिक सरकारको स्थापना हुँदै गयो ।

नेपालमा पुनःस्थापित भएको प्रजातन्त्र तेस्रो लहरकै परिणाम थियो भन्ने कुरामा दुई मत देखिंदैन । यस लहरमा सुधारवादीहरूको आगमन, प्रजातन्त्रलाई अन्तर्राष्ट्रिय वैधता प्राप्त गर्ने प्रयास थिए । तिनमा आम निर्वाचनमा अन्तर्राष्ट्रिय पर्यवेक्षण दलले पर्यवेक्षण गर्दा मापदण्ड पूरा नभए त्यो देश प्रजातान्त्रिक हुन नसक्ने जस्ता कुराहरू पनि पर्दथे । त्यसलाई नेपालले प्रजातन्त्र प्राप्तिपछिका आम निर्वाचनहरूमा प्रयोगसमेत गरेको थियो ।

लेखकले प्रजातन्त्रमा दुई आयामहरू समेटिएको बताएका छन्– प्रतिस्पर्धा र सहभागिता जुन व्यवस्थामा विपक्षीहरू चुनावमा खडा हुन पाउँदैनन; व्यापक मतदाता सहभागी हुन पाउँदैनन्; एउदै दल र एउटै व्यक्तिको नेतृत्व रहिरहन्छ; शक्तिशाली गुप्तचर प्रणाली र सञ्चारमा सरकारी हस्तक्षेप रहिरहन्छ त्यहाँ अधिनायकवाद रहन्छ । वास्तविक प्रजातन्त्रमा

स्वतन्त्रता, समानता, भाइचारा, जनताप्रति उत्तरदायी सरकार, खुल्लापन, सुसूचित हुने अवसर र जनताको सहभागिता आवश्यक पर्दछ । यी कुराहरू नेपालमा पञ्चायतको ३० वर्ष र प्रजातन्त्र पुनः प्राप्ति ०४६ पछिलाई तुलना गर्दा सजिलै थाहा पाउन सकिन्छ ।

## १.५.२ नेपाली राजनीतिसम्बन्धी पूर्वकार्यहरू

माथि उल्लेख भए जस्तै वि.सं. २००७ सालपछि नेपाली राजनीतिमा अनुसन्धानात्मक कृतिहरू लेखिन थाले । तीमध्ये प्रस्तुत शोधकार्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने केही प्रतिनिधि पूर्वकार्यहरूको यहाँ समीक्षा गरिएको छ ।

*पोलिटिक्स ईन नेपाल (१९५०–६०)* का लेखक अनिरुद्ध गुप्ता हुन् । यसको प्रथम संस्करण सन् १९६४ मा प्रकाशित भएको थियो । कलिङ्गा पब्लिकेशन्स, दिल्लीबाट सन् १९९३ मा यसको दोस्रो संस्करण प्रकाशित भएको हो । तिनसय बत्तीस पृष्ठ भएको त्यस पुस्तकलाई आठ अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा भूमिका रहेको छ । त्यसमा नेपालको ऐतिहासिक विवरण, राणाकाल अघि र पछिको राजनीतिक व्यवस्थाको जानकारी दिइएको छ । यसैगरी दोस्रो अध्यायमा राणा विरोधी आन्दोलनको सुरुवात र राणा शासनको पतनका कुरा लिइएको छ । यसमा राणा शासनको उत्पत्ति र विकास, नेपाल सरकार वैधानिक कानून वि.सं. २००४, वि.सं. २००७ को क्रान्तिः राणा शासनको अन्त्य, २००७ सालको दिल्ली सम्झौताको उल्लेख यस भागमा गरिएको छ । अध्याय तीनमा वि.सं. २००७ सालदेखि २०११ सालसम्म प्रजातन्त्रको प्रयोगका विषयमा उल्लेख गरिएको छ । यसमा राणा–कांग्रेस सहमतीय सरकार, नेपाली कांग्रेसको सरकार, सल्लाहकार परिषद्, एम.पी. कोइरालाको मंन्त्रिमण्डल, शाही स्वेच्छाचारिताको उदय, र सा–साना दलहरू सम्मिलित मन्त्रिमण्डलका वारेमा लेखकले स्पष्ट गर्न खोजेका छन् । अध्याय चारमा राजा, राजनीति र दलका सन्दर्भमा २०११ सालदेखि २०१५ साल (सन् १९५५–५८) सम्म उल्लेख गरिएको छ । यसमा राजा महेन्द्रको प्रत्यक्ष शासन, आचार्य मन्त्रिमण्डल, राजा विरुद्ध राजनीतिक दल र राजनीतिको नयाँ चरण उल्लेख छ । यसै गरी पाँचौं अध्यायमा नयाँ संविधान र संसदीय कानून । छैंठौंमा राजनीतिक दलः उत्पत्ति, विकास र वनौट, रहेको छ भने सातौं अध्यायमा दलीय राजनीतिः राजनीतिक समूह, प्रवृत्ति र तत्वहरूको उल्लेख गरिएको छ । र अन्त्यमा अर्थात् आठौं भागमा हिमाली मुलुकमा राजाको राजनीति विषयमा लेखिएको छ ।

नेपालमा राजनीतिक सङ्कट ०७ सालदेखि ०१७ सालसम्मको १० वर्षे अवधिमा कसरी देखियो यस विषयमा लेखकले प्रजातन्त्रको आधा अवधिमा भएको प्रयोगलाई ०७ सालदेखि ०११ साल (१९५१–५५) सम्मको प्रकाश पार्ने काम पुस्तकको तेस्रो भागमा गरेका छन् । यसै क्रममा उनले “०७ सालको कदम वास्तवमा क्रान्ति थिएन केवल त्यो पुनःस्थापना मात्र थियो” जुन

यथार्थलाई न राणाहरूले वुझे नत नेपाली कांग्रेसले भनी निष्कर्ष निकालेका छन् । त्यसको परिणाम नेपाल दिल्ली सम्झौतालाई स्विकार्न वाध्य भयो । नेपालमा ०७ सालको क्रान्तिपछि पनि अस्थिरता र कानून नमान्ने परिपाटीको विकास भएको थियो भन्ने प्रमाणका रूपमा लेखकले मुक्ति सेनाले हतियार विसाउन गरेको आव्हानलाई अस्वीकार गरेको घटना र पूर्वी पहाडी जिल्लामा किराँतीहरूले गरेको विद्रोहलाई लिन सकिन्छ । पछिल्ला समयमा यिनै कुराहरू नेपालको राजनीतिमा पटक पटक दोहोरिएको पाइन्छ । गल्तीवाट कसैले पाठ सिक्न सकेको देखिन्न ।

त्यसैगरी लेखक गुप्ताले नेपालमा राजनीतिक ध्रुवीकरण तीव्र रूपमा ०७ साल लगत्तै भएको उल्लेख गरेका छन् । साना राजनीतिक दलहरूले राजालाई बलियो वनाउन लागे भने ठूला दलहरूले राजाको वढ्दो शक्तिका विरुद्धमा विद्रोहको सुरुवात गरे । नेपालको सन्दर्भमा पटक पटक यिनै कुरा दोहोरिएकाले यस पुस्तकलाई पूर्वाध्ययनको समीक्षाका रूपमा लिइएको छ । राजाले त्यस समय कुनै पनि प्रधानमन्त्री वा मन्त्रीलाई आफूखुसी राख्ने र निकाल्ने क्षमता राखेका थिए । राजाको यस कदम विरुद्ध दलहरूले आवाज निकाल्दा राजा साना दलहरूलाई लिएर ठूला दलका विरुद्धमा लाग्दथे । मुलुकमा देखिएको राजनीतिक सङ्कट निवारणका लागि दरबारले साना साना पार्टी र स्वतन्त्रहरूसँग सङ्कटको निकास खोज्ने र ठूला दललाई भने पन्छाउने रणनीति थियो । राजा आफूलाई राजनीतिक स्थिरताको प्रतीकका रूपमा देख्न चाहन्थे । राजनीतिमा राजाको भूमिकालाई लिएर त्यस समयका राजनीतिक दलले निकै ठूलो आलोचना गर्न पुगेका छन् । त्यस समय मुलुकमा सङ्कट कसरी आयो भन्ने कुरालाई उनले राजतन्त्र विरुद्ध राजनीतिक दलमा ठूला दलले राजाको अप्रजातान्त्रिक कदमको विरोध गर्न पुगेका छन् भने, समयमै निर्वाचन गर्न नसक्नाले पनि मुलुकमा सङ्कट देखिएको उल्लेख छ । यस्तै गठन भएको मन्त्रीमण्डललाई राजाले असमयमै विघटन गरिदिने र सा–साना दल र स्वतन्त्रहरूलाईमात्र समावेश गरेर दरवारमा वैठक बोलाउँदा ठूला दललाई वेवास्ता गर्नु आदिलाई सङ्कटका रूपमा औंल्याउन खोजिएको छ ।

२०१७ साल पौषमा राजाले चालेको कदमबाट नेपाल लोकतान्त्रिक कदमबाट पछाडि हट्न खोजेको देखिन्छ । पञ्चायती व्यवस्थाको आडमा राजाले मुलुकमा स्वेच्छाचारी शासन कायम गर्न खोजेका थिए । आर्थिक रूपमा व्याख्या गर्ने हो भने राजाको त्यस शासनले राणा शासनकै पथ अपनाएको देखिन्छ । बिर्ता र भूस्वामीत्वहरूकै हितमा मुलुक अगाडि वढ्यो । वाह्य नीतिमा पञ्चायती व्यवस्थाले भारत विरोधी भावना नेपाली जनतामा फैलाउन सक्षम भएको पाइन्छ । ऐतिहासिक रूपमा राजाको प्रगतिशील र लोकप्रिय छविको अन्त भएको छ ।

भुवनलाल जोशी र लियो ई.रोजद्वारा लेखिएको *"डेमोक्र्याटिक इन्नोभेसन्स ईन नेपाल" (ए केश स्टडी अफ पोलिटिकल एकल्चरेसन)* प्रथम संस्करण सन् १९६६ मा युनिभर्सिटी अफ क्यालिफोर्नियाबाट प्रकाशित भएको थियो । यसको पुनर्मुद्रणः मण्डला पब्लिकेशन्स, काठमाडौंबाट सन् २००४ मा भएको हो । प्रजातन्त्र र राजतन्त्रवीच शक्ति र संस्कारको द्वन्द्वलाई केन्द्रविन्दुमा राखेर लेखिएको यो पुस्तक आजको नेपाली राजनीतिको प्रमुख चरित्र र प्रवृत्ति वुझ्न पनि सान्दर्भिक रहेको छ ।

प्रस्तुत पुस्तकले शाह र राणा राजनीतिक व्यवस्था, राणा परिवारको उदय, राणाको राजनीतिक व्यवस्था, राणा शासनमा प्रतिबन्धित राजनीति, राणा परिवारमा द्वन्द्व, २००७ सालको क्रान्ति, क्रान्तिकारी सरकार, राजा त्रिभुवनको राजनीतिक प्रयोग, क्रान्तिपछिको दलीय राजनीति, ०७ साल देखि ०११ सालसम्मको नीति र कार्यक्रम, त्रिभुवन अवधिको मूल्यांकन, राजा महेन्द्रको राजनीतिक खोज, ०७ सालको आम निर्वाचन परिचय, राजा महेन्द्रको पहिलो चार वर्ष, निर्वाचनका लागि दलहरूको तयारी, २०१५ सालको संविधान र आम निर्वाचन, निर्वाचित नेपाली कांग्रेस सरकार, दलीय राजनीति अन्तर्गत नेपाली कांग्रेस सरकार, नेपाली कांग्रेस सरकारको नीति र कार्यक्रम, राजा महेन्द्र र संसदीय प्रजातन्त्र, २०१९ सालको संविधान, निर्देशित प्रजातन्त्रको प्रयोग, निर्देशित प्रजातन्त्रको राजनीति, राजनीतिक संगठन र पञ्चायती राज, शाही शासनको नीति र कार्यक्रम, नेपालको राजनीतिक आधुनिकीकरणको अवस्था र प्रवृत्ति यसमा उल्लेख गरिएको छ । यस अध्ययनको आधारभूत उद्देश्य भूमिकामा भने जस्तो वर्णन गर्नु, वुझ्नु र व्याख्या गर्नु रहेको छ ।

लेखक भन्छन् नेपालको राजनीतिक अवस्था वि.सं. ०७ अघि र २०१७ साल पछिको अवस्थामा कुनै परिवर्तन देखिएन् । खोज र अनुसन्धान परम्परागत तवरमै रहन गयो । प्रजातन्त्रप्राप्तिपछि केवल व्यक्तिमात्र परिवर्तन भयो । यस अवधिमा विभिन्न सरकार संचालन भयो दलबीचको द्वन्द्वले नागरिक समाजबाट विश्वास लिन सकेनन् । मुलुकमा देखिएको यस किसिमको राजनीतिक सङ्कटले दलीय राजनीति व्यक्ति केन्द्रित हुन पुग्यो । प्रजातन्त्रको मान्यतालाई मूर्त रूप दिन जहिलेपनि लोकतान्त्रिक संविधानको निर्माण हुनु आवश्यक हुन्छ । नेपालले २०१५ सालको संविधान दिएर यसको पुष्टि गर्न खोजेको थियो । तर, २०१७ साल पौषको घटनाले राजाद्वारा अनधिकार शक्ति ग्रहण गर्नाले देशमा एकतन्त्रीय शासनको सुरु भयो । यसले ०१५ सालको संविधानलाई व्यवहारमा उतार्न दिएन । नत यसले संसदीय शासन प्रणाली अन्तर्गतको प्रतिनिधिमूलक निर्वाचित जनप्रतिनिधिलाई संरक्षण गर्न नै सक्यो । राम्रो संविधान र निर्वाचित जनप्रतिनिधि भएर पनि राजाले ०१७ साल पौषमा निर्वाचित प्रतिनिधिको कसरी सत्ता छिन्न सके ? राजा महेन्द्रले तत्कालका लागि कसरी बुद्धिजीवीहरूसँग मिलेर राजनीतिक स्थायित्व ल्याए ? यी आदि विषयमा लेखकले राम्रो विश्लेषण गरेका छन् । ०७ सालपछि लगभग डेढ

दशक जति अवधिको राजनीतिक सङ्कटलाई विभिन्न पक्षवाट विश्लेषण गरी लेखिएको यस पुस्तकवाट वर्तमान समयमा देखा परेको समस्या र सङ्कट वुझ्न केही हदसम्म यसले अवधारणा वनाउन सहयोग पुग्ने देख्दछु ।

भोला चटर्जीद्वारा लेखिएको *ए स्टडी अफ रिसेन्ट नेप्लीज पोलिटिक्स* (१९६७) नामक पुस्तकमा ०७ सालको क्रान्तिका वारेमा वर्णन गरिएको छ ।  अत्यधिक रूपमा नेपाली कांग्रेसको भूमिकालाई यस्ले स्थान दिएको छ । यस पुस्तकको अध्ययनले सुरुको प्रजातान्त्रिक आन्दोलनमा देखा परेको सङ्कटलाई बुझ्न मद्दत गर्नेछ ।

भोला चटर्जीकै अर्को पुस्तक *नेपाल्स एक्सपेरिमेण्ट विथ डेमोक्रेसी,* नयाँदिल्लीस्थित अन्कुर पब्लिकेशिङ्ग हाउसबाट पहिलो पटक सन् १९७७ मा प्रकाशित भएको थियो । वी.पी. कोइरालासँगको अन्तर्वार्तामा आधारित यस पुस्तकमा राजा महेन्द्रले मुलुकमा फैलिएको गरिबीको अन्तका लागि पाकिस्तानमा अयुब खाँले अपनाएको वेसिक डेमोक्रेसी र इन्डोनेशियामा सुकार्नोले अपनाएको गाइडेड डेमोक्रेसी नै विकाशोन्मुख मुलुकले भोग्नुपरेको समस्याको सही समाधान हो भन्ने लागेर अपनाउन पुगेको तर लेखकले ६-१० अक्टोवर १९७३ मा विश्वेश्वरप्रसाद कोइरालासँग बनारसमा गरेको भेटले के देखाएको थियो भने नेपालका लागि राजा र कोइराला दुवै आवश्यक छ भन्ने कुरा सन् १९६० मा अमेरिकी राष्ट्रपति आइजनआवरले समेत भनेको कुरालाई कोइरालाको भनाईमा केन्द्रित छ । कोइरालाको मेलमिलाप नीतिका पछाडि रहेका कुराहरू वुझ्न यसले मद्दत गर्दछ । कोइरालालाई के कुरा थाहा थियो भने उनलाई आफ्नो कमजोरी र राजा बलियो बन्दै गएका कारण पार्टीलाई संगठित बनाउन नसक्नु एकातिर उनको कमजोरी थियो । अर्कोतर्फ नेपाली कांग्रेस राष्ट्र निर्माण गरी सामाजिक विकास गर्न असफल बन्दै गएको थियो । त्यसैले यसका लागि कोइराला एक व्यक्तिले पार्टीमा समाजवादको अगुवाई गर्दैमा कुनै सफलता हासिल हुन सक्ने अवस्था थिएन । पार्टीभित्र बढ्दै गएको कलहले विरोधीहरू सलवलाई  रहेका थिए । नेपालमा  राजनीतिक सङ्कट ल्याउने कारण पहिल्याउन यस पुस्तकको अध्ययनले पनि केही मद्दत गर्ने मैले ठानेको छु ।

*अप्पोजीसनल पोलिटिक्स ईन नेपाल* (नेपालमा प्रतिपक्षीय राजनीति) का लेखक लोकराज बराल हुन् । यसको पहिलो संस्करण सन् १९७७ मा न्यू दिल्लीको अभिनव पब्लिकेशन्सवाट प्रकाशित भएको थियो ।

संसदीय अभ्यासको समाप्तिपछि नेपालको राजनीतिक विकासमा “विपक्षी” लाई कुनै महत्व दिइएन । दलीय व्यवस्थाको सरकार नभएको मुलुकमा विरोधीहरूको अस्तित्व हुन्न् भन्दै लेखकले नेपालमा दलविहीन पञ्चायती व्यवस्था भएरै पनि प्रतिपक्षको वृद्धि हुनबाट यसले रोक्न सकेन, पञ्चायत व्यवस्थामा व्यवस्थाइतर शक्तिका रूपमा विपक्षीको भूमिका थियो भन्ने कुरा

पुष्टि गर्न खोजेका छन् । लेखकले विशेषगरी यस पुस्तकमा पञ्चायतविरोधी राजनीतिक गतिविधिमा केन्द्रित भई ९ शीर्षकमा पुस्तकलाई विभाजन गरेका छन् । कूल दुई सय छपन्न पृष्ठ भएको प्रस्तुत पुस्तकको पहिलो भागमा परिचय, दोस्रोमा परम्परा र इतिहासबीचको वाध्यता, तेस्रोमा पञ्चायती व्यवस्थाको उद्भव, चौंथोमा व्यवस्था बाहिरको प्रतिपक्षी, पाँचौंमा व्यवस्था भित्रकै प्रतिपक्ष, छैंठौंमा प्रतिपक्षका रूपमा व्यवस्थाभित्र देखिएको उग्रवाद, सातौंमा प्रतिपक्षमाथि वाह्य प्रभाव, आठौंमा व्यवस्थाको काम, क्रिया प्रदर्शन र प्रतिपक्ष, नवौं भागमा केही पर्यवेक्षण र त्यसपछिका विकास यसमा समावेश गरिएको छ ।

नेपालको राजनीतिक सङ्कटको अध्ययन गरी प्रजातन्त्रलाई असफल हुनवाट रोक्न यस पुस्तकको अध्ययनले निकै ठूलो मद्दत पुऱ्याउने देखेको छु । पुस्तकमा लेखकले नेपालमा कतिपय व्यक्तिहरूले पंचायती व्यवस्थाको विरोधमा संवैधानिक उपायहरू चालेका र कतिपयले भने असंवैधानिक उपायपनि अवलम्वन गर्न पुगेका थिए । मुलुकमा द्वन्द्व निम्त्याउन पञ्चायती व्यवस्था धेरै मात्रामा जिम्मेवार थियो । त्यस समय राजनीतिक दलहरूलाई अवैध घोषणा गरिएको थियो । प्रतिपक्षीलाई व्यवस्थाभित्र कुनै ठाउँ दिइएको थिएन । व्यवस्थालाई खतरा पुग्ने यस्ता बाहिरी तत्वलाई पञ्चायतले अराष्ट्रिय तत्व भन्ने गर्दथ्यो । यसरी नेपालमा संसद्को विघटनपछि यस्तो किसिमको प्रतिपक्ष जन्मियो । कतिपय अवस्थामा यसले हिंसक र अहिंसक गतिविधि संचालन गरे तापनि त्यस समयको व्यवस्थाप्रति यो भित्री र बाहिरी कुनै रूपमा पनि जिम्मेवार थिएन् ।

राजाको शाही कदमपछि पञ्चायती व्यवस्थामाथि वाह्य र आन्तरिक चुनौती रहिरह्यो । बाह्य चुनौतीको मुख्य उद्देश्य शाही कदम फिर्ता गर्नु रहेको थियो भने आन्तरिक चुनौतीले पञ्चायतीव्यवस्था भित्रै सुधार गर्नु रहेको थियो । संसदीय व्यवस्थालाई प्रतिस्थापन गर्ने राजनीतिक मोडेल आफैंमा विवादास्पद त छँदैछ, राष्ट्रिय पञ्चायतमा वि.सं. २०१९ (सन् १९६३) मा आएका १२५ सदस्यमध्ये ६० प्रतिशत सदस्य सवै नै पूर्व राजनीतिक दलका कार्यकर्ताहरू थिए । गाऊँ पंचायतका ३५ प्रतिशत सदस्य र राष्ट्रिय पञ्चायतका २० प्रतिशत सदस्य नेपाली कांग्रेससँग सम्वन्धित थिए । पंचायतका कतिपय बुद्धिजीवीहरू व्यवस्थाका आलोचक भएपनि संस्थागतरूपमा उक्त व्यवस्थाको प्रतिपक्षमै बस्न भने औपचारिक रूपमा प्रतिबन्ध थियो । कम्युनिष्ट भने त्यस समय फायदाको स्थितिमा रहेका थिए । पंचायती व्यवस्थाप्रति उनीहरूको भूमिका तटस्थ देखिएको थियो । उनीहरूको नेतृत्वमा देखिएको द्वन्द्वको कारण पञ्चायती व्यवस्थालाई प्रभावकारी दवाव दिनसक्ने अवस्था थिएन् । त्यस्तै नेपाली विद्यार्थीको पंचायती व्यवस्थाप्रतिको विपक्षमा उठेको आवाज तत्कालका लागि अर्को एक गम्भीर चुनौती बनेको थियो । पंचायती व्यवस्थामा विद्यार्थी समूदाय "तनाव क्षेत्र" का रूपमा रहेको थियो । जहाँ विद्यार्थीहरूले राजनीतिक मुद्दालाई तत्काल प्रकाशमा ल्याउने गर्दथे ।

*नेपाली पोलिटिक्स: रेट्रोस्पेक्ट एण्ड प्रोस्पेक्ट*का लेखक हृषीकेश शाह हुन् । अक्सफोर्ड युनिभर्सिटि प्रेसबाट सन् १९७८ मा प्रकाशित पुस्तकमा शाहले राष्ट्रनिर्माणका लागि राजनीतिक विकास र आधुनिकीकरण, पञ्चायत व्यवस्थाको संरचना र बनावट, अन्तराष्ट्रिय सम्बन्ध र आन्तरिक नीति जस्ता विषयमा प्रकाश पारेका छन् । पञ्चायती व्यवस्थाको मध्यतिर लेखिएको यस पुस्तकले नेपालमा राष्ट्रनिर्माणको समस्यावारे उल्लेख गरिएको छ । लेखक शाहले राजनीतिक सङ्कटलाई केलाउने क्रममा लुसियन पाइले उल्लेख गरेका सङ्कटहरूको व्याख्या त्यस बेलाको व्यवस्थालाई जोडेर गरेको देखिन्छ । गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल राज्यको एकीकरणपछि पनि तराईवासीहरूका लागि आफ्नै सरकारसँग उपत्यका आउन अनुमति चाहिने र सेनामा प्रवेश नदिइएका जस्ता विषयलाई लिएर परिचयको सङ्कट देखाइएको छ । यस्तैगरी एकीकरणदेखि नै शासनको वैधता तरबार भएको, राणाहरूले पनि तरबारबाटै कोतपर्व गरी सत्ता हत्याएको र सन् १९५१ देखि ६० का बीचमा प्रजातान्त्रिक अवधारणालाई वैधानिकता दिलाउने प्रयास हुन नसकेको धारणा उनले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । त्यस्तै पञ्चायतको समयमा राजाले जनतासँग प्रत्यक्ष सम्पर्क राख्न देश दर्शन गरेर पञ्चायतका सूचनाहरू जनतासमक्ष प्रवाह गरी दलले गर्ने भूमिका राजाले गरेका थिए । दलहरूको अभावमा विकास प्रयासहरू जनतासँग पुऱ्याउन नसकिने भएकाले पञ्चायतमाथि यसको दवाव रहिरहेको थियो ।

सन् १९५१ पछिका वर्षहरूमा नेपालले राष्ट्र निर्माण र आधुनिकीकरणका लागि जुन समस्याहरू देख्यो त्यसलाई उनले सङ्कटका रूपमा केलाएका छन् । ती सङ्कटहरूमा विशेष गरी परिचय, वैधानिकता, सहभागिता, एकीकरण, वितरण आदि थिए । केन्द्र सरकार पूर्ण रूपले वस्तु र सेवा वितरण गर्न असफल सावित भएको थियो । सयौं वर्षदेखि मुलुकको शासन सत्तामा केही व्यक्तिहरूको मात्र हाली मुहाली हुने गरी केन्द्रीय सरकार चलाउने गरिएको लेखकले उल्लेख गरेका छन् ।

अर्कोतिर दलहरूको संगठित समर्थनको अभावमा राजतन्त्र निसहाय जस्तो वनेको थियो । तर राजा महेन्द्रले दलहरूलाई पाखा लाउने रणनीति अनुसार राष्ट्र निर्माणका लागि राजनीतिक प्रकियामा भन्दा प्रशासनिक दृष्टिकोणलाई अगाडि सारेर पञ्चायती व्यवस्थामा कहिल्यै चुनौती आउन नसक्ने बनाए । त्यस्तै पञ्चायत व्यवस्थाले विकासको आधा वजेट काठमाडौंमा खर्च गरी वस्तुहरूको समान वितरण गर्न नसकेकाले वितरणको स्थितिमा पनि सङ्कट देखिएको लेखकको विचार छ । हुनत यस पुस्तकमा ०४६ सालको जनआन्दोलनपछिका विषयवस्तुलाई समेटन नसके तापनि यसले राजनीतिक दलहरूको अभावमा पञ्चायती व्यवस्थामा देखिएका सङ्कटहरूलाई लेखकले केलाउन खोजेको देखिन्छ । यसबाट नेपालमा विगत पाँच दशक देखि नै पटक पटक राजनीतिक सङ्कट आई प्रजातन्त्रका लागि चुनौती रहेको विषयहरूका बारेमा अध्ययन गर्न मद्दत लिइएको छ ।

यसै गरी लेखककै अर्को पुस्तक *पोलिटिक्स ईन नेपाल १९८०-१९९१: रेफरेन्डम, स्टलमेट एण्ड ट्रम्फ अफ पीपुल पावर*। यसमा लेखकले विशेष गरी नेपालको राजतन्त्रमाथि प्रकाश पार्दै जनमत संग्रह र तेस्रो पञ्चायती संवैधानिक सुधारका विषयमा उल्लेख गरेका छन् । पञ्चायती व्यवस्थाले सन् १९८१ र १९८६ मा गरेको चुनाव, नेपालको शान्ति क्षेत्रका बारेमा पनि प्रकाश पारेका छन् । लेखकले अप्रिल, १९९० अघि देशको मानव अधिकार स्थिति र प्रजातन्त्र पुनः प्राप्ति र मानव अधिकार वहालीका लागि भएका विषयमा पनि प्रकाश पार्न खोजेका छन् । त्यस समयमा राजा वीरेन्द्रले जब शासन सत्ता सम्हालेका थिए उनले जाँचबुझ केन्द्रको हतियार प्रयोग गरेर विरोधीहरूलाई दवाउन इरानका शाहले अपनाए जस्तै नीति प्रयोग गर्न पुगेका थिए । यस लेखले अनुसन्धानको विषयमा अगाडि बढ्न प्रशस्त बाटो खोल्ने छ । जे होस् यस पुस्तकले तत्कालीन राजनीतिक परिस्थिति के कस्तो थियो भन्ने अध्ययन गर्न सहयोग गरेको छ ।

ध्रुव कुमारले सम्पादन गरेका स्टेट लिडरसीप एण्ड पोलिटिक्स इन नेपाल (१९९५) र डोमेस्टिक कन्फिल्क्ट एण्ड क्राइसिस अफ गभर्नाविलिटी इन नेपाल (२000) पुस्तकहरू त्रिभुवन विश्वविद्यालय अन्तर्गतको नेपाल तथा एशियाली अनुसन्धान केन्द्र (CNAS) ले आयोजना गरेका गोष्ठीमा प्रस्तुत लेखहरू संपादन सहितका संगाला हुन् । यी दुवै पुस्तकहरूले २०४६ सालपछि नेपालको राजनीतिक संङ्क्रमण र संसदीय लोकतान्त्रिक अभ्यासका विभिन्न पक्षहरू वुझ्न सहयोग गर्छ ।

संपादक ध्रुव कुमारको *स्टेट, लिडरसिप एण्ड पोलिटिक्स: ए प्रिलिमिनरी नोट अन ट्रान्जिसन* लेखमा गिरिजाप्रसाद कोइरालाले वि.सं. २०४८ को निर्वाचनमा विजयी बनेपछि अत्यधिक शक्ति पाए तर पार्टी समर्थनको अभावमा नेतृत्व असफल बन्न पुग्यो । नेतृत्व असफल हुन पुगेपछि सत्तारुढ दलभित्रै चाहनाहरूको ध्रुवीकरण हुन थाल्यो । नेपाली कांग्रेसको ३ वर्षकै अवधिमा नेतृत्वले पार्टीलाई प्रतिरोध गर्न नसकिने स्थितिमा पुऱ्यायो । यसले प्रजातन्त्रलाई केही सीमित वर्गको फाइदाका लागि छोडेर मुलुकलाई कमजोर बनाउन पुग्यो । प्रजातन्त्रको मूल आधारमा जान नेपाली कांग्रेसले केही नैतिक उदाहरण समाजलाई दिन सक्नुपर्थ्यो भन्ने कुराहरू उल्लेख गरेका छन् । यसका लागि लेखकले सिंगापुरका नेता ली क्वान यूको उदाहरणले भ्रष्टाचार उन्मूलन र उच्च मर्यादा कायम गर्नका लागि प्रेरणादायी भूमिका निभाएको थियो । तर, छोटो समयमा नै नेपाली कांग्रेसको नेतृत्वले आफूले पाएको मर्यादा गुमाएको औंल्याएका छन् ।

पुस्तकमा समावेश अन्य लेखहरूमध्ये लोकराज वरालले प्रजातन्त्र र राष्ट्र निर्माणका सन्दर्भमा नेतृत्वको भूमिका विषयमा केन्द्रित छ । आफ्नो लेखमा उनले २०४६ सालदेखि २०५१ सालसम्मको अवधिलाई अन्तरवलोकन अर्थात् नेपाली राजनीतिका हरेक पात्रहरूको पुनरवलोकन

गर्नुपर्ने स्थिति देखा परेको उल्लेख गरेका छन् । राजनीतिक पार्टीमा लोकतान्त्रीकरण नभएसम्म राष्ट्रनिर्माण सम्भव नहुने कुरा उनको निचोड छ ।

यसै गरी कृष्ण खनालले राजनीति र शासन प्रक्रियामा नेतृत्वको भूमिकालाई विश्लेषण गरेका छन् । उनले वि.सं. २०४६ सालको आन्दोलनपछि नेपालका राजनीतिक दलहरूले वैधानिकता पाउन सकेको भए पनि मुलुकको राजनीतिक व्यवस्थामा व्यापक पुनःसंरचना गर्नुपर्ने खाँचो देखाएका छन् । मुलुकले विगत ३ वर्षमा विशेषगरी सत्तारुढ राजनीतिक दलभित्रकै कारण तिनको साख गिरेको र नेपाली कांग्रेस अझै संवेदनशील हुन नसकेको उल्लेख गरेका छन् । नेपाली कांग्रेसको साख गिर्नु भनेको निर्वाचन परिणामलाई लिएर मात्र हेर्ने होइन यसले मुलुकको समग्र लोकतान्त्रिक स्थायित्वमा असर पार्ने कुरा औंल्याउँदै सङ्कट निवारणका लागि नेपाली कांग्रेसको नेतृत्वले यसको पुनर्मूल्यांकन गरी भविष्यका लागि मार्ग निर्देश गर्नु पर्ने उल्लेख गरेका छन् ।

कृष्ण हाच्छेथुले प्रधानमन्त्रीको पदीय संस्था र अधिकारमा आएका परिवर्तनहरूलाई विश्लेषण गरेका छन् । अन्य लेखहरूमा हिरण्यलाल श्रेष्ठले प्रमुख विपक्षीका रूपमा नेकपा ( एमाले) को भूमिका, देवराज दाहालले स्वशासन र नागरिक समाज, कृष्ण भट्टचनले नेपालमा विकसित हुँदो जातीय राजनीति, डिल्लीराम दाहालले अल्पसंख्यकको राजनीति, स्टेफीन तावा लामाले महिला राजनीतिक सहभागिता र पुरुषोत्तम सुवेदीले नेपाली प्रशासन लगायतका विषयहरूमा गम्भीर विश्लेषण गरिएको छ ।

नेपाल र एशियाली अनुसन्धान केन्द्रबाटै प्रकाशित अर्को पुस्तक ध्रुवकुमारद्वारा सम्पादित गरिएको *डोमेस्टिक कन्फ्लिक्ट एण्ड क्राइसिस अफ गभर्नावीलीटी ईन नेपाल*को सम्पादित लेखमा नेपालको प्रजातन्त्रमा आएका चुनौती जस्ता विषयमा प्रकाश पारिएको छ । सन् २००० मा प्रकाशित उक्त पुस्तकमा लेखकले नेपालको प्रजातन्त्रको क्रम विश्वमा १२० औं लहरमा पुगेको देखाएका छन् ।

लेखक भन्छन् ३ वटा राष्ट्रिय आम निर्वाचन भइसक्दा पनि यो देश अझै पनि प्रजातन्त्रको  सङ्क्रमणकै चरणबाट गुज्रिरहेको छ । प्रजातन्त्रको प्रयोगमा नेपालभित्र १० वर्षमा १० सरकार फेरिएको बताउंदै नेपाली कांग्रेसका दुई शक्तिशाली नेतामध्येमा गिरिजाप्रसादले कृष्ण प्रसादलाई अक्षमताको आरोप लगाई बलपूर्वक निकालेका जस्ता विषयमा समेत प्रकाश पारिएको छ ।

यसैगरी उनले नेपालको घरेलु द्वन्द्वबाट शासनमा सङ्कट देखिएको र यसैको कारण देश गरिवी र माओवादीको चपेटामा परेको यथार्थलाई प्रस्तुत पुस्तकमा आफ्नो लेख मार्फत व्यक्त

गरेका छन् । नेतृत्व पंक्ति देशमा देखापरेका चुनौतीको समाधान गर्न सक्षम हुन नसकेको उनको धारणा रहेको छ । देश राजनीतिक अस्थिरता र संकटमा फस्दै गएको, प्रजातन्त्र अनुकूल कुनै पनि संस्थाहरू चल्न नसकेको, दलहरूले स्थायित्व दिन नसकेका जस्ता विषय र माओवादीका कारण सरकार काम गर्न नसक्ने स्थितिमा पुगेको जस्ता विषयलाई उनले आफ्नो लेखमा व्यक्त गरेका छन् ।

सोही पुस्तकमा समावेश अन्य विषयहरूमध्ये लोकराज वरालले राजनीतिक एलिटहरूमा विद्यमान मूल्यको द्वन्द्व, कृष्ण हाच्छेथुले राजनीतिक दलहरू, डिल्लीराम दाहालले एलिट संरचना, कृष्ण भट्टचनले जातीय आन्दोलन, पञ्चनारायण महर्जनले माओवादी विद्रोह र कपिल श्रेष्ठले मानव अधिकारको आयामवाट नेपालको शासकिय संकटलाई केलाउने प्रयत्न गरेका छन् ।

यसै गरी पुस्तकले समेटेका अन्य विषयहरूमा सुमन शर्माले नेपालको परनिर्भरता, दीपक ज्ञवाली र अजय दीक्षितले महाकाली सन्धि आदि छन् । यी विविध पक्षहरूको समीक्षा गर्दै पुस्तकका सम्पादक ध्रुवकुमारले "व्हाट एल्स डेमोक्र्यासी इन नेपाल ?" शीर्षकमा विस्तृत व्याख्या गर्न पुगेका छन् ।

देवेन्द्र राज पाण्डेले लेखेको *नेपाल्स फेल्ड डभलोपमेण्ट: रिफ्लेक्सन अन द मिसन एण्ड द मलाडीज,* (नेपाल साउथ एशिया सेण्टर, काठमाडौं सन् १९९९), मा निर्वाचनको संस्कार पूरा गरेर मात्र प्रजातन्त्रले वहुसंख्यक गरीबहरूको समस्या समाधान गर्न सक्दैन भन्ने निचोड निकालेका छन् । पांच दशकको अथक विकास प्रयासपछि पनि नेपाल सबैभन्दा गरिव देशकै रूपमा रहेको छ । लेखक भन्छन्–'भूपरिवेष्ठित नेपालको अवस्था नै विकासको ठूलो वाधा वनेको छ ।' उक्त पुस्तकको भूमिकामा डा. हर्क गुरुङ्ग लेख्छन्–"योजना केवल वार्षिक श्राद्ध गरे जस्तो भएको छ । विकेन्द्रीकरणको नारा काठमाडौं केन्द्रित सत्ताले असफल बनाइदिएको छ । यहाँ वातावरणीय एजेण्डा, संरक्षणका एजेण्डा भने वाह्य सहयोगको महत्वपूर्ण हिस्सा बन्न सक्छ ।"

पहिलो भागको शीर्षक "व्हाई फेल्ड डेभलोपमेण्ट ?" भनी असफल नेतृत्वले अरुलाई आरोप लगाउन पऱ्यो भने आफू पन्छिनलाई अशिक्षित र राजनीतिक रूपमा चेतना शून्य जमातलाई नै देखाउने गर्दछ । जुनसुकै समाज समस्याबाट अलग्गिएर बस्न सक्दैन । हरेक समाजमा समस्या रही नै रहेको हुन्छ भन्ने लेखकको धारणा रहेको छ । त्यसैले "असफल विकास" लाई झुट्ठा प्रतिवेदन दिएर सत्य वनाउन सकिंदैन । गोएबल्सको विचारलाई नेपालमा दोहोऱ्याउनु आवश्यक छैन । लेखक भन्छन् 'विकास' भन्ने शब्द यहाँ खुवै विक्रि भएको पाइन्छ । तर पनि नेपालले सामाजिक आर्थिक एजेण्डालाई उत्पादकत्वमा बदल्न सकेन ? समाजको व्यापक तह र तप्कामा यहाँ प्रतिपादित व्यवस्थाले अन्याय गरेको छ । यसले उल्टो विचारलाई मात्र जोड दिएको पाइन्छ । माओवाद के त्यही असफल विकासकै उपज हैन ? लेखक भन्छन् ।

भाग–५ को *पोलिटिकल इन्भायरोमेण्ट एण्ड डेभलोपमेण्ट*को मूल शीर्षकअन्तर्गत "द पोलिटिकल पार्टीज" विषय शीर्षकमा लेखकले सन् १९९० को जनआन्दोलनलाई राजनीतिक संघर्षका रूपमा लिएका छन् । राजनीतिक दलहरूले मुलुकलाई विकासको बाटोमा डोऱ्याउन सकियोस् भन्ने चाहना राखेका थिए । दलहरूले जनतालाई राजनीतिक संस्कृतिको विकास गराउन सक्नु पर्थ्यो तर त्यो संभव हुन सकेन् । राष्ट्रिय एजेण्डाका विषयमा निर्णय लिने दलहरू भूमिका र दायित्वमा अनभिज्ञ बनेका छन् । लेखकले यसलाई मूल्यको सङ्कट र नेतृत्वको सङ्कटका रूपमा लिएका छन् । दलका नेताहरूले आफ्नो विगत इतिहासलाई भजाउन थाले । गलत प्रक्रियाहरू वढ्दै गए । अपवित्र गठबन्धनका कारण राजनीतिक दलहरूमा अस्तित्वको सङ्कट देखा पर्दै गयो । दलभित्र आन्तरिक र वाह्य फूटहरू वढ्दै गए र परिणाम प्रजातन्त्र कमजोर बन्दै गयो भनी लेखक बताउँछन् ।

*व्लड एगेन्स्ट द स्नोजः द ट्रेजिक स्टोरी अफ नेपाल्स रायल डाइनेस्टि*का लेखक जोनाथन ग्रेगसन हुन् । यो पुस्तक हार्पर कोलिन्स पव्लिसर्स, न्यू दिल्लीबाट सन् २००२ मा प्रकाशित भएको थियो ।

प्रस्तुत पुस्तक नेपालको राजदरबार हत्याकाण्डका विषयमा कुनै पनि विदेशीले विस्तृत रूपमा लेखिएको एक महत्वपूर्ण कृति हो । पुस्तकलाई विभिन्न १५ विषयमा लेखकले विभाजन गरेका छन् । त्यसमध्येमा 'द साउण्डस अफ साइलेन्स' मा लेखकले २०५८ जेठ १९ अर्थात् जुन १, २००१ को शुक्रवारको घटनापछि नेपाल अधिराज्य राजाविहीन रह्यो । 'राजा मर्छन्, तर राजा चिरायु रहन्छन्' भन्ने मान्यता विपरीत राजा वीरेन्द्रको मृत्यु भएको औपचारिक घटनापछि पनि नेपाल अधिराज्यमा उत्तराधिकारी घोषणा हुन सकेको थिएन् । लगभग अढाइसय दशकको इतिहासमा राजगद्दी खाली भएको संभवतः नेपालका लागि यो नै पहिलो घटना थियो । पितृ हत्या, मातृ हत्या, भातृ हत्या, वंश हत्या गर्न पुगेका युवराजलाई के नेपालको राजा घोषित गर्न मिल्छ भनी लेखक प्रश्न गर्छन् ।

'लेड टू रेष्ट' मा लेखक राजदरबार हत्याकाण्ड पछाडि त्यहाँ ठूलो षडयन्त्रको गन्ध रहेको वताउँदै सङ्कटको त्यस घडीमा अन्यौल, असन्तोष र अक्षमताले जरो गाडेको वताउँछन् । २६४ पृष्ठ लामो नारायणहिटी राजदरवारको २०५८ जेठ १९ को घटना सम्बन्धमा तथ्य जाहेर गर्न गठित उच्चस्तरीय समितिले जाहेर गरेको प्रतिवेदनमा दुर्घटनाको रात नारायणहिटी दरवारभित्र के के भएको थियो त्यो मात्र देखाउने प्रयास भयो । किन त्यस्ता जघन्य घटनाहरू दरवारभित्र भए ? कसरी यस्तो जघन्य घटना हुन दिइयो प्रतिवेदनले यस विषयमा व्याख्या गर्न कुनै चासो देखाएन भनी लेखक भन्छन् । घटनाको समयमा प्रत्यक्षदर्शी बनेका शाही परिवारका १३ सदस्यहरूले दिएको वयानमा सबै घटनाको दोषी केवल दीपेन्द्रलाई मात्र देखाइएको छ । हत्या

गरिएको राजपरिवारहरूको पोष्टमार्टम र अन्य विधि विज्ञानसम्बन्धी फरेन्सिक परीक्षण जलाउनु अघि गरिएन भनी लेखकले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । साथै यस सम्बन्धमा लेखकले बेलायती विदेश मन्त्रालयबाट स्कटल्याण्ड यार्डका दक्ष प्राविधिक सहयोग नेपाललाई दिन तयार हुँदा समेत उसले यो सहयोग लिन अस्वीकार गरेको वताएका छन् ।

यस्तै गरी 'ए न्यु मोडेल मोनार्की' मा लेखक भन्छन् ५० वर्ष अघि राजमुकुट पहिरिंदा पनि राजा ज्ञानेन्द्र शाही परिवारको एक मात्र पुरुष प्रतिनिधित्व थिए । पहिलो शासन सत्ता जम्मा ३ महिना चलेको थियो । राणा शासनको वैधानिकता ज्ञानेन्द्रको श्रीपेच पहिरनबाट हुन पुगेको थियो । २०५८ जेठ १९ को घटनापछि पनि ज्ञानेन्द्र र पारस नै शाही परिवारमा बाँचेका जीवित पुरुष व्यक्तिहरू थिए । लेखक भन्छन् कतिपय नेपालीहरूलाई नयाँ राजा स्वीकार्न धेरै समय लागेको थियो । एकातिर नयाँ राजालाई वीरेन्द्रभन्दा अनुदारवादको रूपमा चित्रण गरिएको थियो । धेरैको अनुमान राजा ज्ञानेन्द्रबाट नेपालमा ल्याइएको संसदीय व्यवस्थालाई खारेज गरी प्रत्यक्ष शासन हुनेछ । जुन यस अघि उनका वुवाबाट भएको थियो । उनका वारेमा वर्तमान राजा बहुदलीय शासन व्यवस्थाका घोर विरोधी हुन् भन्ने अफवाह फैलाइएको थियो । कारण उनले सन् १९९० मा प्रतिपादन गरिएको शासन व्यवस्थाको विरोध गरेका छन् । लेखक भन्छन् यही कारण कतिपय नेपालीहरूमा अझै पनि राजालाई 'प्रो-पिपुल' भन्दा 'प्रो-विजिनेश' को भान परेको थियो । दरवार हत्याकाण्डको विषय समेटिएको यस पुस्तकले नेपालको दरवार, संकटको लागि कसरी जिम्मेवार रहेको भन्ने देखाएको छ ।

*कन्फ्लिक्ट, ह्युमन राइट्स एण्ड पीस च्यालेन्ज्स विफोर नेपाल* नामक पुस्तक नेशनल ह्युमन राइट्स कमिसन, हरिहरभवनबाट सन् २००३ मा प्रकाशित भएको र सम्पादन विपिन अधिकारीले गर्नु भएको छ ।

'ह्युमन राइट्स ईन द नाइन्टीजः लेसन्स फ्रम ए डिकेड अफ डिमोक्रेटाइजेशन एण्ड डेभलोपमेण्ट' मा लेखक भन्छन् प्राचीन ग्रीसका वासीहरू प्रजातन्त्रदेखि डराउँदथे किनकि कतै भिडतन्त्रले पो शासन गर्ने होकि भनेर तिनीहरूलाई डर थियो । लेखक भन्छन्-अहिले कतै हामीले पाएको स्वतन्त्रता नै गुम्ने पो होकि भनेर हामीहरू आफूलाई प्राप्त स्वतन्त्रताबाट तर्सिन परिरहेको छ । किनकी स्वतन्त्रताले दिएका वस्तुहरूलाई हामीले पर्याप्त रूपमा प्रयोग गर्न असफल भयौं । नेपाली समाज अहिलेसम्म व्यवस्थित हुन सकेको छैन । गुरिल्ला गतिविधि, व्यापक राजनीतिक ध्रुवीकरण, अनियमित आर्थिक सङ्कट आदिकै कारण नेताहरूलाई सेनाले समेत स्वीकार गर्न तयार भएन । अर्कातिर सेना यी सबै कारणबाट शक्ति लिन अघि बढ्दै गएको उनको विश्लेषण थियो । राजाको असोजको घटनाले यो विश्लेषण केही हदसम्म मिल्न पनि पुगेको छ ।

यस पुस्तकमा माओवादीद्वारा सञ्चालन गरेको सशस्त्र द्वन्द्वकालमा अति दुर्गम र पहाडी भेगमा वसोवास गर्ने ग्रामीण भेगका जनताहरूलाई कर्फ्यु, बारुदी सुरुङ्ग, सर्च अप्रेसन, मुठभेड आदिमा मारिने सन्त्रास रहिरहेको कुरा लेखकले चित्रण गरेका छन । अर्को कुरा जनताहरू आफ्नो जीवन रक्षा र बाँच्ने आधारका लागि सुरक्षित हुन शहर पसिरहेका थिए । वास्तवमा माओवादी आक्रमण तीव्र भएपछि गाउँमा माओवादी र शहरमा मात्र सरकारको उपस्थिति देखिएको यथार्थलाई लेखकले पुष्टि गरेका छन् । तर यसमा लेखकले नेपालको राजनीतिक सङ्कटलाई केलाउन भने सकेका छैनन् ।

सङ्कटको क्रममा द्वन्द्व चौतर्फी रूपमा देखा परिरहेको वितेका घटनाहरूलाई उजागर गर्नेक्रममा लेखकले देखाएका छन् । शरणार्थी समस्या, जातीय विवाद, औद्योगिक विवाद, चुनावीय समस्याहरू, भूमण्डलीकरणका समस्याहरू, सीमा समस्या, आप्रवासी समस्या, पारवहन समस्या, राष्ट्रिय सुरक्षा आदिलाई एउटै फ्रन्टबाट मुकाविला गर्न नसकिने भएको छ । नागरिकहरूलाई वेपत्ता पार्ने कार्यदेखि लिएर माओवादीबाट अपहरण हुन पुगेकाहरूको संख्या तीव्र रूपमा बढदै गएको लेखक वताउँछन् । यस अवधिमा जीवनको अधिकार, व्यक्तिगत सुरक्षाको विषयमा निष्पक्ष सुनुवाई, शिक्षाको अधिकार, समुन्नत जीवन जिउन पाउने अधिकार, भोकबाट मुक्ति, डरबाट मुक्ति, विचारको अभिव्यक्ति, निर्वाध आवागमन र वसोवासको अधिकार, आमा-बालवालिका तथा अल्पसंख्यक दलित जनजाति र शरणार्थीका विषयमा थुप्रै कामहरू भएको बताउँछन् । तर यस पुस्तकमा नेपालको राजनीतिक संकटलाई नै औंल्याइएको छ ।

*पार्टी बिल्डीङ्ग ईन नेपाल अर्गनाइजेशन, लिडरशिप एण्ड पिपुल ए कम्परेटिभ स्टडी अफ द नेपाली कांग्रेस एण्ड द कम्युनिष्ट पार्टी अफ नेपाल (युनिफाईड मार्क्सिष्ट लेनिनीष्ट)* का लेखक कृष्ण हाछेथु हुन् । मण्डला बुक प्वाइण्ट, काठमाडौंद्वारा प्रकाशित उक्त पुस्तकले सन् १९९०-९५ बीचको अवधिलाई अध्ययनको केन्द्रविन्दु मानेको पाइन्छ ।

पीएच्. डी उपाधिका लागि तयार गरिएको शोधको विस्तृत रूप मै यस पुस्तकलाई लिन सकिन्छ । दलीय राजनीतिको पुनस्थापनाका रूपमा सन् १९९० को जनआन्दोलनलाई लेखकले कोसेढुंगाका रूपमा व्यक्त गरेका छन् । नेपालको राजनीतिमा उनले सन् १९९०-९५ को अवधिलाई दलहरूको निर्णायक भूमिकाका रूपमा उल्लेख गरेका छन् । यसै क्रममा लेखकले नेपालको राजनीतिमा प्रभावकारी भूमिका खेल्दै आएका दुई प्रमुख दल नेपाली कांग्रेस र नेकपा (एमाले) को विस्तृत ऐतिहासिक विवरण दिएका छन् । उनले सात दशक लामो नेपाली राजनीतिक दलहरूको विकासक्रमलाई व्याख्या गर्दा राणाकालीन समयदेखि नै उल्लेख गरेका छन् ।

लेखकले नेपाली कांग्रेस र नेकपा (एमाले) को तल्लो तहदेखि माथिल्लो तहसम्मको सम्पूर्ण पक्षको विस्तृत व्याख्या गरेका छन् । त्यस व्याख्यामा ठूला दलहरू प्रतिवन्धित अवस्थाबाट मुक्त भएपछि तिनले आफूलाई एक सशक्त दलको रूपमा लिएको, सन् १९९० को परिवर्तित राजनीतिक परिवर्तनपछि यी दलका नेता तथा कार्यकर्ताहरूलाई दलभित्रकै आन्तरिक प्रतिद्वन्द्विताबाट सवल र सक्षम रूपमा उभिनुपर्ने वाध्यता आइपरेको, चुनौतीलाई स्विकार्न नसक्ने नेता तथा कार्यकर्ताहरू पछाडि पर्ने कारणले गर्दा यहीबाट दलहरूभित्र प्रतिस्पर्धाको विकास भएको र प्रतिस्पर्धाका क्रममा स्वार्थ बाझेकै कारण द्वन्द्वको पनि सुरुवात भएको कुरा लेखकले बताएका छन् । यसले गर्दा राजनीतिक दलहरूलाई प्रतिवन्धको अवस्थामा भन्दा झन खुल्ला अवस्थामा वढी चुनौतीको सामना गर्नु परेको देखिन्छ । प्रजातन्त्र प्राप्तिपछि दलहरूलाई कार्यकर्तामुखीभन्दा जनमुखी हुनुपर्ने वाध्यताका कारण तिनको उत्तरदायित्व झन् झन् बढ्दै गएको लेखकले उल्लेख गरेका छन् ।

नेपालका राजनीतिक दलहरूलाई संसद्बाट सडकमा ओर्लनु पर्ने दिन पनि आउनसक्ला भन्ने पूर्वानुमान त्यस समय लेखकले गर्न सकेका छैनन् । न त उनले राजनीतिक दलहरूको सत्ता कव्जामात्र गर्ने प्रयासका सन्दर्भमा नै ध्यान दिएका छन् । पछिल्ला दिनहरूमा साना दलहरूसँग पनि सहकार्य हुन सकेका घटनालाई उनले लेखमा स्थान दिएका छैनन् । ठूला दलको मात्र वकालत गर्न पुग्नाले लेखक देशको राजनीतिक अस्थिरतातर्फ यिनलाई चोख्याउन पुगेका छन् । प्रजातन्त्र प्राप्तिपछि देशमा जुन अस्थिरताको वीजारोपण भयो त्यसमा ठूला दलहरूको सर्वोच्चताको अहं कम जिम्मेवार छैन । नेपालको राजनीतिक सङ्कटको सम्पूर्ण कारण यिनै दुई राजनीतिक दलको वरिपरिमात्र केन्द्रित छ भन्ने लेखकको आशय छ तर बेग्लै शक्तिका रूपमा विगत अढाइ दशक जति अघिबाट उदीयमान 'माओवादी' शक्तिलाई लेखकले त्यति महत्व दिन सकेका छैनन् ।

*पिपुल पोलिटीक्स एण्ड आइडियोलोजीः डेमोक्र्यासी एण्ड सोशियल चेन्ज ईन नेपाल* नामक पुस्तक मार्टीन होफ्टून, विलियम राइपर र जोन व्हिल्टनद्वारा लेखिएको थियो । उक्त पुस्तक मण्डला बुक प्वाइण्ट, काठमाडौंबाट सन् १९९९ मा प्रकाशित भएको थियो ।

भारतमा १९ औं शताव्दीमा नै सुरु भैसकेको विकास नेपालमा निकैपछि २० औं शताव्दीको मध्यबाट भएको लेखक बताउँछन् । सन् १९५० ताका विश्वमा प्रजातन्त्रको लहर आउनुका साथै कतिपय विश्वले उपनिवेशवादको विरोध गर्दै साम्यवादलाई पछ्याएको पाइन्छ । जव नेपालमा सन् १९५०।५१ को क्रान्तिपछि प्रजातन्त्र ल्याइएको थियो, त्यसलाई लेखकले बाहिरी विश्वबाट लादिएको प्रजातन्त्र भनी आफ्नो भूमिकामा बताएका छन् । चार दशकपछि

नेपालमा भएको जनआन्दोलनमा भने विदेशी हस्तक्षेप नभएको तर नेपालीहरूले नै संचालन गरेको आन्दोलन थियो भनी उनले भूमिकामा उल्लेख गरेको पाइन्छ ।

प्रस्तुत पुस्तकमा लेखकले सन् १९५०।५१ मा ल्याइएको प्रजातन्त्रलाई बाहिरबाट लादिएको भनी गरिएको व्याख्या सही देखिँदैन । नेपालमा प्रजातन्त्रका लागि १९५० भन्दा अघि पनि कतिपय दलहरूले प्रयास गरेका थिए तर त्यसलाई लेखकले केलाउन सकेका छैनन् । त्यस्तै लेखकले दोस्रो चरणको प्रजातन्त्रको विकासलाई क्रमिक आधुनिकीकरण भनी उल्लेख गरेका छन् । यस अवधिभित्र विभिन्न प्रकारका प्रजातन्त्रहरूको परीक्षण र असफलता 'ट्रायल एण्ड फेलर' भयो भनी लेखक बताउँछन् । यसमा उनले संसदीय प्रजातन्त्रको अवधि र पंचायती अवधिसमेतलाई एकै दृष्टिबाट हेर्न खोजेका छन् । पञ्चायतले क्रमिक आधुनिकीकरणतर्फ देशलाई न लान सक्यो न त आधुनिकीकरणको पूर्वाधार दिन नै सक्यो ।

आठ भागमा विभाजित उल्लिखित पुस्तकको पहिलो भागमा एकलकांटे नीतिको अन्त्य र क्रान्तिपछि सन् १९५५ सम्मको घटनाहरूलाई विभिन्न सन्दर्भ सामग्रीहरू दिएर यसलाई आधिकारिकता दिन खोजिएको छ । भाग २ मा प्रजातन्त्रको उतार चढावको उल्लेख गर्दै लेखकहरूले त्यसमा पनि राजनीतिक आधुनिकीकरण, राजाबाट पुरानै सत्ता पुनःस्थापना गर्न खोजेको, जनमत संग्रह र त्यसपछि पनि व्यवस्थामा आइरहेको वैचारिक द्वन्द्वलाई यस भागमा केलाइएको छ । भाग ३ मा जनआन्दोलन, त्यसले पारेको प्रभाव, अन्तरिम सरकारलगायत सन् १९९१ को आम निर्वाचनका बारेमा प्रकाश पारिएको छ । भाग ४ मा निर्वाचित सरकारका वारेमा वर्णन गरिएको छ । नेपाली कांग्रेस सत्तामा रहंदा सन् १९९१ देखि १९९४ सम्मको विवेचना, त्यसपछि सन् १९९४-९५ मा नेकपा (एमाले) को ९ महिने सरकारलगायत विभिन्न समयमा गठित सर्वदलीय सरकारका विषयमा उल्लेख गरिएको छ । भाग ५ मा प्रजातान्त्रिक मूल्य र मान्यता अन्तर्गत प्राचीन नेपाली समाजका विषयमा टिप्पणी गर्ने क्रममा लेखकद्वारा सामाजिक परिवर्तन र विचारधारा, वामपन्थी घटना आदिका बारेमा उल्लेख गरिएको पाइन्छ । यस क्रममा देशभित्र चलेको सामाजिक लहरको पनि उल्लेख गरिएको पाइन्छ । भाग ६ मा नेपालमा बाहिरी विश्वको प्रभाव, भारत र चीनको प्रभाव, पश्चिमी दृष्टिकोण आदिको उल्लेख भएको छ ।

पुस्तकको सातौं भागमा 'द मोनार्की एण्ड कन्स्टिच्युसनल डेभलोपमेण्ट' अन्तर्गत लेखक भन्दछन् आधुनिक समयको नेपाली राजनीतिको मुख्य स्रोत भनेकै राजा हुन् । सन् १९५१ पछिको राजतन्त्र नेपालमा जहिले पनि महत्वपूर्ण भूमिका लिएर बसेको छ । नेपालमा जति पनि आन्दोलनहरू घटे ती सबैमा राजतन्त्र कुनै न कुनै रूपमा संलग्न रहेको पाइन्छ । जनआन्दोलन सन् १९९० को मुख्य उद्देश्य दरबारिया शासनको अन्त गर्नु रहेको थियो । प्रजातन्त्र प्राप्तिको

आन्दोलन वास्तवमा दरवार विरुद्ध केन्द्रित थियो । किनकि यस अघि हरक्षेत्रमा दरवारको शासन चलिरहेको थियो । नेपालका बारेमा केही कुरा लेख्नु अघि राजदरवारका बारेमा नलेखी सुखै छैन भनी लेखकले बताएका छन् ।

*माओइष्ट इन्सरजेन्सी ईन नेपालः द च्यालेन्ज एण्ड द रेस्पोन्स*का लेखक एस.डी. मुनी हुन् । उनले नेपालका माओवादीहरू भारत सरकारका लागि पनि सुरक्षाको गम्भीर चुनौती बनेको उल्लेख गरेका छन् । माओवादीका कारण नेपालमा वढ्दै गएको अस्थिरताले बाह्य हस्तक्षेप हुनसक्ने संभावनालाई उनले आफ्नो लेखमा व्यक्त गरेका छन् । लेखकले नेपालका माओवादीहरूबाट भारतका विभिन्न आतङ्कवादी संगठनहरूसँग हातहतियार खरिद भएको वताउँदै उक्त पुस्तकमा माओवादीले संचालन गरेको ७ वर्षका घटनाहरूको पूर्ण युद्ध “टोटल वार” को समेत उल्लेख गरेका छन् । भारतले माओवादीहरूलाई आतङ्ककारीका रूपमा हेर्ने गरेका विवरणहरू लेखकले आफ्नो पुस्तकमा प्रस्तुत गरेका छन् । नेपालको असफल शासन व्यवस्थाको उपज नै माओवादी सङ्कट निम्त्याउने कारण ठान्ने लेखकले बहुदलीय व्यवस्थामाथि आरोप लगाउन भने सकेका छैनन् । उनले माओवादी द्वन्द्व कम्युनिष्ट आन्दोलनकै उग्रधारबाट विकास भएको देखाएका छन् ।

नेपालमा राजनीतिक सङ्कट निम्त्याउनमा कारक तत्व बन्दै गएको माओवादीको ७ वर्षे अवधिको वाह्यरूपमा मुनीद्वारा गरिएको  विश्लेषण भारत सरकारको आधिकारिक धारणा नभए पनि भारतीय बुद्धिजीवीहरूको नेपालप्रतिको धारणा जान्न यस पुस्तकले केही हदसम्म सहयोगीको भूमिका निर्वाह गर्ने छ । माओवादीहरूले जनयुद्ध संचालन गरेको अहिले डेढ दशक जति भइसकेको छ । तर पनि लेखक एस. डी. मुनीले थोरै अवधिको मात्र भए पनि यस्तो जटिल विषयमा प्रकाश पारेका छन् । नेपालको प्रजातन्त्र माओवादीका कारण सङ्कटमा परेको हो वा होइन  भन्ने यथार्थताको अध्ययन गर्न उल्लीखित पुस्तकले सहयोग पुऱ्याउने आशा गरिन्छ ।

त्यस्तै अर्को पुस्तक छ *नेप्लिज पोलिटिकल विह्येभियर* । लेखक हुन् ओले बोर्‌रे, शुशिलराज पाण्डे र चित्र के. तिवारी । पुरानो शासन सत्ताको समाप्तिसँगै सन् १९९० को प्रजातन्त्र पुनः प्राप्तिपछि नेपालको प्रजातान्त्रिक प्रक्रियामा कसरी जनताहरूको सहभागीता र चाख वढ्दै गयो भन्ने कुरालाई यी लेखकहरूले देखाउन खोजेका छन् ।

जनतालाई प्रजातान्त्रिक अभ्यासमा प्रशिक्षित वनाउँदै लग्ने क्रममा प्रस्तुत पुस्तकमा १ हजार नेपाली मतदाताहरूसँग अन्तर्वार्तासमेत लिइएको पाइन्छ । जसरी एक निर्वाचनदेखि अर्को निर्वाचनको अवधिमा मतदाताहरूको निर्णय फरक हुन सक्छ । त्यस्तै गरी मतदानको समयमै पनि जाति, धर्म, बस्ती आदिका आधारमा उम्मेद्‌वारहरूको मत फरक फरक हुनसक्छ । दललाई समाजका धनी व्यक्तिहरूबाट मात्र हैन धार्मिक दृष्टिले प्रतिष्ठित व्यक्तिहरूले पनि प्रभावित

वनाइरहेका हुन्छन् । विचारधाराले नेपाली राजनीतिमा कुनै भूमिका खेल्न सक्दैन भनेर लेखकले उल्लेख गरेका कुराहरूलाई पछिल्ला समयमा नागरिकहरू विभिन्न दलहरूमा विभाजित भएको घटनाहरूलाई कसरी लिने ? यसमा उहाँहरू विश्लेषण गर्न चुक्नु भएको छ । लेखकहरूले चुनावको समयमा मतदाताहरूको व्यवहारलाई अध्ययन गर्दा विचारधाराको आधारमा भन्दा सम्बन्धका आधारले भूमिका खेल्न पुगेको देखाएका छन् । यो कुरा पञ्चायतकालीन निर्वाचनमा सम्भव थियो होला तर बहुदलीय व्यवस्थाको पुनः स्थापना पछि जनताहरूले दलहरूप्रति अगाध आस्था र धेरै 'कमिटेड भोटर्स' बसिकेको पाइन्छ ।

चुनावको कुनै कुनै वर्षमा त मिलेर शासन गर्न सिक भनेर सर्वदलीय सरकार बनाउने निर्वाचन परिणामको जनादेश समेत आयो, त्यसलाई के भन्ने ? के नेपाली मतदाता परिपक्व थिएनन् त ? बहुदलीय शासन व्यवस्थामा नेपाली मतदाताहरूले त पर्याप्त मात्रामा परिपक्व अभिमत दिएको पाइन्छ । तर पछिल्ला घटनाहरूलाई लेखकहरूले विश्लेषण गर्न नै सकेनन् । काठमाडौंको निर्णयलाई वाध्यतावस अधिराज्यका जनताहरूले मान्नु पर्ने र केन्द्रले रोजेको प्रतिनिधिलाई जनताले विजयी वनाएर पठाइदिनु पर्ने वाध्यतामा सन् '९० पछि नेपालमा आएको परिवर्तित वातावरणले पनि सुधार गर्न सकेन । विगत डेढ दशकको अवधिमा मतदाताहरूको एजेण्डाले प्रश्रय पायो कि सत्तारुढ दलहरूले ? यो प्रश्न आफ्नै ठाउँमा रहेको छ । राजनीतिक नेता र दलहरूको व्यवहारलाई लेखकहरूले पछिल्ला घटनाक्रममा विश्लेषण गर्न सकेका छैनन् । जनआन्दोलनको समयमा देखाइएको जस्तो प्रतिपक्षी राजनीतिक दलहरूको एकता सत्ता प्राप्तिपछि देखिन छोड्यो । यसमा लेखकहरूले प्रजातन्त्र पुनः प्राप्ति पछिको पहिलो निर्वाचनसम्मको मात्र उल्लेख गरेको देखिन्छ । पछिल्लो समयका मतदाताहरू र दलहरूको व्यवहारलाई अध्ययन गर्न यस पुस्तकबाट पनि केही सहयोग मिलेको छ ।

*'कमेन्टरी अन द नेप्लीज कन्स्टीच्युशन'* का लेखक हुन्: सूर्य पीएस ढुँगेल, विपिन अधिकारी, बीपी भण्डारी, र क्रिस मर्टग्याट्रायड । सन् १९९७ र १९९८ का बीचमा लेखिएको प्रस्तुत पुस्तकले नेपाल अधिराज्यको संविधान २०४७ लाई विश्लेषण गर्नमा नै आफ्नो सम्पूर्ण पेजहरू खर्चिएको छ । नेपाल अधिराज्यको संविधानको विस्तृत व्याख्या धारा धारामा गर्नु अघि लेखकहरूले संविधानवादको विकास, संविधानको परिभाषा, संविधानको वर्गीकरण, नेपालको संवैधानिक इतिहास, ०७ सालको क्रान्ति, अन्तरिम शासन विधान २००७, वि.सं २०१५ को संसदीय संविधान, वि.सं.२०१९ को पंचायती संविधानसमेतको विस्तृत व्याख्या गर्न पुगेका छन् ।

वर्मिङ्घम विश्वविद्यालयमा पूर्वी एशियासम्बन्धी, जापान केन्द्रका लेक्चरर टी. लुईस ब्राउनले नेपालको राजनीति विषयमा एक पुस्तक सन् १९९६ मा लेखेकी छिन् *"द च्यालेन्ज टु डेमोक्र्यासी ईन नेपाल: ए पोलिटिकल हिस्टोरी"* नामक प्रस्तुत पुस्तकमा जनआन्दोलन १९९०

ले तीन दशक लामो राजाको एकाधिकार शासनपछि कसरी राजा वीरेन्द्र संवैधानिक राजा बन्न पुगे भन्ने उल्लेख छ । राजनैतिक घटनाहरूलाई क्रमवद्धता दिई पुस्तकलाई ऐतिहासिक र राजनैतिक तथ्यबाट प्रमाणित गर्न खोजिएको छ । निर्वाचनबाटै एशियामा कम्युनिष्टहरू सत्तामा पुगेका नेपाली उदाहरणलाई उनले नमुनाका रूपमा लिएकी छिन् ।

नेपाली कांग्रेसको कोइराला सरकार कसरी सङ्कटमा होम्मिदै गयो, कसरी जनआन्दोलनका आफ्नै सहयात्री नेतालाई आफ्नै पार्टीका साथीले हिटलर बनेको आरोपसमेत लगाए, प्रजातन्त्रपछिको चार वर्षे अवधि पनि कसरी पीडादायक बन्दै गयो र कसरी आफ्नै दलका सहयात्रीहरूसमेत सँगै हिँड्न सकेनन् भन्ने जस्ता विषयमा लेखिकाद्वारा पहिलो पटक राजनीतिक घटनाहरूको ऐतिहासिक तवरले विश्लेषण गरिएको पाइन्छ । समाजका सबै क्षेत्रका व्यक्तिहरूसँग सम्पर्क गरी लेखिकाले प्रस्तुत पुस्तकलाई विश्वसनीय वनाउन निकै मेहनत गरेकी छिन् ।

आठ वटा विषय सूचीलाई लगभग २३९ पृष्ठ दिइएको यस पुस्तकमा पहिलो भागमा परम्परागत नेपाल, दोस्रो भागमा राजतन्त्रको स्थापना, तेस्रोमा पंचायती व्यवस्थाभित्र समाज र राजनीतिक अवस्था, चौथोमा राजा वीरेन्द र सुधारिएको पंचायत व्यवस्था, पाँचौंमा जनआन्दोलन, छैंठौंमा अन्तरिम सरकार, सातौंमा प्रजातान्त्रिक नेपाल र अन्त्यमा उपसंहारका अतिरिक्त नेपालमा प्रजातन्त्रको संभावना विषयमा विस्तृत अध्ययन गरिएको छ । लेखिकाले सन् १९९५ सम्मको राजनीतिलाई मात्र व्याख्या गर्न खोजेकीले त्यसपछिको नेपालका प्रमुख घटनाहरू माओवादी विस्तार र राजाको असोज १८, २०५९ को कदमलाई प्रस्तुत पुस्तकले पनि व्याख्या गर्न भ्याउने कुरै भएन । नेपालको प्रजातन्त्र आज फेरी अन्यौल र द्विविधामा पुगेको छ । अहिलेको सङ्कटलाई भने प्रस्तुत पुस्तकले समेट्न सकेको छैन ।

*राज्यको पुनर्संरचना एक प्रस्ताव,* कृष्ण खनालद्वारा लेखिएको हो । यो पुस्तक ललितपुर स्थित नेपाल समसामयिक अध्ययन केन्द्रबाट वैशाख २०६१ मा प्रकाशित भएको थियो । नेपालको सामाजिक-सांस्कृतिक संरचना, वर्तमान राज्यसंरचनाको स्वरूप र प्रतिनिधित्वको स्थिति, राज्यपुनर्संरचनाको औचित्य, पुनर्संरचनाको स्वरूप, प्रकिया आदि विविध विषयमा लेखकले प्रकाश पार्न खोजेको देखिन्छ । राज्यको वर्तमान राजनीतिक संरचनाले नेपाली समाजको जातीय, सांस्कृतिक तथा भाषिक विविधतालाई समेट्न नसकेका कारण आत्मनिर्णयको अधिकार, जातीय स्वशासन, संघीय प्रणाली, बहुभाषिक नीति, समानुपातिक प्रतिनिधित्वलगायत विकेन्द्रीकरणसम्मका प्रस्तावहरूलाई लेखकले अगाडि सारेका छन् ।

नेपाल जस्तो बहुजातीय र बहुसांस्कृतिक समाजका लागि लेखकले जुन पुनर्संरचनाका कुराहरू उठाएका छन् । त्यसको पुष्टि गर्न उनले नेपालको सामाजिक-सांस्कृतिक संरचनाको

आधिकारिक तथ्याङ्कहरूलाई केलाएका छन् । एकात्मक राज्यको प्रशासनिक प्रयोजनका लागि निर्धारण गरिएको १४ अञ्चल ७५ जिल्लाको अवधारणाले सम्पूर्ण जाति र जनजातिलाई समावेश गर्न नसकेको टिप्पणी लेखकको छ ।

एकपटक शासनको तहमा पुगिसकेपछि सामान्य नागरिकका तहमा कहिल्यै नफर्किने परम्पराको नियन्त्रण गर्न लेखकले केन्द्रलाई थोरै अधिकारमा सीमित गरी बढी अधिकार सम्पन्न संघीय संरचनामा नै जानु पर्ने आवश्यकता देखाएका छन् । संघीय व्यवस्था वा क्षेत्रीय स्वायत्त शासनको संरचना निर्माण गरिने हो भने असोज १८ गतेको शाही कदमपछि तलदेखि माथिसम्मका सबै शासकीय निकायहरू जनप्रतिनिधिविहीन भए जस्तो लोकतान्त्रिक संरचना धरासायी बनाउन सकिने थिएन भन्ने उनको धारणा रहेको छ । लेखकले पूरा अवधिको संसद एवं कार्यकारी प्रमुखको प्रत्यक्ष निर्वाचनको जुन अवधारणा दिएका छन त्यसमा प्रजातन्त्र पुनः स्थापनापछि नेपालमा संसदलाई बीचैमा विघटन गर्ने बेलायती 'वेस्टमिनस्टर मोडेल' को सट्टा विकल्प दिइएको पाइन्छ । यसका लागि लेखकले :–

- संघीय र क्षेत्रीय संरचनामा कसरी राज्यको पुनर्संरचना गर्न सकिन्छ यस विषयमा जोड दिएका छन ।
- स्केन्डिनेभियन र स्वीटजरलैन्डको मोडेल माथि पुनर्विचार गर्ने क्रममा लेखकले बहुमतीयमा भन्दा सहमतीय शासनलाई नौलो रूपमा प्रस्तुत गर्नुभएको छ ।
- पहिलो हुनेले जित्ने बहुमतको शासन व्यवस्थाको स्थानमा ०४८ र ०५६ मा नेपाली कांग्रेसले बहुमत ल्याएर पनि सरकारको स्थिर हुन नसकेकाले यस किसिमको शासन व्यवस्थामा सरकारको स्थायित्व हुन्छ भन्नेमा लेखकको विश्वास देखिन्न । त्यसैले उनी नेपालका लागि समानुपातिक प्रतिनिधित्वको निर्वाचनप्रणाली राज्य संरचनामा उपयुक्त हुने बताउँछन ।

## १.६ अध्ययन विधि

'नेपालमा राजनीतिक सङ्कटः प्रजातन्त्रमाथिको चुनौती (वि.सं.२०४६–२०५९)' शीर्षकमा अनुसन्धान गर्दा वैज्ञानिक विधिपूर्वक शोध अनुसन्धान गर्नुपर्ने भएकाले यसमा विभिन्न पक्षबाट अध्ययन अनुसन्धान थालनी गरिएको छ । यो शोध कार्य मूलतः निम्न विधिमा आधारित छ । व्याख्यात्मक र विश्लेषणात्मक विधिको अतिरिक्त यो शोध अनुसन्धानमा पुस्तकालयीय सामग्रीको पनि त्यत्तिकै अध्ययन गरिएको छ । यो शोध अनुसन्धानबाट राजनीतिशास्त्रमा एउटा बेग्लै सिद्धान्तहरूको वैधता प्रमाणिकता हुने भएकोले व्याख्यात्मक र विवरणात्मक रूपमा विभिन्न विद्वान, राजनीतिज्ञ, आदिको धारणा र वीचारलाई निगमन विधि (Deductive method) बाट

व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यस शोधकार्यमा प्राथमिक र द्वितीयकका स्रोतबाट विभिन्न विचारकहरू संकलन गरिएको छ । विभिन्न राजनैतिक व्यक्तित्व, कार्यकर्ताहरूसँगको भेटघाट र अन्तरवार्ताबाट प्राप्त तथ्य संकलित गरिएको छ । बर्तमान शोध अनुसन्धानमा प्राथमिक र व्दितीय स्रोत प्रयोग गरिएका छन् :

(क) **प्राथमिक स्रोतः** अन्तर्गत अन्तर्वार्ता विधि प्रयोग गरिएको छ । विभिन्न राजनीतिक विचारधाराका व्यक्ति र संचार माध्यममा कार्यरत पत्रकारहरूबाट प्राप्त कुरालाई यसमा आधार वनाइएको छ ।

(ख) **द्वितीय स्रोतमाः** पुस्तक, पत्रपत्रिका आदिको प्रयोग गरिएको छ । विशेषगरी पूर्वकार्यहरूको समीक्षात्मक अध्ययनवाट प्राप्त जानकारी,पुस्तक,राजनीतिक दलहरूको दस्तावेज, पत्र–पत्रिका र पुस्तकालयबाट प्राप्त सूचना आदि प्रयोग गरिएका छन् ।

## १.७ शोध अनुसन्धानको सीमा

यस अनुसन्धानले मूलतः वि.सं. ०४६ देखि ०५९ साल सम्मको राजनैतिक घटनाक्रमलाई मात्र केन्द्रित गरेको छ । यसबाहेक अरूपक्षहरू अध्ययनको क्षेत्रभीत्र पर्दैन । ०४६ साल अघि र ०५९ साल पछिका राजनीतिक घटनाक्रमहरू शोध अनुसन्धानको क्रममा सन्दर्भले मात्र समाविष्ट हुन आएका छन् । शोध अनुसन्धानमा राखिएको सीमा २०४६ साल देखि २०५९ सालसम्मलाई शोध अनुसन्धानको केन्द्र लिइएको छ । दोस्रो जनआन्दोलन वि.सं. २०६२/६३ पछिको राजनीतिक गतिविधिको अध्ययन यस शोधको क्षेत्र होइन भनेर परिच्छेद एकको परिचय खण्ड अन्तर्गत उल्लेख भइसकेकाले सीमाका बारेमा फेरी पुष्टि गर्न परेन ।

## १.८ शोध अनुसन्धानको रूपरेखा

"नेपालमा राजनीतिक सङ्कट : प्रजातन्त्रमाथिको चुनौती (वि.सं.२०४६-२०५९)" विषयमा यसले प्रजातन्त्र प्राप्ति पछिका सबै विषयलाई समेटन सक्दैन । कुन कुन सङ्कटले प्रजातन्त्रमाथि चुनौतीहरू आएको हो भनी कसैले पनि सङ्कटलाई पहिचान गर्न सक्ने अवस्था छैन ? स–साना समस्याहरूले पनि सङ्कट उव्जाइरहेका हुन्छन् । राजनीतिक सङ्कटसँग अनगिन्ती सङ्कटहरू जेलिएर रहेको हुन्छ । परिणाम एउटा समस्या समाधान गर्ने वित्तिकै पुनः अर्को समस्या देखिइहाल्छ । तसर्थ शोध अनुसन्धान गर्दा तल केही प्रारम्भिक रूपरेखा तयार गरेको छु । शोध अनुसन्धान अगाडि वढ्दै जाँदा विषयवस्तुको रूपरेखामा केही परिवर्तन हुन पनि सक्नेछ ।

राजा त्रिभुवन देखि ज्ञानेन्द्रसम्म आईपुग्दा यो पांच दशकमा मुलुकलाई अस्थिर बनाउने संघर्षमा नेपाली राजनीतिक दलहरूको द्वन्द्व राजसंस्थासँग मात्र रहेको किन ? यो एक अनुत्तरित प्रश्न प्रजातन्त्र प्राप्तिदेखि अहिलेसम्म समाधान हुन सकेको छैन । राजसंस्थाको औचित्य र गणतन्त्रको बहस ०५९ असोजपछि अधिक मात्रामा वढदै गएको छ ? यसले नेपालको राजनीतिमा के देखाएको छ भने अवका दिनमा प्रजातन्त्र र राजतन्त्र सँगसँगै जान सक्छन कि सक्दैनन् ? यस्तो अवस्थामा देशका ठूला दलमध्येका नेपाली कांग्रेसले "संविधानमा आमूल संशोधन, जनमत संग्रह र संविधान सभाको विकल्प"[२२] खुल्ला राखेर प्रजातन्त्रका लागि ०७ सालमा राजासँग सँगै संघर्ष गरेको नेपालको ठूलो राजनीतिक दल पांच दशकपछि आएर त्यस संस्थाप्रति किन मोहभंगको स्थितिमा पुगेको ?

०५८ साल जेठ १९ पछिको राजसंस्थाले संविधानमा आफ्नो सक्रिय भूमिका खोजिरहेको छ । त्यसैले राजाले दलहरूलाई खेलाउँदै सुनियोजित तवरले ०५९ साल असोज १८ मा पुऱ्याएर सक्रिय राजतन्त्रमार्फत देश चलाउन खोजेको देखिन्छ । ०४६ सालको जनआन्दोलनमा द्वन्द्व पंचायती व्यवस्थासँग थियो । तर राजाको सकियता वढ्दै गएपछि जनताको द्वन्द्व राजासँग रहेको छ । मुलुकलाई अस्थिर बनाउने तत्व दलहरू हुन वा राज संस्था यो शोध अनुसन्धान पछि मात्र टुंगो लाग्ने छ ।

माओवादीहरू संसद नभएको वेलामा राजासँग वार्ता गर्न खोज्दछन् ? संसद चल्दा राजनीतिक आस्था भएकाहरूलाई सफाया गर्छन् । दलहरू माओवादीले उठाउने एजेण्डा उनीहरू आफैंले उठाइरहेका छन् ? नेपालको यही जटिल राजनीतिकै कारण लोकतान्त्रिक शासनको अवधिलाई अस्थिरता र सक्रिय राजतन्त्रका वर्षहरूलाई स्वर्णमय देखाउन लाग्नुको पछाडि कारणहरू के छन् ? यो एक जटिल विषय वनेको छ ।

वास्तवमा "माओवादी समस्या न जनजातिको समस्या हो नत छुट्टै राज्यको माग राख्ने पृथकतावादी आन्दोलनकारीहरूको समस्या हो । न यो कुनै धार्मिक द्वन्द्व नै हो जस्लाई समाधान गर्न नै नसकियोस् । गरिवी, अन्याय, भेदभाव जस्ता विसंगतिबाट जन्मिएको यो समस्या राजनीतिक हो ।"[२३] राजनीतिक समस्यालाई के कारणले सैनिक तवरबाट समाधान गर्न खोजीयो ? किन द्वन्द्व सुल्भाउन संसदीय शक्तिहरू असफल भए ? ।

वास्तवमा भोट हाल्न पाउँदैमा प्रजातन्त्र प्राप्त भयो भनेर मान्न सकिंदैन । शासनमा सहभागी हुन नपाएका जनताहरू राज्यले भेदभाव गरेको छ भन्ने सोचिरहेका हुन्छन । यही

---

[२२] ***राजधानी,*** साउन २३, २०६१ ।

[२३] विष्णुराज उप्रेती, ***द प्राइस अफ नेग्लेक्ट,*** (काठमाडौं : भृकुटी एकेडेमिक पव्लीकेशन्स, २००४), पृ. ३४५ ।

असमानता नै चरम निराशाको अभिव्यक्ति हो । निराशावादी जनताहरूबाट राष्ट्रवाद जुर्मुराउने आशा गर्न सकिन्न । राजसंस्थासँग शाही सेना, माओवादीसँग जन सेना र संसदवादीहरूसँग राजनीतिक विचारधारा बोकेका लाखौं जनतालाई आस्थाका आधारमा विभाजन गराउन सक्ने जनता छन् । यस्तो अवस्थामा तीन शक्तिले एक अर्कालाई सिध्याउन मात्र खोजिरहेको देखिन्छ । असोज १८, २०५९ पछि बढ्दै गएको यस्तो परम्पराले प्रजातन्त्रको स्थायित्वमा प्रश्न चिन्ह लगाएको पाइन्छ । संविधान छ तर त्यो कार्यान्वयनमा आउन सकेको छैन । राजा संबैधानिक छन् तर सक्रिय राजतन्त्रको भूमिका राजाले गरिरहेका छन् । संसद छ तर संसद चल्न सकेको छैन । मुलुक लामो समय संवैधानिक रिक्ततामा रहन पुगेको छ । प्रजातन्त्रको प्राप्तिपछि देशमा स्थायित्व र विकास देखिनुपर्नेमा अन्यौल र अस्थिरता मात्र देखिएबाट सो अवधिलाई लिएर यो शोध अनुसन्धान केन्द्रित रहेको छ । यसलाई मोटामोटी रूपमा निम्नानुसार विभाजन गरिएको छ–

कुल ९ परिच्छेदमा तयार पारिएको यो शोध अनुसन्धानको पहिलो परिच्छेदमा परिचय प्रस्तुत गरिएको छ । यस अन्तर्गत–२००७ सालको अन्तरिम शासन विधान, २०१५ सालको नेपाल अधिराज्यको संविधान, प्रजातन्त्रको विरुद्धमा ०१७ सालको कदम, नेपालको संविधान २०१९, जनमत संग्रहको घोषणा, जनआन्दोलन २०४६, नेपाल अधिराज्यको संविधान २०४७, शाही कदम असोज १८, २०५९ प्रजातन्त्रमाथिको चुनौती, शोध कार्यको उद्देश्य, समस्याको पहिचान, पूर्वकार्य अर्थात् साहित्यको समीक्षामा सैद्धान्तिक स्थापना तथा अवधारणात्मक पक्ष, अध्ययन विधि, शोध अनुसन्धानको रूपरेखा प्रस्तुत गरिएको छ ।

त्यस्तै गरी दोस्रो परिच्छेदमा 'लोकतन्त्र' या प्रजातन्त्र शब्द प्रयोग सन्दर्भ र अर्थ प्रस्तुत गरिएको छ । यस अन्तर्गत विकासोन्मुख देशको परिवेशमा प्रजातन्त्रको परिभाषा, प्रजातन्त्रको सङ्क्रमण स्थायित्व र संस्थागत विकासमा आइपरेको समस्या, प्रजातन्त्र सफलता र असफलताका केही अनुभव, नेपालमा प्रजातन्त्रको प्रयोग २००७ सालदेखि २०४६ सम्म प्रस्तुत गरिएको छ ।

तेस्रो परिच्छेदमा प्रजातन्त्रको पुनःस्थापना शीर्षक अन्तर्गत ०४६ को जनआन्दोलनको मूल मुद्दा, संवैधानिक सङ्क्रमण, प्रजातन्त्रको प्रयोग वि.सं ०४६ देखि ०५९ सम्म, आम चुनाव र अस्थिर सरकारकाबारेमा विस्तारपूर्वक प्रस्तुत गरिएको छ ।

चौथो परिच्छेदमा 'प्रजातन्त्र प्राप्तिपछिको सङ्कटः' शीर्षक अन्तर्गत संबैधानिक अभ्यासको सङ्कट, राजाद्वारा ०५९ असोज १८ को घटनाले सिर्जना गरेको सङ्कट, जनजाति, महिला, दलित आदिको सहभागिताको सङ्कट, माओवादीले सिर्जना गरेको (हिंसाको सङ्कट) सशस्त्र विद्रोह आदि विषय विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

पाँचौं परिच्छेदमा 'राजसंस्थाको भूमिका संस्थागत गर्ने क्रममा आएको सङ्कटः' शीर्षक अन्तर्गत प्रजातन्त्र सुदृढीकरणको सङ्कट, संवैधानिक अभ्यासको सङ्कट, राजसंस्थाको भूमिका व्यवस्थित गर्ने सङ्कट, सामेलीकरण र सहभागिताको सङ्कट, नेतृत्वको सङ्कट, संविधान, वाह्य राजनीति र सशस्त्र विद्रोहको सङ्कट आदि बारे प्रस्तुत गरिएको छ ।

छैठौं परिच्छेदमा 'नेपालको राजनीतिक सङ्कटका मामिलाहरूः' शीर्षक अन्तर्गत विचारधारात्मक विभाजन शीर्षक अन्तर्गत पद्धतीय व्यवहार अन्तरविरोध, संवैधानिक गतिरोध, सहमति र नेतृत्वको प्रश्न आदि विषयमा उल्लेख गरिएको छ ।

सातौँ परिच्छेदमा 'राजनीतिक दलहरूको संस्थागत विकास र व्यवहारको संकट' शीर्षक अन्तर्गत नेपालको राजनीतिक दलहरू सिद्धान्त, संगठन नीति र कार्यक्रम विषयमा उल्लेख गरिएको छ ।

आठौं परिच्छेद 'राज्य पुनः संरचनाको आवश्यकताः' शीर्षक अन्तर्गत राज्यको वर्तमान संरचनामाथि उठेका प्रश्न, जातीय, सांस्कृतिक पहिचान र स्वायत्तताको प्रश्न, समानुपातिक प्रतिनिधित्व, राज संस्थाको औचित्य र भूमिकाको प्रश्न जस्ता विषयमा चर्चा गरिएको छ ।

नवौं परिच्छेदमा सारांश, निष्कर्ष तथा सुझाव प्रस्तुत गरिएको छ । अन्त्यमा सन्दर्भग्रन्थसूची, र अनुसूची प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# लोकतन्त्र/प्रजातन्त्रः शब्द प्रयोग सन्दर्भ र अर्थ

## २.१ पृष्ठभूमि

नेपालमा अंग्रेजी शब्द "डेमोक्र्यासी" लामोसमयदेखि "प्रजातन्त्र" का अर्थमा प्रयोग हुँदै आएको पाइन्छ । "प्रजातन्त्र" र "लोकतन्त्र" एकअर्काका पर्यायका रूपमा पनि प्रयोग हुने गरेका छन । तर केही वर्षदेखि खास गरेर २०६२/६३ सालको जनआन्दोलनपछि लोकतन्त्र शब्दले व्यापकता पाएको छ । यस परिच्छेदमा 'लोकतन्त्र' र 'प्रजातन्त्र' का बीच भिन्नता देखाउन यसको विश्लेषण गरिएको छ। सर्वप्रथम लोकतन्त्रको अर्थ प्रष्ट्याउनु उपयुक्त हुनेछ।

प्राचीन ग्रीसका विचारक शुकरात, प्लेटो र अरस्तुको अध्ययनबाट राज्य सञ्चालनका विभिन्न उपायहरूमध्ये लोकतन्त्र (प्रजातन्त्र) पनि एउटा प्रणालीका रूपमा रहेको थाहा पाउन सकिन्छ । त्यससमय सरकार र संविधानको चक्र वरोवर परिवर्तन हुने गर्दथ्यो । राजतन्त्रबाट कुलीनतन्त्र, कुलीनतन्त्रबाट निरंकुशतन्त्र र निरंकुशतन्त्रबाट प्रजातन्त्रमा शासन परिवर्तन भैरहन्थ्यो ।[१] ग्रीसनिवासीहरूले कहिल्यै ठूलो राज्यको परिकल्पना गरेनन् । तिनले सदैव सा-साना नगर राज्यको परिकल्पना गरे । स-साना नगर राज्यमा मात्र प्रजातन्त्रको अभ्यास सम्भव थियो । जहाँका नागरिकहरू सार्वभौम सभा (एसेम्बली)का सदस्य हुन्थे ।[२] एथेन्सवासी जसले प्रजातन्त्र अथवा 'डेमोक्रासिया' (Demokratia) लाई ग्रीस शब्दको 'डेमोस' (Demos) अर्थात् जनता र 'क्राटोस' (Kratos) अर्थात् शासन गर्ने विषयमा जोडेको पाइन्छ । एथेन्समा 'डेमोस' शब्दले एथेन्सवासी सबैलाई बुझाउँथ्यो । कहिलेकाँहीं यसले आम जनता र गरीब बासिन्दालाई समेत संकेत गर्थ्यो ।[३]

देशका जनता राजाद्वारा शासित हुने भएकाले नेपालमा जनतालाई 'प्रजा', 'दुनियाँदार' रैती आदि विभिन्न शव्दले सम्वोधन गरिन्थ्यो । गोर्खाका राजा पृथ्वी नारायण शाहले वर्तमान नेपाल राज्यको भौगोलिक एवं राजनीतिक खाका निर्माण गर्नुभन्दा पहिले हालका नेपालीहरू यौटा राज्यका "रैती" नभै पारस्परिक प्रतिद्वन्दी रजौटाका "रैती" थिए तथा यसउसले उनीहरूका

---

[१] अर्नेष्ट बार्कर, ***ग्रीक पोलिटिकल थ्यौरी,*** (न्यू दिल्ली : बी.आई पव्लीकेशन्स, सन् १९८०), पृ. ३ ।

[२] सी.एल. वाइपर, ***पोलिटिकल थट,*** (न्यू दिल्ली : बी.आई पब्लीकेशन्स, सन् १९७९), पृ. ७ ।

[३] रबर्ट ए. डाहाल, ***अन डेमोक्रेसी*** (प्रजातन्त्रका बारेमा), (भारतीय संस्करण), (न्यू दिल्ली : इष्टवेष्ट प्रेस, सन् २००१), पृ. ११–१२ ।

हृदयमा स्वदेशको भावना अत्यन्त संकुचित थियो ।[४] "रैती"बाट सम्मानित नागरिकको स्थान हासिल गर्ने संघर्षको सुरुवात सर्वप्रथम वि.सं. १९९३ मा गठन भएको राजनीतिक दल नेपाल प्रजा परिषद्को स्थापनासँगै भएको पाइन्छ । त्यसपछि स्थापना भएका हरेक राजनीतिक दलहरूले आफूलाई प्रजातन्त्रका लागि काम गर्ने भन्दै आएका छन् । तथापि नेपालमा प्रजातन्त्र आवश्यक छैन भन्ने योगी नरहरीनाथ जस्ताको पनि कमी रहेन । उनीहरूबाट नेपालमा "एक भाषा–एक भेष, एक देश–एक नरेश" अर्थात् एकल नेतृत्वको पक्षमा वकालत गरेर प्रजातन्त्रको बहुलवादी सिद्धान्त विपरीत जनमत तयार पार्ने प्रयास भएको थियो ।[५]

प्रजातन्त्र एउटा लोकप्रिय शब्दावली हो । नेपाली बृहत् शब्दकोशले– "प्रजा वा जनताद्वारा निर्वाचित, जनप्रतिनिधिहरूद्वारा चलाइने शासन व्यवस्था; जनप्रतिनिधिका हातमा शासन सत्ता भएको राज्यब्यवस्था; जनताद्वारा जनताका लागि जनताकै राय–सल्लाहबाट चलाइने शासन–प्रणाली" लाई 'प्रजातन्त्र' भनेर उल्लेख गरेको छ । [६] सोही शब्दकोशमा 'लोकतन्त्र'को परिभाषा दिने सन्दर्भमा: "बहुसङ्ख्यक जनताद्वारा छानिएका प्रतिनिधिहरूको सम्मतिअनुसार कुनै देशको शासनव्यवस्था चल्ने र नीति-निर्धारण आदि हुने शासन-प्रणाली, प्रजातन्त्र" भन्ने उल्लेख गरिएको छ ।[७] नेपाल मानव अधिकार वर्ष २००४ ले भने यसरी प्रष्ट्याएको छ :

> व्यक्तिगत वा शासक वर्गको हित अनुरूपको काम, कारवाही र निर्णय गर्ने छुट प्रजातन्त्रमा नहुने हुँदा, सामूहिक निर्णय प्रक्रिया र सामूहिक हित नै प्रजातन्त्रको क्षेत्र हो । यसकारण प्रजातन्त्रले दुई संयुक्त सिद्धान्तको अनुसरण गर्दछ– पहिलो लोकप्रिय नियन्त्रण र दोस्रो अधिकारको समानता । यी सिद्धान्तले सामूहिक निर्णयको प्रक्रिया र त्यस प्रक्रियाको अभ्यासलाई प्रतिपादन गर्दछन् । प्रायशः प्रजातन्त्र दुई प्रकारको हुन्छन्–प्रत्यक्ष र प्रतिनिधिमूलक । प्रतिनिधिमूलक प्रजातन्त्रले नागरिकको मतद्वारा उनीहरूका प्रतिनिधिहरूको छनौट गर्दछ, जसले सार्वजनिक निर्णय गर्दछन्, कानून बनाउँदछन र सार्वजनिक भलाइको लागि कार्यक्रमहरूको दिशा निर्देश गर्दछन् ।[८]

स्टेफन माइकसेलका अनुसार– 'प्रजातन्त्रलाई एउटा लक्ष्यका रूपमा नेपालमा भित्र्याउने राजनीतिक आन्दोलनका धेरै नेताहरूको उदय भारतीय स्वाधीनता आन्दोलनको प्रभावबाट

---

४ सूर्यविक्रम ज्ञवाली, ***"नेपाल अधिराज्यको स्थापना"***, *नेपाल परिचय*, (काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि.वि, २०३२), पृ. २८ ।

५ जोन व्हेल्पटन, ***"पोलिटिकल आइडेन्टीटी ईन नेपाल : स्टेट, नेशन एण्ड कम्युनिटी", नेशनालिज्म एण्ड इथ्नसीटी ईन ए हिन्दू किङ्डम,*** (बेलायतः हारउड एकेडेमिक पब्लिशर्स, १९९७), पृ. ४९ ।

६ बालकृष्ण पोखरेल र अन्य (सं.), ***नेपाली बृहत शब्दकोश,*** (प्र.सं.), (काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०४०), पृ. ८६५ ।

७ ***ऐजन,*** पृ. ११८८ ।

८ ***नेपाल मानवअधिकार वर्ष पुस्तक २००४,*** (काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र, वि.सं. २०६०),पृ. २३ ।

भएको भए तापनि भारतमा 'प्रजातन्त्र' शब्दको प्रयोग नेपालमा जति हुँदैन । भारतमा त 'लोकतन्त्र' शब्दको प्रयोग नै बढी हुन्छ ।[९] जनताद्वारा, जनताका लागि जनताकै राय-सल्लाहबाट चलाइने शासनलाई प्रजातन्त्र भनिन्छ भन्ने उल्लेख गरिएकाले यसलाई कसैले जनतन्त्रका रूपमा, कसैले प्रजातन्त्रका रूपमा कसैले बहुलवादको रूपमा व्याख्या गरेको पाइन्छ । डाहल भन्छन्– 'प्रजातन्त्रले मौकाको अवसर सवैलाई दिइरहेको हुन्छ ।'[१०] बलियो सरकार र वढ्दो शक्तिले नागरिक स्वतन्त्रतामाथि कुठाराघात गर्ने भएकोले प्रजातन्त्रले वास्तविक शासन सत्ता निर्वाचित सरकारलाई सुम्पन खोजिएको हुन्छ ।[११] सन् १७७६ को अमेरिकी स्वतन्त्रताको घोषणापत्रमा यी कुराहरूको पनि उल्लेख छ । प्रजातन्त्र र यसको व्यापक परिभाषालाई समेटन् नसकिए तापनि नेपाली परिवेशमा यसको व्याख्या गर्ने प्रयास भएको पाइन्छ । लोकतन्त्रका वारेमा लोकराज बरालद्वारा गरिएको परिभाषा यसप्रकार छ–

> लोकतन्त्रमा जनसर्वोच्चताको एउटैमात्र धार रहन्छ । जसले जनमुखी राजनीति गर्छ, उसका लागि अरु धार गौण हुन्छन् । जनमुखी धारमा जनता निर्णायक शक्ति हुन्छ । जनमतको जे निर्णय हुन्छ, त्यही सर्वोपरि हुन्छ । विडम्बना त के भने ०४६ सालको संवैधानिक ढाँचा खिचडी भइदियो । जनता सार्वभौम छन् भन्ने मान्दामान्दै पनि परम्पराबाट ग्रसित मानसिकताले राजतन्त्र र लोकतन्त्रको सम्मिश्रण गराइयो । यसको प्रेरणाको स्रोत भने बेलायती ढाँचाको लोकतन्त्र भयो । व्यवहारमा लोकतन्त्र बढी राजतन्त्रात्मक भइदियो ।[१२]

सुरु सुरुमा 'प्रजातन्त्र' शब्द नै चलनचल्तीमा आएकाले "लोकतन्त्र" को कम प्रचलन भएको थियो । विस्तारै विस्तारै राजा सहितको प्रजातन्त्र स्वीकार नगर्ने नागरिकहरूले आफूलाई प्रजाको रूपमा नभै नागरिकका रूपमा चिनाउन चाहे । ०७ सालपछि पनि स्वतन्त्रता र समानताको पक्षमा भएको परिवर्तनलाई जगेर्ना गर्न नसक्ता पछिका दिनमा जनताले आफूलाई लोकतान्त्रिक आन्दोलनमा नै क्रियाशील राखे । सर्वसत्तावादी सरकारलाई सदैव अस्वीकार गरिरहे ।

राणाको एकतन्त्रीय शासन होस वा राजाको प्रत्यक्ष शासनमा आधारित निर्दलीय पञ्चायती व्यवस्था सवैमा राजनीतिक स्वतन्त्रता तथा नागरिक अधिकार खोसिएको थियो । ०७ सालदेखि ०४६ सालसम्म आइपुग्दा नेपाली जनताले राजाको निरंकुशताका विरुद्धमा जेजति आन्दोलन गरेका थिए त्यो स्वतन्त्रता र अधिकारकै लागि थियो । नेपालमा प्रजातन्त्र प्राप्तिका

---

[९] स्टेफन माइकसेल, "प्रजातन्त्र", मेरी डेशेन र प्रत्युष वन्त, (सं.), ***नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,*** (प्रथम संस्करण) (ललितपुर : सोशल साइन्स वहाः र हिमाल किताब, पुनर्मुद्रण : सन् २००७), पृ. १ ।

[१०] (रबर्ट ए.डाहल), ***पूर्ववत्*** टिप्पणी नं. ३, पृ. ३८ ।

[११] मेल्भिन आई. उरोफ्स्की,(सं), ***बेशिक रिडिङ्गस ईन यु.एस.डेमोक्रेसी,*** (वासिङ्गटन : युनाइटेड स्टेट्स न्फोर्मेशन एजेन्सी, सन् १९९४), पृ. २ ।

[१२] लोकराज बराल, 'लोकतान्त्रिक राजनीतिक धार,' (***कान्तिपुर,*** २९ भदौ, २०६२) ।

लागि जेजति आन्दोलनहरू भएका थिए जनतालाई अधिकार सम्पन्न वनाउनकालागि नै भएका थिए । शब्द विवादमा त्यस समय कोही पनि अल्झिएको पाइन्न् । तर, दोस्रो जनआन्दोलन अर्थात् ०६२/०६३ को केही अघिदेखि नेपाली राजनीतिक बहसमा लोकतन्त्र शब्दको प्रयोगले व्यापकता पाउन थालेको देखिन्छ ।

### २.१.१ नेपालको सन्दर्भमा लोकतन्त्र/प्रजातन्त्र

शासन निरंकुश भएपनि पञ्चायतले आफूलाई 'प्रजातान्त्रिक' व्यवस्था नै भन्ने गर्दथ्यो । हरेक स्वेच्छाचारी, निरंकुश तथा एकदलीय अधिनायकवादी शासन व्यवस्थाले पनि आफूलाई 'प्रजातान्त्रिक' नै भनिरहेको हुन्छ । लोकराज बरालको भनाइमा-

> पूर्ण जनमुखी व्यवस्था र 'प्रजातन्त्र' परस्पर विरोधी शब्द छन् । प्रजातन्त्र राजतन्त्रसित जोडिएको छ, किनभने प्रजा भन्नाले निमुखा, लाटा सीधा, रैती या पुरानो भाषामा 'दुनियाँदार' बुझिन्छ । दुनियाँदारको वास्तविक भाव निमुखा देशवासी हुन्, जसमा न चेतना हुन्छ, न शासन यन्त्रमा सहभागी हुने अवसर । यिनको 'प्रजा' संस्कार हुन्छ । उनीहरूले शासकसित असहमती हुने ठाउँ रहँदैन, किनभने त्यसखालको व्यवस्थामा चित्त नबुझेको कुरा उठाउने गुञ्जायस  हुँदैन । 'शिरोधार्य' गर्ने मात्र संस्कार बनाइएको हुन्छ ।
>
> 'कालको ओखती छैन, हुकुमको जवाफ छैन' भन्ने अझै पनि राज्य सञ्चालन गर्नेहरूको मानसिकता छ । अतः नेपालमा पनि 'राजाको वचन' शिरोधार्य मात्र गर्ने, त्यसलाई 'हाँक' दिने या असहमति जनाउने परिपाटी विकास भइसकेको छैन । शाह र राणातन्त्रको संस्कार यस्तै 'शिरोधार्य' गर्ने संस्कार हो । जुन तथाकथित 'प्रजातन्त्र' मा कायमै रहेको पाइन्छ ।[१३]

शासन प्रणाली प्रजातान्त्रिक वा अप्रजातान्त्रिक के कस्तो छ भन्ने जान्न हामीले त्यस्ता देशका लागि केही मापदण्ड हेर्न सक्छौं । जस्तो– (१) सेना र प्रहरीमाथि निर्वाचित पदाधिकारिहरूको नियन्त्रण, (२) प्रजातान्त्रिक आस्था र राजनीतिक संस्कृति, (३) प्रजातन्त्र विरोधी बलीयो बाह्य शक्तिको नियन्त्रण, (४) आधुनिक बजार अर्थतन्त्र र समाज, (५) कमजोर उपसाँस्कृतिक बहुलवाद ।[१४] ०७ सालदेखि ०४६ सालसम्मको नेपाली राजनीतिक व्यवस्था विश्लेषणमा यी तत्वहरूलाई पनि आधार मान्न सकिन्छ ।

०४६ सालको राष्ट्रिय जनआन्दोलनमा नेपाली कांग्रेस निकट र फरक विचारधारा भएका दलहरूले समेत नेपालमा पूर्ण प्रजातन्त्र स्थापनाका लागि जनआन्दोलन गर्ने निर्णय गरेका थिए । त्यस समय गणेशमान सिंहले भनेका थिए– 'प्रजातन्त्र कुनै देशको पेवा   होइन । प्रजातन्त्रको

---

[१३] लोकराज बराल, बासी 'प्रजातन्त्र' र भावी प्रजातन्त्र, (***कान्तिपुर,*** २५ पुस, २०६२, काठमाडौं) ।

[१४] रवर्ट ए. डाहल, (अन डेमोक्रेसी), ***पूर्ववत् टिप्पणी*** नं. ३ पृ. १४७ ।

आन्दोलनलाई समर्थन दिन प्रत्येक देशले कृतसंकल्पित हुनुपर्दछ ...'[१५] भन्ने यसको विश्वव्यापी महत्व उल्लेख गर्दै उनी नेपालको प्रजातन्त्रका लागि मुलुकभित्र राष्ट्रिय सहमति र वाहिर विश्वबाट आन्दोलनमा समर्थन र सहानुभूति खोजिरहेका थिए । तर, त्यस समय लोकतन्त्र शब्द त्यति प्रयोगमा आएन ।

जनतन्त्र शब्दको प्रयोग एकदलीय शासन व्यवस्था भएको तत्कालीन पूर्व सोभियत संघ र पूर्वी युरोपीय मुलुक लगायत गणतन्त्र चीनमा अधिक प्रचलनमा रहेको पाइन्छ । नेपालमा पनि कम्युनिष्ट पार्टीहरूले 'जनतन्त्र' 'जनवाद' जस्ता शब्दलाई वढी प्रयोगमा ल्याएका छन् । तथापि पछिल्ला दिनहरूमा लोकतन्त्र/प्रजातन्त्रको शब्दको प्रयोग कम्यूनिस्ट खेमामा पनि वढ्दै गएको छ । यसरी अहिले हेर्दा लोकतन्त्रलाई धेरैले प्रयोगमा ल्याएको र प्रजातन्त्र शब्दलाई सकेसम्म कम भन्दा कमले प्रयोग गर्न थालेको देखिन्छ ।

पाँच दशकपछि आएर नेपालमा 'प्रजातन्त्र' शब्दमाथि विवाद गरिएको छ । मात्र यो केवल शब्दको प्रयोग माथि हालैका अवधिमा देखिएको बौद्धिक विवाद भनेर मात्र सीमित गर्न सकिन्न । ०४६ सालको प्रजातन्त्र पुनः प्राप्तिपछि पनि 'प्रजातन्त्र' शब्द नै विद्वानहरूले प्रयोग गरिरहे । जव नेपालको प्रजातन्त्रमाथि सङ्कट देखिन थाल्यो त्यसपछि मात्र बुद्धिजीवीहरूले आफूलाई फेरी पनि राजाद्वारा शासित देशका जनता "रैती" जस्तै ठाने । नागरिक चेतना निकै माथि उठिसक्दापनि राजाको व्यवहारमा परिवर्तन आउन सकेन् । राजा संविधानमा भूमिका खोज्ने जनता अधिकार खोज्ने । राजाको सक्रियता जनताकालागि स्वीकार्य थिएन ।

नेपाली जनतामा राजतन्त्रप्रतिको वितृष्णाकै कारण 'प्रजातन्त्र' को सट्टा 'लोकतन्त्र' शब्दको उल्लेख गरिएको पाइन्छ । राजा ज्ञानेन्द्रले जव सक्रिय शासनको सुरुवात गरे तब त्यसपछि ०४७ सालको संविधानलाई पटक पटक तोडमोड गरियो । त्यस समय सार्वभौमसत्ता राजामा गइसकेको थियो । संसद अवरुद्ध भैसकेको थियो । प्रजातन्त्र, मानवअधिकार र विधिको शासनमा दरवारले आक्रमण गरिरहेको थियो । राजतन्त्र विस्तारै माथि उठेर निर्वाचित सरकारमाथि अनेक आरोप लगाउन सुरु गरिसकेको थियो । विपक्षी राजनीति गर्नेलाई कुनै स्थान थिएन । राजाको आज्ञा सिरोपर गर्नु सबै नागरिकको कर्तव्य ठहरिन्थ्यो ।[१६] जनतालाई रैती ठान्ने राजतन्त्रले सुशासनको प्रत्याभूति दिन सक्नेमा कसैको विश्वास थिएन् । दमन ढुंगानाको भनाइमा "उग्रवामपन्थी र उग्रदक्षिणपन्थीले यो संविधानबाट मुलुकको हित हुन्छ भन्ने विश्वास गर्न नचाहेको अवस्थामा उनीहरूलाई कुनै एउटा ठाउँमा 'इंगेज' गर्न सक्नुपर्थ्यो । दरबारलाई

---

[१५] *देशान्तर साप्ताहिक,* (२०४६ माघ ८ गते) ।

[१६] आर.एस. चौहान, ***दि पोलिटिकल डेभलपमेण्ट ईन नेपाल १९५०–६० :कन्फ्लीक्ट विट्वीन ट्रेडिसन एण्ड मोडर्नीटी,*** (न्यू दिल्ली : एशोसिएट पब्लिसिङ्ग हाउस, सन् १९७१), पृ. ११ ।

संविधानले तोकेको ठाउँमा बसाउन सक्नुपर्थ्यो । त्यसको बदलामा हाम्रा क्रियाकलापले माओवादीलाई विद्रोह गर्न थप हौसला पुग्यो भने राजालाई सर्वसत्तावादी बन्न" ।[१७] सर्वसत्तावादीको चाहना वोकेको राजतन्त्र संवैधानिक भएर नवस्ने भएकोले त्यस्ता राजाले लोकतान्त्रिक संस्कृतिको विकास हैन प्रजा संस्कृति थोपर्न खोजेको पाइन्छ ।

प्रजा संस्कृति भन्ने वित्तिकै राजाको शासनमा पाइने परम्परालाई वुझिने भएकोले यसलाई धेरैले सजिलै स्वीकारेको पाइन्न । आधुनिक समयमा प्रयोग हुने प्रजातन्त्र, लोकतन्त्र, जनतन्त्र, सबैको एउटै उद्देश्य जनताको सर्वोच्चतालाई स्विकार्दै जनतालाई नै अधिकारसम्पन्न बनाउनु रहेको छ । लोकतन्त्र र प्रजातन्त्रको अन्तरलाई देवेन्द्रराज पाण्डेले यसरी स्पष्ट पारेका छन् :

> अहिले हाम्रो देशमा प्रजातन्त्र र लोकतन्त्र शब्दहरूको होडवाजी चलिरहेको छ र यसवारे जनमानसमा मात्र होइन प्रबुद्ध वर्गमा पनि केही अन्योल छ । यस कुरालाई हामीले शब्दजालमा मात्र नहेरी गम्भीर रूपमा लिनुपर्दछ । म आफैं पनि यस अघि प्रजातन्त्र शब्दको प्रयोग गरिरहेको मान्छे हुँ । अहिले प्रजातन्त्र, पूर्ण प्रजातन्त्र, लोकतन्त्र आदि शब्दको प्रयोग प्रतिस्पर्धी र पर्याय दुवै रूपमा हुन थालेको छ । वास्तवमा हामीले खोजेको मुख्य कुरा जनताको सर्वोच्चता हो । त्यो कायम हुने गरी जनप्रतिनिधिहरूले जनताप्रतिमात्र उत्तरदायी भएर काम कारवाही गर्ने र सरकार पनि त्यसरी चल्ने प्रकृयालाई अव के भन्ने त ?
>
> राज्य व्यवस्थाभित्र खास गरेर जनप्रतिनिधिहरूको स्थान के हो त । जनप्रतिनिधिहरू सार्वभौम जनताप्रति मात्र उत्तरदायी हुने राज्य व्यवस्था कसरी बन्छ त भन्ने वारेमा हामीले चिन्तन गर्न थालेका छौं । किनभने ०४७ सालको संविधानअन्तर्गतको प्रजातन्त्र जसलाई संवैधानिक राजतन्त्र र संसदीय व्यवस्था पनि भनियो । यसले यी कुराहरू व्यवहारमा स्पष्ट गर्न सकेन । त्यस्तै शासनको केन्द्रीयकरणको परम्परामा हुर्केको राजनीतिक समाजले स्वायत्त शासन, साधन स्रोतमा जनताको स्वामित्व र विविध सामाजिक सांस्कृतिक धरोहरहरूको रक्षा र प्रवर्द्धनमा स्वायत्त स्थानीय सरकारको महत्व र भूमिका पनि वुझ्न सकेन । त्यसैले प्रजातन्त्र भन्दा अव वेग्लै र उन्नत लक्ष्यमा राख्नुपर्ने लोकतन्त्रको आवश्यकता देखियो ।[१८]

रोवर्ट ए. डालको भनाइलाई स्विकार्ने हो भने राज्य संचालन गर्ने सरकारसँग शक्ति, दवाव र हिंसा अत्यधिक रहेको हुन्छ । राज्यसंग यी सबै तत्व भए तापनि शासनलाई वैधता दिलाउने माध्यम प्रजातन्त्र नै हो । किनकि यसले निरंकुशताको वहिष्कार गर्छ । यसरी प्रजा शब्दद्वारा राजाका रैतीहरूलाई वुझाइएपनि प्रजातन्त्र शब्दले भने जनताको सर्वोच्च सत्तालाई पनि बुझाइरहेको देखिन्छ । राजाको अधीनमा जनता हुन्छन् भन्ने मान्यता बोकेको प्रजातन्त्र शब्ददेखि नेपाली जनताको असहमतिकै कारण दोस्रो जनआन्दोलन ०६२/०६३ अगाडिदेखि

---

[१७] दमननाथ ढुंगाना, "समावेशी प्रजातन्त्रः प्रजातन्त्रभित्र प्रजातन्त्रको खोजी", ***समावेशी लोकतन्त्र,*** (प्रथम संस्करण) ( काठमाडौं : फ्रिडम फोरम, ०६३), पृ. १४ ।

[१८] देवेन्द्रराज पाण्डे, 'लोकतन्त्रको पक्षमा नागरिक आन्दोलन,' ***मूल्याङ्कन,*** (भाद्र २०६२, पूर्णाङ्क १३३) पृ.८ ।

प्रजातन्त्र शब्द अत्यधिक चल्तीमा आउन थाल्यो । प्रजातन्त्र शब्द राजतन्त्रसँग नजिक छ भनेकै आधारमा लोकतन्त्र शब्दद्वारा यसको विस्थापन गर्न खोजिएको पाइन्छ । जनजीव्रोमा भिजिसकेको प्रजातन्त्रलाई र हालै विकसित लोकतन्त्र दुवैलाई यस अनुसन्धान शोधमा मैले उपयोग गर्न खोजेको छु । ०४६ सालपछिको राजनीतिक व्यवस्थामा प्रजातन्त्र र ०६२/६३ पछिको पुनर्स्थापित राजनीतिक अवस्थामा लोकतन्त्र जनसाधारणमा समेत भिज्न पुगेको छ ।

प्रजातन्त्रलाई पूरै विस्थापित गर्नथाल्ने र लोकतन्त्र मात्र प्रयोग गर्ने हो भने कुखुरा पहिला कि अण्डा पहिला भनेर निरर्थक वहस छेडे जस्तै हुन्छ । तसर्थ मेरो यस अनुसन्धान शोधमा प्रजातन्त्र र लोकतन्त्रलाई एकअर्काको सहयोगी र पूरकका रूपमा व्याख्या गर्ने गरेको छु ।

प्रजातन्त्रले सदैव निरंकुशताको वहिष्कार गर्छ । जसरी ०७ सालमा राणा निरंकुशताको अन्त्य जनताको स्वतन्त्रता प्राप्तिको चाहनाले आएको थियो । ०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना पञ्चायती निरंकुशताका विरुद्धमा आएको थियो । त्यसरी नै ०७ सालदेखि प्रजातन्त्रको लागि हुँदै आएको आन्दोलन ०४६ सालमा टुंगियो भनेपनि यस भित्रको अन्तर्द्वन्द्वले ०६२/०६३ सम्म आईपुग्दा समेत पूर्ण लोकतन्त्र प्राप्तिको क्रम रोकिएको देखिन्न । नेपाली जनताले गरेको संघर्ष निरंकुशताकै विरुद्धमा केन्द्रित देखिए पनि मुलुकको सामाजिक आर्थिक रूपान्तरणलाई विभिन्न समयमा भएको जनआन्दोलनले तार्किक निष्कर्षमा पुऱ्याउन सकेको देखिन्न । प्रजातन्त्रप्राप्तिका लागि सारा नेपाली जनता सुरुदेखि नै लागिरहेको विभिन्न समयमा भएका आन्दोलनले पुष्टि गरिसकेका छन् । ०७ सालदेखि ०४६ सालसम्म प्रजातन्त्रका लागि भएका जनताको असन्तोषले के देखाएको छ भने नेपालमा प्रजातन्त्र एउटा निश्चित अवधिपछि असफल बनाउने प्रयास बेलाबखतमा देखिँदै आएको पाइन्छ । प्रजातन्त्रका लागि ठूलो आन्दोलन गरिन्छ तर, आन्दोलनको उपलब्धि लाई जोगाउन कसैले पनि प्रयास गरेकै देखिन्न । त्यसैले नेपालमा प्राप्त हुने प्रजातन्त्रबाट जनताले गर्व गर्न सकेका छैनन् । प्रजातन्त्रप्राप्तिपछि दलहरू सदैव समस्यामात्र देखाउने तर स्थायित्व दिन सदैव पछाडि परिरहेका छन् । राजनीतिक संकटको अन्त्य प्रजातन्त्र- प्राप्तिपछि पनि भएको देखिन्न । ०६२/६३ को जनआन्दोलनपछिको घटनाक्रमले पनि अगाडिकै निरन्तरता दोहोऱ्याउन खोजिरहेको देखिन्छ ।

## २.१.२ विकासोन्मुख देशको परिवेशमा प्रजातन्त्रको परिभाषा

शासन व्यक्तिको हैन विधिको बन्न सक्नुपर्दछ भन्ने मान्यता प्रजातन्त्रले राख्दछ । ३० वर्षसम्म नेपालमा चलेको पञ्चायती शासन व्यवस्था, इण्डोनेशियामा सुहार्तोले सन् '६० बाट शुरु गरेको शासन व्यवस्था, त्यसै समय पाकिस्तानमा सैन्य बलमा सञ्चालित शासन व्यवस्था सबै नै निर्देशित थिए । ती व्यवस्था विधिबाट हैन व्यक्तिबाट संचालित थिए । नियमित निर्वाचन निर्धारित अवधिमा हुँदैनथे । प्रतिपक्षीविनाको शाही शासन नेपालमा पञ्चायती व्यवस्थाले ३० वर्ष

कायम राख्यो । त्यस्मा जनताको सहभागिता कमजोर थियो । नेपालको प्रजातन्त्रमा राजाले बलमिच्याईं गर्दा समेत प्रजातन्त्र भएका छिमेकीहरूले पनि 'प्रजातन्त्रमाथि ठूलो धक्का' भनेर बोल्नु सिवाय कुनै प्रतिक्रिया दिएनन् । आन्तरिक र वाह्य दवाव नपरेकै कारण ०१७ सालमा त्यति छिटै राजाले आफ्नो निरंकुशता लाद्न सके । यसबाट के देखिन्छ भने प्रजातन्त्रको संस्थागत विकास हुन घरभित्र मात्र होइन छिमेकको वातावरणले पनि महत्त्व राख्दछ ।

पञ्चायती व्यवस्थाले नेपालमा विरोधीहरूलाई शासनमा सहभागी गराइएको थिएन । नागरिकको आवाज दवाउने क्रममा पञ्चायतले विपक्षीहरूलाई सत्तावाट अलग्याएर राख्यो । 'नागरिकका आवाजको सुनवाई प्रजातन्त्रमा हुनैपर्दछ ।'[१९] तर, पञ्चायतले नागरिकको आवाज दवाएको थियो । 'जनताका लागि, जनताव्दारा, जनताको शासन पृथ्वीवाट कहिल्यै अन्त हुने छैन्' भन्ने मान्यतालाई मूर्त रूप दिन अब्राहम लिंकनले गरेको सन् १८६३ को 'गेटिशवर्ग सम्वोधन', प्रतिनिधिमूलक शासनव्यवस्थाका लागि प्रेरणाको सन्देश बन्न सक्दछ ।[२०] प्रजातन्त्रप्राप्तिको यस मामिलामा नेपाल चुकेको थियो । प्रजातन्त्रको न्यूनतम मर्यादाहरूलाई पञ्चायतले लागू गर्न सकेको थिएन् । पञ्चायती व्यवस्थामा रवर्ट ए. डाहलले भनेजस्ता विशेषताहरू थिएनन् । डाहलको भनाइमा प्रजातन्त्रका निम्न विशेषताहरू हुन्छ । यसले :

- परिणाम मात्र देखाउँदैन लाभहरू पनि देखाउँछ ।
- निर्दयी अपराधी र स्वेच्छाचारी चक्र बोकेको सरकार बनाउन नियन्त्रण गर्दछ ।
- आफ्ना नागरिकहरूलाई अनेकौं मौलिक अधिकारहरू प्रदान गरेको हुन्छ ।
- आफ्ना नागरिकहरूलाई व्यापक रूपमा व्यक्तिगत स्वतन्त्रता प्रदान गर्दछ ।
- जनतालाई उनीहरूको मौलिक आकांक्षालाई संरक्षण गर्न बल पुऱ्याएको हुन्छ ।
- लोकतान्त्रिक सरकारले मात्र व्यक्तिलाई अधिकतम आत्मनिर्णयको अधिकार दिन सक्छ ।
- लोकतान्त्रिक सरकारले मात्र अधिकतम नैतिक उत्तरदायीत्वका अवसरहरू प्रदान गर्न सक्दछ ।
- लोकतन्त्रले मानव विकासमा अधिकतम जोड दिन्छ ।

---

[१९] एदम प्रिजोस्की,सुसन सी. स्टोक्स, र बर्नार्ड मेनिन (सं.), ***डेमोक्रेसी एकाउण्टेवीलीटी एण्ड रिप्रीजेन्टेशन,*** (युनाइटेड किंगडमः क्याम्ब्रिज युनिभर्सिटी प्रेस, १९९९), पृ.१ ।

[२०] (बेशिक रिडिङ्गस ईन यु.एस.डेमोक्रेसी),***पूर्ववत् टिप्पणी*** नं. ११, पृ. १६३ ।

- लोकतान्त्रिक सरकारले मात्र उच्च तहको राजनीतिक समानता अभिवृद्धि गर्न सक्दछ ।
- आधुनिक प्रतिनिधिमूलक लोकतान्त्रिक शासन व्यवस्था भएका देशहरूले एक आपसमा युद्ध गर्दैनन्, र
- लोकतान्त्रिक मुलुकहरूले अलोकतान्त्रिक मुलुकहरूभन्दा आफूलाई सम्पन्न बनाउन खोजिरहेका हुन्छन् ।[२१]

तेस्रो विश्वका अधिकांश देशहरूमा झैं नेपालमा पनि पञ्चायतकालभर प्रजातन्त्रले राम्ररी जरा हाल्न सकेको थिएन् । मुलुकभित्र प्रजातन्त्र प्राप्तिको चाहना सबै नेपालीमा थियो । निरंकुश शासन, परिवारवादको हावि र सेनाको प्रभावकै कारण परिपक्व राजनीतिक संस्कृति नेपालले पनि देखाउन सकेको थिएन । छिमेकी मुलुक बंगलादेशको अनुभवले के देखाएको छ भने-

> पार्टीभित्र वंशको आधारमा नेतृत्व लिने परिपाटीले प्रजातन्त्रको लागि ज्यादै घातक परिणाम ल्याउँछ । दलभित्र हुने परिवारवादको विरोध प्रजातन्त्रमा भएनभने त्यसले गम्भिर परिणाम ल्याउन सक्छ ।[२२]

प्रजातन्त्रमा सेना नागरिक अधिकारीको नियन्त्रणमा हुन्छ । बंगलादेश र पाकिस्तानको प्रजातन्त्रमा आउने उतारचढावलाई केलाउँदै श्रीकृष्ण झाले आफ्नो लेख-'क्राइसिस ईन इण्डियन डेमोक्रेसी' मा सेनाले नै दक्षिण एशियाली मुलुकको प्रजातन्त्रमा नोक्सानी पुऱ्याएको उदाहरण दिएका छन् । कतिपय दक्षिण एशियाली राष्ट्रहरूमा राजनीतिक संस्कृतिको विकास नभएकै कारण बल प्रयोग गरी सेना सर्वेसर्वा भएको पाइन्छ । 'सेनाले नै दक्षिण एशियाली मुलुकको प्रजातन्त्रमा नोक्सानी पुऱ्याइएको' वताउँदै उनले बंगलादेश र पाकिस्तानको उदाहरण दिएका छन । त्यसै गरी उनले नेपाल र भुटानको राजसंस्थाले प्रजातन्त्रलाई अवरोध पुऱ्याउन खोजिरहेको उल्लेख गरेका छन् । भारतीय प्रजातन्त्रलाई भने सेनाबाट यस किसिमको कुनै खतरा नभएको उनको निचोड छ ।[२३]

नेपालमा ०४६ सालको जनआन्दोलनपछि पनि सेनाका लागि राजतन्त्र प्रिय बनेको चाहिँ सत्य हो । पाकिस्तानमा अयुब खाँले सैनिक शासनलाई विस्तारित रूप दिने नाममा 'प्रतिनिधित्वको अधिनायकवाद' अर्थात् रिप्रिजेन्टेशनल डिक्टेटरसिप चलाए । सन् १९५९ ताका

---

[२१] (डाहल) ***पूर्ववत् टिप्पणी*** नं. ३ पृ. ४६–५८ ।

[२२] मौदुद अहमद, ***डेमोक्रेसी एण्ड द च्यालेन्ज अफ डेभलोपमेण्टः ए स्टडि अफ पोलिटिक्स एण्ड मिलिटरी इण्टरभेन्सन्स ईन बंगलादेश,*** (न्यु दिल्ली : विकाश पब्लिशिङ्ग हाउस, १९९५), पृ. ३७६ ।

[२३] श्रीकृष्ण झा, "क्राइसिस ईन इण्डियन डेमोक्रेसी", लोकराज बराल सम्पादित, ***साउथ एशिया डेमोक्रेसी एण्ड द रोड अहेड,*** (काठमाडौं : पोलिटिकल साइन्स  एसोसिएसन अफ नेपाल (पोल्सान), १९९२), पृ. ८१ ।

सुरु गरिएको आधारभूत प्रजातन्त्र अर्थात् 'बेसिक डेमोक्रेसी' ले पाकिस्तानमा दलहरूमाथि प्रतिवन्धसमेत लगाएको थियो ।[२४] छनौटको स्वतन्त्रता नभएको त्यस्तो व्यवस्था नेपालमा पनि लामो समय रहिरह्यो । पञ्चायती व्यवस्थाका विशेषगरी पाकिस्तानी र इन्डोनेसियन मोडेल थिए। यसलाई त्यस समय *गाइडेड डेमोक्रेसी*का रूपमा समेत हेर्ने गरिन्थ्यो । यो पाकिस्तानकै 'बेशिक डेमोक्रेसी' बाट प्रभावित भएको थियो । यसले आफूलाई भारतको 'पञ्चायती राज' सँग पनि तुलना गरेको थियो ।[२५] गान्धीको ग्राम पञ्चायतलाई आधार मान्न खोज्ने राजा महेन्द्र उनैको 'ग्राम गणतन्त्र' बाट तर्सेका थिए । महेन्द्रद्वारा सञ्चालित पञ्चायत नेपाली जनताका लागि अग्रभागमा देखाउने 'प्रजातन्त्र' मात्र थियो । पञ्चायती व्यवस्था तानाशाहहरूले अपनाएको मोडेल मध्येको एक थियो जसको आडमा ३० वर्षसम्म नेपालमा शाही अधिनायकवादी शासन सञ्चालन भएको थियो ।

जनता शिक्षित भइनसकेको अवस्थामा राजाले पाकिस्तान, इण्डोनेशिया र फिलिपिन्सको सिको गरेर शाही अधिनायकवाद मुलुकभित्र सुरु गरेका थिए । त्यसलाई चुनौती दिन सक्ने कोही थियो भने नेपालका प्रतिवन्धित दलहरू थिए । महेन्द्रको पुरा कार्यकालभरी र वीरेन्द्रको शासनको सुरुवातसम्म पनि नेपालको सरकारी सञ्चारमाध्यमहरूले कांग्रेसलाई र अन्य विपक्षीहरू, जो भारतमा निर्वासित भएका थिए, तिनलाई 'अराष्ट्रिय तत्व' भन्ने गर्थे । यस्तै किसिमको शब्द राणाहरूले पनि वि.सं २००७ साल अघि सत्ताका विरोधीहरूलाई प्रयोग गरेका थिए ।[२६]

राजतन्त्रले पञ्चायतकालभरि कम्युनिष्ट र कांग्रेस नमिलुन् भनेर 'फुटाउ र शासन गर' को नीति लिएको थियो । उसलाई थाहा थियो, जुन दिन यी दुई दल मिल्नेछ त्यस समय राजतन्त्रका लागि खतरा हुने छ । राजतन्त्रले आफ्नो सत्ता टिकाउनकै लागि दलहरूलाई विभाजन गराउने रणनीति निकै लामो समयसम्म अपनाएको थियो । 'फूटाऊ र शासन गर'को नीति राजतन्त्रद्वारा निर्देशित पञ्चायती व्यवस्थाले लामो समयसम्म अख्तियार गरिरह्यो । यसले मुलुकमा प्रजातन्त्र हैन अधिनायकवादलाई जोड दियो । त्यस समय नेपालजस्तै प्रजातन्त्रलाई स्थायित्व दिन नसकेका देशहरूमा पाकिस्तान, म्यानमार, बंगलादेश, आदि यसै श्रेणीमा पर्दथे । मौदुद अहमद 'डेमोक्रेसी एण्ड द च्यालेन्ज अफ डेभलोपमेन्टः ए स्टडी अफ पोलिटिक्स एण्ड मिलिटरी इन्टरभेन्सन्स ईन बंगलादेश' मा भन्छन्-

---

[२४] पीटर आर. ब्लड, (सं.), ***पाकिस्तानः ए कन्ट्री स्टडी,*** (वासिंङ्गटनः फेडरल रिसर्च डिभिजन, सन् १९९४), पृ. ४७ ।

[२५] भुवनलाल जोशी र लियो ई .रोज, ***डेमोक्रेटीक इन्नोभेशन ईन नेपाल,*** पुनर्मुद्रितः (वर्कलेः युनिभर्सिटी अफ क्यालीफोर्निया प्रेस, काठमाडौं : मण्डला २००४), १९६६, पृ. ३९८ ।

[२६] (गेल्नर) ***पूर्ववत् टिप्पणी*** नं. ५, पृ. ४७ ।

'बंगलादेशमा हरेक राजनीतिक दलका नेता, नागरिक र सेना प्रजातन्त्रका बारेमा कुरा गर्छन, तर राष्ट्र भने प्रजातन्त्रलाई व्यवहारमा प्रयोग गर्न असफल भएको छ । दलहरू असफल साबित भएका छन । यस स्थितिको फाइदा उठाएर सेनाको नेतृत्व लिनेहरूले प्रजातन्त्रलाई आफ्नै तरिकाले व्याख्या गर्न खोजेका छन् । तर अझैपनि बंगलादेशीहरूका लागि प्रजातन्त्र सपना जस्तै भएको छ । बंगलादेशमा प्रजातन्त्रको जुन सङ्कट विद्यमान छ, त्यो सङ्कट समग्र तेस्रो विश्वका देशहरूमा पनि छ ।'[२७]

नेपालको प्रजातन्त्र ०४६ सालको जनआन्दोलनपछि पनि बलियो नहुनामा निर्वाचित प्रतिनिधिको मातहतमा सेना नभएर राजाको मातहतमा रहनु पनि हो । निर्वाचित सरकारले माओवादीको विरुद्ध होलेरीमा सेना परिचालन गर्न खोज्दा हुन सकेन । त्यस्तै प्रतिनिधिमूलक संसदीय व्यवस्थाले सबै जनतालाई समावेशी वनाउन नसक्नाले ०४८, ०५१ र ०५६ सालको तीन आमनिर्वाचनपछि पनि यसले निरन्तरता पाउन सकेन् । यस पद्धति अनुसारको लोकतान्त्रिक अभ्यास गर्दा संसद्ले पूरा अवधि कहिल्यै काम गर्न सकेन । प्रजातन्त्रको पुनर्वहालीपछि पनि शासन सञ्चालन सहमतमा आधारित 'कन्सेन्सस मोडल' लाई प्रयोग गर्ने प्रयास भएको पाइन्न । डहालले भने जस्तै कुनै ठूलो विद्रोह नभएसम्म राजनीतिक नेताहरूले व्यवस्थामा कुनै परिवर्तन नदेख्ने परिपाटी कायमै रह्यो ।[२८]

## २.१.३ प्रजातन्त्रको सङ्क्रमण स्थायित्व र संस्थागत विकासको समस्या (२००७–०१७)

एउटा राजनीतिक व्यवस्था परिवर्तन भएको तर नयाँ व्यवस्थाले स्थायित्व लिई नसकेको वा लिने क्रममा अभ्यास भै राखेको अवस्थालाई सङ्क्रमण भन्ने गरिन्छ । शासन व्यवस्थाले स्थायित्व लिई नसकेको परिवर्तनलाई सबैले स्वीकारी नसकेको अवस्थालाईपनि सङ्क्रमणका रूपमा हेर्ने गरिन्छ । राजनीतिमा संक्रमण भनेको एउटा शासन व्यवस्था फ्याँकिएको तर त्यसको स्थानमा कस्तो व्यवस्था कायम हुने भन्ने कुराको संवैधानिक रूपमा टुँगो लागिनसकेको अवस्था हो । कृष्ण खनालकाअनुसार–

"कुनै पनि ठूलो राजनीतिक परिवर्तनपछि नयाँ व्यवस्थाको विधिवत् स्थापना नहोउन्जेलको अवधिलाई हामी सङ्क्रमणकाल भन्दछौं । आन्दोलनको उद्देश्य हासिल गर्न र त्यसलाई मुलुकको राजनीतिक व्यवस्थामा रूपान्तरण गर्न यो अवधि सबैभन्दा महत्वपूर्ण हुन्छ । आन्दोलनको ताकतमा आन्दोलनको नेतृत्व गर्ने शक्तिहरूले नै सङ्क्रमणकालको व्यवस्थापन गर्ने जिम्मेवारी पाएका हुन्छन् । सङ्क्रमणकालका विधि र व्यवस्थाहरू अस्थायी अर्थात अन्तरिम हुन्छन् । यसलाई नयाँ संविधान बनाएर विधिवत् निर्वाचित प्रतिनिधिहरूका हातमा सुम्पनु

[२७] (मौदुद अहमद) ***पूर्ववत् टिप्पणी*** नं.२२ पृ. ३६४ ।

[२८] रबर्ट ए. डाहल, "व्हाट पोलिटिकल ईन्स्टिच्यूसन्स डज लार्ज स्केल डेमोक्रेसी रिक्वायर ?", ***पोलिटिकल साईन्स क्वाटली,*** (भोल्यूमः १२० संख्या २), (न्यूयोर्क : द एकेडेमी अफ पोलिटिकल साईन्स, २००५), पृ. १८८-१८९ ।

सङ्क्रमणकालको प्रमुख लक्षण हो । नेपाल २००७ सालको क्रान्ति र २०४६ सालको जनआन्दोलनपछि पनि सङक्रमणकालीन व्यवस्थाबाट गुज्रिएको थियो। "[२९]

यसरी सङ्क्रमणले समाजमा हुने रूपान्तरणलाई वुझाउनुका साथै बस्तुको एक अवस्थाबाट अर्कोमा हुने रूपान्तरण प्रक्रियासमेत जनाउँदछ । एक स्थितिबाट अर्को स्थितिमा सङ्क्रमित हुनुभन्दा अगाडिको अवस्थालाई समेत सङ्क्रमणको रूपमा लिने गरिन्छ ।

> पुरानो व्यवस्था पतन भएर नयां व्यवस्था स्थापित हुन नपाउँदैको संक्रमणकाल अत्यन्त संवेदनशील हुन्छ । यस्तो अवस्थामा विभिन्न सामाजिक र अराष्ट्रिय तत्वहरू सक्रिय भएर भांडभैलो मच्चाउने प्रयास गर्दछन् । संक्रमणकालमा अव्यवस्था र अराजकता पैदा भएर शक्तिशाली देशहरूमा राष्ट्रिय एकता र अखण्डता ध्वस्त भएको, प्रतिशोध, घात-प्रतिघात, हिंसा र मारकाट मच्चिएको तथा प्रजातन्त्रको चाहना गरेर आन्दोलन गर्ने जनता अझ कठोर सैनिक शासनको बन्धनमा पर्नु परेको आदि अनेक उदाहरण विश्व इतिहासमा पाइन्छन् । तसर्थ संक्रमणकालमा शान्ति सुरक्षा कायम गरेर परिवर्तनको प्रक्रियालाई सहज बनाउने कार्य अत्यन्त चुनौतीपूर्ण हुन्छ ।[३०]

## २.१.३.१ २००७ सालपछि नेपालमा प्रजातन्त्रको सङ्क्रमणस्थिति

०७ सालको क्रान्तिको लक्ष्य संविधानसभा मार्फत प्रजातन्त्रमा सङ्क्रमण हुनु थियो । तर, मुलुक त्यस गन्तव्यवाट टाढा पुग्यो । राणा–कांग्रेस संयुक्त सरकारको अन्त्यपछि नेपाली कांग्रेस भित्र र अन्य दलहरूवीचको किचलोबाट राजाले फाइदा उठाउँदै गए । मोहन शमशेरको राजीनामा पछि वी.पी. कोइरालाको पक्षमा नेपाली कांग्रेसका प्रभावशाली नेताहरू–शुवर्ण शमशेर, गणेशमान सिंह, कृष्ण प्रसाद भट्टराईको समर्थन भएर पनि राजा त्रिभुवनले मातृका प्रसाद कोइरालालाई प्रधानमन्त्री नियुक्त गरे । यसैगरी नेपालले लिने निर्णयमा भारतले आफूलाई एक निर्णायक र महत्वपूर्ण तत्व संझन थालेको थियो ।[३१]

यसले के देखाएको छ भने नेपालले ०७ सालको प्रजातन्त्रप्राप्तिपछि पनि आफैंले प्रधानमन्त्री छान्न सक्ने अवस्था रहेनछ । भारतको धारणा र प्रभावले काम गरेको पाइन्छ । भारतको भूमिका वारेमा नारायणमान विजुक्छे भन्छन्–"भारत जहिले पनि नेपाललाई कमजोर र अस्थिर वनाएर आफ्नो मातहतमा राख्न खोजेको देखिन्छ । वीरेन्द्रको वंश विनाश त्यतिकै भएको छैन । उनको छवि राम्रो देखिएकाले अरु उपायले उनलाई सिध्याउन नसकिने देखेपछि भारत र

---

[२९] कृष्ण खनाल, ***नेपाल सङ्क्रमणकालीन राजनीति र संविधानसभा चुनाव,*** (प्र.सं.), (काठमाडौं : शान्तिका लागि सहकार्य, २०६४), पृ. १५ ।

[३०] सूर्यमणि अधिकारी, ***नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास,*** (प्र.सं.), (नई दिल्ली : निराला पब्लिकेशन्स, २०५५), पृ. ३९५ ।

[३१] पुरुषोत्तम बस्नेत, ***नेपाली कांग्रेसको इतिहासको प्रारुप (भाग–१),*** (प्र.सं.), (प्रकाशक : लेखक स्वयं), २०६६, पृ. ३७४ ।

अमेरिका यसमा लागेको देखिन्छ ।"[३२] ०७ सालको जनआन्दोलनपछि पनि मुलुकले स्थायित्व लिन नसक्नुमा के देखियो भने नेपालको राजनीतिमा बाह्य हस्तक्षेप मुख्य कारक बन्ने गरेको छ । २००७ सालदेखि ०१६ सालसम्म अर्थात् निर्वाचित नेपाली कांग्रेसको सरकार गठन हुनुभन्दा अघिसम्म एक दलीय र बहुदलीय गरी जम्मा ७ वटा मन्त्रिमण्डलको गठन र विघटन भैसकेको थियो । यस अवधिमा राजाको प्रत्यक्ष शासन पनि ३ पटकसम्म चलेको थियो । यसरी सर्वदलीय, एकदलीय, परामर्शदात्री, सल्लाहकार जस्ता अनगिन्ती सरकार बन्ने र विघटन हुने क्रम जारी रह्यो । त्यस समयको राजनीतिले स्थिरता लिन सकेको थिएन ।

प्रजातन्त्रलाई स्थिरता दिनमा भारतको सदाशयता देखिएन । त्यस समय भएको क्रान्तिले राणाको हातमा रहेको अधिकार शाह वंशमा सार्ने काम मात्र भयो । त्यो क्रान्ति पूर्णक्रान्ति भने वन्न सकेन । त्यसपछिका दिनमा पनि सेना, प्रहरी, निजामती कर्मचारीहरू लोकतान्त्रिक प्रक्रियामा भन्दा एउटै बंशको शासनसत्ताप्रति उत्तरदायी बन्न पुग्यो । जनतामा राजनीतिक संस्कृतिको विकास भै नसकेकोले मुलुक दऱ्हो रूपमा विदेशी हस्तक्षेपको विरुद्धमा उभिन सकेन् । प्रजातन्त्रमा सङ्क्रमण हुन नसक्नाले ०७ साल देखिको एक दशक लगभग मुलुक अस्थिरतामै गयो । दलहरूले परिपक्वता देखाउन सकेनन् । राजाले सा–साना दलहरूलाई लिएर सरकार छोटो छोटो समयमा परिवर्तन गरिरहने क्रम निरन्तर चलिरह्यो । प्रजातान्त्रिक संक्रमणले निर्दिष्ट गन्तव्य लिन सकेको थिएन् ।

## २.१.३.२ संविधानसभाको विवाद

०७ सालमा भएको क्रान्तिले त्यतिबेला राणाको हातमा रहेको अधिकार शाह वंशमा सार्ने काम मात्र भयो । वि.सं. ०७ सालको क्रान्ति वास्तवमा दरवारको क्रान्ति थियो । जनताको पुरै सहयोग यसमा थिएन् । तसर्थ यसलाई दरवारको क्रान्ति भनिन्छ ।[३३] ०७ सालको क्रान्तिपछि राजा फेरी सक्रिय देखिएको कुरा विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्तमा यसरी लेखिएको छ–

> एकछिन पछि त सारा पल्टन ग्वारग्वार मार्च गराउँदै लिएर आयो किरण सम्सेरले । भोलिपल्ट बिहान, मेरो जानकारी बेगर र कसैलाई जानकारी नदिएर राजा त्यस पल्टनबाट सलामी लिइरहेका थिए । जुन बफादारी उनीहरू मोहन सम्सेरका प्रति देखाउँथे, अब मलाई गर भन्नेजस्तो किसिमबाट राजाले सलामी लिइरहेका थिए ।

---

[३२] नेपाल मजदुर किसान पार्टीका अध्यक्ष ***नारायणमान विजुक्छे*** संग कमलविनायक, भक्तपुरमा मिति २०६६ साल भाद्र २ गते गरिएको कुराकानी ।

[३३] विलियम रायपर र मार्टिन होप्टुन, ***स्प्रिङ्ग आवेकनिङ्ग : एन एकाउण्ट अफ द १९९० रिभोल्यूसन ईन नेपाल,*** (न्यू दिल्ली : पेन्गुईन बुक्स, सन् १९९२), पृ. ११५ ।

> उनी के गरिरहेका छन् चौरमा भनेर आफू बसेको कोठाको झ्यालबाट हेर्छु त राजाले सलामी लिइरहेका छन् । म तिनको पाहुना भएर बसेको छु, मलाई जानकारी दिनुपर्ने । अहँ, त्यो गरेनन् । त्यस दिनदेखि राजाको हात माथि पऱ्यो, प्रजातन्त्रको हात तल पऱ्यो ।[३४]

यसरी ०७ सालको क्रान्तिको सफलतापछि जनतामा आउनुपर्ने अधिकार राणाहरूबाट राजामा गयो । त्यसैले ०७ सालको क्रान्ति वास्तवमै सत्ता परिवर्तन मात्र हो । एउटा अधिनायकवादबाट अर्को अधिनायकवादमा सत्ताको रूपान्तरण भएको थियो । संविधानसभा दिन्छु भन्ने राजा सत्ता पाएपछि त्यसलाई बिर्सन पुगेका छन् । '... हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूको निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले ।'[३५] भनी उल्लेख भएको यथार्थ कुरालाई बुद्धिजीवीहरूले गलत अर्थ लगाई (त्रिरत्न मानन्धर र निरन्जन शर्मा) आफ्नो मनोगत तर्क दिएका छन्– "श्री ५ त्रिभुवनको शाही घोषणामा 'प्रजातान्त्रिक' को सट्टा 'गणतन्त्रात्मक' भन्ने शब्द परेको छ । तर यो शब्द भाषण तयार गर्ने व्यक्तिको भूलले पर्न गएको देखिन्छ । शाही घोषणाको अङ्ग्रेजी अनुवादमा 'डेमोक्र्याटिक' शब्द प्रयोग भएबाट यो कुरा स्पष्ट हुन्छ ।"[३६] भनी राजा त्रिभुवनको ऐतिहासिक भुललाई उनीहरूले बचाउ गर्न खोजेको देखिन्छ ।

> श्री ५ त्रिभुवनले देशमा प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने आफ्नो इच्छा व्यक्त गरे र त्यसको लागि दुई वर्षभित्रै देशको संविधान तर्जुमागर्न बालिग मताधिकारको आधारमा एउटा संविधान-सभाको निर्वाचन गराउने कुराको पनि वचन दिए ।' [३७]

त्रिभुवनको शासनकालमा जानी जानी संविधानसभा कहिल्यै लागू हुन पाएन् । के यो राजाको मनसाय नै होइन संविधानसभा नदिने ? नेपालका लव्धप्रतिष्ठित विद्वानले यस्ता कुनै तर्क दिएर खण्डन पनि गर्न सकेका छैनन् । प्रजातन्त्रका लागि जनता जागे पनि कालान्तरमा फेरी यो राणाको अधिनायकवादबाट राजाको अधिनायकवादमा पुग्यो । राजनीतिक अस्थिरताको कारक राजा देखिए । सुरुमा राजा त्रिभुवन जनताको मागसँग सहमत थिए । तर विस्तारै विस्तारै उनी आफूले बोलेको कुरामा प्रतिबद्ध देखिएनन् ।

त्रिभुवनको देहान्तपछि राजा महेन्द्रले त संविधानसभाको चुनाव गर्न नचाहेको अरु प्रष्ट हुन थाल्यो । नेपाली काँग्रेस लगायत स्थापित दलहरूलाई निचो देखाउन उनको नीति थियो । आफू राजा भएको लगत्तै २०१२ सालमा उनले ससाना दल र संस्थाहरूको भेला गराएका थिए ।

---

[३४] विश्वेश्वरप्रसाद कोइराला, ***आत्मवृत्तान्त,*** गणेशराज शर्मा (सं.) (ललितपुरः जगदम्बा प्रकाशन, २०५५), पृ. १६० ।

[३५] ग्रीष्मबहादुर देवकोटा, ***नेपालको राजनीतिक दर्पण,*** (काठमाडौं : धुवबहादुर देवकोटा, २०५८), पृ. ९६ ।

[३६] त्रिरत्न मानन्धर र निरन्जन शर्मा, ***आधुनिक नेपालको राजनैतिक इतिहास (वि.सं.२००७–१९),*** काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३, पृ. ४० ।

[३७] (मानन्धर र शर्मा) ***ऐजन*** **नं.** ३६, पृ. १ ।

प्रजातन्त्रको प्रादुर्भावपछि राजाको आह्वानमा भएको यो (०१२ साल वैशाख २५) सबैभन्दा ठूलो भेला थियो । दोस्रो, यस सम्मेलनमा राजनैतिक दलहरूका अतिरिक्त ठूलो संख्यामा सामाजिक संस्थाहरूलाई पनि बोलाइएको थियो । प्रत्येक राजनैतिक दलले चार जना, प्रत्येक सामाजिक संस्थाले दुई जना प्रतिनिधि पठाउने व्यवस्था गरिएको थियो । आमन्त्रित सामाजिक संस्थाहरूमा धोबी, नाऊ, हलुवाई आदिका संस्थाहरू पनि छुटेका थिएनन् । यस्ता प्रकारका राजनीतिसँग सम्बन्धै नभएका संस्थाहरूलाई निम्त्याएकोबारे स्पष्टीकरण दिँदै श्री ५ महेन्द्रले 'नेपाल र नेपालीकै भलाइको' लागि स्थापना भएका हुनाले ती संस्थाहरूलाई पनि देशको भविष्यबारे बोल्ने अधिकार भएको कुरा उल्लेख गरे तर राजनैतिक दलहरूले भने यसको ठूलो विरोध गरे । उनीहरूको भनाइअनुसार यो कार्य राजनैतिक दलहरूलाई निचो देखाउने एउटा चाल मात्रै थियो । जे होस्, एकातिर यस सम्मेलनमा १२९ वटा संस्थाहरूले भाग लिएका थिए भने अर्कोतिर देशका प्रमुख चारवटा राजनैतिक दलहरू–नेपाली कांग्रेस, नेपाल प्रजापरिषद्, नेपाली राष्ट्रिय कांग्रेस र राष्ट्रिय प्रजापार्टी-ले यसको बहिष्कार गरेका थिए ।[३८] सरकार गठन गर्नसक्ने चारवटा प्रमुख राजनैतिक दलले यसको वहिष्कार गर्नु भनेको राजा ठूला दललाई पन्छाउने रणनीतिमा धेरै अघिदेखि लागेको देखिन्छ ।

चुनावको तिथि तोकियोस् भन्ने प्रमुख माग राखेर २०१४ साल मार्ग २२ गतेदेखि "भद्रअवज्ञा आन्दोलन" का रूपमा शुरु भएको सत्याग्रहले केही दिनभित्रै राजालाई "२०१५ साल फागुन ७ गतेको तिथिबाट आमचुनाव हुनेछ" भन्ने घोषणा गर्न बाध्य गरायो । चुनाव हुने घोषणा भएपछि पनि चुनाव संविधान सभाका लागि कि संसद्का लागि ? भन्ने विवाद यथावत रह्यो । त्यसै बखत रातारात खुलेका पार्टीहरूका आधारमा राजा महेन्द्रबाट बहुसंख्यक पार्टी संसद्को चुनावका पक्षमा छन् भन्ने बहाना बनाई "चुनाव संसद्कै लागि हुनेछ" भन्ने घोषणा भयो ।[३९] यस अवधिमा नेपालको राजतन्त्रले साना दलहरूलाई टिपेर सरकार वनाउने र विघटन गर्ने खेलमा लाग्न पुगे ।

२००७ साल देखि ०१५ सालसम्म नेपाली कांग्रेस र राजाबीच सदैव कचिङ्गल देखिएको छ । यी दुई बीचको सहकार्य कहिल्यै सहज बन्न सकेन् । प्रजातन्त्र सदैव सङ्क्रमणमा रहन पुग्यो । यसले के देखाएको छ भने राजा ठूला दलहरूसंग सहकार्य गर्न सक्दैनन् ।

---

[३८] (मानन्धर र शर्मा), ***पूर्ववत् टिप्पणी*** नं. ३६, पृ. ४७ ।

[३९] ढुण्डिराज शास्त्री र अन्य (सम्पादक), ***नेपाली कांग्रेस र यसका दृष्टिकोणहरू,*** (काठमाडौं : नेपाली कांग्रेस केन्द्रीय कार्यालय, २०५२), पृ.३ ।

### २.१.३.३ नेपाल अधिराज्यको संविधान, २०१५

राजाबाट २०१४ साल माघ १९ मा गरिएको घोषणाको आधारमा चैत्र ३ मा गठन गरिएको संविधान मसौदा कमिसनमा भगवतीप्रसाद सिंहको अध्यक्षतामा सूर्यप्रसाद उपाध्याय, रणधीर सुव्वा, रामराज पन्त सदस्यहरू र होरा प्रसाद जोशी सदस्य सचिव रहेको "संविधान मसौदा कमिसन" गठन भएको थियो । यस कमिसनलाई देशका जनताले कस्तो संविधान चाहेका छन्, उनीहरूको राय सुझाव बुझी संविधानको मसौदा गर्ने कार्य निर्देश गरिएन । उनीहरूलाई एक उपयुक्त संविधानको मसौदा गर्नु मात्र भनियो । राज्यशक्तिको स्रोत जनता नै हो भन्ने यथार्थ तथ्यको ध्यान दिइएन ।[४०]

यस समितिलाई सल्लाह दिन बेलायतका संविधान विज्ञ सर आइभर जेनिङ्स नेपाल आएका थिए । उनले संविधानका निम्ति यस्तो सल्लाह दिएका थिए कि गणेशमान सिंहको भनाईमा 'मन्त्रीहरूले उठ्न र बस्नलाई पनि राजासंग सोध्नु पर्ने थियो ।'[४१] तथापि संसदीय प्रणाली र ढाँचाको यो पहिलो नेपाली संविधान थियो । राष्ट्राध्यक्षका रूपमा राजालाई सङ्कटकालीन अधिकार अन्तर्गत सरकार र संसद दुवै विघटन गर्नसक्ने असीमित अधिकारको व्यवस्था गरेको थियो । दुई सदनात्मक व्यवस्थापिकाका रूपमा ३६ सदस्य रहने महासभा र १०९ सदस्य प्रतिनिधिसभाको प्रावधान गरिएको थियो । ०१५ साल फाल्गुन १ गते का दिन राजा महेन्द्रबाट नेपाल अधिराज्यको संविधान नेपाली जनतालाई दिइएको थियो । नेपाल अधिराज्यको संविधान २०१५ लागु भएको केही दिनमा फाल्गुन ७ गतेदेखि संसदको तल्लो सदन प्रतिनिधिसभाको निर्वाचन प्रारम्भ भएको थियो र ०१६ साल वैशाख २१ मा गएर टुंगिएको थियो । १०९ निर्वाचन क्षेत्रमा ७८६ उम्मेदवारहरू खडा भएका थिए । १७ लाख ९१ हजार ३८१ मतदाताहरूले त्यस समय मतदान गरेका थिए ।

०१५ सालको आम निर्वाचनपछि १८ महिना सरकारमा रहेको नेपाली कांग्रेसले देशलाई सङ्क्रमणबाट प्रजातन्त्रमा रूपान्तरण गर्न खोजेको थियो तर त्यसले निरन्तरता पाएन । संविधानको धारा ५५ को अधिकार प्रयोग गरेर संविधानद्वारा स्थापित शासन प्रणालीको अन्त गरियो । राजाले आफैंले जारी गरेको संविधानअन्तर्गत जननिर्वाचित सरकार र सदनको विघटन र संविधानको समाप्तिको लागि सोही संविधानअन्तर्गतको सङ्कटकालीन अधिकारको प्रयोग गरिनु कुनै पनि प्रजातान्त्रिक संविधानअन्तर्गत प्राप्त सङ्कटकालीन अधिकारको प्रयोग र प्रहारको

---

[४०] मुकुन्द रेग्मी, ***संवैधानिक विकास र नेपाल अधिराज्यको संविधान,*** *२०४७, भाग–२,* (भाग–२ मा प्रकाशन मिति र प्रकाशन संस्था उल्लेख छैन), पृ. ११५९ ।

[४१] गणेशमान सिंह, 'राष्ट्रिय पुनर्जागरण, २०५१, सुवर्ण शमशेर विशेषाङ्क', ***सुवर्ण शमशेर–एक व्यक्ति, अनेक आयाम,*** (काठमाडौं : सुवर्ण स्मृति तथा प्रजातान्त्रिक चिन्तन प्रतिष्ठान, २०५८), पृ. ९४ ।

संवैधानिक औचित्य प्रस्तुत गर्न सम्भव छैन । निर्वाचित प्रधानमन्त्री, मन्त्री तथा सत्तासीन नेपाली कांग्रेस दलका अधिकांश नेता तथा कार्यकर्ताहरू रातारात अराष्ट्रिय तत्वको आरोपमा न्यायिक कारवाही/प्रक्रियाविना वर्षौंसम्म सुरक्षा कानुनअन्तर्गत थुनामा राखिएका र कैंयौंको सर्वस्वहरणसमेत गरिएको इतिहासमा अङ्कित छ । [४२]

शासन-व्यवस्थामा जनप्रतिनिधिको खटनपटन नेपालको राजतन्त्रले पचाउन नसक्नाकै परिणाम हो ०१७ साल पुस को कदम । राजा र निर्वाचित प्रधानमन्त्रीबीच बढदै गएको द्वन्द्वले त्यस समयमा सरकारले चलाएको विर्ता उन्मूलन जस्तो योजनाका विरुद्धमा कर्मवीर महामण्डल जस्ता संस्थामार्फत योगी नरहरिनाथद्वारा पश्चिम २ नं गोरखामा सरकारका विरुद्ध प्रदर्शन हुनुले राजावादीहरू योगी नरहरि नाथ जस्ता साधु र जोगीका माध्यमबाट कसरी परिचालित हुन्छ भन्ने कुरा यस घटनाले देखाएको छ । उनले निर्वाचित सरकारद्वारा उठाइएका सवै कद्मको विरोध गर्दै जनतालाई कर नतिर्न र त्यस्तो सरकारलाई हटाउन आह्वान गरेका थिए ।[४३]

नेपालमा निर्वाचित सरकारलाई असफल गराउन सेनामात्र होइन दरबार निकट व्यक्तिहरूले समेत राजतन्त्र रहुन्जेल भूमिका खेलेको पाइन्छ । २०१७ साल पुष १ गतेको बिहान ११ बजे सैनिक अफिसरहरूले बीपीलाई पक्राउ गर्दा उहाँ देशको प्रधानमन्त्री र रक्षामन्त्री हुनुहुन्थ्यो र सेनाले उहाँको आदेश र निर्देशनमा रहनुपर्थ्यो । यो प्रधानमन्त्रीको विरुद्धको मात्र नभई संविधान विरुद्धको षडयन्त्रको कारण के थियो ? वी.पी. कोइरालाको भनाइमा– 'राजाले केवल मिलिटरीको जोरमा हुकुमी शासन चलाउँछु भन्ठान्नु ठूलो भूल हो ।' [४४] उनी आफूमा निष्ठा र वफादार वनेको सेना र निजामती कर्मचारी लगायत अन्य तह र तप्काका जनताहरूबाट विरोधीलाई दवाउन शक्ति संचय गर्दै थिए । लगभग ३० वर्ष नेपालको राजसंस्थाले यसरी नै एक छत्र राज गऱ्यो ।

### २.१.३.४ प्रजातन्त्रमा सङ्क्रमण भएको अठाऱ्ह महिने निर्वाचित सरकार

०१५ सालको आम निर्वाचनपछि १८ महिना सरकारमा रहेको नेपाली कांग्रेसले देशलाई लोकतान्त्रीकरण गर्न खोजेको थियो । नेपाल अधिराज्यको संविधान, २०१५ ले देशमा वहुदलीय व्यवस्था र संवैधानिक राजतन्त्रको स्थापना गरेको थियो । यसले वेलायती ढाँचाको संसदीय सरकारको पनि व्यवस्था गरेको थियो । चुनावमा कुनै दलले वहुमत नल्याउने राजाको अनुमान

---

[४२] बद्रीबहादुर कार्की, "संविधानमा सङ्कटकालीन अधिकारसम्बन्धी व्यवस्था", इन्द्र खरेल र अन्य (सं.), ***सर्वोच्च बार जर्नल,*** २०६६ साउन, पृ. ७।

[४३] (मानन्धर र शर्मा), ***पूर्ववत् टिप्पणी*** नं. ३६ पृ.९४ ।

[४४] वी.पी. कोइराला, ***जेल जर्नल,*** गणेशराज शर्मा (सं.), (ललितपुर : जगदम्बा प्रकाशन प्रा.लि, २०५४) पृ.ण ।

थियो । त्रिशंकु संसदमा आफूले खेल्न पाउने ठूलो सम्भावना हुन्थ्यो । तर निर्वाचनमा नेपाली कांग्रेसले धेरै ठूलो समर्थन प्राप्त गऱ्यो ।

**पहिलो आम निर्वाचनको परिणाम:**[४५]

| **नाउँ** | **उम्मेदवार उठेको संख्या** | **जितेको संख्या** | **जम्मा प्राप्त मत** | **प्राप्त मत प्रतिशत** |
|---|---|---|---|---|
| नेपाली कांग्रेस | १०८ | ७४ | ६६६८९८ | ३७.२२ |
| ने.रा.गो.प | ८६ | १९ | ३०५११८ | १७.०३ |
| सं.प्र.पा.ने | ८६ | ५ | १७७४०८ | ९.९० |
| ने.क.पा | ४७ | ४ | १२९१४२ | ७.२० |
| ने.प्र.प आचार्यगुट | ४६ | २ | ५३०३८ | २.९६ |
| ने.प्र.प मिश्रगुट | ३६ | १ | ५९८२० | ३.३३ |
| तराई कांग्रेस | २१ | ० | ३६१०७ | २.०१ |
| नेपालीराष्ट्रियकांग्रेस | २० | ० | १२७०७ | ०.७१ |
| प्रजातान्त्रिकमहासभा | ६८ | ० | ५९८१६ | ३.३४ |
| स्वतन्त्र | २६८ | ४ | २९१२४७ | १६.२६ |
| जम्मा | ७८६ | १०९ | १७९१३८१ | १०० |

**श्रोत : नेपालको राजनीतिक दर्पण भाग–१, /जनरल इलेक्सन ईन नेपाल १९९१**

यस तथ्यांकलाई केलाउँदा निर्वाचन आयोगले प्रकाशित गरेको पुस्तकमा नेपाल प्रजा परिषद् (मिश्र) ले पाएको मत संख्या ५९,८२९ उल्लिखित छ । यसैगरी नेपाल राष्ट्रिय गोरखा परिषद्को ३,९५,११८ देखाइएको छ । नेपाल कम्युनिष्ट पार्टीको पनि १,२३,१४२ देखाइएको छ । प्रजातान्त्रिक महासभाको ५९,८६९ देखाइएको छ । सरकारी आधिकारिक निकाय निर्वाचन आयोगको सन् १९९१ मा अंग्रेजीमा प्रकाशित जनरल इलेक्सन इन नेपालले दिएको तथ्यांकमा कुल मत खसेको १८,८१,३७४ देखाइएको छ ।[४६]

निर्वाचन परिणाम आएपछि नेपाली कांग्रेसले वी.पी.कोइरालालाई संसदीय दलको नेता चयन गऱ्यो । संसदीय मर्यादा अनुसार वहुमत प्राप्त दलको नेतालाई सरकार गठन गर्न राजाले तत्काल आव्हान गर्नु पर्नेमा ढिलो गरी जेठ १ गते मात्र मन्त्रिमण्डल गठन भएको थियो ।

---

[४५] (देवकोटा), ***पूर्ववत् टिप्पणी*** नं.३५, पृ. ५९९ ।

[४६] ***जनरल इलेक्सन इन नेपाल १९९१,*** (प्र.सं.), (काठमाडौं : इलेक्सन कमिसन, १९९२), पृ. १२३ ।

प्रारम्भमा निर्वाचित सरकार र संसदको काममा राजाले प्रक्रियागत रूपले खासै व्यवधान गरेनन् । तर राजनीतिक घरना प्रतिकारका क्रममा आफ्नो अनुकूलका व्यक्ति र दलहरूलाई उक्साउने काममा दरवार लागिरहेको कुरा योगी नरहरि नाथको संलग्नताले पुष्टि गर्छ ।

राजाको सोचाइ विपरीत नेपाली कांग्रेसले निर्वाचनमा पाएको सफलताले प्रतिनिधिसभामा दुई–तिहाई बहुमत प्राप्त नेपाली कांग्रेसको सरकारलाई "देशमा शान्ति सुरक्षा कायम राख्न असमर्थ भएको र राष्ट्रिय एकतामा समेत बाधा पुऱ्याउने वातावरण ल्याइयो" भन्ने जस्ता निराधार आरोप लगाई विघटन गरिएको थियो ।[४७] आफैंले दिएको संविधान अनुसार गठन भएको सरकार र संसदलाई राजाले १ वर्ष ८ महिनामा नै विघटन गर्न पुगे । राजाले ०१७ सालको कदम नियोजित तवरले चालेका थिए । त्यसैले उनी नेपालमा प्रजातन्त्रको संस्थागत विकास नै चाहन्नन् भन्ने कुरा तलका प्रमाणहरूले पुष्टि गर्दछन् :

> भारतीय प्रधानसेनापति, जनरल थिमैया २०१७ साल मार्ग २३ गते (डिसेम्वर ८, १९६०) एक हप्ते सरकारी भ्रमणकालागि नेपाल आएका थिए । उप-प्रधानमन्त्री सुवर्ण शम्शेर कलकत्ता तर्फ २०१७ साल मार्ग २७ गते (डिसेम्वर १२, १९६०) निजी कामका सिलसिलामा लागेका थिए । अत्यधिक प्रचार पाएको नेपाल तरुण दल सम्मेलनको उद्घाटनको अवसरमा विश्वका विभिन्न मुलुकहरूबाट प्रतिनिधिमण्डलका सदस्यहरूले भाग लिएका थिए । यस्तो अवस्थामा २०१७ साल पौष १ गते (डिसेम्वर १५, १९६०) सरकारमा रहेका सदस्यहरू गिरफ्तार गरिए । यसका साथै अन्य दलका सदस्यहरूलाई पनि आ-आफ्नो क्षेत्रबाट गिरफ्तार गरियो ।
>
> सोही दिन शाही घोषणाद्वारा मन्त्रिमण्डल र संसदका दुवै सदनहरू विघटन गरिए र अर्को व्यवस्था नभएसम्म शासनभार राजाबाट ग्रहण गरिने घोषणा भयो । घोषणामा नेपाली कांग्रेसको सरकारमाथि व्यक्तिगत र दलगत स्वार्थपूर्तिका लागि अधिकार प्रयोग गरेको, प्रशासनयन्त्रलाई निष्क्रिय बनाएको, अधिकार दुरूपयोग गरी भ्रष्टाचार बढाएको, शान्ति सुरक्षा कायम हुन नसकेको, अराष्ट्रिय तत्वहरूले प्रोत्साहन पाई राष्ट्रिय एकतामा बाधा पुगेको र कोरा आर्थिक सिद्धान्तमा उठाइएको आर्थिक कदमहरूले जनतामा अशान्ति एवं असहज वातावरण पैदा गरेको आदि आरोपहरू लगाइएको थियो ।[४८]

तर माथि लगाइएका यी आरोपहरूलाई पुष्टिगर्ने आधार केही थिएन । राजाले त्यस समय संविधानको धारा ५५ को संकटकालीन अधिकार प्रयोग गर्दा मन्त्रिमण्डल र संसदका दुवै सदनहरू विघटन गरिएका थिए । पहिलो आम निर्वाचनमा नेपाली जनताले व्यक्त गरेको भावना विपरीत १८ महिना पनि काम गर्न नपाउँदै "संसदीय व्यवस्था" समेत अफाप भएको तर्क अघि सारी राजा महेन्द्रले सैनिक अधिकारीहरूको बलमा २०१७ साल पुस १ गते प्रजातन्त्रमाथि साँधातिक हमला गरे । नेपाल विशेष व्यवस्था ऐन २०१७ लागू गरी नेपाल अधिराज्यको संविधान, २०१५ लाई निष्क्रिय पारेर मुलुक दुई वर्ष संविधान विहिन अवस्थामा रहन पुग्यो ।

---

[४७] (मुकुन्द रेग्मी), ***पूर्ववत् टिप्पणी*** नं. ४०, पृ. ११६७ ।

[४८] (जोशी र रोज), ***पूर्ववत् टिप्पणी*** नं २५, पृ. ३८४-३८५ ।

त्यस घटनापछि प्रधानमन्त्री वी.पी.कोइराला लगायत सम्पूर्ण पार्टीका नेता तथा कार्यकर्ताहरूलाई हजारौंका संख्यामा गिरफ्तार गरी घोर अमानुषिक दमन गरियो ।

आफ्नो पूर्खाको मात्र गौरब ठान्ने नेपाली राजतन्त्रले उक्त कदमवाट नेपालको एकीकरणमा नेपाली जनताहरूले पु¥याएको योगदानलाई भने विर्सन खोजेको देखिन्छ । यसरी नेपालको राजसंस्थाले निर्वाचित पदाधिकारीहरूलाई सत्तावाट अलग्याएर एक्लै शासन गर्ने मौकाको खोजी गरिरह्यो । मुलुकमा घटेको यस दुर्घटनापछि आश र त्रासमा अल्झेका धेरै नेता तथा पार्टीहरूले आफ्नो राजनीतिक धर्म छोडे । घटनाको एक हप्ता बित्ता नबित्तै धेरै पार्टीका धेरै नेताहरू राजा महेन्द्रको कदमको समर्थन गरी वक्तव्य निकाल्दै धमाधम जेलबाट छुट्न थाले । नेपाली कांग्रेस एक्लै प्रजातन्त्र विरोधी त्यस षडयन्त्रको प्रतिरोध गर्ने कठिन कार्यमा उभियो । उता दरभङ्गा प्लेनममा पुष्पलाल (ने.क.पा) पक्षले विघटित संसदको पुनर्स्थापनाका लागि ने.का.लाई नैतिक समर्थन दियो। विचारधाराको आधारमा ने.का. र ने.क.पाको मुख्य उद्देश्य त्यससमय विद्यमान व्यवस्थाको उन्मूलन गर्नु रहेको थियो । त्यस समय नेपाली कांग्रेस संवैधानिक राजतन्त्रको पक्षमा उभिएको थियो भने पेकिङ्ग समर्थक ने.क.पा पुष्पलाल भने गणतन्त्रका लागि वकालत गर्दै थिए ।[४९]

कतिपय नेताहरू राजाको यस कदमवाट बच्न भारतमा निर्वासित भए । चरम दमनको विरोध गर्न मुलुकमा अहिंसक आन्दोलनले कुनै प्रभाव नपार्ने देखी नेपाली कांग्रेस वाध्य भई पहिलो सशस्त्र संघर्ष सुरु गर्न पुग्यो । प्रतिरोध आन्दोलनका क्रममा २०१८/१९ सालको अवधिभर नेपाली कांग्रेसले इलामको च्याङ्थापुदेखि जनकपुर, भरतपुर, गुल्मी र बझाङ्गसम्म देशभरि सशक्त प्रतिरोध आन्दोलन चलायो । यस क्रममा नेपाली कांग्रेसका सयौं होनहार नेता तथा कार्यकर्ताहरूले आफूलाई बलिदान गरे । त्यसै समय भारत-चीनबीच भएको युद्ध र त्यसबाट उत्पन्न परिस्थितिका कारण सशस्त्र प्रतिरोध अभियानलाई नेपाली कांग्रेसले स्थगित ग¥यो ।[५०] एउटा निर्वाचित बहुमतप्राप्त राजनीतिक दललाई सत्तामा टिक्न नदिने राजाको रणनीतिका कारण मुलुक कसरी द्वन्द्वमा पुग्छ भन्ने कुरा ०१७ सालको कदमले देखाएको छ । १८ महिनामै संसदीय प्रजातन्त्रको अपहरण हुनु राजाबाट भएको गम्भीर भूल थियो । राजाको व्यक्तिगत महत्त्वाकांक्षाका कारण ०७ सालदेखि ०१७ सालसम्म आईपुग्दा नेपालमा कुनै पनि सरकार टिकाउ र स्थिर रहन सकेन ।

---

[४९] लोकराज बराल, ***अपोजिशनल पोलिटिक्स इन नेपाल,*** (प्र.सं.), (न्यू दिल्ली : अभिनव पब्लिकेशन्स, १९७७), पृ. ६६ ।

[५०] (ढुण्डिराज शास्त्री) ***पूर्ववत् टिप्पणी*** नं. ३९, पृ. ४–५ ।

राजा महेन्द्रले ०१५ सालको संविधानको धारा ५५ द्वारा प्रदत्त विशेषाधिकारको प्रयोग गरी ०१६ सालको आम निर्वाचनद्वारा गठित संसदीय शासन व्यवस्थाको अन्त गरेका थिए । जननिर्वाचित प्रधानमन्त्री श्री विश्वेश्वरप्रसाद कोईरालालाई सार्वजनिक भाषण दिइरहेको मञ्चबाट नै पक्राउ गरी २०१७ साल पौष १ गतेको शाही कदमबाट नेपाल अधिराज्यको संविधान, २०१५ मा प्रतिवन्ध लगाइयो । फलस्वरूप २०१७ साल पौष २२ गते बहुदलीय व्यवस्थामा प्रतिबन्ध लगाई निर्दलीय पञ्चायत व्यवस्थाको सूत्रपात गरियो । दुई वर्षसम्म बिनासंविधान राजा आफैंले प्रत्यक्ष शासन चलाए ।[५१]

संसदीय व्यवस्थालाई १८ महिनाकै अवधिमा विघटन गर्नुको पछाडि राजाले प्रजातन्त्रमा आफूलाई सीमित गर्न नचाहेको प्रष्ट हुन्छ । त्यसपछिका दिनमा उनी अधिनायकवादी शैलीको शासन सञ्चालनमा लागे । विश्वेश्वरप्रसाद कोइराला भन्छन : *"राजाले २०१७ साल पुष १ गतेका दिन यो विदेशीहरूलाई प्रवेश गर्ने मौका दिए र आफै बाँधिए । त्यसो हुनाले यो ठूलो देशघाती काम उनीबाट भएको छ ।"*[५२] राजतन्त्रको भविष्य लोकतान्त्रीकरणबाट हैन निरंकुशतामा देखे । उनले आफूलाई दलबाट घेरिएको पञ्चहरूबाट सुरक्षित भएको देख्न पुगे । संविधानले निश्चित गर्दिएको स्थानमा बस्न नेपालको राजसंस्थालाई स्वीकार्य हुन सकेन् । राजसंस्था लोकतान्त्रिक संविधानको संरक्षक र अभिभावक कहिल्यै बन्न सकेन् । संवैधानिक राजतन्त्र उसका लागि चुनौती वन्न गयो । उसले आफूलाई संवैधानिक भएर बस्ने चाहना भएको कहिल्यै देखाएन् । नागरिक सर्वोच्चतामा भन्दा राजतन्त्रको सार्वभौमसत्ता रहनुपर्नेमा उसले जोड दियो । जनतासंगको सहभागिता र सझ्दारीलाई नेपाली राजसंस्थाले कहिल्यै स्विकारेन् । जनताभन्दा विशेष स्थानको पहिचान उसले खोज्यो । मौका पायो कि दुई सय पचास बर्ष अघि आफ्ना वंशजले ठूलो त्यागबाट नेपाल अधिराज्य निर्माण गरेको इतिहास देखाएर राजसंस्थाको औचित्य सावित गर्न खोज्यो । ०१७ सालमा लोकतान्त्रिक सरकार विघटन गर्ने नेपालको राजतन्त्रले पछिका समयमा ठूलो मूल्य चुकाएर ०४६ सालमा संवैधानिक र ०६२/६३ मा पुग्दा सत्तान्तरित हुनु पऱ्यो ।

### २.१.३.५ प्रजातन्त्रको विकल्पमा पञ्चायतको उदय

दलहरूलाई कमजोर र प्रजातन्त्रलाई असफल बनाउने काममा नेपाली राजतन्त्र ३० वर्षसम्म लगातार लागिरहेको थियो । किनकि राजाले आफ्नो सक्रिय भूमिका केवल पञ्चायती

---

[५१] ***नेपालको संसदीय निर्वाचन दर्पण,*** (काठमाडौं : निर्वाचन आयोग, २०६३), पृ. २६ ।

[५२] विश्वेश्वरप्रसाद कोइराला, ***राजा राष्ट्रियता र राजनीति,*** गणेशराज शर्मा (सं.), (ललितपुर : जगदम्बा प्रकाशन, २०६३), पुनर्मुद्रण २०६६, पृ. ५९ ।

शासनमा मात्र देखेका थिए । राजालाई प्रेरणा लोकतान्त्रिक देशवाट हैन एशिया, अफ्रिका लगायत ल्याटिन अमेरिकी देशहरूको अधिनायकवादी शैलीको शासनबाट मिलेको थियो । पाकिस्तानमा अयुब खाँको फौजी कारबाही, इरानमा जनता पक्षको साम्राज्यवाद विरोधी मुजाहिद्दिनमाथि फौजी कारबाही गरी इरानका शाह पहल्वीको फौजी शासन, इन्डोनेसियामा सुकार्नोमाथि फौजी कारवाही गरी सुहार्तोको फौजी शासन इत्यादिको शृङ्खलाको एक कडीका रूपमा नै नेपालको संसदीय व्यवस्थालाई खत्तम गरी पञ्चायती हुकुमी शासन स्थापना हुन आएको हो । पाकिस्तानको अयुब खाँले स्थापना गरेको 'बेसिक डिमोक्रेसी', इरानको 'मजलीश', नेपालको 'पञ्चायती' शासन एउटै प्रकारका थिए । [५३]

यस अवधिमा राजा मात्र बलियो बन्दै गए जनता फेरी कमजोर भए । सर्वसाधारण जनताको शासनमा कुनै अधिकार थिएन । राजतन्त्रले जनताको आवाजलाई कहिल्यै प्रतिनिधित्व गर्न सकेन । २०३७ सालको जनमत सङ्ग्रह सम्पन्न भए पछि नेपालको संविधान, २०१९ मा जुन संशोधन गरियो त्यसले संसदीय प्रणालीलाई निषेध गर्नेहरूको गन्तव्य पनि अन्ततोगत्वा संसदीय प्रणाली नै हुन पुगेको स्थिति अनुभव हुन्छ । यो स्थिति आइपुगे पछि नेपालको तात्कालिक सत्ता-राजनीतिमा एउटा अन्तर्द्वन्द्वको आरम्भ भएको देखिन्छ ।[५४] तर पनि काङ्ग्रेस र कम्युनिस्टबीच कार्यगत एकता हुन नसक्नाले जनमतसंग्रह प्रजातन्त्रवादीहरूको पक्षमा गएन । त्यो पुरानै सत्ता पञ्चायतले चाहे जस्तो भयो ।

दलहरूलाई संगठित हुन नदिने र आफू बलियो बन्ने क्रममा राजाले फुट र विभाजनको नीति अख्तियार गरिरहे । सरकारका कृयाकलापमा विपक्षीहरूको पंचायती व्यवस्थाप्रति रचनात्मक विरोध भन्दा ध्वंशात्मक विरोध देखियो । नेपाली कांग्रेसको लागि राजाको हरेक कदमले खतरा निम्त्याईरहेको थियो । यस्तो अवस्थामा नयाँरणनीतिका साथ नेपाली कांग्रेसले पंचायतको विरोधमा प्रजातन्त्रकोलागि आन्दोलन, अगाडि वढाईरहेको थियो ।[५५] २००७ सालबाट प्रारम्भ भएको प्रजातन्त्रलाई २०१५ सालमा आइपुग्दा यसलाई केही मात्रामा संस्थागत ढंगले अघि बढाउन खोजेको देखिन्छ । प्रजातान्त्रिक रूपान्तरणको अभियानलाई ०१७ सालमा भएको बलप्रयोगले गम्भीर अवरोध पुऱ्याई दिशाहीन बनाउन सफल भयो । तर त्यसले नेपाली समाजमा

---

[५३] तुल्सी लाल अमात्य, ***संस्मरणका पानाहरू,*** (प्र.सं.), (ललितपुर : तुल्सी लाल स्मृति प्रतिष्ठान, २०६२), पृ. १४६ ।

[५४] नरहरि आचार्य, ***नयाँ नेपालको प्रस्तावना,*** (प्र.सं.), (काठमाडौं : संवत्सर प्रकाशन, (व्दितिय मुद्रण) २०५७), पृ. २६ ।

[५५] अली रियाज एण्ड सुभो बसु, ***पाराडाइज लस्ट ? स्टेट फेलर ईन नेपाल,*** (न्यू दिल्ली : आदर्श बुक्स, सन् २०१०), पृ. ४९ ।

उम्रिसकेको रूपान्तरणको आन्तरिक चाहनालाई निर्मूल पार्न सकेन ।[५६] त्यसबेला केही कम्युनिष्टहरू विभाजित भएर राजावादी वन्न पुगेका थिए । यसरी विगतमा दलको वैकल्पिक भूमिका खेल्दै राजाले निरंकुश तवरले राज्यसंचालन लामो समय सम्म गरे । प्रथम महाधिवेशनवाट निर्वाचित केन्द्रीय कमिटीका सदस्यहरू डीपी अधिकारी, शैलेन्द्रकुमार उपाध्याय, डा.केशरजंग रायमाझी, कमर शाह, केदार खनाल, राधाप्रसाद घिमिरे आदि नाङ्गो रूपमा राजतन्त्रको पक्षमा उभिएर कालान्तरमा कम्युनिस्ट आन्दोलन नै छाड्न पुगे ।[५७] दललाई शून्यमा राखेर विकास प्रयासहरू जनतासँग पुऱ्याउन नसकिने भएकाले पञ्चायतमाथि यसको दवाव सुरुदेखि नै रही रहेको थियो । तर राजा कहिले गाऊँफर्क अभियान त कहिले पञ्चायत नीति तथा जाँचवुझ समिति वनाएर कम्युनिष्ट पार्टीको पोलिटव्यूरोले गर्ने जस्तो काम पञ्चायतबाट लिने गर्थे । फुटाउ र शासन गर नीतिको पक्षमा राजाले कट्टर पञ्चहरूसंग आफ्नो संलग्नता अत्यधिक नजीक बनाएका र दलहरूलाई दरबारले नजीक राख्न कहिल्यै खोजेन । दलहरूको संगठित समर्थनको अभावमा राजतन्त्र निसहाय जस्तो बनेको थियो ।

तर राजा महेन्द्रले दलहरूलाई पाखा लाउने रणनीति अनुसार राष्ट्र निर्माणका लागि राजनीतिक प्रक्रियामा भन्दा प्रशासनिक दृष्टिकोणलाई अगाडि सारेर पञ्चायती व्यवस्थामा कहिल्यै चुनौती आउन नसक्ने बनाउन खोजे । पञ्चायतभित्र आन्तरिक र वाह्य चुनौती यसको जन्मबाटै सुरु भएको थियो । पञ्चायती संविधान आउनासाथ राजा सर्वेसर्वा भए । नेपाली कांग्रेसले भारतबाट आन्दोलन गरी संसदीय व्यवस्थाको पुनःस्थापना गर्न निक्कै प्रयास गरेको थियो । नेपाली कांग्रेसको यस कार्यलाई नेपाल कम्युनिष्ट पार्टी, संयुक्त प्रजातान्त्रिक पार्टी, प्रजापरिषद र गोरखापरिषद्का केही गुटहरूको समर्थन प्राप्त थियो । परम्परागत शक्ति राजतन्त्र र आधुनिक शक्ति राजनीतिक दलबीचको द्वन्द्वले नेपालमा प्रजातन्त्रको सङ्क्रमणले लामोसमय अस्थिरता देखिएको थियो । पञ्चायतभित्रका कट्टरपन्थीहरू नेपाली कांग्रेसका मागहरू पूरा गरेमा पञ्चायतको निर्दलीयता समाप्त हुनेछ र जनमतद्वारा विजय प्राप्त गरेको पञ्चायतले ने.का.समक्ष घुँडा टेकेर आफ्नो अस्तित्व गुमाउने छ भन्दै कट्टर पञ्चहरू राजालाई नरम नहुन सल्लाह दिइरहन्थे ।[५८]

प्रजातन्त्र प्राप्तिका लागि चलेको आन्दोलन निरन्तर जारी रहेकाले २०४६ फागुन ७ गते प्रारम्भ भएको जन-आन्दोलन सर्वसाधारण जनता र नेपालका बुद्धिजीवीहरूको पनि आधारभूत

---

[५६] नरहरि आचार्य, ***कांग्रेसमा लोकतन्त्र, काठमाडौं :*** संवत्सर प्रकाशन, प्रथम संस्करण, २०६२, पृ. १४६ ।

[५७] सूर्य थापा, ***नेपालमा राजतन्त्र र दलहरूबीचको संघर्ष*** *(वि.सं.१९९३–२०६२ सम्मको विश्लेषण),* (प्र.सं.), (काठमाडौं : नवयुग प्रकाशन, २०६२), पृ. ६१ ।

[५८] (सूर्यमणि अधिकारी), ***पूर्ववत्, टिप्पणी*** नं. ३०, पृ. ३०४ ।

समर्थनका कारणले पचास दिनभित्रै निरङ्कुश पञ्चायती व्यवस्थालाई समाप्त पार्न र संसदीय प्रजातन्त्रको स्थापनाका लागि प्रक्रिया प्रारम्भ गर्न सफल भयो ।[५९] पञ्चायती व्यवस्थाले प्रतिपक्षलाई कुनै स्थान नदिएकाले राष्ट्रिय र अन्तर्राष्ट्रिय दवाव यसले प्रशस्त व्यहोर्नु पऱ्यो । व्यवस्था अलोकप्रिय हुनाले यसले व्यापक रूपमा विश्व जनमतबाट समेत आलोचित हुनु पऱ्यो ।

पञ्चायत व्यवस्थाको विघटन पछि दरबार जनआन्दोलनको विरुद्धमा जान सकेन । दरबारले सोचेको थियो आन्दोलन दुई विपरीत धार बीचको तालमेलबाट बनेकोले आन्दोलनमा तिनीहरूबीच लामो समय एकता बन्न सक्दैन् । दोस्रो भारतले लगाएको कडा आर्थिक नाकाबन्दीका कारण नेपाली जनताहरूले कडा प्रतिरोध देखाउने छन् र नेपाली राष्ट्रबाद जुर्मुराउने छ भन्ने जुन अनुमान गरिएको थियो त्यो पनि गलत सावित भयो । राजाले जनआन्दोलनलाई बलपूर्वक रोक्न सकिन्छ भन्ने अनुमान गलत भयो । जनता सडकमा ओर्लनाले पञ्चायती व्यवस्था कालान्तरमा तहसनहस भई प्रजातन्त्रको पुनस्थापना हुन पुग्यो । राजाले बाध्य भएर पंचायती संरचनाहरूलाई विघटन गर्नु पऱ्यो ।

दोस्रो जन आन्दोलनपछि त नेपाली जनताले राजतन्त्रलाई समेत विदा गर्न पुगेका छन् । 'दवाव दिन नसक्ने राजतन्त्र चुप लागेर भने वसेको छैन् । दलहरू मुख्य कुराहरूमा निरन्तरता नभएकोले 'पुच्छरमा टेकेको सर्प (राजतन्त्र) कुनैपनि समय टोक्नका लागि फर्किन सक्दछ । शिरोच्छेदन भएको बेलायती राजतन्त्र त फर्किएको थियो । दरवार छोडेको राजतन्त्रले दाउ खोजिरहेको छ ।'[६०] आन्दोलनकारी शक्तिहरूले गल्तीबाट पाठ नसिक्नाले नै पटक पटक नेपालको राजनीति दुर्घटनाको सिकार बन्न पुगेको छ । कतै दलहरूको अन्तरकलहको फाइदा राजतन्त्रले लिन नसक्ला भन्न सकिन्न ।

## २.१.३.६ लोकतन्त्र शब्द जनआन्दोलनको परिणाम

विभिन्न व्याख्या र विश्लेषणले के देखाएको छ भने लोकतन्त्र/प्रजातन्त्र शब्द प्रयोग सन्दर्भ र अर्थ दुवै एक अर्काका विरोधी नभई परस्परमा मिल्दाजुल्दा विशेषता रहेका छन् । प्रजातन्त्र प्राप्तिपछि पनि धेरै समय नेपाली जनतालाई "प्रजा" र "रैती" का रूपमा सम्वोधन गरिनुले राजा सहितको प्रजातन्त्र स्वीकार नगर्ने नागरिकहरूलाई "प्रजा" शब्दमा चित्त वुझेको थिएन । सोर्‍हौं शताब्दीमा फ्रान्सका लुई चौधौंले म नै राज्य हुँ भनेर निरंकुश राजतन्त्रको घोषणा गरे जस्तै नेपालको राजतन्त्रले पनि मौका पर्दा त्यस्तै कार्य गर्न सक्ने हुनाले जनतालाई "प्रजा"

---

५९ (रायपर), ***पूर्ववत् टिप्पणी*** नं ३३, पृ. २७ ।

६० ***सहाना प्रधान,*** नेकपा (एमाले)संग ०६६ भाद्र ३ गतेको कुराकानी ।

शब्दसंग वितृष्णा देखिएको हो । "आगे प्यारा प्रजा गैन्हके यथोचित"[६१] शब्द राजा महेन्द्रले प्रजातान्त्रिक शासन व्यवस्थालाई समाप्त गर्दा २०१७ साल पौष १ गते जनताको नाममा सम्बोधन गर्दा प्रयोग गरेका थिए । प्रजातन्त्र विश्वमा अहिलेसम्मकै लोकप्रीय शब्द हो । प्रजातन्त्र एउटा संस्कार हो, चरित्र हो, जीवन पद्धति हो, सोच र व्यवहार हो ।[६२] तर, "प्रजातन्त्र" शब्द जनजीव्रोमा लोकपृय भएपनि "प्रजा" संस्कारको फाइदा नेपालको राजतन्त्रले भरपुर लियो । जनतामा भने शासकसित असहमतिका स्वर रहि रह्यो । नेपालको राजतन्त्र सीमित राजतन्त्रमा भन्दा थोमस हब्सको जस्तो निरंकुश र स्वेच्छाचारी बन्न खोज्यो ।

प्रजातान्त्रिक संविधान बनेर पनि संविधानभित्र राजतन्त्र बस्न चाहेन । सक्रिय बन्न खोजेको राजतन्त्रले "प्रजातन्त्र" प्रति असहमति देखाइरह्यो । ०४६ सालको सफल जनआन्दोलनपछि केही बुद्धिजीवीहरूले "लोकतन्त्र" शब्द प्रयोग गर्दै आएपनि ०६२/६३ सालको जनआन्दोलनको क्रममा "लोकतन्त्र" शब्द जनतामाझ निकै लोकप्रिय वन्न गयो ।

०४७ सालको संविधानभित्र निश्चित सीमामा वस्नुपर्ने राजा सक्रिय वन्न खोज्दा नेपालको राजनीतिमा केही सङ्कट देखा पऱ्यो । "प्रजा" संस्कृतिका प्रभावले विकसित राजनीतिक संस्कृतिलाई ओझेलमा पार्दियो । दलहरूले कतिपय मामिलामा राजालाई सक्रिय र अधिकार सम्पन्न वनाउने कामगर्नतिर लागे । नेपालमा राजतन्त्रले आफू बलियो वन्ने क्रममा प्रजातन्त्रको मूल्य र मान्यतामाथि आक्रमण गरिरह्यो । कमजोर जनतावाट राष्ट्रियता र राष्ट्रवाद बलियो वन्न सक्दैन भन्ने नेपालको अनुभवले देखाएको छ ।

नेपालको पहिलो आम चुनावमा ७४ सीट ल्याई बनेको नेपाली कांग्रेसको सरकार जनताको जनादेश पाएको बलियो सरकार थियो । तर राजा महेन्द्रले जननिर्वाचित सरकार राजतन्त्र भन्दा बलियो र लोकप्रिय हुने देखेपछि ०१७ साल पौष १ गते संविधानको धारा ५५ प्रयोग गरी १८ महिनामै विघटन गर्दिए । राजतन्त्रले मात्र सुशासन दिन सक्छ भन्ने देखाउन उनले भ्रष्टाचार, अराष्ट्रिय तत्व र गलत आर्थिक नीतिको आरोप दलमाथि लगाएका थिए ।

महेन्द्रको राष्ट्रवाद भारत विरोधी बन्नुमा रहेकाले बहुदलको पक्षमा काम गर्नेहरूलाई अराष्ट्रिय तत्वको आरोप लगाउनु कुनै आश्चर्यको कुरा थिएन । महेन्द्रले जनताको प्रतिनिधिलाई भ्रष्टाचार र अराष्ट्रिय तत्त्वको आरोप लगाए भने पछिल्ला समयमा ज्ञानेन्द्रले पनि आफ्नो 'मार्गचित्र' मा नआउने दलका नेताहरूलाई त्यही आरोपमा नजरबन्दमा राखेका थिए ।

---

[६१] टोपबहादुर सिंह, ***नेपालको संविधान र संवैधानिक कानून,*** (प्रो.सं.), (काठमाडौं : कानूनी पाठ्य पुस्तक प्रकाशन समिति, २०४१), पृ. ७३५ ।

[६२] शौभाग्य जङ्ग कार्कि, "नेपालमा बहूदलिय व्यवस्था", ***गोरखापत्र,*** २०४७, भाद्र १७ ।

त्यसक्रममा उनले नेपाली कांग्रेसका धेरै नेतालाई निर्वासनमा पठाइदिए । तर, कम्युनिष्ट मध्येका राजतन्त्रसंग निकट हुनेहरूलाई सरकारमा छिराए । दरबारीया प्रलोभनमा कांग्रेसका नेताहरू पर्न गएनन् भन्ने थिएन ।

> दलका केही प्रमुख सदस्यहरूले पनि दलका कार्यहरूको खुल्ला रूपमा विरोध गरेका थिए । त्यस्तो विरोध गर्ने व्यक्तिहरूमा प्रमुख थिए मातृकाप्रसाद कोइराला र डा.तुलसी गिरी । यसमध्ये डा.गिरीको विरोध साधारण किसिमको थियो र उनले निर्वाचित सरकार विघटन हुनुभन्दा बीस–बाईस दिनअगाडि मात्रै आफ्नो मुख खोलेका थिए तर मातृकाप्रसादले भने शुरुदेखि नै दल र सरकारको विरोध गर्न थालेका थिए र उनले कडा शब्दहरूमा सरकारको आलोचना गरेका थिए ।
>
> २०१७ साल भाद्र महीनाको अन्ततिर डा.गिरीले मन्त्रिमण्डलबाट राजीनामा गरे तर त्यति बेला पनि उनले सरकारविरुद्ध केही कुरा बोलेका थिएनन् । केही महीनापछि भने उनको नीतिमा परिवर्तन आयो र उनले सरकारमाथि घोषणापत्रबमोजिम काम नगरेको र जनताको विश्वास गुमाएको आरोप लगाए । यसको केही दिनपछि प्रधानमन्त्रीले आफ्नो सरकारको प्रगतिशील कदमहरूबारे एउटा पत्रकार सम्मेलनमा वक्तव्य दिए त त्यसको तीनै दिनपछि डा.गिरीले प्रधानमन्त्रीले दिएको वक्तव्यको एकएक गरी खण्डन गरे । निर्वाचित सरकार विघटन भएको बाह्र दिनपछि गठन भएको मन्त्रिपरिषद्मा डा.गिरीले प्रमुख स्थान पाए । यसबाट उनले आफ्नो दलको सरकार गिराउनमा राजा महेन्द्रलाई सहयोग गरेको तथ्य स्पष्ट हुन आउँछ । [६३]

राजा महेन्द्रले राजनीतिक दलहरूलाई प्रतिवन्धित गरी नेताहरूलाई गलाउने र सडाउने कामका लागि हरेक प्रकारको नीति अपनाउँदै गएका थिए । त्यस्तै नीति विश्वका अन्य तानाशाहहरूले पनि अपनाउँदै आएका थिए । इण्डोनेशियाका साम्यवादी नेता 'आइडिट' ले सेना, प्रशासन, प्रहरी आदिमा कम्युनिष्टहरूलाई प्रवेश गराएर विद्रोह गरे जस्तै नेपालमा पनि राजाले जेजति कम्युनिष्टहरूलाई प्रवेश गराएका थिए तिनवाट विद्रोहको आशङ्का बी.पी. को थियो ।

त्यससमय भारत र अमेरिका नेपालमा राजा बलियो रहेमा कम्युनिष्टहरूको प्रभावलाई रोक्न सकिन्छ भन्ने मान्यता थियो । जसको कारण राजाको त्यस कदमलाई अन्तर्राष्ट्रिय समुदायले ठूलो विरोध गर्न सकेनन । कम्युनिष्टलाई कांग्रेससँग मिल्न नदिने नीतिबाट लामो समय नेपालको राजनीति चल्यो । पञ्चायतविरुद्ध लड्न वामपन्थीहरूले संयुक्त रूपमा अघि बढ्नुपर्छ भन्ने पुष्पलालको विचार समेत ०४६ साल अघिसम्म कार्यान्वयनमा आउन सकेन । यसअघि प्रजातन्त्रका सम्वाहक दुवै शक्तिलाई राजाले सकेसम्म मिल्ननै दिएनन् । दलप्रति राजा फुटाउ र शासनगर को नीतिमा थिए ।

०४६ सालको जनआन्दोलनमा राजाले वाममोर्चाका घटक र नेपाली कांग्रेससँग त्रिपक्षीय वार्ता गरेर राजसंस्थालाई ठूलो दुर्घटनाबाट जोगाए । एक दर्जन कम्युनिष्ट घटक मध्येमा

---

[६३] (मानन्धर र शर्मा), ***पूर्ववत्, टिप्पणी*** नं. ३६, पृ. ९७–९८ ।

आन्दोलनकारी ७ वाम घटकसँग राजाले वार्ताको प्रक्रिया चलाए । तर ५ वटा कम्युनिष्ट घटक संयुक्त राष्ट्रिय जनआन्दोलनलाई दरवारमा भएको त्रिपक्षीय वार्तामा नवोलाएर राजाले उग्रवामपन्थीसँग फुटको बीउ रोपिदिए । राजाको यो गलत कदमकै परिणाम प्रजातन्त्र प्राप्तिपछिको ५/६ वर्षमै देश नराम्रो द्वन्द्व "जनयुद्ध" मा फस्न पुग्यो ।

संविधानलाई वेवास्ता गर्दै राजदूतको नियुक्ति, नागरिकता विधेयक, राष्ट्रिय सभामा सदस्यहरूको मनोनयन,राजपरिषद् जस्तामा राजाले राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तिहरूलाई नदिएर कट्टर मण्डले,पञ्च र जनआन्दोलन दवाउन लागेकालाई नियुक्ति दिएपछि मुलुकको प्रजातन्त्रमाथि डरलाग्दो सङ्केत देखाएको थियो ।

आन्दोलनको परिणाम मुलुकमा प्रजातन्त्रको पुनःस्थापना भई नयाँ संविधान निर्माण भयो । ०४७ सालको संविधानमा राजाले आफ्नो भूमिका खोजिरहेका थिए । संविधानभन्दा माथि बस्ने उनको चाहनालाई त्यो संविधान वाधा वन्न पुगेको थियो । संविधान र संसद्बाट भन्दा हतियार र सडकबाट समस्याको समाधान खोज्ने परम्परा नेपालमा विकास हुन थाल्यो । संविधान जडसूत्रजस्तो बनाइयो । यदि जनताले यो संविधान जनताले परिवर्तन गर्न खोजेमा आवश्यक पर्दा कानून तोडनुपर्ने वाध्यता बनेको थियो ।

सत्तामा रहँदा नेपालको राजतन्त्रलाई आफू ज्यादै शक्तिशाली भएको भ्रम थियो । ०४७ को संविधानमा खुम्चिएर वस्नुपर्ने भएकै कारण जनआन्दोलनपछिको राजतन्त्रले शासनमा आफ्नो भूमिका देखेन । परिणामस्वरूप उसले मुलुकको शासन व्यवस्थामा बहुदलीय पद्धतीमाथि अनेकौं सङ्कट उव्जाउने काम गरिरह्यो । राजा प्रजातन्त्रप्रति इमान्दार देखिएनन । ०४६ सालको जनआन्दोलनपछि लगभग डेढ दशकको अनुभवले मुलुकमा राजतन्त्र र प्रजातन्त्र सँगै जान नसक्ने देखायो । राजतन्त्र नै नेपालको प्रजातन्त्रका लागि मुख्य अवरोध बन्न पुग्यो । ०५८ जेठ १९ को दरवार हत्याकाण्डपछि इतिहासमै नेपालको राजसंस्था ज्यादै कमजोर बन्न पुगेको थियो । दरबारलाई जोगाउन संसद् असफल वन्न गयो । संसद्ले पनि जनआन्दोलनपछिको १२ वर्षमा राजसंस्थामाथि नियन्त्रण गर्ने कुनै कानून बनाउन सकेन् । राजदरवार हत्याकाण्डमा मृत्युको कुनै कारण दिन नसक्ने त्यस राज संस्थाका विषयमा निर्णय लिन संसद्को दुवै सदन बस्न सकेन । राजासंग कार्यगत एकता थियो भन्ने माओवादीको विचारले पछिल्ला दिनमा दलहरू राजाप्रति सशंकित वन्न पुगे ।

राजा बीरेन्द्रको जस्तो कमजोर भएर बस्न नचाहने राजा ज्ञानेन्द्रको अभिव्यक्तिले अढाइसय वर्षजति अघिको राजसंस्थालाई खतरामा पुऱ्यायो । पद्धतीका रूपमा राजतन्त्र संवैधानिक भयो तर संविधानभन्दा वाहिर राजतन्त्र गतिविधि गर्दै गयो । यसैक्रममा उनी ०५९ असोज १८ र ०६१ माघ १९ पछि अत्यधिक सक्रिय हुन थाले । यहींबाट उनले मुलुकलाई

निर्देशित शासन तर्फ लगेको देखिन्छ । एक प्रकारले उनको सक्रियता राजनीतिमा 'कू' जस्तै हुन गएको थियो । ०४६ सालको त्रिपक्षीय समझदारीको विपरीत राजा सक्रिय बन्न खोज्दाको परिणाम राजतन्त्र र जनताबीच ठूलो अन्तरविरोध चर्किन पुग्यो । जुन समयमा दलहरू कमजोर बन्दछन् त्यही समयमा राजतन्त्र सक्रिय हुन खोजेको देखिन्छ ।

नेपालका राजाले ठूला दललाई बेवास्ता गरी सा–साना दलहरूलाई काखी च्याप्ने परम्परा ज्ञानेन्द्रको सक्रिय साशनमा देखियो । राजतन्त्रवाहेक नेपालमा प्रजातान्त्रिक दलहरूले काम गर्न सक्दैन भन्ने देखाउन संसदलाई पूरा अवधि कहिल्यै काम गर्न दिइएन । संसद्लाई अस्थिरताका रूपमा देखाएर राजतन्त्रले आफूलाई स्थिर शक्तिका रूपमा देखाउन खोजेको थियो । राजाको यस्तो आशयलाई दलहरूले वुझ्न सकेनन् । त्यसको परिणाम संसदले पूरा अवधि कहिल्यै काम गर्न सकेन । प्रथम प्रतिनिधिसभा ३ वर्ष २ महिनामात्र अस्तित्वमा रह्यो । द्वितीय प्रतिनिधिसभाले ४ वर्ष २ महिनाको अवधि पूरा गऱ्यो । तृतीय प्रतिनिधिसभाले भने करिव २ वर्ष ११ महिनाको अवधि पूरा गरेको थियो । संसदले नियमित काम गर्न नसकेपछि असमयमै यसको विघटन भइरहनाले प्रजातन्त्रको संस्थागत विकासमा ठूलो अवरोध देखिन गएको थियो । यसरी पहिलो जनआन्दोलनपछि नेपालले ३ वटा आम निर्वाचन सम्पन्न गरिसक्दापनि नेपालमा प्रजातन्त्रको संस्थागत विकास भने हुन सकेन ।

दलका नेताहरूमा आफूले सत्ता नपाउने भएपछि संसद विघटन गर्दिने नराम्रो परम्पराको थालनी भयो । सवैभन्दा ठूलो दोष राजामा भित्रभित्रै देखिएको महत्वाकांक्षालाई कसैले वुझ्न सकेनन् । संविधान र दलहरूलाई कमजोर बनाउने खेलमा प्रतिनिधि सभालाई पटकपटक अदालतमा लगेर न्यायिक निकायवाट राजनीतिक समाधान खोज्नु नै संसद् कमजोर वनाउने रणनीति बनेको देखिन्थ्यो । दरबार हत्याकाण्डपछि देखिने र सुनिने राजाका रूपमा राजा ज्ञानेन्द्र ऐतिहासिक जनआन्दोलनवाट नेपाली जनताले प्राप्त गरेको सीमित प्रजातान्त्रिक अधिकारहरू पूर्णरूपमा अपहरण गर्नपुगेका थिए । प्रजातन्त्रलाई अस्थिरतामा लैजानका लागि दलका नेताहरू पनि त्यतिकै जिम्मेवार देखिन्थे । कतिपय दलमा पुरानै नेताहरूको बर्चश्व रहेको थियो । सत्ताको लागि अपवित्र गठबन्धन बाऱ्हवर्षे यस अवधिमा प्रशस्त भयो । आवश्यकताको सिद्धान्त अनुसार नेपालमा राजा सकृय हुँदाको अवस्थामा उनले खेलेको भूमिकालाई उनि आफैंले वैधता दिलाए । धारा १२७ को दुरूपयोग गरेर ज्ञानेन्द देखिने र सुनिने राजतन्त्रका रूपमा आफूलाई संविधानभन्दा माथि राख्दै संविधानमा प्रावधान नै नभएका कतिपय कामहरू गर्न थाले ।

अर्कोतिर यस अवधिमा तल परेका जनजातिहरूलाई राज्यले साशनमा सहभागी गराउन नसक्नु ठूलो कमजोरी थियो । देश मेरो हो तर शासनमा म छैन त्यसैले राज्य मेरो हैन भन्ने भावनाको विकास कतिपय जनजातिमा देखिन थाल्यो । दलहरू यिनीहरूप्रति उदार हुन सकेनन् ।

धेरैमा संविधान परिवर्तन नै गर्न नहुने गीता र वाइवल जस्तो जडसूत्र वनाइयो । यसरी प्रजातन्त्र पुनःस्थापनापछिको १२/१३ वर्षे अवधिमा प्रजातन्त्र बलियो हैन कमजोर बन्न पुग्यो । तसर्थ आगामी परिच्छेदले नेपालमा प्रजातन्त्रको पुनःस्थापनासँगै मुलुकले पद्धतीकारूपमा संवैधानिक राजतन्त्र राखेर पनि परिवर्तनका लागि रूपान्तरण गराउन सकेन । आन्दोलनको मुद्दालाई संविधानमा किन सम्वोधन हुन सकेन । छोटो सङ्क्रमणमा तयार भएको संविधान पछि पनि किन मुलुकले प्रजातन्त्रको संस्थागत विकास गर्न सकेन ? सङ्कटका यिनै र यस्तै विषय सङ्केतलाई प्रजातन्त्रको पुनःस्थापनाको परिच्छेदमा विस्तृत व्याख्या र विश्लेषण गरिनेछ ।

# परिच्छेद : तीन

# प्रजातन्त्रको पुनःस्थापना (०४६ देखि ०५९)

## ३.१ नेपालको प्रजातान्त्रिक आन्दोलनः एक अध्ययन

नेपालमा सम्पन्न हरेक क्रान्ति तथा आन्दोलन प्रजातन्त्र स्थापनामा केन्द्रित रहेको छ । नेपाल प्रजापरिषद्को स्थापना नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहासमा एउटा महत्त्वपूर्ण ऐतिहासिक घटना हो र यसको स्थापना वि.सं. १९९३ जेठ २० गते भएको थियो । यसले पहिलोपल्ट राणाशासन व्यवस्थाको विरुद्ध दलीय र राजनीतिक सिद्धान्तको योजनाबद्ध रूपबाट आन्दोलनको सुरुवात गरेको थियो ।[१] पहिलोपल्ट प्रजातन्त्र स्थापनाको आन्दोलनमा शुक्रराज शास्त्री (जोशी), धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालाल श्रेष्ठले राणा शासकबाट फाँसीको सजायँ पाएका थिए भने अन्य कैयौंले आजीवन कारावास लगायत कठोर सजाय भोग्नु परेको थियो । मुलुकमा पहिलो पटक राजनीतिक दलद्वारा शहिद घोषणा हुन पुगेका नेपाल प्रजापरिषद्का यी चार जनाले राणा सरकारको विरोध खुलेआम गर्न सकेका थिए । त्यसैले नेपाल प्रजा परिषद् प्रजातन्त्रका लागि बलिदानीको भावना जगाउने पहिलो राजनीतिक संस्था बन्न पुग्यो ।

वि.सं. १९९७ मा राणा सरकारले उनीहरूको आन्दोलनलाई दबाएको थियो । तर नेपाल प्रजापरिषद्ले जुन उद्देश्य राखेर राणा शासन विरुद्ध आन्दोलनको सुरुवात गरेको थियो त्यसलाई नेपाली काङ्ग्रेसले अघि बढाउँदै लग्यो । सुरुमा बी.पी. कोइरालाको पहलमा "नेपाली राष्ट्रिय कांग्रेस" कलकत्तामा गठन भई ०३ सालदेखि कार्यान्वयनमा आएको थियो । ०५ सालमा सुवर्ण शमशेर राणाको नेतृत्वमा "नेपाल प्रजातन्त्र कांग्रेस" कार्यान्वयनमा आएको थियो । ०६ साल चैत्र २६ गते यी दुवै काँग्रेसको एकता भएर नेपाली कांग्रेसको स्थापना भयो ।[२] जनआन्दोलनका अर्का सहयात्री कम्युनिष्ट विचारकहरूलाई एउटै मोर्चामा ल्याउने काम त्यस समय हुन सकेन् । यी दलहरूबाट असन्तुष्ट रहेका पुष्पलाल श्रेष्ठ, नारायणविलास जोशी, नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य, र दुर्गादेवी श्रेष्ठहरूले २००६ साल भाद्र (सेप्टेम्वर १५, १९४९) मा कलकत्तामा

---

१ राजेश गौतम, ***नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजापरिषद्को भूमिका भाग–२,*** (प्र.सं.), (काठमाडौं : केशव स्थापित (कार्यवाहक सभापति नेपाल प्रजापरिषद्), २०६२), पृ. १ ।

२ पुरुषोत्तम बस्नेत, ***नेपाली कांग्रेसको इतिहासको प्रारुप (भाग–१),*** (प्र.सं.), (प्रकाशक : लेखक स्वयं, २०६६), पृ. १३७ ।

नेपाल कम्युनिस्ट पार्टीको गठन गरेको घोषणा गरे ।[३] संस्थापक मध्येका एक नरबहादुर कर्माचार्य भन्छन् :

> नेपालको राजनीतिमा हरेक दश दश वर्षमा सङ्कट देखिनुमा अहिलेसम्म पूर्णक्रान्ति हुन नसकेर हो । जहिले पनि क्रान्ति हुन्छ तर, त्यो भारतीय इशारामा रोकिन्छ । भारत आधारित क्रान्ति भएसम्म यही हाल हुन्छ नेपालको । ०७ सालमा चन्द्रेश्वर नारायण प्रसाद सिंहको दवदवा भएजस्तै अहिले नेपालमा भारतीय राजदूतको त्यस्तै दवदवा रहेको छ । दलहरूकै कारण यस्तो भइरहेको छ । हरेक आन्दोलन दिल्लीमा गएर टुंगिने परम्परा वनेको छ । दलहरूले संकट समाधान गर्न सक्दैनन् । किनकि उनीहरूभित्र विभिन्न देशको इशारामा काम गर्ने नराम्रो प्रवृत्ति वनेको छ । नेपालका ठूला दलहरू राष्ट्रहितमा काम गर्न नसक्ने भएका छन् । सङ्कटको समयमा पनि विदेशी शक्तिले उनीहरूलाई एक हुन दिंदैनन् । नेपालका ठूला दलहरूले जनताको एजेण्डामा काम गरेका छैनन् । नेकपा एमाले जस्तो पार्टीले पनि कम्युनिष्ट विचारधारा वोक्न सकेन । सवैमा व्यक्तिवादी विचारको पराकाष्ठा पुगेको छ । कुनै न कुनै देशको विचार त्यो पार्टीमा छिरेको छ र त्यसैको प्रतिनिधित्व गर्नेहरू त्यहाँ छन् । त्यस पार्टीभित्र भारतीय लव्वीको प्रतिनिधित्व गर्नेको ठूलै हावी हुन पुगेको छ ।[४]

०७ साल अघि राणाहरूले मुलुकमा निरंकुश तवरले शासन सत्ता चलाइरहेका थिए । जनताको वढ्दो आकांक्षालाई तिनले पूरा गर्न सकेनन् । जनतालाई राजनैतिक अधिकारवाट वन्चित गराइएको थियो । त्यस समय राजा राणाहरूको बन्दीप्राय अवस्थाबाट मुक्त हुन चाहन्थे । राजा कस्तो अवस्थामा थिए भने त्रिभुवनले त आफूलाई–'म नाम मात्रको हुँ,..तिमीले प्रधानमन्त्रीलाई देख्यौ ती राजा हुन् । म कैदी हुँ, ताला मारिएको ५ ढोकाबाट म थुनिएको छु प्रत्येक ढोकामा ५/५ जना पहरेदार छन् । ती मेरो रक्षाका लागि होइन म भाग्छु कि भनेर हो ।' भन्ने सम्म राजाले ल्यूस्टाक एरिकालाई बताएको कुरा इतिहासकारले उल्लेख गरेका छन् ।[५] यसरी जनतामात्र हैन राजासम्म बन्दी अवस्थामा रहनु परेको थियो । राजतन्त्रलाई राणा शासनविरुद्धको आन्दोलनमा जनताले साथ दिएपछि क्रान्तिलगत्तै फेरी उनले आफ्नो सामन्ती चरित्र देखाइहाले । प्रजातन्त्र प्राप्तिपछि उनको प्रतिबद्धता स्थिर रहन सकेन ।

त्यससमय अधिकांश नेपाली जनता ज्यादै शोषित र पीडित अवस्थामा कष्टकर जीवन गुजारिरहेका थिए । त्यसबाट मुक्ति पाउनका लागि ०७ सालको क्रान्ति भएको थियो । क्रान्तिका लागि जनतामा जागरण ल्याउने काममा नेपाल प्रजापरिषद्, नेपाली कांग्रेस जस्ता राजनीतिक दलहरू अगाडि आए । ०७ सालको क्रान्ति फ्रेन्च, अमेरिकन र रुसी क्रान्ति जस्तो नभएपनि

---

३ भुवनलाल प्रधान, ***नेपालको जनक्रान्ति २००७,*** (काठमाडौं : रुमु प्रकाशन, २०४७), पृ. ३६३–३६४ ।

४ ***नरबहादुर कर्माचार्य,*** कम्युनिष्ट पार्टीका संस्थापक सदस्य संग कुम्भेश्वर स्थित उहाँ बस्दै आएको निवासमा मिति २०६६ साल भाद्र ५ गते गरेको कुराकानी ।

५ ढुण्डिराज भण्डारी, ***नेपालको उद्‌भव तथा विकासको विश्लेषणात्मक इतिहास,*** (काठमाडौं : प्रकाश प्रकाशन, २०४६,) पृ. ५७५ ।

नागरिक स्वतन्त्रता र अधिकारका लागि यसले मार्ग तयार गरायो । ०७ सालदेखि ०१७ सालसम्मको राजतन्त्र एक किसिमको 'अर्ध सम्बैधानिक राजतन्त्र' (Era of a quasi-constitutional monarchy) का रूपमा रहन पुग्यो ।[६] सकेसम्म जनतालाई संविधानसभा दिने पक्षमा राजतन्त्र थिएन । राजाको आफू शक्तिशाली हुन जनतालाई संविधानसभाको आश्वासन दिएर सत्तामा टिकिरहने रणनीति थियो । क्रान्तिपछिको सङ्क्रमणकालमा जनताले संविधानसभा नपाए पनि संसद्कै निर्वाचनमा चित्त वुझाएका थिए ।

राजा र दलहरूको सहयोगमा वि.सं. २००७ मा राणा शासनको अन्त भई नेपालमा लोकतान्त्रिक व्यवस्थाको स्थापना भएको थियो । प्रजातन्त्रका लागि ०७ सालको परिवर्तनले नेपालमा पारेको प्रभावलाई लोकराज बरालले यसरी व्यक्त गरेका छन् :-

> ऐतिहासिक दृष्टिकोणवाट हेर्दा ०७ सालको क्रान्तिले सरकार र शासनमा मात्र परिवर्तन गरेको थिएन । यसले मुलुकको भविष्यका लागि प्रभाव पार्ने अनेकौं परिणामहरू जन्माएको थियो । राणा शासनको पतन राजा, जनता र भारतको संयुक्त सहयोगमा सम्भव बनेको थियो । जनतामा सार्वभौमसत्ता कायम राख्नका लागि संविधानसभाको निर्वाचन गर्नुपर्ने त्यस समयको मुख्य माग थियो । दोस्रो प्रजातन्त्रको लागि राजनीतिक दलहरूको आवश्यकता औंल्याइएको थियो । तेस्रो अन्तरिम संविधानले लोकसेवा आयोग, सर्वोच्च अदालत, मन्त्रिमण्डल, सरकार आदिको संरचना निर्माणका लागि मार्गनिर्देशन दिने पनि यही क्रान्ति नै भयो । अन्तमा यसले समाजको परिवर्तनका लागि योजनाबद्ध आर्थिक विकास गर्दै शून्यप्राय अवस्थामा रहेको नेपाली समाजलाई गति दिनका लागि ०७ सालले मार्ग प्रशस्त गऱ्यो । जहाँसम्म यी परिवर्तनहरूको सवाल छ ती सवै "व्यवस्था बाहिर" का थिए । त्यस समय राजनीतिक विकासक्रममा प्रजातन्त्रको जरोमाथि प्रहार हुँदै गएको थियो । परम्परागत राजनीतिक संस्कृति र षडयन्त्रमूलक अवस्थावाट राजतन्त्रले जनतालाई संविधान दिनसक्ने अवस्थामा आफूलाई बनायो । जनतालाई हैन राजतन्त्रले आफूलाई शक्तिशाली र सम्प्रभु बनाउन पुग्यो । त्यसैले गर्दा संविधानसभालाई उसले पछाडि धकेल्ने काम गऱ्यो ।[७]

त्यस समय राणा, कांग्रेस र राजाबीचको सम्झौताको परिणाम राजा त्रिभुवनले संविधान सभा दिन्छु भनेर नदिएको हो । राणा, कांग्रेस र राजावीच ०७ सालमा दिल्लीमा जुन सम्झौता भएको थियो त्यो तीनै शक्ति एकै भएर भएको थिएन् । "तीन शक्ति विभिन्न ठाउँमा थिए तर, तिनीहरूलाई भारतले विभिन्न रूपबाट म्यानीपुलेट गरेर विज्ञप्ति एउटै निकाल्न उ सफल भयो ।"[८] मातृका प्रसाद कोइराला (ने.का.अध्यक्ष) ले संविधान सभाको गठन नभएसम्म अन्तरिम

---

६ अली रियाज एण्ड सुभो बसु, ***पाराडाइज लस्ट ? स्टेट फेलर ईन नेपाल,*** (न्यू दिल्ली : आदर्श बुक्स, सन् २०१०), पृ. ३ ।

७ लोकराज बराल, "द अनक्लियर रोडम्याप : पार्टीज एण्ड द पार्लियामेण्टरी प्रोसेस", लोकराज बराल (सं.),***नेपाल पोलिटिकल पार्टीज एण्ड पार्लियामेण्ट,*** (न्यू दिल्ली : एड्रोइट पब्लिसर्स, सन् २००४), पृ. १४–१५ ।

८ ***सी.पी.मैनाली*** (चन्द्रप्रकाश मैनाली) ने.क.पा (माले) का महासचिव तथा संविधानसभा सदस्यसँग ०६६ साल भाद्र ४ गते पार्टी कार्यालय मैतिदेवी, शास्त्रीमार्गमा गरिएको कुराकानी ।

सरकारमा बस्ने सहमति जनाएर पनि राजालाई त्यसप्रति दवाव दिन नसकेको र दिल्ली सम्झौताको विरोधमा लागेका डा.के.आई.सिंह, डिल्लीरमण जस्ताले विरोधका लागि विरोध गरेको तर राष्ट्रिय सहमति लिन नसकेको ऐतिहासिक अध्ययनले पुष्टि गरेको छ । ०७ सालको क्रान्तिमा राजा दिल्ली निर्वासनमा जानुले नै नेपालमा भारतीय हस्तक्षेपको बाटो खुल्न गयो भनी राजनीतिज्ञ चन्द्रप्रकाश मैनाली वताउनु हुन्छ :

> नेपालका राजनीतिक दलहरू सम्वेदनशील र चतुर नहुनाले जायज र नाजायज विषयमा जटिल व्यवस्थापन गर्न असक्षम सावित भएका छन् । राजनीतिक पार्टीहरू चतुर हुनुपर्नेमा ठूला शक्ति र दरवारलाई दोष दिनु मूर्खता हो । वाह्य शक्तिले नेपालको राजनीतिमा दवावमात्र दिएका छैनन् प्रभाव पनि छोडेका छन् । ०७ सालदेखि नै भारतको प्रभुत्व नेपाली राजनीतिमा पऱ्यो । नेपालको हरेक क्षेत्रमा भारतको उपस्थिति देखियो । भारत आफूले गरेको डिजाइनभित्र नेपाललाई राख्न ०७ सालदेखि नै सफल भएको छ । राजालाई ०७ सालको क्रान्तिमा पाल्पा लगिएको भए भारतको वर्चश्व नेपालको राजनीतिमा देखिन्नथ्यो ।[९]

दलहरूमा पनि राष्ट्रिय सहमति कहिल्यै बन्न सकेन् । प्रजातन्त्रको स्थिरता र स्थायीत्वका लागि सुरुवातदेखि नै प्रश्न चिन्ह लागेको थियो । ०७ सालको क्रान्तिले मानव जीवनको सम्पूर्ण आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आमूल परिवर्तन ल्याउन खोजेको थियो । समाजमा स्थापित मूल्य र मान्यतामा समेत परिवर्तन खोजि रहेको थियो । तर त्यो नभएर परिणाममा राणा शासनको अधिनायकवादवाट शाहवंशको अधिनायकवादमा मुलुक रूपान्तरण हुन पुग्यो ।

प्रजातन्त्रमा मुलुक रूपान्तरण हुन सकेन् । भारतले पनि नेपालमा प्रजातन्त्रको प्रत्याभूति दिएन् । प्रधानमन्त्री जवाहरलाल नेहरूले भारत राजा त्रिभुवनलाई मात्र मान्यता दिनेछ भनी ०७ साल मार्ग २१ मा संसदमा वक्तव्य दिए ।[१०] तर, मातृकाप्रसाद कोइरालाको विचारलाई हेर्ने हो भने 'तत्कालीन यथार्थ कुरा जनतामा आएकै छैन' ।[११] त्यो यथार्थ कुरा के थियो अहिलेसम्म प्रकाशमा आउन सकेकै छैन् । अधिनायकवादले जनतालाई प्रजातन्त्र दिने हैन् आफैं शक्तिशाली बन्न खोज्दछ । ०७ सालको परिवर्तपछि पनि मुलुकमा प्रजातन्त्र आउन नसक्नुमा 'एक राजनैतिक दल र नेताले अर्को राजनैतिक दल र नेताको विरोध गर्दै सत्ता प्राप्तिको खेल खेलिरहे । यसरी आफूहरूले नै सङ्घर्ष गरी स्थापना गरेको प्रजातन्त्रको अन्त्य गराउने कार्यमा राजाको शक्तिशाली हुने लोभको साथसाथै तात्कालीन नेताहरूको सत्ता प्राप्तिको लोभ र अज्ञानता नै प्रमुख कारण बन्न पुग्यो' भन्दै राजेश गौतम लेख्छन :

---

९ ***सी.पी.मैनाली*** (चन्द्रप्रकाश मैनाली) ***ऐजन,*** नं ८, ।

१० भीमबहादुर पाँडे, ***त्यसबखतको नेपाल भाग–४,*** (काठमाडौं : प्रकाशकको नाम उल्लेख नभएको, २०४५), पृ. ३१०।

११ गोविन्दप्रसाद उपाध्याय, ***नेपालको प्रजातान्त्रिक इतिहास सन्दर्भ,*** (प्र.सं.), (काठमाडौं : रत्नपुस्तक भण्डार, २०५४), पृ. घ र ङ ।

जसरी राणा शासनमा राणा प्रधानमन्त्रीहरूले देशको शासन व्यवस्था आफूमा केन्द्रित गराई आफ्नै इसारामा मात्रै देश चलाएका थिए, प्रजातन्त्र प्राप्तिपछि त्यही रूपमा नै शासन व्यवस्था चलाउने इच्छा राखी राजा त्रिभुवनले र पछि राजा महेन्द्रले सोही अनुरूप गर्न थाले । एउटा जहानियाँ शासनको अन्त भयो, तर त्यसको ठाउँमा अर्को जहाँनिया शासनको सुरुवात भयो ।

हिजो राणा शासनमा जसरी राणा प्रधानमन्त्रीले आफूलाई शासन शक्तिको केन्द्रविन्दु बनाई आफ्नो वरिपरि भारदारहरू र चाकडीवाजहरूलाई घुमाउने गर्दथे त्यसरी नै अब राजाले आफूलाई शासन शक्तिको केन्द्रविन्दू बनाई आफ्नो वरिपरि राजनैतिक दल र तिनका नेताहरूलाई घुमाउन थाले । प्रजातन्त्रका लागि सङ्घर्ष गर्ने नेताहरूमा पनि पुरातनी संस्कारको अन्त हुन नसकेकाले उनीहरूले पनि राजालाई नै महत्व दिंदै एकपछि एक संवैधानिक गल्तीहरू गर्दै गए ।[१२]

यसरी क्रान्तिले मात्र प्रजातन्त्र आउन सक्दैन भन्ने कुरा ०७ सालको घटनाले पुष्टि गरेको छ । त्यही कारण नेपाली कांग्रेसले २००७ सालको जनक्रान्तिको नेतृत्व गर्दा राजनीतिक स्वतन्त्रताको मात्रै उद्देश्य राखेको थिएन, आर्थिक र सामाजिक शोषणवाट पेलिएका जनताको मुक्ति र उनीहरूको आर्थिक अवस्था सुधार्ने उद्देश्य पनि राखेको थियो । क्रान्तिलाई 'इन्साइक्लोपेडिया' मा यसरी व्याख्या गरिएको छ :

'कुनै पनि सरकार शून्यमा रहेर कार्य गर्न सक्दैन् । यसका अङ्गहरूले गर्ने कार्यले समाजको अन्य क्षेत्रहरूमा प्रभाव पारिरहेको हुन्छ । क्रान्तिको राजनीतिक र मनोवैज्ञानिक पक्ष भन्नु नै धेरै जना केहीको बीरुद्धमा आन्दोलित भएका हुन्छन् । जनताहरू शासकका विरुद्धमा लागेका हुन्छन् । जव राजनीतिक व्यवस्था परिवर्तन हुन्छ अन्तिम वैधानिक शक्तिबाट पहिलो क्रान्तिकारी शक्तिमा सत्ता हस्तान्तरण हुन पुग्दछ ।'[१३] 'नेपाली बृहत् शब्दकोश' अनुसार क्रान्ति भन्नाले "कुनै शासन, सत्ता, स्थिति आदिको परिवर्तनका निम्ति हुने जनशक्तिको प्रयास वा क्रियाकलाप, विद्रोह । त्यसरी भएको ठूलो परिवर्तन वा उल्टापाल्टी, हेरफेर, अदलाबदली । अगाडि लम्कने वा विजय पाउने क्रिया, गति या चाल ।"[१४] यसरी क्रान्ति भनेको परिवर्तन हो जसले राष्ट्रलाई प्रगति तिर लैजान्छ ।

क्रान्तिको परिभाषा जे भए तापनि १०४ वर्षको निरंकुश राणा शासनको अन्त्यका लागि वंशानुगत राजतन्त्र र राणा प्रधानमन्त्री बीचको संघर्ष जति जिम्मेवार थियो त्यति नै जिम्मेवार राणा परिवारबीच बर्ग विभाजनले ल्याएको थियो । यसमा राणा शासक र सत्ताबाट अलग्याइएका निर्वासित राणाहरूका वीच सत्ताका लागि संघर्ष चलेको थियो । दरबार क्रान्ति मानिएको ०७ सालको क्रान्तिमा सत्तामा भाग नपाएका राणाहरूले आर्थिक सहयोग दिएर क्रान्तिका लागि महत्त्वपूर्ण भूमिका निभाएका थिए । त्यस समय जनतामा राजनीतिक चेतना तुलनात्मक रूपमा

---

[१२] (राजेश गौतम), ***पूर्ववत्*, टिप्पणी** नं. १, पृ.क र ख ।

[१३] एडविन आर.ए. सेलिग्मेन र अन्य, (सं.), ***इन्साइक्लोपेडिया अफ द सोसियल साइन्सेज,*** (प.सं.), (न्यूयोर्क : दी म्याकमिलन कम्पनी, १९६३), पृ. ३६७–३६८ ।

[१४] बालकृष्ण पोखरेल र अन्य (सं.), ***नेपाली बृहत शब्दकोश,*** (प्र.सं.), (काठमाडौ : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, २०४०), पृ. २७४ ।

विकास भइनसकेका कारण उनीहरू राजाको एजेण्डामा क्रान्ति गर्न पुगेका थिए । गणेशमान सिंहका अनुसार–सुवर्ण र महावीर मिलेर सशस्त्र क्रान्ति सन्चालन गर्न दुई करोड रूपैंयाँसम्म दिने वचन दिएका थिए । [१५]

क्रान्ति निरन्तर चल्ने प्रक्रिया भए पनि लामो समयको मात्रात्मक परिवर्तनपछि यसमा कहिलेकाहीं गुणात्मक परिवर्तन आउन सक्छ । जुन क्रान्तिले समाजमा रूपान्तरण ल्याउन सक्दैन त्यो क्रान्ति क्रान्ति हुन सक्दैन । त्यसैले क्रान्तिले समाजमा रूपान्तरणमात्र होइन आमूल परिवर्तन पनि खोजिरहेको हुन्छ । कार्लमार्क्सको निषेधका लागि निषेधको सिद्धान्त अपनाउने नेपालकै विभिन्न कम्युनिष्ट पार्टीहरूवीचमा तीव्र मतभेद रहेको छ ।

> एकातिर प्रतिक्रान्तिकारी बाटो पकडेर एमालेले जनसमुदायको ठूलो हिस्सालाई संसदीय भासतिर डोऱ्याएर ठूलो विडम्बना निम्त्याइरहेछ भने अर्कोतिर नेकपा (माओवादी) ले जनताको नेतृत्व गरेर देश र जनताको मुक्तिको बाटो खोलिरहेछ । त्यसरी नै अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा आएको संकटको निम्ति एकातिर एमालेले सर्वहारा क्रान्तिको बाटो छोडेर 'बहुदलीय जनवाद' को नाउँमा भद्दा बुर्जुवा प्रजातन्त्रको अभ्यास गराउने कोसिस गरिरहेछ भने अर्कोतिर नेकपा (माओवादी) ले क्रान्तिकारीहरू ज्वारभाटा विरुद्ध जानु पर्छ भन्ने स्पष्टोक्तिका साथ जनसमुदायलाई 'महान सर्वहारा सांस्कृतिक क्रान्ति' को आदर्शतिर डोऱ्याइरहेछ । [१६]

क्रान्तिले समाज रूपान्तरण गराउन सकेमा नै मुलुकमा अधिनायकत्वको भूमिका रहन पाउन्न । समाज रूपान्तरण गराउन नसकेकै कारण मुलुकमा राजतन्त्रले लामो समय अधिनायकत्व कायम गर्न पुग्यो । एउटै विचारधाराका दलहरूमा पनि विभिन्न आरोप र प्रत्यारोपकै कारण मुलुकले गति लिन नसकेको देखिन्छ । क्रान्तिको दौरानमा जन्मिएका नेपालका राजनीतिक दलहरू कहिलेकाहीं अधिनायकवादको नजिक पुगेर तिनको मतियार बन्न पुगेको समेत देखिन्छ ।

सुरुसुरुमा राजसंस्थालाई प्रजातन्त्रको स्थायी तत्त्वका रूपमा लिइएको थियो । तर, उसमा प्रजातन्त्रप्रतिको प्रतिवद्धता नदेखिएपछि त्यसको विरोधमा ०७ सालदेखि ०१५ सालसम्म मुलुकका ठूला दलहरू राजतन्त्रको गलत कार्यमा पटक पटक विरोधमा उत्रन वाध्य भएका थिए । मुलुकलाई अस्थिर वनाउने तत्त्व राजतन्त्र देखिनुमा प्रजातन्त्रभित्र उसले आफ्नो भूमिका नदेख्नाले नै हो । त्यस समय मुलुकमा देखिएको अन्योल, अस्थिरता र अनिश्चितताको दोषी राजा देखिए । राजा महेन्द्रको महत्वाकांक्षा त्यस समय अत्यधिक देखियो । उनी सम्बैधानिक राजा भएर बस्न चाहँदैनथे। पार्टीगत राजनीतिका विरोधी देखिएका राजा मुलुकलाई राजतन्त्रलेमात्र परिवर्तन

---

१५ गणेशमान सिंह, ***पुनर्जागरण,*** मेरो कथाका पानाहरू, २०४८ साल वैशाख १० गते ।

१६ बाबुराम भट्टराई, ***नेपाली क्रान्तिका आधारहरू,*** (संकलित रचना सङ्ग्रह भाग–१), (प्र.सं.), (काठमाडौं : जनध्वनि प्रकाशन, २०६३), पृ. १०५ ।

गराउन सक्छ भन्ने मान्यतामा रहेका थिए । राजा महेन्द्रलाई नेपाली कांग्रेसका नेता बी.पी.कोइरालाबाट राजतन्त्रको पतन गराइने पो होकि भन्ने डर रहेको थियो ।[१७] संसदीय व्यवस्थामा रहेका राजा आफ्नो चमत्कारिक व्यक्तित्ववाट नेपालमा बेग्लै छाप छोड्न चाहन्थे तर संसदीय व्यवस्थामा यो सम्भव थिएन ।

नेपाली राजतन्त्रले सत्ता आफ्नो हातमा लिने वित्तिकै यो निरंकुसतातर्फ अग्रसर हुन गएको थियो । जनतासँग गरेको बचन पूरा नगरेर ०७ सालपछि यसले संविधानसभाको चुनावलाई नै निषेध गऱ्यो । दलहरूले पनि सशक्त प्रतिरोध गर्न नसक्नाले ०१७ साल पौष १ गतेको कदमपछि पौष २२ गते राजा दल एवं संसदीय व्यवस्था देशका निम्ति अफाप सिद्ध भएको घोषणा गर्न पुगे । फलस्वरूप ०१९ साल पौष १ गतेबाट पञ्चायती व्यवस्थामा आधारित नेपालको संविधान, २०१९ को घोषणा भई सबै अधिकार राजाले आफ्नो हातमा लिए । राजाको यो घोषणा हुनुमा आन्तरिक वा वाह्य कारण नभई सैन्यबल र बंशजको कारण उनीमा देखिएको महत्त्वाकांक्षा थियो ।

०७ सालदेखि ०१७ सालसम्म एक दशकको घटनाले के देखाएको छ भने राज्यले जति दमन बढाउँदै लान्छ मुलुकमा क्रान्तिको लागि उर्वर वातावरण वन्न पुग्दछ । शासक जति जति निरंकुश र भ्रष्टाचारी बन्दछ त्यसले पनि क्रान्तिका वाटो निर्माण गर्दछ । जनतामा वढ्दै गएको आंकाक्षालाई राजसंस्थाले वेवास्ता गर्दै गएको फलस्वरूप क्रान्तिका लागि नेपालमा फेरी मार्ग तयार भयो । नेपालको राजतन्त्रले यो कुरा वुझ्न सकेन । क्रान्ति पछिका उपलव्धिहरूलाई उसले आफ्ना पक्षमा पार्दै जनतालाई अलग राख्न खोज्यो । क्रान्तिवाट निस्कने परिणामलाई राजतन्त्रले राम्रो मनसायमा प्रयोग गर्न सकेन् । मुलुकमा प्रजातन्त्र संस्थागत गर्नुमा भन्दा भएका संरचनाहरू विथोल्नमा राजतन्त्रको उर्जा खर्च भयो । राजतन्त्रले आफू अस्तित्वमा रहेसम्म दलहरूलाई सिध्याएर बलियो बन्न खोज्दा गुमाउने जनता भएनन् राजसंस्था नै भयो । तर लामो समय नेपाली जनताले राजतन्त्रका विरुद्धमा आफ्नो उर्जा खर्च गर्नु पऱ्यो ।

### ३.१.१ प्रजातन्त्र पुनःस्थापनाका लागि दल र राजाबीचको सत्ता संघर्ष

दिल्ली सम्झौता र अन्तरिम शासन विधान अनुसार ३ वर्षभित्र नेपालमा आमनिर्वाचन भैसक्नु पर्ने थियो तर यो पछाडि सार्ने काम मात्र हुँदै गयो । २०१४ आश्विन २० गते चुनाव हुन नसकेकोमा राजा महेन्द्रबाट खेद प्रकट गर्ने क्रममा भनेका थिए–“हामीबाट देशव्यापी आमचुनावको तिथि घोषणा भएको हो ।...घोषित तिथिमा चुनाव हुन नसक्ने भएको छ भनी

[१७] भुवनलाल जोशी र लियो ई .रोज, ***डेमोक्रेटीक इन्नोभेशन ईन नेपाल,*** पुनर्मुद्रितः (वर्कलेः युनिभर्सिटी अफ क्यालीफोर्निया प्रेस, (काठमाडौं : मण्डला २००४, सन् १९६६), पृ. ३८६ ।

आज फेरि घोषणा गर्नु परेकोमा स्वभावतः हामीलाई जति खेद लागेको छ सो देशवासीहरूलाई पनि भनिरहनुपर्ने कुरो छैन ।"[१८] यसरी त्यस समय राजाले आमचुनावको तिथि पर सार्ने काम मात्र होइन सरकार गठन र विघटन गर्ने काम पनि छिटो छिटो गर्दै दलहरू असफल छन् । राजतन्त्रमात्र सफल छ भन्ने देखाउन खोजिरहेका थिए । तसर्थ यस अवधिलाई धेरैले अनिश्चितताका रूपमा हेरेका छन् । यसै क्रममा राजालाई मातृका प्रसाद कोइराला, केशर समशेर, टंक प्रसाद, डा.के.आई. सिंह लगायतका सरकारले आम निर्वाचन गराउन असमर्थता व्यक्त गरी राजीनामा दिए । त्रिभुवनले पनि सकेनन् र महेन्द्रले पनि यसमा इच्छा नदेखाएपछि ने.का.ले फेरी भद्र अवज्ञा आन्दोलनमा उत्रने निर्णय गऱ्यो । ने.का आन्दोलनमा उत्रेपछि आन्दोलन चर्किन थाल्यो । यस विषयमा 'नेपाली कांग्रेस र यसका दृष्टिकोणहरू' मा आन्दोलन चर्कनुपर्ने कारणहरू यसरी उल्लेख गरिएको छ :

> पटक पटकको घोषणा, स्वीकृति र वचनबद्धतापछि पनि राजाले निर्वाचनलाई अनेक वहानामा टार्दै लगेर क्रान्तिको भावना विपरीत प्रजातन्त्रलाई कमजोर र असफल बनाउने काम गरे । राजा महेन्द्रबाट झन् एक पछि अर्को प्रयोग गर्दै प्रजातन्त्रको खिल्ली उडाउने काम भयो । फलस्वरूप नेपाली कांग्रेसले फेरी देशव्यापी सत्याग्रहमा उत्रन बाध्य हुनुपऱ्यो । नेपाली कांग्रेसले आफ्नो जन्मकालदेखि प्रजातन्त्रका लागि गरेको यो तेस्रो सत्याग्रह थियो । राजाको चुनाव टार्ने नियतबाट रुष्ट भएका अरु विभिन्न पार्टीहरूसमेत नेपाली कांग्रेससँग मिलेर आन्दोलनमा भाग लिन तयार भए । "चुनावको तिथि तोकियोस्" भन्ने प्रमुख माग राखेर २०१४ साल मार्ग २२ गतेदेखि "भद्रअवज्ञा आन्दोलन" का रूपमा सुरु भएको सत्याग्रहले केही दिनभित्रै राजालाई "२०१५ साल फागुन ७ गतेको तिथिबाट आमचुनाव हुनेछ" भन्ने घोषणा गर्न बाध्य गरायो ।
>
> चुनाव हुने घोषणा भएपछि पनि चुनाव संविधान सभाका लागि कि संसद्का लागि ? भन्ने विवाद यथावत रह्यो । त्यसै बखत रातारात खोलेका पार्टीहरूका आधारमा राजा महेन्द्रबाट बहुसंख्यक पार्टी संसद्को चुनावका पक्षमा छन् भन्ने बहाना बनाई "चुनाव संसद्कै लागि हुनेछ" भन्ने घोषणा भयो ।[१९]

राजा महेन्द्र आन्दोलन ठूलो आकार लिने देखेर फेरी एकपटक जनतासामु झुकी २०१५ साल फागुन ७ गते बाट आमचुनाव सुरु गर्ने घोषणा गर्न पुगे ।[२०] नेपालको राजतन्त्रले खुम्चने र फैलने रणनीति अख्तियार गर्दै अधिनायकवादी शासन कायम गर्ने लक्ष्य राखेको यस घटनाले देखाएको छ। जनताले संगठित दवाव नदिएसम्म सजिलै उसले लोकतान्त्रिक अभ्यास गर्दैन भन्ने

---

[१८] डी. के. शाही, ***सात सालपछि सात साल,*** (काठमाडौ : साझा प्रकाशन, दोस्रो संस्करण, २०५२), पृ. ३८ ।

[१९] ढुण्डिराज शास्त्री र अन्य (सम्पादक), ***नेपाली कांग्रेस र यसका दृष्टिकोणहरू,*** (काठमाडौं : नेपाली कांग्रेस केन्द्रीय कार्यालय, २०५२), पृ. ३ ।

[२०] हृषिकेश शाह,***पोलिटिक्स ईन नेपाल १९८०–१९९१,*** (न्यू दिल्ली : मनोहर पब्लिसिंग हाउस, सन् १९९३), पृ. ७ ।

पुष्टि पनि यसले गऱ्यो । अर्कातिर यस घटनाले नेपालको राजतन्त्रले ठूला दल हैन आफ्नो स्वार्थका लागि सा–साना दलहरूलाई प्रयोग गर्न सक्छ भन्ने देखाएको छ ।

त्यस समय संविधानसभा र संसदको आम निर्वाचन कुनै दुईमध्ये एक जनतालाई नदिई राजा उम्कनसक्ने स्थितिमा थिएनन् । संविधानसभा त उनी दिने पक्षमै थिएनन् । संसदका लागि आम निर्वाचन गर्न संविधान आवश्यक पर्ने भएकाले ०१५ साल फाल्गुन १ गतेका दिन राजा महेन्द्रद्वारा नेपाल अधिराज्यको संविधान जनतालाई दिइएको थियो ।

०१५ सालको संविधान र निर्वाचन संविधानसभाको विकल्पका रूपमा जनतालाई दिनुपर्ने राजाको वाध्यता थियो । नेपाल अधिराज्यको संविधान, २०१५ लाई वढी प्रजातान्त्रिक वनाउन बेलायती संविधान विशेषज्ञका रूपमा सर आईभर जेनिङ्सलाई लिइएको थियो । आइभर जेनिङ्गले संविधानका निम्ति यस्तो सल्लाह दिएका थिए कि छोटकरीमा भन्ने हो भने मन्त्रीहरूले उठ्न र बस्नलाई समेत राजासँग सोध्नुपर्ने स्थिति थियो ।[२१] यसै संविधानबाट दुई सदनात्मक व्यवस्थापिकाका रूपमा ३६ सदस्य महासभा र १०९ सदस्य प्रतिनिधिसभाको प्रावधान गरिएको थियो ।

संविधान अनुसार २०१५ साल फाल्गुण ७ गतेदेखि सुरु भई ०१६ साल बैशाख २१ गते सम्पूर्ण रूपमा १०९ क्षेत्रको निर्वाचन सम्पन्न भएको थियो । त्यसमा ९ राजनीतिक दलहरूको सहभागिता थियो । ०१५ सालमा भएको प्रथम आम निर्वाचनबाट यस देशमा संसदीय शासन पद्धतिको अभ्यास सुरु भयो । वि.सं.२०१५ सालमा सम्पन्न प्रथम आम निर्वाचन संगठित राजनैतिक दलद्वारा निश्चित कार्यक्रमका आधारमा लडिएको थियो । नेपाली कांग्रेसको पक्षमा जनलहर तीव्र थियो । १०९ क्षेत्रमा ने.का एक्लै ७४ सिटमा विजयी भएको थियो । यसरी वहुमतले विजय प्राप्त गरेको दललाई राजाबाट ७ हप्ता भन्दा बढी अवधिसम्म सरकार गठन गर्न आलटाल गरिएको थियो । १०९ निर्वाचन क्षेत्रमा ७८६ उम्मेदवारहरू खडा भएका थिए । १७ लाख ९१ हजार ३८१ मतदाताहरूले त्यस समय मतदान गरेका थिए । जवकि त्यस समयको आम निर्वाचनमा कुल मतदाता ४२,४६,४६८ थिए ।[२२] राजा महेन्द्रले यही जनलहर देखेर सरकार बनाउनै दिएनन् । अत्यधिक जनादेश पाएको दललाई आन्तरिक र वाह्य दवावका कारण धेरै समय सरकारबाट अलग्याइ राख्न राजाले सकेनन् ।

---

[२१] गणेशमान सिंह, राष्ट्रिय पुनर्जागरण, २०५१, ***सुवर्ण शमशेर विशेषाङ्क, सुवर्ण शमशेर–एक व्यक्ति अनेक आयाम,*** (काठमाडौं : सुवर्ण स्मृति तथा प्रजातान्त्रिक चिन्तन प्रतिष्ठान, २०५८), पृ. ९४ ।

[२२] ***नेपालको संसदीय निर्वाचन दर्पण,*** (काठमाडौं : निर्वाचन आयोग, २०६३), पृ. १५ ।

अन्तमा व्यापक जनदवाव पछि ०१६ साल जेठ १ गते बी.पी. को नेतृत्वमा मन्त्रिमण्डलको गठन भयो । त्यस समय बिश्वेश्वर प्रसाद कोइरालाले प्रधानमन्त्रीका अतिरिक्त रक्षा तथा परराष्ट्रको जिम्मा लिएका थिए । ०७ सालदेखि नै 'राणा कांग्रेस दुवै गुटले रक्षा र गृह ताके' । [२३] त्यही क्रममा कोइरालाले सो पदमा दावी गर्नु कुनै आश्चर्य थिएन् । नेपाली कांग्रेसले यही परम्परालाई निरन्तरता दिन हरेक पटक सरकार वनाउँदा रक्षा र गृह सकेसम्म आफैंले लिने गरेको पाइन्छ । २०१७ साल पौषको घटनाले राजाद्वारा अनधिकार शक्ति ग्रहण गर्नाले देशमा एकतन्त्रीय शासनको सुरु भयो । यसले २०१५ सालको पहिलो आम निर्वाचनपछि राजनीतिमा सदैव राजा सक्रिय अवस्थामा देखिए । राजालाई सक्रिय वन्न संसद् विरोधी खेमाबाट नभै उनमा बढेको महत्वाकांक्षा प्रमुख कारण रहेको थियो । उनका नियन्त्रणमा सेना भएकाले संविधान, संसदलाई वेवास्ता गर्दै उनी अगाडि वढिरहेका थिए ।

निरंकुशता लाद्न खोज्ने राजाले प्रजातन्त्रलाई स्विकार्न कसरी सक्थे ? मुस्किलले १८ महिनापछि नै उनी निर्वाचित संसद र सरकार विघटन गर्दै नेपालमा फेरी हुकुमी शासन सुरु गर्न पुगे । नेपालको लोकतान्त्रिक अभ्यास निकै छोटो समयको हुन पुग्यो । १८ महिनापनि नपुग्दै राजाले निर्वाचित सरकारलाई बर्खास्त गरे, संविधानलाई निलम्बन गर्न पुगे, संसदलाई असफल भएको घोषणा गर्न पुगे ।[२४] नेपालकै पहिलो आम चुनावमा ७४ सीट ल्याई बनेको नेपाली कांग्रेसको सरकारलाई ०१७ साल पौष १ गते संविधानको धारा ५५ प्रयोग गरी राजा महेन्द्रले उक्त मन्त्रिमण्डललाई १८ महिनामै विघटन गरेर शासनअधिकार आफ्नो हातमा लिए । राजा महेन्द्रले पौष १, २०१७ मा देशको सम्पूर्ण शासन व्यवस्था आफ्नो हातमा लिंदा तत्कालीन सरकारलाई उनले भ्रष्टाचार, अराष्ट्रिय तत्त्व र देशमा गलत आर्थिक नीति अपनाएको आरोप लगाएका थिए ।[२५]

२०१७ साल पौषको घटनाले राजाद्वारा अनधिकार शक्ति ग्रहण गर्नाले देशमा एकतन्त्रीय शासनको सुरु भयो । यसले ०१५ सालको संविधानलाई व्यवहारमा उतार्न दिएन् । नत यसले संसदीय शासन प्रणाली अन्तर्गतको प्रतिनिधिमूलक निर्वाचित जनप्रतिनिधिलाई संरक्षण गर्न नै सक्यो ।

यसमा नेपाली कांग्रेसले समाजवादी नीति अनुसार बिर्ता उन्मूलन गर्न खोजेकोमा विपक्षीलाई मन नपरेकै कारण सरकार असफल गराउने काममा नेपाली कांग्रेस सरकारको ठूलै

---

[२३] भीम बहादुर पाँडे, ***त्यस बखतको नेपाल* भाग–दुई** (काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, ०३९), पृ. ४६२ ।

[२४] (अली रियाज एण्ड सुभो बसु), ***पूर्ववत् टिप्पणी*** नं. ६, पृ. ३ ।

[२५] लोकराज बराल, ***नेपाल प्रोब्लेम्स अफ गभर्नेन्स,*** (दिल्ली : कोनार्क पब्लीशर्स, १९९३), पृ. २९ ।

विरोध हुन गयो । नेपाली कांग्रेसले धेरैलाई सन्तुष्ट गराउनु भन्दा असन्तुष्ट गराउन पुग्यो । गोर्खापरिषद् र कम्युनिष्ट पार्टीवाट यसमाथि निकै नै विरोध रहेको थियो । राम्रो संविधान र निर्वाचित जनप्रतिनिधि भएरपनि राजाले ०१७ साल पौष १ मा निर्वाचित प्रतिनिधिको अधिनायकवादी शैलीमा सत्ता छिन्न पुगे । सरकार र दलमा सङ्कट गहिरिंदै गयो । यसपछि नेपालमा राजा महेन्द्रको प्रत्यक्ष शासन सुरु भयो ।[२६] जननिर्वाचित प्रधानमन्त्रीलाई सेनाद्वारा गीरफ्तार गरी जनताको संसदलाई राजाले विघटन गर्न पुगे । यस्तै अवस्थामा राजाले ०१७ साल पौष २२ गते पञ्चायती व्यवस्था लागू गरी निरंकुश तवरले लगभग ३० वर्ष एकच्छत्र शासन चलाए । राज्य मेरो पनि हो भन्ने भावना नागरिकलाई पञ्चायतले दिलाउन सकेन । राजामा भने यो देश उनैको बिर्ता हो जस्तो भावना थियो । त्यस कारण अधिनायकवादलाई पच्छ्याउने पञ्चायतलाई उनले निरन्तर लागु गर्दै रहे । राजनीतिक दल र हितसमूहहरू खडा गर्न पाउने गरी नागरिकहरूलाई लोकतान्त्रिक व्यवस्थामा संगठनात्मक स्वायत्तता प्रदान गरिएको हुन्छ । सबै नागरिकहरूलाई देशको मूल प्रवाहमा प्रजातन्त्रले समावेश गराउन खोजेको हुन्छ ।[२७] तर, नेपालमा राजा महेन्द्रले यी सबै अवस्थाबाट जनतालाई अलग गराएर ३० वर्षसम्म देशको सम्पूर्ण शासन व्यवस्था आफ्नो हातमा लिंएर विरोधीहरूलाई सदैव भ्रष्टाचार, अराष्ट्रिय तत्त्व जस्ता अनगिन्ती आरोपहरू लगाउँदै आएका थिए ।

राजाले त्यस समय दलहरूमाथि प्रतिबन्ध लगाई एक्लै अगाडि बढ्ने नीति अख्तियार गरेको पाइन्छ । सत्ता साझेदारी गर्न राजाले त्यस समयमा कहिल्यै प्रतिपक्षी दलहरूलाई साथ लिएनन् । परम्परागत राजतन्त्रले लामोसमय देखि उपयोग गर्दै आएको सक्रिय शासन सत्तालाई आफैंले वनाएको नेपालको संविधान २०१९ मा व्यापक तजवीजी अधिकार आफ्नो हितअनुकुल राख्न गए। राजा यसरी सक्रिय वन्न थालेपछि नेतृत्वको सङ्कट मुलुकमा देखियो । विचारधारा र जवाफदेहीताको अभावमा अधिनायक शैलीमा अगाडि बढेको राजालाई त्यस समय कुने विधि र विधानले नियन्त्रणमा राख्न सकेन् । राजा जनताको विद्रोहपछि मात्र प्रजातन्त्रमा संक्रमण भएको देखिन्छ । विद्रोह अघि राजाले जनतालाई विश्वासमा लिएर कुनै कार्य गर्न सकेनन् । यसले राजतन्त्रमाथि निकै क्षति पुग्यो । राम्रो संविधान र निर्वाचित जनप्रतिनिधि भएरपनि राजाले ०१७ साल पौषमा निर्वाचित प्रतिनिधिलाई अधिनायकवादी शैलीमा अलग्याएर प्रजातन्त्र मुलुकमा पुनर्स्थापना हुन नदिने षडयन्त्र गरे ।

---

[२६] भोला चटर्जी, ***ए स्टडी अफ रिसेन्ट नेप्लीज पोलिटिक्स,*** (कलकत्ता : द वर्ल्ड प्रेस पा.लि, प्रथम संस्करण, सन् १९६७), पृ. १६५ ।

[२७] रवर्ट ए डाहल, "व्हाट पोलिटिकल ईन्स्टिच्यूसन्स डज लार्ज स्केल डेमोक्रेसी रिक्वाएर ?", ***पोलिटिकल साइन्स क्वार्टर्ली,*** (भोल्यूम : १२०, संख्या २), (न्यूयोर्क : द एकेडेमी अफ पोलिटिकल साइन्स, २००५), पृ. १८८–१८९ ।

डाइरेक्ट रुल हुनु हुँदैन, इलेक्सन हुनुपर्छ, प्रजातान्त्रिक प्रणाली हुनुपर्छ भनेर सुरुको अवस्थामा राजाले आफ्नो धारणा वनाएका थिए ।[२८] नेपाली कांग्रेसको सरकारले भूमिसुधार र विर्ता उन्मूलन जस्ता कार्यक्रम ल्याएपछि महत्वाकांक्षा बोकेका महेन्द्र आफ्नो लोकप्रियतामा कमी हुने देखेर अघि बोलेका कुराहरू सबै बिर्सिन थाले । यही कारण महेन्द्रले विश्वेश्वर प्रसाद कोइरालामा कठोर प्रवृत्ति र लोकप्रिय छवि देखिएको र उनमा दरबारभक्ति नभएकाले सत्तावाट हटाउन प्रयत्नगरेका थिए ।[२९] वि.पी. कोइरालाको व्यक्तित्व र लोकप्रिय बन्दै गएको समाजवादी छविका कारण राजतन्त्रका लागि नेपाली कांग्रेसको सरकार बाधक बन्न पुग्यो । एकातिर राजा आफूलाई राष्ट्रिय एकताको प्रतिमूर्तिका रूपमा मुलुकभर प्रभाव पार्न चाहन्थे, अर्कोतिर दलभित्र विखण्डन र विभाजन गराउने काममा राजतन्त्र लागिरहेको आरोप नेपाली कांग्रेसले लगाउँदै आएको थियो ।[३०] यसरी दल र राजतन्त्र झगडिया जस्ता बनेका थिए । ठूला दलहरूको अस्तित्व स्वीकार नगर्ने राजा महेन्द्रले आफ्नो दरबारमा १२९ राजनैतिक, सामाजिक तथा वर्गीय सङ्गठनका पदाधिकारीलाई बोलाए ।[३१] तर, नेपालका ठूला प्रमुख पार्टीहरूलाई बोलाएनन् । ठूला दलहरूले यस सम्मेलनमा भाग लिएनन् । राजा भन्थे एउटा र गर्थे अर्कै । राजतन्त्रमा आफू सर्वसक्तिमान वन्ने आकांक्षा वढ्दै गएको थियो । वास्तवमा ०१७ साल पुष १ गतेको घटनापछि प्रजातान्त्रिक शक्तिहरूमात्र होइन, राजा पनि कमजोर भए र सम्पूर्ण राष्ट्र नै कमजोर भयो । त्यो 'राजा महेन्द्रको अदूरदर्शी कार्य थियो ।...त्यस घटनापछि प्रजातन्त्रमात्र समाप्त भएन, राजा पनि कमजोर भए र यहाँको राजनीतिमा सक्रिय भूमिका खेल्न विदेशी शक्तिलाई अवसर दिइयो '।[३२]

राजतन्त्रले ०१७ सालको संसदीय व्यवस्थालाई ठूलो धक्का दिएर अफाप सावित गर्ने षडयन्त्र तत्कालको नभएर लामो समयदेखिको डिजाइनमा रहेछ भन्ने कुरा माथिको घटनाक्रमले पुष्टि गरेको छ । नेपाली राजतन्त्रले बहुदलीय शासनसत्तामाथि असफलताको आरोप लगाउँदा प्रजातन्त्रलाई विदेशबाट आयातीत ठान्दै आफूलाई राष्ट्रवादीको रूपमा प्रस्तुत गरेको थियो । प्रजातन्त्रमा आफ्नो भूमिका नहुने देखिएकाले नै राजतन्त्र निर्देशित व्यवस्थाका पक्षमा देखिएको हो। पञ्चायत व्यवस्थामा नेपालको राजसंस्थाले 'निर्देशित प्रजातन्त्र' का रूपमा ३० वर्ष शासन गरेको पाइन्छ । भारतको विरोध गर्न सक्नु नै पञ्चायती राष्ट्रवाद बनेको थियो –

---

[२८] (डी.के.शाही), ***पूर्ववत्, टिप्पणी*** नं. १८, पृ. २० ।

[२९] भोला चटर्जी, ***नेपाल एक्सपेरिमेन्ट विथ डेमोक्रेसी,*** (दिल्ली : अंकूर पब्लिकेशन्स, सन् १९७७), पृ. ९७ ।

[३०] (भुवनलाल जोशी र लियो ई .रोज,) ***पूर्ववत् टिप्पणी*** नं.१७, पृ. ३८७ ।

[३१] (डी.के.शाही), ***पूर्ववत् टिप्पणी*** नं.१८, पृ.२० ।

[३२] विश्वेश्वरप्रसाद कोइराला, ***राजा, राष्ट्रियता र राजनीति,*** गणेशराज शर्मा (सं.), (ललितपुर : जगदम्बा प्रकाशन, पुनर्मुद्रण २०६६), पृ. घ र ङ ।

"राजा महेन्द्रको राष्ट्रवाद भारत विरोधी वन्नुमा रहेको थियो । त्यस समय मुलुकका कतिपय राजनीतिक व्यक्तित्त्वहरू निर्वासनमा भारत रहेका थिए । भारतीय सीमावाट उनीहरूले यस व्यवस्थाका विरुद्धमा सशस्त्र आक्रमण गरिरहेका थिए । विद्रोहीहरूले बहुदलीय व्यवस्थाका लागि काम गरिरहेका थिए । यही कारण उनीहरूमाथि 'अराष्ट्रिय तत्त्वको आरोप' लाग्ने गरेको थियो ।"[३३]

राजाले त्यस समय दलहरूमाथि प्रतिबन्ध लगाई एक्लै अगाडि वढ्ने नीति अख्तियार गरेको पाइन्छ । राजाले प्रतिपक्षी राजनीतिक दलहरूलाई कहिल्यै साथ लिन चाहेनन् । बहुदलीय व्यवस्थाबाट त्यस समय कुनै अस्थिरता नदेखिए तापनि राजा महेन्द्रले सक्रिय राजतन्त्रका लागि निर्वाचित सरकार अवरोध वन्न पुगेकाले त्यसलाई विघटन गराएर मुलुकमा अधिनायकबाद ल्याई छाडे ।

२०१७ साल पुस १ गते संसदीय प्रजातन्त्रको अभ्यासलाई राजा महेन्द्रले छोटो अवधिमै समाप्त गरे पनि प्रजातन्त्रका पक्षमा संघर्ष र आन्दोलनहरू चलिरहे । गिरफ्तार हुनवाट जोगिएका नेपाली कांग्रेसका नेता र कार्यकर्ताहरू सुवर्ण शमशेरको नेतृत्वमा पुनः संगठित हुन थाले । नेपाल कम्युनिष्ट पार्टीले पनि राजाका कदमको विरोध गऱ्यो । तथापि यी दुवै पार्टीकावीचमा एकता हुन सकेन । नेपाली कांग्रेस एक्लै प्रजातन्त्रको पुनस्थापनाका लागि निरन्तर लागिरह्यो ।

२०१८/१९ को सशस्त्र आन्दोलनमा सुवर्ण शमशेरको नेतृत्वमा राजाको कदमलाई चुनौती दिँदै प्रतिरोध आन्दोलन प्रवासबाट सुरु भयो । नेपालबाट भागेर भारत पुगेका मानिसहरूलाई एकीकृत गरी केही भारतीयहरूको समेत मद्दत लिई उनीहरूको सहयोगबाट नेपाली कांग्रेसले सिमानाका नेपाली जिल्लाहरूमाथि सानातिना आक्रमणहरू गर्न सुरु गऱ्यो । नेपाली कांग्रेसका 'स्वयंसेवक' हरूले नेपालको कुनै पनि इलाका स्थायी रूपमा त कब्जा गर्न सकेनन् तर सिमानाका इलाकाहरूमा आक्रमण गरी सरकारी सम्पत्ति लुटी वा हिनामिना गरी भारतको इलाकाभित्र पस्न यी 'स्वयंसेवक' हरूलाई ज्यादै सजिलो थियो ।[३४] प्रजातन्त्रमाथि राजाले ०१७ सालमा गरेको सांघातिक प्रहारपछि नेपाली कांग्रेसले प्रजातन्त्र पुनःस्थापनाका लागि संघर्ष गरेको थियो । राजतन्त्रका लागि पञ्चायत बचाउन सके अधिनायकवाद टिकाउन सकिने स्थिति थियो । यसका लागि उसले उत्तरतर्फबाट सहयोग खोज्यो । त्यसका कारण नेपाली कांग्रेसको आन्दोलनमा २०१९ साल आश्विन महीनामा एउटा ठूलो धक्का लाग्यो । चीनका उप–प्रधानमन्त्री एवं परराष्ट्रमन्त्री चेन ईले पेकिंगमा आयोजित एक समारोहमा नेपालमाथि कुनै

---

[३३] राम शरण महत, ***ईन डीफेन्स अफ डेमोक्रेसी*** *डाइनामिक्स एण्ड फल्ट लाइन्स अफ नेपाल्स पोलिटिकल इकोनोमि,* (न्यू दिल्ली : एड्रोईट पब्लिसर्श, सन् २००५), पृ. ७२ ।

[३४] त्रिरत्न मानन्धर र निरन्जन शर्मा, ***आधुनिक नेपालको राजनैतिक इतिहास (वि.सं.२००७–१९),*** प्रथम संस्करण २०५३, (काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३) पृ. १२४ ।

विदेशी शक्तिले हमला गरेमा चीनले पूर्णरूपले नेपाललाई सहायता गर्ने घोषणा गरे ।[35] जुन शक्तिको विरुद्धमा नेपाली कांग्रेस लडिरहेको थियो त्यही राजतन्त्रले भारतसँग एक गोप्य सन्धि गर्न पुग्यो । त्यसलाई वि.सं. २०२२ (सन् १९६५) को गोप्य सन्धि भनिन्छ ।[36]

यसरी भारत नेपालको सरकारसँग सैन्य सहयोग जारी पनि राख्ने र सरकार विरोधी दललाई सहयोग पनि दिंदै रहने दोहोरो मापदण्ड अपनाएर प्रजातन्त्र होइन अस्थिरता पैदा गराउन चाहन्छ भन्ने विगतका घटनाले देखाएको थियो । प्रजातन्त्रका लागि लडेका निर्वासित नेताहरूले यो कुरा वुझेपछि सशस्त्र विद्रोहको नीतिमा परिवर्तन गरी सुवर्ण शमशेरले आन्दोलन बन्द गरेर मेलमिलापको आव्हान गरे अनि आठ वर्षको बन्दी जीवनपछि वी.पी.कोइराला र गणेशमान जेल मुक्त भए । ०२५ सालमा वी.पी. आत्म निर्वासनमा भारततिर लागे । त्यसपछि दोस्रो सशस्त्र आन्दोलन ०३०/३१ वी.पी. कोइरालाले सुरु गरे । यस आन्दोलनमा ०१८/१९ को सशस्त्र आन्दोलन असफल हुनाका कारण नै केलाइएन् । गलत सूचना र रणनीतिले यो आन्दोलन पनि असफल बन्न पुग्यो । प्रजातन्त्रका लागि सर्व प्रथम एउटा क्षेत्रमा पकड जमाएपछि अन्यत्र प्रभाव फैलाउन सकिन्छ भन्ने मनसायले लोकतान्त्रिक आन्दोलनको आधार किल्ला खडा गर्न ओखलढुङ्गा कब्जा गर्ने योजना वनाइएको थियो । नेपाली कांग्रेसद्वारा संचालित सशस्त्र आन्दोलनको उत्कर्षमा टिम्बुरबोटेमा सोन्ह जना सपुतहरू शहीद हुन पुगेका थिए भने घटनासँग जोडिएर अरु २६ जनाले शहादत प्राप्त गरे । [37] यसरी नेपाली कांग्रेसले थुप्रैजनालाई शहीद बनाएपछि विश्वेश्वरप्रसाद कोइरालाले २०३३ सालमा राष्ट्रिय एकता तथा मेल मिलाप नीति प्रतिपादन गरी सशस्त्र आन्दोलनको अन्त गर्नु भयो ।

## ३.१.२ प्रजातन्त्र पुनःस्थापनामा जनमत संग्रह पनि कारक तत्व

०३६ सालमा राजाले आफ्ना नागरिकलाई प्रजातन्त्र चाहिन्छ कि चाहिँदैन भनेर सोधेका थिए । विश्वमा त्यस्तो कुन देश होला जसलाई प्रजातन्त्र चाहिन्न ? प्रजातन्त्र त हरेक व्यक्तिका लागि नैसर्गिक अधिकार हो । प्रजातन्त्रको कहिल्यै विकल्प हुँदैन । पञ्चायतलाई राजाले प्रजातन्त्रसँग दाँज्दै जनतालाई विकल्प रोज्न वाध्य पारेका थिए । राजाद्वारा त्यस समय- (क) के हालकै पञ्चायत व्यवस्था कायम राखी त्यसमा सामयिक सुधार गर्दै जाने अथवा त्यसको वदलामा (ख) वहुदलीय शासन व्यवस्था स्थापना गर्ने भन्ने यी दुई मध्ये कुनै एकमा विकल्प चुन्न जनतालाई स्वतन्त्र छोडिएको थियो ।

---

[35] (मानन्धर र शर्मा), ***ऐजन,*** नं ३४, पृ. १२६ ।

[36] फणीन्द्र नेपाल, ***नेपालः टिष्टादेखि सतलजसम्म,*** (काठमाडौं : नेपाल नेशनलिष्ट फ्रन्ट, सन् १९९८), पृ. ११५ ।

[37] शहीद अभिलेख समितिद्वारा प्रस्तुत गरिएको २०३१ सालको ***टिम्बुरबोटे प्रकरणको विवरण प्रतिवेदन,*** (प्र.सं.), (काठमाडौं : टिम्बुरबोटे शहीद स्मृति पार्क प्रतिष्ठान, २०५७), पृ. ५ ।

राजा वीरेन्द्रबाट २०३६ साल जेठ १० गते विद्यार्थी असन्तोषका कारण राजनीतिक सङ्कटको समाधान हेतु नेपालमा जनमत संग्रह घोषणा भयो । मुलुकमा जनमतसंग्रह हुनुमा वाह्य कारणपनि जिम्मेवार रहेको थियो । यसरी त्यस समय पञ्चायती व्यवस्थालाई आन्तरिक र वाह्य रूपबाट चुनौतीहरू आइरहेका थिए ।

पाकिस्तानी नेता भुट्टोलाई त्यहाँको सैनिक शासनले फाँसी दिन लागिएको विरोधमा नेपाली जनताले गरेको विरोध प्रदर्शनसँगै आन्तरिक कारणमा देशभित्रै पनि प्रजातन्त्रको माग गरिएको थियो । सरकारले नेपालमा फाँसी दिइएको क्याप्टेन यज्ञवहादुर थापा, भीम नारायण श्रेष्ठको हत्याका विरोधमा विद्यार्थी शक्ति प्रदर्शन यसै समयमा भयो । यसले राजधानीमा व्यापक ठूलो आन्दोलनको आँधी वेहरी शाही सत्ताको विरोधमा ल्याइदियो । जनताले सरकारको बैधानिकतावारेमा प्रश्न उठाइरहेका थिए । क्याप्टेन थापा र श्रेष्टको हत्या विषयलाई लिएर नेपालले त्यस समय पञ्चायतको १९ वर्षे शासनको इतिहासमा यस किसिमको जनमत संग्रह गर्नु परेको थियो ।[३८] डि पि कुमारले यी दुईको हत्याको कारणलाई जनमत संग्रहसँग जोडेपनि यथार्थमा विद्यार्थी असन्तोष नै मुख्य कारण थियो । पञ्चायत व्यवस्थाले साधारण एउटा विद्यार्थी आन्दोलनलाई समेत प्रतिरोध गर्न सकेन् ।[३९] जनमत सङ्ग्रह बास्तवमा डि.पी कुमारको विचारमा यो 'सा-सानो क्रान्ति' नै थियो ।

राजा वीरेन्द्रले विद्यार्थी असन्तुष्टिवाट उठेको सङ्कट हटाउन र देशलाई ठूलो दुर्घटना र रक्तपातबाट बचाउन उनले तत्कालका लागि चालेको चलाखीपनले क्रान्तिलाई केही समयसम्म रोके पनि स्थायी निकास भने दिन सकेनन । यथार्थमा जनमतसंग्रह नेपालका लागि त्यस समय कुनै आवश्यकता नै थिएन किनकि, यदि राजा साँच्चै निश्चित परिवर्तन ल्याउन चाहन्थे भने उनले जनमतसंग्रहविना पनि परिवर्तन गराउन सक्दथे । त्यसैले मुलुकको दीर्घकालीन र स्थायी समाधानमा हैन टालटुले नीति अपनाएर पञ्चायती व्यवस्था जोगाउनमा नै उनको ध्यान केन्द्रित थियो ।

२०३७ साल वैशाख २० गते जनमत संग्रह सम्पन्न भई परिणामको घोषणा ०३७ जेठ १ गते गरिएको थियो । जनमत संग्रहका लागि अधिराज्यभर १०,००६ मतदान केन्द्र र विदेशस्थित १९ नियोगसमेत गरी १०,०२५ मतदान केन्द्रमा कुल ७१ लाख ९२ हजार ४ सय ५१ मतदाता थिए । जस अनुसार जम्मा खसेको मत ४८,१३,४८६ अर्थात ६६.३२% थियो । सदर मत ४४,४१,४१७ अर्थात ९२.२७% र बदर मत ३,७२,०६९ अर्थात् ७.७३% थियो । सोही अनुसार

[३८] डि पि कुमार, ***नेपाल यर अफ डिसिजन,*** (न्यू दिल्ली : विकास पब्लिसिङ्ग हाउस, (ई.), १९८०), पृ. ७ ।

[३९] (डि पि कुमार),***ऐजन,*** संख्या ३८, पृ.९० ।

पञ्चायती व्यवस्था सुधार गर्ने पक्षमा २४ लाख ३३ हजार ४ सय ५२ अर्थात ५४.७९% र बहुदलीय शासन व्यवस्थाको पक्षमा २० लाख ०७ हजार ९ सय ६५ अर्थात ४५.२१% रहेको थियो। जनमत संग्रहको मतपत्रमा पञ्चायत व्यवस्थाका लागि पहेंलो रङ्ग र वहुदलीय शासन व्यवस्थाका लागि निलो रङ्ग तोकिएको थियो । पाएको यो भोटको विश्लेषण गर्दै विश्वेश्वरप्रसाद कोइरालाले भनेका थिए– 'मेरो अहिले सम्मको धारणा छ कम्युनिष्टहरूले पहेंलोलाई भोट दिएका छन् । यो २० लाख हामीले पाएको भोट हो । यसमा अरु कुनै पार्टीको योगदान छैन ।'[४०] त्यस समय वामपन्थीहरू र नेपाली कांग्रेसबीच मेल हुन सकेन । यसरी बहुदलबादीहरूले एउटै मञ्च बनाउन सकेनन् । बामपन्थी र कांग्रेसबीच तालमेल नभएपछि त्यसको फायदा राजतन्त्रको निर्देशनमा विस्तार भएको पञ्चायत व्यवस्थालाई गयो । तत्कालीन वाम घटकहरूमध्ये सशक्त समूह मा.ले. र चौ.म. को बहुदलीय प्रचार अवधिमा जनमत संग्रहप्रति अस्पष्ट र भ्रमपूर्ण नीति रह्यो । अन्ततः सकारात्मक नीति रहे तापनि समष्टिमा उनीहरूको नीति बहुदलीय पक्षका लागि घातकसिद्ध भयो ।[४१] उक्त जनमत संग्रहमा नेपाल कम्युनिष्ट पार्टीका अरु केही घटकहरू बहुदलकै पक्षमा देखिए तर माले,मसाल लगायत अन्य घटकहरूले "जनमत संग्रह घोका हो" भन्ने नाराका साथ सुनियोजित रूपमा पञ्चायतमा भोट खसाले । अनेक प्रकारबाट गरिएका धाँधलीका बाबजूद पनि ४६ प्रतिशत प्रतिबद्ध मत बहुदल पक्षलाई प्राप्त भयो । त्यस परिणामलाई नेपाली कांग्रेसका नेता वी.पी.ले "अप्रत्याशित" र "व्याख्या गर्न नसकिने" संज्ञा दिए भने गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईले "धाँधलीपूर्ण" भनेर आलोचना गरे । [४२]

यसरी सुधारिएको पञ्चायती व्यवस्था ४ लाख २५ हजार ४ सय ८७ मत अर्थात् ९.६ प्रतिशत मत वढि पाई विजयी भयो । वहुदलीय व्यवस्थाका समर्थकहरूले पराजयको सामना गर्नु पऱ्यो । त्यस समय २०३६ साल जेठ १० गते सम्ममा २१ वर्ष उमेर पूरा भएकाहरूको जनमतसंग्रहका लागि नाम संकलन गरिएको थियो । यस जनमतसंग्रहले १८ वर्ष देखि २१ वर्ष नपुगेका युवाहरूलाई मतदानबाट अलग्याएको थियो । जसका कारणले जनमतसंग्रह गराउनु परेको थियो तिनै व्यक्तिलाई मत प्रदान गर्नवाट वञ्चित गरिएको थियो । अर्कातिर त्यस समयका

---

[४०] विश्वेश्वरप्रसाद कोइराला, ***पूर्ववत् टिप्पणी*** नं. ३२, पृ. ७३ ।

[४१] भीम रावल, ***नेपालमा साम्यवादी आन्दोलन उद्‌भव र विकास,*** (दो.सं.) (काठमाडौं : पैरवी प्रकाशन, २०४७), पृ. १२८ ।

[४२] ढुण्डिराज शास्त्री र अन्य (सम्पादक), ***नेपाली कांग्रेस र यसका दृष्टिकोणहरू,*** (काठमाडौं : नेपाली कांग्रेस केन्द्रीय कार्यालय, २०५२), पृ. ६ ।

पंचायती शासकहरूबाट राजाको नाम जनताबाट मत प्राप्त गर्नको लागि प्रयोग गरिएको थियो । पञ्चायत व्यवस्थालाई जिताउन अत्यधिक बन फँडानी गरिएको थियो । [४३]

पाँच प्रतिशत जतिले मात्र पञ्चायत विजयी बनेको थियो जुन आफैंमा कुनै ठूलो कुरा थिएन् । सम्पूर्ण राज्यको मेशिनरी लाग्दा पनि त्यति झिनो मतले विजयी बनेको व्यवस्थाले कालान्तरमा स्थायित्व लिन सकेन् । वी.पी. कोइरालाले खेलको नियम अनुसार जनमतको परिणामलाई स्विकारेका थिए । अल्पमतको कदर गरिने भनेपनि संविधान निर्माण हुँदा गाउँ फर्कको सट्टा पंचायत नीति तथा जाँचबुझ समितिको गठन भयो, वर्गीय संगठनको सदस्यता अनिवार्य गरियो । एउटै चुनाव चिन्हमा वा पार्टीका नाउँमा चुनाव लड्न नपाउने भयो ।[४४] यसले आफ्ना विरोधी सवैको मुख बन्द गराउन खोज्यो । ९९ जना एकातिर र १ जना विरोधमा भएपनि त्यो एक जनाको मुख थुन्न हुन्न भन्ने मिलको विचारलाई यसले स्विकारेन् । नेपाल लगायत अन्य एशियाली मुलुकहरूमा सरकारी संयन्त्रबाट भएको जनमत संग्रहको परिणाम आउँदा विरोधी विचारधाराले विजय पाउन सक्दैन भन्ने देखाएको छ ।

> नेपालमा मात्र होइन अन्य एशियाली मुलुकहरूमा पनि सरकारी पक्षले गराएको जनमत संग्रहमा विपक्षको विजय कहिल्यै भएको छैन । १९५९ ई.मा पाकिस्तानका राष्ट्रपति फिल्ड मार्शल अयुव खाँले, १९७५ ई.मा बंगबन्धु शेख मुजिवुर्रहमानले, १९७७ ई.मा बंगलादेशका राष्ट्रपति जनरल जियाउर्रहमानले, १९७८ ई.मा श्रीलंकाका राष्ट्रपति जयवर्धनले र १९७९ मा ई.मा फिलिपिन्सका राष्ट्रपति मार्कोसले गराएको जनमत संग्रहमा सरकारी पक्षकै विजय भएको थियो । त्यसैगरी नेपालमा १९८० ई.(२०३७ वि.सं) मा गराइएको जनमत संग्रहमा पनि जुन पक्ष सरकारमा थियो, त्यही पक्ष विजयी भयो ।[४५]

एशिया महादेशमा दोस्रो विश्वयुद्धपछि विभिन्न समयमा सम्पन्न भएको जनमत संग्रहहरूले देखाएको परिणाम यसप्रकार रहेको छ :[४६]

---

[४३] हृषीकेश शाह, ***नेपाल राजनीतिक व्यवस्था एवं परराष्ट्र नीति,*** (प्र.सं.), (वाराणसी : कोणार्क पब्लिशिंग हाउस, १९८२), पृ. ६५ ।

[४४] (शहीद अभिलेख समितिद्वारा प्रस्तुत गरिएको २०३१ सालको टिम्बुरबोटे प्करणको विवरण प्रतिवेदन), ***पूर्ववत् टिप्पणी*** नं. ३७, पृ. ३७ ।

[४५] सूर्यमणि अधिकारी, ***नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास,*** (प्र.सं.), (नई दिल्ली : निराला पब्लिकेशन्स, २०५५), पृ. २८२ ।

[४६] डेभिड बटलर एण्ड अस्टिन रेने (सं.), ***रेफरेण्डम अराउण्ड दी वर्ल्ड,*** (वासिङ्गटन डी.सी : अमेरिकन इन्टरप्राइज इस्टिच्यूट, सन् १९९४), पृ. २७८–७९ ।

| सि.नं | मुलुक | जनमत संग्रह भएको | जनमत संग्रहको विषय | खसेकोमत प्रतिशत | प्राप्तमत प्रतिशत |
|---|---|---|---|---|---|
| १. | फिलिपिन्स | १९४७ मार्च ११ | अमेरिकाको व्यापारिक अधिकारलाई मान्यता दिने | ४० | ८८.४ |
| २. | इरान | १९५३ अगष्ट १० | मजलीस भङ्ग गर्ने | – | ९९.९ |
| ३. | कम्बोडिया | १९५५ फेब्रुअरी ७ | स्वतन्त्रता र सिंहानुकको अनुमोदन | – | ९८.८ |
| ४. | द.भियतनाम | १९५५ अक्टुवर २३ | सम्राट बाओदाइलाई सत्ताच्युत गर्ने | – | ९८.९ |
| ५. | कम्बोडिया | १९५८ | जनप्रतिनिधि संख्या कम गर्ने | – | ९९.९० |
| ६. | पाकिस्तान | १९५९ | – | – | – |
| ७. | कम्वोडिया | १९६० जुन ५ | सिंहानुक र उनको नीतिलाई अनुमोदन गर्ने | ९१.८ | ९९.९ |
| ८. | द.कोरिया | १९६२ डिसेम्वर १७ | संविधानको अनुमोदन | ८५.० | ७८.६ |
| ९. | इरान | १९६३ जुन २६ | शाहको सुधार कार्यक्रम | ९२.२ | ९९.९ |
| १०. | मालदिभ्स | १९६८ मार्च | शुल्तानको ठाउँमा गणतन्त्र स्थापना | – | ९०.०० |
| ११. | द.कोरिया | १९६९ अक्टुवर १८ | राष्ट्रपतिको तेस्रो कार्यकाल अनुमोदन | ७५.९ | ६५.१ |
| १२. | कम्वोडिया | १९७३ अप्रिल २० | गणतान्त्रिक संविधान अनुमोदन | ७५.५ | ९७.५ |
| १३. | द.कोरिया | १९७२ नोभेम्वर २१ | संविधान अनुमोदन | ९०.० | ९२.२ |
| १४. | फिलिपिन्स | १९७३ जुलाई २७ | मार्कोस र सैनिक शासन अनुमोदन | – | ९०.७ |
| १५. | बर्मा | १९७३ डिसेम्बर १५ | संविधान अनुमोदन | ९१.१ | ९४.४ |
| १६. | द.कोरिया | १९७५ फेव्रुअरी १७ | संविधान र राष्ट्रपतिको अनुमोदन | ७९.८ | ७४.४ |
| १७. | फिलिपिन्स | १९७५ फेव्रुअरी २७ | स्थानीय सरकार पुनर्स्थापनाको अनुमोदन | ९०.७ | ८६.७ |
| १८. | फिलिपिन्स | १९७५ फेवुअरी २७ | सैनिक शासनको अनुमोदन | ९०.७ | ८७.६ |
| १९. | फिलिपिन्स | १९७५ फेव्रुअरी २७ | मार्कोसको सैनिक शासनलाई निरन्तरता | ९०.७ | ८६.७ |

| | | | | | |
|---|---|---|---|---|---|
| २०. | बंगलादेश | १९७५ | – | – | – |
| २१. | सिक्किम | १९७५ अप्रिल १४ | स्वतन्त्र रहने वा भारतमा विलय हुने | ६३.२ | ९७.५५ |
| २२. | फिलिपिन्स | १९७६ अक्टुवर १६ | सैनिक शासनको अनुमोदन | ९७.२ | ९७.९ |
| २३. | फिलिपिन्स | १९७६ अक्टुवर १६ | संविधान संशोधनको अनुमोदन | ८५.०० | ९०.६ |
| २४. | बंगलादेश | १९७७ मार्च ३० | राष्ट्रपति जिया र संविधानको अनुमोदन | ८५.०० | ९८.८८ |
| २५. | श्रीलंका | १९७८ | – | – | – |
| २६. | फिलिपिन्स | १९७९ डिसेम्वर १८ | मार्कोसलाई प्रधानमन्त्री र राष्ट्रपतिमा अनुमोदन | ९८.०० | ८९.५ |
| २७. | इरान | १९७९ मार्च ३० | इस्लामीक गणतन्त्र | – | ९९.३ |
| २८. | इरान | १९७९ | नयाँ संविधान | ६५.०० | ९९.५ |
| २९. | नेपाल | १९८० मई २ | पञ्चायत र बहुदलीय व्यवस्था बीचमा छनौट | ६६.९३ | ५४.७९ |

पञ्चायती व्यवस्थालाई स्थायित्वको आधार जनमत संग्रह बनाइएको थियो । पञ्चायतले आफ्ना विरोधीहरू इतर पक्षलाई व्यवस्थामा सकेसम्म प्रवेश नै नगराउने नीति लिएको थियो । त्यो नीति जनमतसंग्रह पछि पनि कायम राख्यो । यसरी नेपालमा पञ्चायत अनुदारवादी व्यवस्थाको रूपमा केही समय चल्दै गयो ।

राजा वीरेन्द्रबाट राष्ट्रिय जनमत संग्रहको निर्वाचनको परिणामस्वरूप सामयिक सुधार गर्दै जाने दलविहीन पञ्चायत प्रणालीमा बहुमत देखिएकाले नेपालको संविधान, २०१९ मा आवश्यक र उपयुक्त सुधारसहित संशोधनको सुझाव पेश गर्न ०३७ जेठ १ गते सर्वोच्चका न्यायाधीश वासुदेव शर्माको अध्यक्षतामा संविधान सुधार सुझाव आयोग गठन भएको थियो । राजावाट ०३७ पौष १ गते नेपालको संविधान, २०१९ मा तेस्रो संशोधनको घोषणा भयो । त्यस संशोधनले एक सदनात्मक व्यवस्थापिका अर्थात् राष्ट्रिय पञ्चायतको निर्वाचन वालिग मताधिकारका आधारमा गर्ने, ६० प्रतिशत बहुमतले प्रधानमन्त्रीको चयन तथा अविश्वासवाट हटाउन सक्ने जस्ता केही संसदीय विशेषतालाई समेटेको थियो । तर दलहरूलाई निषेध कायमै राखियो र दलहरूप्रति उसको पूर्वाग्रह यथावत् नै थियो । नेपाली कांग्रेस लगायतका दलहरूले राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन २०३८ लाई वहिष्कार गरे । पछिका दिनहरूमा खास गरेर स्थानीय पञ्चायतको चुनावलाई पञ्चायतको विरोधमा प्रयोग गर्न खोजेको थियो तर, सफल हुन सकेनन् । त्यस समय पञ्चायतले विपक्षीहरूलाई कुनै स्थान दिएन् । वि.सं २०४३ साल वैशाख

२९ गतेको राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन निर्दलीय पञ्चायती व्यवस्थाको अन्तिम निर्वाचन थियो । ०४६ साल चैत्र २६ गतेको जनआन्दोलनवाट यसको अन्त्य हुन पुग्यो ।

पञ्चायती व्यवस्थामा दीर्घकालीन नीति नभएकाले यो सदैव संकट आएपछि मात्र टालटुले नीति (प्याचवर्क) का रूपमा काम गर्थ्यो । पञ्चायत व्यवस्थाले दलहरूलाई प्रतिवन्ध लगाउने काम मात्र गर्‍यो । यसले प्रतिपक्षीलाई समेटेर लाने कहिल्यै प्रयास गरेन् । जनमतसंग्रह पछि पञ्चायतलाई एक किसिमले राजालाई जनताबाट अनुमोदित भएको भनेर विश्व सामु प्रस्तुत गर्ने राम्रो बाटो मिल्यो । जनमतसंग्रहको परिणामले पञ्चायत व्यवस्थालाई केही हदसम्म उदार हुन वाध्य बनायो । जनमतकै परिणाम प्रजातन्त्र पुनःस्थापनाका लागि मुलुकमा केही आधारशिलाहरू तयार भए ।

## ३.२ ०४६ सालको जनआन्दोलनको मूल मुद्दा

शीत युद्धको समाप्तिपछि तेस्रो विश्वका देशहरूमा आएको प्रजातन्त्रको लहरले नेपाल अलग्गिन सकेन् । तेस्रो लहरको सुरुवातले पूर्वी युरोपको मानव अधिकार र प्रजातन्त्रको विकासलाई प्रभावित पार्‍यो । तेस्रो लहरको प्रभावले प्रायः धेरै देशका तानाशाहहरू फ्याँकिएका थिए। 'तेस्रो लहरका परिवर्तनहरू सत्ताका लागि र प्रजातन्त्र तथा अन्य लक्ष्यहरूको पक्ष र विपक्षका लागि संघर्ष गर्ने विविध समूहहरूको संलग्नताले गर्दा तिनमा जटिल राजनीतिक प्रक्रियाहरू थिए।'[४७] छिमेकीले आर्थिक नाकावन्दी गर्दा जनताको समस्या समाधानमा भन्दा नेपालका राजा पञ्चायती व्यवस्था जोगाउनमै लागिरहे । ०४६ सालको आन्दोलनमा राजतन्त्रलाई पूरै निषेध गर्न दलहरूले चाहेनन् । राजाले पनि भारतको योजनामा क्रान्ति रोक्न विदेशी सहयोग खोजेनन् :

> २०४६ सालको एकतर्फीय भारतीय आर्थिक नाकावन्दी र त्यसपछिको जनआन्दोलनको बेला उनले विस्तारवादीहरूको सामुन्ने झुक्नुभन्दा आफ्नै जनता सामु झुक्ने जुन प्रतिबद्धता देखाए, त्यो विस्तारवादीहरूलाई पटक्कै मनपरेको थिएन् । पछिल्लो चरणमा खास गरी नेकपा (माओवादी) को नेतृत्वमा युगान्तकारी जनयुद्धको थालनी भए पश्चात् त्यसको विरुद्धमा आफूप्रति परम्परागत रूपमा वफादार रहेको शाही सेनालाई परिचालन गर्ने उनले जुन आनाकानी गरे साम्राज्यवादी र विस्तारवादीहरूका निम्ति त्यो उनको सवभन्दा ठूलो अपराध ठहरियो । कतिपय मार्क्सवादी पण्डाहरू समेतको यसै आधारमा हामीलाई "राजावादी" भने पनि अब हामी निर्धक्क साथ के भन्न सक्छौं भने कतिपय राष्ट्रिय प्रश्नहरूमा राजा वीरेन्द्र र

[४७] सेमुएल पी. हन्टिङ्गटन, तेस्रो लहर : ***बीसौं शताब्दकिो अन्त्यतिरमा प्रजातान्त्रिकरण,*** (नोरम्यान र लन्डनः ओक्लाहोमा विश्वविद्यालय प्रेस, सन् १९९१), (काठमाडौं : रत्न पुस्तक भण्डार नेपाली संस्करण मिति उल्लेख नभएको), पृ. १०१ ।

हाम्रा वीचमा समान सोचाईहरू थिए र त्यसले कतिपय प्रसंगहरूमा हामीलाई अघोषित कार्यगत एकता गराइरहेको थियो ।[४८]

प्रजातान्त्रिक व्यवस्थालाई अस्वीकार गर्दै पञ्चायती व्यवस्थाको संरक्षणमा अन्तिम समय सम्म नेपाली राजतन्त्र लागिरह्यो ।[४९] प्रजातन्त्रका पक्षमा चलेको विश्वव्यापी लहरबाट राजा प्रभावित हुन नसकेपछि उनले मुठभेडको स्थितिलाई स्विकारे ।'प्रजातान्त्रीकरणको एउटा गम्भीर बाधा एशिया, अफ्रिका र मध्यपूर्वका राजनीतिक नेताहरूका बीचमा प्रजातान्त्रिक मूल्यहरूप्रतिको वास्तविक कटिबद्धताको अभाव अथवा कमजोरीपन थियो ।'[५०] हन्टिङ्गटनको आशय थियो जसले प्रजातन्त्रलाई संस्थागत विकास गर्नुपर्ने दायित्व थियो तिनैले आफ्नो शक्तिलाई प्रजातन्त्र कमजोर बनाउन खर्चिए । राजतन्त्र छउन्जेल नेपालमा प्रजातन्त्रको संस्थागत विकास कहिल्यै हुन सकेन् ।

पूर्वी युरोपमा जसरी प्रजातन्त्रको लहरले ठूलो प्रभाव पारेको थियो यसले नेपालमा पनि त्यही प्रभाव छोड्न खोजेको थियो । 'राजा वीरेन्द्रलाई अधिक उदार बन्न खोज्दा उनलाई उनकै भाइभारदारहरूले राजतन्त्र बचाउ र परिवार वचाउका लागि उदार नबन्न जोड दिइएको थियो । प्रजातन्त्र आएमा राजसंस्थाको विनाश हुने ठानी सुधारका कदमबाट अगाडि नबढ्न राजालाई दवाव परिरहेको थियो ।' [५१] यही कारण नेपालको राजतन्त्र जनतामा भन्दा आफ्नै भाईभारदारहरूको स्वार्थमा वढी केन्द्रित रहेको थियो । विधिको बन्नुपर्ने राजसंस्था भ्रष्ट र निरंकुश तवरले चल्न पुगेको थियो ।

### ३.२.१ निरंकुश राजतन्त्र र पंचायती व्यवस्था

निरुंकुश राजतन्त्र र पंचायती व्यवस्थाकै कारण नेपाली कांग्रेसले कहिले सशस्त्र सङ्घर्षको रूपमा, कहिले शान्तिपूर्ण प्रतिरोध र प्रदर्शनका रूपमा पटक पटक हतियार उठाउन वाध्य भएको थियो । अधिनायकवादी पञ्चायती सत्ताका विरुद्ध कुनै समय "पञ्चायती व्यवस्थाको शत्रु राजाको पनि शत्रु हुन" भनेर राजा र व्यवस्थालाई जोड्ने गरिन्थ्यो ।[५२] राजतन्त्रलाई राष्ट्रियताको शक्तिको रूपमा निर्वासनपछि नेपालभित्र छिरेका नेताहरूले स्वीकार्न पुगे । यसअघि

---

[४८] वावुराम भट्टराई, "नयाँ कोतपर्वलाई मान्यता दिनु हुँदैन", ***कान्तिपुर,*** (वर्ष ९, अंक १०९), २४ जेठ, २०५८ ।

[४९] मार्टिन होफ्टुन, विलीयम राइपर र जोन व्हेल्पटन, ***पिपुल पोलिटिक्स एण्ड आइडियोलोजी,*** (काठमाडौं : मण्डला बुक प्वाइन्ट, १९९९), पृ. ११० ।

[५०] (सेमुएल पी.हन्टिङ्गटन), ***पूर्ववत्, टिप्पणी*** नं. ४७, पृ. २४८ ।

[५१] एल.पी.एस.श्रीवास्तव, ***नेपाल एट दी क्रसरोड्स,*** (न्यू दिल्ली : एलाइड पब्लिशर्स लि., सन् १९९६), पृ. ४५ ।

[५२] लोक राज बराल, ***अप्पोजीशनल पोलिटिक्स ईन नेपाल,*** (प्र.सं.), (न्यू दिल्ली : अभिनव पब्लिकेशन्स, सन् १९७७), पृ. ५३ ।

राजतन्त्र र पञ्चायतको विरोधीको रूपमा देखिएको कांग्रेसले राजालाई जनता समक्ष ल्याइने प्रयास नै राष्ट्रिय मेलमिलाप हो भन्ने प्रष्ट पारियो । यस नयाँ नीतिबाट ने.का.संग राजा प्रभावित भएमा आफ्नो एकाधिकार समाप्त हुने त्रास पञ्च नेताहरूमा फैलियो ।[५३] विश्वेश्वरप्रसाद कोइरालाको मृत्युअघि सम्म नेपाली कांग्रेसले राजतन्त्रसंग मेलमिलापको नीति राखेको थियो । यो नीति बीपीको जीवनपर्यन्तको यात्रा बन्नगयो । यस अघि नेपाली कांग्रेसले आफ्नो संघर्ष "नेपाली जनताको प्रजातान्त्रिक अधिकारको लागि मात्र थियो ।" त्यसैले उसले प्रजातन्त्रको पक्षमा मात्र सुरु सुरुमा जोड दिंदै आएको थियो । विदेशी तत्वले नेपाललाई अन्तर्राष्ट्रिय षडयन्त्रको अखडा वनाउन नसकोस भनी पछिका दिनमा कांग्रेसले "राष्ट्रियता र प्रजातन्त्र" मा जोड दिंदै आयो । "प्रजातन्त्र प्राप्ति र राष्ट्रको रक्षा"मा नेकाले "२०१७ सालमा प्रजातन्त्र उपरको निर्मम एवं सांघातिक प्रहारपछि प्रजातन्त्रको पक्षमा संघर्ष गऱ्यो" । जनताको प्रजातान्त्रिक अधिकारका साथै देशको अस्तित्वको रक्षा गर्ने दायित्वलाई बुझेर विश्वेश्वरप्रसाद कोइराला "राष्ट्रिय मेलमिलाप" को नीति लिएर २०३३ साल पुष १६ गते मुलुकभित्र आएका थिए । उनले त्यस समय जनतालाई अपिल समेत गरेका थिए "राष्ट्रिय संकटको घडीमा हामी सबैले बितेका अप्रिय विवाद, अनुभव र मतभिन्नतालाई बिर्सेर र समाप्त गरेर एकताको सूत्रमा बाँधिनु पर्छ । राष्ट्र रहेन भने हामी रहन्नौं "भन्ने उनको विचार थियो । राष्ट्रलाई बचाउने जिम्मेवारी सबैको जिम्मेवारी हो भनि नेपाली कांग्रेसको अध्यक्षको हैसियतले त्यस समयमा उनले राष्ट्रको रक्षा, देशको उन्नति, जनताको सुख र समृद्धिलाई जोड दिएको देखिन्छ ।[५४] सीक्कमको स्वतन्त्रता गुम्नु र दक्षिण एशियामा देखिएको आरोह र अवरोहले यस भेगमा राम्रो संकेत देखाएको थिएन । देशभित्र राष्ट्रिय सङ्कट आउने देखेर नै प्रवाशमा रहेका नेताहरू देशभित्र प्रवेश गरेका थिए । भारतमा इन्दिरा गान्धीले घोषणा गरेको संकटकाललाई लिएर जयप्रकाश नारायणसंगै वी.पी जस्ता समाजवादीहरूको समेत विरोध थियो । "मौलिक अधिकार निलम्बित भएको देशमा आश्रय लिएर छिमेकी राष्ट्रमा प्रजातान्त्रिक अभियान चलाउने आधार लिएर त्यहाँ बस्ने वा नेपाल फर्कने ?" भरतशमशेरले समेत प्रश्न उठाएका छन ।[५५] तर, २०३९ सालमा वी.पी को मृत्युपछि मेलमिलापको नीतिलाई कांग्रेसले लिएन् । राजा र पञ्चायतका विरुद्धमा एउटै मोर्चाबाट आक्रमण गर्नका लागि उसले कम्युनिष्टहरूसँग कार्यगत एकता अपनाएको थियो । यो कार्यगत

---

[५३] पुष्पराज चालिसे, ***जनआन्दोलन २०४६: सत्तापक्षको प्रतिवाद र प्रतिरोध,*** (प्र.सं.), (काठमाडौं : उदय बुक्स प्रा.लि, २०५९), पृ. ४६ ।

[५४] विश्वेश्वरप्रसाद कोइराला, ***आत्मवृत्तान्त,*** गणेशराज शर्मा (संकलन), (दो.सं.), (ललितपुर : जगदम्बा प्रकाशन, २०५५), पृ. ३३३–३४ ।

[५५] राजेश गौतम, ***नेपालको प्रजातान्त्रिक आन्दोलन र विद्रोही भरतशमशेर,*** (काठमाडौं : कृष्णमुरारी अधिकारी, श्रीराम श्रेष्ठ, २०६१), पृ. ९७ ।

एकता विश्वेश्वरप्रसाद कोइराला रहुन्जेल हुन सकेन् । राजासँग मेलमिलाप सम्भव भयो तर कम्युनिष्टसँग सम्भव भएन् ।

जनताद्वारा निर्वाचित हुनु नपर्ने भएको कारण राजतन्त्रले त्यस ताका जनतालाई निरंकुश शैलीमा शासन समेत गरेको थियो । तर, त्यस समय जनताको ठूलो विरोध पञ्चायत व्यवस्थासँग थियो । राजालाई सक्रिय नभएर संवैधानिक वनाउने प्रयासमा नेपाली जनता आन्दोलित थिए । राजालाई भाग्नैपर्ने वाध्यता दलहरूले गरेनन् । इरानका शाह शक्तिशाली नै थिए। अफगानिस्थानका राजा पनि शक्तिशाली नै थिए तर, आखिरमा उनीहरू देश छोडेर भाग्न पऱ्यो ? त्यसैले राजा शक्तिशाली र निरंकुश बनाउँदैमा कम्युनिष्टहरूको प्रभाव रोक्नसकिन्छ भन्ने कुरा गलत देखियो ।

यही कारण भारत र अमेरिकाले नेपालमा राजा बलियो रहेमा कम्युनिष्टहरूको प्रभावलाई रोक्न सकिन्छ भन्ने आफ्नो पुरानो मान्यतामा परिवर्तन ल्याए । यसअघि राजा महेन्द्रले निरंकुश शासन स्थापना गर्दा अन्तर्राष्ट्रिय समुदायले त्यति कडा रूपमा आलोचना वा विरोध नगर्नुको पछाडि यही कारण रहेको थियो ।[५६] राजतन्त्रकै कारण नेपालले प्रजातन्त्र पुनःस्थापना गर्न नसकेकोमा भने कसैको विमति थिएन् । त्यति मात्र होइन छिमेकी देश भारतलाई पनि व्यापार नाकाबन्दीपछि नेपालमा चिनियाँ हातहतियारको ओइरोले शंका उब्जाउने काम गरेको थियो । भारतले आफूलाई अप्ठेरो महसुस गऱ्यो । जव जव नेपालमा सङ्कटको स्थिति आउँछ भारतले नेपालको कमजोर स्थितिको फाइदा लिन खोजिरहेको हुन्छ– 'भारतीय विदेश सचिव एस.के.सिंहले राजाले कन्सिडर गरेमा चरम रूपमा अगाडि वढेको आन्दोलनलाई रोक्ने कुरा त्यस वेलाका परराष्ट्र सचिव नरेन्द्र विक्रम शाहमार्फत (मार्च ३१–३ अप्रिल, १९९०) २०४६ साल चैत्र १८–२१ को ड्राफ्ट मार्फत राजामा कुरा पुऱ्याएका थिए । उनले (अप्रिल ३, १९९०) २०४६ साल चैत्र २१ मा ७ भागभएको एउटै प्याकेजमा सन्धि गराउन नेपालका राजा वीरेन्द्रलाई दवाव दिएका थिए ।

नेपालका राजाले भारतको यो प्रस्तावसँग नझुकेर नेपाली जनतासँग झुकेको सत्य हो । यदि नेपालले एउटै प्याकेजमा शान्तिमैत्रीदेखि वाणिज्य र पारवहनसम्मको सम्झौतामा हस्ताक्षर गरेको भए नेपालको हालत भुटानको जस्तो हुन्थ्यो । त्यस समय भारतले नेपाललाई भुटानको स्टाट्समा राख्न खोजेको थियो । राजाले त्यसमा सहमति जनाइदिएको भए भारतले आन्दोलन दवाउने सङ्केत देखाएको थियो यो सत्य हो । त्यस बखत राजाले त्यो प्रस्ताव ठाडै अस्वीकार

---

[५६] टी.लुईस ब्राउन, ***दी च्यालेन्ज टू डेमोक्र्यासी ईन नेपाल : ए पोलिटिकल हिष्ट्री,*** (प्र.सं.), (लण्डन : राउटलेज, सन् १९९६), पृ. ४० ।

गरेका थिए । भारतसँग झुक्नुभन्दा उनी नेपाली जनतासँग झुके ।'[५७] दरबारले नेपालको राजनीतिमा आएको परिवर्तनलाई कहिल्यै आत्मसात गर्न सकेन । नेपाली कांग्रेसले चलाएको सशस्त्र संघर्ष, वामपन्थीहरूले चलाएको झापा आन्दोलन, विद्यार्थी असन्तोषवाट आएको जनमत संग्रह जस्ता घटना भैसक्दापनि राजतन्त्र फेरी निरंकुशतामै आकर्षित हुन पुग्यो ।

## ३.२.२ आन्तरिक कारण

नेपाली कांग्रेस जहिले पनि संवैधानिक राजतत्रका पक्षमा थियो तर, राजतन्त्र जहिले पनि सक्रिय बन्न खोजिरहेको थियो । ०४६ सालको जनआन्दोलनले राजतन्त्रमाथि जनताको विश्वास गुमेको थियो । किनकि राजतन्त्र आफ्नै जनतामाथि अत्यधिक बल प्रयोग गरेर पञ्चायती व्यवस्था अन्तिम समयसम्म टिकाउन खोजिरहेको थियो । राजालाई सर्वे सर्वा मान्ने ०४६ सालको जनआान्दोलनअघिको स्थितिलाई नेपाली जनताले स्विकारेनन् ।

नेपाली जनताको अधिकार सुनिश्चित गर्न नेपाली कांग्रेस समेत वाममोर्चासँग सहकार्य गर्न पुग्यो । नेपालको इतिहासमा पहिलोपटक वामघटकहरूको संयुक्त वाममोर्चा र प्रजातान्त्रिक तर्फको नेपाली कांग्रेस संयुक्तरूपमा पञ्चायतको विरुद्ध लड्न सहमत भएका हुन् । यसैको परिणाम ०४६ फागुन ७ गतेबाट सुरु भएको संयुक्त जन आन्दोलन चैत्र २६ मा गएर टुंगियो । विभिन्न शहरी क्षेत्रहरूमा फैलिएको ५० दिने निरन्तरको जनआन्दोलनले सत्तामा एक छत्र हालिमुहाली गर्दै आएको नेपाली राजतन्त्रलाई जनताको प्रतिनिधिहरूसँग सम्झौतागर्न वाध्य बनाएको थियो ।

> नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका ७ घटकहरू मिलेर वनेको संयुक्त वाम मोर्चाको आव्हानमा नेपालमा तत्काल प्रचलित निर्दलीय पंचायती व्यवस्थाको अन्त्य गरी वहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्वाहालीका लागी २०४६ साल फाल्गुण ७ गते देखि जनआन्दोलन प्रारम्भ भयो ।[५८]

कांग्रेसका लागि मात्र होइन अन्य वाम घटकहरू समेतका लागि निरंकुश राजतन्त्र जनताको अधिकार र स्वतन्त्रताका लागि सवैभन्दा डरलाग्दो देखियो । कम्युनिष्टहरूलाई राष्ट्रिय सहमतिमा ल्याउन सक्नु नेपाली कांग्रेसको ठूलो सफलता थियो । यस अघि पुष्पलालले पनि

---

[५७] ***धुवहरी अधिकारी*** (वरिष्ठ पत्रकार)संग मिति : २०६६ साल भदौ २० गते उहाँको निजी निवास झंसीखेल, कोपुण्डोलमा गरिएको कुराकानी ।

[५८] जनआन्दोलनको क्रममा ०४६ साल फाल्गुण ७ गते देखि २०४६ चैत्र मसान्त सम्मको अवधिमा मुलुकमा घटेका विभिन्न घटना सम्बन्धमा छानविन गर्न गठित ***जाँचवुझ आयोग-२०४७ को प्रतिवेदन*** **खण्ड-१**, (अप्रकाशित : जाँचबुझ आयोग-०४७), पृ. (क) ।

नेपाली कांग्रेसलाई विरोधीको रूपमा हैन मित्र शक्तिका रूपमा हेर्नुपर्ने आवश्यकता देखाएका थिए–

> पञ्चायत सरकारलाई ढाल्ने हो भने दुवै पार्टीले संयुक्त रूपले संघर्ष छेड्नु पर्दछ भन्दा विरोधीहरूले उनलाई (पुष्पलाललाई) "कांग्रेसको पुच्छर" भन्न बाँकी राखेनन् ।[५९]

यसरी त्यस समय कम्युनिष्ट पार्टीभित्रकै अन्य घटकहरू कांग्रेससँगको सम्बन्धलाई नरुचाउने पनि थिए । राजाको फुटाउ र शासन गरको नीतिकै कारण नेपाली कांग्रेस र कम्युनिष्ट घटकवीच मिल्न नदिने तत्त्वले राजतन्त्रलाई नै बलियो वनाउन पुग्यो । मुलुकमा त्यत्रो अन्योल, अस्थिरता र अनिश्चितता भइ रहँदापनि राजा भने पंचायती व्यवस्था जनइच्छाअनुकूल भएको प्रमाणित गर्न लागिरहेका थिए । [६०] ०४६ सालको जनआन्दोलनले राजाको दासतावाट जनताले मुक्तिमात्र खोजेको थियो । 'समाजको रूपान्तरण कम महत्त्वको विषय थियो । पञ्चायतको समाप्ति र बहुदल पुनः स्थापनाको उद्देश्य त्यसले बोकेको थियो ।'[६१] नेपालको राजतन्त्रमा के भ्रम थियो भने उनीहरू जनताभन्दा अलग पहिचान भएका व्यक्ति हुन् । हामी जन्मदैंमा विष्णुको अवतार हौं भन्ने भावना तिनमा रहेको पाइन्छ– "नेपाल-नरेश पाँच सरकारको उपाधि लिएपछि आफूलाई नारायणको अवतार मानेर वूढानीलकण्ठको नारायण जस्तै सामान्य जनतासँग न कुनै कुरा गर्थे नत तिनकालागि कुनै काम गर्दथे । तर पनि तिनले जनताबाट आदर र सम्मान पाइरहेका थिए ।"[६२]

## ३.२.३ भारतको भूमिका

प्रजातन्त्र पुनर्स्थापनाका लागि भएको आन्दोलनमा भारतको पनि मुख्य हात रहेको छ । नेपालमा प्रजातन्त्र पुनस्थापनाका लागि भारतीय जनता र राजनीतिक दलहरूको संयुक्त समर्थन एवं सहानुभूति रहेको अभिमत त्यहाँका नेताहरू काठमाडौंमै आएर प्रकट गरिरहेका थिए । ०४६ साल पौषमा गोरखपुरमा सम्पन्न ने.क.पा (मसाल) को पाँचौं महाधिवेशन पछिको वैठकले भने भारतको हस्तक्षेपलाई अस्वीकार गरेको थियो । उसको ठहर थियो भारत सरकारको आडमा

---

[५९] *भुवनलाल प्रधान,* "पुष्पलाल : मेरो मानसपटलमा", ***क. पुष्पलाल स्मृति अंक २०५२,*** पुष्पलाल स्मृति प्रतिष्ठान, बलराम उपाध्याय र अन्य (सं) पृ. १५० ।

[६०] ***गोरखापत्र,*** २०४६ फागुन ७ ।

[६१] देवेन्द्रराज पाण्डे, "त्यो परिवर्तन र यो आन्दोलन", ***कान्तिपुर,*** १८ वैशाख, २०६३, पृ. ७ ।

[६२] *(ऋषिकेश शाह),* ***पूर्ववत्, टिप्पणी*** नं ४३, पृ. २१ ।

गरिने आन्दोलनले घुमेर फेरी नेपालमा भारतीय विस्तारवादलाई नै मजबुत गर्ने काम गर्नेछ । [६३] यसरी साना कम्युनिष्ट घटकहरू जो संयुक्त राष्ट्रिय जनआन्दोलनले बेग्लै पहिचानमा आए तिनमा नेकपा (मसाल) र (मशाल), सर्वहारावादी श्रमिक संगठन नेपाल, नेपाल मार्क्सवादी– लेनिनवादी पार्टी, शम्भुराम श्रेष्ठ समूह र अन्य वामपन्थी व्यक्तिहरू संयुक्त वाममोर्चामा समावेश भएनन् । यिनीहरू प्रजातन्त्र हैन जनवादी आन्दोलनका लागि बेग्लै मोर्चा वनाउन लागे ।

नेपालको ठूला राजनीतिक दलबाट हुन लागेको आन्दोलनमा विदेशी हस्तक्षेप हुन सक्ने आशंकामा यिनीहरू पछि हट्न खोजेका थिए । यिनीहरूले ठूला दलबाट गरिने आन्दोलनको खुलेर समर्थन गर्न सकेनन् । अर्कातिर नेपाली कांग्रेसले ०४६ माघ ५,६ र ७ गतेसम्म ३ दिन ऐतिहासिक राष्ट्रिय सम्मेलन गरेर आन्दोलनका लागि माहौल बनाइसकेको थियो । सम्मेलनमा उपस्थित भएका भारतीय नेताहरूमा जनता दलका सांसद चन्द्रशेखर, हर किशोर सिंह, ***(हरिकिशोर सिंह,जनता दल),*** [६४] यशवन्त सिन्हा, कमल मोरारका, रविन्द्र मनचन्दा, कांग्रेस आईका सांसद एम जे अकवर, हरीश रावत, देवप्रकाश त्रिपाठी, भारतीय कम्युनिष्ट पार्टीका महासचिव एम फारुखी, भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) का सांसद् हरकिसन सिंह सुरजीत, जनता पार्टीका नेता डा. सुब्रह्यण्यम स्वामी र समाजवादी नेता वेणी माधव समेत १२ जना थिए । [६५] प्रजातन्त्र कुनै एक देशको मात्र पेवा होइन भन्ने विचारले भारतीय नेताहरूको उपस्थिति नेपालमा भएको थियो । पञ्चायती सरकारले भारतीय हस्तक्षेप भने पनि भारतीय विधायक र अन्य नेताहरूले नेपालको जनआन्दोलनलाई दवाव थपि दिने काम गरिरहे ।

ती नेताहरूले नेपाली जनतालाई निडर भएर क्रान्ति गर्न आव्हान गरिरहेका थिए । जनस्तरमा भारतीय नेताहरूले नेपाली जनतालाई क्रान्तिका लागि आव्हान गरिरहेका थिए भने सरकारी स्तरमा भारतले धेरै अगाडिदेखि नै दुई नाका बाहेक दक्षिणका सम्पूर्ण नाकाहरू बन्द गर्दिएर पञ्चायती सरकारका लागि अप्ठेरो स्थिति सिर्जना गरिदिएको थियो । चिनियाँ हतियार आयात गरेर भारतको सुरक्षालाई चुनौती दिएको, विलासी सामग्री अवैध रूपमा नेपाल मार्फत भारत निकासी गरेको, भारतीयहरूलाई काम गर्ने अनुमति 'वर्क पर्मिट' लागू गर्न खोजी सन् १९५० को सन्धिको वेवास्ता गरेको जस्ता आरोप लगाई नेपालप्रति भारत असन्तुष्ट देखिएको

---

[६३] ने.क.पा.(मसाल) को विचारधारात्मक मुख पत्र ***"रातो तरबार",*** (काठमाडौं : नेकपा (मसाल), केन्द्रिय कार्यालय, दस्तावेज विशेषाङ्क २०५९ श्रावण), अंक २, पृ. ३७२ ।

[६४] किशोर नेपाल, ***जनमतसंग्रह देखि जनआन्दोलनसम्म,*** (काठमाडौं : व्यावसायिक पत्रकारिता प्रतिष्ठान, २०५७), पृ. १११ ।

[६५] (सूर्यमणि अधिकारी), ***पूर्ववत्, टिप्पणी*** नं ४५, पृ. ३२१ ।

थियो ।[६६] नेपालका पञ्चायती शासक एकातिर भारतीय नाकाबन्दीको चुनौती र अर्कोतिर देशभित्र विपक्षलाई दमन गर्दै रहने गरी एकैसाथ दोहोरो मोर्चामा लडिरहेका थिए । झन यस्तो अवस्थामा नेपाली कांग्रेस र वामशक्तिहरूबीच संयुक्त जनआन्दोलनका लागि सहमति कायम हुनु भनेको पञ्चायती सत्ता लामो समय टिक्दैन भन्ने संकेत थियो । परिणाममा जनआन्दोलनले समाजका सबै तह र तप्कालाई गोलवन्द गर्दै ४९ दिनमा मुलुकलाई लगभग ३० वर्षको निरंकुश पञ्चायती व्यवस्थावाट यो जनआन्दोलन जनतालाई स्वतन्त्रता दिलाउन सफल भयो ।

'मुभमेण्ट फर डेमोक्रेटिक अर्डर' मा धर्मदासानी ०४६ सालको जनआन्दोलन हुनुमा– 'घरेलुकारण प्रमुख जिम्मेवार रहेको– तिनमा (१) राजनीतिक तत्व, (२) आर्थिक तत्त्व र (३) बाह्य तत्त्व प्रमुख रहेको' [६७] उनको ठहर थियो । एमालेको राजनीतिक प्रतिवेदनमा भने ०४६ सालपछि राजा दलहरूलाई किनारा लाउने षडयन्त्रमा थिए भनिएको छ –

> जनआन्दोलनले निरंकुश राजतन्त्रलाई समाप्त पाऱ्यो र निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गऱ्यो, नेपाली समाजमा महत्त्वपूर्ण सुधार भयो र बहुदलीय व्यवस्थाको स्थापना भयो । त्यसले राजतन्त्रलाई निकै कमजोर पनि बनायो । तर राजतन्त्रको सर्वशक्तिमान बन्ने महत्वाकांक्षा समाप्त भइसकेको थिएन । त्यो बहुदलीय व्यवस्थालाई समाप्त पार्न मौका हेरेर बसिरहेको थियो ।
>
> जब बहुदलीय व्यवस्थाका विरुद्ध एकीकृत नेकपा (माओवादी) को सशस्त्र संघर्ष विकसित हुनथाल्यो, तबसुरुमा राजतन्त्रले त्यस हिंसात्मक संघर्षलाई अप्रत्यक्ष रूपमा सघाउने काम गऱ्यो । माओवादीहरू पनि अघोषित रूपमा राजतन्त्रसँग 'कार्यगत एकता' कायम गर्न पुगे ।[६८]

मुलुकको सैनिक, प्रहरी र प्रशासन आफ्नै अधीनमा रहेकाले, दरबार आफूले गुमाएको शक्ति फिर्ता लिने ताकमा थियो । यसैले राजा वीरेन्द्रले विभिन्न योजना र कार्यक्रमहरू संचालन गरेर आफूले गुमाएको शक्ति फिर्ता लिने प्रयास गरे । यस दिशामा चालिएको पहिलो कदमको रूपमा उनले नेपाली कांग्रेस र मन्त्रिमण्डलमा शक्ति जमाइरहेका विभिन्न कम्युनिष्ट समूहका गठवन्धन, संयुक्त वाम मोर्चा बीच फुटाउ र शासन गर भन्ने नीति प्रयोग गरे । [६९]

---

[६६] विलियम र्‍यापियर र मार्टिन होफ्टुन, ***स्प्रीङ्ग आवेकनिङ्ग :एन एकाउण्ट अफ दी १९९० रिभोल्यूसन ईन नेपाल,*** (न्यू दिल्ली : पेनगुइन बुक्स इण्डीया, सन् १९९२), पृ. १२० ।

[६७] एम.डी. धर्मदासानी (सं.), "मुभमेण्ट फर डेमोक्रेटिक अर्डर", ***डेमोक्रेटिक नेपाल,*** (बाराणासी : सालिमार पब्लिशिङ्ग हाउस, १९९२), पृ. १-११ ।

[६८] नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को ***आठौँ राष्ट्रिय महाधिवेशन द्वारा पारित राजनीतिक प्रतिवेदन,*** (काठमाडौं : केन्द्रिय कार्यालय, नेकपा (एमाले), २०६६), पृ. २६–२७ ।

[६९] सानु भाइ डंगोल, ***नेपाली राजनीतिमा दरबार*** (सन् १९५१ देखि १९९० सम्मको राजनीतिको सन्दर्भ विशेषमा), (मध्यपुर थिमि (नगदेश) : ल्यायम्ह पुच, २०६३ साल), पृ. २०७ ।

दलहरूले राजतन्त्रलाई संवैधानिक रूपमा राख्न खोज्दाखोज्दै पनि उनलाई त्यो स्थान मान्य भएन् । आन्दोलनले ल्याएको संविधान मिच्ने काम राजतन्त्रले गऱ्यो । त्यसले गर्दा यस संस्थाका विरुद्धमा पक्ष र विपक्षबीच बहस चल्न गयो । यो त्यही समय थियो जहाँ तत्कालीन सोभियत संघका राष्ट्रपति मिखाइल गोर्वाचेभले 'ग्लासनोस्त' अर्थात खुल्लापन र 'पेरेस्त्रोइका' अर्थात आर्थिक संरचनाको पुननिर्माण अगाडि ल्याएका थिए । तर, चीनमा तियानमेन चोकमा भएको विद्रोहलाई कम्युनिष्टहरूवाटै नराम्रोसंग दवाइदै थियो । यसले विश्वलाई मिश्रित सन्देश प्रवाह गऱ्यो । विश्वमा साम्यवादको पतनमात्र होइन कुनै पनि अधिनायकवादको पतन निश्चित छ भन्ने सन्देश २०४६ सालको जनआन्दोलनले दियो । विश्वमा देखिएको प्रजातन्त्रको यस्तो लहरवाट नेपालका राजा भने सकेसम्म आन्दोलन दवाउने प्रयासमै थिए । ०४६ सालमा आइपुग्दा विश्व जनमत लोकतान्त्रिक लहरका विरुद्धमा जान सकेनन् । पूर्वी युरोपमा आएको परिवर्तनले गर्दा कम्युनिष्टहरू ताशको घरजस्तै ढल्दै गएका थिए । कम्युनिष्टहरूका लागि पनि अस्तित्वको सङ्कट देखिएको थियो ।

त्यस समय नेपाली कांग्रेस राजनीतिको केन्द्रियवृत्तमा रहेको थियो । चिनका कैयौं प्रान्तहरूमा देखिएको जनलहर र पूर्वी युरोपको घटनाले गर्दा चिनिया पक्ष यसपटक नेपालको राजतन्त्रको काँध थाप्न तयार थिएन् । म्यानमारमा आमचुनावको घोषणा, भारत-चीन सम्बन्धमा सुधार, पाकिस्तानमा प्रजातान्त्रिक सरकार आदि वाह्य कारणले पनि राजा ०४६ को जनआन्दोलन विरुद्धमा जान सकेनन् । राजाको समर्थन गर्ने पुराना सत्ताका समर्थकहरूको विचारमा ०४६ सालको आन्दोलनले–जेजति परिवर्तन भयो त्यसले अब नेपाललाई अर्को कम्पुचिया, अफगानिस्थान र श्रीलंका वनाउनेछ ।[७०] भन्ने डर र त्रास तिनले देखाइ रहेका थिए । जनस्तरमा भारत विरोधी भावना नेपालमा छैन भन्ने पुष्टि आन्दोलनमा भारतीय नेता र जनताहरूको प्रदर्शनले  देखाएको छ ।

तर अधिनायकवादी शासकले भने नेपालमा भारतीय हस्तक्षेपको वढाई चढाई प्रचार गर्न थालेका थिए । अर्कातिर नेपालको आन्दोलनलाई भारतको समर्थन लिन नेपाली कांग्रेसका महेश्वरलाल श्रेष्ठ जस्ता सक्रिय आन्दोलनकारी नेताहरू प्रतिबन्धित अवस्थामा त्यस समय भूमिगत भइ भारतमा रहेर आफ्नो कार्य निरन्तर सन्चालन गर्दै थिए–'०४६ सालको जनआन्दोलनमा भारतको रक्सौलमा जुलुस प्रदर्शन गरेर भारतभित्रका ६ वटा राजनीतिकदलहरूको सहयोगमा नेपालको जनआन्दोलनको समर्थन र प्रचार प्रसार गर्न आमसभा, रोडव्लक, गराउन र  बाह्य जनमत लिने काम मैले गर्न सफल भएँ । सितामढीको सिद्धवावा गुठी संस्कृत महाविद्यालयमा बैठक बसी जनआन्दोलन संचालन गर्न मैले नेपालभित्रकै

---

[७०] (मार्टिन होफ्टुन, विलियम राइपर र जोन ह्वेल्प्टन), ***पूर्ववत्, टिप्पणी*** नं ४९, पृ. ३३३ ।

११ जिल्लाका साथीहरूलाई आन्दोलन अगाडि बढाउन नेतृत्व पनि दिएको थिएँ ।' [७१] यसले के देखाएको छ भने प्रजातन्त्र पुनर्स्थापना गर्न क्रान्ति अनिवार्य हुन्छ । शासकले सत्ता सजिलै हस्तान्तरण गर्दैन् । यस अर्थमा भारतीय भूमिमा बसेर नेपालीहरूले र नेपालमा आएर भारतीयहरूले विद्रोह र आन्दोलनमा खेलेको भूमिकालाई जनस्तरले त्यसलाई हस्तक्षेपका रूपमा स्विकारेको देखिन्न् । प्रजातन्त्र पुनःस्थापनाको लागि हस्तक्षेपको आधार नेपालको सन्दर्भमा उत्तरतर्फभन्दा दक्षिणतर्फ अलि उदार देखिन्छ ।

## ३.२.४ खुम्चिएको अवस्थामा राजतन्त्र

जनआन्दोलनपछि राजा केही खुम्चिएर बस्नुपर्ने अवस्था देखियो । राजा वीरेन्द्रले जनताको असन्तोष नदेखेको भए त्यत्तिकै ०४६ सालमा सत्ता जनतालाई सुम्पदैनथे । पञ्चायती व्यवस्था माथि राजनीतिक सङ्कट आइपर्दासमेत नेपालको राजतन्त्रले कहिल्यै प्रतिपक्षलाई साथ लिएर सत्ता साझेदारीको प्रयास गरेन् । त्यस समय राजनीतिक दलहरूलाई प्रतिबन्ध लगाएर अगाडि बढ्ने नीति राजाले अख्तियार गरेका थिए ।[७२] दलहरूलाई यो कुरा स्वीकार्य थिएन । यस्तो अवस्थामा नेपाली कांग्रेस र संयुक्त बाम मोर्चा मिलेर पार्टीले आ-आफ्नो झण्डाको साथ आफ्नो दल लिएर जुलुस प्रदर्शन र आम सभा गरी पार्टी उपर विगत २९ वर्षदेखि लागेको प्रतिवन्धलाई तोड्ने भनिएको थियो ।[७३] दलको नेतृत्वमा चलाइएको यस आन्दोलनले राजतन्त्रलाई निर्धारित सीमामा राख्न खोजेको थियो मिल्काउन खोजेको थिएन् ।

जनआन्दोलनपछि राजतन्त्रले शासनमा आफ्नो भूमिका नभएको महसुस गऱ्यो । त्यसपछि व्यक्तिगत स्वार्थका लागि उसले मुलुकको शासन व्यवस्थामा अनेकौं सङ्कट खडा गर्दिएको देखिन्छ । अभिभावक बन्नु पर्ने अवस्थामा राजतन्त्र सेना र प्रहरीको आडमा लोकतान्त्रिक संरचना नष्ट गर्न दलहरूको नजरमा झगडिया जस्तो बन्न पुग्यो । आन्दोलनको सुरुमा दलमाथिको प्रतिबन्ध हटाइदिएको भएमात्र पनि सायद त्यस समय जनआन्दोलनले त्यत्रो रूप लिंदैनथ्यो । जनताको ठूलो धनजन र बलिदानीपछि मात्र राजतन्त्र सम्झौतामा आइपुगेको थियो ।

शाहवंशीय राजा प्रजातन्त्रप्रति इमान्दार कहिल्यै देखिएनन् । राजा बहुदलीय शासन व्यवस्था दिनुको बदला अन्तिम समयसम्म पनि मरीचमानको सट्टा लोकेन्द्रबहादुर चन्द जस्ता उनको गोटी बनेका प्रधानमन्त्री अदलबदल गर्दै राजकीय सत्ता नछोड्न हरसम्भव प्रयास

---

[७१] ***महेश्वरलाल श्रेष्ट,*** ने.का.का, पुराना कार्यकर्ता संग ०६४ साल भाद्र ८ गते चितवनमा गरिएको कुराकानी ।

[७२] (लोक राज बराल), ***पूर्ववत् टिप्पणी*** नं. २५, पृ. ४२ ।

[७३] नारायण प्रसाद शिवाकोटी, ***जनआन्दोलन र शहीदहरू,*** (प्रकाशन स्थान उल्लेख नभएको : भीष्म कडरिया, २०४७), पृ. ९ ।

गरिरहेका थिए । त्यसैले ०४६ सालको आन्दोलनपछि नेपालमा राजा विष्णुको अवतार होइन सामन्त शासक हो भन्ने चेतना जनतामा जागृत भयो । आन्दोलनका बेलामा मात्र मिल्ने कम्युनिष्ट घटकहरू पनि राजतन्त्रको विरुद्धमा गोलबद्ध भएका थिए ।

यसअघि पञ्चायती व्यवस्थाले वामपन्थी र कांग्रेसलाई कहिल्यै मिल्न दिएन । कांग्रेसभित्रै पनि वामपन्थीहरूसँग कार्यगत एकता गरेर आन्दोलन गर्नु हुन्न भन्ने कारणले पञ्चायतको आयु लम्बिनमा बल मिलेको थियो ।

> ०४६ साल को वशन्तमा वर्षौदेखिको भारतीय आर्थिक नाकाबन्दीको कारण नेपाल गम्भीर समस्यामा परेको थियो । विश्वमै प्रजातन्त्रको लहर तीव्ररूपमा बढ्दै गएको थियो । सोभियत संघ र पूर्वी युरोपका मुलुकहरूमा आएको प्रजातान्त्रिक रूपान्तरणको कारण नेपाली कांग्रेस र संयुक्त वाममोर्चाले २००७ सालको क्रान्तिपछि पहिलोपटक संयुक्त आन्दोलन गर्न हात वढाएका थिए । गणेशमान सिंहको नेतृत्वमा जनआन्दोलन गर्ने निर्णय लिएपछि राजा वीरेन्द्र ३० वर्षे पञ्चायती व्यवस्था भङ्ग गरी, दलहरूमाथिको प्रतिबन्ध हटाउन पुगेका थिए ।[७४]

हरेक नागरिकसँग विद्रोहको अधिकार हुन्छ भन्ने वकालतसंगै अमेरिकी स्वतन्त्रता संघर्ष, र फ्रेन्च क्रान्तिले नेपालको जनआन्दोलन २०४६ लाई ठूलो बल दिएको थियो । सोभियत संघ र पूर्वीयुरोपका मुलुकहरूमा आएको परिवर्तन, विश्वव्यापीकरण नेपाली जनआन्दोलनको कारण बनेको थियो । पञ्चायतका विरुद्ध जनताहरू आन्दोलित भएकै कारण जनआन्दोलनपछि यो व्यवस्था खारेज गरियो । "पञ्चायतको अन्त्य हुनुमा बहुदलीय व्यवस्थावादी दलको आन्दोलनभन्दा पनि पञ्चायत चलाउने नेताकै कमजोरी प्रमुख थियो । खासगरी राजदरवारकै कमी–कमजोरीका कारण पञ्चायत व्यवस्था चाँडै ढल्न पुग्यो ।"[७५] पंचायत व्यवस्थाका कट्टर समर्थक मध्येका राजेश्वर देवकोटाभने दलको संघर्षले ०४६ सालको परिवर्तन आएको स्वीकार्न तयार छैनन् । यो परिवर्तनलाई उनले– "विदेशी शक्तिको दवावले आएको"[७६] स्वीकार्छन । पंचायती व्यवस्थाको समाप्तीपछि पनि नेपालमा केहि कट्र राजावादीहरूले पहिलेकै शासन व्यवस्था ल्याउन निरन्तर लागि रहेका थिए । यसको प्रेरणा शायद उनिहरूलाई राजदरवारभित्रको केहि गूटले मद्दत पुऱ्याएको पनि हुनसक्छ । 'महाराजाधिराजले कडा कदम चाल्नुपऱ्यो' भनेर पछिल्ला वर्षहरूमा दरबारको एउटा खेमाबाट निरन्तर दवाव आइरहेको थियो । "दरबारको त्यो अनुदारबादी खेमाको प्रतिनिधित्व बडामहारानी, युवराजाधिराज दीपेन्द्र र अधिराजकुमार

---

[७४] श्रीधर कु. खत्री,(सं.), ***पोलिटिकल पार्टीज एण्ड द पार्लियामेन्ट्री प्रोसेस ईन नेपालः ए स्टडी अफ दी ट्रान्जिशिनल फेज,*** (काठमाडौं : पोलिटिकल साइन्स एशोसिएसन अफ नेपाल, सन् १९९२), पृ. १३ ।

[७५] विवेक कुमार शाह, ***मैले देखेको दरबार (सैनिक सचिवको संस्मरण),*** (प्र.सं.), प्रकाशन स्थान उल्लेख नभएको : यती पब्लिकेसन्स, २०६७ पृ. ४७ ।

[७६] ***स्पेस टाइम,*** २०५९ फागुन ९ गते ।

ज्ञानेन्द्रबाट हुन्थ्यो । यो खेमाले राजा महेन्द्रलाई आदर्श मान्थ्यो ; राजा कडा हुनुपर्दछ र दलहरूलाई पेलेरै जानुपर्छ भन्ने कठोर मान्यता राख्थ्यो ।"[७७]

प्रजातन्त्रप्राप्तिका लागि भएको जनआन्दोलनको सफलताले राजाकै अस्तित्वसँग गाँसिएको पञ्चायती व्यवस्थामाथि ठूलो प्रश्नचिन्ह लागेको थियो । जनआन्दोलनकै परिणाम राजनीतिक दलमाथिको प्रतिबन्ध हटाइयो । राष्ट्रिय पञ्चायत भङ्ग गरियो । अन्तरिम मन्त्रिपरिषद्को मन्त्रिमण्डल गठन भयो । प्रधानमन्त्रीका रूपमा कांग्रेसबाट अन्तरिम सरकारका लागि पार्टी अध्यक्ष कृष्णप्रसाद भट्टराईलाई जिम्मेवारी दिइयो । उनलाई सहयोग पुऱ्याउन गठन भएको मन्त्रिमण्डलमा ने.का बाट ४ जना, ३ जना वाममोर्चाबाट, २ जना मानव अधिकारवादीहरूको तर्फबाट, र २ जना दरवारको तर्फबाट नियुक्त भएका थिए । नयाँ संविधानको निर्माण र आमनिर्वाचनको तयारी यसको प्रमुख कार्य थियो । विशेषगरी यसको लक्ष्य चाहिँ बहुदलीय व्यवस्थाका लागि राष्ट्रिय सहमति जुटाउनु रहेको थियो ।

अन्तरिम मन्त्रिमण्डलले अनुमोदन गरेको केही समयपछि २०४७ साल कार्तिक २३ गते राजा बीरेन्द्रले नेपाल अधिराज्यको संविधान जारी गरे । अन्त्यमा नेपालको संविधान २०१९ खारेज हुन पुग्यो । लगभग ३० वर्षसम्म सक्रिय बनेको राजतन्त्रलाई २०४७ सालको संविधानले केही हदसम्म संवैधानिक बनाउन खोज्यो । नेपाल अधिराज्यको संविधान २०४७ मा बिशेष गरी बेलायती अभ्यासको अनुसरण गर्न खोजिएको थियो । खुम्च्याउन खोजिएको राजतन्त्र यसै संविधानको आडपाएर झनै सक्रिय बन्न पुग्यो ।

## ३.२.५ राजतन्त्र हटाउने एजेन्डाले प्रवेश नपाएको

०४६ सालको जन आन्दोलनमा राजतन्त्रले कम्युनिष्ट विस्तारको डर देखाएर कांग्रेसलाई गणतन्त्रको धारमा जान नदिन हरसम्भव उपाय अपनाएको थियो । राजतन्त्रसँग कांग्रेसको घाँटी जोडेको छ भन्ने कम्युनिष्टको जति नै आरोप लागेपनि राजतन्त्र भने कांग्रेस सिध्याउने खेलमा लागिरह्यो । एकथरी राजसंस्था रहेसम्म कम्युनिष्ट विचारधारा रहिरहने वताउँथे भने अर्कोथरी समाजमा वर्गरहेसम्म कम्युनिष्ट विचारधारा रहिरहने वताउँदै आएका थिए । राजाले आफ्नो सिंहासन र वंशलाई निरन्तरता दिन जनतासंग वैरभाव लिनु नपर्ने हो तर नेपालमा राजाले यसलाई पालना गरेका थिएनन् । जनतालाई विश्वासमा लिएर जनताको अधिकारमाथि राजाले कुनै हानी पुऱ्याउन नहुनेमा राजतन्त्रले भविष्यको सोच नै नगरी जनताले पाएको अधिकार खोस्ने काम नेपालमा भएकाले त्यसलाई पुनःस्थापित गर्न जनताले पटक पटक आन्दोलन गरिरहेका थिए ।

---

[७७] शाह, *पूर्ववत्, टिप्पणी* नं. ७५, पृ. ५३ ।

त्यसैले यस अवस्थामा राजावाट खोसिएको प्रजातन्त्र फिर्ता गर्ने शक्ति नेपाली कांग्रेस र कम्युनिष्टसँग मात्र थियो । नेपाली जनता यिनैको नेतृत्वमा गोलबन्द भएका थिए । राजाले जति नै फुटाउन खोजे पनि प्रजातन्त्रको एजेण्डामा प्रवेश गरेको संयुक्त वाम मोर्चाले लक्ष्य प्राप्ति नभएसम्म कांग्रेससँगको गठबन्धन छोडेन् । प्रजातन्त्रको एजेण्डामा आन्दोलित भएकै कारण संयुक्त वाम मोर्चा ०४६ सालपछि सजिलै प्रजातन्त्रमा रूपान्तरण हुन पुग्यो । 'चारतारे झण्डा र हँसिया–हथौडाको झण्डा बोक्ने दुइटै आन्दोलनकारीहरूले आफ्नो आन्दोलनलाई अगाडि बढाउन नचाहेका भए आज यसबेला हामीहरू यहाँ बहुदलीय पंचायती व्यवस्थाको एउटा अधिवेशनमा बसिरहेका हुन सक्थ्यौं र त्यो बहुत दुर्भाग्यको कुरा हुने थियो ।'[७८] भन्ने मदनभण्डारीको भनाइले के देखाएको छ भने राजतन्त्रका विरुद्धमा उभिने शक्ति भनेको नेपाली कांग्रेस र कम्युनिष्ट घटक नै हो ।

राजसंस्थासँग तलवी सेना,प्रहरी र गुप्तचरका अतिरिक्त वफादार कर्मचारीहरूबाहेक त्यस समय अरु कोही थिएन् । जनस्तरबाट प्रतिरक्षा गर्ने दल नभएकै कारण राजसंस्था ०४६ सालको आँधिवेहरीवाट बच्न सकेन् । उसले पहिलेको आफ्नो छवि गुमाउनु पऱ्यो । यथार्थमा राजतन्त्रले परम्परागत भूमिका ०४६ सालको जनआन्दोलनपछि गुमाएको देखिन्छ । अर्कोतिर, दलहरूले भने त्यही समयदेखि जनताप्रतिको जिम्मेवारी पाएको देखिन्छ । वि.सं. ०४६ को क्रान्तिमा दललाई जनताको पूर्ण सहयोग मिलेको थियो । लगभग ५० दिनको त्यस जनआन्दोलनमा राजा जनतासँग झुक्न वाध्य भए ।

०४७ को संविधानमा हामीले राजालाई संवैधानिक होइन शिरमा राखेर हिंडेछौं । टाउकोमा बसेका राजाले जनताको प्रजातन्त्र खोस्ने काम मात्र गरे । सम्बैधानिक भएर उनी बस्न सकेनन् । [७९] यसै संविधान अन्तर्गत मुलुकले ३ आम निर्वाचन सम्पन्न गऱ्यो । सम्पन्न तिनै आम निर्वाचनमा संसदले पूरा अवधि कहिल्यै काम गर्न सकेन् । जनआन्दोलनले पूर्णता प्राप्त गर्न नसकेकै कारण त्यसपछिका दिनमा नेपाल द्वन्द्वमा फस्दै गएको थियो । वि.सं. २०४६ को जनआन्दोलनपछि पनि नेपालमा राजनीतिक अस्थिरता छाइरह्यो ।

देशले तीनवटा आम निर्वाचन सम्पन्न गरिसक्दा पनि नेपाल संक्रमणकै अवस्थामा रहिरहन वाध्य भयो । संविधान बन्यो, संसद चल्यो तर राष्ट्र लगत्तै द्वन्द्वमा फस्न गयो । यस्तो संक्रमणकाललाई मुलुकका नेताहरूले सहजै अवतरण गराउन सकेनन् । प्रजातन्त्रको प्रयोगमा

---

[७८] मदन भण्डारी, वत्तीस वर्षपछि निर्वाचित भएको जनप्रतिनिधिसभाको पहिलो अधिवेशनलाई संसदमा सम्वोधन, ***संसदमा मदनभण्डारी,*** (प्र.सं.), (काठमाडौं : मदन–आश्रित स्मृति प्रतिष्ठान, २०५६), पृ. ५ ।

[७९] ***अमृत कुमार बोहोरा,*** ने.क.पा.(एमाले) केन्द्रिय अनुशासन समितिका अध्यक्षसंग २०६६ साल भदौ १० गते बल्खु स्थित पार्टी कार्यालयमा गरेको कुराकानी ।

नेपालले १२ वर्षमा १२ सरकार फेरिएको र एकले अर्को नेतालाई असक्षमताको आरोप लगाउँदै बाहिरिने गरेको थियो । नरहरि आचार्य भन्छन् यस अवधिमा– 'संवैधानिक राजा वीरेन्द्रको लोकप्रियता १२ वर्षमा बढेको हो । हामीले १२ वर्ष अगाडिको स्थिति पनि सडकहरूमा देखेकै हौं । यस १२ वर्षमा आफैंले लोकप्रिय बनाएको राजाको त्यस किसिमको दुर्गतिपूर्ण समापनप्रति जुन चासो र चिन्ता नेपाली जनताले राखे र त्यसलाई व्यवस्थित गर्नुपर्ने दायित्व पनि अब नेपाली जनतासंग आएको छ ।'[८०] नेपालको घरेलू व्दन्व्दवाट शासनमा सङ्कट देखिएकै कारणले देश गरिवी र माओवादीको चपेटामा परेको थियो । नेतृत्व पंक्ति देशमा देखा परेका चुनौतीको समाधान गर्न सक्षम हुन सकेको थिएन । प्रजातन्त्र अनुकूल कुनैपनि संस्थाहरू चल्न नसकेको । दलहरूले देशमा स्थायित्व दिन सकेका थिएनन् । माओवादी व्दन्व्दका कारण सरकार काम गर्न नसक्ने स्थितिमा पुगेको थियो । प्रजातन्त्र खतरा भएको तर नेताहरू स्वयं आफैं केही गर्न सक्ने स्थितिमा थिएन । नरहेको । लामो इतिहांस र छवि भएका नेताहरूले प्रजातन्त्र प्राप्तिका केहि अवधिमै 'मोबुतू' शैलीमा परिवर्तन भएको देखाए । [८१]

यसरी नेपालमा भएको जनआन्दोलनले व्यक्ति राजालाई होइन पंचायती व्यवस्थालाई हटाउन खोजेको थियो । राजालाई हटाउने भए आन्दोलनकारी शक्तिहरू राजाको टेबुलमा बार्ता गर्न पुग्दैनथे । राजाको अस्तित्वलाई त्यतिन्जेलसम्म आन्दोलनकारीहरूले स्विकारेकै थिए । उनीहरू राजालाई पनि केही स्पेस दिन चाहन्थे । राजा, कांग्रेस र वामपन्थीको सहमतिमा ०४६ सालको आन्दोलन टुंगिनुले के पुष्टि गरेको छ भने यसले राजा फ्याल्ने निर्णय गरेको थिएन । यसले बहुदलीय व्यवस्थाको स्थापना र पञ्चायतको अन्त गर्ने  माग गरेको थियो ।

राजतन्त्रले सजिलै नेपाली जनतालाई प्रजातन्त्र दिएको  पाइन्न् । नेपाली जनताले विद्रोह र हतियार नउठाएसम्म राजाले जनताको आवाज कहिल्यै नसुन्नेभएकाले दलहरू एकआपसमा संगठित बन्न पुगेका थिए । राजतन्त्रले जहिले पनि आफ्नो अनुकूलता मात्र हेरेकै कारण नेपाली जनताले ०४६ सालपछि यसलाई खुम्च्याएर सम्वैधानिक दायरामा ल्याउन खोजेको थियो । प्रतिकूलतामा यसले हदैसम्मको लचकता देखाएको थियो । राजतन्त्रले जनतामाथि भयावह स्थितिको सिर्जना गरी पञ्चायत व्यवस्थाको विरोधमा लाग्नेलाई दमन गरेर राखेकै कारण पञ्चायतको समाप्तिसंगै नेपालमा राजतन्त्र पनि कमजोर बन्दै गयो ।

जनआन्दोलनले सुम्पेको कठिन जिम्मेवारीमा नेपालको राजसंस्थालाई पारदर्शितामा राख्न नसकेकै कारण बितेका १२ वर्षमा संसद्ले राजसंस्थाका वारेमा कुनै कानून बनाउन सकेन् ।

---

[८०] नरहरि आचार्य, ***नेपालको राजसंस्था,*** (प्र.सं.), (काठमाडौं : संवत्सर प्रकाशन, २०६२), पृ. ६४ ।

[८१] ध्रुव कुमार, (सं.), "व्हाट एल्स डेमोक्रेसी ईन नेपाल ?", ***डोमेस्टीक कन्फ्लीक्ट एण्ड क्राइसीस अफ गभर्नावीलिटी ईन नेपाल,*** (काठमाडौं : सेण्टर फर नेपाल एण्ड एशियन स्टडीज (सीनास), सन्, २०००) पृ. १५ ।

राजाले पनि मुलुकको स्थायित्वका लागि कुनै काम गरेनन् । उनले संसदलाई स्थिरता दिने तर्फ कुनै कदम चालेनन् । ०४६ सालको जनआन्दोलनपछि पनि नेपालको राजतन्त्र लोकतान्त्रिक हैन पंचायतकालीन छविसँगै अगाडि वढ्दै गयो । '२०४७ को संविधानले राजगद्दी उत्तराधिकार कानून बनाउने जिम्मेवारी महाराजाधिराजमा राखे पनि अब आएर राजसंस्थाको सुरक्षा र निरन्तरताको लागि समेत यो जिम्मेवारी संसद्ले लिनुपर्ने अवस्था उत्पन्न भएको छ । आउने दिनमा जेठ १९ को जस्तो भयानक प्रकृतिको घटना दोहोरिन नदिन, गद्दीनसीन राजा र राजाका उत्तराधिकारीको समेत सबै प्रकारको सुरक्षा र संरक्षणका निम्ति संसद्ले आफ्नो कार्य र जिम्मेवारीलाई पूरा गर्न आवश्यक कानूनी पहल गर्नुपर्ने अवस्था प्रबल रूपमा उपस्थित भएको छ ।'[८२] यसरी दरबारको चारै तर्फ सेनाको घेरामा रहेको राजा सुरक्षित हुन नसकेपछि राजतन्त्रलाई जोगाउने जिम्मा संसदमा हुनुपर्ने थियो संसद यसवाट चुकेकै हो । संविधान र संसदभन्दा अलग शक्तिको चाहना राख्दै राजा बलियो हुन खोज्दाको परिणाम कालान्तरमा नेपालको राजतन्त्र सत्ताबाट अलग्गिन बाध्य भयो । राजाको महत्वाकांक्षा प्रजातन्त्रसँग तालमेल नमिलेपछि कालान्तरमा उनी तासको पत्तामा रहेको बादशाह मात्र रहन वाध्य भए ।

पद्धतिका रूपमा हामीले संवैधानिक राजतन्त्र भनेर सम्म राख्यौं तर संवैधानिक राजतन्त्रका लागि संविधानमा के कस्ता कुराहरू राख्नुपर्ने हो परिवर्तनका लागि रूपान्तरणको प्रक्रिया अपनाउन सकेनौं । राजसंस्थाले पनि सुरुका वर्षमा जस्तो पछिल्लो समयमा इमान्दारी देखाएको पाइन्न् । ०४६ सालपछि सुरुका केही वर्ष राजा वीरेन्द्र निकै लोकप्रिय बन्न पुगेका थिए । उनको व्यक्तित्वले दलहरू कमजोर देखिन पुगेका थिए । राजा आफ्नो स्वार्थका लागि जस्तो रणनीति अपनाउन पनि तयार थिए । अन्तरिम सरकारको समयमा वाम मोर्चामा आएको फुटवाट राजाले तत्कालीन प्रधानमंत्री कृष्णप्रसाद भट्टराईसँग कम्युनिष्टहरूलाई सत्तावाट अलग्याउन दिएको सल्लाहलाई लिएर उनले प्रत्युत्तरमा भनेका थिए– 'सरकार, सफल कूटनीतिज्ञ हुनुहुन्छ । महोदयले मलाई पनि सत्ताबाट फ्याल्न सक्नुहुन्छ भन्ने कुरा पूर्ण जानकारी छ ।'[८३] त्यस समय राजा  फुटाउ र साशन गरको नीतिले काम गर्दै थिए । सुरुको अवस्थामा राजदूतको नियुक्ति, नागरिकता विधेयक, राष्ट्रिय सभामा सदस्यहरूको मनोनयनदेखि राजपरिषद्को सदस्यतामा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा ख्याति प्राप्त गरेका वा विशेष सेवा गरेका व्यक्तिहरू मध्येबाट ल्याउनुपर्नेमा कट्टर मण्डले र पञ्चहरूको नियुक्तिले के देखायो भने राजाले पुरानै पञ्चायती शासन ल्याउन खोजेको देखायो । तल उल्लिखित उनका निम्नलिखित गतिविधिले पनि सोही कुरा देखाउँछ :

---

[८२] (नरहरि आचार्य) ***पूर्ववत्, टिप्पणी*** नं. ८०, पृ. ७६ ।

[८३] (विलियम रायपर र मार्टिन होप्टुन), ***पूर्ववत्, टिप्पणी*** नं. ६६, पृ. १८४ ।

आन्दोलनमा सक्रिय रहेका मुलुकका प्रमुख राजनीतिक शक्तिहरू बीच सम्वादहीन अवस्थामा पुगेको मौका छोपी राजाबाट विगतको जनआन्दोलन दवाउनका निमित्त सक्रियतापूर्वक लागेका व्यक्तिहरूलाई मनोनीत गर्नु मुलुकमा स्थापित प्रजातन्त्रका लागि शुभ संकेत मान्न सकिँदैन । रमेश नाथ पाण्डे विगतको निरंकुश व्यवस्थालाई टिकाउनका निम्ति अन्तिम समयसम्म कम्मर कसेर लागेका कुख्यात मरिचमान मन्त्रिमण्डलका सदस्य हुन् । रवीन्द्र चक्रवर्ती पंचायत व्यवस्थामा समेत प्रतिवन्धित राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डलका सदस्य थिए । त्यस्तै गरेर मन बहादुर विश्वकर्मा पनि मण्डले चरित्रकै व्यक्ति भएको र निजलाई अनैतिक भनी मातृका र कीर्तिनिधिको जनता परिषद्ले कारवाई गरी निकालेको थियो । ... राजाद्वारा विगतमा राजपरिषदको गठन गर्दा पनि ०४६ को जनआन्दोलनको म्यान्डेट नाघेर ८५ प्रतिशत भ्रष्ट पञ्चहरूलाई राखिएको थियो । राजाको यस कार्यको नेपाली कांग्रेसका सर्वमान्य नेता गणेश मान सिंहबाट विरोध भएको थियो भने वर्तमान (०४८ सालको पहिलो आम निर्वाचनपछि) प्रधानमन्त्री (गिरिजा प्रसाद कोइराला)ले समर्थन गरेका थिए ।[८४]

०४६ सालको जनआन्दोलनपछि राजाको शासनले मुलुकमा कुनै ठूलो प्रभाव छोड्न सकेन् । राजाको मनसाय नेपाली जनताको जीवनस्तर माथि उठाउने तिरभन्दा कसरी हुन्छ गुमेको सत्ता प्राप्त गर्ने र आफ्नो पूर्ववत् अधिकार कायम गर्ने रहेको थियो । त्यसका लागि उनको आधार भनेको सेना र प्रहरी थियो । संवैधानिक मोर्चामा दलहरूलाई निकम्मा देखाउन उनले संसदलाई पूरा अवधि कहिल्यै काम गर्न दिएनन् । दलहरू पनि जानी नजानी राजाको मार्गचित्रमा हिंडन पुगे। यसरी नै नेपालको जनआन्दोलनपछिको राजनीतिले विभिन्न मोडबाट गुर्जिनु पर्‍यो । तर, प्रजातन्त्र प्राप्तिपछि जुन स्थिरता मुलुकलाई दिनु पर्दथ्यो राजनीतिक दलहरू त्यसमा असफल बने र यहिँवाट अस्थिरताको वीजारोपण समेत हुन पुग्यो ।

## ३.३ २०४६ सालको जनआन्दोलनपछि प्रजातन्त्रमा सङ्क्रमणको स्थिति

प्रजातन्त्रकालागि नेपालमा सम्पन्न ०४६ सालको आन्दोलन विश्व क्रान्तिको इतिहासमा ज्यादै छोटो भए पनि यो क्रान्ति ४९ दिनमा टुंगिएको थियो । नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका ७ घटकहरू मिलेर वनेको संयुक्त वाम मोर्चाको आव्हानमा नेपालमा तत्काल प्रचलित निर्दलीय पंचायती व्यवस्थाको अन्त्य गरी वहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्वाहालीका लागि फाल्गुण ७ गतेदेखि नेपालमा जनआन्दोलन सुरु भएको थियो । यस जनआन्दोलनमा एकातिर ने.का. र वाम मोर्चा अर्कोतिर संयुक्त राष्ट्रिय जनआन्दोलन थियो । दुवै पक्ष बहुदलीय आन्दोलनमा सहभागी रहे । तर दुवै पक्षको सङ्घर्षका रूपमा मौलिक अन्तर थियो । ने.का. र "वाम" मोर्चाको भारतीय विस्तारवाद वा विभिन्न साम्राज्यवादी शक्तिहरूप्रतिको सम्भौतापरस्त नीतिले गर्दा उनीहरूलाई विश्वव्यापी रूपमा उनीहरूका सञ्चार माध्यमहरूको समर्थन प्राप्त भयो । तर हाम्रो पार्टीले त्यस प्रकारको कुनै पनि समर्थनविना आफ्नै शक्ति, देशभक्त, जनतान्त्रिक र वामपन्थी शक्तिहरूको संयुक्तमोर्चा र जनआधारका बलमा नै आफ्नो आन्दोलन

[८४] **प्रकाश साप्ताहिक**, (काठमाडौं : २०५० साल आषाढ २१ गते) जुलाई ५, १९९३) ।

अगाडि बढाउनुपर्‍यो भन्न पुगेको छ ।[८५] यसरी त्यस समय आन्दोलनलाई ने.का र वाम मोर्चाले मात्र गरेको भन्न मिल्दैन । संयुक्त राष्ट्रिय जनआन्दोलनको पनि त्यत्तिकै महत्वपूर्ण भूमिका रहेको छ । संयुक्त राष्ट्रिय जनआन्दोलन त्यस समय संविधान सुझाव आयोगको पक्षमा थिएन् । संविधान सभाको चुनाववाट जनतामा सार्वभौमसत्ता हस्तान्तरणका लागि जोड दिंदै थियो ।

जनआन्दोलनको मुख्य कारणलाई निम्न आधारमा केलाउन सकिन्छ (१) पञ्चायती व्यवस्थाले प्रतिपक्षी राजनीतिक दलहरूलाई आफ्नो मुख्य शत्रु ठान्यो, उसले ती दलहरूका लागि सदैव ढोका बन्द गर्न पुग्यो । सुरुवाती समयदेखि नै पञ्चायतले दलहरूलाई निषेध गर्न खोजेको थियो । (२) पञ्चायतले राष्ट्रवादको परिभाषा भारत विरोधी हुनु हो भन्ने जनतामा छाप परिसकेको थियो । (३) पञ्चायती व्यवस्थामाथि स्वयं राजावाट समेत ०३६ सालमा 'सुधार सहितको पञ्चायत' रोज्ने कि 'बहुदलीय शासन व्यवस्था' भनी प्रश्न उठाइसकेको अवस्थामा तिनै राजाले एक दशक पुग्दा नपुग्दै पञ्चायतमा प्रश्न नै उठाउन नपाउने गरी पञ्चायतलाई फेरी कठोर बनाउने अभ्यासमा लागे।(४) पञ्चायती व्यवस्थाले मुलुकको आर्थिक अवस्था निकै कमजोर बनाउँदै गएको थियो । भारतसँगको आर्थिक नाकावन्दीले मुलुकका जनताले ठूलो सास्ती खेपेका थिए । (५) राजसंस्थाले आफ्नो बंशको हित नै नहेरी जनताको विद्रोहलाई निस्तेज पार्न पञ्चर्‍याली र प्रतिकार समितिहरू बनाएर जनदमन गर्न थाल्यो । अर्कोतिर नेपालका प्रतिपक्षी राजनीतिक शक्तिहरू निरन्तर रूपले पञ्चायतको अन्त र बहुदलीय लोकतान्त्रिक व्यवस्थाका लागि जनआन्दोलनमा लागिरहे । पंचायत व्यवस्थाका करिव ३० वर्षको अवधिमा पञ्चायत इतर विचारलाई दवाउने राष्ट्रिय नीति नै वनेको थियो । पञ्चायतले कहिल्यै राजनीतिक समस्याको समाधान राजनीतिक सुझबुझवाट गरेन् । जन आन्दोलनको क्रममा विभिन्न जिल्लाका विभिन्न ठाउँमा जति पनि स्थानीय प्रशासन र प्रहरीहरूबाट कारवाही गरी जनधनको क्षति हुन गएको छ त्यस्तो स्थानीय प्रशासन र प्रहरीले गरेको कार्यप्रति प्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठको मन्त्रिपरिषद्ले सन्तोष व्यक्त गरेको देखिन्छ । [८६] आन्दोलन हिंसात्मक र उग्र कम्युनिष्टहरूद्वारा सञ्चालित भएको भनी कम्युनिष्ट विरोधी विश्व जनमतको समर्थन लिने प्रयास अन्तिम समयसम्म पञ्चायतले गरिरह्यो । पञ्चायतको विरोधमा राजनीतिक दलहरूका साथै अनेक व्यावसायिक एवं पेशागत संगठनहरू–समेत जनआन्दोलनको समर्थनमा सडकमा उत्रिए । नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको वैठकले

---

[८५] *(रातो तरबार)* ***पूर्ववत् टिप्पणी*** *नं ६३,* पृ. ३७७ ।

[८६] जन आन्दोलनको क्रममा ०४६ साल फाल्गुण ७ गतेदेखि २०४६ चैत्र मसान्त सम्मको अवधिमा मुलुकमा घटेका विभिन्न घटनाबाट भएको जनधनको क्षतिको र ०४६ साल फाल्गूण १ गते देखि ऐ ६ गते सम्म पोखरामा घटेको घटना सम्वन्धमा छानविन गर्न गठित तीन सदस्यीय आयोगवाट श्री ५ को सरकारमा प्रस्तुत गरिएको प्रतिवेदन, ***जाँचवुझ आयोग*** २०४७, खण्ड १, खण्ड २ पृ. ६७६ ।

> "दलविहीन "पञ्चायत"को अन्त्य, "बहुदल"को स्थापना र "अन्तरिम सरकार"को मातहतमा आम चुनाव सम्पन्न होस् भन्ने माग राख्नाका साथै "संवैधानिक राजतन्त्रलाई" मात्र समर्थन गर्न सक्ने आफ्नो दृष्टिकोण प्रकट गऱ्यो ।" [८७]

नेपाली कांग्रेसको उक्त वैठकले "संयुक्त आन्दोलनमा" प्रतिबद्ध भएका सवै राजनीतिक दलहरूलाई सम्मिलित भई सहयोग गर्न आह्वान समेत गरेको थियो ।

यसरी नेपाली कांग्रेसले ०४६ साल माघ ५ गते स्व.गणेशमान सिंहको घर कम्पाउण्डमा विशाल सम्मेलन प्रारम्भ गरेको थियो । उक्त ऐतिहासिक सम्मेलनमा विभिन्न मित्रराष्ट्रका प्रजातान्त्रिक तथा समाजवादी पार्टीका नेताहरूको पनि सहभागिता थियो । पहिलोपल्ट काठमाडौंस्थित "विदेशी कूटनैतिक नियोगका प्रतिनिधिहरूले" समेत सहभागिता जनाएका थिए ।

देशभित्रका अधिकतम बहुदलवादी पार्टीहरू जो पञ्चायतको निरंकुशतावाट पीडित थिए धेरै सहभागी भए । विभिन्न विचारधाराका स्वतन्त्र बुद्धिजीवी, पेशा व्यवसायीहरूको पनि उक्त सम्मेलनमा उपस्थिति रह्यो । उक्त सम्मेलनले २०४६ साल फागुन ७ गतेदेखि जनआन्दोलन गर्ने तिथि सार्वजनिक रूपमै घोषणा गरेको थियो । विभिन्न "सात वामपन्थी समूहहरूले" पनि आपसमा सम्मिलित भई "संयुक्त वाममोर्चा" गठन गरी नेपाली कांग्रेसले दिएको कार्यक्रमको आधारमा नेपाली कांग्रेससँग मिलेर जनआन्दोलनमा सरिक हुने निर्णय गरेका थिए ।

नेपाली कांग्रेसको नेतृत्वमा संचालित "अहिंसात्मक जनआन्दोलन"लाई दबाउन अनेक प्रकारका हिंसा, यातना र दमन सुरु गरिएको थियो । "४९ दिनसम्म" चलेको ऐतिहासिक जनआन्दोलन नेपाली जनता र विश्व जनमतको अभूतपूर्व समर्थन प्राप्त गर्न सफल भयो । २०४६ चैत्र २६ गतेको राति राजाले नेपाली कांग्रेस र वाममोर्चाका नेताहरूसँग भेटी "संबैधानिक राजा"का रूपमा रहने प्रतिबद्धता व्यक्त गर्दै "बहुदलको घोषणा" गर्न बाध्य हुनुपऱ्यो ।

जनतालाई जति दबायो क्रान्तिको लागि त्यत्ति नै उर्वर वातावरण बन्दोरहेछ भन्ने प्रमाण ०४६ सालको आन्दोलनले देखायो । ०७ सालको आन्दोलन बाहेक पछिल्लो समय नेपाली कांग्रेसले ०१८ साल र ०३१ सालमा चलाएको दुईवटा सशस्त्र आन्दोलन विदेशी भूमिवाट संचालित भएकाले विफल हुन पुगेका थिए । नेपाली भूमिवाटै चलाइएको ०३६ सालको क्रान्तिले पञ्चायतमा जनमतसंग्रह पछि केही सुधार गरेपनि २०४६ सालको क्रान्तिले भने पञ्चायतको जरो किलो समूल नष्ट गऱ्यो । आन्दोलन यतिसम्म अगाडि वढेको थियो कि–'तत्कालीन

---

[८७] (ढुण्डिराज शास्त्री र अन्य), ***पूर्ववत्, टिप्पणी*** नं. १९, पृ. ७–८ ।

प्रधानमन्त्री मरिचमानले समेत ढुङ्गा टिपेर आफ्नो सुरक्षा आफैं गर्नु परेको थियो ।'[८८] स्वयं राजाको विरुद्धमा समेत आपत्तिजनक नारा लाग्न पुगेको थियो । यही भएर होला राजा ०४६ साल चैत २६ गते नेपालको संविधान २०१९ मा रहेको 'दलविहीन' शब्द हटाउँदै राजनीतिक दलहरूमाथिको प्रतिबन्ध फुकुवा गर्न वाध्य बने ।

यसरी पञ्चायती संविधानको तेस्रो संशोधन अन्तिम संशोधन बन्न पुग्यो । सुधारहरूलाई समेट्न नसक्दाको परिणामले पञ्चायत व्यवस्था नै अन्त हुन पुग्यो । पञ्चायतको विरुद्धमा ०४६ सालभरि विस्तारै सबैदलहरू गोलबद्ध हुन पुगे । नेपाली कांग्रेस, वाममोर्चा र राजा निकट अन्तरिम सरकारमा सम्मिलितहरूलाई जनआन्दोलनपछि नेपालको संविधान, २०१९ को ८१(२)(क) अन्तर्गत अधिकार प्रयोग गरी राजाले अन्तिम पञ्चायती संविधान अन्तर्गतको अन्तरिम सरकारको मन्त्रिमण्डल वनाएको तिनलाई हेक्का नै भएन ? जनआन्दोलनको बलमा अन्तरिम सरकारका मन्त्रीहरूले नियुक्ति पाएनन् । पञ्चायती संविधानको धारालाई टेकेर तिनको नियुक्ति दिइएको थियो । वास्तवमा नेपालको संविधानको कालखण्ड २०१९ साल पुस १ गते देखि ०४७ कार्तिक २२ सम्म थियो । यसरी जनआन्दोलनकारी शक्तिहरूलाई राजाले संविधान निर्माणको चरणसम्म छक्याउँदै लगेका थिए ।

नेपालको राजनीतिमा सङ्कट आन्तरिक कारणले मात्र आएको छैन्, त्यसमा वाह्य कारण पनि जिम्मेवार छन् । ०४६ सालको आन्दोलनलाई भारतले आफ्नो प्रभावमा थियो भन्ने देखाउन खोजेको थियो । नेपालमा चिनियाँ हतियारको कारण भारत नेपालको राजतन्त्रलाई ठूलो दवावमा राखेको थियो ।

> नेपालमा दलका समर्थकहरूले खुल्लारूपमा पञ्चायतको विरोधमा लागीसकेका थिए । तिनिहरूले मुलुकको राजनीतिलाई निकै तताउँदै गएका थिए । जव राजा बीरेन्द्रले सन् १९८९ मा चिनीयाँ हातहतियार ल्याउने संझौता गरे त्यसैको परिणाम भारतले भूपरिवेष्ठत देश नेपालमा प्रवेश गर्ने केहि नाका वाहेक धेरै नाकाहरूलाई बन्देज लगाइदियो । यसको असरले मुलुकभर व्यापक ठूलो जनआन्दोलन वढ्दै गयो । वढ्दो आर्थिक नाकावन्दीको कारण सरकारको विरोधमा प्रदर्शन गर्न बल पुग्यो । सन् १९८६ मा फिलिपीन्समा भएको आन्दोलनको परिणाम मार्कोसलाई सत्तावाट अलग्याइएपछि । पाकिस्तानमा नागरिक शासनको स्थापना जियाउल हकको मृत्युपछि, बंगलादेशमा जनरल एर्सदको विरुद्धमा तीव्र विरोध भएपछि, भारतमा कांग्रेस पार्टी सरकारबाट हटेपछि,पूर्वि युरोपमा सरकार परिवर्तनको हलचलको यस अवस्थामा नेपालका राजनीतिक आन्दोलनकारीहरूले यहि समयलाई आन्दोलनको उपयुक्त समय ठाने ।[८९]

---

[८८] (नारायण प्रसाद शिवाकोटी), ***पूर्ववत् टिप्पणी नं.*** ७३, पृ. १२ ।

[८९] (अली रियाज एण्ड सुभो बसु), ***पूर्ववत् टिप्पणी*** नं. ६, पृ. ५० ।

राजा वीरेन्द्रले ०३१ सालमा सम्पन्न शुभराज्याभिषेकको अवसरमा नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस भनी राखेको प्रस्तावमा ११६ देशले स्वागत र समर्थन गरेको अढाई दशक नबित्दै चीनले हतियार नेपाललाई दिंदा भारतलाई शंका उठ्नु स्वाभाविक हो । पछिल्लो समयमा भारतलाई नेपालको राजाले चीनसंग नजीक हुन खोजेको कुन बेला महसुस भयो भने जव उसले चीनलाई सार्कको पर्यवेक्षकमा राख्ने प्रस्ताव गर्न पुग्यो । भारतलाई नेपालको राजाको यस किसिमको गतिविधि मन परेको थिएन ।

पहिलो जनआन्दोलन वि.सं. ०४६ ताका भारतले नेपाललाई भुटानको स्टाट्समा राख्न खोजेको थियो । राजाले त्यसमा सहमति जनाइदिएको भए भारतले आन्दोलन दवाउने सङ्केत देखाएको थियो । त्यस समय राजालाई आफ्नै भाइ भारदारहरूमात्र हैन सेनाका जर्नेलहरूले पनि आन्दोलन दवाउन उक्स्याइरहेका थिए । तर राजाले जर्नेलहरूलाई आफ्नो वंशको सुरक्षाका लागि पनि ब्लडसेड चाहन्न भनेका थिए । आन्दोलनको समयमा राजाको उचाइलाई चुनौती दिन सक्ने क्षमता बहुदलका प्रधानमन्त्रीले समेत देखाउन सकेका थिएनन् भन्ने कुरा यस सम्वन्धमा ध्रुवहरी अधिकारी संग लिइएको विस्तृत जानकारी माथिको भाग ३.२.१ मा दिइसकिएको छ । हाल यसमा तिनै कुराहरू यस प्रसङ्गमा पुनरावृत्ति गर्नु उपयुक्त नभएकोले दोहोऱ्याइएको छैन् ।

०४६ सालको जनआन्दोलनमा दुई शक्ति बाम र कांग्रेसमा कार्यगत एकता बन्न सकेको थियो । दुबैको लक्ष्य एकदलीय तानाशाह राजतन्त्रको विरोध र बहुदलीय प्रजातन्त्रको स्थापना गर्नु रहेको थियो । टुक्रा टुक्रामा विभाजित १२ वटा कम्युनिष्ट पार्टीहरू मध्येमा ७ वटा पार्टीहरूले संयुक्त वाम मोर्चा गठन गरेका थिए । बाँकी ५ कम्युनिष्ट घटकहरूले संयुक्त राष्ट्रिय जनआन्दोलन गठन गरेका थिए । यसलाई राजाले त्रिपक्षीय वार्तामा वोलाएनन् । कम्युनिष्टहरूलाई विभाजन गराउने राजाको यो गलत कदमले कालान्तरमा प्रजातन्त्र प्राप्त गरेको ६ वर्षमै देश नराम्ररी द्वन्द्वमा फस्न पुग्यो ।

> माओवादी आफूलाई छोटो अवधिमै शक्तिशाली पार्टी बनाउन सफल भएपछि नेपालको राजनीतिक शक्ति सन्तुलनमा तीन शक्ति स्थापित हुन पुगे– शाही नेपाली सेना सहितको परम्परागत राजसंस्था, मूलप्रवाहका संसदीय राजनीतिक दल र नेकपा माओवादी । यी तीनमध्ये कुनै दुई शक्ति मिलेमा त्यसले तेस्रो शक्तिलाई कमजोर बनाउने अवस्था थियो ।[९०]

सुरुको अवस्थामा माओवादी र दलहरू दुई विरोधी वर्ग भएकोले कहिल्यै मिल्न सक्दैनन् भन्ने राजदरवारले समेत अनुमान गरेको हुनुपर्दछ । राजदरवार सुरु सुरुमा माओवादको राष्ट्रवादी नाराबाट प्रभावित भएर दलहरूसंग भन्दा माओवादीसंग नजीक हुन खोजेको देखिन्छ । कतिपय अवस्थामा दरवारले सेना परिचालन हुन दिएन । राष्ट्रियताको सवालमा माओवादी दरवारसंग

---

[९०] शाह, ***पूर्ववत् टिप्पणी*** नं. ७५, पृ. ७९ ।

नजीक हुन सक्ने अनुमान गरि दलहरू तिनीहरूलाई शंकाको दृष्टीले हेर्ने गर्थे । दललाई कमजोर बनाउन तिनिहरू लागेका थिए । पुराना सामाजिक संरचना भत्काउने र नयाँ बनाउने २०४६ सालको जनआन्दोलनपछिको संक्रमणकालखण्डले नेपाली समाजलाई रूपान्तरण गर्न सकेन । प्रजातन्त्रमा सङ्क्रमणको स्थिति लामो समय देखियो ।

### ३.३.१ पञ्चायती पृष्ठपोषकहरू बहुदलमा रूपान्तरण हुन नसक्नु

जनआन्दोलन–०४६ अघिसम्म पञ्चायत निकै शक्तिशाली देखिएको थियो । उसले लगभग ३० वर्ष सदैव दमनवाटै व्यवस्थालाई टिकाएको थियो । पञ्चायतमा प्रतिपक्षीहरूका लागि कुनै स्थान थिएन । वी.पी. कोइरालाले पञ्चायतको भविष्यका वारेमा निकै अगाडि के निष्कर्ष दिएका थिए भने-‘पञ्चायतले अब अन्तिम सास फेर्दैछ र तीनवटा अन्तर्द्वन्द्वले यो समाप्त हुनेछ । एउटा अन्तर्द्वन्द्व पञ्चायतका विभिन्न गुटहरूबीच प्रकट हुनेछ, दोस्रो अन्तर्द्वन्द्व राजदरबार र राष्ट्रिय पञ्चायतबीच हुनेछ र तेस्रो पञ्चायतवादी र पञ्चायतविरोधी बीचको अन्तर्द्वन्द्व झन तीव्र हुनेवाला छ । त्यसैले तेस्रो संशोधन पञ्चायतवादीहरूका निमित्त अन्तिम हुनेछ ।’[९१] आखिरमा भयो पनि त्यस्तै । पन्चायतभित्रको एउटा उग्रवादी तत्त्व मेलमिलापको नीतिलाई विफल पार्न जस्तोसुकै हिंसा गर्नपनि तत्पर थियो ।

जनआन्दोलनको समयमा आन्दोलनकारीको मनोबल गिराउन पञ्चायतले कस्तोसम्म प्रचार गर्‍यो भने–‘केही अराष्ट्रिय तत्त्वहरूले उग्रवादी एवं विध्वंसात्मक कार्यहरू द्वारा असुरक्षा र आतङ्कको वातावरण सृजना गर्न खोजिएकाले त्यस्ता गतिविधिमा संलग्न व्यक्तिहरूका बारेमा सूचना दिन तथा त्यस्ता कियाकलापमा नलाग्न ।’[९२] भनेर नागरिकहरूलाई सुराकीको काम गर्न आव्हान गरिरहेको थियो । अर्कोतिर ०४६ सालको जनआन्दोलन अगाडिबाट पञ्चहरू पनि उदारवादी र अनुदारवादीमा विभाजित भइसकेका थिए । जनमत संग्रहपछि वालिग मताधिकारका आधारमा राष्ट्रिय पञ्चायतप्रति उत्तरदायी मन्त्रिमण्डलको व्यवस्थाले दुई दलीय व्यवस्थाको विकासका लागि वातावरण बन्दै गएको थियो । पञ्चायत विस्तारै विस्तारै आफैं भित्रको अन्तर्द्वन्द्वले समाप्त हुने स्थितिमा गइरहेको थियो ।

यसै क्रममा लोकतान्त्रिक धार ‘नेपाली कांग्रेस’ को नेतृत्वमा  वामपन्थी धार ‘नेपाल कम्युनिष्ट पार्टीका ७ घटकहरू’ मिलेर वनेको संयुक्त वाममोर्चाको आव्हानमा ०४६ को जन आन्दोलन भएको थियो । त्यस जनआन्दोलनले पञ्चायती निरङ्कुश व्यवस्थालाई पतन गराई देशमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको सूत्रपात गराउन खोजेको थियो । त्यस समय सातवटा

---

[९१] (सूर्यमणि अधिकारी) ***पूर्ववत् टिप्पणी नं.*** ४५, पृ. २९२-२९३ ।

[९२] ***गोरखापत्र,*** २०४६ साल फागुन ८ गते ।

वामपन्थी समूहहरू मिलेर 'संयुक्त वाममोर्चा' गठन भएको थियो । ५ वटा अन्य घटकहरू मिलेर बनेको संयुक्त राष्ट्रिय जनआन्दोलनले भने कसैको सहयोग नलिई आफ्नै तर्फवाट आन्दोलन गरिरहेको थियो । संसदवादी कार्यनीतिका विरोधीका रूपमा 'संयुक्त राष्ट्रिय जन-आन्दोलन' ले वेग्लै कार्यक्रम लिएर प्रस्तुत भयो । उसले नेका र सात वामपन्थी दलहरूले अघि सारेका मागहरूप्रति असहमति जनाउँदै पंचायती व्यवस्थाको अन्त र संविधानसभाको निर्वाचन भन्ने मागलाई 'संयुक्त राष्ट्रिय जन-आन्दोलन'ले छुट्टै आन्दोलन चलाएको थियो । माओ विचारको नजिक मानिने पाँचवटा वामपन्थी संगठनहरूलाई वाममोर्चाको कांग्रेससँगको गठबन्धन मन परेको थिएन ।

यसमा रूपलाल विश्वकर्माबाट नेतृत्व भएको सर्वहारावादी श्रमिक संगठन, शम्भुरामले नेतृत्व गरेको नेपाल कम्युनिष्ट लिग, कृष्णदास श्रेष्ठले नेतृत्व गरेको नेकपा (मालेमा), मोहन विक्रम सिंहले नेतृत्व गरेको मशाल (मोटो), प्रचण्डले नेतृत्व गरेको मसाल (पातलो), थिए ।[९३] त्यस समय नेपालका राजा परिवर्तनका पक्षमा उभिएको देखिंदैन । त्यसैले बल प्रयोग गरेर उनलाई झुकाउन तमाम राजनीतिक शक्तिहरू गोलबद्ध भएका थिए । नेपालमाथि लागेको आर्थिक नाकाबन्दीलाई राजाले भारतको विरुद्धमा प्रयोग गर्न खोजेका थिए । जसरी यसअघि उनका पिता राजा महेन्द्रले पनि दलका नेताहरूको विरुद्धमा यसैगरी प्रयोग गर्दथे । 'दर्जनमध्ये सात वाम समूहमात्र संयुक्त वाममोर्चामा संगठित भए ।[९४] नेपालको पुनःस्थापित प्रजातन्त्रमाथि एकातिर सुरुवातदेखि नै सङ्कट देखिएको थियो भने अर्कोतिर सङ्क्रमणको चरणबाट गुज्रँदै गएको प्रजातन्त्रले अनेकौं चुनौतीको सामना त्यस समयपछिको लोकतान्त्रिक सरकारले व्यहोरिरहेको थियो ।

त्यस समय वाम मोर्चामा सम्मिलित दलहरूमा नेकपा (माले), नेकपा (चौंथो महाधिवेशन), नेकपा (मार्क्सवादी), नेकपा (मानन्धर), नेकपा (वर्मा), नेकपा (अमात्य) र नेमकिसं (रोहित) थिए । संयुक्त रूपमा नेपाली कांग्रेस र वाम मोर्चाले ०४६ साल फागुन ७ गतेदेखि जनआन्दोलन सुरु गरेका थिए । बाँकी अन्य कम्युनिष्ट पार्टीहरू नेपाली कांग्रेससँग मिलेर जान सकेनन् । स्वभावतः बदलिंदो पृष्ठभूमिमा बाँकी पाँच घटकहरू पनि एउटै छातामा उभिन आउनु अपरिहार्य बनेको थियो तर तिनीहरू मिल्न सकेनन् ।

---

[९३] ***नेपाल सन्दर्भ माओवादी जनयुद्ध :हिंसा र मानव अधिकार उल्लंघनको सिलसिला,*** (काठमाडौं : मानव अधिकार तथा शान्ति समाज, १९९७), पृ. ९–१० ।

[९४] ध्रुव कुमार, (सं.), ***डोमेस्टीक कन्फ्लीक्ट एण्ड क्राइसीस अफ गभर्नावीलिटी ईन नेपाल,*** (काठमाडौं : सेण्टर फर नेपाल एण्ड एशियन स्टडीज (सिनास), २०००) पृ. १५ ।

संयुक्त राष्ट्रिय जनआन्दोलन समिति नेकपा (मसाल)- मोहनविक्रम सिंह, नेकपा (मशाल) - पुष्पकमल दाहाल (प्रचण्ड), सर्वहारावादी श्रमिक संगठन, नेपाल–रूपलाल विश्वकर्मा, नेकपा मार्क्सवादी लेनिनवादी पार्टी-कृष्णदास श्रेष्ठ,शम्भुराम श्रेष्ठ समूह मिलेर संयुक्त राष्ट्रिय जनआन्दोलन नामक अलग बाममोर्चाको गठन गरे ।'[९५] यसको उद्देश्य थियो निर्दल नेपालमा असफल भएकोले नयाँ जनवादी व्यवस्था कायम गर्न बेग्लै पहिचान बोकेर आन्दोलन गर्नु रहेको थियो । कांग्रेस र वाम मोर्चासँग यसले सहकार्य गरेन् ।

यसलाई राजाले वार्ताका लागि चैत २६ गते बोलाएको थिएन् । संयुक्त जनमोर्चाको नाममा संसदीय चुनावलाई प्रयोग समेत गर्ने यो राजनीतिक दल कालान्तरमा विभिन्न भूमिगत संगठनहरू मिलेर माओवादी पार्टीको रूप लियो र संसदलाई भण्डाफोर गर्ने तर्फ लाग्यो । यसले ०४६ सालको जनआन्दोलनका उपलब्धिलाई वैचारिक रूपमा तीव्र विरोध जनाएको थियो । [९६]

> काँग्रेस र संयुक्त वाममोर्चाभन्दा पृथक तर वढी क्रान्तिकारीधार बोकेर बनेको पाँच उग्रवामपन्थी समूहको राष्ट्रिय जनआन्दोलनले नेपाली कांग्रेस र संयुक्त वाममोर्चालाई पञ्चायती व्यवस्थाको उन्मूलन गर्ने लक्ष्य प्राप्त नभई आन्दोलनलाई आधा बाटोमा ल्याएर सम्झौता गरेको आरोप लगाए । उनीहरूले त्यसलाई 'नेपाली जनताका विरुद्धमा गरिएको धोकापूर्ण कार्य' ठहऱ्याए । [९७]

यसरी राजतन्त्रले वाममोर्चाभित्रकै अर्को कम्युनिष्ट धारलाई बार्तामा नबोलाएर जानी जानी मुलुकमा राजनीतिक अस्थिरताको वीजारोपण गराउन पुग्यो । राजा, कांग्रेस र वाममोर्चावीचको सम्झौतापछि पनि संयुक्त राष्ट्रिय जन आन्दोलनवाट राजतन्त्रको विरोधमा नारा, जुलुस र "प्रजातन्त्रलाई धम्की" आई नै रहेको थियो । यिनीहरू जनवादी क्रान्तितर्फ अगाडि वढ्दै थिए ।

> नेपालका 'कम्युनिष्ट' हौवा तयार पार्न चाहन्छन, जसका पछाडि उनीहरूका उद्देश्यहरू छन् । प्रथम राजालाई आतंकित पारेर उसलाई चीन विरोधी क्याम्पमा लैजान आधार तैयार पार्नु, दोस्रो नेपालमा विद्यमान क्रान्तिकारी संभावनालाई समयभन्दा पहिले नै उभाडेर त्यसलाई खतम पार्नु । तेस्रो कांग्रेसको स्थिति मजवुत पार्न आधार तयार पार्नु ।[९८]

---

[९५] सुरेन्द्र के.सी., ***नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास (दोस्रो भाग)*** *(२०२०–२०४९),* (प्र.सं.), (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६०), पृ. ३१९–३२० ।

[९६] कृष्ण हाच्छेथु, ***पार्टी बिल्डिङ्ग ईन नेपाल*** *-अर्गनाइजेशन, लिडरसिप एण्ड पिपुल ए कम्परेटिभ स्टडी अफ दी नेपाली कांग्रेस एण्ड दी कम्युनिष्ट पार्टी अफ नेपाल (युनिफाइड मार्क्सिस्ट लेनिनिष्ट),* (काठमाडौं : मण्डला बुक प्वाइन्ट, सन् २००२), पृ. २१६ ।

[९७] कियोको ओगुरा, ***जनता जागेका बेला,*** (नेपाली अनुवाद), (ललितपुरः हिमाल किताब, सन् २००४), पृ. २२७ ।

[९८] मोहन विक्रम सिंह, ***उग्रवामपन्थी विचारधाराको खण्डन,*** (काठमाडौं : निरन्तर प्रकाशन, ०५१), पृ. २३४ ।

### ३.३.२ जनआन्दोलनमा नेपाली कांग्रेसका लागि वामपन्थीसांगको सहकार्य

०४६ सालको जनआन्दोलनले ३० वर्षपछि देशमा राष्ट्रिय सहमति ल्याउन सकेको थियो । बामपन्थीसमेतको सरकार बनेर अन्तरिम शासनकालले बेजोड नमूना प्रस्तुत गरेको थियो । समाजवादी र प्रजातन्त्रवादीको संयुक्त सरकार चल्न सक्यो । यही आन्दोलनले नै कांग्रेस र कम्युनिष्टबीच कार्यगत एकता संभव भयो । जसले गर्दा पछिल्लो समयमा राजतन्त्र फ्याल्न यी दुई शक्ति प्रभावशाली रूपले सफल सिद्ध भए । आन्दोलनकै परिणामले नेपालका वामपन्थीहरूलाई सम्वैधानिक दायरा र संसदीय अभ्यासमा आउन सहज पाऱ्यो । कम्युनिष्ट घटकहरू प्रजातन्त्रमा संक्रमण हुन पुगेको नेपालको लागि यो नै ठूलो उपलब्धि थियो ।

यस आन्दोलनपछि संयुक्त राष्ट्रिय जनआन्दोलनपनि के निष्कर्षमा पुगेको थियो भने एउटा देशव्यापीरूपमा सङ्गठित बलियो र अनुशासित पार्टीबिना जनआन्दोलनको जति ठूलो लहर आए पनि पार्टीद्वारा आन्दोलनलाई क्रान्तिकारी दिशामा अगाडि बढाउन नसकिने रहेछ ।[९९] कांग्रेस र वाम मोर्चाले जनआन्दोलनलाई वीचैमा रोकेर सम्झौता गरेको आरोप त्यस समय लगाइएको थियो । सं.रा.ज.आ. ले त्यसलाई अगाडि वढाउन नसक्नु पनि उसको कमजोरी देखिएको थियो । ०४६ सालको जनआन्दोलनका वेला पञ्चायतले 'प्रतिकार समितिको निर्माणदेखि लिएर वल प्रयोग गर्ने समेतका काममा प्र.जि.अ.लाई संलग्न गराएको थियो' भनी चितवनका तत्कालीन प्र.जि.अ. विमल प्रसाद कोइरालाले जांचवुझ आयोग,०४७ समक्ष वयान दिएका थिए ।[१००] यसरी जनआन्दोलन दवाउन अनुचित वलको प्रयोग गरी पञ्चायती संविधानले प्रदान गरेको जनताको भेला हुने स्वतन्त्रताको विरोधमा आन्दोलनलाई निस्तेज पार्न केन्द्रीय सुरक्षा समन्वय समिति, प्रतिकार समिति, आदि जनआन्दोलनलाई निस्क्रिय तुल्याउन दमनकारी नीति त्यस समयमा चालिएको थियो । यसरी पञ्चायतले व्यवस्था वचाउने नाममा प्रचलित संविधान ऐन, कानूनलाई समेत मतलव नराखी सरकारी साधन र स्रोतको अत्यधिक दुरूपयोग गरेको थियो ।

### ३.३.३ कांग्रेस र कम्युनिष्टको सहकार्यले राजतन्त्रलाई धक्का

नेपालमा भएका हरेक आन्दोलनमा वामपन्थी र प्रजातन्त्रवादीहरू कहिल्यै एक साथ जान सकेका थिएनन् । पुष्पलालले राजा महेन्द्रको ०१७ सालको कदमपछि यस किसिम सँगै जाने प्रस्ताव राखेका थिए तर कांग्रेसले सहकार्य गर्न मानेन् । 'नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रमुख बाधकशक्ति राजतन्त्र हो भन्ने कुरालाई महसुस गर्ने पुष्पलालले त्यसपछि संधैभरी

---

[९९] (मसालको मुख पत्र), ***पूर्ववत्, टिप्पणी*** नं. ६३, पृ. ४०५ ।

[१००] (जाँचवुझ आयोग, ०४७) ***पूर्ववत् टिप्पणी*** नं. ५८, पृ. ६६९ ।

राजतन्त्रको सवाललाई प्रजातन्त्रको निमित्त केन्द्रविन्दु बनाएर देशको राजनीतिक विश्लेषण गरेका छन् । नेपाली कांग्रेसलाई मित्रशक्तिका रूपमा लिने उनको दृष्टिकोण राजतन्त्रलाई मुख्य शत्रु देख्ने सही चिन्तनकै अनिवार्य परिणाम थियो । अर्कोतिर भारत र नेपाली कांग्रेस मुख्य शत्रु हुन् भन्नेहरू प्रत्यक्ष–परोक्ष रूपमा राजतन्त्रका सहयोगीका रूपमा काम गरिरहेका थिए । निर्दलीय पञ्चायतीव्यवस्था वास्तविक अर्थमा निरंकुश राजतन्त्र हो भन्ने आधारवाट नै पुष्पलालले राजतन्त्र र त्यसले सञ्चालन गरेको पञ्चायती व्यवस्थाको निरन्तर विरोध र भण्डाफोर गरेका थिए ।[१०१]

यसरी २०४६ सालको जनआन्दोलन गणेशमानको नेतृत्वमा कम्युनिस्ट र काङ्ग्रेसबीच आन्दोलनकारी एकता भएकै कारण त्यो सफल हुन सक्यो । आन्दोलनको सफलताबाट मात्र मुलुकले चाहेको लक्ष्य भने प्राप्त हुन सकेन । राजतन्त्र र प्रजातन्त्रसँगै लैजाने प्रयासमा त्यो पुनः असफल सावित भयो । जनआन्दोलनपछि नेपाल प्रजातन्त्रको तेस्रो लहरमा प्रवेश गर्दा उसले अपनाएको बाटो शान्तिपूर्ण सङ्क्रमण थियो । सम्विवधान निर्माण गरेर ताजा जनादेशबाट जनप्रतिनिधिहरूका हातमा सत्ता सुम्पिने कार्यमा राजतन्त्रले कुनै अवरोध पुऱ्याएन । अन्तरिम सरकार संक्रमणको चरणबाट गुज्रिंदा बेलायतको झैं संसद र राजाबीच विवाद पनि भएन् । संविधान निर्माणमा गल्ती नगर्ने राजाको परिकल्पना गरिएको थियो । तर राजाले बेलायती शैलीको संबैधानिक राजतन्त्रमा आफ्नो भूमिका नदेखेपछि संविधान निर्माणको चरणदेखि नै उनले आफ्नो असन्तोषलाई विभिन्न रूपमा व्यक्त गरिरहे ।'०४६ को जनआन्दोलनले नेपालमा संवैधानिक होइन, अर्ध–संवैधानिक राजतन्त्रको स्थापना गरेको थियो । त्यसलाई प्रमुख राजनीतक पार्टीहरूले संवैधानिक राजतन्त्रका रूपमा बुझेका थिए ।'[१०२]

राजदरबारबाट प्रस्तावित संविधानको पहिलो र दोस्रो मसौदा, मंत्रिपरिषद्को सहमतिविना राजदूतको नियुक्ति, राष्ट्रियसभाको सदस्यमा नियुक्ति, संसदले पारित गरेको नागरिकता विधेयकमा अदालतसँग राय मागिनु जस्ता विषय संवैधानिक राजाको मर्यादा विपरीतका काम थिए ।

### ३.३.४ २०४६ सालको जनआन्दोलनपछि मुलुक संक्रमणको स्थितिमा

२०४६ सालको जनआन्दोलनमा दरबार नियन्त्रित सेना र प्रहरी बलबाट राजनीतिक दलहरूमाथि ठूलो दबाव परिरहेको थियो । सरकार कठोर दमन गर्दै थियो । केन्द्रदेखि जिल्लासम्म

---

१०१ मदन भण्डारी, "नेपालको कम्युनिष्ट आन्दोलनमा क.पुष्पलालका केही विशेषताहरू", बलराम उपाध्याय र अन्य (सं.), ***क.पुष्पलाल स्मृति अंक,*** (प्रकाशन स्थान उल्लेख नभएको : पुष्पलाल स्मृति प्रतिष्ठान, २०५२), पृ. १५ ।

१०२ सूर्य थापा, ***नेपालमा राजतन्त्र र दलहरूबीचको संघर्ष*** *(वि.सं.१९९३–२०६२ सम्मको विश्लेषण),* (प्र.सं.), (काठमाडौं : नवयुग प्रकाशन, २०६२), पृ. १७१ ।

प्रतिकार समिति बनेका थिए । प.नि.जा.बु.स बाट पञ्च एवं वर्गीय संगठनका कार्यकर्ताहरूलाई आन्दोलनको राजनीतिक प्रतिकार गर्न आव्हान गरेपछि "इतर प्रतिरोध तदर्थ समिति" अस्तित्वमा देखापऱ्यो ।[१०३] राजा बहुदलीय शासन व्यवस्था दिनुको बदला गोलीबाट समाधान खोजिरहेका थिए । अन्तिम समयसम्म पनि मरीचमानको सट्टा लोकेन्द्रबहादुर चन्द जस्ता प्रधानमन्त्री राजाको गोटी बनेका थिए ।

> नेपालको सत्तापक्ष एकातिर भारतीय नाकाबन्दीको मुकाबिला गर्ने र अर्कोतिर देशभित्र विपक्षलाई दमन गर्दै रहने गरी एकैसाथ दोहोरो मोर्चामा युद्ध गरिरहेको थियो । यस्तै परिस्थितिमा बहुदलको साझा मागलाई लिएर नेपाली कांग्रेस र वामशक्तिहरूबीचको सहमति कायम हुन गयो । यिनै परिदृश्यले गर्दा नेपालको चेतनशील मध्यम वर्ग उत्साहित भयो र प्रजातन्त्रको लडाइँमा आ-आफ्नो पक्षबाट योगदान दिन तम्सियो । २०४६ साल फाल्गुन ७ गते प्रारम्भ भएको आन्दोलनमा राजनीतिक दलहरूका साथै देशका प्राध्यापक, शिक्षक, पत्रकार, साहित्यकार, कानून व्यवसायी, चिकित्साकर्मी, कलाकार, इन्जिनीयर, पाइलट लगायतका कर्मचारी समेतले साथ दिएर ४९ दिनमा आन्दोलन सफल पारे ।[१०४]

यस अवधिमा राजतन्त्रले आफ्नो गुमेको अधिकार कायमै राख्न अनेकौं जालझेल गरिरह्यो । पञ्चायतभित्रै बहुदल अटाउन खोज्ने उनको प्रयास रोकियो । अर्कोतिर उनको तजबीजीमा बन्ने संविधान सुधार सुझाव आयोगलाई पनि जनताले स्विकारेनन् । कतै यो पनि ०१९ सालको संविधानमा चौंथो संशोधन हुने आशङ्का जनताले गरेका थिए । त्यस समय राजदरबारबाट प्रस्तावित संविधानको पहिलो र दोस्रो मसौदा आउनुले नै जनता दरवारप्रति सशंकित भएका थिए। आन्दोलनकारी नेतृत्वको बर्चस्वमा बनेको संविधान सुझाव आयोगको मस्यौदालाई राजाले घोषणा गर्न गरेको ढिलाईले जनतामा अनेकौं आशङ्का जन्माएको थियो ।

चैत २६ गतेको घोषणाले के देखायो भने नेपालका राजनीतिक दलहरू आन्दोलनलाई नियन्त्रण वाहिर जान नदिन र विदेशीको हस्तक्षेपलाई अस्वीकार गर्न समर्थ भएका छन् । दल र राजाले आफ्नै भूमिमा समाधान खोजे । बहुदलीय व्यवस्थाको घोषणा राजाबाट गराई उनलाई पनि एउटा शक्तिका रूपमा मान्ने गरी दलहरू राजी भए । तीन शक्तिको दस्तावेजले मुलुक गृहयुद्धबाट वच्न पुग्यो । जनविरोधी शासकहरूले जनविश्वास गुमाउन पुगेपछि यिनीहरू अस्तित्वमा आउनका लागि तिनले वनावटी प्रजातन्त्रको आवरण (सिउडो डेमोक्रेटिक फेकेड) अर्थात् अग्रभागमा चाहिं प्रजातन्त्र देखाउनैका लागि भए पनि राख्दछन ।[१०५] नेपालको राजतन्त्रले नयाँ संविधान निर्माण भएपछि जनतावीच आफूलाई लोकप्रिय देखाउन डाहलको यही नीति

---

[१०३] *विमर्श,* वर्ष १९, अङ्क २७, १३ माघ, २०४६ ।

[१०४] (सूर्यमणि अधिकारी), *पूर्ववत् टिप्पणी* नं. ४५, पृ. ४१३ ।

[१०५] डाहल रबर्ट ए., *प्रजातन्त्रका बारेमा,* लण्डनः येल युनिभर्सीटी प्रेस, १९९८, (काठमाण्डु : नेपाली अनुवादः हृषीकेश उपाध्याय, प्रकाशकः क्रिएशन मिडिया प्रा. लि.), पृ. १-२ ।

अपनायो । कतिपय अवस्थामा ऊ दलीय व्यवस्थालाई अस्थिर बनाउने तर्फ लागि रह्यो । दलहरूले पनि मुलुकलाई स्थिरता दिनै सकेनन् ।

राजा संवैधानिक हुन चाहेका थिएनन् । उनका विभिन्न गतिविधिहरूले यसको पुष्टि गरिरहेको थियो । यस सम्वन्धमा ०४८ साल जेष्ठ २६ गते (जुन ९, १९९१) राजा वीरेन्द्रले नेकपा–एमालेका अध्यक्ष मनमोहन अधिकारी संगको भेटमा राजनीतिक दलहरूले आफ्नो बानी नसुधारेमा कडा कारवाई गर्नु पर्ने हुन्छ भनेर धम्की दिए । भेटमा राजाले राजनीतिक दलहरूले राजसंस्थालाई सम्मान प्रदर्शन नगरेमा राजतन्त्र सम्बन्धमा जनमत गर्नु पर्ने वताएका थिए । त्यस्तै सोहि वर्ष नै एमालेका महा सचिव मदन भण्डारीको भेटपछि उनले राष्ट्र संकटकालतर्फ धकेलिन लागेको कुरामा चेतावनी दिए । अर्कोतिर नेपाली कांग्रेसका महासचिव महेन्द्र नारायण निधि दरबारले सरकारलाई थाहै नदिई धेरै कुराहरू गर्दैछ भने ।[१०६] लामो समय अधिनायकवादले जरो गाडेको यस मुलुकमा प्रजातन्त्रका लागि अवरोधक पनि उही अधिनायकवादी तत्त्व राजतन्त्र नै देखियो । विभिन्न चरणबाट गुज्रिएर पनि राजतन्त्र प्रजातन्त्रमा रूपान्तरण हुन सकेन् । राजतन्त्र अधिनायकवादकै विकल्प भएकाले यसको पतन पनि निश्चित देखियो । इरानका शाह शक्तिशाली नै थिए । अफगानिस्थानका राजा पनि शक्तिशाली नै थिए तर तिनले किन देश छोडेर भाग्नु पर्‍यो? त्यसैले राजा शक्तिशाली र निरंकुश बनाउँदैमा कम्युनिष्टहरूको प्रभाव रोक्नसकिन्छ भन्ने हैन् । यही कारण भारत र अमेरिकाले नेपालमा राजा बलियो रहेमा कम्युनिष्टहरूको प्रभावलाई रोक्न सकिन्छ भन्ने आफ्नो पुरानो मान्यतामा परिवर्तन ल्याए । राजतन्त्रकै कारण बरु भारतले आफूलाई अप्ठेरो महसुस गर्‍यो । परिणाममा उसले नेपाली जनताको मागलाई समर्थन गर्नपुग्यो । अर्कोतिर ०४६ सालताका चीनबाट हातहतियार आयात गर्दा भारतले ठूलो स्वरमा विरोध गर्‍यो । त्यस वेला उसले नेपाललाई व्यापारिक नाकावन्दी समेत गरिदियो ।

दलहरू कमजोर भएको मौका छोपी पटक पटक शासन आफ्नो हातमा लिन राजसंस्था लागेको मनग्ये प्रमाण पाइन्छ । जनताको सहयोग लिएर क्रान्तिपछि गुमेको सत्ता लिएका राजाले कालान्तरमा तिनै जनतालाई निरंकुशता लाद्न खोजेको इतिहासले देखाएको छ । यस सम्बन्धमा कृष्ण खनाल भन्छन् :

> "२०१७ सालमा राजाकै कारणबाट प्रजातन्त्र गयो । फेरि २०५९ साल र २०६१ सालमा राजाकै कारणबाट यो समाप्त भएको छ । बारम्बारको अभ्यासबाट के पुष्टि हुन्छ भने नेपालको राजसंस्था प्रजातन्त्रको परिधिभित्र आफूलाई सम्बैधानिक बनाउन चाहँदैन । जहिलेपनि संविधानभन्दा माथि र संसदले बनाएका कानुनभन्दा माथि राजाले आफ्नो भूमिका खोजेको देखिन्छ । यसबाट निक्लने निचोड हो, यदि नेपालमा दिगो प्रजातन्त्र चाहने हो भने राजसंस्था

---

१०६ सानु भाइ डंगोल, ***नेपाली राजनीतिमा दरबार*** *(सन १९५१ देखि १९९० सम्मको राजनीतिको सन्दर्भ विशेषमा),* (मध्यपुर थिमि : ल्यायम्ह पुचः, २०६३), पृ. २२९ ।

कायम राखेर सम्भव देखिएन, किनकि राजालाई प्रजातन्त्रसँगै लैजान सक्ने स्थिति यहाँ कहिल्यै बनेन् । उही असफल प्रयासलाई हामीले अब कति पटक दोहोऱ्याइरहने ? राजासहितको प्रजातन्त्रलाई हामी अगाडि बढाउन सक्छौं भनेर ०७ सालमा अभ्यास गऱ्यौं, २०१५ सालमा अभ्यास गऱ्यौं र २०४६ सालपछि पनि अभ्यास गऱ्यौं । तर हाम्रो तीन तीन पटकको अभ्यास त तुही नै सक्यो, आधा शताब्दीभन्दा लामो समय बिताई नै सकियो । अब फेरी चौंथो, पांचौं, छैंठौं वा अरु कतिपटक र कति समय त्यही विफलसिद्ध अभ्यास दोहोऱ्याउने ?"[१०७]

०५९ असोज १८ र ०६१ माघ १९ को स्थिति पछि लोकतान्त्रिक व्यवस्था नेपालमा रहेन् । राजतन्त्र विस्तारै सक्रिय बनेको देखिन थाल्यो । यसै क्रममा राजाबाटै नियुक्ति पाएका मन्त्री टङ्क ढकालले राजविराजको एक कार्यक्रममा भनेका थिए- 'जुन काम राजनीतिक दलका नेताहरूले आ-आफ्नो चुनाव क्षेत्रमा गएर गर्नुपर्दथ्यो, ती सम्पूर्ण कार्य अहिले श्री ५ बाट गरिबक्सँदैछ ।'[१०८] यस स्थितिमा दरवारको भूमिका संसदवादी दलहरूसँग कहिल्यै राम्रो रहेन् । दरवार सन्तुलित राजनीतिमा चुकेकै हो । राजतन्त्र समाप्तिको खतरालाई उसले समयमा टार्न सकेन् ।

असोज १८ को कदमपछि देशभित्र विद्यमान लोकतान्त्रिक शक्तिहरूबाट राजतन्त्रले खतरा महसुस गरेको थियो । अतिवामपन्थी र अतिदक्षिणपन्थीसँग राजा पञ्चायतका सहयोगीहरू लिएर लड्न खोज्दै थिए । बोथाले गोराहरूको शासनलाई र गोर्वाचोभले साम्यवादी शक्तिलाई अन्त्य नगर्नाले दुखः पाए । पञ्चायतवाट दिक्षित भएको प्रशासनलिएर बहुदलीय व्यवस्था अगाडि वढाउन खोज्दा नेपालले पनि बोथा र गोर्वाचोभकै हालत व्यहोर्नुपऱ्यो । जनआन्दोलनपछि वनेको लोकतान्त्रिक सरकारले पनि पञ्चायती मेसिनरीकै प्रशासनवाट काम गर्न खोज्नाले प्रजातन्त्र स्थायी हुन सकेन संक्रमणमै रहन गयो । बरु आफूलाई कसरी हुन्छ शक्तिशाली बनाउने क्रममा राजतन्त्र भने लागिरह्यो । जनआन्दोलनपछि मुलुकमा प्रजातन्त्र त आयो तर नेताहरू लोकतान्त्रिक भने बन्न सकेनन् । उनीहरूले आन्दोलन गरेर व्यवस्था परिवर्तन गर्न सके तर, मुलुकभित्रका संस्थाहरूलाई लोकतान्त्रिकरण गर्न नसक्नाले नै अस्थिरता देखिंदै गएको थियो ।

संक्रमणको समयमा डरको मानसिकता दलहरूलाई भयो । राजतन्त्रसँग चुनौती लिन पनि सकेनन् । लामो समय पञ्चायतको पकडमा रहेको प्रशासनलाई छेउ लाउन पनि सकेनन् । यही कारण मल्लिक आयोगको प्रतिवेदनमा दोषी ठहराएकाहरूलाई आन्दोलनको बलमा खडा भएको सरकारले कार्वाही सम्म गर्न सकेन् । 'प्रधान मन्त्री गिरिजाप्रसाद कोइरालाले २०४६ सालको जनआन्दोलनको सिलसिलामा भएको जनधनको क्षति सम्वन्धमा पूर्वान्चल क्षेत्रीय

---

१०७ कृष्ण खनाल, "लोकतान्त्रिक गणतन्त्र : किन र कसरी ?", ***मूल्याङ्कन मासिक,*** (काठमाडौं : मूल्यांकन प्रकाशन गृह मंसिर २०६२), पृ. २६ ।

१०८ ***गोर्खापत्र,*** २०६२ साल माघ ८ गते, (काठमाडौं : गोर्खापत्र संस्थान) ।

अदालतका मुख्य न्यायाधीश जनार्दनलाल मल्लिकको अध्यक्षतामा गठित आयोगको प्रतिवेदन प्रतिनिधि सभाको मिति ०४८ साल आषाढ २४ गतेको वैठकमा टेबुल गर्नु भयो ।'[१०९] तर यत्रो प्रतिवेदनलाई निर्वाचित सरकारले कार्यान्वयन गर्न सकेन् । सङ्क्रमणको क्रममा यो पनि एक अवरोध वन्न पुगेको देखिन्छ । यहींवाट दण्डहीनताको सुरुवात हुन पुग्यो । दलहरू लोकतान्त्रिक मूल्य र मान्यता अनुसार चल्न सकेनन् । सत्ताका लागि अलोकतान्त्रिक कदमका रूपमा सांसद किनवेच, प्राढो र पजेरो सुविधा जस्तामा सांसदहरू लिप्त हुन थाले । नेताहरूले अनगिन्ती गल्तीहरू एकपछि अर्को गर्दै गए । राजतन्त्रले गल्ती औंल्याउने काम कहिल्यै गरेन् । दलको गल्तीबाट आफ्नो शक्ति बढाउने काममा राजतन्त्र लाग्यो । राजतन्त्र राजनीतिक दलहरूको सहयोगी भएन् प्रतिपक्षी जस्तो बन्न पुग्यो । मौका पर्दा उसले दलहरूलाई किनारा लगाउने मात्र काम गऱ्यो ।

### ३.३.५ २०४७ सालको संविधानपछि मुलुक प्रजातन्त्रमा सङ्क्रमण हुन पुगेको चरण

नेपालको राजतन्त्रले सजिलैसँग ०४७ सालको संविधान नेपाली जनतालाई दिएको छैन् । राजदरबारले आफ्नो अनुकूलको प्रस्तावित संविधानको पहिलो मसौदा र दोस्रो मसौदा दिएर ०४७ को संविधान निर्माणको चरणमा षडयन्त्र गर्न खोजेको थियो । सक्रिय राजतन्त्र एकैपटक ०४७ को संविधान अनुसार संवैधानिक बन्देजमा बस्नुपर्दा राजालाई मात्र हैन दरबारको सुविधा पाउने तमाम भाइभारदारहरू समेतमा असन्तुष्टि थियो । ०४७ सालको संविधान जनतालाई हस्तान्तरण गर्ने क्रममा राजाले दुई पटकसम्म विरोध जनाएका थिए । राजाले ०४७ साल भाद्र २५ गते संविधान सुझाव आयोगका अध्यक्ष विश्वनाथ उपाध्यायबाट संविधानको मसौदा ग्रहण गरेको लगत्तै ०४७ साल आश्विन १७ गते राजाका प्रमुख सचिव रेवतीरमण खनालले प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई आयोगले नै तैयार पारेको जस्तो देखिने गरी मसौदाको प्रति दिएका थिए जसमा :

> संविधान सुझाव आयोगमा नरहेका अन्य राजनीतिक पार्टी , संवैधानिक अङ्ग तथा अन्य कुनै स्रोतवाट संविधान सुझाव आयोगले श्री ५ मा जाहेर गरिसकेको मसौदाको विपरीत हुने सुझाव कसैले दिएर हो वा संविधान सुझाव आयोगले तैयार पारेको मसौदालाई नै राजदरबारप्रति गहिरो निकटता राख्ने संविधानविद्हरूद्वारा काँटछाँट पारी आधारभूत विषयहरूमा समेत आमूल परिवर्तन गरी मसौदाको शीर्षकमा आयोगले नै तैयार पारेको जस्तो देखिने संविधानको पहिलो मसौदा राजदरबारबाट प्रस्तावित भएको थियो ।[११०]

---

[१०९] ***प्रथम प्रतिनिधिसभा*** *(प्रथम अधिवेशन देखि सातौं अधिवेशन सम्म),* २०४८–२०५१, (काठमाडौं : संसद सचिवालय, संसद भवन, २०५४), पृ.२५ ।

[११०] रेग्मी, मुकुन्द, ***संवैधानिक विकास र नेपाल अधिराज्यको संविधान २०४७ भाग–२,*** (भाग–२ मा प्रकाशन मिति र प्रकाशन संस्था उल्लेख छैन) पृ. १९७५ ।

०४७ साल कार्तिक ५ गतेको गोरखापत्रले व्यानर हेडमा दरबारवाट भिन्नै संविधान प्रस्तुत, मूलभूत कुराहरूमा व्यापक भिन्नता भन्ने शीर्षक राखी प्रकाशित गरेको थियो । मसौदाको विपरीत किसिमको संविधानको मसौदा पुनः दोस्रो पटक राजदरवाट आएको थियो :

> मसौदाको विपरीत किसिमको संविधानको मसौदा पुनः दोस्रो पटक राजदरबारबाट आउँदा प्रधानमन्त्री दिक्क बन्नु भएको रहेछ । यस्ता मसौदाहरू लिई आउने श्री ५ का प्रमुख सचिव रेवतीरमण खनाललाई बोलाई "यस्तो मसौदाको संविधान म मन्त्रिपरिषद्बाट अनुमोदन गराउन सक्दिन, आफ्नो पार्टी नेपाली कांग्रेसबाट पनि सक्दिन, नेपाली जनताले मान्ने कुरै आउँदैन । मेरो राजनैतिक मान्यताले पनि सर्वथा मिल्दैन, म आफ्नो पदबाट विदा पाऊँ भनी श्री ५ महाराजाधिराज सरकारमा जाहेर गरिदिनुहोस् भनी उहाँलाई भनें" भन्ने व्यहोरा प्रधानमन्त्रीले हामीसँग भन्नुभयो ।[१११]

दरवारले प्रायोजित समानान्तर संविधान जनताको प्रतिक्रिया बुझ्न बाहिर ल्याएको भनेर बीरेन्द्रका अङ्गरक्षक टीका धमलाले पछिल्ला समय पत्रिकामा दिएको अभिव्यक्तिलाई कत्तिको विचारणीय मान्ने त्यो आफ्नो ठाउँमा रहेको छ । "०४७ सालको संविधानको मस्यौदामा केही हेरफेर गर्नुपर्ने सुझाव राजा वीरेन्द्रबाट हुँदा बाहिर संविधानमाथि राजाबाट हस्तक्षेप हुनलाग्यो भन्ने आरोप लाग्यो । त्यसपछि उनले तुरुन्तै प्रधानमन्त्रीलाई दरवारमा बोलाई "यो संविधान तपाईंहरूले बनाउनु त भयो, यसमा धेरै राम्रा कुराहरू पनि छन्, तर यसमा जनताका प्रतिनिधिको रूपमा रहेका प्रधानमन्त्री शक्तिसम्पन्न कागजी रूपमा देखिएका छन्, पछि व्यवहारमा निरीह हुनसक्छन् भन्ने कुरा सम्म राजाले राखेको हो । यो संविधानले १० वर्ष जति त धान्ला, त्यसपछि गाह्रो पर्नसक्छ ।"[११२] भन्ने विचार त्यसवेला राजा वीरेन्द्रबाट व्यक्त भएको थियो भनी धमलाले व्यक्त गरेको अभिव्यक्ति मुकुन्द रेग्मीका कुरासँग मेल खादैन ।

जे होस नेपाली जनताहरू राजाको यस कदमबाट ज्यादै सचेत भएका थिए । जनताको खबरदारीका कारण राजाबाट कुनै किसिमको धाँधली हुन पाएन ।

> संविधानको घोषणा गरे लगत्तै राजा वीरेन्द्रले फ्रान्सका लागि नेपाली राजदूत कल्याणविक्रम अधिकारीलाई अन्य देशहरूका लागि पनि राजदूत नियुक्त गरे । संविधानको धारा ३५(२) बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सहमति लिनुपर्नेमा नलिई उनले त्यसो गरेका थिए । उनले मन्त्रिपरिषद्सित परामर्श नगरीकनै संसदको माथिल्लो सदनका सदस्यहरू पनि मनोनीत गरे । त्यस संविधानले दरबारलाई कानुन निर्माणमा कुनै खास भूमिका दिएको थिएन । तर, वीरेन्द्रले विधेयकमा हस्ताक्षर गर्न इन्कार गर्दै विधेयकलाई सर्वोच्च अदालत पठाएर कानुन निर्माणमा अवरोध खडा गरे । मूलधारका राजनीतिक दलहरूले न त दरवारका यस्ता चलखेललाई रोक्न

---

१११ (रेग्मी), ***ऐजन नं.*** ११०, पृ.१९९१ ।

११२ टीका धमला (नेपाली सेनाका अवकाशप्राप्त उपरथी, ०३८ देखि ५८ सम्म तत्कालीन राजा वीरेन्द्रका अंगरक्षक थिए), ***कान्तिपुर,*** १९ जेठ, २०६६ ।

> सके न त उनीहरूले स्थिर,स्वच्छ र प्रभावकारी सरकारको निर्माण गरी आफ्नो निर्णायक शक्ति नै स्थापना गर्न सके । [११३]

नेपाली राजतन्त्र दुर्घटनाविना यति छिटै लोकतान्त्रिक सङ्क्रमणतर्फ अघि वढ्छ भनेर कसैले विश्वास गर्न सकेनन् । बरु त्यसपछिका दिनमा दलहरूले लोकतान्त्रिक संस्कारको विकास गर्ननै सकेनन् । उनीहरू विरोधका लागि विरोध गर्दै रहे । सत्ताबाहेक जनताको एजेण्डामा सम्बोधन हुने कुनै काम गर्न सकेनन् ।

## ३.३.६ प्रथम प्रतिनिधिसभा पछि मुलुकमा विरोधको राजनीति

संविधान निर्माणपछि जनताले स्थायित्व र स्थिरताको लागि मुलुकका ठूला पार्टीहरूलाई सत्ता चलाउन र प्रतिपक्षमा बस्न जनादेश दिएका थिए । प्रजातन्त्रले स्थायित्व लिने समयमा नेताहरूको व्यक्तिगत स्वार्थका कारण मध्यावधि निर्वाचन हुन गएको थियो ।[११४]

प्रथम प्रतिनिधि सभा २०४८ साल वैशाख २९ गतेदेखि २०५१ साल आषाढ २७ गतेसम्म चल्यो । संविधान वमोजिम विघटन भएमा बाहेक प्रतिनिधिसभाको कार्यकाल ५ वर्षको थियो ।

> 'प्रतिनिधिसभाको ५ वर्षे कार्यकाल ०५२ साल चैत्र मसान्तमा समाप्त हुने थियो । तर, प्रतिनिधिसभाको ७ औं अधिवेशनको ०५१ साल आषाढ २६ गतेको वैठकमा श्री ५ वाट २०५१ साल आषाढ १७ गते संसदको दुवै सदनको संयुक्त वैठकलाई सम्वोधन वक्स भएको श्री ५ को सरकारको नीति तथा कार्यक्रमका लागि मौसूफका जुनाफमा धन्यवाद चढाउन पेस गरिएको धन्यवादको प्रस्ताव स्वीकृत हुन नसकी प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सिफारिसमा श्री ५ वाट २०५१ साल आषाढ २७ गते प्रतिनिधिसभा विघटन गरिबक्स्यो । यस प्रकार प्रथम प्रतिनिधिसभा ३ वर्ष २ महिना मात्र अस्तित्वमा रह्यो ।'[११५]

प्रतिनिधिसभा छिटो छिटो विघटन हुनु, जनताको एजेण्डामा काम नहुनु, सत्ता विवादमा सांसदहरू केन्द्रित देखिनुले मुलुक लामो समय द्वन्द्वमा फस्न पुग्यो । केही नेताहरूमा देखिएको कमाऊ प्रवृत्तिले इमान्दार र त्यागी नेताहरू ओझेलमा पर्न गए । जनआन्दोलनपछि दलका

---

[११३] ***नेपालको संवैधानिक प्रक्रिया, एशिया रिपोर्ट नं १२८–२६*** फेब्रुअरी २००७, (ललितपुर : इन्टरन्यासनल क्राइसिस ग्रुप), पृ. २ ।

[११४] सुरेश सी. चालीसे, ***सोसियोलोजी अफ द लेजिस्लेटिभ एलिट ईन ए डेभलोपीङ्ग सोसाइटी,*** (काठमाडौं : नेपाल फाउण्डेसन फर एडभान्स स्टडीज, सन् १९९५), पृ. १६ ।

[११५] *(प्रथम प्रतिनिधिसभा)* ***पूर्ववत् टिप्पणी*** *नं. १०९*, पृ. ६ ।

नेताहरूमा अहंपना र स्वार्थीपना अत्यधिक बढ्दै गएको र व्यक्तिगत स्वार्थमा सबै व्यस्त रहेको पाइन्छ । पार्टीमा परिवारवाद हाबी भएको छ । नेतालाई परिवारकोमात्र चिन्ता रहेको छ ।[११६]

०४८ सालको आम निर्वाचनपछि पनि राजनीतिक दलहरू समावेशी हुन सकेनन् । त्यसको परिणामस्वरूप जनताको असन्तोष बढ्दै गएको थियो । ०४८ सालपछि राजा र पार्टीद्वारा केही दलितलाई राष्ट्रियसभामा पुऱ्याइयो भने २०४८ को निर्वाचनवाट नेपाली कांग्रेसले एक जना दलितलाई प्रतिनिधिसभामा पुऱ्याएको थियो । [११७] राज्य पुनःसंरचनाको सवालमा ०४८ सालको आमनिर्वाचनपछि पनि मुलुकका जल्दाबल्दा समस्याका लागि जनताले सडक नै रोज्नुपऱ्यो । नेपालमा जहिलेपनि जनता सडकमा नओर्ले सम्म केही पनि प्राप्त हुन सक्दैन भन्ने मानसिकतालाई संसद प्रभावकारी बन्न सक्छ भन्ने प्रमाणित गराउन सकिएन् । संसदले छिनोफानो गर्नुपर्ने राजनीतिक विषय समेत अदालतमा पुग्यो । नेपाल अधिराज्यको संविधान ०४७ मा व्यवस्था गरिएको प्रतिनिधि सभा धारा ५३ (४) बमोजिम प्रधानमन्त्रीको सिफारीसमा दुईपटक विघटन हुन गयो । दुबै विघटनमा सर्वोच्च अदालतमा मुद्दा पऱ्यो । यी दुई विघटनमध्ये अदालतले एउटामा वैध र अर्कोमा अवैध ठहर गरेर निर्णय गर्न पुगेको छ । यसले के देखाएको थियो भने संसद्‌ले राजनीतिक मुद्दालाई छिनोफानो गर्न सक्दैन् ।

> २०५० चैत्र १४ गते काठमाडौंको वानेश्वरमा भारतीय प्रहरीहरूद्वारा नेपाली नागरिकहरूको घरमा गरिएको अनधिकृत खान तलासी सम्वन्धमा छानविन गर्न संयुक्त समिति गठन गरियोस भन्ने सम्वन्धमा छलफल गर्न विपक्षी दलका नेता मनमोहन अधिकारी नेकपा(एमाले))ले प्रस्तुत गरेको अत्यन्त जरुरी सार्वजनिक महत्त्वका विषयहरूमा छलफल गर्न स्थगन प्रस्ताव अस्वीकृत भएका थिए ।[११८]

यदुनाथ खनालले–'प्रजातन्त्र पुनर्स्थापनापछिको पाँच वर्ष फाइदा र वेफाइदा केलाउने पर्याप्त समय हो । यसमा नेताहरूमा देखिएको क्षमताको अभावले राजनीतिमा अस्थिरता देखापऱ्यो । तीनमा सत्ताप्राप्तिको तीब्र लालसा, प्रमुख दुई दलहरूबीच सत्ता वाँडफाँडको मतभेद, संविधानभन्दा बाहिर जाने प्रवृत्ति, जनतामा झुट्ठा आश्वासन दिने, निर्वाचन प्रकिया ज्यादै उच्छृंखल बन्नु, झुट्ठा नारा र आश्वासनका कारणले गर्दा प्रजातन्त्रप्रति जनताको वितृष्णा वढ्न गएको'[११९] देखाएर जनआन्दोलनपछिको पाँचवर्षलाई केलाउने काम गरेका थिए ।

---

११६ ***महेश्वरलाल श्रेष्ट*** (पुराना राजनीतिक कार्यकर्ता, विशिष्ट सल्लाहकार र नेका जिल्ला कार्यसमिति चितवनको संरक्षक समेत रहनु भएका) सँग ०६४ साल भाद्र ८ गते चितवनमा गरिएको कुराकानी ।

११७ पदमलाल विश्वकर्मा, "समावेशी प्रजातन्त्रको स्वरुप र संरचनामा दलितको सवाल", प्रदीप घिमिरे (सं.), ***समावेशी लोकतन्त्र,*** (प्र.सं.), (काठमाडौं : फ्रिडम फोरम, २०६३), पृ. १२६ ।

११८ (प्रथम प्रतिनिधिसभा) ***पूर्ववत् टिप्पणी*** *नं. १०९*, पृ. १२ ।

११९ यदुनाथ खनाल, ***नेपाल एफ्टर डेमोक्रेटिक रेस्टोरेशन,*** (काठमाडौं : रत्न पुस्तक भण्डार, सन् १९९६), पृ. २५ ।

### ३.३.७ द्वितीय प्रतिनिधिसभा

द्वितीय प्रतिनिधिसभाका लागि निर्वाचनमा भाग लिने २४ वटा राजनीतिक दलहरूमध्ये ५ वटा दलहरूले मात्र आफ्नो उम्मेद्वार विजयी गराउन सके ।[१२०] दोस्रो आम निर्वाचन २०५१ साल कार्तिक २९ गते मंगलवारका दिन सम्पन्न भएको थियो । प्रतिनिधिसभाको आठौं अधिवेशन २०५१ साल मंसिर २८ देखि सुरु भई पन्ध्रौं अधिवेशन माघ १ गते (विघटन) सम्म चालू रह्यो । द्वितीय प्रतिनिधि सभाले करिव ४ वर्ष २ महिना अवधि पूरा गर्‍यो ।

> द्वितीय प्रतिनिधिसभाको कार्यकालमा ६ पटक प्रतिनिधिसभाको अधिवेशनहरू भए । सवै अधिवेशनहरू प्रधानमन्त्री उपर प्रतिनिधिसभाको विश्वास छैन भन्ने (अविश्वासको) प्रस्ताव प्रस्तुत गर्ने प्रयोजनका लागि समावेदन भई बसेका थिए । प्रतिनिधिसभाको प्रत्येक अधिवेशनमा एक/एक वटाका दरले प्रस्तुत गरिएका ६ वटा अविश्वासका प्रस्तावहरूमध्ये केवल एउटा प्रस्तावमात्र पारित भएको थियो । यसै गरी नियमित (बार्‍हौं) अधिवेशनमा पनि एउटा अविश्वासको प्रस्ताव पारित भएको थियो ।[१२१]

### ३.३.८ तृतीय प्रतिनिधि सभा

०५६ साल वैशाख २० गते र २०५६ साल जेष्ठ ३ गते गरी दुई चरणमा सम्पन्न आम निर्वाचनपछि गठन भएको तृतीय प्रतिनिधि सभा सोर्‍हौं अधिवेशन २०५६ असार ६ गते आइतवार सुरु भई पटक पटक अधिवेशन सुरु र अन्तगर्दै २०५९ साल वैशाख ४ गते वुघवार एक्काइसौं अधिवेशनसम्म चल्यो । संसदको २२ सौं अधिवेशन २०५९ जेठ ९ गते बस्ने गरी आव्हान भएकोमा प्रधानमन्त्री शेर बहादुर देउवावाट मिति २०५९ जेठ ८ गते प्रतिनिधिसभा विघटनका लागि श्री ५ समक्ष सिफारिस गरे अनुसार सोही दिन श्री ५ वाट प्रतिनिधिसभा विघटन गरिवक्सेको थियो ।[१२२] तृतीय प्रतिनिधि सभाले करीब २ वर्ष ११ महिनाको अवधि पूरा गरेको देखिन्छ । तृतीय प्रतिनिधिसभाको कार्यकालमा नेपाल अधिराज्यको संविधान २०४७ को पहिलो संशोधन विधेयक हृदयेश त्रिपाठी, नेपाल सद्भावना पार्टीद्वारा २०५६ असोज ७ मा प्रतिनिधिसभामा प्रस्तुत भएको थियो ।[१२३] त्यस समय संविधानमा संशोधन नै गर्न हुन्न जस्तो गरी संविधानको कमा र पूर्ण विराम पनि चलाउन दिइएन् । संविधानलाई जडसूत्र जस्तो बाइबल

---

१२० ***द्वितीय प्रतिनिधिसभा*** *(आठौं अधिवेशन देखि पन्ध्रौं अधिवेशन सम्म) २०५१–२०५५,* (काठमाडौं : संसद सचिवालय, संसदीय सूचना महाशाखा, संसदीय अनुसन्धान तथा सूचना केन्द्र, संसद भवन), पृ.४ ।

१२१ (द्वितीय प्रतिनिधिसभा), ***ऐजन,*** नं. १२०, पृ. २७ ।

१२२ ***तृतीय प्रतिनिधि सभा*** (सोन्हौं अधिवेशन देखि एक्काइसौं अधिवेशन सम्म) २०५६–२०५९, (काठमाडौं : संसद सचिवालय कार्य व्यवस्था महाशाखा, संसद भवन, सिंहदरवार, २०६१), पृ. २४ ।

१२३ (तृतीय प्रतिनिधि सभा), ***पूर्ववत् टिप्पणी*** नं. १२२, पृ. ४१ ।

र गीता बनाउन खोजियो । संविधानलाई ज्यादै कठोर बनाइएको परिणाम दोस्रो जनआन्दोलनपछि यो संविधानलाई शान्तिका लागि संविधानकै समर्थकहरूले पनि यसको पक्षमा उभिनै सकेनन् ।

## ३.४ प्रजातन्त्र सफलता र असफलताका केही अनुभव

प्रजातन्त्रका लागि नेपालमा सम्पन्न ०७ सालको आन्दोलन विश्व क्रान्तिको इतिहासमा ज्यादै छोटो थियो । यो क्रान्ति ज्यादा रक्तपातपूर्ण र अराजक नभई १०५ दिनमा टुंगिएको थियो । ०४६ सालको आन्दोलन ४९ दिनमा टुंगिएको थियो भने ०६२/०६३ को आन्दोलनको अवधि १९ दिने थियो । नेपालको हरेक क्रान्ति संझौतामा गएर टुंगीएको पाइन्छ । पहिलो सम्झौता दिल्लीमा गएर टुंगिएको थियो भने दोस्रो संझौता नेपालकै राजदरवारभित्र कांग्रेस, बामघटक र राजाको बीचमा टुंगिएता पनि आन्दोलनको पृष्ठभूमि बनाउन भारतीय नेताहरूकै हात थियो । अर्को तर्फ ०६२/६३ को जनआन्दोलन पनि दिल्लीमा सम्पन्न १२ बुंदे सम्झौतालाई आधार मानेर भएको थियो । यसरी सबै आन्दोलनको पृष्ठभूमिमा भारतको स्थान महत्वपूर्ण रहेको थियो ।

नेपालमा पटक पटक भएको आन्दोलनले नेपाली समाजको सम्पूर्ण क्षेत्रमा परिवर्तन ल्याउन सकेन । राजनीतिक, सामाजिक, आर्थिक, क्षेत्रमा आमूल परिवर्तन आउनुको साटो केवल एउटा व्यक्तिको स्थानमा अर्को व्यक्तिको शासन सत्तामा आएको परिवर्तनबाट जनताले ठूलो परिवर्तन भएको महसुस गर्न सकेनन् । शासन सत्तामा परिवर्तनमात्र भएको छ । मुलुकको आर्थिक, सामाजिक अवस्था उस्तै छ । प्रजातन्त्रमा जनताहरूलाई निराशामा राख्दा त्यसले क्रान्ति निम्त्याउन सक्छ भन्ने पुष्टि नेपालको घटनाले देखाइदियो ।

वि.सं. २०४६ को जनआन्दोलनसँगै नेपालमा प्रजातन्त्रको पुनःस्थापना भएको पाइन्छ । 'मुभमेण्ट फर डेमोक्रेटिक अर्डर' मा धर्मदासानी भन्छनः '०४६ सालको जनआन्दोलन हुनुमा भने घरेलु कारण प्रमुख जिम्मेवार रहेको छ । त्यसमा (१) राजनीतिक तत्त्व, (२) आर्थिक तत्त्व र (३) बाह्य तत्त्व प्रमुख रहेको छ ।'[१२४]

जनआन्दोलन वि.सं २०४६ पछि राजदरवार हत्याकाण्ड नभएसम्मको पुरै अवधिभर राजा वीरेन्द्रलाई ठूला राजनीतिक दलहरू झैं मुलुकका लागि एक स्थायी शक्तिका रूपमा हेर्न थालिएको थियो । प्रजातन्त्र स्थायित्वका लागि दरवार र दललाई हेरिनु संवैधानिक व्यवस्थाका लागि राम्रो संकेत थियो । तर, यो लामो समय रहन सकेन् । जेठ १९ को घटनापछि यत्रो राष्ट्रिय विपत्तिमा नेपाली जनताले आफ्ना प्रतिनिधिहरूको सर्वोच्च संस्था संसद्को दुबै सदनको संयुक्त

[१२४] एम.डी. धर्मदासानी (सं.), ***डेमोक्रेटिक नेपाल,*** (बाराणासी : सालिमार पब्लिशिङ्ग हाउस, १९९२), पृ. १-११ ।

वैठक बस्ला भन्ने अपेक्षा गरेका थिए । निश्चय नै वैधानिक प्रावधानमा यस्तो व्यवस्था कतै थिएन तर यो अपेक्षा जनताको सोझो र निष्कपट अपेक्षा थियो । किनभने संविधानले यस्तो अवस्थामा जिम्मेवारी दिएको राजपरिषद् पुरै निष्प्राण र जिम्मेवारीशून्य संस्थाका रूपमा देखियो । राजा, रानी लगायत राजपरिवारका अनेकौं सदस्य एकै चोटि स्वर्गारोहण भयो भनेर करिब १२ घण्टा पछि घोषणा गर्दा पनि मृत्युको कुनै कारण दिन नसक्ने संस्थालाई राजा घोषणा गर्ने अधिकार किन दिने भन्ने प्रश्न कतिपय नेपालीका मनमा उत्पन्न भएकै हो । त्यसैले पनि स्वाभाविक रूपमा जुनसुकै प्रक्रियाबाट भए पनि तत्काल संसद्को वैठ्कको अभाव प्रत्येकका मनमा उत्पन्न स्वाभाविक चासो थियो ।[१२५]

०४६ सालमा पुनःस्थापित भएको प्रजातन्त्रको लगत्तै १२ बर्षको अन्तरालमा मुलुकभित्र अनेकौं समस्याहरू देखिए । माओवादी समस्या, दलहरूमा विरोध को लागि विरोध, राजदरवार हत्याकाण्ड, सेनाद्वारा निर्वाचित प्रतिनिधिको आदेशभन्दा राजाको आदेश मान्ने परम्पराको विकास, राजसंस्थाको सत्ताकव्जा गर्ने सोच, दासढुङ्गा हत्याकाण्ड, महाकाली सन्धि, प्रतिनिधिसभा विघट्न भैरहने, ज्ञानेन्द्रमा प्रत्यक्ष शासनको आकांक्षा पलाउनु आदि देखियो । जननिर्वाचित प्रतिनिधिहरूले यस समय प्रजातन्त्रलाई अगाडि वढाउन नसक्नु र सेनालाई आफ्नो मातहत ल्याउन नसक्नु नै वहुदलवादीहरूको असफलताको कारण वनेको थियो । यसको पुष्टी माथि दिइएको उपशिर्षक ३.३.५ को पाद टिप्पणी नं. ११३ ले गर्दछ । त्यस समय राजा संविधानभन्दा बाहिर बस्न खोज्ने क्रममा संविधानलाई चुनौति दिंदै कतिपय राज्यका महत्वपूर्ण अंगमा तजबीजी आधारमा नियुक्त गर्न थाले । दलहरूले मुलुकलाई स्थिरता दिनुपर्नेमा ऐतिहासिक जनआन्दोलनको मर्म विपरित कामहरू हुन थाले । प्रजातन्त्रलाई संस्थागत गर्ने तर्फ कसैको ध्यान गएन । ०७ सालको जनक्रान्तिबाट प्राप्त भएको उपलव्धीलाई १० वर्षपनि जोगाउन नसक्ने नेपाली समाजले ०४६ सालको उपलव्धीलाई पनि जोगाउन सकेन । यस सम्बन्धमा संविधान सुझाव आयोग २०४७ का अध्यक्ष तथा पूर्व प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायले भने जस्तो– "संवैधानिक प्रयोग गर्ने बौद्धिक लहडबाजीको लागि गरिनु हुन्न, अन्यथा देशको राजनीति र संवैधानिक व्यवस्था सँधै अस्थिर र अन्योल भैरहने संभावना रहन्छ ।"[१२६]

> २१ औं शताब्दीको नेपाल गम्भीररूपमा गुरिल्ला विद्रोहबाट आक्रान्त भएको थियो । तर, राजाले यस किसिमको गृहयुद्धमा सेना परिचालन गरेर व्यापक गृहयृद्ध मच्चाउन चाहेका थिएनन् । सेनाको परमाधिपति भएको कारण राजाको आदेशले मात्र सेना परिचालन हुन

---

[१२५] नरहरि आचार्य, ***कांग्रेसमा प्रजातन्त्र,*** (प्र.सं.), (काठमाडौं : संवत्सर प्रकाशन, २०६२), पृ. ५१ ।

[१२६] मुकुन्द रेग्मी, ***संवैधानिक विकास र नेपाल अधिराज्यको संविधान, भाग–१२०४७,*** (प्र.सं.), (प्रकाशकको स्थान उल्लेख नभएको : सीतादेवी रेग्मी,मातृका रेग्मी, महेन्द्र रेग्मी र राजेन्द्र रेग्मी, २०६१), पृ. (क) ।

सक्थ्यो । सेना परिचालनका लागि राजामाथि उनका प्रधानमन्त्रीको त्यतिकै दवाव परेको थियो । तर, राजा सेना परिचालनका लागि हरियोझण्डा देखाउन राजी भएका थिएनन् ।'[१२७]

राजा सक्रिय हुन थालेपछिको अवधि अर्थात् ०५९ असोज १८ र ०६१ माघ १९ पछिको समयलाई हेर्ने हो भने राजाको यस कदमका विरुद्धमा तत्काल प्रतिरोध गर्न सक्ने अवस्थामा त्यस समय कोही देखिएन । त्यसको कारण राजालाई मनोमानी गर्ने बाटो क्रमशः खुल्दै गयो । तसर्थ 'प्रजातन्त्रको सङ्कट' निदान गर्नका लागि जनतामा प्रजातन्त्रको सच्चा पहरेदारी गर्ने विकसित राजनीतिक संस्कृति भएन । प्रजातन्त्रमा निरन्तर आक्रमण भइरह्यो ।

नेपाली जनतालाई राजा, आगो, वाढी, पानीसँग चुनौती लिन हुन्न भनेर सानैबाट सिकाइएको हुन्थ्यो । राजनीति संस्कृतिमा राजा सर्वोच्च भएको कारण राजाले संविधान मिच्दासमेत सहन पुगे । 'राजा देख्दैन, देख्ने देउता बोल्दैन' भन्ने मान्यता वोकेको नेपाली समाजले सुरु सुरुमा राजाको ठूलै विरोध गर्न सकेन् । राजा वीरेन्द्र लामो समय आफूलाई देखिने राजाको रूपमा प्रस्तुत गर्न देशदर्शनको क्रममा मुलुकको विभिन्न भाग भ्रमण गरिरहन्थे ।[१२८] ज्ञानेन्द्रले शायद सत्ता सम्हालेपछि बरोबर उनले भन्ने गरेको 'देखिने र सुनिने राजा' को अर्थ शायद जनतामा गएर अभिवादन खाने राजाको रूपमा देखिन चाहेको हुन सक्छ । 'असोज १८ को प्रतिगमनकारी कदमको निरन्तरतामा चालिएको प्रतिगमनको अर्को फड्को माघ १९ को शाही कदम हो । राजाको यो कदम एकप्रकारको सैनिक 'कू' नै हो जसले २०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट नेपाली जनताले प्राप्त गरेका सीमित प्रजातान्त्रिक अधिकारहरू पूर्ण रूपमा अपहरण गरेको छ ।'[१२९]

प्रजातन्त्रको सफलताको मापदण्ड के ? असफलताको मापदण्ड के यसलाई सजिलै बुँदागतरूपमा उल्लेख गर्न सकिंदैन् । तर, नेपालमा प्रजातन्त्र विगत ६ दशकजतिको अवधिलाई हेर्ने हो भने यसलाई सफल र स्थिर बन्न नदिने तत्त्वहरूमा आन्तरिक र वाह्य कारण उत्तिकै जिम्मेवार छन् । ०४८साल पछि ०५१ को मध्यावधि निर्वाचन नभएसम्म प्रजातन्त्रको उत्कृष्ट वर्षका रूपमा लिन सकिन्छ ।

२०४६ सालको ऐतिहासिक जनआन्दोलनको परिणाम निरंकूश शासन व्यवस्थाको पतन भएर नेपालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनःस्थापना भयो । २०४६ सालको

---

१२७ जोनाथन ग्रेगसन, ***ब्लड एगेन्स्ट द स्नोजः द ट्राजिक स्टोरी अफ नेपाल्स रायल डायनास्टी,*** (न्यूदिल्ली : हार्पर कोलिन्स पब्लिशर्स, २००२), पृ. १०४ ।

१२८ डोरबहादुर विष्ट, ***फाटालिज्म एण्ड डेभलोपमेण्ट,*** (प्र.सं.), (हैदरावाद : ओरियन्ट लन्गमेन, १९९१ छैंठौं पुनर्मुद्रण २००१), पृ. ११३ ।

१२९ ***प्रकाश,*** *माघ १९ र क्रान्तिकारी कार्यनीति,* (काठमाडौं : विश्वसाहित्य प्रकाशन, २०६२), पृ.६ ।

जनआन्दोलनको सर्वाधिक महत्वपूर्ण उपलब्धि नेपाल अधिराज्यको संविधान, २०४७ नै हो भन्ने कुरामा कुनै विवाद हुन सक्तैन ।[१३०] भन्ने धारणा विश्वनाथ उपाध्यायको रहेको छ । ०४६ सालको जनआन्दोलनपछि वनेको ९ सदस्यीय संविधान सुझाव आयोगमा २ जना दरवारका, कांग्रेस र कम्युनिष्टका तीन–तीन जना र निष्पक्ष अध्यक्षका रूपमा विश्वनाथ नै रहेका थिए । तिनीहरू निर्वाचीत थिएनन् । तर,जनआन्दोलनको भावनाअनुसार यो संविधान तयार भएको थियो ।

प्रजातन्त्रको १२ वर्ष कुनै अर्थमा पनि खेर गएको अवधि थिएन । आधुनिक नेपालको झण्डै २४० वर्षको इतिहासमा जनता अधिकार सम्पन्न र केहि मात्रामा भएपनि साधन सम्पन्न भएको अवधि यहि थियो । यसै अवधिमा ग्रामीण नेपालले राज्य शक्तिमा आफ्नो हिस्साको दावी गर्‍यो र ग्रामीण जनता नै राजनीतिक शक्तिको नयाँ आधार बने । यस अवधिमा देखिएका कतिपय विकृति र कमजोरीबाट जोगाउन सकिएको भए प्रजातान्त्रिक शासनकाल अझ उपलव्धीमूलक हुने थियो ।[१३१] प्रजातन्त्रको उत्कृष्ट वर्षमा नेपालले नीजीकरणले जोड लियो । लगानीलाई प्रत्याभूति गर्ने क्रममा सरकारले नीजीक्षेत्रका लागि आवश्यक प्रोत्साहन दियो । यस अवधिमा मुलुकको आर्थिक क्षेत्रमा व्यापक विकास र विस्तार भयो । शहरी क्षेत्रवाट नाघेर यसले ग्रामीण क्षेत्रसम्म पहुँच बनायो । ग्रामिण दुर्गम भेगको सशक्त प्रतिनिधित्व यसै समयमा भयो र यसै अवधिमा निजी–सार्वजनिक क्षेत्रमा निकै ठूलो लगानी भएको थियो । जनआन्दोलनपछि समाजका पिछडिएका वर्गले निकै ठूलो आवाज उठाउने मौका पाएका छन । जनआन्दोलनपछि नै हरेक व्यक्तिहरूमा यो देश मेरोपनि हो भन्ने भावनाको विकास भई देशको अवस्थामा सुधार को लागि आवाज उठाउँदै आएका छन । शायद यसलाई जनआन्दोलनपछिको उपलब्धी नै मान्न सकिन्छ ।

आमनिर्वाचनका प्रतिस्पर्धाहरूमा प्रत्येक राजनीतिक दलका कम्तीमा पाँच प्रतिशत उम्मेदवारहरू महिला हुनैपर्छ । त्यसै गरी राष्ट्रियसभाका ५ प्रतिशत स्थानहरू पनि महिलाका निम्ति आरक्षित छन् । संशोधित स्थानीय निकाय ऐन,२०४९ ले गाविस, वडा समितिहरूका २० प्रतिशत सदस्यहरू महिला नै हुनुपर्ने र गाविस, नपा र जिविसहरूमा कम्तीमा एक जना महिला सदस्य पिछडिएको समुदायबाट मनोनीत गरिने व्यवस्था गरिएको छ ।[१३२]

---

[१३०] मुकुन्द रेग्मी, ***पूर्ववत् टिप्पणी*** नं. १२६, पृ. (ख) ।

[१३१] राम शरण महत, ***ईन डिफेन्स अफ डेमोक्रेसी,*** (न्यू दिल्ली : एड्रोइट पब्लिसर्स, सन् २००५), पृ. ३९० ।

[१३२] स्टेफेन जे., किलिङ, (सम्पादन), ***नेपालमा गरिबमुखी शासन एक मूल्याङ्कन,*** (प्र.सं.), (प्रकाशन स्थान उल्लेख नभएको २०५८), पृ. १३ ।

जनआन्दोलनपछि नै जनताको चेतनाको स्तर निकै माथि उठ्यो । प्रतिनिधिसभामा ५५ प्रतिशतभन्दा वढी स्थान पाएको पार्टीले संसदको पुरा अवधि नवित्दै मध्यावधी निर्वाचनको कुरा गरेर शासनको व्यवस्थापन भने गर्न सकेन । नेकामा प्रजातन्त्र जोगाउन क्रान्तिको आँधीवेहरी ल्याउने अनुभव छ । तर प्रजातन्त्र ल्याईसकेपछि प्रजातन्त्रको संस्थागत विकास गर्नसक्ने ढंग देखिएन । राजनीतिक वृत्तमा २०५ मध्येमा ११३ स्थान पाएर सरकार बनाएको पार्टीमा पहिलो आम निर्वाचनको वर्ष पनि पुरानै राजनीतिक प्रवृत्ति हावी देखियो । नेका पछिको ठूलो पार्टी एमालेमा पनि सत्तापक्षका विरुद्ध चरम विषवमन र असंसदीय चरित्र देखिन थाल्यो । नेपालका ठूला दलहरूभित्रको गुटबन्दीको फाइदा त्यसपछिका दिनमा पार्टी बाहिरका शक्तिहरूले लिन थाले ।

०५१ सालपछिका दिनहरू प्रजातन्त्रका लागि त्यति आशालाग्दो क्षण देखिएन् । जनताको आवश्यकता सम्बोधन हुन नसकेपछि कतिपय संवैधानिक धरोहरहरू टिक्न सकेनन् । पार्टीभित्र आन्तरिक प्रजातन्त्रको कमी र दरवारको चलखेललाई समयमै नियन्त्रण गर्न नसक्नाले नेपालको मूलधारका राजनीतिक दलहरू पनि प्रजातन्त्रको असफलतामा कुनै न कुनै रूपमा जिम्मेवार देखिन्छन् ।

## ३.४.१ प्रजातन्त्र सफलताका कारण

संसदीय व्यवस्थाको सवैभन्दा महत्त्वपूर्ण विशेषता उत्तरदायी शासन व्यवस्था हो । प्रतिनिधि सभालाई छल्ने काम नेपालका निर्वाचित पदाधिकारीहरूले बेलाबखत गर्ने गरे । सन्धिलाई समझदारी भनेर ढाँटने काम यहाँ नभएको होइन् । नेपालमा लोकतान्त्रिक सरकारले सन्धि, संझौता र समझदारीहरू प्रायः गोप्य र अपारदर्शिरूपमा गरेकै कारण निर्वाचित सरकार सदैव सङ्कटमा पर्न गएका छन् । यदि यी कुराहरू पारदर्शी भैदिएको भए नेपालको प्रजातन्त्रले पटक पटक दुर्घटना निम्त्याउनुपर्ने थिएन् । ०४६ सालमा भएको त्रिपक्षीय समझदारीको विपरीत राजा सक्रिय बन्न नखोजेका भए राजतन्त्र र जनताबीच त्यसरी अन्तरविरोध चर्कने थिएन ।

> 'राजा महेन्द्रले पौष १, ०१७ मा देशको सम्पूर्ण शासन व्यवस्था आफ्नो हातमा लिंदा नेपाली कांग्रेसको प्रजातान्त्रिक सरकारलाई भ्रष्टाचार र अराष्ट्रिय तत्त्वको आरोप लगाएका थिए । गलत आर्थिक नीतिले देशलाई हानी पुगेको वताइएको थियो ।' [१३३]

राजाले ०५९ असोज १८ मा राजकीय सत्ता लिइसक्दा पनि नेपालका राजनीतिक दलहरूले कुनै सशक्त प्रतिरोध गर्न सकेनन् । दल र राजाका लागि यो समय निरर्थक अवधि सावित भयो । राजाले जनतालाई विश्वासमा लिएर कुनै कार्य गर्न सकेनन् । राजालाई

---

[१३३] लोकराज बराल, ***नेपाल प्रोब्लेम्स अफ गभर्नेन्स,*** (न्यू दिल्ली : कोनार्क पब्लिशर्स, १९९३), पृ. २९ ।

संवैधानिक बनाउने प्रयास गर्नु नै ०४६ सालका आन्दोलनकारी शक्तिहरूका लागि प्रजातन्त्रमा संकट वढाउने कारण बनेको थियो । किन कि राजालाई संवैधानिक भूमिकामा चित्त वुझेको थिएन ।

प्रजातन्त्रका निम्ति राजनीतिक दलहरू अनिवार्य हुन्छन् भन्ने कुरा बेलायतले देखाएको छ । सर्वप्रथम अठारौं शताब्दीमा पुरातनवादी 'टोरिज' को विरुद्धमा 'ह्विग' समूहको आगमनका साथ बेलायतमा आधुनिक राजनीतिक दलहरूको उदय भयो । ह्विग र टोरिजको निर्माणपछि पनि सन् १८३२ मा कार्लटन क्लव, क्लव गभर्मेण्ट आदिको निर्माण भएको थियो । सुधार बिलपछि बेलायतको हाउस अफ कमन्समा ६५८ सदस्य सांसद भए । जनमत तयार गर्ने संचार माध्यम प्रेस, रेडियो, टेलिभिजनले दुई ठूला दलका विषयमा विचार प्रवाह गर्ने गर्दथे ।[१३४] पछि यी दुई ठूला दलको विकल्पमा वनेको कन्जरभेटिभ र लेवोर पार्टीले बेलायतमा ठूलो भूमिका खेल्न थाले ।

नेपालमा कांग्रेस र कम्युनिष्ट पार्टीले बेलायती राजनीतिक दलको जस्तो सद्भाव देखाउन सकेनन् । विरोधका लागि विरोधको प्रवृत्ति देखियो । राजनीतिक दलविनाको प्रजातन्त्र कल्पना गर्न नसकिए पनि राजतन्त्रले यसबीचमा दलहरूलाई पाखापार्ने काम गऱ्यो । उसको भूमिका अभिभावकको भएन् । विरोधीका रूपमा भयो । दलभित्र आन्तरिक प्रजातन्त्र नभई परिवारवादले प्रश्रय पाएको आरोप मुख्य दलमाथि लाग्ने गऱ्यो । तिनलेपनि लोकतान्त्रिक संस्कार देखाउन सकेनन् । प्रजातन्त्र भन्नाले केवल बहुमतको शासन मात्र हैन् । यसले अल्पसंख्यकको अधिकार पनि संरक्षण गर्न सक्नुपर्दछ । प्रजातन्त्रमा जन प्रतिनिधिले सदैव उत्तरदायित्व र जवाफदेही बहन गर्नुपर्ने हुन्छ ।[१३५] नेपालमा जुन जुन अवस्थामा राजा जनताका हातबाट सत्ता कव्जा गर्न पुगेका थिए त्यस अवस्थामा तिनको– 'व्यक्तिगत स्वेच्छाचारी शासनले मुलुकको राजनीतिक, आर्थिक र सामाजिक अवस्थामा प्रजातन्त्रको सिद्धान्तविहीन प्रयोग हुन पुगेको छ ।'[१३६] दल र राजामा प्रजातान्त्रिक संस्कार र संस्कृतिको विकास हुनु पर्नेमा नभएरै मुलुकको प्रजातन्त्र दुर्घटनामा गएको हो । एउटाको अस्तित्व अर्कोले नामेट गर्न खोज्दाको परिणाम नेपालको प्रजातन्त्रले सदैव सङ्कट भोग्नुपरिरहेको हो ।

---

१३४ आर.टी. मेकिन्जाई, ***ब्रिटीश पोलिटिकल पार्टीज,*** (लण्डन : विलियम हाइनमेन लि., सन् १९५५), पृ .१-३ ।

१३५ अदाम प्रेजेवर्स्की, सुशान सी. स्टोक्स र बर्नार्ड मेनीन, (सं), ***डेमोक्रेसी एकाउन्टवेलीटी एण्ड रिप्रीजेन्टेशन,*** (युनाइटेड किंङ्गडमः क्याम्ब्रिज युनिभर्सिटी प्रेस, १९९९), पृ. १० ।

१३६ आर.एस. चौहान, ***द पोलिटिकल डेभलप्मेन्ट ईन नेपाल (१९५०-७०),*** (न्यू दिल्ली एशोसिएटेड पब्लिशिङ्ग हाउस, १९७१), पृ. २ ।

### ३.४.२ प्रजातन्त्र असफलताका कारण

प्रजातन्त्रलाई अस्थिरतामा लैजानका लागि राजनीतिक दलका नेताहरू मात्र होइन मुलुकको लोकतान्त्रिक संस्कृति पनि त्यतिकै जिम्मेवार छन् । सत्ताका लागि अपवित्र गठबन्धन बाह्र वर्षे प्रजातान्त्रिक कालमा प्रशस्त भयो । अल्पमतले बहुमतलाई शासन गर्‍यो । अपवित्र गठबन्धन गरेर ३० वर्षसम्म आफैंलाई पीडा दिएका प्रतिगामी शक्तिहरूसँग पनि सत्ताका लागि ठूला दलहरूले गठबन्धन गर्न पुगे । राप्रपा–एमाले गठबन्धन सरकारको प्रयोग आफैंमा अनौंठो थियो । कांग्रेसले ३ वटा निर्वाचनमा ३७ प्रतिशतभन्दा वढी मत हासिल गर्न सकेन तर, उसैले लामो समय सरकार चलायो ।

अर्कोतिर, स्वतन्त्रता पाएरमात्र पनि हुँदो रहेनछ । भारत र पाकिस्तानसँगैं स्वतन्त्र भएर पनि भारतले प्रजातन्त्रको संस्थागत विकास गरिसकेको छ । तर, पाकिस्तानमा विविध मूल्य र मान्यताका कारणले अझैसम्म पनि प्रजातान्त्रिक संस्कारको विकास हुन सकेको पाइँदैन् । त्यहाँ जहिले पनि सैनिक शासनकै बोलवाला रहेको छ । निर्वाचित प्रतिनिधिलाई लामो समय सरकारमा रहनै दिइन्न ।

> 'स्वतन्त्रतापछि पाकिस्तानमा प्रमुख शक्तिका रूपमा सेनाको राजनीतिमा प्रत्यक्ष र अप्रत्यक्ष नियन्त्रण बन्न पुगेको छ । मुगल साम्राज्यको ऐतिहासिक महत्त्व वोकेको मुस्लिम सेनाको उत्तराधिकारीका रूपमा पाकिस्तानी सेनाले कहिलेकाहीं सङ्कटको समयमा वैकल्पिक राजनीतिक नेतृत्वसमेत प्रदान गर्ने गरेको छ । आवश्यकताको सिद्धान्त (डक्ट्रिन अफ नेसेसिटी) अनुसार राजनीतिक सङ्कटले गतिरोध उत्पन्न गर्दा त्यहाँको सैन्य शासनलाई वैध ठानिएको छ ।' [१३७]

एशियाली मुलुकका राजनेताहरू जनताको जीवनस्तर उठाउने काममा चुकेका छन । अत्यधिक राजनीतिकै कारण मुलुकको अन्य आर्थिक, सामाजिक क्षेत्र ओझेलमा पुगेको छ । राजनीतिले खाली राखेको क्षेत्रमा सेनाले आफ्नो भूमिका वढाउँदै लगेको पाइन्छ ।

०४६ सालको जनआन्दोलनपछि तीनवटा आम निर्वाचन सम्पन्न गरिसक्दा पनि नेपालले प्रजातन्त्रको संस्थागत विकास गर्न सकेन् । परम्परागत रूपमा राज्यबाट अलग बनाइएको समूह आदिवासी जनजातिहरूको संसद, मन्त्रिमण्डल, प्रशासन र न्यायपालिकामा तिनको उपस्थिति ०४६ सालको प्रजातन्त्र पुनःस्थापनापछि झन एकदमै न्यून रह्यो ।[१३८] यसरी शासनमा देशको ठूलो हिस्साले सम्मानजनक स्थान नपाएपछि शासनमा जनताको कसरी सहभागी हुन्छ ? प्रजातन्त्र सङ्कटमा पर्ने निश्चित थियो, मुलुक सङ्कटमा पर्‍यो । 'समाजबाट अलग्याइएका समूह

---

[१३७] पिटर आर. ब्लड (सं), ***पाकिस्तान ए कन्ट्री रिपोर्ट,*** (वासिङ्गटन डिसी : फेडरल रिसर्च डिभिजन, लाइब्रेरी अफ कांग्रेस, १९९५), पृ. २०३ ।

[१३८] महेन्द्र लावती, ***ट्वार्ड्स ए डेमोक्रेटिक नेपाल,*** (न्यूदिल्ली : सागे पब्लिकेशन्स, २००५), पृ. १९ ।

गोलवन्द हुन गएमा प्रजातन्त्र विरोधी शक्तिलाई बल मिल्ने हुन्छ ।'[१३९] यसका लागि मुलुकमा लामो समयदेखि भूमिगत रहेको माओवादी पार्टीले त्यस्ता जनताहरूको आकांक्षा वढाउने काम गरेर अगाढि ल्यायो ।

लोकतान्त्रिक सरकार अधिनायकवाद जस्तो सेना र प्रहरी लगाएर जनतालाई दवाउन सक्दैन । उच्च नैतिकता भएको जनतावाट मात्र प्रजातन्त्र जोगाउने भएकाले विधि मान्ने परम्परा, सबल अर्थ व्यवस्था, मानवमाथि भएको लगानी, रोटीको चिन्तावाट जनतालाई मुक्ति दिलाउन सके मात्र त्यस्ता मुलुकमा चालु प्रजातन्त्र सफल बन्न सक्दछ ।[१४०]

त्यति मात्र हैन आफ्नै देशका जनजातिहरूलाई शासनमा सहभागी गराउन सकिएन भने तिनमा देश मेरो हो तर शासनमा म छैन त्यसैले राज्य मेरो हैन भन्ने भावना विकास हुन्छ । लोकतान्त्रिक शासन व्यवस्थामा सबैजनता सहभागी हुन सकेन भने व्यवस्थाभित्र विभिन्न सङ्कटहरू देखिने गर्दछन् ।

२०४६ सालको सफल जनआन्दोलन लगत्तै संक्रमणको क्रममा अनेंकौं अस्थिरताका घटनाहरू देशभित्र घटे । ०४८ सालको आम निर्वाचन सम्पन्न भएको लगत्तै नेपालको प्रजातन्त्रले कहिल्यै राजनीतिक स्थिरता लिन सकेन ? सरकार गठन भएको १५ दिनपछि नै सरकारले राजीनामा गर्नुपर्छ भन्दै सडकमा आन्दोलन सुरु गरियो, सरकार विरुद्ध सरकारी कर्मचारीलाई नै सडकमा उतारियो ।[१४१] यसरी विरोधी दलहरूमा विरोधका लागि विरोध गर्ने परम्पराले पछि वन्ने सरकारलाई पनि कालान्तरमा काम गर्न असजिलो बन्न गयो । प्रजातन्त्र प्राप्तिपछि देशले तीनवटा आम निर्वाचन सम्पन्न गरिसक्दा पनि मुलुक अस्थिरतामै गइरह्यो । दलहरूमा परिपक्वताको विकास हुन सकेन् । मुलुक संक्रमणकै चरणबाट गुर्जिन विवश भयो । ( १) प्रथम प्रतिनिधि सभा ३ वर्ष २ महिनामात्र अस्तित्वमा रह्यो (२) द्वितीय प्रतिनिधि सभाले करिब ४ वर्ष २ महिना अवधि पूरा गऱ्यो (३) तृतीय प्रतिनिधि सभाले करिव २ वर्ष ११ महिनाको अवधि पूरा गऱ्यो ।[१४२]

---

१३९ (लावती), ***ऐजन,*** १३८, पृ. २३ ।

१४० नेनी ए. पाल्किवाला, "वी द पीपुल", ***इण्डिया द लार्जेष्ट डेमोक्रेसी,*** (न्यूदिल्ली : युबीएस पव्लीसर्स डिष्ट्रीव्यूटर्स, १९९७), पेज ५ ।

१४१ बेनी बहादुर कार्की, संसदीय गतिविधिको वर्तमान परिप्रेक्ष्य एक चर्चा, ***समसामयिक कानुनी, राजनैतिक तथा संसदीय समस्याहरू भाग-२,*** (काठमाडौं : संवैधानिक तथा संसदीय अभ्यास समाज, २०५१), पृ. ६ ।

१४२ (तृतीय प्रतिनिधि सभा २०५६–२०५९), ***पूर्ववत् टिप्पणी*** नं.१२२ पेज १ र ४ ।

पञ्चायतले ३० वर्ष आफ्ना विरोधीहरूलाई व्यवस्थामा प्रवेश नै दिलाएन् । त्यसकै कारण पञ्चायत व्यवस्था साम्यवादी सोभियत रुसको व्यवस्था ढले जस्तै ढल्यो । तसर्थ लोकतान्त्रिक व्यवस्थाका लागि उत्तरदायी सरकार, पारदर्शिता, विधिको शासन, र स्वतन्त्रता आदि आवश्यक हुन्छन् ।

०४६ सालपछिको परिवर्तनले बहुदलीय प्रजातन्त्र, संसदीय व्यवस्था, संवैधानिक राजतन्त्र, स्वतन्त्र न्यायपालिका र मानव अधिकारलाई संविधानमार्फत नै प्रत्याभूत गरेको थियो । तर, दलहरू कमजोर भएको अवस्थामा नेपालको राजतन्त्रले आफ्नो भूमिका सक्रिय बनाउँदै लाने गर्दथ्यो । "राजदरबारबाट कांग्रेस र एमालेमा रहेका, राष्ट्रवादी छवि भएका र बनाउन चाहने नेताहरूको खोजी गरियो । उनीहरूसंग एक प्रकारले सहकार्य जस्तै भयो ।" [१४३]

०४६ को जनआन्दोलनले बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रलाई संस्थागत गरेपनि दलहरू कमजोर हुने वित्तिकै राजतन्त्र सक्रिय हुन खोजेको देखिन्छ । राजाले ठूला दलहरूलाई बेवास्ता गरी सा-साना दलहरूलाई काखी च्यापेर आफ्नो ईशारामा चलाउने राजा महेन्द्र देखिको परम्परालाई ज्ञानेन्द्रले पनि निरन्तरता दिए । ०५९ असोज १८ र ०६१ माघ १९ पछि राजाले चालेको कदम पनि यस्तै थियो । पछिल्लो समयमा पनि राजा ज्ञानेन्द्र ठूला दलको सहयोग नलिएर नारायण सिंह पुन, कुवेर शर्मा, कमल थापा, गोरे बहादुर खपागीँ जस्ताले खोलेका सा–साना पार्टीको सहयोग लिन पुगेका थिए ।

लोकतान्त्रिक व्यवस्थामा पनि विभिन्न विकृतिहरू भित्रिएका कारण नेपालमा ०५२ सालपछि माओवादी जनयुद्धले प्रवेश पायो । यहींबाट नेपालमा बन्दुक संस्कृतिको विकास भयो । सडकबाट समस्याको समाधान खोज्ने नराम्रो पद्धति देखियो । माओवादी गतिविधिले मुलुकलाई द्वन्द्वको स्थितिमा पु–याएर १४ हजार भन्दा बढी व्यक्तिले ज्यान गुमाउन पुगे । हत्या र हिंसाको राजनीतिले मुलुकलाई लामो समय सङ्कटको अवस्थामा पुऱ्यायो । यसले मुलुकमा लगभग डेढ दशक जति अस्थिरता र अन्यौल ल्यायो । अन्यौल ल्याउने काममा दलहरूका नेतामात्र जिम्मेवार थिएनन् । राजाको पनि त्यसमा ठूलो भूमिका थियो । 'सरकारले संसदको बीसौं अधिवेशनवाट पारित गरी लालमोहरका लागि राजा समक्ष प्रस्तुत गरेको नागरिकता विधेयक अनिर्णित हुनुमा राजाले सर्वोच्च अदालतको राय मागेको र सर्वोच्चले उक्त विधेयक संविधानसँग बाझिएको राय दिएपछि नेकपा (एमाले) र राप्रपा (चन्द) को संयुक्त सरकारले टोली मार्फत वितरण गरेको ३०

---

[१४३] (विवेक कुमार शाह), ***पूर्ववत् टिप्पणी*** नं ७५, पृ. ९१ ।

हजारभन्दा वढी नागरिकताको प्रमाणपत्र रद्द गर्ने फैसला सर्वोच्चले गर्दियो ।[१४४] नागरिकतालाई लिएर भोट वैंकको राजनीति गर्ने दलहरूका लागि यसले केही पाठ सिकाएको छ ।

त्यस्तै सन्धिलाई समझदारी भन्ने नेताहरूका लागि टनकपुर सन्धिमा अदालतले दिएको फैसलाका आधारमा शेरबहादुर देउवाको नेतृत्वको संयुक्त सरकारले महाकाली सन्धि दुईतिहाई बहुमतले पास गरेर जनआन्दोलनका सहयात्रीहरू समझदारीमा पनि चल्न सक्छन् भन्ने देखाइदियो । तर, यो समझदारी सत्ताको लागि मात्र थियो । भ्रष्टाचारको आरोपमा दलका नेताहरूलाई कार्वाही गर्छु भनेर अगाडि वढ्दा सर्वोच्चले राजाद्वारा गठन भएको भ्रष्टाचार हेर्ने निकायलाई नै विघटन गर्ने आदेश दियो । त्यसैले यस अवधिमा अदालतले कसैलाई पनि स्वेच्छाचारी र अधिनायकवाद वन्न दिएको छैन भन्ने कुरालाई माथि विभिन्न खण्डमा दिइएका प्रमाणले पुष्टि गरेका छन् ।

'नेपालमा प्रजातन्त्र अझै संकटमुक्त छैन, अहिलेको संकट नेताहरूकै नैतिक तथा चारित्रिक कमजोरीबाट उत्पन्न भएको छ । प्रजातन्त्रमा उच्च नैतिक मापदण्ड नेताहरूले अपनाउनु पर्छ । नैतिकता देखाउन सकेन भने प्रजातन्त्र बलियो बन्न सक्तैन भनेर गणेशमान सिंह बारम्बार भन्ने गर्दथे ।'[१४५] प्रजातन्त्र सुदृढीकरणका लागि राजनीतिक दलहरूबीच सहमति र समझदारी आवश्यक हुन्छ । तर, नेपालमा ०४६ सालको प्रजातन्त्र पुनःस्थापनापछि पनि दलहरूमा राष्ट्रिय सहमति वन्न सकेन । मुलुकमा विधि नमान्ने परम्पराको विकास भयो । दलहरू सत्ताका लागि एकले अर्कोलाई सिध्याउने तर्फ लागिरहे । बाह्र वर्षमा मुलुकमा देखिएको घटनाक्रमले यसलाई पुष्टि गरेको छ । तसर्थ प्रजातन्त्रका लागि डेढ दशकको यो अवधि कुनै अर्थमा पनि खेर गएको अवधि होइन् । यस शोध अनुसन्धानको विभिन्न अध्ययनले प्रजातन्त्रकालमा नै जनता केही मात्रामा भएपनि अधिकार सम्पन्न हुन सकेका थिए भन्ने पुष्टि गर्दछ । यसको संस्थागत विकास हुन नसकेकाले प्रजातन्त्रले अनेकौं चुनौतीहरू बेहोर्नु परेकै कारण मुलुकमा अस्थिरता भने अन्त हुन सकेको छैन ।

## ३.५ संवैधानिक संक्रमण

०४६ सालको जनआन्दोलन लगत्तै नेपाल संक्रमणको चरणवाट गुज्रिएको थियो । एकातिर पञ्चायतकालीन संस्थाहरू ध्वस्त वन्दै थिए । अर्कोतिर प्रजातन्त्रका आधारशिलाहरू धमाधम तयार हुँदै थिए । प्रजातन्त्रलाई संस्थागत विकास हुन नदिने षडयन्त्रमा राजतन्त्र निरन्तर

---

[१४४] *हिमाल,* १६–३२ साउन, २०५८ ।

[१४५] मीता सिंह, ***बासँगका संझनाका क्षणहरू,*** (प्र.सं.), (स्व. गणेशमान सिंह) २०४६ सालको जनआन्दोलनका सर्वोच्च कमाण्डर, प्रकाशक : मीता सिंह, २०५५), पृ. २०५ ।

लागिरहेको थियो । राजावाट हैन जनताको संविधानसभावाट संविधान निर्माण होस् भन्ने जनताहरूको आशा थियो तर त्यो सम्भव भएन् । संविधान सुझाव आयोगमा प्रतिनिधित्व गर्ने नेपाली कांग्रेस र एमाले दुबैले संविधानसभाको मागलाई त्यतिखेर समर्थन गरेनन् ।[१४६] ०४६ सालको जनआन्दोलन पश्चात् पञ्चायती संविधान खारेज भएपछि जन आन्दोलनको सम्झौताकारी पक्ष मध्येका कांग्रेस र संयुक्त वाम मोर्चालाई लोकतान्त्रिक संविधानमा संक्रमण हुनुपर्ने दायित्व भएकाले परम्परागत शक्ति राजतन्त्रले यी दुई शक्तिलाई किनारा लाउने स्थिति थिएन् ।

राजा र आन्दोलनकारी शक्तिहरूबीच ०४६ सालको चैत २६ मा नै 'निर्दलीयता' हटाउने र समाजका विभिन्न विचारधारा प्रतिविम्बित हुने गरी संविधान सुधार सुझाव आयोग गठन गर्ने शर्तमा जनआन्दोलन स्थगित भएको थियो ।[१४७] राजालाई जनताले पुनःस्थापित गरेको प्रजातन्त्रमा संक्रमण हुन निकै गाऱ्हो परेको थियो । उही पञ्चायती शैलीमा राजाले वैशाष २८ गते संविधान सुधार सुझाव आयोगको घोषणा गरे । उक्त सुझाव आयोगमा स.अ.का न्यायाधीश विश्वनाथ उपाध्याय–अध्यक्ष, अन्य सदस्यहरूमा भरतमोहन अधिकारी, दमननाथ ढुंगाना, होराप्रसाद जोशी, कमल राणा, रामानन्दप्रसाद सिंह, तथा ***सूर्यनाथ उपाध्याय,*** सदस्य सचिव मनोनित गरिएका थिए ।[१४८] दरबारले एकलौटी निर्णय गरेर पञ्चायती शैलीमा पञ्चायती बहुदल कायम गर्ने उद्देश्यले यो संविधान सुधार सुझाव आयोग बनाएको थिए । तर सो आयोगको विरोध भएपछि अन्तरिम सरकारले समेत राजाको यस घोषणालाई अस्वीकार गरेको थियो ।

दोस्रो पटक अन्तरिम सरकारको सिफारिस लिएर लोकतान्त्रिक पद्धति अनुसार संविधान सुझाव आयोग वनाउन राजा वाध्य भए । विश्वनाथ उपाध्यायको अध्यक्षतामा रामानन्द प्रसाद सिंह, प्रद्युम्नलाल राजभण्डारी, दमननाथ ढुंगाना, लक्ष्मण अर्याल, मुकुन्द रेग्मी, भरतमोहन अधिकारी, माधव कुमार नेपाल र निर्मल लामा समेत नौ सदस्यीय संविधान सुझाव आयोग गठन गरिएको घोषणा गरियो ।[१४९] राजा, कांग्रेस र संयुक्त वाम मोर्चाको प्रतिनिधि रहेको संविधान सुझाव आयोगलाई त्यस समयको स्थिति हेर्दा सहमतिको दस्तावेज मान्न सकिन्छ ।

---

[१४६] ***नेपालको संवैधानिक प्रक्रिया, एशिया रिपोर्ट नं. १२८,*** (ललितपुर : इन्टरन्यासनल क्राइसिस ग्रुप २६ फेब्रुअरी २००७), पृ. ३ ।

[१४७] ***गोरखापत्र,*** वर्ष ८९ अंक ३३३, २७ चैत, २०४६ ।

[१४८] *(गोरखापत्र),* ***ऐजन,*** वर्ष ९० अंक ६, २९ वैशाख २०४७ ।

[१४९] *(गोरखापत्र),* ***ऐजन,*** वर्ष ९०, अंक २५, जेठ १७, २०४७ ।

### ३.५.१ संविधानमा द्वन्द्वको वीजारोपण

दल, राजा र माओवादी बीचको त्रिपक्षीय विवाद संविधान निर्माणकै अवस्थावाट भित्रिएको थियो । यति हुँदा हुँदैपनि यस संविधानले समाजबाट पछाडि पारिएका जाति जनजातिलाई सम्बोधन गर्न सकेको थिएन । संविधान निर्माण हुनु अघि नै यसलाई समाप्त पार्ने षड्यन्त्र हुन थाल्यो । एकातिर कांग्रेस र वामपन्थीबीचको सैद्धान्तिक र रणनीतिक असहमति अर्कोतिर आफ्नो विशेष अधिकार बचाइराख्ने राजा र राजावादीहरूको अभिप्राय थियो । यस्तो अवस्थामा संविधान निर्माणको जिम्मेवारी विशेष गरी दुई दलमा रहेको थियो । संविधान निर्माणको बाटोमा प्रशस्त चुनौती देखिए । ०४७ सालको संविधान निर्माण प्रक्रियामा सम्विधान सुझाव आयोग उदार प्रजातन्त्रवादीका रूपमा नेपाली कांग्रेस, संयुक्त वाममोर्चाका रूपमा साम्यवादी दलहरू र राजाको सक्रिय नेतृत्व चाहने राजावादी तीन पक्षका बीचमा संघर्ष र सम्झौताको वृतान्त थियो । यस बीचमा आन्दोलनको मुख्य घटक संयुक्त वाममोर्चा आफ्नो अलग सैद्धान्तिक मान्यतालाई समेत सुरक्षित राखेर बहुदलीय संसदीय शासन प्रणालीमा सहभागिता जनाउने तयारी गर्दै थियो । [१५०]

लोकतन्त्र पुनःस्थापनाको क्रमपछि मुलुक ०४७ सालको संविधानमा संक्रमण हुन पुग्यो । विभिन्न क्षेत्रका जनप्रतिनिधिहरूबाट संविधानको मसौदा तयार गरी संविधान सुझाव आयोगको मस्यौदा बमोजिम ०४७ सालमा नेपाल अधिराज्यको संविधान तयार भयो । नौ सदस्यीय संविधान सुझाव आयोगको हैसियत एउटा परामर्शदातृ समितिको जस्तो मात्र थियो । संवैधानिक राजतन्त्रसहितको संसदीय शासनप्रणालीको व्यवस्था गर्नुपर्ने दायित्वबाट त्यो आयोग वाँधिएको थियो । दरवारको कडा दवाव त्यसले बेहोर्नु परेको थियो । शाही नेपाली सेनाले पनि शाही अधिकारको संरक्षणका लागि अन्तरिम प्रधानमन्त्रीलाई दबाब दिन आफ्नो प्रतिनिधिमण्डल पठाएको थियो ।[१५१]

संविधान निर्माणमा सेनाकै प्रत्यक्ष दवाव पर्न गएको थियो । ०४७ सालको संविधान सुझाव आयोगका अध्यक्षले त संविधान निर्माणको कार्यकक्षमा सेनालाई भेट्न समेत अस्वीकार गरेको बुझिन्छ ।

> 'अध्यक्षज्यूले हामीलाई बताउनु भए अनुसार उहाँसँग शाही नेपाली सेनाका प्रधान सेनापतिले भृकुटी मण्डपस्थित संविधान सुझाव आयोगको कार्यालय, राष्ट्रिय सभागृहमा भेट्न अनुरोध गर्नु भएछ । अध्यक्षज्यूले आयोगको कार्यालयमा भेट्न अस्वीकार गर्नुभएछ । पुनः प्रधान

---

[१५०] *अन्नपूर्ण पोष्ट*, आइतवारे परिशिष्टांक, ३० चैत, २०६५ ।

[१५१] (मार्टिन होफ्टुन, विलीयम राइपर र जोन व्हेल्पटन), ***पूर्ववत् टिप्पणी*** नं. ४९, पृ. ३०१ ।

> सेनापतिज्यूले भेट्नको लागि विशेष अनुरोध गर्नु भएछ र अध्यक्षज्यूले आफ्नो निवास स्थान ज्ञानेश्वरमा भेट्न अनुमति दिनुभएछ ।
>
> संविधान सुझाव आयोगका अध्यक्ष र प्रधान सेनापतिका बीचमा छलफल हुँदा प्रधान सेनापतिले देशको सार्वभौमसत्ता श्री ५ मा नै निहित रहनुपर्दछ, श्री ५ कै मातहतमा शाही नेपाली सेना रहनु पर्दछ र यसको सञ्चालन र प्रयोग श्री ५ बाटै हुनुपर्दछ भन्दै राष्ट्रिय सुरक्षा परिषद्मा ११ जना रहने र त्यसमा शाही नेपाली सेनाकै बहुमत हुनुपर्ने राय दिनुभएछ । अध्यक्षज्यू स्वयंले संविधानमा यस्तो व्यवस्था गर्न व्यक्तिगत रूपमा सक्दिन र यस्तो व्यवस्था संविधानमा गर्दा व्यावहारिक पनि हुँदैन, देशको शासन व्यवस्था जनताको प्रतिनिधिको हातमा हुने र राष्ट्रको सर्वोच्च शक्ति श्री ५ को मातहतमा रहने गर्न व्यवहारतः मिल्दैन । संवैधानिक राजतन्त्रात्मक बहुदलीय व्यवस्था चल्न पनि कठिन पर्दछ । यस्तो गरियो भने द्वैध शासन जस्तो हुन्छ भन्ने समेतका तर्क दिई प्रधान सेनापतिको रायलाई अध्यक्षले अस्वीकार गर्नु भएछ, ।...बहुदलीय व्यवस्थामा जनप्रतिनिधिहरूको मातहतमा सेनालाई राख्दा शाही नेपाली सेनाको राजनीतिकरण हुन सक्ने सम्भावना बढी हुन्छ भन्ने प्रधान सेनापतिले भिन्दै तर्क राख्नु भएछ । यसलाई पनि अध्यक्षज्यूले नमिल्ने भन्दै मान्नु भएन छ ।'[१५२]

राजतन्त्रलाई बलियो वनाउन त्यस समय सेनाले ठूलो कसरत गरिरहेको थियो– 'मन्त्रिपरिषद्को बैठक बसिरहेका बेला त्यो बेलाका प्रधानसेनापति सत्चितशमशेर राणा २२ जना ब्रिगेडियर जनरलभन्दा माथिको तह अधिकृत लिएर ग्वारग्वार्ती आए । हामीले थाहा पायौं अब सैनिक 'कु' हुने सम्भावना छ । ... भट्टराईले त्यसलाई बडो रोचक किसिमले सामना गरे । जर्नेलहरूले सार्वभौमसत्ता राजामा हुनुपर्ने र सैनिकसम्बन्धी हामीले गरेको व्यवस्थाभन्दा भिन्न हुनुपर्ने माग राखे । सबै कुरा सुनिसकेपछि भट्टराईले बिस्तारै टाउको उठाएर भने, 'राजाको त टाउको दुखेन भने तपाईहरू किन टाउको दुखाउनुहुन्छ ? । '[१५३] यसले के देखाउँछ भने ०४७ को संविधान निर्माणमा सेनाको दवावलाई संविधान सुझाव आयोगले र अन्तरिम सरकारले रोक्न नसकेको भए नेपालमा प्रधानमन्त्री, रक्षा मन्त्री र प्रधान सेनापतिसहितको राष्ट्रिय सुरक्षा परिषद्को व्यवस्था हुन सक्ने थिएन् । तर, शाही नेपाली सेनाको परमाधिपति राजालाई नै राख्न भने उनीहरू वाध्य वनेका थिए । सवै भन्दा आश्चर्यको कुरा शाही नेपाली सेनाको सञ्चालन र प्रयोग कसरी कसले कस्तो प्रक्रिया अपनाई गर्ने गराउने हो भनी संविधान सुझाव आयोगको चवालीसौं बैठकको क्यासेट गायब भएको थियो । [१५४]

यस घटनाले के स्पष्ट गरेको छ भने सेना राजालाई सर्वेसर्वा भएको बनाउन चाहन्थ्यो । सँधैं एउटै बंशवाट संचालित भएको सेनालाई निर्वाचित प्रतिनिधिहरूवाट परिचालित हुन अप्ठेरो

---

१५२ मुकुन्द रेग्मी, ***"संवैधानिक विकास र नेपाल अधिराज्यको संविधान २०४७", भाग–२*** (परिच्छेद ५–१३) (यसमा प्रकाशकको नाम र स्थान, संस्करण उल्लेख छैन), पृ. १३५९ ।

१५३ मथुराप्रसाद श्रेष्ठ, "संवैधानिक गल्तीहरू", ***कान्तिपुर,*** ४ जेठ, २०६३ ।

१५४ (मुकुन्द रेग्मी), ***पूर्ववत् संख्या*** १५२ पृ.१३५९–१३६० ।

महसुस भैरहेको कारण राजाको पक्षमा उसले वकालत गरिरहेको थियो । अर्कोतिर संविधान सुझाव आयोग सेनालाई लोकतान्त्रीकरण गर्ने पक्षमा थियो । त्यो कुरा सेनालाई स्वीकार्य थिएन् । राजाले आफूलाई लोकतान्त्रिक संविधानमा संक्रमण गराउन सकेका थिएनन् । दलहरूको दवाव राजनीतिबाट वाध्य भएर उनले यो संविधान दिएका थिए । दलहरूले संविधानको घोषणा सिंहदरवारवाट खोजेका थिए तर नारायणहिटीबाट भैदियो । मन्त्रिमण्डलको सिफारिसविना राजाबाट घोषणा हुनुले पनि संविधान निर्माणप्रति उनी असन्तुष्ट रहेको कुरा देखाएको थियो । 'संविधानको घोषणा गर्ने दिन ०४७ साल कार्तिक २३ मा राजाले मन्त्रिपरिषदले तयार गरेको भाषण नभई खल्तीको भाषण पढेर सुनाएका थिए ।' [१५५]

> "नेपाली जनताको इच्छानुसार यो संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्यको राजकीयसत्ता र सार्वभौम अधिकार यसै संविधान वमोजिम प्रयोग हुने गरी हामीबाट प्रयोग भइआएको राजकीयसत्ताको प्रयोग गरिबक्सी मन्त्रिपरिषद्को सल्लाह र सम्मति अनुसार हामी श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट यो नेपाल अधिराज्यको संविधानको घोषणा गरी लागू गरिबक्सेका छौं । "[१५६]

भनी उल्लेख भएबाट यस संविधानलाई राजाले घोषणा गर्न सक्ने भएपछि खारेज गर्ने अधिकार राखेकि त्यागे त्यो विवादको किनारा लगाउने काम त्यस संविधानले गरेको छैन् ।

## ३.५.२ विवादित विषयमा संविधान मौन

०४७ को संविधानलाई खारेज गर्ने वा प्रतिसंहरण गर्ने संवैधानिक अधिकार राजाको हुने वा जनप्रतिनिधिको हुने त्यसमा संविधान बोलेको छैन् । संविधानमा सार्वभौमसत्ता नेपाली जनतामा रहनेछ त्यसको प्रयोग यस संविधानमा व्यवस्था भए बमोजिम हुनेछ सम्म भनियो । नेपाली जनताले सार्वभौमसत्ता प्रयोग गर्नेछन् भनेर लेख्न सकिएन । जनतामा निहित रहनेछ भनि धारा ३ को सार्वभौमसत्तामा लेखियो । संविधानले धारा ११६ जस्तो अपरिवर्तनीय धारा राखेर संविधान संशोधन गर्न वाधा पुऱ्यायो । अर्कोतर्फ दुई–तिहाई बहुमतबाट पारित विधेयकलाई राजाले ३० दिनभित्र स्वीकृत गर्नुपर्ने र फिर्ता पठाएमा संसदले स्वीकृतिका लागि पुनः पेस भएमा त्यसरी पेस भएको ३० दिनभित्र राजाले विधेयकमा स्वीकृति दिइनेछ भनि संविधानमा भनियो तर, नागरिकता विधेयकमा राजाले यस धारामा भएको प्रावधानको उल्लंघन गर्दा समेत संसद मुकदर्शक बन्न पुग्यो । यसै गरी जनताको प्रतिनिधित्व रहेको संसद भङ्ग गर्न राजाले देखाएको हतारोले पनि उनीमाथि शङ्का गर्ने धेरै ठाउँ रह्यो । 'जुन संविधानको प्रावधानको प्रयोग गरेर

---

१५५ (अन्नपूर्ण पोष्ट), ***पूर्ववत्*** संख्या १५० आइतवारे परिशिष्टांक, ३० चैत, २०६५ ।

१५६ ***नेपाल अधिराज्यको संविधान,*** (काठमाडौं : श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालय, कानून किताब व्यवस्था समिति, २०४७), पृ. २ ।

राजावाट अल्पमतमा परेका प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभा भङ्ग गरियो । त्यो राजाद्वारा संविधानको मर्म विपरीत कदम चालिएको हो ।'[१५७] त्यसको परिणाम स्वरूप नेपालमा राजनीतिक अस्थिरता वढ्दै गयो । "प्रजातन्त्रलाई धम्की" आइरहेकाले व्यवस्थाले स्थायित्व लिन सकेको थिएन । यस समय नेपालको राजनीति संक्रमणको चरणमा थियो । सुरुवाती चरण वि.सं २०४६ सालको जनआन्दोलनपछि बहुदलीय व्यवस्था स्थापना नभएसम्म चलिरहेको थियो । यसै क्रममा नयाँ संविधान ०४७ को निर्माण, संविधानपछि ०४८ सालमा भएको पहिलो आम निर्वाचन र ०४९ सालमै सम्पन्न स्थानीय निर्वाचनपछि मुलुकमा पंचायती संरचनाहरू भत्किंदै गए र लोकतान्त्रिक संरचनाहरू बन्दै गए ।[१५८] संविधानलाई स्थायित्व दिने क्रममा २०४८ सालको आम निर्वाचनपछि बसेको पहिलो संसदबाट त्यस संविधानलाई अनुमोदन मात्र गराईदिएको भए यसको विरोधमा हतियार उठने थिएन कि ?

> ०४७ सालको संविधान दरवार र कांग्रेसको संझौतामा आउनुका साथै यस्ले वामपन्थीहरूलाई अलिकति वेवास्ता गरेको थियो । साथै गणतन्त्रवादीहरू राजा र उनको परिवारमा रहेको शक्ति र अधिकारबाट सन्तुष्ट थिएनन् । ०४७ सालको वैशाखदेखि कार्तिकसम्मको गतिविधिले राजामाथि शंकाको प्रश्न उव्जाएको थियो ।[१५९]

संविधान निर्माणमा बामपन्थीहरूको पनि उत्तिकै भूमिका थियो तर यस लेखमा माइकल हटले संविधान निर्माणमा दुई पक्ष राजा र कांग्रेसको भूमिकालाई मात्र महत्वदिए । कम्युनिष्टहरूले संविधान निर्माणमा खेलेका भूमिकालाई उनले प्रकाशमा ल्याउन सकेका छैनन् । सायद संविधानलाई उनीहरूको आलोचनात्मक समर्थन माइकल हटको भनाईलाई पुष्टि गर्ने आधार हुन सक्छ ।

नेपाल अधिराज्यको संविधान २०४७, भित्र कार्यान्वयनका क्रममा धेरै कमी कमजोरी देखिंदै गयो । संविधान अस्तित्वमै रहँदा द्वन्द्वको क्रममा लगभग १४ हजार व्यक्तिले ज्यान गुमाए । त्यसैले यसमा द्वन्द्वको बीजारोपण रहेछ भन्ने कुरा पुष्टि भयो ।'कतिपय विद्वान् र मानव अधिकारवादीको बिचारमा २०४७ को संविधानले बहुदलीय लोकतान्त्रिक व्यवस्थालाई सम्वोधन गर्न सक्दैन । कतिपय बौद्धिक वर्गले त यस संविधानमा लैङ्गिक विभेद भएको र जातिवादलाई प्रश्रय दिएको आरोप पनि लगाएका छन् । यसले एक भाषा, एक संस्कृति र एक धर्मलाई जोड

---

[१५७] ***पुनर्जागरण साप्ताहिक,*** काठमाडौं, २०५१ साल श्रावण ११ ।

[१५८] कृष्ण हाच्छेथ्यू, "नेपाली पोलिटिक्स : पोलिटिकल पार्टीज, पोलिटिकल क्राइसीस एण्ड प्रोब्लेम अफ गभर्नेन्स," ध्रुव कुमार, (सं.), ***डोमेस्टीक कन्फ्लीक्ट एण्ड क्राइसीस अफ गभर्नावीलिटी ईन नेपाल,*** (काठमाडौं : सेण्टर फर नेपाल एण्ड एशियन स्टडीज (सीनास), २०००) पृ. ९० ।

[१५९] माइकल हट, (सं.), "ड्राफ्टीङ्ग द १९९० कन्स्टीच्युशन" (वि.सं २०४७ सालको संविधानको मस्यौदा), ***नेपाल ईन द नाइन्टीज,*** (नयाँ दिल्ली : अक्सफोर्ड युनिभर्सिटी प्रेस, १९९४), पृ. ४६ ।

दिएको छ । लैङ्गिक विभेद यस अर्थमा छ कि यसले महिला र पुरुषलाई नागरिकताको सवालमा समान व्यवहार गरेको छैन । अल्प संख्यक दलित र महिलामा भेदभाव गरेको छ । गैर हिन्दूमाथि त्यतिकै भेदभाव गरेको छ ।'[१६०] तराईको संगठीत आवाजलाई यसले वेवास्ता गऱ्यो । राज्यको पुनर्संरचनामा संविधान निर्माताको ध्यान नै गएन् । राज्यलाई समावेशी बनाउने प्रयास हुन सकेन् तर पनि यस संविधानमा सबैले स्विीकारेका केही मुख्य कुराहरू छन् । तिनलाई यसरी हेर्न सकिन्छ :

- राज्यशक्तिको स्रोत अरु कोही नभई नेपाली जनता नै हुने,
- सार्वभौमसत्ता कुनै एक व्यक्ति विशेषमा नरही जनतामा रहने,
- नेपाललाई हुकूमी राज्यबाट कानूनी राज्यको रूपमा संस्थापित गर्ने,
- तानाशाही दमन शोषणको अन्त्य गरी स्वतन्त्रता र समानताको आधारमा आधारभूत मानव अधिकारको प्रत्याभूति गर्ने,
- स्वतन्त्र र सक्षम न्यायपालिकाको परिकल्पना गर्ने,
- जनशक्ति, जनआन्दोलन र जन आकांक्षाको सर्वोच्चतालाई स्वीकार गर्ने,
- खुला समाजमा आधारित लोक कल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्ने,

यसले जनतालाई नै राज्यशक्तिको प्रमुख स्रोत समेत ठानेको थियो । तर यस संविधानले आपद र विपदमा जनताको मद्दत भने गर्न सकेन । संविधान राम्रो बन्यो, तर कार्यान्वयन सही रूपमा हुन सकेन । संविधानलाई जडसूत्र जस्तो वनाई कमा, फूलस्टपसमेत फेर्न हुन्न जस्तो गरियो । त्यसैले यसको प्रयोगका क्रममा विभिन्न दुर्घटनाहरू आइरह्यो । संविधान कार्यान्वयनकै क्रममा धेरै नेपालीले ज्यान गुमाउनु पऱ्यो । यस संविधानलाई असफल वनाउन राजाले धारा १२७ मा भएको वाधा अडकाउ फुकाउने अधिकारको गलत प्रयोग गरी मुलुकलाई लामो समयसम्म संसदविहीन अवस्थामा पुऱ्याएको घटनाले गर्दा यस संविधानले लोकतान्त्रिक आन्दोलनका कतिपय मागहरूलाई पूरा गर्न सकेन त्यस संविधानले राजतन्त्रलाई चलखेल गर्ने निकै ठाउँ राखेको रहेछ ।

> राजाले संविधानको उल्लंघन गरेको अवस्थामा संवैधानिक मर्यादाको पालना नगरेमा, राजाबाट मन्त्रिपरिषदको सिफारिस वा सम्मतिविना कुनै काम गरेमा राजाले जनता र राष्ट्रहित विरुद्ध कुनै काम कारवाही संचालित गरेमा, राजाबाट संसदद्वारा पारित विधेयक निर्धारित समयमा स्वीकृत गरी फिर्ता नगरेमा, राजाबाट मन्त्रिपरिषद द्वारा स्वीकृतिका निम्ति गएका निर्णयहरू

---

[१६०] बिष्णु राज उप्रेति, ***द प्राइस अफ नेग्लेक्ट,*** (काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स, सन् २००४), पृ. २६४ ।

स्वीकृत नगरेमा वा स्वीकृत गर्न आलटाल गरेमा, विगतका पीडादायक र कटुअनुभवलाई समेत ध्यानमा राखी स्पष्ट रूपमा त्यसको उपचार बारे उल्लेख गर्नु पर्नेमा विदेशी अनुभव र स्वदेशी दासत्वको साथ साथै त्रासपूर्ण मनोभावबाट मुक्त हुन नसकी उपरोक्त अवस्थालाई रोक्ने कुरा त टाढाको भयो त्यसबारे बोल्न र कदम चाल्न पनि रोक लगाइएका पक्षहरू भने संबिधानका साह्रै दुर्वल पक्ष र जनमतप्रति नै अवज्ञा गरिएका पक्षहरू हुन् । [१६१]

त्यस समय दरबारमाथि नेताहरू बढी विश्‍वस्त भए, बहुदलीय प्रजातन्त्रविरुद्ध कदम चाल्नेहरूले ०४७ सालको संविधानलाई नै प्रयोग गर्न पुगे । ०४७ सालको संविधानलाई भत्काउन राजतन्त्रले कुनै कसर बाँकी राखेन । संविधान भत्काउन राजतन्त्र सफल भयो, तर संविधानसँगै राजतन्त्र पनि भत्कियो । [१६२] जनआन्दोलनपछिको संवैधानिक संक्रमणवाट मुलुक प्रजातन्त्रको संस्थागत विकासमा लाग्ला भनेर सवैले आशा गरेका थिए तर यस संविधानभित्र गरिएका तीनवटै आम निर्वाचनले मुलुकलाई स्थिरता दिन सकेनन् । ०४७ सालको संविधान निर्माणपछि निर्माण भएको पहिलो प्रतिनिधि सभा, दोस्रो प्रतिनिधि सभा र तृतीय प्रतिनिधिसभाले प्रजातन्त्रको संस्थागत विकास गर्नमा जे जस्तो अभ्यास गरेपनि प्रजातन्त्रलाई अपहृत गरी शून्यता तर्फ लाने प्रयास पटक पटक हुँदै आएको थियो ।

### ३.५.३ संविधानको आलोचना

संवैधानिक विकासको क्रममा २०४७ सालको संविधानलाई नेपाली जनताले त्यतिखेर उत्कृष्ट संविधानको रूपमा हेरेका थिए । अन्तरिम सरकारका सामु कसरी नयाँ संविधान निर्माण गरी लागु गराउनु र नयाँ संविधान अन्तर्गत निर्वाचन सम्पन्न गराई निर्वाचित सरकारलाई सत्ता सुम्पनु ऐतिहासिक जिम्मेवारी थियो ।

अन्तरिम सरकारले चौध महिना नपुग्दै सत्ता हस्तान्तरण गऱ्यो । ०७ सालको क्रान्तिमा आठवर्षसम्म मुलुक संविधान वन्न नसकी निर्वाचन हुन नसकेको पृष्ठभूमिमा संविधान निर्माण भएको लगत्तै ०४८ को आम निर्वाचनपछि नेपाली कांग्रेसको सरकार बन्यो । प्रजातान्त्रिक संविधानमा हुनुपर्ने सवै गुणहरू त्यस संविधानमा थियो । जसले गर्दा सजिलै सत्ता हस्तान्तरण भयो ।

विदेशी सहयोग विना आफ्नै देशका दक्ष जनशक्ति बाट यो संविधान तयार भएको थियो । नौ सदस्यीय संविधान सुझाव आयोग त्यस समय परामर्शदातृ समिति जस्तो बन्न पुगेको थियो । त्यसमा भएका सदस्यहरू निर्वाचित थिएनन् । दरबारको पटक पटकको दवाव त्यस

---

१६१ माधवकुमार नेपाल, “संविधानमा जनमतप्रति अनादर गरिएका पक्षहरू”, ***कानून,*** (काठमाडौं : नेपाल कानून किताव कम्पनी, फागुन २०४७), पृ. १३२ ।

१६२ (अन्नपूर्ण), ***पूर्ववत् नं*** १५०, ३० चैत, २०६५ ।

समितिले वेहोरेको थियो । पहिलोपटक राज्य–शक्तिको श्रोत राजा हैन जनता हुन् र नेपालको सार्वभौमसत्ता नेपाली जनतामा नै निहित छ भन्ने घोषणा गरी मुलुकमा प्रजातान्त्रिक शासन प्रणालीको लागि यो संविधानले नै आउने दिनकालागि ठूलो बाटो खोल्न रेखाङ्कन गर्ने काम गर्‍यो ।

वालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र, विधिको शासन, स्वतन्त्र न्यायपालिका, सामाजिक न्याय र मानव अधिकारहरूको प्रत्याभूति भएको ०४७ सालको संविधानलाई त्यस समय उत्कृष्ट संविधान मान्नुमा त्यस भित्रको प्रजातान्त्रिक चरित्र मुख्य थियो । राज्य विरुद्ध सशस्त्र संघर्ष चलाएको माओवादीले संविधानसभाको माग राख्दै ०४७ सालको संविधानको विरुद्धमा हतियार उठाएकै कारण र २०५९ साल असोज १८ पछि संवैधानिक व्यवस्थाको ठीक वीपरित राजाले नेपालको राजकीय सत्ता आफूमा रहेको घोषणा गरेपछि नेपाल अधिराज्यको संविधानले काम गर्न सकेन ।

> माओवादीहरूले यो संविधानको विरोधमा जनयुद्ध नै संचालन गरे । यो संविधान क्रियाशील, सफल र प्रभावकारी नहोस् भन्ने उनीहरूको चाहना हो । उनीहरूले यो संविधान अनुसार चुनाव पनि हुन दिएनन् । दरबारवादीहरूले २०५९ साल असोज १८ गते राजाको घोषणाबाट संविधानलाई संकटमा पुर्‍याइएकोमा आफ्ना पुराना सपनाहरू साकार भएको ठानेका छन् ।[१६३]

२०४७ सालको संविधान तीनवटा शक्ति राजा, नेका र कम्युनिष्टहरूबीचको सहमतिको दस्तावेज थियो । यहि संविधान अन्तर्गत पनि माओवादीहरू चुनावमा आउन सक्थे तर आएनन् । माओवादीका मागहरू संविधानसंग मेल नखाने भएकोले लामो समय नेपालमा माओवादीको माग वमोजीम नयाँ संविधान निर्माणको लागि दवाव पर्‍यो ।

दल, राजा र माओवादी बीचको त्रिपक्षीय वीवाद यसै संविधानबाट भित्रिएको थियो । यति हुँदा हुँदैपनि यस संविधानले अधिकांश जनजातिलाई सम्बोधन गर्न सकेको थिएन । धेरैलाई राज्य संरचनामा समावेश गराउन सकेको थिएन । संविधान आएदेखि नै यसलाई समाप्त पार्ने षड्यन्त्र भईरह्यो ।

> पाँचओटा उग्रवामपन्थी समूहले मिलेर बनेको संयुक्त राष्ट्रिय जनआन्दोलनले नेपाली कांग्रेस र संयुक्त वाममोर्चालाई पञ्चायती व्यवस्थाको उन्मूलन गर्ने लक्ष्य प्राप्त नभई आन्दोलनलाई आधा बाटोमा ल्याएर सम्झौता गरेको आरोप लगाए । उनीहरूले त्यसलाई 'नेपाली जनताका विरुद्धमा गरिएको धोकापूर्ण कार्य' ठहर्‍याए ।[१६४]

---

[१६३] नीलाम्बरआचार्य, ***प्रजातन्त्रमा सङ्क्रमणः द्वन्द्व, अवरोध र अपठ्याराहरू,*** (काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स, २०६१), पृ. १२९ ।

[१६४] कियोको ओगुरा, ***जनता जागेका बेला,*** (नेपाली अनुवाद), (ललितपुर : हिमाल किताब, सन् २००४), पृ. २२७ ।

विभिन्न चिरामा विभाजित कम्युनिष्टहरू मध्येमा बहुदलीय प्रजातन्त्रलाई सहजै स्विकार्न नसक्ने उग्र वामहरूले संयुक्त राष्ट्रिय जनआन्दोलनवाट वेग्लै आन्दोलन त गरे तर, तिनीहरूको संगठित आवाज बन्न सकेन् । ०४७ सालको संविधानमा संयुक्त वाममोर्चा जति प्रभावकारी संयुक्त राष्ट्रिय जनआन्दोलन देखिएनन । संविधान निर्माणका प्रसंगमा नेपाल मार्क्सिस्ट लेनिनिष्ट पार्टीले "राजा, कांग्रेस र संयुक्त वाम मोर्चाव्दारा तयार गरिएको संविधानबाट जनआन्दोलनको मर्म र जनताको भावनालाई समेट्न नसकिएको "[१६५] उल्लेख गरेको थियो । यसै गरी ०४७ को संविधानप्रति कम्युनिष्ट लिगले पनि असन्तोष व्यक्त गरेको थियो । राजाको सट्टामा जनताको प्रतिनिधि वसेर संविधान निर्माण गरी घोषणा गर्नु पर्नेमा त्यस्तो नभएकाले अप्रजातान्त्रिक संविधानका विरुद्धमा अर्को आन्दोलन घोषणा गरी उत्तम संविधान निर्माणका लागि माग गरिएको थियो ।

त्यस्तै गरी कार्तिक २३ मा दिइएको 'संविधान धोका हो' भन्दै नेकपा (मसाल) का महासचिव मोहन विक्रम सिंहले संविधान सभाविना जनतालाई सार्वभौम सम्पन्न वनाउन नसकिने भएकाले जनतामा सार्वभौम अधिकार दिलाउनका लागि उनको दलले घोषित संविधान अन्तर्गत हुने चुनावलाई वहिष्कार गर्ने कुरा २६ कार्तिकको राइजींग नेपालमा प्रकाशित गरेको पाइन्छ ।

०४७ साल मार्ग १ गते काठमाडौंमा आयोजित अन्य विभिन्न १५ जनजाति संगठनहरूको विशाल भेलाद्वारा संविधानलाई 'एउटा धर्म र भाषालाई मान्यता दिई अरु भाषा र धर्मलाई वेवास्ता गरिएको भनी त्यसको आलोचना गरिएको थियो । आलोचनाकै क्रममा संविधान घोषणा गर्दाकै बखत नेकपा (एमाले) ले यसप्रति आलोचनात्मक समर्थन गर्ने भनेर अस्थिरताको विउ संविधानमा रोपेको थियो । संवैधानिक विकासका क्रममा पांचौं दस्तावेजका रूपमा आएको नेपाल अधिराज्यको संविधान सुरुवातबाटै विवादमा जन्मिएको देखिन्छ ।

मुलुकमा राजनीतिक अस्थिरता निम्त्याउन प्रस्तुत संविधान कारक बनेको देखिन्छ । त्यसमा जनमत सङ्ग्रह पनि गर्न नपाइने, संविधानसभामा पनि जान नपाइने भनेर संविधानलाई जडसूत्र जस्तो वनाउन खोजिएको थियो । राजतन्त्रलाई संविधानमा वाँध्न खोजिएको थियो तर प्रयोग भने असफल सावित भयो । ०५९ असोज १८ र ०६१ माघ १९ पछिको सरकार हब्सकै जस्तो शक्तिशाली शासक बनेको थियो । नेपालमा दैवी शक्ति भएकै राजतन्त्रको परिकल्पना सुरू गर्ने प्रयास ज्ञानेन्द्रबाट भयो । राजाले जनताको सार्वभौमसत्तामाथि चुनौती दिन थाले । संविधानमा भएको प्रावधान कार्यान्वयनमा आउननै सकेन् । राजा 'रचनात्मक' र 'देखिने र

---

[१६५] ***राईजिङ्ग नेपाल,*** नोभेम्वर, १२, १९९० ।

सुनिने' बन्न खोजे । संविधानवाट वाहिर गएर उनी अभिनन्दन खाँदै देश दर्शनमा जनतालाई चिनाउन निस्के । उनको गतिविधि सक्रिय राजतन्त्र बन्ने पूर्वाभ्यास थियो ।

त्यस संविधानले देशको शोषित, पीडित, उत्पीडित जनजाति, महिला आदिलाई राष्ट्रिय राजनीतिमा सहभागी गराउन सकेनन् । संविधानले दलित, जनजाति, महिला आदिका विषयमा कुनै कुरा सम्बोधन गर्न नै सकेन । राज्यसंरचनामा यिनको सहभागिता नभएकै कारण संविधान लोकप्रिय वन्न सकेन् । संविधान कार्यान्वयनकै अवश्थामा यसले १४ हजार भन्दा वढी व्यक्तिका ज्यानको सुरक्षा गर्न सकेन् । यस्तो अवस्थामा संविधान जति नै उत्कृष्ट भए पनि कार्यान्वयन पक्षको फितलोपनले गर्दा नेपाल अधिराज्यको संविधानले मुलुकमा अराजकता ल्यायो । त्यसैले संशोधनविना नै दोस्रो जनआन्दोलन वि.सं.०६२/६३ पछि यसको खारेजी भयो ।

### ३.५.४ संविधानमा रहेको अपरिवर्तनीय धारा

जनमत लिनुपर्ने कतिपय विषयवस्तुलाई अपरिवर्तनीय रूपमा राखिदिएर सङ्कटको सूत्रधार संविधान आफैं बन्न पुग्यो । संविधानको धारा ११६ मा प्रस्तावनाको भावना प्रतिकूल नहुने गरी संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संसद्को कुनै सदनमा प्रस्तुत गर्न सकिनेछ । तर यस धारालाई संशोधन गरिने छैन, भनेबाट जनताले परिवर्तन गर्न खोजेमा जनतालाई आवश्यक पर्दा कानून तोडन पर्ने वाध्यता त्यस संविधानले देखाएको थियो । धारा ११६ असंशोधनीय छ भनेर प्रस्तावनाले बोल्न सकेको पनि पाइंदैन । यस्तोमा धारा ११६ लाई जडसूत्रको रूपमा अपरिवर्तित बेदको मन्त्र जस्तै अकाट्य मान्नुपर्ने वनाइएको थियो ।

### ३.५.५ प्रतिनिधिसभाको विघटनबाट अस्थिरताको बीजारोपण

प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटनको सिफारिस गर्ने अधिकार संविधानले दिएको छ । नेपाल अधिराज्यको संविधान धारा ५३ (४) मा 'श्री ५ वाट प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभाको विघटन गर्न सकिबक्सने छ । त्यसरी प्रतिनिधिसभा विघटन गरिबक्सँदा ६ महिनाभित्र नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन हुने मितिसमेत तोकिबक्सनेछ ।' [१६६] तर, त्यो सिफारिस कतिपय अवस्थामा बन्धनकारी नभएर अदालतमा निर्णयार्थ पुगेको देखिन्छ ।

०५१ असार २६ को राजपत्रमा उल्लेख भए अनुसार प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नयाँ जनादेश लिने उद्देश्यले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा ४ बमोजिम वर्तमान प्रतिनिधिसभा विघटन गरिवक्सन र प्रतिनिधिसभाको लागि निर्वाचन हुने मिति तोक्न राजासंग परामर्श लिएको ०५१ असार २६ को राजपत्रमा प्रकाशित गरिएको थियो ।

---

[१६६] (नेपाल अधिराज्यको संविधान), ***पूर्ववत् टिप्पणी*** नं. १५६, पृ.३० ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सिफारिस र राजाले गरेको प्रतिनिधिसभाको विघटन संविधान प्रतिकूल नदेखिएकोले विघटीत प्रतिनिधिसभाका हरिप्रसाद नेपाल लगायतका व्यक्तिहरूले दायर गरेको रिटनिवेदन खारेज हुने ठहर्छ भनी अदालतले बोलेको देखिन्छ । [१६७]

प्रधान न्यायाधिश विश्वनाथ उपाध्यायले प्रतिनिधिसभा पुनर्स्थापना गर्ने माग गरिएको मुद्दाको रिट निर्णयको निवेदन नै खारेज गरेर टुंग्याईदिनु भयो । रिट निवेदन खारेज गर्ने सहमतिमा ७ न्यायाधिश पुगेका थिए विपक्षमा ४ न्यायाधिश थिए । तत्कालिन समयमा ७४ मतका विरुद्ध ८६ मतले राजाको धन्यवाद सम्वोधन अस्विकृत भएको थियो ।

संसद विघटनको यस प्रस्तावलाई लिएर गणेशमान सिंहले असन्तोष व्यक्त गर्नु भएको थियो– न्यायपालिकाले पक्षपात गर्दैन । न्यायपालिकाले निष्पक्ष न्याय दिन्छ भन्ने विश्वास जनतामा थियो । जनताको त्यो भ्रम अहिलेको फैसलाले टुट्न पुगेको छ र उनीहरू यी सवै उस्तै रहेछन भन्ने निष्कर्षमा पुगेका छन् ।”[१६८]

यस धारालाई लिएर चार पटक झगडियाहरू अदालत पुगिसकेका छन् । यसले उब्जाएको मूल प्रश्न हो (१) प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभा विघटन हुन पुग्छ भने त्यो विघटनलाई वैध या अवैध भनी कसैले पनि चुनौती गर्न सक्छ या सक्दैन ? (२) अक्सर प्रधानमन्त्रीले राजीनामा पनि विघटन पनि दुवैलाई जोडेर प्रतिनिधि सभा विघटनको माग गरेको हुन्छ त्यस अवस्थामा के गर्ने ?(३) यसलाई प्रधानमन्त्रीको विशेषाधिकार मान्ने कि नमान्ने ? (४) संसद्को अधिवेशन चालु रहेको अवस्थामा विघटन गर्न मिल्ने कि नमिल्ने ?

> प्रधानमन्त्रीले कस्तो अवस्थामा वा कुन आधारमा त्यस्तो सिफारिस गर्न पाउँछ र कुन अवस्था वा कुन आधारमा पाउँदैन, संविधानले किटानीसाथ केही भनेको छैन । प्रधानमन्त्रीको सिफारिस जस्तोसुकै अवस्थामा वा जुनसुकै आधारमा गरिएको भएपनि त्यो सिफारिसअनुसार प्रतिनिधिसभा विघटन गर्न श्री ५ वाध्य होइबक्सन्छ वा अवस्थानुसार त्यस्तो सिफारिस अस्वीकार गर्ने स्वविवेक पनि मौसूफबाट प्रयोग गर्न सकिबक्सन्छ भन्ने प्रश्न समय-समयमा उठ्ने गरेको भएपनि त्यस सम्बन्धमा कुनै सर्वसम्मत धारणा कायम हुन नसकी प्रधानमन्त्रीको सिफारिस र प्रतिनिधिसभाको विघटन सधैं विवादास्पद हुँदै आएका छन् । [१६९]

त्यस समयका प्रधानमन्त्रीहरूले राजनीतिक समस्याको निर्क्योल राजनीतिक तवरबाट गर्न नसकेर अदालतमा गएर राजनीतिक निकास खोजेको देखिन्छ । अदालतले पनि संसद्को

---

[१६७] ***विश्वमित्र २०५१*** असोज १–१५, वर्ष १ अङ्क ५, (काठमाडौं : एशियन मिडिया प्रा.लि.), पृ. ६ ।

[१६८] (विश्वमित्र), ***ऐजन नं.*** १६७, पृ.७ ।

[१६९] विश्वनाथ उपाध्याय, “प्रतिनिधिसभा विघटन सिफारिस : औचित्य र आधार”, ***कानून,*** (काठमाडौं : कानुन व्यवसायी क्लव, वैशाख २०५६), पृ. ३ ।

विघटनलाई लिएर परस्पर विरोधी फैसला दिन पुगेको छ । यसले संविधानलाई स्थायित्व दिएको छैन अस्थिरता मात्र दिएको छ । गिरिजाको विघटनमा एउटा फैसला गर्ने अदालत मनमोहनकोमा अर्कै फैसला गर्न पुगेको छ ।

२०५१ साल कार्तिक २९ मा सम्पन्न मध्यावधि निर्वाचन पश्चात् कुनैपनि राजनीतिक दलहरूबाट सरकार गठन हुन नसकेपछि राजाले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलका नेताको हैसियतमा ०५१ साल मंसिर १३ गते प्रधानमन्त्री पदमा नियुक्ति गरेको लगत्तै ६ महिनामा अविश्वासको प्रस्ताव ल्याइयो । गिरिजाले प्रयोग गरेकै धारा प्रयोग गरी ०५२ साल जेठमा प्रतिनिधिसभा विघटन गरी नयाँ प्रतिनिधि सभाको माग गरियो । राजाले ०५२ साल मंसिर ७ लाई निर्वाचन तिथि तोकिदिए । [१७०]

सर्वोच्च अदालतले मनमोहनको केसमा भने प्रतिनिधि सभाको विघटन सम्बन्धी सिफारिस संविधानको भावना र व्यवस्थाको प्रतिकूल देखिएको र प्रधानमन्त्रीको सिफारिस असंवैधानिक देखिन आएकाले सो सिफारिसका आधारमा ०५२ साल जेठ ३० मा भएको प्रतिनिधि सभाको विघटन पनि असंवैधानिक र प्रारम्भदेखि नै कानूनी प्रभावशून्य भएको हुँदा प्रतिनिधि सभा उक्त असंवैधानिक विघटनभन्दा पहिलो स्थितिमा पुनर्जीवित भै संविधान अनुसार आफ्नो कार्य गर्न समर्थ र सक्षम रहेको निर्णय गरेको थियो ।

मनमोहन अधिकारीको सिफारिस वमोजिम राजा वीरेन्द्रबाट प्रतिनिधिसभालाई ०५२ जेठ ३० मा विघटन गरी मार्ग ७ गते निर्वाचन हुने मिति तोकिएपछि मुलुकमा एक किसिमको तरङ्ग देखा पर्‍यो । ०५१ सालको आमनिर्वाचनपछि नै मुलुकमा एक किसिमले अस्थिर राजनीतिक स्थिति देखिन गैसकेको थियो । यस्तो अवस्थामा "प्रधानमन्त्री मनमोहन अधिकारीले आफ्नो संवैधानिक हकको प्रयोग गरी गरीएको प्रतिनिधिसभाको विघटनका विरुद्ध सर्वोच्च अदालतमा नेपाली कांग्रेसका तत्कालिन संसदीय दलका नेता शेरवहादुर देउवा लगायत अन्य व्यक्तिहरूले छुट्टाछुट्टै गरी सातवटा रीट निवेदनहरू दर्ता गरिएका थिए । ती सवै निवेदनमा मनमोहन अधिकारीको सिफारिसको वैधता माथि चुनौति दिंदै निम्न आरोपहरू लगाएका थिए :

(क) अविश्वास प्रस्ताव छल्ने दुराशयवाट सिफारिस गरेको ।

(ख) आफू अल्पमतमा परेको तथ्य लुकाई बदनियतपूर्ण सिफारिस गरेको ।

(ग) वैकल्पिक सरकार वन्न सक्ने भनी प्रतिनिधिसभाका वहुसंख्यक सदस्यहरूले जाहेर गरिसकेकोमा आफूले विश्वास गुमाई सकेको तथा लुकाई अनैतिक सिफारिस गरेको ।

---

[१७०] *गोरखापत्र* ०५२ साल जेठ ३१ ।

(घ) आफ्नो विरुद्ध अविश्वासको मत ल्याउनेहरूप्रति प्रतिशोधात्मक भावना लिएर सिफारिस गरेको ।

(ङ) प्रतिनिधिसभाका वहुसंख्यक सदस्यहरूले विश्वास व्यक्त गरेको शेरवहादुर देउवालाई सक्षमताको स्थिर सरकार वनाउने मौकावाट वंचित गरेको ।

(च) आफू सरकारमा वसी निर्वाचन गराउन पाए म बहुमत ल्याउन सक्छु कि भन्ने बदनियत साथ सिफारिस गरेको ।

(छ) राजालाई विवादमा मुछ्न सिफारिस ।

(ज) विधायीकी अधिकारको बलात अतिक्रमण गरेको ।[१७१]

यसरी २०५१ सालको मध्यावधि निर्वाचनमा एमालेले ८८ स्थानमा जिते पनि बहुमत नल्याएको कारण सरकार गठन गर्न सकेन । नेपाल अधिराज्यको संविधान २०४७ को धारा ३६ मा व्यवस्था भए अनुसार २०५ प्रतिनिधिसभा सदस्य मध्ये कुनै एक पार्टीले सरकार गठन गर्न १०३ सदस्यको सामान्य बहुमत ल्याउनुपर्ने आवश्यकता पर्दछ । त्यो समय कांग्रेससंग ८३, एमालेसंग ८८ र राप्रपासंग २१ मात्र थियो । जसले गर्दा कसैसंग पनि वहुमत थिएन । संविधानको धारा ४२ (१) वमोजीम सरकार गठन हुन नसकेपछि ४२(२) वमोजीम त्यस समय नेकपा (एमाले)ले सरकार गठन गरेको थियो ।

यसमा सर्वोच्च अदालतका न्यायाधीश त्रिलोक प्रताप राणा, ओमभक्त श्रेष्ठ र कृष्णजंग रायमाझीले भने ०५२ साल भाद्र १२ गते फरक मत दिनु भएको थियो । त्यस अघि उस्तै परिवेशमा गिरिजाप्रसादले गरेको संसद विघटन सदर हुने, तर अधिकारीको बदर हुने । यसरी दुईथरी निर्णय भयो । त्यसपछि प्रधानन्यायाधीश केशव प्रसाद उपाध्यायको पालामा संकटकालमा पनि चुनाव हुन सक्छ भनेर विघटन सदर गरियो ।[१७२]

"राजकीय सत्ता जनतामा छ" भन्ने कुरा नेपालको इतिहासमै पहिलोपटक सर्वोच्च अदालतले स्वीकारेको थियो । "राज्यका जुनसुकै कामकारवाही संविधानको अक्षर र भावना अनुकूल सम्पादन गरिनुपर्छ र त्यस अनुरूप गरिएको नपाइएमा त्यस्तो काम कारवाहीलाई संवैधानिक तथा कानुनी मान्यता दिन मिल्दैन ।"[१७३] प्रतिनिधिसभाको विघटनबाटै मुलुकमा अस्थिरताको बीजारोपण भएको थियो । संवैधानिक सर्वोच्चताको आधारमा राजाले ०५९ साल

---

[१७१] ऋृतुवर्ण पराजुली (सं), ***ऐतिहासिक योद्धा मनमोहन अधिकारी,*** (प्र.सं.), (विराटनगर : तेश्रो विश्व साप्ताहिक, २०५३), पृ. १०४ ।

[१७२] संविधान मृत्युको कारण नेता र न्यायाधीश, ***पूर्ववत् टिप्पणी*** नं. १५०, *अन्नपूर्ण पोष्ट,* ३० चैत, २०६५ ।

[१७३] ***कान्तिपुर,*** २ फागुन, २०६२ ।

असोज १८ र ०६१ माघ १९ मा राजकीय सत्ताको प्रयोग गरी गठन भएको शाही आयोगलाई सर्वोच्च अदालतले खारेज गर्ने निर्णय गरेको थियो । राजाले आफूमा अवशिष्ट अधिकार रहेको छ भनी दिएको सन्देशलाई अदालतले ठाडै अस्विकार गरि दियो । ०१५ र ०१९ सालको संविधानमा राजकीय अधिकार राजामा भएपनि ०४७ सालको संविधानमा राजामा नराखेर हाम्रा संविधानका मस्यौदाकारहरूले जनतामा निहित रहेको छ भन्ने बलियो प्रमाण दिए । संवैधानिक राजाले अवशिष्ट अधिकार प्रयोग गरी गठन गरिएको शाही आयोगलाई सर्वोच्च अदालतले असंवैधानिक ठहर गरी खारेज गरेपछि जनआन्दोलनअघि नै एककिसिमले राजाको शक्ति कमजोर बनीसकेको थियो ।

नेपाल अधिराज्यको संविधान २०४७ को व्यवस्था अनुसार सामान्यतया संसदमा बहुमत ल्याउने संसदीय दलका नेता प्रधानमन्त्रीमा नियुक्त गरिन्छन् । राजाले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलका नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने र निजकै अध्यक्षतामा मन्त्रिपरिषद्को गठन गर्ने संवैधानिक प्रावधान रहेको थियो । तर निर्वाचनमा कुनै पनि राजनैतिक दलले बहुमत ल्याउन सकेन भने स्थायित्व एवं स्वच्छ राजनैतिक विकासका लागि संविधानले केही वैकल्पिक बाटाहरू तोकेको थियो । दुई वा दुई भन्दा बढी दलहरू मिलेर सरकार गठन गर्ने पहिलो विकल्प थियो भने त्यसरी सरकार गठन हुनसकेन भने संसद्भित्र सबभन्दा ठूलो दलको नेताले मन्त्रिमण्डल गठन गर्न सक्ने थियो । तर संसदीय प्रणालीमा संसदको विश्वास पाउने व्यक्ति मात्र सरकारमा बस्न पाउने सैद्धान्तिक सीमा रहेको हुँदा यस अवस्थामा गठित विभिन्न दलहरू मिलेर बनेको सरकार होस्, वा सबभन्दा बढी सदस्य संख्या हुने दल भएको नाताले बनेको सरकार होस, त्यो सरकारले एक महिनाभित्र संसदको विश्वास प्रमाणित गर्नुपर्नेथियो । अन्यथा नयाँ निर्वाचनका लागि प्रतिनिधिसभा विघटन हुन जान्थ्यो भनी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४२ मा गरिएको थियो । यस किसिमको प्रावधान वारम्वार निर्वाचनमा जान नपरोस भनेर नै गरिएको थियो ।

नेपालजस्तो भूपरिवेष्ठीत र साधन श्रोतले कमजोर रहेको देशमा प्रजातान्त्रिक अभ्यास छिटो छिटो सम्भव हुने कुरा भएन् । वारम्वार निर्वाचनमा जानुभन्दा राजनैतिक दलहरू मिलेर सहमतिको वातावरण निर्माण गरी सरकार सञ्चालन गरुन् भन्ने उद्देश्यले यस किसिमको संवैधानिक प्रावधान राखिएको थियो । सरकार वास्तवमा निर्वाचित प्रतिनिधिहरू भएको संसदकै रचना हो । त्यसैले सरकार संसदप्रति नै निर्भर हुनुपर्ने भएकोले विशेष परिस्थितिमा आफूलाई सृजना गर्ने संसद र आफूसमेत दुवैलाई समाप्त गर्न सक्ने संसद् विघटनको अधिकार नेपाल अधिराज्यको संविधान २०४७ ले प्रधानमन्त्रीलाई दिएको थियो । संविधानको धारा ५३ को उपधारा ४ मा राजाबाट प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधि सभाको विघटन गर्न सक्ने र ६ महिनाभित्र नयाँ प्रतिनिधिसभाका लागि निर्वाचन मिति तोक्नुपर्ने प्रावधान राखिएको थियो ।

प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिशमा ०५९ साल असार ८ गते प्रतिनिधिसभाको विघटनविरुद्ध केही पूर्वसांसदलगायतकाले सर्वोच्च अदालतमा उजुरी गरेका थिए । २१ साउनमा सर्वोच्च अदालतको विशेष इजलासले चुनावमा जानुपर्ने प्रधानमन्त्री देउवाको सिफारिसलाई सदर गरिदिएको थियो । "शेरबहादुर देउवाको संसद् विघटनको सिफारिश २०५१ सालमा गिरिजाप्रसाद कोइरालाले गर्नुभएको विघटनको सिफारिसकै मोडल भएको देखाएको छ । यो फैसलाले २०५२ सालमा मनमोहन अधिकारीको नेतृत्वको सरकारले गरेको संसद विघटनको सिफारिशलाई संविधानसम्मत ठहराएर आफ्नो गलत निर्णयबारे पुनर्मूल्यांकन नगरे पनि अदालतले संविधानबाहिरबाट राजनीतिक निर्णय गर्ने गल्ती पुनः नदोहोऱ्याउने यो फैसलालाई सबैले उचित नै ठहऱ्याएका छन् ।

"देशमा आमनिर्वाचनबाट जनअभिमत माग्ने निर्णय उचित वा अनुचित भन्ने फैसला जनताबाटै हुन पाउनुपर्छ । यसबारे बीच बाटैमा किला गाड्ने कामले देशमा स्वस्थ राजनीतिक परम्पराको विकासमा समेत अवरोध गर्ने कार्य हुने रहेछ ।" ०५२ साल भदौ १२ गतेको फैसलामा पनि अदालतले न्याय खोज्नेहरूको मागभन्दा बाहिर गएर बजेटसम्वन्धी कुरा, विघटनको सिफारिश गर्ने सरकारका पुष्टि नै नभएका र हुनै नसक्ने भावनाका कुरालाई नकारात्मक चित्रण गर्दै नाजीशाही, तानाशाही जस्ता गैरअदालती भाषा प्रयोग गरेर बोल्न पुगेको थियो । यसपाला (०५९ साउन) पनि अदालतले न्याय माग्नेहरूको मागभन्दा बाहिर चुनाव संकटकालमा पनि हुन सक्ने जस्तो आसय व्यक्त गर्न पछि परेको छैन ।[१७४] यसरी सर्वोच्च अदालतले संकटकालमा पनि संसद् विघटन र चुनाव गराउन सकिने गरि प्रतिनिधिसभा पुनर्स्थापनाको रिट खारेज गरेको थियो । नेपालको सर्वोच्च अदालतसमेत विघटन सम्बन्धी फैसलामा परिस्थितिलाई आँकलन गर्न सक्ने अभाव देखियो । प्रतिनिधिसभा विघटन सम्बन्धी विषय राजनैतिक विवाद मात्र नभई संवैधानिक प्रश्न पनि निहित भएकोले वैधता परिक्षण गराउने हकदैया विघटित सांसदहरूलाई भएकै कारण प्रधानमन्त्रीबाट ०५९।२।८ मा गरिएको सिफारिश दुराशययुक्त छ, छैन भन्ने प्रश्नको सन्दर्भमा विचारगर्दा संकटकालको म्याद बढाउने प्रस्तावलाई प्रतिनिधि सभामा छलफल हुन नदिई विघटन गरेको दुरासयपूर्ण छ ।

यसमा प्रधानमन्त्रीले विभिन्न कारणहरू देखाई संविधानको धारा ५३ (४) वमोजिम प्रतिनिधिसभा विघटनको सिफारिश गर्नु भएको देखिएकोले ती राजनैतिक कारणको औचित्य वा पर्याप्तताको क्षेत्रभित्र अदालतले प्रवेश गरी शक्ति पृथकीकरणको सिद्धान्त वमोजिम निरूपण गर्न मिल्ने देखिन्न । सवै प्रकृतिका घटना, विवाद र समस्याको उपचार अदालत हुन सक्तैन । संविधानको धारा (८८)२ अन्तर्गत संवैधानिक वा कानूनी प्रश्नमा संविधानले निर्धारित गरेको

---

१७४ (राधाकृष्ण मैनाली, थुप्रै अन्योलको छिनोफानो सर्वोच्चको निर्णय), ***स्पेसटाइम,*** २०५९ साल साउन २६ ।

मापदण्डको आधारमा व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतलाई छ । संवैधानिक एवं कानूनी प्रश्न बाहेकका राजनैतिक, सामाजिक, आर्थिक विवादसंग सम्बद्ध रहेका प्रश्नहरूको अदालतले निर्णय गर्न मिल्दैन ।[१७५]

२०५४ साल पुस २४ मा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले विघटनको सिफारिस गरे पनि राजावाट घोषणा भएन् । कांग्रेस, राप्रपासहितको संयुक्त सरकारका प्रधानमन्त्री थापाले पार्टीभित्रको विभाजन र कांग्रेससितको सहमतिमा समस्या आएपछि उक्त सिफारिस श्री ५ समक्ष गरेका थिए । तर, सोही दिन ९६ सांसदले प्रतिनिधिसभाको विशेष अधिवेशन बोलाउन दरबारमा समावेदन दर्ता गराएपछि सांसदहरूको समावेदन र विघटन सिफारिसमध्ये कुनले प्राथमिकता पाउँछ भन्ने सम्बन्धमा श्री ५ बाट सर्वोच्चको राय माग भएको थियो । तत्कालीन प्रधानन्यायाधीश ओमभक्त श्रेष्ठको ९ सदस्यीय विशेष इजलासले विघटनभन्दा सांसदहरूको निवेदनलाई प्राथमिकता दिनुपर्ने राय दिएको थियो । [१७६]

प्रधानमन्त्री शेरबहादुर देउवाले विघटन गरेको प्रतिनिधि सभाको हकमा अदालतले संकटकालमा पनि निर्वाचन हुन सक्छ भन्ने आशय देखाएको थियो । नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ को उपधारा (३) बमोजिम संकटकालीन व्यवस्था कायम रहेको स्थितिमा प्रतिनिधिसभाको विघटन गर्न एवं प्रतिनिधिसभाको नयाँ निर्वाचन समेत हुन सक्ने हो वा होइन भन्ने प्रश्नका सम्वन्धमा विचार गर्दा प्रतिनिधि सभाको विघटन २०५९ साल जेठ ८ गते संकटकालीन स्थिति लागु रहेको अवस्थामा भएको थियो । प्रतिनिधिसभाको कार्यकाल ५ वर्षको हुने तर देशमा संकटकालीन स्थितिको घोषणा लागु रहेको अवस्थामा १ वर्षमा नवढ्ने गरी ऐनद्वारा प्रतिनिधिसभाको कार्यकाल बढाउन सकिनेछ भन्ने उल्लेख भएको पाइन्छ । त्यसपछिभने अदालतले सबै प्रकृतिका घटना, विवाद र समस्याको उपचार अदालत हुन सक्दैन भनी संवैधानिक एवं कानुनी प्रश्नबाहेकका राजनैतिक, सामाजिक, आर्थिक विवादसँग सम्बद्ध रहेका प्रश्नहरूको अदालतले निर्णय गर्न मिल्दैन समेत भन्न पुग्यो ।

राजाको प्रत्यक्ष शासनकालमा न्यायपालिकालाई आफ्नो स्वतन्त्रता र सर्वोच्चता कायम राख्न निकै समस्या पर्‍यो । संकटकालीन अवस्थामा कानुनी उपचारको बाटोलाई खुला गर्न सर्वोच्च अदालत अगाडि आउन सकेन । नेपालका अदालतमा माघ १९ को प्रभाव प्रशस्त देखियो । "संविधानको धारा ११५ (१) अन्तर्गत जारी गरिएको संकटकालका बारेमा समेत निलम्बनमा नपरेका अधिकारहरूको प्रत्याभूति अवस्था हेर्ने अधिकार सर्वोच्च अदालतलाई छ ।

---

[१७५] ***स्पेसटाइम*** दैनिक, २२ साउन, २०५९ ।

[१७६] ***कान्तिपुर,*** ८ असार, २०५९ ।

तर, सर्वोच्च अदालतले १९ माघपछि बन्दी प्रत्यक्षीकरणको रिटसमेत दर्ता गरेन ।"[१७७] यसै अवधिमा संसद पुनर्स्थापनाको माग निकै जोडले अगाडि बढ्यो । देशमा प्रतिनिधिसभाको अस्तित्व नरहेको कारण सरकारले राजनीतिक दलहरूसंग द्वन्द्व बढाउने काम गरिरह्यो ।

२०५८ साल मङ्सिर ८ गते जब दाङ्गको सैनिक व्यारेकमा माओवादीबाट सशस्त्र आक्रमण भयो त्यसपछि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को विभिन्न उपधारा अनुसार अधिराज्यभर लागू हुनेगरी सङ्कटकालीन अवस्थाका आदेशहरू जारी भएका थिए । राजाको नाममा जारी भएपनि यसले ०१७ सालको जस्तो मंन्त्रिपरिषद्लाई नै विघटन भने गरेन । तर ०५९ साल जेठ ९ गते दोस्रो पटक सङ्कटकालको अवधि बढाउन खोज्दा कांग्रेसको नेतृत्वमा रहेको सरकारलाई संस्थापन पक्ष नेपाली कांग्रेसले अवधि नवढाउने निर्देश गरेपछि प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्दिए । परिणाम देउवा सरकारलाई आफ्नै दल नेका र प्रतिनिधिसभाको सहयोग रहेन । यस्तो अवस्थामा सर्वोच्चले प्रतिनिधिसभा विघटनलाई वैध ठहऱ्याईदियो । "देश करिब चार वर्ष प्रतिनिधिसभाविहिन अवस्थामा रहेको थियो । तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा राजाद्वारा ०५९ जेठ ८ गते प्रतिनिधिसभाको विघटन गरिएको थियो ।"[१७८]

प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गराउने अभिभारा बोकेका प्रधानमन्त्रीले निर्वाचन हुनसक्ने अवस्था नदेखिएबाट वाधा अडकाउ फुकाउन राजामा पेश गर्दा राजाले ०४७ को संविधानको धारा २७ को उपधारा ३ मा संविधानको पालना र संरक्षण गर्ने दायीत्व आफैसंग रहेको ठानी प्रधानमन्त्रीलाई पदमुक्त गरी राजाले कार्यकारिणी अधिकार प्रयोग गर्न पुगे ।

राजा ज्ञानेन्द्रबाट २०५९ साल असोज १८ गते शाही घोषणामार्फत अर्कैखाले 'सङ्कटकालीन' (धारा २७ (३), ११५ तथा १२७ ले कल्पना नै नगरेको अधिकारको प्रयोग गरी २०४७ सालको संविधान मिच्ने काम भयो । उल्लिखित शाही घोषणाअन्तर्गत इच्छाअनुसार मन्त्रिपरिषद् गठन/विघटन गर्ने कार्य भइरहेकोमा २०६१ साल माघ १९ गते जारी भएको अर्को शाही सन्देशमार्फत'... हामीबाट प्रयोग भइआएको राजकीयसत्ताको प्रयोग गरिबक्सी नेपाल अधिराज्यको संविधान, २०४७ को मर्म र भावनाअनुरूप संविधानको धारा २७ को उपधारा (३) लाई समेत विचार गरी देशमा शान्ति–सुरक्षाको पुनःस्थापना तथा प्रजातान्त्रिक व्यवस्थालाई शीघ्र कृयाशील तुल्याउने जनताको चाहना पूरा गर्न हामीबाट वर्तमान मन्त्रिपरिषद् आजैबाट विघटन गरी...अब गठन हुने मन्त्रिपरिषद् हाम्रै अध्यक्षतामा हुनेछ' भन्ने घोषणा भई सोको

---

१७७ *नेपाल मानवअधिकार वर्षपुस्तक २००६,* (काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र, २०६२), पृ. १० ।

१७८ *नेपाल मानवअधिकार वर्षपुस्तक २००७,* (काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र, २०६३), पृ. ७ ।

भोलिपल्ट संविधानको धारा ११५(१) बमोजिम नेपाल अधिराज्यभर सङ्कटकालीन अवस्थाको आदेश जारी गरी बन्दीप्रत्यक्षीकरणको उपचारको हकबाहेक अन्य मौलिक हकहरू निलम्बन गर्ने काम भयो । यस प्रकारले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ अन्तर्गतको सङ्कटकालीन अवस्थासम्बन्धी राज्यलाई प्राप्त अधिकारको राजनीतिक प्रयोग र दुरूपयोगको कारण नै अन्ततः २०४७ सालको संविधान, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र तथा अन्त्यमा राजतन्त्रकै अन्त्य भई सङ्घीय गणतन्त्रको रूपमा नेपाल प्रवेश गरेको छ ।[१७९] यी घटनाले के देखाएको छ भने राजाले आफूखुसी सङ्कटकाललाई जथाभावी प्रयोग गरी निर्वाचित प्रतिनिधिलाई सकेसम्म कमजोर अवस्थामा पुऱ्याएका थिए ।

यसरी पहिलो प्रतिनिधिसभामा प्रधानमन्त्रीले संसद सजिलै विघटन गराउन सकेनन् । विघटित प्रतिनिधिसभामा नेपाली कांग्रेसका तर्फबाट सांसद रहनुभएका हरिप्रसाद नेपाल, एमालेका तर्फबाट गणेश पण्डित तथा दुर्गा सुवेदी र लोककृष्ण भट्टराईले संयुक्तरूपमा साउन ११ गते सर्वोच्च अदालतमा "असार २६ गते विपक्षी प्र.मं. गिरिजाप्रसाद कोइरालाले प्रस्तुत गर्नु भएको संसद विघटन र सम्पूर्ण अन्य कामकारवाही  रोक्न अन्तरिम आदेशको माग गरेका थिए । यस अवस्थामा राजाले असार २६ बाट प्रधानमन्त्रीको राजीनामा स्वीकृत, अर्को मं.प गठन नभएसम्म त्यसैलाई काम गर्न दिइएको । २७ असारबाट प्रतिनिधिसभा विघटन भएको र कार्तिक २७ मा आम चुनाव तोकिएको यस अवस्थामा "सम्माननीय प्रधानमन्त्रीको सिफारिस र श्री ५ बाट गरिबक्सेको प्रतिनिधिसभाको विघटन संविधान प्रतिकूल नदेखिएकोले यस अदालतले निवेदकहरूको माग अनुसार हस्तक्षेप गर्नुपर्ने अवस्था देखिन आएन । तसर्थ रिट निवेदन खारेज हुने ठहर्छ ।" भनी सर्वोच्च अदालतको विशेष इजलास २०५१ सालको रिट नं.२३०४ मिति २०५१ भाद्र २७ को फैसलामा उल्लेख भएको देखिन्छ । यस सम्वन्धी विस्तृत व्याख्या माथि पनि गरिसकिएको छ ।

यसरी पहिलो प्रतिनिधिसभाको विघटन हुँदा आएको सर्वोच्चको निर्णय दोस्रो प्रतिनिधि सभाको विघटनका सम्वन्धमा अर्कै ढंगवाट आयो भने तेस्रो पटक प्रतिनिधिसभा विघटनको सिफारिसमा सर्वोच्चले संकटकालमा पनि निर्वाचन हुन सक्ने ठहर गर्दै प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभा विघटन गरी कार्तिक २७, २०५९ मा नयाँ प्रतिनिधिसभाका लागि निर्वाचनको मिति तोक्न सिफारिस गरेको  कुरालाई सर्वोच्च अदालतले सदर गर्दै त्यसविरुद्धको रिट खारेज गरेको थियो ।[१८०] सर्वोच्च अदालतले यही फैसलावाट अव उप्रान्त उच्चस्तरीय

---

१७९ बद्रीबहादुर कार्की, "संविधानमा सङ्कटकालीन अधिकारसम्बन्धी व्यवस्था", इन्द्र खरेल र अन्य (सं.), ***सर्वोच्च बार जर्नल,*** २०६६ साउन, पृ. १७ ।

१८० ***नेपाल समाचारपत्र,*** २०५९ साउन २३ गते ।

राजनीतिक मुद्दाका प्रसंगमा स्पष्ट दिशा र अधिकार क्षेत्र निर्धारण गरी आर्थिक, राजनीतिक, सामाजिक समग्र पक्षमा सम्बन्धित पक्षले नै दायित्व बहन गर्नुपर्ने र अदालतबाट केवल न्यायिक, संवैधानिक एवं कानुनी विवादको मात्र व्याख्या, विवेचना हुने लक्ष्मणरेखा कोरिएको यो पहिलो निर्णय भएको भनेको छ । बहुमतको प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटन गर्ने पूर्ण अधिकार भएको पनि निर्णय दिएको छ ।[१८१]

यी सवै घटनाको विश्लेषण गर्दा के देखिन्छ भने संसद् विघटन गर्नमा सवैभन्दा दोष राजामा भित्रभित्रै देखिएको महत्वाकांक्षा हो । मध्यावधि चुनाव घोषणा हुनासाथ चाहेर होस वा नचाहेर संवैधानिक राजतन्त्रले हरेक दललाई विवादमा तानिरहेका थिए । राजाबाट भएको घोषणालाई चुनावी विषय बनाउने ध्येय लिई सत्तापक्ष वा प्रतिपक्षका नेताहरूले आ–आफ्नो अनुकूल हुने गरी राजालाई आलोचनाको घेराभित्र ल्याउने पनि काम गरिरहेका थिए । ०४७ सालको संविधानमा प्रतिनिधिसभामा छलफलको विषय हुन नसक्ने कुरालाई चुनावको विषय बनाएर राजा आफ्नो पक्षमा भएको देखाउन कतिपय दलहरू प्रतिस्पर्धामा लागेका थिए । सडक विवादमा संवैधानिक राजालाई आलोचनाको मूल विषय वनाएर चुनावी माहौल दलहरूले बनाउँदै गएका थिए । यस्तोमा सत्ताको वागडोर फेरी राजाको हातमा गएको भनेर वामपन्थी दलहरूले खवरदारी गरीरहेका थिए । राजालाई संविधानभन्दा माथिको पुरानै स्थितिमा फर्काउन खोज्ने परम्परावादी तत्वहरू त्यस समय निरन्तर लागिरहेका थिए ।"राजालाई दलगत राजनैतिक ध्येय सिद्धि गर्ने साधन बनाउनु वा राजाविरोधी विचार अभिव्यक्त गरिनु राष्ट्रियताको सन्दर्भमा पनि विपरीत कार्य हुन्छ । तसर्थ संवैधानिक राजालाई सडक राजनीतिको विषय वनाइनु प्रजातन्त्रको संस्थागत विकासको लागि अहितकर हुनेछ ।"[१८२] तर नेपालको राजतन्त्रले प्रजातन्त्रको संस्थागत विकासमा भन्दा कसरी हुन्छ सकृय राजतन्त्र ल्याउन सकिन्छ त्यतातर्फ उनको ध्यान केन्द्रित हुन पुग्यो ।

नेपालका राजाले ०५९ असोज १८ र ०६१ माघ १९ को घटनामा राजकीय सत्ता र सार्वभौम सत्ता दुवै संविधानतः आफूमा नै रहेको छ भन्दै आफूखुसी प्रयोग गर्न खोजेका थिए । उनले ०६१ फागुन ५ गते गठित आयोगलाई निरन्तरता दिने गरी २०६२ साल वैशाख १६ गते उनले दिएको निरन्तरताको आदेशलाई सर्वोच्च अदालतले रोक लगाउन पुग्यो ।

अदालतले सार्वभौमसत्ता जनतामा रहेको छ राजामा हैन भनी पुनर्स्थापित गर्दिएको थियो । राजाले गठन गरेको भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई असंवैधानिक भएको ठहर

---

१८१ ***स्पेसटाइम दैनिक***, २०५९ साल साउन २३, बिहीबार ।

१८२ ***विश्वमित्र २०५१ ,भाद्र*** १–१५, वर्ष १ अङ्क ३, (काठमाडौं : एशियन मिडिया प्रा.लि.) पृ. ३ ।

गरेको थियो । शाही आयोगलाई असंबैधानिक ठहर गरी बदर गरेको फैसलाबाट राजाको कदम गलत थियो भन्ने देखाएको थियो । तर त्यसबेलाको सरकारी सञ्चार माध्यम गोर्खापत्रले "सर्वोच्च अदालतले भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठन तथा त्यसलाई निरन्तरता दिने कार्य संविधानको व्यवस्था र उद्देश्यविपरीत भई संविधानसम्मत नभएको ठहर गरेको छ ।" "आयोग कायम रहनसक्ने अवस्था नहुँदा फागुन १,२०६२ सालदेखि खारेज भएको र त्यस्तो गैरसम्बैधानिक आयोगबाट भएगरेको कामकारवाहीले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ठहर पनि गरेको छ ।"[१८३] हिन्दू राजालाई असिमित अधिकार छ, राजाका काम कारवाहिलाई अदालतले हेर्न सक्दैन, राजामा नै सार्वभौमसत्ता र राजकीयसत्ता छ भन्ने राजावादीहरूको उग्र विवादकै कारण ०४७ सालको संविधान र राजतन्त्रबीच वीवाद वढ्दै गएको थियो । संविधानवादको पक्षमा जनता थिए राजा जवरजस्ती निरंकुश राजतन्त्रको मार्गमा लम्केको देखिन्छ ।

०५९ जेठमा प्रधानमन्त्री देउवाको सिफारिसमा प्रतिनिधिसभा भङ्ग गरी ६ महिनाभित्र मध्यावधि निर्वाचन गराउने कार्यलाई सर्वोच्चले समर्थन जनायो । तर उक्त ६ महिनाभित्र निर्वाचन सम्पन्न गराउन नसक्ने देउवाको अक्षमताको परिणामस्वरूप नेपालमा राजनीतिक र संवैधानिक भुईँचालो आएको हो । निर्वाचन गराउनका निम्ति संसद् भङ्ग गराउनु राजनीतिक अधिकार ठहरियो भने निर्वाचन सम्पन्न गराउन नसक्नु त्यसको औचित्य पूरा गराउन नसक्नु हो । तसर्थ भङ्ग गरिएको प्रतिनिधिसभालाई तुरुन्त पुनःस्थापित गरी त्यसलाई औचित्य प्रदान गर्न सकिन्थ्यो । त्यो श्री ५ बाट गरिएन र नै बहुदलीयता समाप्त हुन आएको हो ।[१८४] यीनै पृष्टभूमिमा संसद् विघटन गर्नमा पनि राजाको महत्वाकांक्षा अत्यधिक थियो । यसैगरी ०४७ सालको संविधानभित्र रहेको धारा ५३ (४) लाई दश वर्षमा जतिपटक प्रयोग भयो यसले त्यति नै पटक विवाद ल्याउने काम गऱ्यो । जननिर्वाचित प्रतिनिधिसभा विघटन गराउन यो धारा समस्याको जड देखिएपनि कहिलेकांहि नेपालका प्रधानमन्त्रीले मंत्रिपरिषदको निर्णय विना दरवारमा बसेर संसद भङ्ग गरेकोले यसमा दरबारको हात छैन भनेर कसैले भन्न सक्दैन । राजा निर्वाचित सरकारका प्रधानमन्त्रीलाई कसरी खेलाउने गर्दारहेछन भन्ने कुरा तलको घटनाले पनि पुष्टी गरेको छ :

"देउवाले राति नै दरबारमा आफ्नो कार्यालयको लेटर प्याड र स्ट्याम्प मगाउनुभयो । लेटर प्याड आएपछि सचिव वैठकमै प्रमुख सचिव पशुपतिभक्त महर्जनले प्रधानमन्त्रीको भाकामा प्रतिनिधिसभा विघटन र चुनावको मिति तोकिएको सिफारिस पत्रको ब्यहोरा लेखी टाइप गराउनु भयो । महाराजाधिराजलाई सिफारिस गरिएको उक्त पत्रमा प्रधानमन्त्री देउवाले सरकारकै

---

१८३ *गोर्खापत्र*, २०६२ साल फागुन २ गते ।

१८४ खगेन्द्रनाथ शर्मा, सर्वोच्चको आदेशले जन्माएका मुद्दाहरू, *कान्तिपुर,* (बुधवार ८ मंसिर, २०६२) ।

सामुन्ने हस्ताक्षर गर्नुभयो । हस्ताक्षर भएलगत्तै महाराजाधिराजबाट 'प्रधानमन्त्रीको सिफारिस बमोजिम' प्रतिनिधिसभा भङ्ग गरिबक्सी मध्यावधि निर्वाचनको मिति घोषणा गरिबक्स्यो ।"[१८५] दलहरूलाई कमजोर बनाउने यसकिसिमको घटना राजाले नियोजीत तवरले चलाएका रहेछन भन्ने कुरा पछिल्ला दिनमा खुल्दै आएको देखिन्छ । स्वयं विवेक कुमार शाहले नै यसमा विशेष कार्य टोली बनाएर राजाको निर्देशनमा काम गरेको भनेको आधारमा के पुष्टी हुन्छ भने प्रतिनिधिसभा विघटन भएपछि देउवालाई नेकाले साधारण सदस्यबाट हटाएर कार्वाहि गरेकोले नयाँ दल खोल्न बाध्य भए । यसरी नेपालको राजनीतिक दलहरूको संस्थागत विकास होस भन्ने चाहना नेपालको राजतन्त्रले लिएको देखिन्न् ।

संविधानलाई असफल वनाउन र राजनीतिक दलहरूलाई कमजोर वनाउने खेलमा प्रतिनिधि सभा ४ पटक अदालतमा जानु भनेको सक्रिय राजतन्त्रको आवश्यकता दरवार र दरवारका आसेपासेहरूले देखे । यसका लागि राजाले शासन चलाउन प्रत्यक्ष शासन अन्तर्गत हिजैका पञ्चायतकालीन व्यक्तिहरूलाई टिपेर ल्याए । त्यसको बलियो प्रमाण तिनीहरूले १८ असोजमा देउवा सरकारको विघटनगरेर संविधानको धारा १२७ प्रयोग गरेपछि नियुक्त गरिएको व्यक्तिहरूलाई हेर्ने हो भने त्यही कुराको पुष्टि हुन्छ । यसरी राजा सक्रिय बन्ने क्रममा निर्देशित शासन तर्फ अगाडि बढे ।

संविधानको धारा ५३ (४) यस्तो खतरनाक धारा वन्न पुग्यो जसलाई अदालतले आफुखुशी व्याख्या गर्न पुग्यो । संविधानलाई संशोधन गर्ने प्रयास नै हुन सकेन । संविधान संशोधनका लागि नेपाल अधिराज्यको संविधान २०४७ को भाग १९ को धारा ११६(१) मा यस संविधानको प्रस्तावनाको भावनाको प्रतिकूल नहुने गरी संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संसदको कुनै सदनमा प्रस्तुत गर्न सकिनेछ । तर यो धारालाई संशोधन गरिने छैन ।

(२) उपधारा (१) बमोजिम पेश भएको विधेयक संसदको प्रत्येक सदनमा सो सदनको सम्पूर्ण सदस्य संख्याको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई–तिहाइ सदस्यहरू उपस्थित भई उपस्थित सदस्य संख्याको दुई–तिहाइ बहुमतबाट पारित भएमा श्री ५ को स्वीकृतिका लागि पेश गरिनेछ र श्री ५बाट मौसुफसमक्ष पेश भएको तीन दिनभित्र त्यस्तो विधेयक स्वीकृत गर्न वा पुनर्विचारका लागि आफ्नो सन्देश सहित उत्पत्ति भएको सदनमा फिर्ता पठाउन सकिबक्सनेछ ।

(३) उपधारा (२) बमोजिम श्री ५ बाट कुनै विधेयक फिर्ता पठाइबक्सेकोमा संसदको दुवै सदनमा सो विधेयकउपर पुनर्विचार गरिनेछ र उपधारा (२) को प्रक्रिया अपनाई मूल रूपमा वा

[१८५] (विवेक कुमार शाह), ***पूर्ववत् टिप्पणी नं.*** ७५, पृ. १०६ ।

संशोधन सहित सो विधेयक श्री ५ को स्वीकृतिका लागि पुनः पेश भएमा त्यसरी पेश भएको तीस दिनभित्र त्यस्तो विधेयकउपर श्री ५ बाट स्वीकृति प्रदान गरिबक्सने छ ।[१८६] संविधानमा यसरी उल्लेखगरिएको संवैधानिक प्रावधानमा कहिल्यै परिवर्तन गरिएन् । संविधान संशोधन गर्न सत्तापक्षसँग कहिल्यै दुई तिहाइ बहुमत नै पुगेन् । देशका जटिल समस्याहरूमा सैनिक,प्रहरी र अदालतले नै निकास निकालोस भन्ने स्थितिमा राजनीतिक दलहरू देखिए । यस अवधिभित्र मुलुकको राजनीति सरकार बनाउने र गिराउनेमा मात्र केन्द्रित भयो । इतिहासबाट दलहरूले कुनै पाठ सिक्ने काम गरेनन् ।

त्यस्तै गरी दलहरूले वैकल्पिक सरकार दिन सक्ने अवस्था रहँदा रहँदै सजिलै सत्ता हस्तान्तरण गर्न उनीहरू तयार भएनन् । आफू प्रधानमन्त्री हुन नपाएपछि अरुलाई किन छोडने भन्ने गलत मानसिकताको विकास भयो । यसरी लोकसम्मति अनुसार शासन चलाउँछु भन्ने राजा र जनताका लागि जनयुद्ध गरिरहेको छु भन्ने माओवादी जस्ता दुई धारले संविधानलाई कमजोर बनाउन खोजिरहेका थिए । राजालाई संविधानमा त राखे तर राजाले आफ्नो सक्रिय भूमिका खोजिरहे । संविधानबाट निस्कन उनले आफ्नो स्वविवेक अर्थात् तजवीजीमा धारा १२७ को दुरूपयोग गर्न पुगे ।

०५९ असोजपछिका राजाले आफूलाई संविधानको दायराभन्दा माथि प्रस्तुत गरेका छन् । देखिने र सुनिने राजतन्त्रको रूपमा महेन्द्रले मुलुक देशाटनमा निस्के जस्तै गरी ज्ञानेन्द्र पनि निस्कन थाले । अटो र अभिनन्दन राजतन्त्रको थप विशेषता बन्दै गएको थियो । 'प्रजाको हित, राजाको सर्वोपरि कर्तव्य हो' भन्दै हरक्षेत्रमा राजा दलहरूभन्दा अगाडि देखिएका थिए । सेनाले जनप्रतिनिधिबाट संचालित हुनुभन्दा राजतन्त्रबाट सन्चालित हुँदा आफूलाई सजिलो महसुस गरेकाले सेनाको रोजाइ पनि राजतन्त्र र प्रहरीको रोजाईपनि दल बन्न सकेन । सरकारले प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेललाई ०५४ जेठ २१ को निर्णयबाट राष्ट्रिय अनुसन्धान विभागमा गरेको नियुक्तिको निर्णयसमेत कार्यान्वयन गराउन सकेन । संवैधानिक राजतन्त्रको मान्यता र संविधानको भावना विपरीत राजदूतको नियुक्ति मन्त्रिपरिषद्को सल्लाहविना नै राजाबाट भएको थियो । ०५९ असोज १८ र ०६१ माघ १९ पछि नेपालमा राजाबाट जेजस्ता गतिविधि भएका छन् त्यसले संविधान बलियो हैन कमजोर बनाउन खोजेको थियो ।

यस्तो अवस्थामा ०६२ मंसिर ७ देखि सात दल र माओवादी अर्थात् संवैधानिक र विद्रोहीलाइ  एउटै ध्रुवमा गोलबद्ध हुन वाध्य वनायो । त्यहींबाट राजतन्त्रको विरुद्धमा उग्रपन्थी, वामपन्थी र दक्षिणपन्थी एकै स्थानमा उभिए । यसअघि राजतन्त्रले राजनीतिक स्थिरता र

---

[१८६] *(नेपाल अधिराज्यको संविधान, २०४७, पूर्ववत् टिप्पणी* नं. १५६, पृ. ७० ।

सुशासन दिनसक्छ भन्ने मान्यतामा बसेको सेना ०६२/६३ को जनआन्दोलनपछि नेपाली सेना केही समय कमजोर बनेको थियो । उसले विरोधी ठानेको राजनीतिक दल सत्तामा आएपछि सेना सन्चालनमा धेरै अप्ठेरो देखियो । देशका अन्य ठूला दलहरूको समर्थनले गर्दा नेपाली सेनाले राजाको शासनकालमा गुमाएको आफ्नो विश्वसनीयता विस्तारै प्राप्त गर्न थाल्यो ।

## ३.६ आम चुनाव र अस्थिर सरकार

३० वर्षको अवधिमा विभिन्न प्रतिबन्धित राजनीतिक समूहहरूले पञ्चायती शासनको विरुद्धमा आन्दोलन चर्काएकै परिणाम अन्ततः ०४६ सालमा प्रजातन्त्र पुनःस्थापना गर्न तिनीहरू सफल भए । ठूलो संगठित शक्तिको मोर्चाबाटमात्र पञ्चायती व्यवस्थाको अन्त हुने निश्चित देखेपछि दलहरूले विभिन्न मोर्चा गठन गरेर जनआन्दोलन २०४६ का लागि मार्ग प्रशस्त गरे । त्यसमा उनीहरूले सफलता पाए । तर संक्रमण लम्बियो । संविधान पछि मुलुक विधिबाट संचालित होला भन्यो उही तजवीजी र व्यक्तिगत लहडमा प्रधानमन्त्रीले पटक पटक संसद् विघटन गरिदिएर प्रजातन्त्रलाई अस्थिर बनाउने काम गरे ।

सत्तामा कसरी जाने र सत्ताबाट कसरी हटाउने बाहेक जनताको एजेण्डामा काम हुन नसकेकाले नै मुलुक अस्थिरतामा झन झन लम्बिदै गयो ।'मन्त्रिमण्डलको निर्णयका आधारमा लाउडामा भ्रष्टाचार भएको छ भनेर अख्तियारले किटेर निर्णय गर्छ ।'[१८७] उल्टो निर्णय गर्ने पदाधिकारीलाई छानविन समिति गठन गरेर वयान दिन आउनु भनी पूर्जी काटेर बोलाइन्छ । प्रजातन्त्र पुनः प्राप्तिपछि जहिले पनि छ महीना वर्ष दिन टिक्न नपाउंदै सत्तारुढ दल सरकारबाट अलग्गिनाले राजनीतिक दलका नेताहरूले मुलुकमा राजनीतिक संस्कार दिन सकेनन् । राज्य शून्यतामा वा संविधान विहीनताको अवस्थामा कहिल्यै वस्न सक्दैन । हिजो भैरहेको संरचनाहरूको परिवर्तन पछि नै मुलुक ०४७ सालपछि प्रजातन्त्रमा संक्रमण हुन गयो । संसद्को रचना भएको दिनदेखि नै प्रतिपक्षी दल शासन सत्तामा जाने र सत्ताबाट कसरी हुन्छ अरुलाई हटाउने यस्तै अभियानमा लागिरह्यो । नेपालका राजनीतिक दलहरू पनि यसबाट अछुतो रहेनन् । सम्पन्न तीन ठूला आम निर्वाचनले के देखायो भने पुरानो राजतन्त्रलाई लिएर हिंडदाको परिणति पूरा समय संसद कहिल्यै चल्न पाएन । पटक पटक हामीले संसद् दुर्घटना गराइरह्यौं । हामीले संसदलाई कहिल्यै स्थायित्व दिन सकेनौं ।

### ३.६.१ प्रथम प्रतिनिधि सभा (०४८–५१)

०४७ सालको संविधान वमोजिम विघटन भएमा बाहेक प्रतिनिधिसभाको कार्यकाल ५ वर्षको हुने । तर देशमा संकटकालीन स्थितिको घोषणा लागू रहेको अवस्थामा ऐनद्वारा एक वर्ष

[१८७] *नेपाल,* १६–३१ असार, २०५८ ।

सम्म बढाउन सकिने र यसरी बृद्धि गरिएको कार्यकाल संकटकालीन स्थितिको घोषणा खारेज भएकोमा सो खारेजी मितिले ६ महिना पुगेपछि स्वतः समाप्त हुने रहेको थियो । संविधानमा व्यवस्था भए वमोजिम एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा हुने र १८ वर्ष पुगेको नेपाली नागरिक मतदाता हुन सक्ने व्यवस्था संविधानको धारा ४५ अन्तर्गतका विभिन्न उपधारामा मिलाइएको थियो ।[१८८] प्रथम प्रतिनिधि सभा २०४८ साल वैशाख २९ गतेदेखि २०५१ साल आषाढ २७ गते सम्म चल्यो ।[१८९]

नेपाल अधिराज्यको संविधान २०४७ प्रारम्भ भए पश्चात् प्रतिनिधिसभा सदस्यको २०५ स्थानका लागि २०४८ साल वैशाख २९ गते प्रथम आम निर्वाचन सम्पन्न भयो । त्यस निर्वाचनमा २०५ स्थानका लागि १३४५ जना उम्मेदवार थिए । कुल मतदाता १,११,९१,७७७ थिए । जम्मा खसेको मत ७२,९१,०८४ मध्ये सदर मत ६९,६९,०६१ र बदर मत ३,२२,०२३ थियो । संविधानको धारा ११४ ले व्यवस्था गरे अनुसार प्रतिनिधिसभाका लागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक संगठन वा दलका उम्मेदवारहरू मध्ये कम्तीमा ५ प्रतिशत महिला उम्मेदवार हुनुपर्ने अनिवार्यता छ । जसअनुरूप प्रथम आम निर्वाचनमा विभिन्न राजनैतिक दलका तर्फबाट र स्वतन्त्र गरी ८० जना महिला उम्मेदवार थिए र यी मध्ये ७ जना विजयी भए । ०५० साल माघ २५ गते सम्पन्न उप निर्वाचनमा १ जना महिला उम्मेदवार विजयी भई यो संख्या ८ पुग्यो । निर्वाचन आयोगबाट २०४८ साल वैशाख २९ गते प्रतिनिधिसभाको २०५ स्थानको निम्ति एकै दिन सम्पन्न भएको निर्वाचनलाई विकासोन्मुख मुलुकहरूमा सम्पन्न निर्वाचनमध्ये एउटा सफल निर्वाचनका रूपमा लिइएको थियो । दलीय स्थिति निम्नानुसार रहेको थियो :

| **राजनैतिक दलको नाम** | **निर्वाचित सदस्य संख्या** |
|---|---|
| १. नेपाली कांग्रेस | ११० (३ जना स्वतन्त्र र उपनिर्वाचन पछि १ थप) ११४ |
| २. नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ६९ (उपनिर्वाचनपछि १ सिट घटेको) ६८ |
| ३. संयुक्त जनमोर्चा नेपाल | ९ |
| ४. नेपाल सद्भावना पार्टी | ६ |
| ५. राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) | ३ |
| ६. नेपाल मजदूर किसान पार्टी | २ |
| ७. नेपाल कम्युनिष्ट पार्टी (प्रजातन्त्रवादी) | २ |
| ८. राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) | १ |
| ९. स्वतन्त्र | ३ |

[१८८] (नेपाल अधिराज्यको संविधान), ***पूर्ववत् टिप्पणी*** नं. १५६, पृ.२५।

[१८९] (प्रथम प्रतिनिधि सभा (प्रथम अधिवेशन देखि सातौं अधिवेशन सम्म) ***पूर्ववत् टिप्पणी*** नं.१०९, पृ. १ ।

स्वतन्त्र रूपमा निर्वाचित सदस्यहरू (ओमकार प्रसाद गौचन, गोविन्द चौधरी र राजदेव गोइत)को प्रवेश र उप–निर्वाचनमा एक जना ने.का.को उम्मेदवारको विजयपछि ने.का.को सदस्य ११४ पुगेको थियो । उप–निर्वाचनपछि एक स्थान घटन गई नेकपा (एमाले)को संख्या ६८ भएको हो ।[१९०]

जनआन्दोलन २०४६ पछिको पहिलो आम निर्वाचन २०४८ मा ६५.१५ प्रतिशत मतदान भएको पाइन्छ । यो निर्वाचन पूर्ण लोकतान्त्रिक भएपनि दलहरूले उम्मेदवार समावेशी बनाउन भने सकेनन् । राज्यले आदिवासी, जनजाति, महिला, दलित आदिलाई पाखा लगाएर वर्गीय चरित्र देखायो । सत्तामा पहिले देखि नै माथि उठेका ठूला वर्गहरूकै प्रतिनिधित्व रह्यो ।

> देशको राजनीतिमा छेत्री, ठकुरी, र बाहुनको पकड यथावत् कायम रह्यो । स्थानीय निकायमा पनि परम्परादेखि पाखा लगाइएका दलित र जनजातिको सहभागिता बढ्न सकेन । [१९१]

उत्पीडित महिला, दलित, जनजातिहरूको अलिकति मात्रै आवाजको सम्वोधन राज्यले गरिदिएको भए मुलुक राजनीतिक समस्यामा जेलिनुपर्ने थिएन ।

प्रजातन्त्रको पुनःस्थापना पश्चात् २०४८ साल वैशाख २९ गते सम्पन्न आम निर्वाचनद्वारा गठित प्रतिनिधिसभाले आफ्नो ५ वर्षे कार्यकाल पूरा गर्न सकेन । प्रतिनिधिसभाको ५ वर्षे कार्यकाल २०५२ साल चैत्र मसान्तमा समाप्त हुने थियो । यसलाई विभिन्न समयमा अस्थिर बनाएर संसद्लाई निकम्मा वनाउने काम भएको थियो । जनताको एजेण्डामा भन्दा सत्ताको एजेण्डामा संसदले वढी समय खर्चिएको उदाहरण :

देशको राजनीतिक र आर्थिक स्थिति गम्भीर भएको कुरा दर्साई ने.क.पा (एमाले) का ५२ जना सदस्यहरूले नेपाल अधिराज्यको संवधान २०४७ को धारा ५३ को उपधारा (३) वमोजिम प्रतिनिधिसभाको अधिवेशन तुरुन्त बोलाउन राजालाई २०५० साल फाल्गुण ४ गते समावेदन चढाएका थिए । फाल्गुण १२ गते प्रतिनिधिसभाको अधिवेशन आव्हान भयो । विपक्षी दलका नेता मनमोहन अधिकारी समेत ५४ जना सदस्यहरू (नेकपा (एमाले) र संयुक्त जनमोर्चा, नेपाल) ले प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला उपर प्रतिनिधिसभाको विश्वास छैन भन्ने अविश्वासको प्रस्ताव मिति २०५० साल फाल्गुण ८ गते संसद सचिवालयमा दर्ता गराएका थिए । प्रस्तावमा फागुन १८,१९,२० मा छलफल भै २३ गते निर्णयार्थ प्रस्तुत भयो ।

---

१९० (प्रथम प्रतिनिधि सभा), ***पूर्ववत् टिप्पणी*** नं. १०९, पृ.२ ।

१९१ कृष्ण खनाल, “जातीयता, उपेक्षा र स्वायत्तताका सन्दर्भमा संविधान पुनर्लेखन”, ***समावेशी प्रजातन्त्रका आधारहरू,*** (ललितपुर : सोसल साइन्स वहा सन् २००४), पृ. ९१ ।

संकलित मत गणनाको परिणाम अनुसार प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा ८१ मत र विपक्षमा अर्थात "हुन्न" भन्ने पक्षमा ११३ मत परेकाले प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइराला उपर प्रतिनिधि सभाको विश्वास छैन भन्ने अविश्वासको प्रस्ताव अस्वीकृत भयो ।[१९२]

संसदलाई अस्थिर गर्ने खेल रोकिएन् । यो क्रम वढ्दै गयो । विरोधका लागि विरोध गर्ने क्रम जारी रह्यो । आफ्नै पार्टीका सदस्यहरमा ह्वीप नमान्ने परम्पराको विकास भयो । प्रतिनिधि सभाको ७ औं अधिवेशनको २०५१ साल आषाढ २६ गतेको वैठकमा राजावाट ०५१ साल आषाढ १७ गते संसदको दुवै सदनको संयुक्त वैठकलाई सम्बोधन भएको श्री ५ को सरकारको नीति तथा कार्यक्रमका लागि धन्यवाद चढाउन पेस गरिएको धन्यवादको प्रस्ताव स्वीकृत हुन नसकी प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सिफारिसमा श्री ५ वाट २०५१ साल आषाढ २७ गते प्रतिनिधिसभा विघटन भयो । यस प्रकार प्रथम प्रतिनिधिसभा ३ वर्ष २ महिनामात्र अस्तित्वमा रह्यो ।[१९३]

> संसदमा बहुमतप्राप्त नेपाली कांग्रेसको संसदीयदलको नेताको रूपमा विधिवत मेरो नेतृत्वमा गठन भएको सरकारको नीति र कार्यक्रम गैर संसदीय र अवाञ्छित राजनैतिक समीकरणद्वारा विफल पारिने अवस्था सृजना भएपछि अब अर्को स्थिर सरकार गठन हुनसक्ने सम्भावना मैले देखिन । त्यसैले मुलुकमा राजनैतिक अन्यौल, दिशाहीनता र गैर संसदीय व्यवहारलाई प्रोत्साहित गर्नुभन्दा जनताका माझमा गई नयाँ जनादेश लिनु बाहेक मैले अर्को विकल्प देखिन ।
>
> प्रधानमन्त्रीको पद असंवैधानिक र गैर संसदीय तवरले दवाव, आतंक र कपटका कारण त्याग्नुपर्ने परम्परा र अभ्यास बन्यो भने हाम्रो भरखर विकसित हुँदै गरेको प्रजातन्त्रमा ठूलो आधात पर्दछ भन्ने मेरो मान्यता रहिआएको हो । मैले विधिसम्मत तरीकाले वि.सं. २०४८ ज्येष्ठ १५ गते प्रधानमन्त्री पद सम्हाल्दा जनताको नासोको रूपमा यो पदलाई स्वीकार गरेको थिएँ। आज पुनः एकपटक संसदीय अभ्यास र जनताको निर्णायक शक्ति नै प्रधानमन्त्री पदको फैसलागर्ने भाग्यविधाता बनोस् भन्ने अभिप्रायले प्रधानमन्त्रीको पद त्यागेर जनताको नयाँ समर्थन र आदेश लिने बाटो रोजेको हुँ । [१९४]

श्री ५ को सरकारको नीति तथा कार्यक्रमलाई धन्यवादको प्रस्ताव पारित गरियोस् भन्ने प्रस्ताव उपर मतदान हुँदा प्रस्तावका पक्षमा जम्मा ७४ र विपक्षमा ८६ मत परी श्री ५ को

---

[१९२] (प्रथम प्रतिनिधि सभा), ***पूर्ववत् टिप्पणी,*** नं. १०९, पृ. ८ र ९ ।

[१९३] (प्रथम प्रतिनिधि सभा), ***पूर्ववत् टिप्पणी*** नं., १०९, पृ. ६ ।

[१९४] गिरिजा प्रसाद कोइराला, ***मध्यावधि निर्वाचन र मेरो राजिनामा*** **(दस्तावेजहरू)**, २०५१ (प्रकाशन मिति र प्रकाशक उल्लेख नभएको), पृ. ङ -च ।

सरकारको नीति तथा कार्यक्रम पारित हुन सकेन् ।[१९५] प्रधामन्त्री गिरिजाप्रसाद कोइरालाको सिफारिसमा राजाले २०५१ साल आषाढ २७ गते प्रतिनिधिसभा विघटन गरेको देखिन्छ । मध्यावधि निर्वाचनलाई बदर गराउन सर्वोच्च अदालतमा विघटित प्रतिनिधि सभाका सदस्य हरिप्रसाद नेपाल, गणेश पण्डित, दुर्गा सुवेदी र लोक कृष्ण भट्टराईले स्थिर सरकार गठन गर्ने स्थिति हुँदा हुँदै प्रतिनिधिसभा विघटन गर्न सिफारिस गर्नु अघि प्रतिनिधि सभामा अल्पमतमा परिसकेको सरकारले प्रतिनिधिसभा विघटन गर्न र राजीनामा स्वीकृतिको माग समेत राखेर विघटनका लागि गरिएको सिफारिस असंवैधानिक एवं संसदीय प्रणालीको परम्परा एवं मान्यताको पनि प्रतिकूल छ भनी ०५१ आषाढ २६ को प्रधामन्त्रीको निर्णयका विरुद्धमा सर्वोच्च अदालतमा ०५१ श्रावण ११ मा गएका थिए । यसमा प्रधान न्यायाधिश विश्वनाथ उपाध्यायको राय थियो–

> "प्रधानमन्त्रीको सिफारिसमा र श्री ५ वाट गरिवक्सेको प्रतिनिधिसभाको विघटन संविधान प्रतिकूल नदेखिएकोले यस अदालतले निवेदकहरूको माग अनुसार हस्तक्षेप गर्नुपर्ने अवस्था देखिन आएन । तसर्थ रिट निवेदन खारेज हुने ठहर्छ ।"[१९६]

वैकल्पिक सरकार गठन गर्ने सम्भावना रहँदा रहँदै अल्पमतमा रहेको प्रधानमन्त्रीले गरेको संसद भङ्गको सिफारिसलाई राजाले तुरुन्तै स्वीकार गरे । संसद भङ्ग गर्ने अधिकार राजालाई छैन् प्रधानमन्त्रीमा मात्र रहेको त्यो विशेष अधिकार हो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग दरबारले साँठगाँठ गरेकोमा हाम्रो कडा आपत्ति छ । दरबारवाट गल्ती भएको कुरा उल्लेख गर्दै त्यो गल्तीलाई नसच्याएको खण्डमा गिरिजामात्र होइन राजा पनि रहने छैन । [१९७] यसरी त्यस समय राजाले संसद विघटनमा स्वीकृति दिएकोमा उनको समेत व्यापक आलोचना भयो ।

लगभग १२ वर्षको लोकतान्त्रिक अभ्यासमा  तीन पटक प्रतिनिधिसभाको विघटन र चारजना प्रधानमन्त्रीले प्रतिनिधि सभाको विघटनको सिफारिस गर्नु जनताले चुनेर बनाएका संस्थागत संरचनाउपर अविश्वास र सत्तालिप्साको ज्वलन्त उदाहरणहरू हुन् । अत्यन्त महंगो र कठिन परिश्रमले बनाइएका संस्थागत संरचनाहरू भत्काउने कार्यमा नेपाली राजतन्त्र निरन्तर लागिरह्यो । दल र तिनका जिम्मेवार नेताहरूले सत्ता हस्तान्तरण गरेर राजनीतिक संस्कृतिका विकास भएको तिनले देखाउन नै सकेनन् । त्यसले गर्दा ०४८ सालपछि प्रजातन्त्रमा पुनःस्थापित हुन लागेको मुलुकमा करीब ३ वर्ष २ महिनाको अवधि पुरा गरेपछि अस्थिरता देखिन सुरु भयो ।

---

[१९५] ***द्वितीय प्रतिनिधि सभा*** (आठौं अधिवेशन देखि पन्ध्रौं अधिवेशन सम्म), २०५१–२०५५, (काठमाडौं : संसद सचिवालय, संसदीय सूचना महाशाखा, संसदीय अनुसन्धान तथा सूचना केन्द्र, संसद भवन, सिंहदरवार, (मिति उल्लेख नभएको) पृ.१ ।

[१९६] विनोद कुमार बस्नेत र अन्य (सं), ***प्रतिनिधि सभा विघटनदेखि पुनर्स्थापनासम्म,*** (प्र.सं.), (प्रकाशक र स्थान उल्लेख नभएको, २०५२), पृ. ३६ ।

[१९७] ***सुरुची साप्ताहिक,*** १६ श्रावण, २०५१ ।

त्यसपछिका हरेक सरकारहरू अस्थिर बन्दै गए । यसरी ०४८ सालको आमनिर्वाचनपछि वनेको संसदलाई पूरा अवधि काम गर्न दिइएन् ।

हस्तक्षेप निम्त्याउने काममा दरवार अग्रपंक्तिमा रहन पुग्यो । संसदलाई अस्थिर बनाउने रणनीतिमा दरबार लाग्यो । तत्कालै दलहरूले जनतालाई गुहार्ने हिम्मत गर्न सकेनन् । दलहरू प्राय जनताको एजेण्डामाभन्दा सत्ताप्राप्तिमा केन्द्रित भए । प्रतिनिधि सभाको विघटन हुनुमा नेपाली कांग्रेसको आन्तरिक कलह पनि प्रमुख कारक वनेको थियो ।

मासबेस पार्टी भएको नेपाली कांग्रेसलाई पटक पटक नेपाली जनताले शिर्षस्थानमा राख्यो । ठूलो पार्टीको रूपमा वीजयी वनाएर पठायो तर सदैव यो पार्टी कुर्सीको भागवण्डामा अल्झन पुग्यो । सदनमा भ्रष्टाचार काण्ड, वानेश्वर काण्ड, टनकपुर समस्याको विषयमा छलफल हुने थिए ।आफू अवैधानिक भएपछि यी सवैवाट बच्न उहाँले संसद भंग गर्ने सिफारिस राजालाई गर्नु भयो । राजाले संविधान अनुसार काम गर्नुपर्दथ्यो । "राजीनामा दिएको व्यक्तिलाई पुनः प्र.मं .चलाउन दिन मिल्दैनथ्यो ।"[१९८] नेपाली कांग्रेसले ०४६ सालको जनआन्दोलनपछि लामो समय सरकारको नेतृत्व गरेको छ । अधिकांश समय नेपाली कांग्रेसकै सरकारले मुलुक संचालन गऱ्यो । यस अवधिमा यो पार्टीले जनताकोलागि भन्दा सरकारमा को बस्ने र को नरहने झिना मसिना स्वार्थमा अल्झीन र वल्झीन पुग्यो । दरबार हत्याकाण्डपछि देउवाले पछिल्ला दिनमा संसद विघटन गर्न पुगे । यसअघि ०५९ साल जेठ ८ गते विघटन गरिएको संसदको निर्वाचन तिथी तोक्न ०५९ साल कार्त्तिक २७ माग गरिएकोमा निर्धारित समयमा चुनाव गराउन नसकेको भन्दा उनलाई अक्षमको आरोप लाग्यो । पछिका दिनमा वाधा अडकाउको फायदा राजाले लिए । "०४८ मा ११० सिट पाई बहुमतको सरकार बनाएको नेपाली काङ्ग्रेसका नेता तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजीनामासँगैं संसद् विघटन गरी मध्यावधि निर्वाचनमा मुलुकलाई धकेलेकोबाट यसभित्रको फुट बुझ्न सकिन्छ भने अर्का नेपाली काङ्ग्रेसका शेरबहादुर देउवाले माओवादीका कारण सङ्कटकाल लागू गर्ने या हटाउने सम्बन्धमा पार्टीभित्र कुरा नमिलेपछि रिसको झोकमा चुनावै हुन नसक्ने अवस्थामा ०५९ साल जेठ ८ गते संसद् विघटन गरी नेपाली काङ्ग्रेसलाई दुईटुक्रा बनाइदिए । पार्टीभित्रको अन्तरकलहको पराकाष्ठा थियो त्यो घटना । पछि यी दुई पार्टी मिलिसक्दा पनि दुईबीचको दूरी मेटिइसकेको पाइँदैन ।"[१९९]

एकजना व्यक्तिको रगत पनि नवगी शालीनतापूर्वक सम्पन्न ०४८ सालको आम निर्वाचनको परिणाम ज्यादै नै उत्साहजनक थियो । छोटो अवधिमा यसले मुलुकलाई परिवर्तन

---

१९८ *(विश्वमित्र ),* ***पूर्ववत् टिप्पणी*** नं. १८२, पृ. १० ।

१९९ सुष्मा बास्कोटा, 'कांग्रेसका कमजोरी', ***नेपाली काङ्ग्रेसः दशा र दिशा,*** (प्र.सं.), (प्रकाशक : उल्लेख नभएको, २०६६), पृ. ९० ।

महसुस गराउने ठूला ठूला निर्णयहरू गर्न पुगेको थियो । दलीय संस्कार र संस्कृतिको अभावले पूरा अवधि संसद् चल्न पाएन । गूट, उपगूट र फूटले छत्तिसे र चौहत्तरेको विवाद लोकतान्त्रिक मानिएको कांग्रेस पार्टीमा देखियो । कांग्रेसमा आफ्नै दलका साथीहरूले सत्ता लिएको मन नपर्नेहरूले अर्को गुट जन्माई सकेका थिए । प्रतिनिधि सभाको विघटन हुनुमा नेपाली कांग्रेसको आन्तरिक कलह प्रमुख कारक वन्न पुग्यो ।

यदि त्यस समयमा नयाँ सरकार बनेको भए राजालाई फेरी त्यही अधिवेशनमा अर्को सम्बोधनका लागि बोलाउनु पर्थ्यो । त्यसपछिका दिनमा बाहिरी तत्त्वहरूले पनि दलहरू विभाजनमा अहं भूमिका निर्वाह गरे । नेपालको राजनीतिक दल शक्तिशाली बन्न पुग्यो भने छिमेकीसंग आफ्ना कुराहरू स्पष्टसंग राख्न सक्दछ । नेपालको निर्वाचित सरकारका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले ०५७ साल साउनमा भारतको भ्रमण गर्दा "कालापानीबाट भारतीय सेना फिर्ता गर्ने" माग राख्न सक्षम भएका थिए । सीमा वार्ताका लागि कालापानीबाट भारतीय सेना फिर्ता गर्न नेपालले राखेको प्रस्तावप्रति भारतको विदेश मन्त्रालय (साउथ ब्लक) ले अनुदार प्रतिक्रियाको संकेत देखायो । कालापानीबाट सैन्य बल फिर्ता गर्ने नेपालको प्रस्तावप्रति अनुदार अस्वीकृत जनाउने साउथ ब्लकले 'यो विषय वास्तविकताभन्दा बढी उचालिएको' र 'यसले भारतको सुरक्षामा प्रतिकूल असर पुऱ्याउने' भन्ने मान्यता राखेको देखिन्छ ।[२००] सिमानामा अतिक्रमण, कालापानीमा भारतीय सेनाको उपस्थिति, दक्षिण क्षेत्रमा भारतद्वारा एकलौटी निर्णयद्वारा बाँध निर्माणको कार्यले नेपाली भूमि डुवानमा पर्दै गएका समस्याहरू, भूटानी समस्या, आदि समस्याहरूको अलिकतिमात्र समाधान गर्ने चासो भारतले राखिदिएको भए नेपालका राजनीतिक दलहरूले मुलुकभित्र चर्को राजनीतिक अस्थिरता भ्केल्नुपर्ने थिएन ।

दलहरूबाट आफूले सोचेको जस्तो नभएर होकि भारतले राजाको शाही घोषणा समर्थनपछि विवादमा पर्न गयो । भारतले औपचारिक प्रतिक्रिया सच्याउँदै 'नेपालको भविष्य निर्धारण गर्ने नेपाली जनता' नै भएको वताएको छ । राजाको हातमा सार्वभौमसत्ता रहन नहुने र त्यो जनतामा निहित हुनुपर्ने सिद्धान्तमा भारतले जोड दिएको उल्लेख गर्दै विदेशसचिव श्याम शरणले भन्नुभयो–हाम्रो यो मान्यता छ कि नेपालको भविष्यको निर्णय नेपाली जनताले नै गर्नेछन् ।'[२०१] नेपालबारेमा अमेरिकाको एउटा नीति, भारतको अर्कै, चीनको भ्कन अर्कै, युरोपेली समुदायको बेग्लै नीति भएकै कारण नेपालको राजनीतिमा प्रजातन्त्रवादीहरूलाई एउटै साझा नीतिले सहयोग कुनै राष्ट्रले पनि गरेनन् । "०४५/०४६ सालमा पन्ध्र महिनासम्म भारतीय

---

[२००] 'कोइराला–बाजपेयी वार्ता अत्यन्त सन्तोषजनक', ***कान्तिपुर***, बुधबार १८ साउन, २०५७ ।

[२०१] 'नेपालको भविष्य निर्धारण नेपालीबाटै', ***कान्तिपुर***, ११ वैशाख, २०६३ ।

आर्थिक नाकाबन्दीका कारण नेपाल दिनदिनै समस्यासँग जुधी रहेको थियो ।"[२०२] त्यस्तो अवस्थामा नेपालका राजनीतिक दलहरू आन्दोलीत हुनु त्योपनि आश्चर्यको विषय देखिएको छ । आ–आफ्नो चस्माले नेपाललाई हेर्ने गर्दा ०४६ सालपछिको एकदशकमा राजा र दलहरू कमजोर बन्न पुगे ।

नेपालको बारेमा बेलाबखत भारत र अमेरिकासमेत चिन्तीत भएको देखिन्छ । दक्षिण तथा मध्य एसियाली मामिला हेर्ने अमेरिकी मुख्य सहायक विदेशमन्त्री डोनाल्ड क्याम्पले भन्नु भएको थियो– "राजाले राजनीतिक दलहरूसंग सहमति गर्नैपर्ने र माओवादीले हिंसा त्याग्नैपर्ने ।"[२०३] यसरी छिमेकीहरूको प्रभावबाट राजनीतिक अस्थिरता आएको हो कि दलहरूभित्रकै आन्तरिक कमजोरीले अस्थिरता देखिएको हो कुनैपनि ठूला दलहरूले यस विषयमा मुख खोलेका छैनन् । दल बलियो बन्नुपर्ने यस अवस्थामा राजतन्त्र बलियो बन्न पुग्यो । जनताहरू फेरी राजतन्त्रलाई शक्तिका रूपमा हेर्न पुगे । एकातिर राजासंग पुनः स्थापनाको माग, अर्को तर्फ अदालतमा संसद् विघटनका विरुद्ध मुद्दा र सडक संघर्ष गर्न प्रतिपक्षी दलव्दारा आव्हान भैरहेको यस परिस्थितिमा सर्वोच्च अदालतले विघटनलाई संवैधानिक ठहर गर्दिएपछि मुलुक मध्यावधि निर्वाचनमा प्रवेश गर्न पुग्यो । त्यसको परिणाम ०५१ सालको मध्यावधि निर्वाचनको घोषणाले नेपालमा गम्भीर राजनैतिक र संवैधानिक सङ्कट पैदा गऱ्यो ।

## ३.६.२ द्वितीय प्रतिनिधि सभा (आठौं अधिवेशनदेखि पन्ध्रौ अधिवेशनसम्म) (२०५१–२०५५)

२०५१ साल कार्तिक २९ गतेका दिन प्रतिनिधिसभा सदस्यको २०५ स्थानका लागि दोस्रो आम निर्वाचन सम्पन्न भयो । यस निर्वाचनमा २४ वटा राजनीतिक दलका १०५७ र स्वतन्त्र ३८५ गरी जम्मा १४४२ जना उम्मेदवार चुनावी मैदानमा खडा भएका थिए । सो निर्वाचनमा अधिराज्यभर १,२३,२७,३२९ मतदाता रहेकोमा ७६,२५,३४८ अर्थात् ६१.८६ प्रतिशत मतदाताले मतदानमा भाग लिएका र ती मध्ये ९६.८४ प्रतिशत मत सदर र ३.१६ प्रतिशत मत बदर भएको थियो ।

---

[२०२] विपिन कोइराला, विपिन कोइराला : हिजोदेखि आजसम्म, प्रकाशक : वीना कोइराला, (प्रकाशन : स्थान उल्लेख नभएको, २०६८), पृ. १२० ।

[२०३] कान्तिपुर, शुक्रबार ४ चैत, २०६२ ।

## आम निर्वाचन २०५१ को  दलीय स्थिति :[२०४]

| सि.नं. | दलको नाम | उम्मेदवार संख्या | विजयी संख्या | प्राप्त मत प्रतिशत |
|---|---|---|---|---|
| १. | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | १९६ | ८८ | ३०.८५ |
| २. | नेपाली कांग्रेस | २०५ | ८३ | ३३.३८ |
| ३. | रा.प्र.पा | २०२ | २० | १७.९३ |
| ४. | नेपाल सद्भावना पार्टी | ८६ | ३ | ३. ४९ |
| ५. | नेपाल मजदूर किसान पार्टी | २७ | ४ | ०. ९८ |
| ६. | स्वतन्त्र | ३८५ | ७ | ६. १८ |

**द्वितीय प्रतिनिधिसभाको उत्तरार्धमा संसदीय दलको स्थिति यसप्रकार रहेको थियो :**

| सि.नं | दलको नाम | कूल सदस्य संख्या |
|---|---|---|
| १. | नेपाली कांग्रेस | ८८ |
| २. | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४९ |
| ३. | नेपाल कम्युनिष्ट पार्टी (माले) | ४० |
| ४. | राष्ट्रिय प्रजातन्त्र पार्टी | ११ |
| ५. | राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) | ८ |
| ६. | नेपाल सद्भावना पार्टी | ३ |
| ७. | नेपाल मजदुर किसान पार्टी | २ |
| ८. | राष्ट्रिय जनमोर्चा नेपाल | २ |

(२०५४।११।२१ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दल र २०५४।१०।७ मा रा.प्र.पा संसदीय दल विभाजन भई नयाँ दल सृजना भएको) [२०५]

यस निर्वाचनमा कुनै एक दलले बहुमत प्राप्त गर्न नसकेकाले राजाले दुई वा दुइभन्दा वढी दलहरूको समर्थन प्राप्त गर्न सक्ने सदस्यहरूको बहुमतको विश्वास प्राप्त गर्न सक्ने माग भएकोमा कसैले पनि त्यस्तो पुर्याउन नसकेकाले राजाबाट संविधानको ४२ (२) अनुसार सबै भन्दा वढी सदस्यहरू भएको संसदीय दलको नेता नेकपा (एमाले) संसदीय दलका नेता मनमोहन अधिकारीलाई ०५१ मार्ग १३ गते प्रधान मन्त्री नियुक्ति गरियो ।

---

[२०४] हाउस अफ रिप्रिजेन्टेटीभ इलेक्सन १९९४, ***इलेक्सन रिजल्ट,*** (प्रकाशित मिति उल्लेख नभएको), (काठमाडौं : इलेक्सन कमिशन, कान्तिपथ), पृ. ३ ।

[२०५] (द्वितीय प्रतिनिधि सभा), ***पूर्ववत् टिप्पणी*** नं. १९५, पृ.२१ ।

### ३.६.३ राजनीतिक विकृतिको जन्म

विशेष गरी इतिहासमा एमालेको ९ महिने शासनकाल भनेर चिनिने अवधि नै द्वितीय प्रतिनिधि सभाको कार्य काल हो । कम्युनिष्टहरू प्रजातन्त्रमा संक्रमण भएको यही अवधि थियो । यस अवधिमा वृद्ध भत्ता, सांसद विकास कोष, आफ्नो गाउँ आफैं बनाऊँ जस्ता कार्यक्रम दिएर उनीहरू छोटो अवधिमा निकै लोकप्रिय बन्न पुगे । अल्पमतको सरकारलाई सबै पार्टीहरूले विश्वासको मत दिएका थिए । सहमतिको सरकार वनाउने चाहना नराखेपछि यसका विरुद्धमा प्रतिनिधि सभाको विशेष अधिवेशन बोलाइयो । यसमा मनमोहन अधिकारीले गिरिजा शैलीमै संसद विघटनको माग गरे तर यसमा अदालतको ०५२ साल भदौ १२ गतेको फैसलामा संसदको पुनःस्थापना गरिदियो । अविश्वासको प्रस्तावबाट मनमोहन अधिकारीको प्रधानमन्त्री पद गुमेपछि ०५२ भाद्र २६ मा शेरबहादुर देउवाको नेतृत्वमा रा.प्र.प्रा र सद्भावना पार्टीको मोटो संयुक्त सरकार गठन भयो । यसलाई जम्बो मन्त्रिमण्डल पनि भनिन्थ्यो ।

द्वितीय प्रतिनिधिसभाको कार्यकालमा ६ पटक प्रतिनिधिसभाको अधिवेशनहरू भए । सवै अधिवेशनहरू प्रधानमन्त्री उपर प्रतिनिधि सभाको विश्वास छैन भन्ने (अविश्वास) को प्रस्ताव प्रस्तुत गर्ने प्रयोजनका लागि समावेदन भई बसेका थिए । प्रतिनिधि सभाको प्रत्येक अधिवेशनमा एक/एक वटाका दरले प्रस्तुत गरिएका ६ वटा अविश्वासका प्रस्तावहरू मध्ये केवल एउटा प्रस्ताव मात्र पारित भएको थियो । यसै गरी नियमित (बाऱ्हौं) अधिवेशनमा पनि एउटा अविश्वासको प्रस्ताव पारित भएको थियो ।[२०६] द्वितीय प्रतिनिधि सभा अवधिमा नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम प्रधानमन्त्रीद्वारा आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने जम्मा ७ वटा प्रस्तावहरू प्रस्तुत गरिए । उक्त ७ वटा प्रस्तावहरूमध्ये संविधानको धारा ५९ को उपधारा (२) बमोजिम प्रस्तुत एउटा मात्र प्रस्ताव अस्वीकृत हुन पुगेको थियो ।[२०७]

---

[२०६] (द्वितीय प्रतिनिधि सभा), ***पूर्ववत् टिप्पणी*** नं. १९५, पृ. २७ ।

[२०७] (द्वितीय प्रतिनिधि सभा), ***ऐजन, नं.*** १९५, पृ. ४८ ।

**द्वितीय प्रतिनिधिसभामा सरकारको पक्ष र विपक्षमा परेको मत परिणाम**

| अधिवेशन | प्रस्तावक | मतदान मिति | प्रस्तावको पक्षमा परेको मत | प्रस्तावको विपक्षमा परेको मत | स्वीकृत । अस्विकृत |
|---|---|---|---|---|---|
| आठौं | प्र.मं.मनमोहन अधिकारी | २०५१।९।७ | १९८ | – | स्वीकृत |
| नवौं | प्र.मं. शेरवहादुर देउवा | २०५२।६।२ | १०७ | ८६ | स्वीकृत |
| एघारौं | प्र.मं.शेरवहादुर देउवा | २०५३।११।२३ | १०१ | ९२ | अस्वीकृत |
| ,, | प्र.मं.लोकेन्द्रबहादुर चन्द | २०५३।१२।६ | ११३ | ८५ | स्वीकृत |
| बाऱ्हौं | प्र.मं.सूर्य बहादुर थापा | २०५४।६।२३ | १०९ | २ | स्वीकृत |
| तेऱ्हौं | प्र.मं. गिरिजा प्र.कोइराला | २०५५।१।५ | १४४ | ४ | स्वीकृत |
| पन्ध्रौं | प्र.मं. गिरिजा प्र.कोइराला | २०५५।९।३० | १३६ | ४० | स्वीकृत |

द्वितीय प्रतिनिधिसभा अवधिको नियमित अधिवेशनमा एउटा मात्र अविश्वास प्रस्ताव प्रस्तुत भई पारित भएको थियो । बाऱ्हौं अधिवेशनमा प्रधानमन्त्री लोकेन्द्र बहादुर चन्दका विरुद्धमा अविश्वासको प्रस्ताव पेस गरिएको थियो । यसका लागि अविश्वासको प्रस्ताव पेस गर्ने प्रमुख विपक्षी दलका नेता थिए । गिरिजाप्रसाद कोइरालासमेत ८६ जना सांसदहरू त्यसमा नेका/नेसपा/राप्रपा र स्वतन्त्र थिए । २०५४ साल असोज १८ गते मतदान मिति तय भएको थियो । यसमा प्रस्तावको पक्षमा परेको मत १०७ थियो । विपक्षमा परेको मत ९४ थियो त्यस अविश्वास प्रस्तावलाई द्वितीय प्रतिनिधिसभाले पारित गरेको थियो । नेपालको संविधान अनुसार जसलाई १०३ सांसदहरूको विश्वास प्राप्त हुन्छ उ प्रधानमन्त्री हुन पाउँछ । यही प्रधानमन्त्रीको कुर्सिको लागि ०४८ सालपछिको प्रतिनिधिसभा जनताको एजेण्डामा जान सकेन् । सत्ताकै लागि दलहरू पनि विभाजन बन्न पुगे । जनआन्दोलनका सहयात्री संग सत्ता गठवन्धन गर्न नेपाली कांग्रेसलाई गाऱ्हो भयो । दक्षिणपन्थी प्रतिकृयावादी रा.प्र.पा जस्तोसंग गठवन्धन गर्न पुग्यो । जसको कारण यो सरकार ज्यादै बदनाम पनि भयो । प्राढो र पजेरो संस्कृति यहि अवधिमा भित्रियो । यसै अवधिमा पुरुष सांसदले सुत्केरीको बील पेश गर्ने, प्रजातन्त्रमा सांसदलाई सीमा कटाएर अविश्वासको प्रस्तावमा छल र बल गरेर निर्दलीय व्यवस्थाले गर्ने जस्तो काम हुन गयो । सांसद खरिद विक्री प्रक्रिया देखियो । अर्कोतिर जनआन्दोलनको लामो लडाईं लडने एमालेका नेताहरू अपवित्र गठवन्धन गरी लोकेन्द्र बहादुर चन्दको नेतृत्वमा सरकारमा गएर महत्त्वपूर्ण जिम्मेवारीहरू लिन मञ्जुर भए । एमालेको रणनीति ०५४ सालको स्थानीय निर्वाचनमा आफ्नो पार्टीको पकडमा स्थानीय निकाय कव्जा गर्नु रहेको थियो । त्यसमा उ सफल पनि भयो । यसरी पहिलो प्रतिनिधि सभामा कसैको एक थोपा रगत पनि बगेको थिएन तर दोस्रो प्रतिनिधिसभाको निर्वाचन त्यस्तो शालीन हुन सकेन । राजनीतिमा अपराधीकरणको वृद्धि सुरु भयो ।

## ३.६.४ संसदवाट ने.क.पा.(माले) को जन्म

महाकाली सन्धिमा नेतृत्वबाट 'गल्ती' भएको, अमेरिका 'साम्राज्यवादी' र भारतलाई 'क्षेत्रीय प्रभुत्ववादी' भन्नुपर्ने नीतिगत अडानमा एमाले विवाद केन्द्रित हुँदै रहँदा पनि समाधानको बाटो ननिस्केपछि तत्कालीन अल्पमत पक्षले नेतृत्वमा सम्मानजनक स्थानको माग गऱ्यो । तर बारम्वार नेतृत्वपक्षले चाहिँ महाधिवेशनको म्यान्डेट नाघेर जान नसक्ने बताउँदै गुटका आधारमा सहमति गर्ने होइन, योग्यता र क्षमताको आधारमा हुनुपर्ने धारणा अघि साऱ्यो ।

अन्ततः २०५४ साल फागुन ४ गतेदेखिका कैयौं चरणका एकता वार्ता विफल भए । फागुन १९ गते वामदेव गौतम, सी.पी. मैनाली लगायतका नेताहरूले सभामुख रामचन्द्र पौडेलसँग छलफल गरी अलग संसदीय दल गठन गर्न सांसदहरूको हस्ताक्षर बुझाए । २० फाल्गुनमा हस्ताक्षर सनाखत भएपछि २१ फागुनमा संसदबाट अलग पार्टी नेकपा (माले) को जन्म भयो ।[२०८] त्यसबेलाका सभामुख रामचन्द्रपौडेल भने–"एमालेलाई फुटाउनुमा मेरो कुनै हात छैन । दल विभाजनलाई लिएर  माले र एमाले  आफू सभामुख हुँदा आएका थिए । मेरो उद्देश्य कुनैपनि राजनीतिक दल विभाजन हुनुहुन्न भन्ने थियो । यही कारण मैले सो पार्टी नफुटोस भन्नाका लागि  केही समय दर्ता समेत रोकेको थिएँ । अझ मैले दल विभाजनको निर्णय तुरुन्त नगरेर आफू केही समयका लागि कैलाली लगायत पश्चिम नेपालको दौडाहामा गएको थिएँ । कैलालीको कार्यक्रममा मलाई तुरुन्त फर्किनु भनेर सन्देश पनि गएको थियो । यदि मैले हतारमा दल विभाजनको निर्णय गर्दिएको भए त्यस समय मनमोहन अधिकारी र माधव नेपाल अल्पमतमा पर्ने सम्भावना थियो । मेरो धारणा प्रजातन्त्रमा सवै मूल्य र मान्यता अनुसार चल्नुपर्छ भन्ने रहेको छ । यदि त्यस सिद्धान्तमा नचल्ने हो भने भनाइ र गराइमा फरक हुन जान्छ । बोली र व्यवहारमा विश्वास नभएका राजनीतिक पार्टीहरूकै कारण मुलुकमा अस्थिरता देखिएको हो ।"[२०९]

एमाले विभाजनवाट द्वितीय प्रतिनिधि सभा २०५१–५५ मा सवैभन्दा ठूलो दल भएकोमा दोस्रो स्थानमा झर्न पुगेको थियो । नेकपा (माले) तेस्रो स्थानमा । कट्टर पञ्च मानिने लोकेन्द्र बहादुर चन्द र सूर्य बहादुर थापाको हातमा सत्ताको साँचो भएकै कारण लोकेन्द्र बहादुर चन्दले एमाले–रा.प्र.पा. सरकारको पालामा उनले ७ महिना प्रधानमन्त्री भएपनि एमालेको विभाजनपछि तिनको रणनीति काम लागेन् । ०५४ चैत्र ३० गते पछि फेरी गिरिजाप्रसाद प्रधानमन्त्री पद सम्हाल्न पुगे । यसरी नेपालको राजनीतिमा देशका ठूला दलहरूले आफ्ना गल्तीवाट पाठ नसिकेर

---

[२०८] *काठमाडौं टुडे,* चैत १, २०५४ पृ. १९ ।

[२०९] *रामचन्द्र पौडेल* (नेपाली कांग्रेसका तर्फवाट संविधानसभामा प्रतिनिधित्व गर्ने केन्द्रिय सदस्य) सँग मिति : २०६६ साल भाद्र ७ गते उहाँकै निवास बोहोराटार, बालाजुमा गरिएको कुराकानी ।

टुट फुट र उपगुटमा विभाजन बन्न पुगेकाले नै राजनीतिक स्थायित्व बन्न सकेको छैन । जे होस् द्वितीय प्रतिनिधि सभाले करिव ४ वर्ष २ महिना अवधि पूरा गर्न सक्नु धेरै ठूलो उपलब्धि मान्न सकिन्छ । किनकि यस अघिकाले केवल ३ वर्ष २ महिनाको अवधि मात्र पूरा गर्न सकेको देखिन्छ ।

## ३.६.५ तृतीय प्रतिनिधि सभा (सोर्‍हौं देखि एक्काइसौं अधिवेशन सम्म) (०५६–०५९)

त्रिशङ्कु संसदका कारण बितेको साढे चार वर्षको अवधिभरि बलियो र प्रभावकारी सरकार बन्न सकेन, त्यसै कारण देशको प्रशासन र विकास पनि स्वच्छ र गतिलो ढङ्गले अघि बढ्न सकेन। सरकार बनाउने र भत्काउने खेलबाट संसदीय मूल्य र प्रजातान्त्रिक आदर्श उपेक्षित भए । राजनीतिक अस्थिरता उत्पन्न भयो ।[२१०] त्यस समय माओवादीहरूको जनयुद्ध चरमस्थितिमा पुगेको थियो । हत्या, हिंसा र आतङ्कको स्थितिले मुलुकलाई आक्रान्त वनाएको थियो । प्रजातन्त्रको मूल मर्ममाथि तिनको आक्रमण जारी थियो । सरकारले प्रजातन्त्र जोगाउन द्वन्द्वको स्थितिमा पनि निर्वाचन गराउन लाग्यो ।

प्रधानमन्त्री कोइरालाले २०५६ सालमा आमनिर्वाचन गराउनुहुने भयो । यति बेला प्रतिनिधिसभाको पाँच वर्षको कार्यकाल पूरा भइसकेको थियो । कोइरालालाई आफ्नो नेतृत्वमा चुनाव नजितिने राम्ररी थाहा थियो । त्यसैले उहाँको 'डिजाइन' अनुसार काङ्ग्रेसले 'भावि प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई' भन्ने घोषणा गरेर उहाँको नाममा चुनाव लड्यो ।[२११] ०५६ सालको सुरुमा सम्पन्न निर्वाचनबाट पाँच वर्षका लागि गठित प्रतिनिधिसभा तत्कालीन सत्तारुढ दल नेपाली कांग्रेसमा उत्पन्न विवादका कारण तीन वर्ष अवधि पार नगर्दै विघटन गरिएको थियो ।[२१२] यो निर्वाचनका लागि १०० जना अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले निर्वाचनको पर्यवेक्षण गरेका थिए ।

तृतीय प्रतिनिधि सभा २०५६ साल वैशाख २० गते र २०५६ साल जेठ ३ गते गरी दुई चरणमा सम्पन्न भएको थियो । शान्ति सुरक्षाका कारणमा मुख्यतः माओवादीकै कारण थियो । तृतीय प्रतिनिधि सभाले करीब २ बर्ष ११ महिनाको अवधि पूरा गर्‍यो । प्रतिनिधिसभा सदस्यको लागि वि.सं.२०५६ को निर्वाचनमा कूल उम्मेदवार २२३८ थिए ।

---

[२१०] ***नेपाली कांग्रेसको घोषणापत्र,*** आमनिर्वाचन, २०५६, (संक्षिप्त), (काठमाडौं : नेपाली कांग्रेस, केन्द्रीय कार्यालय, २०५६), पृ. २ ।

[२११] (विवेक कुमार शाह), ***पूर्ववत् टिप्पणी*** नं. ७५, पृ. ९७ ।

[२१२] ***स्पेसटाइम,*** २०५९ साल असोज १७

## तृतीय प्रतिनिधि सभामा नेपालका मुख्य राजनीतिक दलहरू

| सि.नं. | दलको नाम | उम्मेदवार संख्या | विजयी संख्या | प्राप्त मत प्रतिशत |
|---|---|---|---|---|
| १. | नेपाली कांग्रेस | २०५ | १११ | ३६.१४ |
| २. | ने.क.पा (एमाले) | १९५ | ७१ | ३०.७४ |
| ३. | रा.प्र.पा | १९५ | ११ | १०.१४ |
| ४. | नेपाल सद्भावना पार्टी | ६८ | ५ | ३.१३ |
| ५. | राष्ट्रिय जनमोर्चा | ५३ | ५ | १.३७ |
| ६. | संयुक्त जनमोर्चा नेपाल | ४० | १ | ०.८४ |
| ७. | नेपाल मजदूर किसान पार्टी | ४१ | १ | ०. ९८ |

यस निर्वाचनमा एमालेबाट छुट्टिएर नेकपा (माले) बन्न पुगेको दलले १ सीटमा पनि विजय पाउन सकेन । उसले पाएको मत संख्या भने ५ लाख ६७ हजार ७ सय ६० अर्थात् प्राप्त मतलाई प्रतिशतमा हेर्ने हो भने ६.३८ थियो ।[२१३]

तृतीय प्रतिनिधि सभा कार्यकालको १६ औं अधिवेशनमा नेपाल अधिराज्यको संविधान (पहिलो संशोधन विधेयक) सांसद् हृदयेश त्रिपाठीद्वारा २०५६ साल असोज ७ गते प्रतिनिधिसभामा विधेयक प्रस्तुत भयो । [२१४] तर, नेपाल अधिराज्यको संविधानलाई चलाउनै नहुने जस्तो ठान्ने कारणले सांसदहरूले संविधानमा संशोधन गर्ने कुनै चासो देखाएनन् । "संकटकालमा पनि संसद विघटन र चुनाव गराउन सकिने" निर्णय सर्वोच्चले गरेपछि प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभा विघटनका लागि गरेको सिफारिस संविधानसम्मत भएको जनाई सर्वोच्च अदालतले प्रधानमन्त्रीको कार्यकारिणी अधिकारलाई बलियो बनाउँदै प्रतिनिधिसभा पुनःस्थापनाका लागि माग गरी दायर गरिएका रिट निवेदनहरू खारेज गरेको छ । [२१५] प्रधान न्यायाधीश केशवप्रसाद उपाध्याय लगायत सर्वोच्च अदालतका ११ जना न्यायाधीशहरूको विशेष इजलासले प्रधानमन्त्रीको प्रतिनिधिसभा विघटन गर्ने अधिकार स्वविवेकीय भएको वताउँदै सर्वोच्च अदालतले संकटकालीन

---

२१३ इलेक्सन कमिशन, *हाउस अफ रिप्रिजेन्टेटिभ इलेक्सन–२०५६ : **इलेक्सन रिजल्ट*** , (काठमाडौं : इलेक्सन कमिसन सेक्रेटरियट, प्रकाशन मिति उल्लेख नभएको), पृ. १४ र १५ ।

२१४ ***तृतीय प्रतिनिधि सभा*** (सोह्रौं अधिवेशनदेखि एक्काइसौं अधिवेशन सम्म), २०५६–०५९, (काठमाडौं : संसद सचिवालय कार्य व्यवस्था महाशाखा, संसद भवन, सिंहदरवार, भाद्र, २०६१), पृ. ४१ ।

२१५ ***नेपाल समाचारपत्र,*** २२ श्रावण, २०५९ ।

अवस्था कायम रहेकै बेलामा पनि प्रतिनिधिसभाको विघटन र चुनाव गराउन सक्ने गरी नजिर स्थापना गरेको थियो ।

## ३.६.६ तृतीय प्रतिनिधि सभाले ल्याएको विभाजन

द्वतीय प्रतिनिधिसभाको अवधिमा नेकपा (एमाले) विभाजनपछि २०५६ सालको निर्वाचनमा बहुमत प्राप्त नेपाली कांग्रेस पार्टीद्वारा पार्टी निर्णय अवज्ञा गरेको अभियोगमा प्रधानमन्त्री शेरबहादुर देउवा तीन वर्षका लागि निष्कासित गरिएपछि नेपाली कांग्रेस पनि २०५९ असार ४ गतेदेखि विधिवत् विभाजित हुन पुगेको थियो । पार्टीबाट निष्कासित प्रधानमन्त्री देउवाद्वारा बोलाइएको महाधिवेशन प्रतिनिधिहरूको भेलाले ०५९ असार ४ गते नै सभापति गिरिजाप्रसाद कोइरालालाई पार्टी नेतृत्वबाट हटाएको घोषणा गरेपछि कांग्रेस विधिवत् विभाजित भएको हो ।[२१६]

यसैगरी राप्रपा असन्तुष्ट पक्षले ०६२ पुस २६ गते अध्यक्ष पशुपतिशमशेर राणालाई हटाई कमल थापालाई अध्यक्षमा निर्विरोध चयन गर्दै राप्रपालाई 'राजावादी पार्टी' बनाउने निर्णय समेत गरेको थियो । एक वर्षमा राप्रपामा भएको यो दोस्रो विभाजन हो । यस अघि सूर्यबहादुर थापाले जनशक्ति पार्टी खोलेका थिए ।[२१७] राजालाई शक्तिकेन्द्रको रूपमा मान्ने राप्रपाको चरित्र भने सत्तामा कसैलाई मन्त्री वनाउने बित्तिकै त्यहाँ आन्तरिक द्वन्द्व यति चर्किन्छ कि पार्टी फुटाउने खेल सुरु भइ हाल्छ । यी सवै आधारमा विश्लेषण गर्दा के देखिन्छ भने नेपालका सवै राजनीतिक दलहरूलाई टुटाउने र फुटाउने खेलमा नेपालको राजतन्त्र लागि रहेको थियो । दलहरू पनि कुनै न कुनै रूपमा त्यसका मतियार बनिरहेका थिए । तर त्यो राजतन्त्रको विरुद्ध प्रतिकार गर्ने क्षमता दलहरूले त्यत्रो तृतीय प्रतिनिधिसभा सम्म आइपुग्दा पनि  देखाउन सकेनन् ।' ०४७ सालको संविधान नेतृत्व गर्नेले, घोषणा गर्नेले र परिवर्तन गर्न खोज्नेले यसको उल्लंघन गरिरहे ।'[२१८] दलहरूकार्यगत एकता गर्न सक्छन् तर प्रजातन्त्र संस्थागतगर्ने एजेण्डा कार्यान्वयन गर्ने सवालमा हुने गरेका आफ्ना गल्तीवाट दलहरूले पाठ सिक्न नै सकेनन् । दलहरूको मुख्य ध्यान नै प्रतिपक्षीलाई सत्तावाट कसरी हटाउनेमा मात्र रहन गयो । दलहरूले आफूभित्र आन्तरिक प्रजातन्त्र विकास गर्न नसकेकै कारण पुराना मानिएका ती पार्टीहरूमा यथास्थितिवादमै रहिरहने तर आफू परिवर्तनको संवाहक वन्न नसक्ने कुरा उनिहरूका गतिविधिले देखाएको छ । अहिलेको समयमा कुनै पनि दललाई जोगाउने भनेको जनता नै हो । गलत कार्य हुँदा रोक्ने प्रावधान

---

२१६ *कान्तिपुर,* असार ५, २०५९।

२१७ *कान्तिपुर,* २७ पुस २०६२ ।

२१८ *नरहरि आचार्य* (नेपाली कांग्रेस) संग ०६६ भाद्र १५ गतेको कुराकानी ।

संविधानमा नराखिंदा नै ०४७ सालको संविधानमा समस्या देखा परेको हो । देश र जनताको विपक्षमा जाने दलहरूलाई संविधान र आवधिक निर्वाचनले रोक्न नसकेमा मुलुकमा कुनै न कुनै रूपमा द्वन्द्व आइरहने खतरा देखिन्छ । त्यसले मुलुकको राजनीतिका लागि अझ ठूलो जटिलता ल्याउन सक्दछ ।

उपर्युक्त विवेचनाका आधारमा के भन्न सकिन्छ भने ०४६ सालमा आइपुग्दा नेपाल पनि विश्वमा आइरहेको प्रजातान्त्रिक लहरका विरुद्ध जान सकेन । यो समय राजतन्त्रमात्र होइन कम्युनिष्टहरूका लागि पनि अस्तित्वको सङ्कट थियो । उनीहरू पनि त्यसै लहरमा समाहित हुन पुगे । ०४६ सालको जनआन्दोलनले राजतन्त्रलाई पुरै निषेध गर्न भने खोजेको थिएन । राजाले पनि नेपालका दलहरूसँग समझदारी गरेर आन्दोलनको अन्त गरे । कांग्रेस र कम्युनिष्ट वीचको कार्यगत एकताले के देखाएको छ भने नेपालको प्रयोगले वामपन्थीहरू पनि  सम्बैधानिक दायरा र संसदीय अभ्यासको दायरामा आउन सक्छन् ।

राजालाई शक्तिशाली बनाउँदैमा कम्युनिष्ट प्रभाव रोक्न सकिन्छ भन्ने गलत रहेको नेपालको अनुभवले देखाएको छ । दरवारको भूमिका दलहरूलाई कमजोर वनाएर आफु शक्तिशाली वन्नु रहेको थियो । राजतन्त्र समाप्तिका लागि दरबारकै भूमिका प्रमुख कारक वन्न गयो । पटक पटकको असफल प्रयोगकै कारण हरेक आन्दोलनको निसाना राजतन्त्र नै रहन पुग्यो । दलका विरुद्धमा लाग्ने राजतन्त्र दलहरूकालागि कहिल्यै सहयोगी भएन । सदैव उसको भूमिका दलहरूप्रति प्रतिपक्षी जस्तो बन्न पुग्यो ।

आन्दोलन पछिको नेपाली राजनीति अपेक्षित रूपमा अगाडि वढ्न सकेन । पटक पटकको संसद विघटनमा अदालतले एउटामा वैध र अर्कोमा अवैध ठहर गर्दै राजनीतिक मुद्दा अदालतमा पुऱ्याएर संसदले आफूलाई राजनीतिक रूपमा सक्षम भएको देखाउन सकेन । संसदको यस्तो अस्थिरताले के देखाउँछ भने ०४६ सालको जनआन्दोलनपछि राजदरवार हत्याकाण्ड नभएसम्म पुरै अवधिभर राजा स्थायी शक्तिका रूपमा देखिए । प्रजातान्त्रिक शक्ति कमजोर वन्दै गएको थियो। ०५८ साल जेठ १९ को घटनामा राजपरिवारका सदस्यहरू धेरै मारिंदासम्म संसदको कुनै पनि सदनले यस विषयलाई छलफलमा ल्याएर निर्णय गर्न सकेन । संसद जिम्मेवारी शून्यसंस्थाका रूपमा देखियो । सेनालाई जननिर्वाचित प्रतिनिधिहरूले आफ्नो मातहतमा ल्याउन सकेनन् । राजनीतिले खाली राखेको क्षेत्रमा सेनाले आफ्नो भूमिका वढायो । निर्वाचित प्रतिनिधिलाई लामो समय सरकारमा रहन नदिन उसले राजाको पक्ष लिन पुग्यो ।

राजतन्त्रलाई मनोमानी गर्नवाट रोक्न नसकिएकाले नेपालको प्रजातन्त्रमा निरन्तरको सङ्कट देखिन गएको हो । देखिने र सुनिने राजाका रूपमा ज्ञानेन्द्रको उदयपछि ०४६ सालदेखि

प्राप्त सीमित प्रजातन्त्र ०५९ र ०६१ सालसम्ममा आइपुग्दा पूर्णरूपमा अपदस्थ भै सकेको थियो । राजाले ठूला दलको सहयोग नलिएर सा–साना पार्टीको सहयोग लिन थालेका थिए ।

### ३.६.७ आन्तरिक प्रजातन्त्रको कमी

प्रजातन्त्रमा राजनीतिक दल सदैव सर्वोपरी हुन्छन् । सरकार बनाउने तिनै राजनैतिक दल हुन् । सरकारलाई सन्तुलन र नियन्त्रणमा राख्ने काममा भन्दा सत्तामा गएपछि नेपालका मूलधारका ठूला राजनीतिक दलहरूले कहिल्यै पनि राजनीतिक स्थिरता दिन सकेनन् । सरकारको नेतृत्व गर्ने दल र दलभित्रकै केहि व्यक्तिहरूमा वढ्दै गएको महत्वाकांक्षाको कारण विगत तीन आमनिर्वाचनमा बहुमत, अल्पमत र संयुक्त गरी विभिन्न सरकारको अनुभव नेपालले गरिसकेको छ । संसदीय व्यवस्थालाई नेपालले स्थिरता दिन सकेन । अनुभववाट सिक्नेसम्म प्रयास नेपालका राजनीतिक दलहरूले गर्न सकेनन् । २०५१ सालमा गिरिजाप्रसाद कोइरालाको सरकारलाई असफल गराउनमा त्यसै दलभित्रका सांसदहरू जिम्मेवार देखिए । संसदीय दलले पक्षमा व्हीप आदेश जारी गर्न आव्हान गर्दासमेत ३६ जना सांसदहरूबाट त्यसको उल्लंघन भयो । प्रधानमन्त्री गिरिजाले त्यसपछि सरकार चल्न नसक्ने देखि स्थिर सरकारका लागि प्रतिनिधिसभा विघटनकोलागि राजासमक्ष सिफारिस गर्नु भएको थियो । जुनकरा माथिका परिच्छेदमा पनि उल्लेख भै सकेको छ । उनको समयमा अधिवेशन समयको अन्तर लगभग ५ महिना थियो । संविधानको प्रावधानमा एउटा अधिवेशन र अर्को अधिवेशनको अन्तर ६ महिनाभन्दा वढी हुने छैन भनेको छ । तर देउवाको विघटनमा फरक छ । उनले ०५९ वैशाख ४ गते सम्पन्न अधिवेशनलाई ०५९ जेठ ८ मा संसद विघटनको सिफारिस गरेबाट एउटा अधिवेशन र अर्को अधिवेशनको अन्तर ७ महिना भएकोले धारा ५३ को विपरित पनि उनको आदेश असंवैधानिक थियो ।

०५२ साल (०५२ भदौ १२)को सर्वोच्च अदालतको फैसलाले तत्कालिन प्रधानमन्त्री (अल्पमतमा रहेका) मनमोहन अधिकारीले प्रतिनिधिसभा विघटनको लागि गरेको सिफारिसलाइ लिएर नेपालमा राजनीतिक अनिश्चितता, अस्थिरता र अराजकताको विजारोपण गरिदियो ।[२१९] नेपाली राजनीतिमा त्यहिंबाट घात प्रतिघात र अन्तरघातको स्थिति देखा पर्न गयो । त्यहिंबाट नेपालको राजनीतिमा अस्थिरता देखियो । सांसद किनबेच, नक्कली औषधी बील आदि त्यसैसमयको उपज थियो । शेरबहादुर देउवाले ले गठन गरेको नेका,राप्रपा र सद्भावनाको ४८

---

[२१९] कृष्ण हाच्छेथु, “नेपाली पोलिटिक्सः पोलिटिकल पार्टीज,पोलिटिकल क्राइसिस एण्ड प्रोव्लेम अफ गभर्नान्स”, ***डोमेस्टीक कन्फ्लीक्ट एण्ड क्राइसिस अफ गभर्नाबीलिटी ईन नेपाल,*** (काठमाडौं : सेन्टर फर नेपाल एण्ड एशियन स्टडिज, सन् २०००), पृ. १०६ ।

सदस्यीय जम्बो क्याविनेटको नेतृत्वले सांसदहरूलाई विभिन्न सुविधा दिलाएर नेपालको प्रजातन्त्रलाई बदनाम गराउने काम भयो ।

सरसर्ती हेर्दा ०४८ साल देखि ०५१ सालको मध्यावधि निर्वाचन नभएसम्म प्रजातन्त्र उत्कृष्ट थियो । यसलाई मैले माथि यथास्थानमा उल्लेख समेत गरिसकेको छु । तर पार्टीभित्र विधान नभएको हैन जस्तो नेपाली कांग्रेसको विधानको प्रस्तावनामा भनिएको छ "... यही पार्टीले वि.सं. २०४६ सालमा सर्वोच्च नेता गणेशमान सिंहको नेतृत्वमा जनआन्दोलन गरी प्रजातन्त्रको पुनःस्थापना गर्न सफल भएपश्चात नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न नागरिकका रूपमा प्रतिष्ठापित गर्नाका साथै संवैधानिक राजतन्त्र आधारभूत, मानवअधिकार, संसदीय शासनप्रणाली र बहुदलीय व्यवस्थालाई प्रत्याभूत गर्न सफल भएको कीर्तिमानप्रति गर्व गर्दै, नेपाली कांग्रेसले आफ्नो जन्मकालदेखि प्रतिपालन गरेको राष्ट्रियता, प्रजातन्त्र र समाजवादका आदर्श, मूल्य र मान्यताको आधारमा न्यायपूर्ण, गतिशील, स्वतन्त्र र समतामूलक समाजको स्थापनाका लागि देखाएको प्रतिबद्धता र यस पार्टीका नेता एवं कार्यकर्ताले गरेको त्याय, तपस्या र बलिदानपूर्ण देशभक्तिको लामो परम्परालाई निरन्तरता दिन, प्रजातन्त्रको संरक्षण र संबर्द्धन गर्दै नेपाललाई सभ्य, सुखी र सम्पन्न राष्ट्रका रूपमा स्थापित गर्ने पुनीत उद्देश्यले नेपाली कांग्रेसलाई एकताबद्ध,सुसंगठित र सक्षम राजनीतिक दलका रूपमा सञ्चालन गर्नका लागि नेपाली कांग्रेसको विधान २०१७ लाई समसामयिक,व्यवहारिक र वैज्ञानिक बनाउन परिमार्जनसहित संशोधन गर्न आवश्यक भएकाले, नेपाली कांग्रेसको आठौं महाधिवेशन (२०४८) ले दिएको अधिकार प्रयोग गरी काठमाडौंमा २०५१ श्रावण १३–१४ मा सम्पन्न महासमितिको वैठकले यो संशोधित विधान पारित गरेको छ । [२२०] त्यतिमात्र हैन आन्तरिक प्रजातन्त्रको विकासमा संसदभित्रको सवैभन्दा ठूलो दलका रूपमा रहेको नेपाली कांग्रेसले संसदीय दलको कार्यकारिणी समिति पनि गठन गरेको छ । तात्कालिक महत्वका विषयमा संसदीय दलको पूर्ण बैठक नबसी कार्यकारिणी समितिको मात्रै बैठक बस्ने प्रचलन देखिन्छ ।

प्रमुख प्रतिपक्षी दलका रूपमा रहेको संसद्को दोस्रो मुख्य दल ने.क.पा (एमाले)ले आफ्नो संसदीय दललाई प्रभावकारी र व्यवस्थित पार्न विभिन्न प्रयासहरू गरेको छ । प्रतिनिधि सभा र राष्ट्रिय सभामा अलग अलग नेताको चयन गर्नाका अतिरिक्त दुवै सदनमा उपनेताहरू पनि बनाइएका छन् । प्रमुख सांसदहरूलाई अलग अलग मन्त्रालय सम्बन्धी गतिविधिको जिम्मा दिएर

---

२२० ***नेपाली कांग्रेसको विधान,*** नेपाली कांग्रेसको आठौं मधाधिवेशन २०४८ले लिएको अधिकार प्रयोग गरि नेपाली कांग्रेसको काठमाडौंमा २०५१ श्रावण १३–१४ मा सम्पन्न महासमितिको वैठकमा प्रस्तुत विधान, प्रकाशक र स्थान उल्लेख नभएको ।

ने.क.पा (एमाले) ले वैकल्पिक सरकार वा छाया मन्त्रिमण्डलको अभ्यास पनि गरेको छ ।[२२१] प्रजातन्त्रको लागि नेपाली कांग्रेसले विगत पैसठ्ठी वर्षयता निकै ठूलो अभ्यास गर्दै आएको देखिन्छ। नेपाली काङ्ग्रेसका महाधिवेशनहरू २००३ साल देखि २०६७ सालसम्म आइपुग्दा यसले बार्‍हौं महाधिवेशन गरिसकेको छ । प्रजातन्त्र स्थापनाको लागि होस वा पुनः स्थापनाको लागि यस दलभित्र परिस्थिति अनुकूल निर्णय गर्ने क्षमता रहेको छ । "कांग्रेस जन्मिदा संवैधानिक राजतन्त्र उल्लेख गरिनु यसको क्रान्तिकारी रूप मानिन्थ्यो । राजाले फेरि राणाशाहीको अर्को रूपमा एकतन्त्रीय शासन चलाउलान भन्ने त्यतिखेर पटक्कै थिएन ।"[२२२] अर्कोतिर जनवादी केन्द्रीयताको आधारमा गठित नेकपा (एमाले)ले नौलो जनवादलाई छोडेर पार्टीले पाँचौ राष्ट्रिय महाधिवेशनबाट जनताको बहुदलीय जनवाद (जवज)लाई नेपाली क्रान्तिको कार्यक्रमका रूपमा पारित गरेको थियो ।[२२३] यो पार्टीले आन्तरिक प्रजातन्त्रको निकै ठूलो विकास गरेको दावि गर्दै आएको छ। २०६५ सालसम्म आईपुग्दा यसले आठौं राष्ट्रिय महाधिवेशन सम्पन्न गरिसकेको छ। जवजले पहिलो सामन्तवाद र व्यापक जनताको बीचको अन्तरविरोध,दोस्रोमा दलाल नोकरशाही पुँजीवाद र व्यापक जनताबीचको अन्तरविरोध र तेस्रोमा साम्राज्यवाद तथा प्रभुत्ववाद र नेपाल राष्ट्रवीचको अन्तरविरोध देखाएकोले नेकपा (एमाले) को पार्टीभित्रको आन्तरिक प्रजातन्त्र अझै स्पष्ट हुन सकेको छैन् । अर्कोतिर नेपाली कांग्रेस नीतिमुखी हुनुपर्ने पार्टी नेतामुखी हुनु यसको गम्भिर त्रुटी रहेको छ । सभापतिमा रहेको व्यापक तजवीजी अधिकारले गर्दा यसको आन्तरिक प्रजातन्त्रमाथि कहिलेकांहि प्रश्नचिन्ह लाग्ने गरेको छ । आन्तरिक प्रजातन्त्रको वारेमा सुप्रभा घिमिरेको भनाई यस्तो छ :

> "पार्टीमा आन्तरिक लोकतन्त्रको प्रश्नसंगै यसको अभ्यास नभएकै भने होइन । तर विभिन्न कारणले त्यसले व्यापकता भने पाउन सकेन । पार्टीले स्थापनाकालदेखि अहिलेसम्म आइपुग्दा लामो समय प्रतिबन्धित रहनुपर्‍यो । निर्वासित रहनुपर्‍यो । निर्वासित जीवनमा निर्णयप्रकृयामा सबैलाई जुटाउनु ठूलो समस्या थियो । त्यसैले यसले अध्यक्ष सर्वमान्य हुने अवस्थाबाट गुज्रीन बाध्य हुनुपर्‍यो । आन्तरिक लोकतन्त्रको खुला अभ्यास नेपाली कांग्रेसले गर्न पाएन । अध्यक्षतात्मक पार्टी सञ्चालनको निकै ठूलो छाप काङ्ग्रेसको आन्तरिक व्यवस्थापन र दैनिक व्यवहारमा देखिन्छ । काङ्ग्रेसमा आन्तरिक लोकतन्त्रका निम्ति प्रयासै नभएका पनि होइनन् । ०४६ पछि अधिवेशन भएर पार्टीको नेतृत्व हस्तान्तरण भयो । पहिलो कार्यसमिति सबै सभापतिले मनोनयन गर्ने परम्परा थियो । विस्तारै १८–१८ अर्थात पचास प्रतिशत निर्वाचित गर्ने व्यवस्था गरियो । यो पनि आन्तरिक लोकतन्त्रकै अभ्यास हो । तर, युगको मागअनुसार काङ्ग्रेसमा आन्तरिक लोकतन्त्रको अभ्यास भने सुरुदेखि नै हुन पाएको छैन । आन्तरिक

---

२२१ नरहरि आचार्य, ***नयाँ नेपालको प्रस्तावना,*** काठमाडौं : संवत्सर प्रकाशन, (द्वितीय मुद्रण), २०५७, पृ. ३० ।

२२२ ***कान्तिपुर,*** २५ भदौ, २०६४ ।

२२३ (आठौं राष्ट्रिय महाधिवेशन) ***पूर्ववत् टिप्पणी*** नं. ६८, पृ. १४५ ।

लोकतन्त्रकै सवालमा समावेशी सिद्धान्तका केही अभ्यास पनि भए तर त्यसले पनि व्यापक रूप लिन सकेन ।"[२२४]

समावेशीका मुद्दामा होस वा महिलाई सशक्तिकरण गर्ने सवालमा होस वा समाजवाट तल पारिएका जनजातिहरूलाई माथि उठाउने सवालमा नेपालका हरेक राजनीतिक दलहरू प्रतिस्पर्धात्मक राजनीतिमा निकै अगाडि देखिन थालेका छन् । मुलुकभित्रको तमाम जातजाति, सम्प्रदाय, क्षेत्र, लिङ्ग आदिलाई समावेश गर्दै नेपालका राजनीतिक दलहरू अगाडि वढ्न खोज्दा खोज्दै पनि उनिहरू अगाडि वढ्न सकेका छैनन् । राजनीतिक दलहरूले महिला र पुरुष समान भने पनि तिनको विधानमा महिलाहरूलाईपनि पुरुष सरह उम्मेद्वार बन्न दिइएको छैन । समावेशी चरित्र अहिले सवै दलमा छ भनेर भन्न सकिन्न् ।

सरसर्ती हेर्दा ०४८ सालदेखि ०५१ सालको मध्यावधि निर्वाचन नभएसम्म प्रजातन्त्र उत्कृष्ट थियो । तर, पार्टीभित्रको आन्तरिक प्रजातन्त्रको कमीकै कारण नेपालका मूल धारका राजनीतिक दलहरू निश्चित रूपमा प्रजातन्त्रको सफलतामा चुके ।

०४६ सालको प्रजातन्त्र पुनस्थापना पछि पनि शासनमा देशको ठूलो हिस्सा समावेश हुन सकेन । राज्यको पुनसंरचनामा ध्यान नदिएको, राज्यलाई समावेशी बनाउन नसकिएको जस्ता सवालहरू संविधानमा संवोधन हुन नसकेकाले यसमा द्वन्द्वको वीजारोपण भएको रहेछ भन्ने देखियो । संविधानले समाजवाट पछाडि पारिएका जाति, जनजातिलाई राज्यले सम्वोधन गर्न सकेन । संविधानलाई खारेज गर्ने वा प्रतिसंहरण गर्ने संवैधानिक अधिकार कसको हुने हो त्यस विषयमा त्यो संविधान मौन रह्यो ।

संविधान कार्यान्वयनकैक्रममा धेरै नेपालीले द्वन्द्वमा ज्यान गुमाउनु परेकोले त्यो संविधान विवादरहित थियो भनेर भन्न सकिन्न । राजतन्त्रलाई चलखेल गर्ने निकै ठाउँ त्यस संविधानले राखेको रहेछ । संविधान भत्काउन राजतन्त्र सफल भयो, तर संविधानसँगै राजतन्त्र पनि दोस्रो जनआन्दोलनपछि भत्कियो । दल, राजा र माओवादीबीचको त्रिपक्षीय विवाद पनि त्यसै संविधानवाट भित्रिएको थियो । संविधान अनुसार सम्पन्न भएको तीनवटा आम निर्वाचनले पनि मुलुकलाई स्थिरता दिन सकेनन् । संवैधानिक विकासका क्रममा पाँचौं दस्तावेजका रूपमा आएको नेपाल अधिराज्यको संविधान सुरुदेखि नै विवादमा भासियो । जनतालाई जनमत र संविधानसभाबाट वन्चित गराइएको त्यस संविधानकै माध्यमवाट राजाले जनताको सार्वभौमिकतामाथि चुनौती दिए । संविधानले दलित, जनजाति, महिला आदिका विषयमा सम्बोधन गर्न नै सकेन ।

---

[२२४] सुप्रभा घिमिरे, "अबको मुद्दा समावेशी काङ्ग्रेस", ***नेपाली काङ्ग्रेसः दशा र दिशा,*** (प्र.सं.), (प्रकाशक : उल्लेख नभएको, २०६६), पृ. ६१ ।

जनमत लिनुपर्ने कतिपय विषयवस्तुलाई यसले अपरिवर्तनीय रूपमा राखिदिएर यो आफैं सङ्कटको सूत्रधार वन्न पुग्यो । जनमत भनेको प्रत्यक्ष प्रजातन्त्रको कार्यविधि हो । जनमतमा मतदाताले सार्वजनिक मूद्दा (ईश्यू) मा आफ्नो मत जाहेर गर्दछन् । जनमत गरिने विषय जहिलेपनि विवादित भएको हुनुपर्दछ । साधारण विधायीकी प्रकृयाबाट अनुमोदन हुन नसक्ने विषयमा मात्र जनमत गरिन्छ । त्यसैगरि कहिलेकांहि राष्ट्रपति वा सरकारको विषयमा विवाद उठ्दा जनतावाट लोकपृय निर्णय गर्नुपर्ने आवश्यक देखिन्छ । साथै जनमतबाट अल्पसंख्यकमा रहेको व्यक्तिहरूलाई संरक्षण दिनुपऱ्यो भने त्यस विषयमा पनि जनमत गरिन्छ । मुलुकको समग्र न्यायिक व्यवस्थामाथि पनि जनमत गर्न सकिन्छ । जनमतको माग सरकारको कार्यकारिणी, विधायिकी वा नागरिकहरूको  समूहबाट पनि आउन सक्छ । युरोपका अधिकांश देशहरूमा राष्ट्रिय जनमत संग्रहको प्रावधान संविधानमै राखेको पाइन्छ उदाहरणकालागि आयरल्याण्ड र स्वीजर्लैण्ड । स्वीजर्लैण्डले त अन्तर्राष्ट्रिय सन्धिलाई अनुमोदन गर्दा समेत जनमतवाट लिने गर्दछ ।

यसैगरी अष्ट्रेलिया, डेनमार्क र भेनेजुयेला त्यस्तो देश हो जहाँ सवै संवैधानिक संशोधन जनमत संग्रहबाट मात्र गरिन्छ । जनमत अनिवार्य र स्वैच्छिक दुवै हुन सक्दछ । अनिवार्य जनमत संग्रह राष्ट्रिय सार्वभौमसत्ता र आत्मनिर्णयको अधिकारमा लिने गरिन्छ । त्यस्तो अवस्थामा मतदाताहरूले अनिवार्य मतदान गर्नुपर्ने हुन्छ ।[२२५] ०३६ सालमा नेपाली जनताले पञ्चायत विरुद्ध आफ्नो असन्तोष व्यक्त गरे । राजाले जनमत गर्ने घोषणा गरे । विकल्प दिइएको थियो सुधारिएको पञ्चायत व्यवस्था वा बहुदलीय शासनव्यवस्थावीच कुनै एउटा रोज्नु पर्ने थियो । जनमतसंग्रहमा पञ्चायत पक्ष विजयी भयो । जनताद्वारा जनमतसंग्रहमा मतदिने उमेर घटाउने माग गरेका थिए तर उमेर २१ वर्ष राखियो १८ मा घटाइएन । पञ्चायतले त्यस समय राजाको नामबाट भोट माग्ने काम गऱ्यो । जनमत संग्रह घोषणा गर्दा जुन विकल्प दिइएको थियो त्यो स्पष्ट थिएन । “यदि जनमत संग्रहको निर्णय स्वीकार गरिएको हो भने पनि यो वुझ्न  कठिन छ कि जनताले ‘दलविहीन’ शब्द २४ मई, १९७९(२०३६ जेठ १०) को शाही घोषणा तथा २ मई, १९८० (२०३७ वैशाख २०) मा सम्पन्न जनमत संग्रहको मतदानपत्र दुवैमा यो प्रयोग गरिएको थिएन ।”[२२६] जनमत संग्रहमा नेपाली जनतालाई सुधार सहितको पञ्चायती व्यवस्थालाई कायमै राख्ने हो वा बहुदलीय शासन पद्धति चाहने हो सोमध्ये एकलाई रोज्न भनिएको थियो । जनताले त्यस समय बहुदलीय व्यवस्थाको विरुद्ध निषेधात्मक मत दिए किनकि

---

[२२५] http://iilhr.org/documents/complookreferendumlaw.pdf2068/03/11

[२२६] ऋृषीकेश शाह, ***नेपाल राजनीतिक व्यवस्था एवं परराष्ट्र नीति,*** (प्र.सं.), (वाराणसी : कोणार्क पब्लिशिंग हाउस, सन् १९८२), पेज ६६ ।

उनीहरूलाई यो कुरा सोधिएको थिएन कि उनिहरू मौजूदा पंचायत व्यवस्थाको पक्षमा छन । जनमतमा जुन विकल्प दिइएको थियो त्यो स्पष्ट थिएन ।

यसले के देखाउँछ भने निरंकुश शासकहरूले गर्ने जनमत संग्रह यस्तै यस्तै स्पष्ट परिणाम नआउने हुन सक्दछ । त्यसैले जनमत संग्रहबाट स्पष्ट परिणाम आउनुपर्दछ । यस सम्बन्धमा ०४७ सालको संविधान बन्नुभन्दा अगाडि संविधानको मसौदामा सुझाव पेश गर्दा जनमत संग्रहको प्रावधान राख्न खोजीएको थियो । सदस्य निर्मल लामाले 'मौलिक अधिकारमा परिवर्तत गर्न पाईंदैन भनेपछि त्यो व्यक्तिगत सम्पत्तिवाला मौलिकहकले सामूहिकीकरण गर्न रोक्छ । समाजको निमित्त आवश्यक भएको र जनताले पनि चाहेको संशोधन गर्न नपाउने हुन्छ । त्यसैले हामीले अहिले नै ध्यान पुऱ्याउनु पर्छ । त्यसकारण बरु यसलाई अझै कडा बन्देज लगाऔं, कठोर बनाऔं वा जनमत संग्रहमै लाने भनेर भनौं । तर त्यसलाई हामी ले यो प्रावधान राखेनौं भने अर्को मात्र एउटा उपाय रहन्छ, विद्रोह गर, शसस्त्र विद्रोह गर ।'[२२७] संविधानको धारा ११६ मा संविधानको प्रस्तावनाको भावनाको प्रतिकूल नहुने गरी संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संसदको कुनै सदनमा प्रस्तुत गर्न सकिनेछ । तर यो धारालाई संशोधन गरिने छैन भनी संविधानमा उल्लेख हुनु भनेको संवैधानिक राजतन्त्र, बहुदलीय व्यवस्था, मौलिक हक, मानव अधिकार आदिको विपरित जाने कुराहरूको संशोधन संसदबाट दुई तिहाई बहुमतबाट पारित हुनुका साथै जनमत संग्रहमा लैजानुपर्ने विषयलाई जनताले परिवर्तन गर्न खोजेमा कानून तोड्न पर्ने वाध्यता संविधानको धारा ११६ ले गरिदियो । संसद अस्थिरताको वीजारोपण वन्न संविधानको धारा ५३ (४) नै काफी भयो । अदालतले यसलाई आफू खुसी व्याख्या गर्न खोज्यो । प्रधानमन्त्रीको सिफारिस र प्रतिनिधिसभाको विघटन संधैं विवादास्पद बन्दै गयो । हरेक पटक अदालतमा गएर विवादको निकास खोजिने गरियो । संसद विघटनमा गिरिजाप्रसादले गरेको सदर हुने, मनमोहनकोमा बदर हुने दुई थरी निर्णय भयो । त्यस्तै संकटकालमा पनि चुनाव हुन सक्छ भनेर विघटनलाई सदर गरेर अदालत पटक पटक विवादमा पऱ्यो । यसै गरी अदालतले विघटन र समावेदनमा सांसदहरूको निवेदनलाई प्राथमिकता दिनुपर्ने राय दिएको थियो । यसरी संविधानलाई असफल वनाउन र राजनीतिक दलहरूलाई कमजोर वनाउने खेलमा प्रतिनिधिसभा पटक पटक अदालतमा गयो । संविधानवाट निस्कन राजाले संविधानको धारा १२७ लाई आफ्नो स्वविवेकमा प्रयोग गर्न थाले । यसैको परिणाम कालान्तरमा दल र माओवादी राजाको विरुद्धमा एउटै ध्रुवमा गोलवन्द हुन वाध्य भए ।

नेपालका ठूला दलहरूले आफ्ना गल्तीबाट पाठ नसिकेर उनीहरू टुट फुट र उपगूटमा विभाजित भए । एमालेमा विभाजन, कांग्रेसमा विभाजन, राप्रपामा विभाजन यस अवधिको मुख्य

---

[२२७] (मुकुन्द रेग्मी), ***पूर्ववत् टिप्पणी नं.*** १२६, पेज ७१७ ।

घटनाहरू बने । यसरी ०४६ सालको जनआन्दोलनपछि निर्माण गरिएको संविधान र त्यसपछिका तीनवटा प्रतिनिधिसभाले पनि मुलुकमा प्रजातन्त्रको संस्थागत विकास गर्न सकेनन् । सम्वैधानिक वनाइएको राजतन्त्रको दरवारभित्रै हत्या, माओवादीले संचालन गरेको जनयुद्धमा थुप्रै व्यक्तिले ज्यान गुमाउन पुग्नुले प्रजातन्त्र प्राप्तिपछि पनि मुलुकमा सङ्कटको समाधान हुन नसकेकै देखिन्छ । आउने परिच्छेदमा प्रजातन्त्र प्राप्तिपछिको सङ्कट कसरी देखिन थाल्यो, त्यसको विस्तृत व्याख्या गरिएकोछ ।

# परिच्छेद : चार

# प्रजातन्त्र प्राप्तिपछिको सङ्कट

## ४.१ पृष्ठभूमि

नेपालमा जहिले पनि प्रजातन्त्रप्राप्तिपछि त्यसको उपलब्धिलाई जोगाउन सदैव जनताले ठूलो क्षति नवेहोरी सफलता मिलेको इतिहास छैन् । अति शासनले प्रजातन्त्रमा सदैव सङ्कट जन्माइरहेको हुन्छ । ३/३ वटा (०४८, ०५१ र ०५६ सालको) आम निर्वाचन नेपाल अधिराज्यको संविधान–०४७ अनुसार भैसक्दापनि मुलुकले स्थायित्व लिन नसकेर उ उल्टो द्वन्द्वमा फस्न पुग्यो । नेपाल सङ्कटमा फसेको यथार्थ विगत १२ वर्षका घटनाले देखाइसकेका छन् । ०४६ सालको जनआन्दोलन प्रजातन्त्रका लागि थियो तर, ०४७ सालमा बनेको संविधानले परिणाम लोकतान्त्रिक बनाउन सकेन । यस अवधिमा केही लामो समय लोकतान्त्रिक अभ्यास त भयो तर त्यसले पनि समाज र राष्ट्रको आकाक्षा अनुसार काम गर्न सकेन ।[1] परिणाम प्रजातन्त्र प्राप्तिपछि सङ्कटहरू अत्यधिक मात्रामा बढ्दै गएको देखिन्छ । नागरिक बलियो हुँदा राज्य आफैं बलियो हुन्छ भन्ने मान्यता प्रजातन्त्रको महत्त्वपूर्ण पक्ष हो ।[2] नेपालमा राजतन्त्र नागरिकलाई बलियो वनाउनमा भन्दा आफैं बलियो बन्न खोजेको पाइन्छ । जनताको अधिकारमाथि राजतन्त्रले कुठाराधात गर्न पुग्दा दलहरूले मोर्चाबन्दी नगरेसम्म कहिल्यै सशक्त प्रतिकार गर्न सकेनन् । पार्टीको उत्कृष्ट समयमा पनि स्वतन्त्र नागरिक कमजोर बने । पार्टी बलियो भयो जनता कमजोर बने । जनताको सर्वोच्चताको वकालत गर्नेहरूले जनताको प्रतिनिधित्वको विरुद्ध आफूखुसी निर्णय गरेर संसद् विघटनलाई सदैव विवादमा पारिरहेका थिए । विकासमा खर्च गर्नु पर्ने ठूलो धनराशी प्रजातन्त्र असफल हुन पुग्दा सुरक्षामा खर्च हुन पुग्यो । हतियार खरिदमा राज्यको सेना र माओवादी छापामारको तीव्र प्रतिस्पर्धाले मुलुकको विकास निर्माण यस अवधिमा हुन सकेन । "राज्यको सुरक्षाका लागि" विकास वजेटबाट ठूलो रकम कटौती गरी सुरक्षामा खर्च गरिएको छ । मुलुकमा संकटकालको घोषणा भए यता नेपालको दैनिक सुरक्षा सञ्चालन खर्च १ करोड पुगेको छ ।[3]

---

[1] कृष्ण खनाल, 'प्रजातन्त्र आधार', ***कान्तिपुर दैनिक,*** ७ फागुन, २०६३ ।

[2] नरहरि आचार्य, ***नयाँ नेपालको प्रस्तावना,*** (प्र.सं.), (काठमाडौं : संवत्सर प्रकाशन, २०५६), पृ. १२ ।

[3] ***नेपाल मानवअधिकार वर्ष पुस्तक २००४,*** (काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र, २०६०), पृ. ३१ ।

### ४.१.१ अस्थिर सरकार

यसै अवधिमा नेकपा (एमाले) संसदीय अभ्यासमा प्रवेश गरी ९ महिने सरकार समेत चलायो । अल्पमतको सरकार त्यसै अस्थिर बनिरह्यो । प्रथम आम निर्वाचनपछि नै नेपाली कांग्रेसका असन्तुष्ट मानिएका सांसद्हरूले आफ्नै दलका प्रधानमन्त्री विरुद्धमा जाने निर्णय गरे । पार्टी ह्विप उल्लंघन गरिने परम्पराको विकास भयो । संसदीय अभ्यासमा अनुशासनहीनताको पराकाष्ठा देखियो । रा.प्र.पा जस्तो पूर्ण लोकतान्त्रीकरण भइ नसकेको पार्टीसँग पनि इतिहास बोकेका दलका नेताहरू सत्ता साझेदारी गर्न लागे । कतिपय अवस्थामा सत्ताको साँचो रा.प्र.पा जस्तो कम संसद् भएको पार्टीका हातमा समेत पुग्यो । यस अवधिमा कांग्रेस र नेकपा (एमाले) नराम्रो सँग विभाजित पनि हुन गए । नेताहरूले प्रजातन्त्रको व्यवस्थापना गर्न सक्षम भएको पुष्टि गर्न सकेनन् । 'उनीहरू प्रधानमन्त्रीबाट कोइरालालाई हटाएमा नेपाली कांग्रेसलाई ५ वर्ष सत्ता चलाउन कुनै अप्ठेरो नपार्ने कुरा गरिरहेका छन् ।'[४] यसैक्रममा गणेशमानसिंहले पनि भनेका थिए – 'अव पाँचवटा चुनाव निरन्तर काँग्रेसले जिते पछि मात्रै प्रजातन्त्रले जरो गाड्नेछ ।'[५]

विस्तारै विस्तारै दलका नेताहरूमा असमझदारी बढ्दै गएर प्राप्त भएको प्रजातन्त्र फेरी गुम्ने स्थितिमा पुग्यो । शासन फेरीयो संस्कार र संस्कृति फेरिएन । ०७ सालदेखिकै पुस्ताले ०४६ सालको नेतृत्व पनि सम्हालेका थिए ।

०४६ साल पछिको १२ वर्षमा यसरी सरकार परिवर्तन हुने काम मात्र भयो । कुनै नयाँ परिवर्तनको काम हुन सकेन । पार्टीभित्र द्वन्द्व ज्यादै बढेर गयो ।

लोकतान्त्रिक व्यवस्थाभित्र सबैलाई ढोका खुल्ला गरिए पनि नीतिनिर्माणमा देशका बहुसंख्यक आदिवासी जनजाति, महिला र पिछडिएका वर्गलाई राज्यले अलग्याइरहेको थियो । राज्य मेरो हो भन्ने भावनाको विकास नेपालका ती जनताहरूमा ०४६ सालको क्रान्तिपछि पनि हुन सकेन । आन्दोलनपछि पनि परम्परागत नेतृत्वकै हालीमुहाली देखियो । सर्वसाधारणले परिवर्तनको आभास महसुस गर्न सकेनन् । जुन प्रवृत्तिका विरोधमा जनताले क्रान्ति गरेका थिए, फेरी त्यही प्रवृत्ति दोहोरिन थालेको थियो । यिनै कारणले रुसमा फेब्रुअरी क्रान्तिले अक्टोवर क्रान्ति जन्मायो, फ्रेन्च क्रान्तिले नेपोलियन जन्मायो, वाइमर संविधानले हिटलर जन्मायो, राणा

---

[४] बेनी बहादुर कार्की, 'संसदीय गतिविधिको वर्तमान परिप्रेक्ष्य एक चर्चा,' ***समसामयिक कानुनी, राजनैतिक तथा संसदीय समस्याहरू भाग-१,*** (काठमाडौं: संवैधानिक तथा संसदीय अभ्यास समाज (स्कोप), २०५१), पृ.४ ।

[५] ***कान्तिपुर*** २७ जेठ २०५१ ।

शासनकै कारण ०७ सालको क्रान्ति जन्म्यो, पञ्चायतले ०४६ को जनआन्दोलन ल्यायो, ज्ञानेन्द्र सक्रिय हुन खोज्दा नेपालमा ०६२/६३ को दोस्रो जनआन्दोलन देखियो ।

आन्दोलनको सफलता पछि जनताहरू किनारा लागिदिने र पार्टीहरूमा फेरी उही पुराना नेताहरूको हालीमुहाली हुने प्रवृत्ति वढ्न गयो । जनतालाई शक्तिशाली बनाउन गरिएको क्रान्तिले राजा र दलहरूमात्र शक्तिशाली वन्न पुग्यो ।

०४६ सालको प्रजातन्त्र पुनः प्राप्तिपछि मुलुकमा ठूलै परिवर्तन आउनेछ भनी जसरी सोचिएको थियो प्रयोगका क्रममा त्यो असफल सिद्ध भयो । २०४६ सालपछिका १२ वर्षमा देशले १२ वटा सरकार परिवर्तन गऱ्यो । सरकार फेरबदल भइरह्यो । अस्थिर सरकारकै कारण देशमा माओवादी आन्दोलन तीव्र रूपमा बृद्धि भयो ।[६] ०५९ असोज १८ पछि प्रजातन्त्रलाई राजतन्त्रले बेग्लै तवरले व्याख्या गर्न खोज्यो । शासकले जसरी अनुकूल हुन्छ त्यसैगरी यसको व्याख्या गरे । यस्तो अवस्थामा राजाले प्रजातन्त्रको संस्थागत विकासका लागि चालिएको आंशिक सुधार र परिवर्तनले नेपालमा कुनै असर पार्न सकेन । नेपाली जनचेतनाको स्तर जनआन्दोलन पछि निकै बढेको थियो । राजाले ०१७ सालको शैलीमा शासन गर्ने घोर अप्रजातान्त्रिक कदम चाल्न थाले । पूर्वपञ्चहरूका हातमा सत्ता थमाइदिएर जतिसुकै राजकीय सत्ता छाडेको धारणा राखे पनि जनताले उनीमाथि विश्वास गर्न सकेनन् । सत्ता उनले पूर्वपञ्चहरूलाई नै सुम्पिएका थिए । मेकियाभेली शैलीमा उनी शक्तिशाली बन्दै गएका थिए ।

दरबार हत्याकाण्ड लगत्तै राजनीतिक दलहरू मौन बसेबाट के देखिन्छ भने दलहरूमा राजाको आदेशलाई चुनौती दिनसक्ने क्षमता थिएन । जेठ १९, २०५८ मा वीरेन्द्रको वंश विनाशपछि नै नेपालको राजसंस्थाले लामो समय राजतन्त्र रहन नसक्ने लक्षण देखाइसकेको थियो। त्यससमय दलहरूले राजदरवार हत्या काण्डका विषयलाई संसदीय अधिकार क्षेत्रमा ल्याएको भए मुलुकले लामो समय अनिश्चिततामा बस्नु पर्ने थिएन । नेपाल मामिलाका चिनियाँ विशेषज्ञ प्रो वाङले भनेका थिए–'दरवार हत्याकाण्ड अरुहरूबाट एकदमै सतर्कतापूर्वक मन्चन गरिएको एउटा ठूलो राजनीतिक षडयन्त्र थियो' ।[७] असोजतन्त्र र मकरतन्त्र जसलाई नेपालीहरूले असोज १८, २०५९ र माघ १९, २०६१ का घटनालाई राजतन्त्रको वंशविनाश पछिको परिणामलाई लिने गरेका छन् । नेपालको राज्य व्यवस्थामा जसरी देशी विदेशी षडयन्त्र भएको आरोप लाग्छ । त्यसै गरी नेपालको राजतन्त्रमाथि पनि देशी विदेशी षडयन्त्रमा फसेको आरोप

---

[६] ***http://www.asiasource.org/asip/nepal report.pdf.***

[७] ***नेपाल राष्ट्रिय साप्ताहिक,*** ११ कार्तिक २०६४ ।

लागेको पाइन्छ । प्रजातन्त्र विपरीत राजनीतिक दलहरूको सहमतिविना राजाले २६ माघ, २०६२ मा गराएको निर्वाचनले प्रजातन्त्रमा वाधक वनेको धेरै देशले अनुभव गरे :

> अन्तर्राष्ट्रिय समुदायले बुधवार सम्पन्न नगर निर्वाचनलाई जनसहभागिताविनाको आधारहीन भन्दै मान्यता नदिने बताएको छ । अमेरिका, भारत, जापानसहित युरोपेली संघले बिहीबार सार्वजनिक गरेको प्रतिक्रियामा नगर निर्वाचनको बैधता मान्न नसकिन जनाइएको छ । राजाले गराएको नगर निर्वाचन उनको सत्तालाई बैधता दिन गरिएको खोक्रो अभ्यास हो ।[८]

दलहरूभित्र विभिन्न विचार र वादवोक्ने कार्यकर्ताहरू हावि भएझैं दरवारभित्र पनि विभिन्न विचारले प्रवेश गरेको त्यस घटनापछि अनुमान गर्न सकिन्छ । त्यसैले कुनै पनि मुलुक राम्रो या नराम्रोसँग शासन गर्न पुग्दा शासनको किसिम, यस्लाई प्रयोग गर्ने र कार्यान्वयन गर्ने पदाधिकारी र प्रतिस्पर्धात्मक राजनीतिक व्यवस्थाका लागि निर्वाचनमा जोड दिनुपर्दछ ।[९] तर राजाको प्रत्यक्ष शासनव्यवस्थामा जनतानै सहभागि नभएको नगरपालीका निर्वाचनलाई लिएर जनताको अत्यधिक सहभागिता भएको भनेर राजाबाटै भनाउन लगाइयो । राजाको प्रत्यक्ष शासनव्यवस्थामा यी सबै कुराको अभाव देखिन्छ ।

इतिहासलाई हेर्ने हो भने जहिलेपनि निरकुंश शासनव्यवस्थाको प्रतिस्थापन उदारवादबाट भएको छ । उदारवादी व्यवस्था विधि र विधानबाट चल्ने भएकोले यसमा बल प्रयोगको कुनै गुन्जाइस रहन्न । अधिनायकवादीहरूले जुनसुकै समयमा यो व्यवस्थामाथि प्रत्यक्ष र अप्रत्यक्ष आक्रमण गर्न सक्ने भएकाले प्रजातन्त्रलाई जोगाउन गाऱ्हो हुन्छ । राजतन्त्र रहेसम्म प्रजातन्त्रले पूर्णता पाउने देखिन्न् । दलहरूलाई राजतन्त्रले विभाजन र फुटाउने रणनीति अख्तियार गर्न सक्छ भन्ने कुरा नेपाली कांग्रेसको विभाजनले सङ्केत गरि सकेको छ ।

## ४.२ संवैधानिक अभ्यासको सङ्कट

सार्वभौमसत्तामा दखल पुऱ्याउनु मात्र होइन सरकारको तीनै अङ्गमा अस्थिरता ल्याई संविधानमा भएको प्रावधानलाई बरोवर उल्लंघन गरी द्वन्द्व ल्याउने प्रयास संवैधानिक सङ्कट मानिन्छ । संवैधानिक सङ्कटले सरकारलाई निकम्मा बनाउनेमात्र होइन लामो समय देशभित्र द्वन्द्व निम्त्याउने कारणले मुलुक असफल राष्ट्रका रूपमा चित्रित हुन पुग्ने भय रहन्छ । नेपालमा सर्वप्रथम प्रजातन्त्रको आगमनसंगै ०७ साल चैत्र १९ देखि अन्तरिम शासन विधान जारी भयो । त्यस समय जारि भएको संविधान २०१६ साल असार १४ गते छैंटौं संशोधन नभएसम्म अस्तित्वमा रहेको पाइन्छ । २०१५ साल फाल्गुण १ गतेबाट नेपाल अधिराज्यको संविधान

---

[८] *कान्तिपुर,* २८ माघ २०६२ ।

[९] कृष्ण पी.खनाल,“इलेक्सन एण्ड गभर्नेन्स”, लोकराज बराल (सं), ***इलेक्सन एण्ड गभर्नेन्स ईन नेपाल,*** (प्र.सं.), ( न्यूदिल्लीः मनोहर पब्लिसर्स, सन् २००५), पृ. १२१ ।

अस्तित्वमा रहँदा ०१९ सालको संविधान पनि बनेको थियो । ०४७ सालको संविधान पनि ०१९ सालको संविधान अस्तित्वमै रहेको अवस्थामा वन्न पुगेको थियो । संविधान निर्माण पछि मुलुक स्थिरतातर्फ लाग्नुपर्नेमा ०५२ सालपछि अस्थिरतातर्फ लाग्यो ।

यसअघि निर्माण गरिएका संविधान हरेक पटक विवादमा पर्दै आएका छन् । नेपाल अधिराज्यको संविधान २०४७ निर्माण गर्नुभन्दा अगाडि राजा, कांग्रेस र कम्युनिष्ट घटकवीच सम्बैधानिक राजतन्त्र र संसदीय प्रणालीमा लगभग सहमति भै सकेको थियो । २०४६ सालको जनआन्दोलनको यो उपलब्धिलाई कुनै पनि अवस्थामा नखोसिने प्रावधान संविधानमा व्यवस्था गरिएको थियो । नेपाल अधिराज्यको संविधान २०४७ ले जनतालाई राज्य शक्तिको श्रोत मान्नुका साथै सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा नै निहित रहेको तथा तिनको प्रयोग संविधानवमोजिम हुने व्यवस्था गरेको थियो ।

> "नेपाली जनताको इच्छानुसार यो संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्यको राजकीयसत्ता र सार्वभौम अधिकार यसै संविधान वमोजिम प्रयोग हुने गरी हामीबाट प्रयोग भइआएको राजकीयसत्ताको प्रयोग गरिबक्सी मन्त्रिपरिषद्को सल्लाह र सम्मति अनुसार हामी श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट यो नेपाल अधिराज्यको संविधानको घोषणा गरी लागु गरिबक्सेका छौं ।"[१०]

२०४७ साल कार्तिक २३ मा दिइएको 'संविधान धोका हो' भन्दै नेकपा (मसाल) का महासचिव मोहन विक्रम सिंहले संविधानसभाविना जनतालाई सार्वभौमसत्ता सम्पन्न वनाउन नसकिने भएकाले जनतामा सार्वभौम अधिकार दिलाउनका लागि उनको दलले घोषित संविधान अन्तर्गत हुने चुनावलाई वहिष्कार गर्ने भनी नोभेम्वर १२ अर्थात् ०४७ साल कार्तिक २६ गतेको राइजिंग नेपालमा उल्लेख गरेको पाइन्छ । नेपाल अधिराज्यको संविधान २०४७ लाई आधार मानी मुलुकको राजनीतिक संकटको निकास खोज्ने भन्दा संविधानलाई असफल वनाउन त्यस समयका कतिपय राजनीतिक दलहरू लागी रहे । "राजा, कांग्रेस र संयुक्त वाम मोर्चाव्दारा तयार गरिएको संविधानबाट जनआन्दोलनको मर्म र जनताको भावनालाई समेट्न नसकिएको उल्लेख थियो ।"[११] यसै गरी ०४७ को संविधानलाई कम्युनिष्ट लिगले पनि असन्तोष व्यक्त गरेको थियो । त्यस संविधानलाई पछिसम्म मान्न वाध्य हुने छैंनौं भन्दै नेकपा (एमाले) ले त्यसलाई आलोचनात्मक समर्थन गर्न पुगेको थियो । वढी जनपक्षीय र प्रगतिशील अर्को संविधान नआएसम्म यसैलाई संवैधानिक अभ्यास गर्दै जानेमा नेकपा (एमाले) लागिरह्यो । यही संविधानमा टेकेर नेपालमा कम्युनिष्ट पार्टीले पहिलो पटक ९ महिने सरकार चलाएको थियो ।

---

[१०] ***नेपाल अधिराज्यको संविधान,*** (काठमाडौं : श्री ५ को सरकार, कानुन तथा न्याय मन्त्रालय, कानुन किताब व्यवस्था समिति, २०४७), पृ. २ ।

[११] ***राइजिङ्ग नेपाल,*** नोभेम्वर, १२, १९९०।

संविधान प्रजातन्त्रवादी तर यसका संचालकहरू व्यक्तिवादी बन्न गएपछि त्यस संविधानको सफल कार्यान्वयनमा केही अवरोधहरू देखिएका थिए । संविधानप्रति संयुक्त राष्ट्रिय जनआन्दोलन समितिमा संलग्न वामपन्थी दलहरूले विरोध जनाए जसको परिणाम संविधानअनुरूप हुन लागेको पहिलो आमनिर्वाचनलाई तिनले वहिष्कार गर्ने निर्णय गरेका थिए । संविधान मस्यौदा गर्ने आयोगमा सम्मिलित वामपन्थी दल नेकपा (माले) र नेकपा (चौ.म) ले समेत संविधानको आलोचनात्मक समर्थन मात्र गर्ने घोषणा गर्नपुगे ।

सिंहदरबारमा जनताको प्रतिनिधिहरूले पत्याएको व्यक्ति अथवा राजाले पत्याएको व्यक्ति कसको हक दावी पुग्ने भन्ने सात सालको क्रान्तिपश्चात् चालिस वर्षसम्म चलेको यो विवादलाई ०४७ सालको संविधानले समाधान गरेको थियो ।[१२] नेपालको राजनीतिक इतिहासलाई केलाउने हो भने हरेक शासन व्यवस्थाले आफ्नो अन्तर्ध्वंश गर्ने गुण आफैं लिएर जन्मिएको पाइन्छ । [१३] हरेक १०/१० वर्षमा मुलुकले परिवर्तन खोजीरहेको देखिन्छ ।

नेपालको नयाँ संविधान धेरै हदसम्म लोकतान्त्रिक मूल्य र मान्यताबाट निर्देशित थियो । सार्वभौमसत्ता जनतामा निहित रहने, राज्यसञ्चालनको अभिभारा जननिर्वाचित पदाधिकारीहरूमा रहने, राजसंस्था संविधानको परिधिभित्र रहने र सेना तथा प्रहरीको परिचालन जननिर्वाचित पदाधिकारीहरूले नै गर्न पाउने प्रावधानहरूलाई सकारात्मक रूपमा मूल्याङ्कन गर्नै पर्छ । त्यसैले, संविधानमा स्पष्ट रूपमा उल्लेख गरिएका यस्ता प्रावधानका बावजुद कार्यकारी अधिकार आफूले लिंदै जनताका लोकतान्त्रिक अधिकारको उपेक्षा गर्ने १८ असोज २०५९ को शाही घोषणाको जगमा टेकेर चालिएको नेपालका राजाको माघ १९ को शाही कदमका लागि नेपालको संविधान २०४७ लाई मात्र दोष दिनुको सट्टा अन्य राजनीतिक तथा सामाजिक अवस्थाहरूको विश्लेषण आवश्यक पर्ने हुन्छ । [१४]

जनता नै सम्पूर्ण शक्तिको स्रोत हो भन्ने कुरालाई ०५९ असोज १८ र ०६१ माघ १९ को कदमले गलत सावित गऱ्यो । मतपत्रद्वारा मुलुकमा स्थायी र स्थिरता आउन सकेन । राजनीतिक अस्थिरताको फायदा आखिरमा राजाले नै लिइछाडे । 'लोककल्याणकारी समाजको रचना गर्न संविधान साधनमात्र हो, साध्य होइन ।'[१५] तसर्थ मुलुकमा राजनीतिक सङ्कटको वीजारोपण गराउने कारक तत्त्व राजसंस्था देखिन गएको छ । राजसंस्थाभित्र भएको अन्तर्ध्वंश गर्ने चरित्रकै

---

[१२] नीलाम्बर आचार्य, ***प्रजातन्त्रमा सङ्क्रमण,*** (काठमाडौं : भृकुटी पब्लिकेसन्स), पृ. ८० ।

[१३] पुरुषोत्तम मरहट्टा, सहकार्यको संस्कृति आवश्यक, ***गोरखापत्र,*** २०६३ पौष २२ ।

[१४] सञ्जीव पोखरेल, श्रीकृष्ण अनिरुद्ध गौतम र श्रवण शर्मा, ***नेपालमा प्रजातन्त्र सङ्कट तथा चुनौतीहरू,*** (प्र.सं.), (काठमाडौं : राष्ट्रिय शान्ति अभियान, २०६२), पृ. १६६–१६७ ।

[१५] ***गोरखापत्र,*** वर्ष १०४, अङ्क १८४, २०६१ साल कार्तिक २३ ।

कारण अढाइ सय वर्षको इतिहासमा यो संस्था धेरै पटक जनताको विरुद्धमा उत्रेको छ । राजावादीहरू यसलाई–"केही मान्छेले सम्झौता गरेर जनताको नाममा संविधान लेखे । जनताले त्यसलाई आफ्नो भनेर स्वीकार गर्ने या गर्नुपर्ने कुनै घत लाग्दो अर्थ र तर्क नै के छ ?" [१६] शासन व्यवस्थालाई यदि वर्गीय आधारमा हेर्ने हो भने निषेधका लागि निषेधको यो सिद्धान्त नेपालको हरेक शासन व्यवस्थामा ठ्याक्कै मिल्दछ । राणा शासनको पतनमा तिनकै वंश जिम्मेवार भए । पञ्चायतको पतन त्यसैभित्रको आन्तरिक द्वन्द्वले भएको हो । राजतन्त्रको पतन राजसंस्थाभित्रकै अन्तर्द्वन्द्वले भयो । त्यसैले अतिशासन हैन प्रजातन्त्र नै मुलुकको लागि लोकप्रिय शासन वन्न सक्दछ । संवैधानिक सङ्कटमा जुन मुलुक फसेको हुन्छ त्यसले लामो समय सम्मको द्वन्द्वलाई निम्त्याएको हुन्छ । नेपाल अधिराज्यको संविधान– ०४७ ले संवैधानिक सङ्कट ल्यायो वा यसको प्रयोग कर्ताले संवैधानिक विवाद ल्याएका हुन् त्यस सम्वन्धी विवाद टुंगिएको छैन तर, ०४७ सालपछि निम्न विवाद भने मुलुकले व्यहोर्दै आएको छ । ती विवादहरू हुन् :

- टनकपुर सन्धिका वारेमा संवैधानिक विवाद
- पार्टी र सरकारको विवाद
- सेना प्रयोगको विवाद
- राजाको भूमिकामा विवाद

### ४.२.१ टनकपुर सन्धिका वारेमा संवैधानिक विवाद

०४७ सालको संविधानको धारा १२६ को उपधारा ४ मा नेपालको प्रादेशिक अखण्डतामाथि असर पार्ने खालको कुनै पनि काम सिंगैं संसद्को एकमतले पनि गर्न सक्तैन । "शारदा बाँध,टनकपुर बाँध, र पञ्चेश्वर परियोजना समेत भएको एकीकृत महाकाली नदी विकास परियोजना सन्धिलाई नेपालको संसदले २०५३ साल असोज ४ गते संविधानको धारा १२६ अनुसार संसदको संयुक्त सदनद्वारा अनुमोदन गरेको थियो । जम्मा १२ धाराको यो सन्धी ७५ वर्षसम्म कायम रहने र हरेक १० वर्षमा पुनरावलोकन गर्दै जाने प्रावधान रहेको छ ।" [१७] सर्वसम्मतिले पनि गर्न मिल्दैन । तर ०४८ साल मंसिर १९ देखि २५ सम्म प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भारत भ्रमणहुँदा भएको जुन टनकपुर संझौता हो त्यसमा नेपालले

[१६] राजेश्वर देवकोटा, "संविधानमा केही प्रश्न", ***कानून,*** पूर्णाङ्क १५, (काठमाडौं : नेपाल कानून किताव कम्पनी फागुन २०४७), पृ. १४१ ।

[१७] पुरुषोत्तम मरहट्टा,***अन्तर्राष्ट्रिय सम्बन्ध,*** (दो.सं.), (ललितपुर : साझा प्रकाशन, २०५९), पृ. १८५ ।

टनकपुर परियोजनासम्बन्धी बाँध निर्माण गर्नका निम्ति आफ्नो भूमि उपलब्ध गरायो ।[१८] त्यसको केही वर्षपछि ०५२ साल माघ २९गते शेरबहादुर देउवा र भारतीय समकक्षि नरसिंह रावले एकीकृत महाकाली सन्धि सम्पन्न गरे । यसबाट सीमा नदी महाकालीमा बरावरीको हक कायम भयो भनियो तर व्यवहारमा अझै लागु हुन सकेको छैन् । यसरी संविधानको धारा १२६ को प्रयोगलाई लिएर टनकपुर सन्धिले मुलुकमा विवाद ल्याउने काम गरेको थियो । नेपालले बायाँ एफलक्स बाँधलाई नेपालको इयल २५० को उच्च भूभागसँग जोड्न महेन्द्रनगर नगरपालिका क्षेत्रको जिमुवा गाउँको अन्दाजी ५७७ मिटर लम्वाईको २.९ हेक्टर जग्गा उपलब्ध गराउन मञ्जुर गरी सो जग्गा उपलब्ध गराईसकेको पनि देखिन्छ ।[१९]

> नेपाली भूमि मिचेर, नेपालको सहमति नलिइकन एकलौटी रूपमा सीमानदी महाकालीमा भारतले निर्माण गरेको टनकपुर परियोजना सम्बन्धी विवाद सल्ट्याउने क्रममा, अहिले एकीकृत महाकाली विकास सम्बन्धी सन्धि अगाडि ल्याइएको छ । यस सन्धिलाई नेपालले अनुमोदन गरेपछि, सन्धिले वैधानिकता प्राप्त गर्नेछ भने त्यसले नेपाली सार्वभौमसत्ता र राष्ट्रियता मिचिएको टनकपुर परियोजना सम्बन्धी बहुचर्चित विवादलाई पनि हल गर्नेछ । नेपालमा एमालेको सरकार छँदा प्रस्तावित महाकाली प्याकेजका रूपमा अगाडि आएको र अहिले संयुक्त सरकारको पालामा एकीकृत महाकाली विकास सम्बन्धी सन्धिका नाममा टनकपुर, बनवासा समेतलाई समेटी अझ विस्तृत रूप दिई नयाँ रूपमा यो सन्धि गरिएको छ । मोटामोटी रूपमा हेर्दा, यो सन्धि गिरिजाले गरेको टनकपुर सन्धिको तुलनामा नेपालले बढी हक प्राप्त गरेको, महाकाली नदीमा नेपालको आधा हक स्थापित गरिएको जस्तो देखिन्छ । तर गहिरिएर हेर्ने र अध्ययन गर्ने हो भने टनकपुरमा भारतले गरेको नेपाली राष्ट्रियतामाथिको घात र बलमिच्याइलाई सच्याउने नाममा गरिएको यो नयाँ एकीकृत महाकाली विकाससम्बन्धी सन्धि गिरिजाले गरेको टनकपुर सन्धिभन्दा पनि यो एक कदम अगाडि बढेर झनै खतरनाक तथा संयुक्त जलस्रोतका नाममा नेपाली जलस्रोतमा एकाधिकार कायम गर्ने भारतीय नीतिलाई वैधानिकताको ढोका खोलिदिने घातक सन्धि देखिन्छ ।[२०]

नेपालमा राजनीतिक उथलपुथल भइरहेका बेलामा भारतले टनकपुर परियोजना रातारात वनाएकै हो । कांग्रेस–रा.प्र.पा–सद्भावनाको अस्थिर सरकार रहेको बेलामा महाकाली सन्धिमा हस्ताक्षर गराइएको पनि सत्य नै हो । नेपाल त्यसमा आफ्नो हक स्थापित गर्न नसकेर झगडियाका रूपमा रहेको छ । भारतले नेपालको भलो गर्दैन भन्ने मानसिकतालाई हटाउन अहिलेसम्म कसैले पहल गर्न सकेको छैन । भारतसँग २६ जिल्ला जोडिएका छन्, त्यसमा २१

---

[१८] सूर्य थापा (सम्पादन), ***संसदमा मदन भण्डारी,*** (काठमाडौं : मदन आश्रित स्मृति प्रतिष्ठान, २०५६), पृ. १०० ।

[१९] ***टनकपुर शुरुदेखि अन्त्यसम्म,*** (प्रकाशकको नाम र स्थान उल्लेख नभएको) वितरक : पैरवी पुस्तक भण्डार (मिति उल्लेख नभएको), पृ. ९३ ।

[२०] रामेश्वरमान अमात्य, ***एकीकृत महाकाली विकास सन्धिमा नेपाल किन र कसरी ठगिएको छ ?,*** (प्र.सं.), (प्रकाशक उल्लेख नभएको, २०५३), पृ. १–२ ।

जिल्लाका ५१ ठाउँमा सीमा र दशगजामा विवाद छ ।[२१] छिमेकीसँग यसरी सीमाविवाद लम्व्याएर लामो समय रहनु नेपालजस्तो सानो देशका लागि ठूलो सङ्कटको संकेत थियो ।

## ४.२.२ पार्टी र सरकारको विवाद

नागरिक सर्वोच्चताका लागि जसरी ०७ सालपछिका ठूला दलहरू निरन्तर लागिरहेका थिए ०४६ सालपछिका ठूला दलहरू पनि यसका लागि खवरदारी गर्दै थिए । तर, राजा साना दलहरूलाई हात लिएर अस्थिरता बढाउनेमा लागिरहे । त्यस अवधिमा जनतालाई प्राप्त भएको अधिकार हरण हुन नदिने अठोटका साथ नेपाली कांग्रेस, प्रजापरिषद् र नेपाली राष्ट्रिय कांग्रेस मिलेर ०१४ सालमा 'प्रजातान्त्रिक मोर्चा' गठन गरे । यसबाट के देखिन्छ भने ०७ सालदेखि नै जनता सडकमा नओर्लेसम्म केही पनि प्राप्त नहुने नजीर बन्दै आएको छ । राम्रा राम्रा कानुन बन्दछन् तर कार्यान्वयनमा आउन नै सक्दैनन । विकासशील देशका सरकार र जनताले नीति निर्माण गर्दछन, संविधान बनाउँछन । तर, सफ्ट स्टेट सिन्ड्रम अर्थात् राज्य कोमल भएका कारण ती नीति नियमहरू नेपालमा कहिल्यै राम्रोसँग लागु हुन सकेनन । पार्टीभित्रको द्वन्द्वलाई समयमै व्यवस्थापन गर्न नसक्नाले ठूला दलहरूमा विभाजन ०४७ सालको संविधान निर्माणपछि देखियो । ०४६ सालको जनआन्दोलनपछि लामोसमय सत्तामा वस्ने नेपाली कांग्रेस पार्टी थियो । यस दलले पनि विकृतिहरूलाई नियन्त्रण गरी राजनीतिक संस्कृतिको निकास जनतालाई दिन सकेन ।

> संसद्मा पुगेका पार्टीहरूले कसरी संसदीय दल चलाउने भन्ने बारेमा प्रारम्भिक छलफल गर्नमै पहिलो प्रतिनिधिसभाको कार्यकाल बितेको देखिन्छ । संसदीय दलहरूका विधानहरू पनि पहिलो प्रतिनिधिसभाको कार्यकालमा तत्कालीन संयुक्त जनमोर्चाबाहेक अरु पार्टीहरू कसैले बनाउन सकेनन् । संसद्को भण्डाफोर गर्न भनेर संसद्मा गएको पार्टीले संसदीय पार्टी विधान बनाउन सक्नु, तर संसदीय प्रणालीमा आस्था राख्ने सत्तामा रहेको (नेपाली कांग्रेस)ले र प्रतिपक्षमा रहेको नेकपा (एमाले)ले बनाउन नसक्नु, यो एउटा अत्यन्त अनौठो पक्ष थियो । यसरी विधान नबनेका कारणले संसद्भित्र पार्टीहरू कसरी संचालित हुने र व्यवस्थित हुने भन्नेबारेमा पार्टीहरू भित्र पनि विवाद भयो । सत्ताधारी दलको भूमिकामा रहेको नेपाली कांग्रेसभित्र उठेको त्यही विवादका बीचमा पहिलो पटक संसद् (प्रतिनिधिसभा) विघटन भयो ।[२२]

पछिका दिनमा संसदीय दलहरूको विभाजन श्रृङ्खला क्रमिक रूपमा चल्दै गयो । संसदीय दलहरूलाई व्यवस्थित बनाउन नसक्दा पहिला गरेका गल्तीबाट पछिका दिनमा पाठ नसिकेर थप गल्तीको श्रृंखला वढदै गएको पाइन्छ । ०४६ सालको आन्दोलनपछि पुनःस्थापना भएको बहुदलीय अभ्यासमा पनि करिव सवा सयभन्दा बढी पार्टीहरू दर्ता भएका देखिन्छन् ।

---

[२१] बुद्धिनारायण श्रेष्ट, ***नेपालको सीमाना,*** (दो.सं.), (काठमाडौं : भूमिचित्र कम्पनी प्रा.लि, २०६१), पृ. ४६३ ।

[२२] झलनाथ खनाल, ध्रुवबहादुर प्रधान, नरहरि आचार्य, परि थापा, मीनेन्द्र रिजाल र सरिता गिरी, ***राज्यको पुनः संरचना*** **तथा रूपान्तरण**, (दो.सं.), (काठमाडौं : राष्ट्रिय शान्ति अभियान, २०६३), पृ. ८५ ।

तीमध्ये २०/२५ वटा पार्टीहरूले मात्र संसदीय चुनावमा भाग लिने गरेका छन् र तीमध्ये पनि ५/६ वटा पार्टीहरू मात्रै संसद्मा पुगेका पाइन्छन । त्यसैले पार्टीहरूको पहिचान र लोकमान्यताका पछाडि उनीहरूले विगतमा गरेका संघर्ष तथा आन्दोलनहरू नै मुख्य आधार बन्ने गरेको देखिन्छ ।[२३] राजावादको लोकतान्त्रीकरण नभएकै कारण राजाले त्यत्रो जनआन्दोलनपछि लेखिएको संविधानमा आफ्नो राजकीय सत्ता प्रयोग गरेरै देखाए । संविधानलाई राजाले खारेज गर्ने अधिकार संधैंको लागि त्यागे कि त्यागेनन् ? वा कुनै एक विन्दुमा पुगेर कतै त्यो पुनस्थापना हुने त होइन । संविधानलाई खारेज गर्ने वा प्रतिसंहरण गर्ने संवैधानिक अधिकारमा नेपाल अधिराज्यको संविधान २०४७ मौन बसेको अवस्थाले पनि नेपालमा राजनैतिक सङ्कट उव्जाइरहेको हो ।

नेपालमा सामाजिक र राजनीतिक द्वन्द्वले प्रश्रय पाइरह्यो । राजतन्त्रको समर्थनमा नारा, जुलुस भइरहनुका साथै "प्रजातन्त्रलाई धम्की" प्रत्यक्ष र अप्रत्यक्ष आइरह्यो । व्यवस्थामा सङ्कट देखियो ।[२४] ०४८ सालको संसद विघटनको कारण निर्वाचनपछि मुलुकमा जुन सङ्कट देखियो त्यसले ०५१ र ०५६ को संसदलाई पनि प्रभाव पारेर छोड्यो । दलहरूमा आफू सत्तामा रहेर निर्वाचन गराउन पाए जितिन्छ भन्ने मानसिकता हाबी बनेको छ ।

लामो समय हुकुमी शासनबाट शासित यस मुलुकमा विधिभन्दा वाणीलाई महत्त्व दिने चलन बढेकै कारण पार्टी र सरकारको विवादमा पनि दरवार केन्द्रित बन्न पुग्यो । प्रतिवन्धित अवस्थामा रहेका दलहरूलाई ०४६ सालको जनआन्दोलनपछि कसरी हुन्छ खुल्ला वातावरणमा जानु रहेको थियो । सोही कारण दलहरूले नेपालको राज्यसंरचनामा लामो समय शासन गर्ने राजसंस्थाका विषयमा केही वोलेनन् । दलहरू राजसंस्थाप्रति ज्यादै उदार भइदिए ।

राजा नागरिक सर्वोच्चतामा भन्दा राजकीय सर्वोच्चतामा वकालत गर्दै आएका थिए । आन्दोलन र विद्रोहको भाषा मात्र सरकारले सुन्ने अरु अवस्थामा जनताको आवाजलाई दवाउने गर्नाले पार्टी र सरकारका बीचमा विवाद देखिंदै आएको पाइन्छ । राजतन्त्रसँगको निरन्तर संघर्षबाट आजित भएर काँग्रेस केन्द्रीय कार्यसमितिले पार्टी विधानबाट 'संवैधानिक राजतन्त्र' झिक्यो ।[२५]

---

[२३] (झलनाथ) ***पूर्ववत् टिप्पणी नं.*** २२ पृ. ६९ ।

[२४] ध्रुव कुमार, (सं.), ***डोमेस्टीक कन्फ्लीक्ट एण्ड क्राइसीस अफ गभर्नावीलिटी ईन नेपाल,*** (काठमाडौं : सेण्टर फर नेपाल एण्ड एशियन स्टडिज (सीनास) २०००), पृ. १५ ।

[२५] ***कान्तिपुर,*** वर्ष १३ अंक १९४, १४ भदौ, २०६२ ।

### ४.२.३ सेना प्रयोगको विवाद

२०४७ सालको संविधान निर्माणपछि लोकतान्त्रिक सरकारले प्रजातन्त्रप्रति वफादार हुन नसकेका सेनालाई नेतृत्वबाट हटाउन नसक्नुनै ठूलो कमजोरी थियो । स्वाधीनतापछि भारतको आफ्नै सेनाले पनि "स्वतन्त्रता सेनानीहरू" लाई सैनिक पदहरूमा लिएको थिएन ।[२६] जनआन्दोलनपछि निर्माण भएको संविधानले सेनालाई लोकतान्त्रीकरण गर्न सकेन ।

> "२०४७ सालको संविधानको धारा ११८ को उपधारा ३ अनुसार सेनाको संरचना व्यवस्था पदोन्नति सरुवा आदि मन्त्रालयले गर्ने गरेको भए, सेनाले दरबारको मुख ताक्नुपर्दैनथ्यो र दरबारियाहरूले सेनामा चलखेल गर्ने मौका पाउने थिएनन् । प्रथम निर्वाचित कांग्रेसका प्रधानमन्त्री र रक्षा मन्त्रीले सेनाबारे जानकारी नै नलिई सर्वप्रथम सैनिक अदालतबाट कोर्ट मार्शल गरिएका भू.पू. आई जी.पी दिलबहादुर लामा र भू.पू कर्नेल भरत गुरुङ्गलाई माफी दिने तथा कोर्ट मार्सलका लागि प्रेषित केही अन्य अधिकृतहरूको फाइल एक वर्षसम्म पेन्डिङ राखी समर्थन नगरेको तथा यस कार्यका लागि करोडौं–करोडको लेनदेन भएको भन्ने बारे विभिन्न पत्र पत्रिकाहरूबाट सबैमा जानकारी भएकै हो । नैतिकता नभएको अधिकृतको कमाण्ड कहिले पनि राम्रो हुँदैन । उत्तरदायी र जवाफदेहिता सेनाको अति जरुरी आवश्यकता हुन् । सैनिकहरूलाई अरु गैरसैनिकहरूले भ्रष्ट नगरून भन्ने हेतुले २०४७ सालको संविधानभन्दा पहिलेको संविधानमा सैनिकलाई भ्रष्ट गर्ने गैरसैनिकलाई पनि सैनिक ऐन लाग्दथ्यो तर २०४७ सालको संविधानमा त्यो धारा हटाइयो ।
>
> संविधानमा उल्लिखित राष्ट्रिय सुरक्षा समिति गठनवारे सेनाबाट धेरै पटक ताकेता गर्दा पनि वास्तै गरिएन र माओवादीको आतंक चरम सीमामा पुगे पछि २०५८ सालमा मात्र दरवन्दी र कार्यालय खडा गरियो । समयमै भएको भए दुनै, होलेरी काण्डहरू वापत सेना र नेताहरूबीचको टकराव र दुर्भावना आउने थिएन ।"[२७]

बरु त्यसपछि पनि सेना राजाप्रति उत्तरदायी बन्दै गयो । वास्तवमा सेना जनता र संसद्प्रति उत्तरदायी बन्नुपर्ने थियो । माओवादीहरूले ०५८ साउन ७ गते विद्रोहको पहिलो सुरुवात गरेकै ठाउँ रोल्पाको होलेरीमा दोस्रो आक्रमण गरे । त्यस घटनामा अपहरित चार दर्जन जति प्रहरीलाई फिर्ता गराउन सेना परिचालन गराउन खोज्दा नमानेको भन्दै तत्कालीन प्रधान मंन्त्री गिरिजा प्रसाद कोइरालाले राजीनामा समेत दिए (हिमाल खबरपत्रिका १६–३१ चैत,२०६६ मा भने २८ असार २०५८ मा होलेरीबाट माओवादीले ७१ जना प्रहरी अपहरण गरे भनिएको छ) । सुरक्षा निकायमाथि निर्वाचित पदाधिकारीको नियन्त्रण प्रजातन्त्रका लागि नभई नहुने सर्त हो । तर, त्यस कुरामा ०४७ सालको संविधानले कुनै व्यवस्था गर्न सकेन ।

---

[२६] **क्राइसिस ग्रुप एसिया रिपोर्ट नं १५६, ३ जुलाई २००८,** *नेपालको नयाँ राजनीतिक* परिदृश्य, पृ.२१ ।

[२७] गोपालसिं बोहरा, *समावेशी प्रजातन्त्र: स्वरूप र संरचनामा* सेना, ***"समावेशी लोकतन्त्र"***, (प्र.सं.), (काठमाडौं : फ्रिडम फोरम, २०६३), पृ. ३४९-३५० ।

सेना र प्रहरी अधिकारी व्यावसायिक मर्यादाप्रति इमान्दार हुनुपर्नेमा राजा ज्ञानेन्द्रको शक्ति सुदृढ गर्ने अभियानमा व्यापक नागरिक दमनमा देखिए । संविधानलाई आफ्नो कव्जामा लिएपछि राजा ज्ञानेन्द्रबाट सेनाको गतिविधि वढाउनुका साथै मुलुकलाई सैनिकीकरणतर्फ अगाडि वढाएर संयुक्त सुरक्षा फौजलाई सङ्कट समाधानको जिम्मा दिइयो । अघिल्लो मल्लिक आयोगले प्रहरी र सेनामा असन्तोष वढ्ला भनेर कार्वाही नगरे झैं ०६२/६३ को जनआन्दोलनमा पनि त्यस्तालाई कुनै कार्वाही भएन । उल्टो वढुवा दिई पुरस्कृत गरियो । तर, शाही सेना र प्रहरीभित्र अधिकार उल्लघंनमा चिनिएका सदस्यलाई शान्ति सेनामा सहभागी हुनबाट रोक्न राष्ट्रसंघीय अधिकारीहरूसमक्ष लबिङ्ग गरेकै कारण कतिपय सेना र प्रहरीमा रहेका मानवअधिकारका हननकर्ताहरूले जिम्मेवारीबाट वन्चित हुनुपऱ्यो ।[२८] नागरिकलाई जति स्वतन्त्रता दिन सक्यो मुलुक त्यति नै सुरक्षित बन्दै जाने निश्चित छ । नेपालका छिमेकीहरू अत्यधिक सैन्य र आणविक हतियारले सुसज्जित छन् । नेपालले तिनलाई जित्नसक्ने कल्पना पनि गर्न सक्दैन । त्यसैले वाह्य युद्धमा प्रयोग हुने सेनालाई नागरिकको स्वतन्त्रता अपहरणमा लगाउनु नै राजतन्त्रका पतनको कारण वन्न पुग्यो । नेपालको सेना राज्यको अति नै शक्तिशाली संस्था हो । तर यसले निर्वाचित प्रतिनिधिलाई भन्दा दरवारलाई नजिक देख्यो । परिणाम जनता कमजोर भयो र दरवार चाहिं शक्तिशाली बन्यो ।

### ४.२.४ राजाको भूमिकामा विवाद

जन आन्दोलनको लगत्तै कोही पनि संविधान सभाको विवादमा अल्झिन चाहेनन् । नत सुरुको प्रजातन्त्र पुनः प्राप्तिपछिको अवस्थामा सरकार संचालनमा तिनले कुनै अवरोध नै ल्याए । राजालाई संविधानमा त राखे तर राजाले आफ्नो भूमिका खोजिरहे । राजाको सक्रिय शासनताका विवादमा रहेका विश्व हिन्दु महासंघका अध्यक्ष तथा शाही पार्श्ववर्ती भरतकेशर सिंहले 'हिन्दू राष्ट्रमा दलहरू बोल्नै नहुने बोलिरहेका छन्' भनी बीरगन्जमा १८ कात्तिक ०६२ मा बोल्नुले के देखाएको छ भने राजाका गलत सल्लाहकारकै कारण देश द्वन्द्वमा फस्न पुगेको थियो । राजा ज्ञानेन्द्रद्वारा ०६१ माघ १९ मा तत्कालीन शेरबहादुर देउवाको सरकार बर्खास्त गरी आगामी तीन वर्षका लागि आफ्नै अध्यक्षतामा मन्त्रीमण्डल गठन, देशमा सङ्कटकालको घोषणा र राजनीतिक अधिकारहरूको कटौती गरिएपछि नेपालको प्रजातान्त्रिक प्रक्रिया अधोगतिको नयाँ चरणमा प्रवेश गर्न पुग्यो । त्यस यता प्रजातान्त्रिक प्रणालीका प्रायः सबै आधारभूत चरित्रहरू समाप्त हुन पुगे र

---

[२८] मुरारी राज शर्मा, अधिकार उल्लघंनकर्तालाई अमेरिकामा 'निषेध', ***कान्तिपुर,*** १७ माघ २०६२ ।

नेपाल अधिराज्यको संविधान २०४७ ले परिकल्पना गरेको प्रधानमन्त्रित्व प्रणालीको पूर्णरूपले अन्त्य गरियो ।[२९]

राजाको अधिकार कटौती हुन सक्तैन भनी राजाको भूमिकालाई जोड दिंदै दलहरूमाथि आक्रामक हुन पुगेका राजावादीहरू मुलुकलाई प्रजातन्त्र हैन धार्मिक अतिवादतर्फ डोऱ्याएर राजालाई निरंकुश वनाउन खोजिरहेका थिए । त्यसैले एमालेले राजाको यस्तो निरंकुश शासन अवधिलाई 'कुशासनको निकृष्ट नमुना' [३०] ठानेको थियो । राजा जति जति निरंकुश हुन खोज्दै थिए अन्तराष्ट्रिय समुदाय उनका कदमको विरोध गर्दै थियो ।

'राजनीतिक दलसँगको परामर्शबिना गर्न लागिएको नियोजित नगर निर्वाचन प्रजातन्त्रलाई पछाडि धकेल्ने अर्को कदम हुने र त्यसले नेपाली राजनीतिमा थप ध्रुवीकरण ल्याउने' ठानी राजाले प्रजातन्त्रलाई थप पछि धकेल्न दलहरूसँग परामर्शविना गरिन लागेको निर्वाचनमा ठूला दलहरूले भाग नलिएको नाम नसुनिएका र सक्रिय राजावादीहरूले मात्र उम्मेदवारी दिएकाले युरोपेली संघ त्यसको विरोधमा उभिन पुगेर यसले प्रजातन्त्रवादीहरूलाई हौसला दिलायो ।[३१] नेपालको प्रजातन्त्र असफल वनाउन राजदरवारको भूमिका देखिएकाले नै स्वदेशी र विदेशीबाट समेत आलोचना हुँदै आयो । त्यसैले दरवार नेपालको हरेक सङ्कटको कारक बन्दै आएको छ । नेपालका वारेमा लेख्दा दरवारको वारेमा लेखिएन भने कुनैपनि घटनाले निर्णायक मोड लिन सक्दैन । जनताको अधिकार हनन भएको देखेपछि नै विदेशीले राजाको कदमका विरुद्धमा समेत बोलेका थिए ।

निर्वाचित संस्थाहरूलाई बाऱ्ह तेऱ्ह वर्षपछि नै फेरी उही परम्परागत शक्तिद्वारा विघटनको स्थितिमा पुर्‍याएर प्रजातन्त्र नेपालका लागि ठिक छैन भन्ने देखाउन खोजिएको थियो । जनताका प्रतिनिधिहरू शासन चलाउन सक्षम छैनन् भन्ने देखाउने प्रयासमा राजतन्त्र लागेको थियो ।

## ४.२.५ प्रजातन्त्रलाई कमजोर बनाउने आन्तरिक र वाह्य रणनीति

जब जब नेपालमा प्रजातन्त्रले संस्थागत विकासको रूप लिन खोज्दछ तब त्यहींवाट यसका विरुद्धमा आन्तरिक र वाह्य क्षेत्रहरूबाट चर्का विरोध र षडयन्त्रको खेल सुरु गर्ने नराम्रो परम्पराको विकास भएको छ । संविधान कार्यान्वयनमा आउन नदिने र संसद् चल्न नै नदिने

---

२९ ***नेपाल मानवअधिकार वर्षपुस्तक* २००६,** (काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र, २०६२), पृ. १९ ।

३० *कान्तिपुर,* २०६२ माघ १९ ।

३१ *कान्तिपुर,* २०६२ माघ १५ ।

खेल नेपाल अधिराज्यको संविधान–२०१५ मा पनि गरिएको थियो । संसद्मा निर्वाचित भएर आएका प्रतिनिधिहरूलाई असफल देखाउन त्यससमयमा पनि आमनिर्वाचनमा भएका धाँधली, भ्रष्टाचार इत्यादि विषयलाई लिएर त्यस समय भएको सम्पूर्ण निर्वाचन वदर गरी अर्को निर्वाचन हुन परमादेशको माग गर्दै सर्वोच्च अदालतमा दायर भएको मुद्दामा सुनवाई गरी त्यसले दावा आधाररहित ठहराई उजुरी खारेज गर्ने निर्णय दियो ।[३२]

२०१७ साल पुस १ गते निर्वाचित संसदीय सरकारलाई अपदस्थ गरी राजा महेन्द्रले १८ महिनामै शासन आफ्नो हातमा लिए । राजाले निर्वाचित जनप्रतिनिधिलाई व्यक्तिगत र दलगत स्वार्थपूर्तिका लागि काम गरेको आरोप लगाएका थिए । ०१५ सालको संविधानको धारा ५५ प्रयोग गरेर लोकतान्त्रिक सरकारलाई अपदस्थ गर्दा स्वविवेक प्रयोग गर्ने राजाले देशमा अस्थिरता बनाएको, निस्क्रिय प्रशासन बनाएको, राष्ट्रिय एकतामा वाधा ल्याएको भन्दै त्यस समयको प्रचलित संविधानको ६ वटा धाराहरू निलम्वन गरेर पहिलोपटक राजाले आफूसँग असहमत हुने नेपाली नागरिकलाई अराष्ट्रियतत्त्व उल्लेख गरेका थिए । अराष्ट्रिय तत्त्वहरूले धेरै मात्रामा प्रोत्साहन पाई राष्ट्रिय एकतामा समेत वाधा पुऱ्याउने वातावरण आउन लागेको भनियो ।[३३] यसरी त्यस समय पञ्चायतले आफूसँग असहमत हुनेलाई अराष्ट्रिय तत्त्व भन्दै आफूलाई राष्ट्रवादी शक्तिका रूपमा उभ्याउने प्रयास गऱ्यो ।

यसैगरी पञ्चायती व्यवस्थाले प्रतिपक्षमा रहेकालाई शासनमा सहभागी हुनै दिएन । त्यसले सक्रिय राजालाई संविधानभन्दा माथि राख्यो र जनतालाई गौण ठान्यो । ०१९ सालको संविधानले राष्ट्रिय पञ्चायतलाई सर्वहाराको जस्तै अधिनायकवादी चरित्रको पोलिट व्यूरो वनाउन खोज्यो । व्यवस्थाप्रति असन्तुष्टहरूलाई पञ्चायत इतर भन्ने गरिन्थ्यो । यसरी पञ्चायत इतर र भितरमा विभाजित वन्न पुगेको थियो । यस्तो शासनव्यवस्थामा बिश्वेश्वर प्रसाद कोइरालाले कसरी ०२५ साल ताका 'राजा र जनताका बीच समझदारी कायम हुन सके संविधानले कुनै वाधा दिंदैन'[३४] भनेर कुन अभिप्रायले भनेका थिए त्यो आश्चर्यको विषय बनेको छ । पञ्चायत जति नै लोकतान्त्रिक वन्न खोजे पनि त्यो कहिल्यै हुन सकेन ।

जनआन्दोलन अघि ३० वर्ष स्वेच्छाचारी रूपमा संचालित पञ्चायती व्यवस्थामाथि राजनीतिक सङ्कट आइपर्दासमेत यसले कहिल्यै प्रतिपक्षलाई साथ लिएर सत्ता साझेदारीको प्रयास

---

[३२] ***नेपाल कानून पत्रिका,*** (काठमाडौं : सर्वोच्च अदालत, २०१६), पृ. ३४१ ।

[३३] टोपबहादुर सिंह, ***नेपालको संविधान र संवैधानिक कानून,*** (दो.सं.), (काठमाडौं : कानूनी पाठ्य पुस्तक प्रकाशन समिति, २०४१), पृ. ७३५ ।

[३४] गणेशराज शर्मा, केही संवैधानिक टिप्पणीहरू, ***कानून,*** अंक १७, (काठमाडौं : नेपाल कानून किताव कम्पनी, २०४८), पृ. ६९ ।

गरेन । पञ्चायतशासनको समयमा राजनीतिक दलहरूलाई प्रतिबन्ध लगाएर अगाडि बढ्ने नीति राजाले अख्तियार गरेका थिए ।[३५] पञ्चायत व्यवस्था आफैं अधिनायकवादी शासन हुनुका साथै राजा झन निरंकुश बन्न पुग्नाले यो व्यवस्था विधिबाट नभै व्यक्तिबाट संचालित हुन पुग्यो । शासनव्यवस्था कमजोर भएका बेलामा झारा टार्ने र पन्छाउने प्रवृत्ति प्रशस्त देखिन्थ्यो । तर, पञ्चायती शासनकालमा कहिल्यै हडताल गर्न नपरेका विद्यालयका शिक्षक र संस्थानका कर्मचारिहरू जनमत लिने घोषणा के भएको थियो, विभिन्न मागहरू राखेर हडतालमा उत्रिए । देशभर हडतालको व्यापक दौर देखा पऱ्यो ।[३६] व्यवस्थाले अलिकति लोकतान्त्रिक अभ्यास गर्दा नागरिकहरू कसरी लोकतान्त्रिक उपाय अपनाउनपुग्छन् भन्ने कुरा जनमतसंग्रहको त्यो घटनाले पुष्टी गरेको छ । खुल्ला वातावरणको फाइदा लिएर जनमतसंग्रहमा खटिने कर्मचारीहरूले भत्ता अपुग भनेर त्यस समयको राष्ट्रिय चुनाव आयोगको कार्यालय, हरिहर भवन अगाडि थोरै समयमात्र भएपनि विरोध जनाएका थिए ।

## ४.२.६ सुधारलाई समेट्न नसक्दाको परिणाम

जनमतसंग्रहपछि मुलुकको परिस्थिति फेरी कठोर बन्दै गयो । त्यसपछिका दिनमा व्यवस्थाले आफूलाई परिवर्तन र सुधार गर्न सकेन । कालान्तरमा राजाको कठोर शासनले पञ्चायतको अन्त गऱ्यो । पञ्चायतले सम्पूर्ण राष्ट्रको मेसिनरी प्रयोग गर्दा समेत कालान्तरमा यो विभिन्न अन्तर्द्वन्द्वले समाप्त हुन पुगेको थियो । सत्तापक्ष र प्रतिपक्ष जन्माउने काम पञ्चायतले नै गऱ्यो । राजदरवार र सिंहदरवारबीच ठूलो खाडल जन्माउने काम पनि पञ्चायतले गरेको थियो । पञ्चायतवादी र पञ्चायत इतरबीचको अन्तर्द्वन्द्व पनि त्यस समय अत्यधिक वढेको थियो । यसरी पञ्चायत लोकतान्त्रिक हुन नसकेकाले आफैंभित्रको द्वन्द्वले समाप्त हुन पुगेको थियो ।

जनआन्दोलन ०४६ पछि मुलुकमा जुन संविधान बन्यो त्यसै अनुसार पहिलो आम निर्वाचन सम्पन्न भयो । निर्वाचनपछि दलहरूमा विग्रह देखिन सुरु भयो । प्रजातन्त्र पुनःस्थापना पछिको लगत्तै २०५१ असार २७ गते मुलुकले एउटा राजनीतिक दुर्घटना बेहोर्नु पऱ्यो । राजाबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सिफारिसमा प्रतिनिधि सभा भङ्ग गरियो । यसले देशमा सम्बैधानिक सङ्कट जन्मायो । सरकार बनाउने र गिराउने खेलमा संसदभित्र थुप्रै विकृति जन्मिए । संसदीय मर्यादा विपरीत तथा विपक्षीहरूसँग अपवित्र गठबन्धन गरी आफ्नै पार्टीका सांसद्हरूले प्रस्तावलाई असफल गराउने प्रयास गरे ।

[३५] लोक राज बराल, ***नेपाल प्रोब्लेम्स अफ गभर्नेन्स,*** (न्यूदिल्ली : कोनार्क पब्लिशर्स, १९९३), पृ. ४२ ।

[३६] ***गोरखापत्र,*** २०४७ वैशाख ८ ।

०५१ साल साउन ७ गते नेपाली कांग्रेसका महामन्त्री महेन्द्र नारायण निधी र एमालेका महासचिव माधवकुमार नेपालबीच संयुक्त संघर्षका विषयमा वार्ता भयो र ८ गते संयुक्त वक्तव्य जारी गरियो । ९ गते नेपाली कांग्रेसका तर्फबाट राजासमक्ष गिरिजाप्रसाद कोइरालालाई हटाई प्रतिनिधि सभा पुनर्वहालीका लागि बिन्तीपत्र प्रस्तुत गरियो । १० गते राजाबाट राजपरिषद्लाई परामर्शका लागि आदेश गरिबक्सियो । ११ गते प्रतिनिधिसभा विघटन असम्वैधानिक छ भनी सर्वोच्च अदालतमा ने.का का पूर्व सांसद हरिप्रसाद नेपाल, दुर्गा सुवेदी तथा एमालेका पूर्व सांसद गणेश पण्डित र लोककृष्ण भट्टराईले रीट दायर गर्नु भयो । ११ गते नेपाली कांग्रेस र एमालेका १०५ सांसदहरूको हस्ताक्षरसहितको मौन जुलुस मनमोहन अधिकारी र बेनीबहादुर कार्कीको नेतृत्वमा राजदरबार पुगी दर्ता गरायो । अन्ततः सर्वोच्च अदालतले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सिफारिसलाई उचित ठहर गर्दै विघटनका पक्षमा फैसला सुनायो ।

आफ्नै पार्टीभित्रको अन्तर्कलहबाट सृजित घटनाले बहुमतको सरकार गिर्नेदेखि लिएर आफ्नै दलका प्रधानमन्त्रीका विरुद्धमा बिपक्षी दलसँग अपबित्र गठबन्धन गरी दरबारमा जुलुस लिएर जानेजस्ता खेललाई लेखकले अपवित्र गठबन्धनको रूपमा हेरेका छन् ।[३७] आफ्नै पार्टीको नेताले गरेको कामका विषयमा विरोधी पार्टीलाई बल पुग्नेगरी गणेशमान सिंहले– "बामपन्थीहरूद्वारा आह्वान गरिएको आन्दोलनमा पूर्ण समर्थन दिए ।", बेनीबहादुर कार्कीले– "षडयन्त्रको उपज" बताए । महेन्द्र नारायण नीधीले भने– "मध्यावधि निर्वाचनको सिफारिस षडयन्त्रपूर्ण हो ।"

नेपाली कांग्रेसका महामन्त्री महेन्द्र नारायण निधिले संजमोका महासचिव लिलामणी पोखेल, नेकपा (एमाले) का महासचिव, माधव कुमार नेपाल, नेकलीगका महासचिव शंभुराम श्रेष्ठ, नेकपा (एकता केन्द्र) का केन्द्रीय नेता, निर्मल लामा, नेकपा (संयुक्त) का सचिवालय सदस्य, महेशमणी दीक्षित र नेकपा (मसाल) का केन्द्रीय प्रवक्ता दीनानाथ शर्मा संग मिलेर आफ्नै पार्टीका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको विरुद्धमा वामपन्थिहरूसंग मिलेर संयुक्त प्रेस वक्तव्य जारी गर्नु भएको थियो । त्यसैगरी आफ्नै संसदीय दलभित्रका केही सांसदहरूले पनि ०५१ सालमा जुन असंसदीय कृयाकलाप गरेका थिए त्यसलाई लिएर नेपाली कांग्रेसका नेता एवं प्र.मं. गिरिजा प्रसाद कोइरालाले समसामयिक राजनीतिक परिस्थितिबारे श्रावण ९,०५१ मा वक्तव्य समेत दिनु भएको थियो । जसमा अपवित्र गठबन्धनलाई यसरी उल्लेख गरिएको छ– "प्रधानमन्त्रीको पदको सुरक्षा गर्न अपवित्र गठबन्धन र अस्वाभाविक राजनैतिक समीकरणको बाटो रोज्नुभन्दा मेरो लागि देश र जनताको पक्षमा संवैधानिक प्रक्रियाका निम्ति संघर्ष गर्नु प्रिय छ ।"[३८] राजनैतिक दलभित्र प्रजातान्त्रिक चरित्र भएनभने मुलुक अस्थिरतामा जानसक्दछ । सत्ताकोलागि नेपालका ठूला दलहरूले विगतमा अप्रजातान्त्रिक चरित्र भएका दलहरूसंग मिलेर गठबन्धनको सरकार बनाए । तिनिहरू त्यस्ता दलहरूसंग गठबन्धन गर्न पुगे जसको पृष्टभूमि

---

[३७] मधुसूदन पाण्डेय, ***नेपालमा सत्ता संघर्षको इतिहास,*** (प्र.सं.), (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५८), पृ. १०१ ।

[३८] गिरिजा प्रसाद कोइराला, ***मध्यावधि निर्वाचन र मेरो राजिनामा*** (दस्ताबेजहरू), प्रकाशक र प्रकाशन स्थान उल्लेख नभएको, २०५१) पृ. घ ।

पञ्चायतसंग नजीक थियो । २०४६ सालदेखि नेपालमा जसरी गठबन्धनको सरकार बन्न पुग्यो विकृति र विसंगतिहरूपनि त्यसरी नै वढ्दै गएको देखिन्छ । जनआन्दोलन वि.सं. २०४६ पछि वनेको सरकारहरू ।[३९]

| | | |
|---|---|---|
| प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराई | कांग्रेस र वाममोर्चा (अन्तरिम) | १३ महिना |
| ,, गिरिजाप्रसाद कोइराला | कांग्रेसको बहुमतीय | ४३ महिना |
| ,,मनमोहन अधिकारी | एमालेको अल्पमत | ९ महिना |
| ,,शेरबहादुर देउवा | कांग्रेस, रा.प्र.पा, सद्भावना | १८ महिना |
| ,,लोकेन्द्र ब.चन्द | रा.प्र.पा, एमाले, नेसपा | ६ महिना |
| ,,गिरिजाप्रसाद कोइराला | नेकाको अल्पमत सरकार | ५ महिना |
| ,,गिरिजाप्रसाद कोइराला | कांग्रेस, नेकपा (माले), गठबन्धन | ४ महिना |
| ,,गिरिजाप्रसाद कोइराला | नेका, एमाले, नेसपा गठबन्धन | ५ महिना |
| ,,कृष्णप्रसाद भट्टराई | नेका | १० महिना |
| ,,गिरिजाप्रसाद कोइराला | नेका | २८ महिना |
| ,,शेरबहादुर देउवा | नेका | १४ महिना |

यसले के देखाएको छ भने नेपाली कांग्रेसको सरकारले सत्ता पाउन विविध गठबन्धनहरूमा संलग्न हुनु भनेको सत्ताबाहेक अरु विषयमा तिनको ध्यान केन्द्रित रहेन् । सायद गिरिजाप्रसाद कोइरालालाई ३६ जना सांसदहरूले संसदीय मर्यादा बिपरित तथा विपक्षिहरूसंग "अपवित्र गठबन्धन" गरि त्यस प्रस्तावलाई पराजीत गरेपछि 'संसदमा नेपाली कांग्रेस पार्टीकै केहि सांसदहरूको अस्वाभाविक र गैर संसदीय व्यवहार' बाट प्रधानमन्त्रीले फेरी पनि अस्वाभाविक सत्ता समीकरणको भरमा सरकार चलाउन उपयुक्त नठानी नयाँ जनादेश लिन खोजेको देखिन्छ ।[४०] नेपालकोलागि संसदीय अभ्यास र अनुभव प्रारम्भिक अवस्थामा रहेकै कारण त्यस पछिका दिनमा प्रजातान्त्रिक संस्कार नभएका दलहरूसंग वाध्यतावस गठबन्धन गर्नुपर्दा संसद समय नपुग्दै विघटन गरिरहनुपर्ने वाध्यता नेपालमा देखियो ।"नेपाल जस्तो देशमा राजनीतिक स्थायीत्वका लागि नेतृत्वको भूमिकालाई नकार्न सकिन्न् । 'क्ल्यास अफ भ्यालुज'मा लोक राज बरालले भनेझैं– "राजनीति नाजुक स्थितिरहेको अवस्थामा मुलुकलाई स्थिरता दिनका

---

[३९] अलि रियाज एण्ड सुभो बसु, ***पाराडाइज लस्ट ? स्टेट फेलर ईन नेपाल,*** (न्यू दिल्ली : आदर्स इन्टरप्राइजेज, सन् २०१०), पृ. ५९ ।

[४०] (गिरीजाप्रसाद कोइराला), ***पूर्ववत् टिप्पणी*** नं. ३८, पृ. (ङ) ।

लागि जनताको हितमा दलहरू अगाडि वढ्न सक्नुपर्दछ ।"[४१] तर यस अवधिमा सरकारले जथाभावि संसद् विघटन गरेर जनताको जनादेशलाई वेवास्ता गर्न पुगेको थियो । नेपालको राजतन्त्रमा जहिले पनि संवैधानिक सङ्कटको निकास मै मात्र दिन सक्छु भन्ने दम्भ रहेको थियो । यहि कारण सदैव उनले अत्यधिक तजवीजी अधिकार प्रयोग गर्न पुगेको देखिन्छ । शायद ०४७ सालको संविधान निर्माणको क्रममा पटक पटक आफ्नो अनुकूलको संविधान मन्त्रिपरिषद्मा पठाउनुमा दरबारको व्यक्तिगत स्वार्थले काम गरेको हुनुपर्दछ । पछि यसमा 'दरवारले संशोधन गरेर राजामा सर्वोच्च शासन हुनेछ भन्ने राख्यो ।'[४२] राजतन्त्रले आफूलाई बलियो बनाउने चाँजोपाँजो संविधानमा मिलाईसकेको देखिन्छ । तर दलहरूले राजाबाट बहुदलीय व्यवस्थालाई असफल बनाउन लाग्नेछन भनेर कहिल्यै सोचेनन् । यदि सोचेका हुन त संविधानमा धारा ५३ (४) जस्तो विवादीत धारा जसले हरेक पटक संसद झगडिया जस्तो भएर अदालत गैरहनुपर्ने थिएन ।

> प्रधानमन्त्रीले कस्तो अवस्थामा वा कुन आधारमा त्यस्तो सिफारिस गर्न पाउँछ र कुन अवस्था वा कुन आधारमा पाउँदैन, संविधानले किटानीसाथ केही भनेको छैन । प्रधानमन्त्रीको सिफारिश जस्तोसुकै अवस्थामा वा जुनसुकै आधारमा गरिएको भएपनि त्यो सिफारिसअनुसार प्रतिनिधिसभा विघटन गर्न श्री ५ वाध्य होइबक्सन्छ वा अवस्थानुसार त्यस्तो सिफारिश अस्वीकार गर्ने स्वविवेक पनि मौसूफबाट प्रयोग गर्न सकिबक्सन्छ भन्ने प्रश्न समय-समयमा उठ्ने गरेको भएपनि त्यस सम्बन्धमा कुनै सर्वसम्मत धारणा कायम हुन नसकी प्रधानमन्त्रीको सिफारिस र प्रतिनिधिसभाको विघटन सधैँ विवादास्पद हुँदै आएका छन् ।[४३]

असार २६ गतेको प्रतिनिधि सभाको बैठकमा प्रस्तुत श्री ५ को सरकारको नीति तथा कार्यक्रमका लागि राजामा धन्यवाद चढाउने प्रस्ताव बहुमतबाट अस्वीकृत भयो । यो प्रस्ताव प्रस्तुत गरिंदा सत्तारुढ पार्टीका ३६ समूहका नामले चिनिएका सांसदहरू अनुपस्थित थिए । सोही दिन मध्यावधि निर्वाचनको सिफारिससहित प्रधानमन्त्रीले राजीनामा दिए पनि अर्को व्यवस्था नभएसम्म गिरिजाप्रसाद कोइरालालाई नै प्रधानमन्त्री भई काम गर्न र २०५१ कार्त्तिक २७ गते आम निर्वाचन गराउने घोषणा भयो । राष्ट्रियसभामा प्रमुख विपक्षी दलका नेता माधवकुमार नेपालले प्रतिनिधिसभा विघटनको विरोध गर्दै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा

---

[४१] (ध्रुव कुमार, (सं.), ***पूर्ववत् टिप्पणी*** नं.२४, पृ.७३ ।

[४२] (लोक राज बराल),***पूर्ववत् टिप्पणी*** नं.३५, पृ. ८८ ।

[४३] विश्वनाथ उपाध्याय, "प्रतिनिधिसभा विघटन सिफारिश : औचित्य र आधार", ***कानून,*** (काठमाडौं : कानून व्यवसायी क्लव, वैशाख २०५६), पृ. ३ ।

निर्वाचन निष्पक्ष हुन नसक्ने भएकोले आफ्नो दल सर्वदलीय सरकारको गठनको मागमा रहेको वताए । [४४]

> नेपालको संविधान अनुसार श्री ५ बाट अग्रिम निर्वाचनको घोषणा भएपछि नेपाली कांग्रेसका यौटा गुटका प्रतिपक्षी कम्युनिष्टहरूसँगको गठबन्धन खुलारूपमा प्रकट भएकोछ ।[४५]

गणेशमानसिंहले यस कार्यलाई "संविधानमाथिको बलात्कार" भनेका थिए । संसदभित्रको राजनीतिक दलहरूमा रा.प्र.पाले मात्र यसलाई समर्थन गर्न पुगेको थियो । एमाले, संयुक्त जनमोर्चा नेपाल र नेपाल सद्भावना पार्टीले यसको घोर विरोध गरेका थिए । गिरिजा प्रसाद कोइरालाको संसद् विघटन गर्ने कार्यले फेरी एकपटक उनको आफ्नै दल भित्रका कतिपय नेता र कार्यकर्ता मात्र हैन प्रतिपक्षी दलहरूलाई समेत यस कार्यको विरुद्धमा एकै ठाउँमा उभिनुपर्ने आवश्यकता औंल्यायो ।

संसद्को सातौं अधिवेशनमा प्रस्तुत भएको श्री ५ को सरकारको नीति तथा कार्यक्रम सम्बन्धी शाही सम्बोधन माथिको धन्यवाद प्रस्तावलाई आफ्नै पार्टीका ३६ जना सांसदहरूले संसदीय मर्यादा विपरीत तथा विपक्षीहरूसँग अपवित्र गठबन्धन गरी त्यस प्रस्तावलाई पराजित गरेपछि अकस्मात् नेपालको राजनीति अत्यन्त कठिन मोडमा पुगेको थियो ।

नयां जनादेश लिन जनता समक्ष जानु वा दोश्रो मुलुकको राजनीतिमा उत्पन्न भएको अपवित्र गठवन्धनको प्रभावलाई वेवास्ता गरी भविष्यमा उत्पन्न हुने सत्ताको दीर्घकालीन अस्थिरतालाई रोक्न गिरिजा प्रसाद कोइरालाले नयां जनादेशका लागि अग्रीम निर्वाचन गर्न माग गरेका थिए । यहींबाट नेकामा कार्यकर्ताहरू विभाजित देखिए । आफ्नै सहयात्री महामन्त्री महेन्द्रनारायण निधि समेत गिरिजाका यस कदमको विरुद्धमा उभिन पुगे ।

> केही दिनदेखि वर्तमान प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला देशलाई एक अभूतपूर्व राजनीतिक संकटका खाडलमा पुऱ्याएर आफू स्वयं एक विवादको भुमरीमा पर्नु भएको छ । यस विवादले अब पार्टी भित्र मात्र होइन सारा देशलाई छोई सक्यो । यही कुराहरूको निर्क्यौल गरि गत फाल्गुन महीनाको केन्द्रीय कार्य समितिमा उहाँ विरुद्ध अविश्वासको प्रस्ताव बहुमतले ल्याएको हो । सो प्रस्तावको परिप्रेक्ष्यमा अध्यक्ष कृष्ण प्रसाद भट्टराई र सर्वोच्च नेता श्रद्धेय श्री गणेशमानजीले पनि गिरिजाप्रसाद कोइरालालाई राजीनामा दिन करजोर प्रार्थना गर्दा पनि उनी त्यसो गर्न इन्कार नै गर्दै रहे । अहिले र पछि धेरै गम्भीर घटनाहरू घटि सके ।[४६]

---

[४४] **साप्ताहिक *दृष्टि,*** २०५१ असार २९ ।

[४५] गिरिजा प्रसाद कोइराला, ***मध्यावधि निर्वाचन र मेरो राजीनामा*** *(दस्तावेजहरू),* (प्रकाशकः उल्लेख नभएको, प्रकाशन मिति : उल्लेखनभएको), पृ. क ।

[४६] (गिरिजा प्रसाद कोइराला),(महेन्द्र नारायण निधिको ०५१।४।८को प्रेस वक्तव्य), ***पूर्ववत् टिप्पणी*** नं. ३८, पृ. (ञ) ।

प्रतिनिधिसभाको विघटन संवैधानिक छ वा छैन भन्ने विषयमा राष्ट्रको सम्पूर्ण बहुमत विभाजित भयो । प्रतिनिधिसभा विघटनका विरुद्ध सर्वोच्च अदालतमा मुद्दा समेत पऱ्यो । यसलाई सर्वोच्च अदालतको ११ सदस्यीय पूर्ण इजलासले बहुमतद्वारा खारेज गऱ्यो । मुलुक यस निर्णयले गर्दा मध्यावधि निर्वाचनका मार्गमा लाग्यो । यसरी प्रतिनिधि सभा विघटनको विवादलाई सर्वोच्च अदालतले संवैधानिक ठहऱ्याएपछि मुलुक मध्यावधि निर्वाचनतर्फ लाग्यो । राजनीतिक अन्यौल समाप्त भयो । दलहरूमा सर्वोच्चले प्रतिनिधि सभा बहाल गरिदिन्छ भन्ने आशा थियो ।

राजनीतिक निकास राजनीति तवरबाटै खोजिनुपर्नेमा अदालत गुहार्ने प्रवृत्ति ०५१ साल पछि देखिन थाल्यो । दलहरूले राजनीतिक सङ्कटको निदान आफूबाटै खोज्नुपर्नेमा अदालत देखिन थाल्यो । जनताहरू ०५१ सालको मध्यावधि निर्वाचनमा तयारी नभए पनि यससमय उनीहरूले लोकतान्त्रिक अभ्यास पूरा गरे ।

'२०५१ सालको निर्वाचन परिणाम स्वरूप देशमा 'हङ्ग संसद्' को उदय भयो । नेपाली कांग्रेस र नेकपा एमालेले अधिकतम मत ल्याए पनि राप्रपा तेस्रो शक्तिका रूपमा उदय भयो । उसैमा वास्तविक शक्ति रह्यो । सरकार वनाउने या नवनाउने मुख्य भूमिका उसैको रह्यो ।'[४७] तर, नेपालका राजनैतिक दलहरू आफैंमा कमजोर भएको र एक आन्दोलित परिस्थितिबाट गुज्रिरहेकाले चाहिने भूमिका खेल्न सकेको देखिंदैन । नेपाली कांग्रेस र संयुक्त बाम मोर्चाले जनमतलाई सही दिशामा मोड्न सक्छ भन्ने कुरामा विश्वस्त भए तापनि आज राजनैतिक दलहरूमा देखिनुपर्ने सैद्धान्तिक प्रतिबद्धता देखिएको छैन ।[४८] ०४७ सालको संविधान राम्रो देखिन्छ तर संविधानको स्रोत भने सदैव उही निरंकुश शक्ति रहन पुग्यो । जथाभावी संसद् विघटन गरेर जनताको जनादेशलाई वेवास्ता गर्ने काम यसै संविधानलाई टेकेर गरियो । राजाले प्रतिनिधिसभा विघटन गरेपछि राष्ट्रियसभा सार्वभौम नभएकाले बाँकी एक अंग (राजा) मा सार्वभौमसत्ता सरेको हो भन्दै राजाको प्रत्यक्ष शासनमा नियुक्त मन्त्री डा.मोहम्मद मोहसिनले उल्लेख गरे ।[४९] यसरी राजाको प्रत्यक्ष शासनकालमा संविधानलाई आफूखुसी व्याख्या गरेर मुलुकलाई सङ्कटमा फसाउने काम राजा र तिनका सहयोगीहरूबाट हुँदै आएको थियो । सङ्कटको निकास लामोसमय सम्म हुन नसकेपछि मुलुकले १४ हजार भन्दा वढी व्यक्तिको ज्यान द्वन्द्वका नाममा लियो । संविधान कार्यान्वयनकै क्रममा यत्रा व्यक्तिको ज्यानजानुले के देखाउँछ भने नेपालअधिराज्यको संविधान सजिलै कार्यान्वयन हुन नसकेर यसको घोषणादेखि नै अनगिन्ती

---

[४७] ***डेमोक्रेसी वाच-१,*** *नेपाल र एशियाली अध्ययन संस्थान* (सिनास), जनवरी-जुलाई १९९६, पृ.२९ ।

[४८] लोकराज बराल, "नेपाली सन्दर्भमा राजनैतिक दलको भूमिका", ***कानून* विवरणिका**–पूर्णाङ्क ४२, (काठमाडौं : नेपाल कानून समाज, २०४७), पृ. २८ ।

[४९] ***कान्तिपुर,*** २६ कार्तिक, २०६१ ।

सङ्कटहरू देखियो । संविधान उत्कृष्ट भएर पनि सङ्कटको विजारोपण यस्लाई समयानुकुल परिवर्तन नगर्नाले भएको थियो ।

## ४.३ संवैधानिक राजतन्त्र सकृय बन्न खोज्दा मुलुकभित्र देखिएको सङ्कट

०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त भएको उपलब्धिका विरुद्धमा राजा वीरेन्द्रको सकारात्मक भूमिका थिएन । राजाले सुरुवातदेखि नै असल नियत किन राखेनन भन्ने कुरामा "महाराजाधिराजले कडा कदम चाल्नुपऱ्यो भनेर पछिल्ला वर्षहरूमा दरबारको एउटा खेमाबाट निरन्तर दबाव आइरहेको थियो ।" "दरबारको त्यो अनुदारवादी खेमाको प्रतिनिधित्व बडामहारानी, युवराजाधिराज दीपेन्द्र र अधिराजकुमार ज्ञानेन्द्रबाट हुन्थ्यो ।"[५०] लोकतान्त्रिक शक्ति जहिले जहिले कमजोर स्थितिमा पर्दछ त्यही समय राजतन्त्रले अप्ठेरो पार्ने काम गरेको पाइन्छ । राजा वीरेन्द्रको बंश विनाशको घटनापछि राजा स्वयं दरवारबाटै असुरक्षित रहेको देखियो । मुलुकभित्रको संसद् र संविधानले त उनलाई संरक्षण गरेको थियो । तर उनलाई दरबार भित्रको सुरक्षा अङ्गले संरक्षण गर्न सकेन ।

दरवारलाई लोकतान्त्रीकरण गर्न नसक्नाकै परिणाम ०५८ जेठ १९ मा राजा र राजपरिवारको वंश विनाश हुन पुग्यो । दरवार पारदर्शी  हुन सकेन भने यस्ता घटनाहरू बरोबर हुन सक्छन् भन्ने देखाएको छ । राजालाई संसद् र संविधानको दायराभित्र ०४७ सालको संविधानले राख्न सकेको रहेनछ भन्ने यस घटनाले देखायो । "नयाँ संविधान एक प्रकारले ज्यादै नै लोकतान्त्रिक थियो । जवकि विगतको पञ्चायती संविधान कहिल्यै यस्तो रहेको थिएन । सार्वभौमसत्ता जनतामा रहेको भएपनि राजा संवैधानिक वन्न पुगेका थिए । यति धेरै वर्ष पछि सर्वाधिकारसम्पन्न राजा वीरेन्द्र केवल राष्ट्रिय पहिचान देखिने राष्ट्राध्यक्ष बन्न पुगे । "[५१]

राजालाई संसद् र संविधानले राखेको प्रावधानप्रति असहमति रहेछ भन्ने कुरा वीरेन्द्रको शासनकालदेखि नै राजाको असन्तुष्टिले स्पष्ट गर्दै आएको छ । तर राजा ज्ञानेन्द्रबाट निर्वाचित सरकार भंग गरी कार्यकारीणी अधिकार आफैंले ग्रहण गरी 'निर्वाचन गराउन देउवा असक्षम' भन्न पुगे । प्रजातान्त्रिक व्यवस्थामा प्रधानमन्त्रीलाई पदमुक्त गरिएको ०१७ सालपछि यो दोस्रो घटना थियो । राजाले त्यस समय संविधानमा आकर्षण नै नहने धारा प्रयोग गर्न गएका थिए । 'संविधान, २०४७ को मर्म र भावनाअनुरूप संविधानको धारा २७ को उपधारा (३) लाई समेत

---

[५०] विवेक कुमार शाह ,***मैले देखेको दरबार (सैनिक सचिवको संस्मरण),*** (प्र.सं.), (प्रकाशन स्थान उल्लेख नभएको : यती पब्लिकेसन्स, २०६७), पृ. ५३ ।

[५१] वीलियम राइपर एण्ड मार्टिन होप्टुन, ***स्प्रीङ्ग वेकनिङ्ग : एन एकाउण्ट अफ द १९९० रिभोल्यूसन ईन नेपाल,*** ( न्यू दिल्ली : पेनगुइन बुक्स, सन् १९९२), पेज १९८ ।

विचार गरी संविधानवमोजिम निर्वाचन समयमै सम्पन्न गर्न असक्षम प्रधानमन्त्री देउवालाई पद मुक्त गरी मन्त्रिपरिषद् विघटन् गर्न र आगामी कात्तिक २७ गते प्रतिनिधिसभाका लागि हुने निर्वाचन समेत स्थगित गर्नुपर्ने परिस्थिति आइपरेको' भनि राजाको घोषणामा थियो ।[५२] मुलुकलाई पछाडी धकेल्न राजाले संविधानमा व्यवस्था नै नगरिएको धारा प्रयोग गरिएको थियो संविधानवाहिरको कदम त्यस समय राजाले चालेका थिए । आफूमा नभएको अधिकार प्रयोग गरेर राजाले संविधानलाई समेत चुनौति दिएकै कारण पछिल्लो समयमा यसले राजतन्त्रलाई नै असर पार्न गयो। शाही घोषणा राजनीतिक र संवैधानिक दृष्टीले राजनीतिक दलहरूमाथिको चुनौति थियो । राष्ट्रियसभा विघटन नभएको स्थितिमा राजाले शासनसत्ता आफैं सम्हालेको घोषणाले बहुदलीय प्रजातन्त्रमाथि ०१७ सालकै स्थिति देखिएको थियो । हुन त यसलाई कतिले राजाको परिस्थितिको बाध्यात्मक परिणति समेत भन्न पुगेका थिए ।

यसरी २०४६ सालको जनआन्दोलनबाट प्राप्त उपलव्धीहरूलाई नेपालको राजतन्त्रले बिस्तारै विस्तारै कव्जा गर्दै गयो । मौका पाउनासाथ राजा प्रतिगमनतर्फ जाँदारहेछन् भन्ने कुरा ०५९ असोज र ०६१ माघको घटनाले देखाइदियो । राजाको भूमिकाले मुलुकलाई स्थिरता दिन सकेन । "यो देशमा जनतन्त्रलाई अस्थिरताबाट बचाउने हो भने निरंकुशतावादी शक्तिहरूलाई सम्पूर्णरूपमा त्यसको आधार, त्यसको संरचना र अवशेषसहित समाप्त गरिनुपर्छ । प्रजातन्त्रलाई फेरि पनि निरंकुशतावादीहरूले खोस्न नसकुन भन्नका लागि त्यसको पुनरुत्थानका आधारहरूलाई अन्त्य गर्नुपर्छ तथा सार्वभौमसत्तामाथि जनताको अक्षुण्ण स्वामित्व रहने र संसदको सर्वोच्चता रहने कुरालाई सुनिश्चित गर्नुपर्छ ।"[५३]

राजालाई राष्ट्रिय महत्वका विषयमा मन्त्रिपरिषद्लाई सुझाव वा प्रोत्साहन वा सचेत गराउने यस किसिमको अधिकार संविधानको धारा ४३ (२) ले दिएको देखिन्छ । धारा ११५ ले ३ महिनासम्म सङ्कटकाल लाउने अधिकार पनि संविधानले राजालाई नै दियो । संविधान सुझाव आयोगद्वारा तयार गरिएको धारा ११५ को शुरुको मस्यौदामा राजाले मन्त्रिपरिषद्को सिफारिशमा मात्र संकटकालिन अवस्था घोषणा गर्ने कुरा स्पष्ट रूपले किटान गरिएको थियो । "धारा ११५ र ४३ (२) दुवै राजाले मात्र वा स्वविवेकमा अधिकारहरू प्रयोग गर्ने हो कि होइन स्पष्ट रूपमा किटान नगरी एकै किसिमले लेखिएका छन् । धारा ११५ का लागि सुझाव गरिएको प्रावधानको प्रयोग गर्दा राजाले कसरी धारा ४३(२) मा मन्त्रिपरिषद्को सल्लाह र स्वीकृतिमा सिफारिस

---

[५२] *कान्तिपुर,* १९ असोज, शनिवार २०५९ ।

[५३] *कान्तिपुर, ३२* साउन, मंगलबार, २०६२ ।

अथवा चेतावनी सँगसँगै काम गर्ने आशा गर्न सकिन्छ ?'[५४] त्यस समय संवैधानिक भनिएको राजाले जननिर्वाचित संसद्ले पारित गरिसकेको विधेयकलाई स्वीकृति नदिएर उनले आफूलाई संविधानभन्दा माथिको सकृय राजतन्त्रकै हैसियत देखाउन खोजेका थिए । तत्कालीन संसदले पनि राजालाई विकल्प छनौट गर्ने किन मौका दियो त्यो आश्चर्यको विषय भएको छ । यस अघि ०५१ असार २६ मा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसद् विघटनमा गरेको सिफारिस र राजाले यसै विषयमा प्रतिनिधि सभाको विघटन संविधान प्रतिकूल नदेखिएकाले सर्वोच्च अदालतले निवेदकहरूको माग अनुसार हस्तक्षेप गर्नुपर्ने अवस्था देखिन आएन भनी निर्णय दिएको छ । संसद् विघटनकै सवालमा राजाले प्रधानमन्त्रीय पद्धतिलाई स्विकार्दै मनमोहन अधिकारीबाट प्रतिनिधिसभा विघटन गर्ने सिफारिसलाई पनि स्वीकृति दिएका थिए ।

०५२ जेष्ठ ३० मा भएको प्रतिनिधि सभाको विघटन असंवैधानिक र प्रारम्भदेखि नै कानुनी प्रभाव शून्य भएको हुँदा प्रतिनिधि सभा उक्त असंवैधानिक विघटनभन्दा पहिलो स्थितिमा पुनर्जीवित भै संविधान अनुसार आफ्नो कार्य गर्न समर्थ र सक्षम रहेको कुरा निर्णय दिएको थियो ।[५५]

पछिल्ला दिनमा राजा मन्त्रिपरिषद्को सल्लाहले हैन आफ्नै तजवीजमा अगाडि वढ्दै गए । जस अनुसार ०५९ जेठको प्रतिनिधिसभाको विघटन, निर्वाचनको मिति सार्ने वहानामा धारा १२७ को दुरूपयोग गर्दै शाही कदम मार्फत निर्वाचित प्रधानमन्त्रीको बर्खास्तगी, आफूखुसी प्रधानमन्त्रीको नियुक्ति गर्ने र बर्खास्त गर्ने देखि सेनाको प्रयोग गर्नसमेत पुगे । यसमा राजावादीहरूको भनाइभने वेग्लै थियो । "निर्वाचित सरकारले संसद् विघटन भएपछि ६ महिनाभित्र निर्वाचन गराइसक्नुपर्छ । ६ महिनापछि उसको संवैधानिक हैसियत समाप्त हुन्छ । अर्थात संसद विघटन गर्दा कात्तिक २७ गते निर्वाचन गर्छु भनेर श्री ५ बाट काम चलाउ सरकार बक्स भएको हो । संविधानको व्यवस्थाअनुसार प्रतिनिधिसभा विघटन भएको छ महिनापछि संसद् सदस्य नभएको व्यक्ति मन्त्रिपरिषद्मा रहन सक्दैन ।

कात्तिक २७ भित्र निर्वाचन गर्न नसक्ने प्रधानमन्त्रीले अर्को सालको मंसिर ३ गते निर्वाचन गराउने भन्नु गलत परम्परा बसाल्नु हो । संविधानको अपव्याख्या गर्नु हो । चुनाव गराउँदा सरकार बन्ने हैसियतमा उहाँ पुग्न सक्नु हुन्न् । माओवादी समस्याको नाममा संधै

---

[५४] ऋषिकेश शाह, "नेपालमा संसदीय राजतन्त्रः खतरा र सम्भावनाहरू", नेपालको संवैधानिक तथा संसदीय अभ्यास पत्रिका, वर्ष १, अंक १, (काठमाडौं : संवैधानिक तथा संसदीय अभ्यास समाज, २०५०), पृ. १८ ।

[५५] विनोद कुमार बस्नेत र अन्य (सम्पादक), ***प्रतिनिधिसभा विघटनदेखि पूनर्स्थापनासम्म,*** (प्रकाशक : विनोद कुमार बस्नेत (सं.), समेत, २०५२), पृ. ४७६ ।

प्रधानमन्त्री बनिरहन सक्ने भएकोले जंगबहादुर शैलीमा शासन चलाउन देउवाले थाल्नुभएको थियो ।"[५६]

पछि नयाँ राजा ज्ञानेन्द्रले ०५९ असोज १८ गते जुन शाही कदम चाले त्यसले नेपालको प्रजातन्त्रलाई गम्भीर चोट पुऱ्याएको थियो । राजाको कदमले प्रधानमन्त्रीको कार्यकारिणी अधिकार समेत खोस्न पुगेको थियो । वास्तवमा यो अधिकार जननिर्वाचित प्रतिनिधिसभामा थियो । शेरबहादुर देउवाले नेतृत्व गरेको मन्त्रिपरिषद्लाई भङ्ग गर्नु नै राजामा सक्रिय हुने आशा जागेको देखिन्थ्यो । राजाको कदमले मुलुकको प्रजातन्त्रका विरुद्धमा मात्र नभएर त्यसले संविधानलाई समेत निकम्मा वनाउन खोजिएको थियो । त्यसैले राजाको यस कदमलाई प्रतिगमनको नमूना पनि भनियो । यहींबाट राजाले जनतामा गइसकेको अधिकारहरूलाई विस्तारै फेरी आफ्नो नियन्त्रणमा लिन पञ्चायतकालका पात्रहरूलाई प्रयोग गरेर पुरानै अवस्थामा देशलाई फर्काउने मनसाय राखेका थिए । उनले संसद र संविधानलाई नेपाल अधिराज्यको संविधान २०४७, को धारा १२७ लगाएर निरन्तर शासन गरिरहे ।

> राजतन्त्रलाई राजसंस्थामा रूपान्तरण गर्न प्रजातन्त्रवादीहरूका निरन्तरका प्रयोग र प्रयत्नहरूमा बारम्वार गतिरोध उत्पन्न भएका छन् । पछिल्लो पटक २०४७ कार्तिक २३ मा गरिएको संवैधानिक राजसंस्थाको प्रारम्भ पनि २०५९ असोज १८ को शाही घोषणाले धरापमा पारेको छ । साथै २०६१ माघ १९ मा थपिएको शाही प्रयत्नले गर्दा संवैधानिक राजसंस्थालाई धरापबाट उकास्न नमिल्ने अवस्था बनेको थियो । घटनाको यस ढंगको विकासले नेपालको सन्दर्भमा राजालाई हेर्ने मात्र नभएर राजसंस्थालाई नै हेर्ने दृष्टिकोणमा आधारभूत परिवर्तन ल्याएको छ ।
>
> राजा ज्ञानेन्द्रबाट असोज १८ र माघ १९ लाई जति नै बाध्यताको कदम भने पनि घोषणामा रहेको शब्दावली र त्यससँग जोडिएर आएका अन्य सबै क्रियाकलापले त्यस अभिव्यक्तिलाई पुष्टि गर्दैनन् । त्यसमाथि १८ असोजको प्रारम्भलाई अकस्मात्को घटनाका रूपमा नभएर त्यस अघि र पछि राजाबाट भएका समग्र गतिविधिको शृङ्खलामा पनि त्यसको समग्र समीक्षा र मूल्याङ्कन गर्नु पर्ने हुन्छ ।[५७]

राजाले आफ्नो भूमिका संविधानभित्र मात्र होइन राज्यसत्तामा पनि नदेखेबाट आफ्नो सक्रियता देखाउन त्यही समयलाई रोजे । दलहरूलाई राजा सक्रिय बनेको चित्त नवुझेपछि उनीहरू पनि सडक संघर्षमा लागिरहे । त्यहींबाट नेपालमा निरन्तर द्वन्द्वको स्थिति देखापऱ्यो ।

नागरिकहरूले विश्वास गरेका संस्थाहरूद्वारा शासनप्रणाली संचालित नभएर जनताले शङ्काको घेरामा राखेको राजतन्त्रबाट जनतामाथि शासन हुन थालेपछि मुलुकभित्र विभिन्न शङ्का र उपशङ्का देखिन थाल्यो । राजाले प्रजातन्त्रको मूल्य र मान्यताबाट शासन चलाउन खोजेनन् ।

---

[५६] बालकृष्ण नेउपाने, "राष्ट्रप्रमुखको विशेषाधिकार", ***स्पेसटाइम दैनिक, २०५९ साल असोज २०।***

[५७] नरहरी आचार्य, ***नेपालको राजसंस्था,*** (काठमाडौं : संवत्सर प्रकाशन, २०६२), पृ. ३६ ।

सक्रिय राजतन्त्र बिउँताउन उनले भ्याएसम्मका उपायहरू अवलम्वन गर्दै रहे । संविधान विपरीत रहेको राजाको यस कदमलाई सर्वसाधारण नेपालीहरूले स्विकार्न सकेनन् । राजाले चालेको गलत कदमकै कारण गणतन्त्रको आवाज नेपाली राजनीतिमा विकास हुँदै गयो । राजाको पक्ष र विपक्षमा मत सर्वेक्षण समेत हुन पुग्यो ।

"...संविधानको श्रोत जनता भएको, अधिकांश (९६.९६%) ले जनतालाई संप्रभु सम्पन्न मानेको, राजसंस्था संवैधानिक हुनुपर्ने तथा कोही पनि संविधान माथि हुन नसक्नेमा अधिकांश जनमत (८३.६२%) देखिएको, श्री ५ भनी राजा, रानी तथा युवराज मात्र हुनु पर्नेमा अधिकांश मत रहेको, राजपरिवारको सुविधा संसदले निर्धारण गर्नुपर्ने, अवशिष्ट अधिकार राजसंस्थामा रहनु नहुने भनी ९१.०४% ले भनेको" भन्ने विचारहरू ०४७ सालको संविधान निर्माणको क्रममा आएको थियो । लेखक काशीराज दाहालले लिडर्स इंकको तत्वावधानमा संविधान मत सर्वेक्षण समूहद्वारा भावी संविधान सम्बन्धी सुझाव प्रतिवेदनलाई आधार बनाएका थिए । "जनआन्दोलन २०४६ को परिणाम स्वरूप बहुदलिय प्रजातान्त्रिक व्यवस्थाको सुदृढीकरणको निमित्त बन्न लागिरहेको संविधानका सम्बन्धमा व्यक्त भएका मतहरू हुन् । राजालाई विष्णु भगवानको अवतारको रूपमा हेरी पैतालाको धुलो सम्म पनि सिंचन गर्न पछी नपर्ने भक्तजन नेपाली प्रजाहरू आज यसरी राजसंस्थाबाट किन विमुख भै राजशक्तिलाई निष्कृय बनाउन चाहिराखेका छन् ?"[५८] राजाको त्यस समय सम्बैधानिक राजतन्त्रको रूपमा शासन नगर्ने केवल राज्य मात्र गर्ने परिकल्पना गरिएको थियो । जनताको इच्छाअनुसार बेलायतको राजमुकुटले संसदबाट पारित विधेयकमा सहमति जनाउनुपर्ने भएकोले नेपालमा पनि त्यस्तै सोचिएको थियो । तर राजतन्त्रको महत्वाकांक्षा वढ्दै गएकोले सम्भव हुन सकेन ।

यस सम्बन्धमा "हिमाल" पत्रिकाले पनि 'जनमत के छ ? "राजावादी", माओवादी कि प्रजातन्त्रवादी ?' भनी मत सर्वेक्षण २०५७ प्रकाशित गरेको थियो । "जनता–नेपाली काङ्ग्रेस र यसको सरकारसंग रुष्ट छन्, देशको बिग्रँदो स्थितिप्रति चिन्तित छन्, प्रतिपक्ष–खासगरी नेकपा एमालेसँग असन्तुष्ट छन्, प्रजातन्त्रप्रति प्रतिबद्ध छन, पुनरुत्थानवादी र हिंसावादीसँग विरक्त छन्, चक्काजाम र नेपाल बन्द गर्नेलाई घृणा गर्छन, शान्तिपूर्ण उपायका हिमायती छन्, विकास र रोजगारीको प्रतीक्षामा छन्, राजाप्रति अत्यन्त आस्थावान् छन् तर शासन जनताकै चाहन्छन्, विधि–पद्धति पालना भएको हेर्न चाहन्छन, अहिले चुनाव भए भोट कसलाई दिने भनेर बहुसङ्ख्यक अलमलमा छन् ।" [५९] ओआरजी–मार्ग नेपालले हिमाल खबरपत्रिकाको लागि देशको

---

[५८] काशीराज दाहाल, "राजसंस्था प्रतिको अविश्वास किन ?", ***संविधान सम्बन्धी लेखहरूको संगालो भाग–२,*** (काठमाडौं : नेपाल कानून समाज, मिति उल्लेख नभएको), पृ. १ ।

[५९] *हिमाल,* १–१५ वैशाख, २०५८ ।

समसामयिक राजनीति र शासनव्यवस्था सम्बन्धी सवालमा गरेको देशव्यापी मत सर्वेक्षणको आंकडाहरूको निचोडलाई राजेन्द्र दाहालले विश्लेषणका साथ प्रस्तुत गर्नु भएको थियो ।

२०६३ साल फागुन ७ गतेको अन्नपूर्ण पोष्टमा राजतन्त्रको भविष्य कसरी निर्धारण गर्ने भन्ने विषयमा राष्ट्रव्यापी मत सर्वेक्षणको नतीजालाई विश्लेषण गर्नु भएको थियो कृष्ण हाछेथुबाट जसमा – 'राजसंस्थाको भविष्य संविधानसभाको निर्वाचनपछि बस्ने पहिलो बैठकमा बहुमतका आधारमा गर्ने व्यवस्था गरेको छ । यसको निरूपण जनमतसंग्रहबाट गर्नुपर्छ भन्ने फरक मत पनि रेकर्ड गरिएको छ । राष्ट्रव्यापी मत सर्वेक्षणमा कोही राजालाई राष्ट्रिय एकताको प्रतीक मान्छन भने कोही मान्दैनन् ।' कुल नौ हजार छ सय २९ उत्तरदातामध्ये ४९ प्रतिशतले राजालाई राष्ट्रिय एकताका प्रतीक मानेका छन् भने ३७ प्रतिशत यस विचारको विपक्षमा छन् । यस विषयमा देखिएको विभाजित मतको एउटा प्रमुख आधार शिक्षा रहेको छ । निरक्षर उत्तरदातामध्ये बहुमत (४३ प्रतिशत) ले राजालाई राष्ट्रिय एकताका प्रतीक मानेका छन् भने शिक्षित उत्तरदाताको अधिक मत यस विचारको खिलापमा छन् । ५० वर्ष उमेर नाघेकाहरूको बहुमत राजालाई राष्ट्रिय एकताका प्रतीकका पक्षमा छ भने त्यसको विपरीत विचार युवावर्गमा देखियो । त्यस्तै खालको मत विभाजन गाउँवासी र सहरवासीमा पनि देखियो । गाउँले उत्तरदातामध्ये बहुमतले राजालाई राष्ट्रिय एकताका प्रतीक मानेको छ भने सहरवासी उत्तरदातामध्येको बहुमत विचार यसको विपक्षमा छ । पहाडीमूलका बासिन्दामध्ये केवल जाति समूहको बहुमत राजालाई राष्ट्रिय एकताका प्रतीक नमान्नेमा देखियो, तर अरु समूह र तराईमूलका विभिन्न जातजातिका विभाजित समुदायको बहुमतले राजालाई राष्ट्रिय एकताका प्रतीक मानेको छ । कुल उत्तरदातामध्ये ४९ प्रतिशतले 'राजा हुनुपर्दछ' भनेका छन् भने ४३ प्रतिशतले 'राजा हुनु पर्दैन' भनेका छन् । शैक्षिक स्तर, उमेर समूह र जातिगत स्थितिबाट यस विषयमा मत विभाजन रहेको पाइयो । निरक्षर उत्तरदातामध्ये ६३ प्रतिशतले 'राजा हुनुपर्दछ' भनेका छन् भने उच्च शिक्षा हासिल गरेकामध्ये ५९ प्रतिशतले 'राजा चाहिंदैन' भनेका छन् । यस्तै युवा वर्गको बहुमत राजा नचाहिनेमा छ भने ४० वर्ष नाघेकाहरूको बहुमत राजा चाहिन्छ भन्नेमा छ । त्यस्तै पहाडीमूलका जाति र दलितको बहुमत गणतन्त्रको पक्षमा छ भने मधेसीमूलका जातजाती, दलित र मुस्लिम समूहको बहुमत राजतन्त्रको निरन्तरताको पक्षमा छ ।[६०] नेपाली समाजको वर्तमान वनौटमा राजतन्त्रको स्थानलाई लिएर कृष्ण हाछेथुले दक्षिण एशियाका ५ मुलुक नेपाल, भारत, बंगलादेश पाकिस्तान र श्रीलंकाको प्रजातन्त्रको अवस्थाका वारेमा बेसलाईन सर्भेमा नेपालको प्रजातन्त्रको स्थिति देखाउँदै राजतन्त्रको स्थिति केलाउने क्रममा राजालाई प्रशस्त शक्ति र अधिकारले सम्पन्न राजतन्त्र, सर्वव्यापकता सहितको संवैधानिक राजतन्त्र वा गणतन्त्र राज्य स्थापना हुनुपर्दछ भनी ३ विभिन्न विचारहरू प्रस्तुत

[६०] अन्नपूर्ण पोष्ट, ७ फागुन, २०६३ ।

भएका थिए । ६३ प्रतिशतले राजाको स्थिति सर्वव्यापकता सहितको पूर्ण संवैधानिक राजतन्त्रका विषयमा । २२ प्रतिशतले राजामा पूर्ण शक्ति र अधिकार हुनपर्दछ भन्ने पक्षमा र १५.५ प्रतिशत अल्पमत पक्षधरले भने गणतन्त्रराज्यको पक्षमा देखिन्छन् । [६१]

यसैगरी "राजनैतिक रूपले पनि अति नै सजग मानिने प्रमुख शहरहरू पोखरा, पाल्पा,बुटवल,चितवन,विराटनगर आदि ठाउँका क्याम्पसहरूमा यस्तो प्रयोग भइसकेको छ । र, पछिल्लो चरणमा त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर हुँदै जेठ २ गते काठमाडौंकै रत्नराज्य क्याम्पससम्म आइपुग्दा १३ वटा यस्ता जनमत संग्रहहरू भइसकेका छन् ।

यी सबैको कुल २८,४३२ विद्यार्थीहरूले भाग लिएका छन् । तीमध्ये २६,१०६ जना अर्थात ९० प्रतिशतले प्रजातान्त्रिक गणतन्त्रको पक्षमा मतदान गरेका छन् । त्यसैगरी ७ प्रतिशतले संवैधानिक राजतन्त्रको पक्षमा र केवल २ प्रतिशतले मात्रै सक्रिय राजतन्त्रको पक्षमा मतदान गरेका छन् । कुल मतमध्ये १ प्रतिशत मत बदर भएको छ ।"[६२] "यस जनमत संग्रहबाट ९० प्रतिशतभन्दा बढी युवाविद्यार्थिहरू गणतन्त्रको पक्षमा रहेको पुष्टी भयो ।"[६३] यसरी विभिन्न समयमा निजी क्षेत्रले गरेको मतसर्वेक्षणले विधिगत तवरले आधिकारिता नपाएतापनि यसरी गरिएको मतले तिनका संस्थालाई कसरी फाइदा पुग्छ त्यस्तै नतीजा आउने गर्दथ्यो ।

जनतामा यसको आधीकारिकतालाई पुष्टी गर्ने कुनै निकाय थिएन । त्यसैले यस्ता मतसर्वेक्षणको कुनै औपचारिक कानूनी दायीत्व समेत लिनु नपर्ने भएपछि कतिपय गैरसरकारी संस्थाले विभिन्न स्वार्थअनुरूप सम्बेदनशिल संस्थाका विषयमा समेत पक्ष र विपक्षमा मत सर्वेक्षण गरेर विभाजन कोर्ने गरेको देखिन्छ । दरवारले १८ असोजको घोषणापछि प्रधानमन्त्रीको कार्यकारिणी अधिकार समेत खोस्न पुगेका थिए । तर संविधानको पूर्ण क्रियाशीलताको लागि चौतर्फि दवाव बढ्दै गएपछि प्रधानमन्त्री पदमा शेर बहादुर देउवाको पुनर्वहाली हुनाका साथै संविधान क्रियाशिल हुन पुग्यो ।

## ४.३.१ संवैधानिक शून्यतामा राजतन्त्र सक्रिय बन्न खोज्यो

०४६ सालमा शक्तिशाली देखिएका जनआन्दोलनकारी शक्तिहरू क्रमशः पहिलो आम निर्वाचनपछि विस्तारै कमजोर देखिँदै गए । लोकतान्त्रिक शक्ति कमजोर भएको अवस्थामा संसद्

[६१] कृष्ण हाछेथु, ***स्टेट अफ डेमोक्रेसी ईन नेपाल*** (सर्भे रिपोर्ट), नेपाल : स्टेट अफ डेमोक्रेसी ईन साउथ एशिया/नेपाल च्याप्टर, सन् २००४, पृ.५७ ।

[६२] सुरेश ढकाल, "गणतन्त्रको चाहना र युवाहरूको युगबोध", ***युवा मासिक,*** वर्ष ९, पूर्णाङ्क ८६ ,(काठमाडौं : नवयुवा मासिक, जेठ २०६१), पृ. १२–१३ ।

[६३] कृष्ण खनाल, "लोकतान्त्रिक गणतन्त्र किन र कसरी ?", ***मूल्याङ्कन,*** कार्तिक–मंसिर २०६२, पृ. २५ ।

प्रभावशाली वन्न सक्दैन भन्ने प्रमाण ०४६ सालपछिको एकदशकले देखाएको छ । यस कालखण्डमा राजनीतिक रिक्तता  र तिक्तताले स्थान लियो  ।

> असोज १८, २०५९ सम्म आइपुग्दा विघटित संसद्को चुनाव नहुने अवस्थामा संवैधानिक शून्यताको स्थितिको सृजना भयो र त्यस परिस्थितिबाट फाइदा उठाउँदै सक्रिय राजतन्त्रको पुनः उदय भयो । सेनाले संविधान, २०४७ को बारम्बार उल्लेख भएकै अवस्थामा समेत सक्रिय राजालाई पूर्ण सहयोग गरेको परिस्थितिले सेना र लोकतान्त्रिक पद्धतिबीचको सम्बन्ध एउटा असहज र जटिल विषयका रूपमा देखा परेको हो । [६४]

शाही सेनाका उच्च अधिकृतहरूको मनसाय राजामा सार्वभौमसत्ता केन्द्रित गराउने थियो भने राजाको मनसाय निरङ्कुश राजतन्त्रको उदय गराउनु थियो । कतिपय अवस्थामा लोकतान्त्रिक नेतृत्वले सन्तुलनको भूमिका निर्वाह गर्न सकेनन् । सक्रिय राजा र संसद्वादी दलहरूका बीचको विवादको फाइदा राजतन्त्रले लियो । परिणाम माघ १९, २०६१ म राजाले सम्पूर्ण सत्ता आफैंले कव्जा गरे । मुलुक आम निर्वाचनमा लाग्नुपर्नेमा राजाको चलखेलमा परी संसद् र सरकार केही गर्न नसक्ने अवस्थामा पुगे । त्यस समयको घटनाले भने राजालाई सक्रिय वनाउने काम अरुले हैन संसदवादीहरूले गरेको पुष्टि हुन्छ । राजालाई तिनै ठूला दलहरूले नै विकल्प छनौटको अवसर दिएका थिए । राजालाई संवैधानिक मान्ने तर सक्रिय वनाउन खोज्ने परम्परा तिनैले विकास गरे । सांसदहरू प्रजातन्त्रलाई फेरी दरवारमा सुम्पने काममा जानी नजानी मतियार वने ।

## ४.३.२ संसद प्रभावकारी नभएर न्यायालयमा राजनीतिक चाप

राजनीतिक दलका नेतृत्वहरूमा देखिने सा–सानो स्वार्थको कारण वहुमत अल्पमत आदिको सरकारलाई विघटन गर्दिएर सरकार अस्थिर बनाउने समस्या ०५१ साल पछि बढ्दै गयो। यी कुराहरूलाई मैले शिर्षक ४.२.६ मा विस्तृत व्याख्या गरिसकेको छु । नेपाल अधिराज्यको संविधान २०४७ ले संसद जन्माउने काम गरेकोले संविधान अनुसार नेपालको संसदलाई संविधानले तोकिदिएजति मात्र अधिकार भएकै कारण संसद पटक पटक अदालतमा जानु परेको थियो । "संसदलाई नेपालमा संविधानले जन्माएको हो । बेलायतमा संविधान संसदले जन्माएको हो। अतः नेपालको संसदले त्यति शक्तिमात्र उपभोग गर्न पाउँछ जति संविधानले दिएको छ । संविधान संशोधन गर्ने अधिकार त संसदलाई छ । तर त्यो अधिकार प्रस्तावनाको भावना विपरित प्रयोग गरिनु हुँदैन । यदी प्रस्तावनाको भावना वा संविधानको आधारभूत चरित्र नै नष्ट गर्ने,

---

[६४] झलनाथ खनाल, ध्रुवबहादुर प्रधान, नरहरि आचार्य, परि थापा, मीनेन्द्र रिजाल र सरिता गिरी, ***राज्यको पुनः संरचना* तथा रूपान्तरण,** (दो.सं.) (काठमाडौं : राष्ट्रिय शान्ति अभियान, २०६३), पृ. १४ ।

सांगुरो पार्ने वा परिवर्तन गर्ने इच्छा संशोधनको माध्यमबाट व्यक्त गरिन्छ भने त्यस्ता मौलिक संविधान विरोधी संशोधनलाई सर्वोच्च अदालतले अवैध घोषित गरि निष्क्रिय गर्न सक्छ ।"[६५]

> संविधान, २०४७ अन्तर्गत राजाको संसदसंगको सम्बन्ध प्रारम्भदेखि नै आफ्नै किसिमले जटिल हुँदै गएको हो । हुनत १८ असोज २०५९ भन्दा अगाडि राजाले जहिले पनि प्रधानमन्त्रीको सल्लाह अनुसार नै संसद् भंग गरेका हुन् । यसबारेमा विवाद भएको अवस्थामा र राजाको सहमतिलाई अदालतमा चुनौती दिए पछि सर्वोच्च अदालतको आदेशानुसार संसद् पुनस्थापना भएको पनि इतिहास छ । कतिपय अवस्थामा दलको प्रधानमन्त्रीले राजालाई संसद् विघटनका लागि सिफारिस गरेकोमा, त्यस दलका असन्तुष्ट पक्षले राजामा संसद भंग नगर्नका लागि निवेदन गरेको इतिहास पनि हामीसँग छ । यसको कारण संविधानको धारा ५३ को संसद् विघटन सम्वन्धी प्रधानमन्त्रीको सिफारिस पछि पनि राजासँग केही स्वविवेकीय अधिकार भएको हुन सक्दछ । त्यस वखत कतिपय विवादित विषयको सम्बन्धमा राजाले संविधानभन्दा बाहिर गएर पनि आफ्नो स्वविवेकीय अधिकारको प्रयोग गरेको उदाहरणहरू छन् ।[६६]

नेपाल अधिराज्यको संविधान २०४७ को निर्माण भएपछि सकृय स्थान पाउन नसकेको संबैधानिक राजतन्त्रले दलहरूको कमजोरीको फाइदा उठाउँदै आफूलाई शक्तिशाली वनाउन वि.सं. ०४८, ०५१ र ०५६ सालको संसदीय अभ्यासको क्रममा अनेकन प्रयास गरेको पाइन्छ । नेपालका जति पनि जननिर्वाचित प्रधानमन्त्री त्यस समयमा देखिए तिनमा कसैलेपनि आफ्नो कार्यकाल पूरा गर्न सकेनन् । दरबार हत्याकाण्डपछि नयाँरूपमा आएको राजतन्त्रले राजकीय सत्ता र सेनाको प्रयोगमा जननिर्वाचित प्रधानमन्त्रीहरूलाई अगाडि वढ्न दिएनन् ।

राजाले राजकीयसत्ता र सेना जनतामा सुम्पनेछन भन्ने कुरा गलत सावित भयो । राजतन्त्रभित्र प्रजातन्त्र अटाउन नसक्ने अनुमान जनताले ०५९ असोज १८ र ०६१ माघ १९ बाट अनुभव गरे । राजा वीरेन्द्रले ०४७ सालको संविधानमा बहुदल दिएपनि सार्वभौमसत्ता र राजकीयसत्ता आफैंसग राखेका रहेछन् । ०४७ सालमा जनता वास्तवमा संविधानको धारामा मात्र सार्वभौम भएका रहेछन ।

विशाल सेना र गद्दीमा बसेका राजाले राजकीयसत्ता सजिलै जनतालाई दिएका रहेनछन । ०४६ सालको जनआन्दोलनपछि पनि दलहरूले राजालाई शक्ति केन्द्रकै रूपमा वुझे । प्रजातन्त्रको पुनर्बहाली भएपछि पनि राजनीतिक संस्कारको विकास हुन सकेन । दलहरू यस अवधिमा सत्ताको लागि जस्तोसुकै गठबन्धन गर्न तयार भए । पार्टी टुक्र्याएर भएपनि सत्तामै

[६५] विपिन अधिकारी, "आधारभूत संरचनाको सिद्धान्त तथा संसदको संविधान संशोधनको अधिकार एक परिचय, ***समसामयिक कानूनी, राजनैतिक तथा संसदीय समस्याहरू,*** भाग १, २०५०, पृ. ४८ ।

[६६] झलनाथ खनाल, ध्रुवबहादुर प्रधान, नरहरि आचार्य, परि थापा, मीनेन्द्र रिजाल र सरिता गिरी, ***राज्यको पुनः संरचना तथा रूपान्तरण,*** (दो.सं.), (काठमाडौं : राष्ट्रिय शान्ति अभियान, २०६३), पृ. १६–१७ ।

टिकीरहने नीति अपनाउन पुगे । राजा फेरी आफूमा रहेको राजकीय सत्ता प्रयोग गरी जननिर्वाचित प्रधानमन्त्रीलाई अपदस्थ गरेर सम्प्रभु बन्न पुगे ।

नेपाली जनतालाई फेरी निरंकुश साशन दिन खोजियो । सम्बैधानिक राजसंस्थालाई राजनीतिक शक्तिका रूपमा हेर्न थालियो । ०४७ सालको संविधानमा भएको प्रावधान अनुसार तत्कालिन प्रधानमन्त्री मनमोहन अधिकारीले प्रतिनिधिसभा विघटनका लागि गरेको सिफारिससम्बन्धी मुद्दामा सर्वोच्च अदालत विवादमा पर्न गएको थियो । यसमा भएको विवादास्पद निर्णयले मुलुकमा संवैधानिक विवादको सुरुवात हुन पुगेको थियो ।

**२०५१ मा प्रतिपादित नजिर यस प्रकारको थियो :**

> "जुन कुरा नेपाल अधिराज्यको संविधान २०४७ मा व्यवस्था छ त्यो कुरामा अन्य देशका परिपाटी वा प्रचलन हेर्न आवश्यक मान्न मिल्दैन । संविधानमा भएको व्यवस्थालाई मान्नुपर्ने अनिवार्य हो ।
>
> संविधानले कुनै पूर्वशर्तको व्यवस्था नगरेको स्थिति र अवस्थामा संसद्‌को अधिवेशन चालु रहेको अवस्थामा प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटनको सिफारिस गर्न पाउनुहुन्न भन्न मिल्ने नदेखिने।
>
> राजनीतिक कारणको औचित्य वा पर्याप्तताको क्षेत्रभित्र अदालतले प्रवेश गरी शक्ति पृथकीकरणको सिद्धान्तबमोजिम मूल्यांकन गर्न मिल्ने नदेखिने ।
>
> अधिवेशन चालु रहेको अवस्थामा प्रतिनिधिसभा विघटन गर्न नमिल्ने तथा विघटन गर्नु पहिले प्रतिनिधिसभालाई जानकारी दिनुपर्ने भन्ने संवैधानिक तथा कानूनी वाध्यता नदेखिने ।

**२०५२ सालमा प्रतिपादित नजिर**

> संविधान एउटा राजनीतिक लिखतका साथै कानुनी लिखत पनि भएकाले संविधानअन्तर्गतका विवादहरूमा राजनीतिक प्रश्नहरू साथै संवैधानिक वा कानुनी वैधताका प्रश्नहरू पनि विवादको विषय कार्यपालिका वा व्यवस्थापिकाको संविधानप्रदत्त अधिकारसंग सम्बन्धित भएको कारणले मात्र तत्सम्बन्धी सबै प्रश्नहरू राजनीतिक प्रश्न हुँदैनन् । कुनै पनि संवैधानिक विवादमा राजनीतिक प्रश्नहरूका अतिरिक्त संवैधानिक वा कानुनी प्रश्नहरू पनि मुछिएका छन् र विवादको निरूपणका लागि ती संवैधानिक वा कानुनी प्रश्नहरूको निरूपण हुनु आवश्यक देखिन्छ भने राजनीतिक प्रश्नसम्बन्धी अवधारणालाई अघि सारेर यस अदालतले संवैधानिक र कानूनी प्रश्नको निर्णय गर्ने आफ्नो संवैधानिक अभिभारालाई पन्छाउन पनि मिल्दैन ।
>
> "धारा ५९ अन्तर्गत प्रधानमन्त्रीका विरुद्ध अविश्वासको प्रस्ताव पारित भएपछि प्रतिनिधिसभाको विश्वास प्राप्त गर्न सक्ने अर्को वैकल्पिक सरकारको गठनको सम्भावनामा कुनै विचारै नगरी प्रतिनिधिसभाकै विघटन गर्ने कुरा संसदीय प्रणालीको स्थापित परम्परा र व्यवहार अनुकूल पनि हुँदैन । विद्यमान प्रतिनिधिसभाले अर्को वैकल्पिक सरकार दिन सक्ने अवस्था हुँदाहुँदै अर्थात प्रतिनिधिसभा क्रियाशील र प्रभावकारी हुँदाहँदै अर्को विकल्प दिनै नसकेको अवस्थामा अनिवार्य रूपमा लागू हुने धारा ४२ (४) को व्यवस्था लागू हुन्छ भनी बलपूर्वक व्याख्या गरी प्रतिनिधिसभालाई विधटन गर्नु विवेकपूर्ण र तर्कपूर्ण नहुने । मूलप्रश्नमा भएको प्रतिनिधिसभाको

विघटनको विषयलाई राजनीतिक विषयवस्तु समावेश भएको कारणले न्याययोग्य मान्न मिल्छ/मिल्दैन ? धारा ५३ (३) बमोजिम प्रतिनिधिसभाको अधिवेशन आह्वान भई सकेपछि विघटन गर्नु संविधानसम्मत हुन्छ वा हुँदैन ? धारा ४२ को उपधारा २ अन्तर्गतको सरकारको विकल्पमा उपधारा १ वमोजिमको सरकार बन्न सक्छ/सक्दैन ?विघटन गर्ने सिफारिस दुराशयमुक्त छ/छैन ? "[६७]

संविधानको धारा ५३ (४) मा भएको प्रावधानअनुसार प्रधानमन्त्रीलाई निर्वाचित संसद विघटन गर्नसक्ने अधिकार रहेको छ । ०४७ सालमा संविधान निर्माण भएपछि प्रतिनिधिसभाका सांसदहरूले संसदभित्र यसको समाधान गर्न नसकेपछि राजनीतिक मुद्दालाई अदालतमा गएर न्यायीक निकास लिने परम्पराको विकास भएको देखिन्छ । वि.सं. ०५१, ०५२, ०५४ र ०५९ सालमा आएर अदालतबाट निकास खोजीएको थियो । सरकारी नीति र कार्यक्रम पारित नभएपछि तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसादले संसद विघटन गरी मध्यावधिको घोषणा गरे । ०५२ सालमा तत्कालिन प्रधानमन्त्री मनमोहन अधिकारीको मामिलामा भने विकल्प भईन्जेल विघटनमा जान हुँदैन भनेको थियो । "अदालतद्वारा गिरिजाकालमा एक किसिमको नजीर र एमालेकालमा बेग्लै किसिमको नजीर ल्याएर कानून सम्मत कुराको वर्खिलाप गरिएको।"[६८] भनि एमाले सम्बद्ध छापाले लेखेको थियो ।

२०५४ सालमा तत्कालिन प्रधानमन्त्री सूर्य बहादुर थापाले विघटनका लागि गरेको सिफारिशलाई राजाबाट घोषणा भएन । बरु त्यस समय सर्वोच्चले विशेष अधिवेशन बोलाउन सांसदहरूले माग गरेको समावेदनलाई प्राथमिकता दिइयो । २०५९ सालको सन्दर्भमा तत्कालिन प्रधानमन्त्री शेरवहादुर देउवाले संसदीय व्यवस्थामा प्रतिनिधिसभा विघटन गर्ने सिफारिस प्रधानमन्त्रीको विशेषाधिकार (प्रेरोगेटिभ राइट्स) भएको वताए । तर कांग्रेसकै सांसदहरूले मंत्रिपरिषद्सँग परामर्श नगरी यस्तो सिफारिश गर्ने प्रधानमन्त्रीलाई अधिकार नभएको ले संसद पुनर्स्थापना हुनुपर्ने माग राखेका थिए । "०५९ जेठमा संकटकालको अवधि थप गर्ने विषयमा पार्टी र प्रधानमन्त्री वीच मतभेद भयो । नेपाली कांग्रेस र एमाले वीच अवधि थप नगर्ने सहमति भयो । आफ्ना विरुद्ध अविश्वासको प्रस्ताव संसदमा आउने सम्भावनालाई देखेर मन्त्रीमण्डलका सदस्यहरूलाई पनि थाहै नदिई राजदरवारमा प्रधानमन्त्रीले मध्यरातमा संसद विघटन र कार्तिक २७ गते मध्यावधि निर्वाचनको सिफारिस गर्नु भयो । प्रधानमन्त्रिलाई अनुशासनको कार्यवाही किन नगर्ने सम्मको स्पष्टीकरण पार्टीबाट माग नहुन पर्थ्यो भयो । आफैं भित्रको द्वन्द्व व्यवस्थापन गर्न नसक्नु पार्टीको ठूलो कमजोरी थियो ।

---

[६७] *कान्तिपुर,* ८ असार, २०५९ ।

[६८] दृष्टि साप्ताहिक, ५ मंसीर, २०५२ ।

मध्यावधि निर्वाचन हुन सक्ने परिस्थिति थिएन । माओवादी हिंसा आतंकले मुलुक आक्रान्त थियो । प्रधानमन्त्रीलाई पार्टीले पार्टीबाट निस्कासन गऱ्यो । ०५९ भाद्रमा नेपाली कांग्रेस फुट्यो प्रजातान्त्रिक थपेर । चुनाव हुन नसक्ने व्यहोरा र दश महीना पर सार्ने सिफारिस प्रधानमन्त्रीले राजा समक्ष पेश गरे । यसमा सबै राजनीतिक दलहरू साक्षी किनारामा बस्नु अर्को ठूलो भूल थियो । चार–पाँच चरणमा भए पनि चुनाव सम्पन्न गर्नु पर्थ्यो, गरिएन ।"[६९]

दलहरूलाई कमजोर र असफल बनाएर पालैपालो सिध्याउन दरवारले चालेको गोटीमा राजनीतिक दलहरू जानेर नजानेर फस्न पुगेका थिए । एक अर्कोको विरुद्ध दलहरू परिचालित गर्ने दरबारको रणनीतिलाई समयमा नेपालका राजनीतिक दलहरूले बुझ्न नसक्नु तिनको ठूलो कमजोरी थियो । नेपालमा जतिपटक संसद विघटन गरियो त्यसले मुलुकलाई सङ्कटमा पार्ने वाहेक मुलुकलाई स्थिरता दिन सकेन । नेपालका ठूला दलहरूले एक आपसमा अन्तरविरोध सिर्जना गरेर पञ्चायत ३० वर्षसम्म सत्तामा टिकिरहेझैं टिक्ने रणनीति भने तिनले कहिल्यै अपनाएनन् । नेपालका ठूला दलहरू आन्तरिक कलहबाट भने मुक्त हुन सकेनन् । यीनीहरूले हरेक पटकको विवाद अदालतमा पुऱ्याए । राजनीतिक निकासको थलो संसदभन्दा दलहरू अदालतमा गएर राजनीतिक मुद्दालाई न्यायाधिशको काँधमा थोपर्दिन चाहन्थे । यसरी जति पटक निर्वाचन भयो त्यति नै पटक संसद् विघटन सम्बन्धमा सर्वोच्च अदालतमा मुद्दा परेको छ । जनताको एजेण्डामा लाग्नुपर्ने जनप्रतिनिधिहरू झगडिया वनेर अदालतमा पुगेका छन् । जनताले फैसला गर्नुपर्ने अदालतको धेरै समय राजनीतिक विवादमा पुगेको देखिन्छ । अदालत पनि एउटै संविधानको धारामा व्याख्या गर्न पुग्दा फरक फरक व्याख्या गरी निर्णय दिन पुगेको छ ।

## ४.३.३ राजा ज्ञानेन्द्रबाट दलहरूलाई कमजोर बनाउने प्रयास

दलहरूलाई पाखा लगाउने प्रयासमा राजा ज्ञानेन्द्र विभिन्न अवसरको खोजीमा थिए । दरवार हत्याकाण्डको सुरुवाती वर्षमा उनी निकै कम चर्चामा रहे । राजा वीरेन्द्रले माओवादी विरुद्ध सेना परिचालन गर्न स्वीकृति दिएका थिएनन् । तर, ज्ञानेन्द्रले सेनालाई माओवादी विरुद्ध परिचालन गर्न स्वीकृति दिए । एकातिर आन्तरिक द्वन्द्वमा सेना अर्कोतिर मुलुकमा सङ्कटकालको अनुमोदनको कारण माओवादी राजतन्त्रका विरुद्ध खनियो । ज्ञानेन्द्रले यो नीति 'सर्भाइभल गेम्स' को कारण राजसंस्थालाई माओवादीबाट वचाउन खोजेका थिए । समस्या समाधानको निकास दलले हैन राजतन्त्रले मात्र दिन सक्छ भन्ने मान्यताकै कारण शाहवंशको गौरबमा उनी थिए । त्यसैले उनी आफ्ना पिता पुर्खा राजा महेन्द्रबाट चालेको कदमलाई अनुसरण गर्न पुगेका थिए ।

---

[६९] विपिन कोइराला, ***विपिन कोइराला: हिजोदेखि आजसम्म,*** प्रकाशक : वीना कोइराला/वन्दना कोइराला, (प्रकाशन स्थान उल्लेख नभएका, २०६८), पृ. १०५ ।

उनले ०५९ असोज १८ मा निर्वाचित प्रधानमन्त्रीलाई वर्खास्त गर्दा अधिनायकवादी शैलीमा भनेका थिए :

> "निर्धारित समयमा निर्वाचन सम्पन्न गर्न असक्षम प्रधानमन्त्री शेरबहादुर देउवालाई आज २०५९ साल असोज १८ गतेदेखि पदमुक्त गरिबक्सी मन्त्रिपरिषद् विघटन गरिबक्सेका छौं । प्रतिनिधिसभाका लागि आगामी कात्तिक २७ गते हुने निर्वाचन स्थगित गरिबक्सेका छौं । अर्को व्यवस्था गर्न केही समय लाग्ने हुँदा सो व्यवस्था नभएसम्म नेपाल अधिराज्यको कार्यकारिणी अधिकार हामीमा निहित राखि मुलुकको शासनभार हामीबाटै स्वयं ग्रहण गरिबक्सेका छौं । नयाँ मन्त्रिपरिषद् गठन गर्नका लागि पाँच दिनभित्र स्वच्छ छवि भएका तथा आमनिर्वाचनमा उम्मेदवार नहुने व्यक्तिहरूको नामहरू सुझाव गरी पठाई राजनीतिक दलहरूबाट सहयोग हुने भन्ने विश्वास हामीबाट लिइबक्सेका छौं ।"[७०]

लोकतान्त्रिक व्यवस्थामा प्रधानमन्त्रीलाई पदमुक्त गरिएको राजाको यो दोस्रो घटना थियो । यसअघि ०१७ सालमा दुईतिहाई वहुमतसहितको नेपाली कांग्रेसका प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालाई पदमुक्त गरिएको थियो । कोइरालाको पदमुक्तिसँगै मुलुकमा एकदलीय पञ्चायती व्यवस्था लागु गरिएको थियो । प्रधानमन्त्री देउवाको पदमुक्तिपछि राजा ज्ञानेन्द्रले एक्लै अगाडि बढ्ने रणनीति लिए । यसका लागि ठूला दलहरूसँग उनलाई डर भएकाले साना दलहरू र पूर्व कट्टर पञ्चहरूलाई साथ लिएर अगाडि बढ्ने नीति बनाए । यसरी १८ असोजमा उनले आफूमा हुँदै नभएको अधिकार प्रयोग गरेर मुलुकलाई प्रतिगमनतर्फ लगे । जनताको अधिकार राजाले आफ्नो हातमा लिएपछि ज्ञानेन्द्र सबैतिरको दवाव थाम्न नसकी कार्लमार्क्सले राज्य ओइलाउँदै जान्छ भनेझैं उनी आफ्नै कारणले ओइलाउँदै जान वाध्य भए ।

यस अघि संविधान संशोधनमात्र खोजेको जनताले संविधानसभाको नारा लगाउन थाले । प्रतिनिधिसभा विघटनदेखि १८ असोजसम्म आइपुग्दा राजा ०४७ सालभन्दा कमजोर हुँदै गएको पत्तै पाएनन् । राजाको यस कदमलाई प्रमुख राजनीतिक दलहरूद्वारा "गैरसंवैधानिक भएको ठहर" गरेका थिए ।[७१] नेपाली कांग्रेसले 'शाही घोषणा नेपाल अधिराज्यको संविधान २०४७ को मूल मर्म र भावना विपरीत भएको महसुस गर्दै यस कदमले संवैधानिक राजतन्त्र र जनउत्तरदायी बहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई कमजोर पारेको ठहर गरेको थियो । त्यस्तै नेकपा (एमाले) ले १८ गते भएको शाही घोषणालाई ०४६ सालको जनआन्दोलनको भावनाविरुद्ध तथा नेपाल अधिराज्यको संविधान २०४७ विपरीत रहेको ठहऱ्याएको छ ।' [७२]

---

[७०] *कान्तिपुर,* वर्ष १०, अंक २२९, १९ असोज २०५९ ।

[७१] *राजधानी,* २० असोज २०५९ ।

[७२] *साप्ताहिक* **विमर्श**, २५ असोज, २०५९ ।

देशका सबै समस्यामा राजतन्त्रमात्र सक्षम छ भन्ने देखाउन राजा ज्ञानेन्द्रले सबै कदम चाल्न खोजेका थिए । उनी राजतन्त्रलाई कम अधिकार दिएर संवैधानिक वनाउन खोज्ने ०४६ सालको परिवर्तनकारी शक्तिहरूको विरोधमा देखिन्थे । सरसर्ती हेर्दा राजा लगायत उनका भाईभारदारहरूलाई ०४६ सालको परिवर्तनसंग समायोजन हुन गाऱ्हो भएको थियो ।

राजालाई जनताको प्रतिनिधिसंग लोकतान्त्रिक तवरले काम गर्न गाऱ्हो भईरहेको अवस्थामा निर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवाले ०५९ जेठ ८ गते सुविधाजनक बहुमतभएको प्रतिनिधिसभा विघटनको सिफारिस गरेर नेपाली कांग्रेस, जनमोर्चा, र मजदुर किसान पार्टीले ल्याउन लागेको अविश्वास प्रस्तावबाट वच्न चाहेका थिए । देश र जनतालाई दीर्घकालसम्म असर पुग्ने काम यस अवधिमा हुन गयो । २७ कार्तिक, २०५९ को सट्टा १ वर्ष पछि संसद्को निर्वाचन गर्न खोजिएको थियो । जवकि ०४७ सालको संविधानको आशय त्यति लामो समय मुलुक जनप्रतिनीधीविहिन वन्न सक्ने अवस्था नै थिएन् । प्रधानमन्त्री देउवाले संसद्मा अविश्वास प्रस्तावका डरले धारा ३५ अन्तर्गत संसदको विघटन राजाबाट गराए । तर, उनले राजाको भित्री मनसाय वुझ्न सकेनन् । सङ्कटकाल थप्न जोड दिने देउवाबाट निर्वाचनको तिथि तोक्नु र प्रतिनिधिसभा विघटन गर्नुको रहस्य अझसम्म कसैले पर्दाफास गर्न सकेका छैनन् । त्यस समय अदालत समेत सरकारको निर्णयलाई सदर गर्न पुगेको थियो ।

कार्तिक २७ मा निर्वाचन हुन नसकेको अवस्थामा विघटित प्रतिनिधिसभा पुनःस्थापना गर्न सकिने थियो । तर, यसको प्रयोग नगरिनुमा राजालाई सक्रिय वनाउनेहरूको भूमिकामा प्रश्न उठाइएको छ ? सत्तारुढ दलको सत्तामा टिकी रहने रणनीतिलाई पनि नकार्न नसकिने भएकाले देशलाई लामो समय सम्म द्वन्द्वमा फसाउन मुलुकभित्रको आन्तरिक र वाह्य कारण प्रमुख जिम्मेवार रहेको छ ।

## ४.३.४ राजाद्वारा कार्यकारिणी अधिकार जनतालाई फिर्ता

०६२/०६३ जनआन्दोलनको परिणाम राजा नेपाल अधिराज्यको कार्यकारिणी अधिकार जनतालाई फर्काउन वाध्य भए । जवर्जस्ती लिएको जनताको अधिकार वाध्य भएर आन्दोलनको परिणाम फिर्ता गर्न उनी वाध्य भए । '... प्रजातन्त्रमा हाम्रो अटुट प्रतिबद्धता भएकाले आज यही शाही घोषणाद्वारा नेपाल अधिराज्यको कार्यकारिणी अधिकार नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३५ वमोजिम हुने गरी जनताको नासो जनतालाई नै फर्काएका छौं' भनी वैशाख ८, ०६३ मा घोषणा गर्न गए ।[७३] शाही घोषणा अमान्य मान्दै देशमा जनप्रदर्शन झन तीव्र भएपछि वैशाख ११ गते राजा ज्ञानेन्द्र ०५९ साल जेठ ८ गते विघटन गरेको प्रतिनिधिसभा आफैंले फेरी

[७३] *गोर्खापत्र,* २०६३ वैशाख ९ गते ।

पुनर्स्थापित गर्न वाध्य भए । राष्ट्रका नाममा दिएको शाही घोषणामा राजाले "नेपाल अधिराज्यको राज्यशक्तिको स्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता एवं राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयङ्गम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवं आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याहरूको समाधान गर्न तत्कालीन प्रधानमन्त्रीको सिफारिसमा नेपाल अधिराज्यको संविधान– २०४७ बमोजिम २०५९ साल जेठ ८ गते विघटन भएको प्रतिनिधिसभालाई यसै घोषणामार्फत पुनस्थापित गरिबक्सेका छौं । बहुदलीय प्रजातन्त्रको रक्षा, स्थायी शान्ति, राष्ट्रिय एकता एवं समृद्धिको बाटोतर्फ मुलुकलाई अघि वढाउने जिम्मेवारी वहन गर्न हामी आन्दोलनरत सात राजनीतिक दलहरूलाई आह्वान गर्दछौं । पुनर्स्थापित प्रतिनिधिसभाको बैठक २०६३ साल वैशाख १५ गते शुक्रवार दिनको १ वजे संसदभवन, सिंहदरवारमा बस्ने गरी आह्वान गरिबक्सेका छौं । नेपाल र नेपालीको वृहत्तर हित यो संसदबाट हुनेछ भन्ने हामीलाई विश्वास छ । जनआन्दोलनमा जीवन गुमाएका प्रति समवेदना र घाइते एवं आहत भएका सबैप्रति शीघ्र स्वास्थलाभको कामना गर्दै मुलुक दिगो शान्ति, प्रगति, पूर्ण प्रजातन्त्र र राष्ट्रिय एकतातर्फ अभिमुख हुने विश्वास प्रकट गर्दछौं ।"[७४] यसरी नेपालका राजा सक्रिय वन्न खोज्दा उनले आफ्ना सम्पूर्ण राजकीयसत्ता गुमाउन विवश भए ।

## ४.४ जनजाति, महिला, दलित आदिको सहभागिताको सक्तट

कुनै पनि देशका लागि जनजाति, महिला, दलित आदि राज्यको सम्पत्ति र पहिचान भएपनि नेपालले यसलाई लामो समयसम्म महत्त्व दिएन् । तिनलाई शासनसत्तामा लामो समयसम्म सहभागी नै गराइएन । आदिवासीहरूको क्षेत्रमा प्रवासीहरूको हालीमुहाली भयो । विभिन्न जातजातिको विविधतायुक्त देशमा राज्यको चरित्र कहिल्यै समावेशी र सहभागितामूलक वन्न सकेन । यसको प्रमुख कारण अढाइ सय वर्षअघि देखिको केन्द्रीकृत राज्यसंरचना जिम्मेवार रहेको छ । जनजाति, महिला, दलितलाई माथि उठाउन नै खोजिएन । सदैव पछाडि पार्ने काम मात्र भयो। राज्य पनि साम्प्रदायिक वन्न पुग्यो । सबै दलहरूमा यस्ता वर्गहरूको प्रतिनिधित्व ज्यादै कमजोर अवस्थामा रहन गयो । सहभागिता र प्रतिनिधित्वका हिसावले नेपालका दलहरू ०४६ सालपछि पनि समावेशी र प्रतिनिधित्वपूर्ण वन्न सकेनन् । प्रजातन्त्र पुनःस्थापित भएपछि संसद्का तीन वटा निर्वाचन भए । तर समान सहभागिताको सिद्धान्त अत्यन्तै कम रह्यो । महिला र पुरुष, अल्पसंख्यक र दलित, बाहुन र क्षेत्री सबैले चुनावमा सहभागिता देखाए पनि पद लिने बेलामा बाहुन, क्षेत्री र पुरुषहरू नै अगाडि देखिए ।

---

[७४] *गोर्खापत्र,* २०६३ साल वैशाख १२ गते ।

हरेक धर्म र जातिलाई फल्न फुल्न दिनुपर्नेमा राज्यले केवल हिन्दू धर्मको मात्र पक्ष लिन पुग्यो । नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४ को उपधारा १ मा नेपाल एक बहुजातीय, बहुभाषिक, प्रजातान्त्रिक, स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, हिन्दू, संवैधानिक राजतन्त्रात्मक अधिराज्य हो भनेर संविधानले घोषणा गरेपछि मुलुकभित्रका अन्य गैर हिन्दूको भावनामा के कस्तो ठेस पुऱ्यायो पछि सम्म विवादको विषय वन्यो । त्यस समय राज्यले हिन्दू धर्म घोषणा गरेपछि नेपाल अधिराज्यभित्र अस्तित्वमा रहेका अन्य धर्मको अस्तित्व के हुने ? बहु जातिय र बहु भाषिक प्रवृत्तिको कारण धारा १९ मा धर्म सम्बन्धी हक उपधारा १ र २ मा प्रत्याभूत गरिएको थियो । प्रत्येक व्यक्तिलाई प्रचलित परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्वन र अभ्यास गर्ने स्वतन्त्रता हुने छ। तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन । अर्को उपधारा (२) मा गरिएको व्यवस्था अनुसार प्रत्येक धार्मिक सम्प्रदायलाई कानून बमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ।

"यदि नेपाललाई हिन्दू अधिराज्य मान्ने हो भने हिन्दू अधिराज्य भएकै तथ्यबाट नेपालमा हिन्दू धर्म र हिन्दू सम्प्रदाय स्वतः संरक्षित रहेको स्पष्ट छ । यस बाहेक धारा १९ मा हिन्दू शब्दको कतै पनि उल्लेख नभएकोले धारा १९ ले हिन्दू धर्म र हिन्दू सम्प्रदायलाई विश्वका अन्य सवै प्रकारका धर्म र सम्प्रदाय सरह समान संरक्षण प्रदान गर्न खोजेको जस्तो देखिन्छ।"[७५] यसरी ०४७ को संविधानले नेपाल एक हिन्दू अधिराज्य हो भन्ने कुरामा कुनै विवाद देखिएन । "नेपालको दरबारले भने धर्मको नाममा अत्यधिक अधिकार उपभोग गरेको पाइन्थ्यो । यसो हुनाको कारण हो, हिन्दूहरूले राजालाई आफ्ना आराध्यदेव भगवान विष्णुको अवतारको रूपमा श्रद्धा गर्नु।"[७६]

कतिपयले राजालाई विष्णुको अवतारको रूपमा मान्ने नेपाली परम्परागत संस्कारले समाजमा अन्तरविरोधहरू जन्मीएको र त्यहि अन्तरविरोधकै कारण नेपाली समाज सङ्कटमा रहन वाध्य भएको देखिन्छ। "नेपाली हिन्दू उच्च जातीय सामन्ती राज्यसत्ताले नेपाली समाजका पिँधका समस्याहरूलाई सामाजिक न्यायका आधारमा समाधान गर्ने प्रयत्न कहिल्यै गरेन बरु तिनलाई दबाइराख्न नै आफ्नो सम्पूर्ण शक्ति र बर्कत लगाउँदै आयो।"[७७] नेपालको राजालाई जनआन्दोलनबाट आएका प्रतिनिधिहरूले बनाएको संविधानको अग्रभागमा "गिरिराज"

---

[७५] गोपाल शर्मा, "नेपालको प्रजातान्त्रिक संविधानमा धर्म सम्बन्धी हक : एक विश्लेषणात्मक अध्ययन", ***संविधान सम्बन्धी लेखहरूको संगालो*** , भाग–८, २०४८, पृ. ३२।

[७६] सानु भाइ डंगोल, ***नेपाली राजनीतिमा दरबार,*** (मध्यपुर थिमि : ल्यायम्ह पुचः, २०६३), पृ. १७७।

[७७] आहुति, "हिन्दू सामन्तवादी राज्यको पुनः संरचनाको सन्दर्भमा दलित सवाल", ***नेपालको सन्दर्भमा राज्यको पुनः संरचना,*** (दो.सं.), (नेपाल : सामना, प्रकाशन, २०६३), पृ. ४२०।

"चक्रचुडामणि" "नरनारायण" आदिको प्रशस्ति लेखेर राजालाई भगवानको रूपमा हेर्नु नै जनआन्दोलनको मर्ममाथि प्रहार थियो ।

सुधार गर्ने मौका ०४७ सालको संविधानले राख्दै राखेन । संविधान निर्माणको समयमा प्रस्ताव त आयो आरक्षणको तर, त्यो कहिल्यै कार्यान्वयनमा आउनै सकेन । ०४७ सालको संविधानले संसदीय व्यवस्थाको संरचनामा परिवर्तन गर्न खोजेको थियो तर सफल भएन । संविधानमा संशोधन पनि हुन नसक्ने मूलधारको राजनीतिमा आउन पनि नसक्ने यस्ता पिछडिएका जनजाति, महिला, दलित आदिलाई लिएर देशले गम्भीर सङ्कटको सामना गर्नु परेको थियो । यसमा संविधानको निर्माणमात्रले दशकौं देखि पछाडि परेका वर्गहरूलाई माथि ल्याउनु पर्ने थियो तर सकेन् । सहभागिता केवल राजनीतिक नारामा मात्र सीमित रह्यो । व्यवस्थामा परिवर्तन देखियो तर राजनीति र प्रशासनमा परिवर्तन देखिएन । सदियौंदेखि नेपालमा शासनको वागडोर समाजका सम्पन्नहरूले चलाउँदै आएको परम्परालाई तोड्दै ०४६ सालपछि नै दलहरूका हातमा सत्ता आएको हो ।

एउटा वंश र एउटा धर्मको आधारमा टिकेको राज्यले जनजातिको अस्तित्वलाई कहिल्यै स्विकारेन । यसले के देखायो भने नेपालको राज्यसत्ता महिला, जनजाति र दलितको हकमा कहिल्यै समावेशी हुन सकेन । ०४७ सालको संविधान निर्माणपछि पहिलो आमनिर्वाचनबाट वनेको प्रतिनिधिसभा समेत समावेशी हुन सकेन । जनजातिहरू विशिष्ट संस्कृति, भाषा, धर्म, रीतिरिवाज भएका समुदायहरू हुन । यी समुदायहरू चार वर्णको हिन्दू वर्णाश्रम व्यवस्थाभित्र पर्दैनन् ।[७८] वर्णाश्रम व्यवस्थाकै कारण नेपालमा लामो समय जातीय उत्पीडनको पीडा जनजाति, महिला, दलित आदिले भोग्नु परेको छ । मनुष्मृतिले वाँधेको यो जातीय वन्धनभित्रको पीडा जनजाति, महिला, दलित आदिले ०४६ सालको जनआन्दोलनपछि पनि भोग्दै आएका थिए । देशले सम्पूर्ण जातजाति, भाषाभाषी, धर्म सम्प्रदाय, दलित र महिलालाई राज्यको नीति निर्माणमा कहिल्यै सहभागी गराएन ।

"जनसंख्याको दृष्टिकोणले महिलाको संख्या करिव ५१ प्रतिशत छ तापनि महिलाहरूलाई आर्थिक, सामाजिक, शैक्षिक, प्रशासनिक, हरेक क्षेत्रमा पछाडि पारिएको छ । पितृ सत्तात्मक सोच रुढिवादी परम्परा र सामन्तवादी सोचका कारणले पछाडि पारिएका महिलाहरूलाई परिवार र

[७८] महेन्द्र लावती, "आदिवासी/जनजातिप्रति जातीय भेदभाव", मल्ल के.सुन्दर/पदमलाल विश्वकर्मा (सं.), ***डर्बान घोषणा र कार्ययोजना तथा नेपालमा जातीय विभेद,*** (प्र.सं.), (काठमाडौं : जातीय विभेद विरुद्ध राष्ट्रिय मञ्च, सन् २००२), पृ. १३४ ।

समाजले पुरुषमा आश्रित वा भरपर्ने रूपमा हेरेको पाईन्छ ।"[७९] नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११४ मा महिला उम्मेद्वारको व्यवस्था गरिएको थियो जसमा प्रतिनिधिसभाको लागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक संगठन वा दलका उम्मेदवारहरू मध्ये कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार हुनु अनिवार्य हुनेछ भनियो तर त्यो कहिल्यै पुरा गरिएन । नेपालका राजनीतिक दलहरूले महिलाहरूको प्रतिनिधित्व वढाउने कुरामा सकारात्मक सोच देखाएपनि निर्वाचनको टिकट वांडने समयमा तिनिहरू कहिल्यै उदार हुन सकेनन् । तल एउटा साधारण तालिका प्रस्तुत गरिएको छ । जसले आमनिर्वाचन २०५६ मा सम्पन्न निर्वाचनबाट चुनिएको महिला सांसदहरूको जातीय र जनजातीय प्रतिनिधित्वलाई चित्रण गरिएको छ :

२०५६ को निर्वाचनमा तीन ठूला राजनीतिक दलहरूको चुनाव चिन्हबाट वीजयी वनेका महिला सांसदहरूको जातीय र जनजातीय प्रतिनिधित्वःहरू 'इलेक्सन कमिशन, हाउस अफ रिप्रीजेन्टेटीभ इलेक्सन–२०५६' र 'आमनिर्वाचन २०५६ : संसद र सरकारका चुनौतीहरू' मा प्रकाशित तथ्यांकलाई केलाउँदा प्रतिनिधित्व यसप्रकार भएको देखिन्छ :[८०]

| **२०५६को निर्वाचनमा महिला सांसदहरूको जातीय र जनजातीय प्रतिनिधित्वको विवरण तालिका** | | | | | |
|---|---|---|---|---|---|
| **राजनीतिक दल** | **ब्राम्हण/क्षेत्री** | **नेवार** | **जनजातीय समुदाय** | **तराई** | **जम्मा** |
| नेपाली कांग्रेस | ४ | – | – | १ | ५ |
| नेकपा (एमाले) | ५ | १ | – | – | ६ |
| राप्रपा | – | – | – | १ | १ |
| कुल जम्मा | ९ | १ | – | – | १२ |

यसरी नेपालका राजीतिक दलहरूले महिलालाई राजनीतिक क्षेत्रमा सहभागी गराउन खोजे पनि तल्लो तहमा तिनको ध्यान पुग्न नसक्नाले पिछडिएका महिलाहरू जातीय भेदभावको मारमा परे । २०४६ को बहुदलीय प्रणाली स्थापनाको १३ वर्ष लामो अभ्यासले पनि नेपाली सामाजिक समस्यालाई आधारभूत रूपमा सम्बोधन गर्न सकेन ।[८१] ०४६ सालको जनआन्दोलनपछि राज्यले अधिकतम महिलाहरूलाई निर्णयनिर्माणमा पुऱ्याउन कुनै पहल गर्न

---

[७९] ***संविधान सभा र महिला नेतृत्व विकास,*** (काठमाडौं : अन्तर पार्टी महिला सञ्जाल, केन्द्रीय कार्यालय, २०६६, पृ. २ ।

[८०] * ***इलेक्सन कमिशन हाउस अफ रिप्रिजेन्टेटीभ इलेक्सन–२०५६,*** (प्र.सं.), (काठमाडौं : निर्वाचन आयोग, प्रकाशन बर्ष उल्लेख नभएको) ।

* कृष्ण खनाल र कृष्ण हाछेथु, ***आमनिर्वाचन २०५६ : संसद र सरकारका चुनौतीहरू*** (प्र.सं.), (कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५६) ।

[८१] पद्मलाल विश्वकर्मा र मल्ल के.सुन्दर (सं.), ***राज्य पुनर्संरचना सम्बन्धी अवधारणा : दलित र मधेशीको सवाल,*** (काठमाडौं : जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च, सन् २००६), पृ. ख ।

सकेन । एकपक्षको मात्र हित हेर्ने राज्य कहिल्यै समावेशी चरित्रको हुन सक्दैन । नेपालमा अनगिन्ती जात जाति मध्ये कुल जनसंख्याको ४९.९५ प्रतिशत पुरुष र ५०.०५ प्रतिशत महिला रहेका छन् ।[८२] मुलुकका लागि ती जनजाति सप्तरङ्गी हुन् । नेपालमा लगभग १ सय वटा जात/जनजाति भए तापनि वि.सं २०४८ को आम निर्वाचनमा जम्मा १७, २०५१ मा १६ र २०५६ मा २१ जात/जनजातिले संसदमा प्रतिनिधित्व गर्न पाएका थिए । [८३]

२०४७ सालको संविधानले राज्यको मूल धारमा जनजाति, महिला, दलित आदिको सहभागिता पूरा गर्न सकेन । यसरी, देशको ठूलो जमातले शासनमा समावेश हुन नपाए पछि ०४८ सालको आमनिर्वाचनपछि पनि तिनमा असन्तोषको आवाज वढ्दै गयो । एकीकरणले हिन्दूकरण गरेको आरोप पहिलो जनआन्दोलनपछि देखिएको अवस्थामा एउटा भाषा र एउटा धर्ममा नेपाल केन्द्रित रहनु भनेको मुलुक भित्रको १ सय १ जनजातिमा अन्याय पुग्नु थियो ।[८४] राज्यले पहिचान गरी कानुनी मान्यता दिएको ५९ जनजाति भएपनि त्यो संख्या बढाउने होड यसैसमय पछि देखियो ।

२०४७ को संविधानले पछाडि परेको जाति जनजाति राज्यको मूलधारबाट अलग्गिए भन्नेमा कुनै चिन्ता देखाएन तर, दोस्रो जनआन्दोलन ०६२/६३ पछिको नयाँ संविधान निर्माण मा राज्यको पुनर्संरचनाद्वारा नै सम्पूर्ण उत्पीडित जातजाति, क्षेत्र, लिङ्ग, धर्म, भाषा र दलितको समस्यालाई समाधान गर्न सकिन्छ भन्नेमा बल दियो ।[८५] ०४७ सालको संविधानले आफूलाई परिवर्तन नै गर्न हुन्न जस्तो ठान्नाले जनजाति, महिला, दलित आदिको सहभागिता राज्य संरचनामा निकै कम रह्यो । जसरी प्राचीन ग्रिक राज्यव्यवस्था दासहरूप्रति असहिष्णु बनेको थियो त्यस्तै नेपाल अधिराज्यको संविधान २०४७, ले पनि समाजबाट पछाडि पारेको जाति जनजाति प्रति असहिष्णु बनेको थियो । नेपाल अधिराज्यको संविधान ०४७ को धारा ११ को उपधारा ३ ले महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ भनिए पनि यस्ता वर्गलाई माथि उठाउन संसदको तीनवटै अधिवेशनले केहि गर्न सकेन । सवै जाति, धर्म, भाषा र समुदायलाई राज्यले सम्वोधन गर्नुपर्नेमा ०४७

---

[८२] ***नेपाल जनसंख्या प्रतिवेदन** २०६४,* (काठमाडौं : नेपाल सरकार स्वास्थ तथा जनसंख्या मन्त्रालय), पृ. ६ ।

[८३] *राजेन्द्र श्रेष्ठ, "राज्यको पुनः संरचना र समावेशी प्रजातन्त्रका आधारहरू",**नेपालको सन्दर्भमा राज्यको पुनः संरचना,*** (दो.सं.), (नेपाल : सामना प्रकाशन २०६३), पृ. १९ ।

[८४] ओम गुरुङ "आदिवासी जनजातिका सवाल", ***समावेशी लोकतन्त्र,*** (प्र.सं.), (काठमाडौं : फ्रिडम फोरम, २०६३), पृ. १४३ ।

[८५] याम बहादुर किसान, 'दलित सशक्तिकरणका लागि राज्यले अपनाउनु पर्ने नितिहरू', ***राज्य पुनर्संरचना सम्बन्धी अवधारणा, दलित र मधेशीको सवाल,*** (काठमाडौं : जातीय भेदभाव विरुद्ध राष्ट्रिय मंच, सन् २००६), पृ. २१ ।

सालपछि पनि राज्यबाट पछाडि पारिएको जाति, जनजाति, आदिवासी, महिला, दलित आदिको शासन र सत्तामा पहुँच हुन सकेन । धार्मिक,सामाजिक,सांस्कृतिक,जातीय र भाषिक विविधता भएको नेपालमा लामो समयदेखि केहि सिमित जाति, भाषा, धर्म र संस्कृती भएको वर्गले लगभग अढाइसय वर्षजति एकछत्र राज्य गरे । ०४७ सालको संविधान बनेपछि पनि राज्य पूर्वाग्रही बन्न गयो । "संसद, मन्त्रिमण्डल, प्रशासन र न्यायपालिकाको क्षेत्रमा परम्परागत आदिवासि जनजातिहरूको प्रवेश हुन नसकेकै कारण राज्य समावेशी हुन सकेन ।"

२०४७ सालको संविधानको कतिपय धाराहरू सीमान्तकृत सामाजिक सांस्कृतिक समूहकालागि समावेशी वन्न सकेको थिएन् । तिनले आफूलाई राज्यले भेदभाव गरेको ठान्न पुगे । उनिहरूको असन्तोष संविधानमाथि रहेको थियो । वि.सं.०४७ को संविधान निर्माणमा कतिपय वामघटकहरू जुटेको भएपनि कतिले यसलाई गूणको आधारमा स्वीकारेका थिए । कम्युनिस्ट पार्टी चौथो महाधिवेशन, उग्र कम्युनिस्ट पार्टी र अन्य जातिय समूहले त्यस समय संविधानलाई अस्वीकार गर्न पुगेका । सदभावना जस्ता पार्टीले संविधानको धारा ८ माथि असन्तोष व्यक्त गर्दै त्यसको आगजनि गर्न पुगे । ०४७ सालको संविधानलाई बदल्न ०५२ सालमा माओवादीले सुरु गरेको जनयुद्धमा आदिवासी, जनजाति, दलित, महिला आदिको उच्च सहभागिता रहेको थियो ।[८६]

०४८, ०५१ र ०५६ मा गरी ६१५ जना सांसदहरू प्रतिनिधिसभामा निर्वाचित भए तर देशको १५ प्रतिशत जनसंख्या भएको दलित समुदायबाट १ जना कृष्णसिंह परियार (०.०१) मात्र सहभागिता रह्यो । जबकी सहभागिता मूलक प्रजातन्त्र हुने हो भने दलितको ९२ वटा सांसद हुनुपर्थ्यो । त्यही असन्तुलन अन्य जाति, जनजाति, आदिवासी, महिला,धर्म, भाषा तथा क्षेत्रको सवाल पनि रह्यो । जसका कारण बहुसंख्यक जाति, जनजाति, दलित, महिला, भाषा, धर्म र क्षेत्रका जनताको यो व्यवस्था र पद्धतिप्रति स्वामित्वको भावना रहेन ।[८७]

नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाल अधिराज्यलाई बहुजातीय र बहुभाषिक देशको रूपमा स्वीकार गरेको छ । तर त्यो यथार्थतालाई कार्यान्वयन पक्षमा पूर्णतः अस्वीकार मात्र गरिएन जात, धर्म, भाषा र सांस्कृतिक पक्षमा प्रष्ट रूपमा देखिने गरी अनेकौं विभेदहरू गरिएका छन्, जसले गर्दा सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको संविधानको घोषणा आफैंमा हास्यास्पद बन्न पुगेको छ ।

---

[८६] महेन्द्र लावती, ***ट्वार्डस अ डेमोक्रेटिक नेपाल (इन्क्लुजीव पोलिटिकल इन्स्टीच्यूसन्स फर अ मल्टीकल्चरल सोसाइटी),*** (न्यू दिल्ली : सागे पब्लिकेशन्स, सन् २००५), पृ. ११३ ।

[८७] (मल्ल के.सुन्दर/पदमलाल विश्वकर्मा) (सं.),***पूर्ववत् टिप्पणी*** नं. ७८, पृ. ६६–६७ ।

नेपालमा जति पनि राजनैतिक परिवर्तन भए ती परिवर्तनहरूले नेपालको आन्तरिक संरचनामा कुनै प्रभाव पार्न सकेन केवल सत्ता सञ्चालकहरूको स्वरूपमा परिवर्तन भयो । त्यसले केन्द्रीय राज्यसत्ता स्थापनादेखि हालसम्म विविध रूपमा उत्पीडनमा परेको नेपाली नागरिकको आधारभूत हक अधिकारको कहिल्यै प्रतिनिधित्व गर्न सकेन ।[८८]

नेपालले यस अवधिमा लैङ्गिक, जातिय एवम् क्षेत्रीय विभेदलाई छिनोफानो गर्न सकेन । समाजवाट उत्पीडित र उपेक्षित वर्गप्रति राज्यले पूरा गर्नुपर्ने दायित्व निर्वाह हुन सकेन । राज्यस्वामित्वमाथि अधिकारको पहुँच स्थापित हुन नसकेको यस किसिमको समाजले कमजोर वर्गलाई माथि उठाउन सकेन । जसको परिणाम सदियौं देखि उपेक्षित समुदाय, वर्ग, जातिले आफुलाई राज्यबाट अपहेलिते महसुस गर्न पुगे । प्रजातन्त्र प्राप्तिपछि पनि नागरिकमा जातीयता, धर्म, भाषा, वर्ग, लिङ्ग, आदिको आधारमा देखिएको भेदभाव वढदै जानु भनेको राज्य आफ्नै नागरिकहरूलाई राज्यसत्तामा ल्याउन असहनशील भएको महसुस पछाडिपरेको समुदायले गर्न पुगे । प्रजातन्त्र प्राप्तिपछि पनि राज्यवाट पछाडि पारिएकाहरूको संख्या वढ्दै जानुमा राज्यले शासनमा सवै नेपाली जनतालाई समावेश गराएको रहेनछ भन्ने देखाएको छ ।

त्यस समय नेपालका राजनीतिक दलहरूले जातीय प्रतिनिधित्व गर्न नै सकेनन् । जातीय विशेषमा राजनीतिप्रतिको सोच फरक फरक वन्न पुग्यो । संविधान उदार त वन्यो तर संविधानले मुलुकभित्रको ५९ वटा जनजातिको पक्षमा कुनै काम गर्न सकेन् ।[८९] राज्यको मूल धारमा आउन नसकेका यस्ता जनजातिहरूकै कारण मुलुक लामो समय द्वन्द्वमा गुज्रन पुगेको थियो । विगत ६० वर्षको इतिहास हेर्ने हो भने जनजातिहरूले सरकार वनाउन नसक्नु नै राज्यले तिनलाई अलग्याएको मान्न सकिन्छ । यहीकारण जनजातिहरूमा राज्यले मेरो पनि हो भन्ने भावनाको विकास गराउन सकेन । जनजाति, महिला, दलित आदिलाई शासनमा सहभागिता दिलाउनाले देशमा सङ्कट एकपछि अर्को देखियो । सबैलाई अटाउने संरचना राज्यले बनाउन सकेन । राज्य र देश दुवै आफ्नो हो भनी स्वामित्व वोध गर्न पाउने र सक्ने गरी राज्यको पुनसंरचना आवश्यक भए पनि ०४७ सालको संविधानले त्यस्तो प्रावधान मिलाउन सकेन । [९०]

---

[८८] मुक्ति प्रधान,"राज्यको पुनःसंरचनाको सवाल : अवधारणा र संरचनाको स्वरुप", ***नेपालको सन्दर्भमा राज्यको पुनः संरचना,*** (दो.सं.), (नेपाल : सामना प्रकाशन, २०६३), पृ. ३९५ ।

[८९] ओम गुरुङ्ग, "समावेशी प्रजातन्त्रःस्वरूप र संरचनामा जनजातिको सवाल", प्रदीप घिघिरे (सं.), ***समावेशी लोकतन्त्र,*** (प्र.सं.), (काठमाडौं : फ्रिडम फोरम, २०६३), पृ. १४३ ।

[९०] कृष्ण खनाल, ***राज्यको पुनर्संरचना एक प्रस्ताव,*** (प्र.सं.), (ललितपुर, नेपाल समसामयिक अध्ययन केन्द्र, २०६१), पृ. १६ ।

### ४.४.१ आदिवासी/जनजातिहरूप्रतिको जातीय विभेद

नेपालको राज्य संरचनामा ०५८ सालको जनगणनालाई हेर्ने हो भने ४३ वटा जनजातिको तथ्यांक प्रस्तुत गरेको छ । जुन संख्या कुल जनसंख्याको ३७.२% रहेको पाइन्छ । पछि गएर सरकारले ०५८ सालतिर राजपत्रमा सूचना प्रकाशित गरेर यो संख्या ५९ देखाएको छ । राज्यको दमन र विभेदको सिकार वन्नपुगेका आदिवासी/जनजातिहरूले समावेशीकरणको माग गरिरहेका छन् ।

> राज्यबाट गरिएको विभेद जातीय आधारमा छ । भाषिक आधारमा छ । धार्मिक आधारमा र क्षेत्रीय आधारमा पनि विभेद भएको छ । विभेदपूर्ण नीतिका कारण जनजातिहरूले भूमिमाथिको परम्परागत अधिकार गुमाउनु परेको छ । प्राकृतिक श्रोत र सम्पदामाथिको उपभोग गर्ने 'कस्टोमरी' अधिकार गुमाउनु परेको छ । ती अधिकारहरू गुमाएपछि जनजातिहरूको संस्कृति, भाषा पहिचानमात्र हरण भएन, कतिपय जनजातिको भौतिक पहिचान नै नष्ट हुन पुगेका छन् ।[९१]

आदिवासीका क्षेत्रमा प्रवासीलाई वसाईंसराईं गराएर राज्यले आन्तरिक उपनिवेशको विकास मात्र गरेन स्थानीय ती रैथाने जातिहरूको संस्कृतिमा समेत अतिक्रमण गर्न पुग्यो । उनीहरूलाई सिमान्तीकरणको अवस्थामा पुऱ्याउने काम भयो । आदिवासी जनजाति 'आज' समुदायको प्रतिनिधित्व ०४८ सालको सदनभन्दा २०५१ र २०५६ सालको सदनमा मधेशी आदिवासीको अवस्था घट्दै गइरहेको तर ती सदनमा बाहुन–क्षेत्री समुदायले ६० प्रतिशतभन्दा बढी स्थान ओगटेका थिए ।[९२] यसबाट के पुष्टि हुन्छ भने राज्यको चरित्र समावेशी हुन सकेन असमावेशी भयो। यसले मुलुकका तमाम आदिवासी/जनजातिहरूलाई शासनमा सहभागी नै गराउन सकेन् । यसको चरित्र अधिकांश जनजातिहरूलाई बाहिर पारेर केन्द्रलाई बलियो वनाउनु रह्यो । नेपालको राज्यसंरचना ०४६ सालपछि पनि केन्द्रिकृत बन्न पुगेकोले जनताले परिवर्तनको कुनै महसुस गर्न सकेनन् । ०४७ सालको संविधानले जनजाति, महिला, दलित आदिलाई शासनमा सहभागीता नगराएर धेरैलाई बाहिर पार्ने काम गरेको छ । राणाकालको राज्य झैं जनआन्दोलन–०४६ पछि पनि सानो निर्णय लिन समेत केन्द्रमै धाउनुपर्ने वाध्यतामा कुनै

---

[९१] ओम गुरुङ, समावेशी प्रजातन्त्र : स्वरूप र संरचनामा जनजातिको सवाल, "***समावेशी लोकतन्त्र"***, (प्र.सं.), ( काठमाडौं : फ्रिडम फोरम, २०६३), पृ.१४४ ।

[९२] महेन्द्र लावती, "आदिवासी/जनजातिप्रति जातीय भेदभाव", मल्ल के. सुन्दर र अन्य (सं.), ***डर्बान घोषणा र कार्ययोजना तथा नेपालमा जातीय विभेद,*** (प्र.सं.), (काठमाडौं : जातीय विभेद विरुद्ध राष्ट्रिय मञ्च, सन् २००२) पृ. १३९ ।

परिवर्तन आएन् । यहाँसम्म कि २०४६ सालको जनआन्दोलनपछि पनि परम्परागत रूपमा पछाडि परेका आदिवासी जनजातिहरूलाई राज्यले पछाडि पार्ने काम गरिरह्यो ।[९३]

आदिवासी/जनजातिहरू नेपालको बहुसंस्कृतिमूलक समाजका लागि चम्किलो सांस्कृतिक विशेषता हो भन्ने कुरालाई ०४६ सालपछि बनेको सरकारले स्विकार्न सकेन । राज्यले यिनीहरूमाथि लामोसमयदेखि विभेद गरेको कुरालाई कसरी पुष्टि गर्न सकिन्छ भने ०४७ सालको संविधान निर्माणपछि यिनलाई सत्तामा लानुपर्छ भनेर कुनैपनि दलका नेताहरूले सोचेनन् । लाजगालले पञ्चायती व्यवस्थामा बरु यिनीहरूलाई देखाउनैका लागि भए पनि सत्तामा टिपेर ल्याउने गरिन्थ्यो । तर, यिनीहरूलाई राज्यको नेतृत्वमा पुऱ्याउन ०४७ को संविधान निर्माणपछि कुनै प्रयास भएन । सत्ताबाट झन झन यिनीहरूलाई अलग्याउने काम भयो । आदिवासी/जनजातिहरूप्रतिको जातीय विभेद बढ्दै गयो । कुल जनसंख्याको २९.१३ प्रतिशतमा रहेका बाहुन र क्षेत्री जातिले प्रशासन, सेना र प्रहरीमा ७७ प्रतिशत ओगटेका छन् । संवैधानिक निकायमा ६७ प्रतिशत र संसदमा ६३ प्रतिशत उनीहरू नै छन् । जनसंख्याको ठूला हिस्सामा रहेको दलित र अल्पसंख्यक जातिले आफूहरू राजनीतिक रूपमा बाहिरिएको अनुभूत गरेका छन् । उनीहरू आफ्नो जीवनमा प्रभाव पार्ने निर्णय गर्न र मुलुकको विकाससँगै आर्थिक फाइदा लिनबाट बञ्चित छन् ।[९४]

आदिवासी/जनजातिहरूप्रति जातीय विभेद नगर्न ०४७ को संविधानको निर्देशक सिद्धान्तमा राखिएको प्रावधानलाई निर्वाचनबाट सत्तामा आएका कसैले पनि पालना गरेनन् । विविधताले युक्त समाजमा राज्यको शक्ति, स्रोत र साधनमाथि कुनै एक वर्गको आधिपत्य रहेमा त्यहाँ विद्रोह जन्मन्छ । अल्पमतद्वारा वहुमतमाथि गरिने शासन सदैव खतरापूर्ण हुन्छ र यसले मुलुकलाई सङ्कट तर्फ लान्छ भन्ने कुरा नेपालको अनुभवले देखायो । ०४६ सालको जनआन्दोलनपछि पनि फेरी राजतन्त्रले सत्तामा एकलौटी गर्न खोजेपछि आदिवासी/जनजातिहरूले जातीय विभेदका विरुद्धमा आवाज मात्र उठाएनन् ०६२/६३ को जनआन्दोलनपछि देश नटुक्रने गरी संघीयताको माग उठाइरहेका छन् ।

## ४.५ माओवादीको शक्ति विस्तार

एशियाका कम्युनिष्ट पार्टीहरूमा धेरै पछि उदय भएको नेपाल कम्युनिष्ट पार्टीको स्थापना मिति विवादास्पद रहेको छ । यसका संस्थापक सदस्यहरूमध्ये पुष्पलालले ने.क.पा को

[९३] महेन्द्र लावती, ***टुवार्डस ए डेमोक्रेटिक नेपाल : इन्क्लुजिभ पोलिटिकल इन्स्टिच्युसन फर ए मल्टीकल्चरल सोसाइटी,*** (न्यूदिल्ली : सागे पब्लिकेशन्स, सन् २००५), पृ. १९ ।

[९४] ***नेपाल मानवअधिकार वर्ष पुस्तक २००४,*** (काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र, २०६०), पृ. २७ ।

स्थापना सेप्टेम्बर १५, १९४९ (असोज,२००६) लाई मानेका छन् । नरबहादुर कर्माचार्य, नारायणविलाश जोशी र निरन्जन गोविन्द वैद्यले अप्रिल २२, १९४९ (वैशाख, २००६) लेनिनको जन्मजयन्तीमा स्थापना गरिएको थियो भनेका छन् भने मनमोहन अधिकारीले भने पाँचजना रहेर गठन भएको मितिलाई सबैले मानेको र विभाजनपछि मात्र विवाद उठाइएको भनिएको छ । अर्कोतिर फागुन ७, २०१५ मा भएको संसदीय आम निर्वाचनका निम्ति ने.क.पा.को घोषणापत्रमा ने.क.पा. को जन्म २००६ साल आश्विन ३० गते (सेप्टेम्वर १५, १९४९) मा भएको हो भनेका छन् ।[९५] पुष्पलालको नेतृत्वमा कलकत्तामा स्थापना भएको कम्युनिष्ट पार्टी सुरुदेखि नै नेपालको प्रजातन्त्रप्राप्तिका लागि चलाइएको जन आन्दोलनमा कुनै न कुनै रूपमा सहभागी हुँदै आएको पाइन्छ । ०७ सालमा जसरी यिनीहरू सहभागी भएका थिए ०४६ सालमा पनि त्यसैगरी प्रभावकारी शक्तिका रूपमा नेपाल कम्युनिष्ट पार्टी सहभागी भएको थियो ।

> “प्रजातन्त्रको पुनस्थापनापछि छ दसकभन्दा लामो कम्युनिष्ट आन्दोलनले नेपाली जनतामा पारेको प्रभावलाई एमालेले आफ्नो शक्ति विस्तारका निम्ति उपयोग ग-यो । तर ठूलो जनसमर्थन प्राप्त गरी संसद्मा बाहुल्य कायम गर्दा पनि यस पार्टीले मुलुकको सामाजिक, आर्थिक र सांस्कृतिक प्रगतिका लागि कुनै काम गर्न सकेन । राष्ट्रियता, प्रजातन्त्र र जनजीविकाका मुद्दाहरूमा यसको भूमिका प्रभावकारी रहेन । सामाजिक परिवर्तनको दृष्टिकोण बनाउन एमाले असफल देखियो । यसै कारणले गर्दा माओवादीहरूले आफ्नो शक्ति विस्तार गर्ने मौका पाए ।”[९६]

स्थापनाको छ दसकपछि नेपाली कम्युनिष्ट घटकहरूले अन्य विभिन्न मोर्चासँग संयुक्त हुंदै आन्दोलनलाई अगाडि बढाउँदै लग्यो । प्रजातन्त्रप्राप्तिको लगभग एक दशक ०७-०१७ को अवधि एकीकृत कम्युनिष्ट पार्टी रह्यो । त्यसपछिको एक दशक अर्थात् ०१७-०२७ को अवधिमा भने नेपाल कम्युनिष्ट पार्टीभित्र विभिन्न विभाजन रेखाहरू कोरिए । कहिले जुटने त कहिले फुटने कम्युनिष्ट पार्टीको विशेषता बन्यो । २०४६ सालतिर नेपालका बाम घटकहरू पानी वारावारको स्थितिमा १२ टुक्रामा विभाजित बनेर बसेका थिए । तिनमा : (१) नेकपा (मार्क्सवादी), (२) नेकपा (अमात्य), (३) नेकपा (मानन्धर), (४) नेकपा (माले), (५) नेकपा (वर्मा), (६) नेकपा (चौम), (७) नेमकिसं (रोहित), (८) नेकपा (मसाल), (९) नेकपा (मशाल), (१०) सर्वहारावादी श्रमिक सङ्गठन नेपाल (रूपलाल विश्वकर्मा), (११) नेपाल मार्क्सवादी लेनिनवादी पार्टी (कृष्णदास श्रेष्ठ), (१२) शम्भुराम श्रेष्ठ समूह (नेपाल कम्युनिष्ट लीग) आदि थिए ।[९७] यही सिलसिलामा विभिन्न सात

---

[९५] भीम रावल, ***नेपालमा साम्यवादी आन्दोलन उद्भव र विकास,*** (दो.सं.), (काठमाडौं : पैरवी प्रकाशन, २०४७), पृ. १८–१९ ।

[९६] तिलक पराजुली, कम्युनिष्ट आन्दोलनमा देखिएका चुनौतीहरू, ***अन्नपूर्ण पोष्ट,*** (काठमाडौं : न्यूज मिडिया प्रा.लि, असोज ६, २०६१), पृ ८ ।

[९७] सुरेन्द्र के.सी, ***नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास भाग २,*** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६०), पृ. ५३ ।

वामपन्थी समूहहरूले पनि आपसमा सम्मिलित भई "संयुक्त वाममोर्चा" गठन गरी नेपाली कांग्रेसले दिएको कार्यक्रमका आधारमा नेपाली कांग्रेससँग मिलेर जनआन्दोलनमा सरिक हुने निर्णय गरे ।[९८]

सात घटकको संयुक्त वाम मोर्चामा नेकपा (मार्क्सवादी), नेकपा (अमात्य), नेकपा (मानन्धर), - नेकपा (माले), नेकपा (वर्मा), नेकपा (चौम) र नेमकिसं (रोहित) सम्मिलित थिए ।*

यसले झापा संघर्षको भावनालाई नेकपा (चौम) बाट विकसित बनेको नेकपा (मशाल) ले अपनाएको क्रान्तिकारी धारलाई अपनाउन पुगेको थियो । केही घटकहरू संयुक्त वाममोर्चाको संसदवादी कार्यदिशा अपनाउन सहमत नभएपछि नै त्यसप्रकारको अलग वाममोर्चाको गठन अवश्यम्भावी बन्न पुगेको थियो ।

यसरी एक दर्जन कम्युनिष्ट घटकहरूमा सात वाम समूहमात्र 'संयुक्त वाममोर्चा'मा संगठित भए । बाँकी पाँच घटकहरू (१) नेकपा (मसाल) (२) नेकपा (मशाल), (३) सर्वहारावादी श्रमिक संगठन नेपाल, (४) नेकपा (मार्क्सवादी लेनिनवादी पार्टी) र (५) शम्भुराम श्रेष्ठ समूह 'संयुक्त राष्ट्रिय जनआन्दोलन' नामक अलग वाममोर्चाको गठन गरे । यो त्यहि मोर्चा थियो जसले सं.रा.ज.आ कै नाममा आफ्नो कार्य सञ्चालनार्थ एउटा केन्द्रीय कार्यसमितिको पनि निर्वाचन गऱ्यो । तिनमा डा. बाबुराम भट्टराई (मसाल), भैरव रेग्मी (मसाल), सिन्धुनाथ प्याकुरेल (मसाल), मेघराज ज्ञवाली (मशाल), वाचस्पति देवकोटा (मशाल), सि.पि गजुरेल (मशाल), शम्भुराम श्रेष्ठ(शम्भुराम समूह), गोपालकृष्ण प्रसाई (शम्भुराम समूह), कृष्णदास श्रेष्ठ (मालेमा), रामबहादुर श्रेष्ठ (मालेमा), जगदीशचन्द्र भण्डारी (मालेमा), नन्दकुमार प्रसाई (संयुक्त जन मोर्चा), शक्ति लम्साल (स्वतन्त्र वाम) र सीताराम तामाङ्ग (स्वतन्त्र वाम) रहे ।

कम्युनिष्ट समूहको अतिरिक्त विभिन्न वाम व्यक्तित्वहरू पनि यसमा सामेल भए । संयुक्त राष्ट्रिय जनआन्दोलनले डा.बाबुराम भट्टराईलाई मोर्चाको प्रवक्ता तोक्यो । यसले नयाँ जनवादी व्यवस्था कायम गर्नका लागि नत राजाले ०१७ सालमा अफाप भएको दलीय व्यवस्थालाई स्विकाऱ्यो नत पंचायत विरोधी जनआन्दोलनलाई नै यिनीहरूले स्विकारे । उनीहरूले पनि ०४६ चैत्र २४ गते "नेपाल बन्द" को कार्यक्रम राखेर २६ चैत्रलाई बल पुऱ्याएका थिए–

[९८] चिरञ्जीवी वाग्ले र अन्य, (सं), ***नेपाली कांग्रेस र यसका दृष्टिकोणहरू,*** (काठमाडौं : नेपाली कांग्रेस के.का, २०५२), पृ. ८ ।

* संयुक्त वाममोर्चामा सहाना प्रधान, तुलसीलाल अमात्य,नीलाम्बर आचार्य,राधाकृष्ण मैनाली, प्रल्हादप्रसाद न्यौपाने,लीलामणि पोखरेल र श्यामकृष्ण कोजु रहेको ७ जनाको सचिवालय गठन गरेको थियो ।

“संयुक्त जनआन्दोलन पक्षधर वामघटकबाट यस आन्दोलनको आव्हान र संचालन गरिएको थियो, त्यसैले चाहिं राजा, कांग्रेस, एवं संयुक्त वाममोर्चा पक्षधर वाम घटकहरूबाट पनि घोर उपेक्षा गरिएकाले आन्दोलनको अभिप्राय अधुरै रह्यो।”[९९]

यसरी वितेको पचास वर्षभन्दा बढी लामो कम्युनिष्ट आन्दोलनको इतिहासमा उग्रवामपन्थी कम्युनिष्ट पार्टीहरूमा धेरै उतार चढाव देखिन्छ। ०२७-०२८ सालको झापा आन्दोलनपछि एकीकृतरूपमा कम्युनिष्ट आन्दोलन अगाडि बढ्दै गयो। यसमा पनि विशेष गरी उग्रवामपन्थी धार नै कम्युनिष्ट मूलधारबाट पृथक् रहेको थियो तर पछि यसले लिएको हिंसात्मक नीति गलत भएकै कारण जनतामाझ यो लोकप्रिय बन्न सकेन।

वि.सं. ०२७-२०२८ तिरको झापा काण्ड परम्परागत कम्युनिष्टहरूबाटै सुरु भएको थियो। वैशाख १०, २०२८ मा पूर्वी कोशी प्रान्तीय कमिटी अन्तर्गतको झापा जिल्ला कमिटीले वर्ग शत्रु खतम गर्न गुरिल्ला सङ्घर्ष चलाउने औपचारिक निर्णय गऱ्यो।[१००] झापामा जमिन्दार खतम अभियान सुरु भएपछि सरकारले व्यापक रूपमा विद्रोहीहरूमाथि दमनचक्र चलायो। सयौं व्यक्तिहरू गिरफ्तार गरिए।

नेपालको कम्युनिष्ट धारमा वेला वेलामा आउने विचलनबाट कहिलेकहीं विभिन्न गुट उपगुटहरूको विकास हुँदै आएको पाइन्छ। नेपालको परम्परागत कम्युनिष्ट आन्दोलनलाई उग्रवामधारतर्फ निरन्तरता दिने क्रममा लगभग एक दशक अगाडिदेखि देशभित्र जनयुद्धको सुरुवात भएको देखिन्छ।

नेकपा (एकताकेन्द्र) मा ०५० सालमा विभाजन भएपछि नेकपा (माओवादी जन्मिएको हो। नेकपा (माओवादी) समूह विभाजित नहुँदैको एकताकेन्द्रमा एउटै विचार र रणनीति हुँदाहुँदै पनि समसामयिक सामाजिक–आर्थिक र राजनीतिक स्थितिको विश्लेषण गर्ने मामिलामा तीव्र अन्तरविरोधको सृजना भयो। प्रचण्डको समूहले तत्कालीन सामाजिक आर्थिक अवस्था विस्फोटनको बिन्दुमा पुगेको हुनाले तत्काल हतियार बोक्नुपर्ने निष्कर्ष निकालेर नेकपा (माओवादी) को गठन गरेको हो।[१०१]

---

[९९] सुरेन्द्र के.सी, ***नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास भाग २,*** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६०), पृ. ३२२।

[१००] भीम रावल, ***नेपालमा साम्यवादी आन्दोलन उद्भव र विकास,*** (दो.सं.), (काठमाडौं : पैरवी प्रकाशन, २०४७), पृ. ८०।

[१०१] विजयकुमार पौडेल, ***मार्क्सवादी अर्थशास्त्र: पृष्ठभूमि, उद्भव र विकास,*** (प्र.सं.), (काठमाडौं : एसिया पब्लिकेसन्स् प्रा.लि., २०६२), पृ. ३११।

फागुन १, २०५२ सालबाट जनयुद्ध नाम दिएर हिंसात्मक आन्दोलन बाट ने.क.पा (माओवादी) ले संचालन गरेको जनयुद्धले विस्तारै विस्तारै देशभित्रबाट पुरानो सत्तालाई विस्थापन गराउन खोजेको देखिन्छ । यसैक्रममा उनीहरूको लक्ष्य गणतन्त्रतर्फ रहेको थियो । कम्युनिजम स्विकार्नु भनेको गणतन्त्रवादी बन्नु हो । जनगणतन्त्र नेपालको स्थापना गर्ने लक्ष्य लिएर २००६ सालमा नेपाल कम्युनिष्ट पार्टीको जन्म भएको थियो । नेपालको कम्युनिष्ट आन्दोलनमा केशरजंग रायमाझी जस्ता राजावादीहरू घुसेर कम्युनिष्ट आन्दोलनलाई नै क्षत विक्षत वनाएको यथार्थ छ भने माले-एमालेले माओवादीहरूले गणतन्त्रकालागि गरेको आन्दोलनको पनि विरोध गरेका छन् । माले-एमाले नेतृत्व जनक्रान्तिकै विपक्षमा रहेकोछ ।[१०२]

सशस्त्र संघर्ष र बलप्रयोग जस्ता कुराहरूमा नेकपा (मसाल), नेकपा (एकता केन्द्र) र नेकपा (माओवादी) जस्ता उग्रबाम पार्टीहरूको एउटैमार्ग देखिन्छ । माओवादबाट प्रभावित जिल्लाहरूमा नेपाल अधिराज्यको संविधान ०४७ ले काम गर्न सकेको थिएन । जनताहरू सरकारी अड्डा अदालतमा भन्दा माओवादीको जनअदालततर्फ लाग्ने गरेका थिए । उनीहरू त्यस समय गुरिल्ला शैली अपनाउन पुगेका थिए । उग्र हिंसात्मक वाटो अपनाएका माओवादीले सुरुका दिनमा उनीहरूको विचारसँग असहमत हुनेहरूलाई तिनका व्यक्तिगत स्वतन्त्रतामाथि आक्रमण समेत गर्न पुगेका थिए ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले बाऱ्ह वर्ष अघि थालेको दीर्घकालीन जनयुद्ध नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासमा झापा आन्दोलनपछि सबैभन्दा प्रभावशाली सशस्त्र विद्रोह थियो। सुरुमा वर्तमान राज्यसत्ताको संरचनालाई ध्वस्तपारी नयां जनवादी गणतन्त्रको स्थापना गर्ने भने तापनि ०६२/६३ को जनआन्दोलनमा आइपुग्दा १२ वर्षसम्म बन्दुकले जित्न नसकेको युद्ध १९ दिनले जितायो ।

सुरुमा ०४८ सालको निर्वाचनमा सं.ज.मो को तर्फवाट ९ स्थानमा विजयी बनेको राजनीतिक पार्टी मशाल, चौ.म., सर्वहारावादी श्रमिक संगठन र मसालवाट अलग्गिएका समूहबीच एकीकरण भएपछि ने.क.पा. (एकता केन्द्र) बनेको थियो । टुट्ने र फुट्ने क्रममा एकता केन्द्रपनि विभाजित भई माओवादी र संजमो पनि टुक्रिएर भट्टराईसमूह समेत माओवादीमा लाग्यो ।

संसदीय राजनीति पनि उपयोग गर्ने भूमिगत अभियान पनि कायमै राख्ने उसको रणनीति जनयुद्ध सुरुभएपछि पूर्णविराम लाग्न गयो । सुरुमा माओवादीले राजतन्त्रप्रति नरम नीति अख्तियार गरेर बहुदलीय व्यवस्थाकै मर्ममाथि आक्रमण गर्न पुग्यो । जनताले क्रान्ति गरेर

---

[१०२] मुमाराम खनाल (सं), ***दिशाबोध,*** (काठमाडौं : दिशाबोध मासिक, २०५८ भदौ), पृ. ३१ ।

ल्याएको ०४६ सालपछिका राजनीतिक उपलब्धि र संवैधानिक व्यवस्थामाथि उसको प्रहार थियो । अर्कोतिर राजाले पनि माओवादी देखाएर फेरी सक्रिय राजतन्त्र फर्काउन सकिन्छ भन्ने सोचेर प्रतिगामी कदम चाल्ने मौका पाए । शहरबाट राजाले र गाउँबाट माओवादीले राजनीतिक दलका कार्यकर्तालाई लखेटे ।

माओवादी चुनाबबाट समस्याको समाधान हुन्न भन्नेमा लागेका थिए । पछिल्ला समयमा माओवादी मुलधारको राजनीतिवाट अलग्गिन खोजेको थियो । कारण माओवादी विद्रोहका लागि वातावरण ०४६ सालको जनआन्दोलन नभएर मुलुकले प्रजातान्त्रीकरण नअपनाउनाले भएको थियो । संविधान निर्माणसँगै राज्यको पुनःसंरचना प्रजातान्त्रिक तवरवाट भएको भए माओवादी विद्रोहले त्यसरी ठूलो आकार लिन सक्दैनथ्यो । सुरुमा माओवादीहरूले नेपालका सा-साना वामपन्थी शक्तिहरूलाई गोलबद्ध गराउँदै गए । राज्यले वेवास्ता गरेको जाती जनजातीको आकांक्षालाई तीव्ररूपमा बढाइदिए । संसदवादी दलहरूले गर्दै गएका कमजोरीबाट बहुदलीय व्यवस्थाको बिरोधमा आफ्नो शक्ति लगाए । यस किसिमको बिचारधारा बोकेको माओवादी संगठन नेपालमा कसरी विकास भयो भन्ने जानकारी निम्न तालिकाले पनि पुष्टि गर्दछ :

## माओवादी संगठनको विस्तारित तालिका

भूमिगत नेता मोहन विक्रम सिंह जव एक दशक जति लामो कारावासबाट वि.सं. २०२८ तिर (सन् १९७१) मुक्त भए त्यसको लगत्तै उनले सेन्ट्रल न्युक्लियसको गठन गरे । तर उनले पुराना कम्युनिष्टहरूलाई संगठित गर्न भने सकेनन् । यसअघि चीनको सांस्कृतिक कान्तिताका सन् १९६७ मा रुसी र चिनियाँ कम्युनिष्ट पार्टीमा जुन फुट आएको थियो त्यसले नेपालका कम्युनिष्ट पार्टीमा पनि असर पुऱ्याईछोड्यो । यसै क्रममा सन् '७० र '८० को समयमा मोहन विक्रमले अधिकांश समय भारतमा बिताए । यसबीच उनी त्यहाँ रिभोल्युसनरी ईन्टरनेसनल मोभमेन्ट (रीम) सँग ज्यादै नजिक बन्न पुगे । माओको मृत्युपछि अव यिनले चीनलाई समेत प्रतिक्रियावादी र प्रतिक्रान्तिकारीका रूपमा लिन थाले । 'केन्द्रीय न्युक्लस' को अर्कोपक्ष मोहनविक्रम समूहद्वारा २०३१ सालमा चौंथो महाधिवेशन भारतमा सम्पन्न गरिएपछि यो समूह चौंथो महाधिवेशनका नामबाट चर्चित भयो । द्रूत गतिले विकास गर्दै गएर एकसमय सबभन्दा शक्तिशाली भनिने चौंथो महाधिवेशन समूह पनि पछिसम्म एकता कायम गर्दै अगाढि वढन सकेन । देशका विभिन्न भाग र खासगरी बुद्धिजीवीहरूमा आफ्नो बढ्दो प्रभावको अनुपातमा सङ्गठन तथा संघर्षका क्षेत्रमा अघि बढ्ने एवं पार्टीपंक्तिलाई एकताबद्ध राख्ने कुरामा चौथो महाधिवेशन सक्षम नरहेको देखियो ।[१०३] केन्द्रीय न्युक्लसको गठनलाई वामपन्थी एकताको निर्माणका निम्ति निर्णायक महत्त्वको सफलता भनिए तापनि त्यसको गठनका साथसाथै आन्तरिक विवाद सुरु भयो । राजापरस्त तत्वहरूद्वारा संविधानसभाको विरोधको कारण आन्तरिक संघर्ष तीव्र वनेको थियो । रुस र चीनबीचको ध्रुवीकरणको प्रभाव नेपालका साम्यवादीहरूमा पर्न गएको कुरा यी घटनाले देखाउँछ ।

यसै बीच सोही अवधिमा निर्मल लामाले अल्पमतमा रहेको सिपिएन् (चौंथो कंग्रेस) को नेतृत्व गरे । बहुसंख्यक भने मोहन विक्रमको सिपिएन् (मसाल) तर्फ लागे । यसमा पनि केही वर्षभित्रै विभाजन रेखा देखा पऱ्यो । यस पटक भने सिपिएन् (मसाल) मा अल्पमतको नेतृत्व सिंहले नै गर्दै रहे । आर्को सिपिएन् (मशाल) को नेतृत्व चाहिँ वहुसंख्यक गूटको नेतृत्व मोहन वैद्यले गर्न थाले । सन् १९९० पछि सिपिएन् (मशाल) र सिपिएन् (चौ.म) को प्रयासमा नेकपा (एकता केन्द्र) स्थापना गर्न खोजेका थिए । एकताकेन्द्रको सन् १९९३ मा भएको असफलतापछि उक्त केन्द्र सिपिएन (चौ.म) मा  निर्मल लामा र लीलामणि पोखरेलको मातहतमा रहे । पछि सन् १९९३ मा एकता केन्द्रले पुष्प कमल दाहाल अर्थात् 'प्रचण्ड' को मातहतमा सिपिएन् (माओवादी) स्थापना गरेको देखिन्छ । यो त्यही माओवादी पार्टी हो जसले नेपालमा 'जनयुद्ध' सुरु गरेको

[१०३] भीम रावल, ***नेपालमा साम्यवादी आन्दोलन उद्‌भव र विकास,*** (दो.सं.), (काठमाडौं : पैरवी प्रकाशन, २०४७), पृ. ७५ ।

थियो ।[१०४] यस अघि नेपालमा ०४६ सालको जन आन्दोलनमा नेपाली कांग्रेससँग कम्युनिष्ट घटकका ७ वामसमूहले 'संयुक्त वाममोर्चा' गठन गरेका थिए । तर बांकी रहेका ५ कम्युनिष्ट घटकहरूले भने 'संयुक्त राष्ट्रिय जनआन्दोलन' अन्तर्गत आफ्नो वेग्लै भूमिका निर्वाह गरेका थिए। जनयुद्धको आफ्नै परिभाषा दिंदै संजमोका अध्यक्ष डा.बाबुराम भट्टराई भन्छन् "जनयुद्ध भनेको समग्र युद्ध हो । टिम कारवाही वा छापामार कारवाही मात्र 'जनयुद्ध' होइन । जनकारवाही, जनपरिचालन, खुला गतिविधि, भूमिगत गतिविधि, फौजी संघर्ष, गैरफौजी संघर्ष, आदि सबै जनयुद्ध अन्तर्गत पर्दछन् । "[१०५]

### ४.५.१ नेपालमा माओवादीको विकास

नेपालमा माओवादीहरूले ठूलो प्रचारका साथ औपचारिक रूपमा सशस्त्र संघर्ष ०५२ साल फागुन १ गते प्रारम्भ गरेको भए पनि यथार्थमा यो 'माओवाद' झापा आन्दोलनकै परिस्कृत र विकसित रूप थियो । झापालीहरूले स्वयम्लाई संसदीय धारतिर नफर्काएको भए नेपालमा माओवादी जनयुद्धको उठानको पूर्वाधार बन्न सम्भव थिएन । "[१०६] नेपाल कम्युनिष्ट पार्टीभित्रका केही कट्टर घटकहरूले बढदो पंचायती प्रभावका प्रतिबन्धित अवस्थामा हिंसात्मक मार्ग पनि अवलम्वन गरेका थिए । माओवादीहरूले सुरु सुरुमा ५ वर्षको जनयुद्धलाई संश्लेषण गरेर त्यसलाई 'प्रचण्डपथ' नामकरण गरेको देखिन्छ ।[१०७] उनीहरूका अनुसार 'प्रचण्डपथ' भनेको 'रायमाझीपथ' को विपरीत हो । 'प्रचण्डपथ' लाई माओवादीहरूले "जनताको र देशको मुक्तिको पथ हो, यो सही राष्ट्रिय एकताको पथ हो भनेका छन् ।"

नेपालमा जतिपटक आन्दोलन गरेर प्रजातन्त्र ल्याएपनि सदैव अस्थिर देखिएको छ । माओवादीले यही भएर 'राज्यसत्ता बाहेक अरु सबै भ्रम हो' भन्ने माओको भनाइलाई आत्मसात गर्दै प्रतिक्रियावादी राज्यसत्तालाई ध्वस्त पारी सर्वहारावर्गको राज्यसत्ता स्थापना गर्ने जनयुद्धको मुख्य लक्ष्य हो । आधुनिक हातहतियारका बलमा टिकेको शोषकवर्गको सत्ता ध्वस्त पार्न सर्वहारावर्गले हतियार उठाउनु विज्ञानको नियम हो । यही नियमका आधारमा पार्टी, सेना र क्रान्तिकारी संयुक्तमोर्चाजस्ता तीन जादुगरी हतियारको तयारी गरेर प्रतिक्रियावादीवर्गद्वारा हुन

[१०४] स्टेफन माइकशेल, हु आर नेपाल्स माओईस्ट्स ?, ***हिमाल साउथ एशिया,*** (काठमाडौं : हिमाल ईंक, १९९६ अप्रील), पृ.३२ ।

[१०५] बाबुराम भट्टराई, संजमोको संघर्षको कार्यक्रम जनयुद्धको पुरक र सहयोगी हुनेछ, ***महिमा साप्ताहिक*** , २०५४ फागुन २ ।

[१०६] सुरेन्द्र के.सी., ***नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास भाग-२,*** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६०), पृ. ३८ ।

[१०७] कृष्ण सेन, "माओवादीले आफ्नो कार्यनीतिमा परिवर्तन ल्याएको छ", ***नेपाल,*** (काठमाडौं : कान्तिपुर पव्लिकेसन्स, २०५८ वैशाख), पृ. १-१५ ।

सक्ने दमनको मध्यनजर गर्दै पार्टीले सशस्त्र जनयुद्धको घोषणा गर्‍यो ।[१०८] ने.क.पा.(एमाले) ले मदन भण्डारीको बहुदलीय जनवादलाई र बि.पि ले प्रजातान्त्रिक समाजवादलाई महत्त्व दिए जस्तै माओवादीहरूले प्रचण्डपथलाई अगाडि वढाएको देखिन्छ । कारण ती नेताहरूले गरेको त्यागलाई यिनीहरूले उच्च मूल्यांकन गरेको देखिन्छ । प्रजातन्त्रको पुनरस्थापनापछि पनि कम्युनिष्टको उग्रधार  सिद्धान्त कतै यो व्यक्तिवादतर्फ जान लागेको हो कि भन्ने  प्रचण्डपथको नामकरणले सर्वसाधारणमा आशङ्का उब्जाएको पाइन्छ । यति हुँदाहुँदैपनि ने.क.पा.(माओवादी) ले भूमिगत रूपमा कसरी आफ्नो अस्तित्व जनाइरहेको छ भन्ने प्रमाण निम्न तथ्यबाट बुझ्नसकिन्छ :

> “२००६ सालमा गठन भएको नेपाल कम्युनिष्ट पार्टीको चौंथो महाधिवेशनभन्दा अगाडि राजावादी र सुधारवादी धारा नै पार्टीमा हावी रह्यो । यद्यपि झापा आन्दोलनमा त्यो धारालाई चिर्ने प्रयत्न गरेता पनि त्यो अन्ततः दक्षिणपन्थी अवसरवादी धारा लिएर प्रतिक्रियावादमा पतन भयो । आधारभूत रूपमा क्रान्तिकारी राजनीति लिएर पनि व्यवहारमा सुधारवाद हावी रहेको चौंथो महाधिवेशनको नेतृत्वले पनि क्रान्तिको व्यवहारिक पहल गरेन । त्यसको परिणामस्वरूप पार्टीभित्र अन्तरपार्टी संघर्षले शत्रुतापूर्ण रूप लिई कैंयौं विभाजनहरू भए । त्यसैक्रममा ०४६ सालमा निरङ्कुश पंचायती व्यवस्था विरोधी आन्दोलनले नेपालमा सीमित बहुदलीय व्यवस्थाको स्थापना गर्‍यो । त्यसको लगत्तै २०४७ सालमा ने.क.पा.(मशाल), ने.क.पा.(मसाल) को क्रान्तिकारी समूह चौंथो महाधिवेशन र श्रमिक सर्वहारावादी संगठनको बीचमा एकता भई ने.क.पा.(एकता केन्द्र) बन्यो । २०४८ सालमा यसको एकता महाधिवेशन भयो र महाधिवेशनले स्पष्ट रूपमा दीर्घकालीन जनयुद्धको कार्यदिशा पारित गर्‍यो । क्रान्तिकारी कार्यदिशा तय भइसकेर त्यसको व्यवहारिक तयारीसम्म आइपुग्दा त्यसबाट विसर्जनवादी दक्षिणपन्थी अवसरवादीहरू पार्टीबाट अलग भए । यसरी यी विसर्जनवादी तप्का अलग भएको एक वर्षभित्र उक्त पार्टीले ने.क.पा.(माओवादी) नामाकरण गरी ०५२ फागुन एक गतेदेखि जनयुद्धको घोषणा गर्‍यो । ”[१०९]

सन् १९६० को दशकतिर भारतको पश्चिम बंगालमा चारु मजुमदार, कानु सन्याल जस्ताले चीनकै जस्तो कृषि क्रान्तिबाट  प्रेरित भई जमिन्दारहरूको जग्गा कव्जागर्ने सिलसिलामा तिनका बिरुद्ध हतियार उठाउन जुन क्रान्तिकारी संगठनहरू गठन गरिएका थिए भारतमा तिनलाई नक्सलवाढी आन्दोलन भनिन्थ्यो । नक्सलवाडी ठाउँको नामबाट सुरुवात भएको आन्दोलन नेपालको झापा जील्ला नजिक पर्दछ ।

वामपन्थीहरूको एउटा समूहले पूर्वी नेपालमा झापा आन्दोलनको नामले एक भूमिगत गुरिल्ला अभियान चलाएका थिए । त्यस समूहका कतिपय सदस्यहरू सन् १९७१ मा प्रति-विद्रोह

---

[१०८] दिनेश शर्मा, ***कम्युनिष्ट आन्दोलन र नेपाली क्रान्ति,*** (नेपाल : सोभियत युनिभर्सिटी, २०६५), पृ. २९ ।

[१०९] मुमाराम खनाल, रिम,जनयुद्ध र युद्धरत पार्टीहरू, ***महिमा साप्ताहिक,*** (काठमाडौं : २०५४ साल फागुन २ गते), पेज घ।

अभियानमा सेनाव्दारा मारिएका थिए । यसरी ०२८ सालको झापा काण्ड वास्तवमा भारतको नक्सलवाढी आन्दोलनकै कार्वन कपी थियो भन्दा अतिशयोक्ति हुँदैन ।

दुबै आन्दोलन वास्तवमा हिंसात्मक थिए । "झापाली कम्युनिष्टहरूले निर्ममतापूर्वक मारेका ९ जना र मार्न प्रयास गरेका १३ जनाको तुलनामा सरकारले कैयौं गुणा नृशंश दमन गरेको थियो। तर यस हत्याले न  सरकारको कडा नीतिमा परिवर्तन ल्यायो न त विद्रोही पक्ष नै दबेर गए । त्यसका विपरीत झापालीहरू अरु सङ्गठित र सशक्त हुने दिशातर्फ लम्के ।"[११०] त्यस्तै गरी पुष्पलालको समयमा पनि विभिन्न काण्डहरू नघटेका होइनन् । नेपालमा नेकपा ( माओवादी) स्थापना भएको धेरै भएको छैन । सात घटकको बाममोर्चा भित्र पनि ०४६ सालमा नेपालका माओवादीहरू प्रजातन्त्र पुनस्थापनाको युद्धमा सक्रिय थिए । तर जव संविधान निर्माणको क्रममा गणतन्त्र तर्फ भन्दा आन्दोलनकारि अन्य घटकहरूले संवैधानिक राजतन्त्रतर्फ संविधान निर्माण गर्ने सहमति देखाएपछि संयुक्त वाममोर्चाबाट यी अलग भएका थिए ।

पछि ०४८ को आमनिर्वाचनमा भाग लिन यस दलले निर्वाचन आयोगमा आफूलाई संयुक्त जनमोर्चाको नाममा  दर्ता समेत गरायो । संसदीय निर्वाचनमा भाग लिएको यस दलले जम्मा ९ स्थानमा विजयसमेत प्राप्त गऱ्यो । तर त्यसको लगत्तै भएको स्थानीय निर्वाचनमा सं.ज.मो बाट  खासै उपलब्धि हासिल गर्न सकेन । सं.ज.मो (भट्टराई समूह) ले तत्कालीन समयका प्र.मं.शेरबहादुर देउवालाई ०५२ माघ २२ गते एक ४० बुँदे मागसहितको ज्ञापन पत्र वुझाएका थिए । यस अघि उनीहरू ०४६ सालको जनआन्दोलनमा समेत ने.का र संयुक्त वाममोर्चासँग समावेश नभई संयुक्त राष्ट्रिय जनआन्दोलन नामको बेग्लै संगठनबाट आफूलाई प्रस्तुत गरेका थिए ।

विस्तारै रिममा आवद्धभएपछि ०५१ सालमा नेकपा एकता केन्द्र बन्न पुगेपछि पार्टीको नाम पनि माओवादी राख्न पुगे । त्यसमा गणतन्त्रात्मक व्यवस्था स्थापनाका निम्ति जनप्रतिनिधिहरूव्दारा नयाँ संविधान निर्माण गर्नुपर्ने, राजा र राजपरिवारको सबै विशेष अधिकारको अन्त गर्नुपर्ने, सेना, प्रहरी र प्रशासन जनताको नियन्त्रणमा हुनुपर्ने । रुकुम, रोल्पा, जाजरकोट, गोरखा, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, धनुषा, रामेछापका सम्पूर्ण राजवन्दी रिहा गरिनुपर्ने, झुठा मुद्दाहरू खारेज गरिनुपर्ने मागहरू सम्मिलित थिए । यसै गरी महाकाली नदी विकासको एकीकृत सन्धि अझै बढी राष्ट्रघाती र दीर्घकालीन दृष्टिकोणले बढी खतरनाक भएकाले तत्काल खारेज गर्ने जस्ता  माग गरिएको थियो । माओवादीका ती मागलाई ३ प्रकारले विभाजन गरिएको थियो :

---

[११०] सुरेन्द्र के.सी., ***नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास भाग-२,*** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६०), पृ. ६३।

पहिलो "राष्ट्रियता"सँगै ९ सूत्रीय माग, दोस्रो सर्वसाधारणको जनसरोकाररहेको "जनतन्त्र" सँग सम्वन्धित १७ सूत्रीय र तेस्रो "जनजीविकासँग" सम्वन्धित १४ सूत्रीय गरी कूल ४० मागहरू रहेका थिए । बाबुराम भट्टराई अध्यक्ष रहेको संयुक्त जनमोर्चा नेपालले ०५२ साल फागुन १ गतेबाट नेकपा (माओवादी) को नेतृत्वमा जनयुद्ध गर्ने गरी तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष ४० सूत्रीय* माग पेस गरेका थिए । नयाँ जनवादी राज्यसत्ता प्राप्तिका लागि सशस्त्रयुद्ध सुरु गर्नुभन्दा अघि माओवादीले राखेको ४० सूत्रे मागमा जनसरोकारसँग सम्वन्धित १०, ११, १२ र २० मा उल्लिखित राजनीतिक मागहरूको निकै महत्त्व देखिन्छ । राजनीतिसँग सम्वन्धित प्रमुख मागहरू थिए :

> "जनगणतन्त्रात्मक व्यवस्था स्थापनाका निम्ति चुनिएका जनताको प्रतिनिधिहरूद्वारा नयाँ संविधान निर्माण गरिनुपर्छ, राजा र राजपरिवारका सवै विशेषाधिकारको अन्त्य गरिनुपर्छ, सेना, प्रहरी र प्रशासन पूर्णरूपमा जनताको नियन्त्रणमा हुनुपर्छ र सबैखाले जातीय शोषण र उत्पीडनको अन्त्य गरिनुपर्छ भनी उल्लेख गरिनुका साथै जनजातिहरूको बाहुल्य भएका क्षेत्रहरूमा जातीय स्वायत्त शासनको व्यवस्था गरिनुपर्छ ।"[१११]

संयुक्त जनमोर्चा नेपाल भट्टराई समूहका अध्यक्ष डा. वावुराम भट्टराई, महासचिव पम्फा भुसाल आदि सम्मिलित सो प्रतिनिधिमण्डलले वुझाएको उक्त ज्ञापन पत्रलाई तत्कालीन सरकारले बेवास्ता गर्दाकै परिणामस्वरूप आज देशभित्र माओवादी समस्या यसरी वढदै गएको छ । सत्तामा रहेकाहरूले मुलुकमा देखिएको राजनीतिक, आर्थिक, सामाजिक समस्याको निकास समयमै दिन नसक्नाले मुलुक एक दशक भन्दा वढी समय द्वन्द्वमा फस्न पुग्यो । माओवादीको समस्यालाई सुरुमा होसियार भई तीनका केही मागलाई पूरा मात्र गरिदिएको भए ने.क.पा (माओवादी) त्यस समय भूमिगत हुने परिस्थिति नआउन सक्दथ्यो । सत्तारुढ सरकार त्यस समय मेकियावेली शैलीमा निर्णयात्मक ढङ्गले माओवादीको मागलाई सम्वोधन गर्न प्रस्तुत भएन् । त्यस समय ठूला दलले साना दललाई संसदमा पेलेर जाने प्रवृत्ति पनि यस विषयमा दोषी रहेको थियो वा थिएन ? छुट्टै अनुसन्धानको विषय बन्ने छ ।

## ४.५.२ माओवाद विश्वमा कसरी विकसित भयो

रिमको स्थापना अगाडिदेखि नै विश्वका कतिपय देशहरूमा दीर्घकालीन जनयुद्ध चलिरहेको थियो । सन् १९७० को दशकमा संशोधनवादी पार्टीबाट विद्रोह गर्दै क्रान्तिकारी पार्टी

---

* ४० सूत्रीय मागहरूमा '५० को नेपाल-भारत सन्धि खारेजी,०५२ को एकीकृत महाकाली सन्धिको खारेजी खुल्ला सीमाना नियन्त्रित गरिनुपर्ने, गोरखा भर्ती रद्द गरिनुपर्ने, वर्क पर्मिट लागू गर्नुपर्ने, विदेशी एकाधिकार पूंजीको अन्त्य,आदि सूत्रबद्ध मागहरू रहेका छन् । Barbara Adams ले People's Review 07/05/1998 मा उल्लेख गरेकी छन् ।

[१११] http://nepalresearch.community/politics/background/maodem.htm, विष्णु राज उप्रेती, ***द प्राइस अफ नेग्लेक्ट,*** (काठमाडौं : भृकुटी एकेडेमिक पव्लिकेसन्स, २००४), पृ. ३६८-३७० ।

निर्माणको क्रममा चीनको महान् सर्वहारा सांस्कृतिक क्रान्ति कम्युनिष्ट शासनका लागि प्रेरणाको स्रोत बनेको थियो । माओका अनुसार युद्ध बाह्य र आन्तरिक दुबै प्रकारका शत्रुका विरुद्धमा एकसाथ लडन सकिन्छ । यसका लागि राजनीतिक रूपमा संगठित एक राष्ट्रिय क्रान्तिकारी युद्ध संभव छ भन्ने थियो ।

वास्तवमा जनयुद्धको श्रेय केवल माओलाई मात्र जान्छ । चीनमा क्रान्तिअघि शत्रुको संगठित सेनाको तुलनामा क्रान्तिकारी शक्ति कम्जोर थियो । माओत्सेतुङले हतियारलाई भन्दा जनतालाई अधिक महत्त्व दिएका थिए । उनका अनुसार युद्धमा हतियारको महत्त्व आफ्नै ठाउँमा हुन्छ तर त्यो निर्णायक तत्त्व भने होइन । निर्णय मानिसले गर्ने हो जड वस्तुव्दारा होइन ।[११२] यसै क्रममा कैयौं देशका क्रान्तिकारीहरूले लामो समयसम्म पार्टीभित्र चलेको क्रान्तिकारी र संशोधनवादी अन्तरसंघर्षलाई निर्णायक मोड दिएका थिए । मार्क्सवाद-लेनिनवाद-माओवाद (मालेमा) लाई पथप्रदर्शक सिद्धान्तको रूपमा अंगीकार गर्दै गाउँबाट सहर घेर्ने माओवादीको रणनीतिमा आधारित दीर्घकालीन जनयुद्ध चलाइरहेको भूमिगत ने.क.पा.(माओवादी) ले विस्तारै विस्तारै कमजोर शासन व्यवस्थाको मौका छोपी विश्वका कतिपय भू-भागमा आफ्नो गुरिल्ला शैली विस्तार गरिरहेको छ । नेपाल लगायत विश्वका अन्य केही देशहरूमा उसको प्रभाव यसरी विस्तार हुँदै गएको देखिन्छ :

(क) पेरु : सन् १९७० मा क.गोन्जालोको पहलमा लामो समयदेखि अस्तित्वमा रहँदै आएको पेरु कम्युनिष्ट पार्टीले सुधारवादी कार्यदिशा अंगीकार गरेको ठहर गरी साइनिङपाथको स्थापना गरेको थियो । उक्त पार्टीले सन् १९८० देखि दीर्घकालीन जनयुद्धको सुरुवात गर्‍यो । मालेमाप्रति आस्थावान रहँदै पेरु कम्युनिष्ट पार्टी अर्थात् साइनिङपाथले देशको आधाभन्दा वढी भू-भाग आफ्नो नियन्त्रणमा लिएको छ । सन् १९९० मा पेरु कम्युनिष्ट पार्टीका अध्यक्ष क. गोन्जालोको गीरफ्तारीले सो आन्दोलनलाई ठूलो धक्का पुगेको देखिन्छ ।

(ख) टर्की : टर्की कम्युनिष्ट पार्टीको जन्म सन् १९७२ मा भएको थियो । यसले सन् १९८६ पछि दीर्घकालीन जनयुद्धलाई अगाडि बढाउँदै लगेको छ । यसले हाल माओवादी विचारधारालाई स्विकार्दै सशस्त्र संघर्ष गर्दै आएको देखिन्छ ।

(ग) फिलिपिन्स : फिलिपिन्स कम्युनिष्ट पार्टीले आफ्नो स्थापना काल सन् १९३७ देखि नै सशस्त्र संघर्ष गर्दै आएको छ । स्थापनाकालमै सरकारव्दारा प्रतिवन्ध लगाइएको यस पार्टीलाई सन् १९६८ मा पुनः क्रान्तिकारी ढंगले पुनर्स्थापित गरियो र त्यहाँबाट यसले लगातार माओवादी रणनीति अनुरूप गाउँबाट सहरलाई घेर्ने दीर्घकालीन जनयुद्ध संचालन गर्दै आइरहेको छ ।

(ग) भारत : चारु मजुमदारको नेतृत्वमा २३ मई १९६७ मा नक्सलवाडी आन्दोलन सुरुवात भएको थियो । यो नै भारतको पहिलो जनयुद्ध थियो । यो नक्सलवाडी आन्दोलनले एउटा

---

[११२] माओ त्से-तुंग, सिलेक्टेड मिलिटरी राइटिंग्स, एस.पी.वर्मा, ***आधुनिक राजनीतिक सिद्धान्त,*** (नई दिल्ली : विकास पव्लिशिंग हाउस, १९८०), पृ. ३६० ।

सशक्त कम्युनिष्ट पार्टीको आवश्यकता देखाए अनुसार सन् १९६९ मा भारतीय कम्युनिष्ट पार्टी मालेको गठन भयो । केन्द्रविहीनताको कारण सन् १९८० मा आन्द्र प्रदेश र तमिलनाडु राज्य मिलेर भाकपा माले (पिपुल्स वार) को गठन भयो । पीपुल्सवारको गठनभन्दा अगाडि नै विहारमा सन् १९७८ मा माओवादी कम्युनिष्ट सेन्टर (एम सी सी)को गठन गरी किसानलाई संगठित गर्दै सशस्त्र संघर्षलाई अगाडि वढाईरहेको छ । विहारको जहानावाद, गया, भारखण्ड आदि कैंयौं इलाकाहरूमा एमसीसी किसान संघर्ष गर्न सफल भएको देखिन्छ ।[११३]

## ४.५.३ माओवादी जनयुद्धसांग रिमको संलग्नता

भूमिगत संगठन ने.क.पा (माओवादी) को सम्वन्ध अन्तर्राष्ट्रिय क्रान्तिकारी आन्दोलन (रिम), पेरुको कम्युनिष्ट पार्टी (साइनिङ्ग पाथ), भारतमा रहेको भूमिगत जनयुद्ध संगठनहरूमा आन्ध्र प्रदेशका सक्रिय बामपन्थी घटक पिपुल्स वार ग्रुप (पि.डव्लु.जी), त्यस्तै विहार, गया, भारखण्ड आदि इलाकामा सक्रिय माओवादी कम्युनिष्ट सेण्टर(एम.सी.सी), श्रीलंकाको लिवरेशन टाइगर्स अफ तमिल इलम (लिट्टे),जम्मु काश्मिर लिवरेशन फ्रन्ट (जेकेएलएफ) जस्ता हिंसामुखी संगठनहरूसँग सम्पर्क रहेको छ भन्ने अनुमान गरिएको छ । विश्व क्रान्तिको खाका तयार पार्ने उद्देश्यले सन् १९८४ मा क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन (रिम) को गठन भएको थियो । रिम (RIM)मा सहभागी पार्टीहरू :

> सिलोन कम्युनिष्ट पार्टी (माओवादी), अफगानिस्तान कम्युनिष्ट पार्टी, बंगलादेश कम्युनिष्ट पार्टी (माले), पेरु कम्युनिष्ट पार्टी, टर्की कम्युनिष्ट पार्टी (माले), हैटी क्रान्तिकारी अन्तर्राष्ट्रियवादी समूह, मार्क्सवादी-लेनिनवादी कम्युनिष्ट संगठन ट्युनिसिया, ने.क.पा (माओवादी), ने.क.पा (मसाल), पूर्व बंगला सर्वहारावादी पार्टी (बंगलादेश),रेडवर्कर कम्युनिष्ट संगठन (इटाली), क्रान्तिकारी कम्युनिष्ट संगठन (कोलम्बिया), क्रान्तिकारी कम्युनिष्ट पार्टी (अमेरिका), कम्युनिष्ट युनियन अफ इरान । [११४]

रिमको स्थापनाले विश्वभरिका कम्युनिष्ट उग्रधारतर्फ लागेका क्रान्तिकारी पार्टीहरूलाई हिंसात्मक बाटो लाग्न उक्साएको देखिन्छ । रिमको स्थापना सँगै मार्क्सवाद, लेनिनवाद र माओवादलाई विश्वका उत्पीडित जनताहरूका मुक्तिको बाटो मानियो । मार्क्स, लेनिन र माओका विचारधारा मान्दा पनि यसले नयां चरणको आवश्यकता पूरा नहुने देखी रिमको औचित्य खोजिएको छ । विश्वका उत्पीडित जनताको मुक्तिको सिद्धान्त मानेर विश्वका कतिपय क्रान्तिकारी कम्युनिष्ट पार्टीहरू रिममा समावेश भएका थिए । सन् १९८४ मा क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन (रिम) गठन भएपछि यसले आफ्नो उद्देश्य यसरी स्पष्ट गरेको छः

> "क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन (Revolutionary Internationalist Movement) रिमको स्थापनासँगै के कुरा स्पष्टसँग घोषणा गरियो भने विश्वका उत्पीडित जनताहरूको

---

[११३] ***महिमा*** साप्ताहिक, २०५४ फागुन २ ।

[११४] ***महिमा*** साप्ताहिक, ***पूर्ववत् टिप्पणी*** नं. ८३, २०५४ फागुन २ ।

मुक्तिको मार्गदर्शक बाटो भनेको मार्क्सवाद, लेनिनवाद र माओवाद हो । रिमको गठनसँगै यसको घोषणापत्र पनि प्रकाशित भयो । उक्त घोषणापत्रमा भनियो "क.माओले मार्क्सवादी-लेनिनवादी विज्ञानलाई गुणात्मक ढंगले अझ विकसित पार्नु भयो "त्यो गुणात्मक विकासलाई रिमको घोषणा पत्रले नयाँ चरणको रूपमा स्विकाऱ्यो । रिमको घोषणापत्रमा भनिएको छ- "मार्क्सवाद-लेनिनवाद र माओविचारधाराले यो नयाँ चरणलाई पूरा गर्न सक्दैन । त्यसकारण नयाँ, उच्च तेस्रो चरणको माओवाद नै आजको मार्क्सवाद हो" भन्ने कुरा रिमको घोषणापत्रले स्विकाऱ्यो । त्यसै घोषणापत्रलाई विश्वको उत्पीडित जनताको मुक्तिको सिद्धान्त मानेर विश्वका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरू रिममा समावेश भए । रिम स्थापनाको अगाडिदेखि नै कैयौं देशहरूमा दीर्घकालीन जनयुद्ध चलिरहेको थियो । सन् १९७० को दशकमा संशोधनवादी पार्टीबाट विद्रोह गर्दै क्रान्तिकारी पार्टी निर्माणको क्रममा चीनको महान् सर्वहारा सांस्कृतिक क्रान्ति प्रेरणाको स्रोत बनेको थियो । त्यसै क्रममा कैयौं देशका क्रान्तिकारीहरूले लामो समयसम्म पार्टीभित्र चलेको क्रान्तिकारी र संशोधनवादी अन्तरसंघर्षलाई निर्णायक मोड दिएका थिए । संसदीय र शान्तिपूर्ण संक्रमणको बाटो (जसलाई त्यतिबेला रुसी बाटो भनिन्थ्यो) र क्रान्तिकारी जनयुद्धको बाटो (जसलाई त्यतिबेला चीनियाँ बाटो भनिन्थ्यो) को बीचमा भएका अन्तरपार्टी संघर्षहरूलाई चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्तिले निर्णायक मोडमा पुऱ्याउन निकै सहयोग पुऱ्यायो । भारत, टर्की, पेरु, फिलिपिन्स आदि देशहरूमा लामो समयसम्म संशोधनवादी नेतृत्वबाट गुज्रिंदै आएका कम्युनिष्ट पार्टीहरूबीच विद्रोह भयो र क्रान्तिकारीहरू त्यहाँबाट अलग्गिए । भारतमा नक्सालवाडी आन्दोलनको जन्म र चारु मजुमदारको नेतृत्व सन् १९६७ मा अगाडि आयो । पेरुमा लामो समयसम्म दक्षिणपन्थी बाटो र क्रान्तिकारी बाटोका बीचको संघर्षले निर्णायक मोड लिई क.गोन्जालोको नेतृत्वमा १९७० मा विद्रोह भयो र शाइनिङ पाथको जन्म भयो ।"[११५]

## ४.५.४ सशस्त्र द्वन्द्वका रूपमा माओवाद

मानिसले बसोबास गर्ने हरेक समाजमा हामी द्वन्द्व रहेको पाउँछौं । द्वन्द्वबाट मुक्त समाज रामराज्यमा पनि थिएन । झन जीवन्त समाजमा द्वन्द्व आफैंमा आपत्तिजनक भने होइन । द्वन्द्वलाई विभिन्न इच्छाहरूबीचको अन्तरक्रियाका रूपमा पनि बुझिन्छ । विभिन्न प्रक्रियागत क्रममा विविध मूल्य र मान्यताबीचका अन्तर द्वन्द्वका रूपमा पनि बुझ्न सकिन्छ । सबै द्वन्द्वहरूलाई कहिल्यैपनि समाधान गर्न संभव छैन, तर तिनलाई व्यवस्थापन गर्न भने सकिन्छ ।[११६] गान्धीले राज्य हिंसाको जगबाट बनेको हुन्छ त्यसैले राज्यको निर्माण अहिंसात्मक तवरले बनाउनुपर्छ भन्दाभन्दैपनि कालान्तरमा स्वयं उनी हिंसाको सिकार बन्न पुगे । माओवादी जनयुद्ध सुरुभएदेखि यसले नेपाली समाजमा द्वन्द्वलाई बढाउँदै लग्यो । यस द्वन्द्वले नकारात्मक गति लिंदै गएको देखिन्छ । झन १८, असोज २०५९ पश्चात् त यस द्वन्द्वमा संवैधानिक द्वन्द्वसमेत थपिन पुगेको छ । नेपाल अधिराज्यको संविधानभित्रबाट माओवादी समस्याको समाधान गर्न सकिन्छ कि सकिंदैन ? अर्को तर्फ के माओवादमात्र नेपालको अन्तिम शक्ति हो ? यदि उसले आफूलाई

[११५] ***महिमा*** साप्ताहिक, ***पूर्ववत् टिप्पणी*** नं. ८३, २०५४ फागुन २ ।

[११६] विष्णु राज उप्रेती, ***द प्राइस अफ नेग्लेक्टः*** *फ्रम रिसोर्स कन्फ्लीक्ट टू माओईष्ट ईन्सर्जेन्सी ईन द हिमालयन किंगडम,* (काठमाडौं : भृकुटी एकेडेमिक पव्लीकेशन्स, सन् २००४), पृ. २३ ।

अन्तिम शक्ति मान्दैन र जनताको आदेश शिरोधार्य गर्छ भने जनमत संग्रह वा संविधानसभामा जाँदा परिणाम उसको विपरीत आएमा मान्ने वा नमान्ने ? यस्ता द्वन्द्वको पनि छिनोफानो गरिनुपर्ने होइन र ?

नेपाली समाजमा द्वन्द्व त अढाई सय वर्ष अधिदेखि नै रहँदै आएको पाइन्छ । नेपाल अधिराज्यको एकीकरणको सिलसिलामा जातीयता पनि एकीकरण हुन पुगी ४ जात ३६ वर्णमा नेपाली जाति संकुचित वन्न पुगेको छ । नेपालीकरणको नाउँमा अन्य जनजाति लामो समयसम्म पछाडि पर्दै गए । यस अवधिबीच सरकारमा पनि सीमित व्यक्तिहरूको मात्र वाहुल्य रह्यो । राणा, थापा, बस्नेत, पाँडे र नेवारहरूकै हालीमुहाली यस अवधिमा रहिरह्यो । विभिन्न जनजातिहरूले शासनमा सहभागी हुन नपाएको पीडालाई पोख्ने काम प्रजातन्त्रको खुल्ला अवसरसम्म कुर्नु पऱ्यो । चिनियाँ जनक्रान्तिको शैली अनुसार संचालन भइ रहेको जनयुद्धले सुरुका वर्षहरूमा मारवाडी खेदो अभियान, भकारी फोड अभियान, तमसुक जलाउ अभियान, हतियार संकलन अभियान, स्वायत्त शासन कव्जा गर्ने अभियान, आर्थिक संकलन अभियानलाई अगाडि वढाएको देखिन्छ । [११७]

द्वन्द्व विरोधका लागि नभइ सुधारका लागि हुनुपर्ने हो तर यहां हिंसात्मक रूपमा लिइएको छ । द्वन्द्वसँगै विकास अगाडि बढनुपर्ने हो, तर यहाँ बिनासमात्र बढेको छ । द्वन्द्वले यस देशमा उग्र विरोधी विचारधाराको जन्म दियो । त्यो यस अघि कहिल्यै देखिएको थिएन ।

जनआन्दोलनपछि नेपाली जनताहरूमा बढेको आकांक्षालाई त्यसपछी बनेका दलीय सरकारहरूले पूरा गर्न सकेनन् । पार्टी भित्रै द्वन्द्व व्दन्द्वको सुरुवात भयो । कांग्रेसमा छत्तिसे र चौहत्तरेको वीजारोपण, कम्युनिष्ट पार्टीमा माले र एमालेबीचको द्वन्द्व त्यसमा पनि बहुदलीय जनवाद र नौलो जनवाद जस्ता विचारधाराका उदय नै द्वन्द्वका कारण वनेका थिए । पार्टीहरू विग्रहको स्थितिमा पुग्नु, नेताहरू भ्रष्ट र व्यक्तिगत फाइदामा तल्लीन भएपछि निराश बनेको ठूलो जनसमूहलाई माओवादीहरूले ठूलो सपना देखाइदिए । परिणाम स्वरूप देशभित्र हिंसाले टाउको उठाउने मौका पायो । त्यस कारण विचारहरूसँग असहमत हुनेहरूले माओवादीको हातबाट सफाया हुनु पऱ्यो । माओवादीको हिंसात्मक एवं आतकंवादी गतिविधि प्रति सवै जना असन्तुष्ट रहेका छन् ।

माओवादीले सिर्जना गरेको हत्या हिंसा र अपहरणका घटनाले मुलुकमा विश्वासको संकट वढाएको छ । माओवादीले उठाएको हतियार कतै प्रजातान्त्रिक व्यवस्थाको विरुद्ध लक्षित त

[११७] पुरुषोत्तम मरहट्टा, ***माओवादी प्रभाव : पोखरा उपत्यकाको राजनीति विकाससंग सम्वन्धित एक तथ्यगत अध्ययन,*** अप्रकाशितः (अनुशन्धान कृति), काठमाडौं : विश्वविद्यालय अनुदान आयोगको सचिवालय, २०५४।५५।

छैन भन्ने प्रश्न नेपालमा ०५२ सालपछि तिनको गतिविधिले पुष्टी गरेको छ । संवैधानिक व्यवस्थाका विरुद्धमा उनिहरू सुरुवात देखि नै केन्द्रित रहेका थिए । “माओवादीको लालकिल्ला भित्र कुनैपनि सर्वसाधारणले माओवादीका विरुद्धमा बोल्ने कुरा सोच्न पनि सकिन्नथ्यो । स्थायी सेना र प्रहरीको उपस्थितिको अभावमा माओवादीले आफ्नो पकडको क्षेत्रमा जनताहरूलाई भयमा राखेको थियो । भयकै कारण उनिहरू माओवादीप्रति आज्ञाकारी बन्न पुगेका थिए । माओवादीको आदेश नमान्नेहरूलाई साधारण सुराकीको नाममा जिब्रो, कान, ओठ आदि काट्ने । चुट्ने, पीट्ने, अपहरण गर्ने, हातगोडा अपाङ्ग वनाइदिने आदि काम हुन्थ्यो । दाँत झारिदिने, काटीदिने, ज्यूँदै जलाईदिने आदि काम माओवादीको विरुद्धमा लाग्ने व्यक्ति होस वा संकास्पद सूचना वाहकलाई समेत ‘वर्ग शत्रु’ भन्दै सफाया गरिन्थ्यो ।”[११८] माओवादीहरूले जनयुद्ध तिव्र पार्न र अधिकतम व्यक्तिहरूलाई जनयुद्धमा संलग्न गराउन त्यस समय जातिय मुद्दा उठाएर निकै ठूलो आकांक्षा देखाइदिए ।

“राजनैतिक शासन बन्दूकककाे नालबाट निस्कन्छ”[११९] भन्ने माओ त्से-तुङ्गको सिको गर्दै नेपालका माओवादीहरूले पनि राष्ट्रियता र जनजीविका सम्बन्धी समस्याको समाधान सशस्त्र संघर्षबाट मात्रै हुने ठानेर सरकारले पटक पटक गरेको वार्ताको आव्हानलाई अस्वीकार गर्दै आएका थिए । मार्क्स र एङ्गेल्सले सर्वहारावर्गको अधिनायकत्व स्थापना भएपछि अन्तरविरोध समाप्त भई वर्गविहिन समाज स्थापना हुन पुग्दछ भनेका थिए । तर, माओका विचारमा सर्वहारावर्गको अधिनायकत्वपछि पनि अन्तर्विरोध कायम रहिरहन्छ त्यसैले उनि क्रान्तिलाई निरन्तर चलिरहने प्रक्रियाको रूपमा हेर्दछन् । उनले आफ्ना किसानहरूलाई क्रान्तिको लागि तयार रहने क्रममा कुनै समय हतियारलाई जोड दिए कहिले विशाल जनशक्तिलाई जोड दिए । “सर्वहारा अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्ति” को सिद्धान्त अनुसार वर्गविहीन र राज्यविहिन साम्यवादी संसारमा नपुगेसम्म सर्वहारावर्गका अग्रदस्ता कम्युनिस्ट पार्टी र सर्वहारा राज्यसत्ता नयाँ जनवादी, जनताको जनवादी, राष्ट्रिय जनवादी आदि र समाजवादीभित्र वर्गहरू र वर्ग संघर्ष कायम रहन्छन् ।[१२०] “टाउको काटेर कोही पनि बदलिंदैन बदलिने भनेको टाउकोभित्र भएको चीजलाई बदल्नु पर्छ”[१२१] भन्ने माओको विचारलाई नेपालका माओवादीले निकै ढिलो एक दशकपछि मात्र वुझे । नेपालका माओवादीले अध्यक्ष माओ त्से–तुङका तीनसय ५३ पानामा

---

[११८] राम शरण महत, ***ईन डिफेन्स अफ डेमोक्रेसी,*** डाइनामिक्स एण्ड फल्ट लाइन्स अफ नेपाल्स पोलिटिकल इकोनोमी, (न्यू दिल्ली : एड्रोईट पब्लिसर्स, सन् २००५), पृ. ३२२ ।

[११९] माओ त्से–तुङ, “युद्ध र रणनीतिका समस्याहरू नभेम्वर ६,१९३८”, ***अध्यक्ष माओ त्से–तुङका उद्धृत उक्तिहरू,*** (द्वि.सं.), (पेकिङ : विदेशी भाषा प्रेस, सन् १९६७), पेज ७० ।

[१२०] बाबुराम भट्टराई, ***नेपाली क्रान्तिका आधारहरू ,*** (काठमाडौं : जनध्वनी प्रकाशन, २०६३), पृ. १४ ।

[१२१] (बाबुराम भट्टराई), ***पूर्ववत् टिप्पणी*** नं. ११७, पृ. २१ ।

लेखिएको उद्धृत उक्तिहरूलाई आफूखुसी व्याख्या गरेको जस्तो देखिन्छ । विचार कहिल्यै पनि एउटा गतिहीन जडवस्तु नभएर अत्यन्तै गतिमान र निरन्त परिवर्तनशील भैरहने वस्तु हो । माओको वीचारलाई माओवादीहरूले पनि शायद त्यसै अनुसार सजिलो अवस्थामा लिने र असजिलो अवस्थामा छोड्ने काम गरेको देखिन्छ ।

## ४.५.५ माओवादी जनयुद्धबाट राजनीतिक प्रक्रियामा परेको प्रभाव

०५२ साल फागुन १ गतेदेखि भूमिगत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा सशस्त्र जनयुद्धको घोषणा गरिए पश्चात् लगभग एक दशकको यस अवधिमा दशौंहजार व्यक्तिले आफ्नो ज्यानगुमाइ सकेका छन् । अनगिन्ती व्यक्तिहरू देशभित्र आन्तरिक शरणार्थी भएका छन् । कतिपय व्यक्तिहरू अन्यत्रै विस्थापित भएका छन् । नेपालको माओवादी अभियानप्रति सुरुका वर्षदेखि नै अन्तर्राष्ट्रिय चासो वढ्दै आएको छ । शान्ति सुरक्षा प्रदान गर्न सरकार विफल भएमा नेपाललाई असफल राष्ट्र बनाउने धम्की आइरहेको छ । नेपाललाई विकास सहयोग बन्द गर्ने धम्की आउन थालेको छ ।

> "०५५ जेठ २८ गते अमेरीकी राजदूत राल्फ फ्यांकले एक खुलापत्र मार्फत अमेरिकी विकास नियोगका लागि सहायता कार्यक्रम संचालन गरिरहेका रवीन्द्र श्रेष्ठको जेष्ठ १७ गते माओवादीबाट भएको हत्यालाई लिएर माओवादीहरूबाट विकास कार्यकर्ताहरूलाई तारो वनाउनु नेपालका लागि ठूलो दुर्भाग्य हुने वताउँदै यस्ता आक्रमणहरूले विकास सहायता फिर्ता लिन सक्ने वताएका छन् । सहायता पुऱ्याउने कार्यकर्ताहरूले पूर्ण शान्ति र सुरक्षाको वातावरणमा काम गर्न नपाएसम्म दाताहरू त्यस्तो सहायता दिन सक्दैनन् । हत्याराहरूलाई वैदेशिक सहायता फिर्ता अनुकुल हुन सक्ला तर नेपालका विशेषत: गरिव जनता भने कसैको राजनीतिक उद्देश्यको निर्दोष शिकार हुन पुग्छन् । मलाई आशा छ, नेपालका जनताले यो हिंसा अस्वीकार गर्ने छन् । किनकि यो नेपाली परम्परा र मान्यताहरूसँग पूर्णत: बेमेल खानेखालको छ । मलाई नेपाली जनता विकास सहायताको निरन्तरता चाहन्छन् भन्ने लाग्दछ ।" [१२२]

यसरी सल्यानमा अमेरिकी नियोगका कर्मचारी मारिएर सोको विरुद्धमा राजदूतको कठोर पत्र आउनुका साथै श्रीलंकाका तत्कालीन राजदूतले समेत माओवादीहरूको संलग्नता तमिल अर्थात् लिट्टेसँग हुन सक्ने आशङ्का व्यक्त गर्नुले माओवादीहरू हिंसाकै बाटोतर्फ अग्रसर देखिन्छन् । माओवादीको हिंसा र सरकारद्वारा हुने गैऱ्ह न्यायिक हत्याका घटनाहरूले देश अस्थिरतातिर धकेलिँदै गएको छ । वास्तवमा दलीय व्यवस्थाको कमजोरीले माओवादीले खेल्ने मौका पाएको हो । यही कमजोरीको फाइदा लिएर माओवादीहरू सत्तारुढ राजनीतिक दलहरूमा कहिलेकाँहिं विभाजन र फुट समेत ल्याउन सफल भएका छन् ।

---

[१२२] ***कान्तिपुर*** दैनिक, काठमाडौं, २९ जेठ २०५५ ।

सुरु सुरुमा माओवादीहरू प्रजातन्त्रको पुनस्थापनामा संयुक्त वाममोर्चामा सहभागी भएनन् । त्यसको विपरीत यी माओवादी स्वयंले संयुक्त राष्ट्रिय जनआन्दोलन (युनाइटेड नेशनल पिपुल्स मुभमेण्ट) आफ्नै छाता अन्तर्गत गठन गरे । सुरुमै उनीहरूले नेपालमा राजतन्त्रको उन्मूलन र नेपाललाई गणतन्त्र घोषणा गर्नु पर्ने जस्ता माग राखेका थिए । ०४६ सालमा राजासँग आन्दोलनकारी राजनीतिक दलहरूले गरेको संझौतालाई यिनीहरूले मन पराएका थिएनन् । त्यस्तै संविधानसभाको माध्यमबाट राष्ट्रिय संविधान तयार हुनुपर्नेमा त्यो पनि नभएकोमा यिनीहरू असन्तुष्ट थिए । बलजफ्ती यिनीहरूलाई आन्दोलन अन्त भएको संझौता मान्नुपर्ने कुरामा वाध्य बनाइएको थियो । यस्तो परिस्थितिमा यिनीहरूले दुई तहको संगठन निर्माण गरे क्रान्तिकारी र राजनीतिकमोर्चा तर्फ लड्नका लागि नेकपा (एकता केन्द्र), र अर्को संयुक्त जनमोर्चा नेपाल (युनाइटेड पिपुल्स फ्रन्ट अफ नेपाल) थिए । माओवादीलाई प्रजातान्त्रिक तवरले निर्वाचनबाट वहुमत प्राप्त गरी सत्ता कव्जा गर्ने कुनै गुञ्जायस पनि थिएन तर पनि संयुक्त जनमोर्चा नेपालले सम्बत् ०४८ सालको निर्वाचनमा ६९ जना उम्मेदवारहरूलाई उठाएर ९ स्थानमा विजय प्राप्त गरेको थियो । शक्तिका हिसावले त्यस समयको निर्वाचनमा नेपाली कांग्रेस र नेकपा (एमाले) पछि यो दल तेस्रो स्थानमा उदय भैसकेको पाइन्छ ।[१२३]

तर यसमा पनि नेपाली राजनीतिमा लाग्ने फुट्ने रोग यसभित्र पनि देखा पऱ्यो । नेकपा( एकता केन्द्र) मा विखण्डन देखा पऱ्यो । संयुक्त जनमोर्चामा पनि विभाजन देखा पऱ्यो । एउटा समूहको नेतृत्व निर्मल लामा र अर्कोको निरन्जन गोविन्द वैद्य र एउटाको नेतृत्व डा. बाबुराम भट्टराई र अर्कोको पुष्पकमल दाहाल 'प्रचण्ड' ले गरे । यसरी संयुक्त जनमोर्चा लामा र वैद्यको दल सम्बत् ०५१ सालको आम निर्वाचनमा निर्वाचन आयोगमा दर्ता हुन पायो । तर बाबुराम र प्रचण्डको पार्टी भने छुट्टै दलका रूपमा निर्वाचनमा दर्ता हुन पाएनन् । नेकपा (माओवादी) भूमिगत भएपछि हिंसागत जनयुद्ध सुरु गरेको थियो ।  एउटा मरेर हजारौं रियाक्टेड हुन पुग्ने जनयुद्धमा सुरुदेखि नै सरकार चाहिँ हतियारबद्ध युद्धलाई हतियारले नै दवाउन खोजिरहेको पाइन्छ । नाम मात्रको वार्तामा  शक्ति सञ्चय गरेर विद्रोहीले यस अवधिको फाइदामात्र लिएको थियो । सरकारलाई पनि माओवादी दवाउने नाममा हातहतियार खरिद गर्न प्रशस्त बाटो खुलेको देखियो । देशभित्रको सामाजिक, आर्थिक, राजनीतिक परिवेशवाट उत्पन्न भएको माओवादी समस्या क्रमस देश व्यापी रूपमा  विस्तार हुँदै गएर माओवादीहरू अहिले हान्ने, भाग्ने, मार्ने र कब्जा गर्ने रणनीतिमा लागेका छन् । "माओवादीकै कारण नेपालीले पाएको अधिकारमाथि बन्देज लगाउने विधेयक पटकपटक संसदमा पेस भइरहेको छ । उदाहरणको रूपमा ०५४ सालमा राज्यविरुद्धको अपराध तथा सजायँ ऐन २०४६ लाई संशोधन गर्न बनेको विधेयक संसदमा

[१२३] एस.डी.मुनि, ***माओइष्ट इन्सर्जेन्सी इन नेपाल : द च्यालेन्ज एण्ड द रेस्पोन्स,*** (न्यू दिल्ली : रूपा एण्डको., २००३), पृ. ४-५ ।

ल्याइयो । ” त्यस्तै गरि प्रहरी प्रशासनले पनि माओवादीका विरुद्ध ‘अपरेसन रोमियो’, ‘अपरेसन किलो सेरा टु’, ‘अपरेशन सर्च’ जस्ता अभियान चलाउन पुगे ।[१२४]

२०४६ सालपछि प्रजातान्त्रिक तवरले निर्वाचित सरकारले जात,वर्ग र सामाजिक भेदभावका विषयमा पनि आवाज उठाउन थाले । सरकारले त्यहि समयपछि मानव अधिकार आयोग, महिला आयोग, दलित आयोग वनाएपनि यस्ता कुनै पनि आयोगले गरिवीको वारेमा सम्वोधन हुन सकेन। राजनीतिक इच्छा शक्तिको अभावमा तिनले कुनै काम गर्न सकेन । अख्तियार दुरूपयोग निवारण आयोग र मानव अधिकार आयोगले प्रशासनीक निकायका कर्मचारिमाथि गरिने कार्वाहीमा कुनै तदारुकता देखाउन सकेन । केहि व्यक्तिहरूले कार्वाहिको दायरावाट मुक्तिसमेत पाए । आशिर्वाद पाउने झन माथिल्लो दर्जामा वढुवा समेत पाए । यसले गर्दा कार्वाहि हाँसो जस्तो हुन गयो । राजनीतिक दलको कोटाबाट नियुक्ती भएकाहरू भने तिनैको हितमा काम गर्न वाध्य भए । यसरी त्यस समय भ्रष्ट कर्मचारि र राजनीतिक नेतृत्वले कुनै गतिलो काम गर्न सकेनन् । त्यसपछि मूलधारका राजनीतिक दलहरूलाई ०४७ सालको संविधानमा संशोधन गर्न ठूलो दवाव पर्‍यो । ने.का.,नेकपा (एमाले),र राप्रपाले लिखित सुझाव सहित संविधानमा संशोधनको माग गर्दै रहे । तीन दलले सुधारका कार्ययोजनालाई इमान्दारीपूर्वक लागू गर्न सकेनन् ।

यदि तीन दलले इमान्दारीपूर्वक सुधारका कार्ययोजना लागू गरेको भए नेपालमा ठूलो परिवर्तन ल्याउन सक्थे । नेपालको अराजकतालाई हटाउन तिनिहरू सवल र सक्षम थिए । सर्वसाधारण जनतामा भने राजनीतिज्ञहरूको यस्तो कार्यक्रमवाट पटक्कै विश्वास थिएन । जनयुद्धले ल्याएको संकटलाई सुधारको क्रममा सम्वोधन सम्म भएन । नेपालमा शान्ति स्थापनाका लागि वर्तमान राजनीतिक संकट र द्वन्द्वले प्रजातन्त्रलाई चुनौति दिने काम मात्र गरेन गरिबी, अन्याय र सामाजिक भेदभावको अन्तको लागि तिव्रसुधार हुन सकेमा द्वन्द्वको मूल जरोमा पुग्न सकिन्छ भन्ने देखाएको छ ।[१२५] तर नेपाललाई द्वन्द्वको जरोमा पुग्न एकदशक भन्दा वढी अवधि लाग्यो । यस अवधिमा थुप्रै नेपालीको जीवन द्वन्द्वमा गुम्यो । संविधानले मृत्युदण्ड खारेज गरिसकेको छ तर मर्ने र मारिनेको संख्या वढिरहेको छ । राज्यपक्ष र माओवादीपक्षबाट दिनहुं नेपाली जनताको हत्या भैरहेकोछ । संविधान, ऐन, कानून राम्रो हुंदैमा केही हुंदो रहेनछ । राम्रा कानुनका आडमा जनताहरूलाई दुःख दिने काम मात्र भएको छ । संविधान जीवित भएरपनि जनताहरू मृत्युको मुखमा पुगिरहेका छन् । मुलुकभित्र संविधान, ऐन-कानून उल्लंघन भइरहने

---

१२४ पुरुषोत्तम मरहठ्ठा, चारु मजुमदारका रुपान्तरवादीहरू, ***हिमालय टाइम्स,*** ४ वैशाख, २०५७ ।

१२५ अर्जुन कार्की, “अ रेडिकल रिफर्म एजेण्डा फर कन्फ्लीक्ट रिजोलुसन ईन नेपाल”, ***द पिपुल्स वार ईन नेपाल*** (लेफ्ट पर्सपेक्टिभ), (न्यू दिल्ली : एड्रोइट पब्लिशर्श, सन् २००३), पृ. ४७४ ।

अस्थिर वातावरणकै कारण माओवादी जस्ता समस्याहरू वढदै जांदारहेछन् भन्ने कुरा विगत समयले देखाएको छ । अस्थिरताकै अवस्थामा नागरिक अधिकारमाथि समेत बन्देज लाग्ने कानुन पनि बन्न पुग्दछ ।

माओवादी जनयुद्ध सुरु भए यता लगभग १४ हजार भन्दा वढीको ज्यान गईसकेको छ । वन्दुकले वन्दूकलाई कहिल्यै परास्त गर्न सकिंदैन । यस अवधिमा विभिन्न प्रकारका सरकार गठन भई सक्दा समेत माओवादी समस्या समस्याकै रूपमा रह्यो ।

## ४.५.६ शान्तिपूर्ण निकासको सम्भावना

राजनीतिक आस्था वोकेर अगाडि वढिरहेको माओवादीहरूलाई दमनबाट मात्रै समस्याको समाधान गर्न सकिन्न भन्ने कुरा विगतमा भएको सैन्य प्रयोगबाट पनि तीनलाई नियन्त्रणमा लिन नसकिएका घट्नाहरूले देखाइसकेका छन् । सरकारले जति दवाव दिएको हुन्छ त्यति नै प्रतिकारमा उनीहरू उत्रिएकाले यस समस्यामा बल प्रयोगबाट समाधान निस्कने कुनै गुन्जाइस देखिंदैन । हत्याले जहिलेपनि जनतामा जनआक्रोसमात्र जन्माउने भएकाले हत्या र हिंसाको बाटो जुन माओवादीहरूले अपनाएका छन् त्यो मार्ग नेपालको परम्परा विपरीत रहेको जो सुकैले पनि स्विकार्दछन् । यस अघि सरकार र माओवादीबीच भएको वार्ताले पनि कुनै गति लिन नसकेपछि दीर्घकालीन र दिगो समस्या समाधान खोज्नकालागि दुई बन्दुकको विश्राम नभएसम्म समस्याको कुनै समाधान हुने देखिएन ।

एकातर्फ हामीले ०४७ को संविधानमा राजालाई एकताका प्रतीकको रूपमा संवैधानिक स्थान दिन खोजेका थियौं । अर्कोतर्फ ०५९ असोज १८ पछि संवैधानिक वनाउन खोज्दा खोज्दै राजा आफैं ‘कन्स्ट्रक्टिभ’ हुन चाहिरहेका थिए । साना ठूला दल र अन्य संविधान वाहिरका शक्तिहरूचाहिँ संविधानसभा मार्फत गणतन्त्रको पक्षमा जान लालायित थिए । देशको वर्तमान द्वन्द्वको निकास कसरी दिने भन्ने सन्दर्भमा विद्वानहरूबीच पनि मतैक्य देखिएको थिएन ।

> “संविधानसभाद्वारा पनि समस्याको समाधान हुन्छ भन्ने निश्चित छैन । संविधानसभाले राजालाई अस्वीकार हुने निर्णय गऱ्यो भने त्यो श्री ५ बाट स्वीकार्य हुँदैन । बहुदलवादीलाई अस्वीकार हुने निर्णय गरेमा त्यो पनि स्वीकार्य हुँदैन । माओवादीलाई अस्वीकार हुने निर्णय गरेमा त्यो पनि स्वीकार्य हुँदैन । त्यसैले द्वन्द्वको वास्तविक समाधान गर्ने हो भने यो यथार्थतालाई वुझ्नुपऱ्यो । यही यथार्थबाट मात्रै द्वन्द्वलाई रूपान्तरण गर्न सकिन्छ । त्यसका लागि नयाँ संविधानको द्विविधाबाट पनि अघि जान सकिन्छ वा संसदलाई सम्प्रभु बनाएर त्यसलाई संविधानसभाकै रूपमा कार्य गर्न दिइएको खण्डमा त्यसले देशको राजनैतिक धरातलको निर्णय गर्न सक्दछ । जनमत संग्रह गराउन सक्दछ वा अन्य उपायबाट द्वन्द्वको

रूपान्तरण गर्न सक्दछ । नेपालको सन्दर्भमा संवैधानिक सर्वोच्चताबाट संसदीय सर्वोच्चतामा प्रवेश गऱ्यो भने द्वन्द्वको दीर्घकालीन निकास हुन सक्दछ ।"[१२६]

एउटालाई मारेर हजारौंलाई तर्साउन खोज्ने माओवादीहरूले लामो जनयुद्ध संचालन गर्न खोजेको देखिन्छ । थोरै संख्यामा रहेको माओवादीहरूको दीर्घकालीन र छापामार शैलीकै कारण उनीहरूको उद्देश्य जसरी भएपनि युद्धलाई लम्ब्याउनु रहेको देखिन्छ । शक्ति केन्द्रीकृत गरी आक्रमण गर्ने र विकेन्द्रित गरी आफ्नो संगठनलाई क्षति हुनबाट वचाउन तिनीहरू लागि रहे ।

> "माओवादीले माथिल्लो तहमा राजनीतिक र तल्लो तहमा फौजी आक्रमण सशक्त ढङ्गले गरेको छ । उसको लागि 'वार्ता' सरकारलाई सङ्कटमा फँसाउने एउटा औजार भएको छ, जसबाट सत्ताधारी बर्गको अन्तर्विरोध शत्रुतापूर्ण भएको छ । सत्ताका अङ्ग सेना, प्रहरी, अदालत, दरबार, संसदीय दलहरू र सरकार आपसी विवादमा फँसेका छन्। यस बीच माओवादीहरू चाहिँ सेनासँग भिड्ने आन्तरिक तयारीमा जुटेका छन् । राज्य सत्तामाथि माओवादी पक्षले राजनीतिक र कूटनैतिक, बाह्य र आन्तरिक, बैध र अवैध सबै दिशाबाट आक्रमण गरिरहेछ । सरकार रक्षात्मक र उनीहरू आक्रामक अवस्थामा पुगेका छन् ।"[१२७]

छल, बल र धरापमा पारेर माओवादी गुरिल्लाहरूले लाखौंको संख्यामा रहेको सरकारी सेनालाई चुनौती दिइरहे । नेपालको सुदूर पश्चिम र पूर्वलाई सरकारको अनुपश्थित भएको आभाष दिलाएर विकट क्षेत्रका जनतामा माओवादीले लगभग समानान्तर सरकारको जस्तो बर्चश्व कायम गरी देशको सम्पूर्ण भूभागमाथि यिनले बिस्तारै कव्जागर्ने प्रयास गरेको देखिन्छ । माओवादीको शान्तिपूर्ण निकासको संभावना छैन त भन्नैं सकिंदैन । तर तिनिहरूले संवैधानिक प्रकृया र जनतासमक्ष जाने प्रजातान्त्रिक बाटो अपनाउन छोडी हिंसात्मक बाटो अपनाएको गलत छ । "माओवादीले हिंसात्मक आन्दोलन अघि नवढाएका भए २०४७ सालको संविधान जति नै अस्पष्ट भए पनि राजाले शक्ति लिन सक्ने परिस्थिति बन्ने थिएन । प्रजातान्त्रिक पद्धतिले क्रमशः राजालाई प्रजातन्त्रप्रति पूर्ण प्रतिवद्ध वनाउँदै जाने थियो ।"[१२८] समस्या समाधानका लागि संविधानभित्रको बाटो तिनले अवलम्वन गरेनन् । "नेपालको इतिहासमा बन्दूकले जित्ननसकेको युद्ध १९ दिनमा जनताले विना हतियार जित्यो । पञ्चायतसंग पनि त्यत्रो हतियार थियो तर त्यो हतियारको मुकाविला ०४६ सालमा जनताले गरेरै छाडे ।[१२९] मध्यम र तल्लो वर्ग प्रति राज्यले गरेको वेवास्तालाई लिएर माओवादीहरूले राष्ट्रिय मुद्दा बनाए । वि.सं.२०४७ सालको संविधानमा

---

[१२६] जीवनलाल सत्याल (सं) र अन्य, ***शान्ति अभियान पत्र,*** (काठमाडौं : संसदीय अध्ययन तथा विकास संस्थापना, २०५९ पौष १७-३०), पृ. ३।

[१२७] पुष्कर गौतम, थोरै माओवादीसँग धेरै प्रहरीहरू किन हार्छन ?, ***हिमाल,*** १६-३० वैशाख, २०५८, पृ. १२ ।

[१२८] अशोक कुमार पाठक, ***"जनआन्दोलन र संविधानसभा नै किन ?",*** (लेखक स्वयंबाट प्रकाशित स्थान उल्लेख छैन, २०६०), पृ. ५४ ।

[१२९] पुरुषोत्तम मरहठ्ठा, "देशलाई कमजोर अवस्थामा पुऱ्याउने काम नगरौं", ***गोरखापत्र,*** २०६३ साल कार्तिक २२ गते।

जनजाति, आदिवासी, मधेसी, दलीत आदिको मुद्दालाई सम्बोधन हुन सकेन । नेपालको राज्यसत्ता महिला, जनजाति र दलितको हकमा कहिल्यै समावेशी हुन सकेन । माओवादीले राज्यवाट पछाडी पारेको यस्ता वर्गलाई संविधानको विरुद्धमा लड्नका लागि हतियार उठाउन प्रेरणा दिँदै गयो । संविधानभित्र यस्ता कुराहरू सम्वोधन हुन सकेको भए माओवादीले बन्दूक उठाउन पर्ने वाध्यता आउँदैनथ्यो । यहि कारण संविधानले खाली राखेको स्थान (भ्याकुम) मा माओवादीले खेल्न पाउँदा एक दशक मुलुक व्यर्थको द्वन्द्वमा वित्यो ।

त्यसपछिका दिनमा "नेपालका माओवादीहरूले आफ्ना रणनीति र कार्यनीति त फेरेका छन् तर उनीहरूको लक्ष्य भने बदलिएको छैन । उनीहरूले २०५२ सालमा कम्युनिष्ट गणतन्त्र स्थापना गर्न जनयुद्ध सुरु गरेका थिए र दस वर्षपछि बहुदलीय प्रजातन्त्रलाई स्वीकार गर्दै उनीहरूले जनयुद्धको अन्त्य गरे ।"[१३०] प्रजातन्त्र प्राप्तिपछि जनताको आकांक्षा बढदै गएको थियो तर राज्यले स्रोतहरूको बाँडफाँड सही रूपमा गर्न सकेन । यहिकारण जनताहरूमा निराशा छाएको देखियो । माओवादीहरूलाई शान्तिपूर्ण निकासको मार्गमा ल्याउन राज्यले निम्न उपाय अवलम्बन गरेमा मात्र संभव देखिन्छ :

**प्रादेशिक असन्तुलनको स्थितिमा परिवर्तन :** माओवादी गतिविधि देशभीत्र फैलीनुमा असमान आर्थिक विकास पनि केही हदमा जिम्मेवार छ । प्रजातन्त्रप्राप्तिपछि पनि नेताहरूमा स्थानीयतावाद गएन । बिराटनगर र काठमाडौंको तुलना कर्णालीलाई गरेमा स्वतः असमानता जगजाहेर हुन आउँछ । तल कर्णालीको यहि अवस्थालाई देखाउँछ :

"नेपालको मानचित्रभित्र कर्णालीको अवस्था अहिले पूरै असमाविष्ट छ । ३०९०८४ जनसंख्या भएको कर्णालीमा जनघनत्व प्रतिवर्गकिलोमिटर १४.५ रहेको छ । साक्षरता ३१.३ प्रतिशत रहेको छ । ४.६६ प्रतिशत कर्णालीको जनसंख्या कृषिमा आधारित रहेको छ । नेपालको जम्मा १६,८३४ किलो मिटर सडक मध्ये कर्णालीमा ० किलो मिटर, नेपालमा ३२१३ ठूला उद्योगमध्ये कर्णालीमा १, रोजगारीको अवसर पाउने नेपालमा १,९१,८५३ छन भने कर्णालीमा जम्मा ११ जना, नेपालमा २६९ क्याम्पस कर्णालीमा १, मुगुको औसत आयु ३६ वर्ष छ काठमाडौंको ७० वर्षभन्दा माथि रहेको छ । राष्ट्रिय योजना आयोग, संवैधानिक अङ्गहरू कूटनीतिक क्षेत्रमा कर्णालीको सहभागिता छैन । नागरिक प्रशासनमा कर्णालीबाट जम्मा १६ जना अधिकृत छन् भने न्यायीक क्षेत्रमा १ जनाको अधिकृत स्तरमा सहभागिता छ ।"[१३१] प्रभावशाली

---

[१३०] ***इन्टरन्यासनल क्राइसिस ग्रुप*** : "नेपालका माओवादीः विशुद्धतावादी कि व्यवहारवादी ?" एसिया रिपोर्ट नं. १३२, (ललितपुर : इन्टरन्यासनल क्राइसिस ग्रुप, १८ मे, २००७), (Nepal@crisisgroup.org).पृ. i.

[१३१] जीवनबहादुर शाही, "समावेशी लोकतन्त्रको स्वरुप र संरचनामा कर्णालीलगायत पिछडिएका क्षेत्र", ***समावेशी लोकतन्त्र,*** (प्र.सं.), (काठमाडौं : फ्रिडम फोरम, २०६३), पृ. २०३–२०४ ।

नेताहरूबाट आफ्नो क्षेत्रमा मात्र विकास केन्द्रित गराउनुको परिणति हो जनतामा ठगिएको आभास हुनु । प्रादेशिक असन्तुलन पनि माओवादी उदयको कारण बनेको छ । समानुपातिक तवरले देश विकास हुन सकेको भए जनतामा असन्तोष हुने थिएन ।

**जातीय असमानता र लैङ्गिक विभेदको निवारण :** विगत लामो समयदेखि राज्यले सम्बोधन गर्न नसकेको जातीय असमानता र लैङ्गिक विभेदको निवारणलाई ०४७ सालको संविधान निर्माणपछि पनि यस विषयमा कुनै पहल हुन सकेन । राजनीतिक दलहरूले महिलालाई कम सहभागिता गराए ।

***राजनीतिक दलका केन्द्रीय समितिहरूमा महिलाको प्रतिनिधित्व*** [१३२]

| दल | कुल के.स.सदस्यहरू | पुरुष | महिला | के.स.सदस्यहरूको महिला प्रतिशत |
|---|---|---|---|---|
| नेका | ३१ | २८ | ३ | ९.६ |
| नेकपा (एमाले) | ३६ | २९ | २ | ५.७ |
| राप्रपा (थापा) | ३४ | ३१ | ३ | ८.८ |
| नेसपा | ३१ | २९ | २ | ६.४ |
| रा.प्र.पा(चन्द) | ३५ | ३२ | २ | ५.७ |
| नेकपा(माले) | ३१ | २८ | ३ | ९.६ |

आधा आकाश ओगट्ने महिलाहरूको समस्या लैङ्गिक विभेदका कारण समस्या उस्तै देखियो । जनआन्दोलनपछि निर्माण भएको संविधान, ऐन, कानून केहिले पनि यसमा सुधार गर्न सकेन । समस्या जहिंको तहिं रह्यो दलहरूले आफ्नो विधानमा महिलाहरूको प्रवेशलाई खुल्ला बनाउन सकेनन् । राजनीतिक रूपमा पछाडी पार्ने काम दलहरूबाटै देखियो । उत्पीडित जनजातिहरूको समस्या उस्तै छ । कानुनमा समानता उल्लेख गरिँदैमा व्यवहारमा लागु हुन सकेन भने जनताहरू कसरी विद्रोही हुन जान्छन् भन्ने कुरा यसले देखाएको छ । तसर्थ देशभित्र सकेसम्म असमानताको वातावरण सृजना गरिनु हुन्न ।

**कानुन नमान्ने परिपाटीको अन्त्य :** जिम्मेवार निकाय र पदमा आसीन व्यक्तिहरूमा नैतिकताको ह्रास देखापरेको धेरैले स्विकारेको देखिन्छ । विधिको सर्वोच्चता हुनुपर्नेमा सत्तासँग नजीक भएकाहरूसँग कानुन नमान्ने प्रवृत्तिको विकास भएको पाइन्छ । नेपालको न्यायालयभित्र दण्डहिनता कसरी मौलाएको छ भन्ने पुष्टी तलको घटनाले देखाएको छ :

---

[१३२] स्टेफेन जे.किलिङ, (सं.),***नेपालमा गरिबमुखी शासन एक मूल्याङ्कन***, इनेब्लिङ्ग स्टेट प्रोग्राम, (प्र.सं.), (प्रकाशन स्थान उल्लेख नभएको, २०५८), पृ. २७ ।

"प्रसंग बहुचर्चित र विवादास्पद लागूपदार्थसम्बन्धी रबिन्सन प्रकरणबारे सर्वोच्च अदालतको फैसला र त्यसपछि उठेका गम्भीर संवैधानिक,कानूनी एवं नैतिक प्रश्नहरूको हो । रबिन्सन बेलायती नागरिक हुन्। उनी २०५८ साल भाद्र १ गते काठमाडौंबाट सिंगापुर हुँदै इण्डोनेशिया जाने क्रममा २ केजी ३ सय १५ ग्राम खैरो हेरोइनसहित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रङ्गे हात पक्राउ परेका थिए । उनलाई २०५९ साल मंसिर १८ गते विशेष अदालतले अवैध लागू–पदार्थको कारोबारमा १७ वर्ष कैद र १० लाख रूपैंया जरिवानाको सजायँ सुनाएको थियो । तर, एकातिर विशेष अदालतको फैसला र अर्कोतिर निजको कसुरलाई अन्यथा भन्न सक्ने अवस्थाको प्रतिकूलता हुँदा हुँदै पनि आश्चर्यजनक ढंगले गत वैशाख ११ गते सर्वोच्च अदालतका विवादास्पद न्यायाधीशद्वय कृष्णकुमार बर्मा र बलिराम कुमारले रबिन्सनलाई पूर्णतः सफाई दिने फैसला सुनाएका थिए ।

फैसलापछि फैसलामा अवलम्बन गरिएका निर्णयाधार र स्वयं न्यायाधीशद्वयको निष्पक्षता र विश्वसनीयतामाथि नेपाली समाजमा थुप्रै टिकाटिप्पणी भए र भइरहेका छन् । यस क्रममा खासगरी तीनवटा उल्लेख्य घटनाहरू समेत सम्पन्न भए ।

एउटा, नेपाल बार एसोसिएसनले फैसलाको छानबिनसम्बन्धमा बारका अध्यक्ष शम्भु थापाको संयोजकत्वमा २७ सदस्यीय मूल समिति र वरिष्ठ अधिवक्ता रतनलाल कनोडियाको संयोजकत्वमा ७ सदस्यीय उपसमिति गरी दुईवटा समिति गठन गर्‍यो । त्यस समितिले फैसलाको आवश्यक अनुसन्धान र छानवीन गरी उक्त फैसला त्रुटिपूर्ण रहेको र न्यायपालिकाको प्रतिष्ठामा आँच पुग्नेगरी न्यायाधीशद्वारा प्रभावमा आई फैसला गरेको भन्ने आसयको ठहर निकाल्यो ।

दोस्रो, न्याय परिषद्ले सर्वोच्च अदालतका न्यायाधीश मिनबहादुर रायमाझीको संयोजकत्वमा न्यायाधीश खिलराज रेग्मी र न्यायाधीश अनुपराज शर्मा रहनेगरी ३ सदस्यीय फैसला छानविन तथा अनुसन्धान समिति गठन गर्‍यो । र, यस समितिले पनि उक्त फैसला त्रुटिपूर्ण रहेको र न्यायालयप्रतिको आस्थामा दखल पुर्‍याउने खालको भनी प्रतिवेदन तयार गर्‍यो र, तेस्रो, महान्यायाधिवक्ताको कार्यालयमार्फत फैसला कानूनी रूपमा त्रुटिपूर्ण भएकोले सच्याउने माग गर्दै पुनरावलोकनको निवेदन सर्वोच्चमा दर्ता गराइयो । उल्लिखित घटनाहरू नेपाली न्यायिक इतिहासमा यसभन्दा पहिले कहिल्यै नभएका अनौठा घटनाहरू हुन् ।[१३३]

सानालाई ऐन ठूलालाई चैनको वर्तमान अवस्थामा कानूनी राज्यको अवधारणा खस्कँदै गएबाट नै माओवादीहरूको उदय भएको देखिन्छ । भएको संवैधानिक व्यवस्थालाई भत्काउन चरम वामपन्थी लागि रहेका छन् ।

[१३३] भीमार्जुन आचार्य, न्यायालयभित्रको दण्डहीनता, ***मूल्याङ्कन,*** वर्ष २२ पूर्णाङ्क १२१, श्रावण, २०६१, पृ १२ ।

**ध्रुवीकरणको राजनीतिले अस्थिरता पैदा** : राजा, माओवादी र राजनीतिक दलबीच 'सत्ताको लागि संघर्ष' वढिरहेको छ । राजाको असन्तुष्टि संविधानभित्र आफ्नो भूमिका पुनः परिभाषित गर्नु रहेकोछ । राजतन्त्र अहिले सम्म पनि संविधानभन्दा माथि थियो । राज्यको सेना राजाको आदेश विना चल्न सकेन । संवैधानिक राजासँग शक्ति भएपछि दलहरूले पनि राजसंस्थालाई शंकाका दृष्टिले हेर्न थालेका छन् ।

'माओवादी आफूलाई छोटो अवधिमै शक्तिशाली पार्टी बनाउन सफल भएपछि नेपालको राजनीतिक शक्ति सन्तुलनमा तीन शक्ति स्थापित हुन पुगे–शाही नेपाली सेना सहितको परम्परागत राजसंस्था, मूलप्रवाहका संसदीय राजनीतिक दल र नेकपा माओवादी । यी तीनमध्ये कुनै दुई शक्ति मिलेमा त्यसले तेस्रो शक्तिलाई कमजोर बनाउने अवस्था थियो । माओवादी र राजनीतिक दलहरू आपसमा मिल्न सक्दैनन् भन्ने राजदरबारको विश्लेषण थियो भने माओवादीले उग्रराष्ट्रवादका नारा समेत लगाइरहेकाले केही हदसम्म राष्ट्रियताको सवालमा राजदरबारसँग वार्ता हुन सक्छ कि भन्ने उसको सुषुप्त सोचाइ थियो । राजदरबार र माओवादी दुवैले राजनीतिक दललाई निरीह बनाउने रणनीति लिएका थिए ।'[१३४] किनकि 'माओवादीले जनयुद्ध सुरु गर्दा राजाको फोटोमा बन्दूक पडकाएर गरेका थिए । पछि तिनै माओवादीले दरबार हत्याकाण्डपछि राजा बीरेन्द्रको मात्र नभएर सम्पूर्ण शाह वंशकै प्रशंसा गर्न पुगे ?'[१३५]

युद्ध चर्किंदै जाँदा माओवादीहरू नेपालको धेरैजसो भागका वास्तविक शासक हुन पुगे । उनीहरूले भौगोलिक इलाकालाई नियन्त्रण गर्ने लक्ष्य लिएका थिएनन् र त्यस्तो उनीहरूले गरेनन् पनि, तथापि देशका धेरैजसो भागमा राज्यको अनुपस्थितिको मज्जैसित फाइदा भने उठाए । स्थानीय सरकार बेकम्मा भएको वा भागेको अवस्थाबाट उत्पन्न शून्यतामा उनीहरूले केन्द्रदेखि जिल्ला, गाउँ र वडा तहसम्म समानान्तर जनसरकारको निर्माण गरे ।[१३६] माओको नयाँ जनवादको शैलीमा नेपालमा जनवादी गणतन्त्र प्रयोग गर्ने क्रममा पछिल्ला दिन विकसित घटनाक्रमले मुलुक प्रजातान्त्रिक र जनवादी दुई धारमा ध्रुवीकृत हुन थालेको संकेत देखिएको छ । एमाले/माओवादी दुई ठूला वाम पार्टी र कांग्रेस जस्ता उदारवादी प्रजातान्त्रिक दलहरू वीच पोलराइजेशन निश्चित देखिन्छ । लेफट्को एकातिर र डमोक्रेटको अर्कोतिर देखिनेछ । विचारधारात्मक र राजनीतिक ध्रुवीकरण माओवादी जनयुद्धकै परिणाम मुलुकमा अस्थिरता पनि निकै लामो समयसम्म हुने देखिन्छ ।

---

[१३४] (विवेक कुमार शाह), ***पूर्ववत् टिप्पणी*** नं. ५०, पृ. ७९ ।

[१३५] (द पिपुल्स वार ईन नेपाल) ***पूर्ववत् टिप्पणी*** नं. १२५, पृ. ३२५ ।

[१३६] (इन्टरन्यासनल क्राइसिस ग्रुप), ***पूर्ववत् टिप्पणी*** नं. १३०, पृ. १४ ।

**जटिल सवालमा माओवादीहरूको दृष्टिकोण स्पष्ट नभएको** : संविधानसभा, संविधान संशोधन, संसद पुनःर्स्थापना, जनमत संग्रह जस्ता विषयमा माओवादीहरूले जनयुद्धको समयमा दृष्टिकोण स्पष्ट दिएका थिएनन । त्यस समय नेपालका राजनीतिक दलहरूले अग्रगामी परिवर्तनका लागि संविधानसभामा जानुपर्ने कुरामा लगभग सहमति जनाइ सकेका थिए । अर्कोतर्फ माओवादीहरूले गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभा मागि रहेका थिए । राजाले संविधानसभा दिने हो भने राजतन्त्र सक्रिय भएको आरोप लाग्न सक्थ्यो । यस्तो अवस्थामा माओवादीहरूले राखेको मागमा गोलमेच वोलाउँदा पार्टी प्रतिनिधि, मानव अधिकारवादी, वुद्धिजीवी आदि समावेश गरेर त्यसलाई परामर्शदातृ परिषद्का रूपमा प्रयोग गरेर त्यसै मार्फत सरकार वनाई त्यही सरकारले संविधान सभाको चुनाव गराएको भए पनि दुई बन्दूकको विसौनी हुन सक्ने स्थिति देखिंदैनथ्यो ।

राजसंस्था, माओवादी र दलबीच सहमति नभै समस्याको समाधान खोज्न कठिन थियो । घरभित्रको समस्या नै समाधान हुन सकिरहेको थिएन भने एकथरी विदेशी र संयुक्तराष्ट्र संघको मध्यस्थता खोज्नु थप जटिलता निम्त्याउनु हो भनिरहेका थिए । हिंसा, अशान्ति र द्वन्द्वले विश्वमा कतिपय राष्ट्रहरू नामोनिशान बनेका छन् । वार्ताद्वारा विश्वमा जटिलभन्दा जटिल समस्याहरू सुल्भिनसकेको छ तर यहाँ द्वन्द्व लामो समयदेखि लम्ब्याइएको देखिन्छ । '०४६ सालको परिवर्तनदेखि नै राज्य कस्तो भयो भने न्यायालय सेना प्रहरीलाई चलाउनु हुन्न जस्तो ठानियो । आर्थिक द्वन्द्वले परिवर्तन व्यापक हुनुपर्ने हुनसकेन् । दलहरूवीचमा पनि सहमति आउनुपर्नेमा द्वन्द्वमात्र देखापरिरहेको छ ।'[१३७]

नेपालका माओवादीहरूले दीर्घकालीन जनयुद्धको मार्गलाई रोजिरहेका छन् । त्यसलेगर्दा यिनीहरू वार्तालाई पनि रणनीतिका रूपमा लिएर शान्तिलाई अस्वीकार गरिरहेको देखिन्छ । निर्णायक संघर्ष अभै बांकी छ भन्ने तिनका बीचारले जटिल सवालमा माओवादीहरूको दृष्टिकोण लामो समय स्पष्ट हुन सकेन । नेपाली समाज वर्गीय भएकाले विभिन्न वर्गवीच अभैपनि टक्कर चलिरहेको छ । (क) वुर्जुआ र (ख) सर्वहारा बीचको टक्कर चलिरहेको छ । यसको अन्त नभएसम्म निरपेक्ष शान्ति कहींपनि हुन्न । राजावादीहरू दलदेखि अशान्ति र दलहरू राजादेखि अशान्तिको द्वन्द्व हिजोका दिनमा थिए ।

०४७ को संविधान उत्कृष्ट थियो । "यो विश्वकै सर्वोत्कृष्ट संविधान हो",तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई यसो भन्ने गर्थे ।[१३८] "०४७ सालको संविधानवारे बोल्नुपर्दा उनी

---

[१३७] *हरि रोक्का* (एकीकृत नेकपा माओवादी) संग २०६६ साल भदौ १८ गते लिइएको अन्तर्वार्तावाट ।

[१३८] *अन्नपूर्ण पोष्ट,* ३० चैत २०६५, आइतबारे परिशिष्टांक ।

'सर्वोत्कृष्ट' शब्द कहिल्यै छुटाउँदैनथे । विघटित संविधान सुझाव आयोगका अध्यक्ष विश्वनाथ उपाध्याय भने "असीमित र अनियन्त्रित अधिकार संविधानमा नपरोस भन्ने कुरामा हामी सजग थियौं ।"[१३९] अर्को एक प्रसङ्गमा–"संवैधानिक व्यवस्था र प्रजातन्त्रका मूल्य र आदर्शलाई संरक्षित गर्न राजनैतिक दलहरू असमर्थ हुँदै गए । राजनैतिक दल र नेताहरूप्रति जनताको विश्वास र भरोसा हराउँदै गएको स्थितिको लाभ उठाएर चरम वामपन्थी र चरम दक्षिणपन्थी दुवै खेमाबाट संविधान र प्रजातान्त्रिक व्यवस्थालाई चुनौति दिन थालिएको छ ।"[१४०]

त्रिपक्षीय उपलव्धीको रूपमा आएको ०४७ को संविधान पछिल्ला दिनमा यसले स्थापित गरेका कतिपय मूल्य र मान्यताहरूलाई खलबल्याउन खोज्दा संविधान उत्कृष्ट भएर पनि प्रयोग राम्रो भएन । सडक विवादमा संवैधानिक राजा हरेक पटक मुछिएका थिए । "वार्ता, छलफल र संवादवाट सुल्झिन सक्ने राजनैतिक विषयमा सर्वोच्च अदालतको फैसलाको अभिलाषी हुनु सँधै व्यावहारिक र फलदायी होला नहोला त्यो राजनैतिक नेता र संविधानविद्हरूले सोच्ने कुरा हो।"[१४१] विश्वनाथ उपाध्यायले मुकुन्द रेग्मीको 'संवैधानिक विकास र नेपाल अधिराज्यको संविधान २०४७' को भूमिकामा लेखेका थिए"प्रजातान्त्रिक मूल्य र मान्यताहरू तथा सामाजिक न्यायका आदर्शहरूको संवैधानिकरण र संविधानवादको विकासको दृष्टिकोणबाट यो संविधान संसारका अन्य धेरै संविधानहरू भन्दा विकसित र अग्रवर्ति छ भन्नु अत्युक्ति हुँदैन ।" ०४६ सालको उपलब्धि त्यस समयको लागि नेपाल अधिराज्यको संविधान, २०४७ थियो । यो संविधानमा नियन्त्रण र सन्तुलनका लागि कतिपय संयन्त्रहरूको व्यवस्था गरिएको थियो । संविधान उत्कृष्ट भएर पनि यसलाई कार्यान्वयन गर्ने राजनीतिक दल, संवैधानिक शक्ति केन्द्र, सांसद, मन्त्री आदि जनताबाट अलग्गीदै गए तर माओवादी भने जनतासंग घनिष्ट बन्दै गए । "जनयुद्धको क्रममा शत्रुहरूले हामिलाई जनतावाट अलग्याउन खोज्नेछन तर हामिले कुनैपनि हालतमा जनतासंग जीवन्त सम्पर्क बनाइ राख्नुपर्दछ ।" [१४२]

यसरी संविधान उत्कृष्ट भएर पनि दलहरूले राजालाई शंकाको घेरामा राखे । सवै दलहरूको राजासम्वन्धी धारणा एकै हुन सकेन । संविधान आवश्यकताअनुसार परिवर्तन हुँदै जानुपर्नेमा जान सकेन । राज्यको पुनर्संरचनाको लागि जाति, जनजाति, मधेशि, दलित आदिको

---

[१३९] विश्वनाथ उपाध्याय, "संविधानले शक्ति सन्तुलन र देशको प्रजातान्त्रिक विकासको बाटो खोलेकोछ ।" ***कानून,*** (काठमाडौं : नेपाल कानून किताब कम्पनी प्रा.लि, आषाढ, २०४८), पृ. ३१५ ।

[१४०] विश्वनाथ उपाध्याय, "चरम वामपन्थी र चरम दक्षिणपन्थी दुवै खेमाबाट संविधान र प्रजातान्त्रि व्यवस्थालाई चुनौती दिन थालिएको छ ।", ***कानून,*** (काठमाडौं : कानून व्यवसायी क्लव, कार्तिक २०५७, पृ. १९ ।

[१४१] ***विश्वमित्र,*** वर्ष १, अंक ३, भाद्र १–१५,२०५१ ।

[१४२] (द पिपुल्स वार ईन नेपाल) ***पूर्ववत् टिप्पणी*** नं. १२५, पृ. १९७ ।

लागि राज्यले केहि काम गरेन । सत्ताको लागि मात्र अधिकांश उर्जा खर्च भयो । त्यसैले संविधान उत्कृष्ट भएर पनि संविधानकै विरुद्धमा माओवादीले हतियार उठाउन पुग्यो । जुन कुरा माथिका विभिन्न परिच्छेदमा पनि व्याख्या भै सकेका छन् ।

संविधानभित्रैवाट निकास खोजिएन दल र नेतृत्वको राजनीतिक संस्कारको अभावका कारण तिनले इतिहासबाट कुनै पाठ सिकेनन् । ०४६ सालको क्रान्ति पुरा क्रान्ति थिएन् । ०४७ को संविधानमा समस्या थियो । त्यस समयको संसद पञ्चायत जस्तै थियो । वर्गीय हिसावले समाज ब्राम्हणवादले जकडिएको थियो । ०४६ सालको आन्दोलनपछि दलित, जनजाती, कर्णाली–सेती–महकालीमा उत्पीडन एक इन्चपनि कम भएन । ब्राम्हणवादी र पितृसत्तात्मक राज्य संरचनाको कारण पहाडे अहंकारवादले मधेशमा पनि त्यस्तै उत्पीडन दियो । राजधानीवादी राज्यसत्तामा सवै वाहुन क्षेत्रीको प्रभाव देखियो । ०४६ सालको परिवर्तन रूपमा मात्र थियो सारमा त्यो परिवर्तन परिवर्तन भएन् । संविधानवीचमा पनि निषेधको प्रकृया चलिरहेको थियो।'[१४३] राजनीतिक समस्या बनेको यो माओवादी समस्या प्रजातन्त्रमा संक्रमण हुने सम्भावना ज्यादै कम देखिन्छ ।२०१७ को स्थीति ल्याईदिएर राष्ट्रको परिदृष्यबाटै कतै यो विलाउने पो हो कि भन्ने आशंकालाई संविधानसभाको निर्वाचनमा यसले पाएको मत परिणामले गलत सावित गरिसकेकोछ ।

अन्तमा यस परिच्छेदको निचोडले के देखाउँछ भने ०४७ सालको संविधानभित्रको राजनीतिक दलहरूले ०१७ सालमा हुन गएको गल्तीवाट पाठ सिकेनन् । राजाले प्रतिनिधिसभा विघटन गरेपछि मोहम्मद मोहसिन जस्ता राजावादीहरू राष्ट्रिय सभा सार्वभौम नभएकाले राजामा सार्वभौमसत्ता सरेको बताउँथे । यसरी संविधानलाई आफूखुसी व्याख्या गरेर राजाको प्रत्यक्ष शासनकालमा मुलुकलाई सङ्कटमा पुऱ्याउने काम भयो । राजालाई संवैधानिक वनाउने क्रममा सकिय बनाउन खोज्ने परम्परा सुरु भयो ।

यसैगरी त्यस समय सेना प्रयोगको विवाद अर्को सङ्कटको कारण थियो । ०४७ सालको संविधानले सेनालाई लोकतान्त्रीकरण गर्न सकेन । प्रजातन्त्रप्रति वफादार हुन नसकेको सेनालाई नेतृत्वले हटाउन नसक्नु नै ठूलो कमजोरी वनेको थियो । सेना राजाप्रति उत्तरदायी बन्दै गयो जनता र संसदप्रति बन्न सकेन । होलेरीमा अपहरित प्रहरीलाई फिर्ता गराउन सेना परिचालन गराउन खोज्दा सेना परिचालन हुन नसकेपछि गिरिजाप्रसादले राजीनामा दिए । सुरक्षा निकायमाथि निर्वाचित पदाधिकारीको नियन्त्रण नरहेको प्रमाण यस घटनाले देखायो । संयुक्त सुरक्षा फौजको अवधारणासँगै वाह्य युद्धमा प्रयोग हुने सेनालाई समेत नागरिक स्वतन्त्रताको अपहरणमा लगाउनाले नेपाली सेनाको लोकप्रियता यस अवधिमा संकास्पद वन्न पुग्यो ।

---

[१४३] ***सुरेश कुमार आले मगर*** (ए नेकपा माओवादी) संग २०६६ साल भदौ १८ गते लिइएको अन्तर्वार्तावाट ।

मुलुकभित्रको संसद् र संविधानले राजालाई सुरक्षा गरेपनि राजा स्वयं दरबारबाट भने असुरक्षित देखिए । संवैधानिक राजा भएर पनि नागरिकता विधेयकका लागि अदालतसँग सोधन पुगे । तत्कालीन संसद्ले राजालाई विकल्प छनौटको अवसर किन दियो ? राजाले संविधानमा आफ्नो भूमिका सीमित राख्न चाहेनन् । सक्रिय राजतन्त्र जगाउन राजाले चालेको कदमपछि दलहरू सडक संघर्षमा देखिनुले नेपालको राजनीतिक अवस्था सङ्कटमा रहेको देखाउँछ ।

हिन्दू राष्ट्रमा दलहरू बोल्नै नहुने बोलिरहेका छन् भनेर शाही पार्श्ववर्ती भरतकेशर सिंह जस्ता राजावादीहरू बोल्न थाले । राजावादीहरू मुलुकलाई धार्मिक अतिवादतर्फ डोर्‍याएर राजालाई निरंकुश वनाउन खोजिरहेका थिए । दलहरूसँगको परामर्शविना राजाले नगर निर्वाचन गरेकै कारण ठूला दलहरूले भाग नलिएर सक्रिय राजावादीहरू मात्र यसमा भाग लिए । जनताका प्रतिनिधिहरू शासन चलाउन सक्षम छैनन् भन्ने देखाउने प्रयासमा राजतन्त्र लागिरह्यो । यसले पनि के देखाएको छ भने त्यसबखत राजदरबारपनि सङ्कटको प्रमुख कारण बन्न पुगेको थियो ।

नेपालको परम्परागत कम्युनिष्ट आन्दोलनलाई उग्रवामधारतर्फ निरन्तरता दिने क्रममा लगभग एक दशक अगाडिदेखि जनयुद्धको सुरुवात भएको थियो । ०५० सालमा एकताकेन्द्रमा आएको विभाजनपछि माओवादी जन्मिएको हो । नेपाली राजनीतिमा टुटने र फुटने रोग यसभित्र पनि देखा पर्‍यो । ०४८ सालको निर्वाचनमा ९ स्थानमा विजयी वनेको संयुक्त जनमोर्चामा पनि विभाजन आयो । निर्मल लामा, निरन्जन गोविन्द वैद्य, वावुराम भट्टराई र प्रचण्डले विभिन्न् समूहको नेतृत्व लिन पुगे । तत्कालीन सामाजिक, आर्थिक अवस्था विष्फोटनको विन्दुमा पुगेकाले तत्काल हतियार बोक्नुपर्ने निष्कर्षमा माओवादी देखिएको थियो । माओवादी आन्दोलन झापा आन्दोलनकै विकसित रूप थियो । २०५२ साल फागुन १, देखि जनयुद्धका नाममा यसले मुलुकभित्र पुरानो सत्तालाई विस्थापन गराउन हिंसात्मक आन्दोलन चलाएको थियो । प्रचण्डको मातहतमा सिपिएन् (माओवादी) गठन भएको थियो । जनयुद्धमा छापामार कारवाही, जनपरिचालन, खुला गतिविधि, भूमिगत गतिविधि, फौजी र गैरफौजी आदि युद्धका प्रक्रियाहरू नेपालमा संचालित भएका थिए ।

जनआन्दोलनपछि नेपाली जनताहरूमा बढेको आकांक्षालाई त्यसपछि बनेका दलीय सरकारहरूले पूरा गर्न सकेनन् । पार्टीभित्रै द्वन्द्वको सुरुवात भयो । कांग्रेसमा छत्तिसे र चौहत्तरेको बीजारोपण, कम्युनिष्ट पार्टी १२ भन्दा बढी सासाना टुक्रामा विभाजित बन्दै जानु,नेताहरू भ्रष्ट र व्यक्तिगत फाइदामा तल्लीन भएपछि नैराश्यमा पुग्नु आदि कारणको फाइदा लिंदै माओवादीले जनतालाई ठूलो सपना देखाएर विचारमा असहमत हुनेहरूलाई सफाया गर्ने अभियान सुरु गर्‍यो । परिणामस्वरूप यस अवधिमा हजारौं व्यक्तिले ज्यान गुमाउनु पर्‍यो । अनगिन्ती व्यक्तिहरू

मुलुकभित्र विस्थापित वन्न गए । समानान्तर सरकारको वर्चश्व कायम गरी मुलुकको सम्पूर्ण भूभागमाथि माओवादीले शक्ति केन्दीकृत गरी आक्रमण गर्ने र विकेन्द्रित गरी संगठनलाई क्षति हुनवाट बचाउन तिनीहरू लागेका थिए । सरकार रक्षात्मक र माओवादी आक्रामक वन्दै लामोसमय मुलुक द्वन्द्वमा रुमल्लिन पुग्यो । राजनीतिक सङ्कटको कारण बन्न गएको माओवादी समस्या प्रजातन्त्रमा संक्रमण हुने सम्भावना राजाको सक्रिय शासनकालसम्म सम्भव थिएन ।

यथार्थमा ०४६ सालको जनआन्दोलन लोकतन्त्रका लागि थियो तर परिणाम लोकतान्त्रिक वन्न सकेन । पार्टीको उत्कृष्ट समयमा पनि नागरिकहरू कमजोर वन्न पुगे । ०४८ सालमा गरिएको टनकपुर संझौता र ०५२ मा एकीकृत महाकाली सन्धिको नाममा भएको विस्तृत सम्झौताले मुलुकलाई माथि उठाउने छ भन्ने सोचिएको थियो । तर, विस्तृत कार्ययोजना प्रतिवेदन (डि.पि.आर) वन्न नसक्नाले महाकाली सन्धिमा हस्ताक्षर भएतापनि नेपालले त्यसमा हक स्थापित गर्न सक्यो सकेन त्यो अझै विवादको विषय वनेको छ । छिमेकीसँग विवाद लम्व्याएर लामो समय रहनु मुलुकका लागि सङ्कटको संकेत हो ।

जनता बलियो वनाउन दलहरू नलागेकैले राजा शक्तिशाली वन्न गए । संसदीय अभ्यासमा अनुशासनहीनताको पराकाष्ठा देखियो । प्रजातन्त्रको व्यवस्थापन गर्न नेताहरू सक्षम भएको देखिएन । ०४६ सालपछिको बाऱ्ह वर्षमा सरकार परिवर्तन हुने काम मात्र भयो । देशका वहुसंख्यक आदिवासी, जनजाति, महिला र पिछडिएका वर्गलाई राज्यले अलग्याईरह्यो । बाऱ्ह वर्षमा अनेकौं सरकार फेरिए । यही  अस्थिर सरकारकै कारण माओवादी आन्दोलन तीव्र रूपमा फैलियो ।

राजाको भूमिका निकै विवादास्पद बन्न पुग्यो । राजा आफूमात्र राष्ट्रवादी शक्तिका रूपमा जनतामाझ स्थापना हुन चाहन्थे । दलहरूलाई उनी निकम्मा देखाउन खोज्थे ।  दरवारहत्याकाण्ड लगत्तै दलहरू मौन बसेकोबाट के पुष्टी हुन्छ भने दलहरू राजाको आदेशलाई चुनौति दिन सक्ने क्षमतामा थिएनन् ।

जेठ १९, २०५८ मा वीरेन्द्रको वंश विनाशपछि नेपालको राजसंस्थाले लामो समय राजतन्त्र रहन नसक्ने कुराको सङ्केत गरिसकेको थियो । प्रजातन्त्र प्राप्तिपछि पनि नेपालमा संसदवादी शक्तिहरूले राजसंस्थालाई ०७ साल र ०१७ सालकै स्थितिमा राख्नाले सङ्कटहरू देखिएका हुन् । यसरी प्रजातन्त्र प्राप्तिपछिको सङ्कटलाई माथिका परिवेशमा केलाउँदा के देखियो भने राजसंस्थाको भूमिका संस्थागत गर्ने क्रममा आएको सङ्कटलाई विश्लेषण नगरी सत्य तथ्य छुट्याउन नसकिने भएकाले आउने परिच्छेदमा यसको अझ वढी विस्तृत व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद : पाँच

# राजसंस्थाको भूमिका संस्थागत गर्ने क्रममा आएको सङ्कट

## ५.१ नेपालको राजसंस्था

नेपालको राजसंस्था ०७ सालपछि निकै अधिकारसम्पन्न बनेको देखिन्छ । अत्यधिक अधिकार पाएकै कारण यसले मर्यादाको सीमा पटक पटक तोड्न पुग्यो । यसलाई जति नै मर्यादित वनाउन खोजिए पनि सदैव यसले आफूलाई शक्तिशाली वनाएर जनतालाई कमजोर बनाउने प्रयास गरिरह्यो । शाहवंशीय राजाहरू उदार र प्रजातन्त्रप्रति इमान्दार कहिल्यै देखिएनन् । नेपाली जनताले राजतन्त्रलाई आदर पनि गऱ्यो विद्रोह पनि गऱ्यो । तर राजसंस्थाले आफूलाई संस्थागत भने गर्न सकेन । ०७ साल देखि ०६२/६३ सम्मको अवधिलाई हेर्ने हो भने नेपालको राजतन्त्रले कहिल्यै प्रजातन्त्रको संस्थागत विकासमा महत्वपूर्ण काम गर्न सकेन । राजाकै कारण प्रजातन्त्र दुर्घटनामा परी फेरि शून्यबाट सुरुवात गर्नुपर्ने अवस्था देखिंदै आएको छ । राजतन्त्रको यस्तै यस्तै भूमिकाको कारण राजतन्त्रको औचित्य बिपि कोइरालाको समयमा पनि उठेको थियो–

> राजतन्त्रविरोधी विचारधाराको र राजतन्त्रको स्थानमा जनतन्त्रात्मक राजनीतिक पद्धतिको उत्तरोत्तर विकासका गहिरा ऐतिहासिक कारणहरू छन् । राजतन्त्रात्मक संस्थाबाट आफूलाई मुक्त नगरुन्जेल कुनै पनि आधुनिक विकसित समाजको आदिर्भव सम्भव छैन । राजतन्त्र एउटा राजामात्र होइन, यो त्यस्तो पद्धति हो, जस अन्तर्गत 'राजदरबार' भन्ने संज्ञा भएको शक्तिशाली वर्गीयतत्व निहित छ । प्रष्ट अनुहार नभएको यो शक्तिशाली तत्त्व, जो जनताको आँखाको अगाडि नपरी ठूल्ठूला पर्खालको संरक्षणभित्र गुप्त ढङ्गले आफ्नो काम गर्छ, जसलाई हामी राजदरवार भन्छौं, त्यो रुढिवाद र प्रतिक्रियावादलाई व्यापक रूपमा प्रोत्साहन दिने अदृश्य व्यक्तिहरूका लागि अप्रत्यक्ष आश्रय भएको छ । ...राजदरवार प्रतिक्रियावादको एउटा हतियार हो, जहाँ निहित स्वार्थ, सामन्तवाद, रुढिवाद र देशका अन्य प्रतिक्रियावादी तत्त्वले आश्रयपाउँछ । रहस्यमय राजतन्त्रको आड लिई यी जम्मै प्रतिक्रियावादीहरूले राजदरवारलाई षडयन्त्रको अखडा बनाउँछन् ।[१]

मेरो वंशले पछिसम्म शासन गर्न जनतासँग वैरी व्यवहार गर्नु हुन्न भन्ने कुरा त्रिभुवनको शासनकालपछिका राजाहरूले वेवास्ता गरेको पाइन्छ । तिनले राजा र राजसंस्था दुई भिन्न विषयवस्तु हुन भन्ने कुरा पनि विर्सेको पाइन्छ । राजधर्म र राजसंस्थाको मर्म अनुसार नचल्नाले बेलाबखत यो संस्था द्वन्द्वमा फस्न पुगेको पाइन्छ । शक्ति र धर्म शासनका आधार मानिएका

---

१ बीपी कोइराला, ***चुनौतीको घेरामा राजतन्त्र,*** (काठमाडौं : नेपाली कांग्रेस क्षेत्र नं .३, २०६२), पृ. २३–२४ ।

छन ।[२] नेपालमा आधुनिक शक्ति मान्ने बहुदलीय प्रजातन्त्रवादी र दैवीशक्तिमान्ने राजाबीच द्वन्द्वको छिनोफानो ०७ सालदेखि नै टुङ्गिन सकेको पाइन्न । शासक र शासितबीचको द्वन्द्व इतिहासमा कहिल्यै टुङ्गिएको छैन् । नेपालको राजनीतिक चक्र हेर्ने हो भने राजतन्त्र कहिल्यै जनताप्रति निष्कलङ्क देखिएको छैन् । यो संस्था सदैव हिंसा र रक्तपातले मुछिएको देखिन्छ ।[३] त्यसैलाई सङ्केत गर्दै नेल्सन मण्डेला भन्छन्– 'सरकारलाई युद्धमा हराउन सकिन्न, तर उसको लागि शासन गर्न कठिन भने अवश्य बनाउन सकिन्छ ।'[४] नेल्सनमण्डेलाको यो भनाई नेपालको सन्दर्भमा पनि त्यतिकै उपयोगी पाइन्छ । नेपालका प्रजातान्त्रिक संस्थाहरूले स्थायित्व लिन नसक्नाको कारण वेलाबेलामा राजाको स्वरूप फेरिनुले हो । इतिहासले के देखाएको छ भने राजसंस्थाको स्वरूप फेरिए पनि राजाको प्रवृत्तिमा मौलिक अन्तर आएन । राजा निरंकुश हुन नछोड्ने जनता अधिकार नलिई नछोडने । यो द्वन्द्वले नै नेपालमा शासन स्थिर हुन नसकेको हो । दरवारभित्रको कुनै पनि कुरा कहिल्यै पारदर्शी हुन सकेन । तिनका सम्पत्ति र स्रोत जनतालाई जानकारी गराउने परम्परा वसेन। जनता र जनप्रतिनिधि संलग्न नभएको घटनामा दरवारभित्रै ०५८ जेठ १९ मा गद्दीनसिन राजा र उनका सम्पूर्ण परिवार मारिए ।

'राजपरिवार सुरक्षाको जिम्मा शाही सेनाको हैन' भन्दै सेनाका जिम्मेवार अधिकारी पन्छिए । प्रधान सेनापति प्रज्ज्वलशमशेरले भने–'यो हाम्रो जिम्मेवारी होइन' ।[५] त्यस समय माओवादीले वीरेन्द्रसँग अघोषित कार्यगत एकता थियो भनेर जुन प्रचारवाजी गरे त्यसको पुष्टि बाबुराम भट्टराईले यसरी गरे –

> 'पछिल्लो चरणमा खासगरी नेकपा (माओवादी) को नेतृत्वमा युगान्तकारी जनयुद्धको थालनी भए पश्चात त्यसको विरुद्धमा आफूप्रति परम्परागत रूपमा वफादार रहेको शाही सेनालाई परिचालन गर्ने उनले जुन आनाकानी गरे साम्राज्यवादी र विस्तारवादीहरूका निम्ति त्यो उनको सवभन्दा ठूलो अपराध ठहरियो । कतिपय 'मार्क्सवादी पण्डा'हरू समेतले यसै आधारमा हामीलाई "राजावादी" भने पनि अब हामी निर्धक्क साथ के भन्न सक्छौं भने कतिपय राष्ट्रिय प्रश्नहरूमा राजा वीरेन्द्र र हाम्रा बीचमा समान सोचाइहरू थिए र त्यसले कतिपय प्रसंगहरूमा हामीलाई अघोषित कार्यगत एकता गराइरहेको थियो ।'[६]

---

२ हृषिकेश शाह, ***नेप्लीज पोलिटिक्स रेट्रोस्पेक्ट एण्ड प्रोस्पेक्ट,*** (दो.सं.), (न्यूयोर्क : अक्सफोर्ड युनिभर्सिटी प्रेस, १९७८), पृ. २५ ।

३ भुवनलाल जोशी र लियो ई. रोज, ***डेमोक्रयाटिक इनोभेसन्स इन नेपाल : ए केस स्टडी अफ पोलिटिकल एकल्चरेशन, लसएन्जलस् :*** (युनिभर्सिटी अफ क्यालिफोर्निया प्रेस, सन् १९६६), पृ. १९ ।

४ नेलसन मैण्डेला, ***लङ्ग वाक टु फ्रिडम*** (आजादी की और वढते कदम), (हिन्दि संस्करण), (अनु.), ओमप्रकाश शर्मा, (भोपाल : मंजुल पब्लिशिंग हाउस, २००४), पृ. ५२२ ।

५ गिरिजाप्रसाद कोइराला, "शाही कदमका विरुद्ध नेपाली कांग्रेस झापाद्वारा आयोजीत ३ पुस, ०५९ को आमसभा", ***मैले नबोले कसले बोल्छ ?*** , (प्र.सं.), (काठमाडौं : शितल कोइराला, २०६२), पृ. ७ ।

६ बाबुराम भट्टराई, 'नयाँ "कोतपर्व"लाई मान्यता दिनु हुँदैन्', ***कान्तिपुर*** , वर्ष ९, अङ्क १०९, २०५८ जेठ २४, पृ. ६ ।

राजा वीरेन्द्रको २०५८ जेठ १९ गते सम्पूर्ण वंशविनाश भयो । त्यही दिनदेखि बाबुपछि छोरा राजा हुने नेपालको राजपरम्पराको अन्त्य भयो ।[७] यसले के देखाएको छ भने राजसंस्थाको वैधानिक परम्पराको पनि कतै अन्त भएको त हैन ? पहिलोपल्ट नेपालको शाहवंशीय राजसंस्थामा दाजुपछि भाइ राजा भएको देखिन्छ । एक प्रकारले वंश परम्पराअनुसार राजा बन्ने मान्यता यहींबाट समाप्त भएको देखिन्छ । वीरेन्द्रको सपरिवार अन्त्य भएपछि गद्दीमा वस्न पुगेका ज्ञानेन्द्रमा दल र लोकतान्त्रिक संरचनाहरूमाथि आक्रमण गर्दै निरंकुश राजा वन्ने रहर अझ वढी देखियो । उनले आफूलाई अघिल्लो राजाको जस्तो सवै कुरा टुलुटुलु नहेर्ने बताएर देशको राजनीतिमा आफू सक्रिय भएर आउने संकेत गरेका थिए । आन्दोलनको दवावमा मात्र जनताको भाषा बोल्ने अरु समय जनतालाई पेल्ने नेपाली राजतन्त्रको समग्र विशेषतालाई केलाउने हो भने यसले विभिन्न चरणमा आफूलाई खुम्चिने र फैलाउने रणनीति प्रशस्त मात्रामा अपनाएको प्रष्ट देख्न सकिन्छ :

(क) पृथ्वीनारायण शाहदेखि राणा शासन उदय नहुन्जेललाई राजतन्त्रको पहिलो चरण सक्रिय राजतन्त्रको रूपमा हेर्न सकिन्छ ।

(ख) राणा शासनको सक्रिय समयमा नेपाली राजतन्त्र निष्क्रिय अर्थात् राणाको बन्दी भएर बसेको अवस्थाको राजतन्त्रलाई दोस्रो चरणको रूपमा लिन सकिन्छ ।

(ग) त्रिभुवनकालीन राजतन्त्रलाई तेस्रो चरणमा लिन सकिन्छ । यस समय नेपाली राजतन्त्रले जनतासँग सहभागिता जनाउन खोजेको देखिन्छ । मेकियाभेली शैली प्रयोग गरेर नेपालको राजतन्त्रले ठूला दलहरूलाई साना दलको सहयोगमा सत्तामा आउनै नदिने रणनीति अपनायो,

(घ) चौंथो चरणमा आइपुग्दा नेपालको राजतन्त्रले अग्रभागमा प्रजातन्त्र देखाएर निरंकुश शासन व्यवस्था नेपाली जनतामाथि लाद्न खोजेको देखिन्छ ।

यसरी नेपालको राजसंस्थाले ०७ सालको क्रान्ति लगत्तै वारम्वार प्रजातन्त्रमाथि प्रहार गरिरहेको कारण जनतालाई राजाको हरेक कदमप्रति सङ्का मात्र रहेको पाइन्छ । राजा महेन्द्रले बहुदलीय प्रजातन्त्रको विकल्पमा दिएको निर्दलीय तानाशाही शासनव्यवस्था उनीपछिका शासकहरूका लागि पनि वेलावेलामा नमूना वनिरह्यो । 'वेसिक डेमोक्र्यासी' अनुसरण गर्दै नेपालमा पनि मौलिकताको दावी गर्दै "पञ्चायती प्रजातन्त्र" सुरु गर्ने राजा महेन्द्रपछि पनि पाकिस्तानका सैनिक शासकको शैली नेपालका राजाहरूको प्रवृत्ति वुझाउन सान्दर्भिक हुँदै गयो । ज्ञानेन्द्रको प्रत्यक्ष शासनलाई धेरैले "मुसरफ शैली" भनेर टिप्पणी गर्ने गरेका थिए ।

---

[७] गिरिजाप्रसाद कोइराला, "शाही कदमका विरुद्ध नेपाली कांग्रेस झापाद्वारा आयोजीत ३ पुस, ०५९ को आमसभा", ***मैले नबोले कसले बोल्छ ?***, (प्र.सं.), (काठमाडौं : शितल कोइराला, २०६२), पृ. १३ ।

नेपालको राजतन्त्रले जनतालाई निर्देशित शासन व्यवस्था दिएका थिए । उसले जनताको प्रतिनिधिमूलक निर्वाचित संस्थाहरूको कहिल्यै सम्मान गरेन । उल्टो मौका पर्दा कसरी असफल बनाउन सकिन्छ त्यही रणनीतिमा उ लागिरह्यो । बास्तविक प्रजातन्त्रबाट टाढा राख्न राजाले नै अनेक षडयन्त्र गरेको देखिन्छ । नेपाली राजतन्त्र कहिल्यैपनि परिवर्तनको संवाहक बनेन् । यसले जहिलेपनि यथास्थितिको पृष्टपोष गरिरह्यो । राजतन्त्रलाई काँध थाप्ने र राजतन्त्रमा नै आफ्नो भविष्य देख्ने मनोवृत्ति बहुदलको आगमन पछि पनि गएन । ०४६ सालपछि पनि राजनीति संस्कार र संस्कृतिको विकास हुन सकेन ।

बिश्वेश्वरप्रसाद कोइराला ०३३ सालमा राजासँग मेलमिलापको नीति लिएर निर्वासनबाट आएपनि राजतन्त्रको वकालत भने यिनले कहिल्यै गरेनन् । राजालाई जनतासमक्ष जिम्मेवार बनाउने प्रयासमा उनी लागिरहे । यिनलाई राजाका पक्षमा उभिनुमा मुलुकभित्रको भन्दा बाहिरको राजनीतिक परिवेशले प्रभाव पारेको थियो । जनमत संग्रहपछि जनताको विरोधलाई साम्य पार्न राजाले शासन व्यवस्थामा केही परिवर्तन देखाउन चाहेका थिए । राजनीतिक व्यवस्थाभित्र सहभागी हुन कुनै ठाउँ दिइएको थिएन । एक चौथाई सदस्य राजाबाट मनोनित गरिने भएपछि १४० सदस्यीय राष्ट्रिय पञ्चायतमा राजाको सदासय नभएसम्म कसैले पनि प्रधानमन्त्री पाउननसक्ने संयन्त्र तयार गरिएको थियो । यसरी जनमतपछि पनि फेरी राजाको व्यवहारमा कुनै परिवर्तन हुन सकेको थिएन् । उनीले निरंकुश चरित्र देखाउँदै गए । राजतन्त्र र दलहरूबीचको दूरी बढ्दै गयो । राजा जनताका माझ यसरी अलोकप्रिय भएकै कारण राजतन्त्रको विषयमा जनमत हुने हो भने गणेशमानका अनुसार– '९५ प्रतिशत जनता राजाको विरुद्धमा जानेछन् भन्ने थियो ।'[८]

राजा वीरेन्द्रले आफ्नो राज्यकालमा निकै लामो समय सक्रिय शासन चलाए यद्यपि तुलनात्मक रूपमा वीरेन्द्रलाई उदारवादी राजाका रूपमा लिने गरिन्छ । परिवर्तनका लागि दवाव वढेका वेला सुधार र सहमतिको राजनीतिलाई यिनले उपयोग गरेको दृष्टान्त २०३६ सालमा जनमत संग्रहको घोषणा र ०४६ को आन्दोलनको बेला दलका नेताहरूसँग समझदारी गरी बहुदलीय प्रजातन्त्रको अवतरणलाई लिन सकिन्छ । कतिपयले उनलाई राष्ट्रवादी राजाका रूपमा पनि लिने गरेका छन् । दरवार हत्याकाण्डपछि माओवादी नेता वावुराम भट्टराईले उनका वारेमा यसरी टिप्पणी गरेका थिए– '२०४६ सालको एकतर्फीय भारतीय आर्थिक नाकावन्दी र त्यसपछिको जनआन्दोलनको बेला उनले विस्तारवादीहरूको सामुन्ने झुक्नुभन्दा आफ्नै जनताको

---

[८] डी.पी.कुमार, ***नेपाल यर अफ डिसिजन,*** (न्यू दिल्ली : विकास पब्लिसिङ्ग हाउस, सन् १९८०), पृ. २८ ।

सामु झुक्ने जुन प्रतिबद्धता देखाए, त्यो विस्तारवादीहरूलाई पटक्कै मन परेको थिएन् ।'[९] यसरी माओवादीहरूले राजालाई महान राष्ट्रवादीका रूपमा हेर्न पुगे ।

राजा वीरेन्द्र पनि जनताकाबीच  सार्वभौमसत्ता जनतामै छ, राज्यशक्तिको स्रोत जनता हुन म हैन भनेर ०४६ ताका यिनले जनताको स्यावासी पनि लिन पुगे । ऐनमौकामा बहुदलीय व्यवस्थालाई कमजोर र असफल तुल्याउन यिनी लागिरहे । ०६२/६३ को जनआन्दोलनमा भने नेपालको राजतन्त्रले राजसंस्था नै आवश्यक नपर्ने जस्तो गरी नेपाली जनतासंग सत्रुतापूर्ण व्यवहार गरेर धेरै जनताको हत्या र अङ्गभङ्गमा जिम्मेवार बन्न पुग्यो । 'ज्ञानेन्द्र र पारसमाथि अनगिन्ती षडयन्त्रको आरोप लाग्न थाल्यो । '[१०]

## ५.१.१ प्रजातन्त्र सुदृढीकरणमा राजसंस्थाको भूमिका

नेपालमा प्रजातन्त्रप्राप्तिका लागि भएको जनआन्दोलन कहिल्यैपनि निर्णायक क्रान्तिको रूपमा आउन सकेन् । यो जहिलेपनि जनताको असन्तोषको अभिव्यक्तिमात्र बन्यो । प्रजातन्त्रमा नयाँ र पुरानो मान्यताहरूबीच सदैव द्वन्द्व पर्छ भन्ने कुरालाई ०७ साल देखि चलेको द्वन्द्वले देखाएको छ । नेपालमा जहिलेपनि क्रान्ति विना केही पनि प्राप्त हुन नसक्ने परिपाटीको विकास भएको छ ।

नेपालमा जतिपनि आन्दोलनहरू घटे ती सबैमा राजतन्त्रको मुद्दा कुनै न कुनै रूपमा संलग्न रहेको पाइन्छ । २००७ सालमा प्रजातन्त्र प्राप्तिको पहिलो आन्दोलन दरवार विरुद्ध केन्द्रित थिएन् । ०४६ सालको आन्दोलन दरवार र निर्दलिय व्यवस्थाविरुद्ध केन्द्रित थियो ।  तर ०६२/६३ को आन्दोलन उग्रवामपन्थी धार र राजतन्त्र विरोधीका बीचमा केन्द्रित थियो । यो आन्दोलनको सफलतापछि राजतन्त्रलाई शक्तिहीन मात्र वनाइएन अन्ततः विदा गरियो । प्रजातन्त्रको सुदृढीकरणका सन्दर्भमा राजसंस्थाको अवरोधपूर्ण भूमिकालाई निम्नानुसार समीक्षा गर्न सकिन्छ ।

## ५.१.२ राजाको भूमिकालाई ठूला दलले महत्त्व नदिएको

०७ साल देखिको १० वर्षसम्म नेपालको प्रजातन्त्रमाथि सही न्याय भयो वा भएन ? जननिर्वाचित प्रधानमन्त्रीलाई सेनाद्वारा गिरफ्तार गरी जनताको संसदलाई राजाले विघटन गरि देशको राजनीतिक गतिविधिमाथि प्रतिवन्ध लगाएका थिए । ०७ साल देखि ०६२/६३ सम्मको जनआन्दोलन हेर्दा के देखिन्छ भने आन्दोलन विचैमा टुँग्याएर लक्ष्यित उद्देश्यमा पुग्न नदिने

---

९ बाबुराम भट्टराई, नयाँ कोतपर्व लाई मान्यता दिनुहुँदैन, ***कान्तिपुर,*** वर्ष ९, अङ्क १०९, २०५८ जेठ २४ ।

१० एस.बी.सींह, ***नेपाल स्ट्रगल फर डेमोक्रेसी,*** (प्र.सं.), (दल्ली : अध्ययन पब्लिशर्श एण्ड डिष्ट्रिव्युटर्स, सन् २००७), पृ. २३५ ।

परम्परा रहेको पाइन्छ । प्रजातन्त्र संस्थागत हुन नसक्नाको कारण जनताले हरेक क्रान्तिबाट कहिल्यै उपलब्धि हात पार्न सकेको देखिन्न् । ०४६ सालको जनआन्दोलनपछि नेपालको शासनपद्धति जसरी अगाडि वढ्नुपर्ने थियो त्यस अनुरूप गएन् । दक्षिण अफ्रिकामा नेल्सन मण्डेलाले प्रदान गरे जस्तो राजनीतिक नेतृत्व नेपाललाई प्राप्त भएन् । त्यहाँका पूर्वशासकहरूले रूपान्तरण प्रक्रियालाई जसरी सघाए त्यसरी नै नेपालमा राजसंस्थाले लोकतान्त्रिक रूपान्तरण प्रक्रियालाई सघाएन । बरु उल्टै विथोल्ने उद्यम गऱ्यो ।[११]प्रजातन्त्र पुनःप्राप्तिपछि देशले तीनवटा आम निर्वाचन सम्पन्न गरिसक्दा पनि संक्रमणकै अवस्थामा रहेकाले नै ०६२/६३ को क्रान्ति मुलुकका लागि आवश्यक ठानिएको थियो ।

लोकतान्त्रिक संस्कृतिको अभावमा प्रजातन्त्रको अस्तित्व रहन नसक्ने भएकाले यसलाई जोगाउन ज्यादै गाऱ्हो हुन्छ । भारतमा लामो समयको स्वाधीनता संघर्षबाट प्रजातन्त्र प्राप्त भएको हो ।[१२] नेपालमा पनि जनताले पटक पटक रगत बगाएर प्रजातन्त्र ल्याउँछन् तर, त्यसलाई जहिलेपनि छोटो समयपछि नै अधिनायकवादको हातमा सत्ता सुम्पेर नेताहरूले नेपाली जनतामाथि खेलवाड गरिरहेको इतिहास छ । प्रजातन्त्रमा प्रतिनिधिमूलक वनेको सरकार जनताको इच्छा विपरीत जान मिल्दैन ।[१३] तर, नेपालमा दलहरूले निर्वाचन सम्पन्न भएपछि जनताको मुद्दालाई भन्दा सत्ता कव्जामा आफ्नो ध्यान केन्द्रित गरेको पाइन्छ । "जोगी बन्न राजनीति गरेको हैन" जस्ता अभिव्यक्तिले जनताको एजेण्डामा सुनवाई हुन सकेको छैन् । दलहरूमा जव सरकारमा जाने सवाल आउँछ टुट्ने र फुट्ने क्रम हरेक पटकको सरकार निर्माणमा देखिएको छ ।

प्रायः नेपालका राजनीतिक दलहरूको नेतृत्व चमत्कारिक व्यक्तित्वहरूले लिने गरेका छन् । विशेष गरी सबै दलहरूमा ब्राम्हण वर्गको हावी हुनाका साथै नेतृत्वमा परिवारवादको छाप पर्न गएको छ । प्रजातन्त्र प्राप्तिपछि देशमा जुन अस्थिरताको वीजारोपण भयो त्यसमा ठूला दलहरूका नेताको दम्भले नै ठूलो प्रभाव पारेको छ । एकातिर ठूला दलले राजाको भूमिकालाई महत्त्व दिएका छैनन । अर्कोतिर ०६२/६३ को जनआन्दोलन अघिसम्म साना दलहरू भने राजाको वरिपरि घुमिरहेका थिए । त्यस समय राजाले पनि साना दलहरूमार्फत ठूला दललाई निषेध गर्ने रणनीति लिएका थिए । त्यस समय नेपालको राजनीतिक सङ्कटको सम्पूर्ण कारण राजनीतिक दल

---

[११] सञ्जीव पोखरेल, श्रीकृष्ण अनिरुद्ध गौतम र श्रवण शर्मा, ***नेपालमा प्रजातन्त्र सङ्कट तथा चुनौतिहरू,*** (प्र.सं.), (काठमाडौं : राष्ट्रिय शान्ति अभियान, २०६२), पृ. ३१ ।

[१२] ओमप्रकाश उपाध्याय, "क्राइसीस अफ डेमोक्रेसी ईन नेपाल", ***नेपाल्स फरेन पोलिसी*** (सम्पा.), एम.डि. धरमदसानी, (न्यू दिल्ली : अनमोल पव्लीकेशन्स, सन् २००५), पृ. १४९ ।

[१३] अदाम प्रेजेवर्स्की, सुसन सी. स्टक्स र वर्नार्ड मेनीन (सम्पादन), ***डेमोक्रेसी एकाउन्टेवीलीटी एण्ड रिप्रीजेन्टेसन,*** (प्र.सं.), (संयुक्त अधिराज्य : क्याम्ब्रीज युनिभर्सिटी प्रेस, १९९९), पृ. २९ ।

र राजाको वरिपरिमात्र केन्द्रित भएको पाइन्छ । सरसर्ती हेर्दा ०४६ सालको जनआन्दोलनको दवावले नै ०१९ सालको संविधान खारेज भई ०४७ सालको संविधान निर्माण भएको देखिन्छ ।

आन्दोलनको दवावमा बनेको संविधानले राजाको प्रशस्ती लेखेर उनलाई साक्षात् विष्णुकै अवतारका रूपमा देखायो । संविधानले जनता सार्वभौम वनाएको भनी जति नै उल्लेख गरे पनि त्यो सव गलत भयो । ०५९ असोज १८ र ०६१ माघ १९ को घटनाले त्यही कुरा सिद्ध गर्दै आएका छन् । दलहरूका सहमतिविना राजाले आफुखुशी शासन गर्न थाले । परिणाम ०४६ सालको आन्दोलनका उपलव्धिहरू खोसिन थाले । संवैधानिक राजतन्त्रमा बस्नुपर्ने राजाले संविधानभन्दा माथि आफूलाई देखाए । यस अवस्थामा राजालाई सक्रिय हुनबाट रोक्न 'राजनीतिक दलहरूद्वारा प्रतिगमन नसच्चिएसम्म राजाको सत्तामा जाँदैनौं भन्ने प्रतिबद्धता' व्यक्त गरे ।[१४] यसरी दलहरू संगठित भएर राजालाई एक्ल्याएपछि नै ०६२/६३ को दोस्रो जनआन्दोलन सफल भएको थियो ।

## ५.२ संवैधानिक सङ्कट

यस विषयमा विस्तृत चर्चा यस अगाडिको परिच्छेद–३ मा गरिसकिएको छ । जहाँसम्म राजसंस्थाको भूमिका संस्थागत गर्ने क्रममा देखिएको संवैधानिक अभ्यासको सङ्कटको सवाल छ यसमा प्रमुख भूमिका ०४७ सालको संविधानकै वरिपरि यो समस्या केन्द्रित रहेको छ । २०४७ को संविधान बढी षडयन्त्रले वनाइएको देखिन्छ । सुरुमा "निर्दलीयता" हटाउने र समाजका विभिन्न विचारधारा प्रतिविम्बित हुने गरी संविधान सुधार सुझाव आयोग गठन गर्ने सर्तमा जनआन्दोलन स्थगित गराइयो ।[१५]

कहिले यसमा राजाले मसौदा पठाएको देखिन्छ भने कहिले प्रधानमन्त्रीले । संविधानलाई आफ्नो पक्षमा पार्न राजदरवारले हुनेसम्म प्रयास गरेको थियो । नेपाल कानून समाजको एक सम्मेलनमा गिरिजाप्रसाद कोइरालाले भनेका थिए– "पहिले संविधान तयार गरी महाराजधिराजमा पेस गऱ्यो, त्यो संविधान फिर्ता भएर मन्त्रिमण्डलमा गयो, मन्त्रीमण्डलले त्यसैको आधारमा अर्को मस्यौदा तयार गरेर फेरि महाराजाधिराजमा पेस गऱ्यो, त्यसपछि अचानक राजदरवारबाट अर्कै संविधान आउँदैछ भन्ने जस्तो हंगामा पनि भयो, र अन्तमा मन्त्रिमण्डलले तयार पारेको मस्यौदामा केही परिवर्तन भएर नयाँ संविधान आयो ।[१६]

---

१४ दमननाथ ढुंगाना, "संसद पुनर्स्थापना न्यूनतम विकल्प", ***मूल्यांकन***, वैशाख २०६२ पूर्णाङ्क १२९, (काठमाडौं : मूल्यांकन प्रकाशन), पृ. ६ ।

१५ ***गोरखापत्र***, वर्ष ८९, अंक ३३३, २७ चैत्र, २०४६ ।

१६ ***कानून विवरणिका***, वर्ष ५, अंक ७, पूर्णाङ्क ४३, २०४७ ।

प्रधानमन्त्रीको परामर्शमा तयार भएको संविधानको मस्यौदा आयोगमा प्राप्त भयो । त्यसले थोरै समय खैलाबैला मच्चायो । संविधान निर्माणमा कानूनको ज्ञाता संलग्न हुनु स्वाभाविक नै हो । न्यायाधीशहरूले आफूलाई सर्वोच्च बनाए भनी प्रतिक्रिया सुनियो । हालमा आएर त अदालतलाई बढी अधिकार भयो भन्ने कुरा पनि सुन्न थालिएको छ । [१७]

०४७ सालको संविधानले अदालतलाई निरंकुश बनाउन खोजेको थियो । "न्यायपालिकालाई बलियो बनाउनै पर्ने हुन्छ ; र बनाइयो पनि । कार्यान्वयनको ढिलाइले वाञ्छित उपलब्धि हासिल हुन सकिरहेको छैन । शुद्ध प्रजातान्त्रिक आदर्श स्थापित गर्न न्यायपालिका स्वतन्त्र, सक्षम र निष्पक्ष हुनै पर्छ । कारण यो विश्वासिलो संस्था हो । न्यायिक स्वेच्छाचारिताको त्रास लिनु हुँदैन, न्यायपालिकामा नै आत्मा र चेतनाको प्रभुत्व हुन्छ, यसैले यसबाट राष्ट्रिय विवेकको प्रतिनिधित्व हुन्छ । संविधानका राम्रा कुराहरू मध्येको राम्रो कुरा न्यायपालिकाको संरचना हो । न्यायिक सुदृढता कायम हुन नसक्नु कमजोरी हो । सरकारको सास्वत प्रवृत्ति बल मिच्याई गर्ने रहेको हुन्छ,यसैले यसले कहिल्यै कानूनी राज गर्दैन; कानूनको शासन परिपालन न्यायपालिकाबाट मात्र सम्भव छ । न्यायपालिका आफ्नो न्यायिक मर्यादाबाट विचलित हुँदैन; यदि विचलित हुन्छ भने त्यो न्यायपालिका नै होइन । आगोले तातो हुने मर्यादा परित्याग गरे त्यो आगो नै हुँदैन, न्यायपालिकाले नैतिकता त्यागे न्यायपालिका हुँदैन । हामीले न्यायपालिकाभित्र न्यायिक सर्वोच्चता होइन, न्यायिक गुणको सर्वोच्चता खोजेका हौं ।"[१८]

"गत जन आन्दोलन पश्चात् आएको परिवर्तन स्वरूप नेपाल अधिराज्यको संविधान २०४७ को निर्माण गर्न संविधान सुझाव आयोग गठन हुंदा सर्वसाधारण जनताको चासोको एउटा विषय न्यायपालिकाको भावि स्थिति पनि थियो । गत जनआन्दोलनमा अभूतपूर्व जन सहभागिताको पछाडि कुनै एउटा मात्र कारण थिएन, ट्राफिक प्रहरीबाट पीडित सवारी चालक देखि अदालतको पक्षपातपूर्ण निर्णयको शिकार भएको व्यक्तिसम्म सबैले त्यसको पछाडि पंचायती व्यवस्थालाई दोषी ठहराएर त्यसको अन्त्य चाहेको थिए । त्यसैले जन आन्दोलन पछाडिको नयाँ संविधानमा पनि साविकको जस्तै कथित स्वतन्त्र न्यायपालिका भने नरहोस भन्ने हेतुले सबै वर्गको चासोको परिणाम स्वरूप संविधान सुझाव आयोगले न्यायिक निष्पक्षता र स्वतन्त्रताको केही सर्वमान्य आधारहरूलाई संविधानमा समावेश गर्ने प्रत्यत्न गरेको थियो जसको परिणाम स्वरूप न्याय परिषद्को सिफारिसमा श्री ५ बाट न्यायाधीशहरूको नियुक्ति हुने, पदावधि निश्चित हुने, सेवाको सुरक्षाको ग्यारेण्टी हुने, न्यायाधीशलाई अकारण मनपरी तवरले पदवाट हटाउन

---

[१७] मीनवहादुर रायमाझी, 'संविधान निर्माण : केही रोचक प्रसङ्ग', ***कानून,*** पौष २०५६, पूर्णाङ्क १८, पृ. ४२ ।

[१८] लक्ष्मण अर्याल, "संविधानका राम्रा कुराहरू मध्येको पनि राम्रो कुरा न्यायपालिकाको संरचना हो", ***कानून,*** आषाढ २०४८, पृ. ३२७–३२८ ।

नपाइने मर्का पर्ने गरी उनीहरूको पारिश्रमिक सुविधा वा सेवाका अन्य शर्त बदलिन नपाइने, एक पटक सर्वोच्च अदालतको न्यायाधीश वा प्रधान न्यायाधीश भई सकेपछि कुनै पनि सरकारी पदको लागि ग्राह्य नहुने, न्यायाधीशलाई अन्य पदमा सरुवा नगरिने एवं अन्य काममा नखटाइने जस्ता अदालतको स्वतन्त्रता र निष्पक्षताका लागि आवश्यक न्यूनतम प्रावधानहरू संविधानमा समावेश हुन पुगेका छन् ।"[१९] न्यायालयलाई त्यस किसिमको स्वतन्त्रता नदिइएको भए के सर्वोच्च अदालतले राजाले गठन गरेको शाही आयोग विघटन गर्न सक्थ्यो ? के अदालत सांसद विघटन गर्ने राजनीतिक प्रश्नहरूमा निर्णय गर्न सक्थ्यो ? "सन्धि" हो या "समझदारी" भनेर टनकपुर परियोजनाका विषयमा अदालत बोल्न सक्षम हुन्थ्यो ? सेना, प्रहरी आदिको विषयमा के अदालत बोल्न सक्थ्यो ? त्यसैले प्रजातन्त्रको संस्थागत विकासको लागि अदालत स्वतन्त्र रहनुपर्दछ । यसले अदालतलाई ज्यादा अधिकारसम्पन्न वनाउन खोजेको थियो ।

संविधान निर्माणका बखत कति षडयन्त्र गरिएको रहेछ भन्ने यसले देखाउँछ । अर्कोतिर त्यस समय राजालाई पनि नंग्रा र दारा नभएको वाघ जस्तो गरी राख्न हुन्न भनी विभिन्न व्यक्तिमार्फत राजाको पक्षमा संविधान सुझाव आयोगलाई सुझाव दिन प्रशस्त खर्चिएको बुझिन्छ । वाहिरका व्यक्ति ल्याएर संविधानलाई सुझाव दिने काम समेत भएको थियो । 'हामीलाई धुन्चेमा उपलव्ध गराइएको सुझावहरू स्थानीय व्यक्तिहरूले दिएका रहेनछन्, ती सबै व्यक्तिहरू अन्यत्रका रहेछन् ।[२०] पुरानो सत्तामा रहेका व्यक्तिहरूलाई अन्तरिम सरकारले नचलाउँदाको परिणाम तिनले पञ्चायती व्यवस्थालाई नै बहुदल कायम गर्ने प्रयासमा संविधान सुझाव आयोगलाई प्रभाव पार्ने निकै प्रयास गरेको देखिन्छ । संविधानमा सार्वभौमसत्ता हस्तान्तरणको जटिल प्रश्न र हिन्दू धर्म राख्ने विषयमा दरवारले एकलौटी निर्णय लाद्न पटक पटक संविधानको मस्यौदालाई आफ्नो हितअनुकूल ल्याउने प्रयास गरिरहेको थियो । मस्यौदा गरिएको संविधानलाई दरवारले मन्त्रिपरिषद्मार्फत पटक-पटक आफ्नो पक्षमा हुने गरी प्रस्ताव गरिरहेको थियो ।

जव संविधान निर्माण भयो यसलाई दक्षिण एसियाकै उत्कृष्ट संविधान भनेर प्रचार गरियो । तर, यसका प्रयोगकर्ताहरूले एक दशकमै यसलाई सङ्कटग्रस्त बनाउन पुगे ।

> 'नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाल अधिराज्यलाई बहुजातीय र बहुभाषिक देशलाई स्वीकार त गऱ्यो तर संविधानको अक्षरमा मात्र । तर त्यो यथार्थतालाई कार्यान्वयन पक्षमा पूर्णतः अस्वीकार मात्र गरिएन जात, धर्म, भाषा र सांस्कृतिक पक्षमा प्रस्ट रूपमा देखिने गरी

---

[१९] सतिश कृष्ण खरेल, स्वतन्त्र र निष्पक्ष न्यायपालिका नेपाल अधिराज्यको संविधान २०४७ को सन्दर्भमा, काठमाडौंः ***नेपाल कानून समाज***, २०४८, पृ. ११ ।

[२०] सुन्दरलाल चौधरी, 'संविधान निर्माण : केही रोचक प्रसङ्ग', ***कानून,*** पौष २०५६, पूर्णाङ्क १८, पृ. ४७।

२७ वटा विभेदहरू गरिएका छन् । त्यसले गर्दा सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको संविधानको घोषणा आफैंमा हास्यास्पद बन्न पुगेको छ । नेपालमा जति पनि राजनैतिक परिवर्तन भए ती परिवर्तनहरूले नेपालको आन्तरिक संरचनामा कुनै प्रभाव पार्न सकेन । केवल सत्ता सञ्चालकहरूको स्वरूपमा परिवर्तन भयो । त्यसले केन्द्रीय राज्यसत्ता स्थापनादेखि हालसम्म विविध रूपमा उत्पीडनमा परेका नेपाली नागरिकको आधारभूत हक अधिकारको कहिल्यै प्रतिनिधित्व गर्न सकेन । यदि सार्वभौमसत्ता जनतामा निहित रहेको भए जाति, भाषा, धर्म र सांस्कृतिक पहिचानको आधारमा विभेद हुनुपर्ने स्थिति आउने थिएन् ।'[२१]

संविधानमा राम्रा कुराहरू लेखेरमात्र प्रजातन्त्र बलियो बन्न सक्दैन भन्ने कुरा नेपालको अनुभवले देखाएको छ । नेपालको पाँचौं संविधानका रूपमा आएको भए तापनि यो जनआन्दोलनको मर्म समेटिएको र जनताका आकाङ्क्षाको प्रतिनिधित्व गर्ने राजनीतिक पार्टीद्वारा मस्यौदा गरिएको पहिलो संविधान थियो । तर, ०४६ सालको जनआन्दोलनपछि बनेको नौ सदस्यीय संविधान सुझाव आयोगको हैसियत एउटा परामर्शदातृ समितिको जस्तो मात्र थियो । त्यो संविधान मस्यौदा गर्ने आयोग थिएन र त्यसका सदस्यहरू पनि निर्वाचित थिएनन् । संवैधानिक राजतन्त्रसहितको संसदीय शासनप्रणालीको व्यवस्था गर्नुपर्ने दायित्वबाट त्यो आयोग बाँधिएको थियो र दरबारको कडा दवाब त्यसले बेहोर्नुपरेको थियो ।[२२] यसरी संविधान कार्यान्वयनमा आएपछि पनि पटक पटक नेपाली जनताले प्रजातन्त्रका लागि आन्दोलन गरिरहनुपर्‍यो ।

प्रजातन्त्रलाई वलियो वनाउन सबै लोकतान्त्रिक संस्कारअनुसार चल्न सक्नुपर्दछ । यदि, ०४६ को सफल जनआन्दोलनपछि 'संविधान सुधार आयोग' मात्र भएको भए ०४७ सालको संविधान वन्न असम्भव थियो । सायद २०१९ को संविधानलाई चौंथों संशोधन गरेर राजाले षडयन्त्र गर्ने मौका पाउँथे । पञ्चायती संविधानमा थपघट गरी पञ्चायती बहुदल बनाउने उनको चाहना सफल वन्न सक्थ्यो । उनी आफ्नो रणनीतिमा असफल भएपछि नै राजा वाध्य भएर राष्ट्रिय पञ्चायत, प.नी.जा.बु.स र वर्गीय संगठनहरूलाई खारेज गर्न पुगे । 'संविधान सुझाव आयोग' संविधान निर्माण आयोग नरहेकाले त्यस आयोगमाथि संविधान निर्माण गर्ने वैधानिक दायित्व नै छैन भनी प्रश्न उठाइएको पनि थियो । राजाबाट अधिकार प्राप्त गरेर राजाकै सार्वभौमसत्ता हरण गर्ने आयोगलाई राजाले खारेज गर्न पनि सक्दछ भन्दै राजावादीहरूले संविधान निर्माणको क्रममा तिनको पक्षमा वकालत गरेका थिए । संविधान निर्माणको वखत राजतन्त्रले विगतमा पटक पटक धोखा दिएको कुरा बिर्से । त्यसको परिणाम संविधानमा धारा

[२१] मुक्ति प्रधान, 'राज्यको पुनःसंरचनाको सवाल : अवधारणा र संरचनाको स्वरूप', ***नेपालको सन्दर्भमा राज्यको पुनःसंरचना,*** (दो.सं.), (नेपाल : सामना प्रकाशन, २०६३), पृ. ३९५ ।

[२२] ***नेपालको संवैधानिक प्रक्रिया*** (एशिया रिपोर्ट नं. १२८), (ललितपुर : इन्टरन्यासनल क्राइसिस ग्रुप, सन् २००७), पृ. २ ।

१२७ को धारा राजाका लागि बरदान सावित भयो । उनले यही धारा प्रयोग गरेर लामो समय सक्रिय शासन गर्न खोजेका थिए ।  कालान्तरमा असफल बन्न पुगे ।

## ५.३ राजसंस्थाको भूमिका संस्थागत गर्ने क्रममा आएको सङ्कट

राजतन्त्रले जुन समय विस्तारवादको नीति अख्तियार गरेको थियो त्यस समय उसले अनगिन्ती नागरिकहरूको ज्यान जाँदासमेत उ तमासे वन्न वाध्य भयो । भारतको हिमान्चल र उत्तर प्रदेशको विहारसम्म सीमा विस्तार गरेको नेपालले वि.सं. १८७१ को सुगौली सन्धिपछि आफनो कतिपय भूमि अरुलाई सुम्पनु पऱ्यो । तर, राणाहरूले भारतमा भएको सैन्य विद्रोहलाई दवाउन बेलायतीहरूलाई सहयोग गरेवापत वि.सं.१९१८ मा नेपाललाई बाँके, वर्दिया, कैलाली र कञ्चनपुर प्राप्त भयो ।[२३] सीमा वढाउन सकेकाले राणाहरू राष्ट्रवादी देखिए । तर, एकीकरण अभियानपछि अर्थात् पृथ्वीनारायण शाहपछिको राजतन्त्रले नेपाली भूमि वढाउने काम गर्न सकेन। उल्टो कतिपय सीमा मिच्दा समेत राजसंस्थाले कडा प्रतिकार गर्न सकेन । राजसंस्थाको चिन्ता आफ्नो वंशले कसरी दिगो रूपमा शासन गर्नेमा मात्र सिमित रह्यो । राणाहरू जति नै निरंकुश भएपनि विनायुद्ध मुलुकको सीमा वढाउन सकेकाले राष्ट्रवादी ठहरिएका थिए ।

पृथ्वी नारायण शाहले वि.सं. १८२५ मा काठमाडौं विजय गरे देखि दोस्रो जनआन्दोलन ०६२/६३ सम्मलाई जोड्दा २३८ वर्ष नेपालमा राजसंस्थाले निरन्तर राज गरेको पाइन्छ । यसै बीच १०४ वर्ष राणाहरूले राजतन्त्रलाई कमजोर बनाएर शासन गरेको देखिन्छ । नेपालको राजसंस्था बेलावखत खुम्चिने र तन्किने गरेको पाइन्छ । राणाकालमा यसले अलि खुम्चिएर बस्नु परेको थियो । पछि यो सक्रिय वन्न पुग्दा जनतालाई दवाउने काम गर्न थाल्यो भने जव यो कमजोर वन्न पुग्यो यसले बेतको नीति अख्तियार गऱ्यो । यसरी नेपालका राजाहरू सत्ताका लागि मेकियाभेली शैलीमा ब्वाँसो र सिंहको नीति अख्तियार गर्न तयार हुन्थे । जव राजतन्त्रको सवालमा अलिकतिमात्र अहित हुने देखेमा जतिसुकै लोककल्याणकारी कार्य किन नहोस् त्यसबाट छिट्टै अलग्गिन खोज्दथे ।

०७ सालको क्रान्तिपछि राजा त्रिभुवनले संविधानसभा दिन्छु भनेर यस्तै एउटा घोषणा गरेका थिए  तर, उनले वाचा पूरा  गरेनन् । राजा त्रिभुवनलाई "गणतन्त्र" ले खुवै प्रभाव पारेको देखिन्छ । उनले वि.सं. २००७ फाल्गुण ७ गते गरेको आफ्नो घोषणामा "गणतन्त्र" शब्दलाई

---

[२३] महेशचन्द्र रेग्मी, ***ल्याण्ड ओनरसिप ईन नेपाल,*** (वर्कले : युनिभर्सिटी अफ क्यालिफोर्निया प्रेस, सन् १९७६), पृ. ८ र ९ ।

प्रयोग गरेका छन ।[२४] त्यस समय उनले देशमा प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने मात्र होइन दुई वर्षभित्रै देशको संविधान तर्जुमा गर्न एउटा संविधान–सभाको निर्वाचन गराउने समेत बचन दिएका थिए । नेपाली जनताले राजतन्त्रवाट प्रजातन्त्रको आशा गर्नु नै ठूलो भूल थियो । राजतन्त्रसंग दिने त केवल निरंकुशतामात्र हो । देशको सम्पूर्ण श्रोतहरूमाथि राजतन्त्रले विस्तारै कब्जा जमाउँदै गएको थियो ।

युद्धकर र राज्यकर लिएरमात्र हैन देशको सम्पूर्ण प्राकृतिक स्रोतमा कव्जा जमाएर नेपाली राजतन्त्र निकै सम्पन्न बन्दै गएको थियो । जनता भने गरिबीमा रहेको थियो । जनताप्रति जिम्मेवार हुन नसकेको खर्चिलो नेपाली राजतन्त्र जनताका लागि वोझिलो हुँदै गएको थियो । राजतन्त्र नेपाली जनताका लागि वोझिलो वन्नुमा राजपरिवारले गरिरहेको शोषण एउटा कारण थियो । जन्मेकै भरमा राज्यको सर्वोच्चतहमा सुख सुविस्ता लिएर सारा नेपाली जनतालाई नोकरजस्तो व्यवहार गरेर विनायोग्यता र क्षमता असिमित अधिकार उपयोग गर्न पाएको राजतन्त्रलाई बहुदलीय शासन व्यवस्थामा स्वयं दलहरूले यसलाई प्रतिकार गर्न नसकेर राजभक्ति देखाईरहेका थिए । यसको उदाहरण हो जनताका नेताहरूले दरवारलाई खुसी पार्न हरेक वर्ष वजेट बढाउँदै गए तर जनताभने महङ्गीको मारमा पिसिंदै गए । ०४६ सालमा ४ करोड २४ लाख वजेट भएको राजदरवारमा ०६३/६४ मा आइपुग्दा ७५ करोड १२ लाख पुग्यो ।[२५] नेपालका जनप्रतिनिधिहरूले सदैव राजालाई बलियो वनाएर जनतालाई कमजोर वनाउन लागे । भ्रष्टाचार नियन्त्रणको कुरा गर्ने राजाले दरवार खर्च घटाउन सकेनन् ।

### ५.३.१ प्रजातन्त्रलाई सत्ङ्कटमा पारेर राजसंस्था बलियो हुने प्रयासमा

दरबारको शक्ति चरम अवस्थामा पुग्दा राजा, रानी, राजपरिवार, भारदार आदिले खेलेको भूमिका कहिले षडयन्त्रमूलक र कहिले शान्तिपूर्ण थियो । ०७ सालको क्रान्तिमा दरवार नेपाली जनतासँग नजिकिन चाहेको थियो । तर, दिल्ली सम्झौतापछि दरबारमाथि पनि जनताहरूले शङ्का गर्न थाले । राजा त्रिभुवनले भारतसँग अति झुकाव राख्नाले नेपालीले प्रजातन्त्रका लागि धेरै मूल्य चुकाउनु पर्‍यो । त्यस पछिका समयमा नेपालको दैनिक मामिलामा भारतीय हस्तक्षेप अत्यधिक वढ्न गयो । गुमेको राजसंस्था कायम गर्न भारतले गरेको सहयोगलाई राजा त्रिभुवनले आवश्यकभन्दा बढी महत्व दिन खोजे । राजा कृपाले प्रजातन्त्र आएको हो नत्र आउन असम्भव थियो भने जस्तो ठान्दथे । राजा भारतीय दूतावासमा शरण लिन नगएको भए पनि नेपालमा

---

[२४] राजेश गौतम, ***नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस,*** (प्र.सं.), (काठमाडौं : श्री राम श्रेष्ट र कृष्णमुरारी अधिकारी, २०५५), पृ. १२५ ।

[२५] ***मूल्याङ्कन*** **मासिक**, असार–साउन २०६३, पूर्णाङ्क १४२, (काठमाडौं : मूल्याङ्कन प्रकाशन), गृह, पृ.२६ ।

प्रजातन्त्र आउँथ्यो ।[२६] त्यस समय मन्त्रिमण्डललाई संयुक्त रूपमा राजाप्रति जिम्मेवार बनाउन खोजिएको थियो । आन्दोलनकारी शक्तिलाई अधिकारशून्य बनाउन खोजिएको देखिन्छ । 'यो राज्यको शासनसम्बन्धी विषयहरूमा मन्त्रिमण्डलका सबै निर्णयहरू हामीलाई जाहेर गर्ने हाम्रो प्राइममिनिस्टरको कर्तव्य हुनेछ ।'[२७] राजाले यसरी विस्तारै आफ्नो हातमा शक्ति संचय गर्दै लगेका थिए । त्यस समय राजा प्रधानमन्त्री मोहन शमशेरदेखि विश्वेश्वर प्रसादसम्मका १० जना राणा–कांग्रेसका आधा आधा संख्याका मन्त्रीहरूलाई आफूखुसी राख्ने र बर्खास्त गर्ने अधिकार प्रयोग गर्न पुगेका थिए ।

०७ सालको क्रान्तिदेखि नै राजाको सदासयतामाथि आशङ्का गर्ने ठाउँ प्रशस्त थियो । राजा अन्तरिम सरकारलाई लामो समय लम्ब्याएर क्रान्तिकारीहरूको भावनामा निराशाको वीजारोपण गराउन चाहन्थे । व्यवस्थापिकाको अभावले गर्दा राजाको इशारामा अध्यादेशहरू मन्त्रिमण्डलले उनको इच्छानुसार लैजाने काम हुन्थ्यो । यस्तै रणनीतिमा उनी आफूलाई शक्तिशाली देखाउन साना दलहरूलाई खेलाएर शासनमा लामो समयसम्म पकड बनाउन खोजिरहन्थे । राजा त्रिभुवनको ४ वर्षे शासनकालमा राजाकै महत्वाकांक्षाका कारण संविधानसभाको निर्वाचन सम्भव भएन । महेन्द्रको शासनपछि उनी संविधानसभामा कहिल्यै प्रतिबद्ध देखिएनन् । दिल्ली सम्झौताकै बेला उनले संविधानसभाको विरोध गरेका थिए । [२८]

वढ्दो कम्युनिस्टको प्रभाव रोक्न राजाबाट मात्र सक्छन् भन्ने विश्वासमा दिल्ली सम्झौताले राजालाई महत्त्व दिएको देखिन्छ । यसैको परिणाम नेपालमा परम्परागत र आधुनिक शक्तिसँगै हिंडनुपर्ने वाध्यता गरायो । आधुनिक शक्ति मानिएको राजनीतिक दलहरूका लागि दिल्ली सम्झौता स्विकार्नु वाध्यता थियो । राजतन्त्रको भूमिका कमजोर नहोस् भन्नाका लागि राजा सकेसम्म संविधानसभा र निर्वाचन पनि टार्न खोज्थे । दलहरूको यस अप्ठेरो स्थितिमा उनीहरूले राजाको गलत मनसाय वुझेर वि.सं. २०१४ श्रावण २४ मा एउटै प्रजातान्त्रिक मोर्चामा संगठित हुने निर्णय गरे । यसैबीच २०१४ साल आश्विन २० मा चुनाव तोकिएको मितिमा तत्काल हुन नसक्ने घोषणा राजाबाट भयो । मोर्चाका तर्फबाट त्यसको व्यापक विरोध भै आश्विन २२ मा अधिराज्यव्यापी हडताल, विरोध प्रदर्शन र विरोधपत्र दिने काम भए ।[२९]

---

[२६] राजेश गौतम, ***नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस,*** (प्र.सं.), (काठमाडौं : श्री राम श्रेष्ट र कृष्णमुरारी अधिकारी, २०५५), पृ. १२५ ।

[२७] ग्रीष्मबहादुर देवकोटा, ***नेपालको राजनीतिक दर्पण,*** (तृ.सं.), (काठमाडौं : ध्रुवबहादुर देवकोटा, २०५८), पृ. ९७ ।

[२८] अनिरुद्ध गुप्ता, ***पोलिटिक्स इन नेपाल*** **(१९५०–६०),** (दो.सं.), (दिल्ली : कलिङ्गा पब्लिकेशन्स, सन् १९९३), पृ. ७४ ।

[२९] अनिरुद्ध गुप्ता, ***पोलिटिक्स इन नेपाल (१९५०–६०),*** (दो.सं.), (दिल्ली : कलिङ्गा पब्लिकेशन्स, सन् १९९३), पृ. १८ ।

दलहरूको संगठित आवाज नभएको भए राजाले ०१५ साल फागुण १ गते नेपाल अधिराज्यको संविधान र आमनिर्वाचनको तिथि घोषणा गर्दैनथे । संविधानसभा त राजाले दिने कुरै थिएन् । त्यस समय नेपालका साना राजनीतिक दलहरूले राजाको स्वार्थमा काम गर्दै पहिलो आम निर्वाचनमा धाँधली भयो भनी निर्वाचनमा हार्ने सा–साना राजनीतिक दलहरूले निकै विवाद उठाए । आम निर्वाचन अवैधानिक भएकाले बदर होस् भनी नेपालसरकार उपर विभिन्न प्रमाणका साथ मुद्दा दायर पनि भयो तर, कम्युनिस्ट पार्टीले भने कर्मचारिको परिश्रम र जनताको सहयोगले निर्वाचन सम्पन्न भएकोमा खुशी प्रकट गरेको थियो ।[३०] दरवारले नेपाली जनतासँग सदैव दूरी वढाएर बस्न चाहेकै कारण प्रजातन्त्रप्रति उसको सदैव नकारात्मक धारणा बन्न गएको देखिन्छ ।

> वास्तवमा भन्ने हो भने सात सालदेखि सत्र सालसम्मको नेपालको राजनैतिक इतिहास नै राजपरिवारबाट सात सालको क्रान्तिका देनहरूलाई एक पछि अर्को गरी क्रमशः हड्प गर्दै देशमा फस्टाउन लागेको प्रजातान्त्रिक व्यवस्थालाई खतम गरी आफ्नो शाही हुकुमत कायम गर्नको निम्ति रचेका षडयन्त्रहरूको इतिहास भएर आएको छ । सबभन्दा पहिले राजा त्रिभुवनले नेपाली कांग्रेसका प्रतिगामीशक्ति मातृकालाई आफ्नो पक्षमा लिई प्रजातन्त्रलाई कमजोर पार्ने दाउ खेले, अनि खुकुरी दलको काण्ड रचाई सुप्रिम कमाण्डर ईन् चीफको पद आफैले लिए र एघार सालमा प्रधानन्यायालयको मौलिक अधिकार अपहरण गरी आफैं सर्वोच्च न्यायाधीश बने । उनको मृत्युपछि राजा महेन्द्रले किताबखाना, प्रचार विभाग, गुप्तचर विभाग र कौशी तोषाखाना आदि आफूले लिएर तीन पटकसम्म अन्तरिम विधानमा संशोधन गर्दै आखिरमा चौधसालमा सात सालको क्रान्तिको मुख्य देन संविधान सभामाथि खुलारूपले हमला गरी संसदको चुनावको घोषणा गरे र उनैको तर्फबाट एउटा संविधान पनि दिइयो ।
>
> पाँच वर्षसम्म संसदीय व्यवस्था कायम भएमा आफ्नो शक्ति क्षीण हुने देखेर नै राजा महेन्द्रले २०१७ साल पौष १ गते शाही घोषणा गरी संसदीय प्रजातन्त्रको सट्टा आफ्नो हुकुमत कायम गरेका हुन् । अब हाम्रो प्रजातन्त्रको संघर्ष सोझो रूपले राजा र जनताबीचको संघर्ष हुन आएको छ भन्ने कुरामा कुनै पनि शङ्का छैन । आज देशका राजा रजौटा,सामन्ती, जाली, फटाहा, मठाधीश र उच्च मध्यम वर्गका अवसरवादी तत्वहरू राजाको पक्षमा छन् भने देशका साहू महाजन, मध्यमवर्ग, मजदुर र आम किसान जनता प्रजातन्त्रका पक्षमा छन् । अतः देशवासीको समक्ष आज यो स्पष्ट भइसकेको छ कि राजा महेन्द्रको यो काम सात सालदेखि प्रजातन्त्रको हत्यागरी शाही हुकुमत कायम गर्नको निम्ति रचिएका षडयन्त्रहरूको नै पराकाष्ठा हो ।[३१]

राजा महेन्द्रले पहिलो निर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालाई ०१७ सालमा अपदस्थ गरी राजसत्ता बलियो वनाउने जुन योजना बनाएका थिए त्यसमा उनी र उनका पुस्ता ३० वर्षसम्म सफल भए । प्रजातन्त्र बलियो बनाउन लागेका बिश्वेश्वरप्रसाद कोइराला राजा

---

[३०] ग्रीष्मबहादुर देवकोटा, ***नेपालको राजनीतिक दर्पण,*** (तृ.सं.), (काठमाडौं : ध्रुवबहादुर देवकोटा, २०५८), पृ. ६०७ ।

[३१] पुष्पलाल, ***छानिएका रचनाहरू भाग–१*** (सम्पादक : विष्णु प्रभात), (प्र.सं.), (नेपाल : मदन–आश्रित स्मृति प्रतिष्ठान, २०५३), पृ. २०४ ।

महेन्द्रका लागि चुनौती बन्न पुगे । त्यसले उनको कारावासको लामो कीर्तिमान अरु आठ वर्षले वढ्न गयो ।[३२] राजा महेन्द्रले विचारधारा र वादको राजनीति गर्न नसकेपछि बिश्वेश्वर प्रसाद कोइरालालाई जेलभित्रै सढाएर राख्ने नीति अख्तियार गरे । तर दृढ इच्छाशक्ति भएकै कारण बिश्वेश्वर प्रसाद कोइराला राजासँग कहिल्यै झुकेनन् । उनको यस कार्यबाट प्रभावित भएर मुलुकका अन्य साना दलहरूले पनि निडर भई राजसंस्थाको वढ्दो शक्तिका बारेमा प्रश्न गरेका थिए । उनीहरूले नै राजतन्त्रको आधिकारिकतामा प्रश्न गरेका थिए ।[३३] त्यस समय दलहरूले आफ्नो संगठन अधिराज्यव्यापी बनाउन नसकेको अवस्थामा जनता र दलहरूबीच राम्रो सम्बन्ध विकास हुन सकेको थिएन । परिणामस्वरूप राजतन्त्रको प्रभुत्व मुलुकको सबै क्षेत्रमा परेको थियो ।

राजाको स्वरूप फेरिँदा नेपालमा जहिलेपनि राजाको व्यवहारमा फरक प्रवृत्ति देखिएको छ । सुरुको अवस्थामा नेपालको राजतन्त्रले शक्तिको आधारमा सत्ता लिएको देखिन्छ । आफूलाई शक्तिशाली बनाउन नेपाली राजतन्त्रले वैध र अवैध जस्तोसुकै कदम चालेको पाइन्छ । मुलुकको अस्थिरताको जड समग्रमा राजतन्त्र बन्न पुगेको छ । '०४६ सालको आन्दोलन व्यवस्थाको खिलाफमा थियो । देशमा पञ्चायतलाई फालेर बहुदलीय प्रजातन्त्र स्थापना गर्ने थियो । तर आजको यो आन्दोलन राजाको क्रियाकलापका विरुद्धमा छ ।'[३४] ०७ सालदेखि ०६२/६३ को जनआन्दोलन सफल नभएसम्म नेपालको राजनीतिमा राजदरवार कुनै न कुनै रूपमा कहिले खुलेर त कहिले लुकेर हरेक राजनीतिक षडयन्त्रमा संलग्न रहेको पाइन्छ । मुख्य राजनीतिक दलहरू यसरी नै दरवारवरिपरि घुमिरहेका देखिन्छन् । किनकि हरेक पटक राजनीतिक समस्याको निकास संसदले दिन सकेन ।

राजा वीरेन्द्रले आफूलाई 'किङ्ग इन पार्लियामेण्ट' का रूपमा मात्र नराखेर ०४८ सालको निर्वाचनपछि संसद्को अवमूल्यन गर्ने काम समेत गरे । "संविधानका संरक्षक' बाटै संविधानलाई असफल बनाउने काम भएको छ । राजाले "आफूमा निहित राजकीय सत्ता" प्रयोग गरी जननिर्वाचित प्रधानमन्त्री अपदस्थ गर्ने काम ०५९ असोज १८ मा गरेर सार्वभौम भइसकेको जनतालाई पुनः प्रजामा राख्न खोजे । "राजकीय सत्ता पुनः जनतालाई फर्काएर संविधानप्रति विश्वास नबढाउँदाको घाटा राजसंस्थालाई हुनेछ किनभने यो संविधानले सबैभन्दा धेरै सुरक्षा र मर्यादा राजालाई दिएको छ । राजाका लागि यो संविधान सुरक्षा कवच हो, अन्यथा नयाँ शक्ति

---

३२ भोला चटर्जी, ***बी.पी कोइराला एक क्रान्तिकारी व्यक्तित्व,*** (काठमाडौं : साझा प्रकाशन, २०५१), पृ.२ ।

३३ अनिरुद्ध गुप्ता, ***पोलिटिक्स इन नेपाल,*** (प्र.सं.), (न्यू दिल्ली : एलाइड पब्लिशर्स प्रा.लि. सन् १९६४), पृ.११४ ।

३४ गिरिजाप्रसाद कोइराला, "शाही कदमका विरुद्ध नेपाली कांग्रेस रौतहटद्वारा आयोजीत २६ साउन ०६० को आमसभा", ***मैले नबोले कसले बोल्छ ?,*** (प्र.सं.), (काठमाडौं : शितल कोइराला, २०६२), पृ. ४६ ।

सन्तुलनले खोज्ने नयाँ राजनीतिक व्यवस्थापनमा राजसंस्थाको कवच निश्चित हुने छैन ।"[३५] नेपाली जनतालाई राजतन्त्रले शासनसत्तामा सहभागी नगराउने रणनीति बनाउने क्रममा राष्ट्रिय एकता पनि कमजोर बन्न पुग्यो । राजसंस्थालाई राजनीतिक शक्तिका रूपमा देखाउन यस किसिमको चाल राजाले चलाउन सुरु गरे । राजकीय सत्तालाई आफूखुसी फिर्ता लिने राजाको यस कदमले के देखायो भने जनता सार्वभौम भईसकेका रहेनछन् भन्ने देखायो ।

नेपालको राजतन्त्र सदैव जनता र प्रजातन्त्रका विरुद्ध छन भन्ने यस घटनाले देखायो । "सैनिक कु गरेको लगत्तै पछि, राजा ज्ञानेन्द्रले आफूमा रहेको राज्यशक्तिलाई सुदृढ पार्न धेरै कदमहरू चालेका थिए । उनले चालेका यी कदमहरूमध्ये भ्रष्टाचार निवारण शाही आयोगको गठन मुख्य कदम थियो । वि.सं.२०६१ साल चैत्र ३ मा आयोग गठन भएको घोषणा गर्दै उनले राष्ट्रका प्रमुख राजनेताहरूलाई भ्रष्टाचारको अभियोग लगाएर नैतिकपतन गराउन खोजे । यसै सिलसिलामा प्रधानमन्त्री शेर बहादुर देउवा र मन्त्री प्रकाश मानसिंहलाई मेलम्ची खानेपानी आयोजनामा अनियमितता गरेको भन्ने आरोपमा थुनामा राखे ।"[३६] तर, सर्वोच्च अदालतले राजाको यस निर्णयलाई संविधानअनुकुल नभएको भनि असफल वनाइदिएको थियो । १फागुन २०६२ मा सर्वोच्चको निर्णयले राजकीय र सार्वभौमसत्ता जनतामै रहेको, राजाको कामबारे अदालतमा प्रश्न गर्न मिल्ने र धारा १२७ को गलत प्रयोग भएको जनायो ।

यसरी त्यस समय दरवार संसदबाट भए गरेका कामकार्वाहीलाई असफल देखाउन लागि रह्यो । संसदले सफलता हासिल गरे राजतन्त्रको भूमिका ओझेलमा पर्ने देखिने भएकोले राजा बहुदलीय व्यवस्थाको संस्थागत विकासमा सकारात्मक देखिएनन् । यसरी संविधानमा आफ्नो भूमिका नदेखेपछि त्यसलाई असफल गराउन अनेक षडयन्त्र चालिरहे । ०४७ को संविधानले राजालाई शासनमा हैन राज्यमात्र गर्दछन् भन्ने थियो जुन कुरा उनलाई पटक्कै मनपरेको थिएन ।

## ५.३.२ राजालाई केन्द्रमा राखेर हेर्ने प्रवृत्ति

लगभग ६ दशक लामो नेपालको लोकतान्त्रिक इतिहासमा नेपालीहरूले जहिलेपनि राजालाई केन्द्रमा राखेर हेर्न खोजे । राजाकेन्द्रित संरचनाको कारण यसले प्रजातन्त्रलाई कहिल्यै केन्द्रविन्दु बनाउन खोजेन । विश्वेश्वरप्रसाद कोइराला जस्ता व्यक्तित्वले समेत राजतन्त्रलाई नै केन्द्रविन्दु बनाएर संवैधानिक राजसंस्थाको पक्षमा वकालत गरेको देखिन्छ । राजतन्त्रसँग जुझ्ने प्रश्नमा गणेशमान सिंह नै कांग्रेसभित्र सबभन्दा प्रष्ट र सही ठहरिए । राजासँग घाँटी जोडिएको

---

[३५] कान्तिपुर, बुधबार २३ कार्तिक, २०६२ ।

[३६] सानु भाइ डंगोल, ***नेपाली राजनीतिमा दरबार,*** (मध्यपुर थिमि : ल्यायम्ह पुचः, २०६३), पृ. २६७ ।

ठान्ने बिपिले राजतन्त्रसँग सुरुदेखि नै विरोध गर्नु पर्ने अवस्था बनेको थियो । बीपिको एउटा विशेषता भनेको हरेक १० वर्षमा उनले आफ्ना नीतिहरूको पुनरावलोकन गर्ने गरेको देखिन्छ । तर, मेलमिलाप भएको १० वर्ष नपुग्दै उनी बिते, त्यसले गर्दा उनले मेलमिलापको पुनर्मूल्यांकन गर्न पाएनन ।[३७] मेलमिलापको आशय पंचायतसँग र राजासँग संङ्घर्ष पनि हैन र समर्पण पनि हैन भन्ने धारणा थियो । तर, राजाको आशयमा सदाशयता थिएन् । उ सदैव फुटाऊ र शासन गर भन्ने नीतिमा थियो । राजा नेपाली कांग्रेसले पंचायतको समर्थन गरोस् भन्ने चाहन्थे ।

आन्दोलनको भाषा वुझ्ने तर जनताको आवाज नसुन्ने दरवारले सदैव जनताको दवावपछि घुँडा टेक्ने गरेको इतिहासले देखाएको छ । त्यो आफू शक्तिशाली रहँदा जनतालाई सिध्याएरै शासन गर्ने मानसिकतामा पुग्ने गर्थ्यो । राजाले नेपाली जनतालाई कहिल्यै सार्वभौमसत्ता र राजकीयसत्ता पुरै दिन चाहेनन् । हत्या, षडयन्त्र र रक्तपातले भरिएको नेपाली राजतन्त्रको वंश विनाश यस्तै घट्नाको पुनरावृत्तिबाट भएको छ ।

२०५८ जेठ १९ को शुक्रवारको घटनापछि नेपाल अधिराज्य केही समय राजा विना रह्यो । 'राजा मर्छन्, तर राजा चिरायु रहन्छन्' भन्ने मान्यता विपरीत राजा वीरेन्द्रको मृत्यु भएको औपचारिक घट्नापछि पनि नेपाल अधिराज्यमा उत्तराधिकारी घोषणा हुन सकेको थिएन् । लगभग अढाइसय दशकको इतिहासमा राजगद्दी खाली भएको सम्भवतः नेपालका लागि यो नै पहिलो घटना थियो । पितृहत्या, मातृहत्या, भातृहत्या, बंश हत्या गरी कोमामा पुगेका युवराजलाई नेपालको राजा घोषित गरियो । "जव राजा दीपेन्द्रको मृत्युभएको धोषणा गरियो शंका र डर मुलुकभर रह्यो । त्यसपछि राजा ज्ञानेन्द्रलाई नेपालको राजा घोषणा गरियो । तत्कालै दरवार हत्याकाण्डका विषयमा छानविन आयोग वन्न गयो ।"[३८]

नेपालको हरेक ऐतिहासिक रक्तरञ्जीत हत्याकाण्डमा षडयन्त्रकारीका केहि समूहहरूले हत्याकाण्डबाट फाइदा लिन पुगेका हुन्छन् । यस घटनामा पनि मृतक घोषित दीपेन्द्रलाई राजदरबार हत्याकाण्डको कारणी ठहर गर्न खोजीयो । दरबार हत्याकाण्ड राजदरबारभित्ररहेको बेथितिहरूको अव्यवस्थाले उब्जाएको समस्या थियो । संविधान लागू भएको ५ वर्ष नवित्दै संविधानको विरुद्धमा माओवादीले हतियार उठाएका थिए । राजा वीरेन्द्रको सम्पूर्ण वंश विनास माओवादीले जनयुद्ध सुरु गरेको ६/७ वर्षमै भएको थियो । वीरेन्द्रपछि आएको राजसंस्थालाई नेपाली जनताले सजिलै स्वीकारेको देखिएन् । "उक्त काण्डपश्चात् चार दिनमै तीनजना व्यक्ति– वीरेन्द्र, दीपेन्द्र, र ज्ञानेन्द्रलाई राजाको रूपमा सुन्न पाए नेपाली र दुनियाँले । राज्य सहायकको

---

[३७] नरहरि आचार्य, राजसंस्थानिरपेक्ष लोकतान्त्रिक पार्टी बनाउनुपर्छ, ***मूल्याँकन,*** साउन २०६२, पूर्णाङ्क १३२ ।

[३८] जोनाथन ग्रेशन, ***ब्लड एगेन्स्ट द स्नोज; द ट्रेजिक स्टोरी अफ नेपाल्स रोयल डाइनेस्टी;*** (प्र.सं.), (न्यू दिल्ली : हार्पर कोलिन्स पब्लिसर्स, सन् २००२), पृ. १८६ ।

रूपमा अधिराजकुमार ज्ञानेन्द्रबाट 'दरबारभित्र स्वचालित हतियार पड्केकाले' उक्त घटना हुन पुगेको भनियो, तर उनी राजा भएको घोषणा हुनासाथ गठन गरिएको उच्चस्तरीय छानविन समितिले तयार पारेको मुचुल्का प्रतिवेदनमा तत्कालिन युवराज दीपेन्द्रबाट उक्त हत्याकाण्ड भएको कुरा आधिकारिक रूपमै प्रचारमा ल्याइयो । यसरी राज्यसहायकको कथन र छानविन समितिको मुचुल्का प्रतिवेदन भिन्न रहे । यसले अझ वढी आशंका गर्ने ठाउँ र आधार प्रदान गरेको छ ।"[३९]

राजदरबार हत्याकाण्डका विषयमा छलफल गर्न त्यस समय निर्वाचीत प्रतिनिधिसभाभित्र रहेका सदस्यहरूलाई अन्यौलमा राखियो । नेपालका निर्वाचित निकायहरू सङ्कटको समयमा निर्णय लिन असक्षम छन भन्ने त्यससमयको घटनाले देखायो । यसै क्रममा १ सय २५ सदस्यीय राज परिषद्ले आपत्कालीन वैठक वसी दीपेन्द्रलाई राजा घोषणा गरी त्यस समय ज्ञानेन्द्रलाई राजप्रतिनिधिका रूपमा राखे । पछि स्वयं उनी राजा बन्न पुगे ।

पछिल्लो राजा ज्ञानेन्द्रलाई नयाँ राजा स्विकार्न नेपालीहरूलाई धेरै समय लाग्यो । वीरेन्द्रको वंश नै मेटिने गरी भएको नारायणहिटी हत्याकाण्डको रहस्य नेपाली जनतासामु कहिल्यै स्पष्ट हुन सकेन । राजदरवार हत्याकाण्डमा पनि विदेशी शक्तिको हात थियो भन्ने कुरा राजाका पूर्व प्रमुख सैनिक सचिव विवेक विक्रम शाहको विशेष अन्तर्वार्तामा भनिएको छ । त्यस्मा उल्लेख गरिए अनुसारको– 'कुनै विदेशी "इन्टेलिजेन्स" को हात रहेको आशङ्का जसरी गरिन्छ त्यो पाटोको पनि खोजविन हुन सकेन ।'[४०] त्यहींबाट राजपरिवारको पारदर्शिताको कुरा नेपाली जनताले उठाउन थाले । "वीरेन्द्रको वंश विनास त्यतिकै भएको छैन । उनको छवि राम्रो देखिएकोले अरु उपायले उनलाई सिध्याउन नसकिने देखेपछि भएको छ ।"[४१] "माओवादी समस्या उत्कर्षमा पुगेको समयमा भएको राजदरबार हत्याकाण्डमा समेत विदेशी षड्यन्त्र थियो भन्ने चीनले आकलन गर्दै आएको छ । उसले आजसम्म पनि युवराजाधिराज दिपेन्द्रलाई हत्याराका रूपमा स्वीकार गर्न सकेको छैन ।"[४२] राजदरवार हत्याकाण्डको विषयलाई लिएर नारायणहिटी राजदरवारको २०५८ जेठ १९ को घटना सम्बन्धमा तथ्य जाहेर गर्न गठित उच्चस्तरीय समिति,

---

[३९] सूर्य थापा, ***नेपालमा राजतन्त्र र दलहरूबीचको संघर्ष,*** (प्र.सं.), (काठमाडौं : नवयुग प्रकाशन प्रालि, २०६२), पृ. १४७ ।

[४०] विवेकविक्रम शाह, 'दरवार हत्याकाण्ड यसकारण थियो राजनीतिक षड्यन्त्र', ***नेपाल,*** वर्ष ८, अङ्क १९, १५ पुस, २०६४, पृ. ३१ ।

[४१] मिति २०६६ साल भाद्र २ गते मंगलवार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष ***नारायणमान विजुक्छे संग*** उहाँकै निवास कमलविनायकमा लिइएको अन्तवार्ता ।

[४२] विवेक कुमार शाह, ***मैले देखेको दरबार (सैनिक सचिवको संस्मरण),*** (प्र.सं.), (यती पब्लिकेसन्स नेपाल, प्रकाशन स्थान नभएको २०६७), पृ. ८४–८५ ।

२०५८ प्रधान न्यायाधीश केशवप्रसाद उपाध्यायको अध्यक्षतामा संसदका सभामुख तारानाथ रानाभाट समेत रहेको उच्चस्तरीय छानविन समितिले राजा समक्ष ०५८ साल जेठ ३२ गते आफ्नो प्रतिवेदन पेश गरेको थियो । यसले वास्तविक कुरा प्रकाश ल्याउन नसकेपनि यो समितिले दरवारमा आफ्नो प्रतिवेदन दिएपछि यसको कानूनी हैसियत टुंगिएको छ ।

तर राजनीतिक रूपमा यो विषय जहिलेपनि नेपाली जनताले उठाउन सक्नेछन् । किनकि यसको सत्य कुरा अहिलेसम्म प्रकाशमा आउन नै सकेन । "हाम्रो संविधानले राजालाई संवैधानिक राजाको रूपमा स्वीकार गरेको छ । त्यसैगरी, त्यो एकल परिवारलाई पनि स्वीकार गरेको छ– संविधानले । तर त्यस वरिपरिको सिंगो सेरोफेरो, त्यो वंश र त्यस वरिपरिका सबैलाई शायद यो मुलुकले पाल्न सक्तैन ।"[४३] नभन्दै दरबार हत्याकाण्डपछि मुलुक गणतन्त्रतर्फ अगाडि बढ्यो । शायद मदनभण्डारीले भने जस्तो 'सेता-हात्तिहरू'लाई पाल्न नसक्ने भएरै होला । नयाँ राजाको धेरै ठूलो सम्पत्ति भएकै कारण उनलाई 'प्रो–पिपुल' भन्दा 'प्रो–विजिनेस' को भान जनतामा परेको थियो । सुरुमा आफूलाई निकै 'लो प्रोफाइल' मा राखेका ज्ञानेन्द्रले पारसलाई समेत युवराज घोषणा गर्न ढिलाइ गरेका थिए ।

### ५.३.३ सेनाप्रति ज्ञानेन्द्र र वीरेन्द्रको दृष्टिकोण

यस अघि हत्या गरिएका राजा वीरेन्द्रले आफ्नो शासनकालमा माओवादी विरुद्ध शाही सेना परिचालन गर्न कहिल्यै स्वीकृति दिएनन् तर ज्ञानेन्द्रले शाही सेनालाई माओवादी विरुद्ध परिचालन गर्न स्वीकृति दिए । सङ्कटकाललाई पनि यिनले अनुमोदन गर्दै रहे । राजतन्त्रलाई माओवादीबाट जोगाउन ज्ञानेन्द्र लागिरहेका थिए । उनलाई थाहा थियो कम्युनिष्ट शासन व्यवस्थामा राजतन्त्रको भविष्य हुन्न ।

तर राजा वीरेन्द्रको आशय वेग्लै थियो । उनी क्याम्वोडियाको सिंहानुक मोडललाई खुल्ला राख्दै पोलपोटले लाखौं जनतालाई मारेपनि आखिरमा चीन पोलपोटको पक्षमा सहयोग गर्न पुगे जस्तै नेपालको राजतन्त्रलाई पनि सहयोग मिल्ने उनको विश्वास थियो । त्यसैले उनको माओवादी प्रति ठूलो सहानुभूति थियो । ०४६ सालको जनआन्दोलन अघिको व्यापार र पारवहन नाकावन्दीले दक्षिणप्रति उनको टकराव गराएको थियो ।

दलहरूप्रति सधैं नकारात्मक देखिएका वीरेन्द्रको ठूलो सहानुभूति माओवादीप्रति थियो । उनले शाही सेनालाई माओवादीसँग कहिल्यै आमने सामने गराउन चाहेनन् । तर, राजा ज्ञानेन्द्र भने 'सर्भाइभल गेम्स' का लागि यी सबैबाट अगाडि बढे । उनीमा के गर्व थियो भने यो

[४३] सूर्य थापा, ***संसदमा मदन भण्डारी,*** (प्र.सं.), (काठमाडौं : मदन–आश्रित स्मृति प्रतिष्ठान, २०५६), पृ. २८ ।

मुलुकको अस्तित्व शाहवंशसँग गाँसिएर रहेको छ । यस्तो शक्तिशाली अधिकार प्रयोग गर्दै आएको राजतन्त्रलाई ०४६ सालको परिवर्तनपछि कम अधिकार दिएर संवैधानिक बनाउन खोज्दा राजपरिवारका अन्य सदस्यहरूलाई आकस्मिक परिवर्तनसँग समायोजन गर्न गाऱ्हो भएको थियो । जुन असन्तुष्टि राजदरवार हत्याकाण्डबाट वाहिर आएको थियो ।

जनताले ठूलै विद्रोह नगरेसम्म अधिकार नसुम्पने राजतन्त्र आफूमा रहेको सर्वाधिकार शक्ति जनआन्दोलन ०४६ र ०६२/६३ मा विना कुनै ठूलो सशस्त्र संघर्ष नेपाली जनतालाई नै दिन वाध्य भएको पाइन्छ । थोरै भए पनि राष्ट्रवादी रहेका राजा वीरेन्द्रको अन्त्य गर्ने र माओवादी जनयुद्धलाई कुल्चिने यो एउटा राजनीतिक र राष्ट्रवादी शक्तिको हत्या थियो । राजदरवारबाट नै हाम्रो आन्तरिक राजनीतिक र राष्ट्रियतामा आक्रमण गर्ने काम भयो । यो हत्याकाण्ड देशी तथा विदेशी घोर प्रतिक्रियावादी र प्रतिगामी गरम र चरम शक्तिबाट नै घटाइएको कुरामा कुनै भ्रम छैन ।[४४]

माओवादीले राजा वीरेन्द्रसंग अघोषित सम्बन्ध वढाएर दलका अरु साधारण कार्यकर्तालाई सिध्याउने रणनीति डरलाग्दो थियो । हुनपनि नेपालका राजाले जहिले पनि लोकतान्त्रिक शक्तिलाई भन्दा अधिनायकवादी शक्तिलाई आफ्नो नजिकको मित्र ठान्ने गरेका थिए । राजावादीहरूका अनुसार प्रजातन्त्र र राजतन्त्रसँगै जान सक्दैन् भन्ने थियो । त्यसैकारण डा. तुल्सी गिरीले नेपालको राजनीतिमा दुईखम्बाको धारणालाई त्यागेर जानुपर्ने तर्क अघि सारेर राजतन्त्रको सान्दर्भिकतासम्बन्धी बहसमा नयाँ आयाम थप्ने काम गरेका थिए ।[४५]

राजा ज्ञानेन्द्रले डा. तुल्सी गीरी जस्ता व्यक्तिलाई सरकारको उच्च पदमा आसीन गराएर जनतामा राजाप्रति शङ्का र उपशङ्का अत्यधिक वढाउन मद्दत गरे । उनी पनि आफूलाई संवैधानिक राजा नठानेर निरंकुश रूपमा अगाडि बढ्दै गए । राजाको प्रत्यक्ष शासन लम्व्याउँदै गए । शासन विधिले नभै हुकुमले चलाउन सुरु गरे । यसरी जनआन्दोलनको डेढ दशकमै नेपालको राजसंस्था चरम विवादमा पर्न गयो । वावुले अपनाएकै मार्ग "महेन्द्र पथ"मा मुलुकलाई लान राजा ज्ञानेन्द्रले भरतकेशरी सिंह, सच्चित शमशेर जवरा, कमल थापा, मोहम्मद मोहसिन, डा.तुल्सी गीरी जस्ता व्यक्तिलाई प्रयोग गरे । त्यसले गर्दा मुलुक लगातार अध्यादेशको भरमा चल्यो । संविधानको जथाभाबी व्याख्या हुन थाल्यो । यसरी नेपालको राजतन्त्रले प्रजातन्त्र हैन प्रत्यक्ष शासन खोजिरहेको थियो ।

---

[४४] लोकेन्द्र विष्ट मगर, ***'नेपाल ट्रष्ट ऐन'***, *गोरखापत्र* , २०६४ साल पुस ५ गते ।

[४५] शंकर पोखरेल, 'राजतन्त्र कि प्रजातन्त्र',***मूल्याङ्कन,*** साउन २०६२, पूर्णाङ्क १३२, पृ. ११ ।

## ५.४ सामेलीकरण र सहभागिताको सङ्कट

नेपालको वर्तमान राजनीतिक संरचनाले नेपाली समाजको जातीय, सांस्कृतिक तथा भाषिक विविधतालाई समेट्न सकेको छैन् । निर्दलीय पञ्चायतको तीन दशकको अवधिमा जनजातिको आवाजलाई विभाजनकारी तत्त्वका रूपमा सरकारले लियो । पञ्चायती व्यवस्थामा एउटै भाषा र एउटै भेषको एकल संस्कृति निर्माण गर्न खोजिएको थियो । जनगणनामा हिन्दू र नेपाली भाषा भाषीको संख्या वढी देखाउन खोज्नु नै यसको बलियो प्रमाण थियो । ०४६ सालपछि वनेको राज्य संरचनाले पनि यही एकात्मक स्वरूपलाई जोड दियो । राज्यको माथिल्लो निकायमा उनीहरूको उपस्थिति शून्यप्राय थियो । राजासँग असहमत हुनेहरूलाई अराष्ट्रिय तत्त्वको आरोप लगाइन्थ्यो ।

नेपाली कांग्रेसले नेपालमा प्रजातन्त्र स्थापनाका लागि जुन संघर्ष गऱ्यो त्यो नेपालको राष्ट्रियता,प्रजातन्त्र,स्वाभिमान र स्वतन्त्रताका लागि संघर्ष थियो । जनतामा स्वतन्त्रता र स्वाभिमानको भावना विकास भएपछि नै राष्ट्रको स्वतन्त्रता र स्वाभिमानको भावना विकसित हुन्छ। "राष्ट्रियताको प्रश्नलाई प्रजातन्त्रबाट अलग गराएर, अझ राष्ट्रियतालाई प्रजातन्त्रका विरुद्ध उभ्याएर झूटो प्रचार खडा गरी जनमानसलाई भ्रमित पार्ने नियोजित षडयन्त्र यहाँ भए । प्रजातन्त्रका लागि लडिएको संघर्षलाई "अराष्ट्रिय" को संज्ञा दिएर आफूलाई राष्ट्रवादी भनेर जनतामा "राष्ट्रवाद" शब्दको नै उल्टो अर्थबोध हुने जुन अपराध ती तत्वहरूले गरे त्यो सबैभन्दा अक्षम्य अपराध हो ।"[४६] यसरी पञ्चायती कालमा व्यवस्थासंग नजीक हुनेलाई राष्ट्रवादी र पञ्चायती व्यवस्थालाई जहिलेपनि अप्ठेरोमा पारिदिएर सजिलै चल्न नदिने कांग्रेसी समर्थकहरूलाई अराष्ट्रिय तत्वको रूपमा लिने गरिन्थ्यो ।

"मुलुकमा राष्ट्रवाद शब्दको चरम दुरूपयोग भएको छ । दरबारियाहरू दल–माओवादी सहमतिलाई राष्ट्रघाती कदमका रूपमा चित्रण गर्दैछन् । गृहमन्त्री कमल थापाले आफ्नो पार्टी राष्ट्रवादी र राजावादी हुने बताएका छन् । अर्कामन्त्री केशरबहादुर विष्टले पनि आफ्नो पार्टी राष्ट्रवादी हुने भनेका थिए, यसको घोषणा गर्दा माघ १९ को सत्ता पलटको पक्षमा भएका सबै राष्ट्रवादी र यसको विपक्षमा अर्थात लोकतन्त्रको पक्षमा उभिएका सबै राष्ट्रघाती भएको सरकारी सञ्चारमाध्यम प्रचार गरिरहेछन् ।"[४७] तर, ०४६ सालपछि भने "अराष्ट्रिय" शब्द राजनीतिक दलहरूकोलागि निकै कम प्रयोग भएको देखिन्छ । राज्यसत्ता विरुद्ध लडेको माओवादीलाई

---

४६ ढुण्डिराज शास्त्रि र अन्य (सं.), ***नेपाली कांग्रेस र यसका दृष्टिकोणहरू,*** (काठमाडौं : नेपाली कांग्रेस केन्द्रीय कार्यालय, २०५२), पृ. ९ ।

४७ ***कान्तिपुर,*** २९ पुस, २०६२ ।

“विद्रोही”, भनेर सञ्चारमाध्यममा प्रयोग हुन्थ्यो भने आन्दोलन उत्कृष्ट समयमा पुग्दा सरकारको तर्फबाट “आतङ्कबादी” जस्ता शब्द प्रयोग गर्न थालीयो । त्यस समय ‘राष्ट्रवादी’ र ‘राष्ट्रघाती’ खुवै प्रचारमा आए ।

नेपालजस्तो बहुजातीय र बहुसांस्कृतिक समाजमा राज्यको पुनर्संरचना नभएकै कारण ०४६ को उपलब्धिलाई जनताले संस्थागत गर्न सकेनन् । ०४६ सालको प्रजातन्त्र पुनस्थापनापछि पनि परम्परादेखि नै समाजबाट अलग्याइएको समूह, आदिवासी जनजातिहरूलाई संसद, मन्त्रिमण्डल प्रशासन र न्याय आदिबाट अलग्याउने कार्यको अन्त हुन सकेको छैन । १२ वर्षको राजनीतिक अन्तरालमा कुनै एउटा दलितलाई कुनै पनि दलले मन्त्री दिन सकेनन् ।[४८] दलितहरूसँग मुश्किलले १% खेतीयोग्य जमीन रहेको छ भने मुलुकका अन्य स्रोतहरू तथा सामाजिक सेवाहरूमा उनीहरूको पहुँच छैन ।

विकासको प्रतिफल उच्च जातिहरूले मात्र प्राप्त गरेका छन् भने विकासका योजनाहरू दलित जस्ता गरीब तथा उपेक्षितहरूका माझमा पुग्न सकेका छैनन्। यसरी छर्लङ्ग हुन्छ कि नेपाली दलितहरू अमानवीय एवम कष्टकर जीवनशैलीमा गुज्रिरहेका छन् । [४९]एकात्मक राज्यको प्रशासनिक प्रयोजनका लागि निर्धारर्णारण गरिएको १४ अञ्चल ७५ जिल्लाको अवधारणाले सम्पूर्ण जाति र जनजातिलाई समावेश गर्न सकेन ।

पञ्चायतका दिनहरूमा पनि समावेशीकरण हुन सकेको थिएन । मुलुकलाई हिन्दू राज्य घोषणा गर्नाले नै यस्तो अवस्था आएको थियो । [५०]पिछडिएको जातजाति, महिला आदिवासीलाई माथि उचाल्ने काम ०४६ सालको जनआन्दोलनपछि पनि हुन सकेन । उच्च जातका घरानियाहरूले मात्र सत्तामा हालीमुहाली गरिरहे । सरकारमा पनि उच्चजातहरूकै पकड रह्यो । पार्टीमा पनि उही वर्ग र जातिको वर्चस्व रह्यो सरकारी पदहरूमा पनि तिनै वर्ग र जातिको वर्चस्व रह्यो ।

---

[४८] महेन्द्र लावती, ***ट्वार्डस ए डेमोक्रेटिक नेपाल : इन्क्लुजिभ पोलिटिकल इन्स्टिच्यूसन्स फर ए मल्टीकल्चरल सोसाइटी,*** (न्यू दिल्ली : सागे पब्लीकेशन्स, सन् २००५), पृ. १९ ।

[४९] मल्ल के.सुन्दर/पद्मलाल विश्वकर्मा, ***डर्बान घोषणा र कार्ययोजना तथा नेपालमा जातीय विभेद,*** (प्र.सं.), (काठमाडौं : जातीय विभेद विरुद्ध राष्ट्रिय मञ्च, २००२) पृ. १९८ ।

[५०] महेन्द्र लावती, ***ट्वार्डस ए डेमोक्रेटिक नेपाल : इन्क्लुजिभ पोलिटिकल इन्स्टिच्यूसन्स फर ए मल्टीकल्चरल सोसाइटी,*** (न्यू दिल्ली : सागे पब्लीकेशन्स, सन् २००५), पृ. २० ।

**प्रतिनिधिसभामा जनसङ्ख्या  जाति/जनजाति एवं महिलाको स्थिति**

**(कुल स्थान २०५)**

| जाति/जनजाति | जनसंख्या | प्रतिशत | २०४८ साल | २०५१ साल | २०५६ साल |
|---|---|---|---|---|---|
| पर्वते बाहुन/क्षेत्री/ठकुरी | ७०२३२२० | ३०.८९ | ११४(५५.६१%) | १२९(६२.९३%) | १२२ (५९.५१%) |
| दलित | १६१६५९२ | ७.११ | १ (०.४८% ) | – | – |
| किराँत/मंगोल/पहाडका | ५०११६३१ | २२.०४ | ३४(१६.५९%) | २४(११.७१%) | २८ (१३.६६%) |
| नेवार | १२४५२३२ | ५.४८ | १४ (६.८३%) | १२ (५.८५%) | १४ (६.८३%) |
| भित्री मधेसका जनजाति | २५१११७ | १.११ | १(०.४८%) | – | – |
| मधेसी जात | ३४६४२४९ | १५.२४ | १८ (८.७८%) | २२(१०.७३%) | २९ (१४.१५%) |
| मधेसी दलित | ९०४९२४ | ३.९९ | – | – | – |
| मधेसी जनजाति | २८१४९२७ | ८.११ | १८(८.७८%) | १४(६.८३%) | १० (४.८८%) |
| मुसलमान | ९७१०५६ | ४.२७ | ५ (२.४३%) | ४ (१.५९%) | २ (०.९७%) |
| महिला | ११३७७५५६ | ५०.०४ | ७ (३.४१%) | ७ (३.४१%) | १२ (५.८५%) |
| पुरुष | ११३५९३७८ | ४९.९६ | १९८ (९६.६%) | १९८ (९६.६%) | १९३ (९४.१५%) |

**स्रोत :  केन्द्रिय तथ्याङ्क विभाग (सन् २००२), प्रतिनिधिसभा निर्वाचन सन् १९९१, १९९४ र १९९९), आमनिर्वाचन ०५६ : संसद र सरकारका चुनौतीहरू**

यसरी राज्य संरचनामा अधिकांशलाई अलग्याइएको परिणाम नै मुलुक द्वन्द्वमा फस्न गएको थियो । आदिवासी, जनजाति, महिला, दलित आदि ०४६ सालको जनआन्दोलनपछि पनि राज्य संरचनाबाट पाखा लाग्न पुगे । बहिस्कृत एवं सीमान्त अवस्थामा रहेका समुदायलाई शासनको मूलधारमा ल्याउने ठोस पहल त्यस समय हुन सकेन । असन्तोषको स्वरलाई बहुदलीय व्यवस्थाको स्थापनाले सम्बोधन गर्न सकेन । हिन्दू धर्म मान्ने अथवा बौद्धधर्म मान्ने उच्चजातहरू जस्तै वाहुन, क्षेत्री, नेवार इत्यादिको पहुँच राजनीति, प्रशासन, सेना, शिक्षण आदिमा पुग्यो तर निम्न जाति यसबाट अलग्गिन पुगे ।[५१] राज्यसँग स्वामित्ववोध गर्नसक्ने राज्य संरचनाको निर्माण ०४६ सालको जनआन्दोलनपछि हुन सकेन । बितेका १३ वर्षमा यहाँ माओवादी, खुम्वुवान, मधेशी, पर्वते वा हिन्दु–मुश्लिम विद्रोह वढ्नुमा राज्यले आफ्ना नागरिकहरूलाई समावेशीकरण गर्न नसक्नु नै मूल कारण बनेको छ ।[५२]

---

[५१] गंगाबहादुर थापा, "नेपालमा प्रजातन्त्रको उद्‌विकास", ***नेपालमा प्रजातन्त्रको एक दशक,*** (ललितपुर : प्रजातन्त्र र सुशासनको लागि अध्ययन केन्द्र, २०५७), पृ. २ ।

[५२] महेन्द्र लावती, ***ट्वार्डस ए डेमोक्रेटिक नेपाल : इन्क्लुजिभ पोलिटिकल इन्स्टिच्यूसन्स फर ए मल्टीकल्चरल सोसाइटी,*** (न्यू दिल्ली : सागे पब्लीकेशन्स, सन् २००५), पृ. २१ ।

मुलुकको यस्तो भू बनौट र जातीय संरचनामा कसरी राज्यको पुनसंरचना गर्न सकिन्छ। यस विषयमा ०४६ सालपछि बनेका सरकारहरूले कुनै ध्यान दिएनन् । सरकार विधायिकाबाट भन्दा जनताबाट निर्वाचित हुनुपर्ने माग ०४८ पछि सम्पन्न तीन आम निर्वाचनले देखाएको छ। पहिलो हुनेले जित्ने बहुमतीय शासन प्रणालीबाट नेपालमा सरकार सञ्चालन भएपनि कुनैपनि सरकार दिगो र स्थायी हुन सकेन् । त्यसैले राज्यको पुनर्संरचनाबाट मात्र देशमा नयाँ लोकतान्त्रिक मूल्य र मान्यताको संस्कार विकास हुन सक्ने देखिन्छ।

सीमान्तीकृत सामाजिक, सांस्कृतिक समूहहरूले ०४७ सालको संविधानलाई लिएर वरोवर असन्तोष व्यक्त गरिरहे। सद्भावनाले त संविधानको धारा ८ को नागरिकताको सवाललाई लिएर संविधान नै जलाइदियो । आदिवासी, जनजाति, महिला आदिलाई भेदभाव गर्ने दर्जनौं ऐन कानुनहरूकै कारण तिनले देश आफ्नो भनेर गौरब गरेपनि राज्य आफ्नै हो भनेर कहिल्यै गौरब गर्न सकेनन् । ऐन कानुनहरू मात्र हैन, संविधानले पनि तिनलाई सम्वोधन नगरेपछि नेपालका जनजातिहरू आफ्नो पहिचान र अस्तित्वका लागि पटक पटक आन्दोलित भैरहेका थिए । समाजबाट अलग्याइएका वर्गलाई राज्यले उचित सम्मान दिंदैन भने कालान्तरमा तिनीहरू प्रजातन्त्र विरोधी वर्गलाई समर्थन गर्न पुग्दछन् । राज्यबाट अलग्याइएका यस्ता अनगिन्ती जनतालाई सामेलीकरण र सहभागिता गराउन नसक्ने हो भने कालान्तरमा यस्ता वर्गहरू राज्यप्रति विद्रोही वन्न सक्छन् । तसर्थ उनीहरूलाई राज्य मेरो हो भन्ने भावनाको विकास दिलाउन सक्नुपर्दछ।

## ५.५ नेतृत्वको शङ्कट

नेतृत्व कुनै पनि देशले सजिलै पाउन सक्दैन। परिवर्तनलाई संस्थागत गरेर प्रजातन्त्रलाई स्थायित्व दिनसक्ने क्षमता भएको व्यक्ति इतिहासको कालखण्डमा यदाकदा मात्र जन्मने गर्दछन्। त्यस्ता नेतृत्वमा रणनीति, कार्यनीति, सैन्यनीति र राजनीतिमा तालमेल मिलाउन सक्ने क्षमता देखिनु पर्दछ । जोसँग त्यस्तो क्षमता छ त्यसता मुलुकले कुनै शङ्कट व्यहोर्नु पर्दैन । यी कुराहरूलाई स्पष्ट गर्न परिच्छेद ६.१ मा पनि विस्तृत व्याख्या गरिएको छ। पूँजीवादी शासन व्यवस्थामा नेता प्रधान हुने र साम्यवादी शासन व्यवस्थामा नीति प्रधान हुने मानिन्छ। नेपालको सन्दर्भमा विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, पुष्पलाल श्रेष्ट, मदन भण्डारी, जस्ता नेताहरू युगले जन्माइएका थिए । दृष्टिकोण र दिशा दिन नसक्नेहरू नेतृत्वको दावेदार हुन सक्दैनन्।

विश्वेश्वर प्रसाद कोइराला, मदन भण्डारी आदि आफ्नो समयावधिका यी नेताहरू 'क्रिम', करिस्मामयी निर्विकल्प नै मानिन्छन् ।[५३] लोकतान्त्रिक तवरले नेतृत्व लिने क्षमताको विकास यहाँका नेताहरूमा देखिए पनि तिनको नेतृत्वलाई छोटो समयमा नै विफल तुल्याउने र परिस्थितिअनुकूल जनताको पक्षमा निर्णय लिन कालान्तरमा तिनीहरू असफल बन्दै गएको घटनाक्रमले देखाएको छ । क्रान्तिको अवस्थामा नेताहरू जति अगाडि देखिएका थिए शान्तिको अवस्थामा मुलुकलाई नेतृत्वदिन उनीहरू चुकेका छन् ।

प्रजातन्त्रमा जनताको प्रतिनिधित्व गर्ने सांसदहरू खाली कसरी अर्काको सरकार हटाउने र आफ्नो सरकार ल्याउने भन्ने एउटै कुरामा मात्र वढी प्रयत्नशील भएका छन् । यही कारण कुनै पनि सरकारले आफनै अवधि राम्रोसँग पूरा गर्न पाएको छैन । कसैलाई विपक्षले र कसैलाई आफ्नै पक्षले ढालेका छन । सांसदहरूमा आफू देशका लागि भन्दा पनि पार्टीको कार्य गर्नका लागि संसदमा आएको भन्ने धारणा विकसित भएको छ । [५४]

नेतृत्वको विवाद सरकार र पार्टी, राजा र पार्टीबीच नेपालमा पटक पटक हुँदै आएको पाइन्छ । नेतृत्वको विवादमा त्यस समय प्रमुख रूपले तिनपक्ष जिम्मेवार देखिएका थिए । राजा त्रिभुवन नेपाली कांग्रेसलाई कमजोर बनाई देशको राजनीतिमा आफ्नो निर्णायक भूमिका स्थापित गर्न चाहन्थे । त्यसका निमित्त उनले मातृकालाई काखी च्यापेर लक्ष्य सिद्धि गरे । मातृकालाई पार्टीको हीत विपरीत आफ्नो निहित स्वार्थका लागि दरवारको पक्षमा आफूलाई उभ्याए । बीपी र उनका सहयोगीहरू तेस्रो पक्षमा पर्दछन । बीपीमा जहिले पनि आफू १ नंमा रहनुपर्ने स्वभाव थियो ।[५५] यसरी नेतृत्वको होडवाजी नेपालमा प्रजातन्त्रको सुरुवातदेखि नै रहेको पाइन्छ । प्रजातन्त्रमा नेतृत्व गतिलो भएमा उसले जनतातर्फ फर्केर निर्णय गर्दछ । भ्रष्ट नेतृत्व जहिलेपनि पार्टीले मलाई शक्तिशाली वनाओस भन्ने धारणामा रहेको हुन्छ । जनतालाई शक्तिशाली वनाउने सोचतर्फ उसको ध्यान गएको हुन्न ।

तानाशाहहरूपनि प्रतिनिधिमूलक बन्न त सक्दछन् तर जनताको प्रतिनिधित्व बोकेर तिनले नेतृत्व भने कहिल्यै लिन सक्दैनन् । ल्याटिन अमेरिकामा राजनीतिक दलहरू कमजोर अवस्थामा भएकाले तिनीहरूले आफ्नै विधायकमाथि आन्तरिक अनुशासन लगाउन नसक्ने

---

[५३] लोकेन्द्र विष्ट मगर, "नयाँ नेपालका प्रथम राष्ट्रपति प्रचण्ड", ***गोरखापत्र,*** २०६४ साल माघ १० गते, वर्ष १०७, अङ्क २५६ ।

[५४] गंगाबहादुर थापा, "नेपालमा प्रजातन्त्रको उद्विकास", ***नेपालमा प्रजातन्त्रको एक दशक,*** (ललितपुर : प्रजातन्त्र र सुशासनको लागि अध्ययन केन्द्र, २०५७), पृ. १ ।

[५५] सूर्यमणि अधिकारी, ***नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास,*** (नयाँ दिल्ली : निराला पब्लिकेशन्स, १९९८), पृ. १३४ ।

अवस्थामा पुगे ।[५६] नेपालमा त्यही भएको हो, नेताहरू शक्तिशाली छन् तर दल कमजोर वन्न पुगेको छ । दलहरूमा आन्तरिक प्रजातन्त्र छैन । त्यसले गर्दा दलहरू भित्रका ठूला नेताहरूको हालीमुहाली वढि रहेको हुन्छ । दलहरूभित्र प्रभावशाली नेताहरू पनि थिए । समयमा तिनको उपयोग प्रभावकारी रूपमा हुन नै सकेन । बिश्वेश्वरप्रसाद कोइरालाको संगठन निर्माण गर्ने शक्ति, पुष्पलालको प्रतिक्रियावादीसँग कहिल्यै नझुक्ने वामपन्थी प्रजातन्त्रवादी संस्कार, गणेशमान सिंहको निर्भयता, सुरोपना र सत्यवादिता, कृष्णप्रसाद भट्टराईको तर्कशीलता, विश्लेषणात्मकता र धैर्य, मनमोहनको सादापन र इमान्दारिताजस्ता कुराले पहिलोपुस्ताको नेताहरूमा जुन त्यागको भावना थियो पछिको नेतृत्वमा पाईन्न । 'जोगी बन्न कोही राजनीतिमा आएको हुन्न' जस्ता अभिव्यक्ति दोस्रो पुस्ताका नेताहरूबाट बारम्बार सुनिने गर्दछ । यी स्थापित नेताहरूभन्दा निर्णय प्रक्रियामा प्रकृयामा नागरिक समाज, ट्रेड युनियन र विद्यार्थी नेताहरूको पनि अधिक वर्चस्व वढ्दै गएको पाइन्छ । विशेषगरी सबै राजनीतिक दलहरूले विद्यार्थी शक्तिलाई ठूलो उर्जा शक्ति मानेर  दलहरूकै समानान्तर भूमिका दिएको पाइन्छ ।

केही बिव्दान्हरूले अस्थिरताको कारण नेताहरूलाई पनि ठानेका छन । मुख्य रूपमा तिनीहरूले विकृतिको जिम्मेवार राजनीतिक नेताहरूलाई ठानेका छन् ।[५७] यसमा राजनीतिक संस्कार जनतामा विकास हुन सकेन भने प्रजातन्त्रले कहिल्यै संस्थागत विकास गर्न सक्दैन भन्ने कुरा पनि विर्सन हुन्न । नेपाली जनताले विश्वेश्वरप्रसाद कोइरालादेखि पुष्पलाल जस्ता नेता पाए तापनि स्वेच्छाचारी राजतन्त्रले त्यस्ता लोकप्रिय नेताहरूलाई जनतासम्म पुग्न नदिएर जेल र निर्वासनमा पठाउने काम गरिरह्यो । त्यसैले विश्वेश्वरप्रसाद कोइरालाले भनेको के कुरा सही हो भने– 'मलाई समस्या रेडिकलहरूबाट छैन् । मलाई समस्या राजासँग छ ।'[५८] ठूला दलहरूका लागि समस्या सुरुवातदेखि नै राजा वन्न पुगे ।

दल र राजाबीचको आन्तरिक सत्ता संघर्षकै कारण नेपालले लामो समय अस्थिरता व्यहोर्नु पऱ्यो । आन्दोलनका समयमा बलिदानी र त्यागको जुन भावना नेतृत्ववर्गमा देखिन्छ आन्दोलनपछि त्यसकिसिमको बलिदानी भावना नेतृत्व पंक्तिमा पाउन सकिन्न । त्याग र उत्सर्गको भावना आन्दोलनका समयमा मात्र पाउन सकिन्छ । आन्दोलनको सफलतापछि जव

---

[५६] सुसन सी.स्टोक्स, "व्हाट डु पोलिसी स्वीच्स टेल अस एवाउट डेमोक्रेसी," ***डेमोक्रेसी एकाउन्टावीलीटी एण्ड रिप्रीजेन्टेशन,*** (संपादक : अदाम प्रेजेवर्स्की, सुसन सी.स्टोक्स र बर्नार्ड मेनीन), (प्र.सं.), (संयुक्त अधिराज्य : क्याम्ब्रीज युनिभर्सिटी प्रेस, १९९९), पृ. १२५ ।

[५७] गंगाबहादुर थापा, "नेपालमा प्रजातन्त्रको उद्‌विकास", ***नेपालमा प्रजातन्त्रको एक दशक,*** (ललितपुर : प्रजातन्त्र र सुशासनको लागि अध्ययन केन्द्र, २०५७), पृ. ५ ।

[५८] विश्वेश्वरप्रसाद कोइराला, ***आत्मवृतान्त,*** (संकलन : गणेशराज शर्मा), (दो.सं.), (ललितपुर : जगदम्बा प्रेस, २०५५), पृ. २७२ ।

प्रजातन्त्र स्थापना हुन्छ नागरिकहरूमा आकांक्षा बढ्दै गएको हुन्छ । दलहरूले पुरानै शैलीमा सरकार चलाउन थाल्दछन् । त्यसपछिका दिनहरूमा जनताको आकांक्षा निराशामा बदलिन थाल्दछ । नेताहरू जनतालाई नीति तथा कार्यक्रम दिएर बाँच्न चाहन्छन् । सत्तामा टिकिरहने उनीहरूको आकांक्षा त्यस अवस्थामा चकनाचुर हुन्छ जव जनता जागरुक र चेतनशिल हुन्छ । त्यसैले ०६२/६३ को जनतालाई ६ दशक अघिको स्थितिमा हेरेर परिस्थिति आंकलन गर्न सकिन्न ।

## ५.६ बाह्य राजनीति र सशस्त्र विद्रोहको सङ्कट

नेपालको भू-राजनैतिक बनौट र आर्थिक विषमताले गर्दा वाह्य राजनीतिको प्रभाव ०७ सालदेखि अहिलेसम्म भारतकै देखिएको छ । यसो हुनुमा नेपालको राजनीतिक क्षेत्र र अर्थतन्त्र कहिल्यै आत्मनिर्भर वन्न नसकेर हो । 'भारत जो साना राष्ट्रहरूका अगाडि ठूलो देखिएको छ । ती साना राष्ट्रहरूलाई भारतको सेना, आर्थिक शक्ति, क्षेत्रफल देखेर डर उत्पन्न भएको छ । भारतीय प्रभाव छिमेकको हरेक देशको राजनीतिमा पर्न गएको छ । आन्तरिक राजनीतिका कारण कुनै पनि राजनीतिक दल र नेतालाई भारतसँग सम्बन्ध विस्तार गर्नु भनेको उनीहरूमाथि मुलुकको महत्त्वपूर्ण राष्ट्रिय हित भारतलाई बेचेको आरोप लाग्न सक्छ ।'[५९] लोकतान्त्रिक नेपालका कतिपय नेताहरूले क्रान्तिको आधारभूमि भारतलाई बनाएको अवस्थामा दिल्ली सम्झौता पनि त्यस्तै भएकाले त्यसपछिका दिनमा भारतीय राजनीतिको प्रभाव नेपालमा अत्यधिक वढ्न गएको पाइन्छ । क्रान्तिको सुरुवात र अन्त वाह्य देशमा डिजाइन गरिन्छ भने त्यसको दीर्घकालसम्म मुलुकले गम्भीर परिणाम व्यहोर्नुपर्छ भन्ने कुरा दिल्ली सम्झौताले देखाएको छ ।

भारतले मात्र हैन विश्वका शक्तिशाली राष्ट्रहरूमध्येका बेलायत र अमेरिकाले समेत नेपाली कांग्रेसद्वारा ०७ सालमा राणा शासन व्यवस्थालाई फाल्न सञ्चालन गरेको आन्दोलनको विरोध गरेका थिए ।[६०] यसबाट के देखिन्छ भने प्रजातन्त्रको रक्षामा स्वार्थ वाझ्यो भने राष्ट्रिय हितलाई ध्यान दिएर उनीहरू मुलुकको स्वार्थलाई महत्व दिन पुग्दछन् । नेपालको आन्तरिक मामिलामा भारत, चीन मात्र होइन बेलायत र अमेरिकाको पनि उत्तिकै चासो रहेको देखिन्छ । 'यस देशमा सरकार बनाउने र विगार्ने काम एउटा विदेशी शक्तिले गर्दै आएको छ ।'[६१]

---

[५९] भवानी सेन गुप्ता, "कमिटेड टू कन्फ्रन्टेशन", ***साउथ एशिया भीजन एण्ड पर्स्पेक्टीभ,*** (प्र.सं.), (पाकिस्तान : इण्डीपेण्डेन्ट प्लानीङ्ग कमिशन अफ पाकिस्तान, १९९४), पृ. ४४२ ।

[६०] श्रीकृष्ण झा, ***अनएजी पार्टनर्स : इण्डीया एण्ड नेपाल ईन द पोष्ट कोलोनियल इरा,*** (प्र.सं.), (न्यू दिल्ली : मानस पब्लिकेशन्स, १९७५), पृ. १६५ ।

[६१] गणेशराज शर्मा, नेपालको सङ्कट र यसका परिवेशहरू, ***हिमाल*** १–१५ वैशाख २०५८, वर्ष ११, अङ्क १, पृ. १५ ।

भारतलाई सङ्केत गरिएको यस आशयमा अन्य मुलुकहरूको पनि नेपालप्रति खुवै चासो देखिन्छ ।

तसर्थ सामरिक दृष्टिले महत्त्व बोकेको नेपालमा भारत मात्र होइन चीन, बेलायत, अमेरिकाको पनि उत्तिकै महत्त्व रहेको छ । सुरु सुरुको अवस्थामा पश्चिमा देशलाई नेपालमा उत्तरतर्फको साम्यवादी प्रभाव वढ्ने हो कि भन्ने चिन्ता थियो तर अहिलेको सन्दर्भमा भारत, बेलायत र अमेरिकाको सहयोगमा प्रजातन्त्र र मानवअधिकार गाँसिदै आएको देखिन्छ । 'भारत, बेलायत र अमेरिकाबाट परिपूर्ति गरिने सैन्य तथा आर्थिक सहयोगको विकल्प चीन र पाकिस्तानजस्ता अन्य मित्रराष्ट्रहरू कदापि हुन सक्दैनन् ।'[६२] यसले के सन्देश दिएको छ भने भारतको सहयोग विना दक्षिण एशियामा अमेरिका एक्लै केही गर्न सक्दैन ।

नेपालको भौगोलिक वनावटकै कारण वाध्य भएर यस देशले भारतसँग चुनौतीलिएर कुनै काम गर्न सक्दैन् र गरेन पनि । नत्र ०७ सालको क्रान्तिमा राष्ट्रवादी नेपालीहरूको त्रिभुवनलाई भारत नपठाउने योजना थियो । उनीहरूले क्रान्तिको आधारभूमि नेपाल नै रोजेका थिए ।

तीनतिरबाट भारतले घेरिएको नेपालका लागि उत्तरतर्फको चीन दह्रो मित्र भए पनि विभिन्न सङ्कटको समयमा उसको सहयोग प्रभावकारी हुन सकेको पाइन्न । क्रान्तिपछिका दिनहरूलाई विश्लेषण गर्ने हो भने क्रान्ति संचालनको आधारभूमि भारत नै बन्न गएको स्पष्ट हुन्छ । भारतको हस्तक्षेप पनि त्यस समय अत्यधिक वढेको पाइन्छ । क्रान्तिपछि नेपालको राजनीतिमा आन्तरिक र वाह्य दुवै क्षेत्रमा भारतीय प्रभाव वढ्दै गएको देखिन्छ । क्रान्तिकालमा जनपक्ष कमजोर हुने र विदेशी हस्तक्षेपको संभावना बढ्ने घटना ०७ सालको क्रान्तिदेखि नै देखिएको हो । तत्कालीन भारतीय राजदूत सि.पि.एन. सिन्हाका क्रियाकलाप यति अवरोधक हुँदै गए कि स्वयं बीपी कोइरालाले नेपालको आन्तरिक मामिलामा अनुचित चासो लिएको र नेपाली राजनीतिज्ञहरूलाई एक अर्काको विरोधमा प्रयोग गर्न खोजेको समेत आरोप लगाउनु परेको थियो । [६३]

यसरी भारतले सदैव नेपाललाई उसको सुरक्षा छातामा राखेर हेर्ने दृष्टिकोण ०७ सालदेखि अहिलेसम्म कायम छ । अमेरिकाले नेपालमा सिधै प्रभाव कायम गर्न सक्दैन । नेपालको मामिलामा दखल दिन भारत या चिनको सहयोग नलिई सम्भव छैन । चिनसंग उसको सम्बन्ध ताइवान र तिब्बतको कारण जटिल बन्दै गएको छ । भारतमात्र उसका लागि शीतयुद्धपछिको

[६२] ध्रुवकुमार, "आन्तरिक द्वन्द्व, सैन्य सहयोग र प्रजातन्त्र", ***मूल्याङ्कन,*** वैशाख २०६२ पूर्णाङ्क १२९, पृ. १२–१३ ।

[६३] यज्ञप्रसाद अधिकारी, "जननायक वीपी कोइराला र उहाको विदेशनीति", ***नेपाल पुकार,*** वर्ष ५१, अंक १, वैशाख २०५६, पृ. २१ ।

भरपर्दो मित्र भएको छ । त्यसैले दोस्रो जन आन्दोलनपछि अमेरिकी साम्राज्यवादले पनि नेपालको नीति निर्माणमा चलखेल गर्न भारतमार्फत आउने संकेत गरेको छ ।[६४] यसरी नेपाल मुलुकको भू–भौगोलिक वनावटकै कारण शक्तिशाली राष्ट्रहरूको क्रीडास्थल बन्न थालेको छ । यहाँसम्मकि दरवारपनि यसबाट अलग्गिन सकेको छैन । नेपालको दरवारभित्र चीन, भारत, र अमेरिकाको स्वार्थ हेर्ने तत्त्व रहेका छन । भोला चटर्जीसँगको अन्तर्वार्तामा बिश्वेश्वरप्रसाद कोइरालाले भनेका थिए– 'ठूला शक्तिहरूका पनि एक एक जना प्रवक्ता दरवारमा छन् ।'[६५] यसरी वाह्यराष्ट्रहरूले प्रत्यक्ष र अप्रत्यक्ष तवरले नेपालको मामिलामा दवाव दिइरहँदापनि नेपालका राजनीतिक दलहरूमा भने राष्ट्रियताको मामिलामा कहिल्यै एक ठाउँमा आउन सक्ने स्थिति देखिएन । त्यसको परिणाम नेपालको राष्ट्रियता कमजोर बन्न पुगेको छ ।

नेपालको राष्ट्रियता, सार्वभौमिकतालाई आधार मानेर हेर्ने हो भने मुलुकको राष्ट्रियता जनताको भावना, परम्परा,संस्कृति र सामाजिक व्यवस्थासंग घनिष्ट रहेको छ । राष्ट्र एक राजनीतिक संगठन हो भने राष्ट्रियता एक भावनात्मक सम्बन्ध हो । राष्ट्रियताको बारेमा बिश्वेश्वर प्रसाद कोइराला– "म मेरो परिवार, मेरो खेत भन्ने संकीर्ण भावनाबाट माथि उठी हाम्रो देश हाम्रो उन्नति, हाम्रो विकास भन्ने राष्ट्रिय भावना हुनुपर्दछ ।"[६६] यो भन्नु नै जनतालाई महत्वदिएको पाइन्छ ।

> "नेपाल एउटा राष्ट्र हो भने नेपालभित्र बसोबास गर्ने जनसंख्या चाहे त्यो हिन्दू, बौद्ध, मुसलमान, क्रिश्चियन जे जति छन् ती सबै राष्ट्रियता हुन् । एउटा सानो राष्ट्रमा विभिन्न प्रकारका राष्ट्रियताहरूले बसोबास गर्दछन् । नेपालमा ४ जात ३६ वर्णका राष्ट्रियताहरू छन् । यी राष्ट्रियताहरूमा राष्ट्रको लागि देशभक्तिको महान भावना हुनु आवश्यक हुन्छ । राष्ट्रियतामा बाँडिएका विविध जनजातिहरू कहिलेकाँहि बेग्लै धर्म, संस्कृती र भाषामा गोलबन्द भै आफ्नो बेग्लै अस्तित्व कायम गरी राष्ट्रियताको पहीचान देखाउन सक्छन ।" [६७]

०४६ सालको प्रजातन्त्र पुनः प्राप्तिपछि नेपालमा जनजाती, भाषा, संस्कृती, लैङ्गिक समानता जस्ता विषयमा प्रसस्त आवाज उठ्नपुग्यो । सवैले आफ्नो पहिचान खोज्नथाले । त्यहिंबाट समाज वर्गीय बन्दै गयो । हरेक जातिय संगठनहरू एकआपसमा गोलबन्द हुँदै गए । राष्ट्रियता वोकेका यस्ता संगठनहरूमा भावनात्मक एकता भन्दा जातिय एकता देखिन थाल्यो । तर कतिपय सवालमा भने जनताहरू एक भएको देखियो । जसरी ९/११ मा अमेरिकामा भएको

---

[६४] दीपकप्रकाश भट्ट, बदलिँदो नेपाल–भारत सम्बन्ध, ***मूल्याङ्कन*** , जेठ २०६४, पूर्णाङ्क १५१, पृ.५९।

[६५] भोला चटर्जी, 'बी.पी.कोइराला : पोर्ट्रैट अफ ए रिभोल्यूसनरी', (नेपालीमा अनुवाद), ***बी.पी. कोइराला एक क्रान्तिकारी व्यक्तित्व,*** (प्रथम संस्करण २०५१), काठमाडौं : साझा प्रकाशन, पृ.१४२ ।

[६६] बिश्वेश्वर प्रसाद कोइराला, *राष्ट्र, राष्ट्रियता र प्रजातन्त्र,* (वाराणसी : तरुण प्रकाशन, २०३६), पृ. १६ ।

[६७] पुरुषोत्तम मरहठ्ठा, ***विश्व राजनीतिक चिन्तनधारा,*** (प्र.सं.), (चितवन : एस.कोइराला, २०५७, पृ. २५५ ।

घटनाले आतकंवादको विरुद्ध सारा विश्वलाई एउटै कित्तामा आउन वाध्य बनाएझैं अमेरिकीहरूमा यस अघि कहिल्यै नदेखिएको राष्ट्रवाद देखिन थाल्यो ।

त्यस्तै नेपालमा पनि महाकाली सन्धिले दलहरूलाई राष्ट्रियतामा कित्ताकाट गर्ने अवसर दिलायो । बलियो न्यायालय भएकै कारण "टनकपुरको प्रश्नमा सन्धी या समझदारी भन्ने विषयमा सर्वोच्च अदालतले दिएको निर्णयले सन्धि भन्ने ठहरिए"[६८] यसरी सअले सन्धी नै हो भनेपछि यसलाई संसदबाट अनुमोदन गराउनु पर्ने वाध्यता वन्यो । महाकाली एकीकृत सन्धि (शारदा बाँध, टनकपुर बाँध र पञ्चेश्वर बहुउद्देश्यीय आयोजना समेत) लाई संसदको संयुक्त सदनद्वारा अनुमोदन २०५३ साल असोज ४ मा पक्षमा २२० मत र विपक्षमा ८ मत परेको । कुल सांसद संख्या २६१ । उपस्थित भई मतदान गरेका सांसदहरू २२८, मतदान नगरेका एमाले सांसद २७ र मनोनित ४ ।[६९] यहिंबाट नेकपा एमालेको अल्पमत पक्ष र बहुमत पक्ष बीच महाकाली सन्धि र भारतलाई हेर्ने दृष्टिकोणमा फरक दृष्टिकोण देखियो । फरक मत पक्षले आफू पेलिएको देखाई पार्टी महासचिव माधव कुमार नेपाललाई पदबाट हटाउन हस्ताक्षर अभियान सुरु गरिएको थियो । बामदेव गौतमलाई पार्टीको उपमहासचिव पदबाट हटाइएपछि विवाद निति र सिद्धान्तमा नभै व्यक्तित्वको टकरावमा केन्द्रित हुन गयो । "फरक मत राखेकै कारण" पार्टीबाट बामदेव, सिपी मैनाली जस्ता नेताहरू अलग हुन परेको थियो । बाह्य राजनीति र सशस्त्र विद्रोहको सङ्कटनेपालका राजनीतिक दलहरूले पटक पटक झेल्दै आएका छन् । दरबार कहिलेकांहि दलभित्रका राष्ट्रवादी,राजावादी खोज्थ्यो । "राजावादी व्यक्ति र दलहरू पनि राष्ट्रवादी हुन सक्छन् । सबैसंग मिलेर राष्ट्रवादी शक्तिहरूको मोर्चा बनाउन"[७०] पछिसम्म दरबार र त्यहाँको सेवा र सुविधालिनेहरू निरन्तर लागिरहे । प्रजातन्त्रको व्यवस्थापन गर्ने दलका

नेताहरूमाथि यसरी राष्ट्रियताको विवादमा विभाजन देखियो जुन मुलुकको लागि कमजोर सावित भयो । दल विभाजन को मुख्य दोष जनताले "राजनीतिक दल र नेताहरूको कियाकलापलाई दिएका छन् ।"[७१] पञ्चायती व्यवस्थाले आफ्नै देशको सीमा मिच्दासमेत बहुदलवादीहरूसँगको भयले गर्दा छिमेकीसँग आत्मसमर्पण गरेर राष्ट्रिय हितलाई तिलाञ्जली दिनपुग्यो । शारदा बाँध पुरानो भयो भनी भारतले टनकपुर बाँध वनायो । सीमा नदीमा नेपालसँग परामर्श नै नगरी भारतले त्यत्रो बाँध बनाउँदा पञ्चायती सरकार मौन बस्यो । बहुदल आइसकेपछि पनि राजनीतिक दलका नेताहरूले यस विषयमा राष्ट्रिय सहमति कायम गर्न

---

६८ *आजको समाचारपत्र,* २०५५ साल जेष्ठ २५ ।

६९ गौरीबहादुर कार्की, ***नेपालको वर्तमान संविधान विचार र ब्याख्या,*** (प्र.सं.), (काठमाडौं : पैरबी बुक्स एण्ड स्टेशनरी सेन्टर, २०५५), पृ.२०६ ।

७० (विवेक कुमार शाह) ***पूर्ववत् टिप्पणी*** नं. ४२, पृ. ८३ ।

७१ कृष्ण हाथेछु, जनता निराश छन्, ***हिमाल–१–१५,*** वैशाख २०५८, वर्ष ११, अङ्क १, पृ. ४७ ।

सकेनन् । दलहरूले आफूलाई राष्ट्रवादी कित्ता भनेर देखाउनुको पछाडी महाकाली सन्धिको पनि हात रहेको छ ।

०४८ सालको पहिलो आम निर्वाचनपछि नेपाल सरकारले भारतसँग टनकपुर सन्धि गरेर बायाँ तटबन्ध बाँध्न नेपालको भू–भाग सुम्पियो । सन्धिलाई समझदारी भने तापनि पछि सर्वोच्च अदालतले सन्धि नै हो भन्ने निर्णय दियो । मदन भण्डारीले राष्ट्रियताको सवालमा आठ घटासम्म सदन चल्न नदिएको त्यस अवस्थामा मदन भण्डारी नहुँदा त्यही सदनबाट सन्धि पारित भयो । 'भारतले ठगेकै रूपमा वुझ्नु जायज थियो ।'[७२] यसरी भारत जस्तो विशाल राष्ट्रले नेपालजस्तो सानो राष्ट्रको २.९ हेक्टर जमिनको सार्वभौमिकतालाई विवादमा पारेर भर्खर प्राप्त बहुदलीय व्यवस्थामाथि सङ्कटको वीजारोपण गराइदिएको थियो । यसबाट नेपालको राजनीतिमा सङ्कट ल्याउने तत्त्वमा बाह्य राजनीतिको पनि ठूलो भूमिका देखिन्छ ।

पछिल्लो समयमा भारतले नेपाली राजतन्त्रलाई जोगाउन सकेन । बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र सम्बन्धी दुई स्तम्भीय अवधारणालाई दोस्रो जनआन्दोलनको अन्तसंगै भारतले विस्तारै छोडन खोजेको देखिन्छ । शाही घोषणालाई चुनौती दिन सक्ने नेपाली जनता आवश्यक पर्दा जतिसुकै ठूलो शक्तिका विरुद्धमा पनि उभिन सक्छ भन्ने बलियो प्रमाण ०६२/६३ को जनआन्दोलन थियो ।

०४६ सालको जनआन्दोलनमा राजा नेपालकै नेताहरूसँग झुकेको पाइन्छ । तर, ०६२/६३ को जनआन्दोलनमा जनतासँग नझुक्नाको परिणाम राजतन्त्रले सत्ताबाट सँधैका लागि हात धुनु पर्‍यो । नेपालको राजतन्त्र जनताको सुखदुःखमा साथ दिने नभै लोकतान्त्रिक शासन व्यवस्थाप्रति पूर्वाग्रही वन्न पुग्यो । ठूलादलहरूप्रति राजाको धारणा सदैव अराष्ट्रिय तत्त्वकै जस्तो रहन गयो ।

### ५.६.१ सङ्कटका कारणहरू

सशस्त्र विद्रोहले नेपालको राजनीतिमा परेको प्रभावका बारेमा यसअघि माओवादीले नेपालमा सिर्जना गरेको हिंसाको सङ्कट अन्तर्गतको परिच्छेद मा विस्तृत प्रकाश पारिसकिएको छु । सशस्त्र विद्रोहका कारणले पनि प्रजातन्त्रलाई सङ्कटमा पारेको देखिन्छ । नेताहरू यथास्थितिवादी र जनताहरू क्रान्तिकारी बन्दै जानु नै ०४६ साल पछि देखिएको समस्या हो । डेढ दशकको यस अवधिमा दलहरूले सत्ताका लागि संघर्ष गरे । जनताका एजेण्डामा तिनले कुनै

[७२] केपी शर्मा ओली, "संसदलाई गतिशील र प्रभावकारी बनाउन मदन भण्डारीको भूमिका मार्गदर्शक हुन सक्छ", ***संसदमा मदन भण्डारी,*** (प्र.सं.), (काठमाडौं : मदन–आश्रित स्मृति प्रतिष्ठान २०५६), पृ. १४२ ।

सम्वोधन गर्न सकेनन । नागरिक समाजका मानिसहरू मूलतः विकासको असफलता (फेल्ड डेभलपमेन्ट)ले गर्दा माओवादी बढेको ठान्दछन् ।[७३]

यसरी शीतयुद्धको समाप्तिपछि दक्षिण एशियाली राष्ट्रहरूमा भारतलाई छोडेर अन्य देशहरूले प्रजातन्त्रको संस्थागत विकास गर्न सकेनन् । नेपालपनि त्यही असफल राष्ट्रको श्रेणीमा पर्दछ । 'भारत नेपालको शान्ति प्रक्रियामा सघाउन प्रत्यक्ष रूपमा आफैं अगाडि आएको देखाउन चाहँदैन। उसका लागि विगतमा पनि नर्वेले श्रीलङ्कामा खेलेजस्तो सहजकर्ता वा मध्यस्थकर्ताको भूमिका खेल्न स्विजरल्याण्ड वा नर्वे नेपालमा आए पनि कुनै आपत्ति भएन् । तर अमेरिका, युरोपेली युनियन, चीन, ब्रिटेन वा संयुक्त राष्ट्रसंघ प्रत्यक्ष नआउन् भन्ने नै चाहेको देखिन्छ । यसले देखाउँछ, ऊ दक्षिण एशियामा प्रत्येक मामिलामा आफ्नो हैकम देखाउन चाहन्छ । अहिलेसम्म उसले आफ्नो कुनै पनि छिमेकी देशमा प्रजातन्त्र शान्ति, स्थिरता र विकासको निरन्तरता देख्न चाहेका उदाहरण छैन ।'[७४] उसले आफ्ना छिमेकी सबै राष्ट्रहरूलाई द्वन्द्वमा फसाइदिएको छ । यसै द्वन्द्वको मारमा नेपाल अनायास नै रणभूमि बन्न गएको छ । 'पाकिस्तानकै पंक्तिमा नेपालका विरुद्ध प्रचारयुद्ध भइरहेको भन्नुपर्छ ।'[७५]

०४७ बाटै राज्यको लोकतान्त्रिक पुनःसंरचना भइदिएको भए यस रूपमा माओवादी विद्रोहको विस्तार र प्रभाव सम्भव हुने थिएन । माओवादी विद्रोहका प्रारम्भिक चरणमै राज्य संरचनामा प्रजातन्त्रीकरण प्रारम्भ गरिएको भए माओवादीलाई राजनीतिको मूलप्रवाहमा अवतरण गराउन सकिने थियो ।[७६] मुलुकको यस अवस्थामा राजनीतिक दलहरूले वार्तामा भन्दा विद्रोहीलाई दवाउनमा नै आफ्नो उर्जा खर्चिए । विद्रोहीलाई दवाउने नाममा विभिन्न 'अप्रेशनहरू' चलाएर विदेशीसँग हतियारको सहयोग माग्दै रहे । जनताको जीवनस्तर वढाउने एजेण्डामा तिनीहरू चुके । डेढ दशकको यो अवधि व्यर्थको दशक बन्न पुग्यो । माओवादी समस्यालाई केन्द्रित वनाएर काङ्ग्रेस सरकारले यसै समयमा अध्यादेश मार्फत सशस्त्र प्रहरी बल स्थापना गरेको थियो । सुरुमा कांग्रेस र सद्भावनाले सशस्त्र प्रहरीबलको आवश्यकता देखेका थिए ।

वामपन्थीहरूले यसको विरोध गर्नु स्वाभाविकै थियो । यस अवधिका सरकारहरू सेना र प्रहरीको दवावमा काम गर्न थाले । तिनले मुलुकको अर्थतन्त्रलाई स्वावलम्बी र आत्मनिर्भर

[७३] कृष्ण हाथेछु, जनता निराश छन्, ***हिमाल***–१–१५, वैशाख २०५८, वर्ष ११, अङ्क १, पृ. ४८ ।

[७४] दीपकप्रकाश भट्ट, बदलिँदो नेपाल–भारत सम्बन्ध, ***मूल्याङ्कन*** , जेठ २०६४, पूर्णाङ्क १५१, पृ.६० ।

[७५] गणेशराज शर्मा, नेपालको सङ्कट र यसका परिवेशहरू, ***हिमाल*** १–१५ वैशाख २०५८, वर्ष ११, अङ्क १, पृ. १४

[७६] सञ्जीव पोखरेल, श्रीकृष्ण अनिरुद्ध गौतम र श्रवण शर्मा, ***नेपालमा प्रजातन्त्र सङ्कट तथा चुनौतिहरू,*** (प्र.सं.), (काठमाडौं : राष्ट्रिय शान्ति अभियान, २०६२), पृ. १५८ ।

बनाउन सकेनन । सम्पन्न र विपन्न वीचको असमानतालाई ०४६ सालको परिवर्तनले सम्वोधन गर्न सकेन । लगभग तीनहजार वर्षजति अघि अरस्तुले क्रान्ति रोक्नका लागि राज्यमा मध्यमवर्ग बढाउनुपर्छ भनेर सल्लाह दिएका थिए । धनी र गरीब भएमा छिटै क्रान्ति हुने भएकाले बीचको मध्यमवर्गले क्रान्ति रोक्न सक्ने देखाएका थिए । तर नेपालमा मध्यमवर्ग नै सशस्त्र द्वन्द्वको सिकार भएका थिए । माओवादीले दललाई गाउँबाट लखेटे भने राजाले दललाई संसद् चल्न नदिएर लखेटे। माओवादीलाई लखेट्ने काम भने हातहतियारले सुसज्जित सेना र प्रहरीले गरिरह्यो । नेपालको राजदरवार एउटै बन्दुकबाट दललाई र माओवादीलाई सखाप पार्न ०६२/६३ को जनआन्दोलनअघिसम्म कम्मर कसेर लागिरहेको थियो। सेना र दरवारको नियत संविधान र बहुदलीय व्यवस्थाप्रति ठिक थिएन । 'भारतले चाहिँ बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रलाई नेपालको राजनीतिक स्थिरताको निम्ति दुईवटा खम्वा वताउँदै त्यो पुनर्वहाली हुनुपर्ने माग गरेको छ । '[७७]

एक समय खुवै चर्चामा आएको दुइ खम्वे अवधारणालाई नेपाली जनताको १९ दिने क्रान्तिले ०६३ वैशाख ११ मा आएर सँधैका लागि टुँग्याईदिएको छ । 'राजा मारेको आरोपित व्यक्ति यहाँ राजा भएर बस्छन् भने यहाँ पुनः निरंकुश राजतन्त्रको सम्भावना रहन्छ । यस राजालाई राखिराखे पार्टीले सामान्य त्रुटि गर्दा पनि फेरी जनताले दुःख पाउने छन् ।'[७८] जनआन्दोलन–२ पछि गणतन्त्र घोषणा नभएसम्मको अवधिमा नेपालको राजतन्त्रले अति नै नाजायज तवरले सत्ता आफ्नो कव्जामा लिएको थियो । ०६३ जेठ ४ मा फेरी एकपटक राजतन्त्र राख्ने षडयन्त्र गरिएको थियो । एकातिर राजा निलम्बित अवस्थामा अर्कोतिर राजसंस्था बाँकी राखिछोड्ने परम्परागत शक्तिहरूको आशय थियो । 'राजसंस्था बाँकी नै राख्नु छैन भने राजगद्दी उत्तराधिकारी ऐन अव उप्रान्त संसदले बनाउने भनेर निर्णय गर्नुको के तुक हुन्छ र ?'[७९] यसबाट के देखिन्छ भने नेपालमा एउटा द्वन्द्वको अन्तपछि फेरी अर्को द्वन्द्व देखिने निरन्तरता बनेको छ ।

'प्रजातन्त्र टिक्न सक्दैन भन्ने नेपालमा जुन अवधारणा वनाइएको छ त्यो पुरानो शासन ठिक छ भन्ने मान्यता वोकेकाहरूवाट चलाइएको हल्ला हो ।'[८०] यस देशलाई सदैव सशस्त्र विद्रोहको प्रयोगशाला वनाउने बाह्य राजनीतिको चक्रमा नेपालीहरू जानेर नजानेर ०७ सालदेखि अहिलेसम्म पर्दै आएका छन ।

---

[७७] श्याम श्रेष्ठ,"शाही कदमपछिको नेपाल", ***मूल्यांकन* मासिक,** काठमाडौंः मूल्याङ्कन प्रकाशन गृह, चैत्र ०६१, पृ. ६ ।

[७८] ***तरुण साप्ताहिक,*** २२ जेठ २०६३ ।

[७९] ***मूल्यांकन मासिक,*** काठमाडौं : मूल्याङ्कन प्रकाशन गृह, असार–साउन २०६३, पूर्णाङ्क १४२, पृ. १३ ।

[८०] ***केशव बडाल,*** नेकपा (एमाले) संग मिति २०६६ साल भदौ १० गते लिइएको अन्तर्वार्तावाट ।

राजतन्त्रले अनन्तकालसम्म शासन गर्ने हो भने जनतासँग वैरी व्यवहार गर्नु हुन्न । तर, राजा भने दल र जनतालाई पेलेर आफू सकृय राजतन्त्रको भूमिका निर्वाह गर्ने चाहना ०४६ साल पछि पनि देखियो । संविधानभित्र तोकिएको भूमिकामा बाँधिन राजालाई मन परेन । "म दाइ जस्तो नेपालको अवस्थालाई टुलुटुलु हेरेर बस्न सक्दिनँ । म कन्स्ट्रक्टिभ किङको भूमिका निर्वाह गर्छु ।" भन्ने राजाले के संवैधानिक राजतन्त्रको भूमिका निर्वाह गर्न सक्छन् ?

राजा वीरेन्दले माओवादीद्वारा मुलुकको धेरै क्षेत्र कब्जा गरिसक्दा पनि कुनै कदम नउठाएकोमा धेरैको गुनासो थियो । तर राजा ज्ञानेन्द्रमा भने "संविधानले दिएभन्दा ज्यादा अधिकार प्रयोग गर्ने चाहना र इच्छाशक्ति विकास हुँदै गएको थियो ।" त्यसैगरी यी राजाले आफ्ना सल्लाहकारमा यस्ता व्यक्तिहरूलाई राखेका थिए जसले वहुदलीय व्यवस्थालाई रुचाउँदैनथे तिनमा थिए– "शरदचन्द्र शाह, प्रभाकरशमशेर जबरा, प्रभुशमशेर जबरा, वीरेन्द्रबहादुर शाह (लव राजा), सच्चितशमशेर जबरा, भरतकेशर सिंह लगायतका केही व्यक्ति पुराना भारदारका हिसाबले सरकारको नियमित सम्पर्कमा थिए । त्यो नै राजाको सवैभन्दा भाइटल र नजिकको टिम थियो ।"[८१] राजाप्रति कम्युनिष्ट पार्टीलाई सुरु देखि नै विश्वास थिएन् । दरभङ्गामा बसेको नेपाल कम्युनिष्ट पार्टीको वैठकले भनेको थियो नेपालमा– "राजा जनता र प्रजातन्त्रका विरुद्ध छन भन्ने घोषणा गरेको छ ।"[८२]

राजा निरंकुश हुन नछोडने जनता अधिकार नलिई नछोडने । यही द्वन्द्वमा राजतन्त्र जनतासँग वैरी हुन गएको हो । वास्तवमा जनताले राजालाई सजिलै शासन गर्न पनि दिएका थिएनन । शासन गर्न कठीन भने बनाइदिएका छन् । साम्यवादको डर देखाएर नेपालको राजतन्त्र कहिले दक्षिणपन्थीको नजिक बन्न खोजेको छ । कहिले उग्रवामहरूले राजालाई राष्ट्रवादी मानेर कार्यगत एकता गरेको रहस्योद्घाटन समेत गर्नपुगेका छन् । आन्दोलनको दवाव वढेको समयमा जनताको भाषा बोल्ने र अन्य समयमा जनतालाई पेल्ने राजतन्त्र परिआउँदा खुम्चने र फैलने रणनीति अपनाउँदै आएको देखिन्छ । यो राजतन्त्र कहिले सक्रिय वन्न पुगेको छ भने कहिले निष्क्रियझैं भएर आफ्नो भूमिका खेलेको छ ।

क्रान्ति नगरी सजिलै राजतन्त्रले सुधारका उपाय जनतालाई दिएको छैन । विद्रोहको आवाज विना केही पनि प्राप्त हुन नसक्ने स्थिति राजतन्त्रका कारणले हुने गरेको थियो । मुलुकमा जतिपनि आन्दोलनहरू भए ती सबैमा राजतन्त्रको मुद्दा कुनै न कुनै रूपले संलग्न रहेको पाइन्छ । ०७ सालको आन्दोलन दरवारविरुद्ध केन्द्रित थिएन । ०१५ सालको संविधानमा

---

[८१] (विवेक कुमार शाह) ***पूर्ववत् टिप्पणी नं.*** ४२, पृ. १०७–८ ।

[८२] मोहन विक्रम सिंह, ***चार दशक,(दोस्रो खण्ड),*** (प्र.सं.), (गोरखपुर : जन साहित्य प्रकाशन, सन् २०००), पृ. ५५ ।

राजाले आफ्नो खेल्ने ठाउँ राखेर ०१७ सालमा प्रजातन्त्रको विरुद्ध कदम चाले । तर, ०४६ सालको आन्दोलन भने दरवार र निर्दलीय व्यवस्थाविरुद्ध केन्द्रित थियो । ०६२/६३ को आन्दोलन भने नेपाली राजतन्त्रलाई निषेध गरी गणतन्त्र प्राप्तिका लागि सात राजनीतिक दलहरूले १९ दिनसम्म चलाएका आन्दोलनको अभियान थियो ।

## ५.६.२ सारांश

पृथ्वीनारायण शाहपछि उनका सन्तानहरूलाई जहिलेपनि आफ्नो वंशका लागि राजसंस्था कसरी दिगो कायम गर्नेमात्र चिन्ता भयो । सीमा मिचिएको, राष्ट्रियता कमजोर भएकोमा कसैको चिन्ता थिएन् । ०४६ सालपछिका नेताहरूले राजतन्त्रलाई खुशी पार्न हरेक वर्ष वजेट वढाउँदै गए । राजालाई बलियो वनाएर जनतालाई कमजोर वनाउने काम स्वयं जनप्रतिनिधिहरूकै कियाकलापले हुन पुग्यो ।

कम्युनिस्टको बढ्दो प्रभावलाई रोक्न राजावाट मात्र सम्भव हुन्छ भन्ने विश्वासमा दिल्ली सम्झौताले राजालाई महत्त्व दिएको देखिन्छ । यसरी परम्परागत राजतन्त्र र आधुनिक शक्ति मानिएका दलहरूलाई सँगै हिंडनु पर्ने वाध्यता भए पनि तिनीहरू कहिल्यै मेलमिलापको बाटोमा लागेनन ।  दरवारले भने नेपाली जनतासँग सदैव दूरी वढाएर बस्न खोजेको थियो । अस्थिरताको जड समग्रमा राजतन्त्र नै बन्दै आएको थियो । दलहरूमा भने विरोधको लागि विरोधको राजनीति तिव्र गतिले विकास भएको थियो । विश्वेश्वरप्रसाद कोइरालाले राजतन्त्रलाई केन्द्रविन्दु वनाएर संवैधानिक राजसंस्थाको पक्षमा वकालत गर्दा मेलमिलापको आशय पंचायतसँग र राजासँग सँघर्ष पनि हैन र समर्पण पनि हैन भन्ने थियो । नेपाली कांग्रेसले पंचायतको समर्थन गरोस भन्ने राजाको चाहना थियो ।

राजतन्त्र कांग्रेससँग मात्र होइन साम्यवादसँग पनि बाँच्न सक्छ भन्ने ठानी उग्र विचारधारावाट जोगाउन राजा वीरेन्द्रले आफ्नो शासनकालमा माओवादी विरुद्ध सेना परिचालन गर्न दिएनन् । तर ज्ञानेन्द्र राजा भएपछि सेनालाई माओवादी विरुद्ध परिचालन गर्न स्वीकृति दिए । राजतन्त्रलाई माओवादीवाट जोगाउन उनले खोजेका थिए । वीरेन्द्रसँग भने माओवादीहरूको कार्यगत एकता रहेको तिनका आधिकारिक नेताले वताउँथे । शक्तिसाली अधिकार प्रयोग गर्दै आएको राजतन्त्रलाई ०४६ सालको परिवर्तनपछि कम अधिकार दिएर संवैधानिक वनाउन खोज्दा राजपरिवारका अन्य सदस्यहरूलाई परिवर्तनसँग समायोजन हुन गाऱ्हो भएको पुष्टि दरवार हत्याकाण्डबाट भयो । राजामा कसरी हुन्छ ठुलो दलको प्रमुख नेताहरूलाई कमजोर वनाइ देशको राजनीतिमा आफ्नो निर्णायक भूमीका कायम गर्ने महत्त्वाकाङक्षा रहेको थियो ।

प्रजातन्त्रमा नेतृत्व गतिलो भएमा उसले जनतातर्फ फर्केर निर्णय गर्दछ । भ्रष्ट नेतृत्व सदैव आफूलाई शक्तिशाली वनाउन लागिरहेको हुन्छ । पहिलो जनआन्दोलनपछिका राजनीतिक दलहरूमा नेताहरू ज्यादै शक्तिशाली भए तर दल कमजोर वन्न पुग्यो । नेताहरू यथास्थितिमै रमाउन थाले जनताहरू भने आकांक्षा वढदै गएकाले क्रान्तिकारी बन्न पुगे । दलहरूले जनताको एजेण्डामा कुनै सम्वोधन गर्न सकेनन् ।

डेढ दशकको यो अवधि वास्तवमा नेपालका लागि व्यर्थको दशक वन्न पुग्यो । दललाई गाउँवाट माओवादीले लखेट्यो, संसद चल्न नदिएर शहरवाट राजाले लखेटे । सेना र प्रहरीले माओवादीलाई एक दशक सम्म लखेटिरहे । विचारधाराका आधारमा राजासँग झगडा प्रजातन्त्रको मूलभूत मान्यतामा रह्यो । राजाको रोडम्यापमा दलहरू अटाएनन । उनी एक्लै अगाडि बढे । अगाडि बढ्ने क्रममा उनले प्रजातन्त्रको मूल्य पद्धति राजासापेक्ष हुनसक्दैन भन्ने वुझेरपनि निरंकुशताको अभ्यास गरिरहे । राजा संवैधानिक भूमिकामा सीमित नभएर प्रजातन्त्रलाई तत्कालीन दवावका रूपमा हेरे ।

पद्धतिभित्र संवैधानिक र राजनीतिक सङ्कटका मुद्दाहरू ०४७ सालको संविधान निर्माणपछि निकै देखिए । यिनै आधारमा संवैधानिक राजनीतिक सङ्कटका मुद्दाहरूको व्याख्या र विश्लेषण गर्दै त्यसको  विस्तृत विवेचना आगामी परिच्छेदमा गरिनेछ । अध्ययनकै क्रममा दल र दरवारबीचको संवैधानिक द्वन्द्व र अन्तर्द्वन्द्व कसरी देखियो त्यसको अध्ययन गरिनेछ । साथै पद्धतीय व्यवहार अन्तरविरोधलाई केलाउनका लागि आगामी परिच्छेद उपयोगी वन्ने ठानिएको छ ।

# परिच्छेद : छ
# संवैधानिक राजनीतिक सङ्कटका मुद्दाहरू

## ६.१ पृष्ठभूमि

नेपालमा लिखित संविधानको इतिहास २००४ सालदेखि प्रारम्भ भएको हो । राणा शासनको अन्त्यतिर प्रधानमन्त्री पद्म शमशेरले भारतबाट सल्लाहकार झिकाई नेपाल सरकारको वैधानिक कानून २००४ को घोषणा गरेका थिए । त्यो 'वैधानिक कानून "पञ्जापत्र" अन्तर्गत श्री ३ लाई प्राप्त सम्पूर्ण अधिकारबमोजिम खड्गनिशानाबाट लागु गरियो । अन्य संविधानहरू परम्परादेखि श्री ५ मा निहित राजकीय सत्ता र विशेषाधिकारअन्तर्गत लालमोहर भई शाही घोषणाबाट लागु गरिए।'[८३] २००४ सालको वैधानिक कानून पद्म शमशेर आफैंले लागु गर्न नपाई पदबाट राजीनामा दिन वाध्य भएका थिए ।

०७ सालको जनक्रान्तिपछि 'नेपालको अन्तरिम शासन विधान २००७ मुलुकमा लागु भयो । त्यसपछि राजा महेन्द्रबाट 'नेपाल अधिराज्यको संविधान २०१५' दिइयो । २०१७ सालमा बहुमत प्राप्त नेपाली कांग्रेसको सरकारलाई विघटन गरी संवत् २०१९, पौष १ गतेका दिन राजा महेन्द्रले मुलुकलाई पञ्चायती संविधान दिए । त्यसको कार्यान्वयन पौष २२ देखि भयो । लगभग ३ दशकमा तेस्रो संशोधन भैसकेको उक्त संविधान जनआन्दोलन, ०४६ पछि खारेजीकै अवस्थामा पुग्यो । तर नेपाल अधिराज्यको संविधान २०४७ निर्माण भएपछि नेपालको संविधान, २०१९ लाई खारेजी गरेको पाइएन । अन्तरिम संविधान २०६३ को धारा १६७ मा नेपाल अधिराज्यको संविधान, २०४७ खारेज गरिएको छ भनेर लेखिएको छ । तर नेपाल अधिराज्यको संविधान, २०४७ भने यस अघिको संविधान के हुने भन्ने कुरामा मौन बस्यो । संविधान प्रारम्भ हुँदाका बखत लागु रहेका सबै कानुन खारेज वा संशोधन नभएसम्म लागु रहनेछन् भनी धारा १३१ मा उल्लेख गरियो । अर्कोतिर नेपालको संविधान २०१९, लाई अस्तित्वमा राख्ने काम ०४७ को संविधानको धारा ८ को (क) मा नेपालको संविधान (२०१९) को धारा ७ वा नेपाल नागरिकता ऐन, २०२० को दफा ३ वमोजिम नेपालका नागरिक ठहर्ने व्यक्तिहरू भनी पञ्चायती संविधानपनि अस्तित्वमा रहेको देखाएर संविधानबाटै त्यस समय सङ्कट ल्याउने काम भयो ।

---

[८३] टोपबहादुर सिंह, ***नेपालको संविधान र संवैधानिक कानून,*** (दो.सं.), (काठमाडौं : कानूनी पाठ्यपुस्तक प्रकाशन समिति २०४१), पृ. ४६ ।

संविधानका दृष्टिले नेपाल अधिराज्यको संविधान, ०४७, 'दक्षिण एशियाकै उत्कृष्ट' मानिने निर्माताहरूको वुझाइ थियो । तर, व्यवहारमा प्रयोग गर्दै जाँदा छोटो अवधिमा नै यसले विभिन्न संकटहरू जन्माउँदै गयो । ने.का., एमाले, चौ.म., लगायत संवैधानिक वनेको राजतन्त्रले पनि दलहरूसँग सहकार्य गर्दै जानुपर्नेमा द्वन्द्वको स्थिति निम्त्याएको पाइन्छ । संविधान निर्मातामध्येका माधवकुमार नेपालले– 'संविधानप्रति हाम्रो आलोचनात्मक समर्थन छ ।'[८४] भन्ने आशय व्यक्त गरे । नेपाल अधिराज्यको संविधान, जन्मदैंबाट खतरामुक्त नभएको कुरा सकार्दै उनले भने – 'संविधान खतरामुक्त छ भन्ने म मान्दिन । हाम्रो इतिहास सँधै दरवारिया षडयन्त्र, सत्ता सुख भोगेका, लोभ र लिप्सामा डुवेका, एकाधिकारवादी र भरौटे भाइ भारदारको षडयन्त्रले भरिएको छ । प्रतिगमनकारी तत्वका रूपमा आफूलाई परिवर्तन गर्न नसक्ने सेना हामी कहाँ छन् । जनतालाई दवाउने, राज्य शक्तिको दुरूपयोग गर्ने भाइ भारदार र सामन्ती तत्त्व पनि छँदैछन । यस स्थितिमा यस संविधानलाई सङ्कटरहित छ भन्न सकिन्न 'भनी ०४७ सालको संविधान सुझाव आयोगका सदस्य माधव कुमार नेपालले फागुन ०४७ सालको 'कानून' पत्रिकामा उल्लेख गरेका छन् ।

यसमा दरवारिया षड्यन्त्र हुन सक्ने आशङ्का व्यक्त गर्नु नै राजतन्त्र प्रति नेताहरूमा संविधान निर्माणको सुरुवातदेखि नै विश्वासको संकट देखिंदै गएको प्रमाण हो । हामीमा अन्तर्निहित संवैधानिक र राजकीय शक्ति तथा विशेषाधिकारको प्रयोग गरी ०४७ सालको संविधान घोषणा गर्दछौं भन्ने राजाको त्यस कदमलाई ने.क.पा (मसाल)ले "कालो संविधान" घोषणा गरी त्यसप्रति विरोध प्रदर्शन गरेको थियो ।[८५] २०४७ साल कार्तिक २३ गते राजाले जुनसंविधानको घोषणा गरेका थिए त्यो मन्त्रिमण्डलले तयार गरेको थिएन । संविधान निर्माणपछि देशको विविध समस्याको पहिचानसम्म भयो । समाधानको कुनै पहल हुन सकेन ।

> जनताको सहभागिताबाट नै संविधान बनाइएको हो भन्ने स्वीकारोक्तिले नेपालको संवैधानिक इतिहासमा पहिलो पटक घोषित रूपमा जनताको निर्णायक भूमिकालाई स्वीकार गरिएको छ । यसैले जनतालाई केन्द्रविन्दु वनाइएको कुरालाई स्पष्ट रूपमा अघि सारेको छ । जनता दासबाट नागरिक बनेका छन्, अधिकार जनताको हातमा आएको छ । राजालाई स्वविवेकीय अधिकार दिने विषयमा संसदको र मन्त्रिपरिषद्को निर्माण र विघटनको सवालमा पार्टीहरू माथि फेरि कुनै तानाशाहले प्रतिवन्ध लगाउन नपाओस् भन्ने सवालमा, सेवा निर्माण र संचालनको सवालमा, विगत संविधानबाट नियुक्त संवैधानिक पदाधिकारीको सवालमा एकहदसम्म ध्यान दिन र सतर्कता अपनाउन खोजेको पाइन्छ ।

---

[८४] माधवकुमार नेपाल, हामीले राजनीतिको रथ हाँक्नु पर्छ, ***कानून*** पूर्णाङ्क १६, आषाढ २०४८, (काठमाडौं : नेपाल कानून किताब कम्पनी), पृ. ३५७ ।

[८५] एम.वी. सिंह, (महामन्त्री ने.क.पा.मसाल) "०१७ साल दोहोऱ्याउने बाटो यो संविधानले सुरक्षित राखेको छ", ***कानून*** पूर्णाङ्क १५, (काठमाडौं : नेपाल कानून किताब कम्पनी, आषाढ २०४८), पृ. १३७ ।

> तापनि राजाले संविधानको उल्लंघन गरेको अवस्थामा संवैधानिक मर्यादाको पालना नगरेमा, राजाबाट मन्त्रिपरिषद्को सिफारिस वा सम्मतिविना कुनै काम गरेमा राजाले जनता र राष्ट्रहित विरुद्ध कुनै काम कारवाही संचालित गरेमा, राजाबाट संसद्द्वारा पारित विधेयक निर्धारित समयमा स्वीकृत गरी फिर्ता नगरेमा, राजाबाट मन्त्री परिषद्द्वारा स्वीकृतिका निम्ति गएका निर्णयहरू स्वीकृत नगरेमा वा स्वीकृत गर्न आलटाल गरेमा, विगतका पीडादायक र कटु अनुभवलाई समेत ध्यानमा राखी स्पष्ट रूपमा त्यसको उपचार वारे उल्लेख गर्नु पर्नेमा विदेशी अनुभव र स्वदेशी दासत्वको साथ साथै त्रासपूर्ण मनोभावबाट मुक्त हुन नसकी उपरोक्त अवस्थालाई रोक्ने कुरा त टाढाको भयो त्यसवारे बोल्न र कदम चाल्न पनि रोक लगाइएका पक्षहरू भने संविधानको साह्रै दुर्वल पक्ष र जनमतप्रति नै अवज्ञा गरिएका पक्षहरू हुन् । विदेशी मुलुकको परम्परा भन्दा आफ्नै देशको पीडादायी अनुभवलाई स्वीकार गरी त्यसै अनुरूप कार्य गर्नु नै बुद्धिमत्तापूर्ण हुन्थ्यो ।[८६]

यसरी संविधान निर्माताबाट नै यसको सुरुदेखि नै आलोचना हुँदै आएको पाइन्छ । २०४६ सालको जनआन्दोलन लगत्तै नेपालमा संवैधानिक राजनीतिक सङ्कटका मामिलाहरू देखा परेका थिए । जनआन्दोलन–०४६ पछि नेपालमा जनआन्दोलनका दोषीहरूलाई सजाय दिलाउन मल्लिक आयोगको प्रतिवेदनलाई कहिल्यै लागु गरिएन । सेनालाई कहिल्यै प्रजातान्त्रीकरण गरिएन । सैनिक ऐन २०१९ लाई छुनै हुन्न जस्तो गरियो । सेनालाई संसद्को मातहतमा नराखेर राजाकै मातहतमा छोडियो । सरकार र प्रतिपक्षबीच राम्रो सम्वन्ध हुन सकेन जसको कारण विरोधका लागि विरोध गर्ने परम्पराको विकास भयो । ०४७ सालको संविधान निर्माणपछि असन्तोषका स्वरहरू देशभित्र व्यापक सुनिन थालेका हुन । संविधान निर्माणका लागि पहिलो आयोगको निर्माण राजाले मन्त्रिपरिषदको सल्लाह नगरी वनाएकाले विश्वनाथ उपाध्यायले राजीनामा दिएका थिए । पहिलो आयोगबाट राजीनामा गरेपछि पछिबाट बनेको संविधान सुझाव आयोगका अध्यक्ष उनै भए । 'असीमित र अनियन्त्रित अधिकार संविधानमा नपरोस् भन्ने कुरामा हामी सजग थियौं ।'[८७] भन्ने विश्वनाथले संविधान बार बार बन्दैन भन्दै एक आपसका विपरीत शक्ति समूह कांग्रेस, कम्युनिष्ट र राजाका प्रतिनिधिहरूलाई साथमा लिई देशलाई प्रजातान्त्रिक संविधान ३ महिनामै देशलाई दिएका थिए ।

सुरुमा नेपाली जनता आफूलाई संवैधानिक राजाले शून्यमा पुऱ्याएको ठाने । पछि राजाले पनि यस संविधानमा आफ्नो भूमिका देखेनन् । तर संविधानभन्दा वाहिर गएर कामहरू गर्दै गए । "२०४७ सालको संविधान निर्माताहरूले बहुदलीय संसदीय प्रजातन्त्रमा संसदीय प्रकृया

---

[८६] माधवकुमार नेपाल, संविधानमा जनमतप्रति अनादर गरिएका पक्षहरू, ***"कानून"***, पूर्णाङ्क १५, फागुन २०४७, ( काठमाडौं : नेपाल कानून किताब कम्पनी, २०४७) पृ.१३१–१३२ ।

[८७] विश्वनाथ उपाध्याय, संविधानले शक्ति सन्तुलन र देशको प्रजातान्त्रिक विकासको बाटो खोलेको छ, ***कानून*** पूर्णाङ्क १६,आषाढ २०४८, (काठमाडौं : नेपाल कानून किताव कम्पनी, २०४८), पृ. ३१५ ।

तथा संवैधानिक राजतन्त्रका कार्याभिभाराहरूका बीच ठीकसंग सन्तुलन मिलाउन नसक्दा"[८८] संविधान लागू भएदेखि यसमा विवादहरू देखिन थाल्यो । यसअघि नागरिकतालाई आयोग र टोली बनाएर जथाभावि वांडियो ।"नागरिकता वितरण गर्ने अधिकार कुनै टोलिलाई हुँदैन, नागरिकता टोलिद्वारा बाँडिने कुरा पनि होइन, आवश्यक पर्नेले लिन चाहेपछि दिनुपर्ने हो भन्ने सिद्धान्त प्रतिपादन गर्दै सर्वोच्च अदालतले पाँच वर्ष अगाडि नेकपा(एमाले) र राप्रपा (चन्द) को संयुक्त सरकारले टोलीमार्फत वितरण गरेको ३० हजारभन्दा वढी नागरिकताका प्रमाणपत्र रद्द गर्ने फैसला गरेको छ ।"[८९] नेकपा(एमाले)का सांसद धनपति उपाध्यायको अध्यक्षतामा बनेको आयोग होस वा नेपाली कांग्रेसका महन्थ ठाकुरको अध्यक्षतामा बनेको आयोग होस दुवैको उद्देश्य धेरै व्यक्तिहरूलाई प्राथमिकताका साथ नागरिकता दिन खोजेको देखिन्छ ।

सर्वोच्च अदालतले नेपाल नागरिकता ऐन २०२० लाई संशोधन गर्न बनेको विधेयक २०५७ नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८ र ९ अनुकूल नरहेको राय राजामा दिएको थियो । सातजना न्यायाधीशहरूको विशेष इजलासले संविधानबाहिर नागरिकताप्राप्तिका आधार तोक्ने गरी विधेयकमा गरिएका व्यवस्थाले संविधान संशोधन हुने भएकोले त्यो संविधानअनुकूल नभएको राय दिएको छ । राजाले लालमोहर लगाउनु अघि यो विधेयकमा व्यवस्थागरिएको दफा २ संविधानको धारा ८ र ९ को अनुकूल छ/छैन सर्वोच्चको राय मागीएको थियो । सोही अनुसार सर्वोच्च अदालतले नागरिकता विधेयक संविधान प्रतिकूल भएको राय चढाउन गयो ।

यसरी नेपालका राजनीतिक दलहरूले संविधानलाई छल्दै नागरिकता ऐन २०२० को दफा ३ संशोधन गर्ने उक्त विधेयकको दफा २ मा "वंशजको आधारमा नागरिकताको प्राप्ति" भन्ने शीर्षकमा वंशजको शब्दपछि र जन्मको भन्ने वाक्यांश र यसै दफामा नागरिकताप्राप्तिका आधार सम्बन्धमा बिभिन्न उपदफा थप गरेकोले विवाद उत्पन्न भएको हो । मूल ऐनको दफा ३ संशोधन गरी विधेयकको दफा २ मै थप गरेका उपदफा संविधान अनुकूल देखिंदैनन् । "ऐन र संविधानको धारा ९(१) ले कुनै व्यक्ति वंशजको नाताले नेपाली नागरिक ठहर्न निजको जन्म हुँदा उसको बाबु नेपालको नागरिक हुनु अनिवार्य हुन्छ । संविधानमा नै उल्लेख नभएको आधार विधेयकको दफा २ मा थप भएको पाइन्छ ।

त्यस्तै वंशजको नाताले नेपाली नागरिक ठहर्ने व्यक्तिको बाबुले नागरिकताको प्रमाणपत्र लिएको रहेनछ भने पनि नागरिकता पाउने विधेयकमा रहेको प्रावधान संविधानले गरेकोभन्दा थप

---

[८८] *विश्वमित्र* ०५१ असोज १–१५ ।

[८९] *हिमाल* १६–३२ साउन २०५८ ।

आधारको रूपमा तोकेको स्पष्ट देखिन्छ । ०४७ सालको संविधानले संविधान प्रारम्भ हुँदाका बखत नागरिक ठहरिने शर्तहरू तोकिसकेको स्थितिमा विधेयकमार्फत नागरिकताप्राप्तिका थप आधार तोक्न सक्ने स्थिति देखिंदैन । उपर्युक्त कारणहरूबाट नेपाल नागरिकता ऐन, २०२० लाई संशोधन गर्न बनेको विधेयक २०५७ (अर्थ विधेयक) को दफा २ नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८ र ९ अनुकूल रहेको देखिन आएन ।[९०]

नेपाल अधिराज्यको संविधान २०४७ ले मन्त्रिपरिषद्माथि निर्वाचित प्रतिनिधिहरूको नियन्त्रण प्रभावकारी हुन सकोस भनेर नै तोकिएको मिति र समयमा प्रतिनिधिसभाको वैठक बस्नलाई धारा ५३ को व्यवस्था गरिएको हो । त्यसै अनुसार राजाले प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाबाट प्रतिनिधि सभा विघटनका लागि सिफारिस गरेको भोलिपल्ट नै विघटन गरेको देखिन्छ । ०५१ साल आषाढ २६ मा प्रधानमन्त्रीले विघटनको सिफारिस गरे बमोजिम श्री ५ बाट २०५१ असार २७ मा विघटन हुन पुग्यो । उक्त विघटनलाई सर्वोच्च अदालतले संविधान सम्मत ठहराई २०५१ भाद्र २७ मा फैसला गरेको थियो ।[९१] यसै गरी ०५२ साल जेठ २६ गते प्रतिनिधिसभाको दोस्रो विघटन अल्पमतका प्रधानमन्त्री मनमोहन अधिकारीले गरेका थिए । “पाँच दिनसम्म दरवारले विभिन्न व्यक्तिहरूसंग सुझाव संकलन गर्ने नाटक मञ्चन गरी प्रधानमन्त्रीकै सिफारिसमा जेठ ३० गते प्रतिनिधिसभा विघटन भयो ।”[९२]

गिरिजा प्रसाद कोइरालाले– “देशको संवैधानिक प्रावधान र संसदीय परम्पराहरूको उपेक्षा गर्दै प्र.मं.को सिफारिशमा गरिएको प्रतिनिधि सभा विघटन संसदको सर्वोच्च शक्तिलाई कमजोर बनाउने सुनियोजित षड्यन्त्र हो ।” महेन्द्रनारायण निधिले भने यसलाई “अप्रजातान्त्रिक र असंवैधानिक भनी घोरभर्त्सना गर्दछु” भन्न पुगे । बेनी बहादुर कार्कीले “विकल्प भएसम्म प्रधानमन्त्रीले भन्नासाथ राजाले मान्नु पर्ने थिएन, प्रधानमन्त्रीलाई तानाशाह बनाएर मुलुकमा अराजकता पैदा गर्ने स्थिति ल्याउनु उपयुक्त हुँदैनथ्यो ।”यसरी राष्ट्रपुकारमा प्रकाशित माथिका नेताहरूको वीचारले राजा संसदलाई स्थिरता भएको देख्न चाहन्न् भन्ने देखाउँछ । संसद् विघटनमा हतार हतार सही गर्ने राजा वहुदलीय व्यवस्थाको संरक्षक बनेनन् । परिआउँदा अस्थिरता निम्त्याउन माहिर बने । राजाको यस्तो असंवैधानिक कदमले नेपालमा संवैधानिक सङ्कट निम्त्याउन राजतन्त्र मुख्य रूपमा जिम्मेवार वन्न पुग्यो । राजामा महत्वाकांक्षा यति चाँडै पलायो कि जननिर्वाचित प्रधानमन्त्रीलाई बर्खास्त गरी संविधानको ठाडो उल्लंघन गर्दै २०६१

---

[९०] ***सर्वोच्च अदालत बुलेटिन*** (पाक्षिक प्रकाशन), वर्ष १०, अंक १, पूर्णाङ्क २११,बैशाख १–१५, २०५८ ।

[९१] ***नेपाल कानून पत्रिका*** विशेषांक, (नेपाल : सर्वोच्च अदालत, २०५२), पृ. ८८ ।

[९२] ***राष्ट्रपुकार साप्ताहिक,*** २०५२ साल जेठ ३१ बुधवार ।

माघ १९ गते राजाले आफ्नै अध्यक्षतामा मन्त्रिमण्डल गठन गरेर देशमा प्रत्यक्ष शासन समेत संचालन गर्न थाले ।

> राजाको यस कदमले बहुदलीय व्यवस्था संकटमा परेको छ । साथै मुलुकमा राजनीतिक जटिलता थपिएको छ । सेनाको बलमा राजाको प्रत्यक्ष शासन गर्ने यस कार्यले जनताको अधिकार खोसिनुको साथै मानवअधिकार कुण्ठित भएको छ । एकातिर जनप्रतिनिधिहरूलाई बर्खास्त गर्ने , अर्कातिर बहुदलीय व्यवस्थाका बाहक राजनीतिक पार्टी र नेताको तेजोबध गर्ने काम राजाका पटक पटकका अभिव्यक्ति, व्यवहार, चलखेलहरूले गरिरहेका छन् । सिङ्गो बहुदलीय व्यवस्थाको १२ वर्षे कार्यकालमा भ्रष्टाचारै भ्रष्टाचारमात्र भएको र मुलुकलाई अधोगतितर्फ धकेलिएको भन्ने जस्ता कुरा राजा आफैं र आफ्ना पिछलग्गुहरूमार्फत् भनाइरहेका छन् ।[९३]

देशको मुख्य समस्या संवैधानिक राजाका लागि पार्टी थियो भने पार्टीहरूका लागि राजा समस्या थिए । सेनाले कहिल्यै निर्वाचित सरकारको आदेशलाई सम्मान गर्न सकेन । सेनाका लागि राजतन्त्र प्रिय वन्यो । दलहरूले पनि सेनाका विषयमा सर्वसम्मत निर्णय गर्न चुके । सेनामा प्रजातान्त्रीकरण जहिले पनि दलहरूको आवाज वन्दै गयो । यसरी जनआन्दोलनपछिको नेपालमा संविधान निर्माणको ५ वर्षमै राजाको समस्या पनि पार्टी र माओवादीको समस्या पनि पार्टी बन्न गएको थियो । प्रजातन्त्रको विकल्प जहिले पनि प्रजातन्त्र नै हुन्छ । निरंकुशता कहिल्यै हुन सक्दैन । तर, राजा भने जनताप्रति जवाफदेही हुने निकायहरूको जरो किलो समूल नष्ट गर्न चाहन्थे ।

> राजालाई के लाग्ने भने यी पार्टी कहाँ जालान, पार्टी सिद्धिएपछि माओवादीलाई त म सकिहाल्छु, यो अन्तर्राष्ट्रिय समस्या पनि हो, हातहतियार सबै सहयोग आइहाल्छ । अनि माओवादीलाई पनि के लाग्ने भने यी पार्टी आखिर मेरै पोल्टामा आउँछन ।[९४]

यसरी नेपालको राजनीति केही समय दरवार र दलहरूका बीच द्धन्द्ध र अन्तर्द्धन्द्धको स्थितिमा रहेको पाइन्छ । कतिपय अवस्थामा दलहरूलाई सार्वजनिक स्थलमै उसको राष्ट्रवाद र देशभक्तिको विषयमा प्रश्न उठाउने काम पनि भयो । नागरिक, राजनीतिज्ञ वा दलको देशभक्तिको विषयमा कसैलाई पनि सार्वजनिक स्थलमा प्रश्न सोध्न सकिंदैन ।[९५] तर, विकृति र विसंगति राज्यको सबै अङ्गमा देखिन पुग्यो । गुन्नार मिर्डालले एशियन ड्रामामा उल्लेख गरे जस्तो “सफ्ट स्टेट सिण्ड्रोम” जनआन्दोलनपछिको नेपालमा देखिन थाल्यो । राज्य छ तर कमजोर राज्यले नागरिकलाई कुनै सुरक्षा दिन सकेन । नियमित निर्वाचनले पनि नागरिकहरूलाई

---

[९३] नेपाल बुद्धिजीवी परिषद्द्वारा आयोजित ***“प्रजातन्त्र प्राप्तिका बाऱ्ह वर्ष: सामाजिक–आर्थिक उपलब्धि एक समीक्षा” प्रतिवेदन–२०६२,*** (काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र, २०६२), पृ. (क) ।

[९४] ***कान्तिपुर*** (शेरबहादुर देउवाको अर्न्तवार्ता) २०६२ फागुन १४ ।

[९५] यदुनाथ खनाल, ***नेपाल एफ्टर डेमोक्रेटिक रेस्टोरेशन,*** (काठमाडौं : रत्नपुस्तक भण्डार, १९९६), पृ. १७–१८ ।

कुनै प्रकारको सुरक्षा प्रत्याभूति गर्न सकेन । देशका ठूला राजनीतिक दलहरू विशेष गरी नेकपा (एमाले) र नेपाली कांग्रेसले विपरीत विचारधाराको आधारमा जनताहरू राजनीतिक रूपमा विभाजित वन्न पुगे । त्यसको फायदा नेपालको राजतन्त्रले लियो ।

०४७ सालको संवैधानिक पद्धतिको अन्तसम्बन्धका पक्षहरूलाई केलाउँदा उल्लिखित संविधानको उद्देश्य र संसदीय व्यवस्थाको मान्यता अनुसार हरेक ५ वर्षमा हुने निर्वाचन पद्धतिले जनताको जीवनस्तरमा कुनै परिवर्तन आउन सकेको देखिन्न । खाली सत्ताका लागि राजनीति गरियो । जनमत र जनसमर्थनको पक्ष कमजोर बन्दै गयो । नेपालको राजनीतिले एक दशक पूरा गरिसक्दा पनि वैधानिकताको संकट कायमै राख्यो । प्रजातन्त्र प्राप्तिपछि बितेका दश वर्ष व्यर्थको दशक बन्यो ।

> समानान्तर माओवादी राज्य संरचनाको विस्तार र प्रभाव बेरोकटोक बढेको छ । कतिपय ग्रामीण क्षेत्रमा सरकारले आफ्नो उपस्थिति शून्य पारेको छ । यस समस्याको सामना गर्ने जनउत्तरदायित्व बोकेको सरकारका अधिकारलाई सेनाले खुला चुनौती दिएको छ । राजाको संस्थागत भूमिकामा प्रश्न खडा भएको छ । पद्धतिभित्र प्रधानमन्त्रीका विकल्पहरू कमजोर र सीमित बन्दै गएका छन् ।[९६]

०४७ सालको संवैधानिक पद्धतिले छोटो समयमा नै जनतालाई निराशामा पुऱ्यायो । दलहरूले सरकार बनाउन र टिकाउन चालेका अबान्छित गतिविधिले जनता निरास भएका थिए । जनआन्दोलनपछि निर्माण भएको संविधानअनुसार मुलुक चल्न सकेन । संविधानले देशको समस्यालाई सम्वोधन गर्न नसक्दा संविधान मिच्ने प्रवृत्ति ज्यादै वढ्न थाल्यो । राजाको शासनमा मन्त्री बन्न पुगेका उपेन्द्र देवकोटा जस्ता व्यक्तिले त यसलाई कागजको खोस्टो समेत भनिदिए । पञ्चायतमा कहिले काँहीं द्वैध शासन चल्थ्यो । ०४६ सालपछिको बहुदलीय व्यवस्थाको अन्ततिर "ट्रोइका शासन" पनि चल्यो । संसदीय प्रधानमन्त्रीय पद्धति ०४८ सालको एकदशकमा असफल सावित भयो । मंत्रीस्तरको कुनै निर्णय गर्दा मुख्यसचिवसँग सल्लाह गर्नुपर्ने वाध्यता बनाइयो । अर्कोतिर राजा स्वयंले कार्यकारी अधिकार ग्रहण गरेको घोषणा पनि गरे । प्रधानमन्त्री बन्न पुगेका लोकेन्द्र बहादुर चन्दले आफैंसँग कार्यकारी अधिकार रहेको दावी समेत गर्न भ्याएका थिए । यसरी पद्धतीय व्यवहारमा अन्तरविरोध जनआन्दोलन लगत्तै कर्मचारी आन्दोलन पछि देखिन सुरु भएको हो ।

०४८ सालपछि जति पनि संसदीय तथा स्थानीय निर्वाचनहरू सम्पन्न भए ती निर्वाचनहरू स्वतन्त्र तथा निष्पक्ष ढङ्गबाट सम्पन्न हुन नसकेको र जनताहरूमा भन्दा सत्तामा ती निर्वाचन केन्द्रित भएकाले छोटो समयमा नै बहुदलीय व्यवस्थाका विरोधमा सशस्त्र हतियार

---

[९६] कृष्ण खनाल, अग्निपरीक्षामा प्रम देउवा, *हिमाल* १६–३२, २०५८ पृ. १७ ।

उठन थालेको थियो । दलहरूले चुनावी खर्चको स्रोत तस्करी, लागुऔषध कारोवार, गैरकानुनी व्यापार, कमिशन दलालमा निर्भर हुन पुगे । २०५१ र २०५६ को निर्वाचनको बखत जब नेका सत्तामा थियो, यसका उम्मेदवारहरूले प्रधानमन्त्री, गृहमन्त्री र अन्य प्रभावशाली मन्त्रीहरूको नियन्त्रणमा रहेको 'आर्थिक सहायता' वा 'सामाजिक कल्याण' वा भैपरी जस्ता शीर्षकको बजेटबाट रकम लिएका थिए । नेपालमा राजनीतिक दलहरू तथा अपराधका बीच वढ्दो साँठगाँठलाई यसरी उदाहरणसहित व्याख्या गरिएको पाइन्छ :

- २०५१ सालमा नेपाली कांग्रेसको सरकारले एक जना यस्तो सैनिक अधिकृतको जफत गरिएको सम्पत्ति फिर्ता गऱ्यो जसलाई लागूऔषध कारोवार, तस्करी तथा अन्य गम्भीर अपराधहरूमा संलग्न भएको आरोपमा सैनिक अदालतले सजाय सुनाइसकेको थियो ।

- २०५१–२०५२ सालमा एमाले सरकारले एक जना यस्तो उद्योगपति तथा कमिशन दलाललाई माफी दिलायो जसमाथि विदेशी विनिमय ऐनको उल्लंघन गरेको अभियोगमा मुद्दा चलाइएको थियो ।

- २०५४ सालमा पुनः सत्तामा आउनेवित्तिकै एमालेले दुई जना यस्ता एमाले चन्दादाताहरूलाई कारागारबाट मुक्त गऱ्यो जसमाथि अमेरिकी डलर ३ करोड ६१ लाख वरावरको प्रतीतपत्र घोटालामा संलग्न भएको अभियोग लागेको थियो ।

माथिका यी तीनवटै "केस" हरूमा राजनीतिक दलहरूले त्यस्ता व्यक्तिहरूलाई बचाउने काम गरे जसले दलको कोष बढाउनमा योगदान पुऱ्याएका थिए ।[९७]

२०४६ सालको जन आन्दोलन संवैधानिक रूपमा अग्रगमन हो । तर, आन्दोलनको स्पिरिट अनुसार ०४७ को संविधान बन्न नसकेपनि देशका यावत् समस्या विगत एक दशकसम्म जस्ताको तस्तै रहे । राजा वीरेन्द्र ०४७ सालको नेपाल अधिराज्यको संविधानसित सहमत हुन सकेनन् । उनले ०४७ सालको संविधानमा आफ्नो भूमिका अर्थात् स्थान खोजेका थिए तर पाएनन । राजाले आफ्नो स्पेस संविधानमा नदेखेपछि बहुदलीय व्यवस्थालाई कसरी अफाप गराउन सकिन्छ त्यही रणनीतिमा उनी लागे । परिणाम संविधान निर्माणको लगत्तै उनी संवैधानिक राजतन्त्र र सार्वभौम नेपाली जनताको भावना विपरीत वेग्लै मार्गचित्रमा हिँड्न थालेका थिए ।

दरवार हत्याकाण्डपछि शासन चलाउने ज्ञानेन्द्र पनि संविधानको धारा १२७ प्रयोग गर्दै सरकार वनाउने भत्काउने खेलमा सैनिक सहयोग लिएर दललाई पाखा लगाउन निरन्तर लागि

---

[९७] स्टेफेन जे. किलिङ (सं.), ***नेपालमा गरिबमुखी शासन एक मूल्याङ्कन,*** (प्र.सं.), (प्रकाशक : इनेब्लिङ्ग स्टेट प्रोग्राम स्थान उल्लेख नभएको, २०५८), पृ. ८ ।

नै रहे । प्रतिकारको राजनीतिमा नेकपा (एमाले) ले नेका (प्रजातान्त्रिक) सँगै प्रतिगमन सच्चिएको भन्दै सरकारमा गएपनि यी दल फेरी राजा विरोधी हुन पुगे । दलहरू एक कित्तामा राजाको चेपुआ र अर्को कित्तामा माओवादीको चेपुआमा आफ्नो अस्तित्व राख्न पुगे । राजनीतिक दलहरूको भूमिका र सरकारमा भएका फेरबदलहरूले जनतामा असन्तुष्टि र निराशा वढ्दै गएको थियो । नेपालको राजनीतिमा संकटहरू कसरी आए त भनी केलाउँदा निम्न आधार रहेको देखिन्छ :

(१) जनआन्दोलनपश्चात्को पहिलो आम निर्वाचनमा बहुमत प्राप्त नेपाली कांग्रेसको सरकारले कम्युनिष्ट विरोधी नीति लिएर समझदारी र सहकार्यको आवश्यकता देखेन । त्यसले गर्दा सत्तापक्ष र प्रतिपक्षका बीच सत्रुतापूर्ण सम्वन्धको विकास भयो । संसद ५ वर्षको पूरा कार्यकालसम्म रहेन । संसदले अकालमै मृत्युबरण गर्नुपऱ्यो ।

(२) ०५१ सालको मध्यावधि निर्वाचनमा कुनैपनि दलले संसदमा बहुमत प्राप्त गर्न नसकेपछि राजनीतिक ध्रुवीकरणकै क्रममा हङ्ग पार्लियामेण्टको अभ्यास नेपालमा देखियो । सांसद खरिद विक्री, संसदीय ह्विपलाई उल्लंघन गर्ने परम्पराको विकास भयो । न्यायालय समेत विवादित वन्न पुग्यो ।

(३) जनआन्दोलनपश्चात् आन्दोलनकारी शक्तिहरू नेपाली कांग्रेस र नेकपा (एमाले) बीच बेमेल वढ्दै गयो । कहिले कांग्रेसले राप्रपालाई हात लिएर सरकार बनायो कहिले एमालेले प्रमुख राजनीतिक प्रतिद्वन्द्वी नेपाली कांग्रेसलाई पराजित गर्नकै लागि राप्रपालाई साथ लिएर सरकार गठन गर्न पुग्यो । यसरी जनआन्दोलनको पाँच वर्ष पनि नपुग्दै पूर्व पञ्चहरूको पार्टी राप्रपा सरकारमा सत्ताको साँचो लिएर देखा पऱ्यो ।

(४) जव ज्ञानेन्द्रले सत्ता आफ्नो हातमा लिए, त्यसपछि संसदवादी दल एकातर्फ र राजावादी अर्को कित्तामा उभिन पुगे । राजा आफ्नो मार्गचित्रमा अगाडि वढिसकेकाले संसदवादी दलहरूका लागि जनआन्दोलनको अर्को विकल्प देखिएन् । कारण नेपाली कांग्रेसले आफ्नो विधानबाट संवैधानिक राजतन्त्र हटाई सकेको र नेकपा (एमाले) ले पनि गणतन्त्रात्मक प्रजातन्त्र अपनाउने तय भैसकेको यस अवस्थामा प्रजातन्त्र प्राप्तिको लागि ७ राजनीतिक दलहरूको गठबन्धन समेत वनेको थियो ।

(५) जनआन्दोलनपछि पूर्वपंचहरूको पार्टी राप्रपा स्थिति अनुकूल हुंदा समेत यिनीहरू राजाबाट टाढिन चाहेनन् । सत्ता पाउँदा यिनीहरू राजावादी नै भएपनि टुक्रा टुक्रामा विभाजित भए । यिनीहरूमा प्रजातान्त्रिक चरित्रको अभाव थियो ।

(६) प्रजातन्त्र धरापमा परेको छ भन्ने दल, दलबाट निर्वाचित भएका प्रधानमंत्रीले नै चुनाव गराउन नसकेको भन्दै बर्खास्त गरिएको "असक्षम प्रधानमन्त्री" लाई दुई वर्षपछि पुनः प्रधानमन्त्री दिन पुग्ने राजा र तिनै मार्फत संकटकाल लगाई शासन बागडोर आफ्नो हातमा लिएर मेकियाभेली शैलीमा शासन चलाउने उनको कुटिल उद्देश्यकै कारण देशका समस्याहरू सुल्झाउन हैन बल्झाउनमा नेपालको राजतन्त्र जिम्मेवार देखिन पुग्यो । त्यो संविधान असफल हुनुमा राजतन्त्रको मुख्य हात रहेको निर्विवाद छ । त्यस्पछि आवश्यक पर्दा संविधान संशोधन हुन नसक्नु पनि त्यत्तिकै जिम्मेवार रहेको छ । संविधानलाई जडसूत्रजस्तो वनाई संविधानको कमा, र फुलस्टप समेत परिवर्तन गर्नुहुन्न भन्ने मान्यता त्यस समय विकास भयो। किनकि त्यस समय कुनै पनि सत्तापक्षसंग दुई तिहाई बहुमत पनि थिएन । संविधानको असफलतासंग गाँसिएको अर्को विषय हो भ्रष्टाचार । आवश्यक सक्षम नेतृत्वको सट्टा मौका पर्दा कर्नर ठोक्नेहरूले नै यो संविधानको उछित्तो खने । न्यायपालिकाले समेत राम्रो काम गर्न सकेन । लक्ष्मणप्रसाद अर्याल भन्छनः

सर्वोच्च अदालतले गणतन्त्रको बीउ रोपेको हो । राजाले गरेको निर्णय सर्वोच्चले पुनरावलोकन गर्न सक्दैन भन्ने भावनालाई चुनौती दिंदै ०५१ सालमा सर्वोच्चले प्रतिनिधिसभा विघटनविरुद्ध दर्ता गरिएको रिट स्वीकार गऱ्यो । त्यसमा निर्णय समेत दियो । राजाले सदर गरेको विघटन बदर हुनुपर्छ भन्ने हामी न्यायाधीशहरू त्यसबेला अल्पमतमा पऱ्यौं । पछि मनमोहन अधिकारीले प्रतिनिधिसभा विघटन गर्दा राजाले सदर गरेको निर्णय बदर गर्न सकिन्छ भन्नेहरू बहुमतमा पुग्यौं र प्रतिनिधिसभा पुनर्स्थापित भयो । त्यहींबाट गणतन्त्रको संवैधानिक रूपमा वीजारोपण भयो ।[९८]

यसरी सर्वोच्च अदालतले गिरिजाप्रसादले गरेको संसद विघटनलाई सदर गरेको र मनमोहन अधिकारीले गरेकोलाई भने बदर हुने काम गर्नुका साथै पछिल्लो समयमा आइपुग्दा सर्वोच्चले संकटकालमा पनि चुनाव हुन सक्छ भनेर संसद् विघटनलाई सदर गर्ने कामले अदालतको तटस्थताप्रति शङ्का देखिन थाल्यो । संसदीय फाँटका व्यक्तिहरूमा पनि के कमजोरी देखियो भने राजनीतिक छिनोफानोका विषयलाई अदालतसम्म लगेर न्यायाधीशलाई अनावश्यक विवादमा तान्ने काम तिनै दलका नेताहरूबाट हुन गयो ।

संविधान भत्काउन राजतन्त्र सफल भयो, तर संविधानसँगै राजतन्त्र पनि भत्कियो । समग्रमा हेर्दा ०४७ सालको संविधान असफल हुनुमा र संसदीय व्यवस्था असफल हुनुमा नेपाली कांग्रेस र नेकपा एमालेका अतिरिक्त नेपालको राजतन्त्रले सुझवुझ तवरले कामनगर्नाले गलत परिणाम आएको थियो । जुन दिन यस देशमा देशमा कांग्रेस र एमाले कमजोर बन्न पुग्छन् त्यही दिन नेपालको प्रजातन्त्रमाथि चौतर्फी आक्रमण हुन सक्दछ भन्ने कुरा ०५२ सालपछि मुलुकमा

---

९८ विश्वकै सर्वोत्कृष्ट संविधान बन्यो बाँदरको हातमा नरिवल, ***अन्नपूर्ण पोष्ट*** आइतबारे परिशिष्टांक, ३० चैत २०६५।

देखिएको अस्थिरताले पुष्टि गरेको छ । संविधान अन्त्यका लागि संसद विघटन र पुनस्थापनाको खेल पनि एक कारण थियो । अर्कोतिर कार्यकारी अधिकार वोकेको प्रधानमन्त्रीलाई पूर्णरूपमा काम गर्न नदिन न्यायपालिकाले पनि बेला बेलामा लगाउने अङ्कुशले ठूलो भूमिका खेलेको थियो । सेना र अदालतले परिवर्तीत अवस्थामा आफूलाई आत्मसात गर्न सकेनन ।

जनआन्दोलनपश्चात् आन्दोलनकारी शक्ति नेका र नेकपा (एमाले) बीचमा विचारधारात्मक तीव्र विभाजनकै कारण वामपन्थी र प्रजातन्त्रवादीहरूबीच कहिल्यै मेल हुन सकेन । आधुनिक जगतको सबैभन्दा विध्वंशक आन्दोलन ठानिएको मार्क्सको विचारले विश्वलाई नै विभाजित बनाएको यस अवस्थामा नेपालको खुल्ला वातावरणमा त्यसको असर नपर्ने सवाल नै भएन । त्यसैको असर नेपालको राजनीतिमा पनि ०४६ सालपछि खुल्ला रूपमा देखियो । नेपालमा विद्यमान रहेका दुई ठूला राजनीतिक दलहरूमा एउटाले उदारवादी विचारधारा वोकेको छ भने अर्कोले ०४६ सालपछि क्रमिक रूपमा जनताको बहुदलीय जनवादलाई अपनाउँदै बहुदलीय धारमा अभ्यास गर्न थालेको पाइन्छ । सुरुका दिनमा नेपाली कांग्रेस र नेकपा एमालेले दुई विपरीत बिचारधारा बोकेका छन् । तिनको अधिकांश उर्जा र समय एक आपसमा आलोचना मै वितेको थियो । यो क्रम २०५१ को मध्यावधि निर्वाचनपछि विस्तारै दूरी कम हुँदै गएको अनुभव गर्न सकिन्छ । संविधान निर्माणपछि नेपालमा देखिएको संवैधानिक राजनीतिक सङ्कटका मामिलाहरू (इस्यूज) केलाउने क्रममा (क) विचारधारात्मक विभाजन (ख) पद्धतीय व्यवहार अन्तरविरोध (ग) संवैधानिक गतिरोध र (घ) सहमति र नेतृत्वको प्रश्न जस्ता विषयलाई अलग राखेर हेर्न नसकिने भएकाले यहाँ तिनलाई बेग्लै रूपमा विवेचना गर्न खोजिएको छ ।

### ६.१.१ विचारधारात्मक विभाजन

एक निर्वाचनदेखि अर्को निर्वाचनको अबधीमा मतदाताहरूको निर्णय फरक हुन सक्छ । त्यस्तै गरी मतदानको समयमै पनि जाति, धर्म, वसोवास, लिङ्ग, भूगोल आदिका आधारमा उम्मेद्वारहरूको मत फरक फरक हुनसक्छ । दललाई समाजका धनी र गरिव व्यक्तिहरूबाट मात्र हैन धार्मिक र धर्मनिरपेक्ष व्यक्तिहरूले पनि प्रभावित बनाइरहेका हुन्छन । विचारधाराले नेपाली राजनीतिमा कुनै भूमिका खेल्न सक्दैन भनेर मान्न सकिंदैन् । पछिल्ला समयमा नागरिकहरू विभिन्न दलहरूमा विभाजित भएका घटनाहरू विचारधारात्मक विभाजनकै परिणाम थिए । चुनावको समयमा मतदाताहरूको व्यवहारलाई अध्ययन गर्दा विचारधाराको आधारमा भन्दा सम्बन्धका आधारले भूमिका खेल्न पुगेको पाइन्छ । पञ्चायतकालीन निर्वाचनमा त दल र घोषणापत्रको अभावमा व्यक्तिगत आधारले चुनाव लडिन्थ्यो । चुनावी घोषणा र संगठित जनसमुदायको त्यस समय कुनै महत्त्व थिएन । बहुदलीय व्यवस्थाको पुनः स्थापनापछि

जनताहरूले दलहरूप्रति अगाध आस्था देखाएका थिए तर, जनताहरू स्वतन्त्र मतदाता बन्न नसकेर कुनै एकदलप्रति प्रतिवद्ध मतदाता बन्न पुगे ।

प्रजातन्त्र पुनस्थापनाका निम्ति सबै दलहरूलाई गोलबन्द गर्न जति सहज हुन्छ त्यति सुदृढीकरण गर्न अप्ठ्यारो हुन्छ भन्ने कुरा नेपालका अनुभवले देखाएको छ । ०४६ सालको जनआन्दोलन अघि प्रतिबन्धित अवस्थामा रहेका नेपाली कांग्रेस तथा विरोधी विचार वोकेको वामपन्थी पार्टीले साझा संयन्त्र निर्माण गर्न खोजेको पाइन्छ । कांग्रेसमा अझैपनि कम्युनिष्टहरूको डर देखाएर नेपालको राजसंस्थालाई दक्षिणपन्थीको नजीक राख्न खोजिएको छ । प्रजातन्त्रलाई राजसंस्थाबाट हैन कम्युनिष्ट विचारधाराबाट खतरा छ भन्ने हौवा खडा गराएर एक थरीले बी.पी को पूर्णकालसम्म नेकालाई कम्युनिष्टहरूसँग मेल हुनै दिएनन् ।

> कम्युनिष्टहरूलाई नेपाली कांग्रेस विरुद्ध प्रयोग गरेर शाही शासन प्रणालीले घरेलु राजनीतिमा ठूलो रणकौशल प्रयोग गर्‍यो तर, यस्तो रणनीति १९८० (०३६/३७) को दशकमा आएर क्रमशः बिलाएर गयो । यो कुरा सन् १९८९ (०४५/४६) मा त्यसवेला स्पष्ट हुन आयो, जव नेपाल भारत बीचको औपचारिक सम्झौता बमोजिम भारतसित सल्लाह नगरी पहिले जस्तै हतियार प्राप्त नगर्ने भनी नेपालले भारतलाई विश्वस्त पार्न नसकेपछि भारतले एकतर्फी निर्णय गरी नेपालसित सुविधायुक्त व्यापार प्रणालीको अन्त गर्‍यो ।
>
> पंचायती शासन व्यवस्थाले पछि गएर नेपाली कांग्रेस र कम्युनिष्टहरूबीच फाटो कायम राखी तीस वर्षसम्म शासन प्रणाली धान्ने रणनीति यथावत् कायम राख्न सकेन ।[९९]

यसैगरी ०४६ सालमा पुनर्स्थापित प्रजातन्त्रसंगै राजनीतिक र सामाजिक वातावरणमा आएको खुलापनको कारण जनताको आकांक्षाहरू वढ्दै गयो । प्रजातन्त्रको खुल्ला अवसरको फाइदा सवैले लिन थाले । जनताहरू विचारधारामा वांडिन पुगे । आर्थिक वृद्धिको ढिलो गति र जनताको आकांक्षाको तीव्र वृद्धिका बीचको असमानताले असन्तोषलाई वढाउन थाल्यो । सरकारलाई ०५६ साल पौष २२ गते माओवादी समस्या र समाधानका लागि सुझाव दिन "माओवादी समस्या समाधान उच्चस्तरीय सुझाव समिति" पूर्व प्रधानमन्त्री शेर बहादुर देउवाको संयोजकत्वमा रामचन्द्र पौडेल, शुसिल कोइराला, चिरञ्जिवी वाग्ले, खुमबहादुर खड्का, गोविन्द राज जोशी, चक्र प्रसाद वास्तोला, पूर्णवहादुर खड्का र प्रकाश शरण महत सहीतको गठित उच्चस्तरीय सुझाव समितिले २०५७ साल कार्त्तिक २२ गते आफ्नो प्रतिवेदन सरकारलाई वुझाएको थियो । जसमा दिइएको सुझाव विशेषगरी यस्तो थियो :

> "माओवादी समस्या प्रजातन्त्रको असफलताको समस्या होइन । राज्य संचालन र व्यवस्थापनमा देखिएका कमी कमजोरीहरू र पटक पटक सरकार परिवर्तनबाट उत्पन्न

---

[९९] लोकराज बराल, संसदमा दलहरू नेपाली संसदीय अभ्यास : संक्षिप्त समीक्षा, ***नेपालको संवैधानिक तथा संसदीय अभ्यास पत्रिका,*** (काठमाडौं : संवैधानिक तथा संसदीय अभ्यास समाज, २०५०), पृ.४४ ।

राजनीतिक अस्थिरता एवं सामाजिक भेदभाव, वेरोजगारी तथा आर्थिक विपन्नता आदिबाट उत्पन्न समस्या हो । वर्तमान प्रजातान्त्रिक व्यवस्थाको विकल्प छैन । र प्रजातान्त्रिक पद्धतिले नै नेपालीहरूको सर्वोपरि हित गर्छ । यसैले नेपालको प्रगतिको दिशालाई सुनिश्चित गर्छ भन्ने समितिको निष्कर्ष छ । देशको आर्थिक–सामाजिक रूपान्तरण प्रजातान्त्रिक पद्धति अन्तर्गत मात्र सम्भव छ । मुलुकको आर्थिक सामाजिक रूपान्तरणका लागि प्रजातान्त्रिक राज्य गम्भिर हुनुपर्छ । त्यसो हुन सकेमा विद्यमान सामाजिक र आर्थिक विषमताहरू स्वतः हटेर जानेछन् । सारमा भन्नु पर्दा, प्रजातन्त्रमा सुनिश्चित मूलभूत स्वतन्त्रता र मानव अधिकारको प्रत्याभूति यही बहुदलीय व्यवस्थामा मात्र हुन्छ । जहाँसम्म समानतामा आधारित दिगो आर्थिक विकासको कुरा छ पूर्णरूपमा राज्यनियन्त्रित सर्वसत्तावादी कम्युनिष्ट व्यवस्थामा हुन नसक्ने कुरा धेरै देशहरूको अनुभवबाट सिद्ध भइसकेको छ । यसका साथै नेकपा (माओवादी) ले पटक पटक उठाउँदै आएको मानव अधिकारको सुरक्षाको ग्यारेण्टी उनीहरूले परिकल्पना गरेको सर्वसत्तावादी व्यवस्थामा हुन सक्दैन । नत उनीहरूको क्रियाकलाप नै मानव अधिकारजन्य देखिएको छ । उनीहरूको प्रभाव भएको ठाउँमा असहमत विचार राख्नेलाई कुनै स्थान छैन ।"[१००]

नेपाल कम्युनिष्ट पार्टी (एमाले) द्वारा ०५७ भाद्र २६ गते "माओवादी तथा राज्यद्वारा सृजित हिंसा र आतङ्क सम्बन्धी अध्ययन कार्यदल" गठन भएको थियो । यस कार्यदलका पदाधिकारीहरूमा संयोजक हुनुहुन्थ्यो झलनाथ खनाल, सदस्यहरूमा क्रमसः सुरेन्द्र पाण्डे, शंकर पोखरेल, र हरि फूयाँल हुनुहुन्थ्यो भने सदस्य–सचीवमा प्रकाश ज्वाला समेत गरी ५ जनाको सदस्यतामा उक्त कार्यदल बनेको थियो ।

०५८ साल श्रावण २१ गते यसले आफ्नो प्रतिवेदन सरकारसमक्ष नवुझाएर नेकपा एमालेको केन्द्रिय कमिटी समक्ष वुझाएको थियो । पार्टीमा प्रतिवेदन वुझाउने क्रममा संयोजक झलनाथ खनालले भन्नु भएको थियो– "जनयुद्धको नाममा नेकपा (माओवादी) द्वारा २०५२ फागुन देखि आरम्भ भएको सशस्त्र संघर्ष र त्यसलाई नियन्त्रण गर्ने सन्दर्भमा राज्यद्वारा संचालित कार्वाहिका क्रममा हत्या हिंसाको लामो श्रृंखला सुरु भएको छ" । संयोजक खनालले "माओवादी समस्या उत्पन्न हुनुको आत्मगत एवं वस्तुगत कारणहरू अध्ययन गर्ने क्रममा यस्लाई समाधान गर्न स्पष्ट एवं ठोस सुझाव पेश" गरेको थियो ।

कार्यदल गठन हुनाको कारणमा जनयुद्धको नाममा हिंसात्मक आन्दोलन सुरुभई त्यसलाई नियन्त्रण गर्ने नाममा राज्यद्वारा संचालित सशस्त्र प्रहरी कार्वाहिको क्रममा हिंसा र आतङ्कको अनन्त श्रृंखला नै सुरु भएको र त्यस समस्यालाई समाधान गर्ने दिशामा सरकार असफल भएको परिप्रेक्ष्यमा २०५७ साल भाद्र २६ गतेका दिन वसेको पार्टी स्थायी कमिटिका सदस्य झलनाथ खनालको संयोजकत्वमा सदस्यहरू सुरेन्द्र पाण्डे, शंकर पोखेल, प्रकाश ज्वाला र हरि फुयाल रहनुभएको ५ सदस्यीय "माओवादी र राज्यद्वारा सृजित हिंसा र आतङ्क सम्वन्धी अध्ययन

[१००] शेरबहादुर देउवा (संयोजक) र अन्य, ***"माओवादी समस्या समाधान उच्चस्तरीय सुझाव समिति, ०५७,"*** (काठमाडौ : श्री ५ को सरकार समक्ष वि.सं. २०५७ कार्तिक २२ गते दिएको प्रतिवेदन), पृ. ५७ ।

कार्यदल" गठन भएको थियो । कार्यदलले विस्तृत प्रतिवेदन तयार गरी ०५८ श्रावण २१ गते पार्टी केन्द्रिय कमिटि समक्ष प्रस्तुत गरेको थियो । "कार्यदलको अध्ययन क्षेत्रमा माओवादी र राज्यद्वारा सृजित हिंसा र आतङ्क सम्वन्धी घटनाहरू, त्यसका आधारमा समस्याको प्रकृति निर्धारण । माओवादी समस्या उत्पन्न हुनु र विस्तार हुनाका कारणहरू, माओवादी समस्या नियन्त्रणका नाममा सरकारद्वारा गरिएका विभिन्न प्रयासहरू, माओवादी समस्याको गम्भिरता, माओवादी समस्या समाधानका उपायहरू पत्ता लगाउने कुरालाई कार्यदलको अध्ययनको सीमाको रूपमा ग्रहण गरि अध्ययनको कार्यलाई अघि वढाएको थियो ।"[१०१]

> "यो उग्रवामपन्थी भड्काउले देशको कम्युनिष्ट आन्दोलन र प्रजातान्त्रिक आन्दोलन दुबैमा गम्भीर भ्रम र अन्यौल सृजना गरेको छ । त्यसले ठूलो नोक्सानी पनि गरि रहेको छ । उता बदलिंदो अन्तर्राष्ट्रिय परिस्थिति र सम्बन्धले गर्दा मुलुकको राष्ट्रियता माथि खतरा पनि बढ्दै गै रहेको छ । यता विगत १२ वर्षसम्म सरकारले जनता र राष्ट्रका निम्ति गर्नु पर्ने न्यूनतम कामहरू समेत नगर्नाले मुलूकको समग्र अवस्था नै संकटग्रस्त बन्न पुगेको छ । त्यस माथि माओवादी समस्या यस रूपमा देखा पर्नुले मुलूकका सामू गम्भीर चुनौती सृजना भएको छ । त्यस चुनौतीलाई समाधान गर्न दूरदृष्टी र साहसका साथ अघि बढ्नु पर्ने स्थिति राष्ट्रका सामू रहेको छ । माओवादी आन्दोलन भित्र आतंककारी र दुस्साहसवादी क्रियाकलापहरू, व्यक्ति हत्याका प्रवृत्तिहरू र अन्य अनेकौं गलत प्रवृत्तिहरू रहेको भए पनि यो एउटा राजनीतिक समस्या नै हो । यसलाई राजनीतिक ढंगले नै समाधान गर्न प्रयास गरिनु पर्छ ।"[१०२]

माओवादी समस्या समाधान उच्चस्तरीय सुझाव समितिमा देउवा आयोगले ०५७ मा दिएको सुझावअनुसार देशमा केही समय देखि चलेको माओवादी हिंसात्मक गतिविधिले बहुदलीय प्रजातान्त्रिक व्यवस्था समाप्त गरी त्यसको ठाउँमा सर्वसत्तावादी कम्युनिष्ट व्यवस्था स्थापना गर्न खोजेको थियो । उनीहरूले राखेको उद्देश्य राजनीतिक थियो  तर माध्यम हींसात्मक बन्न गयो । यो हिंसाको प्रारम्भिक रूप व्यक्तिहिंसा हो । सत्ता प्राप्तिका लागि सवै उपायहरू जायज हुन्छ भन्ने मान्यतालाई माओवादीहरूले अख्तियार गरेको देखिन्छ । उनीहरूले  वर्तमान व्यवस्था प्रति प्रतिबद्ध राजनीतिक पार्टीका कार्यकर्ताहरूको हत्या गर्न पुगे । त्यसमा पनि मुलतः नेपाली कांग्रेसको कार्यकर्ताहरूलाई मुख्य निशाना बनाएर राजनीतिमा विचारधारात्मक विभाजनको रेखा कोर्न पुगे ।

अर्कोतिर एमालेको "माओवादी तथा राज्यद्वारा सृजित हिंसा र आतङ्क सम्वन्धी अध्ययन कार्यदलको प्रतिवेदन" ले माओवादी आन्दोलनको लक्ष्य राजनितिक तर गतिविधि आतङ्कवादी भएको निष्कर्ष निकालेको थियो । माओवादीहरू खुल्ला राजनीतिमा आए भने त्यसबाट आ–

---

[१०१] झलनाथ खनाल, (संयोजक) र अन्य,***"माओवादी तथा राज्यद्वारा सृजित हिंसा र आतङ्क सम्वन्धी अध्ययन कार्यदलको प्रतिवेदन,२०५८"*** , (काठमाडौं : नेकपा (एमाले), २०५८), पृ. १ ।

[१०२] (झलनाथ खनाल), ***ऐजन टिप्पणी*** नं. १९, पृ. ६८ ।

आफ्नो राजनीतिक प्रभाव कम हुने भएकाले वामपन्थी पार्टी एमाले समेत माओवादीबाट डराएको देखिन्छ । उग्रवामपन्थी भड्काउले देशको कम्युनिष्ट आन्दोलन र प्रजातान्त्रिक आन्दोलन दुवैमा गम्भीर भ्रम र अन्यौल सृजना गरेको एमालेको प्रतिवेदनको ठहर बन्न गयो । अर्कोतिर देउवा प्रतिवेदनको निष्कर्ष वेग्लै थियो :

"मुलुकको राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरू वितेका दश वर्षमा कुनै न कुनै बेला सरकारमा पुगिसकेका छन् । मुलुकमा विद्यमान समस्या समाधान गर्ने प्रमुख दायित्व सरकारको भए पनि अन्य राजनीतिक दलहरू पनि यस दायित्वबाट पन्छिन मिल्दैन । वर्तमान संविधान र व्यवस्था प्रति आस्था राख्ने सवै राजनीतिक दलहरूवीच यस समस्याको समाधानका लागि अवलम्वन गरिनु पर्ने कदमहरू बारे न्यूनतम वैचारिक समानता कायम गरिनुपर्ने छ । यस्तो वैचारिक समानताले प्रजातन्त्रको पक्षमा जनमत भएको पुष्टि गर्दछ र समस्या समाधान गर्न थप बल पुऱ्याउँछ ।"[१०३]

यस अघि एमाले र एकता केन्द्रले राजा, सेना र कांग्रेसले मात्र समस्याको समाधान गर्न नसक्ने अन्य साना वामपन्थीहरूको पनि सहयोग लिनुपर्ने देखाएको थियो । यसले के देखाउँछ भने माओवादीलाई मूलधारमा ल्यायो भने त्यसबाट आफ्नो वर्चस्व गुम्नजाने प्रतिस्पर्धी ठूला दल एमालेमा मात्र होइन नेपाली कांग्रेसमा पनि यही भयले पकड जमाएको पाइन्छ । केहीमा भने कतै यो द्वन्द्वले राष्ट्रिय अखण्डतामाथि नै प्रश्न चिन्ह लाग्ने पो हो कि भन्ने आशङ्का थियो । समयमै माओवादी आन्दोलन सम्वोधन हुन नसक्ने हो भने कतै यसले पृथकतावादी आन्दोलनको रूप त लिने होइन भन्ने डर पनि धेरैमा थियो ।

जे होस, माओवादी आन्दोलनले धार्मिक, पृथकतावादी र जातीय द्वन्द्वको रूप भने लिएको थिएन । पुरानो राज्यसत्ताले अपनाएको पक्षपाती नीतिका विरुद्ध राज्य पुनःसंरचनाको लागि माओवादीले चालेको पाइलामा देशको विभिन्न भाषा भाषी र जातजातिको वाधा अवरोध देखिएको थिएन । "यो एउटा राजनीतिक द्वन्द्व थियो जुन सरकारको असफलताको कारण विस्तार हुन गएको थियो ।"[१०४] विचारधारात्मक विभाजनकै कारण प्रजातन्त्र पुनर्स्थापना पछि राज्य केन्द्रित र राजनीति केन्द्रित विभिन्न वाद र विचारको प्रभाव नेपालमा तिव्र रूपले वढ्दै गएको पाइन्छ । नेपाली नेपालीलाई विभाजित गराउन सक्ने विचारधारात्मक विभाजनको परिणाम मुलुकमा देखिएको द्वन्द्वले थप बल पुऱ्याएको देखिन्छ । इतिहासबाट अहिलेसम्म कसैले पाठ सिक्ने प्रयास गरेको पाइन्न् । लिच्छवीहरूको गणराज्य बैशाली त्यस अवस्थासम्म स्थायित्व थियो

---

[१०३] (शेरबहादुर देउवा), ***पूर्ववत् टिप्पणी*** नं. १८, पृ. ५९ ।

[१०४] बिष्णुराज उप्रेती, ***द प्राइस अफ नेग्लेक्ट,*** (प्र.सं.), (काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स, सन् २००४), पृ. २६८ ।

जवसम्म त्यहाँको शक्ति केन्द्रहरूबीच मेलजुल थियो । जव त्यस गणराज्यमा बाहिरी शक्तिको प्रभाव वढ्दै गयो शक्ति केन्द्रमा फाटो देखा परी वैशाली पतन हुन गयो । परिणाम मगधका राजा अजातशत्रुले यसअघि कहिल्यै हराउन नसकेको बैशालीलाई हरायो । जव देश ठूलो सङ्कट र आपत्तितर्फ गइरहेको हुन्छ, त्यसवेला सबै एक ठाउँमा बस्नुपर्ने हुन्छ । त्यसरी बस्न नसक्दाखेरी अनेक रूपमा देखिने, नदेखिने रूपबाट दुर्घटना, विस्फोटनहरू हुनसक्छन् ।[१०५] किनकि, राजा कमजोर हुँदा संवैधानिक वनेका छन् भने मौका पर्दा षडयन्त्रबाट निरंकुश राजा वन्न पुग्ने उनको दोहोरो चरित्र जनताले देखेका छन् । त्यस अवस्थामा सेनाले पनि आफूलाई जनतासँग निकट भएको देखाउन र माओवादीको प्रभाव कम पार्न बन्दुकसँगै विकासको रणनीति अपनाएको पाइन्छ । सामरिक दृष्टिले सेना विकास निर्माणमा संलग्न भइरहँदा माओवादीले उसलाई क्षति पुऱ्याउन सक्ने अवस्थामा देखिंदैन । सेनाले यस्तो रणनीतिअन्तर्गत सामरिक क्षेत्रमा बाटो निर्माणको नीतिबाट जनसमर्थन पाउने आधार खोजेको थियो । राजतन्त्रको वरिपरि घुमिरहेका सेनाले चालेको यस कदमले माओवादीलाई निकै ठूलो घाटा पुऱ्यायो ।

२०४६ अघि नै उदाएका देशका ठूला दलहरूले यस अवधिमा आन्तरिक प्रजातन्त्रको सुदृढीकरणमा निकै ठूलो जोड दिए । एमालेको छैंटौं महाधिवेशन ०५४ सालको माघ १२ देखि १८ सम्म नेपालगञ्जमा भएको थियो । महाधिवेशनप्रति असहमति जनाउँदै वामदेव गौतम, साहना प्रधान, सिपी मैनाली लगायतका नेताहरूले विद्रोह गरी नेपाल कम्युनिष्ट पार्टी (माले) को स्थापना गर्न पुगेका थिए । यस्तै गरी कांग्रेस (प्रजातान्त्रिक) २०५९ मा दर्ता भएको नयाँ पार्टी थियो । ०५९ मा खुलेको नयाँ पार्टीले आफूलाई मूल धारको कांग्रेस मानेर उसले ०६२ पुसमा एघारौं महाधिवेशन गर्न खोज्दा त्यस समय प्रतिगमन विरुद्ध आन्दोलनमा सहकार्य गरिरहेका कांग्रेस, नेमकिपा र सद्भावना (आनन्दीदेवी) उपस्थित भएनन् ।

आफूबाट विभाजित कांग्रेस (प्रजातान्त्रिक) ले आफू नै मूलधारको भएको दावी गरेको संस्थापन काग्रेसको धारणा थियो । यसले के देखाउँछ भने वामपन्थी पार्टीभित्र मात्र होइन प्रजातान्त्रिक मानिएको कांग्रेस पनि त्यस समय विचारधारात्मक विभाजनको कारण तिनको गतिविधिले नेपालको राजतन्त्रलाई फाइदा पुग्न गएको थियो । दलहरूलाई फुटाएर शक्ति हत्याउनमा नेपालको राजतन्त्र त्यससमय सफल भएको देखिन्छ । जुनसमय उसले कांग्रेस र कम्युनिस्ट दुई विपरीत धारलाई कहिल्यै मिलन हुन नदिने नीति अख्तियार गरेको पाइन्छ ।

विचारधाराको आधारमा राजासँग झगडा प्रजातन्त्रको मूलभूत मान्यतामा रह्यो । यदि राजासँग संवैधानिक दलहरूले व्यहोर्नु परेको जस्तै समस्या माओवादीहरूसँग पनि व्यहोर्नु पर्ने

---

[१०५] दमननाथ ढुङ्गाना, शुक्रवारको सत्यानाश, ***नेपाल*** १–१५ साउन २०५८, पृ. २६ ।

भयो भने के गर्ने भन्ने प्रश्नले सबैलाई चिन्तित बनाएको थियो । विचारधाराको आधारमा त्यस समय कोही राजासँग त कोही माओवादीसँग डराएको देखिन्छ । किनकि शहरबाट राजाको सेनाले गाउँबाट माओवादी विद्रोहीहरूले जनतालाई खेदने काम गरिरहेका थिए । विचारधारात्मक विभाजनको रेखा कोर्दा विरोध गर्ने जनताको नैसर्गिक अधिकार भएपनि जनमतबाट त्यसलाई टुंग्याइएको थिएन । अर्कोतिर पवित्र र अपवित्र गठबन्धनले नेपालको राजनीतिलाई लामो समयसम्म प्रभाव पार्‍यो ।

> एमाले र सद्भावनाले तराईका केही जिल्लामा गठवन्धनको नीति हालैका दिनका निर्वाचनमा गर्न पुगेका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी र कांग्रेस, कांग्रेस र सद्भावनाबीचको गठवन्धन कतिपय जिल्ला विकास समितिका लागि भएको थियो ।[१०६]

विचारधाराले विभाजित वन्न पुगेका दलहरूमा स्थानीय निकायमा सम्पन्न भएको ०४९ र ०५४ को निर्वाचनमा जुन गठबन्धन हुन पुग्यो त्यसले ती दलहरूमा एक अर्कोप्रति विचारधारा भन्दा अगाडि वढेर सहयोगको आदानप्रदान हुनुपर्ने आवश्यकता देखायो ।

विचारधाराको द्वन्द्वमा ०५२ सालपछि त नेपालको राजनीतिमा हतियारको बोलवाला चल्यो । त्यसपछिका दिनमा सरकारको वैधता केवल औपचारिकतामा मात्र रह्यो । एउटा राजनीतिक पार्टीले विचारधारामा सहमत नहुने देखेमा अर्कोलाई सिध्याउने परम्परा विकास भयो । उग्र राजनीतिक विचारधारा बोकेको माओवादी पार्टीले बन्दुकको राजनीति सुरु गरेको थियो । नेपालमा नयाँ खाले हिंसात्मक राजनीतिक पद्धतिको निर्माण माओवादीबाट हुँदै आएको थियो । ०४६ सालपछि बनेका सरकारको वैधता केवल औपचारिकतामा मात्र सीमित थियो । पद्धतिभित्र प्रधानमन्त्रीका विकल्पहरू कमजोर र सीमित बन्दै गएका छन ।[१०७]

नेपालमा सत्ताको वैचारिक समस्याले व्यवस्थापकीय सङ्कट उव्जाएको पाइन्छ । केन्द्रीकृत शक्तिको वनौट र आन्तरिक राष्ट्रवादले दक्षिणको छिमेकीमा वेला वेला उत्तेजना ल्याइरहने काम गरेको थियो । यही कारण मुलुकको विकासलाई सदैव यसले नकारात्मक असर पारिरहेको थियो । ०४६ साल अघिको पञ्चायती व्यवस्थामा विशिष्ट प्रवृत्तिको उदारवादी विचारधाराको अभाव देखिएको थियो भने राजतन्त्रको सक्रिय भूमिकाका कारण त्यससमय देशले स्थायी नेतृत्व लिए पनि चुनौतीहरू प्रशस्त भएको कारण नेतृत्व, संगठन र जवाफदेहिता असफल प्रायः थिए । पछिल्ला समयमा त राजाले देशलाई अध्यादेशकै आधारमा चलाउन थालेका थिए । त्यति मात्र

---

[१०६] लोकराज वराल, नेपाल : रिटर्न टू कम्पिटिटिभ पोलिटिक्स, ***साउथ एशिया डेमोक्रेसी एण्ड द रोड अहेड,*** (काठमाडौं : पोलिटिकल साइन्स एशोसिएसन अफ नेपाल, १९९२), पृ. ९० ।

[१०७] कृष्ण खनाल, "अग्नि परीक्षामा प्रमं देउवा" ***हिमाल,*** १६–३२ साउन, २०५८, पृ. १७ ।

होइन सिंहदरवारबाट जुन दिन क्याविनेट राजदरवार प्रवेश गऱ्यो त्यही दिनदेखि मंत्रिपरिषदका सदस्यहरूलाई "तिमी" भनी सम्वोधन हुन थाल्यो ।[१०८]

अर्कोतिर नेपालका राजनीतिक दलहरूले प्रतिगमन सच्चिएको ठानेर जुन गल्ती गर्न पुगेका थिए लगत्तै राजतन्त्रको कदमबाट सशङ्कित हुँदै संगठित वनाउन निरन्तर लागिरहे । ०४६ सालको जनआन्दोलन दलहरूकै नेतृत्वमा अगाडि बढेकाले आन्दोलनपछि जनताको एजेण्डामा भन्दा सत्ता केन्द्रित राजनीतिमा उनीहरू लागेको देखिन्छ ।

> २०४७ सालपछि नेका यथास्थितिको पोषक भएर रहेको छ । राज्यका कतिपय परम्परागत संरचनाहरूलाई यसले यथारूप कायमै राखेको छ, जस्तै–नेपाली सरकारी कामकाजको राष्ट्रभाषाका रूपमा र नेपाल हिन्दू अधिराज्यका रूपमा कायमै रहेका छन् । प्रमुख प्रतिपक्षी नेकपा (एमाले) एक वामपन्थी दल हो । नेपालमा वामपन्थी दलहरू जनताबीच अधिकतर समानता स्थापित गर्न आमूल परिवर्तनको वकालत गर्ने गर्छन् । एमाले पनि आफूले गरिबहरूको वर्गीय स्वार्थ तथा जनजातीय समूहको हक, हित दुवैको प्राप्तिका लागि संघर्ष गर्दै आएको बताउँछ । ०४७ सालयता आएर राजनीतिक दलहरूबीच नीति र कार्यक्रमसम्वन्धी खास–खास मतभेदहरू घट्न थालेका छन् । सबै प्रमुख दलहरूले मानवअधिकार, जनतामा निहित सार्वभौमसत्ता, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रजस्ता संविधानका आधारभूत पक्षहरूलाई स्वीकार गरेका छन् । बहुदलीय प्रजातन्त्रप्रतिको एमालेको समर्थन २०५० फागुनमा सम्पन्न दलको पाँचौं राष्ट्रिय कांग्रेसमा उदार प्रजातन्त्रका आधारभूत सिद्धान्तलाई स्वीकार गरिसकेपछि अरु सुदृढ हुँदै गएको छ । सो सम्मेलनमा दलले देशमा जनताको बहुदलीय जनवादको स्थापनालाई केन्द्रीय उद्देश्यका रूपमा अवलम्बन गरेको थियो । राप्रपाले पनि संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रप्रति औपचारिक रूपमा आस्था व्यक्त गरिसकेको छ ।[१०९]

**नेका र नेकपा (एमाले) को सैद्धान्तिक आधारभूमि**

| **सिद्धान्त विचारधारा** | **नेका** | **एमाले** |
|---|---|---|
| कसको प्रतिनिधित्व गर्छ? | सबै वर्ग र जातिको | कामदार मजदुर वर्गको |
| राज्यलाई कसरी गर्छ ? | गरिब र विकासशील मुलुकका रूपमा औपनिवेशिक मुलुकका रूपमा | अर्ध–सामन्ति एवं अर्ध–परिभाषित |
| दलको लक्ष्य | प्रजातान्त्रिक समाजवाद | साम्यवाद |
| राजनीतिक प्रणाली | संसदीय प्रजातन्त्र | जनताको बहुदलीय प्रजातन्त्र |
| आर्थिक प्रणाली | मिश्रित तर खुला अर्थतन्त्र | मिश्रित तर संरक्षित अर्थतन्त्र |
| राजतन्त्र | संवैधानिक राजतन्त्र | गणतन्त्र |
| धर्म | धार्मिक स्वतन्त्रता | धर्मनिरपेक्ष राज्य |

[१०८] *देशान्तर साप्ताहिक*, २०६२ माघ १६ ।

[१०९] (स्टेफेन जे किलिङ) ***पूर्ववत् टिप्पणी*** नं. १५, पृ. १५–१६ ।

| | | |
|---|---|---|
| भाषा | सरकारी कामकाजको राष्ट्रभाषाका रूपमा नेपाली | सबै भाषाको समान हैसियत |
| मुख्य नारा | शान्ति, स्थिरता र विकास | सबैका लागि गाँस,बास र कपास |

नेपाली जनताले प्रजातन्त्र भनेको नेपाली कांग्रेस र नेपाली कांग्रेस भनेको प्रजातन्त्र भन्ने कुरा २००७ साल र ०४६ सालबाट प्रमाणित भएको पुष्टि गर्दिएका छन् ।

> नेपालका कम्युनिष्टहरूका निम्ति राजनीति भनेको नेपाली कांग्रेसको विरोध गर्नु सिवाय केही रहेन । दरबारले विशेष गरी राजा महेन्द्रको शक्तिपिपाशा बढ्दै गएपछि नेपाली कांग्रेसलाई कमजोर पार्ने प्रयत्न गर्न थाल्यो र यो प्रतिगामी गोटीचालमा नेपालका कम्युनिष्टहरू पनि सामेल भए ।[११०]

कम्युनिष्ट आन्दोलनमा राष्ट्रवाद भन्नाले भारत विरोधी हुनु र नेपाली कांग्रेसको धुवाँदार विरोध गर्नसक्ने क्षमता बोकेको हुनुपर्दछ भन्ने धारणा बनेको पाइन्छ । विचारधारात्मक विभाजन भएकै कारण नेपाली कांग्रेस र ने.क.पा (माले) देखि दरबारका निम्ति काम गर्ने दलहरू सबैको साझा लक्ष्य नेपाली कांग्रेसलाई कमजोर बनाउने रहेको छ । ०३६ सालको जनमतसंग्रहमा कम्युनिष्टका माले समूह जनमत संग्रहलाई सुरुमा बहिष्कार गर्दै जनमतसंग्रहलाई धोका समेत भन्न पुग्यो । पछि यसलाई ससर्त स्वीकार गऱ्यो । अन्तमा गएर जनमतलाई वहिष्कार गरेर अप्रत्यक्ष रूपमा राजतन्त्रलाई फाइदा पुऱ्याएर नेपालको शान्तिपूर्ण परिवर्तनलाई केही वर्ष पर धकेल्ने काम गरेको सबै नेपालीले वुझेका छन् ।

तर, ०४६ सालको जनआन्दोलनमा नेपालका वामपन्थी पार्टीहरूले प्रजातन्त्रका लागि गठबन्धन गर्नु भनेको नेपालको लागि यो एक बेग्लै अनौठो घटना बनेको छ । अवसरवादी र अस्थिर भएको आलोचना खेप्नु परेको कम्युनिष्ट पार्टीले नौलो जनवाद, बहुदलीय जनवाद, र सर्वहाराको अधिनायकत्वप्रति जे जस्तो नीति बोक्न र छोड्न तयार भयो त्यसले उसलाई संसदीय व्यवस्थाप्रति आस्थावान् हुन सिकाएको छ ।

> नेपाली कांग्रेस र एमालेबीच निजामती कर्मचारी आन्दोलनको समयमा र पछि पनि अत्यन्त तनावपूर्ण सम्बन्ध भएको बेला राप्रपा र नेपाल सद्भावना पार्टीजस्ता स–साना दलहरूले यी दुई दलहरूलाई नजिक ल्याउने प्रयास गरे । त्यसरी नै यी दलहरूले बाम समूहहरूको सदन बहिष्कारको समर्थन पनि गरेनन् । यी साना दलहरू संसदमा नेपाली कांग्रेसका समर्थक नभए पनि उनीहरूले आफ्नो अलग पहिचान कायम राखे ।[१११]

---

[११०] ढुण्डिराज शास्त्री र अन्य (सम्पादक), ***नेपाली कांग्रेस र यसका दृष्टिकोणहरू,*** (काठमाडौं : नेपाली कांग्रेस केन्द्रीय कार्यालय, २०५२), पृ. ९८ ।

[१११] लोकराज बराल, "***नेपालको संवैधानिक तथा संसदीय अभ्यास पत्रिका,***" (वर्ष १, अंक १), (काठमाडौं : संवैधानिक तथा संसदीय अभ्यास समाज, २०५०), पृ. ५० ।

पञ्चायती शासन व्यवस्थाले नेपाली कांग्रेस र कम्युनिष्ट घटकहरूबीच सदैव फुट कायम राखी मिल्न नदिने रणनीति अख्तियार गरेको थियो । भारतविरोधी नीति अपनाउने क्रममा पञ्चायतले कम्युनिष्टहरूलाई उचालेर नेपाली कांग्रेस विरुद्ध प्रयोग गरिरहेको त्यस अवस्थामा ०४६ सालपछि यो नीति सफल हुन सकेन । विचारधारात्मक आधारमा नेपाली कांग्रेस उदारवादी धारको नेतृत्व गरेर यस देशका प्रजातान्त्रिक हस्तीहरूको अगुवा बन्न पुग्यो । यसबाट संयुक्त वाम मोर्चाका रूपमा साम्यवादी दलहरू र तिनका विचारधाराप्रति आस्थावानहरूलाई मार्ग निर्देशन गर्ने काम भएको छ। अर्को तेस्रो धारका रूपमा राजाको सक्रिय नेतृत्व चाहने राजावादीहरूबीचको विचारधारात्मक विभाजनले नेपालको राजनीतिमा ०४६ सालपछि क्रिया, प्रतिक्रिया र अर्न्तक्रिया निरन्तर जारी राख्यो । तीन शक्तिबीचको विचारधारात्मक विभाजनमा वामपन्थी शक्ति र प्रजातान्त्रिक शक्तिमा देशको राजनीतिक व्यवस्था तीव्र रूपमा ध्रुवीकरण हुन पुगेको देखिन्छ ।

## ६.१.२ पद्धतीय व्यवहारमा अन्तरविरोध

२०४६ सालको जनआन्दोलनपछि नेपालअधिराज्यको संविधान २०४७ अनुसार पहिलो निर्वाचन सम्पन्न भएको लगत्तै नेपालमा बहुदलीय पद्धतीभित्र पद्धतीय व्यवहार अन्तरविरोधहरू थुप्रै देखिन थाले । बहुदलीय पद्धति, विचारधारा वोकेको पार्टीलाई नेतृत्वले संगठनभित्र राम्रोसँग संचालन गर्न सकेन भने त्यस्तो राजनीतिक पद्धतिले दुर्घटना निम्त्याउन सक्दछ । कांग्रेस भित्रमात्र होइन वामपन्थी पार्टीहरूमा पनि नेतृत्व परिवर्तनको निर्णायक दवावले पद्धतीय अन्तसम्बन्धको सङ्कट संविधान निर्माणपछि नेपालमा नदेखिएको हैन  तर नेपाली कांग्रेसले ०४६ सालपछि कहिल्यै पनि हतियार उठाएर आन्दोलन गरेन । हुन त यस अघि चलाएको आन्दोलन गुरिल्ला शैलीमा नभएर दवाव सिर्जना गर्ने खालको मात्र थियो । सशस्त्र आन्दोलनमा नेपाली कांग्रेसले विचार पुऱ्याउन सकेन । गलत सूचनाका भरमा आन्दोलन सुरु भएको थियो । नेपाली कांग्रेसको दोस्रो पुस्ताका अत्यन्त प्रभावशाली नेताहरू योगेन्द्रमान शेरचन, दिवान सिं राई र सरोज कोइराला षडयन्त्रपूर्वक मारिएका थिए ।

ओखलढुङ्गामा भएको सशस्त्र विद्रोह विफल भएपछि नेपाली कांग्रेसले सशस्त्र आन्दोलनको आफ्नो अभियान परित्याग गऱ्यो । त्यसपछि दुई वर्ष बी.पी. कोइराला राष्ट्र र अन्तर्राष्ट्रिय स्थितिमाथि अध्ययन गरी अन्ततः २०३३ साल पुष १६ गते “राष्ट्रिय एकता तथा मेलमिलापको नीति” लिएर आफ्ना सहयोगी गणेशमान सिंहसहित स्वदेश फर्किए । उनको निर्वासन परित्यागले नेपाली राजनीतिलाई नयाँ धारमा लाने प्रयास गऱ्यो ।[११२] यसरी ०४६ साल

---

[११२] शहीद अभिलेख, ***टिम्बुरबोटे शहीद स्मृति पार्क प्रतिष्ठान,*** २०५७ (प्र.सं.), काठमाडौं : पृ. २३–२४ ।

अघि नेपाली कांग्रेसले एक्लै पंचायत पद्धतिको विरोधमा लाग्दा उसले सफलता पाउन सकेको थिएन । स्वयं नेपाली कांग्रेसमा यदाकदा सुनिने पहिलो पुस्ता र दोस्रो पुस्ताका नेता भनेर वारम्वार अन्तरविरोधहरू देखिँदै आएको थियो । यसले गर्दा पार्टीका नेताहरूमा नेतृत्व विवाद पनि चर्किएको पाइन्छ । अर्कातिर राजा आधुनिक नेपाली राजनीतिको मियो भनौं वा मुख्य केन्द्रविन्दु बनेका थिए । उनको भूमिका ०७ सालको क्रान्तिदेखि नै देशको प्रमुख राजनीतिक घटनाक्रममा केन्द्रित बन्दै गएको थियो ।[११३] राजनीतिलाई द्वन्द्वतर्फ धकेलेर आफ्नो स्वार्थ सिद्ध गर्न यस अवधिमा सबै अगाडि थिए ।

> गरीब मुलुकहरूमा प्रजातन्त्रका लागि सरकार र संसद दुवैमा प्रभावकारी नेतृत्वको आवश्यकता पर्दछ, तर उनीहरूको व्यवहार र काम–कर्तव्यमा विलक्षणता हुनैपर्छ भन्ने जरुरी छैन । विलक्षणताले कहिलेकहीं आफ्नै लागि संकट खडा गर्दछ भने कहिलेकहीं लामो संघर्ष गरेर खडा गरेको संस्थालाई नष्ट पार्दछ । विलक्षणतापूर्ण व्यक्तित्व महत्वाकांक्षी भएमा राजनीतिक व्यवस्था र समाजमा उसको ध्वंसात्मक भूमिका सर्वव्यापी हुन्छ र परिणाम स्वरूप प्रजातान्त्रिक प्रकिया नष्ट हुन्छ ।
>
> यस प्रकार बर्तमान नेपाली राजनीतिक प्रक्रियामा विलक्षणतापूर्ण नेताको अभावको अर्थ देशमा प्रजातन्त्र खतरामा छ भन्ने होइन, बरु यसको विपरीत गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला जस्ता तीनजना नेताद्वारा संचालित नेपाली कांग्रेस विलक्षण व्यक्तित्वको एकोहोरा लहड, महत्वकांक्षा र असावधानीबाट मुक्त छ ।[११४]

नेपालमा २०४६ सालपछि प्रजातन्त्रको पुनस्थापना त भयो तर पद्धतीय व्यवहार र अन्तरविरोधका कारण देशले हासिल गरेको प्रजातन्त्रले स्थायित्व भने लिन सकेन । दलहरूले आफ्ना पक्षमा सक्रिय र साधारण सदस्यहरू खुवै वढाएका छन् । राज्यका संरचनाहरू पंचायतकालीन परिप्रेक्ष्यमा रहिरहँदा प्रजातन्त्र क्रियाशील नहुने रहेछ । जवाफदेहिताको अभावले गर्दा नेपालको प्रशासनमा तीव्र राजनीतिक दवाव बढिरहेको थियो । नीतिगत निरन्तरताको अभावका कारण देशमा राजनीतिक अस्थिरता चरम उत्कर्षमा पुगेको पाइन्छ ।

०७ सालको क्रान्तिले राजालाई शक्तिशाली वनाएको थियो तर ०४६ सालको जनआन्दोलनले पहिलो पटक नेपालको सक्रिय राजतन्त्रलाई संवैधानिक सीमाभित्र राख्ने काम गरेपनि पद्धतीय व्यवहार अन्तरविरोधलाई विश्लेषण गर्दा जनआन्दोलनपछि पनि राजतन्त्रले आफूलाई सुधार गर्न सकेन–"राजसंस्थाको केन्द्रीयतामा नेपालको सामाजिक, साँस्कृतिक, भाषिक एवं जातीय विविधतालाई गौण बनाइएको मात्र होइन, यसले बहुलवादी राज्य संरचनाको निर्माण

---

[११३] मार्टिन होफ्टुन, विलियम रेपर र जोन हेल्टन, ***पिपुल पोलिटिक्स एण्ड आइडियोलोजी,*** (काठमाडौं : मण्डला बुक प्वाइन्ट, १९९९), पृ. २८५ ।

[११४] लोकराज बराल, संसदमा दलहरू नेपाली संसदीय अभ्यास : संक्षिप्त समीक्षा, ***"नेपालको संवैधानिक तथा संसदीय अभ्यास पत्रिका",*** (वर्ष १, अंक १), (काठमाडौ : संवैधानिक तथा संसदीय अभ्यास समाज, २०५०), पृ. ५२ ।

र विकासमा पनि अवरोध पुऱ्याउँदै आएको छ ।"[११५] राजाकै भूमिकाको कारण देशको राजनीतिक व्यवस्थाले स्थायित्व लिन नसकेको देखिन्छ ।

पद्धतिभित्र बस्छु भनी  प्रतिबद्ध भएका राजाले निरंकुश शासन व्यवस्थालाई जोड दिन खोजेको देखिन्छ । संविधानतः अर्थ विधेयकमा राजाले राय सुझाव माग्न संसदमा फिर्ता गर्न सक्ने व्यवस्था थिएन, संविधानमै नभएको व्यवस्था अनुसार कसरी राजाले तजबीजी अधिकार प्रयोग गरेर व्यवस्थापिकाको अधिकारसमेत प्रयोग गर्न गए ? "लोकतन्त्रमा जनता संविधानभन्दा माथि हुन्छ । सर्वशक्तिमान जनताले चाह्यो भने यो संविधानलाई फ्याँक्न सक्छ, जलाउन सक्छ र अर्को संविधान बनाउन सक्छ ।"[११६]

राजाले संविधानभित्र बस्नुपर्छ । संवैधानिक राजाले देशको राजनैतिक गतिविधिमा चासो राख्न हुन्न् भन्ने हैन । देशमा देखिने शंकटमा संसद, न्यायालय र संवैधानिक अंगहरूको सुझाव राजाले लिनै हुन्न भन्ने छैन । तर, राजा पटक पटक विवादमा किन आइरहे ? पद्धतीमा बस्न नखोज्दा उनले फेरी एकपटक आफूलाई संविधानभन्दा ठूलो सावित गरेर देखाइदिए । पद्धतिभित्रको अन्यौलकै कारण सरकारले टोलीमार्फत् वितरण गरेको हजारौं नागरिकताको प्रमाण–पत्रसमेत रद्द गर्न पुगेको थियो । सरकार भएको ऐन नियमलाई छलेर संविधान र कानुनको व्यवस्था भन्दा छुट्टै कार्यनिर्देशिका बनाएर टोलीमार्फत नागरिकता वितरण गर्न पुगेको थियो । राजा सांसदहरूको निर्णयलाई अवैध वनाउने गतिविधिमा तल्लीन थिए ।

> राजतन्त्रविरोधी विचारधाराको र राजतन्त्रको स्थानमा जनतन्त्रात्मक राजनीतिक पद्धतिको उत्तरोत्तर विकासका गहिरा एतिहासिक कारणहरू छन् । राजतान्त्रिक संस्थाबाट आफूलाई मुक्त नगरुन्जेल कुनै पनि आधुनिक विकसित समाजको आविर्भाव सम्भव छैन....राजतन्त्र एउटा राजामात्र होइन, यो त्यस्तो पद्धति हो, जस अन्तर्गत 'राजदरवार' भन्ने संज्ञा भएको शक्तिशाली वर्गीयतत्व निहित छ । प्रष्ट अनुहार नभएको यो शक्तिशाली तत्व, जो जनताको आँखाका अगाडि नपरी ठूल्ठूला पर्खालको संरक्षणभित्र गुप्त ढङ्गले आफ्नो काम गर्छ, जसलाई हामी राजदरवार भन्छौं, त्यो रुढिवाद र प्रतिक्रियावादलाई व्यापक रूपमा प्रोत्साहन दिने अदृष्य व्यक्तिहरूका लागि अप्रत्यक्ष आश्रय भएको छ....राजदरवार प्रतिक्रियावादको एउटा हतियार हो, जहाँ निहित स्वार्थ, सामन्तवाद, रुढिवाद र देशका अन्य प्रतिक्रियावादी तत्वले आश्रय पाउँछ । रहस्यमय राजतन्त्रको आड लिई यी जम्मै प्रतिक्रियावादीहरूले राजदरवारलाई षड्यन्त्रको अखडा बनाउँछन् ।[११७]

बहुदलीय प्रजातान्त्रिक व्यवस्थाले निश्चयनै परम्परावादी शक्तिहरूलाई बलियो बनाउन खोजेको थिएन् । संसद्को सर्वोच्चता, विधिको शासन, संवैधानिक राजतन्त्रको निर्माण र

---

[११५] ***अभियानपत्र,*** (काठमाडौं : लोकतान्त्रिक गणराज्य नेपालका लागि काँग्रेस अभियान, २०६३ भदौ), पृ. १२ ।

[११६] ***जन आस्था साप्ताहिक,*** २०५२ साल भाद्र ७ गते ।

[११७] बी.पी.कोइराला, ***चुनौतीको घेरामा राजतन्त्र,*** (काठमाडौं : *नेपाली कांग्रेस क्षेत्र नं . ३,* २०६२ भदौ), पृ.२३–२४ ।

मानवअधिकारको प्रत्याभूति ०४६ सालको जनआन्दोलनलगत्तै उठाइएको माग थियो । नेपालले भोगिरहेको सङ्कटको प्रमुख कारण समग्रमा राजतन्त्रको महत्वाकांक्षा बनेको थियो । नेपालको राजतन्त्रले देशको यस भूमिलाई आफ्ना पुर्खाले आर्जेको विर्ता ठानेको छ । तसर्थ यस शक्तिले उग्रदक्षिणपन्थी अतिवादसँग झुकाव राखेको पाइन्छ । माओवादीसँग रहेको उग्रवामपन्थी अतिवाद र राजाको अतिवाद दुवैको स्रोत बन्दुक बनेको छ । किनकि, राजतन्त्र जहिले पनि चाहे त्यो पश्चिममा होस् वा पूर्वमा त्यो संस्था जहाँ पनि हरेक समय षडयन्त्र र विद्रोहको केन्द्र वन्न पुगेको ऐतिहासिक प्रमाण पाइन्छ ।

नेपालको वामपन्थी आन्दोलनका कारणले पनि देशमा बेला बेलामा राजनीतिक सङ्कट ल्याउने काम भएको छ । कम्युनिष्ट आन्दोलनको लगभग ६ दशक लामो इतिहासमा वामपन्थी पार्टी दुई दर्जनभन्दा बढी चिरामा विभाजन भएर गइसकेका छन् । २०५४ साल फागुन २१ गते नेकपा (एमाले) फरकमत पक्षधर नेताहरूले नेकपा (माले) दर्ता गराउन पुगे । महाकाली विवादमा नेतृत्वसँग असहमत सिपि मैनालीलगायतका तत्कालीन केन्द्रीय कमिटीका ३४ मध्ये १४ जना सदस्य वामदेव गौतमका पक्षमा उभिए । यसरी त्यस समय बहुमत र फरकमत बीचको खाडल देखियो । एमालेले महाकाली सन्धिका पक्षमा मत दिने निर्णय गर्दा राष्ट्रवादी धारले त्यसको सशक्त विरोध गरिरहेको थियो । महासचिव नेपाल र स्थायी समिति सदस्य ओलीलाई भारतपरस्त  भएको आरोप लगाइयो ।[११८]

२०५४ सालमा एकीकृत महाकाली सन्धिलाई हेर्नेहरूले पार्टी फुटाएर यसमा विभाजन रेखा कोरिदिए । पार्टी विभाजनको अप्रत्याशित दुर्घटनाकै कारण भावनात्मक रूपमा नेकपा (एमाले) अझैसम्म विभाजित नै बनेको छ । यसले के देखाउँछ भने महाकाली सन्धिका कारण देशको ठूलो राजनीतिक दलमा विभाजन आयो । यसरी दोस्रो प्रतिनिधि सभामा सबैभन्दा ठूलो दल एमाले विभाजनकै कारण दोस्रो स्थानमा र नेकपा (माले) तेस्रो स्थानमा पुगे । नेकपा (माओवादी) ले उग्रविचारधारा लिएकै कारण प्रजातन्त्रका हिमायती संसदीय धारका दलहरूले एमालेलाई बलियो वनाउन लागेको पाइन्छ । स्वयं एमालेले पनि रुसी अनुभवबाट पाठ सिक्दै साम्यवाद हासिल गर्न असम्भव देखी जबज अर्थात् जनताको बहुदलीय जनवाद रुसी नेता गोर्वाचोभको ग्लास्तनोस्त र पेरेस्त्रोइकाबाट प्रभावित देखिएको थियो ।

प्रतिस्पर्धात्मक प्रजातन्त्रलाई नेपाली कम्युनिष्ट पार्टीमा अपनाएर स्व.मदनभण्डारीले एक वेग्लै मोडेल नेपालमा प्रतिपादन गर्न खोजेका थिए । नेपाली कम्युनिष्टहरूले सदैव नै नेपाली

---

[११८] ***काठमाडौं टुडे*** चैत १, २०५४–१६ ।

कांग्रेस (नेका) लाई आफ्नो प्रधान शत्रु मानी आएका छन् ।[११९] प्रतिस्पर्धात्मक राजनीतिक व्यवस्थामा पनि वामपन्थीहरूले प्रजातान्त्रिक दलहरूलाई शत्रुतापूर्ण रूपमा हेर्ने संकुचित दृष्टिकोण तोडेर ०४६ सालको केही समय भने नेपाली कांग्रेस बहुदलीय व्यवस्था पुनस्थापना नभएसम्मका लागि कार्यगत एकता गर्न पुगेको थियो । ०४७ सालको संविधानलाई हेर्दा के देखिएको थियो भने नेपालमा एक व्यक्तिको शासन फर्किने छैन भन्ने अनुमान जनताले गरेका थिए । तर एकदशक वित्न नपाउँदै राजाले फेरी त्यही संविधानलाई टेकेर प्रत्यक्ष शासन गर्न थालिहाले त्यसैले प्रजातन्त्रमा प्रतिनिधित्व नै सर्वोच्च हो भन्ने हैन । किनभने तानाशाहहरू पनि प्रतिनिधिमूलक बन्न विभिन्न रूपमा संविधानलाई टेकेर आफूलाई प्रजातान्त्रिक शासक देखाउन खोज्दा रहेछन भन्ने कुरा नेपालको अनुभवले देखाएको छ ।

राजाको शासनले मुलुकमा न आफ्नो कुनै प्रभाव छोड्न सकेको थियो न जनताको समर्थन पाउन सकेको थियो । यसले माओवादीको प्रभाव पनि घटाउन सकेको थिएन । राजा र माओवादीको निर्भरता जहिले पनि हतियार नै बनेको थियो । केशरजङ्ग रायमाझी राजालाई 'प्रजातन्त्रको प्रहरी' भन्न थाले । उनको यो क्रम कहाँसम्म वढ्यो भने विस्तारै उनी नेपाली कांग्रेसको प्रथम निर्वाचित सरकारको कतैबाट विघटन नै भए  तापनि आपत्ति नहुने राय व्यक्त गर्न थाले ।[१२०] राजाको निरंकुशतासँग भिड्नका लागि नेपाली कांग्रेसलाई वामपन्थी दलहरूसँग सहकार्य गर्नुपर्ने वाध्यता भएकाले दवावकै लागि भएपनि वामपन्थीहरूसँगको सहकार्य उसको वाध्यता थियो । हिंसाको समर्थन अन्य दलहरूले गर्न सक्दैनन् । नत यिनीहरू आफैं आन्दोलन चर्काउन सक्ने अवस्थामा थिए । माओवादीको हालत पनि त्यस्तै थियो । माओवादीले ०५२ सालमा जनयुद्धको सुरुवात गर्दा बहुदलीय व्यवस्थासँग उसको शत्रुतापूर्ण सम्वन्ध रहेको थियो तर, पछि ऊ बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्थामा अगाडि बढ्यो ।

पद्धतीय व्यवहार अन्तरविरोधकै क्रममा नेपालमा केही समय 'ट्रोइका शासन' सुरु भएको देखिन्छ । पञ्चायतमा द्वैध शासन राजदरवार र सिंहदरवार त थियो  तर, वहुदलको आगमनपछि पनि यस देशमा जनताले 'ट्रोइका शासन' अर्थात् राजा, प्रधानमन्त्री र मुख्य सचिवबाट त्रयी शासन संचालित हुन पुगेको थियो । २०५९ सालको कार्तिक महिनाको पहिलो हप्तातिर सरकारका मुख्यसचिव विमल कोइरालाले मंत्रिस्तरको कुनै पनि निर्णयगर्दा मुख्य सचिवसँग परामर्श गर्नुपर्ने जानकारी गराए । राजाले सम्पूर्ण कार्यकारी अधिकार ग्रहण गरेको कुरा खण्डन गर्न त्यस समयका प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले कार्यकारी अधिकार राजासँग हैन आफैसँग

---

[११९] सुरेन्द्र के.सी, ***नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास*** (दोस्रो भाग) २०२०–२०४९, (प्र.सं.), (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६०), पृ. १६८ ।

[१२०] मोहन विक्रम सिंह, ***द्वितीय महाधिवेशन देखि दरभङ्गा प्लेनम सम्म,*** वि.सं २०१४–१६, (गोरखपुर : जन शिक्षा गृह, २०४७), पृ. ९१ ।

भएको दावी गरे । त्यस समय त्रयी शासन चलेकाले बहुदलीय पद्धतिका लागि त्यो एक चुनौती थियो । देशको शासन संविधान र संसदीय व्यवस्थाको मान्यता अनुसार चल्न नसकेर पद्धतिभित्र सङ्कटको वीजारोपण भएको सङ्केत पाउन सकिन्छ ।

संविधान निलम्वन वा खारेज नभएको अवस्थामा निकास खोज्ने काम राजनीतिक दलहरूले गर्न सकेनन् । ०४७ सालको संविधान राजाबाट उल्लंघन हुन्छ भन्ने कल्पना संविधान निर्माताहरूले गरेका थिएनन् । तर, अन्य क्षेत्रबाट संविधान उल्लंघन हुनसक्छ भन्ने अनुमान भने संविधान निर्मातामा थियो । जसले सुधारको आवाज बोल्यो त्यसलाई उग्रवामपन्थीहरूको भाषा बोलेको आरोप लगाइन्थ्यो ।

> केन्द्रीय समितिका सदस्य चक्रप्रसाद बाँस्तोला र नरहरि आचार्यमाथि “माओवादीको आवाज” बोलेको भनी अधिकांश केन्द्रीय सदस्यले विरोध गरेका थिए ।
>
> केन्द्रीय सदस्यद्वय बाँस्तोला र आचार्यले संविधानसभाको कुरा अघि सारेर माओवादीलाई सहयोग गरेको र वर्तमान संविधानलाई झन कमजोर वनाउन खोजेको भनी एक दर्जन केन्द्रीय सदस्यले विरोध गरेका थिए ।[१२१]

पद्धति व्यवहारको यस्तो अन्तरविरोधमा प्रजातान्त्रिक मानिएका पार्टीका सदस्यहरूले समेत स्वतन्त्र विचार राख्न भय थियो । राजनीतिक दलहरूमा विरोधी विचारहरू सुन्नै नहुने धारणा विकास हुन थालेको थियो । उदारवादी चिन्तक जे.एस.मिलले विचार अभिव्यक्ति र वादविवादको स्वतन्त्रतामा बढी जोड दिएका छन् ।

> संसारका सबै मानिसहरूलाई बिचारको स्वतन्त्रता दिनुपर्छ । पागल अथवा सन्की व्यक्तिहरूलाई पनि मिलले बिचारको स्वतन्त्रता दिएका छन् । शासकहरूले त्यस विचारलाई नबुझेका हुन सक्छन् । सम्पूर्ण मानवजाति एकातिर भएर पनि कुनै एक व्यक्तिको विचारलाई दबाउनु हुँदैन । यदि दबाइयो भने संसार सही र तथ्य कुराबाट बञ्चित हुन सक्दछ ।[१२२]

यसरी प्रजातान्त्रिक मानिएका दलहरूमा ब्रम्हले देखेको कुरा बोल्न नपाउने अवस्थाको विकास भएको थियो । पद्धतीय व्यवहार अन्तरविरोधको यस द्वन्द्वमा दलहरूको संस्कार र संस्कृतिमा कुनै परिवर्तन आउन सकेन ।

### ६.१.३ संवैधानिक गतिरोध

०४७ सालको संविधानको अलग मसौदा शक्ति केन्द्रबाट गर्ने प्रयास भएपनि संविधान सुझाव आयोगका पदाधिकारीले त्यसलाई असफल पार्न खोजिरहेका थिए । ०४७ सालको संविधान सुझाव आयोगलाई सघाउ पुऱ्याउन भनी हिन्दुस्तानबाट दुई संविधानविद आउँदैछन्

---

१२१ ***स्पेस टाइम,*** कात्तिक ६,२०५९ ।

१२२ ***पुरुषोत्तम मरहट्ठा,*** *विश्व राजनीतिक चिन्तनधारा,* (प्र.सं.), (चितवनः एस. कोइराला, २०५७), पृ. १९१ ।

भन्ने खवरले अध्यक्ष विश्वनाथ उपाध्यायले समेत त्यसलाई सकारात्मक रूपमा लिएनन् । उनले त्यस विषयमा प्रधानमन्त्रीलाई विदेशी सहयोग किन चाहियो भनी असन्तोष व्यक्त गरेका थिए । भारतबाट आउने विशेषज्ञहरू विना पनि नेपाली आफैंले संविधानको मसौदा वनाउन सक्छन् भनी आयोगका सदस्यहरू विश्वस्त थिए । संविधान सर्वोच्च तथा सर्वेसर्वा होइन, सर्वोच्च त जनता हो । सार्वभौम जनताबाट मात्र संविधान वन्न सक्दछ । संविधानभन्दा माथि सर्वोच्च जनता हो । नेपालको संवैधानिक इतिहासको पृष्ठभूमि हेर्ने हो भने एकै किसिमको संविधान लामो समय सम्म सफल भएको पाइँदैन ।

'राजाले मार्न खोज्दैमा मर्दैन । कागजमा लेखेर मात्र संविधान बाँच्ने पनि होइन ।'[१२३] एउटा राजाले गरेको प्रतिवद्धता अर्को राजाले उल्लंघन गरे । ०४७ को संविधानले राजालाई नियन्त्रण गरेको थियो । जम्मा दुइवटा विषयमा दरवारको कर्मचारी भर्ना गर्ने र छोरा नातिलाई पदाधिकारी तोक्नेबाहेक अरु यसले केही दिएको छैन । बाँकी काम भनेको सबै जननिर्वाचितको जिम्मा लगाएको छ । कुनै पनि देशको प्रजातान्त्रिक सरकारको मूल आधार नै संविधान हो ।

संविधानमा नै सरकारको दायित्व, कार्यप्रणाली तथा संस्थाहरूको वारेमा व्यापक उल्लेख गरिएको हुन्छ । संविधान देशको सर्वोच्च कानून भएकाले सरकार प्रमुख होस वा राज्य प्रमुख या सर्वसाधारण जनता सबै नै संविधानको दायराभित्र रहेको हुन्छ । संविधानबाट सरकारको अधिकार स्थापित हुनुका साथै मानव अधिकारको प्रत्याभूति समेत भएको हुन्छ । विश्वकै पुरानो मानिएको अमेरिकी संविधान मानिसहरूले छोटो समयमा अध्ययन गर्नसक्नुका साथै यो ज्यादै छोटो भएकाले पनि यसको विश्वव्यापी लोकप्रियता रहेको छ । अर्कोतिर लामो मानिएको भारतीय संविधान आधा शताव्दीमै अनेकपटक संशोधन गर्न वाध्य वनेको छ । यसले आफूलाई जडसूत्र जस्तो नठानी बेतनीति अपनाएकै कारण भारतीय प्रजातन्त्रले स्थिरता लिन सफलता पाएको छ ।

नेपालमा २०४६ सालको जनआन्दोनकै क्रममा संविधान सुधार सुझाव आयोगले पञ्चायती संविधानको सुधार मात्र गराउने उद्देश्य राखेको थियो । त्यसको गठन राजा वीरेन्द्रले ०४६ चैत २४ मा गरेका थिए । पञ्चायती संविधानमा चौंथो संशोधन गर्ने उद्देश्यले विश्वनाथ उपाध्यायको अध्यक्षतामा होराप्रसाद जोशी, कमल राणा, भरत मोहन अधिकारी र सूर्यनाथ उपाध्याय समेत भएको आयोग गठन भएको थियो । पछि गएर यसको ठूलो विरोध भएपछि निर्विवाद वनाउन ०४७ वैशाख २८ मा 'संविधान सुझाव आयोग' को नाममा गठन भयो । यस संविधानका सबै धारा एक दशकभन्दा वढी अवधिमा पुरै प्रयोगमा आए । ०४६ पछि अन्तरिम

---

[१२३] विश्वनाथ उपाध्याय, 'राजा फर्कन पर्छ–पर्छ', ***कान्तिपुर,*** बुधवार २३ कार्तिक, २०६२ ।

सरकार, संयुक्त सरकार, अल्पमतको सरकार, कामचलाउ सरकार सबै गठन भए तर, सहमतिको सरकार भने यस अवधिमा वनेको देखिन्न ।

संविधानको उद्देश्य शासकको स्वेच्छाचारिताको नियन्त्रण गरी शासितहरूको अधिकारको रक्षा गर्दै सार्वभौम शक्तिको परिभाषा गर्नु हो । यसरी कुनै पनि देशमा संविधानद्वारा नै देशको शासन संचालित भैरहेको हुन्छ । संविधानले नै शासकको शक्ति र शासितको अधिकारबीच सम्वन्ध निश्चित गरेको हुन्छ । शासकको स्वेच्छाचारितालाई नियन्त्रण गर्नु, शासितहरूको अधिकारको रक्षा र सार्वभौम शक्ति परिभाषित गर्नु नै संविधानको उद्देश्य हो ।

नेपालमा मात्र हैन कुनै पनि देशमा संविधानको निर्माण गर्दा त्यस देशको भौगोलिक, आर्थिक, राजनीतिक, ऐतिहासिक तथा अन्य स्थानीय परिवेशले संविधान निर्माणमा प्रभाव पारीरहेको हुन्छ । संविधानले नै राज्यका तीन अंगहरूको अधिकार तथा कर्तव्यको उल्लेख गर्दै सरकारको शक्तिलाई सीमित गरी उसलाई निरंकुश हुनबाट रोकिरहेको हुन्छ । यसरी संविधानबाटै नियन्त्रण र सन्तुलनको नीति अख्तियार हुने गरेको पाइन्छ । प्रजातान्त्रिक देशमा संविधानको स्रोत र शक्ति जनता हुन पुगेका छन् । संवैधानिक विकासक्रममा नेपाल सरकार वैधानिक कानून–२००४, नेपाल अन्तरिम शासन विधान–२००७, नेपाल अधिराज्यको संविधान–२०१५, नेपालको संविधान–२०१९, नेपाल अधिराज्यको संविधान–२०४७ आदि सबै लिखित रूपमा जारी भएपनि ०४७ सालको संविधानलाई भने कुनैपनि दलले तीनवटा आम निर्वाचनमा दुई तिहाई बहुमत ल्याउन नसकेकै कारण संविधानमा संशोधन हुन सकेन् । लिखित संविधानमा संशोधन गर्न कठिन प्रक्रियाबाट गुज्रनुपर्ने भएकाले क्रान्तिको डर ०४७ को संविधानले ल्याइरहेको थियो ।

प्रयोग गर्दै जाँदा २०४७ सालको संविधानमा धेरै त्रुटिहरू देखिन थालेको थियो । संविधानमा संशोधन आवश्यक भैसक्दा पनि संशोधन हुन सकेन । कतिपय धारालाई सर्वोच्च अदालतले व्याख्या गरिसकेको थियो । "भारतले टनकपुरमा बाँध बनाएपछि नेपाल भारत बीच संझौता भएपछि समझदारी कि संझौता भन्ने विवाद सर्वोच्च अदालतमा पुगेपछि शक्ति पृथकीकरणको सिद्धान्त अनुसार कार्यपालिका, न्यायपालिका र विधायिकाको अधिकार क्षेत्र सम्बन्धमा संविधानमा पुनः विचार गरेर संशोधन हुनु पर्ने भनी त्यतिबेला प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले बोल्नु भएको थियो । उहाँको लक्ष्य न्यायपालिकामा अधिकार बढी भएर कार्यपालिकालाई काम गर्न दिइएन । टनकपुर समस्या र विवाद भनेको चियाको प्यालामा उठेको तुफान हो भनी उहाँले न्यायपालिकाको अधिकार क्षेत्र सीमित पार्नुपर्ने विचार व्यक्त गर्नु भएको

थियो ।"[१२४] यसै गरी संविधानको प्रयोग र व्याख्या सम्वन्धमा धारा ५३ (४) को प्रतिनिधिसभा विघटन गर्ने प्रधानमन्त्रीको विशेषाधिकार र धारा ५३(३) को विशेष अधिवेशनको माग सम्बन्धमा संविधानको मसौदामा त्रुटि भैरहँदा पनि संशोधन हुन सकेन ।

प्रजातान्त्रिक मूल्य र मान्यता समावेश भएको नेपाल अधिराज्यको संविधानमा डेढ दशकको अवधिमा संविधानमै परिवर्तन नै गर्न नहुने जस्तो गरी राख्नाले कालान्तरमा त्यस संविधानलाई क्रान्तिकै बलले हटाइयो । ०४७ सालको संविधानमा मुख्य मुख्य बुँदामा संशोधन गर्छु भनेर मूल धारका राजनीतिक दलहरूले चुनावी घोषणापत्र नै बनाएनन् । संविधान संशोधन गर्ने संसद् थियो तर कार्यादेश लिन जनप्रतिनिधिहरू असफल सिद्ध भए ।

यसदृष्टिले नेपाल अधिराज्यको संविधान निकै कठोर थियो । कठोर संविधानले सदैव जनआन्दोलनको खतरा बोकिरहेको हुन्छ । सरकार निरंकुश वन्ने खतरा, जनता निराश बन्ने खतरा यसमा रहिरहेको हुन्छ । कठोर संविधान संघीय देशका लागि भने उपयुक्त हुन्छ । नेपाली राजतन्त्रले यही संविधानका विभिन्न धारा माथि टेकेर आफू अनुकूलको संविधान व्याख्या गरी देशमा प्रत्यक्ष शासन समेत गर्न भ्याएको थियो । 'संविधान, २०४७ का विफलताका कयौं कारणहरू हुन सक्छन् तर ती प्रमुख कारणहरू मध्ये नेपालका राजाहरूको संसदीय पद्धतिप्रति असहयोगात्मक भूमिका मुख्य हो । ... त्यसै पनि संविधान, २०४७ जनताको प्रत्यक्ष सहभागिताको आधारमा निर्मित नभएको हुनाले त्यसप्रति जनतामा अपनत्वको भाव पनि थिएन ।'[१२५]

गुन्नार मिर्डालले "एसियन ड्रामा" मा के देखाएका छन् भने विकासशील देशका सरकारहरूले नीति निर्माण लागु गरे पनि कार्यान्वयन भने गर्न सक्दैनन् । कमजोर कानुन, कमजोर प्रशासन, कमजोर सुरक्षा प्रशासन आदिकै कारण राज्य नरम हुन जानाले कार्यान्वयन पक्ष फितलो हुन गई हर क्षेत्रमा राज्य कमजोर वन्न पुग्दो रहेछ भन्ने कुरा सङ्केत गरेको छ । यिनै आधारमा नेपालको संविधान ०४७ अधिक प्रजातान्त्रिक थियो । तर, सफ्ट स्टेट सिन्ड्रमकै कारण एक दशकभन्दा वढी अवधिमा चौध हजारभन्दा वढी व्यक्तिले अनाहकमा ज्यान गुमाउनु पऱ्यो ।

२०४७ सालपछि राष्ट्रले कस्तो मार्ग अपनायो त्यस सम्वन्धमा केही विवेचना हुनु आवश्यक देखिन्छ । नेपाल अधिराज्यको संविधान २०४७ ले जनतालाई राज्य शक्तिको स्रोत

---

[१२४] गौरीबहादुर कार्की, ***नेपालको वर्तमान संविधान विचार र व्याख्या,*** (प्र.सं.), (काठमाडौं : पैरबी बुक्स एण्ड स्टेशनरी सेन्टर, २०५५, पृ. १८८ ।

[१२५] झलनाथ खनाल र अन्य, ***राज्यको पुनः संरचना तथा रूपान्तरण,*** (दो.सं.), (काठमाडौं : राष्ट्रिय शान्ति अभियान, २०६३), पृ. २२ ।

मान्नुका साथै सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा नै निहित रहेको तथा तिनको प्रयोग संविधानवमोजिम हुने व्यवस्था गरेको थियो । यो २०४६ सालको आन्दोलनको मूल उपलब्धि थियो । कुनै पनि बहानामा नखोसिने गरी जनतालाई थप सबल तथा पूर्ण रूपले सार्वभौमसत्ता सम्पन्न बनाउन र देशलाई अग्रगमनतर्फ लैजान ठोस आधार तयार गर्ने प्रतिबद्धता संसदवादी दलहरूले जनाएकै थिए ।

१८ असोज २०५९ को असंवैधानिक र प्रतिगामी शाही घोषणाका विरुद्ध राजनीतिक दलहरू, पेसागत संघ–संस्थाहरू, नागरिक समाज र नेपाली जनता आ–आफ्ना ढंगले आन्दोलित रहँदै आएका थिए । माघ १९, २०६१ को शाही घोषणा राजाद्वारा निरङ्कुश रूपमा प्रत्यक्ष शासन चलाउन गरिएको घोर अप्रजातान्त्रिक, असंवैधानिक र प्रतिगामी कदमलाई नेपालका सबै ठूला साना राजनीतिक दलहरूलेमात्र होइन सर्वसाधारण जनता नागरिक समाजले समेत निकै विरोधगरेका थिए । यसका विरुद्ध सात राजनीतिक दल शान्तिपूर्ण, संयुक्त र सशक्त जनआन्दोलनको आवश्यकतामा सहमत भएका छौं भनी नेपाली कांग्रेसबाट गिरिजाप्रसाद कोइराला,नेकपा (एमाले) बाट माधव कुमार नेपाल, नेपाली कांग्रेस (प्रजातान्त्रिक) बाट गोपालमान श्रेष्ठ, जनमोर्चा नेपालबाट चित्रबहादुर आले, नेमकिपाबाट नारायणमान बिजुक्छे, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) कोतर्फबाट भोगेन्द्र ठाकुर र संयुक्त जनमोर्चा नेपालको तर्फबाट सीपी मैनाली सहितले शान्तिपूर्ण आन्दोलनका निम्ति प्रतिबद्ध भएको घोषणागरेका थिए ।[१२६]

त्यस समय अग्रगमनको आधार नेपाल अधिराज्यको संविधान २०४७ लाई मान्दै मुलुकको राजनीतिक संकटको निकास यही संविधानबाट खोजिने जनाइएको थियो । यथार्थमा राज्यसत्ता सम्हालेको व्यक्ति तानाशाही हुन जान्छ भने संविधान जति नै राम्रो भए पनि के लाग्छ ? २०४७ सालको संविधान प्रजातान्त्रिक भएकै कारण निरकुंश रूपमा अगाडि बढ्न लागेका राजालाई शक्ति दुरूपयोग गरेको आधार अदालतबाट प्रमाण स्थापित गराउन सफल भए पनि कालान्तरमा संविधानको बाधा अड्काउ फुकाउने धारा १२७ प्रयोग गरी जननिर्वाचित सरकारलाई राजाले विघटन गर्न पुगेका थिए ।

> राजाले प्रत्यक्ष शासन प्रारम्भ गरेपछि लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा हुँदै पुनः शेरबहादुर देउवाको प्रधानमन्त्रित्वमा सरकार बनाउने खेल खेलियो । यत्तिकैमा २०६१ साल १९ माघमा देउवालाई पुनः पदच्युत गरियो र ज्ञानेन्द्रले आफ्नै अध्यक्षमा मन्त्रिपरिषद् गठन गरे । संविधान खारेज नगरिए पनि धारा १२७ को आडमा प्रत्यक्ष शासन सुरु गरियो । त्यस धाराले बाधा अड्काउ फुकाउन आदेश जारी गर्ने अधिकार राजालाई दिए पनि संसद्बाट अनुमोदन हुनुपर्ने सीमा राखेको थियो । कानुनविद्का अनुसार सो संविधानमा मुलुकको सार्वभौमसत्ता जनतामा

---

[१२६] *कान्तिपुर,* २६ वैशाख, २०६२ ।

निहित रहने महत्वपूर्ण प्रावधान थियो । यसो हुँदाहुँदै पनि राजकीय सत्ता आफैंमा रहेको भन्ने राजाको १८ असोज २०५९ को घोषणाले जनतामा निहित सार्वभौमसत्ताको अवधारणालाई पूर्णतः समाप्त पाऱ्यो ।[१२७]

यसरी संविधान घोषणा गरेकै दिनदेखि सुरु भएको षडयन्त्रलाई संसदको विघटन र पुनस्थापनाको विषयवस्तु मात्र होइन राजाले नागरिकता विधेयक सर्वोच्चमा पठाउने कामसम्म गरेर संविधान सिध्याउने रणनीतिमा नेपाली राजतन्त्रको भूमिका निकै ठूलो रहेको छ । यहाँसम्म कि आफ्नै जनताहरूका विरुद्धमा नेपाली राजतन्त्रले जनआन्दोलन–२ मा ठूलो भूमिका खेलेको थियो । सरकारले पाँच महिनादेखि गोप्य राखेको रायमाझी आयोग प्रतिवेदनमा राजा ज्ञानेन्द्र र उनका मन्त्रिपरिषद्लाई कानुन बनाई कारवाही गर्न संसद् र सरकारलाई सिफारिस गरिएको छ ।[१२८] 'राजा मुख्य उल्लंघनकर्ता' भनी उच्चस्तरीय जाँचवुझ आयोग–२०६३ को प्रतिवेदनले सार्वजनिक समेत गरेको थियो ।

## ६.१.४ सहमति र नेतृत्वको प्रश्न

मानिसको गुणस्तरीय जीवन गुणस्तरीय नेतृत्वमा निर्भर गर्दछ भन्ने कुरा विकसित राष्ट्रहरूको सक्षम नेतृत्वलाई हेरेर भन्न सकिन्छ । देशको राजनीति संचालन गर्न सिद्धान्त, नेतृत्व र संगठनको आवश्यकता पर्दछ । आज विश्वका कतिपय विकासोन्मुख राष्ट्रहरू राम्रो नेतृत्वबाट पतन हुँदै गएका छन् । नेतृत्वले मुलुकमा दूरगामी प्रभाव पार्ने खालको नीति निर्माण र कार्यान्वयन गर्न नसक्दा ०४६ सालमा प्राप्त प्रजातन्त्रले धेरै सङ्कट व्यहोर्नु परेको सबैले अनुभव गरेका छन् । 'नेतृत्वको निर्माण कसरी भएको छ र त्यसलाई संस्थागत पार्ने प्रक्रिया छ छैन भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।

यदि नेता अनुत्तरदायी र आत्मकेन्द्री छ भने कार्यशैली व्यक्तिवादी र एकाधिकारवादी हुन्छ । यदि नेता चमत्कारी स्वभावको छ र आफ्ना बोली र शैलीले जनता र कार्यकर्तालाई प्रभाव पार्न सक्छ भने त्यसको गुणको उपयोग संस्थागत विकासमा लगाउनु पर्छ । तर यदि यस्तो नेतालाई संस्थागत शैलीमा बाँध्न सकिंदैन भने उसको गुणमा ऱ्हास आउन थाल्छ र संस्था खिइन थाल्छ ।'[१२९] नेपाली कांग्रेस सुरुदेखि नै उदार प्रजातन्त्रमा आस्था भएकै कारण यसका नेता र कार्यकर्ताहरूमा प्रजातन्त्रप्रतिको प्रतिबद्धता निर्भर रहेको छ । नेपाली कांग्रेस 'आन्दोलनमा उत्रेता पनि यस्तो आन्दोलनलाई सम्झौतामा टुङ्याउँदछ । अतः वर्गीय चरित्रको कमजोरीले गर्दा यस पार्टीले देशमा देखापरेको मूल अन्तर्विरोधको समाधानका निम्ति हुने सामन्तवाद विरोधी

---

[१२७] ***अन्नपूर्ण पोष्ट*** परिशिष्टांक, ३० चैत, २०६५ ।

[१२८] ***कान्तिपुर,*** १३ वैशाख, २०६४ ।

[१२९] लोकराज बराल, ***राजतन्त्र कि प्रजातन्त्र*** ?, (प्र.सं.), (काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स, २०६२), पृ. ७२ ।

प्रजातान्त्रिक क्रान्तिलाई नेतृत्व दिन सक्दैन ।'[१३०] कांगेसको मात्र किन वामपन्थी घटकहरूले पनि परिआउँदा सक्षम नेतृत्व देखाउन सकेनन् ।

'यद्यपि नेपालमा परिवर्तनपश्चात् नेतृत्व आन्दोलनका प्रमुख घटकहरूले नै लिए तर दुवै अवसरका अर्थात् २००७ सालको जनक्रान्ति र २०४६ सालको लोकतान्त्रिक आन्दोलनको समापनका रूपमा निकालिएका राजनीतिक निष्कर्षहरू परिपक्व र दूरदर्शी थिएनन् । जुन तत्व र प्रवृत्तिका विरुद्ध जनता आन्दोलित भएका थिए, आन्दोलनका नेताहरूले तिनैसित सम्झौता गरे ।'[१३१]

पार्टी व्यवस्था सुदृढीकरण गर्ने हो भने व्यक्तिलाई हैन विधिसम्मत प्रक्रियालाई अगाडि ल्याउनुपर्दछ ।'शाही सत्ताले शक्तिको द्वन्द्वलाई कहिल्यै स्विकारेनन । पञ्चायत व्यवस्थाभन्दा वाहिरका शक्तिहरू अर्थात् दलहरूलाई प्रतिबन्ध लगाएर राजाले अगाडि वढने नीति अख्तियार गरे। व्यवस्था माथि संकट आइपर्दा यसले कहिल्यै प्रतिपक्षमाथि सत्ताको साझेदारी गर्न खोजेन ।[१३२] विश्वका कतिपय राष्ट्रहरू राम्रो नेतृत्वबाट पाखा पर्दै गएका छन् । यी देशहरूमा देखिएको नेतृत्वको सङ्कट मुख्यत राष्ट्रिय सहमतिको आधारमा नचल्नाले भएको हो । समस्यालाई नेतृत्वले अवसरको रूपमा लिन सकेन भने देशमा सङ्कट देखा परिरहन्छ । राजनीतिक दलहरूबीच केवल आन्दोलनको समयमा मात्र सहमति खोजिने गरिन्छ । आन्दोलनपछि तिनलाई परिवर्तनका वाहक मानेर सम्मान दिने बाहेक अरु केही भएको देखिन्न । अन्य अवस्थामा राष्ट्रिय सहमतिलाई त्यति महत्त्व दिइएको देखिंदैन । कम्युनिष्ट र उदारवादी लोकतान्त्रिक दलहरूले कहिल्यै सहमतिको राजनीति अपनाउन सकेको पाइन्न । एकले अर्कोलाई वर्ग शत्रुका रूपमा हेर्दै निषेधका लागि निषेध ठान्ने नराम्रो परम्परा ०४६ पछि पनि नेपालमा कायमै रहेको देखिन्छ ।

कम्युनिष्ट र कांग्रेस मिल्नुपर्छ भन्दा अनौठो मानिने परम्परा भएको नेपालमा ०४६ सालको जनआन्दोलन आउने पुस्ताका लागि आफैंमा एक बेजोड नमुना बनेको थियो । ०४६ सालपछि ०५१ को मध्यावधि निर्वाचनसम्म राजनीतिक दलहरूको आन्तरिक प्रजातन्त्रतर्फ जनताले प्रश्न उठाएनन । जव दलहरूले आलिसान महलहरू खरिद गर्न थाले, नेताहरू प्राढो र पजेरो संस्कृतिमा अभ्यस्त वन्न थाले जनताले तिनलाई अवसरवादी र तिनको उचाइ घट्दै गरेको देख्न थाले ।

---

[१३०] पुष्पलाल, ***पुष्पलालका छानिएका रचनाहरू भाग–१,*** (प्र.सं.), (नेपाल : मदन–आश्रित स्मृति प्रतिष्ठान, २०५३) पृ. १५ ।

[१३१] श्रीकृष्ण अनिरुद्ध गौतम र अन्य, ***नेपालमा प्रजातन्त्र सङ्कट तथा चुनौतीहरू,*** (प्र.सं.), (काठमाडौ : राष्ट्रिय शान्ति अभियान, २०६२), पृ. ३३ ।

[१३२] लोकराज बराल, ***नेपाल प्रोव्लेम्स अफ गभर्नेन्स,*** (दिल्ली : कोनार्क पव्लिशर्श, सन् १९९३), पृ. ४२ ।

नेपालको आन्तरिक राजनीतिलाई स्थायित्व दिलाउन र विदेश नीति परिचालनका सम्वन्धमा नेपालको हित अनुकूल राष्ट्रिय दृष्टिकोण र सहमति बन्न नसक्नाले दलहरू राष्ट्रियताको सवालमा विभाजित वनेको देखिन्छ । २०४७ सालको संविधानले राजासहितको नेपाल परिकल्पना गरेको थियो । तर, नेपालीहरूलाई ०७ सालदेखि नै नेपाली राजतन्त्रले धोका दिँदै आएकाले राजा विनाको नेपालको परिकल्पना गरिरहेका थिए । माओवादी जनयुद्ध त्यसैतर्फ चालिएको एक कदम थियो । शासितको इच्छाले शासन चलाउन नेपाली राजतन्त्र पूर्ण रूपमा असफल भएको थियो । मौका पाउनासाथ नेपाली राजतन्त्र जहिले पनि दमनकारी संयन्त्र वन्न पुगेको नेपाली जनताले देखे । राजनीतिक दलका नेताहरू पनि अनुत्तरदायी र आत्मकेन्द्रीत भएका कारण देशको राजनीतिले कतै सङ्कट निम्त्याएको त हैन भन्ने स्पष्ट रूपमै देखियो ।

नेपाली समाजलाई रूपान्तरण र नेतृत्व गर्ने जिम्मेवारी २००७ सालदेखि आन्दोलनरत दल नेपाली कांग्रेस र सामाजिक क्रान्तिको आन्दोलनलाई नेतृत्व प्रदान गर्ने कम्युनिष्ट पार्टीमा गएको पाइन्छ । कम्युनिष्टहरूले हरेक वस्तु र घटनालाई भौतिकतावादी दृष्टिकोणका आधारमा र द्वन्द्ववादी पद्धतिका आधारमा नेपाली समाजलाई केलाएका छन् । नेपाली कांग्रेसभने ०७ सालकै इतिहास भजाएर आफ्नो अस्तित्व कायम राख्न खोजिरहेको छ । यसको पुष्टि गर्दै नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराइद्वारा  २००९ साल कार्तिक ७ गतेको  युगवाणी पत्रिकामा एक लेख प्रकाशित भएको थियो जसमा भनिएको थियो– 'यता नेपाली कांग्रेसको नेतृत्वले प्रारम्भदेखि नै बडो नपुंसकताको राजनीति देशलाई दिया छ ।'[१३३] अहिले पनि सोही कुरा सान्दर्भिक बन्दै आइरहेको छ । नेतृत्व वर्गले देशलाई कहाँ पुऱ्याउने हुन् त्यस विषयमा उनीहरू स्वयं नै अन्यौलमा रहेका छन् । परिणाम जनताहरू अन्यौलमा रहेका छन ।

२०४६ सालको जनआन्दोलनपछि देशले अन्तरिम सरकार, नेपाली कांग्रेसको एकलौटी सरकार, नेपाल कम्युनिष्ट पार्टी (एमाले) को अल्पमतको सरकार, ने.का, राप्रपा र सद्भावनाको गठवन्धन सरकारका अतिरिक्त अन्य कतिपय सरकारहरू बन्ने र भत्कने क्रम चलिरह्यो । यसअघि परिच्छेद ३ को ३.६ मा पनि आमचुनाव र अस्थिर सरकारको वारेमा उल्लेख भैसकेको छ। मूलधारका दलहरूमा सत्ताप्रतिको तिव्र लालसाले गर्दा छोटो अवधिमै पूर्व पञ्चहरूको पार्टी रा.प्र.पाले सरकार बनाउने र भत्काउने मुख्य साँचो लिन सफल भयो । जनआन्दोलनपछिको यति छोटो अवधिमै सत्ताको निर्णायक तहमा राजा समर्थक रा.प्र.पाको आगमनले पुरानै व्यवस्था ठिक ठान्नेहरू मध्यावधी निर्वाचन पछि विस्तारै टाउको उठाउन सुरु गरे । जनता ठूलो निर्णायक रहन्छन भन्ने कुरा ०४८,०५१ र ०५६ सालको निर्वाचनले देखाइदिएको छ । सत्ता चलाउन

---

[१३३] कृष्णप्रसाद भट्टराई, नेपाली काँग्रेस कता ? (यसको पुनर्गठनको ऐतिहासिक आवश्यकता), ***सम्मति द्वैमासिक,*** वर्ष २ अंक ४, पुष–माघ २०५६ पृ. ६ ।

दललाई कुन साईज दिने भन्ने कुरा जनताले निर्णय गर्दिएका छन् । जनताले हिजोकासंग पनि मिलेर काम गर भनेर जनादेश दिएका थिए । परिणाम मूलधारका राजनीतिक दलहरूलाई त्रिसंकू संसदमा मिलेर जानुपर्ने वाध्यता भयो ।

यसले के देखाउँछ भने राजनीतिक नेतृत्वका लागि जनता नै प्रेरणाको स्रोत हो । नेतृत्व कमजोर बन्नपुग्दा कहिलेकाँही सरकारमा सङ्कट पनि देखापर्न सक्दछ । जनयुद्ध सुरु भएपछि माओवादीको उद्‌गमस्थल होलेरीमा सेना परिचालन गर्ने सवालमा गिरिजाप्रसाद कोइरालाको आदेश काम लागेन् । ०५८ साल साउन ७ गते विद्रोहको सुरुवात गरेको स्थान रोल्पाको होलेरीमा माओवादीहरूले दोस्रो आक्रमण गरे । अपहरित हुन पुगेका चार दर्जन जति प्रहरीलाई फिर्ता गराउन सेना परिचालन गराउन खोज्दा सेना नमानेको भन्दै प्रधानमन्त्री पदमा रहेका कोइरालाले राजीनामा दिनु पऱ्यो । यस घटनामा प्रधानसेनापतिसँग राजीनामा मागिएन । यसले के देखाउँछ भने राजाको नेतृत्वमा रहेको सेनाले नेपाली कांग्रेसको नेतृत्वमा रहेको सरकारलाई यस अवधिमा असहयोग पुऱ्याउने काम गरेको थियो ।' होलेरीमा सेना परिचालन हुन नसक्नु निर्वाचित सरकारका लागि थप चुनौती थियो । सेना र दरवारको नियत संविधान र बहुदलीय व्यवस्थाप्रति ठिक थिएन । दरवार हत्याकाण्डमा संसदले मात्र काम गरेको भए राजा पछि गएर संविधानभन्दा माथि आउने हिम्मत गर्न सक्ने थिएनन । उनीहरूको महत्वाकांक्षाका कारण संसदलाई पुरा समय चल्न दिइएन । दल र नेताको राष्ट्रियतामा नेपाली जनताले प्रश्न गर्न पाइने थियो । तर नेपाली जनताले गरेनन् ।'[१३४]

प्रजातन्त्रका कारणले मुलुकमा समस्याको समाधान हुन नसकेको होइन, प्रजातन्त्रमाथि प्रहार गर्न नेपालको राजतन्त्र निकै तयारी साथ लागेको पाइन्छ । ठूला ठूला नेताहरूको तेजोवध गर्ने काममा भ्रष्टाचार काण्ड निकालेर उसको राजनीतिक चरित्र हत्या गर्ने कार्य यस अवधिमा थुप्रै भयो । गिरिजाप्रसाद कोइरालालाई धमिजाकाण्ड[१३५] लगाएर शानेवानिलाई नोक्सानीमा पुऱ्याएको भनियो । ०५१ साल असार २६ गते सदनमा धन्यवादको प्रस्तावपछि धमिजा प्रकरण प्रतिवेदन प्रस्तुत हुने कार्यक्रम थियो । तर कोइरालाले आफ्नै दलको सांसदको अनुपस्थितिमा धन्यवाद प्रस्ताव असफल भएपछि मध्यावधी निर्वाचनको सिफारिस गरे । प्रतिनिधिसभा सार्वजनिक लेखा समितिको प्रतिवेदन सदनमा प्रस्तुत हुन पाएन ।[१३६] यसैगरी पछिल्लो समयमा "पूर्व प्रधानमन्त्री तथा कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले अदालतको सम्मान र रक्षाका

---

[१३४] ***युवराज घिमिरे*** राजधानी दैनिकका प्रधान सम्पादक संग मितिः २०६६ साल भाद्र ९ मा लिइएको अन्तर्वार्ता ।

[१३५] नवराज अधिकारी, (सं.),***अन्तर्राष्ट्रिय मञ्च, भाग–***३, (काठमाडौं : अन्तर्राष्ट्रिय मञ्च, २०५८), पृ. ५६ ।

[१३६] हरिबहादुर थापा, ***भ्रष्टाचारको शल्यक्रिया,*** संगीता थापा (प्र.सं.), (प्रकाशक स्थान उल्लेख नभएको, २०६०), पृ. १९५ ।

लागि नभई निरंकुश शासनको प्रभावमा परी आफूविरुद्ध मुद्दा दायर भएको दावी गर्दै खारेजीको माग गर्नु भएको छ ।" 'यो सर्वोच्च अदालत र मेरा लागि परीक्षाको घडी हो ।' "अख्तियार दुरूपयोग अनुसन्धान आयोगसंगको मुद्दामा सर्वोच्चले आफ्नो विपक्षमा निर्णय सुनाएपछि कोइरालाद्वारा व्यक्त प्रतिक्रियाले अवहेलना भएको दावी गर्दै जनहित संरक्षण मञ्च नामक गैर सरकारी संस्थामा कार्यरत ६ कानून व्यवसायीले मुद्दा दायर गरेका थिए । उहाँले राजाको प्रत्यक्ष शासनका अगाडि सर्वोच्च निरीह र विवेकशून्य भएको उल्लेख गर्दै सर्वोच्चलाई नारायणहिटी दरबारभित्रै सार्न उचित हुने प्रतिक्रिया दिनुभएको थियो ।"[१३७] यस्तैगरि सर्वोच्च अदालतको विशेष इजलासले "भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठन तथा त्यसलाई निरन्तरता दिने कार्य संविधानको व्यवस्था र उद्देश्यविपरीत भई संविधानसम्मत नभएको ठहर गरेको छ ।"[१३८]

> "प्रजातन्त्रको पुनर्स्थापनापछि आ–आफ्नो संगठन विस्तार गर्न निर्वाचनको लागि आवश्यक साधन र स्रोत जुटाउन र लामो राजनैतिक संघर्षबाट थकित एवं दयनीय आर्थिक स्थितिमा रहेका आफ्ना कार्यकर्ताहरूलाई संगठित राख्न राजनैतिक दलहरूलाई आर्थिक स्रोत र साधनहरूको खाँचो हुनु स्वाभाविकै थियो । त्यसको लागि चन्दा वा अनुदान प्राप्त गर्नु राजनैतिक दलका लागि सामान्य कुरा हो । तर प्रजातान्त्रिक व्यवस्थामा सार्वजनिक संस्थाहरूको संचालन र काम कारवाही सबै पारदर्शी हुनुपर्ने भएकोले राजनैतिक दलहरूको आय र व्ययको स्रोत र तत्सम्बन्धी लेखा पनि पारदर्शी हुनु आवश्यक हुन्छ । यसबाट राजनैतिक भ्रष्टाचार र राजनीतिक अपराधीकरणमा धेरै हदसम्म रोक लाग्छ । संविधान सुझाव आयोगले सिफारिश गरेको संविधानको मस्यौदामा राजनैतिक दलहरूले आफ्नो आय र व्ययको लेखा राख्नुपर्ने र प्रत्येक वर्ष त्यसको लेखा परिक्षण गराउनुपर्ने व्यवस्था गरेको थियो । तर सबै आन्दोलनकारी दलहरू संलग्न रहेको अन्तरिम मन्त्रिपरिषद्ले त्यो व्यवस्था गर्न आवश्यक सम्झेनन् ।"[१३९]

यसरी नेपालका राजनीतिक दलहरूले भ्रष्टाचारको जरो संविधान निर्माणको क्रममै रोपेका रहेछन् । संविधान सुझाव आयोगले सिफारिश गरेको संविधानको मस्यौदामा कमसेकम दलहरूले प्रत्येक वर्ष लेखा परीक्षण गराउनु पर्ने प्रावधान त राखेको रहेछ । तर त्यस्लाई किन आन्दोलनकारी दल र अन्तरिम मन्त्रिपरिषद्ले त्यो व्यवस्थालाई संविधानमा राख्न डराए ? त्यसैको परिणाम "राजनैतिक भ्रष्टाचार, कमिशनखोरी, मादक पदार्थको व्यापार र तस्करी जस्ता आपराधिक क्रियाकलापहरू प्रजातन्त्रको पुनर्वहालीपछि नियन्त्रित हुनुको सट्टा राजनैतिक नेतृत्वको सहभागितमा झन व्यापक हुँदै गयो ।"

---

[१३७] *कान्तिपुर,* २६ असोज, २०६१ ।

[१३८] *गोर्खापत्र,* २०६२ साल फागुन २ ।

[१३९] विश्वनाथ उपाध्याय, "चरम वामपन्थी र चरम दक्षिणपन्थी दुवै खेमाबाट संविधान र प्रजातान्त्रिक व्यवस्थालाई चुनौती दिन थालिएको छ", *कानून,* २०५७ कार्तिक, पृ. १९ ।

राजाले आफ्नो शासनकालमा सवै ठूला दलका नेताहरूलाई भ्रष्टाचारमा मुछ्ने प्रयास गरे । उनले भ्रष्टाचार नियन्त्रणको अभियानलाई जनताको ध्यानकर्षण गर्न प्रचारबाजीको विषय वनाए । परिणाम स्वरूप जनताहरूलाई पार्टी नेतृत्वप्रति वितृष्णा फैलाउन संवैधानिक अंगहरूलाई कमजोर बनाउने र असंबैधानिक निकायको स्वेच्छाचारिता स्थापित गर्न शाही आयोग जस्ता निकाय उनको तजवीजमा आफू खुसी बनाए ।

> "भ्रष्टाचारविरुद्धको नारालाई चर्कोरूपमा उठाएर भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन गरियो, जसबाट एकातर्फ ०४७ सालमा स्थापित अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अधिकार क्षेत्रमा दख्खल दिने कार्य भयो । आयोगले भ्रष्टाचारका आरोपहरूमाथि पनि अनुसन्धान गर्छ र फैसलाका लागि विशेष अदालतमा सिफारिस पठाउँछ । ०५९ मा भ्रष्टाचारबिरुद्ध यसको अनुसन्धान शक्ति बढाएर प्रधानमन्त्री र मन्त्रीहरूमाथि पनि अनुसन्धान गर्न सक्ने बनाइएको हो । अर्कोतर्फ भदौ ०५९ मा स्थापित विशेष अदालत छ, जसले विशेषगरी भ्रष्टाचारका मुद्दाहरू हेर्ने गर्दछ । यस्ता निकायलाई शाही आयोगको स्थापनामार्फत् कमजोर बनाउने प्रयत्न गरियो भने अर्कातर्फ राजनीतिक विपक्षीहरूलाई अपराध मुद्दाअन्तर्गत बेइज्जत र कारवाही गर्ने प्रवृत्तिलाई बढावा दिइयो । यस्तो कदमबाट न भ्रष्टाचारका दोषिहरूमाथि कारवाही गर्ने राज्यसंयन्त्रलाई बलियो बनाउनेतर्फ योगदान मिल्यो, न त यसका लागि सहयोगी संरचनाहरू स्थापनाको संवैधानिक उपायहरूलाई प्राथमिकता दिइयो ।"[१४०]

लेखा समितिले पर्यटन राज्यमन्त्री भीम रावललाई चाइना साउथ वेस्ट जहाज १ वर्षका निम्ति "भाडामा लिंदा आर्थिक अनियमितता, बदनियतपूर्ण निर्णय र निगमको हित विपरित सम्झौता गरेका छन् र उनीमाथि हदैसम्मको कारवाहीका निम्ति" दिएको सिफारिसलाई लिएर एमालेले आश्चर्यमात्र व्यक्त गरेन । समितिको निर्णयको वैधानिकतामाथि प्रश्न उठायो । संसदीय अभ्यासमा सम्भवतः समितिको निर्णयमाथि चुनौती दिने पहिलो पार्टी एमाले हो ।[१४१]

यसरी मूलधारका राजनीतिक दलका केहि नेतामा बढ्दै गएको भ्रष्टाचारले ०४६ सालपछिको परिवर्तनबाट जनताले निराशा बाहेक केहि देखेनन् । बहुदलीय शासन व्यवस्थाको नेतृत्व असक्षम छन् भनेर विष बमन गर्ने कार्यमा प्रतिगमनकारी तत्वहरूको ठूलो भूमिका रह्यो । त्यसमा उनीहरू केही हदसम्म सफल पनि भए । एकातिर अधिकार र सत्तासुख खोसिन लागेका भाइ भारदार, दरबारिया, ठूला पन्च, उच्चस्तरका कर्मचारी, शाही सेना र प्रहरी प्रमुखहरू तथा मण्डलेहरू मौका पर्ना साथ प्रतिक्रान्ति मच्चाउनपछि पर्ने थिएनन् भने अर्कोतर्फ संयुक्त राष्ट्रिय जनआन्दोलन नामक मोर्चाअन्तर्गत संगठित चरमपन्थी कम्युनिष्टहरू आन्दोलनलाई बीचमै रोकी राजासँग संझौता गरेर धोका दिएको आरोप लगाउँदै जनता

---

[१४०] योगीश खरेल (सं.), ***मानवअधिकार वर्षपुस्तक २००६*** (नेपाली संस्करण), (काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र, २०६२), पृ.३१ ।

[१४१] (हरिबहादुर थापा), ***पूर्ववत् टिप्पणी*** नं. ५४, पृ. २०३ ।

भडकाउन उद्यत थिए।[१४२] यसप्रकार वामपन्थी र दक्षिणपन्थी दुवैथरी आन्दोलनको समयमा मात्र एक हुने अन्य अवस्थामा यिनीहरूबीचको असमझदारीकै कारण नेपालको प्रजातन्त्रले स्थायित्व लिन सकेको छैन ।

अन्तमा वैधानिक कानून वनाएर विधिवाट संचालित भएको देखाउने रहर हरेक सरकारलाई रहन्छ । त्यही रहर राणा सरकारलाई पनि थियो । झन ०७ सालको प्रजातान्त्रिक सरकारलाई नहुने त कुरै भएन । राष्ट्रिय मामिलामा दलहरू एक हुन नसक्ने असहमतिको संस्कृति ०७ सालदेखिकै समस्या थियो ।

०७ सालदेखि ०४७ सालसम्म नेपालको कुनै पनि संविधानको निर्माण संविधानसभाबाट बनेन । नेपाल अधिराज्यको संविधान ०४७ लाई उत्कृष्ट मानियो तर प्रयोग गर्दै जाँदा छोटो अवधिमा नै यसले विभिन्न सङ्कटहरू जन्माउँदै गयो । नेताहरूमा संविधान निर्माणको सुरुवातदेखि नै विश्वासको सङ्कट देखिँदै गएको थियो ।

०४७ सालको संविधानलाई कसैले कालो संविधान भनी विरोध प्रदर्शन गरे भने कसैले यसको आलोचनात्मक समर्थन गरे । कसैले यसको खुशियालीमा दिपावली गरे । कसैले यसको अग्निदहन गरे । संविधानले देशको समस्यालाई सम्वोधन गर्न नसक्दा संविधान मिच्ने प्रवृत्ति मात्र हैन संविधानको विरुद्धमा विद्रोहको आवाज समेत देखियो । आन्दोलनको उद्देश्य अनुसार ०४७ सालमा संविधान वन्न नसके पनि देशका यावत् समस्या विगत एक दशकसम्म जस्ताको तस्तै रहे ।

पद्धतीय व्यवहार अन्तरविरोध संविधान निर्माणपछि प्रशस्त देखिन थाल्यो । कांग्रेसभित्र मात्र होइन कम्युनिष्ट पार्टीहरूमा पनि पद्धतीय अन्तसम्बन्धको सङ्कट संविधान निर्माणपछि देखियो । साम्यवादी दर्शनमा सामन्ती सरकार, राजतन्त्रात्मक व्यवस्था आदि सवैलाई जरो किलो नष्ट गर्न खोजिएको हुन्छ । राजाले पद्धतिभित्र वसेर जति नै अस्वस्थ अप्रजातान्त्रिक कदम चालेपनि उनको त्यस कदमप्रति १२ वर्षे यस अवधिमा कुनै ठूलो विरोध हुन सकेन । जनआन्दोलनअघि नेकां एक्लैले पंचायत पद्धतिको विरोधमा लाग्दा उसले सफलता पाउन सकेको थिएन । पछि वाममोर्चा र कांग्रेसबीचको सहकार्यले राजनीतिक उद्देश्य हासिल भयो । बहुदलीय व्यवस्था पुनस्थापना नभएसम्मका लागि कार्यगत एकता गर्न पुगेको ने.का.ले राजाको निरंकुशतासँग भिडनका लागि वामपन्थी दलहरूसँग सहकार्य गर्नुपर्ने वाध्यता थियो ।

---

[१४२] सूर्यमणि अधिकारी, ***नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास,*** (प्र.सं.), (नई दिल्लि : निराला पव्लिकेशन्स, २०५५), पृ. ३९५ ।

सुरुमा माओवादीले जनयुद्ध सुरु गर्दा बहुदलीय व्यवस्थासँग उसको नकारात्मक दृष्टीकोण रहेको थियो । तर, पछि बहुदलीय प्रतिस्पर्धामा आउन दोस्रो जनआन्दोलनले बाध्य पाऱ्यो । त्यसैले पार्टी व्यवस्था सुदृढीकरण गर्ने हो भने व्यक्तिलाई हैन विधिसम्मत प्रक्रियालाई अगाडि ल्याउनुपर्दछ भन्ने देखियो ।

नेपाली कांग्रेसले ०७ सालको इतिहास देखाएर जनतामाझ आफ्नो अस्तित्व कायम राख्न खोजेको देखिन्छ । ०४६ सालको जनआन्दोलनपछि नेपालका राजनीतिक दलहरूले अन्तरिम सरकार, नेपाली कांग्रेसको एकलौटी सरकार, एमालेको अल्पमतको सरकार, गठबन्धन सरकार आदि विभिन्न सरकार बन्दै र वनाउँदै जाँदा पनि देशलाई कुनै स्थायित्व दिन सकेनन् । आन्दोलनको समयमा मात्र वामपन्थी र कांग्रेसबीच एक्यबद्धता हुने अन्य समयमा नकारात्मक सम्वन्धले पद्धतिभित्र स्थायित्व हैन अस्थिरता पैदा गराउँदै आएको देखिन्छ । यिनै विषयलाई समेटेर आगामी परिच्छेदमा राजनीतिक दलहरूको संस्थागत विकास र व्यवहारको सङ्कटलाई लिएर अझ विस्तारपूर्ण अध्ययन र विश्लेषण गरिएको छ ।

# परिच्छेद : सात

# राजनीतिक दलहरूको संस्थागत विकास र व्यवहारको सङ्कट

## ७.१ परिचय

नेपालमा स्थापना भएका जति पनि राजनीतिक दलहरू छन् ती सबै कुनै न कुनै राजनीतिक उद्देश्य र विचारधाराबाट प्रभावित भएका देखिन्छन । नेपालको सबैभन्दा पुरानो राजनीतिक पार्टी नेपाली कांग्रेसले राणा अधिनायकवादको विरुद्ध २००७ सालमा गरेको सफल आन्दोलनपछि राजतन्त्र फेरी शक्तिशाली बन्न पुग्यो । २००७ सालको आन्दोलनकारी शक्तिलाई लामो समय सत्तामा रहन नदिने नीति राजतन्त्रले अख्तियार गऱ्यो । २००७ सालदेखि २०१७ सालसम्मको दशकमा जति पनि प्रजातन्त्रका प्रयोगहरू भए तिनले देशको राजनीतिक स्थायित्वमा कुनै भूमिका खेल्न सकेनन् । वरु प्राप्त प्रजातन्त्रमाथि षडयन्त्र गर्ने काम मात्र भयो ।

### ७.१.१ दलहरूको संस्थागत विकास

नेपालमा जन्मिएका राजनीतिक दलहरू उपनिवेश र राष्ट्रिय स्वाधीनता संग्रामका लागि थिएनन् । न त यिनीहरूको उत्पत्ति व्यवस्थापिकाबाटै भएको थियो । संस्थात्मक सिद्धान्त, ऐतिहासिक संकट सिद्धान्त र विकासवादी सिद्धान्तमा नेपालका राजनीतिक दलहरू ऐतिहासिक सङ्कटबाट वढी प्रभावित भएका देखिन्छन् । ०७ सालको क्रान्तिले पहिलो पल्ट राजनैतिक दललाई वैधता प्रदान गऱ्यो तर देशमा व्यवस्था बस्न नपाएकाले राजनैतिक दलको संस्थागत विकासमा मात्र होइन प्रजातन्त्रको सुदृढीकरणका निमित्त पनि अवरोध आएको हो ।[१] सबैजसो राजनीतिक दलहरूको स्थापना विदेश (भारत) मा हुनु, राजनीतिक दलहरू माझको अन्तरसम्बन्ध र अन्तरक्रियामा विद्वेष र कटुताको अंश वढी हुनु र पार्टीहरू स्वयं अपेक्षाकृत रूपमा सुसंगठित, सचेत एवं कुशल नहुनु आदि जस्ता कमीकमजोरीहरू पार्टीभित्र रहे पनि समयको सापेक्षतामा राखेर हेर्दा राजनीतिक दलहरूले २००७ सालअघि प्रजातन्त्रको प्रवर्द्धनमा निर्वाह गरेको दायित्व उल्लेखनीय छ ।[२] नेपालका राजनीतिक दलहरूले विभिन्न समयमा विभिन्न भूमिका निर्वाह गरेका छन् : (क) राणा शासन विरुद्ध जनपरिचालन गर्ने कार्य (ख) बहुदलीय प्रणालीमा प्रजातन्त्रको अभ्यास (ग) पञ्चायती शासनको निषेध गर्ने काममा र (घ) राजतन्त्र उन्मूलन गरी गणतन्त्र स्थापना गर्ने कार्यमा दलहरूको निर्णायक भूमिका रहेको थियो ।

---

१ लोकराज बराल, ***राजतन्त्र कि प्रजातन्त्र*** ?, (प्रं.सं.), (काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स, २०६२), पृ. ११३ ।

२ भीम रावल, ***राजनीति र मानवाधिकार,*** (काठमाडौं : पैरवी बुक्स एण्ड स्टेशनरी, २०५६), पृ. ४१ ।

राणाशासन विरुद्धमा नेपाली जनतालाई संगठित र एक्यबद्ध गराउने उद्देश्यले प्रचण्ड गोरखा, प्रजापरिषद्, नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टीको उदय भएको थियो । महेन्द्रको पूरा कार्यकालभरि र वीरेन्द्रको शासनको सुरुवात सम्मपनि नेपालका सरकारी संचार माध्यमहरूले कांग्रेसलाई र अन्य विपक्षीहरू जो भारतमा निर्वासित भएका थिए तिनलाई अराष्ट्रिय तत्त्व भन्ने गर्थे । यस्तै किसिमको शब्द राणाहरूले पनि ०७ साल अघि प्रयोग गर्ने गरेका थिए ।[३] नेपालका राजनीतिक दलहरू धेरैजसो आन्दोलनकै क्रममा जन्मिएका हुन् । ०७ सालदेखि ०१७ सालसम्मको अस्थिर राजनीतिक वातावरणमा नेपालका राजनीतिक दलहरू क्रियाशील हुन गएका थिए । व्यापक राजनीतिक उद्देश्य र विचारधाराका साथ जन्मिएका दलहरूमा नेपाली कांग्रेस राणाशासनको समाप्तिका लागि आन्दोलनरत थियो । कांग्रेसले हिंसाको जगमा खडा भएको सत्ताको विरुद्धमा ०७ साल र ०१७ सालपछि मात्र हतियार उठाएको थियो । अन्य अवस्थामा यसले कहिल्यै हिंसाको समर्थन गरेन । दलहरूलाई दवाएर सिध्याउने रणनीतिमा नेपाली राजतन्त्र प्रजातन्त्र प्राप्तिपछि पनि लागिरह्यो । राजाको निरंकुशतासँग भिड्न सुरुमा नेपाली कांग्रेस एक्लै लागि परेको थियो । राजासँग घाँटी जोडिएको छ भन्नु एक चरणमा त्यो उसको रणनीति थियो भने वामपन्थी दलहरूसँग सहकार्य गर्नु उसको वाध्यता देखिन्छ ।

> पूँजीवादी प्रजातान्त्रिक दार्शनिक धरातलमा विचारधारात्मक रूपले क्रान्तिकारी शक्तिहरूसँग मुकाबिला गर्ने मुख्य शक्ति पनि नेपाली कांग्रेस नै हो । त्यसकारणले गर्दा क्रान्तिकारी शक्तिहरूको नेपाली काँग्रेससँग नै अहिले प्रत्यक्ष टक्करको स्थिति छ । यस स्थितिमा पनि क्रान्तिकारीहरूले के कुरा बिर्सनुहुँदैन भने सामन्ती अधिनायकवादी निरंकुशतन्त्र लाद्ने राजतन्त्रको प्रतिगामी षडयन्त्रको विरुद्ध सम्भव भएसम्म यो शक्तिसँग एकता कायम गर्ने नीति लिनुपर्दछ ।[४]

कम्युनिष्टहरूको विश्लेषणमा यो पार्टी पूँजीपतिवर्गको प्रतिनिधित्व गर्ने पार्टी भए पनि यसको अन्तरविरोध कम्युनिष्टहरूसँग नभएर निरंकुश राजतन्त्र र निर्दलीय पञ्चायती व्यवस्थासँग लामो समय रहिरह्यो । नेपाल कम्युनिष्ट पार्टीलाई एशियाको 'कान्छो पार्टी' मानिएको छ ।[५] यसको स्थापनामा भने केही विवाद देखिएको छ । कसैले यसलाई १५ सेप्टेम्वर, १९४९ कसैले २२ अप्रिल १९४९ भनेका छन् । एशियामा सबभन्दा पछिल्लो कम्युनिस्ट पार्टीका

---

३ डेभिड एन. गेलनर र अन्य (सम्पादक), ***नेशनालिज्म एण्ड इथ्नीसीटी ईन ए हिन्दू किंगडम,*** (इण्डीया : हारउड एकेडेमिक पब्लिशर्श, १९९७), पृ. ४७ ।

४ प्रकाश, ***क्रान्तिकारी मार्क्सवाद र नेपाली क्रान्ति* (भाग एक),** (प्रं.सं.), (काठमाडौं : युगान्तर प्रकाशन, २०५९), पृ. १३५–१३६ ।

५ *पुष्पलाल,* ने.क.पा., ***नेपाल कम्युनिष्ट पार्टीको अठार्‍ह वर्षको क्रान्तिकारी संघर्षको सिंहावलोकन एवं शिक्षा,*** (बनारस : का. पुष्पलाल, मंसिर २०२५), पृ. ९ ।

रूपमा ई. १९४९ मा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो ।[६] 'का. अयोध्या सिं र का. पुष्पलालको भनाई अनुसार पार्टी जन्मदिन १५ सेप्टेम्बर हो भने का. पुष्पलालबाहेक अरु ३ जनाको भनाईअनुसार पार्टी जन्मदिन २००६, वैशाख (२२ अप्रेल) हो ।'[७]

नेपाल कम्युनिस्ट पार्टी सन् १९६० पछि नेपाली कांग्रेसभन्दा ज्यादै कम प्रभावशाली वन्यो सुरुमा उसले सदैव नेपाली कांग्रेसलाई आफ्नो प्रधान शत्रु मानिआएको छ । नेपाली कम्युनिस्ट पार्टी कार्यान्वयनमा भन्दा विशेषगरी त्यस समय कागजी कार्यमा मात्र सीमित भए । त्यस समय अन्तरपार्टी कलह अत्यधिक वृद्धि भएको थियो । राजा महेन्द्रको संसदीय प्रजातन्त्रको विघटनले साम्यवादी दलहरू अन्यौलमा परे ।[८] ने.क.पा एमाले ०४६ सालपछिको नेपाली राजनीतिमा नेका पछिको सबैभन्दा ठूलो पार्टी वन्न पुगेको छ । दुई मुख्य कम्युनिस्ट पार्टी नेकपा (मार्क्सवादी) र नेकपा (मार्क्सवादी–लेनीनवादी), नेपाल मजदुर किसान पार्टीलगायत मानन्धर, वर्मा, चौ.म र अमात्य समूहसहितको सात वामघटकहरूले संयुक्त वाम मोर्चा (युनाइटेड लेफ्टिीस्ट फ्रन्ट) को गठन गरे ।[९]

नेपाली कांग्रेसलाई मासवेस पार्टी भनिन्छ । यो पार्टी अध्यक्षात्मक प्रणालीबाट चलेको पाइन्छ । सामूहिक नेतृत्वको अभाव यसमा रहेको देखिन्छ । अर्कोतिर नेपालको साम्यवादी आन्दोलनभित्र उग्रवादी, दक्षिणपन्थी र क्रान्तिकारी धारहरू एकआपसमा द्वन्द्वरत देखिएका छन् । वामपन्थी एकतामा जोड नदिने कोही छैनन् तर पनि एकआपसमा गालिगलौज तीव्र रूपमा हुने गरेको भएको पाइन्छ । समर्पण पनि हैन संघर्ष पनि हैनको स्थितिमा नेकपा (एमाले) लाई यसरी पनि वुझ्न सकिन्छ ।

> "सैद्धान्तिक, राजनैतिक र व्यावहारिक सबै पक्षहरूबाट विश्लेषण गर्दा यो कम्युनिष्ट पार्टीबाट संशोधनवादी पार्टीका रूपमा पतन भइसकेको छ । तसर्थ, यो देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिहरूका सामु आत्मसमर्पण गर्दै तीव्र रूपमा प्रतिक्रियावादी दिशामा अघि बढिरहेको दक्षिणपन्थी संशोधनवादी पार्टी हो । यो अहिले प्रतिक्रियावादी भूमिकामा छ ।
>
> एमालेले सर्वहारावर्गीय दृष्टिकोण र क्रान्तिकारी सिद्धान्तलाई परित्याग गरिसकेको छ । एमालेको मुख्य घटक नेपाल कम्युनिष्ट पार्टी (मा.ले) को मूलधार २०२८ सालको झापा आन्दोलनबाट जन्मेको हो । त्यतिबेला वर्गशत्रुखतम अभियानको उग्रवामपन्थी भड्काव यसको विशेषता थियो । नेपाली कम्युनिष्ट आन्दोलनमा दक्षिणपन्थी संशोधनवादविरोधी सङ्घर्षको टड्कारो खाँचो, चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्तिको उज्यालो, छिमेकी भारतको

---

६ *(पुष्पलाल),* ***पूर्ववत् टिप्पणी*** नं. ५, पृ.९ ।

७ तुल्सी लाल अमात्य, ***संस्मरणका पानाहरू,*** (प्रं.सं.), (ललितपुर : तुल्सी लाल स्मृति प्रतिष्ठान, २०६२), पृ. २५७ ।

८ लोकराज बराल, ***अपोजिसनल पोलिटिक्स इन नेपाल,*** (न्यूदिल्ली : अभिनव पब्लिकेशन्श, सन् १९७७), पृ. ८२ ।

९ टी.लुइ्ज ब्राउन, ***द च्यालेन्ज टू डेमोक्रेसी ईन नेपाल,*** (लण्डन : राउटलेज, सन् १९९६), पृ. ११५ ।

नक्सलवादी आन्दोलनको प्रभाव र निम्नपूँजीवादी तत्वहरूको तत्कालै क्रान्ति गर्ने क्रान्तिकारी रोमान्सभावको योगबाट झापा आन्दोलनको जन्म भएको थियो । चिनियाँ अध्यक्ष हाम्रो अध्यक्ष, माओ विचारधारा र चारुको क्रान्तिकारी लाइन नमान्नेहरू गद्दार हुन, जनवर्गीय सङ्गठन र जनआन्दोलनको आवश्यकता छैन, बुर्जुवा शिक्षाको बहिष्कार गर्नुपर्दछ, एक एरिया, एक युनिट, एक स्क्वाड र एक एक्सनका आधारमा वर्गशत्रु खतम गर्ने सशस्त्र कारवाही अगाडि बढाउनुपर्दछ भन्ने जस्ता मान्यताका आधारमा अघि वढेको झापा आन्दोलन उग्रवामपन्थी भड्कावको शिकार भएको थियो ।[१०]

नेकपा (एमाले) सुरुमा मार्क्सवादी दर्सनको वर्गसंघर्षलाई नेपालको राजनीतिमा प्रवेश गराउन सफल भएपनि जनआन्दोलन ०४६ पछिका दिनहरूमा उसले क्रान्तिकारी सिद्धान्तलाई परित्याग गर्न पुगेको छ । सोभियत संघ र पूर्वी युरोपका मुलुकहरूमा शीतयुद्धको समाप्तिपछि आएको परिवर्तन सँगै नयाँ जनवादमा बहुदलीय जनवादको विकास गरियो । यसबाट के देखिन्छ भने एमालेले क्रान्तिकारी धारलाई त्यागेर दक्षिणपन्थी संशोधनवादको मार्गलाई अपनाएको त हैन? किनकि ०४६ सालपछि उसको रणनीति जसरी हुन्छ संसदमा गएर आफ्नो वर्चश्व कायम राख्नु थियो । 'त्यसैले एमाले क्रान्तिकारी आन्दोलनको नेतृत्व गर्ने सर्वहारावर्गको पार्टी अर्थात् कम्युनिष्ट पार्टी होइन भन्ने कुरा एकदमै प्रष्ट छ । यो दक्षिणपन्थी संशोधनवादी अवसरवादी पार्टी हो ।'[११]

प्रजातान्त्रिक सरकार जिम्मेवारीले चल्छ शक्तिले होइन । दलहरूलाई नेपालमा अझैसम्म वित्तीय नियन्त्रण लगाउन सकिएको छैन । राज्यले दलहरूलाई खर्चको व्यवस्था नगरेसम्म दलहरूमा पारदर्शिताको कल्पना गर्न सकिदैन । आन्तरिक प्रजातन्त्रको अभावले नेपालको कतिपय राजनीतिक दलहरूमा परिवारवादको हावी भएको पाइन्छ । प्रजातन्त्रमा जनताहरूको सहभागिता पनि अपरिहार्य बनेको हुन्छ । जनतालाई विश्वासमा नलिई प्रजातन्त्रमा कुनै निर्णय गर्न सकिंदैन । प्रजा परिषदको स्थापनापछि देखिएको राजनैतिक दलहरूको विकास र विस्तारमा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीको भूमिका महत्त्वपूर्ण रहेको छ ।

आन्तरिक प्रजातन्त्रको सवालमा नेपाली कांग्रेस र नेकपा (एमाले)ले आफूलाई सदैव नमूनाकै रूपमा पेस गर्न खोजेको देखिन्छ । नेपाली कांग्रेस सुरुदेखि नै एउटा लोकतान्त्रिक मूल्य र मान्यता बोकेको पार्टी हो भन्ने मान्यता समाजबाट पाएको छ । तर नेकपा (एमाले) मा अझैसम्म पनि पार्टीको झण्डा र चिन्हको कारण उसमा ढुलमुले चरित्र देखिएको छ । प्रशासनले दलीय गतिविधिहरू निषेध गरिएको अवस्थामा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीले मात्र निर्दलीय शासनव्यवस्थाको विरोधमा मोर्चावन्दी गरेर पञ्चायती सत्तालाई अप्ठेरोमा पार्ने काम

---

[१०] प्रकाश, ***क्रान्तिकारी मार्क्सवाद र नेपाली क्रान्ति*** (भाग एक), (प्रं.सं.), (काठमाडौं : युगान्तर प्रकाशन, २०५९), पृ. १३७–१३८ ।

[११] ***ऐजन,*** पृ. १३९ ।

गरेका थिए । नेपालका यी ठूला पार्टीले जसले राणाकालदेखि निरंकुश अधिनायकवादको विरुद्धमा आवाज उठाइरहे । यो क्रम जनआन्दोलन २०४६ सम्म जारी रह्यो । कांग्रेस र कम्युनिष्ट मिलेरै तत्कालीन निर्दलीय पञ्चायती व्यवस्थाको विरुद्ध चालिएको संयुक्त जन आन्दोलनको परिणामले नेपालमा सम्वैधानिक राजतन्त्रअन्तर्गत वहुदलीय प्रजातान्त्रिक व्यवस्थाको सुरुवात गरेको थियो ।

## ७.१.२ राजनीतिक दलहरूको सिद्धान्त, संगठन नीति र कार्यक्रम

कम्युनिस्ट, कांग्रेस र दरवारको त्रिपक्षीय समझदारीमा नेपाल अधिराज्यको संविधान–२०४७ निर्माण भएको थियो । यस संविधानको धारा ११२ मा राजनैतिक संगठन वा दललाई प्रतिबन्ध लगाउन बन्देज गरिएको थियो ।

> (१) समान राजनैतिक उद्देश्य र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले यस संविधानको धारा १२ को उपधारा (२) को प्रतिवन्धात्मक वाक्यांश (३) अन्तर्गत बनेको कानूनको अधीनमा रही आफ्नो इच्छानुसार राजनैतिक संगठन वा दल खोल्न, सञ्चालन गर्न र सो उद्देश्य तथा कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार र प्रसार गर्न, गराउन वा सो प्रयोजनको लागि अन्य कुनै कार्य गर्न सक्नेछन् । त्यस्तो कुनै कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी जारी भएको कानून वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकूल मानिने र अमान्य हुनेछ ।
>
> (२) कुनै एउटै राजनैतिक संगठन वा दल वा एकै किसिमको राजनैतिक विचारधारा भएका व्यक्तिहरूले मात्र निर्वाचन वा देशको राजनैतिक प्रणालीमा भाग लिन वा सम्मिलित हुन पाउने गरी जारी भएको कानुन वा गरिएको कुनै व्यवस्था वा निर्णय यस संविधानको प्रतिकूल र अमान्य हुनेछ ।
>
> (३) उपधारा (२) मा उल्लेख भएको उद्देश्यबाट वा धर्म, सम्प्रदाय, जात, जाति, वा क्षेत्रीयताको आधारमा गठित राजनैतिक संगठन वा दललाई निर्वाचन आयोगले राजनैतिक संगठन वा दलको रूपमा मान्यता दिने छैन ।[१२]

२०४८ सालको संसदीय निर्वाचनपछि नेपाली कांग्रेसलाई एकलौटी सरकार बनाउने हैसियत मिल्यो । प्रतिपक्षमा रहन नेकपा (एमाले)लाई जनताले अनुमोदन दिएका थिए । प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित प्रधानमन्त्री झैं गिरिजाप्रसाद कोइराला भन्ने गर्थे– "नेपाली जनताले मलाई पाँच वर्षसम्मकै लागि प्रधानमन्त्री पदमा नियुक्त गरेका हुन" ।[१३] यथार्थमा हेर्ने हो भने उनको यस शैलीमा लुइ चौधौंले "म नै राज्य हुँ" भने झैं कतै "नेपाली काँग्रेस भनेकै मै हुँ !" भन्न खोजेजस्तो आसय देखिन्थ्यो । पहिलो संसदीय निर्वाचनबाट सरकारमा पुगेदेखि नै सरकार

---

[१२] ***नेपाल अधिराज्यको संविधान–२०४७,*** (काठमाडौं : कानून किताब व्यवस्था समिति २०४७), पृ. ६६ ।

[१३] इश्वर रिजाल, ***राष्ट्रिय राजनीति र जनतान्त्रिक अभ्यासको प्रश्न !*** , (ललितपुर : मेघा प्रकाशन, २०५७), पृ. २७ ।

पक्ष र दल पक्षका कार्यकर्ताहरूमा आफ्नैपार्टीभित्र प्रतिपक्षको भूमिका समेत देखिनु लज्जास्पद देखिन्छ ।

इतिहासमा उदारवादीहरूसँग निरंकुश शासकहरूले सदैव टक्कर लिएको पाइन्छ । नेपालमा दल र राजाबीच ०५९ असोज १८ पछिको विवादलाई यसै रूपमा हेर्न सकिन्छ । नेपालको शासनसत्ता लामो समय सदैव एउटै जात, वर्ग र समुदायकै वरिपरि रहन गयो । जवकि मुलुकभित्र यत्रो जनसांख्यिक र जातिगत विविधता रहेको छ ।

> "नेपाली समाजको संरचना हेर्दा जाति व्यवस्था भित्रका समुदायहरू ३७.७ प्रतिशत आदिवासी जनजातिहरू, १३ प्रतिशत दलितहरू र धार्मिक अल्पसंख्यक तथा अन्य जस्तै : (मुस्लीम,चुरौटे) ४.३ प्रतिशत रहेको पाइन्छ ।
>
> राज्यले हाल सम्म ५९ जनजाति समुदायलाई आदिवासी जनजाति भनेर पहिचान गरिसकेको छ । यी ५९ जनजाति समुदायहरूलाई पनि विकासका सूचकहरूमाथि पहुँच हुने र नहुने, पहुँच अलि बढी हुने र कम हुने आधारमा सामाजिक, आर्थिक, विकासको अवस्था, भू स्वामित्वको अवस्था आदिको आधारमा लाभ पाउने, लाभबाट बञ्चित हुने, छेउ लगाइएका, अति छेउ लगाइएका र संख्या घटेर लोप हुने अवस्थामा पुगेका गरी पाँच कित्तामा वर्गीकरण गरिएको पाइन्छ । "[१४]

प्रजातन्त्र प्राप्तिपछि सुरुमा राजनीतिक दलहरूको जुन चमत्कारिक छवि थियो विस्तारै विस्तारै नेपाली जनताबाट दलहरू टाढिन पुगे । जनताको मुद्दाबाट नेपालका राजनीतिक दलहरू अलग्गीएर व्यक्तिगत स्वार्थमा ठोक्किन पुगेका छन् । नेपालका राजनीतिक दलहरूले विगतको इतिहासवाट पाठ सिक्नै चाहेनन् ।

"०१७ सालपछि जब राष्ट्रिय विचारधारामा आधारित राजनीतिक पार्टीहरूलाई प्रतिबन्धित गरियो, त्यसबेला नै राष्ट्रियतामाथि खतराको बीजारोपण भएको हो । पार्टी प्रतिबन्धित गरिएपछि सबै राजदूतावासहरूले मैत्री संङ्घको नाममा आ–आफ्नो पार्टी खोले र सांस्कृतिक केन्द्र, पुस्तकालय आदिको आड लिएर खुलेआम आफ्नो राजनीतिक सङ्गठन गर्न पाए ।"[१५] कसै कसैले अहिले पनि दलभित्र विदेशीहरूको प्रभाव छ भनेर यस्तै यस्तै घटनाकै कारणले भनेको हुनुपर्दछ । "पद्धति निर्माणका क्रममा शासनमा जनताको प्रत्यक्ष र व्यवस्थापिकाको अप्रत्यक्ष  नियन्त्रण रहने, सर्वसाधारणको पहुँच सुनिश्चित हुने प्रणाली निरूपण गर्ने दिशामा गम्भीर चिन्तन प्रारम्भ गर्नुपर्ने भएको छ । नागरिकस्तरबाटै अव शास्त्रीय संसदीय

---

[१४] ***नेपाल जनसंख्या प्रतिवेदन २०६७,*** (काठमाडौं : नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, २०६७), पृ. १४८ ।

[१५] विपिन कोइराला, ***राष्ट्रियता कहिल्यै खोटो सिक्का हुँदैन (अन्तर्वार्तासङ्ग्रह)***, (प्रकाशन स्थान उल्लेख नभएको : राजेश/रविन कोइराला, २०६८), पृ. १५ ।

प्रथालाई बिदा र लोकतन्त्रलाई उन्नत बनाउने तरखर नगरी न त अब दलहरू सच्चिन्छन्, न देश नै सप्रिन्छ ।"[१६] प्रजातन्त्रमा राजनीतिक दल सर्वोपरी रहेको हुन्छ । सरकारलाई नियन्त्रण र सन्तुलनमा राख्न दलले यस्तो एउटा संयन्त्र स्थापना गर्न सक्नुपर्दछ जसबाट मुलुकमा पद्धतीले काम गर्ने वातावरण वन्न सकोस ।

वैचारिक नीति र कार्यक्रमका सम्वन्धमा नेपाली कांग्रेस र नेकपा (एमाले) बीच बेला बेलामा राजनीतिक इस्यूहरूलाई लिएर मतभेदहरू हुने र वढ्ने गरेको पाइन्छ । एमालेले आफ्नो ९ महिने शासनकालपछि विस्तारै यसले आफ्नो वामपन्थी पहिचानलाई विस्तारै त्याग्दै गएको देखिन्छ । सावधानीपूर्वक पाइला चाल्ने र न्यूनतम परिवर्तन र न्यूनतम सुधारका कार्यक्रम ल्याउने नीति एमालेले अपनाएको देखिन्छ ।

नेपाली कांग्रेसले भने ०४७ सालपछि आफूलाई सवै वर्ग र जातिको लागि संसदीय प्रजातन्त्रमा विश्वास राख्ने प्रजातान्त्रिक समाजवादको लक्ष्यमा अगाडि वढाएको दल जहाँ सबै देशभित्रका नागरिकहरू पार्टी भित्र "मिसिन सक्छन" भन्ने आशामा ०५६ सालको आम निर्वाचनको समयमा नेका र नेकपा (एमाले)ले "समान नीतिगत प्रतिबद्धता" प्रतिविम्बित भएको त्यस समय पुनः परिभाषित गऱ्यो ।[१७]

सबैलाई समेटेर पार्टीको सदस्यता दिलाउने लहर अन्तर्गत नेपाली कांग्रेसले पञ्चायतबाट आएका, कम्युनिष्टबाट आएका, भूमिपतिहरूबाट आएका सबैलाई सदस्यता दिने ज्यादै लचिलो बाटो अपनायो । 'मौका पाउँदा पनि यो दल मुलुकमा सामन्तवादको जरा फाल्न दोधार हुन्छ मानौं नेकाको समाजवाद भनेको मध्यमवर्गमा आधारित नीति हो र आजको जनचाहनाअनुसार यो हिँड्न सक्तैन ।

यसैले आज नेका भूमिसुधार नीति लागु गर्न डराउँछ । कम्युनिस्ट मात्र प्रगतिशील हुन्छन् भन्ने धारणाले नै आज कम्युनिस्टप्रति आकर्षण बढेको हो । राजनीति विश्लेषक लोकराज बरालको कथन सान्दर्भिक हुन्छ : 'मैले तीन चार वर्ष पहिले नै यी दलहरूलाई माओवादीको सुधारका योजना खोस्न सकेका खण्डमा मात्र नेपालजस्तो जस्तो देशमा उदार प्रजातन्त्रको भविष्य निश्चित हुन सक्छ भनेको थिएं ।'[१८] अर्कोतर्फ एमालेले पनि कांग्रेसमा भन्दा वढी नयाँ पुस्ताका कार्यकर्ताहरूलाई दलभित्र भित्र्याउन सफल भयो ।

---

[१६] श्रीकृष्ण अनिरुद्ध गौतम, "राजनीतिक दलहरू होसियार", ***नेपाल,*** ११ फागुन, २०६५, पृ. १५ ।

[१७] स्टेफेन जे. किलिङ (सम्पादन), ***नेपालमा गरिबमुखी शासन*** **: एक मूल्याङ्कन**, (प्रं.सं.), (इनेब्लिङ्ग स्टेट प्रोग्राम प्रकाशन स्थान उल्लेख नभएको, २०५८), पृ. १७ ।

[१८] लोकराज बराल, प्रजातन्त्रका लागि मध्यमवर्ग, ***कान्तिपुर,*** आइतवार, १२ कात्तिक, २०६३ ।

नेपाली कांग्रेस र एमाले दुईवटै दल बढीभन्दा बढी कार्यकर्ताहरू भित्र्याउन सफल भएका छन् । नेकांको 'सक्रिय' सदस्यसंख्या २०४६–४७ सालतिर करिव ३० हजार मात्र रहेकोमा २०५६ को अन्तसम्ममा १,२१,००० पुग्यो । त्यसै गरी एमालेका 'संगठित' सदस्यहरूको संख्या २०५२ सालमा ४२,७११ रहेकोमा २०५७ सालको फागुनसम्ममा बढेर ८५,००० पुग्यो । नेपाली कांग्रेसतर्फ करिव सात लाख 'साधारण' सदस्य छन् भने एमालेका 'साधारण' सदस्यहरूको संख्या चार लाख छ ।[१९] यत्रो सदस्यसंख्या नेपाली कांग्रेसमा रहेपनि आउने दिनमा नेपाली राजनीतिको केन्द्रविन्दु एमाले वा माओवादीमा सर्ने निश्चित देखिएको छ । किनकि नेपाली कांग्रेसले उग्रवामहरूसँग सहकार्य गर्न सक्दैन् ।

मूलधारको राजनीतिबाटै नेपाली कांग्रेसले आफ्नो भविष्य निश्चित गर्न सक्नुपर्दछ । तर, नेका अझैसम्म हिजोको इतिहास भजाएर खान खोज्दैछ । प्रजातन्त्रलाई खाली चुनावसँग मात्र हेर्न थालेकै परिणाम हो दोस्रो जनआन्दोलन ०६२/०६३ पछि नेपाली कांग्रेसको हविगत । तसर्थ, 'दलहरूको संस्कार परिवर्तन भएन र प्रजातन्त्रको नाउँमा पुरानै खानपानको शैली हावी भए अराजक क्रान्तिको बीजारोपण हुन्छ ।...परिवर्तन लोकतान्त्रिक हुँदाहुँदै पनि प्रगतिशील भएन भने गरिब र उत्पीडित जनताका लागि निरर्थक हुन्छ ।'[२०] त्यसैले ठूला दलहरूमा 'सुविधाभोगी' हुने र 'काठमाडौं मुखी' हुने प्रवृत्ति कम गर्न सकिएमा दलको लोकप्रियता बढ्ने निश्चित छ ।

बेला बेलामा यी दुई ठूला पार्टीहरूको लोकप्रियता कम गर्ने प्रयास सत्तारुढ शासकहरूबाट नभएको पनि हैन् । यति गर्दा पनि दलहरूले २००७ सालदेखि नै प्रजातन्त्रलाई जोगाउन सकेका थिए न त राष्ट्रियतालाई । प्रजातन्त्र कमजोर भएर मुलुकको समस्या गर्न नसकिएको हो कि दलहरू कमजोर वनेर यो अझै अनुत्तरित प्रश्न बनिरहेको छ । जहिले पनि दलहरूलाई कमजोर देखाएर नेपाली राजतन्त्रमात्र सबै समस्याको समाधानकर्ता हो भन्ने देखाउन विभिन्न शक्तिहरूले ०४६ पछिको एक दशकसम्म पनि लागिरहे । प्रजातान्त्रिक शासन व्यवस्थामा कुनै पनि किसिमको अधिनायकवादी शासन व्यवस्थालाई स्थान दिनु भनेको भविष्यमा त्यो प्रजातन्त्रका लागि खतरा सावित हुन्छ भन्ने कुरा ०६२।०६३ को जनआन्दोलनले देखाइदिएको छ ।

### ७.१.३ व्यवहारको सङ्कट

०४६ सालको जनआन्दोलनमा राजनीतिक दलहरूले कार्यगत एकता गरेर निरंकुश अधिनायकवादी शासनलाई संवैधानिक वनाउन सफल भए । दैवी अधिकार भएको ठान्ने नेपाली राजतन्त्र दलहरूको सम्झौतामा सीमित हुन वाध्य भयो । सकिय राजतन्त्रलाई संवैधानिक

---

[१९] (स्टेफेन जे. किलिङ), ***पूर्ववत् टिप्पणी*** नं. १७, पृ. १७ ।

[२०] लोकराज बराल, 'संक्रमणकालीन एकताको खाँचो', ***कान्तिपुर,*** शुक्रबार ७ वैशाख, २०६४ ।

बनाउन जनआन्दोलनले दवाव दियो । देशको संविधान निर्माणपछि राजनीतिक दलहरूबीच नीति र कार्यक्रममा पहिले जस्तो ठूलो मतभेद देखिएन ।

तर, २०४८ सालको आमनिर्वाचन लगत्तै दलहरूबीच फेरी दूरी वढ्दै गयो । सबै प्रमुख राजनीतिक दलहरूले संवैधानिक राजतन्त्र, मानव अधिकार, जनतामा निहित सार्वभौमसत्ता र बहुदलीय प्रजातन्त्र जस्ता संविधानका आधारभूत पक्षहरूलाई स्विकारे तापनि कतिपय सवालमा दलहरूको भूमिका दोधारे नै रहेको थियो । ०४६ का आन्दोलनकारी शक्तिहरूले मुलुकमा ल्याएको परिवर्तनलाई आफैंले खाल्डोमा पुर्ने काम गरे । परिवर्तनलाई सम्हाल्न र सञ्चालन गर्न नसकेर परिवर्तनको विपरीत लहरमा तिनीहरू देखिन पुगे ।

नेपालको प्रजातन्त्रलाई जोगाउनु भन्दा कसरी सिध्याउन सकिन्छ भनी नेपालको राजतन्त्र मात्र होइन स्वयं माओवादी पनि लागिरह्यो । त्यसैले प्रजातन्त्रकै कारण मुलुकभित्रको समस्या समाधान गर्न नसकिएको भने हैन । कमजोर प्रजातन्त्रकै कारण मुलुक सफ्ट स्टेट सिन्ड्रोममा गएपछि मुलुकको समस्या समाधान गर्न नसकिएको पो हो कि ? यसमा विदेशी शक्तिले पनि नेपालको प्रजातन्त्रमाथि बरोवर आक्रमण भै रहँदा कुनै सक्रियता देखाउन सकेका छैनन । जवाफदेहिताको अभाव सँगै वढ्दो भ्रष्टाचारका कारण देशमा अन्यौल र अस्थिरता देखा परिरहेको छ ।

नेपाल अधिराज्यको संविधान–०४७ पछि सम्पन्न तीन संसदीय निर्वाचनहरू क्रमश: ०४८, ०५१ र ०५६ सालको निर्वाचनहरूमा दलहरूले प्राप्त गरेको स्थान र मतपरिणामले के देखाएको थियो भने सुरुमा नेकाले अग्रस्थान हासिल गरेकोमा दोस्रो स्थानमा एमाले आयो । तर, जनताको आशालाई नेकाले निराशामा पुऱ्यायो । जनसमर्थन गुमाएर ०५१ को मध्यावधिमा नेकाले पार्टीभित्रै थुप्रै असन्तुष्ट विद्रोही उम्मेदवारको जन्म दियो । समग्रमा यसले पनि सर्वसाधारणको समस्या वुझ्न सकेन ।

नेपाली कांग्रेसले आफू सत्तारुढ भएको वखत सम्पन्न स्थानीय निकायको निर्वाचनमा २०४९ सालको परिणामलाई हेर्दा उसले ५० प्रतिशत भन्दा बढी क्षेत्रमा कव्जा जमाउन सफल भएको देखिन्छ । तर, ०५४ सालको स्थानीय निर्वाचनमा आइपुग्दा गाविस र नपामा यसले प्राप्त गरेको स्थान करिब ३० प्रतिशतमा ओर्लियो भने जिविसहरूमा त केवल १४ प्रतिशतमा ओर्लियो । तर एमाले भने ५० प्रतिशत भन्दा वढी स्थानमा विजय हासिल गर्न सफल भयो । वि.सं.२०५६ सम्मको आमनिर्वाचनमा नेपालमा एक सय २८ दल निर्वाचन आयोगमा दर्ता भएका थिए । तर, जनताले मुख्य रूपमा तल उल्लिखित दलहरूलाई मात्र मत दिएर पठाए ।

**प्रजातन्त्र प्राप्ति पछि सम्पन्न निर्वाचन परिणाम**

| दलहरू | निर्वाचित स्थानहरूको संख्या | | | प्राप्त भएको प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | २०४८ साल | २०५१ साल | २०५६ साल | २०४८ साल | २०५१ साल | २०५६ साल |
| नेका | ११० | ८३ | ११२ | ३८ | ३३ | ३६ |
| एमाले | ६९ | ८८ | ७० | २८ | ३१ | ३१ |
| माले | ० | ० | ० | ० | ० | ६ |
| राप्रपा | १ | २१ | ११ | ६ | १८ | १० |
| राप्रपा(चन्द) | ३ | – | – | ७ | – | ३ |
| नेसपा | ६ | ३ | ५ | ४ | ३ | ३ |
| राजमो | – | – | ५ | – | – | १ |
| नेमकिपा | २ | ४ | १ | १ | १ | १ |
| संजमोानेपाल | ९ | ० | १ | ४ | १ | १ |
| नेकपा प्रजातन्त्रवादी | २ | ० | – | २ | १ | – |
| स्वतन्त्र | ३ | ७ | ० | ४ | ६ | ३ |
| अन्य साना दलहरू | ० | ० | ० | ६ | ६ | ५ |
| जम्मा | २०५ | २०५ | २०५ | १०० | १०० | १०० |

श्रोतः निर्वाचन आयोगको १९९१, १९९४ र १९९९ को रिपोर्ट

०५१ सालको आमनिर्वाचनमा एमालेले अत्यधिक स्थान (८८) जिते पनि बहुमत नल्याएका कारण प्रतिनिधिसभामा सबैभन्द ठूलो दल हुँदाहुँदै पनि सरकार गठन गर्न सकेन । एमाले आफूलाई शीघ्र तथा क्रान्तिकारी परिवर्तनको पक्षपाती बताएर, ससाना कम्युनिष्ट दल र घटकहरूसँग गठबन्धन गरेर, अनि आफ्नो विचारधारालाई परिष्कार गरी आफूलाई बढी उदार र प्रजातान्त्रिक बनेको देखाएर लोकप्रियता बढाउन सफल भएको थियो ।

२०५१ सालको आमनिर्वाचनले त्रिशङ्कु संसदलाई जन्म दियो । त्यसबेलादेखि २०५६ सालसम्मको अवधिमा जनताको निर्णयले भन्दा पनि राजनीतिक दलहरूका बीचको समीकरणले एकपछि अर्को मिलिजुली सरकारको भाग्य निर्धारण गर्ने काम गऱ्यो । प्रतिनिधिसभामा १० प्रतिशतभन्दा पनि कम स्थान हासिल गरेको राप्रपाका नेताहरूलाई प्रधानमन्त्रीमा गरिएको

नियुक्तिले जनताको चाहना र छनौटलाई लत्याएको अनुभूति भयो । नेमकिपा र नेकपा (मशाल) बाहेक संसद्मा प्रतिनिधित्व भएका सम्पूर्ण राजनीतिक दलहरूले २०५१ कात्तिकदेखि २०५६ वैशाखसम्मको अवधिमा आठ पटक भएका सरकार हेरफेरहरूमा सत्ताको स्वाद चाख्ने अवसर प्राप्त गरे । यस अवधिभित्र सबै राजनीतिक दलहरू आफूलाई चुनेर पठाउने जनताका आवश्यकता र स्वार्थलाई उपेक्षा गर्दै सत्ताको लुछाचुँडी र आपसी द्वन्द्वमा अल्झिएर बसे । परिस्थितिको यस अनुभवले जनतालाई के मान्न विवश बनायो भने बहुमतको सरकार नै मुलुकको समस्या समाधानका लागि एक मात्र रामवाण हो । २०५६ सालको निर्वाचनले नेकालाई पुनः सत्तामा फर्कायो र यसपटक सो दलले न्यूनतम बहुमत १०३ भन्दा ९ स्थान बढी हासिल गऱ्यो । यो निर्वाचन परिणामका पछाडि दुईवटा प्रमुख राजनीतिक दलहरूको खण्डीकरण र तिनका प्रतिनिधिहरूको निष्क्रृयताप्रति जनताको आक्रोस मुख्य कारण थिए । [२१]

उपर्युक्त परिणामले के देखाएको छ भने एमालेको विभाजनपछि सम्पन्न संसदीय निर्वाचनमा उसले ४३ स्थान गुमाउनु परेको थियो । यदि सो निर्वाचनमा मालेले पाएको मत एमालेलाई गएको भए  नेका हैन एमाले ११२ स्थानको प्रष्ट बहुमतका साथ सत्तामा पुग्ने स्पष्ट थियो । पार्टी भित्र वढदै गएको पारिवारिक वंशको आधारमा नेतृत्व लिने परिपाटी प्रजातन्त्रका लागि ज्यादै घातक हुन्छ भन्ने कुरा दलहरूभित्र परिवारवाद हावी भएकाले पुष्टिी गरेको थियो । दलमा हुने वंश शासनले गर्दा पुरानो पुस्ताले नेतृत्व कहिल्यै लिन सक्दैन । उनीहरू ठूला दलका नेताहरूको दास जस्तो अवस्था रहन्छ । फेरी नयाँ प्रतिभाले पनि कुनै स्थान पाउन सक्दैनन् । त्यसैले यस्ता पार्टीमा नयाँ नेतृत्व आउने संभावना ज्यादै कम हुन्छ । प्रजातन्त्रमा दलहरूभित्र परिवारवाद हावी भयो भने त्यसले प्रजातन्त्रमा गम्भीर परिणाम ल्याउन सक्दछ ।

तसर्थ प्रजातन्त्रमा व्यक्ति हैन विधि हावी हुनुपर्दछ । त्यस लोकप्रियताको परीक्षण निश्चित समयमा हुने निर्वाचनले गरिरहनु पर्नेमा त्यो निरन्तर हुन सकेन । शान्तिपूर्ण सत्ता हस्तान्तरण गर्न नमान्ने प्रवृत्ति जनआन्दोलनको एक दशकपछि देखिन थाल्यो । सत्ता साझेदारीको अपवित्र र अनैतिक गठबन्धनले दलहरूमा तीव्र ध्रुवीकरण देखियो । बहुमतको नाममा सर्वदलीय तानाशाही लाद्न खोज्ने संस्कारको विकास ०४६ पछिको खुल्ला समाजमा नदेखिए पनि एक समय पार्टीहरू बन्द हुने स्थिति सम्म देखियो । नेकपा माओवादीले ०५२ सालमा जनयुद्ध थाल्दा बहुदलीय व्यवस्था यसको तारो थियो तर, एक दशकपछि उनीहरू आफै बहुदलीय प्रतिस्पर्धात्मक प्रणालीको प्रवल पक्षधरका रूपमा प्रस्तुत भएका छन् ।[२२] माओवादीको गतिविधिलाई हेरिरहेका

---

[२१] स्टेफेन जे. किलिङ (सम्पादन), ***नेपालमा गुरिबमुखी शासन : एक मूल्याङ्कन,*** (प्र.सं.) (इनेब्लिङ्ग स्टेट प्रोग्राम प्रकाशन स्थान उल्लेख नभएको, २०५८) , पृ. १०–११ ।

[२२] *सुधीर शर्मा,* जनयुद्ध हिजो, आज र भोली, ***'नेपाल'*** , २०६२ फागुन ७, पृ. २८ ।

रामशरण महत भन्छन् : 'माओवादीसँग गलत सम्झौताकै कारण मुलुक झन संकटमा फसेकोछ । माओवादीले आफ्नो भूमिका त्यागेको छैन् । उसले मुलुकलाई झन् झन् अप्ठेरोमा पुऱ्याउने काम गरिरहेको छ । उसको कारण संसदवादी सरकारले काम गर्न सकेको छैन ।'[२३] नेपालमा जुन संकट आएको छ त्यो राजनीतिक दलका संचालकहरूका कमी कमजोरीहरूले गर्दा आएको हो । नेपालको राजतन्त्रलाई समाप्त गर्न एक्लाएक्लै दलले केही गर्न नसक्ने अवस्थामा दलहरूको संयुक्त प्रयास र जनआधारित पार्टी कार्यकर्ता नै देशको परिवर्तनका लागि ठूलो भूमिका खेल्न सक्छन् भन्ने कुरा नेपालका राजनीतिक दलहरूले भने देखाएका छन् ।

अन्तमा ०७ साल देखि ०४६ सालसम्म जेजति राजनीतिक प्रयोगहरू नेपालमा भए त्यसले मुलुकको राजनीतिक स्थायित्वमा भने कुनै भूमिका खेल्न सकेन । नेपालका दलहरू उपनिवेश र स्वाधीनता संग्रामका उपज नभएको कारण तिनीहरू आन्तरिक सङ्कटको उपजवाट प्रभावित वन्न गएका थिए । यिनीहरू उपनिवेशविरुद्धको आन्दोलनमा राष्ट्रवादी भावनावाट भन्दा निरंकुश शासनको उपजकै क्रममा जन्मिएका हुन । ०७ सालको क्रान्तिपछि पहिलो पटक नेपालका राजनीतिक दलले वैधता पाएको थियो । दिल्ली सम्झौतामा नेपाली कांग्रेसले मान्यता पाउनु त्यही कारण थियो । नेपालका राजनीतिक दलहरूले राणा शासन विरुद्धको मोर्चामा, बहुदलीय अभ्यासमा, पञ्चायतको विरोधमा र राजतन्त्र उन्मूलन गर्ने कार्यमा निर्णायक भूमिका खेलेका थिए । नेपाल कम्युनिष्टपार्टीले सुरुदेखि नै नेपाली कांग्रेसलाई आफ्नो प्रधान शत्रु मानिआएकाले नेपालमा सहमतिको राजनीति भन्दा विरोधका लागि विरोधको राजनीति विकसित हुन गयो । दलहरूको  तीव्र अन्तरविरोध राजतन्त्र र निर्दलीय पञ्चायती व्यवस्थासँग हुनुपर्नेमा वामपन्थी दलहरूसँग हुन पुग्यो । एमालेले अहिले सर्वहाराको वर्गीय दृष्टिकोण र क्रान्तिकारी सिद्धान्तलाई परित्याग गरिसकेको छ । सुरुमा मार्क्सवादी दर्शन नेपालको राजनीतिमा प्रवेश गराउन सफल भएपनि ०४६ साल पछिका दिनमा उसले क्रान्तिकारी सिद्धान्तलाई छोडेको छ ।

निरंकुशताको विरुद्धमा हतियार उठाउने पार्टीमा नेपाली कांग्रेस पनि थियो । नेकपा (माओवादी) ले ०५२ सालवाट गणतन्त्र लगायतका ४० सूत्रीय मागलाई लिएर हतियार उठाएको हो । ९ महिने शासनकालपछि एमालेले आफ्नो वामपन्थी पहिचान विस्तारै गुमाउँदै गएको छ । सोभियत संघ र पूर्वी युरोपका मुलुकहरूमा शीतयुद्धको समाप्तिपछि आएको परिवर्तनसँगै नयाँ जनवादका ठाउँमा एमालेभित्र बहुदलीय जनवादको विकास गरियो । एमाले ०४६ सालको आन्दोलनपछि क्रान्तिकारी नेतृत्व गर्ने  सर्वहारावर्गको पार्टी वन्न नसक्ने भएको छ । माओवादीले जनतामा पुऱ्याएको सुधारका योजनाहरूलाई  खोस्न कांग्रेस र एमाले अहिले असफल भएका

---

[२३] ***राम शरण महत,*** (नेपाली कांग्रेस), संग मिति : २०६६ साल भाद्र १४ गतेको कुराकानी ।

छन् । माओवादीको क्रान्तिकारी नाराबाट जनताहरूको ध्यान कांग्रेस र एमालेमा जान सकेको छैन ।

माओवादीले जनयुद्ध थाल्दा यसले बहुदलीय व्यवस्थालाई सिध्याउन खोजेको थियो । एक दशकपछि माओवादी बहुदलीय प्रतिस्पर्धात्मक प्रणालीको पक्षमा आउन वाध्य भयो । नेपालका राजनीतिक दलहरूले राज्यबाट पछाडि पारिएका जनजातिका पक्षमा कुनै पहल गर्न नसकेकै परिणाम माओवादीले दिएको नारामा जनता आकर्षित र विश्वस्त भए । माओवादीले सबैलाई समावेश गर्न सकिने गरी तिनको हक अधिकार रक्षाका लागि राज्य पुनः संरचनाको आवश्यकतामा जोड दियो । पुराना राजनीतिक दलहरूले भावी राज्यको पुनः संरचना देखाएनन् । आउने परिच्छेदमा राज्य पुनः संरचनाको आवश्यकता विस्तृत व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद : आठ

# राज्य पुनः संरचनाको आवश्यकता

## ८.१ पृष्ठभूमि

राज्यको पुनःसंरचना बिगत अढाई सय बर्षअघिलाई केलाउँदा के देखिन्छ भने अधिकांश राष्ट्रियताका कुराहरूलाई शासनको मूलधारमा समावेश गराउन कहिल्यै खोजिएन । 'नेपाल राज्यको शासन प्रणाली आजसम्म केन्द्रीकृत र एकाङ्गी रहँदै आएको छ। नेपालको एकीकरणदेखि विभिन्न समुदायहरूले राज्यबाट न्याय नपाएको सन्ताप राख्दै आएका छन् । पृथ्वीनारायण शाहले साना राज्यहरू जितेर नेपालको भौगोलिक एकीकरणको प्रारम्भ त गरे तर आम नेपालीको भावनात्मक र पद्धतिमूलक एकीकरण हुन अझै बाँकी छ ।'[१]

सीमित वर्ग र व्यक्तिले मात्र राज्य व्यवस्थामा रजाईं गर्न पाएका छन् । त्यसैको सिको गर्ने प्रजातन्त्र पुनः प्राप्तिपछि खडा भएका दलहरूमा पनि उही वर्गीय चरित्र देखा पऱ्यो । परिणाम अधिकांश ठूला राजनीतिक दलहरूमा उही पुरानै वर्गीय चरित्र देखापरिरहेको छ । राज्यका अङ्गहरूमा दरवारले सीमित भारदारहरूवाहेक अन्य आदिवासी, जनजाति, दलित, महिला तराईबासीलगायत अन्य पिछडिएका जनजातिलाई शासनमा कहिल्यै सहभागी गराएन । 'यहाँ भिन्नभिन्न जाति–जनजाति समुदायहरू भिन्नभिन्न क्षेत्र र इलाकामा अलगअलग पहिचानका साथ युगौंदेखि बस्दै आएका हुन् । आज ती क्षेत्रहरूमा अर्को क्षेत्र र इलाका वा बाहिरका जाति–जनजातिका मानिसहरूको पनि बसोवास हुन गएको छ ।

यस्तो परिवेशमा राज्यको उत्पीडनमा परेका मूलजाति, भाषा भाषी समुदायको स्वशासकीय पहुँचलाई ध्यानमा राखेर राज्यको पुनःसंरचना गर्नु परेको हो, जसले गर्दा मुलुकका जातीय र भाषिक विविधताको संरक्षण र सम्बर्द्धन हुन सकोस् र सम्मान र समान अधिकारबाट ती समुदायहरू रक्षित हुन सकून् ।'[२] सर्वसाधारण जनता र सरकार बीच ०४६ सालको जनआन्दोलन पश्चात् सरकारको मूल प्रवाहमा समावेश गराउन परिचयको सङ्कट देखिएको थियो । त्यसको विष्फोटन जनआन्दोलन–२ पछि देखिन थाल्यो । 'सुविधा सम्पन्न हुने, असल शिक्षा हासिल गर्ने, ठूला–ठूला पदमा पुग्ने र राजनीतिलाई सम्पूर्ण रूपमा आफ्नो आधिपत्यमा

---

[१] झलनाथ खनाल र अन्य, ***राज्यको पुनः संरचना तथा रूपान्तरण,*** (दो.सं), (काठमाडौं : राष्ट्रिय शान्ति अभियान, २०६३), पृ. ५ ।

[२] सीताराम तामाङ, ***नेपालको सन्दर्भमा राज्यको पुनःसंरचना,*** (दो.सं), (नेपाल : सामना प्रकाशन, २०६३), पृ. २ ।

राख्ने राज्य प्रणाली सही प्रजातन्त्र अनुकूल हुन सक्दैन । आज सामाजिक विषमता, राजनीतिक संरक्षणवाद र उही वर्ग र जातको राज्यको सम्पूर्ण स्रोतमा नियन्त्रण भइराख्नु र पछि पनि यस्तै खाले राज्यको स्वभाव रही रहने सम्भावना भएकाले अब राज्यको पुनःसंरचना गर्नैपर्ने वाध्यता भएको छ ।'[३]

राज्यको पुनःसंरचना नेपालका लागि ०४६ सालको जनआन्दोलनपछि देखिन थालेको देखिन्छ। विविधतासहितको मुलुक नेपालको शासनमा लामो समयदेखि एउटै भाषिक-सांस्कृतिक पृष्ठभूमि बोकेका मानिसको पहुँच बनेको छ । राज्यमात्र हैन नेपालमा पार्टी पनि समावेशी हुन सकेको छैन । विष्मार्कसँग जर्मनीका पोल, डेन र फ्रेन्च अल्पसंख्यकहरू एकीकरणबाट असन्तुष्ट थिए । विष्मार्कले उनीहरूको जातीयतालाई नष्ट गरी जर्मनीकरण गर्ने नीति लिए । यसमा बलको प्रयोग समेत गरियो । तर यसले उनीहरूको जातीय भावनालाई डेग चलाउन सकेन । त्यसको परिणामस्वरूप कालान्तरमा उनीहरू स्वतन्त्र भए । नेपालका सबै जातजातिलाई एउटैमालामा गाँस्ने जुन नीति एकीकरणपछि लिइयो त्यहींबाट द्वन्द्वको पनि वीजारोपण भयो । जनजातिको असन्तोष लामो समयदेखि थियो ।

शासनमा सर्वसाधारणको पहुँच नभएकाले  यो राज्य मेरो पनि हो भनेर गर्व गर्न १ सय २ भाषाभाषी भएको कैंयो जातजातिले सकेनन् । "मुलुकको वर्तमान राज्य संरचनाले नेपालभित्र रहेका जातीय विविधतालाई आत्मसात नै गर्न नसकेकोले हालको राजनीतिक संरचनाबाट जातीय समानता सम्भव छैन । तसर्थ जातीय समानता, सामाजिक न्याय र समान अधिकारको लागि नेपाललाई विभिन्न जातीय तथा क्षेत्रीय स्वायत्तताका सिद्धान्तका आधारमा संघात्मक व्यवस्थाको अर्को कुनै विकल्प छैन ।"[४] इतिहासमा उदारवादीहरूसँग निरंकुश शासकहरूले सदैव टक्कर लिएको पाइन्छ । नेपालमा पनि सबै जातजातिका संस्कृतिलाई राष्ट्रिय संस्कृतिको रूपमा विकास गर्न खोज्ने पृथ्वीनारायण शाहको धारणा अनुसार उनका उत्तराधिकारिहरू लाग्न सकेनन् ।

पृथ्वीनारायण शाहले नेपाल राज्यको भौगोलिक एकीकरणसम्म गरे । तर, भावनात्मक एकीकरण हुन सकेन । देश हाम्रो हो भन्ने भावनाको विकास बहुजातीय, बहुभाषिक, समग्र जनतामा बन्यो । तर, अढाइसय बर्षदेखि पिछडिएका जनताहरूमा भने राज्य चाहिँ हाम्रो होइन भन्ने धारणा बन्न गएको छ । यस्तो हुनुमा शासनसत्ता सदैव एउटै जात, वर्ग र समुदायकै वरिपरि रहन पुग्नु नै प्रमुख कारण हो । राज्य सङ्क्रमणको अवस्थाबाट गुज्रिए पनि राज्यका

---

[३] लोकराज बराल, ***राजतन्त्र कि प्रजातन्त्र*** ?, (प्र.सं), (काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स, २०६२), पृ. १० ।

[४] जयप्रकाश आनन्द, "मधेसीको कोणबाट राज्यको पुनर्सरचनाको सवाल", ***मूल्याङ्कन*** मासिक, पूर्णाङ्क १२१, वि.सं. २०६१, श्रावण, पृ. २९ ।

अङ्गहरूमा दरवारले सीमित भारदारहरूबाहेक कहिल्यै अन्य आदिवासी, जनजाति, दलित, महिला तराईवासीलगायत अन्य पिछडिएका जनजातिलाई शासनमा कुनै सहभागी गराएन । सर्वसाधारण जनता र सरकार बीच एकीकरण पश्चात् परिचयको सङ्कट देखिएको थियो त्यसको विष्फोट जनआन्दोलन–२ पछि देखिन थाल्यो ।

शीतयुद्धको समाप्तीपछि जनता सांस्कृतिक रूपले विभाजित भए । आफ्ना वंश, धर्म, भाषा, इतिहास, मूल्य, परम्परा र संस्थासँग तिनीहरू नजिकिन थाले । सवैले आफ्नो पहिचान खोज्नथाले । विभिन्न जातीय संस्कृतीहरूको सभ्यताका वीचमा सांस्कृतिक व्दन्व्द देखियो । युगोस्लाभीयाको व्दन्व्दमा रसीयाले सर्वहरूलाई कूटनीतिक सहयोग पु¥याएको थियो । अर्कोतिर सउदी अरब, टर्की, इरान र लिवियाले आर्थिक रासी र हातहतियार दिएर बोस्नीयालाई सहयोग पु¥याएका थिए । यसरी हरेक सभ्यता वीच राजनीतिक र आर्थिक विकासको निकटता हुनुमा ती विभिन्न संस्कृती वीच सभ्यताको घनीष्टता नै मुख्य कारण थियो । इस्लाम संस्कृती भएका अधिकांश मुस्लीम राष्ट्रहरूमा प्रजातन्त्र सफल बन्न सकेन । कट्टरपन्थी मुलुकहरूको राजनीतिक र आर्थिक विकास अनिश्चित बन्न पुग्यो । अर्कोतिर पश्चिमी क्रिश्चियन सम्पदा बोकेका राष्ट्रहरूमा भने आर्थिक विकास र प्रजातान्त्रिक विकासको संभावना आशालाग्दो देखियो । अन्य सभ्यताको तुलनामा पाश्चात्य शक्ति र संस्कृती धेरै वर्षसम्म शक्तिशाली सभ्यतामा रहने अनुमान गरिएको छ ।[५] विश्व शान्तिकोलागि सभ्यताको व्दन्व्द सवैभन्दा ठूलो चुनौती बनेको छ । शित युद्धको समाप्तीपछि जनताहरू राष्ट्रवाद भन्दा वढी मुलुकभीत्रका जाती, भाषा, धर्म आदीका आधारमा गोलबन्द हुँदैगएको देखिन्छ । नागरिकहरू राष्ट्रभन्दा अगाडी कसरी आफ्नो वंश जाती प्रति सांस्कृतीक सदभाव राख्न पुग्छ भन्ने कुरा शितयुद्धपछिको विश्वले देखाएको छ ।

नेपालमा शितयुद्धको समाप्तिपछि जनताहरू सांस्कृतिक रूपले विभाजीत भए । “स्थानिक विविधता र राज्यको सिद्धान्तले नेपालमा उल्लेखनीय रूपमा सामाजिक असमानता ल्याउने काम गरेको छ । एक प्रकारले स्थानिक विविधताको कारणले गर्दा सांस्कृतिक विभिन्नताले सम्पन्न पनि छ यद्यापि ग्रामिण भेकका मानिसहरू अन्य ठाउँका भन्दा सुविधाबाट बढी बन्चित छन् । अर्कातिर सामाजिक बहिष्करणको आधार राज्यद्वारा संबर्धित जातीय विभेद भएको छ । दुई कारक तत्वहरू, भूगोल र राज्य व्यवस्थाका कारणले अनेक प्रकारका विभेदहरू उब्जिरहेका छन् ।”[६] नेपालमा पनि जनआन्दोलन पछि जनजाति, भाषा, संस्कृति, लैङ्गिक समानता जस्ता विषयमा आवाज उठाउन थालेको देखिन्छ । त्यहिंबाट सवैले आफ्नो पहिचान खोज्नथालेका छन् ।

---

५ सेमुयल पी.हन्टिङ्गटन, ***द क्ल्यास अफ सिभिलाइजेसन्स एण्ड द रिमेकिङ्ग अफ वर्ल्ड अर्डर,*** (न्यू दिल्ली : पेन्गुइन बुक्स, सन् १९९७), पृ.२९ ।

६ हर्क गुरुङ, ***बहिष्करणदेखि समावेशीकरणसम्म,*** (दो.सं), (काठमाडौं : सामाजिक समावेशीकरण अनुसन्धान कोष (एस.एन.भी. नेपाल), २०६६), पृ. २० ।

राजनीति पहिचानका लागि लिम्बुवान, खम्बुवान, मधेश, ताम्बासालिङ, नेवाः, तमुवान, मगराँत, थारुवान, खसान, कोचिलाको आवाज उठ्यो । २ सय ३८ वर्षदेखि बन्द भएका आवाजलाई प्रजातन्त्रले नै जनतालाई आफ्नो मागप्रति लड्न सिकायो । “केन्द्रिकृत चरित्र र विजेताको मानसिकता २०४६ सालको परिवर्तनपश्चात् पनि अन्त्य हुन सकेन । यहाँका राज्ययन्त्रहरू नेपालको बहुलवादी सामाजिक चरित्रअनुरूप नभई एकल समाजको चरित्रअनुरूप रहेका छन् ।

मनुस्मृतिले हिन्दू समाजलाई विभिन्न जातजातिमा विभाजन गराएर कमजोर वर्गलाई राज्य संयन्त्रबाट वन्चित गरायो । तर यहाँ अझै पनि देशमा भावनात्मक एकीकरण हुन सकेको छैन । जनतामा देश हाम्रो हो तर राज्य हाम्रो होइन भन्ने भावना प्रवल भएको छ । ०४६ सालको जनआन्दोलनपछि जनताले राज्य केही जाति विशेषको कब्जामा रहेको महसुस गरेका छन् । नेपालका जनजातिहरूले आफ्नो वेग्लै पहिचान, प्रतिनिधित्व, पद, प्रतिष्ठा र पहुँचको आवश्यकता राज्यबाट खोजिरहेका छन् । तिनको मागलाई राज्यले सम्बोधन गर्न नसक्ने हो भने त्यसले मुलुकमा असन्तोषको आवाज वढ्दै जाने निश्चित छ ।

अढाइ सय वर्ष अघिदेखि शासन सत्तामा सहभागी हुन नपाएका जनताहरूको पीढा राज्य समावेशी हुन नसकेर भएको महसुस सबैले गरिरहेका छन । राज्यको स्रोत र साधनमा केही व्यक्तिको मात्र हाली मुहाली हुनुमा मुख्य रूपले परम्परागत राजतन्त्र कारण भएता पनि जनआन्दोलनको दश वर्षसम्म दलहरूले पनि यसतर्फ कुनै पहल गर्न सकेनन । राज्य पुनर्संरचनाको बहसको थालनी जनजाति समूहहरूबाट भएको हो र यो बहस क्रमशः दलित, महिला, मधेसीजस्ता सरोकारवाला जनसमुदायलगायत बौद्धिक वर्ग र राजनीतिक दल सबैका बीच पुग्यो ।[७] २०५९ जेठमा तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभा विघटन गरेपछि मूल्याङ्कन पत्रिकाले कृष्ण खनाल,कृष्ण हाछेथु, पीताम्वर शर्मा र महेश मास्केसंगको अन्तर्क्रियामा “०४७ सालको संविधानले स्थापित गरेको राज्य संरचना अब चल्न नसक्ने निचोड निकाल्दै राज्य संरचनामा व्यापक परिवर्तनको आवश्यकता औंल्याएको थियो ।

त्यसकारण अव राज्यको पुनर्संरचना गर्दा त्यसमा नेपालको बहुसांस्कृतिक चरित्र झल्कनुपर्दछ । तर त्यसो गर्दा ब्रिटिश मोडलको राज्य प्रणाली असफल भयो, अब स्वीस मोडेलको परीक्षण गरौं भन्ने मानसिकताबाट पनि मुक्त हुनुपर्छ ।”[८] “नेपालजस्तो एउटा सानो मुलुकमा १०० भन्दा बढी जात/जनजातिहरू छन् । त्यस्तो स्थितिमा देशलाई १०० वटा टुक्रामा बाँड्नु त हुँदैन । जनआन्दोलन २०४६ पछिको राजनीतिक संरचनाले समेत नेपाली समाजको

---

[७] कृष्ण खनाल, “राज्य पुनर्संरचनाको भावी राजनीतिक गन्तव्य”, ***राज्य पुनर्संरचना :राजनीतिक, आर्थिक र सांस्कृतिक दृष्टिकोण,*** (काठमाडौं : मार्टिन चौतारी, २०६५), पृ. १–२ ।

[८] राजेन्द्र श्रेष्ठ, राष्ट्रिय एकताको कोणबाट राज्य पुनर्संरचनाको सवाल, ***मूल्याङ्कन,*** २०६२, वैशाख, पृ. २० ।

जातीय, सांस्कृतिक तथा भाषिक विविधतालाई समेट्न सकेन । नेपालजस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त समाजलाई त्यस समय पञ्चायतकालिन अवशेषकै रूपमा रहेको एकल भाषा, एकल धर्मको प्रभाव थियो । आत्मनिर्णयको अधिकार, जातीय स्वशासन, संघीय प्रणाली, बहुभाषिक नीति, समानुपातिक प्रतिनिधित्व, समावेशी राज्य संरचना आदिबाट राज्य अलग बस्न थाल्यो ।

नेपालजस्तो बहुजातीय र बहुसांस्कृतिक समाजको लागि जुन पुनर्संरचनाको कुराहरू उठनुपर्ने थियो त्यसलाई कसैले उठाउन नै सकेनन् । एकात्मक राज्यको प्रशासनिक प्रयोजनका लागि निर्धारण गरिएको १४ अञ्चल ७५ जिल्लाको अवधारणाले सम्पूर्ण जाति र जनजातिलाई समावेश गर्न बहुदलपछिको सरकार लागिरह्यो । ९२ मातृभाषा भएका र १०२ जातजातिले बसोवास गरेको नेपालमा अल्पसंख्यकले पूर्ण जातीय स्वायत्तता र क्षेत्रीय स्वायत्तता कहिल्यै पाउन सकेनन् । अल्पसंख्यक जातिहरूलाई स्वायत्तता र अलग राज्य बनाउन पाउने आत्मनिर्णयको अधिकार दिने कुरा ०४७ सालको संविधानवाट असम्भव थियो ।

आफ्नै थातथलोमा अल्पसंख्यक भईसकेका आदिवासी जनजातिलाई स्वायत्तता दिनु भनेको देश नै टुक्रिने जस्तो ठानेको थियो राज्यले । ०४७ सालको संविधानले त संघीयताको विषयमा कुरा गर्न नै हुन्न जस्तो ठानेको थियो । "झण्डै अढाई सय वर्षयता राज्यको हालिमुहाली जुन जातिको र वर्गको हातमा रह्यो, त्यसबाट शोषण उत्पीडनमा परेका जाति/जनजाति, धर्म, संस्कृति र क्षेत्रले राज्यको पुनःसंरचनासहितको समावेशी राज्य व्यवस्था खोजेका हुन् । यसमा आदिवासी जनजातिहरूले आफ्नो जातीय पहिचनाका साथ सहभागिता, सहअस्तित्व र साझेदारी खोजेका हुन् भने मधेसीहरूले सांस्कृतिक पहिचानका साथ सहअस्तित्व र साझेदारी खोजेका छन् । दलितले राजनीतिक अधिकारको रूपमा आरक्षणको मुद्दा लिएर सहभागिता र सहअस्तित्व खोजेका छन् । "नेपालको हकमा आत्मनिर्णयको अधिकारका सम्बन्धमा कसैले पनि स्वतन्त्र मुलुक स्थापना गर्ने कुरा नगरेको हुनाले संघीय संरचनाअन्तर्गत स्वायत्तता र उपस्वायत्तता उपभोग गर्ने हो ।"[९] स्वायत्त क्षेत्र र उपक्षेत्रहरू बनाउन सवैभन्दा आधारभूत कुरा आत्मनिर्णयको अधिकारका प्रयोग हो । "समूह र जातिय आकांक्षाहरू संघीयतामा निकै महत्वकांक्षाका साथ फस्टाउँछन् । कालान्तरमा यो नै विखण्डन र विभाजनको कारक पनि बन्छ । राष्ट्रिय अखण्डता

---

[९] सीताराम तामाङ, "नेपालमा राज्य पुनर्संरचना : सुल्झाउनुपर्ने केही प्रश्नहरू", ***संश्लेषण*** मासिक, २०६३, भदौ, पृ ३६ ।

र एकता कमजोर हुने जोखिम बढ्छ । तर समयमा संघियताको निर्धारण गर्दा होस पुऱ्याइयो भने आर्थिक उन्नती र एकताको बरदान पनि बन्छ ।"[१०]

डा. हर्क गुरुङ्गले केलाउनु भएको जनगणना तथ्यांक अनुसार २७ जिल्लामा आदिवासी जनजातिहरूको बाहुल्यता छ । त्यसमध्ये तीन जिल्ला मा ७६ देखि ८६ प्रतिशतसम्मको जनसंख्या आदिवासी जनजातिको छ भने ५१ देखि ७० प्रतिशतसम्म आदिवासी जनजातिको जनसंख्या भएको २४ जिल्ला छन् । त्यसैले संघात्मकताभित्र स्वायत्त राष्ट्रहरू र क्षेत्रहरूको व्यवस्था गर्नुपर्ने हुन्छ । उनले 'नेपालका ७५ जिल्लाका सट्टा २५ जिल्लामा घटाउने विचार",[११] राखेका छन् । विद्रोही ने.क.पा माओवादीले भने ९ वटामध्ये ८ वटा जातीय र क्षेत्रगत स्वायत्त क्षेत्रहरूको घोषणा गरी स्वायत्त जनसरकारको अभ्यास पनि थालिसकेको छ । ०५२ सालबाट जनयुद्ध सुरु गरेको माओवादीले जनजातीलाई आत्मनिर्णयको अधिकार दिनुपर्छ भन्नेमा जोड दिएको छ । "राष्ट्रिय सवालमा आधारित राजनीतिभन्दा जनजाती र सम्प्रदायमा आधारित सुरु गर्ने हो भने मुलुक अन्ततोगत्वा विखण्डन र विभाजनको राजनीतिमा पुग्न सक्छ ।

जनजातिहरूले राज्यशक्तिको हिस्सा लिन काठमाडौं वा अन्य संघीय राज्यका केन्द्रमा जानुपर्ने स्थितिको सट्टा मुलुकको स्रोत र साधन जहाँ जहाँ जनजातिको आधिपत्यमा रहेको छ, त्यहीं पुग्ने र त्यहाँको विकास निर्माण गर्ने व्यवस्था मा लाग्नुपर्दछ । त्यसका लागि नेपालजस्तो देशमा साधन र स्रोतको विकेन्द्रिकरण नै पर्याप्त र उपयुक्त हुन्छ । जातीय आधारमा गरिने नेपालको संघीय प्रदेशको बाँडफाँड त्यति व्यावहारिक देखिन्न् । के १०२ जातजातिको लागि बेग्लावेग्लै प्रदेश कल्पना गर्न सकिन्छ ? तर केही ठूला जाति.समूदायहरू मिलेर राज्यको प्रदेश निर्माण गर्नै नसक्ने भन्ने छैन् । दलहरूभित्रै कति संख्यामा संघको विभाजन गर्ने, प्रदेशको संख्या कतिवटा राख्ने मतैक्य हुन सकेको छैन । यस विभाजनको आधार केलाई मान्ने पहिचान हो या सामर्थ्य ? दलहरूमा मत विभाजन भएको देखिन्छ ।

राज्य पुनर्संरचनाको प्रस्तावमा कसैले ९ स्वायत्त प्रदेशका लागि आवाज उठाएका छन । कसैले १० कसैले, संघीय संरचनाभित्र रहने गरी किरात प्रदेश, विजयपुर प्रदेश, मिथिला प्रदेश, कपिलवस्तु प्रदेश, ताम्वासालिङ प्रदेश, नेवा प्रदेश, तमु मगरात प्रदेश, पूर्व खसान प्रदेश, मध्य खसान प्रदेश, पश्चिम खसान प्रदेश भनी विभाजन समेत गरेर नयाँ नेपाल निर्माण गर्ने प्रस्ताव

---

[१०] राजकुमार शिवाकोटी, "संविधान निर्माण र लोकतान्त्रिक राज्य अभिमुखिकरणका सन्दर्भमा राजनीतिक जवाफदेहीता", ***संविधान निर्माण प्रक्रिया : भावी संविधान र राज्य पुनःसंरचनासम्बन्धी बहस,*** (प्र.सं), नेपाल : मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च, २०६६), पृ. १९३ ।

[११] कृष्ण भट्टचन, "आदिवासी जनजातिको दृष्टिकोणमा लोकतान्त्रिक गणतन्त्र", ***मूल्याङ्कन,*** (काठमाडौं : मूल्याङ्कन प्रकाशन गृह, २०६२ पुष), पृ. ३८ ।

राखेका छन् । नेकपा (माओवादी) द्वारा प्रस्तावित स्वायत्त प्रदेशमा भने किराँत, मधेश, मगराँत, तमुवान, तम्वासालिङ, नेवाः, थारुवान, भेरीकर्णाली र सेतीमहाकाली स्वायत्त प्रदेश पर्दछन् ।

सहमति त वनेको छ पिछडिएकोलाई माथि ल्याउने । देशभित्रका १३ प्रतिशत जति दलितहरूलाई कसरी राज्यको संरचनामा समावेश गराउने । जनताहरूले राज्यको समावेशी चरित्र अनुभव गर्न नपाएसम्म त्यो केवल शब्द आडम्वर मात्र हुन पुग्दछ ।

सबैलाई एउटै मालामा उन्न खोज्दा जनजातिहरूमा कति असन्तोष देखिएको रहेछ र त्यो कति विष्फोटक हुँदो रहेछ भन्ने कुरा प्रजातन्त्र प्राप्तिपछि सबैले महसुस गरे । शासनबाट अलग्याइदाको पीडा शनैः शनैः जनताले वुभ्क्दै गएका छन् । जुन जातिको वर्गीय प्रभाव दलभित्र हुनपुग्यो त्यसभित्र तीनको जातीय स्वभावले दललाई प्रभाव नपारी छाडदैन । विभिन्न दलहरूमा विग्रह र फुट आउनुको मुख्य कारण उनीहरूको वर्गीय र जातीय चरित्र नै हो ।

राणाकालमा र शाहकालीन राज्य व्यवस्थामा समेत उही एकात्मक राज्य र केन्द्रीकृत शासनको राज्यसंरचनामा उच्च जातका धरानियाहरू मात्र सत्तामा हालीमुहाली गरिरहे । कतिपय जनजातिहरू राज्य संरचनाबाट पाखा लाग्न वाध्य थिए । त्यस क्रममा ०७ देखि ०१७ सम्ममा पनि खासै परिवर्तन आउन सकेन । बहिःकृत एवं सीमान्त अवस्थामा रहेका समुदायलाई शासनको मूलधारमा ल्याउने ठोस पहल पनि भएन ।

यस्तैगरी निर्दलीय पञ्चायतको तीन दशकको अवधिमा जनजातिको आवाजलाई विभाजनकारी तत्त्वका रूपमा लिइयो । राजासँग असहमत हुनेहरूलाई अराष्ट्रिय तत्त्वको आरोप लगाइयो । पञ्चायतकालले एकल संस्कृतिको निर्माण र सुदृढीकरण गर्न खोज्यो । हिन्दू राजा भएकाले हिन्दू धर्म, हिन्दू संस्कृतिलाई जोड दिइयो । जनगणनामा हिन्दू जातिको अत्यधिक संख्या देखिनु तत्कालीन शासकको लागि गौरबको विषय थियो ।

०४६ सालको जनआन्दोलनपछि बनेको संविधानले पनि राज्यको यस्तै एकात्मक स्वरूपमा जोड दियो । राज्यले हिन्दू धर्म छोड्न सकेन । बढी मत ल्याउनेले जित्ने र लोकतान्त्रिक मूल्यहरूको अधिकतम प्रत्याभूति दिन खोजेपनि राज्यको संरचनामा यसले कुनै ध्यान दिन सकेन । महिला, जनजाति र दलितको प्रतिनिधित्व जनसङ्ख्याको अनुपातमा असन्तुलित रहेको थियो । राज्यको माथिल्लो निकायमा उनीहरूको उपस्थिति शून्यप्रायः थियो । राज्यसँग स्वामित्व बोध गर्न सक्ने राज्य संरचनाको निर्माण त्यस अवधिमा हुन नै सकेन् । जातीय कलह र विखण्डनको सम्भावना मुलुकमा नदेखिए पनि राज्यको पुनः संरचना नगरिने हो भने ढिलो या चाँडो नेपालमा पनि यसले विकराल रूप लिने निश्चित देखिन्छ । एकजाति

एकराज्य एक भाषा एक भेष जस्ता पञ्चायतकालीन मान्यताहरू ०४६ को परिवर्तनपछि पनि देशले अपनाउँदै गयो ।

प्रजातन्त्रको एजेण्डामा सबैलाई समावेश गर्न सकियो भने जनाधार कमजोर हुन पाउँदैन । तर दलहरूले यसलाई प्रभावकारी रूपमा उठाउन नसक्नाले नै राज्यसँग जनताको लगाव कमजोर बनेको छ । काठमाडौं केन्द्रित विकासले देशलाई असन्तुलित र भ्रष्ट्राचारमुखी बनाएको र राजनीतिकर्मीहरूको एउटै स्रोत राज्यसँगको पहुँचका लागि राजधानीमै रहने परम्परा ०४६ सालपछि पनि यथावत नै रहेको छ । जनआन्दोलनपछि नेपालको शासनपद्धति लोकतान्त्रिक संरचना र प्रक्रियामै भए तापनि प्रजातन्त्रले वास्तविक रूप लिन नसकेको र यस देशमा उही पुरानै ठूला ठालुकै सन्तानको बाहुल्य रहिरहेको छ ।

केन्द्रलाई थोरै अधिकारमा सीमित गरी बढी अधिकारसम्पन्न संघीय संरचनामा जानु पर्ने आवश्यकता ०४६ पछि वनेको थियो तर, त्यो पुरा भएन् । ०४६ सालपछि स्थानीय शासनको मुख्य तत्व भनेको नै सुशासन, प्रजातन्त्र, विकास र जनसहभागिता थियो । प्रजातन्त्र प्राप्तिको केहि वर्षमै स्थानीय निकायहरू जनप्रतिनिधिविहीन वन्न पुगे । केन्द्रमा संसद छैन गाउँमा स्थानीय निकाय छैन, यस्तो अवस्थामा मुलुकभित्र देखिएको अराजकताको फाइदा उग्रवादी चिन्तन बोकेका राजनीतिक दलहरूले लिन सफल भए । काठमाडौं केन्द्रित शासनयन्त्रले नेपालभित्रका गाउँ र सहरलाई समेट्न सकेन । राज्यले पुरानै संरचनालाई वोकेर हींडेकै कारण राज्यको पुनः संरचनाको आवश्यकता त्यस समय देखिन थाल्यो । २०४७ को संविधानले विकेन्द्रीकरणलाई राज्यको नीतिको रूपमा अंगिकार गरेको थियो । यसै अनुसार आठौं र नवौं योजनामा विकासको माध्यम र राष्ट्रिय एकीकरणको दृष्टिकोणले विकेन्द्रीकरणलाई अपरिहार्य संझेको थियो । सोहि अनुसार विकेन्द्रित योजना प्रणालीलाई प्राथमिकता दिएको थियो । विकेन्द्रीकरणको पक्षमा संसारभरि नै जनपक्ष बलियो भएकोले भिन्न भिन्न राजनैतिक प्रणाली भएका देशले पनि यसको प्रयोग गरेको देखिएको छ ।[१२]

जनकल्याणकारी राज्यको स्थापनाका लागि विकेन्द्रीकरणका माध्यमबाट जन सहभागिता प्राप्त गरी विकासको क्रम अगाडि बढाउँदै लान विभिन्न प्रयास स्वरूप २०५५ सालमा स्थानीय स्वायत्त शासन ऐन बनेको थियो । यसमा गा.वि.स सम्वन्धी ७१ दफा, नपा सम्वन्धी ९८ दफा, जिविस सम्वन्धी ६४ र सवैका लागि साझा ३५ दफा गरी जम्मा २६८ दफाहरू थिए । यस ऐनले गरेको नितीगत व्यवस्थामा स्थानीय निकाय गाउँ,नगर र जिल्लाको छुट्टाछुट्टै ऐन भएकोमा एउटै ऐनको व्यवस्था गर्‍यो । यसले प्रस्तावनामा नै स्थानीय निकायको व्यापक व्याख्या गर्‍यो ।

---

[१२] मुक्ति प्रसाद काफ्ले,**"विकेन्द्रीकरणको अवधारणा र नेपालमा यसको प्रयोग"**, (ललीतपुर : स्टाफ कलेज, मिति २०५६।६।८ मा प्रस्तुत कार्यपत्र) ।

स्वायत्त शासनको सिद्धान्त र नीतिहरूको व्यवस्था गरी स्थानीय स्वायत्त सरकारको प्रतिष्ठापन गरेको थियो । शक्तिशाली परिषद् र उत्तरदायी कार्यकारिणी समितिको व्यवस्था गरी जनताको प्रत्यक्ष रूपमा यसमा संलग्नता थियो ।

महिला, पिछडिएको वर्ग, जनजाति आदि सबै बर्गको सहभागितामा जोड दिएको थियो । जनसंख्या, भौगोलिक विविधताको आधारमा गा.वि.स/जि.वि.स लाई पनि बर्गीकरण गर्ने व्यवस्था यसले मिलाएको देखिन्छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ मा कार्यकारिणीलाई परिषद् तर्फ जवाफदेही बनाउने संयन्त्रको अभाव कै कारण स्थानीय निकायमा निर्वाचित प्रतिनिधिहरूको जवाफदेहीलाई सुनिश्चित गर्न सम्वन्धीत ऐनमा निर्वाचन प्रक्रिया निर्वाचित प्रतिनिधि को प्रति जिम्मेवार हुने, तोकिएका जिम्मेवारी पालना नगरेमा त्यस्ता प्रतिनिधिहरूलाई फिर्ता बोलाउने वा हटाउने वा के गर्ने यस सम्बन्धमा परिषद्लाई अधिकार दिइएको छैन ।

यस्तो परिस्थितिमा जिम्मेवारी र जवाफदेही बहन गर्न सक्ने कार्यकारिणी समितिको परिकल्पना गर्न सकिंदैन । "मधेस या पहाड जहीं पनि काठमाडौंबाट खटाइएका बडाहाकिम, अञ्चलाधीश या प्रमुख जिल्ला अधिकारीका मातहत प्रशासन चलेको हो । साधारण निर्णय गर्न केन्द्रतिरै मुख ताक्नुपर्ने हुनाले प्रशासनयन्त्र पङ्गु हुन पुगेको हो । जतिसुकै विकेन्द्रीकरण आयोग बने पनि काठमाडौं केन्द्रित प्रणाली, हुकुमी परम्परा, सामन्ती अवधारणाले कहिल्यै स्थानीय शासनको मर्मअनुसार मुलुक चल्न सकेन । वि.सं. २०४६ (सन् १९९०) पछिको बहुदलीय व्यवस्थासमेत पुरानोभन्दा गुणात्मक रूपमा परिवर्तित हुन सकेन ।"[१३] जनआन्दोलन पछि सुधारको नयाँ कार्यक्रमलाई पुरानै प्रशासनिक संयन्त्रबाट कार्यान्वयन गराउन खोज्नु नै आन्दोलनपछि वनेको सरकारको ठूलो भूल थियो । देशमा प्रजातान्त्रिक दायरा फराकिलो हुँदै जाँदा खुल्ला अवसरको फाइदा लिंदै मुलुकमा वेग्लै खाले संघर्षहरू देखिन थाले ।

"तीन दशक लामो निरंकुश शासनमुनि दबेर रहेका राष्ट्रिय समस्याहरू बहुदलीय प्रजातन्त्रको पुनर्बहालीपछि बाहिर आउनु स्वाभाविकै थियो । तर यी समस्यालाई यसरी प्रस्तुत गरिए, जसले गर्दा नयाँ सरकार अलमलमा पर्‍यो र स्थितिको सामना गर्न असमर्थ रह्यो । वास्तवमा यी राष्ट्रिय समस्याहरू राष्ट्रिय सहमतिको वातावरणमा उचित समाधान पत्ता लाउनका लागि ल्याइनुपर्थ्यो । यी समस्या सत्तारुढ दलका मात्र थिएनन्, यी त यस्ता राष्ट्रिय

---

[१३] लोकराज बराल,"नेपालमा संघीय स्वरुप उपयुक्त अनुपयुक्त", ***कान्तिपुर,*** २० साउन, २०६३ ।

समस्या थिए, जसलाई समाधान गर्न शिशु प्रजातन्त्रलाई जोगाउन चाहने सबै दलको सुदृढीकृत दृष्टिकोणको आवश्यकता थियो । "[१४]

प्रजातन्त्रलाई जोगाउने तर्फ भन्दा त्यस समय कसरी हुन्छ यसलाई असफल वनाउने खेलमा सत्तारुढ दलभित्रकै वरिष्ठ नेताहरू देखिए । पाएको उपलव्धी जोगाउनमा तिनिहरू असफल देखिए । यसरी सम्पन्न नेता र असम्पन्न जनतावीचको रहन सहन तथा जीवनस्तरकै कारण नेपाल अधिराज्यको संविधान पनि भड्खालोमा गयो । देश, प्रजातन्त्र र जनताप्रति नेताहरूले माया गरेनन् । जनता गरिबीमा थिए आखिरमा ०४७ सालको संविधानलाई गरिबीको वीरुद्ध लड्नेहरूबाटै यसको अन्त भयो । संविधानमा पुनरावलोकन गर्ने र आवश्यकताअनुसार त्यसमा परिमार्जन र सुधार मात्र गर्दै गएको भए संविधानले गति लिन्थ्यो । तर संविधानमा कुनै तात्विक परिवर्तन हुन सकेन ।

राजाको महत्वाकांक्षा पनि संविधान सिध्याउन कम छैन । संवैधानिक संरचना सिध्याउन राजाले ०५९ साल र ०६१ सालमा जुन कदम चाले अन्तमा त्यसले राजतन्त्रको लागि ठूलो धक्का बन्न पुग्यो । नेपालको सन्दर्भमा बहुमतीय वा सहमतीय शासन कुनचाहिं ठीक हुने त्यसको अझै टुंगो लाग्न सकेको छैन । नेपाल अधिराज्यको संविधानमा प्रधानमन्त्रीय पद्धतीभनेर कहिं कतै उल्लेख नगरे पनि ०५६ सालको निर्वाचनमा यो प्रयोग नेपालमा भयो । नेपाली कांग्रेसका कृष्णप्रसाद भट्टराई र एमालेका मनमोहन अधिकारीलाई भावी प्रधानमन्त्री भनेर निर्वाचनको समयमा भोट मागीएको थियो । अर्कोतिर नेपालका राजनीतिक दलहरूले भने संसदीय राजतन्त्रलाई विकल्परहित संस्था मान्दै राजाले दिएको संविधानलाई स्वीकार्न पुगे ।

"राज्यको पुनर्संरचनासंग देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैंगिक समस्याको समाधान जोडिएको हुन्छ । राज्यको संरचनामा संङ्धीयता, स्वायत्तता, आत्मनिर्णयको अधिकार र शक्तिको निक्षेपण जस्ता कुराहरू पनि आउँछन् । यसको अर्थ आफुलाई प्रभावपार्ने विषयमा आफैंले निर्णय लिनसक्ने अधिकार हो ।"[१५] नेपाललाई ८ देखि २५ राज्यमा विभाजन गर्न राखेका विभिन्न प्रस्ताव जसमा विकासविद डा. हर्क गुरुङ्गले र ती राज्यहरूमा दुई कार्यकालसम्म जातीय अग्राधिकार दिने समेतको नारा र मधेशवादी दलहरूले उठाएको समग्र मधेश एक प्रदेशको नाराले नेपालमा जातीय र क्षेत्रीय एकता कायम हुनेमा निकै आशङ्का देखिएको छ । बहुमतीय या

---

[१४] अर्जुन नरसिंह के.सी, "नेपालमा संसदीय अभ्यास", ***नेपालको संवैधानिक तथा संसदीय अभ्यास पत्रिका***, (वर्ष १, अंक १), (काठमाडौं: संवैधानिक तथा संसदीय अभ्यास समाज, २०५०), पृ. ८ ।

[१५] देवराज दाहाल, ***"आधुनिक राज्य–निर्माणमा नेपालको सम–सामयिक चुनौती र सम्भावना",*** आधुनिक राज्य–निर्माण र संविधानको अन्तर-विषयवस्तु, फ्रेडरिक ईबर्ट स्टिफ्टुङ्ग (एफ्ईएस्), (प्रकाशन स्थान उल्लेख नभएको), २०६५, पृ. १४ ।

सहमतीय शासन कुनचाहिँ ठीक हुने हो त्यो नेपालको लागि अझैसम्म टुङ्गो लाग्न सकेको छैन । निर्वाचनमा ठूलो दलको रूपमा बीजयी बनेपनि सरकारलाई स्थिरता दिन नसकेको दलहरूको इतिहास हामीसंग छ । ०४७ सालको संविधानले सार्वभौमसत्ता राजा र संसदमा राखेकोले

मुलुकमा अस्थिरता ल्यायो । त्यसैले अवका दिनमा बेलायती "वेष्टमिनिष्टर" मोडेल काम छैन । राजाले गल्ती गर्दैनन् भन्ने जुन सोचाई थियो जनआन्दोलनपछि उनले खेलेको भूमिका एउटा संवैधानिक राजाको जस्तो थिएन् । "नेपालको ०४६ साल (सन् १९९०) को जनआन्दोलनले देशका सबै वर्ग, समूह, समुदाय र जातिहरूमा स्वतन्त्रता र मुक्तिका आकांक्षाहरूको जन्म दियो ।...तर देशको शासन सञ्चालनको अभिभारा पाएका राजनैतिक पार्टीहरूले देखाएको दुश्चरित्र राजनैतिक कुसंस्कार, सरकारका सांस्कृतिक क्षेत्रका असंवेदनशील काम–कारवाही, आकाशिंदो महंगी र बढ्दो भ्रष्टाचारले जनताका आशाहरूमा तुसारापात भयो । संविधानतः राज्यको हिन्दू धर्मतन्त्रात्मक स्वरूपको निरन्तरता, गोमांश विवाद, संस्कृत भाषाको शिक्षण र समाचार प्रसारण स्थानीय निकायले उनीहरूका कामकाजमा गरेको राष्ट्रभाषाको प्रयोगमा सर्वोच्च अदालतबाट रोक जस्ता यसैबेलाका कामहरूले त झन गैरखस जातिहरूका वितृष्णालाई अझ बढाउने काम गरे ।"[१६] पटक पटक फेरीने सरकार अव यो मुलुकले धान्न सक्दैन । त्यस्तै जातीय आधारमा संघीय राज्य वनाउने र जातीय अग्राधिकारको नाराले पनि मुलुकलाई गृहयुद्ध तर्फ धकेल्न सक्छ । नेपालको भूगोल यस्तो छ जहाँ विविध जनजातीको वसोवास छ राज्यको संरचना गर्दा सवैलाई समावेश गर्न सक्ने भएमा त्यसले नै प्रजातन्त्रलाई दीर्घकालसम्म स्थिरता दिलाउन सक्दछ ।

## ८.१.१ राज्यको वर्तमान संरचनामाथि उठेको प्रश्न

प्रजातन्त्र आफैंमा समावेशी हुन्छ । नेपालले जनआन्दोलनपछिका केही समय समावेशीकरणलाई सामाजिक न्यायको रूपमा मात्र हेर्ने क्रममा कानूनका अगाडि समानतालाई मुख्य आधार बनायो । 'समावेशी प्रजातन्त्र भन्नु प्रजातन्त्रभित्र प्रजातन्त्रको खोजी गर्नु हो ।'[१७] यसले कसैलाई तल माथि गर्ने सवाल नै आउँदैन् । तर, २०४७ साल यता समावेशी प्रजातन्त्रको नारा मूलधारको राजनीतिबाट अलग भएकाहरूका लागि आशाको संचार बनेको देखिन्छ । राज्य सञ्चालनमा महिला, जनजाति, आदिवासी, मधेसवासी, दलित आदिको अहिलेसम्म राज्यसंयन्त्रमा पहुँच कम भएको छ । समावेश गर्ने काम पछाडि परेको छ । यिनीहरूलाई राज्य मेरो हो भन्ने

---

[१६] गोविन्द न्यौपाने, ***नेपालको जातीय प्रश्न*** (सामाजिक बनोट र साझेदारीको सम्भावना), (काठमाडौं : सेन्टर फर डेभलप्मेण्ट स्टडीज, सन् २००५), पृ. ८३ ।

[१७] दमननाथ ढुंगाना, "समावेशी प्रजातन्त्रः प्रजातन्त्रभित्र प्रजातन्त्रको खोजी" ***समावेशी लोकतन्त्र,*** (काठमाडौं : फ्रिडम फोरम, २०६३ (प्रथम), पृ. १३ ।

आभास हुन सकेको छैन् । यिनीहरूले आफूलाई राज्यबाट ठगिएको र अलगाव महसुस गरिरहेका छन् । आकांक्षा वढ्दै गएका यस्ता जातजातिहरूलाई ०४७ सालको संविधान निर्माणपछि पनि मुलुकले राज्यको संयन्त्रमा सहभागी गराउने वातावरण बनाउन सकेन जसको परिणामस्वरूप सदैव उनीहरूले आफूलाई राज्यबाट पृथक् ठान्न पुगे । यस अर्थमा राज्यले व्यक्ति, समूह वा जातजातिको अस्तित्वलाई अस्वीकार्ने हो भने त्यस्तो शासन व्यवस्था पनि टिक्न नसक्ने उदाहरण ०४६ पछिको नेपाललाई लिन सकिन्छ ।

'वरावर भनेकै समावेशीकरण हो ।'[१८] तर, ०४६ सालपछि पनि नेपाल राज्यको वर्तमान संरचना सबै नागरिकहरूलाई समावेशी हुने खालको छैन । जनआन्दोलनपछि पनि मुलुकको साधनमा पहुँच हुनेहरूका बीचमात्र एकता देखियो बाँकी जनता सदैव उपेक्षित नै रहे । जनजातिहरूका ६१ जाति मध्ये संसदमा लगभग ६।७ जातिले मात्र प्रतिनिधित्व गरेका छन् । वाँकी जातिको प्रतिनिधित्व छैन । संविधानमा यसको कुनै कुरा उठेन । पंचायतकालमा पनि राजसंस्थाबाट यसतर्फ कुनै कदम चालिएको थिएन । छानिएका दलितमध्येका एक दुई जना र मधेशका एक दुई जनालाई मन्त्री पदमा नियुक्ति गरेपछि राज्यले आफ्नो दायित्व निर्वाह गरेको ठहरिने गर्दथ्यो ।

राजतन्त्रले पनि यसअघि विगत अढाइ सय वर्षदेखि कहिल्यै शोषित पीडितको सम्वोधन गर्न सकेन । परिणामस्वरूप ०४६ सालमा भएको जनआन्दोलनले नेपालको राजनीति विस्तारै ध्रुवीकृत वन्दै गएको अवस्थामा कम्युनिष्ट धार र नेपाली कांग्रेसको धारमा मुलुकका करौडौं नागरिक विभाजित वन्न पुगे ।

सुरुवातदेखि नै केही टाठा, बाठा, सम्भ्रान्त र उच्चमध्यम वर्गले राज्यबाट पन्छाइएका वर्ग, जाति, समुदाय र क्षेत्रका जनसमुदायको समस्या र पीडा यस अवधिमा कसैले सुनुवाई गरेन् । ०४६ सालको परिवर्तनपछि राज्यको संरचनाका विषयमा देशका दुई ध्रुवमा खडा भएका राजनीतिक दलहरूले राज्य संरचनाको विषयमा कति पनि ध्यान दिन सकेनन् । राज्य संरचनामा कांग्रेस र कम्युनिष्टहरूले आफ्नो भूमिकालाई सफलतापूर्वक पार लगाउन सकेनन् ।

२०४६ सालपछिको विगत डेढ दशक जतिको अवधिमा नेपालले के देखाएको छ भने माओवादी, खुम्वुवान, केएनएफ राष्ट्रिय मोर्चालगायत मधेशी, पहाडे, हिन्दू, मुस्लिम आदिका जति पनि विद्रोह नेपालमा भए तीसबै राज्यले आफ्ना नागरिकहरूलाई समावेशीकरण नगरेरै भएका हुन् ।[१९] नेपाल राज्य ज्यादै कमजोर छ त्यसले आफ्ना विभिन्न क्षेत्रलाई सँगै राख्न सक्दैन तर

---

[१८] विश्वनाथ उपाध्याय, राजा फर्कन पर्छ पर्छ, ***कान्तिपुर,*** २३ कार्तिक, २०६२ ।

[१९] महेन्द्र लावती, ***ट्वार्डस ए डेमोक्रेटिक नेपाल,*** (न्यूदिल्ली : सागे पव्लीकेशन्श, सन् २००५), पृ. २१ ।

नेपालको केन्द्र ज्यादै बलियो पकडमा रहेको छ । कैयौं मूलधारका राजनीतिक नेता, नीति निर्माता, लेखक र आलोचकहरूले संघीयताद्वारा राष्ट्र टुक्रिने आशङ्का प्रकट गरेका छन । विखण्डनको डर सोभियत संघ, युगोस्लाभिया, र चेकोस्लोभाकियाबाट देखिएको हो । अमेरिकामा धेरै राज्य संयुक्त वनेका छन् । जवकि स्वीजर्लैण्डका क्यान्टोनहरू विविध भाषा र धर्म अंगाले पनि द्वन्द्वको समयमा पनि तिनीहरू एक्यवद्धछन् ।[२०]

नेपालको एकात्मक राज्य संरचनाले केवल विकेन्द्रीकरण र स्थानीय विकासमा जोड दियो । जातीय एवं क्षेत्रीय स्वायत्तता दिन र जातीय वा क्षेत्रीय आधारमा संघात्मक राज्यको विषयमा सवाल उठाउन २०४७ को संविधानले आवश्यक ठानेन् । यस अवधिमा पछाडि परेका जनताहरू धेरै नै पछाडि परे । जातीय र क्षेत्रीय आधारमा संघात्मक राज्य निर्माण भए मुलुक नै टुक्रिने जस्तो ठानेकाले २ सय ४० वर्षको राजतन्त्र प्रत्यक्ष वा परोक्ष रूपमा जातजाति, भाषा र क्षेत्रमा आधारित विषयलाई सकेसम्म राजनीतिबाट टाढा राख्न खोज्यो । पहिचानको मुद्दा ०४६ सालपछि पनि नउठेको हैन । तर, उठाउनेहरूलाई विखण्डनकारीको आरोप खेप्नुपरेको थियो । त्यसवेला स्वायत्त वा संघात्मक संरचनामा विवादको विषय वन्न पुगेन । जातजाति भाषा, धर्मको आधारलाई ०४७ को संविधानले जोड दिएन् । हिन्दू धर्म र नेपाली भाषा अर्थात् एउटै धर्म एउटै भाषाले बल पायो । यसैको परिणाम संविधान छोटो समयमै अकालमै दुर्घटनामा गयो ।

०४६ सालपछिको बहुदलीय व्यवस्थाका नेताहरूले राज्यसत्तालाई भन्दा राजसत्तालाई नै रिझाउन लागे । अदालत निरंकुश बन्न पुग्यो र ऐतिहासिक उपलब्धिको एकदशक भन्दा वढीको अवधि व्यर्थमा गएको थियो । "२०४८ सालमा निर्वाचित सरकारको गठन भएपछि २०५० जेठमा राष्ट्रिय भाषा नीति आयोगको गठन भयो । यो आयोगले मूलतः नेपालका राष्ट्रिय भाषाहरूको विकास र मातृभाषामा प्राथमिक शिक्षा प्रदान गर्ने सम्बन्धमा केही नीतिगत सुझावहरू पेस गरेको थियो । यसै गरी केही प्रमुख राष्ट्रिय भाषाहरूमा सरकारी प्रसारण माध्यम रेडियो नेपालबाट समाचार प्रसारणको थालनी पनि भयो । भाषिक पहिचान र मान्यताको प्रश्न मूलत : राजनीतिक हो । तर राज्य संरचना र प्रक्रियामा यसले मान्यता पाउन सकेन । काठमाडौं महानगरपालिका लगायत केही स्थानीय सरकारका निकायहरूले स्थानीय भाषाको प्रयोग गर्न खोज्दा सर्वोच्च अदालतले बन्देज लगायो । सर्वोच्च अदालतको यस फैसलाले भाषिक आन्दोलनलाई मलजल गर्ने काम गऱ्यो । फलतः संसदीय वृत्तका दलहरू पनि राज्यको

---

[२०] (महेन्द्र लावती) महेन्द्र लावती ***पूर्ववत् टिप्पणी*** नं १९, पृ. २५७ ।

पुनर्संरचनाको एजेण्डालाई स्वीकार गर्न वाध्य हुँदै गए । यसले जनआन्दोलनको पक्षमा बृहत् जनसमर्थन जुटाउन अनुकूल प्रभाव पार्न सक्यो ।"[२१]

"प्रतिनिधिसभा विघटनको सिफारिस नमान्ने हो भने संसदीय व्यवस्थाको प्रभावकारिता नरहने हुन्छ । गिरीजा प्रसाद कोइरालाले विघटन गर्दाको फैसलामा अल्पमतको सरकारले पनि विघटन गर्न सक्छ भनी र मनमोहन अधिकारीको पालामा भने विकल्प भईन्जेल विघटनमा जान हुँदैन भन्ने फैसला गरिएको छ ।"[२२]

प्रधानमन्त्री र जनताबीच अदालत ढाल बन्न हुँदैन तर अदालतले ०५४ साल माघ २१ गतेको फैसलामा भने ९६ जना माननीय सदस्यहरूको समावेदन र प्रतिनिधिसभा विघटन गर्ने गर्ने सिफारिशमा कुनले प्राथमिकता पाउने जटिल सवालमा अदालतले गणितीय हिसाववाट प्राथमिकता दिने भन्दा संसदहरूको प्रतिनिधिसभा बोलाउन पाउने विशेष व्यवस्था हो भनी ०५२ भाद्र १२ मा पनि सअको फैसला भैसकेको र संसदप्रति जवाफदेहि राख्ने प्रमं वा मन्त्रिपरिषद्ले प्रतिवाद गर्नु परेमा पहिले जनतासमक्ष नगै संसदमा जानु पर्छ । प्रतिनिधिसभाबाट वैकल्पिक सरकारको खोजी गर्दा पनि सरकार वन्न सक्ने अवस्था नरहेमा मात्र अनिवार्य रूपमा प्रतिनिधि सभाको विघटन गरी निर्वाचन गराउने व्यवस्था गरेको छ । यसमा अदालतले ९६ जना सांसदहरूले प्रतिनिधिसभाको अधिवेशन बोलाउन गरेको समावेदनलाई प्राथमिकता दिनुपर्ने गरेको छ । यसरी संसद विघटनको मामिलामा अदालतको फरक फरक नजीरले जनता आश्चर्यमा परेका थिए । यस सम्वन्धी थप जानकारी माथि उपपरिच्छेद ५.२ संवैधानिक सङ्कटमा पनि व्याख्या गरिएको छ ।

देशका ठूला राजनीतिक दलहरूले घोषित र अघोषित रूपमा विशेषाधिकारहरूको उपयोग गरिरहेका थिए । प्रजातन्त्रमा शक्तिको अत्यधिक एकीकरण हुन पुगेमा सबै जातजाति धर्म, सम्प्रदाय चेपुवामा पर्न जान्छन् । कुनै एक जातिका शासकको मातहतमा नेपाली जनताले लामो समय विताउनु परेको थियो ।

'मुलुकमा विद्यमान विभेदका लागि जिम्मेवार रहेका सामन्ती सम्बन्ध, सामन्ती स्वार्थ र राजतन्त्रलाई ढाकछोप गर्ने गरी कुनै एक जाति (खस भनिएको जाति) कुनै एक भाषाभाषी (नेपाली), कुनै एक धर्म (हिन्दू) कुनै एक स्थान (काठमाडौं) विरुद्ध विरोधलाई निर्देशित गर्ने चालबाजी समयमा चिन्नु र लोकतान्त्रिक शक्तिहरू होसियार हुनु पनि त्यतिकै आवश्यक देखिएको छ । खस जातिको स्वार्थले प्रमुखता पाए पनि तिनीहरूको बसोवासको कर्णाली प्रदेश

---

[२१] (कृष्ण खनाल), ***पूर्ववत् टिप्पणी*** नं.७ , पृ. १९ ।

[२२] ***नेपाल कानून पत्रिका*** (मासिक), (भाग ३९, अंक १०), (काठमाडौं :सर्वोच्च अदालत, २०५४), माघ, पृ. ३९ ।

वरिपरिको क्षेत्र मुलुकको सबभन्दा कम विकसित र उपेक्षित क्षेत्र रहिरहनु हुने थिएन । त्यस्तै, काठमाडौँ नै दोषी भएको भए यसका बासिन्दाले असमानताको गुनासो गर्नुपर्ने स्थितिरहनु हुने थिएन ।'[२३]

## ८.१.२ जातीय, सांस्कृतिक पहिचान र स्वायत्तताको प्रश्न

राज्यको वर्तमान राजनीतिक संरचनाले नेपाली समाजको जातीय, सांस्कृतिक तथा भाषिक विविधतालाई समेट्न नसकेका कारण ०४६ सालको जनआन्दोलनपछि पनि आत्मनिर्णयको अधिकार, जातीय स्वशासन, संघीय प्रणाली, बहुभाषिक नीति, समानुपातिक प्रतिनिधित्व जस्ता सवालहरू ओझेलमै पर्न गयो ।

> आदिवासी तथा जनजातिको जातिगत वितरणलाई चार भौगोलिक क्षेत्रमा राखेर हेर्न सकिन्छ । राष्ट्रिय जनगणना २०५८ का अनुसार नेपालमा आदिवासी जनजाति ५९ छन् । यिनमा हिमाली क्षेत्रमा १८, पहाडी क्षेत्रमा २४, भित्री मधेसमा ७ र तराई क्षेत्रमा ९ छन ।[२४]

राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठानको कार्यदलको प्रतिवेदन–२०५३ ले भने ६१ जनजाति देखाएको थियो । पछि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान–०५८ बाट यो संख्या ५९ मा आएको हो । यस्ता आदिवासी तथा जनजातिहरूलाई सत्तामा जवसम्म सहज पहुँच हुन सक्दैन त्यस अवस्थासम्म राज्य समावेशी भयो भनेर भन्न सकिन्न । २०४६ सालको जनआन्दोलनपछि विभिन्न ठूला राजनीतिक दलहरूले राज्यको ढाँचामा परिवर्तनको लागि कुनै न कुनै तवरले आवाज उठाउँदै आएका थिए । त्यसका लागि स्थानीय निकायलाई प्रभावकारी वनाउन विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको अवधारणा ल्याउनुका साथै छुट्टाछुट्टै ऐनको सट्टामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली,२०५६ को व्यवस्था गरी शासनमा जनताको सहभागिता गराउन योजना तर्जुमा देखि स्रोत परिचालन र क्षमता अभिवृद्धिमा जनता केन्द्रित गराउन जनआन्दोलनपछि देखिएको उत्साह ०५२ सालपछि विस्तारै कम हुँदै गयो । जनप्रतिनिधिविहिन हुँदै गएपछि स्थानीय निकाय जव कर्मचारिहरूले चलाउन थाले त्यसपछि जनताको सम्पर्कपनि सहभागितामूलक हुन सकेन । तीनवटा निर्वाचनमा सरकार प्राविधिक बहुमतमा देखिएपनि विरोधीहरूको सिट र मत भने अघोषित तर सवैले वुझ्ने बहुमतमा रहिरह्यो । यसैको परिणाम नेकपा माओवादीले त्यस्ता वर्ग उपेक्षीत जनजाति, दलित, आदिवासी, महिला आदिलाई साथ दियो जोसंग व्यवस्थाको विकृती र विसंगतीको विरुद्ध लड्न

---

[२३] नीलाम्बर आचार्य, संक्रमणकालको आगामी कार्यभार, ***कान्तिपुर,*** आइतबार २ वैशाख, २०६४ ।

[२४] तिलविक्रम नेम्वाङ, समावेशी प्रजातन्त्रमा भाषा र संस्कृति,***समावेशी प्रजातन्त्र,*** (प्र.सं), (काठमाडौं : फ्रिडम फोरम, २०६३ भदौ), पृ. ४२४ ।

खोजीरहेका थिए । पिछडीएको जाति, पाखापारिएको भाषा र उन्नत नबनाइएको संस्कृतिहरू पुरानो राज्यसत्ताको विरुद्धमा जुर्मुराउन थाले ।

जाति, भाषा र संस्कृति नेपालको सम्पत्ति र पहिचान हो । यसले कसैलाई पनि वाहेक गर्ने नभै समावेश गर्न खोजिजीरहेको हुन्छ । समावेशी चरित्र लोकतान्त्रिक सिद्धान्त र व्यवहारका लागि एक प्रमुख पक्ष हो । प्रजातन्त्रमा कुनै पनि निर्णय लिईंदा निर्णय–निर्माणका अङ्गमा जसको विषयमा निर्णय गरिने हो त्यस्ता व्यक्तिहरूको प्रतिनिधित्व हुनै पर्दछ । जसलाई निर्णयबाट अलग्याइएको हुन्छ त्यस्तो निर्णय डरलाग्दो हुन्छ । किनकि त्यसमा तिनीहरूका भावनाको प्रतिनिधित्व गरिएको हुन्न ।[२५]

०४६ सालपछि समावेशीकरणलाई सामाजिक न्यायको आधारमा पुष्टि गर्दै जाँदा निर्णय निर्माणमा राज्यबाट पछाडि पारिएको जनजातिलाई माथि उठाउने काम ०४७ को संविधानले गर्न सकेन् । जनजातिको सवाल, स्वायत्तताको सवाल र जातीय सांस्कृतिक पहिचानको सवालमा ०४७ सालको संविधान पर्याप्त हुन सकेन् । समावेशी हुनुपर्ने नेपालको प्रजातन्त्र असमावेशी हुन पुग्यो । नेपालका जनजातिहरूले ०४६ सालपछि समावेशीकरणलाई मूल मुद्दा वनाएका थिए तर त्यसको सुनवाई भएन । समावेश गर्नुपर्ने मूल मुद्दा ०४७ सालको संविधानमा छुटाइयो । राजतन्त्रको प्रभाव छुटेन् । परिणाम मूल धारमा आउन लागेको राजनीतिक शक्तिले प्रजातन्त्रको परीक्षणकालमै हतियार उठायो । संविधानमा वाध्यात्मक व्यवस्था गरिनुको साटो जनजातिको सवाललाई निर्देशक सिद्धान्तमा राखेर राज्य दायित्वबाट पन्छियो ।

जातीय, सांस्कृतिक पहिचान समाप्त गरेर कुनै पनि देश माथि उठेको छैन । राज्यको धरोहर बनेका विविध जाति, भाषा, संस्कृतिको महत्व ठूलो छ । राज्य पुनर्संरचनाको मुद्दासँगै जातीय, सांस्कृतिक पहिचान र स्वायत्तताको कुरा यस मुलुकमा ०४६ सालपछि विस्तारै उठ्दै आएको हो । नेपालमा रहेको कुनै पनि जनजातिले ०४६ को जनआन्दोलनमा होस वा पछिका समयमा भएका निर्वाचनको घोषणापत्रमा तिनले नेपाल राज्यबाट अलग भएर रहने माग राखेको देखिंदैन । तर, ०४७ को संविधानले स्वायत्तता वा आत्म निर्णयको अधिकारका विषयमा बोल्नै हुन्न जस्तो गरी यस विषयमा बोल्नेलाई विखण्डनकारीको आरोप लगाइराख्यो ।

नेपालजस्तो बहुजातीय र बहुसांस्कृतिक समाजका लागि राज्यको पुनर्संरचना नभएकै कारण मुलुकमा द्वन्द्व र अस्थिरताहरू देखिएका हुन् । पञ्चायतले एकीकृत शासन सत्ता चलाउन सजिलो होस भनी प्रयोगमा ल्याएको १४ अञ्चल ७५ जिल्लाको अवधारणाले सम्पूर्ण जाति र

---

[२५] महेन्द्र लावती, ***ट्वार्डस ए डेमोक्रेटिक नेपाल : इन्क्लुजीभ पोलिटिकल इन्स्टिच्युसन फर ए मल्टीकल्चरल सोसाइटी,*** (न्यू दिल्ली : सागे पब्लिकेशन्स, सन् २००५), पृ. २४ ।

जनजातिलाई समावेश गर्न नसकेको अवस्थामा ०४७ सालको संविधान यस मामिलामा निकै कठोर वन्न गयो ।

नेपाली सेनालाई जातीय, क्षेत्रीय र वर्गीय प्रतिनिधित्व गराई समानुपातिक प्रतिनिधित्व गराउन सेनामा पनि यो प्रयास विस्तार गरिएको छ ।देशभित्र रहेको नेपाली सेनाको कुलसङ्ख्या ९२ हजार ७५३ जना छ । त्यस सङ्यामा सबैभन्दा बढी क्षेत्री ३५ हजार ४९४ जना, बाहुन नौ हजार ८४५ जना, मगर आठ हजार ३२२ जना छन् । सेनामा दलित समुदायका दमाई दुई हजार १२१ जना, सार्की ८८४ जना, विश्वकर्मा दुई हजार २९६ जना छन् । त्यस्तै लोपोन्मुख जातिहरूको समेत सेनामा चेपाङ २७ जना, थामी १७ जना, माझी ३०४ जना, कुमाल ७८१ जना, जिरेल ५१ जना, दराई १२७ जना, पहरी १८ जना नेपाली सेनामा कार्यरत छन् । नेपाली सेनामा अहिले एक हजार तीन जना महिला कार्यरत छन् । त्यस्तै नेपाली सेनामा मधेशका व्यक्तिहरू अत्यधिक प्राविधिक क्षेत्रमा छन् । किराँत र हिमाली क्षेत्रका जाति र क्षेत्रीय रूपमा समेट्ने गरी रिपुमर्दिनी गण । यस अघि नै गुरुङ र मगर जातिको सम्मानमा छुट्टाछुट्टै गण रहेका छन् । अन्य क्षेत्रभन्दा नेपाली सेनाले समावेशी रूपमा संङ्गठनात्मक संरचना अघि बढाएको देखिन्छ । जातीय, क्षेत्रीय र वर्गीय प्रतिनिधित्व गराई समानुपातिक प्रतिनिधित्वको अभ्यास गर्दै आएको । अरु कर्मचारी क्षेत्रभन्दा नेपाली सेनामा समावेशीकरण बढी छ । सैनिक प्रवक्ता सहायकरथी अनन्तबहादुर थेवेले भने ।[२६]

राणाकालमा समेत एकात्मक राज्य र केन्द्रीकृत शासनको राज्यसंरचनामा उही उच्च जातका घरानियाहरूले मात्र सत्तामा हालीमुहाली गरेका थिए । त्यहि परम्परा ०७ सालमा ०१७ सालमा र ०४६ सालपछि पनि दोहोरियो । यस्लेगर्दा कतिपय जनजातिहरूलाई राज्य संरचनाबाट पाखा लगाइयो । बहिःकृत एवं सीमान्त अवस्थामा रहेका समुदायलाई शासनको मूलधारमा ल्याउने प्रयास ०४८ साल, ०५१ साल र ०५६ साल कुनै पनि चुनावमा मुख्य एजेण्डा नै बनेन् ।

जनजातिको आवाजलाई विभाजनकारी तत्वको रूपमा हेर्ने काम बहुदलीय व्यवस्थामा पनि हुनु दुर्भाग्यपूर्ण थियो ।

### ८.१.३ समानुपातिक प्रतिनिधित्व

संविधानमा सबैको उचित प्रतिनिधित्व हुन नसकेकाले नै समानुपातिक प्रतिनिधित्वको माग हुँदै आएको हो । यसमा उम्मेदवार चयन गर्दा सबै समूहलाई हेरिने गरिन्छ । प्रजातन्त्र असमावेशी कहिल्यै हुन सक्दैन । यो सदैव समावेशी भएको हुन्छ यसमा दुईमत नै छैन् । हाल

---

[२६] *गोरखापत्र,* २०६३ साल माघ ५ (नेपाली सेनालाई थप समावेशी बनाइने) ।

मुलुकमा ५९ जातजातिलाई आदिवासी जनजातिको रूपमा राखिएको पाइन्छ । तिनले लामो समयदेखि राज्यबाट दमन र विभेदको सिकार भएको महसुस गरिरहेका छन् ।

> नेपालमा प्रतिनिधिसभाका लागि विगतमा भएका तिनै महानिर्वाचनमा सबै पहिचानको प्रतिनिधित्वको समस्या गम्भीररूपमा रह्यो । उदाहरणका लागि, जनसंख्याको १२ प्रतिशतभन्दा बढी दलितहरूको (दोस्रो र तेस्रो प्रतिनिधिसभामा) प्रतीकात्मक उपस्थितिसम्म हुन सकेन । पहिलो प्रतिनिधिसभामा फगत एकजना दलित निर्वाचित भएका थिए । जनसंख्याको समानुपातिकताको आधारमा प्रतिनिधिसभाको २०५ स्थान मध्ये दलित प्रतिनिधिको संख्या २५ हुनुपर्ने थियो । त्यस्तै जनसंख्याको ५० प्रतिशतभन्दा बढी जनसंख्या भएका महिलाहरूको प्रतिनिधित्व पहिलो र दोस्रो प्रतिनिधिसभामा ३ प्रतिशत र तेस्रो प्रतिनिधि सभामा झण्डै ६ प्रतिशत मात्र रह्यो । यसैगरी तेस्रो प्रतिनिधिसभामा २३ प्रतिशत जनसंख्या भएका पहाडी जनजातिको प्रतिनिधित्व १३ प्रतिशत, दलित बाहेक २३ प्रतिशत जनसंख्या भएका मधेशी जात । जनजातिको प्रतिनिधित्व करिब १९ प्रतिशत र ४ प्रतिशत जनसंख्या भएका मुसलमान समुदायका प्रतिनिधित्व पहिलो र दोस्रो प्रतिनिधिसभामा २ प्रतिशत भएकोमा तेस्रो प्रतिनिधिसभामा घटेर १ प्रतिशतभन्दा कम हुन पुग्यो ।
>
> पहाडे जनजातिको प्रतिनिधित्व सामानुपातिक रूपमा निकै कम छ । त्यसमा पनि मगर, राई लिम्वु, तामाङ्ग, गुरुङ्ग, बाहेकका अन्य स–साना जनजाति समुदायको त प्रतीकात्मक उपस्थित समेत प्रतिनिधि सभामा हुन सकेको छैन । त्यस्तै तराइका राजवंशी, दनुवार जस्ता जातिबाट पहिलो प्रतिनिधि सभामा एक–एक जना निर्वाचित भएको भए तापनि त्यसपछिका दुवै निर्वाचनमा यी समुदायका व्यक्ति कहीपनि निर्वाचित हुन सकेनन् । यस सन्दर्भमा राष्ट्रिय सभामा पहाडे दलितको उपस्थिति पछिल्ला वर्षहरूमा करिब ५ प्रतिशत रह्यो, तर २०५८ सालमा मात्रै पहिलो पटक एक जना मधेसी दलितलाई राष्ट्रिय सभाको सदस्य हुने सफलता प्राप्त भयो । राज्यको समावेशी पुनःसंरचनाको आवश्यकता बारे राष्ट्रिय सहमति भए पनि समावेशीकरणको प्रक्रिया समकालीन राजनीतिको अत्यन्त पेचिलो प्रश्न हो ।[२७]

बहुदलीय पद्धति देशले अपनाउँदैमा पनि तिनीहरू राज्यको मूलप्रवाहमा आउन सकेका छैनन्। तिनका लागि लामो समयदेखि उठेको समावेशीकरणको मुद्दा सम्वोधन मात्र भएको भए समावेशी प्रजातन्त्रलाई सुनिश्चित गर्न जनजाति, आदिवासी समुदायको समानुपातिक प्रतिनिधित्व हुन सक्ने थियो । त्यसैले यसमा निर्वाचनअगाडि पार्टीले जुन सूची निकालेको हुन्छ त्यसलाई बदल्न नपाइने भएकाले यसमा भौगोलिक तालमेल नमिलाई यस्तो प्रतिनिधित्व सम्भव बन्दैन ।

संविधानमा समानुपातिक निर्वाचन पद्धति अपनाइएको भए नेपालका ठूला दलहरू आत्तिने स्थितिमा हुन्थे । जनआन्दोलनमा विजयी बनेका दलहरूको वर्चस्व रहेकै कारण बहुमतले शासन गर्ने पद्धतिमा तिनको झुकाव रह्यो । समानुपातिकमा पार्टीहरूले जति मत प्राप्त गरेका छन त्यसैको आधारमा उनीहरूको प्रतिनिधित्व हुने भएकाले ठूला दलहरूको वर्चश्व कम हुने देखी

---

[२७] झलनाथ खनाल र अन्य, ***राज्यको पुनः संरचना तथा रूपान्तरण,*** (दो.सं), (काठमाडौं : राष्ट्रिय शान्ति अभियान, २०६३), पृ. ५७–५८ ।

संविधान निर्माणको समयमा बहुमतीय पद्धति नै अपनाइयो । विगत जस्तो प्रजातन्त्र होइन हैन भन्दा भन्दै पनि सामाजिक न्यायसहितको समानुपातिक प्रतिनिधित्व ०४७ सालको संविधान निर्माणपछि पनि कार्यान्वयनमा आउन सकेन् । 'नेपालको राजनीतिक दलका नेताहरूको विवेकले दलितलाई चुनाव जिताएर प्रतिनिधिसभामा पुऱ्याउन सक्दैनन् ।'[२८]

०४६ सालको जनआन्दोलन लगत्तै समानुपातिक निर्वाचन प्रणाली प्रयोगमा आउन सकेन । ०४७ सालको संविधानले यसको प्रयोग राष्ट्रिय सभामा गर्न खोजेको पाइन्छ । ६० सदस्य रहने राष्ट्रिय सभामा यसको व्यवस्था यसरी गरिएको थियो :

> धारा ४६. राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधि : (१) राष्ट्रिय सभामा देहाय बमोजिमका साठी सदस्यहरू रहनेछन् :
>
> (क) श्री ५ बाट राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट मनोनीत गरिबक्सने दशजना सदस्यहरू,
>
> (ख) प्रतिनिधि सभाद्वारा समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम एकल संक्रमणीय मतको आधारमा कानुनमा व्यवस्था भए अनुसार निर्वाचित हुने कम्तीमा तीन जना महिलासहित पैंतीस जना सदस्यहरू, र
>
> (ग) प्रत्येक विकास क्षेत्रका गाउँ र नगरका स्थानीय निकायका प्रमुख र उपप्रमुख तथा जिल्लाका स्थानीय निकायका प्रमुख,उपप्रमुख र सदस्यहरू मतदाता भएको निर्वाचक मण्डलद्वारा तत् तत् विकास क्षेत्रबाट तीन जनाका दरले एकल सङ्क्रमणीय मतको आधारमा कानूनमा व्यवस्था भए अनुसार निर्वाचित हुने पन्ध्रजना सदस्यहरू ।[२९]

बहुमतीय प्रणालीमा ५१ प्रतिशतले ४९ प्रतिशतलाई शासन गर्ने गर्दछन । अझ कहिलेकांहीं त कतिपय दलहरूको खेर गएको मत हेर्दा अल्पमतले बहुमतलाई शासन गरेको भन्दा पनि हुन्छ । यसैको फलस्वरूप बहुमत प्रणालीभन्दा निकै लोकतान्त्रिक एवं प्रगतिशील निर्वाचन प्रणालीको रूपमा यूरोपका कतिपय देशले समानुपातिक निर्वाचन प्रणाली लागु गरेका छन् । विशेष गरी थोमस हेयर र सी.जी. आन्ड्रीले यसलाई प्रयोगमा ल्याएका हुन । मतदानसंख्या र निर्वाचन गर्नुपर्ने स्थानको तालमेल यसमा मिलाइएको हुन्छ । सम्पूर्ण देशलाई नै एउटा निर्वाचन क्षेत्र मानेर निर्दिष्ट कोटा अनुसारको मतसंख्या विभिन्न पार्टीहरूमा विभाजन गर्ने गरिन्छ । यसमा सबैको प्रतिनिधित्व हुन पाउँछ । स्वीडेन, नर्वे, बेल्जियम, पोर्चुगल, स्वीट्जरल्याण्ड, लक्जम्बर्ग, फिनल्याण्ड, डेनमार्क जस्ता देशमा पी.आर अर्थात् समानुपातिक प्रणाली भेटिन्छ । यस प्रणालीभित्र पनि  विभिन्न किसिमका पद्धतिहरू छन् :

---

[२८] कृष्ण खनाल, ***समावेशी लोकतन्त्र,*** (प्र.सं), (काठमाडौं : फ्रिडम फोरम, २०६३ भदौ, पृ.२१ ।

[२९] ***नेपाल अधिराज्यको संविधान*** **२०४७,** (काठमाडौं : कानून किताब व्यवस्था समिति, २०४७), पृ. २६ ।

एकल संक्रमणीय पद्धतिः यस पद्धतिमा मतदाताहरूले प्राथमिकताको आधारमा मत दिन्छन । निर्धारित कोटा पुगेपछि निर्धारित मत पाउने उम्मेदवारलाई कोटाबाट हटाई दोस्रोमा सार्ने गरिन्छ। निर्धारित स्थान पुरा  नहुन्जेल यही प्रक्रिया निरन्तर चलिरहन्छ ।

सूची पद्धतिः-यस सूची पद्धतिमा मतदाताहरूले पार्टीद्वारा प्रेशित सूचीका उम्मेदवारहरूलाई मतदान गर्दछन् । मतसंख्याका आधारमा कोटा निर्धारण भै निर्वाचित स्थान वितरण गर्ने गरिन्छ । प्राथमिकता सूचिको आधारमा उम्मेदवारहरू निर्वाचित हुन्छन । कुनै निर्वाचन क्षेत्रमा २० हजार मत खसेको छ, १० स्थानका लागि निर्वाचन गर्नुपर्ने सो क्षेत्रमा ८ राजनीतिक दलहरूले भाग लिई पाएको मतलाई यसरी बाँडन सकिन्छ ।

कोटा= खसेको बैध मत

निर्वाचन गर्नु पर्ने स्थान

२० हजारलाई १० स्थानले भागा गर्दा एक स्थानको कोटा २ हजार तय भयो । यसमा कसैले प्राप्त मत संख्या कोटा अनुसार पाउन सकेन भने उसको पार्टीलाई अधिक बांकी विधि अर्थात् रिमेन्डर मिथोड अनुसार थप स्थान दिएर पूरा गर्ने गरिन्छ ।

०४६ सालको जनआन्दोलनपछि बनेको संविधानले पनि राज्यको एकात्मक स्वरूपलाई जोड दियो। वढी मत ल्याउनेले जित्ने र लोकतान्त्रिक मूल्यहरूको अधिकतम प्रत्याभूति दिन खोजेपनि राज्यको संरचनामा यसले कुनै ध्यान दिन सकेन । महिला, जनजाति र दलितको प्रतिनिधित्व राज्यको माथिल्लो निकायमा शून्यप्रायः देखियो ।

राज्यसँग स्वामित्वबोध गर्न सक्ने जनता टाढिँदै गए । प्रजातन्त्रको पहिलो आधार राज्यको पुनःसंरचना हो । जातीय कलह र विखण्डनको सम्भावनालाई रोक्न विभिन्न देशमा सुरुवात गरिएको समानुपातिक लोकतान्त्रिक पद्धति ०४६ सालपछि पनि  नेपालमा लागू हुन सकेन । त्यो एक आश्चर्यको विषय वनेको छ । एकजाति एकराज्य जस्ता मान्यताहरू नेपालका लागि असान्दर्भिक हुनथालेको अवस्थामा देशले ०४७ को संविधानमा थोरै मात्र भए पनि समानुपातिक निर्वाचन राष्ट्रिय सभामा प्रयोग सम्म गऱ्यो तर त्यो उदाहरणीय प्रयोग हुन सकेन ।

प्रजातन्त्रको एजेण्डामा सबैलाई समावेश गर्न सकियो भने जनाधार कमजोर हुन पाउँदैन । तर दलहरूले यसलाई प्रभावकारी रूपमा उठाउन नसक्नाले नै जनताको राज्यसँग लगाव कमजोर वनेको छ । काठमाडौं केन्द्रित विकासले देशलाई असन्तुलित र भ्रष्टाचारमुखी बनाएको मा कसैको दुईमत देखिन्न ।

जनआन्दोलन–०४६ पछि नेपालको शासन पद्धति लोकतान्त्रिक संरचना र प्रक्रियामा जान खोजे तापनि विभिन्न अवरोधहरूले गर्दा प्रजातन्त्रले मूर्त रूप लिन सकेन । प्रजातन्त्र पुनः स्थापनापछि नेपालमा संसदलाई बीचैमा विघटन गर्ने बेलायती 'वेस्टमिनस्टर मोडेल' को विकल्प समानुपातिक प्रतिनिधित्व बन्न सक्थ्यो । तर, त्यसलाई प्रयोगमा ल्याइएन । २०४८ र ०५६ मा नेपाली कांग्रेसले बहुमत ल्याएर पनि सरकार स्थिर हुन नसकेकाले यस किसिमको शासन व्यवस्थामा सरकारमा स्थायित्व हुन्छ भन्नेमा नेपाली जनताले विश्वास गर्न सकेनन । नेपालमा प्रयोग भएको बहुमतीय शासन व्यवस्थाको असफलताले के देखाएको छ भने समानुपातिक प्रतिनिधित्वको निर्वाचनप्रणालीको प्रयोग बाट नै देशको सबै जनजातिको प्रतिनिधित्व हुन सक्छ वा सक्दैन त्यसलाई अझ कसैले निर्णय गर्न सक्ने अवस्थामा छैन् । ०६२/६३ को दोस्रो जनआन्दोलनपछि सम्पन्न संविधानसभा निर्वाचनमा समानुपातिकतर्फको प्रतिस्पर्धा प्रक्रिया जटिल र अपारदर्शी वन्यो । नेपालले अपनाएको बन्दसूचि पार्टी नेताका हातमा निर्भर रह्यो । एउटै मात्र वाध्यता के थियो भने यस्तो छनौटलाई पार्टीको केन्द्रीय समितिले अनुमोदन गर्नुपर्थ्यो र त्यसमा विभिन्न जातजातिका मानिस र महिलालाई समावेश गर्नका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्थ्यो ।[३०] यसले दलका नेताका हातमा सबै शक्ति थुपारिदियो । मतदाताबीच अलोकप्रिय नेताले पनि समानुपातिकमा विजयी बन्न पाए । मतदाताले छनौटको अवसर पाएनन् । ठूला दलहरूमा यसले झन अन्तरकलह वढायो ।

## ८.१.४ राजसंस्थाको औचित्य र भूमिकाको प्रश्न

प्रायः इतिहासका हरेक निरंकुश शासकहरू प्रजातन्त्रवादीहरूसंग संझौता गर्न आफ्नो अपमान सम्झन्थे । एकीकरणपछि नेपालमा ११ पुस्ताका १३ औं राजाहरूको गतिविधिबाट यही कुरा स्पष्ट हुन्छ । नेपालका राजाले एक ठाउँमा भनेका थिए-

> "वैदिक धर्मग्रन्थका अनुसार मेरो यो उत्तरदायित्व रहन्छ कि म अन्यायको विरुद्ध जनताको रक्षा गरुँ । भगवान्‌को धारणा त जनमानसमा छ ।"[३१]

यसले के देखाउँछ भने प्रजातान्त्रिक देशमा शिक्षित र दीक्षित भएका राजामा पनि जनताको चेतनाको स्तर नवढेको फाइदा लिन उनीहरू पछि पर्दारहेनछन् जसले गर्दा एकीकरणपछि शासनमा सदैव कलह देखिने गरेको पाइन्छ । राजसंस्थाको औचित्य र भूमिकाका सवालमा पार्टी र संसदमा मात्र नभएर आमजनताको बीचमा समेत बहस छेडिन थालेको २०४६

---

[३०] इन्टरन्यासनल क्राइसिस ग्रुपःवर्किङ्ग टू प्रिभेन्ट कन्फ्लिक्ट वर्ल्डवाइड, "नेपालको चुनावः शान्तिपूर्ण क्रान्ति?, "*एशिया रिपोर्ट नं .१५५* सन् २००८ पृ. १६ ।

[३१] एम.डी.धर्मदासानी (सं), *नेपाल राजनीतिक व्यवस्था एवं परराष्ट्र नीति,* (वाराणसी : कोणार्क पब्लिशिंग हाउस, १९८२), पृ. १८ ।

सालभन्दा अगाडि पनि थियो । जनताबाट अलग्गिएको कुनै पनि राजनितिक व्यवस्था कालान्तरमा टिक्न सक्दैन । नेपालमा राजतन्त्रको औचित्य र भूमिकाको प्रश्न ०१७ सालपछि यसरी आएको थियो ।

> 'राजा महेन्द्रले यो कुरा वुझ्केको हुनाले नै स्पष्ट शब्दमा भनेका थिए–"आजको जमानामा देशको धेरैजसो जनता भोका नाङ्गा र गरीब हुनु देशको शान्ति सुरक्षा एवं स्वतन्त्रताका लागि मात्र नभई धनी वा जग्गावालहरूकै लागि पनि खतरनाक हुनेछ ।" अवश्य अब नेपालमा हुने क्रान्ति एक राजतन्त्रलाई हटाई अर्को राजतन्त्र कायम गर्ने वा वैधानिक राजतन्त्र कायम गर्ने क्रान्ति नभई धनी वा जग्गावालाहरू कै लागि खतरनाक हुने क्रान्ति हुनेछ र हुन पनि यही पर्दछ ।'[३२]

यसले के देखाएको छ भने राजा महेन्द्रलाई चिन्ता भूमिपतिहरूको स्वार्थको नै रहेछ जनताको हैन। यसले के देखाउँछ भने महेन्द्रपथको शान्तिसुरक्षा जनताका लागि नभएर सामन्त विरोधी क्रान्तिकारी आन्दोलनलाई रोक्नु थियो । राजा शक्तिशाली र निरंकुश बन्नुमा सेना, प्रहरी र प्रशासनमा भएका तिनै तत्त्वहरूको समर्थन प्रमुख कारण बनेको थियो तर यसले दीर्घकालमा कांग्रेस र कम्युनिष्टहरूको प्रभावबाट नेपालको आन्दोलन रोक्न सकिन्छ भन्ने मान्यता गलत सावित भएको छ । यही कारण कालान्तरमा भारत र अमेरिकाले नेपालमा राजा बलियो रहेमा कम्युनिष्टहरूको प्रभावलाई रोक्न सकिन्छ भन्ने आफ्नो पुरानो मान्यतामा परिवर्तन ल्याए ।

राजसंस्थाको औचित्य र भूमिका केलाउने हो भने राजदरवारमा त्यत्रो हत्याकाण्ड भयो । सेनापति प्रज्ज्वल शमशेर हाम्रो जिम्मेवारी होइन भनेर पन्छिए । तीनहजार भन्दा वढी सेना राजाको सुरक्षाका लागि खटिने के तिनीहरू सेनापति मातहतका सेना होइनन् । राजा वीरेन्द्रको वंशनाश हुनु ३०/४० दिन अगाडि ७ वैशाख २०५८ मा प्रधानसेनापति प्रज्ज्वलशमशेरले कमाण्ड तथा स्टाफ तालिमको दीक्षान्त समारोहमा भनेका थिए यदि शाही नेपाली सेना राष्ट्रको हितार्थ आन्तरिक सुरक्षा तथा विकास योजनाहरूमा संलग्न हुने हो भने उक्त योजनाहरूप्रति आम नागरिक लगायत सम्पूर्ण राजनैतिक दलहरूको दीगो एवं निरन्तर रूपमा राजनैतिक प्रतिवद्धता हुनु अपरिहार्य हुन्छ । उनले भनेका थिए – "शाही नेपाली सेना उपयुक्त समय र परिस्थितिमा परिचालित हुनसक्ने सम्भावनालाई नकार्न सकिंदैन, जसको लागि शाही नेपाली सेना मानसिक तथा भौतिकरूपले सदा तयार छ । शाही नेपाली सेना परिचालित हुने कार्यमा सफलता हासिल गर्न सकल दर्जाहरूलगायत मुख्यत: प्रत्येक तहको पति तथा स्टाफहरूको अभिन्न जिम्मेवारी र कर्तव्य हो ।"[३३] भनेर सेना परिचालनको सङ्केत देखाएका थिए ।

---

[३२] पुष्पलाल, ***छानिएका रचनाहरू भाग–१,*** (प्र.सं.), (नेपाल : दन–आश्रित स्मृति प्रतिष्ठान, ०५३), पृ. ३५३ ।

[३३] ***नेपाल,*** १६–३० वैशाख, २०५८ पृ. १९ ।

नेपालका राजाले माओवादी र सेनालाई भिडन्तबाट सकेसम्म टाढा राख्न खोजेका थिए । ०४६ सालपछिको लगभग डेढ दशक सेना राजाकै वरिपरि घुमेको पाइन्छ । "२०५२ सालमा माओवादीले 'जनयुद्ध' थालेपछि राज्यको मुख्य सुरक्षा अंगमाथि रहेको द्वैध नियन्त्रणले समस्या उब्जाउँदै गयो । द्वन्द्व सुरु भएको दुई वर्ष नबित्दै दरबारले सेना परिचालन गरेर त्यसलाई नियन्त्रणमा लिन खोज्यो, तर तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सेना परिचालन भएमा परमाधिपति रहेको राजाको राजनीतिक प्रभाव बढ्ने ठाने । त्यसैले नेपाल प्रहरीमार्फत नै माओवादी विद्रोहलाई नियन्त्रणमा लिने प्रयत्नस्वरूप २०५५ जेठबाट 'किलो सेरा टु' अपरेशन थाले । परिणामस्वरूप सरकार २०५६ सालमा आमनिर्वाचन गर्न त सफल भयो, तर त्यसपछि प्रहरी क्रमशः रक्षात्मक बन्दै गयो भने माओवादी आक्रामक देखिंदै गए । पछि सेना परिचालन गर्ने पर्ने निष्कषमा सरकार पुग्यो तर त्यसवेला दरबारले अनुमति दिएन । "[३४]

राजासँग दलहरूको सम्बन्ध ०४६ सालको जनआन्दोलनदेखि नै राम्रो वन्न सकेको थिएन । राजाले जसरी राजकीय अधिकार आफूमा रहेको सार्वजनिक गरे, त्यहिंबाट जनता र राजाबीचको संवैधानिक विवाद सुरु भयो । जनतालाई सुम्पेको सार्वभौमसत्ता राजासंगै रहेछ भन्ने कुरा जनताले पछि थाहा पाए । तर त्यस समयमा राजाले जनतामा रहेको अधिकार जनतालाई नै फिर्ता गरेको सम्म पनि भनेनन् । 'सार्वभौमसत्ता जनतामै छ भनी सार्वजनिक रूपमा नभनेसम्म समस्या रहिरहन्छ ।'[३५]

नेपालमा ०५८ साल जेठ १९ को दरवार हत्याकाण्डमा राजा वीरेन्द्रको वंश नाश भएपछि माओवादी समस्या उत्कर्षमा पुगेको समयमा आएका राजा ज्ञानेन्द्रले आफूभन्दा माथि अरु कुनै शक्ति केन्द्र (संसद/प्रधानमन्त्री) छैन भन्ने देखाउन ०४७ सालको संविधानको धारा १२७ प्रयोग गर्दै देश चलाउन खोजेका थिए । तर जनआन्दोलनपछि जनताले आफूमा भएको सार्वभौम अधिकार राजाबाट बलपूर्वक लिए । त्यसपछिका दिनमा "नेपाली सेनाले राजसंस्थाको अन्त्यपछि आफैंले राष्ट्रिय एकता र राष्ट्रिय अखण्डताको जगेर्ना गर्ने तथा सेनाकै कारणले माओवादीले सत्ता कब्जा गर्न नसकेको भन्ने धारणा बनाएको देखिन्छ । साथै सेनाले माओवादीसंगको लडाइँमा आफूले नहारेको, तर राजनीतिक नेतृत्वले माओवादीसंग हारेका कारण अहिलेको अवस्था सिर्जना हुन पुगेको, सेना अहिले पनि एकताबद्ध, सुसंगठित र एक ढिक्का रहेको विश्लेषणसमेत गर्ने गरेको पाइन्छ ।"[३६]

---

[३४] सुधीर शर्मा (सं.), ***नेपाली सेना नागरिक नियन्त्रणको चुनौती,*** (प्र.सं.), (काठमाडौं :मार्टीन चौतारी, २०६७), पृ. ५ ।

[३५] विश्वनाथ उपाध्याय, राजा फर्कन पर्छ पर्छ, ***कान्तिपुर,*** २३ कार्तिक, २०६२ ।

[३६] विवेककुमार शाह, "सरकार, सेना र तत्कालिन राजतन्त्र" ***नेपाली सेना नागरिक नियन्त्रणका चुनौती,*** (प्र.सं.), (काठमाडौं, मार्टिन चौतारी, २०६७), पृ. १३९ ।

यसअघि नेपाली कांग्रेसले ०१७ सालको कदमको विरोध गर्दा सम्पूर्ण पार्टी विदेश पलायन हुनु परेको थियो । मुलुकमा अराष्ट्रिय तत्त्वको लेवल लगाएर नेपालको राजतन्त्रले निरन्तर ३ दशक एकछत्र राज गऱ्यो । दोस्रो जनआन्दोलन सुरु हुनुअघिसम्म राजा ज्ञानेन्द्रले साना दलहरूलाई प्रयोग गरी ठूला दलहरूको तेजोबध गर्ने रणनीति अख्तियार गर्दै गए । यस अवधिमा शक्ति राजा र माओवादीसँग रहन गएको थियो । राजाले जनतालाई संरक्षण दिन सकेनन् । उल्टो त्यस समय उनका मन्त्रीहरूले नागरिकलाई बन्दुक हान्ने समेत आदेश दिन थालेका थिए ।

> दरबार हत्याकाण्डपछि राजतन्त्रप्रति रहेको धेरैको आस्था र विश्वासमा पहिरो जान सुरु भएको थियो । त्यसमा पनि राजा ज्ञानेन्द्रको राज्यारोहण भएयता एकपछि अर्को गरी उनीबाट आफू दाजुजस्तो चुप लागेर नबस्ने, आफू देखिने मात्र होइन रचनात्मक राजा हुन चाहेको, काम गर्नेलाई संविधानले छेक्दैन जस्ता कुरा बाहिर आउन थालेपछि धेरै मानिसहरूमा वर्तमान राजाप्रति गम्भिर आशंका उत्पन्न भएको थियो । राजाका यस्ता अभिव्यक्तिहरूले प्रत्यक्षरूपले शासन आफ्नो हातमा लिने उनको महत्वाकांक्षाको झलक दिइरहेका थिए । राजाको यस्तो प्रवृत्तिप्रति राजनीतिक दलहरू आवश्यक मात्रामा सतर्क हुन सकेनन् । उनको बोली एउटा र व्यवहार अर्को भइरहेको यथार्थतर्फ राम्ररी ध्यान दिएनन् । फलस्वरूप २०५९ जेठको प्रतिनिधिसभाको विघटन निर्वाचनको मिति सार्ने वहानामा धारा १२७ को दुरूपयोग गर्दै २०५९ असोज १८ गते शाही कदममार्फत निर्वाचित प्रधानमन्त्रीको नियुक्ति गर्ने र बर्खास्त गर्ने असंवैधानिक तजबीजी अधिकारको प्रयोग र २०६१ माघ १९ को शाही सैनिक कूजस्ता घटनाहरू भए ।[३७]

२०६१ माघ १९ गतेको शाही कूमार्फत् सम्पूर्ण सत्ता कब्जा गर्न पुगेका राजासँग ०४६ सालमै त्रिपक्षीय सम्झौता गरेका दलहरूले फेरी वार्ता, सम्वाद र सहमति गरिरहनु आवश्यक नदेख्नुमा शाहवंश, जहाँनिया शासन र पञ्चायत जस्तै बहुदलपछि संवैधानिक वन्न खोजेका राजतन्त्रमा पनि अधिनायकवादकै गन्ध देखिनु मुख्य कारण थियो ।०७ सालमा संविधानसभाको चुनावलाई पछि सार्ने राजा त्रिभुवन थिए । उनैले प्रधानमन्त्री नियुक्तिलाई आफुखुसी नियुक्ति र वर्खास्त गर्न थाले । पञ्चायती तानाशाही लाद्ने राजा महेन्द्रकै पथमा ज्ञानेन्द्र पनि लागे पछि नेपाली राजतन्त्रको पतन नजिक पुग्यो । ०४६ सालको एक दशकपछि राजतन्त्र प्रतिगामी भूमिका र जनविरोधी चरित्रका रूपमा देखिन थाल्यो । संसद्को सर्वोच्चतालाई स्वीकार नगर्ने राजतन्त्रले जनताको अधिकारमाथि जहिलेपनि धावा वोल्न सक्छन् भन्ने कुरा संविधान वनेको एक दशकपछि नेपालको राजतन्त्रले देखाएको सक्रियतालाई लिन सकिन्छ । अर्कोतिर, राजा वीरेन्द्रको हत्यापछि नेपालमा वंश परम्परा अनुसार राजा बन्ने मान्यता पनि समाप्त हुन पुग्यो ।

---

[३७] *कान्तिपुर,* ३२ साउन २०६२, राजतन्त्र र प्रजातन्त्रवारे एमाले ।

ज्ञानेन्द्र त्यसैको परिणाम हुन । '५५ वर्षमा एउटा राजालाई होइन् चारवटा राजालाई पटक–पटक अवसर दियौं कुनचाहिँ राजा प्रजातन्त्रप्रति इमान्दार भए ?'[३८] देशको मुख्य समस्या उनले पार्टीलाई ठान्थे भने पार्टीले समस्याको जड राजा ज्ञानेन्द्रलाई ठानेको थियो । ज्ञानेन्द्रकै मन्त्रि तथा प्रवक्ता डा. मोहम्मद मोहसिनले यतिसम्म धम्कि दिए कि वर्तमान सरकारले पनि समस्या समाधान गर्न नसके मुलुकमा अधिनायकवादी व्यवस्था लागू गर्नुपर्ने अवस्था आउने सम्म वताए शायद त्यसैले हुनसक्छ पछिल्लो समयमा लोकप्रियता नभएको राजा ज्ञानेन्द्रमाथि भारत धेरै निर्भर देखिएन् । अर्कोतिर, राजा ज्ञानेन्द्रलाई नयाँदिल्लीले स्थायित्वको रूपमा मान्न पनि तयार भएन् । सुरु सुरुमा त व्यक्ति राजाको विरुद्धमा आन्दोलन गरिरहेका छौं नकि राजसंस्थाको भन्ने गिरिजा पछि गएर गणतन्त्रलाई उचाइमा लगेपछि ज्ञानेन्द्रले एक ठाउँमा भनेका थिए–'हामी चुप लागेर मात्र बसेका छैनौं ।'[३९] भन्दै दलहरूलाई चुनौती दिन समेत पछि परेनन् ।

जबकि ज्ञानेन्द्रको शासनव्यवस्था स्वत नै अधिनायकवादी थियो । शक्तिशाली अधिकार प्रयोग गर्दै आएको राजतन्त्रलाई कम अधिकार दिएर संवैधानिक वनाउन खोज्दा राजपरिवारका अन्य सदस्यहरूलाई आकस्मिक परिवर्तनसँग समायोजन गर्न गाऱ्हो भएको देखिन्छ । यही कारण दोस्रो जनआन्दोलनपछि प्रचण्डले–'राजा राखिराख्नुको औचित्य छैन' भन्ने र वावुराम भट्टराईले–'राजतन्त्रको अन्त्य नभएसम्म मधेसी, पहाडी, जनजाति, आदिवासी, दलित र महिला कसैले पनि आफ्नो अधिकार नपाउने भएकाले माओवादीको प्रमुख मुद्दा भनेकै राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना रहेको र राजाको सन्देशले राजा अन्तिम सास लिइरहेको जनाएकाले यस्तो राजालाई तत्काल गिरफ्तार गरी जेल हाल्नुपर्ने बताउँदै जनताको निर्णयलाई नमान्ने राजालाई बोकिरहनुपर्ने आवश्यकता नरहेको विचार व्यक्त गरेका थिए ।'[४०] यस समयमा सञ्चार माध्यम समेत जनमत सर्वेक्षणको नाममा राजालाई लोकप्रिय देखाउन समेत लागे । त्यस सन्दर्भमा कृष्ण हाछेथु लेख्छन्–

> 'राजा र राजसंस्थावारे जनमत विभाजित छ । राजा विष्णुको अवतार 'हो' भन्ने भन्दा 'होइन' भन्नेहरूको संख्या १२ प्रतिशतले बढी छ । राजालाई विष्णुको अवतार मान्ने कुल तीन हजार सात सय ८८ उत्तरदातामध्ये ९७ प्रतिशतले स्वर्गीय राजा वीरेन्द्रलाई विष्णुको अवतार मानेका छन् भने वर्तमान राजा ज्ञानेन्द्रको सन्दर्भमा यसखाले जवाफ दिने खाली ४२ प्रतिशत मात्र रहे ।

[३८] कृष्ण खनाल, ***समावेशी प्रजातन्त्र,*** (प्र.सं.), (काठमाडौं : फ्रिडम फोरम, २०६३ भदौ), पृ. १८ ।

[३९] ***राष्ट्रवाणी,*** वर्ष २६, अंक २५, ०६४ साल माघ १६, वुधवार (प्रधान सम्पादक हरि लम्सालसंगको भेटमा ज्ञानेन्द्र) ।

[४०] प्रचण्डः राजा राखिराख्नुको औचित्य छैन, ***गोरखापत्र,*** २०६२ फागुन ११, ।

राजालाई राष्ट्रियताको प्रतीक मान्नेहरूको संख्या नमान्नेहरूको भन्दा दुई प्रतिशतले बढी छ । त्यस्तै राजतन्त्र चाहिँदैन भन्नेभन्दा चाहिन्छ भन्ने उत्तरदाता पाँच प्रतिशतले बढी छन् । ... राजसंस्था युवाहरूमाझ पाका उमेरका व्यक्तिहरूका तुलनामा कममात्र लोकप्रिय छ । राजसंस्थाको लेजिटिमेसी क्राइसिस पढेलेखेका र युवामा झाँगिँदै गएको छ । ... देशको कुल जनसंख्याको बहुमत पहाडी मूलका छन् र यस सर्वेक्षणले पहाडमा राजा अलोकप्रिय भएको देखाएको छ । मधेसी मूलका समुदायबीच राजसंस्था लोकप्रिय देखियो ।'[४१]

यसरी अन्नपूर्ण पोष्टले राष्ट्रव्यापी मत सर्वेक्षणका नाममा जनमतको दुरूपयोग गर्दै राजालाई लोकप्रिय देखाउने प्रयासमा यस किसिमको कार्य गरेको थियो । राजालाई 'विष्णुको अवतार'का रूपमा देखाउन खोज्ने सामाजिक संरचनाकै पथमा उक्त सर्वेक्षण लागेको देखिन्छ । यथास्थितिवाद र पुरानोलाई मान्ने संस्कारको विकास भएसम्म पद्धतिमा कुनै परिवर्तन आउन सक्दैन् ।

०४६ सालमा नेपाली जनताले त्यत्रो जनआन्दोलन गरे तर, संविधानको शिरोभागमा राजाको प्रशस्ति "स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि..."[४२] संविधानको मस्यौदा गर्न गएका आन्दोलनकारी शक्तिहरूले नै लेखिदिए । वास्तवमा यो शिरोभाग संवैधानिक राजतन्त्रको भावनासँग कुनै पनि हालतमा मिल्न सक्दैन । यसैगरी राजाबाट संविधानको प्रस्तावनामा हामीबाट प्रयोग भई आएको राजकीय सत्ता उल्लेख हुनु पनि जनताको सार्वभौमसत्तामाथि चुनौती दिएको ठहरिन्छ । 'परम्परागत राजतन्त्र प्रगतिशिल हुन नसकेको र झन झन ऊ प्रतिगामी वन्दै गएको कारण त्यस समयको संविधान प्रगतिशील बन्न सकेन ।'[४३] संविधान एमाले र कांग्रेसको वरिपरि मात्र होइन धेरै समय राजाको वरिपरि केन्द्रित भयो । जनताले त्यसको प्रयोग गर्न सकेनन् । राजा सर्वोच्च बन्न संविधानको धारा १२७ को वाधा अडकाउ फुकाउने अधिकार प्रयोग गरेर आफूखुसी व्याख्या गर्न पुगे । कालान्तरमा दोस्रो जनआन्दोलनको बेगले राजतन्त्र त अन्त्य गर्‍यो तर, त्यो अन्त्यले प्रजातन्त्र संस्थागत हुन्छ भन्ने पुष्टि हुन भने बाँकी नै छ ।

## ८.१.५ सारांश

अन्तमा विगत अढाइ सय वर्षजति अघिको शासनव्यवस्थाले नेपालको राष्ट्रियता सम्बन्धी मूल पक्षलाई शासनको मूलधारमा समावेश गराउन नसक्नाले एकीकरणदेखि नेपालका ती समुदायहरूले राज्यवाट न्याय पाउन सकेनन् । भौगोलिक एकीकरण त भयो तर भावनात्मक

---

[४१] कृष्ण हाछेथु, *अन्नपूर्ण पोष्ट राष्ट्रव्यापी मत सर्वेक्षण–एक विश्लेषण,* ***अन्नपूर्ण पोष्ट,*** सोमवार, ७ फागुन २०६३ ।

[४२] (नेपाल अधिराज्यको संविधान २०४७), ***पूर्ववत्*** **टिप्पणी** नं.२९, पृ.१ ।

[४३] ***जयप्रकाश प्रसाद गुप्ता*** (मधेसी जन अधिकार फोरम)संग मिति २०६६ साल भाद्र १७ को कुराकानी ।

एकीकरण भने हुन सकेन । देश हाम्रो हो भन्ने भावनाको विकास बहुजातीय, वहुभाषिक, समग्र जनतामा भयो तर राज्यद्वारा पछाडि पारिएका जनतामा भने राज्य चाहिं हाम्रो होइन भन्ने धारणा वन्न गयो । पंचायत कालमा एकल संस्कृतिको निर्माण र सुदृढीकरणमा जोड दिइयो । हिन्दू राजा भएकाले हिन्दू धर्म, हिन्दू संस्कृतिलाई जोड दिइयो ।

यसअघि केही सीमित वर्ग र व्यक्तिले मात्र राज्य व्यवस्थामा रजाइ गर्न पाएका थिए । शासनमा लामो समय देखि एउटै भाषिक–सांस्कृतिक पृष्ठभूमि बोकेका मानिसको पहुँच बनेकाले अन्य व्यक्ति राज्यको पहुँचबाट अलग्गिन वाध्य भए । प्रजातन्त्र पुनःप्राप्तिपछि खडा भएका दलहरूमा पनि उही पञ्चायती शैलीको वर्गीय चरित्र देखा पऱ्यो । राज्यको उत्पीडनमा परेका जाति जनजातिलाई ध्यानमा राखेर राज्यको पुनःसंरचना आवश्यक भएर पनि हुन सकेन ।

शासनमा सर्वसाधारणको पहुँच नभएकाले यो राज्य मेरो पनि हो भनेर १ सय २ भाषाभाषी भएका अनेकौं जातजातिले गर्व गर्न सकेनन । शासनसत्ता सदैव एउटै जात, वर्ग र समुदायको वरिपरि रहन जानाले आदिवासी, जनजाति, दलित, महिला, तराईवासी लगायत अन्य पिछडिएका व्यक्तिहरूले शासनमा आफ्नो भूमिका खोजे । ९२ मातृभाषा र १ सय २ जातजातिले बसोवास गरेको नेपालमा अल्पसंख्यकले पूर्ण जातीय स्वायत्तता पाउन नसके कसरी पिछडिएकाहरूलाई राज्य संरचनामा समावेश गराउने ? नेपालका जनजातिहरूले राज्यबाट आफ्नो वेग्लै पहिचान, प्रतिनिधित्व, पद, प्रतिष्ठा, र पहुँचको अधिकार खोजेका छन । तिनको मागलाई राज्यले सम्वोधन गर्नुपर्दछ । सम्वोधन नहुने हो भने त्यसले मुलुकमा असन्तोषको आवाज अझ बढाउने निश्चित छ । यसअघि राज्यको स्रोत र साधनमा केही व्यक्तिको मात्र हाली मुहाली हुनुमा राजतन्त्र जिम्मेवार थियो । तर जनआन्दोलनको बाऱ्ह वर्षसम्म पनि राज्य समावेशी हुन नसकेकै परिणाम जनजातिहरूमा व्यापकरूपले असन्तोष बढेर गएको छ ।

दलभित्र जुन जातिको वर्गीय प्रभाव रहन्छ त्यसभित्र तीनको जातीय स्वभावले दललाई पनि प्रभाव नपारी छाड्दैन । ०४६ सालको जनआन्दोलनबाट पनि बहिष्कृत एवं सीमान्तकृत अवस्थामा रहेका समुदायलाई शासनको मूल धारमा ल्याउने ठोस प्रयास हुन सकेन । जनआन्दोलनपछि वनेको संविधानले राज्यको एकात्मक स्वरूपमा जोड दियो । शासनमा महिला, जनजाति र दलितको प्रतिनिधित्व जनसंख्याका आधारमा असन्तुलित रहेको थियो । देशले एक जाति, एक राज्य, एक भाषा, एक भेष, जस्ता पञ्चायतकालीन मान्यताहरू ०४६को परिवर्तनपछि पनि अपनाउँदै गयो । राज्यसँगको पहुंचका लागि राजधानीमै रहने परम्पराको विकास ०४६ सालपछि पनि यथावत् नै बन्यो । ०४६ सालपछिको नेपाल राज्यको वर्तमान संरचना सवै नागरिकहरूलाई समावेशी तुल्याउने खालको छैन । जनआन्दोलनपछि पनि मुलुकको साधनमा पहुँच हुनेहरूका बीचमा मात्र एकता देखियो । बाँकी जनता सदैव उपेक्षित नै रहे । राज्य

संरचनामा मुलुकका ठूला दल मानिएका कांग्रेस र कम्युनिष्टहरूले आफ्नो भूमिकालाई पार लगाउन सकेनन । नेपालमा जति पनि विद्रोह भए ती सबै राज्यले आफ्ना नागरिकहरूलाई समावेशीकरण गर्ननसक्नाले र राज्यको स्रोत र साधनबाट अलग्याउनाले नै भएका हुन् ।

आदिवासी तथा जनजातिहरूका लागि सत्तामा जवसम्म सहज पहुँच हुन सक्दैन त्यस अवस्थासम्म राज्य समावेशी भयो भनेर भन्न सकिन्न । राज्यबाट पछाडि पारिएका जनजातिलाई माथि उठाउने काम ०४७ को संविधानले गर्न सकेन । यो संविधान जनजातिको सवाल, स्वायत्तताको सवाल र जातीय सांस्कृतिक पहिचानको सवालमा पर्याप्त हुन सकेन । नेपालमा रहेको कुनै पनि जनजातिले ०४६ सालको आन्दोलनमा होस वा त्यसपछिका गतिविधिमा कहिल्यैपनि नेपाल राज्यवाट अलग भएर रहने माग राखेका छैनन् । तर ०४६ सालपछिको समयमा यस विषयमा वोल्नै हुन्न जस्तो गरी बोल्नेलाई विखण्डनकारी बनाइयो ।

वहिस्कृत एवं सीमान्तकृत अवस्थामा रहेका समुदायलाई शासनको मूल धारमा ल्याउने प्रयास जनआन्दोलनपछि सम्पन्न तीनै निर्वाचनमा मुख्य एजेण्डा बन्न सकेन । सवै जनतालाई सहभागी हुने प्रकृतिको समावेशी प्रजातन्त्रलाई सुनिश्चित गर्न जनजाति, आदिवासी समुदायको प्रतिनिधित्व लाई ०४६ को जनआन्दोलनपछि शासनमा सहभागी गराउने नाममा १/२ जनालाई दलित जनजातिको नामवाट टिकट दिएर उनीहरूले आफ्नो दायित्व पूरा गरे । ०४७ सालको संविधानभित्र राष्ट्रियसभामा समानुपातिक निर्वाचन प्रणालीको प्रयोग गर्न खोजेको पाइन्छ । लोकतन्त्रको एजेण्डामा सवैलाई समावेश गर्न सकिएको भए प्रजातन्त्रमा सङ्कट देखिनेथिएन । पछाडि परेको जाति, जनजाति, महिला, दलित आदिको सत्तामा व्यापक सहभागिता हुन सकेको भए नेपालको राजनीतिमा त्यति धेरै सङ्कट देखा पर्ने थिएनन् ।

# परिच्छेद : नौ

# सारांश, निष्कर्ष तथा सुझावहरू

## ९.१ सारांश

राजासहितको प्रजातन्त्र ०७ साल, ०१५ साल, र ०४६ सालमा नेपालले प्रयोग गऱ्यो तर सवै प्रयोग असफल वन्न पुगे । नेपालको इतिहासमा पहिलो पटक वामपन्थीहरूको ७ घटक मिलेर वनेको संयुक्त वाममोर्चा र नेपाली कांग्रेससहितको संयुक्त जनआन्दोलनका सहभागीहरूले लगभग ५० दिनको आन्दोलनपछि राजतन्त्रलाई जनताको प्रतिनिधिसँग सम्झौता गर्न वाध्य बनाए । यस बखतसम्म आइपुग्दा विश्व जनमत लोकतान्त्रिक लहरका विरुद्ध जान सकेन । त्यस समयमा राजतन्त्रमात्र होइन अन्य सवै संसदवादी दलहरूकालागि अस्तित्वको संकट थियो ।

राजालाई शक्तिशाली वनाउँदैमा कम्युनिष्ट प्रभाव रोक्न सकिन्छ भन्ने सोचाइ गलत रहेको कुरा नेपालको अनुभवले देखाएको छ । शीतयुद्धको समाप्तिसँगै तेश्रो मुलुकमा आएको प्रजातन्त्रका लहरको परिणाम नेपाल पनि बन्न गएको थियो । तेश्रो लहरको प्रभावले प्रायः धेरै देशमा तानाशाहहरू फ्याँकिएका थिए । तर, नेपालमा ०४६ सालको जनआन्दोलनले राजतन्त्रलाई पुरै निषेध गर्न भने खोजेको थिएन । राजाले पनि भारतीय हस्तक्षेपवाट क्रान्ति रोक्न खोजेनन् । उनले नेपालका दलहरूसंग समझदारी गरेर आन्दोलनको अन्त गरे । कम्युनिष्टहरूलाई राष्ट्रिय सहमतिमा ल्याएर राजतन्त्रका विरुद्ध मोर्चाबन्दी गर्न नेपाली कांग्रेसले त्यस समय ठूलै सफलता पायो । ०४६ सालको प्रजातन्त्र पुनःस्थापनामा राजालाई नहटाउनेगरी आन्दोलनकारी शक्तिहरू बार्ता गर्न पुगे । पञ्चायत व्यवस्था प्रजातान्त्रिक नभएकै कारण त्यो व्यवस्था आफैं- भित्रको अन्तर्द्वन्द्वले समाप्त हुन थालेको थियो ।

जनआन्दोलनपछिको अनुभवले मुलुकमा राजतन्त्र र प्रजातन्त्र सँगै जान नसक्ने पटक पटकका अनुभवले देखाउन थाल्यो । पछिल्ला दिनमा प्रजातन्त्रको संस्थागत विकासका लागि नेपालको परम्परागत राजतन्त्र मुख्य अवरोध वन्न पुग्यो । दरवारको भूमिका दलहरूलाई कमजोर बनाएर आफू शक्तिशाली बन्नु मै रहेको देखियो ।

राजा ०४७ सालको संविधानमा आफ्नो भूमिका खोजिरहेका थिए । माओवादीलाई पनि त्यो संविधान वाधा वन्न गएको थियो । उसले पनि ०५२ सालदेखि त्यसका विरुद्धमा जनयुद्ध गर्दै आएको थियो । प्रजातान्त्रिक पद्धतिवाट भन्दा बन्दूक र सडकवाट समस्याको समाधान खोज्ने

परम्परा त्यसपछि नेपालमा विकास हुन थाल्यो । संविधान लागु भएको डेढ दशक जतिमा थुप्रै नेपाली जनताले द्वन्द्वमा आफ्नो जीवन उत्सर्ग गरिसकेका थिए ।

०५८ जेठ १९ को दरवार हत्याकाण्डपछि नेपालको राजसंस्था इतिहासमै सबभन्दा कमजोर बन्न पुग्यो । दरबारलाई जोगाउन संसद् असफल भयो । राजदरवार हत्याकाण्डमा मृत्युको कुनै कारण दिन नसक्ने त्यस राज संस्थाका विषयमा निर्णय लिन संसदको दुवै सदन बस्न सकेन । राजासँग कार्यगत एकता थियो भन्ने माओवादीभित्र रहेका मुख्य नेताको विचारबाट पछिल्ला दिनमा सङ्काको राजनीतिले ठूलो प्रभाव पर्न गयो । संसद्ले पनि जनआन्दोलनपछिको १२ वर्षमा राजसंस्थामाथि नियन्त्रण गर्ने कुनै कानून वनाउन सकेन् ।

पद्धतिका रूपमा राजतन्त्र संवैधानिक भयो तर संविधानभित्र राजाले आफूलाई असजिलो महसुस गर्न पुगे । आफूलाई संविधानभन्दा बाहिर राख्न खाजे । राजतन्त्र प्रजातन्त्रमा रूपान्तरण भने हुन सकेन । राजा फुटाऊ र शासनगरको नीतिमा थिए । कम्युनिष्टहरूलाई विभाजन गराउने राजाको नीति थियो भन्ने कुरा ५ वटा कम्युनिष्ट घटक संयुक्त राष्ट्रिय जनआन्दोलनलाई राजाले त्रिपक्षीय वार्तामा नबोलाएको बाट पुष्टि हुन्छ । कम्युनिष्टहरूलाई विभाजन गराउने राजाको नियतकै परिणाम कालान्तरमा प्रजातन्त्र प्राप्तिपछिको ६ वर्षमै देश नराम्ररी द्वन्द्वमा फस्न पुग्यो । संविधानलाई वेवास्ता गर्दै राजदूतको नियुक्ति, नागरिकता विधेयक, राष्ट्रिय सभामा सदस्यहरूको मनोनयन,राजपरिषद् जस्ता नियुक्तिमा राजाले राष्ट्रिय जीवनमा ख्याति प्राप्त गरेका व्यक्तिहरूलाई नदिएर पुराना मण्डले, पञ्च, र जनआन्दोलन दवाउन लागेकालाई नियुक्ति दिएपछि मुलुकको प्रजातन्त्रमाथि डरलाग्दो सङ्केत देखापरेको थियो । संयुक्त राष्ट्रिय जनआन्दोलन समिति बहुदलीय व्यवस्थालाई असफल बनाउने अर्को शक्ति थियो । त्यसमा पातलो मसाल र मोटो मशाल, सर्वहारावादी श्रमिक संगठन, नेकपा मार्क्सवादी लेनिनवादी आदि रहेका थिए । त्यो जनवादी क्रान्तितर्फको लाइन थियो । पछि बहुदलको उपलव्धिलाई मास्न माओवादीको नामवाट यसले जनयुद्ध चलाएको थियो । जुन कारणलेगर्दा कालान्तरमा संसदीय दलहरूकालागि नेपालमा गणतन्त्र ल्याउन सहज बन्न पुग्यो ।

**संवैधानिक अस्पष्टता :**

०४६ सालको परिवर्तनपछि सरकार चलाउने दलहरूले राजसंस्थासँग दूरी वढाउने काम गरेनन । राजसंस्थाले आफ्नो भूमिका संविधानभन्दा वढी देखाउँदा पनि नेपालका राजनीतिक दलहरूले कडा विरोध गरेनन । विरोध त्यस्तो अवस्थामा मात्र गरे जव उनीहरू सत्ताबाट अलग भए । त्यसप्रकार दलहरूले राजसंस्थाप्रति दोहोरो मापदण्ड राख्न खोजेको देखिन्छ । दलहरूले राजाको कदमका विरुद्ध तत्काल प्रतिकार गर्न नसक्नुमा सत्ताप्रतिको मोह नै ठूलो कारण बनेको थियो ।

संविधान निर्माणका क्रममा ०४७ वैशाखदेखि कार्त्तिकसम्मको गतिविधिले राजामाथि शङ्का र आशङ्का उव्जाएको थियो । संविधान निर्माणमा राजा र कांग्रेसको भूमिकाले विशेष महत्त्व पाएको छ । तर वामपन्थीहरूको भूमिका गौण वनेको छ । संविधान कार्यान्वयनका क्रममा धेरै नेपालीले द्वन्द्वमा ज्यान गुमाउनु परेकाले यो संविधान विवादरहित थियो भनेर भन्न सकिन्न ।

त्यसले एक भाषा, एक संस्कृति र एक धर्मलाई जोड दिएको थियो । अल्प संख्यक दलित र महिलामा भेदभाव हुनुका साथै तराइको आवाजलाई वेवास्ता गरिएको थियो । राज्यको पुनसंरचनामा यसले ध्यान दिएको थिएन । राज्यलाई समावेशी बनाउन नसकिएका जस्ता सवालहरू संविधानमा संवोधन हुन नसकेकाले यसमा द्वन्द्वको बीजारोपण भएछ भन्ने देखियो ।

राजतन्त्रलाई चलखेल गर्ने निकै ठाउँ यस संविधानले राखेको थियो । संविधान भत्काउन राजतन्त्र सफल भयो, तर संविधानसँगै राजतन्त्र पनि भत्कियो । दल, राजा र माओवादीबीचको त्रिपक्षीय विवाद पनि यसै संविधानवाट भित्रिएको थियो । संविधानवाट निस्कन राजाले संविधानको धारा १२७ लाई आफ्नो स्वविवेकमा प्रयोग गर्न थाले । यसैको परिणाम कालान्तरमा दल र माओवादी एउटै ध्रुवमा गोलवन्द भई राजालाई किनारा लगाइदिए ।

जनमत लिनुपर्ने कतिपय विषयवस्तुलाई अपरिवर्तनीय रूपमा राखिदिएर संविधान सङ्कटको मूल कारक वन्न पुग्यो । जनताले परिवर्तन गर्न खोजेमा कानून तोड्न पर्ने वाध्यता त्यस संविधानले गर्दियो । संसद्मा अस्थिरताको बीजारोपण (धारा ५३ को विभिन्न उपधारा) भयो । त्यसमा राजाले अधिवेशनको अन्त गर्ने लगायत, अधिवेशन वोलाउने र प्रधानमन्त्रीको सिफारिसमा विघटन गर्ने जस्ता तजवीजी अधिकार दियो । संविधान संशोधन गर्न सत्ता पक्षसंग दुईतिहाई वहुमत नपुगेकै कारणले संविधान जडसूत्र जस्तो अर्थात् परिवर्तन नै गर्न नहुने गीता र वाइवल जस्तो वन्न पुग्यो ।

राजा बीरेन्द्रको जस्तो कमजोर भएर बस्न नचाहने राजा ज्ञानेन्द्रका अभिव्यक्तिले अढाइसय वर्षजति अघिको राजसंस्थालाई उनले ठुलै खतरा मोलेर दाउमा राख्न खोजे । संसदले जनआन्दोलनपछिको १२ वर्षमा राजसंस्थामाथि नियन्त्रण गर्ने कुनै कानून वनाउन सकेन् । पद्धतिका रूपमा राजतन्त्र संवैधानिक भयो तर उसले आफूलाई संविधानभन्दा वाहिर राख्यो । राजतन्त्रले प्रजातन्त्रलाई आत्मसात गरेर रूपान्तरण भने हुन सकेन् ।

राष्ट्रिय सुरक्षा परिषदलाई ०४८ को आम निर्वाचनपछि बनेको सरकारले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न बाटो खुल्ला गरिदिएन् । नत यसले सैनिक ऐनमा कुनै संशोधन नै गरिदियो । प्रधानमन्त्री र रक्षामन्त्री अध्यक्ष र सदस्य रहने भनिए पनि सेनाको सञ्चालन र

प्रयोगमा राजा नै सर्वेसर्वा थिए । कानूनद्वारा नभएर राजाद्वारा सेना परिचालन हुनुले दलहरू सेना राजालाई जिम्मा लगाएर त्यस विषयमा बोल्नै हुन्न जस्तो देखिए ।

संविधानलाई खारेज गर्ने वा प्रतिसंहरण गर्ने संवैधानिक अधिकार कसको हुने हो त्यस विषयमा यो संविधान मौन थियो । संविधानभन्दा माथि बस्ने राजाको चाहना र संविधानलाई आफ्नो अनुकूल नभएकाले ध्वस्तै गर्नुपर्ने वाध्यताको सिकार नेपाल अधिराज्यको संविधान,२०४७ बन्न पुगेको थियो । माओवादीलेपनि त्यस संविधानका विरुद्धमा ०५२ सालदेखि जनयुद्ध गर्दै आएको थियो ।

०४८ सालको निर्वाचनपछि बसेको पहिलो संसदवाट ०४७ सालको संविधानलाई अनुमोदन मात्र गराईदिएको भए जनतामा के विश्वास रहन्थ्यो भने यो संविधान जनप्रतिनिधिबाट अनुमोदित भएकोले जनताको विरुद्धमा जनताले हतियार त उठाउने थिएनन् कि भन्ने अनुमानसम्म गर्न सकिन्छ । संविधान निर्माणपछि मुलुक विधिवाट संचालित नभएकै कारण प्रजातन्त्र अस्थिर बन्न पुगेको थियो । यस अवधिमा जनताको एजेण्डामा भन्दा कसरी सत्तामा जाने र सत्तामा टिकिरहने र द्वन्द्व वढाउने वाहेक प्रजातन्त्रको संस्थागत विकास हुने काम देखिएन । संविधान संशोधन गर्न सत्ता पक्षसंग दुईतिहाई वहुमत नपुगेकै कारणले संविधान जडसूत्र जस्तो अर्थात परिवर्तन नै गर्न नहुने गीता र वाइवलको ग्रन्थ वन्न पुग्यो ।

अदालतले पनि यसलाई आफूखुसी व्याख्या गर्न थाल्यो । प्रधानमन्त्रीको सिफारिस र प्रतिनिधिसभाको विघटन सँधै विवादास्पद बन्दै गयो । हरेक पटक अदालतमा गएर विवादको निकास खोजिने गरियो । संसद विघटनमा गिरिजाप्रसादले गरेको सदर हुने, मनमोहनले गरेकोमा बदर हुने दुई थरी निर्णय भयो । त्यस्तै प्र.न्या. केशव प्रसाद उपाध्यायले संकटकालमा पनि चुनाव हुन सक्छ भनेर विघटनलाई सदर गरेर अदालत पटक पटक विवादमा पऱ्यो । संविधानलाई असफल वनाउन र राजनीतिक दलहरूलाई कमजोर वनाउने खेलमा प्रतिनिधिसभा पटक पटक अदालतमा गयो । यसरी ०४६ सालको जनआन्दोलनपछि निर्माण गरिएको संविधानले मुलुकमा प्रजातन्त्रको संस्थागत विकास गर्न सकेन । सम्वैधानिक बनाइएको राजतन्त्रको दरवारभित्रै हत्या भयो । माओवादीले संचालन गरेको जनयुद्धमा थुप्रै व्यक्तिले ज्यान गुमाउनु पऱ्यो । ।

संविधान लागू भएको डेढ दशक जतिको अवधिमा थुप्रै नेपाली जनताले द्वन्द्वमा आफ्नो जीवन उत्सर्ग गर्न पुगेका थिए । बेलायती अभ्यासलाई अनुसरण गर्न खोजिएको यस संविधानवाटै राजतन्त्र सक्रिय वन्न पुग्यो । तर संविधानभित्र राजतन्त्र भने वस्न चाहेन । सर्वसत्तावादी चाहना राखेर सक्रिय वन्न खोजेको राजतन्त्र संवैधानिक भएर बस्न नखोजेपछि त्यस्तावाट लोकतान्त्रिक संस्कृतिको विकास हैन प्रजा संस्कृति थोपर्न खोजिएको जनताले महसुस

गरे । यसरी प्रजातान्त्रिक संविधान कायमै रहँदा नेपालको राजतन्त्र र माओवादी दुवैले राजनीतिक मूल्य र मान्यता विकास हुन दिएनन । कुनै पनि प्रकारको अधिनायकवादले जनतालाई लोकतन्त्र दिने हैन आफैं सर्वसत्तावाद बन्न खोज्दछ भन्ने यो एक उदाहरण थियो । दलहरूलाई सिध्याएर बलियो बन्न खोज्दा राजतन्त्रले गुमाउने बाहेक केही पाएन । व्यर्थमा नेपाली जनताले राजतन्त्रका विरुद्धमा आफ्नो उर्जा खर्च गर्नाले ०४६ सालको जनआन्दोलन पछिका दशकलाई व्यर्थको दशक सिवाय अरु केही भन्न सकिन्न । तर डा. रामशरण महतले भने प्रजातन्त्रका पक्षमा ठूलै वकालत गरी यसअवधिमा भएका राम्रा कार्यहरूमाथि प्रकास पार्दै "इन डिफेन्स अफ डेमोक्रेसी" जस्ता पुस्तकका माध्यमबाट जनतामा सकारात्मक सन्देश दिन खोजेका छन् ।राजाले निर्वाचित प्रतिनिधिहरूको सत्ता लिए पश्चात प्रजातान्त्रिक अवधिलाई सुनियोजीत ढंगले बदनाम गर्ने काम हुन थालेपछि जनप्रतिनिधि मूलक शासन अन्तर्गत यस अवधिभित्र विभिन्न क्षेत्रमा भएगरेका राम्रा कामहरूको प्रकाश पार्नुका साथै त्यस समय भएका कमि कमजोरीलाई पनि उहाँले स्पष्ट संग उल्लेख गर्नु भएको छ । यी कुराहरूलाई मैले माथिका विभिन्न परिच्छेदहरूमा सान्दर्भीकताका आधारमा प्रयोग गरेको छु ।

**सुरक्षा परिषदलाई सक्रिय बनाउन चासो दिइएन :**

०४७ सालको संविधानमा राष्ट्रिय सुरक्षा परिषद्को परिकल्पना गरिएको थियो । संविधानको धारा ११८ मा प्रधानमन्त्री, रक्षा मन्त्री र प्रधान सेनापति अध्यक्ष र सदस्य रहने प्रावधान थियो । राजाले सेनाको प्रयोग यसै परिषद्को सिफारिसमा गर्ने उल्लेख थियो । संविधानमा राष्ट्रिय सुरक्षा परिषद्ले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ भनिए पनि यसले बाऱ्हबर्षको अवधिमा कहिल्यै कार्यविधि निर्माण गरेन् । शाही नेपाली सेनाको स्थापना, व्यवस्था र अन्य कुराहरू कानूनद्वारा निर्धारित भए वमोजिम हुनेछ भनिएकोमा संसदले यस विषयमा चासो नै दिएन् । संसदले सेनालाई जनप्रतिनिधिको मातहत राख्न सक्ने अचुक मौका चुकाएको थियो । कार्यविधि तयार नगरी राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय लगभग एक दशकजति पछि सिंहदरवार परिसरभित्र स्थापना भयो । कार्यविधिको अभावमा यसले कुनै कार्य गर्न सकेन् । सरकारमा जाने शक्तिहरूले कार्यविधिमात्र तयार गर्दिएर संसदबाट अनुमोदन गरेको भए राजा सक्रिय हुन सक्दैनथे । संवैधानिक राजा विधिले वाँधीन पुग्दथे । संसदले सेना सम्वन्धी ऐन कानूनमात्र वनाइदिएको भए मुलुक सङ्कटवाट गुज्रनुपर्दैनथ्यो । प्रजातन्त्रले संस्थागत विकास गरी मुलुक लामो समय द्वन्द्ववाट गुज्रनुपर्ने थिएन् । राजाले यसमा खेल्ने ठाउँ पाउँदैनथे ।

**सेना परिचालनमा विवाद :**

२०४६ सालको जनआन्दोलनपछि मुलुकमा देखिएको सङ्कटको कारण थियो सेना प्रयोगको विवाद । ०४७ सालको संविधानले सेनालाई लोकतान्त्रीकरण गर्न सकेन । प्रजातन्त्रप्रति वफादार

हुन नसकेको सेनालाई नेतृत्वतहबाट हटाउन नसक्नु नै ठूलो कमजोरी वनेको थियो । सेना राजाप्रति उत्तरदायी वन्दै गयो जनता र संसदप्रति वन्न सकेन । ०५८ साउन ७ गते होलेरीमा अपहरित प्रहरीलाई फिर्ता गराउन सेना परिचालन गराउन खोज्दा सेना परिचालन हुन नसकेपछि गिरिजाप्रसादले राजीनामा दिए । होलेरीमा राजाले सेना परिचालन हुन नदिएर प्रजातान्त्रिक तवरवाट निर्वाचित प्रधानमन्त्रीलाई उनले असहयोग गरेका थिए । सुरक्षा निकायमाथि निर्वाचित पदाधिकारीको नियन्त्रण नरहेको प्रमाण यस घटनाले देखायो ।

वाह्य युद्धमा प्रयोग हुने सेनालाई संयुक्त सुरक्षा फौजको अवधारणा सँगै नागरिक स्वतन्त्रताको अपहरणमा लगाउनाले नेपालको सेनाको लोकप्रियता यस अवधिमा संकास्पद वन्न पुग्यो । राजा वीरेन्द्रले आफ्नो शासनकालमा माओवादी विरुद्ध सेना परिचालन गर्न दिएनन् । तर ज्ञानेन्द्र राजा भएपछि सेनालाई माओवादी विरुद्ध परिचालन गर्न स्वीकृति दिए । राजतन्त्रलाई माओवादीवाट जोगाउन यी दुई राजाले चालेका कदम विवादास्पद बन्न गएका थिए ।

**प्रजातन्त्र प्राप्तिपछि राजतन्त्र र दलहरूबीचको द्वन्द्व :**

०४६ सालको त्रिपक्षीय समझदारीको विपरीत राजामा केही समय पछि नै सक्रियता बन्ने चाहना देखिन थाल्यो । राजाले दलहरूलाई राजसंस्थाको विरुद्ध लागेमा चर्को विरोधको सामना गर्नुपर्ने बताए । राजतन्त्र र जनताबीच ठूलो अन्तरविरोध चर्किन पुग्यो । जुन समयमा दलहरू कमजोर बन्दछन् त्यही समयमा राजतन्त्र सक्रिय हुन खोजेको देखिन्छ । ०४६ सालको जनआन्दोलनवाट प्राप्त गरेको प्रजातन्त्रलाई अस्थिरतामा लैजानका लागि दलका नेताहरू पनि त्यतिकै जिम्मेवार देखिन्थे । आफ्नो प्रतिद्वन्द्वीहरू आउन नसकुन भनेर पार्टीभित्रका पुराना नेताहरूले दलभित्र नयाँ अनुहारलाई सजिलै प्रवेश दिलाएनन् ।

सत्ताका लागि अपवित्र गठबन्धन बाह्र/तेह्र वर्षको यस अवधिमा प्रशस्त भयो । नेपालका राजाले ठूला दललाई बेवास्ता गरी सा–साना दलहरूलाई काखी च्याप्ने प्रवृत्ति ज्ञानेन्द्रको सक्रिय शासनमा धेरै देखियो । उनी अघिका राजाले पनि फुटाउ र शासन गरको नीतिले काम गर्दै थिए । क्रान्तिपछिको हरेक समयमा राजाले खुम्चिने र फैलने नीति अपनाएको देखिन्छ । त्यस समय राजतन्त्रले जनतालाई सम्प्रभु र शक्तिशाली होइन आफूलाई वनाउन पुगेको देखिन्छ । सत्ता प्राप्ति र शक्तिशाली हुने लोभ प्रजातन्त्र प्राप्तिपछिका नेता र परम्परागत राजतन्त्रमा निरन्तर देखियो । जनताको एजेण्डामा कुनै ठूलो काम हुन सकेन । दलहरूलाई फेरी पुरानै स्थितिमा पुऱ्याएर राजाको संविधानभन्दा माथि रहने चाहनाका कारण आन्दोलन र विद्रोह नगरी जनताले अधिकार र स्वतन्त्रता कहिल्यै पाएनन । अधिनायकवादले जनतालाई लोकतन्त्र दिने हैन आफैं शक्तिशाली बन्न खोज्दछ भन्ने त्यो एक उदाहरण थियो । दलहरूलाई सिध्याएर बलियो बन्न खोज्दा गुमाउने जनता भएनन् राजसंस्था नै भयो । फरक के भने लामो समय नेपाली

जनताले राजतन्त्रका विरुद्धमा आफ्नो उर्जा खर्च गर्नु पर्‍यो । राजतन्त्रले भने खुम्चने र फैलने रणनीति अख्तियार गर्दै गयो । नेपालका ठूला दलहरूले आफ्ना गल्तीबाट पाठ नसिकेर टुट फुट र उपगूटमा विभाजित वन्न पुगे । एमालेमा विभाजन, कांग्रेसमा विभाजन, राप्रपामा विभाजन यस अवधिका मुख्य घटनाहरू बने ।

**प्रतिनिधिसभाको जथाभावि विघटन :**

०४६ सालपछि बनेको राज्यव्यवस्थामा नागरिकका असन्तोषहरूलाई प्रजातान्त्रिक उपायहरूबाट सम्वोधन गर्ने व्यवस्था भएपनि जनताप्रति जिम्मेवार हुनुपर्ने नेताहरूले संसदलाई पुरा अवधि कहिल्यै सञ्चालन गर्न सकेनन् । नेताहरूले चुनावमा हारेकालाई राजनीतिक नियुक्ति दिने,जातीय र क्षेत्रीय सन्तुलन नमिलाई जथाभावि नियुक्ति गर्ने, निर्वाचित प्रतिनिधिलाई पार्टीले नियन्त्रणमा राख्न नसक्नु र राजासंग अत्यधिक झुकावकै कारण सरकारमा गएका र संसदमारहेका हरूको वीचमा असन्तोषको रेखा वढ्दै गयो ।

संसदलाई अस्थिरताको अवस्थामा देखाएर राजतन्त्रले आफूलाई स्थिर शक्तिका रूपमा देखाउन खोजेको थियो । ०१७ साल पौष १ मा जनताको संसदलाई राजाले विघटन गर्न पुगे । पौष २२ मा पञ्चायती व्यवस्था लागू गरी लगभग ३० वर्ष विरोधीहरूलाई सत्तावाट अलग गराएर तिनलाई भ्रष्टाचार, अराष्ट्रिय तत्त्व जस्ता आरोप लगाएर अधिनायक शैलीमा राजा अगाडि वढेका थिए । राजतन्त्रका लागि नेपाली कांग्रेसको सरकार वाधक वन्न पुग्यो । यस घटनापछि मुलुकमा प्रजातन्त्रमात्र समाप्त भएन, राजा पनि कमजोर भए र विदेशी शक्तिलाई यहाँको राजनीतिमा सक्रिय भूमिका खेल्ने अवसर मिल्यो ।

सक्रिय राजतन्त्रका लागि निर्वाचित सरकार अवरोध वन्न पुगेको थियो । जथाभावि संसद विघटन गरेर जनादेशलाई वेवास्ता गर्ने काम ०४७ को संविधानलाई टेकेर गरियो । प्रधानमन्त्रीले कस्तो अवस्थामा वा कुन आधारमा विघटनको सिफारिस गर्न पाउँछ र कुन आधारमा पाउँदैन संविधानमा स्पष्ट किटानी नभएकाले उनको सिफारिस सधैं विवादास्पद बन्दै आएको थियो । नीति तथा कार्यक्रममा राजालाई धन्यवाद चढाउने प्रस्ताव बहुमतवाट अस्वीकृत भएपछि ०५१असार २७ मा राजावाट प्रतिनिधिसभा भङ्ग गरियो । सत्तारुढ पार्टीकै ३६ जना सांसदहरू अनुपस्थित भै दिए । प्रधानमन्त्रीको यस कदमका विरुद्ध उनका आफ्नै दलभित्रका नेता, प्रतिपक्षी दलहरूसमेत यसको विरुद्धमा एकै ठाउँमा उभिए । सर्वोच्च अदालतको ११ सदस्यीय पूर्ण इजलासले प्रतिनिधिसभा विघटनको विवादलाई संवैधानिक ठहर्‍याएपछि मुलुक मध्यावधि निर्वाचनतर्फ लाग्यो ।

**राजनीतिक निकास संसदबाट खोजिएन अदालतबाट खोजियो :**

राजनीतिक निकास संसदवाट खोजिएन अदालतवाट खोज्ने परिपाटी सुरु भयो । राजतन्त्रले जनतालाई राज्यशक्तिको श्रोत मानेन् । यस अवधिमा २०४६ सालको राजनैतिक सन्देशलाई आन्दोलनका वाहकहरूले वुझ्न सकेनन् । आम निर्वाचन वि.सं. ०४८ देखि वि.सं. ०५६ सालसम्ममा मुलुकभीत्र बहुमत, अल्पमत र त्रिशङ्कु संसद चल्यो । सुविधाजनक बहुमत हासिल गरेपनि सरकार र प्रतिपक्षि दलहरूबीच मात्र हैन आफ्नै सांसद सदस्यहरूलाई समेत कांग्रेसले असन्तुष्टिमा राख्यो । आन्तरिक कलह यस अवधिमा सत्तारुढ दल नेपाली कांग्रेसभित्र चरम स्थितिमा पुगेको थियो । यसैगरी एमालेको ९ महिने अल्पमतको सरकार । त्यसपछिका दिनमा नेकाले नेतृत्व गरेको राप्रपा र नेसपाको गठबन्धन । राप्रपाको नेतृत्वमा नेसपा र एमालेको गठबन्धन । राप्रपाकै नेतृत्वमा नेका र नेसपाको गठबन्धन । नेकाको अल्पमतको सरकार । नेकाको नेतृत्वमा नेकपा (माले) र नेसपा गठबन्धन । नेकाको अल्पमत सरकार । नेकाको नेतृत्वमा एमाले र नेसपाको समर्थनमा बनेको गठबन्धन आदि विभिन्न सरकारहरू बने । यस अवधिमा विभिन्न काण्डमा सरकार मुछिन पुग्यो । जनताको एजेण्डामा कुनै काम देखिएन । केवल सत्तामा पुग्ने दलहरूको एकमात्र उद्देश्य रह्यो ।

मंत्रिमण्डलमाथि जनप्रतिनिधिहरूको नियन्त्रण प्रभावकारी हुन सकोस् भन्ने उद्देश्यले धारा ५३(३) को आशय थियो । यसमा समावेदन गर्ने अधिकार सांसद सदस्यहरूमा रहने प्रावधानले गर्दा प्रधानमन्त्रीले संसदलाई बाइपास गरेर जान नसकोस भनेर जुनसुकै बेला संसद बोलाउन सकिन्थ्यो ।

संविधानको अर्को धारा थियो ५३(४) यो धारा जतिपटक प्रयोग भयो त्यसले मुलुकमा निकै ठूलो विवाद र वहस छेड्यो । यो धाराको प्रयोगसंगै संवैधानिक जटिलता मुलुकले वेहार्नपुग्यो । सदैव यो धारा लिएर दलका नेताहरू सर्वोच्चमा पुगे । न्यायाधीशलाई विवादमा पार्ने काम गरे । प्रधानमन्त्रीलाई निर्वाचित संसद विघटन गर्ने शक्ति भएको यो धारा २०५९ साल असार सम्म चारपटक  अदालत पुग्यो । यसले अदालतको अधिकांश उर्जा खाइदियो ।

यसरी प्रथम प्रतिनिधिसभा ०४८ वैशाख २९ देखि ०५१ साल आषाढ २७ सम्म ३ वर्ष २ महिनामात्र अस्तित्वमा रह्यो । द्वितीय प्रतिनिधिसभा ०५१ साल मंसिर २८ देखि सुरु भई २०५५ साल माघ १ सम्म यसले ४ वर्ष २ महिनाको अवधि पूरा गऱ्यो । तृतीय प्रतिनिधिसभा भने २०५६ साल असार ६ गते सुरु भई ०५९ साल वैशाख ४ गतेसम्म यसले करिव २ वर्ष ११ महिनाको अवधि पूरा गरेको थियो ।

संसदले नियमित काम गर्न नसकेपछि असमयमै यसको विघटन भैरहनाले प्रजातन्त्रको संस्थागत विकासमा ठूलो अवरोध देखिन गएको थियो । संविधान अनुसार सम्पन्न भएको तीन वटा आम निर्वाचनले पनि मुलुकलाई स्थिरता दिन सकेनन् । संवैधानिक विकासका क्रममा पाँचौं दस्तावेजको रूपमा आएको नेपाल अधिराज्यको संविधान सुरुदेखि नै विवादमा जन्मियो । जनतालाई जनमत र संविधानसभाबाट वन्चित गराइएकाले यस संविधानकै माध्यमवाट राजाले जनताको सार्वभौमिकतामाथि चुनौती दिए ।

**महाकाली एकीकृत सन्धिले दलहरूभित्रै अन्तरद्वन्द्व :**

कांग्रेस, राप्रपा, सद्भावनाको सरकार रहेको समयमा महाकाली सन्धिमा हस्ताक्षर भएको थियो । नेपालले १२ धारामा गरिएको त्यस सन्धिलाई ०४७ को संविधानको धारा १२६ अनुसार महाकाली एकीकृत विकास सन्धिको नाममा संसदको दुवै सदनबाट २०५३ साल असोज ४ गते अनुमोदन गरेको थियो । महाकाली सन्धिकै कारण नेकपा (एमाले) भीत्र दुई धारको उदय भयो । यस अवधिमा राष्ट्रियता र साझा मुद्दामा नेपालका राजनीतिक दलहरू एक नभएर विभाजित वनेको देखियो । महाकाली सन्धिको अनुमोदनका सवाललाई लिएर राष्ट्रियताको नाममा राजनीतिक दल नै फुट्न पुग्यो ।

एमाले सरकारको समयमा महाकाली प्याकेजका रूपमा एकीकृत महाकाली विकास सम्बन्धी सन्धि अगाडि आएको थियो । पछिल्लोसमयमा आएर प्रधानमन्त्री देउवा र भारतीय समकक्षी नरसिंह रावले एकीकृत महाकाली सन्धि सम्पन्न गरेका थिए । सीमा नदीमा वरावरी हक कायम भनिए पनि व्यवहारमा लागु हुन सकेको थिएन । ०४८ सालमा गरिएको टनकपुर संझौतालाई ०५२ मा एकीकृत महाकाली सन्धिको नाममा विस्तृत रूप दिई नयाँ रूपमा सम्झौता भएपनि त्यसपछिका दिनमा संवैधानिक विवाद तीव्र रूपले बढ्दै गयो । छिमेकीसँग यसरी लामो समय सीमा विवाद कायम रहनु पनि सङ्कटको कारण वन्न गयो ।

दलहरूसँग वैकल्पिक सरकार दिन सक्ने अवस्था भएरपनि सजिलै सत्ता हस्तान्तरण नगर्ने परम्परा पछिल्लो समयमा जोरसँग बढ्यो । उल्टो उनीहरूमा सत्तामा रहँदै निर्वाचन गराउन सकिएमा निर्वाचनमा विजयी  हुन सकिन्छ भन्ने मानसिकता बनेको थियो । दलका नेताहरूमा सत्ता आफूले नपाउने भएपछि संसद् विघटन गरिदिने नराम्रो संस्कृतिको विकास भयो । सवैभन्दा ठूलो दोष राजामा भित्रभित्रै देखिएको महत्वाकांक्षालाई कसैले वुझ्न सकेनन् । संविधान र दलहरूलाई कमजोर बनाउने खेलमा प्रतिनिधि सभालाई पटकपटक अदालतमा लगेर न्यायिक निकायवाट राजनीतिक समाधान खोज्नु नै प्रतिनिधिसभा कमजोर वनाउने रणनीति बनेको देखिन्थ्यो ।

सरकार विघटन गरेर संविधानको धारालाई गलत तरिकाले प्रयोग गर्दै, ०५९ साल असोज १८ पछि राजा उनि प्रजातान्त्रिक पद्धतिवाट हैन निरंकुशतातर्फ लागेको देखिन्छ । त्यस समयका नेताहरूमा राजाको विरोध गर्ने क्षमता कम थियो । विकसित राजनीतिक संस्कृतिको अभावका कारण राजनीतिक दलहरू जनतालाई विश्वासमा लिन असफल बने । जनतालाई सुरु सुरुमा राजाले चालेको यस कदमको विरोधमा प्रतिकार गर्ने कुनै चाहना नै भएन । जनताले कुनै ठूलो विरोध नदेखाएकै कारण राजालाई ०६१ साल माघ १९ गते अर्को निरंकुश कदम चाल्न प्रेरणा मिल्यो । देखिने र सुनिने राजाका रूपमा दरबार हत्याकाण्डपछि राजा ज्ञानेन्द्र ऐतिहासिक जनआन्दोलनवाट नेपाली जनताले प्राप्त गरेको सीमित प्रजातान्त्रिक अधिकारहरू पूर्णरूपमा अपहरण गर्न पुगेका थिए ।

**संवैधानिक राजतन्त्रको मान्यता उल्लङ्घन :**

नेपालको राजतन्त्रले विभिन्न चरणबाट आफूलाई प्रजातन्त्रमा संक्रमण गर्न खोज्यो तर सफल बन्न सकेको देखिन्न । सक्रिय राजतन्त्रका रूपमा नेपालको राजवंश सुरुमा साम्राज्यवादी शक्तिसँग पनि टक्कर लिन पुगेको थियो । राणाकालीन अवस्थामा नेपालको राजतन्त्र निष्क्रिय बन्न पुग्यो । विस्तारै जव राणाहरूलाई सत्ताच्युत गराइयो त्यसपछि सुरुका केही समय नेपालको राजतन्त्रले  जनतासँग नजिकको सम्वन्ध वनायो । त्यसपछि ठूला दललाई पन्छाउन साना दलको सहयोग लिएर राजाले शासनसत्तामा विभिन्न चलखेलको राजनीति सुरु गरेको पाइन्छ ।

लगभग ३० वर्षको पञ्चायती शासन व्यवस्थामा भने नेपालको राजतन्त्रले पूरै अधिनायकवादी शैलीका रूपमा दलहरूलाई शासनमा सहभागी नगराएर निरंकुश शैलीमा एकच्छत्र शासन गरेको देखिन्छ । ०४६ सालको जनआन्दोलनपछि भने नेपालको राजतन्त्र आवश्यकताअनुसार खुम्चिने र फैलिने क्रममा कहिले सम्झौताकारी पक्षका रूपमा त्रिपक्षीय सम्झौता गर्न  पुगेको छ त कहिले मौका पर्दा सम्पूर्ण शासन व्यवस्थालाई आफ्नो पकडमा पार्न निर्वाचनको तिथि पर सार्दै प्रतिनिधिसभा व्युँताउन नदिने षडयन्त्रमा लागेको देखिन्छ । यसरी त्यस समय नेपालको राजतन्त्रले सत्तावाट ठूला दललाई अलग्याउने रणनीतिमा सफलता पाएको देखिन्छ ।

**पद्धतिअन्तर्गत नभै संविधानवाहिर रहने राजाको चाहना :**

पद्धतिका रूपमा राजतन्त्र ०४७ सालको संविधानपछि संवैधानिक भयो । तर उसले आफूलाई संविधानभन्दा वाहिर देखाउन खोज्यो । संसदको विघटन आफूखुसी कहिले छिटै स्विकृति दिनु कहिले ढिलाई गर्नु आदि गरेर राजा संविधानभन्दा माथि आफ्नो भूमिका खोजिरहेका थिए । राजदूतको नियुक्तिमा आफुखुसी अधिकार प्रयोग गरी मन्त्रिपरिषदको वेवास्ता

गर्नु,संविधान निर्माणको घोषणामा मंत्रिपरिषद् मार्फतको मस्यौदा हुनुपर्नेमा आफूखुसी खल्तीबाट झिकिएको टिपोट पढेर घोषणा गर्नु, नागरिकता विधेयकमा संवैधानिक राजाले सर्वोच्च अदालतसंग राय लिन पुग्नु, राष्ट्रिय सभा, राजपरिषद् जस्ता नियुक्तिमा राजाले राष्ट्रिय जीवनका ख्याति प्राप्त व्यक्तिहरूलाई नदिएर कट्टर मण्डले, पञ्च र जनआन्दोलन दवाउन लागेकालाई नियुक्ति दिने जस्ता कुरा गर्दै गएपछि मुलुकको प्रजातन्त्रमाथि डरलाग्दो संकेत सुरु भएको थियो ।

नेपालमा जहिलेपनि क्रान्तिविना केही पनि प्राप्त हुन नसक्ने परिपाटीको विकास राजतन्त्रका कारणले हुन पुग्यो । मुलुकमा जतिपनि आन्दोलनहरू घटे ती सबैमा राजतन्त्रको मुद्दा कुनै न कुनै रूपले देखिन पुग्यो । ०४६ सालको आन्दोलन बहुदलीय व्यवस्था प्राप्त नभएसम्म अन्त नहुने थियो । यसका लागि आन्दोलनकारीको वीरोध दरवार र निर्दलिय व्यवस्थाविरुद्ध केन्द्रित थियो । ०६२/६३ को आन्दोलन भने पुरै रूपमा राजसंस्थाकै विरोधमा उर्लिएको थियो । पछिल्लो समयको अन्तिम आन्दोलनले राजतन्त्रलाई शक्तिहीन मात्र बनाएन त्यहीँबाट मुलुकलाई समेत गणतन्त्रतर्फ मोडिदियो । राजतन्त्रले सजिलै नेपाली जनतालाई प्रजातन्त्र भने कहिल्यै दिएको थिएन । नेपाली जनताले विद्रोह र हतियार उठाएपछि मात्र राजाले जनताको आवाज सुनेका पाइन्छ ।

राजालाई शक्तिशाली वनाउँदैमा कम्युनिष्ट प्रभाव रोक्न सकिन्छ भन्ने कुरा गलत रहेको तथ्य नेपालको अनुभवले फेरी एकपटक देखाएको छ । जनआन्दोलनको समाप्तिपछि पनि राजा सकेसम्म पञ्चायतभित्रै बहुदल अटाउन प्रयत्नरत थिए । आन्दोलनकारी भने बहुदलीय प्रजातन्त्रको प्राप्ति नभएसम्म आन्दोलन नरोक्ने स्थितिमा थिए । पार्टी र सरकारको विवादमा १२ वर्षसम्म राजा साना दलहरूलाई लिएर अस्थिरता वढाउनेमा लागि रहे ।

नेपालको इतिहासमा पहिलोपटक वामपन्थीहरूको ७ घटक मिलेर वनेको संयुक्त वाममोर्चा र नेपाली कांग्रेससहितको संयुक्त जनआन्दोलनका सहभागीहरूले लगभग ५० दिनको आन्दोलनपछि राजतन्त्रलाई जनताको प्रतिनिधिसँग सम्झौता गर्न वाध्य वनायो । कम्युनिष्टहरूलाई राष्ट्रिय सहमतिमा ल्याएर निरंकुश राजतन्त्रका विरुद्ध मोर्चाबन्दी गर्न नेपाली कांग्रेसले त्यस समय ठूलै सफलता पाएको देखिन्छ ।

०४६ सालको प्रजातन्त्र पुनस्थापनामा राजालाई हटाउने एजेण्डा थिएन । आन्दोलनकारी शक्तिहरूले राजतन्त्र फ्याल्ने हैन संवैधानिक राजा कायम राख्न खोजेका थिए । खुम्चिएर वस्नुपर्ने भएकै कारण जनआन्दोलनपछि राजतन्त्रले शासनमा आफ्नो भूमिका नदेखे पनि मौका आएपछि बलियो हुने चाहना राख्दै सुरुमा जनताले तोकिदिएको ठाउँमा राजतन्त्रले बस्न स्विकारेको थियो । जनताका आँखामा आफू अलोकप्रिय बन्नु पर्ला भनेर राजतन्त्रले जनआन्दोलनपछिका केही बर्ष

संविधानको पुरै पालना नगरेको पनि होइन । तर दलहरूले गल्ती गर्दै गएपछि राजतन्त्रले प्रजातन्त्रको संरक्षण गर्नुको साटो असफलतामा रमाउन पुग्यो । परिणाम उसले यस अवधिमा मुलुकको शासन व्यवस्थामा अनेकौं सङ्कट उव्जाउने काम गरिरह्यो ।

राजा लोकतन्त्रप्रति कहिल्यै इमान्दार देखिएनन । शक्तिशाली अधिकार प्रयोग गर्दै आएको राजतन्त्रलाई ०४६ सालको परिवर्तनपछि कम अधिकार दिएर संवैधानिक बनाउन खोज्दा राजपरिवारका अन्य सदस्यहरूलाई परिवर्तनसँग समायोजन हुन गाऱ्हो भएको थियो ।

०४६ सालको जनआन्दोलनपछिको अनुभवले मुलुकमा राजतन्त्र र प्रजातन्त्रसँगै जान नसक्ने देखायो । ०७ साल, ०१५ साल, र ०४६ सालमा पटक पटक राजासहितको प्रजातन्त्र मुलुकका लागि सफल वन्न सकेन । बहुदलीय व्यवस्थाका लागि राजतन्त्र सदैव मुख्य अवरोध बन्ने गरेको थियो ।

०४६ सालको जनआन्दोलनपछि नेताहरूमा राजाले संविधानभन्दा वाहिर गई काम गर्दा समेत सच्याउने क्षमता देखिएन् । विकसित राजनीतिक संस्कृतिको अभावका कारण सुरु सुरुमा राजाले संविधानवाहिर गई चालेका कदमको विरोधमा न राजनीतिक दल नत संसदभित्रै विरोध हुन सक्यो । नागरिक समाजको खवरदारीका अभावले जनताबाट पनि ठूलै विरोध हुन सकेन् । देखिने र सुनिने राजाका रूपमा दरबार हत्याकाण्डपछि राजा ज्ञानेन्द्रले नेपाली जनतामा आएको सीमित प्रजातान्त्रिक अधिकारहरू आफू सक्रिय राजतन्त्र सञ्चालित गर्ने सुरमा पूर्णरूपले अपहरण गर्नपुगेका थिए ।

राजा बीरेन्द्रको जस्तो कमजोर भएर बस्न नचाहने राजा ज्ञानेन्द्रको अभिव्यक्तिले अढाइसय वर्षजति अघिको राजसंस्थालाई उनले ठूलै खतरा मोलेर दाउमा राख्न खोजे । संसदले पनि जनआन्दोलनपछिको १२ वर्षमा राजसंस्थामाथि नियन्त्रण गर्ने कुनै कानुन वनाउन सकेन ।

संविधानभन्दा माथि बस्ने राजाको चाहनाले प्रजातन्त्रप्राप्तिका केही बर्षमै राजनीतिक सङ्कट देखिन सुरु भएको थियो । सत्तामा रहँदा उनलाई आफू ज्यादै शक्तिशाली भएको भ्रम थियो । ०५८ जेठ १९ को बंश बिनासपछि नेपालमा बाबुपछि छोरा राजा हुने परम्पराको नै अन्त्य भयो । यहींबाट राजवंशको रोलक्रम पनि समाप्त भएको देखिन्छ ।

आन्दोलनको दवाव वढेको समयमा जनताको भाषा बोल्ने र अन्य समयमा जनतामाथि निरंकुशता लाद्ने राजतन्त्र परिआउंदा खुम्चने र फैलने रणनीति अपनाउँदै आएको देखिन्छ । राजदरवार हत्याकाण्डपछिको  राजतन्त्रलाई राजसंस्था र राजवंश लामोसमयसम्म दीर्घायु राख्ने काममा त्यत्ति चासो देखिएन । हत्या, षडयन्त्र र रक्तपातले भरिएको नेपाली राजतन्त्रको वंश

विनाश षडयन्त्रवाट हुन गएको थियो । पहिलोपटक वंश हत्याको आरोप लागेका युवराजलाई राजा समेत घोषित गरियो ।

राजनीतिक सङ्कट निकासका लागि राजाले ०५९ असोज १८ र ०६१ माघ १९ मा चालिएको कदमलाई आवश्यकताको सिद्धान्त अनुसार वैधानिक ठानिएतापनि प्रजातान्त्रिक तवरले हेर्ने हो भने राजाका यो कदम ०१७ सालको पुनरावृत्ति थियो । पद्धतिका रूपमा ०४७ सालको संविधानमा राजतन्त्र संवैधानिक थियो । तर संविधानभन्दा वाहिर राजाले आफूलाई राख्न खोज्दाको परिणाम राजनीतिक सङ्कटको कारण बन्न पुग्यो । पद्धतीय अन्तरविरोध फेरी यहींबाट देखा पर्न थाल्यो । राजतन्त्रले प्रजातन्त्रलाई आत्मसात् गरेर ०४६ सालको जनआन्दोलनपछि पनि रूपान्तरण गर्न सकेन । पहिलो जनआन्दोलनपछि नेपालले ३ वटा आम निर्वाचन सम्पन्न गरिसक्दा पनि मुलुकमा प्रजातन्त्रको संस्थागत विकास भने हुन सकेन । राजा दलप्रति फुटाउ र शासनगरको नीतिमा थिए। कम्युनिष्टहरूलाई विभाजन गराउने राजाको गलत नीति थियो भन्ने कुरा १२ मध्ये ७ वटा वाम मोर्चालाई बोलाएर बाँकी ५ वटा कम्युनिष्ट घटक संयुक्त राष्ट्रिय जनआन्दोलनलाई राजाले त्रिपक्षीय वार्तामा नवोलाएको वाट पुष्टि हुन्छ ।

कम्युनिष्टहरूलाई विभाजन गराउने राजाको यस गलत कदमकै परिणाम कालान्तरमा प्रजातन्त्र प्राप्तिपछिको ६ वर्षमै देश नराम्ररी द्वन्द्वमा फस्न पुग्यो । राजा बीरेन्द्रको जस्तो कमजोर भएर बस्न नचाहने राजा ज्ञानेन्द्रको अभिव्यक्तिले अढाइसय वर्षजति अघिको राजसंस्थालाई उनले ठुलै खतरा मोलेर दाउमा राख्न पुगे । संसदले पनि जनआन्दोलनपछिको १२ वर्षमा राजसंस्थामाथि नियन्त्रण गर्ने कुनै कानून वनाउन सकेन ।

बहुदलीय व्यवस्थालाई असफल वनाउने अर्को शक्ति थियो संयुक्त राष्ट्रिय जनआन्दोलन समिति जसमा पातलो मसाल र मोटो मशाल, सर्वहारावादी श्रमिक संगठन, नेकपा मार्क्सवादी लेनिनवादी आदि रहेका थिए । यिनीहरू जनवादी क्रान्तितर्फको लाइनमा थिए । जुन पछि गएर बहुदलको उपलव्धिलाई मास्न ०५२ सालमा माओवादीको नामवाट यसले जनयुद्ध चलाएको थियो। गाउँमा यसले दलहरूलाई गतिविधि गर्न दिएको थिएन भने शहरमा राजाले ठूला दलहरूलाई कमजोर वनाउन अनेकौं रणनीति अपनाउँदै थिए । दलहरू कमजोर बनेपछि राजाको सक्रियता यति सम्म वढ्यो कि ०४७ सालको संविधानको गलत प्रयोग गर्दै हिजोका पञ्चेहरूलाई साथ लिंदै शासन चलाउन थाले । राजाले प्रतिनिधिसभा विघटन गरेपछि मोहम्मद मोहसिन जस्ता राजावादीहरू राष्ट्रिय सभा सार्वभौम नभएकाले राजामा सार्वभौमसत्ता सरेको वताउँथे ।

यसरी संविधानलाई आफूखुसी व्याख्या गरेर राजाको प्रत्यक्ष शासनकालमा मुलुकलाई सङ्कटमा पुऱ्याउने काम भयो । विघटित संसदको चुनाव नहुने अवस्थामा मुलुकले संवैधानिक

शून्यताको स्थिति व्यहोर्नुपर्‍यो । त्यसको फाइदा राजतन्त्रले लिन थाल्यो । यसरी संसदवादीहरूले राजालाई संवैधानिक बनाउने प्रयासमा थिए भने राजा भने सक्रिय बन्न पुगे । ०४७ सालको संविधानमा राजाले संविधान खारेज गर्ने वा प्रतिसंहरण गर्ने संवैधानिक अधिकार आफैसँग राखे वा राखेनन् यस विषयमा संविधान मौन वसेकै कारण यसले पनि सङ्कट उव्जाइरहेको थियो । संवैधानिक राजा भएर पनि नागरिकता विधेयककालागि अदालतसँग सोध्न पुगे । राजाले संविधानमा आफ्नो भूमिका सीमित राख्न चाहेनन । उनी बहुदलीय व्यवस्थाका संरक्षक हुन सकेनन ।

**राजाबाट बाधा अडकाउ फुकाउने अधिकारको गलत प्रयोग :**

संविधानवाट निस्कन राजाले ०४७ सालको संविधानको धारा १२७ को दुरूपयोग गरे । पछिल्लोसमयमा राजा ज्ञानेन्द्रबाट बाधा अडकाउ फुकाउन अनेकौं आदेश जारी गरेर संसदलाई निस्तेज बनाउँदै संविधानको आफूखुसी व्याख्या गर्ने काम भयो ।

ज्ञानेन्द देखिने र सुनिने राजतन्त्रका रूपमा आफूलाई संविधानभन्दा माथि राख्न थाले । अर्कोतिर माओवादी संविधान सिध्याउन लागि रह्यो । दुवैका गतिविधिले संविधान बलियो हैन कमजोर वन्दै गएको थियो । मुलुकभित्र संसद र संविधानले राजालाई सुरक्षा गरेपनि राजा स्वयं दरवारवाट भने असुरक्षित देखिए । वीरेन्द्रको वंश विनाश दरवारभित्रै भयो । शाहवंशीय राजाहरू उदार र प्रजातन्त्रप्रति कहिल्यै इमान्दार देखिएनन । राजसंस्थाले आफूलाई संस्थागत भने गर्न सकेन । राजतन्त्रले अनन्त कालसम्म शासन गर्ने हो भने जनतासँग वैरी व्यवहार गर्नु हुन्न । तर नेपालको राजतन्त्रले सदैव जनतासँग निष्कलङ्क छवि देखाउन सकेन । यसले सदैव हिंसा र रक्तपातले भरिएको शासन जनतामा प्रदर्शन गर्नखोज्यो ।

त्यस समय राजाले एकपक्षिय रूपमा कहिले लोकेन्द्रबहादुर चन्दलाई त कहिले सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाएर आफ्नो तजबीजमा शासन गर्नुका साथै दलहरूसँगको परामर्शविना राजाले नगर निर्वाचन गरेकै कारण ठूला दलहरूले भाग नलिएर सक्रिय राजावादीहरूले मात्र यसमा भाग लिएका थिए । पञ्चायती शैलीको चुनाव गराएर राजा दलहरूलाई सत्ता दिन तयार थिएनन् भन्ने यसले देखाएको छ । यस घटनावाट पनि राजदरबार सङ्कटको प्रमुख कारण वन्न पुगेको थियो । जनताका प्रतिनिधिहरूलाई शासनबाट अलग्याउने प्रयासमा राजतन्त्र निरन्तर लागिरह्यो ।

राजा निरंकुश हुन नछोडने जनता अधिकार नलिई नछोडने, यहि द्वन्द्वमा राजतन्त्र जनतासँग वैरी हुनु परेको हो । जनतासँग बैरभाव खोज्ने राजतन्त्रलाई जनताले सजिलै शासन गर्न दिएका छैनन् । त्यस्तो राजतन्त्रलाई शासन गर्न कठीन भने बनाइदिएका छन् । मनुस्मृतिको

अध्याय ७ को ४१ औं श्लोकमा उल्लेख छ वेन, नहुष, पिजवनका पुत्र सुदा, सुमुख र निमी यी सबै राजाहरू विनयशील नहुनाले नै नष्ट भए । तसर्थ जुन राजाले अज्ञानताका कारण प्रजाहरूलाई दुःख दिन्छन् उनले चाँडै नै आफन्तहरूसहित राज्य र जीवनलाई गुमाउनुपर्छ भनी मनुस्मृतिमा उल्लेख भए जस्तो नेपालका राजाले राज्य र जीवन गुमाउन नपरेपनि उनले बेतको जस्तो झुक्ने नीति नअपनाई इस्पातको जस्तो कडा हुने नीति अपनाउनाले ०५८ जेठ १९ पछिको राजतन्त्रले धेरै कुराहरू गुमाउन पुगेको छ ।

**हिन्दू राष्ट्रमा दलहरू बोल्न हुन्न भन्ने राजावादी :**

०५९ असोज १८ र ०६१ माघ १९ को कदमपछि दलहरू सडक संघर्षमा लागिरहे । हिन्दू राष्ट्रमा दलहरू बोल्नै नहुने बोलिरहेका छन भनेर शाही पार्श्ववर्ती भरतकेशर सिंह जस्ता व्यक्तिहरू बोल्न थाले । राजावादीहरू मुलुकलाई धार्मिक अतिवादतर्फ डोऱ्याएर उनलाई सर्वेसर्वा बनाएर पहिलेझैं राजाबाट फाइदा लिन राजतन्त्रको काँध थाप्न खोज्दै थिए । राजाका भित्री सल्लाहकारहरू जुन यस अगाडि कुनै न कुनै प्रशङ्गमा उल्लेख भएको छ । तीनमा वीवेक कुमार शाहले उल्लेख गरे अनुसार शरदचन्द्र शाह, प्रभाकर शमशेर जबरा, वीरेन्द्रबहादुर शाह (लवराजा), सच्चितशमशेर जबरा, भरतकेशर सिंह लगायतका केही व्यक्ति पुराना भारदारका हिसाबले राजाको नियमित सम्पर्कमा थिए भन्ने उल्लेख भएकोले उनिहरूको भूमिका राजालाई बेद पुराण सुनाएर त अवश्यनै बसेनन् ।

तिनको पृष्ठभूमिले राजालाई अवश्य नै धार्मिक अतिवाद तर्फ जान मद्दत पुऱ्याएको हुनुपर्दछ । तिनिहरूको सल्लाहले राजालाई निरंकुशता तर्फ डोऱ्याउँदै थियो । राजाको अशोज र माघको कदमलाई त्यस समय दक्षिणपन्थी अतिवाद पनि भन्दथे भने नेकपा (माओवादी) ले सञ्चालन गरिरहेको कदम उग्रवामपन्थी अतिवाद थियो । यसरी त्यस समय मुलुक दुवै अतिवादबाट आक्रान्त बन्न पुगेको थियो । यी दुवै अतिवादबाट मुलुकलाई मुक्त गरी जनप्रतिनिधिमूलक व्यवस्था, विधिको शासन, मानवअधिकार, आवधिक निर्वाचनमा लाग्नु मुलुकको राजनीतिक निकासका लागि तत्कालको आवश्यकता थियो । प्रजातन्त्र र प्रतिनिधिमूलक शासन व्यवस्था वास्तवमा दुवै अतिवादलाई मुलुकको राष्ट्रिय सहमतिको विन्दू खोज्ने एउटा मूल आधार हो ।

यसरी त्यस समय राज्यको पहिचान राजाले अपनाएको धर्म वा मतावलम्वीसंग जोडिएको तर यसमा हिन्दू धर्मावलम्वी वाहेकका अन्य मतावलम्बिहरूलाई पनि जवर्जस्ती राजाको धर्म र संविधानले जवरजस्ती लादेको हिन्दू राज्य गैर हिन्दूहरूलाई मन नपरेकोले राजाको यस कदमलाई धार्मिक अतिवाद भन्दा के फरक पर्ला ?

**प्रतिनिधित्व एकल जातिमा :**

राज्यको संरचनामा सुरुवातदेखि नै केही उच्च जातका वर्गको मात्र हाली मुहाली रह्यो । तल परेका जनजातिहरूलाई राज्यले शासनमा सहभागी गराउन सकेन् । देश मेरो हो तर शासनमा म छैन त्यसैले राज्य मेरो हैन भन्ने भावनाको विकास जनआन्दोलनपछि जनतामा देखिन थाल्यो । सामेलीकरण र सहभागिताको सङ्कट ०४६ सालपछि पनि प्रसस्त देखियो । आदिवासी, जनजाति, महिला, दलित आदिलाई त्यस समय राज्य संरचनावाट पाखा लगाइयो । बहिस्कृत एवं सीमान्त अवस्थामा रहेका समुदायलाई शासनको मूलधारमा ल्याउने ठोस पहल त्यस समय हुन सकेन् । राज्यले आफ्ना नागरिकहरूलाई समावेशीकरण नगर्नाले राज्यको पुनसंरचना हुन सकेन ।

राज्यले आफ्ना नागरिकहरूलाई राज्यको संरचनामा स्थान दिन नसक्नाले नै समाजवाट पछाडि पारिएकाहरूका विद्रोहको स्वर प्रजातन्त्रप्राप्तिपछि पनि झनै वढ्न गयो । जनताका असीमित आकांक्षाहरू जनआन्दोलनपछि तीव्र रूपमा बढे । आदिवासी, जनजाति, महिला आदिलाई भेदभाव गर्ने ऐन कानूनहरूकै कारण तिनको राज्यप्रति सदैव गुनासो रह्यो । संविधानले दलित, जनजाति, महिला आदिका विषयमा कुनै सम्बोधन गर्न नै सकेन । देशभित्रका विविध जातजाति, भाषा, धर्म, संस्कृति आदि मुलुकका लागि गौरवका विषय भएपनि राज्यले संविधानको भाग ३ मा समाजवाट पछि पारिएका जनजातिहरूलाई मौलिक हकमा राखिदिएर ऊ आफ्नो दायित्ववाट पन्छियो । मुलुकप्रति तिनको पनि स्वामित्ववोध हुन सकोस् भनी जनजातिको सवालमा सरकारले ऐन,कानून वनाएर कार्यान्वयन गर्नेतर्फ कुनै पहल गर्न सकेन । पिछडिएका र पछाडि पारिएकाहरूलाई माथि उठाउन ०४७ को संविधानले ध्यान दिएन । राज्यसंग स्वामित्वबोध गर्नसक्ने राज्य संरचनाको निर्माण ०४६ सालको जनआन्दोलनपछि हुन सकेन । पछाडिपरेको जातजाति राज्यको संरचनामा सहभागी हुन नसकेर फेरी पनि पुरानै टाठाबाठाको बाहुल्य भयो ।

बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक यस मुलुकमा सीमीत वर्ग र व्यक्तिको मात्र रजाई होइन सवैलाई समावेश गर्न सकिने गरी तिनको हक अधिकार रक्षा गर्नका लागि राज्य पुनःसंरचनाको आवश्यकता ०४६ सालपछि देखियो । तर यस अवधिमा वनेका संसद्ले त्यसलाई पूरा गर्न नसक्नाले अर्को जनआन्दोलनको आवश्यकता संविधानको कारण वन्न पुग्यो । ०४६ सालको प्रजातन्त्र पुनस्थापनापछि पनि शासनमा देशको ठूलो हिस्सा सहभागी हुन सकेन । शासनमा ठूलो संख्यामा जनताको सहभागीता नभएसम्म व्यवस्थाभित्र विभिन्न सङ्कटहरू आइरहन्छन् भन्ने यसले पुष्टि गऱ्यो । ०४७ सालमा वनेको संविधानले समाजमा पछाडि पारिएका जाति, जनजातिलाई राज्यले सम्वोधन गर्न सकेन । जनताले सरकारसँग मागिरहे तर

सरकारले जनताको आवश्यकतालाई कहिल्यै पूरा गर्न नसकेर जनताको बढ्दो आकांक्षा कालान्तरमा गएर अर्को दोस्रो जनआन्दोलनमा गएर विष्फोट हुन पुग्यो । देश हाम्रो हो भन्ने भावनाको विकास बहुजातीय, बहुभाषिक, समग्र जनतामा बन्यो तर, राज्यद्वारा पछाडि पारिएका जनतामा भने राज्य हाम्रो होइन भन्ने धारणा वन्न गएको थियो ।

नेपालका जनजातिहरूले आफ्नो वेग्लै पहिचान, प्रतिनिधित्व, पद, प्रतिष्ठा, र पहुँचको आवश्यकता ०४७ सालको संविधानमा खोजेका थिए । तर राज्यले त्यसलाई सम्वोधन गरिएन । जनआन्दोलनको बाऱ्ह वर्षसम्म पनि राज्य समावेशी हुन नसकेकै परिणाम जनजातिहरूको असन्तोष तीव्र भयो । राज्यको विभेदकै परिणाम थियो दोस्रो जनआन्दोलन । यस अघि ०४६ सालको जनआन्दोलनले बहिष्कृत एवं सीमान्तकृत अवस्थामा रहेका समुदायलाई शासनको मूलधारमा ल्याउने ठोस प्रयासमात्र हुन सकेको भए जनताहरू त्यसरी आन्दोलित हुनुपर्ने थिएन ।

यसअघि केही सीमित वर्ग र व्यक्तिले मात्र राज्य व्यवस्थामा रजाइ गर्न पाएका थिए । एउटै भाषिक–सांस्कृतिक पृष्ठभूमि बोकेका मानिसको शासनमा लामो समयदेखि पहुँच बनेकाले अन्य व्यक्ति राज्यको पहुँचबाट अलग्गिन वाध्य थिए । शासनमा सर्वसाधारणको पहुँच नभएकाले १ सय २ भाषाभाषी भएका विविध जनजातिहरूको सत्ताप्रति गुनासो रहेको थियो । शासनसत्ता सदैव एउटै जात, वर्ग र समुदायको वरिपरि रहन जानाले आदिवासी जनजाति, दलित, महिला, तराईवासी लगायत अन्य पिछडिएका व्यक्तिहरूले शासनमा आफ्नो भूमिका खोजे । ९२ मातृभाषा र १ सय २ जातजातिले बसोवास गरेको नेपालमा अल्पसंख्यकले पूर्ण जातीय स्वायत्तता पाउन सकेनन् । पिछडिएकाहरूलाई राज्य संरचनामा समावेश गराउने प्रयास ०४६ सालको जनआन्दोलनपछि पनि सफल हुन सकेन । जनआन्दोलनपछि वनेको संविधानले अनेकता र विविधतामा गर्व गर्नसक्नुपर्नेमा राज्यको एकात्मक स्वरूपमा जोड दियो । शासनमा महिला, जनजाति र दलितको प्रतिनिधित्व जनसंख्याको आधारमा असन्तुलित रहेको थियो ।

एक जाति, एक राज्य, एक भाषा,एक भेष, जस्ता पञ्चायतकालीन मान्यताहरू ०४६को परिवर्तनपछि पनि देशले अपनाउँदै गयो । राज्यसँगको पहुंचका लागि राजधानीमै रहने परम्पराको विकास ०४६ सालपछि पनि यथावत् नै रहन गयो । ०४६ सालपछि पनि नेपाल राज्यको वर्तमान संरचना सवै नागरिकहरूलाई समावेशी हुने खालको वन्न सकेन । जनआन्दोलनपछि पनि मुलुकको साधनमा पहुँच हुनेको बीचमात्र एकता देखियो । बाँकी जनता सदैव उपेक्षित नै रहे । राज्य संरचनामा मुलुकका ठूला दल मानिएका कांग्रेस र कम्युनिष्टहरूले आफ्नो भूमिकालाई पार लगाउन सकेनन् । जति पनि विद्रोह भए तिनमा राज्यले आफ्ना नागरिकहरूलाई समावेशीकरण नगर्नाले भएको देखिन्छ ।

नेपालमा आदिवासी जनजातिको संख्या ६१ देखाइएको छ भने आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान–०५८ ले यो संख्या ५९ देखाएको छ । यस्ता आदिवासी तथा जनजातिहरूलाई सत्तामा जवसम्म सहज पहुँच हुन सक्दैन त्यस अवस्थासम्म राज्यले समावेशी नीति अपनायो भनेर भन्न सकिन्न । राज्यबाट पछाडि पारिएको जनजातिलाई माथि उठाउने काम ०४७ को संविधानले गर्न सकेन । यो संविधान जनजातिको सवाल, स्वायत्तताको सवाल, र जातीय सांस्कृतिक पहिचानको सवालमा पर्याप्त हुन सकेन् । नेपालमा रहेको कुनै पनि जनजातिले ०४६ सालको आन्दोलनमा होस वा त्यसपछिका गतिविधिमा कहिल्यैपनि तिनले नेपाल राज्यवाट अलग भएर रहने माग राखेका छैनन् । तर त्यस समयमा यस विषयमा वोल्नै हुन्न जस्तो गरी त्यस विषयमा बोल्नेलाई विखण्डनकारी देखियो । वहिस्कृत एवं सीमान्त अवस्थामा रहेका समुदायलाई शासनको मूल धारमा ल्याउने प्रयास जनआन्दोलनपछि सम्पन्न तीनै निर्वाचनमा मुख्य एजेण्डा बनेन । स्वामित्ववोधको अभावकै कारण मुलुकमा पछाडिपरेको जाति जनजातिमा भावनात्मक एकताको अभाव गहिरो रूपमा देखिएको छ । प्रजातन्त्रको एजेण्डामा सवैलाई समावेश गर्न सकियो भने जनाधार कमजोर हुन पाउँदैन ।

**नागरिक समाजको खवरदारीको अभाव :**

०४६ सालको जनआन्दोलनपछि सचेत नागरिक समाजको अभावका कारण जनताहरू किनारा लाग्न गए । त्यसको परिणाम ०७ साल र ०१७ सालमा असफल बन्न पुगेका तिनै पुराना नेताहरूको राजनीतिमा प्रभाव पर्न थाल्यो । ०४६ सालपछिको बाऱ्ह/तेऱ्ह वर्षमा सरकार परिवर्तन हुने कामवाहेक प्रजातन्त्रको संस्थागत विकास हुन सकेन । राजनीतिक अस्थिरताका कारण मुलुकमा द्वन्द्व मौलाउँदै गयो । त्यसको परिणाम ०५२ सालवाट मुलुक जनयुद्धमा धकेलियो । त्यसपछिका दिनमा मुलुकको राजनीति झन झन तरल बन्दै गयो । बाऱ्ह वर्षमा बाऱ्हपटक सरकार फेरिए, यही अस्थिर सरकारकै कारण माओवादी आन्दोलन तीव्र रूपमा देशभर फैलियो । राजाको भूमिका निकै विवादास्पद वन्न पुग्यो । राजा आफूमात्र राष्ट्रवादी शक्तिका रूपमा जनतामाझ स्थापित हुन चाहन्थे । उनी ०४६ सालको उपलव्धिभन्दा खराबीहरूको प्रकाश पारेर बहुदलीय व्यवस्थाप्रति वितृष्णा फैलाउन चाहन्थे ।

प्रजातन्त्रको १२/१३ वर्षको अवधि व्यर्थको थिएन । राजाले प्रत्यक्ष शासन आफ्नो हातमा लिएपछि उनले यो अवधिलाई राजनीतिक विकृति र विसंगतीको दशकको रूपमा चित्रण गर्न पुगे । दलका हरेक ठूला नेतालाई भ्रष्टाचारको आरोप लगाउन पुग्ने राजाले निष्पक्ष आयोगमा मुद्दा नचलाएर आफैंले गठन गरेको शाही आयोगमा दलका नेतामाथि मुद्दा चलाउन पुगे । जसलाई नेपालको सर्वोच्च अदालतले अवैध ठहऱ्याईदिएर आयोगलाई खारेजी समेत गर्दियो ।

**पद्धतीय अन्तरविरोधको उदय :**

सुरुमा जनआन्दोलन वि.सं २०४६ पछि राजदरवार हत्याकाण्ड नभएसम्मको पुरै अवधिभर राजा वीरेन्द्रलाई मुलुकका लागि एक स्थायी शक्तिका रूपमा हेर्न थालिएको थियो । जेठ १९, २०५८ मा वीरेन्द्रको बंश बिनासपछि नेपालको राजसंस्थाले लामो समय राजतन्त्र रहन नसक्ने संकेत गरिसकेको थियो । प्रजातन्त्र प्राप्तिपछि पनि नेपालले राजसंस्थालाई ०७ साल र ०१७ सालकै स्थितिमा राखेर हेर्नाले सङ्कटहरू देखिएको हो । राजतन्त्रलेपनि जनतासंग निष्कलङ्क छवि देखाउन सकेन । अनिश्चितताको समयमा नेपालको राजतन्त्रले जनतालाई विश्वासमा लिन नसक्नाले नै मुलुकमा सङ्कट वढाउन जोड पुगेको देखिन्छ ।

पद्धतीय अन्तरविरोधको सङ्कट नेपालमा ठूला दल मानिएको कांग्रेस र कम्युनिस्ट पार्टीमा ०४८ सालको आमनिर्वाचनपछि वढेर गयो । जनआन्दोलनअघि नेकां एक्लैले पंचायत पद्धतिको विरोधमा लाग्दा उसले सफलता पाउन सकेको थिएन् । जव दुई विपरीत विचारधाराका राजनीतिक दलहरू पञ्चायतको विरुद्धमा ऐक्यवद्ध भए निरंकुश पञ्चायती व्यवस्थालाई समाप्त गर्न सफल भए ।

यसअघि नेपालमा राजनीतिक दलहरूलाई कमजोर देखाएर आफूमात्र समस्याको समाधानकर्ता हो भन्ने देखाउन जनआन्दोलनपछिको १२/१३ वर्षसम्म राजतन्त्र लागिरह्यो । त्यसरी नै बहुदलीय व्यवस्था र संविधानलाई कसरी सिध्याउन सकिन्छ भनी माओवादी पनि लागिरह्यो । पुरानै पंचायती व्यवस्थाका मुलुकी प्रशासन, कर्मचारी, राजाको सेना र  प्रहरी आदि मेशिनरी लिएर ०४६ सालको जनआन्दोलनपछिको दलीय व्यवस्थालाई नयाँ पद्धतिमा संक्रमण हुन निकै अप्ठेराहरू आएका थिए । नयाँ मूल्य र मान्यतामा जान नचाहने पुरानै पद्धतिमा शासन गर्न रमाउने राजनीतिक दलभित्रका पुराना नेताहरूका लागि राजनीतिक रूपान्तरण असहज बन्न गएको थियो । मुलुकमा ल्याइएको परिवर्तन प्रजातान्त्रिक हुँदाहुँदै पनि प्रगतिशील भएन । गरिब र उत्पीडित जनताका लागि त्यो अवधि निरर्थक बन्न पुग्यो ।

**सहमतिय राजनीतिको अभाव :**

यथार्थमा ०४६ सालदेखि नै नेपालमा सहमतिको राजनीतिक संस्कृति विकास हुन गएको हो । तर त्यस सहमतिलाई दलहरूले लामो समय कायम राख्न सकेनन् । बहुदलीय व्यवस्था पुनस्थापना नभएसम्मका लागि कार्यगत एकता गर्न पुगेको ने.का.ले राजाको निरंकुशतासँग भिडनका लागि वामपन्थी दलहरूसँग सहकार्य गर्नुपर्ने जुन वाध्यता थियो त्यसलाई पछिका दिनमा पनि लागु गरेको भए नेपालले कहिल्यै अस्थिरताको भुमरीमा रहनु पर्दैनथ्यो । दलहरूले ०४६ सालको अन्तरिम सरकारको मोडेल मात्र पछिल्ला समयमा लागू गर्न सकेको भए सहमति

र सहकार्यको नेपाल बेजोड नमूना बन्न सक्थ्यो । संसदले निश्चित कार्यकाल पूरा गरी मुलुकलाई राजनीतिक स्थिरता दिन सक्थ्यो ।

माओवादीले जनयुद्ध सुरुवात गर्दा बहुदलीय व्यवस्थासँगमात्र होइन उसले नेपाल अधिराज्यको संविधानकै विरुद्धमा हतियार उठाएको थियो । प्रजातान्त्रिक मूलधारका दलहरूसंग समेत उसको शत्रुतापूर्ण सम्वन्ध थियो । बहुदलीय प्रतिस्पर्धामा आउन दोस्रो जनआन्दोलनले उसलाई वाध्य बनायो । त्यसैले पार्टी व्यवस्था सुदृढीकरण गर्ने हो भने व्यक्तिलाई हैन विधिसम्मत प्रक्रियालाई अगाडि ल्याउनुपर्दछ । नेपालमा राष्ट्रिय सहमतिलाई सकेसम्म त्यति महत्व दिएको देखिन्न् । कम्युनिष्ट र उदारवादी दलहरूले सहमतिको राजनीति अपनाउन सकेको पाइन्न् । दलहरू राष्ट्रियताका सवालमा विभाजित वनेको देखिन्छ । जनआन्दोलनपछि नेपालका राजनीतिक दलहरूले अन्तरिम सरकार, नेपाली कांग्रेसको एकलौटी सरकार, एमालेको अल्पमतको सरकार, गठबन्धन सरकार आदि विभिन्न सरकार बन्दै र वनाउँदै जाँदा पनि देशले कुनै स्थायित्व लिन सकेन । यो सब हुनुमा सहमतीय संस्कृतिको अभाव र वेष्ट मिनिष्टर मोडेलको संसदीय पद्धती भनेकै विरोधको लागि विरोध गर्नु हो भन्ने राजनीतिक संस्कार नेपाली नेताहरूको वुझाइ वन्न गयो ।

०७ सालको क्रान्तिपछि पहिलो पटक नेपालका राजनीतिक दलले वैधता पाएका थिए । नत्र यसअघि बोली र गोलीले निरंकुश तवरले सत्ता संचालन गर्ने परम्परा थियो । छ दशकको प्रजातान्त्रिक अभ्यासमा मुलुकभित्र जेजति राजनीतिक प्रयोगहरू भए तिनले मुलुकको राजनीतिक स्थायित्वमा कुनै भूमिका खेल्न सकेनन् । राजनीतिक अस्थिरता यो मुलुकको वाध्यता बन्न पुग्यो । नेपालका दलहरू उपनिवेशवादको विरोधमा जन्मीएका थिएनन् नत स्वाधीनता संग्रामको परिणाम नै जन्मिएका हुन् ।

यी दलहरू निरंकुश अधिनायकवादी शासनका विरुद्धमा ऐतिहासिक सङ्कटको उपजको परिणाम अस्तित्वमा आए । राणा शासन विरुद्धको मोर्चामा, बहुदलीय अभ्यासमा, पञ्चायतको विरोध र राजतन्त्र उन्मूलनका सवालमा जनताहरू तिनै दलको नेतृत्वलाई स्विकार्न पुगेका थिए । पछिल्लो समय गणतन्त्र ल्याउने काममा पनि ती दलहरूले निर्णायक भूमिका खेल्न सके ।

सत्ताका विरुद्धमा ०७ साल र ०१७ सालमा नेपाली कांग्रेसले हतियार उठाएको थियो भने नेकपा (माओवादी) ले ०५२ सालदेखि हतियार उठाएको थियो । दलहरूलाई दवाएर सिध्याउने रणनीतिमा नेपाली राजतन्त्र लागेकाले सुरुमा कांग्रेस एक्लै राजाको निरंकुशतासँगै भिडेको थियो । यसको अन्तरविरोध कम्युनिष्टहरूसँग नभएर निरंकुश राजतन्त्र र निर्दलीय पंचायती व्यवस्थासँग लामो समय रहिरह्यो । अर्कातिर नेपाल कम्युनिष्टपार्टीले भने सुरुदेखि नै नेपाली

कांग्रेसलाई आफ्नो प्रधान शत्रु मानिआएको थियो । जसरी दोस्रो जनआन्दोलनपछि माओवादीले मानेको थियो ।

एमालेले भने अहिले सर्वहाराको वर्गीय दृष्टिकोण र क्रान्तिकारी सिद्धान्तलाई परित्याग गरिसकेको छ । उसले सुरुमा मार्क्सवाद-लेनिनवाद दर्शन नेपालको राजनीतिमा प्रवेश गराउन सफल भएपनि ०४६ साल पछि क्रान्तिकारी सिद्धान्तका नाममा जनताको बहुदलीय जनवादलाई सरकारको नमूनाका रूपमा अपनाउन पुगेको छ । ९ महिने शासनकालपछि त उसले आफ्नो वामपन्थी पहिचान विस्तारै गुमाउँदै गएको छ । सोभियत संघ र पूर्वी युरोपका मुलुकहरूमा शीतयुद्धको समाप्तिपछि आएको परिवर्तनसँगै नयाँ जनवादका ठाउँमा एमालेभित्र बहुदलीय जनवादको विकास गरियो । एमाले ०४६ सालको आन्दोलनपछि क्रान्तिकारी नेतृत्व गर्ने सर्वहारावर्गको पार्टी नभएर कतिपयले यसलाई दक्षिणपन्थी संशोधनवादी अवसरवादी पार्टी पनि भन्न पुगेका छन् । माओवादी सुधारका योजनाहरू खोस्न कांग्रेस र एमाले अहिले असफल भएका छन् । उसको क्रान्तीकारी नारावाट जनताहरूको ध्यान कांग्रेस र एमालेमा भन्दा माओवादीतर्फ गएको छ ।

अन्तमा माथिका कारणहरूमात्र हैन ०४६ सालको एकदशकभन्दा वढी अवधिको प्रजातान्त्रिक अभ्यासले मुलुकमा थुप्रै राजनीतिक सङ्कट निम्त्यायो । जनआन्दोलन प्रजातन्त्रका लागि थियो तर परिणाम प्रजातान्त्रिक वन्न सकेन । दलहरूले यस अवधिमा सत्तावाहेक अरु केही देखेनन् । प्रजातन्त्रको उत्कृष्ट समयमा पनि नागरिकहरू कमजोर बन्न पुगे । जनतालाई बलियो बनाउन दलहरू नलागेकैले राजा शक्तिशाली वन्न गए । मुलुकमा अत्यधिक द्वन्द्व वढ्न गयो । दलहरूले विभिन्न विकृतिहरू यही अवधिमा भित्र्याउने काम गरे । संसदीय अभ्यासमा अनुशासनहीनताको पराकाष्ठा देखियो । प्रजातन्त्रको व्यवस्थापन गर्न नेताहरू सक्षम भएको देखिएन । संविधान निर्माणपछि पद्धतीय व्यवहारमा अन्तरविरोध प्रशस्त देखिन थाल्यो ।

यसरी प्रजातन्त्र पुनस्थापना पछि नेपालमा पटक पटक विभिन्न राजनीतिक सङ्कटहरू देखिए । सङ्कटको कारण संविधान, राजा, र संसदमात्र हैन आन्तरिक र वाह्य कारण लगायत माथिका विभिन्न तत्त्वहरू रहेका छन् । राजनीतिक अस्थिरताका कारण नेपालमा प्रजातन्त्रले धेरै चुनौतीहरू सामना गर्न परेको छ । तसर्थ राजनीतिक सङ्कटको समाधानमा माथि उठाइएका बुँदाहरूलाई सुझावका रूपमा लिन सकियो भने यसले नेपालको प्रजातन्त्रमा बरोवर देखिने सङ्कटलाई निवारण गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने विश्वास लिन सकिन्छ ।

## ९.२ निष्कर्ष

"नेपालमा राजनीतिक सङ्कट (वि.सं.२०४६–२०५९): प्रजातन्त्रमाथिको चुनौती" विषयमा गरिएको शोध अनुसन्धानको नतिजालाई गणितको झैं सूत्रबद्ध गर्न नसकिएपनि विगत ६ दशक लामो राजनीतिक इतिहासको कालखण्डमा मुलुकले राजनीतिक स्थिरता दिन सकेन् । मुलुकमा अनगिन्ती राजनीतिक सङ्कट र चुनौतीहरू देखिन थाले । ०७ सालदेखि सत्तामा एकच्छत्र कायम रहेको राजतन्त्रले जनताबाट लिएको अधिकार जनतालाई हैन आफ्नै निहित स्वार्थमा दुरूपयोग गर्दै गयो । राजा सम्पूर्ण अधिकार आफ्नै हातमा राख्नका लागि दलहरूलाई कमजोर बनाउने रणनीतिमा थिए । दल बलियो भएमा यो सम्भव नहुने भएकाले उनको रणनीति ०७ सालदेखि नै राजनीतिक दलहरूलाई कमजोर बनाउँदै जाने थियो । ०७ साल देखिको राजनीतिक अवस्थालाई केलाउने हो भने नेपालको राजतन्त्रले साना दलहरूलाई खेलाउँदै आएका छन् । सत्तामा कोही लोकप्रिय बन्ला भनेर त्यस समय राजाले कुनै पनि प्रधानमन्त्रीलाई  लामो समय सत्तामा रहन दिँदैनथे ।

वि.सं. २००७–०१७ को त्यस अवधिमा मुलुक लोकतन्त्रमा सङ्क्रमण भइ सक्नुपर्ने थियो तर, निर्वाचित सरकारले अठार्ह महिनामात्र काम गर्न पायो । लोकतान्त्रिक मानिएको संविधानको धारा टेकेर राजाले जननिर्वाचित प्रतिनिधिहरूलाई हटाउन पुगे । राजाले दलमाथि लगाएको प्रतिवन्ध र जननिर्वाचित सरकारमाथि गरिएको 'कू' प्रजातन्त्रमाथिको ठूलो धक्का थियो । राजाले दश वर्षमै जनतासँग गरेको समझदारी तोडिदिए । राजा महेन्द्रले निर्वाचित सरकारलाई भ्रष्टाचार र अराष्ट्रिय तत्वको आरोप लगाएर छोटो समयमै सत्ता खोसेका थिए ।

०१७ सालमा भएका घट्नाहरूलाई लिएर नेपाली कांग्रेसले सशस्त्र आन्दोलन सुवर्ण शमशेरको नेतृत्वमा गर्‍यो । तर त्यो असफल भयो । यसले नेपालका नेताहरूलाई एउटा पाठ दिएको छ । त्यो के भने कुनै पनि आन्दोलनमा जनताको सहभागिता चाहिन्छ । विदेशी भूमिलाई आधार हैन यसले आफ्नै भूमिको आधार चाहिन्छ भन्ने सिकायो । त्यस सशस्त्र आन्दोलनले अर्को के पनि शिक्षा दिएको छ भने दलहरू एक्लै आन्दोलन गरेर उद्देश्य हासिल गर्न सक्दैनन् । उदाहरणका लागि ०२८–०२९ सालमा भारतको नक्शलवादी आन्दोलनको प्रभाव स्वरूप सुरु भएको झापा आन्दोलनका क्रममा मारिएका व्यक्ति र कांग्रेसले ०३०–३१ ताका सुरु गरेको दोस्रो सशस्त्र आन्दोलनका क्रममा कार्यकर्ताहरूको बलिदानले खासै परिणाम ल्याउन सकेन ।

कम्युनिष्ट विरोधी उग्र सोच र कांग्रेससँगको कार्यनीतिबाट मुख्य ठूला दल पछाडि नहटेको भए मुलुकमा लोकतन्त्र अगाडि नै आइसक्थ्यो । पुष्पलालले देखाएको कार्यनीतिगत लाइनलाई आखिर ०४६ सालमा गणेशमान सिंह जस्ता नेताले बाममोर्चा र कांग्रेसका सन्दर्भमा

सहकार्यको राजनीति सफल हुन सक्छ भन्ने नौलो प्रयोग नेपालमा सम्पन्न भयो । सात बाम शक्ति र नेपाली कांग्रेसको सहकार्यमा लाग्नाले नै नेपालमा संयुक्त जनआन्दोलन सफल वन्न गएको हो । यही प्रयोगले नै पछिका पुस्ताका लागि मार्ग देखाइदिएका छन् ।

वि.सं. २०४६ सालको जनआन्दोलनको सफलता पछि जारी भएको नेपाल अधिराज्यको संविधान २०४७ ले मुलुकमा संवैधानिक सुनिश्चितताका साथै राजनीतिक स्थायित्व आउनेछ र देश समुन्नतिको बाटोमा अगाडि बढ्नेछ भन्ने नेपाली जनताले अपेक्षा गरेका थिए । तर त्यसको विपरीत मुलुकको राजनीति अपेक्षित ढङ्गले अघि बढ्न सकेन । पटक पटक उस्तै प्रकृतिका राजनीतिक सङ्कटहरू दोहोरिंदै गए ।

सङ्कटको मुख्य कारण एकातिर प्रमुख राजनीतिक पक्ष–राजा र राजनीतिक दलहरूबिच संवैधानिक पद्धति अनुकूल भूमिकाको विकास हुन नसक्नुलाई लिन पर्छ । अर्कातर्फ संवैधानिक पद्धतिकै विरुद्ध माओवादी हिंसात्मक विद्रोहलाई सम्बोधन गर्ने राजनीतिक उपायको कमीलाई लिनु पर्ने हुन्छ । चुलिंदै गएको सङ्कटको संवैधानिक निकास प्राप्त हुन नसकेपछि दोस्रो जनआन्दोलन २०६२/०६३ ले नेपाल अधिराज्यको संविधान २०४७ द्वारा स्थापित संवैधानिक प्रणालीलाई नै समाप्त पार्‍यो । तर प्रतिपक्षी राजनीतिक शक्तिहरूबीच भएको कार्यगत एकता ०४८ सालको प्रथम आम निर्वाचनपछि भिन्न विचारका दलहरूमा बेमेल बढ्दै जानाले मुलुकका लागि दुर्भाग्य बन्न पुग्यो ।

संसदीय प्रजातन्त्रको दोस्रो प्रयोग (२०४६-२०५९) असफल हुनमा विभिन्न कारणहरू रहेका छन् । जनआन्दोलन २०४६ पछि लगत्तै संविधान निर्माणको प्रारम्भिक चरण देखि नै विभिन्न राजनीतिक दलहरू, राजसंस्था लगायतका प्रमुख पात्रहरूकाबिच गम्भीर मतभेदहरू देखिए । अढाइ सय वर्षदेखि नेपालको राजतन्त्रले भौगोलिक एकीकरण बाहेक मुलुकमा प्रजातन्त्रको संस्थागत विकास एवं समृद्धिमा खासै योगदान दिन सकेन भन्ने धारणा रहि नै रह्यो । राजाले शासन गर्दैनन् केवल राज्य मात्र गर्दछन् भन्ने मान्यताको ठीक विपरीत २००७ सालको क्रान्तिदेखि नै नेपालका राजाहरूले प्रत्यक्ष शासनको आकाङ्क्षालाई सदैव जोगाएर राखे । २००७ सालमा तत्कालीन राजा त्रिभुवन, २०१५ मा राजा महेन्द्र र २०४६ सलापछि राजा वीरेन्द्रले संवैधानिक राजतन्त्र सहितको प्रजातान्त्रिक शासन प्रणालीको आंशिक अभ्यास गर्ने प्रयास गरे ।

वि.सं. २०४६ को जनआन्दोलनमा धनजनको धेरै क्षति नहोस् भनेर तत्कालीन राजा वीरेन्द्रले आन्दोलनकारी दलहरूसंग सम्झौताको नीति पनि अपनाएका थिए । तर, राजतन्त्र नमान्ने कम्युनिष्ट घटकहरूलाई भने सम्झौताबाट अलग राखिएको थियो । सुरुमै दरबार कम्युनिष्टहरूलाई विभाजन गराउने प्रयासमा देखियो । २०४७ सालको संविधान निर्माणको

बेलादेखिनै राजा र दलहरूका बीच अविश्वास र एक अर्काको भूमिकालाई सीमित गर्ने खेल र प्रयत्नहरू चलिनै रहे ।

प्रजातन्त्र पुनः प्राप्तिपछि बनेको ०४७ सालको संविधानमा राजाले आफ्नो भूमिका नभएकोमा व्यापक असन्तुष्टि रह्यो । जनआन्दोलनका दोषीहरूलाई सरकारले कार्वाही गर्न नसकेपछि तिनीहरूका भूमिका बहुदलीय व्यवस्थालाई असफल बनाउने प्रयासमा लागे । बहुदलीय व्यवस्था असफल वन्नुमा पुरानै प्रशासन, सेना र प्रहरीलाई लिएर मुलुक अगाडि बढ्नु प्रमुख कारण बनेको थियो । परिवर्तन चाहने जनआन्दोलनकारी शक्तिहरू भने आन्दोलनपछि ओझेलमा पर्न गए । पुराना सत्ताका व्यक्तिहरूको मोह राजतन्त्रप्रति रहेकाले उनीहरूलाई कसरी हुन्छ जनताले ल्याएको व्यवस्थालाई असफल गराउनु र पुरानो सत्ता नै सवै समस्या समाधानको उपाय हो भन्ने देखाउनु थियो ।

०४६ सालको परिवर्तनपछि जनआन्दोलनका अपराधीहरूलाई कार्वाही गर्न न्यायाधीश जनार्दन मल्लिकको अध्यक्षतामा गठन गरिएको आयोगले दोषी देखाइएकाहरूलाई तत्कालीन सरकारले कुनै कारवाही गरेन । उल्टो तिनीहरू पुरस्कृत हुन पुगे । जसले गर्दा जनताहरूमा निराशा देखियो । नेपालको बहुदलीय व्यवस्थालाई असफल वनाउन ०४६ सालपछि निरन्तर तिनै तत्वहरूले षडयन्त्र गरिनै रहे । जनआन्दोलनका वाहकहरूले प्रजातान्त्रिक संस्कार, निष्ठा र स्वच्छता देखाउन सकेनन् । प्रजातान्त्रिक आधारस्तम्भमाथि आक्रमण हुँदा पनि सशक्त प्रतिकार हुन सकेन् । प्रतिपक्षीको रूपमा रहेको नेपालका प्रतिवन्धित दलहरूले प्रजातन्त्र रक्षाका लागि यस अवधिमा थुप्रै रगतको खोलो वगाउनु पऱ्यो । दलहरूले आन्दोलनबाट व्यवस्था परिवर्तन गर्न सके तर त्यसलाई स्थायित्व दिन भने सकेनन् ।

०४६ सालको जनआन्दोलनले देशमा ऐतिहासिक परिवर्तन ल्यायो । जनआन्दोलनको परिणाम आएको ०४७ सालको संविधानलाई तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराइ विश्वकै उत्कृष्ट संविधान भन्न पुगेका थिए । तर, राजतन्त्रले आफूलाई ठूला दलहरूबाट संवैधानिक बनाउन गरिएको प्रयासप्रति असन्तुष्टी थियो । संविधानलाई मन्त्रिपरिषद्को मस्यौदा भन्दै राजदरवारले दुईपटक सम्म बेग्लै संविधान दिने असफल प्रयास गरेको थियो । दरवारियाहरूको यस संविधानप्रति असन्तुष्टि रहेको थियो ।

अर्कातिर यही संविधान वनेकै दिनदेखि सडकमा जलाउने समेत काम सुरु भयो । संविधान सुझाव आयोगमा रहेर संविधान निर्माणमा अन्तिम समयसम्म महत्त्वपूर्ण भूमिका खेल्ने वामपन्थी दलको समेत संविधानप्रति फरक दृष्टिकोण रह्यो । हालको नेकपा (एमाले)ले त्यस समय संविधानप्रति आलोचनात्मक समर्थन गऱ्यो । नेपाली कांग्रेसले संविधानलाई पूर्ण समर्थन गऱ्यो । विद्रोहको संस्कृति मुलुकमा जनआन्दोलनपछि विस्तारै देखिन थाल्यो । अनेकौं विरोधका

वावजुद प्रजातान्त्रिक संविधानले संक्रमणको चरण पार गरेपछि संविधानमा व्यवस्था भएवमोजिमको पहिलो आम निर्वाचन सम्पन्न गऱ्यो । त्यसै समय प्रजातन्त्रको आधारस्तम्भ आमनिर्वाचन सम्पन्न हुनुका साथै प्रजातन्त्रलाई संस्थागत प्रदान गर्ने क्रममा पञ्चायतका स्थानीय निकायहरूलाई भत्काई बहुदलीय व्यवस्थालाई बल पुग्नेगरी स्थानीय निकायको निर्वाचन सम्पन्न हुन गयो । त्यसले मुलुकका प्रजातान्त्रिक संस्थाहरूलाई स्थानीय तहबाटै संस्थागत विकास गर्न ठूलो बल मिल्यो ।

संविधानको दायराभित्र रही ऐन नियम र कार्यविधिमा संशोधन गरेर पछाडि परेको जनजातिलाई राज्यमा समावेश गर्नुपर्ने विषयमा राज्यले वास्ता नगर्नाले महिला, जनजाति, दलित, मधेसी, गरिब र विपन्न वर्ग राज्यबाट बहिष्कृत भए । कानूनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ भनी ०४७ सालको संविधानको धारा ११ (३) मा र राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूमा जति नै प्रावधान गरिए पनि सत्तामा जानेहरूले यसलाई कार्यान्वयनमा ल्याएनन् ।

संविधानले नेपाललाई बहुजातीय र बहुभाषिक त भन्यो तर, त्यसको कार्यान्वयन हुन सकेन् । ठूला दलहरू भित्र पुरानै सत्ताको जातीय वर्चश्वले काम गऱ्यो । सर्वसाधारण जनतालाई सशक्तीकरण गराउनेमा तिनीहरू असफल भए । संवैधानिक अंगहरूमा र मुलुकको राजनीतिक निकायमा विभिन्न जनजातिहरूको उचित प्रतिनिधित्व हुने व्यवस्था संविधानमा नै गर्न ०४७ सालका संविधान निर्माताहरू सफल बन्न सकेनन् । पिछडिएका वर्गको संरक्षण वा विकासका लागि कानूनद्वारा राज्यले विशेष व्यवस्था नगर्नाले यो आवाज ०६२/६३ को जनआन्दोलनपछि थाम्नै नसक्ने गरी वाहिर आयो ।

०४६ सालमा पुनर्स्थापित प्रजातन्त्रसंगै राजनीतिक र सामाजिक वातावरणमा आएको खुलापनको कारण जनताका आकांक्षाहरू बढ्नु स्वाभाविकै हो । निश्चयनै परिवर्तनसंगै आकांक्षाहरूको सुसंचालन र व्यवस्थापन गर्न मुख्य प्रवाहका राजनीतिक दल र सरकारहरू चाहेजति सक्षम हुन सकेको छैन भनेर झलनाथ र शेर वहादुर देउवाको संयोजकत्वमा बनेको माओवादी समस्या समाधान उच्चस्तरीय सुझाव आयोगले स्वीकारेको थियो । राज्य र सरकारको गलत नीतिहरूलाई दुवै आयोगले स्वीकारेपनि त्यसलाई कार्यान्वयन गर्न सकेनन् ।

विगत १२ वर्षसम्म सरकारले जनता र राष्ट्रका निम्ति गर्नुपर्ने न्यूनतम कामहरू समेत नगर्नाले मुलूकको समग्र अवस्था नै संकटग्रस्त बन्न पुगेको छ भनेर झलनाथ खनाल आयोगले पनि स्वीकारेको छ । जसलाई यथास्थानमा माथि उल्लेख पनि गरेको छु ।

मुलुकमा आएको प्रजातान्त्रिक लहरको लगत्तै विपरीत लहरका रूपमा राजनीतिक द्वन्द्व देखा पर्न सुरु भयो । नेपाल अधिराज्यको संविधान २०४७ अस्तित्व रहँदैमा १४ हजारभन्दा वढी

व्यक्ति आफ्नो ज्यान गुमाउन पुगे । प्रजातन्त्रमाथिको चुनौती पटक पटक देखिदै आयो । विगत एक दशकको मुलुकको राजनीति नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी, नेपाली दरवार र माओवादीकै वरिपरि घुमिरहेको छ । तर, तीनले मुलुकको अवस्थामा कुनै परिवर्तन ल्याउन सकेनन् ।

कांग्रेसले जनआन्दोलन ०४६ पछि अधिकांश समय सरकार चलाउने मौका पायो । तर, यसले मुलुकलाई स्थायित्व दिलाउन सकेन । नेकपा (एमाले) को ढुलमुले नीतिको कारण मुलुकलाई यस्ले ठोस वैचारिक नेतृत्व दिन सकेन । देशका ठूला ठानिएका यी दुई राजनीतिक दलहरूले प्रजातन्त्रको संस्थागत विकासमा भन्दा कसरी हुन्छ सत्ता कव्जामा आतुरता देखिए । त्यसै कारण द्वितीय प्रतिनिधि सभामा एमाले विभाजन हुन पुग्यो भने तृतीय प्रतिनिधिसभाकालमा गएर देशको ठूलो दल मानिएको नेपाली कांग्रेसमा विभाजन हुन गयो । राप्रपामा सत्ता लिने वित्तिकै त्यसभित्रको अन्तर्द्वन्द्वले टुट्ने फुटने र जुटने क्रम निरन्तर चलिरहन्थ्यो । माओवादी र दरवार यीनीहरूको कमी कमजोरीबाट द्वन्द्व चर्काउँदै लगेका थिए ।

जनआन्दोलन ०४६ पछिको एक दशक दलहरू सरकार बनाउने र भत्काउनेमा मात्र केन्द्रित भए । राजतन्त्र भने संविधानवाट अलग हुने चाहना खोजीरहेको थियो । राजदूतको नियुक्ति, नागरिकता विधेयक, राष्ट्रिय सभा र राजपरिषदमा नियुक्ति लगायत संविधानभन्दा माथिको गतिविधिमा उनको गतिविधि बढ्दै थियो । उनले अपनाएको त्यस्तो असंवैधानिक गतिविधिले ०४७ को संविधानलाई भत्काउने काम गर्दै गएको थियो ।

अर्कोतिर संविधान कार्यान्वयनकै चरणमा मुलुक माओवादी द्वन्द्वमा फस्न गयो । द्वन्द्वसँग राजा वीरेन्द्रको अघोषित सम्बन्ध रहेको माओवादीका नेताद्वारा राजदरवार हत्याकाण्डपछि व्यक्त धारणाले नेपालको राजतन्त्र बेलायती शैलीमा संवैधानिक भएको थिएन भन्ने पुष्टि हुन गएको थियो । संविधानभित्र द्वन्द्वको वीजारोपणको फाइदा राजतन्त्रले भरपुर लियो । राजाले संविधानलाई अक्षरशः पालना गरेका थिएनन् ।

नेताहरूमा अकूत सम्पत्ति कमाएको, पजेरो संस्कृति हावी भएको, जनता विरुद्ध दमन गर्न थालेको, सत्ताका लागि जे गर्नपनि तयार भएको, राजनीतिमा अपराधीकरण भित्र्याएको, राजनीतिक निकासभन्दा माओवादीसँग मुकाविला गर्ने आतंककारी विधेयकलाई सहारा लिएको आरोप दलका नेतामाथि लाग्न थालेपछि त्यहीँबाट राजतन्त्रको सक्रियता बढ्न पुग्यो । किनकि राजतन्त्रले यस्तै किसिमको घटना देखाएर सत्ता हत्याएको इतिहास रहेको छ । पर्ख र हेरको स्थितिमा राजतन्त्र धैर्यको नीति अंगालेर समय आएपछि सत्ता कब्जा गर्न पुगेको छ । राजतन्त्रले दलहरूको कमजोरीबाट आफू बलियो बन्न सिक्यो । मुलुकभित्रका प्रजातान्त्रिक संरचनाहरू सबै कमजोर भएको मौका छोपी राजाले ०५९ असोज १८ र ०६१ माघ १९ पछि सम्पूर्ण

राज्यव्यवस्थामाथि आफ्नो पकड जमाए । संवैधानिक राजाले सक्रिय भूमिका खेल्न पुग्यो । जनतालाई आपद् विपद्मा सहयोग पुऱ्याउनुपर्ने राजतन्त्र तमासे बनेर बस्न खोज्यो । राजाको प्रत्यक्ष शासनबाट सुरु गरिएको दक्षिणपन्थी अतिवाद र नेकपा (माओवादी) बाट सञ्चालित उग्रवामपन्थी यी दुई अतिवादको चपेटामा मुलुक पर्न गएको थियो । राजतन्त्रले ०४६ साल ताका नै त्रिपक्षीय समझदारीबाट आन्दोलनको अन्त गर्दा तीव्र वामपन्थी विचारधारा बोकेका कम्युनिष्ट घटक संयुक्त राष्ट्रिय जनआन्दोलनलाई वार्तामा नबोलाएर कम्युनिष्टहरूवीच फुटाउ र शासन गरको नीति अपनाउन खोजेका थिए ।

द्वन्द्वकालमा होलेरीबाट माओवादीले त्यत्रो प्रहरी अपहरण गर्दा पनि माओवादीका विरुद्धमा सेना परिचालित हुन राजाले दिएनन् । राजाले सेना परिचालनमा असहयोग गरेको बताइयो । बरु जननिर्वाचित प्रधानमन्त्रीलाई राजाले राजीनामा गर्न बाटो खुलाए । यदि त्यस समयमा राजा, दल र सेनामा समन्वय भएको भए मुलुकमा अस्थिरता आउने थिएन ।

०४६ सालको परिवर्तनपछि नेपाली कांग्रेस अधिकांश समय राजनीतिको केन्द्रविन्दुमा रह्यो । मुलुकलाई प्रतिनिधिसभाविहीन बनाएर विना निर्वाचन सत्तामा टिकिरहन सकिन्छ भन्ने अप्रजातान्त्रिक सोच यस अवधिमा देखियो । कुनैपनि हालतमा ६ महिनाभन्दा पर सार्न नसकिने निर्वाचन पद्धतिको विरुद्धमा जान उनीहरू तयार भए । निर्वाचन पर सार्ने, असमयमै संसद भङ्ग गर्ने काममा दलहरू लाग्न थाले । जनताको जनजीविकाको सवालमा तिनको ध्यान केन्द्रित हुन सकेन् । राजाले यही मौका कुरेका थिए ।

नेकपा (एमाले) ०५१ को मध्यावधि निर्वाचनपछि ठूलो दलको हैसियतमा अल्पमतको सरकार सञ्चालन गऱ्यो । नौ महिनामात्र टिकेको यस सरकारले देशलाई कुनै स्थायित्व दिन सकेन । तर, सामाजिक सुरक्षा कार्यक्रमबाट यसको लोकप्रियता भने वढ्यो । वैचारिक नेतृत्व भने त्यस सरकारले पनि मुलुकलाई दिन सकेन । यसरी राष्ट्रिय सहमतिको निर्माण दुवै दलले गर्न सकेनन् । राजनीतिक अस्थिरता र अराजकताले मूल धारका दलहरूमा घात प्रतिघात र अन्तरघातको स्थिति देखियो । राजतन्त्र संविधानभित्र बस्न नखोज्नु, संसद पटक पटक भङ्ग भैरहनु दलहरूमा आन्तरिक विभाजन देखिनु । मुलुकभित्र द्वन्द्वको बीजारोपण हुनु नेपालको राजनीतिमा सङ्कटका कारण बन्न गई प्रजातन्त्रका लागि चुनौती बन्दै गएको थियो ।

यसरी नेपालमा प्रजातान्त्रिक सरकारलाई सफल गराउन राजतन्त्र कहिल्यै सहयोगी भएन् । उसले नेपाली जनताको सर्वोच्चतालाई कहिल्यै स्विकारेन । सक्रिय राजतन्त्रको अभावमा दलहरूले अस्थिरतामात्र दिन्छन भन्ने सन्देश राजतन्त्रले नेपाली जनतासमक्ष देखाइरह्यो । प्रजातन्त्र प्राप्तिपछि मुलुकले संविधानभित्र राजालाई ल्याएको रहेनछ । उल्टो उनले धारा १२७ लगाएर संविधानलाई आफूभित्र लगेका रहेछन् ।

०४८ सालको आम निर्वाचनपछि देशमा विभिन्न प्रकारका सरकार संचालनको अभ्यास भए तर, ती सव सत्ता संचालनका लागि मात्र भए । कसैले पनि मुलुक र जनताका एजेण्डामा काम गरेको देखाउन सकेनन् । राष्ट्रिय सहमतिमा सरकार संचालन हुन सकेन् । इतिहासले के देखाएको छ भने जव जव नेपालका राजनीतिक दलहरू केन्द्रीय वृत्तमा एक भएर अगाडि वढ्दछन् तव तव मुलुकमा उनीहरूले चाहेको राजनीतिक उपलव्धि प्राप्त भएको देखिन्छ । जव तिनीहरू एकआपसमा विभाजित बन्दै गएका हुन्छन त्यस अवस्थामा पाएको उपलव्धी पनि गुम्दै गएको देखिन्छ । दलहरू सहमतिको राजनीतिबाट अलग्गिएको अवस्थामा मुलुकले दुर्धटना निम्त्याएको छ । त्यसबाट पाठ नसिक्ने हो भने जतिपटक क्रान्ति गरेर प्रजातन्त्र प्राप्त गरेपनि मुलुकले सदैव राजनीतिक सङ्कट व्यहोर्नुपर्ने हुन्छ ।

दलहरूले आन्दोलन गर्न सक्छन । तर, आन्दोलनपछि व्यवस्थापन गर्नमा भने उनीहरू जहिले पनि असफल भएका देखिन्छन् । राजतन्त्र साना दलहरूलाई प्रयोग गर्दै अस्थिर सरकार वनाएर ठूला दलहरूलाई सिध्याउन सुरुदेखि नै लागेको पाइन्छ । प्रजातन्त्र सफल हुन राजतन्त्रले कहिल्यै दिँदैन भन्ने कुरा ०४६ सालपछि लगभग डेढ दशकसम्म विभिन्न प्रजातान्त्रिक अभ्यासवाट नेपालले सिकेको पाठ हो । दरवारले जहिले पनि नियोजित तवरबाट नेपालको प्रजातन्त्रका बीरुद्धमा कहिले लुकेर त कहिले खुलेरै लाग्दै आयो ।

नेपाली सेनालाई जननिर्वाचित सरकारको अधीनमा राख्ने कुरामा पनि निर्वाचित सरकार र दलहरू खासै प्रयत्नशील हुन सकेनन् । यस अवधिमा दलहरूले सैनिक ऐन संशोधनमा खासै चासो देखाएनन् । सेनालाई जनप्रतिनिधिको मातहतमा ल्याउने प्रयाससम्म भएन । राजालाई संविधानमा सेनाको परमाधिपति दिएर राख्दा पनि लगभग डेढ दशक राष्ट्रिय सुरक्षा परिषद् खासै कियाशील हुन सकेन । सेना निर्वाचित निकायप्रति भन्दा दरबारप्रति बढी वफादार भयो । ०५८ सालमा राष्ट्रिय सुरक्षा परिषद् सचिवालय स्थापनासम्म गरियो । तर यस अवधिमा सुरक्षा परिषद् खासै क्रियाशील हुन सकेन । राजालाई संविधानमा सेनाको परमाधिपति दिएर राख्दा पनि लगभग डेढ दशक राष्ट्रिय सुरक्षा परिषद् खासै क्रियाशील हुन सकेन । सेना निर्वाचित निकायप्रति भन्दा दरबारप्रति बढी वफादार भयो । ०५८ सालमा राष्ट्रिय सुरक्षा परिषद् सचिवालय स्थापनासम्म गरियो । तर यस अवधिमा सुरक्षा परिषद् खासै क्रियाशील हुन सकेन । जनप्रतिनिधिहरूले सैनिक ऐन ०१६ लाई चलाउनै हुन्न जस्तो देखे । जननिर्वाचित सरकारले होलेरी घटना होस् वा राजदरवार हत्याकाण्डजस्ता विषयलाई संसद्भित्र ल्याएर राष्ट्रिय बहसको विषय बनाएको भए मुलुक लामो समय अन्यौल र अस्थिरतामा बस्नु पर्ने थिएन ।

त्यसैले यस्तो अवस्थामा राष्ट्रिय सङ्कट समाधानका निम्ति संसदप्रति उत्तरदायी सरकारको आवश्यकता थियो । राजा ज्ञानेन्द्रमा सकिय राजा बन्ने रहर र माओवादीमा सत्ता

कब्जा गर्ने मोहको कारण केही वर्ष फेरी मुलुक अस्थिरता र अन्यौलमा गयो । मूलधारका ठूला राजनीतिक दलहरूले मुलुकमा राजनीतिक स्थिरता दिनेतर्फ भन्दा सत्ता कसरी प्राप्त गर्ने भन्ने तर्फ तिनको ध्यान केन्द्रित भयो । परम्परागत केन्द्रीकृत राज्य संरचनामा ०४६ सालको जनआन्दोलनपछि जनताले केही परिवर्तन होला भन्ने सोचेका थिए तर पञ्चायतकालकै हस्तीहरूको प्रभाव शासन व्यवस्थामा रहिरह्यो । राज्यका अंगहरू समावेशी हुन सकेनन् । राज्य व्यवस्थामा सर्वसाधारण नागरिकहरूको पहुँच  हुन सकेन् । केन्द्रमा सत्ता र शक्ति थुप्रिएको राज्य संरचनाबाट मुलुकको राजनीतिमा अनेकौं संकट र चुनौती प्रजातन्त्र प्राप्तिपछि पनि देखियो । दलहरू सदैव समस्या मात्र देखाउने तर स्थायित्व दिने क्रममा पछाडि पर्दै गए । ०६२/६३ पछिको घटनाक्रमले अगाडिकै निरन्तरता दोहोऱ्यायो ।

(१) जनआन्दोलन पश्चात्को पहिलो आम निर्वाचनमा बहुमतप्राप्त नेपाली कांग्रेसको सरकारले कम्युनिष्ट विरोधी नीति लिएर समझदारी र सहकार्यको आवश्यकता देखेन । त्यसले गर्दा सत्तापक्ष र प्रतिपक्षका बीच शत्रुतापूर्ण सम्वन्धको विकास भयो । संसद् ५ वर्षको पूरा कार्यकालसम्म कहिल्यै रहेन् । संसद्ले अकालमै मृत्युबरण गर्नुपऱ्यो । सहमतीय राजनीतिमा पुष्पलाल र गणेशमानको दूर दृष्टिलाई सुरुमा कसैले वुझ्न सकेनन् । तर यसमा सहमतिको राजनीति एउटा दृष्टिकोण रहेको छ ।

(२) संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र र संसदीय शासन प्रणालीलाई मुख्य आधार तथा सिद्धान्त मानेर तयार गरिएको नेपाल अधिराज्यको संविधान २०४७ जारी भएपछि पनि तदनुकूलको भूमिका भने राजा तथा दलहरू दुवैबाट सही रूपमा पुरा हुन सकेन । संवैधानिक राजतन्त्र र संसदीय शासन प्रणालीको परम्परा विपरीत राजदूतको नियुक्ति, संसदको माथिल्लो सदन राष्ट्रियसभा सदस्यको मनोनयन, संसदद्वारा पारित विधेयक स्वीकृतिमा सर्वोच्च अदालतको राय माग, संसद्को तल्लो सदन प्रतिनिधिसभा विघटनलगायतका मुद्दाहरूमा मन्त्रिपरिषदको सल्लाह र सम्मतिको उपेक्षा जस्ता व्यवहार राजाबाट बारम्बार दोहोरिइ रहे । यिनै राजपरम्पराको कारणले नेपालमा पटक पटक राजनीतिक अस्थिरता देखा परिरहे । सक्रिय राजतन्त्र चाहने  राजा संविधानमा प्रावधान नै नभएको मन्त्रिपरिषद्को अध्यक्ष बनेर नेपालको संविधानकै अपव्याख्या गर्न पुगे । जथाभावी तजवीजी अधिकार प्रयोग गर्न राजालाई ०४७ को संविधान अन्तर्गत वाधा अडकाउ फुकाउने धारा १२७ ले मद्दत पुऱ्याएको थियो ।

(३) ०५१ सालको मध्यावधि निर्वाचनमा कुनै पनि दलले संसद्मा बहुमत प्राप्त गर्न नसकेपछि राजनीतिक ध्रुवीकरणकै क्रममा 'हङ्ग' पार्लियामेण्टको अभ्यास नेपालमा देखियो । सांसद् खरिद विक्री, संसदीय ह्विपलाई उल्लंघन गर्ने परम्पराको विकास भयो । न्यायालयसमेत विवादित बन्न पुग्यो । नेपाली जनताले दलहरूलाई मिलेर सरकार चलाऊ भनेर  दिएको जनादेशलाई त्यस समयको राजनीतिक दलहरूले वुझ्न सकेनन् ।

(४) जनआन्दोलनपश्चात् आन्दोलनकारी शक्तिहरू नेपाली कांग्रेस र नेकपा (एमाले) बीच बेमेल वढ्दै गयो । कहिले कांग्रेसले राप्रपालाई हात लिएर सरकार वनायो कहिले एमालेले प्रमुख राजनीतिक प्रतिद्वन्दी नेपाली कांग्रेसलाई पराजीत गर्नकै लागि राप्रपालाई साथ लिएर सरकार गठन गर्न पुग्यो । यसरी जनआन्दोलनको पाँच वर्ष पनि नपुग्दै राजावादी समर्थक रा.प्र.पा सरकारमा सत्ताको साँचो लिएर देखा पऱ्यो ।

(५) विगतमा तीन आमनिर्वाचन सम्पन्न भैसक्दा पनि संसदले स्थिरता पाउन सकेन । तीन प्रतिनिधि सभा कालमा दर्जनौं पटक सरकार गठन र विघटनको प्रक्रिया चलिरह्यो । ०४७ सालको संविधानको धारा ५३(४) प्रत्येक पटक प्रतिनिधिसभा विघटनमा विवादग्रस्त बन्दै गएको थियो । राजाले प्रधानमन्त्रीको सिफारिसमा गरिएको घोषणालाई लिएर संसद्मा छलफल गर्नु पर्ने राजनीतिक प्रकृतिका मुद्दाहरू अदालतमा पुगे । हरेक पटक अदालत बेग्ला वेग्लै नजीर दिएर विवादमा पर्दै गयो । अदालतको फैसलाका विरुद्ध समेत नारावाजी हुन थाल्यो ।

(६) जव ज्ञानेन्द्रले सत्ता आफ्नो हातमा लिए, त्यसपछि संसदवादी दल एकातर्फ र राजावादी अर्को कित्तामा उभिन पुगे । राजा आफ्नो मार्गचित्रमा अगाडि वढिसकेकाले संसदवादी दलहरूका लागि जनआन्दोलनको अर्को विकल्प देखिएन् । कारण नेपाली कांग्रेसले पनि आफ्नो विधानबाट संवैधानिक राजतन्त्र हटाई सकेको र नेकपा (एमाले) ले पनि गणतन्त्रात्मक लोकतन्त्र अपनाउने तय भैसकेको यस अवस्थामा लोकतन्त्र प्राप्तिका लागि ७ राजनीतिक दलहरूको गठबन्धन पहिलो जनआन्दोलनको असफलताले निम्त्याएको थियो । त्यस अवस्थामा द्वन्द्व वढाउने प्रमुख कारक राजसंस्था देखिन गयो ।

(७) जनआन्दोलनपछि पूर्वपंचहरूको पार्टी राप्रपा स्थिति अनुकूल हुंदा समेत यिनीहरू राजाबाट टाढिन चाहेनन् । सत्ता पाउँदा यिनीहरू राजावादी नै भएपनि टुक्रा टुक्रामा विभाजित भए । यिनीहरूमा लोकतान्त्रिक चरित्रको अभाव थियो । सत्तामा पुग्दा यो पार्टी नराम्ररी विभाजित हुन्थ्यो ।

(८) दलबाट निर्वाचित प्रधानमंत्रीलाई चुनाव गराउन नसकेको भन्दै "असक्षम प्रधानमन्त्री" को आरोप लगाउन पुग्ने राजा व्यापक जनदवावपछि फेरी त्यही असक्षमलाई दुई वर्षपछि पुनः प्रधानमन्त्री दिन पुगेका छन् । राजाको यस्तो अस्थिर निर्णयले राजतन्त्र पनि विवादमा रह्यो । कारण राजा भएका व्यक्तिले केही समय मन्त्रिपरिषद्को अध्यक्ष भएर प्रधानमन्त्रीको भूमिका समेत खेलेका थिए ।

यसरी नेपालको राजतन्त्र देशका समस्याहरू सुल्झाउन हैन बल्झाउनमा जिम्मेवार देखिन पुग्यो । दरबारको भूमिका द्वन्द्व कम गराउनमा भन्दा वढाउनमा लागि पऱ्यो । दरवारको अस्थिर नीतिको कारण समग्र राज्य व्यवस्थामा ठूलो प्रभाव पर्न गयो । राजा मुलुकको

राजनीतिक समस्या सैनिक तवरले समाधान गर्न खोज्दै थिए । राजनीतिक समस्याको समाधान बल प्रयोगवाट सम्भव हुन्न भन्ने कुरा उनले वुझ्न सकेनन् । यो नै मुलुकका लागि सङ्कट वढ्ने प्रमुख कारण थियो । सङ्कट त्यस समय झनै देखियो जतिखेर राजनीतिक दलहरू गाऊँ जान नसकेर पार्टी हाईकमाण्डहरूले केन्द्रबाटै उम्मेदवार दिन थाले । प्रजातन्त्रलाई जोगाउने स्थानीय तहका कार्यकर्ताहरूको संरक्षण हुन नसकेपछि उनीहरू केन्द्रसँग रुष्ट भए । पार्टीमा पनि यस अवधिभित्र आन्तरिक द्वन्द्व चरम स्थितिमा पुग्न गयो जसको फाइदा राजतन्त्रले लिन पुग्यो । जसको कारण नेपालमा राजतन्त्र पद्धतिको रूपमा कहिल्यै विकास हुन सकेन ।

संविधानभित्र बाँधिन नचाहने राजतन्त्रकै कारण नेपालको प्रजातन्त्रमाथि चुनौतीहरू आइरहेको थियो । निरंकुश राजतन्त्रलाई संवैधानिक दायरामा राखेपछि नेपालमा राजसंस्थाको प्रजातान्त्रिक व्यवस्थापन हुन सक्छ भन्ने सोचिएको थियो तर त्यो सफल हुन सकेन । सामान्य नागरिकका लागि विगत डेढ दशक जतिको अवधि व्यर्थको अवधि भयो । यस अवधिमा राजनीतिक दलहरूबिचको आन्तरिक द्वन्द्वले विरोधका लागि विरोधको राजनीति तीव्र रूपमै देखियो । त्यस द्वन्द्वमा नेपाली कांग्रेस र नेकपा (एमाले) मात्र होइन राप्रपा जस्ता साना पार्टी पनि आन्तरिक द्वन्द्वले  विभाजित हुन थाले । दलहरू सदैव समस्या मात्र देखाउने तर स्थायित्व दिने क्रममा पछाडि पर्दै गए । ०६२/६३ पछिको घटनाक्रमले अगाडिकै निरन्तरता दोहोऱ्यायो । राजनीतिक अस्थिरता र अराजकताले मूल धारका दलहरूमा घात प्रतिघात र अन्तरघातको स्थिति देखियो । राजतन्त्र संविधानभित्र बस्न नखोज्नु, संसद पटक पटक भङ्ग भैरहनु दलहरूमा आन्तरिक विभाजन देखिनु, मुलुकभित्र द्वन्द्वको बीजारोपण हुनु नेपालको राजनीतिमा सङ्कटका कारण बन्न गई प्रजातन्त्रका लागि चुनौती बन्दै गएको थियो ।

## ९.३ सुझावहरू

नेपालले प्रजातन्त्रको निरन्तरता प्राप्त गर्न नसक्नुका मूल कारण राजतन्त्र मात्र नभएर दलहरूको कार्यशैली पनि जिम्मेवार देखियो । राजाको स्वेच्छाचारी शासनबाट अन्तमा जनताले मुक्ति त पायो तर अढाइसय वर्ष देखि नेपालको राजतन्त्रले नेपालकोलागि एकीकरण बाहेक मुलुकको समृद्धिमा कुनै योगदान दिन सकेन । राजाले शासन गर्दैनन् केवल राज्य मात्र गर्दछन भन्ने नीतिको ठीक विपरित नेपालको राजाले संवैधानिक भएर शासन पनि गरे राज्य पनि गरे । वि.सं. २०४६ को जनआन्दोलनमा धेरैको रगत नवगोस भनेर नेपालको राजसंस्था जनतामा लोकप्रिय बन्न यीनले त्यस समय नेपालका ठूला दलहरूसंग सम्झौताको नीति अपनाए । तर राजतन्त्र नमान्ने कम्युनिष्ट घटकहरूलाई भने उनले सम्झौताबाट अलग राखे । सुरुमै दरबार कम्युनिष्टहरूलाई विभाजन गराउने प्रयासमा देखियो । जसको परिणाम राजसत्ता अन्तको लागि ती तत्वहरूपनि मुख्य कारक बन्न पुगे ।

राजतन्त्रले आफ्नो शक्ति र अधिकार जनताको कल्याणमा कहिल्यै लगाएनन् । जनतालाई संविधानसभाको आवश्यकता हुँदा आम निर्वाचन दिएर छक्याए । जनतालाई पूर्ण प्रजातन्त्र चाहिने बेलामा सुधारिएको पञ्चायत वा बहुदल भनेर छक्याइदिए । ०४६ सालपछि संवैधानिक भएर बस्छु भनी प्रतिबद्ध भएका राजा जनताले तोकिदिएको ठाउँमा नबसी उल्टो जनताको राजकीय सत्ता र सार्वभौमसत्तामाथि धावा वोलेर संविधानको धारालाई गलत प्रयोग गर्दै अगाडि वढेर राज्य प्रमुख र सरकार प्रमुख बन्न पुगे । नेपालका राजाले संसदलाई अस्थिरता बनाउन कतिपय विधेयकहरू सर्वोच्च अदालतमा पठाइदिए । संसद विघटनका सम्वन्धमा पनि कुनैमा धेरै परामर्श गरेर ढिलो निर्णय दिए । कुनैमा छिटो विघटनको सिफारिसको निर्णय गर्दिएर निर्वाचित प्रतिनिधिहरूलाई सरकार बनाउने मौका नदिएर अस्थिरताको विजारोपण गर्दिए । राजपरम्पराको यिनै कारण नेपालमा पटक पटक राजनीतिक अस्थिरता देखिएको थियो । पद्धतिका रूपमा नेपालको राजसंस्था कहिल्यै विकास हुन खोजेन् । संविधानभित्र उनले आफ्नो भूमिकामात्र खोजिरहे । संविधानले तोकेको स्थानमा राजतन्त्र बस्न चाहेन् । संविधानभित्र बाँधिन नचाहने राजतन्त्रकै कारण नेपालको प्रजातन्त्रमाथि चुनौतीहरू आइरहे ।

**यो शोध निष्कर्षबाट निम्न सुझावहरू प्रस्तुत गरिएको छ :**

- बहुदलीय व्यवस्थाको संरक्षक बन्नुपर्ने राजालाई संविधानमा खेल्ने अनगीन्ती ठाउँ ०४७ सालको संविधानले दियो । त्यसैले अव बन्ने संविधानमा कसैले पनि चलखेल गर्न सक्ने अवस्था र दोहोरो अर्थ लाग्ने गरी तजवीजी अधिकार एकै व्यक्तिमा निहित हुन नदिने ।
- नेपाल अधिराज्यको संविधान २०४७ लाई पहिलो प्रतिनिधिसभाको वैठकबाट अनुमोदनसम्म गराएको भए जन अनुमोदित संविधानका विरुद्धमा हतियार उठ्ने थिएन । त्यसैले अव वन्ने संविधानमा संशोधनकोलागि क्रान्ति नै गर्नुपर्ने अवस्था आउन दिनु हुन्न् ।
- एक जाति, एक भाषा, एक धर्म, एक भेषको नीतिलाई हैन बहुजातीय, बहुभाषिक र विविध धर्म–संस्कृति भएका सवै अटाउने गरी राज्यले तिनलाई फल्ने फूल्ने मौका दिनुपर्दछ । सवैलाई राज्य मेरो हो भन्ने गर्व गर्नसक्ने वातावरण अवको संविधानमा हुनुपर्दछ । एउटै जाती र वर्गको राज्यसत्तामा बर्चश्व रहन दिनु हुन्न् ।
- समावेशी प्रजातन्त्रलाई जोड दिंदै राज्यको मामिलामा हिस्सा नपाएकालाई स्थान दिन ५१ र ४९ को पद्धती भन्दा सवै जातजातीलाई माथि उठाउने समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्नुपर्दछ ।
- आरक्षण हैन प्रतिस्पर्धामा विश्वास दिलाउने ।
- कमिटेड भोटर्स अर्थात कुनै राजनीतिक दल प्रति आस्थावान हैन गूण र दोषको आधारमा मूल्यांकन गर्ने फ्रि भोटर्सको व्यवस्थामा जोड दिने ।

- कुनै पनि संसदले पुरा अवधि काम गर्न पाउनुपर्दछ। तोकिएको अवधि अगाडि विघट्न गर्न नमिल्ने प्रावधान राख्ने।
- संसदलाई आर्थिक एजेण्डामा केन्द्रित गराउने।
- विरोधको लागि विरोध भन्दा सहमतीय प्रणालीमा जाने।

निरंकुश राजतन्त्रलाई संवैधानिक दायरामा राखेपछि नेपालमा राजसंस्था प्रजातान्त्रिक पद्धतीभित्र व्यवस्थापन हुन सक्लान भन्ने सोचिएको थियो तर त्यो सफल हुन सकेन्। संविधान भन्दा माथि राजसंस्था रहन्छ भन्ने सोचकै कारण ०४७ को संविधानमा गुमेको अधिकारकोलागि नेपालको राजतन्त्र अन्तसम्म लडिरह्यो। राजा ०४७ सालको संविधानलाई उल्टाउन खोज्ने जनता त्यो संविधानले दिएको भन्दा वढी अधिकार लिन खोज्ने द्वन्द्वकै कारण प्रजातन्त्रमाथि पटक पटक चुनौती आईरह्यो।

०४७ सालको संविधानले प्रधानमन्त्री, रक्षा मन्त्री र प्रधानसेनापति सहितको राष्ट्रिय सुरक्षा परिषद्को संरचना सम्म वनायो। तर दलहरूले यसलाई राजाको विषय भनेर यसको संचालन राजाले मात्र गर्ने हो जस्तो ठानेर दलहरूले चासो देखाएनन्। सेनालाई जननिर्वाचित प्रतिनिधिहरूले आफ्नो मातहतमा ल्याउने प्रयास गरेनन्। सवै राजाकै स्ववीवेकमा छोडिदिए। डेढ दशक सुरक्षा परिषद् खासै कृयाशिल हुन सकेन। निर्वाचीत सरकारले समेत परम्परागत सुरक्षा नीति कार्यान्वयनमा आउन सक्छ कि सक्दैन भनेर परीक्षण र अनुसरण गर्न खोजेन। त्यसैले सेनामा लोकतान्त्रिकरण गर्नु अनिवार्य भएको थियो। कमसेकम जननिर्वाचित सरकारले होलेरी घटना होस वा राजदरवार हत्याकाण्डजस्ता विषयलाई संसदभित्र ल्याएर राष्ट्रिय बहसको विषय वनाएको भए मुलुक लामो समय अन्यौल र अस्थिरतामा बस्न पर्ने थिएन्।

त्यस्तै राज्य समावेशी हुन नसक्नाले राज्यवाट अलग्याइएकाहरूको ठूलो समूहलाई ०४६ को परिवर्तनले कुनै प्रभाव पार्न सकेन। नेपालको राज्य व्यवस्था ०४६ सालपछि अत्यधिक काठमाडौं केन्द्रित बन्न गयो। स्थानीय स्वायत्त शासन ऐन त आयो तर विकेन्द्रीकरण असफल वन्न गयो। राज्यव्यवस्था अति नै भेदभावपूर्ण हुन पुग्यो। संघीय राज्य, जातीय स्वशासन, आत्मनिर्णयको अधिकार, भाषिक स्वतन्त्रता, समावेशी राज्य संरचना जस्ता विषय ०४७ सालको संविधानमा कुनै एजेण्डा बन्न सकेन।

०४७ सालको संविधान समावेशी राज्यसंरचनाको वाधक थिएन। तर यसका संचालकहरूले ऐन नियम कानून आदिमा संशोधन गरेर पछाडि परेको जनजातिलाई राज्य संरचनामा समावेश नगर्नाले महिला, जनजाति, दलित, मधेसी, गरिब र विपन्न वर्ग राज्यबाट बहिष्कृत भए। कुनै खास जातिलाई कानूनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ भनी लेखिएर पनि त्यस्लाई व्यहारमा ल्याउने प्रयास भएन्। यसरी ०४७ सालको संविधानमा राज्यले

नागरिकहरूका बीच भेदभाव गर्ने छैन भनिएपनि संविधानको मनसाय अनुसारको कानून संसदबाट पास गर्न जनप्रतिनिधिहरू असफल भए ।

नेपालका मूलधारका ठूला राजनीतिक दलहरूले मुलुकमा राजनीतिक स्थिरता दिने तर्फ भन्दा सत्ता कसरी प्राप्त गर्ने तर्फ तिनको ध्यान केन्द्रित भयो । विगत तीन आमनिर्वाचनमा विभिन्न सरकारको अनुभव नेपालले गरिसक्दा पनि मुलुकले स्थिरता पाउन सकेन । अनुभववाट सिक्नेसम्म प्रयास नेपालका राजनीतिक दलहरूले गर्न सकेनन् । सांसद किनबेच, नक्कली औषधी बील आदि त्यसैसमयको उपज थियो । सांसदहरूलाई मात्र हैन न्यायाधीशहरूलाई समेत गाडि सुविधा दिलाएर नेपालको प्रजातन्त्रलाई  बदनाम गराउने काम  यसै अवधिमा भएको थियो ।

सांसदलाई भ्रष्ट बनाउन पजेरोसंस्कृति त्रिशंकू संसद्कालको ठूलो विकृती थियो । राजनीतिमा भ्रष्टाचारको संस्थागत विकास हुनमा पजेरो संस्कृती पनि मुख्य कारण वनेको थियो । विकृतिको चरम रूप यतिसम्म भयो कि सत्ता परिवर्तनकालागि छलफल गर्ने ठाउँ व्यापारीहरूको घर कम्पाउण्ड बन्न पुग्यो । सांसदहरूको यस गलत कदमले कानून सवैको लागि समान भएन । यी सांसद र न्यायाधीशहरूले सुविधामा भन्सार र विक्रीकर छूट पाएका थिए । यसले मुलुकभित्र दुई किसीमका नागरिक तयार गऱ्यो । नियमकानूनवाट छूट पाउने वर्ग र देशको नियम कानून बाध्यतापूर्वक मान्नुपर्ने वर्ग । यस्तो स्थिति अवका दिनमा आउन दिन भएन ।

०४७ सालको संविधानको धारा ५३(४) प्रत्येक पटक प्रतिनिधिसभा विघटनमा विवादग्रस्त वन्दै आएको थियो । राजाले प्रधानमन्त्रीको सिफारिशमा गरिने यो घोषणा चौंथो पटक सम्म अदालतमा पुग्यो । हरेक पटक निर्धारित अवधि अगावै विघट्न हुने प्रतिनिधिसभाकै कारण विरोधका लागि विरोधको राजनीति बढन गएकोले त्यस किसिमको वातावरण मुलुकमा अवका दिनमा आउन दिन हुन्न् । ०४६ सालको प्रजातन्त्र पुनःस्थापनापछि मुलुकमा विभिन्न विकृती भित्रिएकोले यिनै आधारमा ०४६ सालको जनआन्दोलनलाई टेकेर त्यो भन्दा वढी उपलव्धी हासिल गर्न माओवादीसहित सात दलको नेतृत्वमा वि.सं. ०६२/६३ मा संचालित उन्नाइस दिने जनआन्दोलनले क्रान्तिको ठूलो आकार लिन पुग्यो ।

राजनीतिक दलहरू केन्द्रीय वृत्तमा एक भएर अगाडि वढेकै परिणाम मुलुकमा उनीहरूले चाहेको राजनीतिक उपलब्धि प्राप्त हुन पुग्यो । त्यसपछि पनि नेपालको राजनीतिमा सङ्कटको क्रम रोकिएको छैन । राजतन्त्र समाप्ति वाहेक अरु समस्याहरू ०४६ सालपछि पनि त्यही क्रम निरन्तर दोहोरिएको छ । राजनीतिक सङ्कट घटने हैन बढ्दै गएकाले आउने दिनमा पनि यो शोध अनुसन्धानको महत्व त्यत्तिकै रहेको देखिन्छ । प्रस्तुत शोधकार्यले मूलतः वि.सं.२०४६ सालदेखि वि.सं. २०५९ सालसम्मको राजनीतिक घटनालाई मात्र समेटेको छ । २०४७ सालको संविधानले

स्थापना गरेको संसदीय पद्धति यही अवधिभर मात्र तुलनात्मक रूपले क्रियाशील रहेको पाइन्छ । २०५९ असोजदेखि राजाको प्रत्यक्ष शासन सुरु भएको थियो । त्यसैले यो अध्ययन यसै अवधिको समय सीमाभित्र सीमित रहेको छ । तापनि ०७ साल अघिपछिका राजनीतिक घटना र २०६२/६३ पछिका राजनीतिक घटनाहरूलाई पनि शोधमा सन्दर्भ अनुसार उपयोग गरिएको छ । दोस्रो जनआन्दोलन वि.सं. ०६२/६३ पछिको राजनीतिक गतिविधिको अध्ययन यसमा भएको छैन ।

# सन्दर्भसूची

## (क) नेपाली पुस्तक


अधिकारी, सूर्यमणि ***नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास,*** नई दिल्ली : निराला पब्लिकेसन्स, सन् १९९८ ।

अमात्य, रामेश्वरमान, ***एकीकृत महाकाली विकास सन्धिमा नेपाल किन र कसरी ठगिएको छ ?,*** (प्रकाशक उल्लेख नभएको), २०५३ ।

अमात्य, तुल्सीलाल, ***संस्मरणका पानाहरू,*** दिवस अमात्य, (सं.), ललितपुर : तुल्सी लाल स्मृति प्रतिष्ठान, २०६२ ।

आचार्य, नरहरि, ***नेपालको राजसंस्था,*** काठमाडौं : संवत्सर प्रकाशन, २०६२ ।

__________, ***नयाँ नेपालको प्रस्तावना,*** काठमाडौं : संवत्सर प्रकाशन, (द्वीतिय मुद्रण) २०५७ ।

__________, ***कांग्रेसमा लोकतन्त्र, काठमाडौं :*** संवत्सर प्रकाशन, २०६२ ।

आचार्य, नीलाम्बर, ***प्रजातन्त्रमा सङ्क्रमणः द्वन्द्व, अवरोध र अपठ्याराहरू,*** काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स, २०६१ ।

ओगुरा, कियोको, ***जनता जागेका बेलाः जनआन्दोलन २०४६ को इतिहास,*** (काठमाण्डु स्प्रीङ्गः द पिपुल्स मुभमेण्ट अफ १९९० को नेपाली अनुवाद) ललितपुर : हिमाल किताब, हिमाल एसोसिएसन, सन् २००४ ।

उपाध्याय, गोविन्दप्रसाद, ***नेपालको प्रजातान्त्रिक इतिहास सन्दर्भ,*** काठमाडौं : रत्नपुस्तक भण्डार, २०५४ ।

उपाध्याय, बलराम, र अन्य (सं.), **क.पुष्पलाल स्मृति अंक,** प्रकाशक : पुष्पलाल स्मृति प्रतिष्ठान, प्रकाशन स्थान उल्लेख नभएको, २०५२ ।

कार्की, अर्जुन र डेभिड सेड्डन (सं.), द पिपुल्स वार ईन नेपाल (लेफ्ट पर्सपेक्टीभ), न्यू दिल्ली : एड्रोइट पब्लिशर्श, सन् २००३ ।

कार्की, गौरीबहादुर, ***नेपालको वर्तमान संविधान विचार र ब्याख्या,*** काठमाडौं : पैरबी बुक्स एण्ड स्टेशनरी सेन्टर, २०५५ ।

किलिङ, स्टेफेन जे., (सम्पादन), ***नेपालमा गरिबमुखी शासन एक मूल्याङ्कन,*** ब्रिटिस सरकार, डी.एफ. आई.डी र इनेब्लिङ्ग स्टेट प्रोग्राम, प्रकाशन स्थान उल्लेख नभएको, २०५८ ।

केवल, मेदिनीकुमार, ***नेपाली काङ्ग्रेस दशा र दिशा,*** प्रकाशक र प्रकाशन स्थान उल्लेख नभएको, २०६६ ।

केसी, सुरेन्द्र, **नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास (दोस्रो भाग),** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

__________, **नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास (पहिलो भाग),** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५८ ।

कोइराला, गिरिजा प्रसाद, ***मध्यावधि निर्वाचन र मेरो राजिनामा*** (दस्तावेजहरू), प्रकाशन स्थान र प्रकाशक उल्लेख नभएको, २०५१ ।

__________, ***"शाही कदमका विरुद्ध नेपाली कांग्रेस रौतहटद्वारा आयोजीत २६ साउन ०६० को आमसभा",*** मैले नबोले कसले बोल्छ ?, काठमाडौं : शीतल कोइराला, २०६२ ।

कोइराला, विश्वेश्वरप्रसाद, ***आत्मवृत्तान्त,*** गणेशराज शर्मा (सं.) ललितपुर : जगदम्बा प्रकाशन, २०५५ ।

__________, ***राष्ट्र, राष्ट्रियता र प्रजातन्त्र,*** वाराणसी : तरुण प्रकाशन, २०३६ ।

कोइराला, वी.पी. ***राजा राष्ट्रियता र राजनीति,*** गणेशराज शर्मा (सं.), ललितपुर : जगदम्बा प्रकाशन, (२०६३, पुनर्मुद्रण) २०६६ ।

__________, ***जेल जर्नल,*** गणेशराज शर्मा (सं.), ललितपुर : जगदम्बा प्रकाशन प्रा.लि, २०५४।

कोइराला, विपिन, ***विपिन कोइराला : हिजोदेखि आजसम्म,*** प्रकाशक : वीना कोइराला/वन्दना कोइराला प्रकाशन स्थान उल्लेख नभएको, २०६८ ।

__________, ***राष्ट्रियता कहिल्यै खोटो सिक्का हुँदैन (अन्तर्वार्तासङ्ग्रह)***, प्रकाशक : राजेश/रविन कोइराला (स्थान उल्लेख नभएको), २०६८ ।

खनाल, कृष्ण, ***राज्यको पुनर्संरचना एक प्रस्ताव,*** ललितपुर, नेपाल समसामयिक अध्ययन केन्द्र, २०६१ ।

__________, ***नेपाल सङ्क्रमणकालीन राजनीति र संविधानसभा चुनाव,*** काठमाडौं : शान्तिका लागि सहकार्य, २०६४ ।

खनाल, कृष्ण र कृष्ण हाछेथु, ***आमनिर्वाचन २०५६ : संसद र सरकारका चुनौतीहरू,*** कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५६ ।

खनाल, कृष्ण, झलक सुवेदी र मुक्त सिंह तामाङ, ***राज्य पुनर्संरचना :राजनीतिक, आर्थिक र सांस्कृतिक दृष्टिकोण,*** काठमाडौं : मार्टिन चौतारी, २०६५ ।

खनाल, झलनाथ, ध्रुवबहादुर प्रधान, नरहरि आचार्य, परि थापा, मीनेन्द्र रिजाल र सरिता गिरी, ***राज्यको पुनः संरचना तथा रूपान्तरण,*** काठमाडौं : राष्ट्रिय शान्ति अभियान ( दोस्रो संस्करण) २०६३ ।

गुरुङ्ग, हर्क, ***बहिष्करणदेखि समावेशीकरणसम्म,*** काठमाडौं : सामाजिक समावेशीकरण अनुसन्धान कोष, (एस.एन.भी.नेपाल), (दोस्रो संस्करण), २०६६ ।

गौतम, राजेश, ***नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस,*** काठमाडौं : श्री राम श्रेष्ठ र कृष्णमुरारी अधिकारी, २०५५ ।

__________, ***नेपालको प्रजातान्त्रिक आन्दोलन र विद्रोही भरतशमशेर,*** काठमाडौं : कृष्णमुरारी अधिकारी, श्रीराम श्रेष्ठ, २०६१ ।

__________, ***नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजापरिषद्को भूमिका भाग–२,*** काठमाडौं : केशव स्थापित (कार्यवाहक सभापति नेपाल प्रजापरिषद्), २०६२ ।

घिमिरे, प्रदीप, (सं.), ***समावेशी प्रजातन्त्र,*** काठमाडौं : फ्रिडम फोरम, २०६३ ।

चटर्जी, भोला, 'बी.पी.कोइराला : पोर्ट्रैट अफ ए रिभोल्यूसनरी', (नेपालीमा अनुवाद), ***बी.पी. कोइराला एक क्रान्तिकारी व्यक्तित्व,*** काठमाडौं : साझा प्रकाशन, २०५१ ।

चालिसे, पुष्पराज, ***जनआन्दोलन २०४६: सत्तापक्षको प्रतिवाद र प्रतिरोध,*** काठमाडौं : उदय बुक्स प्रा.लि, २०५९ ।

***टनकपुर सुरुदेखि अन्त्यसम्म,*** (प्रकाशकको नाम र स्थान उल्लेख नभएको) वितरक : पैरवी पुस्तक भण्डार (मिति उल्लेख नभएको) ।

डाहल रबर्ट ए., ***प्रजातन्त्रका बारेमा,*** लण्डन : येल युनिभर्सीटी प्रेस, १९९८, (नेपाली अनुबादः हृषीकेश उपाध्याय, प्रकाशक : क्रिएशन मिडिया प्रा.लि., काठमाण्डु) ।

डेशेन, मेरी र प्रत्युष वन्त, (सं.), ***नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,*** ललितपुर : सोशल साइन्स वहाः र हिमाल किताब, (प्रथम संस्करण पुनर्मुद्रण), सन् २००७ ।

डंगोल, सानु भाइ, **नेपाली राजनीतिमा दरबार** (सन् १९५१ देखि १९९० सम्मको राजनीतिको सन्दर्भ विशेषमा), मध्यपुर थिमि (नगदेश) : ल्यायम्ह पुचः, २०६३ ।

तामाङ, सीताराम, ***नेपालको सन्दर्भमा राज्यको पुनः संरचना,*** नेपाल : सामना प्रकाशन (दोस्रो संस्करण) २०६३ ।

थापा, सूर्य, ***नेपालमा राजतन्त्र र दलहरूबीचको संघर्ष*** *(वि.सं. १९९३–२०६२ सम्मको विश्लेषण),* काठमाडौं : नवयुग प्रकाशन, २०६२ ।

__________, (सं.), ***संसदमा मदन भण्डारी,*** काठमाडौं : मदन–आश्रित स्मृति प्रतिष्ठान, २०५६ ।

देवकोटा, गृष्मबहादुर, ***नेपालको राजनीतिक दर्पण भाग–१,*** काठमाडौं : ध्रुवबहादुर देवकोटा, (तृतीय संस्करण), २०५८ ।

ने.क.पा. (मसाल) को विचारधारात्मक मुख पत्र ***"रातो तरबार",*** काठमाडौं : नेकपा (मसाल), केन्द्रिय कार्यालय, दस्तावेज विशेषाङ्क २०५९ श्रावण, अंक २ ।

***नेपाल अधिराज्यको संविधान,*** *२०४७,* काठमाडौं : श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालय, कानून किताब व्यवस्था समिति, २०४७ ।

**नेपाल परिचय,** काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि.वि, २०३२ ।

नेपाल, किशोर, ***जनमतसंग्रह देखि जनआन्दोलनसम्म,*** काठमाडौं : व्यावसायिक पत्रकारिता प्रतिष्ठान, २०५७ ।

नेपाल, फणीन्द, ***नेपालः टिष्टादेखि सतलजसम्म,*** काठमाडौं : नेपाल नेशनलिष्ट फ्रन्ट, सन् १९९८ ।

पराजुली, ऋतुवर्ण, (सं), ***ऐतिहासिक योद्धा मनमोहन अधिकारी,*** विराटनगर : तेश्रो विश्व साप्ताहिक, २०५३ ।

प्रकाश, ***क्रान्तिकारी मार्क्सवाद र नेपाली क्रान्ति*** (भाग एक), काठमाडौं : युगान्तर प्रकाशन, २०५९ ।

प्रधान, भुवनलाल ***नेपालको जनक्रान्ति २००७,*** काठमाडौं : रुमु प्रकाशन, २०४७ ।

पुष्पलाल, **पुष्पलाल छानिएका रचनाहरू भाग–१**, (सम्पादकः विष्णु प्रभात) नेपाल : मदन-आश्रित स्मृति प्रतिष्ठान, २०५३ ।

पाठक, अशोक कुमार ***"जनआन्दोलन र संविधानसभा नै किन ?"*** पुस्तक लेखक बाट प्रकाशीत, प्रकाशन स्थान उल्लेख नभएको, २०६० ।

पोखरेल, सञ्जीव, श्रीकृष्ण अनिरुद्ध गौतम र श्रवण शर्मा, ***नेपालमा प्रजातन्त्र सङ्कट तथा चुनौतिहरू,*** काठमाडौं : राष्ट्रिय शान्ति अभियान, २०६२ ।

पोखरेल, बालकृष्ण र अन्य (सं.), ***नेपाली बृहत शब्दकोश,*** काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४० ।

पौडेल, विजयकुमार, ***मार्क्सवादी अर्थशास्त्रः*** पृष्ठभूमि, उद्भव र विकास, काठमाडौं : एसिया पब्लिकेसन्स् प्रा.लि., २०६२ ।

पाँडे, भीम बहादुर, ***त्यस बखतको नेपाल*** भाग–दुई (वि.सं ०३९), काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

____________, ***त्यसबखतको नेपाल भाग–४,*** काठमाडौं : प्रकाशकको नाम उल्लेख नभएको, २०४५ ।

पाण्डेय, मधुसूदन नेपालमा सत्ता संघर्षको इतिहास, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५८।

बराल, लोकराज, ***राजतन्त्र कि प्रजातन्त्र*** ?, काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स, २०६२ ।

बस्नेत, पुरुषोत्तम, ***नेपाली कांग्रेसको इतिहासको प्रारूप (भाग–१),*** (प्रकाशक : लेखक स्वयं), २०६६ ।

बस्नेत, विनोद कुमार, र अन्य (सं), *प्रतिनिधि सभा विघटनदेखि पुनर्स्थापनासम्म,* प्रकाशक र स्थान उल्लेख नभएको, २०५२ ।

भट्टराई, बाबुराम, *नेपाली क्रान्तिका आधारहरू,* (संकलित रचना सङ्ग्रह भाग–१), काठमाडौं : जनध्वनि प्रकाशन, २०६३ ।

भण्डारी, ढुण्डिराज, *नेपालको उद्भव तथा विकासको विश्लेषणात्मक इतिहास,* काठमाडौं : प्रकाश प्रकाशन, २०४६ ।

मरहट्टा, पुरुषोत्तम, *विश्व राजनीतिक चिन्तनधारा,* चितवन : एस.कोइराला, २०५७ ।

मल्ल के.सुन्दर/पद्मलाल विश्वकर्मा,(सम्पादन), **डर्वान घोषणा र कार्ययोजना तथा नेपालमा जातीय भेदभाव,** काठमाडौं : जातीय विभेद विरुद्ध राष्ट्रिय मञ्च, सन् २००२ ।

मानन्धर, त्रिरत्न र निरन्जन शर्मा, *आधुनिक नेपालको राजनैतिक इतिहास (वि.सं. २००७-१९),* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३ ।

मैण्डेला, नेलसन, *लङ्ग वाक टु फ्रिडम (आजादी की और वढते कदम),* (अनुवादक : ओमप्रकाश शर्मा), भोपाल : मंजुल पब्लिशिंग हाउस (हिन्दी संस्करण, २००४) ।

मैनाली, मोहन, (सं.), *समावेशी प्रजातन्त्रका आधारहरू,* ललितपुर : सोसल साइन्स वहाः (हिमाल एसोसिएसन), सन् २००४ ।

रावल, भीम, *नेपालमा साम्यवादी आन्दोलन उद्भव र विकास,* काठमाडौं : पैरवी प्रकाशन, (दोस्रो संस्करण), २०४७ ।

___________, *राजनीति र मानवाधिकार,* काठमाडौं : पैरवी बुक्स एण्ड स्टेशनरी, २०५६ ।

रिजाल, इश्वर, *राष्ट्रिय राजनीति र जनतान्त्रिक अभ्यासको प्रश्न,* ललितपुर : मेघा प्रकाशन, २०५७ ।

रेग्मी, मुकुन्द, *संवैधानिक विकास र नेपाल अधिराज्यको संविधान २०४७ भाग–२,* (भाग–२ मा प्रकाशन मिति र प्रकाशन संस्था उल्लेख छैन) ।

वर्मा, एस.पी. *आधुनिक राजनीतिक सिद्धान्त,* नई दिल्लीः विकास पब्लिशिंग हाउस, १९८० ।

वाग्ले, चिरञ्जीवी र अन्य (सं), *नेपाली कांग्रेस र यसका दृष्टिकोणहरू,* काठमाडौं : नेपाली कांग्रेस के.का, २०५२ ।

विष्ट, डोर बहादुर, ***फटालिज्म एण्ड डेभलोपमेण्ट: नेपाल्स स्ट्रगल फर मोडर्नाइजेशन,*** हैदरावाद : ओरीयण्ट लङ्गम्यान, २००१ ।

विश्वकर्मा, पद्मलाल र मल्ल के.सुन्दर (सं.), ***राज्य पुनर्संरचना सम्बन्धी अवधारणा : दलित र मधेशीको सवाल,*** काठमाडौं : जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च, सन् २००६ ।

सिंह, मोहन विक्रम, ***उग्रवामपन्थी विचारधाराको खण्डन,*** काठमाडौं : निरन्तर प्रकाशन, २०५१ ।

__________, ***चार दशक (दोस्रो खण्ड),*** गोरखपुर : जन साहित्य प्रकाशन, प्रथम संस्करण, सन् २००० ।

सिंह, टोपबहादुर ***नेपालको संविधान र संवैधानिक कानून,*** काठमाडौं : कानूनी पाठ्य पुस्तक प्रकाशन समिति, २०४१ ।

स्वाँर, बलबहादुर, (सं.), ***सुवर्ण शमशेर–एक व्यक्ति अनेक आयाम,*** (काठमाडौं : सुवर्ण स्मृति तथा प्रजातान्त्रिक चिन्तन प्रतिष्ठान, २०५८) ।

शर्मा, अनूप राज, ***संविधान सम्बन्धी लेखहरूको संगालो भाग–२,*** काठमाडौं : नेपाल कानून समाज, मिति उल्लेख नभएको ।

__________, ***संविधान सम्बन्धी लेखहरूको संगालो भाग–८,*** काठमाडौं : नेपाल कानून समाज, २०४८ ।

शर्मा, दिनेश, ***कम्युनिष्ट आन्दोलन र नेपाली क्रान्ति,*** नेपाल (किरात राज्य) (प्रकाशन स्थान उल्लेख नभएको) सोभियत युनिभर्सिटी, २०६५ ।

शर्मा, सुधीर, (सं.) ***नेपाली सेना नागरिक नियन्त्रणका चुनौती,*** काठमाडौं : मार्टिन चौतारी, २०६७ ।

शास्त्री, ढुण्डिराज (सं.), ***नेपाली कांग्रेस र यसका दृष्टिकोणहरू,*** काठमाडौं : नेपाली कांग्रेस केन्द्रीय कार्यालय, २०५२ ।

शाह, विवेक कुमार ***मैले देखेको दरबार (सैनिक सचिवको संस्मरण),*** प्रकाशन स्थान उल्लेख नभएको : यती पब्लिकेसन्स, २०६७ ।

शाह, हृषिकेश, ***नेपाल राजनीतिक व्यवस्था एवं परराष्ट्र नीति,*** एम.डि. धर्मदासानी (सं) वाराणसी: कोणार्क पब्लिशिंग हाउस, (प्रथम हिन्दी संस्करण), १९८२ ।

शाही, डी.के., ***सात सालपछि सात साल,*** काठमाडौ : साझा प्रकाशन, (दोस्रो संस्करण), २०५२ ।

शिवाकोटी, नारायण प्रसाद, ***जनआन्दोलन र शहीदहरू,*** प्रकाशन स्थान उल्लेख नभएको : भीष्म कडरिया, २०४७ ।

श्रेष्ठ, बुद्धिनारायण, ***नेपालको सीमाना,*** काठमाडौं : भूमिचित्र कम्पनी प्रा.लि, (दोस्रो संस्करण) २०६१ ।

हन्टिङ्गटन, सेमुएल पी., ***तेस्रो लहर : बीसौं शताब्दीको अन्त्यतिरमा प्रजातन्त्रीकरण*** (नोरम्यान : (युएसए), द युनिभर्सिटी अफ ओक्लाहोमा प्रेस, १९९१), (न्यू दिल्लीः आदर्श वुक्स), सन् २०१०, (नेपाली संस्करणः रत्न पुस्तक भण्डार काठमाडौं), प्रकाशन मिति उल्लेख नभएको ।

हन्टिङ्गटन, सेमुएल पी., ***द थर्ड वेभ डेमोक्राटाइजेसन् इन द लेट ट्रवान्टी सेन्चुरी,*** लन्डन : ओक्लाहोमा विश्वविद्यालय प्रेस, (नोरम्यान : युएसए), सन् १९९१ ।

__________, ***द क्ल्यास अफ सिभिलाइजेसन्स एण्ड द रिमेकिङ्ग अफ वर्ल्ड अर्डर,*** न्यू दिल्ली : पेन्गुइन बुक्स, सन् १९९७ ।

# English

## (ख) अङ्ग्रेजी पुस्तक


Adhikari, Bipin,*(ed.)*, ***Conflict Human Rights and Peace Challenges before Nepal.*** Nepal : National Human Rights Commission. 2003.

Ahmed, Moudud, ***Democracy and the challenge of Development; A study of Politics & Military Interventions in Bangladesh,*** New Delhi : Vikas Publishing House. 1995.

Baral, Lok Raj (ed.), ***Nepal Political Parties and Parliament,*** New Delhi : Adroit Publishers, 2004.

___________, ***Nepal Problems of Governance***, Delhi : Konark Publishers Pvt.. 1993.

____________, ***Oppositional Politics in Nepal,*** New Delhi : Abhinav Publications. 1977.

___________, (ed.), ***South Asia Democracy And The Road Ahead,*** Kathmandu : Political Science Association of Nepal (POLSAN). 1992.

___________, (ed.), ***Election and Governance in Nepal***, New Delhi : Manohar Publishers, 2005.

Barker, Ernest, ***Greek Political Theory : Plato and his Predecessors***, New Delhi : B.I. Publications, First Indian Edition 1980.

Bista, Dor Bahadur, ***Fatalism and Development: Nepal's Struggle for Modernization,*** New Delhi : Orient Longman Limited, (Sixth Reprinted 2001).

Blaikie, P.M, John Cameron and John David Seddon (2001), ***Nepal in Crisis; Growth and Stagnation at the Periphery.*** Delhi : Adroit Publishers.

Blood, Peter R., ***Pakistan a Country Study***, Washington : Library of Congress, Federal Research Division, 1995.

Borre, Ole, Sushil R. Pandey and Chitra K. Tiwari, (1994), ***Nepalese Political Behaviour,*** New Delhi : Sterling Publishers.

Brown, Louise T., ***The Challenge to Democracy in Nepal:*** A Political History, London : Routledge, 1996.

Butler, David & Austin Ranney, ***Refrendums Around the W***orld, Washington D.C.: American Enterprise Institute, 1994.

Central Bureau of Statistics (CBS,2002), ***Population Census 2001,*** National Report, Kathmandu.

Chatterji, Bhola, ***A study of Recent Nepalese Politics***, Calcutta : The World Press, 1967.

__________, ***Nepal's Experiment with Democracy***, New Delhi : Ankur Publishing House, 1977.

Chauhan, R.S., **The Political Development in Nepal 1950-60 Conflict between Tradition and Modernity,** New Delhi : Associate Publishing House, 1971.

Dahl, Robert A., ***Democracy and its critics***, New Delhi : Orient Longman Limited, 1991.

___________, ***On Democracy***, New Delhi : Affiliated East West Press (EWP), 2001.

Dharmadasani, M.D., ***Democratic Nepal***, Baranasi : Salimar Publishing House, 1992.

___________, ***Nepal's foreign Policy,*** New Delhi: Anmol Publications, 2005.

Gellner, David N., Joanna Pfaf-Czarnecka & John Whelpton, (ed.), ***Nationalism & Ethnicity in a Hindu Kingdom: The Politics of Culture in Contemporary Nepal***. London : Harwood Academic Publishers, 1997.

Gregson, Jonathan. ***Blood Against the Snows; The tragic story of Nepal's Royal Dynasty.*** New Delhi : Harper Collins, 2002.

Gupta, Anirudha, ***Politics in Nepal (1950-60)***, Delhi : Kalinga Publications, Second Edition 1993.

Gupta, Bhawani Sen, ***South Asia vision and Perspective***, Pakistan : Independent Planning Commision. 1994.

Hachhethu, Krishna. ***Party Building in Nepal: Organization, Leadership and People A Comparative study of the Nepali Congress and the Communist Party of Nepal*** *(Unified Marxist-Leninist).* Kathmandu : Mandala Book Point, 2002.

Hachhethu, Krishna, ***State of Democracy in Nepal Survey Report***, Nepal : State of Democracy in South Asia/Nepal Chapter, 2004.

Hoftun, Martin. William Raeper and John Whelpton. ***People, Politics & Ideology; Democracy and Social Change in Nepal***. Kathmandu : Mandala Book Point, 1999.

Huntington, Samuel P., ***The Clash of Civilizations and the Remaking of World Order.*** New Delhi : Penguin Books, 1997.

____________, ***Third Wave : Democratization in the Late Twentieth Century,*** Norman (USA): Oklahoma Press. (First Edition 1991). New Delhi : Adarsh Books (Adarsh Enterprises), 2010.

Hutt, Michael, (ed.), ***Nepal in the Nineties*** NewDelhi : Oxford University Press, 1994.

Jha, Shree Krishna, ***Uneasy Partners :India and Nepal in the Post-Colonial Era. New*** Delhi : Manas Publications. (First Edition 1975).

Joshi, Bhuwan Lal and Leo E.Rose, ***Democratic Innovations in Nepal : A Case Study of Political Acculturation,*** Berkeley and Los Angeles : University of The California Press. (First Edition, 1966), Kathmandu : Mandala Publications, 2004.

Karki, Arjun & David Seddon (ed.), ***The People's War in Nepal*** (Left Perspective), New Dehli : Adroit Publishers, A.D. 2003.

Khanal, Yadunath, ***Nepal After Democratic Restoration***, Kathmandu : Ratna Pustak Bhandar, 1996.

Khatri, Sridhar K., (ed.), ***Political Parties and the Parliamentary Process in Nepal: A study of the Transitional Phase***, Kathmandu : Political Science Association of Nepal, (POLSAN), 1992.

Kumar, Dhruba (ed.), ***State, Leadership and Politics in Nepal***, Kathmandu : Centre for Nepal and Asian Studies, (CNAS ),1995.

____________, ***Domestic Conflict and Crisis of Governability in Nepal.*** Kathmandu : Centre for Nepal and Asian Studies (CNAS). 2000.

Kumar, D.P, Nepal: ***Year of Decision,*** New Delhi : Vikas Publishing House, 1980.

Lawoti, Mahendra, ***Towards a Democratic Nepal*** **(**Inclusive Political Institiutions for a Multicultural Society), New Delhi : Sage Publications, 2005.

Mahat, Ram Sharan, ***In Defence of Democracy: Dynamics and Fault Lines of Nepal's Political Economy***, New Delhi : Adroit Publishers, 2005.

Muni, S.D., ***Maoist Insurgency in Nepal ; The Challenge and the response.*** New Delhi : Rupa & Co., 2003.

Nath, Tribhuvan ***The Nepalese Dilemma 1960-74.*** New Delhi : Sterling Publishers, 1975.

Panday, Devendra Raj. ***Nepal's Failed Development ; Reflections on the Mission and the Maladies***. Kathmandu : Nepal South Asia Centre, 1999.

Przeworski, Adam, Stokes C. Susan, and Manin, Bernard.,(ed.), ***Democracy Accountability and Representation,*** United Kingdom : Cambridge University Press, 1999.

Raeper, William and Martin Hoftun. ***Spring Awakening ; An Account of the 1990 Revolution in Nepal***. New Delhi : Penguin Books India, 1992.

Regmi, Mahes Chandra., ***Land Ownership in Nepal***, Berkely : University of California, 1976.

Riaz , Ali and Subho Basu, ***Paradise Lost ? State Failure in Nepal,*** New Delhi : (Adarsh Books) Adarsh Enterprises, 2010.

Seligmen, Edwin R.A, and others (ed.), ***Encyclopedia of the social sciences***, New york : The Macmillon Company, 15th edition, 1963.

Shaha, Rishikesh. ***Nepali Politics ; Retrospect and Prospect,*** New York : Oxford University Press, 1978.

Shaha, Rishikesh. ***Politics in Nepal 1980-1991; Refrendum,Stalemate and Triumph of People Power,*** New Delhi : Manohar Publishers & Distributors, 1993.

Shrivastava, L.P.S., ***Nepal at the Crossroads,*** New Delhi : Allied Publishers Limited, 1996.

Singh, S.B., ***Nepal struggle for Democracy***, Delhi : Adhyan Publishers & Distributers, 2007.

Upreti, Bishnu Raj, ***The Price of Neglect***, Kathmandu : Bhrikuti Academic Publications, 2004.

Urofsky, Melvin I., (ed.), ***Basic Readings in U.S.Democracy***, Washington, D.C. ; United States Information Agency, 1994.

Wayper, C.L, ***Political Thought***, New Delhi : B.I. Publications, (Indian Edition Reprinted 1979).

## (ग) पत्र–पत्रिका, लेख, राजनीतिक प्रतिवेदन, बुलेटिन


*अन्नपूर्ण पोष्ट,* असोज ६, २०६१ ।

*अन्नपूर्ण पोष्ट,* सोमवार, ७ फागुन २०६३ ।

*अन्नपूर्ण पोष्ट,* ३० चैत, २०६५ ।

*अन्तर्राष्ट्रिय मञ्च, भाग–*३, वि.सं.२०५८।

*अभियानपत्र,* काठमाडौं : लोकतान्त्रिक गणराज्य नेपालका लागि काँग्रेस अभियान, २०६३ भदौ ।

*आजको समाचारपत्र,* २०५५ जेष्ठ २५ ।

*काठमाडौं टुडे,* चैत १, २०५४–१६ ।

*काठमाडौं टुडे,* चैत १, २०५४ ।

*कानून विवरणिका,* वर्ष ५, अंक ७, पूर्णाङ्क ४३, २०४७ ।

*कानून विवरणिका,* पूर्णाङ्क ४२, काठमाडौं : नेपाल कानून समाज, २०४७ ।

काफ्ले, मुक्ति प्रसाद, विकेन्द्रीकरणको अवधारणा र नेपालमा यसको प्रयोग, ललीतपुर : स्टाफ कलेज, मिति २०५६।६।८ मा प्रस्तुत कार्यपत्र ।

*कानून,* पूर्णाङ्क १५, फागुन २०४७, काठमाडौं : नेपाल कानून किताब कम्पनी ।

*कानून,* पूर्णाङ्क १५, आषाढ २०४८, काठमाडौं : नेपाल कानून किताब कम्पनी ।

*कानून,* पूर्णाङ्क १६, आषाढ २०४८,काठमाडौं : नेपाल कानून किताब कम्पनी ।

*कानून,* अंक १७, काठमाडौं : नेपाल कानून किताव कम्पनी, २०४८ ।

*कानून,* काठमाडौंः कानून व्यवसायी क्लव, वैशाख २०५६ ।

*कानून,* पौष २०५६, पूर्णाङ्क १८ ।

*कानून,* अंक २३, काठमाडौं : कानून व्यवसायी क्लव, कार्तिक २०५७ ।

*कान्तिपुर,* २७ जेठ २०५१ ।

*कान्तिपुर दैनिक,* काठमाडौं, २९ जेठ २०५५ ।

*कान्तिपुर,* बुधबार १८ साउन, २०५७ ।

*कान्तिपुर,* (वर्ष ९, अंक १०९), २४ जेठ, २०५८ ।

*कान्तिपुर,* असार ५, २०५९ ।

*कान्तिपुर,* ८ असार, २०५९ ।

*कान्तिपुर,* वर्ष १०, अंक २२९, १९ असोज २०५९ ।

*कान्तिपुर,* कान्तिपुर पब्लिकेशन्स, काठमाडौं, २०६० माघ १३ ।

*कान्तिपुर,* २६ असोज, २०६१ ।

*कान्तिपुर,* २६ कार्तिक, २०६१ ।

*कान्तिपुर,* २८ जेठ, २०६१ ।

*कान्तिपुर,* २६ वैशाख, २०६२ ।

*कान्तिपुर,* ३२ साउन २०६२ ।

*कान्तिपुर,* वर्ष १३ अंक १९४, १४ भदौ, २०६२ ।

*कान्तिपुर,* २९ भदौ, २०६२ ।

*कान्तिपुर,* २९ पुस, २०६२ ।

*कान्तिपुर* , बुधवार २३ कार्तिक, २०६२ ।

*कान्तिपुर* ,बुधवार ८ मंसिर,२०६२ ।

*कान्तिपुर,* २५ पुस, २०६२, काठमाडौं ।

*कान्तिपुर,* २७ पुस २०६२ ।

*कान्तिपुर,* २०६२ माघ १५ ।

*कान्तिपुर,* १७ माघ २०६२ ।

*कान्तिपुर,* २०६२ माघ १९।

*कान्तिपुर,* २८ माघ २०६२ ।

*कान्तिपुर,* २०६२ फागुन २ ।

*कान्तिपुर,* २०६२ फागुन १४ ।

***कान्तिपुर, शुक्रबार ४ चैत, २०६२ ।***

*कान्तिपुर,* सोमबार ११ वैशाख, २०६३ ।

*कान्तिपुर,* १८ वैशाख, २०६३ ।

*कान्तिपुर,* ४ जेठ, २०६३ ।

*कान्तिपुर,* आइतवार, १२ कात्तिक, २०६३ ।

***कान्तिपुर दैनिक,*** ७ फागुन, २०६३ ।

*कान्तिपुर,* आइतबार २ वैशाख, २०६४ ।

*कान्तिपुर,* शुक्रबार ७ वैशाख, २०६४ ।

*कान्तिपुर,* १३ वैशाख, २०६४ ।

*कान्तिपुर,* २५ भदौ, २०६४ ।

*गोरखापत्र,* वर्ष ८९ अंक ३३३, २७ चैत, २०४६ ।

*गोरखापत्र,* २०३६ साल पौष २ गते ।

*गोरखापत्र,* २०४६ फागुन ७ ।

*गोरखापत्र,* वर्ष ८९, अंक ३३३, २७ चैत्र, २०४६ ।

*गोरखापत्र*, २०४७ वैशाख ८ ।

*गोरखापत्र,* वर्ष ९०, अंक २५, जेठ १७, २०४७ ।

*गोरखापत्र*, भाद्र १७, २०४७

*गोरखापत्र*, ०५२ साल जेठ ३१ ।

*गोरखापत्र,* वर्ष १०४, अङ्क १८४, २०६१ साल कार्तिक २३ ।

*गोरखापत्र,* २०६२ साल फागुन २ ।

*गोरखापत्र,* २०६२ फागुन ११ ।

*गोरखापत्र*, ०६३ पौष २२ ।

*गोरखापत्र,* २०६३ वैशाख ९ गते ।

*गोरखापत्र,* २०६३ साल वैशाख १२ गते ।

*गोरखापत्र,* २०६३ साल कार्तिक २२ गते ।

*गोरखापत्र,* २०६३ साल माघ ५ ।

*गोरखापत्र* , २०६४ साल पुस ५ गते ।

*गोरखापत्र,* २०६४ साल माघ १० गते, वर्ष १०७, अङ्क २५६ ।

गिरिजा प्रसाद कोइराला, ***मध्यावधि निर्वाचन र मेरो राजिनामा*** २०५१, (प्रकाशक उल्लेख नभएको) ।

*जन आस्था साप्ताहिक*, २०५२ साल भाद्र ७ गते ।

**जातीय भेदभाव विरुद्ध राष्ट्रिय मंच,** सन् २००६ काठमाडौं ।

*तरुण साप्ताहिक*, २२ जेठ २०६३ ।

*दिशाबोध,* २०५८ भदौ ।

*देशान्तर साप्ताहिक*, २०४६ माघ ८ गते ।

*देशान्तर साप्ताहिक,* २०६२ माघ १६ ।

*दृष्टि साप्ताहिक,* २०५१ असार २९ ।

*दृष्टि साप्ताहिक,* २०५२ मंसीर ५ ।

*नव युवा मासिक,* वर्ष ९, पूर्णाङ्क ८६, जेठ २०६१ ।

*नेपाल अधिराज्यको संविधान २०४७,* ववरमहल : कानून किताब व्यवस्था समिति, २०४७।

*नेपाल,* १६–३० कार्तिक, २०५७।

*नेपाल,* काठमाडौंः कान्तिपुर पव्लिकेसन्स, २०५८ वैशाख १-१५ ।

*नेपाल,* १६–३० वैशाख, २०५८

**नेपाल,** १६–३१ असार, २०५८ ।

*नेपाल,* १–१५ साउन २०५८ ।

*नेपाल,* २०६२ फागुन ७।

*नेपाल,* ११ कार्तिक २०६४ ।

*नेपाल,* वर्ष ८, अङ्क १९, १५ पुस, २०६४ ।

*नेपाल समाचारपत्र,* २२ श्रावण, २०५९ ।

*नेपाल समाचारपत्र,* २३, श्रावण, २०५९ ।

*नेपाल मानवअधिकार वर्ष पुस्तक २००४,* (काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र, २०६०) ।

*नेपाल मानवअधिकार वर्षपुस्तक* २००६, (काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र, २०६२) ।

*नेपाल मानवअधिकार वर्षपुस्तक २००७,* (काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र, २०६३) ।

*नेपाल जनसंख्या प्रतिवेदन* २०६४, काठमाडौं : नेपाल सरकार स्वास्थ तथा जनसंख्या मन्त्रालय ।

*नेपाल जनसंख्या प्रतिवेदन २०६७,* काठमाडौं : नेपाल सरकार स्वास्थ तथा जनसंख्या मन्त्रालय, २०६७।

*नेपाल पुकार,* वर्ष ५१, अंक १, वैशाख २०५६ ।

**नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)को** *आठौँ राष्ट्रिय महाधिवेशनद्वारा पारित राजनीतिक प्रतिवेदन,* काठमाडौं : केन्द्रिय कार्यालय, नेकपा (एमाले), २०६६ साल ।

*नेपाल कानून पत्रिका,* काठमाडौं : सर्वोच्च अदालत, २०१६ ।

*नेपाल कानून पत्रिका,* विशेषांक, नेपालः सर्वोच्च अदालत, २०५२ ।

*नेपाल कानून पत्रिका* (मासिक), काठमाडौं :सर्वोच्च अदालत, भाग ३९, अंक १०, २०५४ माघ ।

*नेपालमा प्रजातन्त्रको एक दशक,* ललितपुर : प्रजातन्त्र र सुशासनको लागि अध्ययन केन्द्र, २०५७ ।

*नेपाली कांग्रेसको घोषणापत्र (संक्षिप्त),* (आमनिर्वाचन, २०५६), काठमाडौं : नेपाली कांग्रेस, केन्द्रीय कार्यालय, २०५६।

*नेपाली कांग्रेस क्षेत्र नं. ३,* काठमाडौले निकालेको २०६२ भाद्रको *बुलेटीन ।*

*नेपालको संसदीय निर्वाचन दर्पण,* (काठमाडौंः निर्वाचन आयोग, २०६३) ।

*पुनर्जागरण,* २०४८ साल वैशाख १० गते ।

*पुनर्जागरण साप्ताहिक,* काठमाडौं, २०५१ साल श्रावण ११ ।

*पुष्पलाल स्मृति अंक २०५२,* पुष्पलाल स्मृति प्रतिष्ठान, (१७ औं स्मृति दिवस, स्मृति अंक), २०५२ ।

*पुष्पलाल, छानिएका रचनाहरू भाग–१* (सम्पादक : विष्णु प्रभात), नेपाल : मदन–आश्रित स्मृति प्रतिष्ठान, २०५३ ।

*प्रकाश साप्ताहिक,* काठमाडौं, २०५० साल आषाढ २१ गते (जुलाई ५, १९९३) ।

*प्रजातन्त्र प्राप्तिका बाह्र वर्षः सामाजिक–आर्थिक उपलब्धि एक समीक्षा,* नेपाल बुद्धिजीवी परिषद्द्वारा आयोजित प्रतिवेदन–२०६२, काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र, २०६२ ।

*महेन्द्र नारायण निधिको* ०५१ साउन ८ गते को प्रेस वक्तव्य, (पर्चा/वक्तव्य) ।

*मूल्याङ्कन मासिक,* काठमाडौं : मूल्याङ्कन प्रकाशन गृह, चैत्र २०६१ ।

*मूल्याङ्कन,* श्रावण, २०६१, वर्ष २२ पूर्णाङ्क १२१ ।

*मूल्याङ्कन,* वैशाख २०६२ पूर्णाङ्क १२९ ।

*मूल्याङ्कन,* साउन २०६२, पूर्णाङ्क १३२ ।

*मूल्याङ्कन,* भाद्र २०६२, पूर्णाङ्क १३३ ।

*मूल्याङ्कन,* कार्तिक–मंसिर, २०६२ साल ।

*मूल्याङ्कन, पुष, २०६२ साल ।*

*मूल्याङ्कन मासिक,* काठमाडौं : मूल्याङ्कन प्रकाशन गृह, असार–साउन २०६३, पूर्णाङ्क १४२ ।

*मूल्याङ्कन,* जेठ २०६४, पूर्णाङ्क १५१ ।

*म.ले.प. वार्षिक प्रतिवेदन २०६५* (सार संक्षेप), काठमाडौं : महालेखा परिक्षकको कार्यालय, २०६५ ।

*महिमा साप्ताहिक* , २०५४ फागुन २ ।

*राजधानी,* २० असोज २०५९।

*राजधानी,* साउन २३, २०६१ ।

*राईजिङ्ग नेपाल,* नोभेम्वर, १२, १९९० (२६ कात्तिक, २०४७) ।

*राष्ट्रवाणी,* वर्ष २६, अंक २५, ०६४ साल माघ १६, वुधवार ।

*राष्ट्रपुकार साप्ताहिक,* २०५२ साल जेठ ३१ बुधवार ।

*रातो तरबार,* ने.क.पा.(मसाल) को विचारधारात्मक मुख पत्र, काठमाडौं : नेकपा (मसाल), केन्द्रिय कार्यालय, दस्तावेज विशेषाङ्क २०५९ श्रावण, अंक २ ।

*विश्वमित्र २०५१, भाद्र* १–१५, वर्ष १, अङ्क ३, काठमाडौं : एशियन मिडिया प्रा.लि ।

*विश्वमित्र २०५१,* असोज १–१५, वर्ष १, अङ्क ५, काठमाडौं : एशियन मिडिया ।

*सम्मति द्वैमासिक,* वर्ष २, अंक ४, पुष–माघ २०५६ ।

*संविधान सभा र महिला नेतृत्व विकास,* काठमाडौं : अन्तर पार्टी महिला सञ्जाल, केन्द्रीय कार्यालय २०६६ ।

*सर्वोच्च बार जर्नल,* वर्ष ३, अङ्क ३, २०६६ साउन, काठमाडौं : सर्वोच्च अदालत बार एशोसिएशन ।

*सर्वोच्च अदालत बुलेटिन,* काठमाडौं : सर्वोच्च अदालत, वर्ष १०, अंक १, बैशाख १–१५, २०५८ ।

*संश्लेषण,* मासिक, वि.सं. २०६३, भदौ ।

*साप्ताहिक विमर्श,* २५ असोज, २०५९ ।

*सुवर्ण शमशेर विशेषाङ्क, सुवर्ण शमशेर–एक व्यक्ति अनेक आयाम,* काठमाडौं : सुवर्ण स्मृति तथा प्रजातान्त्रिक चिन्तन प्रतिष्ठान, २०५८ ।

*सुरुची* साप्ताहिक, १६ श्रावण, २०५१ ।

*स्पेसटाइम दैनिक,* २०५९ साल साउन, २२ बुधवार ।

*स्पेसटाइम दैनिक,* २०५९ साल साउन २३, बिहीबार ।

*स्पेसटाइम दैनिक,* २०५९ साल साउन २६, आइतवार ।

*स्पेसटाइम दैनिक,* २०५९ साल असोज १७ ।

*स्पेसटाइम दैनिक,* २०५९ साल असोज २० ।

*स्पेस टाइम*, कात्तिक ६, २०५९ ।

*स्पेस टाइम,* २०५९ फागुन ९ गते ।

*संसदमा मदनभण्डारी,* काठमाडौं : मदन–आश्रित स्मृति प्रतिष्ठान, २०५६ ।

*संक्षिप्त संविधान संग्रह,* नेपाल बार एशोसिएसन, काठमाडौं, २०४७ ।

*शान्ति अभियान पत्र,* काठमाडौंः संसदीय अध्ययन तथा विकास संस्थापना, २०५९ पौष १७-३० ।

*शहीद अभिलेख समितिद्वारा प्रस्तुत गरिएको २०३१ सालको टिम्बुरबोटे प्रकरणको विवरण प्रतिवेदन,* काठमाडौं : टिम्बुरबोटे शहीद स्मृति पार्क प्रतिष्ठान, २०५७ ।

*हिमाल,* १–१५ वैशाख २०५८, वर्ष ११, अङ्क १ ।

*हिमाल,* १६-३० वैशाख, २०५८ ।

*हिमाल,* १६–३२ साउन, २०५८ ।

*हिमालय टाइम्स*, ४ वैशाख, २०५७ ।

*हिमाल साउथ एशिया,* काठमाडौं : हिमाल ईंक, १९९६ (अप्रील) ।

**(घ) अनुसन्धानमूलक जर्नल/प्रकाशित प्रतिवेदन र अप्रकाशित दस्तावेजहरू :**


***इन्टरन्यासनल क्राइसिस ग्रुप*** : "नेपालको संवैधानिक प्रक्रिया", एसिया रिपोर्ट नं १२८, ललितपुरः इन्टरन्यासनल क्राइसिस ग्रुप, २६ फेब्रुअरी, २००७

***इन्टरन्यासनल क्राइसिस ग्रुप*** : "नेपालको संवैधानिक प्रक्रिया", एसिया रिपोर्ट नं १३२, ललितपुरः इन्टरन्यासनल क्राइसिस ग्रुप, १८ मे, २००७ (Nepal@crisisgroup.org)।

***इन्टरन्यासनल क्राइसिस ग्रुप*** : "नेपालको चुनावः शान्तिपूर्ण क्रान्ति ?, "एशिया रिपोर्ट नं १५५, ललितपुर : इन्टरन्यासनल क्राइसिस ग्रुप, ३ जुलाई, सन् २००८ (Nepal@crisisgroup.org) ।

***इन्टरन्यासनल क्राइसिस ग्रुप*** : "नेपालको नयाँ राजनीतिक परिदृष्य," एसिया रिपोर्ट नं १५६, ललितपुर : इन्टरन्यासनल क्राइसिस ३ जुलाई २००८, (Nepal@crisisgroup.org) ।

***डेमोक्रेसी वाच-१,*** नेपाल र एशियाली अध्ययन संस्थान (सिनास), जनवरी-जुलाई १९९६ ।

***तृतीय प्रतिनिधि सभा*** (सोर्‍हौं अधिवेशनदेखि एक्काइसौं अधिवेशन सम्म), २०५६–०५९, काठमाडौंः संसद सचिवालय कार्य व्यवस्था महाशाखा, संसद भवन, सिंहदरवार, भाद्र, २०६१ ।

***द्वितीय प्रतिनिधि सभा*** (आठौं अधिवेशन देखि पन्ध्रौं अधिवेशनसम्म), २०५१–२०५५, काठमाडौं : संसद सचिवालय, संसदीय सूचना महाशाखा, संसदीय अनुसन्धान तथा सूचना केन्द्र, संसद भवन, सिंहदरवार, (मिति उल्लेख नभएको) ।

***नेपालको संवैधानिक तथा संसदीय अभ्यास पत्रिका,*** काठमाडौं : संवैधानिक तथा संसदीय अभ्यास समाज (स्कोप), वर्ष १, अंक १, २०५० ।

***नेपालको संवैधानिक प्रक्रिया,*** एशिया रिपोर्ट नं .१२८ ,ललितपुर : इन्टरन्यासनल क्राइसिस ग्रुप २६ फेब्रुअरी २००७ ।

**पोलिटिकल साईन्स क्वाटर्ली,** (न्यूयोर्कः द एकेडेमी अफ पोलिटिकल साईन्स, २००५ (भोल्यूमः १२०, संख्या २) ।

***प्रथम प्रतिनिधि सभा*** (प्रथम अधिवेशन देखि सातौं अधिवेशन सम्म), २०४८–२०५१, काठमाडौं : संसद सचिवालय, संसद भवन, सिंहदरवार, २०५४ ।

***मोहन विक्रम सिंह,*** द्वितीय महाधिवेशन देखि दरभङ्गा प्लेनम सम्म, वि.सं २०१४–१६, गोरखपुरः जनशिक्षा गृह, २०४७ ।

***समसामयिक कानूनी, राजनैतिक तथा संसदीय समस्याहरू भाग-२*** काठमाडौं : संवैधानिक तथा संसदीय अभ्यास समाज (स्कोप), २०५१ ।

***संविधान सभा र महिला नेतृत्व विकास,*** काठमाडौं : अन्तर पार्टी महिला सञ्जाल, केन्द्रीय कार्यालय २०६६ ।

## (ङ) अप्रकाशित अभिलेखहरू :

***जाँचबुझ आयोग-२०४७*** *को प्रतिवेदन* खण्ड-१, जनआन्दोलनको क्रममा ०४६ साल फाल्गुण ७ गते देखि २०४६ चैत्र मसान्त सम्मको अवधिमा मुलुकमा घटेका विभिन्न घटना सम्बन्धमा छानविन गर्न गठित (अप्रकाशितः जाँचबुझ आयोग-०४७) ।

खनाल, झलनाथ (संयोजक), सुरेन्द्र पाण्डे,शंकर पोखेल, प्रकाश ज्वाला र हरि फुयाँल, ***"माओवादी तथा राज्यद्वारा सृजित हिंसा र आतङ्क सम्वन्धी अध्ययन कार्यदलको प्रतिवेदन, २०५८",*** काठमाडौं : नेकपा (एमाले), २०५८, पृ. १ ।

देउवा, शेरबहादुर (संयोजक), रामचन्द्र पौडेल, शुशिल कोइराला, चिरञ्जीवी वाग्ले, खुम बहादुर खड्का, गोविन्द राज जोशी, चक्र प्रसाद बास्तोला, पूर्ण बहादुर खड्का, प्रकाश शरण महत, "***माओवादी समस्या समाधान उच्चस्तरीय सुझाव समिति, ०५७,"*** काठमाडौं : श्री ५ को सरकार, ०५७ कार्तिक २२ ।

मरहट्टा, पुरुषोत्तम ***माओवादी प्रभाव : पोखरा उपत्यकाको राजनीति विकाससंग सम्वन्धित एक तथ्यगत अध्ययन,*** अप्रकाशितः (अनुशन्धान कृति), काठमाडौं, विश्वविद्यालय अनुदान आयोगको सचिवालय, २०५४/५५ ।

## (च) अनुसन्धानमूलक जर्नल (अंग्रेजी)/ इमेल /इन्टरनेट

**इमेल/इन्टरनेटः**


http://en.wilkpedia.org.wiki.Democracy

http://nepalresearch.community/politics/background/maodem.htm,

http://www.asiasource.org/asip/nepal report.pdf.

http://www.asiasource.org/asip/nepal report.pdf.

http://iilhr.org/documents/complookreferendumlaw.pdf


## (छ) जर्नलहरू अंग्रेजी


***Asian Survey,*** Vol. XLIII, No.1, January/February 2003, (A Bimonthly Review of Contemporary Asian Affairs, Published USA: University of California.

**Democracy Watch-1,** Centre for Nepal and Asian studies (CNAS), TU., Kirtipur, January- July 1996.

***General Election in Nepal, 1991***, Kathmandu: Election Commission, November, 1992.(n.d.)

***House of Representative Election 1994*** (Election Result), Kathmandu : Election Commission (n.d.)

***Election Commission House of Representative Election-2056*** (1999), (Election Result), Kathmandu: Election Commission Secretariat (n.d.).

***Journal of Democracy***, Carothers, Thomas "Democracy Assistance: The Question of Strategy." *Democratization* (London), Vol. 4, No. 3, 1977.

***Nepali Political Science and Politics,*** Annual Journal Vol. 5, 1996, Nepal: Political Science Association of Nepal (POLSAN).

***Political Parties and the Parliamentary process in Nepal*** (A study of the Transitional Phase) Annual Journal POLSAN, Political Science Association of Nepal 1992.

***Political Science Quarterly***, New York: The Academy of Political Science, 2005, (Volume 120, Number 2),

# अनुसूची

## अनुसूची–१

## अन्तर्वार्ताका क्रममा सोधिएका प्रश्नहरू

१. २०४७ सालको संवैधानिक प्रणाली नेपालमा किन असफल भयो ?

२. किन मुलुकमा संविधान वनेको लगत्तै संविधान तोड्ने परम्पराको विकास भयो ?

३.. नेपालमा राजनीतिक सङ्कट आउनाका कारणहरू ?

४. २०४६ सालको जनआन्दोलनमा गठवन्धन गरेका दलहरू किन छिट्टै नै एक अर्काको विरोधीको रूपमा देखा परे ?

५. संविधानभित्रवाट राजनीतिक निकास दिन संसदवादी दलहरू किन असफल देखिए ?

६. निर्वाचित सरकारले किन तिनवटै आमनिर्वाचन पछि पनि मुलुकलाई स्थिरता दिन सकेनन् ?

७. नेपालको राजनीतिमा ०४६ साल पछि के पद्धतीय अन्तरविरोधहरू देखिएकै हुन् ?

८. नेपालको राजतन्त्रले किन आफूलाई 'स्थिरता' को शक्ति र दलहरूलाई अस्थिरताकै शक्तिका रूपमा देखाउन खोजेको थियो ?

९. आन्दोलन गरेर मुलुकमा परिवर्तन गर्न सक्ने राजनीतिक दल सत्ता प्राप्तिपछि किन जनताको एजेण्डामा जान नसकेको होला ?

१०. प्रजातन्त्रको प्राप्तिपछि देखिएको राजनीतिक सङ्कट समाधानका उपायरु के के हुनसक्छ ?

## अनुसूची–२

शोधपत्रलाई पूर्णता दिने क्रममा अन्तर्वार्ता र कुराकानी गरिएका प्रमुख राजनीतिक दलका नेता, पत्रकार तथा कानून व्यवसायीहरूको नामावली (वर्णानुक्रम अनुसार):

| नाम | सम्बन्धित राजनीतिक दल | अन्तर्वार्ता मिति |
|---|---|---|
| अर्जुन नरसिंह के.सी | नेपाली कांग्रेस | २०६६ भदौ ११ |
| अभिषेक प्रताप शाह | मधेशी जनअधिकार फोरम | २०६६ भदौ १९ |
| अमृत कुमार वोहोरा | नेकपा (एमाले) | २०६६ भदौ १० |
| केशव बडाल | नेकपा (एमाले) | २०६६ भदौ १० |
| कृष्णलाल सापकोटा | नेपाली कांग्रेस | २०६४ भदौ ८ |
| चन्द्रप्रकाश मैनाली (सी.पी. मैनाली) | नेकपा (माले) | २०६६ भाद्र ४ |
| जयप्रकाश प्रसाद गुप्ता यादव | मधेशी जनअधिकार फोरम | २०६६ भाद्र १७ |
| नरबहादुर कर्माचार्य | कम्युनिष्ट पार्टीका संस्थापक नेता | २०६६ भाद्र ५ |
| नरहरि आचार्य | नेपाली कांग्रेस | २०६६ भाद्र १५ |
| नारायणमान विजुक्छे | नेपाल मजदुर किसान पार्टी | २०६६ भाद्र २ |
| वीरमान चौधरी | एकीकृत नेपाल कम्युनिस्ष्ट पार्टी ( माओवादी) | २०६६ भाद्र १७ |
| भीमवहादुर श्रेष्ठ | वामपन्थी राजनीतिवाट ने.का.मा प्रवेश | २०६४ साउन ८ |
| महेश्वर लाल श्रेष्ठ | नेपाली कांग्रेस | २०६४ भाद्र ८ |
| रामचन्द्र पौडेल | नेपाली कांग्रेस | २०६६ भाद्र ७ |
| रामशरण महत | नेपाली कांग्रेस | २०६६ साल भाद्र १४ |
| सहाना प्रधान | नेकपा (एमाले) | २०६६ साल भाद्र ३ |
| सरिता गिरी | नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) | २०६६ साल भाद्र १९ |
| सुरेशकुमार आले मगर | एकीकृत नेकपा (माओवादी) | २०६६ साल भदौ १८ |
| हरि रोक्का | ऐकीकृत नेकपा (माओवादी) | २०६६ साल भदौ १८ |
| हरि सापकोटा | नेकपा (एमाले) | २०६४ साल भाद्र ९ |
| यज्ञमूर्ति बन्जाडे | वरिष्ठ अधिवक्ता | २०६६ साल भाद्र १२ |
| ध्रुवहरि अधिकारी | वरिष्ठ पत्रकार (रोयटर्स प्रतिनिधि) | २०६६ साल भदौ २० |
| युवराज घिमिरे | राजधानी दैनिकका प्रधान सम्पादक | २०६६ साल भाद्र ९ |